३१-९२१

संक्षिप्त योगवासिष्ठ

(नेपाली)



अनुवादक :

प्रा. विष्णुप्रसाद न्यौपाने

साहित्याचार्य, वेदान्ताचार्य

इ. ५ - ५२१

R

संक्षिप्त योगवासिष्ठ

(नेपाली)

अनुवादक
प्रा. विष्णुप्रसाद न्यौपाने
साहित्याचार्य, वेदान्ताचार्य

प्रकाशक : अनुवादक स्वयम्

प्रथम संस्करण : १००० प्रति

प्रकाशन मिति : २०६१ वैशाख पुर्णिमा

सर्वाधिकार : अनुवादकमा सुरक्षित

R

Acc. 26039/27039

मुल्य : ने.रू. ७००।-
भा.रू. ५००।-

मुद्रक: अफिस सपोर्ट सर्भिस सेन्टर छापाखाना प्रा. लि., टेकु, काठमाडौं
फोन: ४२४२०७१, ४२४०५७१, फ्याक्स: ४२४१३८९

इ.ए. ५२१

भूमिका

१५ वर्षको कलिलो उमेरमा नै मनमा तीर्थ भ्रमण गर्ने इच्छा उठेकोले पिताजीको आज्ञा लिएर रामजी तीर्थयात्राको लागि प्रस्थान गर्नु भयो । भारतका तीर्थस्थानको दर्शन र भ्रमण समाप्त गरेर दरबारमा फिरेपछि रामको मनमा संसारको सुखप्रति तीव्र वैराग्यको लहर चलेको थियो । त्यही बेला यज्ञविध्वंसकारी ताडका, सुबाहु आदि राक्षसको वध गरेर यज्ञरक्षाको लागि राम लक्ष्मणलाई लिन भनी ब्रह्मर्षि विश्वामित्रको अयोध्यादरबारमा आगमन भयो । ब्रह्मर्षिको अप्रत्याशित आगमनबाट प्रसन्न भएका दशरथ महाराजले यथाविधि स्वागत सत्कार अनन्तर आफूसित भएका कुरामा जे इच्छा गरे पनि पूरा गरिदिने वचनबद्धता प्रकट गरेपछि विश्वामित्रले ताडका, सुबाहु आदि राक्षसलाई मारेर निर्विघ्न यज्ञादि शुभ कार्य सम्पन्न गर्नको लागि राम र लक्ष्मणलाई लिन आएको भनी आफ्नो इच्छा जाहेर गरे । दशरथले पहिले त रामलाई पठाउन नसकिने अनेक बहाना व्यक्त गरेका थिए । पछि गरमाएका ऋषिलाई देखेर वसिष्ठले राजालाई एकान्तमा लगेर राम- लक्ष्मणलाई विश्वामित्रको साथ पठाउँदा सर्वत्र कल्याण नै हुनेछ भनी संझाएपछि राजाबाट विश्वामित्रको प्रस्ताव स्वीकृत भयो । राजाले भने, हे ऋषिवर ! हजुरका साथ राम र लक्ष्मणलाई पठाउँदा मेरो सबैतिर कल्याण साधित हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

विश्वामित्रको समीपमा झिकाइएका रामले दण्डवत् प्रणाम गरीकन वैराग्यको उद्‌गार व्यक्त गर्दै भने - सारा विषय विषवल्लीसमान अनर्थको जाल हो । यसबाट अविनाशी सुखको आशा गर्नु निरर्थक हो । विषयरूपी विषको सेवनबाट कसले पो अमरत्व प्राप्त गर्न सकेको छ र ? रामको यस्तो वैराग्यपूर्ण अवस्था देखेर विश्वामित्रले वसिष्ठतिर फर्केर भन्नु भो, - यहीबेला रामलाई मोक्षोपाय ज्ञानको उपदेश गर्नुपर्‍यो । अघि तपाईंको र मेरो कलह शाम्य पार्न पितामह ब्रह्माजीबाट जो ज्ञानको उपदेश भएको थियो, त्यो ज्ञान मलाई त ताजा नै छ । वसिष्ठले भन्नु भयो, मलाई पनि ताजा नै छ । विश्वामित्रले भन्नु भयो - त्यसोभए रामलाई त्यही ज्ञानको उपदेश गर्नुपर्‍यो । कुलगुरु पनि हुनु भएकोले तपाईंबाट रामलाई ज्ञानोपदेश गर्नु अति शोभनीय हुनेछ । वसिष्ठजीबाट यो प्रस्ताव स्वीकृत भयो ।

विश्वामित्रले रामतिर फर्केर भन्नु भयो -

भगवन् व्यासपुत्रस्य शुकस्येव मतिस्तव ।
विश्रान्तिमात्रमेवान्तर्ज्ञातज्ञेये ऽप्युपेक्ष्यते ॥

हे रामजी ! व्यासपुत्र शुकदेवको पनि सत्य र असत्यको विवेक गरेर असत्य जगत्‌को सत्ता छैन, केवल परमात्मस्वरूप मात्र सत्य हो र त्यो नै हाम्रो वास्तव स्वरूप हो भन्ने थाहा भएर अर्थात् ज्ञातज्ञेय भएर पनि परम शान्त आत्मपदमा विश्रान्ति भएको थिएन । शुकदेवले पिताजी कहाँ गएर भने कि यो संसार स्वप्नतुल्य केवल संकल्पमात्र हो र चिदात्मा नै सत्य वस्तु हो भन्ने कुरा मलाई थाहा छ, तै पनि त्यो परमानन्द स्वरूपमा विश्राम प्राप्त गर्न सकिन । कसरी

स्वरूपमा विश्राम प्राप्त गर्न सकिएला, आज्ञा होस् भनी बिन्ती गर्दा व्यासले भन्नुभयो, - हे पुत्र ! यो संसार आफ्नै संकल्पबाट उत्पन्न भएको हो । संकल्परहित भएपछि स्वत: चिदात्मस्वरूपमा विश्राम प्राप्त भइहाल्छ । शुकदेवले भने, यो कुरा मलाई पनि थाहा छ, तापनि मनमा विकल्प उठिरहन्छ ।

आफूबाट पुत्रको अज्ञानरूप आवरण नष्ट नहुने देखेर व्यासले भन्नुभयो, म भन्दा धेरै जान्ने सर्वतत्त्वज्ञ, शान्तात्मा मिथिलानरेश जनक राजा हुनुहुन्छ, त्यहाँ जाऊ, तब तिम्रो मोह निवृत्त हुनेछ । त्यसपछि जनक कहाँ पुगेर शुकदेवले आफ्नो हालत सबै बताए । जनक राजाले भन्नु भयो -

नात: परतरं कश्चिन्निश्चयो ऽ स्त्यपरो मुने ।
स्वयमेव त्वया ज्ञातं गुरुतश्च पुन:पुन: ॥
अव्युच्छिन्नचिदात्मैक: पुमानस्तीह नेतरत् ।
स्वसंकल्पवशाद् बद्धो नि: संकल्पश्च मुच्यते ॥

हे शुकदेवजी ! तपाईंले जो भन्नु भएको छ र तपाईंका पिताजीले जो भन्नु भयो, त्यही नै यथार्थ कुरा हो । त्यसको निश्चय गरेर स्वरूपमा विश्राम लिनुहोस् । मेरो त त्यही कुरामा निश्चय छ, त्यसैले मेरो मनमा कुनै विकल्प उठ्तैन । परमानन्दस्वरूप नित्य चिदात्मामात्र एक सद् वस्तु हो, त्यसदेखि भिन्न केही छैन, यस्तो निश्चयबाट ब्रह्मस्वरूपमा परम विश्रान्ति मिल्छ । जीव आफ्नै संकल्पबाट बन्धनमा परेको छ, जब नि:संकल्प हुन्छ तब कुनै बन्धन रहँदैन र मोक्ष प्राप्त हुन्छ ।

यस प्रकार जनकको उपदेशबाट शुकदेवको अज्ञान नष्ट भयो र नि:संशय भएर उनी समाधि सुखको अनुभव गर्नको लागि सुमेरु पर्वततिर प्रस्थान गरे ।

विश्वामित्रले अगाडि भन्नु भयो : -

तस्य व्यासतनूजस्य मलमात्रोपमार्जनम् ।
यथोपयुक्तं ते राम तावदेवोपयुज्यते ॥

जसरी जनकको उपदेशबाट व्यासपुत्र शुकदेवको मलोपमार्जन (आवरणको नाश) भएर स्वरूपमा विश्राम प्राप्त भएको थियो, त्यसै गरी हे राम ! तपाईंको पनि आवरणको निवृत्ति भएर चिदानन्द स्वरूपमा परम विश्रान्ति लिनु आवश्यक छ । यो कुरा ब्रह्मज्ञानी वसिष्ठजीको उपदेशबाट संभव हुनेछ ।

मल दुई प्रकारको हुन्छ (१) चित्तवृत्तिरूप र (२) अविद्यावृत्तिरूप । हे राम ! तपाईंको चित्तवृत्तिरूप मल नष्टप्राय भएको छ, अब कुलगुरु वसिष्ठको उपदेशबाट अविद्यावृत्तिरूप मल पनि निवृत्त हुनेछ र सजिलै सित स्वरूपमा विश्रान्तिलाभ गर्नुहुनेछ ।

त्यसपछि अयोध्या - दरबारमा राजा दशरथबाट भव्यरूपमा ब्रह्मसभा (ज्ञानमहायज्ञ) को आयोजना भयो । सर्वत्र निमन्त्रणा पठाइयो । निमन्त्रणा पाएर ऋषि, मुनि, राजा, रजौटा, गण्य-मान्य र पुण्यात्मा नर-नारीहरु ज्ञानमहायज्ञमा खचाखच उपस्थित भए । उच्चासनमा

उपदेष्टा वसिष्ठजी विराजमान हुनु भयो । मुख्य श्रोताको रूपमा राम अगाडि बसे । अगल बगलमा भाइहरू रहे । महाराज दशरथ पनि रानीहरू सहित भव्य आसनमा सुशोभित भए ।

रामलाई निमित्त तुल्याएर वसिष्ठबाट परम पावन ज्ञानको उपदेश हुन लाग्यो । क्रमक्रमले उपदेश अगाडि बढ्दै गयो । रामजीबाट हजारौं प्रश्न भए । वसिष्ठजीबाट सम्पूर्ण प्रश्नको सहि समाधान भयो । अन्तमा अहंकार परित्यक्त भएपछि अखण्डाकार वृत्तिमा अभिव्यक्त जाज्वल्यमान चैतन्यबाट अविद्यामल निवृत्त भयो र परमानन्द स्वरूपमा विश्राम प्राप्त गरेर रामजी कृतकृत्य हुनु भयो । यस्तो परम पावन अभूतपूर्व उपदेश सुन्न पाएकोमा रामसहित हजारौं श्रोतृगणबाट जयजयाकारपूर्वक हर्षोद्गार व्यक्त भयो । वसिष्ठका उपर आकाशबाट झलझलाकार तारा खसेको भान हुने गरी देवगणले पुष्पवृष्टि गरे । रामसहित दशरथ महाराजबाट कुलगुरुमा पूजा र सत्कार सहित यथोचित दक्षिणा समर्पण भयो । विश्वामित्र प्रभृति ऋषि, मुनि र ब्राह्मणहरूमा यथोचित दान, दक्षिणा भयो । दरिद्रहरू पनि अन्न, वस्त्र र भोजन पाएर सन्तुष्ट भए ।

रामलाई निमित्त तुल्याएर सम्पूर्ण पुण्यात्मा मुमुक्षु जनको कल्याणको लागि ब्रह्मज्ञानी वसिष्ठ गुरुबाट जुन परम पावन औपनिषद ज्ञानको उपदेश भएको थियो, त्यसलाई समावेश गरेर आदि कवि वाल्मीकि ऋषिबाट महाकाव्यको रूपमा बत्तीसहजार श्लोकसंख्या भएको जुन महारामायणको संस्कृत भाषामा रचना भयो त्यो नै योगवासिष्ठ नामले लोकमा प्रसिद्ध छ ।

माण्डूक्य उपनिषद्मा भनिएको छ कि "ओ३म्" यो एकाक्षर ब्रह्म हो । "यो आत्मा ब्रह्म हो" । यो आत्मा चार पादले विभक्त छ, त्यो हो जाग्रत्, स्वप्न, सुषुप्ति र तुरीय । पहिलेका तीन अवस्थाको अभिमानीलाई व्यष्टिरूपमा विश्व, तैजस, प्राज्ञ र समष्टिरूपमा विराट्, हिरण्यगर्भ र ईश्वर भनेको छ । व्यष्टि र समष्टिमा वास्तवमा भेद छैन, व्यष्टि समष्टि हो र समष्टि व्यष्टि हो । तुरीय (चतुर्थ) पादलाई अमात्रपद भनेको छ, त्यसलाई अर्धमात्रास्वरूप पनि भनेको छ । तुरीय पद अमात्र (मात्रारहित अर्थात् आकार रहित) भएकोले मन र वाणीको गोचर हुँदैन । हाम्रो वास्तव स्वरूप खास ब्रह्म भनेको त्यही तुरीय पद हो । त्यो अमात्र भए तापनि शून्य होइन । त्यसलाई शान्त, शिव र अद्वैत भनेको छ । त्यस अद्वैतस्वरूपमा स्थिति भएपछि अमरत्व प्राप्त हुन्छ र फेरि जन्म-मरण हुँदैन । ज्ञानीजन सदा त्यही अमृत पदमा स्थित रहनु हुन्छ । तुरीय भन्ने कुनै अवस्था होइन, तीन अवस्थाको अपेक्षाले त्यसलाई तुरीय भनेको हो । वास्तवमा ज्ञानवान् तुरीयातीत पदमा स्थित हुनुहुन्छ । यही माण्डूक्य उपनिषद्को भाष्यको रुपमा योगवासिष्ठ महारामायणको रचना भएको हो भन्ने लोकोक्ति छ ।

योगवासिष्ठको आशय

सच्चिदानन्द ब्रह्म नै एक सत्य वस्तु हो र त्यो नै हाम्रो वास्तव स्वरूप हो । आत्मा र ब्रह्म एकै हो । सृष्टि गरेर त्यसभित्र प्रविष्ट ब्रह्म वस्तु नै साक्षी आत्मा हो । जाग्रत्, स्वप्न र सुषुप्तिको साक्षीरूपले अथवा बुद्धिवृत्तिको साक्षीरूपले सर्वदा अनुभूयमान प्रत्यक् चैतन्य नै ब्रह्म हो । शुद्धचित्त मुमुक्षुले तिमी, म भनीकन मन, बुद्धिको साक्षीलाई बुझ्नु पर्दछ । यो साक्षीलाई शुद्ध त्वं

पदार्थ भनेको छ । शुद्ध त्वं पदार्थ स्वतः अशुद्ध तत्पदार्थ (ईश्वर) भइहाल्छ । कार्य उपाधिलाई परित्याग गरेपछि आफू स्वतः कारणोपाधियुक्त (ईश्वर) भइहाल्छ । कारण उपाधि जो माया, अविद्या या अज्ञान भनिन्छ त्यो पनि साँचो होइन । त्यसकारण ईश्वर हो निरुपाधि चैतन्य । मुमुक्षु जनले आफूलाई सदा सर्वदा शुद्ध चैतन्यरूपले अनुभव गरिरहनुपर्छ अर्थात् चिदात्मस्वरूपको नित्य अनुसन्धान गरिरहनुपर्छ । वसिष्ठले भन्नु भएको छ - "नित्यं चिदनुसन्धानात् शोको ऽ ल्पो ऽ पि नबाधते" नित्य चैतन्यस्वरूपको अनुसन्धान गर्नाले अलिकति पनि शोकले बाधा गर्दैन । चैतन्यको अनुसन्धान भनेको आफूलाई चैतन्य स्वरूप जानेर अनुभव गर्नु । जब आफू चैतन्य स्वरूप बनिहाल्छ तब निर्मल चैतन्य आफूमा शोकको अवसर हुनै सक्तैन । चित्तसित मिलेर पो शोक, दुःख भएको छ । चित्तसित आफूको कुनै संबन्ध छैन । चित्तको साक्षी आफूमा चित्तगत शोक, मोह हुनै सक्तैन ।

आफ्नो निर्विकार चैतन्यस्वरूपमा समासीन हुनको लागि जगत् बाधक हुने हुनाले शास्त्रमा जगत्को बारेमा विचार गर्नुपर्छ भनेको छ । योगवासिष्ठको भनाइ अनुसार जगत् उत्पन्न भएको छैन । डोरीमा भ्रमले सर्प भासे झैं आत्मामा अज्ञानले जगत् भासेको छ । त्यसकारण यो जगत् साँचो होइन । आत्मस्वरूपमा स्फुरणवशात् जगत् खडा भएको हो । जस्तो स्वप्नमा आफ्नो अनुभवस्वरूप नै स्फुरणले जगदाकारमा देखिन्छ, तर जागदा केवल अनुभवस्वरूप बाँकी रहन्छ । त्यसो हुनाले सर्प भन्नु डोरीमात्र हो भने झैं जगत् भन्नु आत्मामात्र हो । आत्मा र जगत् पर्याय हो । यस विषयमा अन्यत्र पनि भनिएको छ कि :

हरिरेव जगत् जगदेव हरिः हरितो जगतो नहि भिन्नतनुः ।
इति यस्य मतिः परमार्थगतिः स नरो भवसागरमुत्तरति ॥

हरि नै जगत् हो र जगत् नै हरि हो भन्ने यस्तो निश्चयात्मक बुद्धि जस्को छ त्यो मांनिस भवसागरबाट पार हुन्छ । जो आफूलाई स्मरण गर्ने, नमस्कार गर्ने व्यक्तिको शोक, दुःख, ताप र त्यसको कारण अज्ञान समेतलाई हरण गरेर आत्मसात् गर्नुहुन्छ त्यो परब्रह्म परमात्मालाई हरि भनेको छ । यस्ता हरिको जो शरणापन्न हुन्छ अर्थात् हरिलाई आफू देखि अभिन्न भनी जान्दछ त्यो सजिलोसित दुःखमय संसारसमुद्रबाट पार हुन्छ ।

योगवासिष्ठमा भनेको छ : -

विश्ववीचिविलासो ऽ यं चित्सुखाब्धेरुदेति च ।
विलीयते च तत्रैव मध्ये कथमतन्मयः ॥

यो विश्वरूपी तरंगको विस्तार चित्सुखरूप समुद्रबाट उत्पन्न भएको छ र त्यसैमा विलीन हुन्छ । बीचमा जो देखिएको छ त्यो चित्समुद्रदेखि भिन्न कसरी होला ? अर्थात् भिन्न हुन सक्तैन । जस्तो समुद्र र तरंग भिन्न होइन त्यस्तो ब्रह्म र जगत् भिन्न छैन । श्रुतिमा भनेको छ - "ब्रह्मैवेदं सर्वम्" यो सब ब्रह्म नै हो । वस्तुस्थिति यस्तो हो तापनि चिरकालजनित अभ्यासले जगत् वज्रसार झैं दृढरूपले भासित भएको छ । त्यसकारण निषेधमुखले यसको निरसन गर्नुपर्छ

भनी शास्त्रमा बताएको छ । "निषेधशेषो जयतादशेषः" (भागवत गजेन्द्रस्तुतिः) निषेध गरेर जो शेष रहन्छ त्यो नै अशेष तपाईं हुनुहुन्छ । "अतन्निरसनेन भवन्निधना" (भागवत वेदस्तुतिः) अतत् - जो तपाईं होइन त्यसको निरसन (निषेध) गरेपछि तपाईं (परब्रह्म) बाँकी रहनुहुन्छ र हामी (श्रुतिहरू) पनि तपाईंमा नै विलीन भइहाल्छौं । बृहदारण्यक श्रुतिले "नेति नेति" कार्य छैन र कारण पनि छैन भनेर कार्यकारण-भाववर्जित परमात्माको निर्देश गरेको छ । वसिष्ठले योगवासिष्ठको मुमुक्षु - व्यवहार - प्रकरणमा नै भन्नु भएको छ :-

दृश्यं नास्तीति बोधेन मनसो दृश्यमार्जनम् ।
सम्पन्नं चेत् तदुत्पन्ना परा निर्वाण - निर्वृतिः ॥

यो दृश्यमान प्रपञ्च वास्तवमा भएको होइन भनी जानेर मनबाट दृश्यमार्जन भएपछि परम निर्वाणानन्द प्राप्त हुन्छ । अन्यत्र पनि भनेको छ - "अध्यारोपापवादाभ्यां निष्प्रपञ्चं प्रपञ्च्यते" अध्यारोपापवाद न्यायले निष्प्रपञ्च ब्रह्मको प्रतिपादन गरिन्छ अर्थात् अधिष्ठानभूत परमात्मस्वरूपमा संसार आरोपित (कल्पित) भएको छ, जब त्यसको अपवाद (निषेध) हुन्छ तब निष्प्रपञ्च ब्रह्म सिद्ध हुन्छ ।

ब्रह्मलाई खोज्न टाढा जानुपर्दैन । यही शरीर भित्र ब्रह्म विद्यमान छ । शरीर भित्र बसेको ब्रह्मलाई आत्मा भनेको छ जो मन बुद्धिको साक्षीरूपले नित्य प्रकाशमान भएर रहेको छ । ब्रह्मलाई शुद्धरूपमा फेला पार्न अन्तराल अवस्थाको विचार गर्नुपर्छ, जस्तैः सुषुप्ति समाप्त भयो, जाग्रत् आएको छैन, त्यो अन्तराल स्थितिमा के छ ? अवस्थारहित शुद्ध ब्रह्मरूपले स्वयं प्रकाश आफू विद्यमान छ । सुषुप्ति गएको हुनाले लय छैन । अर्थात् बुद्धिको उदय भएको छ, जाग्रत् नआएको हुनाले पदार्थको ग्रहण हुन पाएको छैन अर्थात् विक्षेप छैन । यस्तो सूक्ष्म अन्तराल स्थितिको विचार गरेमा बुद्धिपूर्वक ब्रह्मानुभव भइहाल्छ र अज्ञान नष्ट हुन्छ । त्यसपछि तथा कथित जाग्रत् जसलाई स्वप्नरूप भनेको छ आउँदै आउँदैन, किनकि ऊ स्वरूपमा जागिसक्यो । आफ्नो वास्तव चैतन्यस्वरूपमा जाग्नु नै यथार्थ जाग्रत् हो । व्यावहारिक जाग्रत्लाई त योगवासिष्ठमा स्वप्नरूप भनेको छ "स्वप्नवत् पश्यति जगत् चिन्नभोदेहवित् स्वयम्" जगत्लाई स्वप्नवत् देखेपछि स्वतः आफ्नो चिदाकाशस्वरूपको ज्ञान भइहाल्छ ।

दुई वृत्तिको अन्तराल अवस्थाको विचार गरेमा पनि शुद्ध आत्माको अनुभव हुन्छ, जस्तैः घटाकार वृत्ति नष्ट भयो, पटाकार वृत्तिको उदय भएको छैन, त्यो अन्तराल स्थितिमा अडिएपछि शुद्ध ब्रह्मस्वरूप आफूको बुद्धिपूर्वक अनुभव हुन्छ र अज्ञान विनष्ट हुन्छ, आफू सदाको लागि शुद्ध ब्रह्मरूपले विराजमान हुन्छ । वसिष्ठजी दुई वृत्तिको अन्तराल स्थितिमा रहनु भएको कुरा योगवासिष्ठबाट अवगत हुन्छ ।

ब्रह्मज्ञानी भुसुण्डनामक काकले आफू प्राण र अपानको अन्तराल स्थितिमा रहेको भनी बताउनु भएको छ । भित्र हृदय देशबाट बाहिर निस्केको प्राण नासिकारन्ध्र देखि बाह्र अंगुल पर पुगेर समाप्त हुन्छ र भित्र प्रवेश गर्नको लागि अपानको उदय भएको हुँदैन । त्यो प्राण र अपानको अन्तरालमा प्राण र अपानले रहित शुद्ध ब्रह्म विद्यमान हुन्छ । सूक्ष्म विचारद्वारा त्यस

स्थितिमा रहनुलाई बाह्य कुम्भक भनेको छ । फेरि अपानको उदय भयो र भित्र हृदय देशमा पुगेर अपान समाप्त भयो, प्राणको उदय भएको छैन, त्यस अन्तराल स्थितिमा पनि विचारपूर्वक शुद्ध ब्रह्मस्वरूपको अनुभव हुन्छ, त्यसलाई आन्तर कुम्भक भनेको छ । यसरी प्राण र अपानको विचारबाट शुद्ध चैतन्यस्वरूप आफूको अनुभव हुन्छ । यसलाई कुम्भक प्राणायाम भनेको छ । कुम्भक सिद्ध भए रेचक र पूरकमा पनि त्यसको साक्षीरूपले आफू विद्यमान रहेको अनुभव हुन्छ ।

शंकरावतार भगवान् आद्य शंकराचार्यले पनि वृत्तिको अन्तराल स्थितिको बारेमा लघु वाक्यवृत्तिमा भन्नु भएको छ :

नष्टे पूर्वविकल्पेतु यावदन्यस्य नोदयः ।
निर्विकल्पकचैतन्यं स्पष्टं तावद् विभासते ॥

पूर्व विकल्प अर्थात् घटाकार वृत्तिरूप विकल्प नष्ट भएपछि जब अर्को वृत्तिको अर्थात् पटाकार वृत्तिरूप विकल्पको उदय भएको छैन त्यो अन्तरालमा निर्विकल्प शुद्ध चैतन्यरूप कूटस्थ आत्माको स्पष्ट अनुभव हुन्छ । वृत्तिको निरोध गरेर वृत्तिरहित चित्तद्वारा क्षण क्षणमा शुद्ध आत्माको अनुभव गर्दै रहनुपर्छ ।

उत्तरोत्तर ज्ञानको (अनुभवको) दृढता बढाउँदै गएर अन्तमा दृढ ब्राह्मी स्थिति प्राप्त गर्नको लागि योगवासिष्ठमा ज्ञानका सप्त भूमिकाको वर्णन गरिएको छ । सप्त ज्ञान भूमिका हुन् : शुभेच्छा, विचारणा, तनुमानसा, सत्त्वापत्ति, असंसक्ति, पदार्थाभाविनी र तुर्यगा ।

विषय परिवर्तनशील हो र विनश्वर हो, यसबाट परम शान्ति मिल्न सक्तैन भन्ने कुरा अवगत गरेर विषयमा वैराग्यपूर्वक ज्ञान प्राप्त गर्ने इच्छाले सद्गुरुको समीपमा गएर सदुपदेशको श्रवण गर्दै रहनुलाई शुभेच्छा भनेको छ । तिमी पञ्चकोशले वेष्टित सुखी, दुःखी, विकारी जीव होइनौ, तिमी हौ पञ्चकोशको साक्षी । त्यसो हुनाले तिमी हौ शुद्ध चैतन्य (ब्रह्म) यसरी गुरुबाट सुनेर आफूलाई जन्मादि विकाररहित चिदाकाश ब्रह्म भनी जान्नुलाई शुभेच्छा नामक ज्ञानभूमिका भनेको छ । श्रुत कुरालाई श्रुति अनुकूल तर्कद्वारा निश्चय गरेर बुद्धिपूर्वक अनुभव गर्दै जानुलाई विचारणा भनेको छ । महावाक्यार्थको अनुस्मरण गरेर आफूलाई जगद्वासनारहित शुद्ध ब्रह्मरूपले निरन्तर भावना गर्नु तनुमानसा भूमिका हो । यस भूमिकामा शव्दानुविद्ध सविकल्प समाधिद्वारा असंग ब्रह्मरूपले आफूको अनुभव हुन्छ । जगद्वासनाको निरसनको लागि यो भूमिका अत्यावश्यक मानिन्छ किनकि वासनाको विनाश नभईकन ब्रह्मज्ञानको उत्पत्ति हुन सक्तैन । शंकरले विवेकचूडामणिमा भन्नु भएको छ - "मुक्तिं प्राहुस्तदिह मुनयो वासनातानवंयत्" वासनाको क्षीणतालाई मुक्ति भनेको छ । तीन भूमिकाको अभ्यासको परिपाक भएर निर्विकल्प समाधिमा जो साक्षात् ब्रह्मात्मैकत्वबोध उदित हुन्छ त्यसलाई सत्वापत्तिनामक चतुर्थी भूमिका भनेको छ । यो भूमिका प्राप्त गरेको ज्ञानी जीवन्मुक्त कहिन्छ । जीवन्मुक्तको दग्ध चित्तको तारतम्यले बाँकी तीन भूमिका मानिन्छन् । चतुर्थी भूमिका अनन्तर जो समाधिको अभ्यास बढ्दै जान्छ तव त्यस ज्ञानी पुरुषमा अणिमादि विभूतिहरु (सिद्धिहरू) स्वतः प्राप्त हुन थाल्छन् । विघ्नकारक भएका हुनाले ती सिद्धिहरूमा आसक्ति नहुनु असंसक्ति भूमिका कहिन्छ । त्यसपछि

ज्ञानको दृढताले गर्दा आफूदेखि भिन्नरूपले पदार्थको अदर्शनलाई पदार्थाभाविनी नामक षष्ठी भूमिका भनेको छ । षष्ठी भूमिकासम्म “म ब्रह्म हुँ” भन्ने संस्कार रहन्छ । जब त्यो संस्कार पनि विलुप्त हुन्छ तब त्यो ज्ञानी तुर्यगा नामक सप्तमी भूमिकामा प्राप्त भएको ज्ञानी भनिन्छ । यस भूमिकामा “म ब्रह्म हुँ” भन्ने जो ब्रह्माकार चित्तवृत्ति थियो त्यसको पनि अभाव हुन्छ र चित्तको परम निर्वाणता प्राप्त हुन्छ । अब चित्तविना पनि आफू स्वतः स्वयंप्रकाश चैतन्यरूपले अवस्थान गर्छ ।

अवस्थाको दृष्टिले प्रथम तीन भूमिकालाई जाग्रत् भनेको छ किनकि यहाँ पदार्थदर्शन हुन्छ । चतुर्थ भूमिकालाई स्वप्न भनेको छ किनकि यस भूमिकाको ज्ञानी पदार्थलाई स्वप्नवत् मिथ्या देख्नुहुन्छ । पाँचौं र छैटौं भूमिका सुषुप्तिरूप हो । पाँचौं लघु सुषुप्ति हो र छैटौं दृढ सुषुप्ति हो । सातौं भूमिका तीन अवस्थाको अपेक्षाले तुरीय (चतुर्थ) भनिन्छ तापनि तीन अवस्था मिथ्या भएको हुनाले त्यो हो तुरीयातीत पद । यी सात भूमिका ज्ञानीका भूमिका हुन्, त्यसो हुनाले कुनै ज्ञानी प्रथम भूभिकामा रहेका हुन्छन्, कुनै द्वितीयमा, कुनै तृतीयमा र कुनै चतुर्थ भूमिकामा रहेका हुन्छन् । पछिका तीन भूमिकामा स्थित ज्ञानी विरल हुन्छन् । एक भूमिका पार भएकोलाई पनि वसिष्ठले नमस्कार छ भनी उद्गार व्यक्त गर्नु भएको छ ।

योगवासिष्ठ महारामायणको अध्ययन गरेर विचारपरायण भएपछि संसारको समूल उच्छेद भइहाल्छ र सहजरूपमा ब्रह्मसाक्षात्कार हुन्छ । अहं - ममभाव हो संसारको बीज । त्यसमा पनि मुख्य बीज हो अहंभाव नै । पहिले “अहं” को उत्थान भएपछि “मम” खडा हुन्छ । त्यसकारण अहंकार नै हो संसारको मूल जरो । सर्वप्रथम ब्रह्ममा जो संकल्प उठ्यो त्यसलाई योगवासिष्ठमा संवेदन भन्ने नयाँ नाम दिएको छ । यो संवेदन नै मूल अहंकार हो । अन्यत्र यसलाई हिरण्यगर्भ अथवा सृष्टिकर्ता ब्रह्मा भनेको छ । संवेदनरूप ब्रह्माले आफूलाई ब्रह्म भनी जान्नु भएको छ । त्यसैले सृष्टि गरेर पनि ब्रह्माजी सृष्टिमा मोहित हुनु भएको छैन । ब्रह्माजीले संकल्पद्वारा जगत् रचना गर्नु भएको छ । यो जगत् केवल संकल्परूप हो भन्ने कुरा ब्रह्माजीलाई थाहा छ । उहाँको दृष्टिमा यो जगत् केवल अन्तवाहक (संकल्प) रूप हो । योगवासिष्ठमा भनेको छ कि अरू (अज्ञानी) को दुई शरीर हुन्छ - (१) अन्तवाहक र (२) आधिभौतिक । ब्रह्माजीको चाहिं एकमात्र अन्तवाहक शरीर हुन्छ, त्यो हो केवल संकल्परूप । उहाँको निश्चय सदा ब्रह्मस्वरूपमा नै रहेको छ । त्यसैले उहाँलाई मृत्युले आक्रमण गर्न नसकेको कुरा आकाशज ब्राह्मणको कथामा उल्लिखित छ ।

संवेदन अन्तर्मुख भए केवल ब्रह्म स्वरूपको नै अनुभव हुन्छ । जब संवेदन बहिर्मुख हुन्छ अर्थात् संकल्पतिर प्रवाहित हुन्छ तब अनन्त जगत् खडा हुन्छ, त्यसभित्र आफूलाई देहादिविशिष्ट एक जीव भनी मान्दछ र कार्यकारणभाव पनि स्वीकार गर्दछ, मेरा माता, पिता छन् उनबाट मेरो जन्म भएको हो । यद्यपि यो जगत् पहिले संकल्परूप थियो, पछि संकल्परूपतालाई बिर्सेर आधि भौतिकरूपले दृढ हुन गयो । यो जगत् विशाल देखिन्छ तापनि संकल्परूप हो । संकल्परूप भएको हुनाले यो जगत् भित्र (मनोरूपमात्र) छ, तर संकल्पको दृढताले गर्दा अर्थात् संकल्परूपता विस्मृत भएको हुनाले बाहिर (आधि भौतिक रूपमा) देखिन्छ ।

तीन वाद र तीन सत्ता

सृष्टिको विषयलाई लिएर वेदान्तमा तीन वाद प्रसिद्ध छन् - (१) सृष्टि दृष्टिवाद (२) दृष्टिसृष्टिवाद र (३) अजातवाद । तीन वाद अनुसार सत्ता पनि तीन प्रकार मानिन्छ - (१) व्यावहारिक सत्ता (२) प्रातिभासिक सत्ता र (३) पारमार्थिक सत्ता

सृष्टिदृष्टिवादः आफूदेखि भिन्न आधिदैविक ईश्वरबाट जगत्को सृष्टि भएको छ, जस्तो पुराणहरूमा ब्रह्माजीबाट जगत्को सृष्टि भएको उल्लेख पाइन्छ । एक परमात्मा ब्रह्मा बनेर जगत्को सृष्टि गर्नुहुन्छ, विष्णु भएर पालन गर्नुहुन्छ र रुद्र भएर जगत्को संहार गर्नुहुन्छ । सृष्टिदृष्टिवादलाई प्रतिकर्मव्यवस्थावाद भनेको छ । यसको मतलब यो हो कि प्राणीहरूको कर्मानुसार कर्मको भोग गराउन ईश्वरले जगत्को रचना गर्नुभएको छ। त्यसो हुनाले राम्रो काम (शास्त्रविहित कर्म) गर्नाले राम्रो फल (स्वर्गादिसुख) प्राप्त हुन्छ र नराम्रो काम (शास्त्र निषिद्ध कर्म) गर्नाले नरकादि दुःख प्राप्त हुन्छ । श्रौत र स्मार्त सबै कर्मकाण्ड विषयक शास्त्र यही प्रतिकर्मव्यवस्थावादमा आधारित छन् र यो व्यावहारिक पनि देखिन्छ । यस सिद्धान्तमा पारमार्थिक, प्रातिभासिक र व्यावहारिक तीन सत्ता मानिन्छन् ।

दृष्टिसृष्टिवादः यद्यपि योगवासिष्ठमा अजातवादको पनि उल्लेख पाइन्छ तापनि योगवासिष्ठको सिद्धान्त दृष्टिसृष्टिवादमा आधारित मानिन्छ । दृष्टि (देखिनु) नै सृष्टि हो । देख्नु माने चिताउनु, फुराउनु, संकल्प गर्नु अथवा अविद्यावृत्तिको उदय हुनु हो । आफू केवल अद्वितीय चैतन्य वस्तु हो, त्यसमा आदिमा जो संकल्प उठ्यो त्यो नै सृष्टि हो । योगवासिष्ठमा अनेक ब्रह्माको उल्लेख छ । प्रत्येक ब्रह्माको सृष्टि अलग अलग छ जस्तो प्रतिव्यक्तिको स्वप्न अलग अलग हुन्छ ।

सुषुप्तिमा आफू ब्रह्मरूपले विद्यमान छ, त्यही आफूमा स्वप्नको सृष्टि फुर्‍यो । त्यो सृष्टि भित्र (मनमा) नै छ तर बाहिर देखिन्छ । संकल्पको दृढताले (संकल्परूपता विस्मृत भएको हुनाले) त्यो भित्रको सृष्टि अर्थात् स्वप्नरूप सृष्टि बाहिर देखिन्छ अर्थात् जाग्रतरूपले देखिन्छ । अज्ञानी सृष्टि बाहिर देख्छ । जहाँसम्म स्वरूपको बारेमा अज्ञान रहन्छ त्यहाँसम्म बाहिर सृष्टि-भ्रम देखिन्छ र जन्ममरणरूप संसारचक्र चलिरहन्छ, दुःख जाँदैन । पुण्यवशात् जब योगवासिष्ठ महारामायणको सम्यक् अध्ययन, श्रवण र मनन (विचार) हुन्छ, तब सृष्टिभ्रम निवृत्त भइहाल्छ र आफ्नो सनातन स्वरूप अनुभूत हुन्छ । ज्ञानी जन संसार देख्नु हुन्न । संसार भए पो देख्नु संभव हुन्थ्यो । आब्रह्म स्तम्बपर्यन्तको सृष्टि मिथ्या भ्रम हो भन्ने ज्ञान भए संसारको वासना पनि रहँदैन । वासना भन्नु पनि अज्ञानरूप नै हो । जब यथार्थ ज्ञानको उदय भएर अज्ञान नष्ट हुन्छ तब चित्त (चित्तमा प्रतिबिम्बित आफू) चैतन्यरूप भइहाल्छ र कुनै कलना बाँकी रहँदैन । वस्तु अद्वैत हो । वासिष्ठ शास्त्रको अभ्यासबाट अद्वैत बस्तु सिद्ध हुन्छ ।

दृष्टिसृष्टिवादमा पारमार्थिक र प्रातिभासिक दुई सत्ता मानिन्छन् । प्रातिभासिक भन्नाले बुझ्नुपर्दछ कि यो जगत् रज्जुसर्प झैं प्रतिभासमात्र हो । प्रतिभासको अर्थ हो भान । यो संसार

भानमात्रको हो । भान भएसम्म छ, नत्र छैन । संसार (देहादि जगत्) भान भएसम्म अर्थात् मनको वृत्ति भएसम्म मात्र रहन्छ । त्यसो हुनाले संसार मनको वृत्तिरूप हो, संकल्परूप हो । जब मनको वृत्ति रहँदैन तब सुषुप्तिमा संसार अलिकति पनि रहँदैन । कुरा बुझे चित्त खाली हुन्छ र भरि भराउ ब्रह्मको अनुभव हुन्छ । वास्तवमा एक पारमार्थिक सत्ता मात्र भएको वस्तु हो, तथापि "तुष्यतु दुर्जन:" न्यायले दृश्यमान प्रपञ्च के हो त भन्ने शंकाको समाधानको लागि भनिन्छ कि यो संसार मिथ्या भ्रमले भासेको हो । यसको पारमार्थिक सत्ता छैन । योगवासिष्ठको अध्ययनबाट दृष्टिसृष्टिवाद राम्ररी बुझ्न सकिन्छ । यो बुझेपछि शीघ्र नै ब्राह्मी स्थिति सहज भइहाल्छ । सृष्टिदृष्टिवाद अनुसार व्यावहारिक सत्ता पनि मान्नु पर्ने हुनाले ज्ञानप्राप्तिमा विलम्ब हुन्छ ।

अजातवाद : जगत्को सृष्टिको विषयमा शङ्कराचार्यका बाजे गुरु गौडपादाचार्यले माण्डूक्य उपनिषद्का उपर माण्डूक्य - कारिका लेख्नु भएको छ, त्यसमा अजातवाद सिद्धान्त अपनाइएको छ। यस सिद्धान्त अनुसार जगत् उत्पन्न भएको छैन । त्यसो हुनाले एक पारमार्थिक सत्तामात्र विद्यमान छ । दृष्टिसृष्टिवाद अनुसार प्रातिभासिक सत्ता मान्दा पनि केही काल त जगत्को सत्ता मान्नु पऱ्यो । हुँदै नभएको जगत्लाई केही काल मान्नु पनि मूर्खता नै ठहरिन्छ र ज्ञानमा पनि विलम्ब हुन्छ ।

जगत् उत्पन्न नै भएको छैन भने दृश्यमान प्रपञ्च के हो त भन्ने प्रश्न यहाँ उठ्न सक्तछ, त्यसको समाधानको लागि गौडपाद भन्नुहुन्छ कि यो जगत्को उत्पत्ति कस्तो हो भने घटमा आकाशको उत्तपत्ति भए जस्तो हो । जस्तो घटमा आकाशको उत्पत्ति भएको छैन, किनकि घटाकाश भन्नु महाकाश नै हो त्यस्तो ब्रह्ममा यो जो जगत्को उत्पत्ति भएको छ भनी मानिन्छ त्यो सरासर झुट्टा हो । जस्तो स्वप्नजगत् उत्पन्न भएको भए केही न केही त रहनु पर्ने, तर जाग्दा केही पनि रहँदैन, तब बुझ्नुपर्छ कि स्वप्नकालमा पनि त्यो उत्पन्न भएको थिएन त्यस्तो यो तथाकथित जाग्रत् जगत् पनि स्वप्नरूप (भ्रममात्र) भएको हुनाले उत्पन्न भएको छैन भन्नु युक्तिसंगत देखिन्छ । यसबाट बुझिन्छ कि एक पारमार्थिक सत्ता मात्र भएको वस्तु हो र अरू सब मिथ्या भ्रम हुन् । यो सिद्धान्तलाई अपनाएपछि तुरुन्त ब्रह्मज्ञानको उदय हुन्छ ।

गौडपाद भन्नु हुन्छ :

यदा न लीयते चित्तं न च विक्षिप्यते पुन: ।
अनिङ्गनमनाभासं निष्पन्नं ब्रह्म तत् तदा ॥

जब चित्त अविद्यामा लीन हुँदैन र विक्षिप्त पनि हुँदैन तब अहिले चित्त कस्तो छ त भने - अनिङ्गनम् अचल छ र अनाभासम् आभासरहित छ अर्थात् कुनै विषयको ग्रहण भएको छैन त्यसबेला त्यो चित्त ब्रह्मरूपले रहेको हुन्छ । चित्तको चलन छैन र विषयको ग्रहण पनि भएको छैन भने त्यस्तो चित्तबाट सजिलै सित ब्रह्मस्वरूपको अनुभव हुन्छ ।

पुण्यात्मा उत्तम अधिकारी अजातवाद स्वीकार गर्छ, मध्यम अधिकारी दृष्टिसृष्टिवाद ग्रहण गर्छ र मन्द अधिकारी सृष्टिदृष्टिवादको पक्ष लिन्छ । यो सामान्य नियम हो, तर योगवासिष्ठ उत्तम

अधिकारीको लागि नै मानिन्छ, किनभने योगवासिष्ठमा अजातवाद र दृष्टिसृष्टिवादको समन्वय पाइन्छ ।

योगवासिष्ठको उत्पत्ति प्रकरणमानै "जगत् उत्पन्न भएको छैन" भनिएको छ । दृष्टिसृष्टिवाद भन्नु र अजातवाद भन्नु करीब करीब एकै हो । माण्डूक्य उपनिषद्लाई लिएर गौडपादले "न कश्चित् जायते जीव" इत्यादि भनेर जीव र जगत्को उत्पत्ति भएको छैन भनी प्रतिपादन गर्नुभएको छ भने त्यही माण्डूक्य उपनिषद्लाई लिएर लेखिएको योगवासिष्ठको उत्पत्ति प्रकरणमा जगत्को उत्पत्ति भएको छैन भनिएको छ र अन्यत्र जगत् केवल संकल्परूप हो अर्थात् प्रातिभासिक हो भनिएको छ । प्रातिभासिक भन्नुबाट पनि अन्तमा जगत् उत्पन्न भएको छैन भन्ने कुरामा नै पर्यवसान हुन जान्छ । राम उत्तम अधिकारी भएका हुनाले वसिष्ठले उहाँलाई सजिलैसित बोध गराउनु भयो ।

अहंकार–त्याग : योगवासिष्ठको मुख्य लक्ष्य हो योग्य अधिकारीलाई मिथ्या अहंकारको त्याग गराएर ब्रह्मबोध उत्पन्न गराउनु । व्यष्टि - समष्टि भेदले अहंकार दुई प्रकारको हुन्छ । चित्तमा प्रतिबिम्बित साक्षिचैतन्य व्यष्टि अहंकार हो र समष्टि चित्तमा (अविद्यामा) प्रतिबिम्बित ब्रह्म चैतन्य समष्टि अहंकार हो । समष्टि अहंकार नै मूल अहंकार हो । यो नै संसारको बीज हो र ब्रह्मज्ञानको मूल प्रतिबन्धक हो, यसलाई योगवासिष्ठमा संवेदन भनेको छ । निर्वाण पूर्वार्धमा भनेको छ - "शुद्ध संवित् सत्तामात्रबाट जो अहंको उन्मेष भयो त्यो नै संवेदन हो । त्यो संवेदन जीवरूपमा प्राप्त भएर बुद्धि, मन र पञ्च तन्मात्रा उत्पन्न गरीकन आफू त्यसमा स्थित भएको छ, त्यसलाई नै पुर्यष्टक भन्दछन् । यो पुर्यष्टक पनि स्पन्दबाट नै उत्पन्न भएको हो । वास्तवमा आत्मादेखि भिन्न कुनै द्वैत वस्तु छैन ।"

अहंकार पनि बन्ध्यापुत्र झैं वास्तवमा साँचो होइन भनेर योगवासिष्ठमा ठाउँ ठाउँमा अहंकारको त्यागमा विशेष जोड दिएको छ । मुनिकुमारको रूप लिएकी चूडालाले राजा शिखिध्वजलाई अहंकारको त्याग गराएर निर्विकल्प ब्रह्मस्वरूपमा स्थित गराइन् । "अन्तर्योऽयमहंभावो जन्तो स्तच्चित्तमुच्यते" भनेर कचोपाख्यानमा अहंभावलाई चित्तसंज्ञा दिएर चित्तत्यागबाट परम शान्ति प्राप्त हुने उपदेश दिएको छ । आफ्नो वास्तव स्वरूपमा अहं भन्ने कलंक छैन । जब अहंकारको त्याग हुन्छ तब परमानन्दस्वरूपमा शाश्वत स्थिति बन्दछ ।

संक्षेपमा ६ प्रकरणको सार

(१) **वैराग्य प्रकरण :** पुण्यात्मा संसारमा दोषदर्शनपूर्वक मनमा वैराग्य लिन्छ, दुःखमय संसार समुद्रबाट पार हुनको लागि तत्वज्ञानी गुरुको समीपमा गएर वेदान्तको श्रवण गर्छ र सत् शास्त्रको अभ्यास गर्छ ।

(२) **मुमुक्ष – व्यवहार प्रकरण :** मुमुक्षुको हृदय निर्मल (सत्त्वगुण सम्पन्न) हुन्छ र ऊ विचारद्वारा आत्मपद प्राप्त गर्न समर्थ हुन्छ ।

(३) **उत्पत्ति प्रकरण :** विचारपरायण मानिसको "जगत् उत्पन्न भएको छ" भन्ने भाव मनबाट हटेर जान्छ र जगत्को अत्यन्ताभाव सिद्ध हुन्छ । यो भूत भौतिक जगत् अज्ञानले भासेको हो ।

ज्ञान उत्पन्न भए अज्ञान विनष्ट हुन्छ र पदार्थ-भ्रम पनि नष्ट हुन्छ । वास्तवमा जगत्को उत्पत्ति भएकै छैन । चैतन्यस्वरूप आफूमा संवेदनरूप मन उत्पन्न भयो र मनको स्पन्दनबाट सृष्टि देखिएको हो । जब मन निःस्पन्द हुन्छ तब सम्पूर्ण सृष्टि सुषुप्तिमा झैं आफैंमा लीन हुन्छ । सार कुरा यो हो कि चिताए जगत् छ, नचिताए छैन । वास्तवमा चिदाकाशरूप शुद्ध चैतन्य आत्मा आफ्नै महिमामा स्थित छ, अरू केही छैन ।

(४) **स्थिति प्रकरण :** जगत् संकल्परूप हो अर्थात् केवल मनोराज्य हो । सम्यक् ज्ञानको उदय भएपछि जगत् निवृत्त हुन्छ र आफू (आत्मा) आफ्नै महिमामा स्थित हुन्छ ।

(५) **उपशमप्रकरण :** जस्तो स्वप्नबाट जागेपछि स्वप्नका पदार्थको वासना मनमा रहँदैन त्यस्तो दृढ विचारद्वारा स्वरूपमा जागेपछि जगत्का पदार्थको इच्छा मनमा उठ्तैन र वासनारहित भएर मनको उपशम हुन्छ ।

(६) **निर्वाण प्रकरण :** भ्रमले चैतन्यस्वरूप आत्माको चित्तका साथ संबन्ध भएको हो, जब विचारद्वारा त्यो संबन्ध निवृत्त हुन्छ तब आफू (आत्मा) शरत् कालको आकाश झैं निर्मल हुन्छ । विचारद्वारा अहंकाररूपी पिशाच नष्ट भएपछि सारा इच्छाको निवृत्ति हुन्छ र निर्वाण पद (मोक्ष) प्राप्त हुन्छ । ज्ञानवान्को दृष्टिमा जगत् भास्दैन र उहाँ अचिन्त्य चिन्मात्र स्वरूपमा अवस्थान गर्नुहुन्छ ।

समाधिप्रसंग

योगवासिष्ठमा ठाउँ ठाउँमा समाधिको प्रसंग आउँछ । यहाँ समाधि भनेर ज्ञानसमाधि नै लिनुपर्छ । समाधिको बारेमा भनिएको छ :-

तत्वावबोध एवैकः सर्वाशातृणपावकः ।
प्रोक्तः समाधिशब्देन न तु तूष्णीमवस्थितिः ॥

तत्त्वज्ञान नै हो मुख्य समाधि जसबाट सारा इच्छा निवृत्त हुन्छन् । शरीरलाई निश्चल तुल्याएर काष्ठमौनवत् चूपचाप बस्नु समाधि होइन । चित्तलाई मिथ्या मानेको हुनाले ज्ञानसमाधि सहज हो । चित्तलाई सत्य मानेर चित्तनिरोधबाट हुने समाधिलाई योगसमाधि भनेको छ, यो वास्तव समाधि होइन ।

सत् शास्त्र र सत्संग

मोक्षको उपायको रूपमा वसिष्ठले सत् शास्त्रको अभ्यास र साधुसमागममा विशेष जोड दिनु भएको छ । सत् शास्त्र त्यो हो जहाँ अनात्मसंसारको निरसन पूर्वक आत्मपदको प्रतिपादन गरिएको हुन्छ । यहाँ वसिष्ठले विशेषरूपले प्रस्तुत योगवासिष्ठलाई सत् शास्त्रको रूपमा संकेत गर्नुभएको छ ।

सत् शास्त्रको अभ्यासको साथै साधुजनको संगत गरेपछि वैराग्य बढदै जान्छ र विवेक-विचार दृढ हुन्छ । साधु अथवा सज्जन भनेर ज्ञानवान्लाई लिनुपर्छ । अज्ञानीको संगतबाट जन्म मरणको

दुःख छुट्तैन । जो आफैं अज्ञानी छ भने उसले अरूलाई कसरी तार्न सक्ला ? ज्ञानवान्को संगतबाट सबै कुरा खुलेर आउँछ, संसार नीरस हुन्छ र हृदय स्वच्छ हुन्छ, शास्त्रका रहस्यात्मक कुरा बुझिन्छन् । स्वच्छ हृदयमा अर्थात् अखण्डाकार वृत्तिमा परमात्मा स्वयं प्रकट भएर अज्ञानरूपी अन्धकारलाई नष्ट गरिदिनु हुन्छ र आफ्नो वास्तव परमानन्दस्वरूपलाई पाएर साधक कृतकृत्य हुन्छ ।

प्रसंगवश आएका नानाप्रकार आख्यान र उपाख्यानले भरिएको पवित्रतम वासिष्ठ वेदान्तका प्रतिपाद्य विषय पाठकहरुलाई यस ग्रन्थबाट अवगत हुने नै छन् । वैराग्य प्रकरणबाट आरम्भ गरेर क्रम क्रमले अगाडि बढदै निर्वाण उत्तरार्धमा ब्रह्मबोध गराएर यो ग्रन्थ समाप्त हुन्छ । धेरै के भनौं, रामका प्रश्नहरूका समाधानको रूपमा ब्रह्मज्ञानी वसिष्ठ गुरुबाट प्राप्त परम पवित्र उपदेशात्मक वचनावलीको श्रद्धापूर्वक अध्ययन र तत्वदर्शी गुरुबाट श्रवण गरेर मनन तथा निदिध्यासन गर्दै गएपछि ईश्वरानुग्रहबाट संसार-भ्रम नष्ट भएर परमानन्द प्राप्त हुनेछ ।

परम पितामह ब्रह्माजीको आज्ञाले आदिकवि वाल्मीकि ऋषिबाट चौविस हजार श्लोकसंख्या भएको पूर्वरामायणको रचना अनन्तर वसिष्ठका परम पावन उपदेशामृतले भरिएको बत्तीस हजार श्लेकसंख्या भएको उत्तर रामायणको रचना भयो । जगद्भ्रमको निरसन गरेर परम पुरुषार्थरूप मोक्ष प्रदान गर्न समर्थ भएको हुनाले यस महाकाव्यलाई महारामायण भन्ने संज्ञा दिइएको छ । यो नै योगवासिष्ठ भनेर लोकमा प्रसिद्ध छ । आदिकवि वाल्मीकिद्वारा संस्कृत भाषामा लेखिएको पद्यमय यो ग्रन्थ पुण्यात्मा मुमुक्षु जनको लागि परमोपयोगी भएकोले भारतका विभिन्न भाषामा यसका अनुवाद र भावार्थ प्रशस्त लेखिएका छन् ।

अहिले भन्दा अन्दाजी १५० वर्ष पहिले भारतका पटियालानरेश श्री साहवसिंह वीरेशका दुईजना विधवा बहिनीले योग्य पण्डितबाट योगवासिष्ठ श्रवण गर्ने इच्छा गरेका थिए । त्यसताका रामप्रसादजी महाराज (निरञ्जनी बाबा) नामले प्रख्यात एक साधु योगवासिष्ठको महान् व्याख्याताको रूपमा परिचित थिए । उनलाई दरबारमा झिकाएर भगिनीद्वयलाई योगवासिष्ठ सुनाउन राजाले प्रस्ताव राखे । साधुबाट प्रस्ताव स्वीकृत भयो । बाबाबाट योगवासिष्ठको प्रवचन शुरु भयो । बीचमा पर्दा राखेर पर्दा बाहिर दुईजना तडिल्लिपि लेखक नियुक्त गरिएका थिए । उनले पण्डितजीको मुखबाट निक्लेका वचनलाई अक्षरशः लेख्तै गए । कथासमाप्ति अनन्तर पञ्जावी मिश्रित हिन्दी भाषामा एक ग्रन्थ पनि तयार भयो । यो ग्रन्थ सारै उपयोगी भएकोले त्यसबेला हातले लेखेर मानिसहरूले पढ्ने गरेका थिए । पछि विक्रमसंवत् १९२२ मार्गमा सर्वप्रथम यो ग्रन्थ बम्बईमा छापिएर प्रकाशमा आयो ।

निरञ्जनी बाबा जीवन्मुक्त ज्ञानी हुनुहुन्थ्यो । उहाँको मुखारविन्दबाट निःसृत योगवासिष्ठ महारामायणको व्याख्यानात्मक यो हिन्दी योगवासिष्ठ पढ्न योग्य छ भनी अद्वैत संस्था, नेपालका संस्थापक ब्रह्मज्ञानी श्री गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूले योगवासिष्ठको उपदेशको समयमा सिफारिश गर्नु भएको थियो । श्री गुरुदेव शाङ्कर वेदान्त दर्शनका प्रकाण्ड विद्वान् हुनुको साथै योगवासिष्ठका असाधारण ज्ञाता तथा प्रवक्ता हुनुहुन्थ्यो । उहाँबाट लेखिएका शाङ्कर वेदान्त र

योगवासिष्ठमा आधारित अनुभवपूर्ण उच्चकोटिका- सयौं ग्रन्थ अहिले अद्वैत संस्थामा उपलभ्य छन् । यस लेखकले पनि उहाँबाट करीब १५ वर्ष जति योगवासिष्ठ र शाङ्कर वेदान्त सम्बन्धी ग्रन्थ पढ्ने र श्रवण गर्ने सौभाग्य प्राप्त गरेको थियो, उहाँका मार्मिक प्रवचनबाट लेखिएका ग्रन्थ र पत्र पत्रिका पनि सयौं संख्यामा विद्यमान छन् । श्री गुरुदेवका उपदेशामृत पान गरेर कृतकृत्य हुन पाएको छु । मेरो अनुभवं यस्तो छ कि प्रारव्धवश शरीरबाट बाह्य चेष्टा भए तापनि आफ्नो वास्तव परमानन्द ब्रह्मस्वरूपमा विराजमान हुन कुनै बाधा छैन । सारा गतिविधि र सारा चेष्टा मनका वृत्तिरूप हुन् र आफू तिनलाई जानेर बस्ने तिनको साक्षी भएकोले तिनीहरू सित आफूको संस्पर्श छैन । त्यसैले सर्वदा ब्रह्मस्वरूपमा नै विराजमान भएर रहन पाएको छु, किनकि साक्षी र ब्रह्म महाकाश र घटाकाश झैं एउटै वस्तु हो । वास्तवमा ब्रह्मदेखि भिन्न जगत्को सत्ता छैन । सम्पूर्ण जगत् ब्रह्मस्वरूप आफूमा कल्पित हो । कल्पित वस्तु अधिष्ठानरूप नै हुन्छ । त्यसो हुनाले ब्रह्मदेखि भिन्न केही पनि छैन । म, तिमी सबै ब्रह्मरूप हो । जगत् आनन्दमय कोशको साक्षी सौषुप्त आनन्दमय आफूबाट उत्पन्न भएर सुषुप्तिमा आफूमा नै लय भइरहेको छ । त्यसकारण आफूदेखि भिन्न केही छैन ।

एकदिन निरञ्जनी बाबाको हिन्दी योगवासिष्ठ पढ्दा पढ्दै यस्तो विचारको उदय भयो कि यो हिन्दी योगवासिष्ठलाई संक्षिप्त रूपमा राष्ट्रभाषा नेपालीमा अनुवाद गरेर प्रकाशित गरिदिन पाए पुण्यात्मा जिज्ञासु दाजु भाइ र दिदी बहिनीहरूको लागि राष्ट्र भाषामा नै योगवासिष्ठको सिद्धान्त अवगत गर्ने सुअवसर प्राप्त हुने थियो र ब्रह्म विचार सुगम हुने थियो । यस्तो विचारको उद्वेलनको फलस्वरूप केही संक्षिप्त गरेर लेख्न तत्पर भएँ । बिहान सबेरै एक घण्टाजति लेख्तै जाँदा चार वर्षमा ईश्वरको अनुग्रहले यो ग्रन्थ तयार भयो । यो ग्रन्थ कतै भावानुवाद र कतै छायानुवादको रूपमा सम्पन्न हुन गएको छ । कथांशलाई संक्षिप्त गरेतापनि उपदेशपरक मार्मिक अंशलाई प्राय: नछोडीकन अनुवाद गरिएको छ । पढ्दा यथासंभव मौलिक रूपको नै भान हुने गरी सरल, सरस तथा प्रवाहशील भाषामा लेखिएको छ । नेपाली वाङ्मयमा एक आध्यात्मिक ग्रन्थ थपिन गएकोमा सज्जनहरूबाट सहर्ष समर्थन प्राप्त हुने नै छ । यो ग्रन्थ विद्वत्ता प्रदर्शनको लागि लेखिएको होइन । तुलसीदासले "स्वान्त: सुखाय" भने झैं ज्ञानाभ्यास बढाउन लेखिएको हो । कतै त्रुटि भएमा क्षमाप्रार्थी छु र विद्वान्हरूबाट समुचित सुझाब प्राप्त हुने आशा राख्तछु ।

यस पवित्रतम ग्रन्थको प्रकाशनका लागि जो जो उदारमना पुण्यात्माहरूले आर्थिक सहयोग गरेर पुण्यार्जन गर्नु भएको छ उहाँहरूको ज्ञानवृद्धिको साथै सुख समृद्धिको लागि आत्मादेखि अभिन्न भगवान् पशुपतिनाथसित विनम्र प्रार्थना गर्दछु, साथै यस्ता पुनीत कार्यमा पुन: पुन: योगदान गर्ने सत्प्रेरणा उहाँहरूमा मिलिरहोस् भनी सधन्यवाद शुभ कामना व्यक्त गर्दछु ।

अनुवादक

वि.सं. २०५६।१।२३

ल.पु. कोपुण्डोल

पं. विष्णुप्रसाद न्यौपाने

साहित्याचार्य, वेदान्ताचार्य

संक्षिप्त योगवासिष्ठ

विषयानुक्रमणिका

पृष्ठ

वैराग्यप्रकरण

१. मंगलाचरण १
२. कथारम्भ २
३. अनुबन्धचतुष्टय ४
४. ग्रन्थारम्भ ४
५. भरद्वाजलाई वाल्मीकिको उपदेश - जगतको असत्यता ५
६. रामको तीर्थयात्रा र वैराग्य ७
७. रामको वैराग्य ७
८. विश्वामित्रको आगमन र रामलाई लिएर जानको लागि प्रार्थना ८
९. रामद्वारा विविधरूपमा वैराग्यको अभिव्यक्ति, भोगबाट वैराग्य ११
१०. धनबाट वैराग्य १२
११. धनको क्षणभङ्गुरता १३
१२. संसारमा सुख छैन १४
१३. अहंकारको दुराशा १५
१४. चित्तको दुष्टता १५
१५. तृष्णाको निन्दा १७
१६. स्थूल शरीरको निन्दा १७
१७. अवस्थाहरूको निन्दा, वाल्यावस्थाको निन्दा १८
१८. युवावस्थाको निन्दा १९
१९. स्त्रीनिन्दा १९
२०. जरावस्था २०
२१. कालनिन्दा, कालविलास तथा सर्वपदार्थभाववर्णन २१
२२. जगद्-विपर्यय २२
२३. भोगबाट विरति २३
२४. वैराग्यको प्रयोजन २४
२५. अनन्यत्याग २४
२६. सिद्ध तथा मुनिसमाज २५

मुमुक्षुव्यवहारप्रकरण

१. शुकदेवको निर्वाण प्राप्ति २७
२. विश्वामित्रोपदेश २८
३. असंख्य सृष्टिप्रतिपादन ३०

पृष्ठ
४. पुरुषार्थको उपक्रम ३१
५. पुरुषार्थ ३२
६. ब्रह्माजीबाट वसिष्ठलाई ज्ञानोपदेश ३६
७. ब्रह्माजीबाट उपदेश ३७
८. ब्रह्मविद्याको परम्परा एवं बुद्धिको शुद्धता ३८
९. तत्त्वमाहात्म्य ४०
१०. मोक्षका चार द्वारपाल ४२
११. शम ४२
१२. विचार ४३
१३. सन्तोष ४५
१४. साधुसंग (सत्सङ्ग) ४५
१५. ग्रन्थको महिमा तथा षट्प्रकरण-निरूपण ४६
१६. दृष्टान्तद्वारा ज्ञानवान्को र ग्रन्थको महिमा ४९
१७. आत्मप्राप्ति ५२

उत्पत्तिप्रकरण

१. बोधहेतु ५३
२. आकाशज ब्राह्मणको कथा ५६
३. बोध हेतु कथन ५७
४. बोधहेतु निरूपण (जगत्को मनोरूपतावर्णन) ५९
५. आफनै प्रयत्नबाट आत्मज्ञान ६१
६. परमात्मा सत्य हो र दृश्य असत्य हो ६२
७. सत्शास्त्र-निर्णय ६४
८. परम कारण, जीवन्मुक्त र विदेहमुक्तको लक्षण ६५
९. परमात्मस्वरूप ६७
१०. जगत् छैन, केवल परमार्थसत्ता विद्यमान छ ६९
११. जगत्को उत्पत्ति ७०
१२. स्वयंभू-उत्पत्ति ७१
१३. सर्वब्रह्म प्रतिपादन ७२
१४. मण्डपाख्यान, परमार्थ प्रतिपादन ७४
लीलाको कथा ७४
१५. आत्मविश्रान्ति ७९
१६. विज्ञानाभ्यास ८१
१७. लीलाको विज्ञान तथा देहाकाशगमन ८३

पुष्ठ

१८. आकाशगमन ८३
१९. भूलोकगमन ८३
२०. सिद्धदर्शनहेतु ८४
२१. जन्मान्तर वर्णन ८४
२२. लीलोपाख्यानमा गिरिग्राम वर्णन ८६
२३. पुनराकाशवर्णन ८६
२४. ब्रह्माण्ड वर्णन ८७
२५. युद्धवर्णन ८८
२६. रणभूमिवर्णन ८८
२७. द्वन्द्वयुद्धवर्णन ८८
२८. स्मृत्यनुभव वर्णन ८८
२९. भ्रान्ति विचार ८९
३०. स्वप्नपुरुष सत्यतावर्णन ९२
३१. अग्निदाहवर्णन ९२
३२. जगत् हो ब्रह्मस्वरूप ९३
३३. सत्य काम-संकल्प वर्णन ९४
३४. विदूरथको मरण ९४
३५. लीलाको पद्मराजाको मण्डपमा प्रवेश ९५
३६. लीलाको मण्डपाकाशगमन ९७
३७. मृत्युविचार र वासनात्याग ९८
३८. संसार भ्रमवर्णन ९९
३९. विदूरथको पूर्वशरीरमा गमन १०१
४०. स्वप्ननिरूपण १०२
४१. पद्मराजा जीवित हुनु १०२
४२. दुईरानीसहित पद्म राजाको निर्वाण १०४
४३. कथाप्रयोजन १०४
४४. जगत्को किञ्चनता १०५
४५. दैवशव्दार्थ विचार १०६
४६. बीजावतार १०७
४७. बीजाङ्कुर- वर्णन १०७
४८. सब ब्रह्मरूप हो, द्वैत केही पनि छैन १०९
४९. आत्मपदमा स्थित हुने उपाय १०९
५०. सत्योपदेश १०९
५१. कर्कटी राक्षसीको कथा विषूचिका व्यवहार ११०
५२. कर्कटीको पूर्वशरीरलाभ १११
५३. राक्षसीको विचार ११२
५४. राक्षसीको विचार ११३

पुष्ठ

५५. राक्षसीका प्रश्न ११४
५६. राक्षसी-प्रश्न भेदन ११५
५७. परमार्थ निरूपण ११७
५८. राजा र राक्षसीमा मित्रता ११८
५९. कर्कटी-आख्यान समाप्ति १२०
६०. मन अंकुरोत्पत्तिकथन १२०
६१. आदित्यसमागम १२१
६२. ऐन्दव-समाधिवर्णन १२२
६३. जगद्‌रचनानिर्वाण १२३
६४. ऐन्दव निश्चय १२३
६५. इन्द्रब्राह्मणको वचन १२४
६६. अहल्यानुरागसमाप्ति १२५
६७. जीवक्रमोपदेश १२५
६८. मनोमाहात्म्य १२६
६९. वासनात्याग १२७
७०. सर्वब्रह्मप्रतिपादन १२८
७१. कर्म र मनको एकता १२८
७२. मन:संज्ञाविचार १२९
७३. चिदाकाशमाहात्म्य १३१
७४. चित्तोपाख्यान १३१
७५. चित्तोपाख्यानसमाप्ति १३२
७६. चित्तचिकित्सा १३३
७७. बालकाख्यायिका १३४
७८. मनोनिर्वाण १३५
७९. चित्तमाहात्म्य १३६
८०. इन्द्रजालोपाख्यान १३७
८१. राजप्रबोध १३७
८२. चाण्डालीविवाह १३७
८३. अनिकालको सामना १३८
८४. शाम्बरोपाख्यानसमाप्ति १३८
८५. चित्तवर्णन १३९
८६. मनलाई जितने उपाय १४०
८७. सुखप्राप्तिको उपदेश १४०
८८. अविद्याको वर्णन १४१
८९. यथाकथित दोषपरिहारोपदेश १४२
९०. सुख दु:ख भोक्तव्योपदेश १४३
९१. सात्त्विकजन्मावतार १४४

पुष्ठ

९२. अज्ञानका सात भूमिका १४५
९३. ज्ञानका सात भूमिका १४६
९४. भूमिकामा स्थित हुनको लागि युक्ति १४८
९५. चाण्डाली शोकवर्णन १४८
९६. चित्ताभाव-प्रतिपादन १४९
९७. सम्यक्-ज्ञानोपदेश १५०

स्थितिप्रकरण

१. जगद्भ्रम-निवृत्ति १५२
२. स्थितिबीजोपन्यास १५३
३. जगदानन्त्यवर्णन १५३
४. मन नै हो जगत्को अंकुर १५४
५. भार्गवसंविद्गमन १५५
६. भार्गवमनोराज्य १५५
७. भार्गव-अप्सरा-संगम १५५
८. शुक्रको विविध जन्म १५६
९. भार्गव शरीरको दशा १५७
१०. कालको कथन १५७
११. संसारावर्तवर्णन १५८
१२. उत्पत्ति-विस्तारवर्णन १६०
१३. भृगु आश्वासन १६०
१४. शुक्रको पूर्वशरीर गमनेच्छा १६१
१५. शुक्रको दृष्टान्तबाट उपदेश १६१
१६. भार्गव जन्मान्तरवर्णन १६२
१७. मनोराज्य-संमिलन १६३
१८. यथार्थ विवेकविचार १६४
१९. जाग्रत्, स्वप्न, सुषुप्ति र तुरीयावस्था १६४
२०. भार्गवोपाख्यान समाप्ति १६५
२१. शुद्ध भावना १६६
२२. बोधस्वरूपमा विश्राम १६७
२३. ज्ञानीको शरीरनगरवर्णन १६८
२४. विवेकद्वारा मनको वशीकरण १६९
२५. दाम, व्याल र कटको उत्पत्ति १७०
२६. देवासुरसंग्राम १७०
२७. ब्रह्माजीको वचन १७१
२८. पुनः देवासुरयुद्ध १७

पृष्ठ

५५. राक्षसीका प्रश्न ११४
५६. राक्षसी-प्रश्न भेदन ११५
५७. परमार्थ निरूपण ११७
५८. राजा र राक्षसीमा मित्रता ११८
५९. कर्कटी-आख्यान समाप्ति १२०
६०. मन अंकुरोत्पत्तिकथन १२०
६१. आदित्यसमागम १२१
६२. ऐन्दव-समाधिवर्णन १२२
६३. जगद्रचनानिर्वाण १२३
६४. ऐन्दव निश्चय १२३
६५. इन्द्रब्राह्मणको वचन १२४
६६. अहल्यानुरागसमाप्ति १२५
६७. जीवक्रमोपदेश १२५
६८. मनोमाहात्म्य १२६
६९. वासनात्याग १२७
७०. सर्वब्रह्मप्रतिपादन १२८
७१. कर्म र मनको एकता १२८
७२. मन:संज्ञाविचार १२९
७३. चिदाकाशमाहात्म्य १३१
७४. चित्तोपाख्यान १३१
७५. चित्तोपाख्यानसमाप्ति १३२
७६. चित्तचिकित्सा १३३
७७. बालकाख्यायिका १३४
७८. मनोनिर्वाण १३५
७९. चित्तमाहात्म्य १३६
८०. इन्द्रजालोपाख्यान १३७
८१. राजप्रबोध १३७
८२. चाण्डालीविवाह १३७
८३. अनिकालको सामना १३८
८४. शाम्बरोपाख्यानसमाप्ति १३८
८५. चित्तवर्णन १३९
८६. मनलाई जितने उपाय १४०
८७. सुखप्राप्तिको उपदेश १४०
८८. अविद्याको वर्णन १४१
८९. यथाकथित दोषपरिहारोपदेश १४२
९०. सुख दु:ख भोक्तव्योपदेश १४३
९१. सात्त्विकजन्मावतार १४४

पृष्ठ
९२. अज्ञानका सात भूमिका १४५
९३. ज्ञानका सात भूमिका १४६
९४. भूमिकामा स्थित हुनको लागि युक्ति १४८
९५. चाण्डाली शोकवर्णन १४८
९६. चित्ताभाव-प्रतिपादन १४९
९७. सम्यक्-ज्ञानोपदेश १५०

स्थितिप्रकरण

१. जगद्भ्रम-निवृत्ति १५२
२. स्थितिबीजोपन्यास १५३
३. जगदानन्त्यवर्णन १५३
४. मन नै हो जगत्को अंकुर १५४
५. भार्गवसंविद्गमन १५५
६. भार्गवमनोराज्य १५५
७. भार्गव-अप्सरा-संगम १५५
८. शुक्रको विविध जन्म १५६
९. भार्गव शरीरको दशा १५७
१०. कालको कथन १५७
११. संसारावर्तवर्णन १५८
१२. उत्पत्ति-विस्तारवर्णन १६०
१३. भृगु आश्वासन १६०
१४. शुक्रको पूर्वशरीर गमनेच्छा १६१
१५. शुक्रको दृष्टान्तबाट उपदेश १६१
१६. भार्गव जन्मान्तरवर्णन १६२
१७. मनोराज्य-संमिलन १६३
१८. यथार्थ विवेकविचार १६४
१९. जाग्रत्, स्वप्न, सुषुप्ति र तुरीयावस्था १६४
२०. भार्गवोपाख्यान समाप्ति १६५
२१. शुद्ध भावना १६६
२२. बोधस्वरूपमा विश्राम १६७
२३. ज्ञानीको शरीरनगरवर्णन १६८
२४. विवेकद्वारा मनको वशीकरण १६९
२५. दाम, व्याल र कटको उत्पत्ति १७०
२६. देवासुरसंग्राम १७०
२७. ब्रह्माजीको वचन १७१
२८. पुनः देवासुरयुद्ध १७२

पुष्ठ

२९. असुरपक्षको पराजय १७२
३०. दाम, व्याल र कटको जन्मान्तरवर्णन १७२
३१. निर्वाणोपदेश १७३
३२. दाम, व्याल, कट्को मुक्तिको कथा र सदुपदेश १७४
३३. पुरुषार्थ र सत्संगको आवश्यकता १७५
३४. दाम, व्याल, कटोपाख्यान समाप्ति (भीम, भास र दृढको उत्पत्ति, शम्बरासुरको विष्णुलोकप्राप्ति र भीमादिको निर्वाण) १७७
३५. उपशमोपदेश १७८
३६. चिदादित्यस्वरूपवर्णन १७८
३७. शान्त्युपदेश १७९
३८. मोक्षोपदेश १७९
३९. सर्वैकताप्रतिपादन १८०
४०. ब्रह्मप्रतिपादन १८२
४१. अविद्याकथन १८३
४२. जीवतत्त्ववर्णन १८४
४३. अनेक जीवदशाको वर्णन १८५
४४. संसारप्रतिपादन १८५
४५. यथार्थोपदेशयोग १८६
४६. बोधोपदेश १८७
४७. जगत्-सत्यासत्यनिर्णय १८८
४८. दाशूरोपाख्यान, दाशूर-वरप्राप्ति १८८
४९. कदम्बवृक्षवर्णन १८९
५०. दाशूर-सुतबोधन १९०
५१. खोत्थ वैभववर्णन १९१
५२. संसार-विचार १९१
५३. जगत्-चिकित्सावर्णन १९३
५४. दाशूरोपाख्यानसमाप्ति १९४
५५. कर्तव्यविचार १९५
५६. पूर्णस्वरूपवर्णन १९६
५७. कचगाथावर्णन १९८
५८. कमलज-व्यवहार १९८
५९. विचारपुरुषनिर्णय १९९
६०. मोक्षविचार २००
६१. मोक्षोपायवर्णन २००

पृष्ठ

उपशम-प्रकरण

१. आन्हिक कृत्य २०२
२. उपदेशानुसरण २०२
३. सभास्थानवर्णन २०३
४. राघववचन २०३
५. प्रथम उपदेश २०४
६. क्रमोपदेश २०५
७. क्रमसूचना २०५
८. सिद्धगीता २०६
९. जनकको विचार २०८
१०. जनकको निश्चय २१०
११. चित्तानुशासन २११
१२. प्रज्ञामहिमा-वर्णन २११
१३. मनोनिर्वाण-वर्णन २१२
१४. स्वचित्तनिरूपण २१४
१५. तृष्णावर्णन २१५
१६. तृष्णाचिकित्सा २१५
१७. तृष्णा-उपदेश २१६
१८. जीवन्मुक्तवर्णन २१७
१९. पावन-बोध-वर्णन २१८
२०. पावन-बोध २१९
२१. तृष्णाचिकित्सोपदेश २२०
२२. बलि-उपाख्यान-आरम्भ विरोचनको स्मरण २२१
२३. विरोचन-वचन २२२
२४. चित्तचिकित्सायोग २२२
२५. बलिको चिन्तन २२३
२६. शुक्राचार्यबाट बलिलाई उपदेश २२४
२७. बलि-विश्रान्ति २२४
२८. बलि-विज्ञानप्राप्ति २२५
२९. बलि-उपाख्यान-समाप्ति २२६
३०. हिरण्य कशिपु-वध २२७
३१. प्रल्हाद-विज्ञान २२८
३२. दैत्यकृत विष्णुपूजाबाट देवताहरूमा आश्चर्य २२९
३३. प्रल्हादबाट विष्णुको स्तुति (प्रल्हादाष्टक) २२९
३४. प्रह्लादकृत आत्मोपदेश २३१
३५. आत्मलाभ-विचिन्तन २३२

पृष्ठ

३६. प्रह्लादकृत आत्मस्तवन २३३
३७. दैत्यपुरीको दुर्दशा २३४
३८. भगवान् विष्णुको चिन्ता २३४
३९. नारायण वचनोपन्यास २३५
४०. प्रह्लाद-बोधन २३५
४१. प्रह्लादाभिषेक २३६
४२. प्रह्लाद-व्यवस्था २३७
४३. प्रह्लाद-विश्रान्ति २३८
४४. गाधि-वृत्तान्त (गाधि चाण्डाल भएर राजा हुनु) २३९
४५. राज-प्रध्वंसवर्णन २४०
४६. गाधि-बोधप्राप्ति २४०
४७. चित्तजयको उपाय र ज्ञानमाहात्म्य २४३
४८. उद्दालक-विचार २४४
४९. उद्दालक-विश्रान्तिवर्णन २४५
५०. उद्दांलक-निर्वाणवर्णन २४७
५१. ध्यानविचार २४७
५२. भेदनिरास २४८
५३. सुरघुवृत्तान्त माण्डव्योपदेश २४९
५४. सुरघुको विचार २५०
५५. सुरघु-वृत्तान्त समाप्ति २५०
५६. सुरघु-परिघ-संवाद २५१
५७. समाधि-निश्चय २५२
५८. सुरघु-परिधनिश्चय २५३
५९. कारणोपदेश २५४
६०. भास-विलास वृत्तान्त २५५
६१. भास-विलाससंवाद २५६
६२. अन्तरासङ्गविचार २५६
६३. संसक्त-असंसक्तविचार २५७
६४. शान्तसमाचारयोगोपदेश २५८
६५. संसक्त-चिकित्सा २५९
६६. संसारयोगोपदेश २५९
६७. मोक्षस्वरूपोपदेश २६१
६८. आत्मविचार २६२
६९. निरास्पद मौनविचार २६४
७०. मुक्तामुक्त-विचार २६५
७१. संसार-सागर-योगोपदेश २६६
७२. जीवन्मुक्त वर्णन २६७

पुष्ठ
७३. योगवर्णन २६८
७४. सम्यक् ज्ञानवर्णन २७०
७५. चित्तोपशम २७०
७६. चित्तशान्ति-प्रतिपादन २७२
७७. वीतहव्योपाख्यान, चित्तानुशासन २७२
७८. वीतहव्योपाख्यान, अनुशासनयोगोपदेश २७४
७९. चित्तोपदेश २७५
८०. वीतहव्य-मनोजगद्वर्णन २७६
८१. वीतहव्य-समाधियोगोपदेश २७७
८२. पुन: समाधिप्राप्तिको लागि वीतहव्यको विचार २७७
८३. वीतहव्य-निर्वाणयोगोपदेश २७८
८४. वीतहव्य-विश्रान्ति २७८
८५. सिद्धिलाभ-विचार २७९
८६. ज्ञानविचार २८०
८७. स्मृतिबीजविचार २८१
८८. ब्रह्मस्वरूपमा स्थित हुने उपाय २८३
८९. मोक्षोपाय २८४

निर्वाणप्रकरण पूर्वार्ध

१. दिवसरात्रि-व्यापारवर्णन २८७
२. विश्रामदृढीकरण २८७
३. ब्रह्मैक्यप्रतिपादन २८८
४. चित्तभावाभाववर्णन २८९
५. राघवविश्रान्तिवर्णन २९०
६. अज्ञान-माहात्म्यवर्णन २९०
७. अविद्यालतावर्णन २९१
८. अविद्या-निराकरण २९२
९. अविद्या-चिकित्सा २९३
१०. जीवन्मुक्त-निश्चयोपदेश २९४
११. जीवन्मुक्त-निश्चयवर्णन २९६
१२. योग र ज्ञान २९६
१३. भुशुण्डोपाख्यान-आरम्भ, सुमेरुशिखर-लीला वर्णन २९७
१४. भुशुण्डदर्शन २९७
१५. भुशुण्ड-समागम २९८
१६. भुशुण्डद्वारा स्ववृत्तान्तवर्णन २९८
१७. सन्तमाहात्म्यवर्णन ३००

पुष्ठ
१८. भुशुण्ड जीवित रहनुको वृत्तान्त ३०१
१९. चिरातीतवर्णन ३०२
२०. संकल्पनिराकरण ३०३
२१. समाधिवर्णन ३०४
२२. चिरजीवनको हेतु ३०५
२३. भुशुण्डोपाख्यान-समाप्ति ३०६
२४. परमार्थयोगोपदेश ३०७
२५. देहसत्ता-विचार ३०९
२६. वसिष्ठाश्रमवर्णन ३१०
२७. रुद्रवसिष्ठसमागम ३११
२८. ईश्वरोपाख्यान, देवपूजा र जगत्को परमात्मरूपतावर्णन ३१२
२९. वसिष्ठ-ईश्वरसंवाद : चैतन्योन्मुखत्वविचार ३१३
३०. मनः प्राणैक्य-प्रतिपादन ३१४
३१. ईश्वरोपाख्यान : देहपातविचार ३१६
३२. द्वैतैक्यप्रतिपादन ३१६
३३. इश्वरोपाख्यान : परमेश्वरोपदेश ३१७
३४. ईश्वरोपाख्यान : देवनिर्णय ३१८
३५. महेश्वरवर्णन ३१९
३६. ईश्वरोपाख्यान : नीतिनृत्यवर्णन ३१९
३७. ईश्वरोपाख्यानमा अन्तर्बाह्यपूजावर्णन ३२०
३८. देवार्चनविधान ३२१
३९. देवपूजाविचार ३२२
४०. जगन्मिथ्यात्वप्रतिपादन ३२३
४१. परमार्थविचार .... ,,
ईश्वरोपाख्यान-समाप्ति ३२४
४२. विश्रान्ति-आगमन ३२५
४३. चित्तसत्तासूचन ३२६
४४. विल्वोपाख्यान ३२६
४५. शिलाकोशोपदेश ३२७
४६. ब्रह्मसत्ता-उपदेश ३२८
४७. ब्रह्मैक्यप्रतिपादन ३२८
४८. अविद्याको अविद्यमानता ३२९
४९. संवेदनविचार (पुर्यष्टक-उत्पत्ति) ३३०
५०. यथार्थोपदेश ३३१
५१. नारायणावतार ३३२
५२. हरिवाट अर्जुनलाई उपदेश भविष्यद्गीता ३३३
५३. अर्जुनोपदेशे सर्वब्रह्मप्रतिपादन ३३५

पुष्ठ

५४. अर्जुनोपदेश-जीवनिर्णय ३३६
५५. अर्जुनविश्रान्तिवर्णन॰ ३३७
५६. भविष्यद्गीतोपाख्यान समाप्ति ३३८
५७. प्रत्यगात्मबोधवर्णन ३३९
५८. विभूतियोगोपदेश ३४०
५९. जाग्रत्स्वप्नविचार ३४१
६०. भिक्षुसंसारवर्णन र ब्रह्मैकताप्रतिपादन ३४१
६१. वेतालोपाख्यान, वेतालप्रश्न ३४६
६२. प्रश्नोत्तर, वेतालब्रह्मप्राप्ति ३४७
६३. भगीरथोपाख्यान, त्रितलबाट उपदेश ३४८
६४. निर्वाणवर्णन ३४९
६५. भगीरथोपाख्यान-समाप्ति ३५०
६६. शिखिध्वज-चूडालोपाख्यान ३५०
६७. चूडाला-प्रबोध ३५१
६८. अग्नि-सोमविचारयोग ३५२
    - प्राणायाम र योगसिद्धि ३५३
    - चारप्रकार वासना ३५४
    - योगीश्वरको क्रम ३५५
    - अग्नीषोमविचार ३५५
६९. शिखिध्वजको वनगमन, कुम्भज-शिखिध्वज-संवाद तथा चिन्तामणिवृत्तान्त ३५७
७०. हस्ति-आख्यानवर्णन ३६२
७१. हस्ति-वृत्तान्तवर्णन ३६२
७२. शिखिध्वज-सर्वत्यागवर्णन ३६४
७३. चित्तत्यागवर्णन ३६५
७४. राजविश्रान्तिवर्णन ३६७
७५. शिखिध्वज-स्वरूपस्थिति ३६९
७६. कुम्भजमुनिकृत आत्मोपदेश ३७०
७७. आत्मस्वरूपवर्णन ३७१
७८. शिखिध्वज-बोधनम् ३७२
७९. शिखिध्वज-बोधवर्णन ३७३
८०. परमार्थोपदेश ३७४
८१. पुन: शिखिध्वज-बोधवर्णन ३७४
८२. शिखिध्वज-स्त्रीप्राप्ति ३७६
८३. विवाहलीला-वर्णन ३७९
८४. मायाशक्रागमनवर्णन ३८०
८५. मायापिञ्जर-वर्णन ३८१
८६. शिखिध्वज-चूडाला-समागम र परस्पर वार्ता ३८२

पृष्ठ

८७. शिखिध्वज-चूडालाख्यानसमाप्ति ३८४
८८. कचोपाख्यान ३८५
वृहस्पतिको उपदेशबाट कचको सर्वत्याग
८९. मिथ्यापुरुषबाट आकाशको रक्षा ३८६
९०. मिथ्यापुरुषोपाख्यान समाप्ति ३८७
९१. परमार्थयोगोपदेश ३८८
९२. महाकर्ता, महाभोक्ता आदि उपदेश ३८९
९३. कलना निषेध ३९०
९४. कलनारहित ज्ञानीको माहात्म्य ३९२
९५. मनुबाट इक्ष्वाकुलाई उपदेश ३९३
९६. मनुबाट इक्ष्वाकुलाई परमार्थोपदेश ३९४
९७. मनु-इक्ष्वाकुआख्यानमा सर्वब्रह्मप्रतिपादन ३९५
९८. मनु-इक्ष्वाकुसंवादे सप्त भूमिका तथा परमनिर्वाणवर्णन ३९६
९९. मनु-इक्ष्वाकुसंवादे मोक्षरूपवर्णन ३९७
१००. परमार्थोपदेश ३९८
१०१. स्वरूपस्थितिवर्णन ४००
१०२. मनु-इक्ष्वाकुसंवाद-समाप्ति ज्ञानवान्को महिमा ४००
१०३. ज्ञानिलक्षण विचार ४०१
१०४. कर्माकर्मविचार ४०२
- बन्ध र मोक्षको लक्षण ४०४
१०५. तुरीयपदविचार ४०४
१०६ काष्ठमौनवृत्तांन्त ४०५
१०७. अविद्यानाशरूपवर्णन ४०६
१०८. जीवत्वाभावप्रतिपादन ४०७
१०९. सारप्रबोधन ४०७
११०. ब्रह्मैकत्व- प्रतिपादन ४०८
१११. निर्वाणवर्णन ४०९
११२. प्रथम-द्वितीय-तृतीय भूमिका - लक्षणविचार ४११
- सप्तज्ञान भूमिकावर्णन ४११
११३. तृतीय भूमिका-विचार ४१२
११४. विश्ववासनारूपवर्णन ४१३
११५. सृष्टिनिर्वाणैकता-प्रतिपादन ४१५
११६. विश्वाकाशैकता-प्रतिपादन ४१५
११७. विश्वविजय ४१६
११८. विश्वप्रमाणवर्णन ४१७
११९. ज्ञान भूमिका वर्णन जगत्को अभावप्रतिपादन ४१८
१२०. पिण्डनिर्णय ४२०

पृष्ठ

१२१. वृहस्पति-बलिसंवाद ४२०
१२२. वृहस्पति-बलिसंवाद-समाप्ति ४२१
१२३. चित्ताभावप्रतिपादन ४२२
१२४. चतुर्थ-पञ्चम भूमिकावर्णन ४२२
१२५. षष्ठ भूमिकोपदेश ४२३
१२६. सप्तम भूमिका लक्षण ४२४
१२७. संसरणभाव-प्रतिपादन ४२५
१२८. इच्छा-चिकित्सोपदेश ४२६
१२९. कर्मबीजदाहोपदेश ४२७
१३०. अहंकार-नाशविचार ४२८
१३१. विद्याधरवैराग्यवर्णन ४२९
१३२. विद्याधरलाई भुशुण्डको उपदेश ४३०
१३३. संसाराडम्बरोत्पत्ति-कथन ४३०
१३४. चित्त-चमत्कार ४३०
१३५. आत्मा र जगत्को अभेद ४३१
१३६. सर्वब्रह्मोपदेश ४३२
१३७. इन्द्रोपाख्यान : त्रसरेणुजगत्-वर्णन ४३२
१३८ संकल्प र असंकल्पको एकताप्रतिपादन ४३३
१३९. भुशुण्डविद्याधरोपाख्यान समाप्ति ४३४
१४०. अहंकार - अस्तयोगोपदेश ४३५
१४१. विराडात्मवर्णन ४३५
१४२. ज्ञानबन्धुयोग ४३६
१४३. सुखेन योगोपदेश ४३८
१४४. मङ्कि-वसिष्ठसमागम ४३९
१४५. मङ्कि-वैराग्ययोग ४४०
१४६. मङ्किऋषिप्रबोध ४४१
१४७. मङ्किऋषि-निर्वाणप्राप्ति ४४२
१४८. सहजयोगोपदेश ४४३
१४९. एषणात्यागोपदेश ४४४
१५०. भावनाप्रतिपादनोपदेश ४४५
१५१. अहंकार-संन्यासयोगोपदेश ४४७
१५२. निर्वाणयुक्ति-उपदेश ४४७
१५३. शान्तिस्थितियोगोपदेश ४४८
१५४. परमार्थयोगोपदेश ४४९
१५५. परमार्थयोगोपदेश ४५०
१५६. इच्छानिषेधयोगोपदेश ४५१
१५७. जगदुपदेश ४५२

पृष्ठ
१५८. परम निर्वाणयोगोपदेश ४५४
१५९. वसिष्ठगीतोपदेश ४५५
१६०. वसिष्ठगीता : सम्यग्ज्ञानोपदेश ४५६
१६१. जगत् हो आत्मस्वरूप नै ४५७
१६२. पुनर्निर्वाणोपदेश ४५७
१६३. ब्रह्मैकताप्रतिपादन ४५९
- तापनिवृत्तिको उपाय ४५९
१६४. समाधिवृक्षको वर्णन ४६०
१६५. मनोमृगोपाख्यानयोग ४६१

निर्वाणप्रकरण उत्तरार्ध

१६६. स्वभावसत्तायोगोपदेश ४६४
१६७. मोक्षोपदेश ४६४
१६८. विवेकदूतवर्णन.. ४६६
१६९. सर्वसत्तोपदेश ४६७
१७०. सप्तप्रकार जीवसृष्टिवर्णन ४६८
१७१. सर्वशान्त्युपदेश ४६९
१७२. ब्रह्मस्वरूपप्रतिपादनम् ४७१
१७३. अद्वैततत्त्वप्रतिपादन ४७२
१७४. द्वैतैकताप्रतिपादन ४७३
१७५. परमशान्ति (निर्वाण) वर्णन ४७३
१७६. आकाशकुटीमा वसिष्ठको समाधि ४७४
१७७. विदितवेद्य (ज्ञानवान्) को अहंकार ४७५
१७८. ब्रह्म र जगत्को एकता प्रतिपादन ४७६
१७९. जगज्जालसमूह-वर्णन ४७७
१८०. जगज्जाल-वर्णन ४७८
१८१. बोधरूपताका साथ जगत्को एकता प्रतिपादन ४७९
१८२. जगदेकताप्रतिपादन ४८०
१८३. विद्याधरी-विशोकवर्णन ४८२
१८४. विद्याधरीवेगवर्णन ४८४
१८५. शिलामा सृष्टिदर्शन र अभ्यासवर्णन ४८४
१८६. जगत् असत्य हो र आत्मा प्रत्यक्ष छ ४८५
१८७. शिलान्तरवसिष्ठ-ब्रह्मसंवाद ४८७
१८८. कल्पान्तवर्णन ४८९
१८९. परममौनोपदेश ४९१
१९०. विराट् हो अद्वैत आत्मसत्ता नै ४९२

पृष्ठ

१९१. विराट्-शरीर वर्णन ४९२
१९२. प्रलयवर्णन ४९२
१९३. ब्रह्मजलमयवर्णन ४९३
१९४. वासनाको अभाव हुनु नै महाप्रलय हो ४९३
१९५. महारुद्रको मुखमा जलको प्रवेश (जगन्मिथ्यात्व प्रतिपादन) ४९३
१९६. काली र रुद्रको उपाख्यान ४९४
१९७. अन्तरोपाख्यानवर्णन ४९५
१९८. प्रकृतिपुरुषविचार ४९६
१९९. अनन्त जगद्वर्णन ४९८
२००. अन्तरोपाख्याने पृथ्वीधातुवर्णन ४९९
२०१ अन्तरोपाख्याने जलरूपवर्णन ५००
२०२. अन्तरोपाख्याने तेजोरूप तथा चिद्रूपवर्णन ५०१
२०३. पवनको धारणा र जगत्‌को ब्रह्मरूपता प्रतिपादन ५०२
२०४. आकाशकुटी- सिद्ध - समाधियोगवर्णन ५०३
२०५. अन्तरोपाख्यानवर्णन ५०५
२०६. अन्तरोपाख्यान-समाप्ति ५०८
२०६. मुक्तसंज्ञावर्णन ५०९
२०८. जीवन्मुक्तको व्यवहार ५११
२०९. परमार्थरूपवर्णन ५११
२१० नास्तिकवादि-निराकरण ५१२
२११ परमोपदेशवर्णन ५१३
२१२ ज्ञानीको आचार, व्यवहार तथा लक्षण ५१४
२१३ सर्वपदार्थाभाववर्णन ५१७
२१४ जाग्रत्-स्वप्नैकताप्रतिपादन ५१९
२१५. जगन्निर्वाणवर्णन ५२१
२१६. कारणकार्याभाववर्णन ५२१
२१७. भावप्रतिपादन ५२२
२१८. विपश्चित्-कथारम्भः विपश्चित्-समुद्रप्राप्ति ५२३
२१९. जीवन्मुक्त - लक्षणवर्णन ५२४
२२० विपश्चिदुपाख्यानवर्णन ५२८
२२१. विपश्चित्-शरीरप्राप्ति ५२९
२२२. बटधानोपाख्यानवर्णन ५३२
२२३. विपश्चित्-कथावर्णन ५३३
२२४. महाशववृत्तान्त-वर्णन ५३३
२२५. शवमाहात्म्य-वृत्तान्त-वर्णन ५३४
२२६. मशक-व्याधवर्णन ५३५

पृष्ठ

२२७. हृदयान्तर-स्वप्न महाप्रलयवर्णन ५३६
२२८. हृदयान्तर-प्रलयाग्निक दाहवर्णन ५४०
२२९. कर्मनिर्णय ५४२
२३०. महाशवोपाख्यान्मा निर्णयोपदेश ५४३
२३१ कार्य, कारण र अकारणको निर्णय ५४५
२३२ जाग्रत्, स्वप्न र सुषुप्तिको विचार ५४६
२३३. अवस्थात्रयवर्णन ५४७
२३४. सुषुप्तिवर्णन ५४८
२३५ सर्वत्र ब्रह्मदर्शन (सुषुप्तिवर्णन) ५५०
२३६. स्वप्ननिर्णय ५५०
२३७. स्वप्नविचार-दीर्घतपा मुनिको उपदेश ५५१
२३८. रात्रिसंवाद ५५३
२३९. जगत्को स्वप्नरूपता ५५५
२४०. यथार्थोपदेश ५५६
२४१. भविष्यत्-कथावर्णन ५५७
२४२. सिन्धु-निर्वाणवर्णन ५५८
२४३. विपश्चिन्निर्वाणपदप्राप्ति ५६१
२४४. स्वर्ग-नरक-प्रारब्धवर्णन ५६३
२४५. निर्वाणोपदेश ५६५
२४६. इन्द्रियजयोपदेश ५६६
२४७. इन्द्रियजय तथा आत्मबोधोपदेश ५६७
२४८. ब्रह्मजगदेकताप्रतिपादन ५६९
२४९. जाग्रत्-स्वप्नप्रतिपादन ५६९
२५०. चैतन्यरूप महाशिलाको वर्णन ५७०
२५१. सदा सर्वत्र आत्मदृष्टि ५७१
२५२. शालभञ्जिकोपदेश ५७३
२५३. जीवन्मुक्तलक्षणवर्णन ५७४
२५४. जीवन्मुक्तको बाह्य लक्षण र व्यवहार ५७५
२५५. द्वैतैकता भाववर्णन ५७६
२५६. स्मृतिको आभासरूपतावर्णन ५७७
२५७. ब्रह्म र जगत्को एकतावर्णन ५७७
२५८. अथ ब्रह्मगीता प्रारम्भ परमनिर्वाणवर्णन ५७८
२५९. ब्रह्मगीताप्रसङ्गमा परमार्थवर्णन ५८०
२६०. ब्रह्माण्डोपाख्यान ५८२
२६१. ब्रह्मगीताप्रसङ्गमा सत्यवर्णन ५८३
२६२. ब्रह्मगीताप्रसङ्गमा पुनः ऐन्दवोपाख्यान ५८४

पृष्ठ

२६३. ब्रह्मगीता-सर्वब्रह्मप्रतिपादन ५८६
२६४. ब्रह्मगीता-गौरी-उद्यान आदि वर्णन ५८७
२६५. कदम्ब-ब्राह्मणकथा ५८९
२६६. ब्रह्मगीता-ब्राह्मण भविष्यवर्णन ५९०
२६७. ब्रह्मगीता - सर्वब्रह्मप्रतिपादन ५९३
२६८. ब्रह्मगीता-कुन्ददन्त विश्रामप्राप्ति ५९४
२६९. ब्रह्मगीतासमाप्ति, ब्रह्मप्रतिपादन ५९५
२७०. जीव-संसार वर्णन ५९८
२७१. सर्वब्रह्मरूपप्रतिपादन ६००
२७२. राम र वसिष्ठको प्रश्नोत्तररूपमा विद्यावाद-बोधोपदेश ६०१
२७३. (क) रामविश्रान्ति-वर्णन ६०८
२७४. (ख) रामविश्रान्ति-वर्णन ६०९
२७५. (ग) रामविश्रान्ति-वर्णन ६१०
२७६. (घ) रामविश्रान्ति-वर्णन ६११
२७७. चिन्तामणिप्राप्ति ६१२
२७८. गुरु-शास्त्रोपमा वर्णन ६१३
२७९. विश्रामप्रकटीकरण ६१४
२८०. निर्वाणवर्णन ६१७
२८१. चिदाकाश-जगदेकताप्रतिपादन ६१८
२८२. जगदभाववर्णन ६१८
२८३. राजा प्रज्ञप्तिका प्रश्नावलि ६१९
२८४. प्रश्नोत्तरवर्णन ६२०
२८५. प्रश्नोत्तर वर्णन ६२१
२८६. राजप्रश्नोत्तर वर्णन ६२२
२८७. परमार्थोपदेश ६२४
२८८. ससंमान वसिष्ठको पूजा र श्रोतृवर्गबाट हर्षोद्गार व्यक्त ६२६
२८९. उपसंहार ६२७

वैराग्य प्रकरण

(१) मंगलाचरण

मङ्गलमय शुण्डादण्डद्वारा अमृताभिषेक गरीकन भक्तजनका सम्पूर्ण विघ्नबाधा हरण गरिदिने, ऋद्धि र सिद्धिका पति, लक्ष्य र लाभका जनक, करुणावरुणालय, ब्रह्मस्वरूप भगवान् श्रीगणेशका मङ्गलालय पादयुगलमा शिरोनमनपूर्वक वन्दना गर्दछु ।

ब्रह्मस्वरूपिणी भगवती वाग्देवीको कृपा पाएर विश्वमा वाङ्मय ब्रह्मको प्रभा प्रकाशित भएको छ, हृदयमा साक्षिरूपले विराजमान भएकी भाषास्वरूपिणी चिन्मयी माता भगवती सरस्वती देवीका चरणयुगलमा सविनय प्रणामका कुसुमाञ्जलि अर्पण गर्छु ।

जसबाट यो जगत् उत्पन्न हुन्छ, जसमा स्थित छ र जसमा लीन हुन्छ त्यो सच्चिदानन्दस्वरूप आत्मालाई नमस्कार छ ।

जसबाट ज्ञाता, ज्ञान, ज्ञेय र द्रष्टा, दर्शन, दृश्य आदि त्रिपुटी प्रकाशित भएर सिद्ध हुन्छ, जुन आनन्द समुद्रको एक कण पाएर सारा जीव आनन्दित हुन्छन् र जुन आनन्दले सबै जीव बाँचेका छन् यस्ता ज्ञानस्वरूप आनन्दसागर परमात्मालाई म आफ्नै स्वरूप जानेर अनुभव गर्छु ।

योगवासिष्ठका उपदेष्टा अगस्त्य ऋषि, आचार्य अग्निवेश्य र ब्रह्मपुत्र गुरु वसिष्ठ ऋषिमा पनि प्रणतिपुष्पाञ्जलि चढाउँछु ।

योगवासिष्ठको मर्मस्पर्शी उपदेश दिएर मेरो हृदयको अज्ञान अन्धकारलाई हटाएर यथार्थ रूपमा ब्रह्मात्मबोध गराइदिनुहुने, योगवासिष्ठका असाधारण मर्मज्ञ, योगवासिष्ठ र शांकरवेदान्तसम्बन्धी अनेक ग्रन्थका प्रणेता, पूज्यपाद ब्रह्मलीन साक्षीस्वरूप गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूका चरणमा विनयपूर्वक शतशः प्रणामका पुष्पाञ्जलि अर्पण गर्दछु ।

भगवान् श्रीरामजी सम्पूर्ण सृष्टिका परमाराध्यदेव स्वयं सच्चिदानन्द ब्रह्म भईकन पनि पृथ्वीतलनिवासी योग्य भक्तजनमा मुक्तिको मार्ग प्रदर्शन गर्नको लागि विप्रशापवशात् अज्ञानीको बहाना गर्दै आफ्ना कुलगुरु वसिष्ठबाट नियमपूर्वक यही योगवासिष्ठ महारामायणको श्रवण गरेर ज्ञानोत्पत्तिद्वारा अज्ञानको आत्यन्तिक विनाश गरीकन जीवन्मुक्त पदमा प्राप्त हुनु भयो, यस्ता ती परमाराध्य दशरथनन्दन सीतापति भगवान् रामका ज्योतिर्मय चरणकमलमा शिरोनमनपूर्वक प्रणाम गर्दछु ।

केवल विचारद्वारा योग्य अधिकारीलाई ब्रह्मज्ञान प्राप्त गराएर कृतकृत्य तुल्याउन समर्थ गहन ज्ञानको भण्डार भएको योगवासिष्ठ महारामायणको रचना गरेर जसले पृथिवीतल निवासी सज्जनहरूको महान् उपकार गर्नुभयो यस्ता महान् ब्रह्मज्ञानी आदिकवि महर्षि वाल्मीकिका चरणकमलमा पनि विनीतभावले प्रणाम गर्दछु ।

(२) कथारम्भ

एकपटक अगस्ति ऋषिका शिष्य सुतीक्ष्णलाई कर्म र ज्ञानको विषयमा संशय उत्पन्न भयो र गुरुको समीपमा गएर उनले विनयपूर्वक बिन्ती गरे - हे गुरु ! मलाई यस्तो संशय भयो कि मोक्षको कारण कर्म हो कि ज्ञान हो ? अथवा दुवै हो ? हे गुरुवर ! कृपा गरेर मेरो यो संशयको निवारण गरिदिनुहोस् । यो सुनेर अगस्ति ऋषिले भन्नुभयो - हे सुतीक्ष्ण ! केवल कर्म मोक्षको कारण होइन र केवल ज्ञानबाट मात्र पनि मोक्ष प्राप्त हुँदैन । मोक्षको प्राप्ति त दुवैबाट हुन्छ । कर्मबाट अन्त: करण शुद्ध हुन्छ, मोक्ष प्राप्त हुँदैन र अन्त: करण शुद्ध भए विना केवल ज्ञानले पनि मुक्ति हुँदैन । यसकारण दुवैबाट मोक्षको सिद्धि हुन्छ अर्थात् कर्मद्वारा अन्त:करण शुद्ध भएपछि ज्ञान उत्पन्न हुन्छ र त्यसपछि मोक्ष सिद्ध हुन्छ । जस्तो दुई पखेटाले पक्षी आकाशमा उड्छ त्यस्तो कर्म र ज्ञान दुवैबाट मोक्ष प्राप्त हुन्छ । यस विषयमा पुरातन इतिहास बताउँछु, सुन ।

अग्निवेश्यका पुत्र कारुण्य नाम गरेका ब्राह्मण गुरुकुलमा बसीकन षडङ्गसहित चार वेद पढेर घरमा आए । तब उनलाई संशय भयो र कर्म नगरीकन चूपचाप रहन थाले । यो देखेर पिताले भने - हे पुत्र ! पढेर आएपछि किन तिमी कर्म नगरी चूपचाप बसेका छौं ? कर्म विना कसरी सिद्धि होला ? यसरी कर्म नगर्नाको कारण मलाई बताऊ । पुत्र कारुण्यले भने - हे पिताजी ? म संशय भएकोले कर्मबाट निवृत्त भएको हुँ । वेदमा एकातिर भनेको छ - आजीवन अग्निहोत्र आदि कर्म गर्दै रहनुपर्छ, फेरि अर्कातिर भनेको छ - कर्मले, धनले र पुत्रादिले मोक्ष प्राप्त हुँदैन, केवल त्यागबाट नै मोक्ष प्राप्त हुन्छ । यी दुईमा कर्तव्य के हो ? मलाई यही शंका छ । पिताजी ? यो शंकाको निवारण गरिपाऊँ । त्यसपछि अग्निवेश्यले भने - हे पुत्र ? यसबारे पहिले भएको एक कथा सुनाउँछु, मन लगाएर सुन । त्यसपछि जे इच्छा लाग्छ त्यही गर ।

एक समय हिमालय पर्वतको शिखरमा देवताहरू अप्सराहरूका साथ क्रीडा गरेर आनन्दमग्न थिए । त्यहाँ गंगाजी लहराउँदै बहिरहेकी थिइन् । यौटी सुरुचिनामकी अप्सरा त्यहाँको रमणीय शोभा हेर्दै गंगातटमा बसेकी थिइन् । त्यहाँ अन्तरिक्षबाट आइरहेका एकजना देवदूतलाई देखेर तिनले सोधिन् - हे देवदूत ! के कामले कहाँ गएर फर्कंदै हुनुहुन्छ, कृपा गरेर सबै बृत्तान्त बताउनुहोस् । देवदूतले भने - एकजना अरिष्टनेमि नाम गरेका बडा धर्मात्मा राजा थिए । तिनी राज्य चलाउन समर्थ आफ्ना छोरालाई राज्यभार सुम्पेर आफू वैराग्ययुक्त हुनुका साथै सम्पूर्ण विषयको कामना त्यागेर गन्धमादन पर्वतमा कठोर तपस्या गरेर रहन थाले । केही कालपछि त्यो कुरा चाल पाएर स्वर्गका राजा इन्द्रले मलाई बोलाएर आज्ञा गर्नुभो - हे प्रियदूत ! नाना प्रकारका लताहरू र सुगन्धी पुष्पहरूले सुशोभित अतिरमणीय गन्धमादन पर्वतमा अरिष्टनेमिराजा कष्टकर तपस्या गरेर बसेका छन् । अप्सराहरूका साथ नाचगान बजान गर्दै एक रमणीय विमान लिएर जाऊ र मेरो आज्ञाले ती तपस्वी राजालाई स्वर्गमा लिएर आऊ । त्यसपछि गन्धमादन पर्वतमा पुगेर राजालाई भनें - हे राजन् ! हजुर तपस्याको पुण्यले अति पवित्र भएकाले स्वर्गको सुखभोग

गर्न योग्य हुनुहुन्छ । इन्द्रको आज्ञाले विमान लिएर आएकोछु, सो विमानमा राज भएर स्वर्गमा पाल्नुहोस् । राजाले भने - हे देवदूत ! पहिले तपाईं भन्नोस् कि स्वर्गमा के के गुण र दोष छन् । दूतले भन्नथाले - स्वर्ग भनेको चानचुन पुण्यले पाइने होइन, त्यहाँ बडो दिव्य सुख भोग गर्न पाइन्छ । उत्तम पुण्यले उत्तम सुख, मध्यम पुण्यले मध्यम सुख र कनिष्ठ पुण्यले कनिष्ठ सुख पाइन्छ - यो हो स्वर्गको गुण । अब स्वर्गको दोष सुन्नुहोस् । आफू भन्दा माथिल्लो दर्जाकाले उत्तम सुख भोगेको देख्दा तल्लो दर्जाकालाई ताप हुन्छ, आफूसमान सुख भोग्नेलाई देखेर क्रोध उत्पन्न हुन्छ र आफूभन्दा तलकालाई देखेर यो भन्दा म ठूलो छु भन्ने अभिमान हुन्छ । अझ ठूलो दोष के छ भने पुण्य सकिनासाथ त्यो जीवलाई तुरुन्त मर्त्यलोकमा गिराइदिन्छन्, एकक्षण पनि रहन दिँदैनन् । यो सुनेर राजाले भने - मलाई त्यो स्वर्गको सुख भोग गर्ने इच्छा छैन । बरु, सर्पले काँचुलीलाई परित्याग गरे झैं उग्र तपस्या गरेर यो शरीरलाई त्याग गर्नेछु । हे देवदूत ! तिमी विमान लिएर जहाँबाट आयौ त्यहीं फर्क । तिमीलाई नमस्कार छ । हे देवि सुरुचि ! राजाको कुरा सुनेर अप्सरासहित विमान लिएर स्वर्गमा गएर इन्द्रलाई सबै वृत्तान्त सुनाएं । यो सुन्दा ज्यादै प्रसन्न भएर इन्द्रले भन्नुभयो - यी राजा संसारबाट उपरत भएका छन् । यी अविनाशी आत्मपदका इच्छुक हुन् । त्यसकारण, हे प्रियदूत ! वाल्मीकि ऋषि आत्मतत्त्वज्ञ हुनुहुन्छ । तिमी गएर ती राजालाई वाल्मीकिको आश्रममा पुऱ्याइदेऊ र उनलाई मेरो सन्देश सुनाइ देऊ । हे ऋषि ! तपाईं आत्मतत्वज्ञ हुनुहुन्छ, यी राजा तत्त्वज्ञानका अधिकारी छन् । यिनलाई त्यस्तो तत्वबोधको उपदेश दिनुहोला जुन उपदेशबाट यी राजातत्वज्ञान प्राप्त गरेर संसारदुःखबाट मुक्त हुनेछन् । हे सुरुचि ! इन्द्रको आज्ञानुसार ती राजालाई वाल्मीकि ऋषिको आश्रममा पुऱ्याएर इन्द्रको सन्देश सुनाइदिएं । तब ऋषिले राजासित क्षेमकुशलका प्रश्न गर्नुभो । अनि राजाले विनीत भावले बिन्ती गर्नुभो - हे भगवन् ! हजुर परमतत्त्वज्ञ वेदान्तवेत्ताहरूमा श्रेष्ठ हुनुहुन्छ । हजुरको दर्शनबाट नै कृतार्थ भएको छु । मलाई सबैतिरबाट क्षेमकुशल छ । हजुरसित म यही सोध्न चाहन्छु कि संसारको बन्धनबाट कसरी मुक्ति मिल्छ ? वाल्मीकिले भन्नु भयो - यो संसारको बन्धनरूपी रोगबाट मुक्ति पाउन योगवासिष्ठ महारामायण यौटा महौषधि छ । यसलाई राम्ररी श्रवण गरेर त्यसको तात्पर्यलाई हृदयमा धारण गर्नुहोस् । जब यसको तात्पर्यलाई हृदयमा धारण गर्नुहोला तब तपाईं जीवन्मुक्त भएर विचरण गर्नुहुनेछ । हे राजन् ! यो महारामायण वसिष्ठ र रामचन्द्रजीको संवादरूपमा छ । यसमा मोक्षको उपाय बताइएको छ । यसलाई सुनेर जसरी रामचन्द्रजी निजस्वभावमा (चैतन्यस्वरूपमा) स्थित हुनुभयो र जीवन्मुक्त भएर विचरण गर्नुभयो त्यसरी नै तपाईं पनि विचरण गर्नुहुनेछ ।

राजाले भन्नु भयो - रामचन्द्र को हुनुहुन्थ्यो, कस्ता हुनुहुन्थ्यो र कसरी जीवन्मुक्त भएर विचरण गर्नुभो, यो सब कृपा गरेर बताउनुहोस् । बाल्मीकिले भन्नुभयो - यद्यपि सच्चिदानन्दस्वरूप भगवान् विष्णु अद्वैत ज्ञानले सुसम्पन्न नै हुनुहुन्छ तापनि शापवश अज्ञानलाई स्वीकार गरीकन मनुष्यको रूपमा दशरथनन्दन भएर जन्मनु भयो । सच्चिदानन्द-स्वरूप भगवान् विष्णुलाई के कारणले शाप पर्न गयो भनी राजाले प्रश्न गरेपछि जबाफमा वाल्मीकिले भन्नुभयो - एक समय सनत्कुमार जो निष्काम भनेर प्रसिद्ध हुनुहुन्छ ब्रह्मपुरीमा रहनु भएको

थियो । त्यही बेला त्रिलोकका पति भगवान् विष्णु ब्रह्मपुरीमा जानु भयो । ब्रह्माजीसहित सबै सभासद्हरूले उठेर विष्णु भगवान्को पूजा सत्कार गरे । सनत्कुमार चाहिं उठ्तै उठेनन् र स्वागत पनि गरेनन् । तब विष्णुबाट आज्ञा भयो - हे सनत्कुमार ! तिमीमा निष्कामताको अभिमान चढेछ त्यसकारण तिमी कामातुर हुनेछौ र स्वामिकार्तिक तिम्रो नाम हुनेछ । यो सुनेर सनत्कुमारले भने - हे विष्णो ! तिमीमा पनि सर्वज्ञताको अभिमान रहेछ, यस कारण केही कालको निम्ति तिम्रो सर्वज्ञता लुप्त हुनेछ र तिमी अज्ञानी हुनेछौ । यो एक शाप भयो । अर्को शाप सुन । एक समयमा भृगुकी पत्नी घरबाट निक्लेर जाँदै थिइन् । पत्नीको वियोगले भृगु ऋषि क्रोधित भएका थिए । रिसाएका ती ऋषिलाई देखेर विष्णु हाँस्नु भयो, तब भृगु ब्राह्मणले शाप दिए कि हे विष्णो ! तिमीले पनि स्त्रीको वियोगमा आतुर हुनु परोस् । अर्को शाप सुन । एकदिन नरसिंह भगवान् गंगाजीको तटमा हिडिरहनु भएको थियो । त्यहाँ गंगामा देवशर्मा ब्राह्मणकी स्त्री स्नानादि कर्ममा लागेकी थिइन् । तिनलाई देखेर नृसिंहले भयानक रूप लिनुभयो, त्यो भयानक रूप देखेर ब्राह्मणीको हंसले ठाउँ छोड्यो, तत्काल प्राण छोडिन्, त्यो देखेर देवशर्माले शाप दिए कि हे विष्णो ! तिमीले मेरी स्त्रीको वियोग गरायौ, अतः तिमीले पनि स्त्रीवियोगजन्य दुःख भोग्नु परोस् । यसरी तीनजना ब्राह्मणको शापले गर्दा भगवान् विष्णु मनुष्यशरीर लिएर दशरथ महाराजको दरबारमा प्रकट हुनुभयो । त्यसपछिका कुरा अब बताउँछु सावधान भएर सुन्नुहोस् । अनुभवस्वरूप यो आत्मा तीनै लोकलाई प्रकाश गर्छ र आफू भित्र बाहिर सर्वत्र परिपूर्ण छ त्यो सर्वात्मालाई नमस्कार छ ।

(३) अनुबन्धचतुष्टय

विषय, संबन्ध, प्रयोजन र अधिकारी यी चारलाई अनुबन्धचतुष्टय भन्छन् । सबै शास्त्रमा यी चार कुरा हुन्छन् । यो शास्त्रले आनन्दरूप अचेत्य चिन्मात्र आत्मालाई बुझाउँछ । त्यसकारण चिन्मात्र आत्मानै हो यसको विषय । यो विषयलाई यो शास्त्रले प्रतिपादन गर्ने हुनाले यो शास्त्र र विषयरूप चैतन्यस्वरूप आत्माको प्रतिपाद्य- प्रतिपादकभाव संबन्ध मानिन्छ अथवा चैतन्यस्वरूप आत्मालाई यो ग्रन्थले बुझाउने हुनाले यो ग्रन्थ र आत्माको ज्ञाप्यज्ञापकभाव संबन्ध हुन्छ । अनात्म देह, इन्द्रिय, प्राण, मन, बुद्धि र अहंकारमा आत्माभिमानले गर्दा जो दुःख भएको छ त्यसको निवृत्ति र परमानन्दस्वरूप आत्माको प्राप्ति नै हो यो ग्रन्थको प्रयोजन । वास्तवमा आफू ब्रह्मस्वरूप भए तापनि अनात्म देहादिसितको संबन्धवशात् म बन्धनमा परेको छु र यो बन्धनबाट कसरी छुटौं भनी मुक्त हुन इच्छा गर्ने जो पूरै ज्ञानी होइन र पटमूर्ख पनि होइन यस्तो जीव (प्रमाता) यहाँ अधिकारी हुन्छ ।

(४) ग्रन्थारम्भ

यो योगवासिष्ठ महारामयण परमानन्द प्राप्त गराउने मोक्षशास्त्र हो । यो शास्त्रको श्रवण गरेर विचार गरेपछि यथार्थ आत्मज्ञान प्राप्त हुन्छ र जन्ममृत्युरूप संसारमा पुनरावर्तन हुँदैन ।

वसिष्ठले रामलाई श्रवण गराएको रामकथाले परिपूर्ण यो महारामायण अत्यन्त पवित्र छ । यसको श्रवणमात्रले सारा पाप नाश हुन्छ । वाल्मीकि भन्नुहुन्छ, हे राजन् ! यो पवित्र कथा सर्वप्रथम मैले आफ्ना शिष्य भरद्वाजलाई सुनाएको थिएँ । एक समय भरद्वाज सुमेरु पर्वतमा गए । त्यहाँ ब्रह्माजी रहनु भएको थियो । ब्रह्माजीलाई प्रणाम गरेर भरद्वाजले आफूले वाल्मीकि गुरुबाट पाएको उपदेशको सार बताए । त्यो सुनेर प्रसन्न भएका ब्रह्माजीले वर माग भन्दा भरद्वाजले भने - हे त्रिकालज्ञ ईश्वर ! सम्पूर्ण जीव संसार दुःखबाट मुक्त भएर परमपद प्राप्त गरून् र त्यसको उपाय पनि बताउनुहोस् - यही वर म माग्दछु । ब्रह्माजीले भन्नुभयो, हे पुत्र ! तिमी गुरु वाल्मीकिका समीपमा जाऊ । उनले आत्मबोध गराउनको लागि योगवासिष्ठ महारामायणको आरम्भ गरेका छन्, जो संसारसमुद्र तर्नको लागि पुल बनेको छ । आखिर ब्रह्माजी स्वयं नै भरद्वाजलाई साथमा लिएर मेरो आश्रममा पाल्नु भयो । मैले पनि उहाँको स्वागत सत्कार र पूजन गरें । ब्रह्माले मलाई भन्नुभयो - हे मुनिश्रेष्ठ वाल्मीकि ! यो जो तिमीले रामको स्वभावको वर्णन गर्न आरम्भ गरेका छौ, यो उद्यमलाई नछोड, यसलाई आदिदेखि अन्तपर्यन्त पूरा गर । मोक्षको उपायभूत यो शास्त्र संसार समुद्र पार गर्ने जहाज हुनेछ । यो शास्त्रबाट सारा जीव कृतकृत्य बन्नेछन् । यति भनेर ब्रह्माजी अन्तर्धान हुनुभो ।

वाल्मीकि भन्दै हुनुहुन्छ - हे राजन् ! यसरी ब्रह्माजीको आज्ञानुसार यो ग्रन्थ बनाएर सर्वप्रथम भरद्वाजलाई सुनाएँ । वसिष्ठजीको उपदेशबाट आत्मज्ञान प्राप्त गरीकन रामचन्द्र जीवन्मुक्त हुनु भयो र जसरी निःशंक भएर विचरण गर्नुभयो, हे राजन् ! तपाईं पनि त्यसरी नै विचरण गर्नुहोस् । यही कुरा पहिले वाल्मीकिले भरद्वाजलाई बताएको थियो । अनि भरद्वाजले गुरु बाल्मीकिसंग प्रश्न गरे - जुन उपदेशामृतबाट जीवन्मुक्त भएर रामचन्द्रजी जसरी विचरण गर्नुभो त्यो कुरा आदिदेखि लिएर क्रमशः मलाई बताउनुहोस् ।

(५) भरद्वाजलाई वाल्मीकिको उपदेश - जगत्को असत्यता

वाल्मीकि भन्नुहुन्छ - हे पुत्र भरद्वाज ! यो जो जगत् देखिन्छ त्यो वास्तवमा उत्पन्न भएको छैन, अविचारदशामा देखिन्छ, विचार गरेमा निवृत्त भइहाल्छ जस्तो अविचारकालमा आकाशमा नीलिमा भास्त छ विचारदृष्टिले हेरेमा आकाशको नीलता निवृत्त भइहाल्छ । जबसम्म यो सृष्टिको अत्यन्त अभाव हुँदैन तबसम्म परम पद प्राप्त हुँदैन । दृश्यको अत्यन्ताभाव सिद्ध भए चिदाकाश आत्मसत्ताको अनुभव हुन्छ । महाप्रलयमा मात्र यो दृश्यको अभाव हुन्छ भनेर कोही कोही भन्छन्, तर म भन्छु कि यो दृश्यको तीनै कालमा अभाव छ । जब यो शास्त्र श्रद्धा पूर्वक सुनेर त्यसको आशय तिमी हृदयमा धारण गर्छौ तब तिम्रो भ्रान्ति निवृत्त हुन्छ र अव्याकृत परमपद प्राप्त हुन्छ । हे शिष्य ! यो संसार भ्रमले मात्र सिद्ध छ । यसलाई भ्रममात्र जानेर फेरि नसंझने गरी विस्मरण गर्नु नै मुक्ति हो ।

वासना नै बन्धन हो र त्यसको नाश नै मुक्ति हो ।

बन्धनको कारण वासना हो । वासनाले नै जीव संसारमा भट्किन्छ । वासनाको क्षय भए परमपद प्राप्त हुन्छ । वासनाको पुञ्ज नै मन हो । जस्तो जल कडा सर्दीले बरफ बन्छ र सूर्यको तापले पग्लेर फेरि जल नै हुन्छ त्यस्तो आत्मारूपी जल छ, त्यसमा संसारलाईसत्य मान्नुरूप जडता र शीतलता (चीसोपन) ले गर्दा मनरूपी बरफको डल्लो बनेको छ । जब ज्ञानरूपी सूर्यको उदय हुन्छ तब संसारको सत्यतारूपी जडता र शीतलता निवृत्त हुन्छ । जब संसारको सत्यता र वासना निवृत्त हुन्छ तब मन नष्ट हुन्छ र मन नष्ट भएपछि परम कल्याण (मोक्ष) सिद्ध भयो भनी जान्नू । त्यसकारण बन्धनको कारण वासना नै हो र वासनाक्षय भए मुक्ति मिल्छ ।

यो वासना दुई प्रकारको छ (१) शुद्ध वासना (२) अशुद्ध वासना । आफ्नो वास्तव स्वरूपको अज्ञान नै अशुद्ध वासना हो, यसले अनात्म देहादिमा आत्मबुद्धि (अहंकार) गराउँछ र जब अनात्म देहादिमा आत्माभिमान हुन्छ तब नाना प्रकारको वासना उत्पन्न हुन्छ, जसले गर्दा घटीयन्त्र झैं संसारमा आउनु जानु बनिरहन्छ । यो जो पाञ्चभौतिक शरीर देखिन्छ त्यो पनि वासनाबाट नै खडा भएको हुनाले वासनारूप नै हो । जस्तो मालाका दाना धागोमा अडिएका छन्, धागो टुट्नासाथ ती कहाँ पुग्छन् कहाँ, त्यस्तो वासना नष्ट भएपछि पञ्चभूतको शरीर रहँदैन । यसबाट बुझिन्छ कि वासना नै हो सम्पूर्ण अनर्थको कारण ।

शुद्ध वासनामा जगत्को अत्यन्ताभावको निश्चय हुन्छ । अज्ञानीको वासना जन्मको कारण हुन्छ, ज्ञानीको वासना चाहिं जन्मको कारण हुँदैन । जस्तो कच्चा बीज उम्रन्छ, दग्धबीज उम्रदैन त्यस्तो अज्ञानीको वासना रस (विषयानुराग) सहित हुन्छ, त्यसैले जन्मको कारण हुन्छ । ज्ञानीको वासना रसरहित हुन्छ र जन्मको कारण हुँदैन । ज्ञानीको चेष्टा स्वाभाविक हुन्छ । ज्ञानी कुनै गुणसित मिलेर चेष्टा गर्दैन । ज्ञानी पनि खान्छ, पिउँछ, लिनुदिनु गर्छ, बोलचाल गर्छ र हिडडुल गर्छ, एवं अन्य सबै व्यवहार गर्छ तर अन्त: करणमा सदा अद्वैतको निश्चय लिइरहन्छ उसको मनमा द्वैतभावना फुर्दैन । ऊ आफ्नो स्वभावमा स्थित रहन्छ, यस कारण उसको चेष्टा जन्मको कारण हुँदैन । कुम्भकार (कुमाल) को चक्र जहाँसम्म घुमाइन्छ त्यहाँसम्म घुमिरहन्छ घुमाउन छोडेपछि विस्तारै स्थिर हुन्छ त्यस्तै जहाँसम्म अहंकारसहित वासना रहन्छ त्यहाँसम्म जन्म-मृत्युको चक्र चलिरहन्छ, वासनाक्षयपूर्वक अहंकाररहित भएपछि फेरि जन्म हुँदैन ।

हे शिष्य ! वासनानाशको उपाय पनि सुन । एकमात्र ब्रह्मविद्या नै अज्ञानरूपी वासनाको विनाश गर्ने उत्तम उपाय हो । यो योगवासिष्ठ मोक्षको उपाय प्रदर्शन गर्ने प्रसिद्ध शास्त्र हो । यो उत्तम शास्त्रलाई छोडेर अरू शास्त्ररूपी जंगलमा फसनाले कल्पपर्यन्त पनि मोक्षपद प्राप्त हुन सक्तैन । यो वसिष्ठ र रामजीको संवादरूप शास्त्र नै हो मोक्षको उपाय, यसलाई आदि देखि अन्तपर्यन्त सुन र राम झैं जीवन्मुक्त भएर विचरण गर । रामचन्द्र जसरी जीवन्मुक्त भएर विचरण गर्नुभो त्यो पनि सुन ।

(६) रामको तीर्थयात्रा र वैराग्य

रामचन्द्र विद्याध्ययन समाप्त गरीकन विद्यालयबाट घरमा फर्केपछि विचारपरायण भएर दिन बिताउन लागे । एकदिन उनको मनमा तीर्थयात्रा गर्ने संकल्प खडा भयो र राजा दशरथको समीपमा गएर पिताजीको चरण-स्पर्शपूर्वक प्रणाम गरीकन उनले बिन्ती गरे । पिताजी ! मलाई मनमा तीर्थ भ्रमण गर्ने प्रबल संकल्प खडा भयो, मेरो यो प्रथम प्रार्थना हो, सबैको इच्छा पूरा गरिदिने यस्ता हजूरबाट मेरो यो प्रार्थना स्वीकार गरिबक्सनेछ । कृपा गरेर मलाई तीर्थ जाने आज्ञा बक्सियोस् । नजीकमा कुलगुरु वसिष्ठ पनि हुनुहुन्थ्यो, उहाँले दशरथ महाराजलाई भन्नु भयो - हे राजन् ! आज्ञा दिनुहोस्, राम तीर्थ यात्रा गरेर आऊन् । त्यसपछि दशरथले हुन्छ, जाऊ भनीकन आवश्यक धन दिएर सेना, मन्त्री र ब्राह्मण साथमा लगाईकन शुभमुहूर्तमा बिदा गर्नुभयो । प्रस्थान समयमा माता पिता र गुरुजनलाई नमस्कार गरेर उनीहरूबाट आशीर्वाद लिंदै लक्ष्मण आदि भाई र वसिष्ठ आदि विद्वान् ब्राह्मणलाई साथमा लिएर गरीबहरुलाई अन्न, बस्त्र धन प्रदान गर्दै र स्त्रीहरुले प्रदान गरेको पुष्प माला ग्रहण गर्दै मंगलमय वातावरणमा रामले प्रस्थान गर्नु भयो । गंगा, यमुना, सरस्वती आदि नदीहरूमा स्नान दान गर्दै चारै दिशाका चार समुद्रमा पुगेर स्नान र दान सम्पन्न भयो । रामजी अन्तमा सुमेरु पर्वतमा जानु भयो र हिमाली क्षेत्रमा पर्ने तीर्थ शालग्राम नदीमा स्नान, मुक्तिनाथ भगवान्‌को दर्शन, मन्दाकिनीमा स्नान, केदारनाथको दर्शन, अलकनन्दामा स्नान, वद्रीनाथको दर्शन गरेर अरू तीर्थहरूमा पनि स्नान, दान, तप, ध्यान जे जे गर्नुपर्ने थियो त्यो त्यो सबै कर्म विधिपूर्वक सम्पन्न गरेर एकवर्षको यात्रा पूरा गरीकन सकुशल दरबारमा फर्कनु भयो । दरबारमा फर्कंदा नगरवासीहरुले जयजयाकार ध्वनिले फूलमाला वर्षाउँदै रामको भव्य स्वागत गरे । दरबारमा पुगेर रामले सर्वप्रथम पिता दशरथ र गुरु वसिष्ठलाई प्रणाम गर्नुभयो, अनि अन्त: पुरमा गएर माताहरुलाई प्रणाम गर्नुभयो । त्यसपछि भाइबन्धुहरू सित भेटघाट भयो । सातदिनसम्म रामको आगमनको उत्सव मनाइयो । स्नानादि नित्यकर्म र भोजन सम्पन्न गरेपछि भाइरबन्धुवर्गका साथमा बसेर रामजीले सबै तीर्थयात्राको वृत्तान्त बताउनु हुन्थ्यो ।

वाल्मीकि भरद्वाजलाई बताउँदै हुनुहुन्छ - एकदिन राजसभामा गएर रामले पिता दशरथ महाराजको दर्शन गर्नुभयो, त्यसबेला दशरथ महाराजले रामलाई भन्नु भयो - हे पुत्र ! अब केही दिन भाइहरूलाई साथमा लिएर तिमी शिकार खेल्न जाऊ, भरत चाहिं त्यसवेला मावलमा नै थिए । पिताजीको आज्ञानुसार रामजी शिकारको सामग्री लिएर भाइ लक्ष्मण र शत्रुघ्नका साथ दिन भरी शिकार खेलेर रातमा दरबारमा फर्कनु हुन्थ्यो । यो क्रम केही दिन चल्यो ।

(७) रामको वैराग्य

एकदिन राम बाहिर घुमेर दरबारमा आफ्नो कोठामा बसेका थिए । त्यही बेला उनको मनमा चिन्ताले गर्दा शोक उत्पन्न भयो । सारा चेष्टा त्याग गरीकन एकलै रहेर विचार गर्न थाले । हे

भरद्वाज ! उनलाई विषय राम्रो लागेन । यो सारा विषय नीरस लाग्न थाल्यो । चिन्ताले गर्दा उज्वल र भरिलो मुख दुब्लाउँदै गएर सुकेको कमल झै पहेलो देखिन थाल्यो । सुकेको कमलमा बसेको भ्रमरा झै कान्तिहीन मुखमा काला आँखा भने ट्वाल्ल परेका देखिन्थे । इच्छारूपी मल नभएको हुनाले उनको चित्त शरद् ऋतुको तलाउको जल झैं निर्मल थियो । केवल शरीरमात्र दिन परदिन निर्बल हुँदै गएको थियो । स्नान, पान र रससंयुक्त भोजन पनि उनलाई नीरस लाग्न थाल्यो । मन्त्रीहरूले संझाउँदा पनि केही सीप लागेन । रामलाई यसरी संशयापन्न देखेर भाइ लक्ष्मण र शत्रुघ्न पनि चिन्ताग्रस्त हुनथाले ।

यो कुरा सुनेर दशरथ पनि रामको निवासमा जानुभयो र त्यस्तो कृश शरीर भएका रामलाई देखेर चिन्तायुक्त हुनुभयो । रामलाई काखमा लिएर दशरथले सोध्नुभयो - हे प्रियपुत्र राम ! के कारणले तिमीलाई दु:ख भयो । पिताजी ! मलाई कुनै दु:ख भएको छैन - रामले जबाफ दिनु भयो । नजीकमा रहेका राजगुरु वसिष्ठलाई पनि राजाले के कारणले रामलाई दु:ख भयो भनी सोध्नुभयो । वसिष्ठले प्रत्युत्तरमा भन्नुभयो - ठूला व्यक्ति साना तिना कुराले विचलित हुँदैनन् । रामजस्ता महान् व्यक्तिमा चानचुन कुराले दु:ख भएको होइन, यसमा हजुरले चिन्ता लिनु पर्दैन । केही काल पछि राम फेरि सुखी हुनेछन् । यता यति कुरा हुँदै थियो, त्यही बेला द्वारपालले आएर बिन्ती गऱ्यो - विश्वामित्र ऋषि द्वारमा खडा हुनु भएको छ ।

(८) विश्वामित्रको आगमन र रामलाई लिएर जानको लागि प्रार्थना

विश्वामित्रको आगमनको समाचार सुन्नासाथ मण्डलेश्वरहरू र वसिष्ठ वामदेव आदि ऋषिसहित राजा दशरथबाट द्वारसम्म पैदल गएर भूमिमा शिर राखीकन प्रणाम गर्दै विश्वामित्रको हार्दिक स्वागत भयो । अरू मण्डलेश्वरहरूले पनि प्रणाम गरे । वसिष्ठ र वामदेवले पनि विश्वामित्रका साथ गला मिलाए । दरबार भित्र लगेर सिंहासनमा राखीकन विश्वामित्रको पूजा सत्कार भयो । त्यसपछि राजा दशरथले हर्षोद्‌गार व्यक्त गर्दै भने - हे ऋषे ! हजूर जस्ता परम पवित्र ब्रह्मर्षिको आगमनबाट आज मेरो घर ज्यादै पवित्र भएको छ । हजूरजस्तो शक्तिशाली कोही छैन जो क्षत्रियबाट ब्रह्मर्षि बन्नुभयो । हजूरमा ब्राह्मणका सम्पूर्ण गुण सुशोभित छन् । हजूरको शुभागमन मेरै कल्याणको निम्ति भएको हुनुपर्छ । हे ब्रह्मर्षि ! कृपा गरेर आगमनको कारण बताउनु होस् । मबाट के सेवा पुऱ्याउनु पऱ्यो ! हे ऋषे ! आफ्नो काम पूरा भयो भनी सम्झनु होस् ।

राजाको विनीत उद्‌गारपछि विश्वामित्रले आगमनको कारण बताउँदै भन्नु भयो- हे महाराज ! मैले दशगात्र यज्ञको आरम्भ गरेको छु । मेरो आश्रममा खरदूषण आदि राक्षसहरू आएर यज्ञस्थलमा रगत, मासुका टुक्रा र हाड फ्याँकेर यज्ञमा विघ्न पारिदिन्छन् । अनेक होहल्ला गरिदिन्छन् । अर्को ठाउँमा सारेर यज्ञ गर्दा पनि त्यत्तिकै विघ्न पारिदिन्छन् । हैरान भएर यज्ञरक्षाको लागि प्रार्थना गर्न यहाँ आएको छु । सबै प्रजाजनको कामना पूरा गरिदिने रघुकुल प्रदीप हे महाराज ! ती राक्षसहरूलाई मारेर यज्ञको रक्षा गर्न हजूरका ज्येष्ठपुत्र रामलाई मेरो

आश्रममा लैजानको लागि प्रार्थना गर्दछु । राम बालक छन् भन्ने ठान्नु हुँदैन । रामको पराक्रमको इयत्ता कसैले जान्न सक्तैन । रामको अगाडि ती राक्षसहरू सिंहको अगाडि श्याल भागे झैं भाग्ने छन् । हुन ता तपाईंबाटै पनि त तिनीहरूको नाश हुनु पर्ने भन्नु होला, त्यसबारे भन्छु कि शाप दिएर ती राक्षसहरूको नाश गर्नको लागि क्रोध उत्पन्न हुनुपर्‍यो । एक त ब्राह्मण, त्यसमा पनि यज्ञमा दीक्षित भएका हामीबाट क्रोध गर्नाले यज्ञ विफल हुन्छ । त्यसैले रामलाई माग्न आएको हुँ । राम नै यस कार्यमा समर्थ हुनुहुन्छ, रामको सुरक्षाको जिम्मा म लिन्छु । हे राजन् ! यसमा नन, नच नगर्नुहोला । यसबाट हजूरको र रामको ठूलो कल्याण हुनेछ र विपुल यशको वृद्धि हुनेछ ।

विश्वामित्रको माग सुनेर दशरथ राजा मर्माहत जस्तो भएर एकछिन त बोल्न पनि सकेनन् । एकछिन पछि होस समालेर भन्न थाले । ईश्वरको अनुग्रहले वृद्धावस्थामा जन्मेका चार छोरामध्ये जेठा राम मेरा प्राणसमान प्यारा छन् । रामलाई देख्न नपाए मेरो प्राण रहँदैन । अर्कोकुरा अन्त: पुरमा केटा केटीका साथै खेलवाड गरेर दिन बिताएका राम भरखर सोह्र वर्ष पुगेका छन्, हाम्रो लेखा दुधे बालकसमान छन् । यिनलाई शस्त्रास्त्रको कुनै तालिम दिएको छैन, यिनले राक्षसहरूका साथ लडाइ गर्ने कला जानेका छैनन् । त्यस कारण रामलाई लैजाने कुरामा क्षमा गर्नोस् ऋषिवर ! बरु ती राक्षसलाई धपाउने अरू उपाय गरूँला । मेरा छाउनीमा दश अक्षौहिणी सेना छन् । तिनबाट पर्याप्त सेना दिन सक्छु । अथवा सेना सहित म नै जान सक्छु, तर, वार्धक्यले गर्दा मेरो शरीर जीर्ण छ । त्यसकारण रावण सित भने म युद्ध गर्न समर्थ छैन । रावण बाहेक अरूलाई त म पनि तितर वितर गरिदिन सक्छु । अर्को कुरा अहिले राम रोगी जस्तै भएर दुब्लाउँदै गएका छन् । तीर्थयात्राबाट फर्के पछि राम के कारणले हो, शोकाकुल भएका छन् । उनी संसारबाट विरक्तिका कुरा मात्र गर्छन् । अहिले उनको शरीर पनि ज्यादै कृश भएको छ । त्यसकारण हे ऋषे रामलाई लैजाने कुरा छोडनोस् ।

दशरथका यस्ता आलटाल गर्ने कुरा सुनेर विश्वामित्र कड्किँदै बोल्न थाले - पैले जे मागे पनि दिन तयार छु भन्ने, अहिले भने रामलाई दिन सक्तिन भनी प्रतिज्ञा भंग गर्ने । यसरी वचन फेर्नु रघुवंशी राजाको योग्य होइन । विश्वामित्रका कडा शब्दले आत्तिएका राजालाई एकान्तमा लगेर वसिष्ठले संझाए - राजन् ! रामलाई पठाइदिनु होस् । यसबाट ठूलो कल्याण हुनेछ । त्यस पछि राजा दशरथले विश्वामित्रलाई भन्नु भयो - हे ऋषिवर ! रामलाई हजूरको जिम्मा दिने भएँ । खुसी भएर लैजानुहोस् । त्यसपछि एकजना भृत्यलाई रामजीलाई लिएर आऊ भनी राजाले आज्ञा दिनु भयो । एक मुहूर्तपछि त्यो भृत्य आएर भन्छ - रामजीलाई विन्ति गरें, हुन्छ, आउँछु भन्ने आज्ञा हुन्छ तर चिन्तायुक्त हुनुहुन्छ र घोरिएर बसिरहनु हुन्छ । राजाले फेरि रामजीका मन्त्रीलाई बोलाएर सोध्नु भो - रामको के हालत छ ? मन्त्रीले बिन्ति गरे - हे महाराज ! हाम्रा स्वामी राम ज्यादै चिन्ताकुल हुनुहुन्छ । त्यसले गर्दा हामीहरू पनि ज्यादै चिन्तित छौं । हामी समयमा पान भोजन र पहिरनका उत्तम पदार्थ लिएर जान्छौं । त्यो देखेर पनि उहाँ प्रसन्न हुनुहुन्न । रामजी चिन्तामा लीन हुनुहुन्छ । सुखदायी पदार्थ देखेर पनि त्यसलाई आदर गर्नुहुन्न । माताजीहरूले उत्तम आभूषण र हीरामोतीका मालाहरू लगेर दिनुहुन्छ, त्यो पनि नलगाईकन त्यसै राख्नुहुन्छ र गरीबहरूलाई बाँडिदिनु हुन्छ । सुन्दरी स्त्रीहरु गएर मनोविनोद गराउन खोज्छन् । तिनीहरूलाई

देखेर पनि झन रिसाउनु हुन्छ । उहाँ बडो चिन्तामग्न हुनुहुन्छ । भोजन पनि मन लगाएर तृप्त भएर गर्नुहुन्न । उनलाई खानपानको इच्छा छैन, राज्यको इच्छा छैन, इन्द्रिय सुखको इच्छा छैन । कुनै सुखदायी पदार्थको इच्छा छैन । उहाँ पद्मासन बाँधेर हातमा शिर राखेर विचारमा मग्न देखिनु हुन्छ । प्रधानमन्त्रीले गएर सोध्दा पनि उहाँ भन्नुहुन्छ - तिमीहरू जसलाई सम्पत्ति मान्दछौ त्यो आपत्ति हो, संसारका सबै रमणीय पदार्थ मृगतृष्णाको जल झैं झूटा हुन् । मूर्ख मृग बालुवामा टल्केको सूर्यको किरणलाई पानी ठानेर दौडन्छ र दुःख पाउँछ त्यस्तै मूर्ख मनुष्य संसारका झूटा पदार्थलाई साँचो ठानेर सुखको लागि ती पदार्थको प्राप्तिमा प्रवृत्त हुन्छ र अन्तमा दुःख पाउँछ । यदा कदा बोलेमा पनि यस्तै वैराग्यका कुरा बोल्नु हुन्छ ।

मन्त्री भन्दैछन् कि हामीले हाँसो उठ्ने कुरा गरे पनि उहाँ हाँस्नु हुन्न, बरु त्यो देखेर रिसाउनु हुन्छ । उहाँ आफ्नो सिद्धान्तमा पर्वत झैं अचल भएर रहनु भएको छ । उहाँ भन्नु हुन्छ - न राज्य सत्य हो, न भोग सत्य हो, न यो जगत् सत्य छ, न दाजु भाइ सत्य छन्, न वा इष्ट मित्र नै सत्य हुन् । मिथ्या पदार्थको निमित्त मूर्ख मानिस यत्न गरिरहन्छ । जसलाई सत्य र सुखदायक भनी ठानेको छ त्यो सब बन्धनको कारण हो । नजीकमा आएको कुनै राजा वा पण्डितलाई देखेर उहाँ भन्नुहुन्छ - यी सब अज्ञानी हुन्, पशु हुन्, किन भने यिनीहरू आशारूपी पाशोले बाँधिएका छन् । हे राजन् ! रमणीय पदार्थहरू देखेर प्रसन्न हुनु त कता हो कता, झन् रिसाउनु पो हुन्छ । मरु भूमिमा पुगेको चातक पानीको थोपा न पाएर जसरी खिन्न हुन्छ त्यसरी नै राम पदार्थहरू देखेर पनि त्यसमा सुखको लेश छैन भनी खिन्न हुनुहुन्छ । उहाँले मुखले न भने पनि यस क्रियाकलापबाट बुझिन्छ कि उहाँको मन परम पद प्राप्त गर्न इच्छुक छ । रामजी कसैसित पनि बोलचाल पटक्क गर्नु हुन्न । बडो चिन्तामा मग्न देखिनु हुन्छ । उहाँको चिन्ता निवारण गर्ने सामर्थ्य कसैमा देखिंदैन । रामको यस्तो चिन्तायुक्त अवस्था देखेर भाइ लक्ष्मण र शत्रुघ्न समेत चिन्ताकुल हुन गइरहेका छन् । हे राजन् ! कोही उहाँको चिन्ता दूर गर्न सक्ने छन् भने अगाडि सरेर उपाय गर्नुपर्‍यो । हे राजन् ! हजूरका पुत्र रामजी यस्तो विरक्त भइसक्नु भएको छ कि खालि यौटा चादर ओढेर बसिरहनुहुन्छ, त्यसकारण उहाँको चिन्ता निवारणको लागि उपाय गर्नुहोस् । यति कुरा सुनेर विश्वामित्रले मुख खोलेर भन्नु भयो - यदि त्यसो हो भने रामजीलाई यहाँ ल्याउनुपर्‍यो, हामी उहाँका सारा दुःख चिन्ता निवृत्त गरिदिनेछौं । राजातिर फर्केर भन्नुभो - हे राजन् ! हजूर धन्य हुनुहुन्छ किन भने जसका पुत्र यस्ता विवेकयुक्त र वैराग्यसम्पन्न छन् । यहाँ ल्याउनु पर्‍यो, हामी उनलाई परमपद प्राप्त गराउने छौं । म र वसिष्ठ भएर एकै युक्तिले उनलाई उपदेश गर्नेछौं, जसबाट परम पद प्राप्त गरेर तपाईंका पुत्र कृतकृत्य बन्नेछन् र क्षत्रियोचित आचारमा चल्नेछन् । उनी ज्ञानी भएर लोष्ट, पत्थर र सुवर्णलाई समदृष्टिले हेर्नेछन् । यस्ता ज्ञानवान् पुत्र पाएर तपाईंको कुलको शोभा बढनेछ । वाल्मीकिले भन्नुभयो - हे भरद्वाज ! त्यसपछि दशरथले राम, लक्ष्मण र शत्रुघ्न तीनै भाइलाई यहाँ लिएर आऊ भनी मन्त्री र भृत्यलाई आज्ञा गर्नु भयो । तदनुसार उनीहरूले दशरथजीको आज्ञा रामजीलाई सुनाए । पिताजीको आज्ञानुसार राम लक्ष्मण र शत्रुघ्न सहित भएर सभास्थलमा पदार्पण गर्नुभयो । रामले सर्वप्रथम पिताजीको पाउमा शिर राखेर प्रणाम गर्नुभयो । दशरथले पनि पुत्रको मुख सुँघेर शिरमा हात

राखेर आशीर्वाद दिनुभयो । त्यसपछि वसिष्ठ विश्वामित्र र सभामा रहेका मान्यजनलाई रामले विनीत भावले प्रणाम गर्नुभयो । अनि रामलाई काखमा राखेर दशरथले भन्नुभयो - हे पुत्र ! केवल वैराग्यले मात्र परम पद प्राप्त हुँदैन । गुरु वसिष्ठको उपदेशबाट परमपद प्राप्त हुन्छ । अनि वसिष्ठले रामजीको प्रशंसा गर्दै भन्नुभयो - हे राम ! तिमी धन्य हौ, तिमी बडा शूरवीर छौ किनभने तिमीले विषयरूपी शत्रुलाई जितेका छौ । त्यसपछि विश्वामित्रले भन्नुभयो - हे कमलनयन राम ! अन्त:करणलाई स्थिर गरेर आफ्नो आशय प्रकट गर, तिमीलाई किन र कसरी मोह भयो । यदि परमपद प्राप्त गर्ने इच्छा छ भने त्यो पनि खुलस्त बताऊ । तिमीलाई हामी त्यस परम पदमा प्राप्त गराइदिन्छौं, जसलाई प्राप्त गरेपछि पुनः दु:ख हुँदैन, शोकमोह हुँदैन । वाल्मीकि भन्नुहुन्छ - हे भरद्वाज ! विश्वामित्रका यी वचन सुनेर रामजीले अत्यन्त प्रसन्न भएर मनमा निश्चय गर्नुभयो कि अब अवश्य नै परम पद प्राप्त हुने भयो ।

(९) रामद्वारा विविधरूपमा वैराग्यको अभिव्यक्ति

भोगबाट वैराग्य

विश्वामित्रको अगाडि बसेर राम आफ्नो मनको अभिप्राय प्रकट गर्दै भन्नुहुन्छ, हे विश्वामित्र ! म महाराज दशरथको प्रियतम ज्येष्ठ पुत्र राम हुँ । मैले ब्रह्मचर्यव्रत धारण गरेर सम्पूर्ण विद्याको अध्ययन गरें । त्यसपछि मलाई तीर्थाटनको उत्कट इच्छा भयो र पिताजीको आज्ञा लिएर गंगा गण्डकी आदि सम्पूर्ण तीर्थको भ्रमण पूरा गरेर घरमा फर्केपछि मनमा वैराग्यको विचारप्रवाह चल्न थाल्यो । त्यसले मलाई यसरी खैंचेर लियो कि जसरी नदीको प्रवाहले तटका तृणलताहरुलाई खैंचेर लिन्छ । अब मैले जानें कि यो राज्य, यो सारा जगत् भ्रममात्र हो, वास्तवमा केही पनि सत्य छैन । सम्पूर्ण जगत् मिथ्या भासमान हुनाले यसमा भोगको आशा राख्नु मूर्खतामात्र हो । जसलाई जगत् भनेको छ त्यो मनबाट उत्पन्न भएको छ, त्यो मन भ्रममात्र हो । वास्तवमा मन भएको वस्तु होइन । न भैकन पनि यो मन दु:खदायी बनेको छ । जुन पदार्थलाई साँचो ठानेर त्यतातिर मन दौडन्छ तर त्यो पदार्थ वास्तवमा छैन । पदार्थ छ भनेर ठान्नु मृगतृष्णाको जललाई सत्य ठान्नु जस्तो हो । मूर्ख मृग बालुवामा टल्केको सूर्यकिरणलाई पानी ठानेर पानी पिउन भनेर त्यतातिर दगुर्छ, आखिर पानी न पाएर दु:ख पाउँछ त्यस्तै मूर्ख मानिस मिथ्या पदार्थलाई साँचो ठानेर भोगको लागि आशा लिएर पदार्थ पाउन चेष्टा गर्छ र आखिर दु:ख मात्र पाउँछ ।

हे मुनीश्वर ! इन्द्रियको भोग सर्पजस्तो हो जसलाई मारे पनि फेरि जन्मन्छ र फेरि जन्मान्तर ग्रहण गर्छ अर्थात् भोगलाई मारें भन्यो, फेरि केही छिनपछि भोगको आशा जागि हाल्छ । भोग र भोग्य जगत् सारा मिथ्या हो, भ्रममात्र हो त्यसमा जो आस्था राख्छ त्यो महामूर्ख हो । हे ऋषीश्वर ! मैले विचार गरेर जानें कि सब (अनात्मा) आगमापायी हो । त्यसकारण जसको नाश हुँदैन त्यही अविनाशी वस्तु पाउनयोग्य हो, त्यसो हुनाले मैले भोगलाई तिलाञ्जलि दिएको छु ।

जुन पदार्थ सम्पत्तिरूप भनिन्छ त्यो सम्पत्ति नभएर आपत्तिरूप हो । तिनमा सुख छैन । जब त्यस पदार्थसित वियोग हुन्छ तब हृदयमा काँढो बिझे झैं चर्को पीडाको अनुभव हुन्छ । टोडकामा रहेको अग्निले रूख जलेझैं भोग रूपी अग्निले मन जलिरहन्छ । विषयमा सुख छैन । यसको इच्छा गर्नु मूर्खता हो । खाडलको माथि हरियो घाँस पात राखिदिएको छ । त्यसले खाडल छोपिएको छ, त्यो हरियो घाँसपात देखेर मूर्ख हरिण कुदेर जान्छ र खाडलमा परेर जसरी दुःख पाउँछ त्यस्तै मूर्ख मानिस विषय भोगलाई सुखरूप ठानेर भोग गर्ने इच्छा गर्छ र जब भोग गर्छ तब जन्मबाट जन्मान्तररूपी खाडलमा पर्छ र दुःख पाउँछ । भोग दुःखरूप भएको हुनाले त्यसबाट शान्ति प्राप्त हुँदैन । जुन शरीरमा अभिमान गरेर भोगको लागि यत्न गरिन्छ त्यो शरीर नै क्षणभङ्गुर छ र, असार छ । जस्तो थाकेको मानिस मरुभूमिको बाटो हिडन चाहँदैन त्यस्तै भोगलाई दुःखरूप जानेर म भोगको इच्छा गर्दिन ।

(१०) धनबाट वैराग्य

लक्ष्मी (धन) पनि त अनर्थकारी नै हो - राम मनमा लागेको उद्‌गार व्यक्त गर्दै हुनुहुन्छ । कम मिहिनेतले लक्ष्मी प्राप्त हुने होइन, त्यसको लागि कति अनर्थ र अन्यायको पनि सामना गर्नुपर्ला । त्यति दुःख झेलेर जब लक्ष्मी प्राप्त भइन् तब असल शीलस्वभाव, सन्तोष, धर्म, उदारता, कोमलता, वैराग्य, विचार र दयाप्रभृति सद्‌गुणावली त्यो मानिसबाट पर पर हुनथाल्छ । जब सद्‌गुण नै रहँदैन भने त्यसलाई सुख कसरी होला ? जब सुख छैन भने धनबाट आपद् विपद् सिवाय केही हात लाग्दैन । यसरी परमदुःखको कारण जानेर मैले लक्ष्मी (धन) लाई परित्याग गरिदिएँ ।

त्यो मानिसमा त्यहाँसम्म गुण टिकेर रहन्छन्, जहाँसम्म लक्ष्मी प्राप्त हुन्नन् (जब लक्ष्मी प्राप्त भइन् तब जान्नुपर्छ कि उसको गुणावली नष्ट भयो । वसन्त ऋतुका मन्जरीहरू कति राम्रा हरिया देखिन्छन्, जब ग्रीष्मको प्रचण्ड गर्मीको उदय हुन्छ तब त्यो मनमोहक हरियाली जलेर नष्ट हुन्छ त्यस्तो मनुष्यका शुभ गुणावली पनि लक्ष्मीको उदय भएपछि नष्ट भएर जान्छ । उग्र ठण्डीले पानी बरफ भए झै धनको मदले मानिस जड भइहाल्छ । सम्पद् आपद्‌को मूल हो किनभने अस्थिर सम्पदाको जब अभाव हुन्छ तब मानिस तृष्णाले गर्दा जन्ममरणरूप दुःखचक्रमा फस्दछ । त्यसो भएको हुनाले लक्ष्मीको इच्छा गर्नु नै मूर्खता हो । धनबाट भोग मिल्छ भनौं तर त्यो भोग पनि क्षण भङ्गुर नै भइहाल्छ । धनको तृष्णाले गर्दा गुणको अभाव बनिहाल्छ ।

राम भन्नु हुन्छ - हे मुनीश्वर ! लक्ष्मी हेर्दा रामणीय छिन् तर यिनको स्पर्शले सारा सद्‌गुणहरू नष्ट हुन्छन् । जस्तो विषको लहरा हेर्दा त राम्रो देखिन्छ तर स्पर्श गऱ्यो भने मृत्युपथमा पुऱ्याइदिन्छ त्यस्तो लक्ष्मी (धन) प्राप्त भएपछि मानिस आत्मपदबाट वञ्चित भएर महादुःखी हुन्छ, महादीन हुन्छ । आत्मानन्दप्राप्तिमा विघ्नकारिणी लक्ष्मी नै हुन् । धनको गर्वले मानिस अन्धो हुन्छ र आत्मपदबाट तल झरिहाल्छ, जब बत्ती बल्छ तब उज्यालो हुन्छ, रमाइलो हुन्छ, तर नश्वर भएको हुनाले त्यो बत्ती निभिहाल्छ । बत्ती निभेपछि प्रकाशको अभाव हुनु त छँदैछ, त्यसको

अतिरिक्त कालो गाजल पनि छोडेर जान्छ त्यस्तै धन पनि सधैं रहँदैन । जब धनको अभाव हुन्छ । तब त्यसले तृष्णारूपी वासना छोडेर जान्छ । त्यही वासनाले गर्दा जीव जन्ममरणरूपी महादुःखमा फसिहाल्छ, शान्ति पाउँदैन । धनले गर्दा नै शान्तिदायक गुणहरूको अभाव भइहाल्छ । हावा नचलेसम्म आकाशमा बादल अडेको देखिन्छ तर हावा लाग्न थालेपछि बादल सुइँकुच्चा ठोकिहाल्छ त्यस्तो धन नभएसम्म सद्‌गुणहरू त्यो मानिसमा रहन्छन् । धनले पदार्पण गरेपछि मानिसका राम्रा गुणहरू निमिटयान्न हुन्छन्, केवल अभिमानले बास गर्दछ । धनाभिमानीलाई शान्ति र सुख हुन सक्तैन ।

जो शूरवीर पराक्रमी भएर पनि बडप्पन लिदैन, जो सामर्थ्यशाली भएर पनि अरूलाई हेलाँ गर्दैन र सबैमा समदृष्टि राख्छ, जो धनवान् भईकन पनि गुणयुक्त हुन्छ - यी तीनथरी मानिस दुर्लभ हुन्छन् । यहाँ लक्ष्मी भनेर धनलाई बुझाइन्छ । तृष्णारूपी सर्पको विष बढाउनमा लक्ष्मी दूध हुन्, महामोहरूपी उन्मत्त हात्तीलाई घुमफिर गर्नको लागि लक्ष्मी घना जंगल हुन्, सद्‌गुणरूपी सूर्यकमलको लागि लक्ष्मी रात्रि हुन्, भोगरूपी चन्द्रकमलको लागि लक्ष्मी चन्द्रमा हुन्, वैराग्यरूपी कमलिनीको नाशको लागि लक्ष्मी हिउँ हुन्, ज्ञानरूपी चन्द्रमालाई आच्छादन गर्नको लागि लक्ष्मी राहु हुन् र मोहरूपी लाटोकोसेरोको लागि लक्ष्मी रात्रि हुन् त्यस्तै दुःखरूपी विज़ुलीको लागि लक्ष्मी आकाश हुन् र तृष्णारूपी लहरालाई बढाउन लक्ष्मी मेघ हुन् । एवं तृष्णारूप तरंगको लागि लक्ष्मी समुद्र हुन्, तृष्णारूप भ्रमरको लागि लक्ष्मी कमलिनी हुन् र दुःखमय जन्मरूप जलको लागि लक्ष्मी गहीरो जलाशय हुन् ।

हे मुनीश्वर ! यी लक्ष्मी हेर्दा सुन्दरी देखिन्छिन् तर यिनी दुःखको कारण हुन् । जस्तो खड्ग देखनमा सुन्दर छ तापनि स्पर्श गरेमा काटिहाल्छ र दुःख दिन्छ त्यस्तै लक्ष्मी पनि देखदा राम्री भएपनि स्पर्श गर्नाले दुःखदायिनी बन्छिन् । लक्ष्मी विचाररूपी मेघलाई नाश गर्नको लागि वायुसमान हुन् ।

हे ऋषिवर ! मैले विचार गरेर थाहा पाएं कि यो धनमा केही पनि सुख छैन । मानिसमा गुण त्यहांसम्म रहन्छन् जहाँसम्म लक्ष्मी प्राप्त हुन्नन् । लक्ष्मीले गर्दा नै मानिसका सारा शुभगुण नष्ट भएर जान्छन् । राम भन्नुहुन्छ - यसरी लक्ष्मीलाई दुःखदायक जानेर मैले त्याग गरेको हुँ । यो भोगविलास सारा मिथ्या हो । जस्तो आकाशमा विजुली क्षणभर प्रकट भएर हराइहाल्छ त्यस्तै लक्ष्मी पनि प्रकट भएर एकछिन पछि हराइहाल्छिन् । लक्ष्मीले मानिसलाई जड बनाइदिन्छ जस्तै ठण्डीले पानीलाई बरफ बनाइदिन्छ । यसरी लक्ष्मीलाई छलरूप जानेर मैले त्याग गरिदिएँ ।

(११) धनको क्षणभंगुरता

धन प्राप्त भएता पनि त्यो कति दिनको हो र । धन या लक्ष्मी भन्ने वस्तु कमलपत्रमा रहेको जलबिन्दु झैं अत्यन्त क्षणभंगुर छ । समुद्रको जलका तरङ्ग फैलिएको देखिएता पनि एकै छिनमा नष्ट भइहाल्छ त्यस्तो लक्ष्मी (धन) बढदै गए ता पनि नष्ट भइहाल्छ । बरु वायुलाई रोक्न, सकिएला, आकाशलाई चूर्ण गर्न र विद्युत्‌लाई रोक्न सकिएला तर लक्ष्मीलाई स्थिर गरेर राख्न

कोही पनि सक्तैन । धन पाएर जो अमर हुन चाहन्छ त्यो मूर्ख नै हो । धन पाएर भोगको इच्छा गर्नु त झन आपद्‌मा पर्नु हो । जस्तो अश्वतरी (घोड गदही) ले गर्भको इच्छा गर्नु आफ्नै नाशको इच्छा गर्नु हो त्यस्तो धनद्वारा बाँच्ने आशा गर्नु नाशको निमित्त नै हुनजान्छ । ज्ञानवान् मानिस जसको परम पदमा स्थिति छ उसको बाँच्नु सुखको निमित्त हुन्छ किनभने ज्ञानवान्‌बाट कति मानिसको कार्य सिद्ध हुन्छ र कति उपकृत हुन्छन् । ज्ञानवान्‌को जीवन चिन्तामणि हो जसबाट धेरै मानिस लाभान्वित हुन्छन् । जो सदा भोगको चाहना गर्छ र आत्मपदबाट विमुख छ त्यस्ताको जीवनमा केही सार छैन । शास्त्र पढेर पनि ज्ञान छैन भने त्यो शास्त्र भारमात्र हुन्छ । पहिले अध्ययन गर्नु पनि भार नै छ, अध्ययन गरेर पनि यदि सारतत्त्वलाई ग्रहण गर्दैन भने त्यो पनि ठूलो भार हो । मन सबैलाई प्राप्त छ । यदि मनमा शान्ति छ भने ठीकै छ, नत्र भने त्यो मन पनि भारनै हुन्छ । शरीर पाएर अर्थात्, बाँचेर आत्मपद प्राप्त गर्छ भने त्यो जीवन सफल जीवन हो, नत्र भने त्यो जीवन निष्फल हो ।

राम भन्नुहुन्छ - हे मुनीश्वर ! जस्तो सागरमा अनेक तरङ्ग उत्पन्न हुन्छन् र नष्ट हुन्छन् त्यस्तै लक्ष्मी (धन) पनि उत्पन्न हुन्छ र नष्ट भइहाल्छ अर्थात् धन क्षणविनाशी छ, यस्तो क्षण भंगुर लक्ष्मी र शरीर पाएर जो भोगको आशा राख्छ भने त्यो महामूर्ख हो । जस्तो सर्पको मुखमा परेको भ्याउतो कीरा खाने इच्छा गर्छ त्यस्तै मृत्युको मुखमा परेको जीव भोगको इच्छा गर्छ भने त्यसलाई महामूर्ख सम्झनु पर्छ ।

(१२) संसारमा सुख छैन

यो शरीर पाएर यदि अविनाशी आत्मपदको प्राप्तिका लागि अभ्यास गर्छ भने त्यो सुखी हुन्छ किनभने आत्मा सुखस्वरूप हो, यदि आत्मपदको लागि यत्न गरिदैन भने शरीरका बाल्य यौवन आदि अवस्था गुज्रेर गइहाल्छन् र मृत्युको मुखमा परिहालिन्छ भने यो शरीर पाएर र धन दौलत पाएर के भो ? के पुरुषार्थ हासिल भो ? यो जीवनको दुःखमय अवस्था देखेर म ज्यादै चिन्तित छु ।

गर्भावस्थामा यौटा सानो थैलीमा कुच्रेर बस्नु पर्दा कति दुःख होला त्यसको बयान नै छैन । जन्मेपछि बाल्यावस्थामा हुने दुःख सबैमा प्रत्यक्ष अवगत नै छ । युवावस्था अलिकति राम्रो र बलवान् हो ता पनि नदीको प्रवाह झैं स्वात्त चलिहाल्छ । त्यसपछि जो वृद्धावस्था आउँछ त्यसमा पनि असह्य दुःख कष्ट आइपर्छन् । आखिरमा शरीर रोगव्याधिले जर्जर भएर मृत्युपथको बटुवा बन्न पुग्छ । मृत्युले एकक्षण पनि उसलाई यहाँ बस्न दिदैन । जस्तो कामी पुरुष सुन्दरी नारीलाई हेरिरहन्छ त्यस्तो मृत्युले पनि मनुष्यलाई हेरिराखेको हुन्छ । हे मुनीश्वर ! मूर्खको जीवन दुःखको निमित्त हुन्छ जस्तो वृद्धावस्था दुःखको कारण हुन्छ त्यस्तो अज्ञानीको जीवन पनि दुःखको नै कारण हुन्छ । अज्ञानी मानिसको ता बाँच्नु भन्दा मर्नु नै श्रेयस्कर छ । दुर्लभ मनुष्यशरीर पाएर पनि जसले आत्मपद प्राप्तिको लागि यत्न गरेन भने त्यसले आफ्नो नाश आफैंले गर्‍यो, त्यो आत्मघाती हो । यो माया बहुतै सुन्दर देखिन्छे तापनि आखिर नष्ट भएर जान्छे । काठ बाहिर

राम्रो देखिएता पनि भित्र कीराले खाएको छ भने भाँचिइहाल्छ त्यस्तै यो जीव बाहिर सुन्दर देखिन्छ तापनि भित्र तृष्णारूपी कीराले खाइसकेको हुन्छ । जुन मनुष्य पदार्थलाई साँचो र सुखरूप ठानेर सुखको निमित्त त्यस पदार्थको आश्रय गर्छ भने त्यसबाट त्यसले सुख पाउन सक्तैन । यो संसार भ्रममात्र हो, यसमा सुखको चाहना गर्नु मूर्खतामात्र हो । यस प्रकार यो जगत्लाई असत्‌रूप जानेर निर्वासनिक हुने इच्छा गरेको छु ।

(१३) अहंकारको दुराशा

राम भन्नु हुन्छ - हे मुनीश्वर ! यो अहंकार अज्ञानबाट उत्पन्न भएको छ, यो महादुष्ट र परमशत्रु हो । यसले मलाई दबाइराखेको छ तर यो मिथ्या हो र दुःखको खानी हो भन्ने कुरा मैले जानेको छु । अहंकार बनेर तीर्थ, व्रत, दान, भजन आदि जो पुण्यकर्म गरिन्छ त्यो सब व्यर्थ हो, यसबाट परमार्थको लाभ हुँदैन । खरानीमा दिएको आहुति व्यर्थ भएझैं अहंकारपूर्वक गरिएका सबै काम व्यर्थ हुन्छन् । यस संसारमा दुःखको बीज नै अहंकार हो । जब अहंकारको नाश हुन्छ तब मात्र कल्याण हुन्छ । त्यस कारण हे मुनीश्वर ! यो अहंकारको नाशको उपाय मलाई बताउनुहोस् ।

जो सत्य वस्तु छ त्यसलाई त्यागन कठिन होला तर जो नाशवान् छ र भ्रमले मात्र देखिन्छ त्यस्तो वस्तु अर्थात् अहंकारलाई त्याग गर्नाले कल्याण हुन्छ - आनन्द मिल्छ । अहंकार भएसम्म शान्ति मिल्दैन । शान्तिरूपी चन्द्रमाको लागि अहंकार राहु हो । जबसम्म अहंकार रूपी मेघ गर्जेर वर्षा गरिरहन्छ तबसम्म तृष्णारूपी काँडाको मञ्जरी बढिरहन्छ । अहंकार भएसम्म तृष्णा बढिरहन्छ । विवेकरूपी हावा चलेपछि अहंकाररूपी मेघको अभाव हुन्छ अनि मात्र तृष्णारूपी विजुली नष्ट हुन्छ । जब अहंकारको नाश हुन्छ तब दुःखको पनि नाश हुन्छ । हे मुनीश्वर ! यो जो राम भन्ने म हुँ त्यो छैन, जब म नै छैन भने इच्छा कसको हुने ? त्यो अहंकार रहित पद प्राप्त होस् - यही एकमात्र मेरो इच्छा छ । हे मुनीश्वर मलाई यस्तो उपाय बताउनोस् जसबाट अहंकारको नाश होस् ।

जस्तो विन्ध्याचल पर्वतमा मत्त हात्तीहरू गर्जन्छन् त्यस्तो अहंरूपी विन्ध्यपर्वतलाई आश्रय गरेर मनरूपी मत्ता हात्ती संकल्प विकल्परूप नाना शब्द गर्दछ । त्यसकारण हे ऋषिराज ! त्यो अहंकार नाश हुने उपाय मलाई बताउनुहोस् । आत्मारूपी सूर्यलाई आवरण गर्ने मेघरूपी अहंकार हो । जब ज्ञानरूपी शरत्कालको आविर्भाव हुन्छ तब अहंकाररूपी मेघको नाश हुन्छ साथै तृष्णारूपी वर्षाको पनि अभाव हुन्छ । मैले विचारपूर्वक जानिसकेको छु कि अहंकार नै हो सर्व आपदाको मूल । त्यसकारण त्यो अहंकार नष्ट हुने उपाय मलाई बताउनुपर्‍यो ।

(१४) चित्तको दुष्टता

राम भन्नुहुन्छ - हे मुनीश्वर ! मेरो चित्त काम, क्रोध, लोभ, मोह, तृष्णा आदि दुर्गुणले जर्जर भएको छ, जुन महापुरुषमा हुने शुभ गुण विवेक, विचार, वैराग्य, धैर्य, सन्तोष आदि छन् ती

गुणहरूलाई ग्रहण गर्नुतिर लाग्दै लाग्दैन र सर्वदा विषयतिर मात्र जान खोज्दछ । विषय तिर भट्केर केही लाभहोस् त्यो पनि छैन । भुस्याहा कुकुर केही पाइन्छ कि भनेर ढोका ढोका चाहार्छ त्यस्तै यो चित्त पनि विषयतिर दगुरिरहन्छ तर केही पाउँदैन र कदाचित् पाइहाले पनि त्यसबाट तृप्त हुँदैन, झन तृष्णा बढिरहन्छ । जस्तो डोकोमा पानी राखेर कहिल्यै पूर्ण हुँदैन त्यस्तो यो चित्त विषयको भोग र पदार्थबाट कहिले पनि तृप्त हुँदैन, बरू तृष्णा बनिरहन्छ । यो चित्त महामोहको समुद्र हो, यसमा तृष्णारूपी तरंग उठिरहन्छन् र कहिले पनि स्थिर हुँदैन । वासनारूपी तरंगको वेगले मेरो अचल स्वभाव पनि चलायमान भएको छ । त्यसकारण यो चित्तले गर्दा म हैरान भएको छु । जस्तो जालमा परेको पक्षी दीन दुःखी हुन्छ त्यस्तो चित्तरूप शिकारीको वासनारूपी जालमा बाँधिएको म ज्यादै दुःखी भएको छु । बथानबाट छुटेर एक्लै परेकी मृगिणी झैं आत्मपदबाट छुट्टिएर म खिन्न भएको छु ।

हे मुनीश्वर ! यो चित्त सदा चलिरहन्छ, कहिले पनि स्थिर भएर बस्दैन । संकल्प विकल्पले यो चित्त खिन्न भएको छ । मन्दराचलले गर्दा क्षीरसमुद्र स्थिर नभएझैं वासनाले भरिएको चित्त स्थिर हुँदै हुँदैन । जस्तै हुरी बतासले सुकेको तृणलाई उडाएर टाढा टाढा पुऱ्याइदिन्छ त्यस्तै चित्तरूपी हुरीले मलाई आत्मपदबाट टाढा पुऱ्याइदिएको छ । आगोले सुकेको तृणलाई जलाएझैं यो चित्तले मलाई जलाएको छ । आगोबाट धुवाँ निस्केझैं चित्तरूपी आगोबाट तृष्णारूपी धुवाँ निस्केको छ त्यसैले गर्दा मैले ज्यादै दुःख पाएको छु । समुद्रगामिनी नदीलाई पहाडले रोके झैं आत्मपद पाउन म कति कोशिश गर्छु तर अज्ञानरूपी पहाडले रोकिदिन्छ । यो चित्त परम शत्रु हो, यसले मलाई आत्मातिर जान दिंदै दिंदैन । त्यसकारण चित्तरूपी शत्रुलाई नाश गर्ने उपाय बताउनुहोस् ।

जस्तो बालक आफ्नो छायाँलाई वेताल ठानेर डराउँछ त्यस्तो चित्तरूपी वेतालले मलाई स्पर्श गरेको छ र त्यसबाट भय भएको छ । त्यसकारण जसबाट चित्तरूपी वेताल नष्ट होस् त्यस्तो उपाय बताउनुहोस् । अज्ञानले मिथ्या वेताल चित्तमा दृढ भएर बसेको छ, त्यसलाई हटाउन म समर्थ छैन । आगोमा बस्नु, अग्लो पहाडमा चढनु, वज्रलाई चूर्ण गर्नु बरू सजिलो होला, तर चित्तलाई जित्नु महाकठिन छ । चित्त चञ्चल स्वभावको छ, थाममा बाँधेको वानर झैं यो चित्त वासनाले गर्दा कहिल्यै स्थिर हुँदैन । जलले आफ्नो द्रवतालाई छोड्दैन त्यस्तै चित्तले पनि आफ्नो चञ्चल स्वभावलाई छोड्दैन । सूर्य उदय भए दिन हुन्छ र अस्ताए दिनको नाश हुन्छ त्यस्तो चित्तको उदय भए त्रिलोकको उत्पत्ति हुन्छ र चित्त लीन भए जगत् पनि लीन भइहाल्छ । यो चित्त वासनारूपी शैय्यामा सुतेको छ र आत्मपद प्राप्तिको लागि जाग्दैन । हे मुनीश्वर ! चित्तको जालमा फसेको मलाई यसबाट छुटकारा दिलाउने साधन बताउनुहोस् । चन्द्रमा बादलको इच्छा गर्दैनन् त्यस्तै म भोगको इच्छा गर्दिन, लक्ष्मीको पनि चाहना गर्दिन । चित्तबाट नै सारा अनर्थ भएको छ, यसलाई जित्न कठिन छ । महापुरुषहरू चित्तलाई जितेर परम पद प्राप्त गर्छन् । त्यसकारण मैले पनि यो मनलाई जित्न सकियोस् त्यस्तो उपाय बताउनुहोस् ।

(१५) तृष्णाको निन्दा

राम भन्नुहुन्छ - हे ब्राह्मण ! कहिल्यै पूरा नहुने तृष्णारूपी हृदयस्थित अँध्यारो रात्रि छ जसमा कामक्रोध आदि दोषरूपी लाटोकोसेराका बथान चैतन्यरूपी आकाशमा फुर फुर गर्छन् । आफ्नो वास्तव स्वरूप प्राप्त गर्न असमर्थ हामीहरू जालमा पक्षीहरू फसे झैं तृष्णारूपी जालमा फसेर दुःखी भएका छौं । तृष्णानाम गरेको ज्वालाले यसरी डढेको छु कि अमृत छर्कनाले पनि त्यो डाहको शान्ति होला नहोला शंकै छ । ज्ञानरूपी कमललाई संकोच गराउने तृष्णारूपी भयानक कालरात्रि धैर्यधारी मानिसलाई पनि भयभीत तुल्याउँछे, आँखा भएकालाई पनि अन्धो पार्छे । तृष्णाको परवश भएपछि वैराग्य र तत्त्वाभ्यासरूपी आँखा बन्द हुन्छन् । त्यस्ता मानिसबाट सत्यासत्यको विचार हुन सक्तैन । तृष्णा दुष्टिनी छ, कसैमा शुभगुण देख्यो कि ती गुणलाई मारिहाल्छे । यो तृष्णा शुभगुणलाई देख्न सक्तिन, त्यसैले म दीन भएको छु । हावाले शुष्कतृणलाई उडाएर टाढा टाढा पुऱ्याइदिन्छ त्यस्तो तृष्णारूपी हावाले मलाई कहाँ पुऱ्याउँछ कहाँ, त्यसैले म आत्मपदबाट टाढा भएको छु । तृष्णारूपी बट्टामा दुःखरूपी रत्न रहेको छ । त्यसैले जहाँसम्म तृष्णा रहन्छ त्यहाँसम्म दुःख अनिवार्य भइरहन्छ । त्यसकारण हे ऋषिवर ! तृष्णानिवृत्तिको उपाय बताउनुहोस् । यो तृष्णा वैराग्यबाट मात्र निवृत्त हुन्छ अरू उपायले निवृत्त हुँदैन । जस्तो अन्धकारको नाश प्रकाशबाट मात्र हुन्छ त्यस्तो तृष्णाको नाश विषयको वैराग्यबाट हुन्छ अन्य उपायले हुँदैन् । संसारका दोषहरूमध्ये दीर्घकाल पर्यन्त दुःख दिइरहने तृष्णा यौटा महान् दोष हो जो अन्तः पुरमा आनन्दपूर्वक बसेको मानिसलाई पनि भयानक संकटमा पारिदिन्छ । साधारण मानिस पनि भन्छन् कि चिन्ता छोडेपछि मात्र तृष्णा गलेर जान्छ । चिन्ता - त्याग नै हो तृष्णारूपी विषूचिकाको निवारण गर्ने मन्त्र । तृष्णारूपी धुलोले अन्तः करणरूपी जललाई धमिलो गराएको छ । अन्तः करण शुद्ध नभईकन आत्मपद प्राप्त नहुने, अन्तःकरण शुद्ध हुनको लागि तृष्णा निवृत्त नभईकन नहुने । यो तृष्णा आत्मपद प्राप्तिमा तगारो बन्न गएको छ । त्यसकारण हे ऋषे ! त्यस्तो उपाय मलाई आज्ञा होस् जसबाट तृष्णाको नाश होस् र आत्मपद प्राप्त भएर सर्वदुःखको निवृत्ति होस्, आफ्नो आनन्दस्वरूपमा रमाएर रहन सकौं ।

(१६) स्थूलशरीरको निन्दा

यसरी सूक्ष्म शरीर (लिङ्ग शरीर) को निन्दा गरेर श्रीराम गुरु विश्वामित्रको अगाडि स्थूलशरीरको निन्दा प्रकट गर्नुहुन्छ । आन्द्रारूपी तारले जेलिएको विकारी जो स्थूल शरीर संसारमा देखिन्छ त्यो पनि दुःखको नै अखडा हो । यो शरीर यति नीच र शोचनीय छकि थोरैले पनि आनन्द मान्छ र थोरैले खिन्न हुन्छ । यो स्थूल शरीर अहंकाररूपी गृहस्थ बस्ने महान् घर हो, यो शरीर रहोस् वा नरहोस् मलाई वास्ता छैन । यो देहरूपी घरमा इन्द्रियरूपी पशु बाँधेका छन्, तृष्णारूपी घरका स्त्रीहरू यता उता फ्याक फुरुक गर्छन्, चित्तरूपी नोकरबाट आनन्द दिने यस्तो देहरूपी घर मलाई रुचिकर छैन । जिह्वारूपी वानरी बसेको, मुखरूपीद्वारले डरलाग्दो भएको,

दाँतरूपी हाडका टुक्रा देखिने यस्तो यो देहरूपी घर मलाई रुचिकर लाग्दैन । जुन शरीर रूपी घरमा सदा कलह भइरहन्छ र ज्ञानरूपी सम्पत्तिको प्रवेश हुँदैन यस्तो शरीरलाई म अंगीकार गर्दिन । शरीररूपी घरमा तृष्णारूपी चण्डी नारी रहन्छिन् तिनी इन्द्रियरूपी द्वारबाट हेरिरहन्छिन् र सदा कल्पना गरिरहन्छिन् त्यसले गर्दा त्यो घरमा (शरीरमा) शमदमादि सम्पत्तिको प्रवेश हुँदैन । त्यस घरमा यौटा सुषुप्तिरूपी शैय्या छ, घरको मालिक (जीव) जब त्यो शैय्यामा लेटेर आराम लिन्छ तब केही क्षण सुख पाउँछ, तर कामक्रोध आदि तृष्णाका परिवारले धेरैबेर विश्राम गर्न दिँदैनन् अर्थात् सुषुप्तिबाट जागिहाल्छ र संसारको दुःखमा फसिहाल्छ । हे मुनीश्वर ! यस्तो दुःखको मूल भएको शरीररूपी घरको इच्छालाई मैले त्यागेको छु । धन सम्पत्ति, राज्य र यो शरीरले पनि केही काम छैन किनभने कतिपय दिनमा यिनीहरूलाई कालले खाइहाल्छ ।

यो शरीर कहाँबाटआयो, कहाँजान्छ ? यसको आदि अन्त केही देखिँदैन । जस्तो समुद्रमा बुद्‌बुद उत्पन्न हुन्छन् र नष्ट भइहाल्छन्, त्यसको आस्था गरेर कुनै लाभ छैन त्यस्तै यो शरीर पनि उत्पादविनाशशाली हो, यसको आस्था गर्नु ठीक होइन । जस्तो विजुली स्थिर हुँदैन त्यस्तो यो शरीर पनि स्थिर रहँदैन । यसकारण मैले यो शरीरको आस्था छोडिसकेको छु । अब मेरो कुनै कामना छैन, म निराशी पुरुष हुँ, शरीर सित मेरो कुनै प्रयोजन छैन । हजूरले यस्तो उपाय बताउनुहोस् जसबाट म परमपद प्राप्त गर्न सकूँ । जसले शरीरको अभिमान त्याग्यो त्यो परम सुखी हो, जसको शरीरमा अभिमान छ त्यो परम दुःखी हो । जति पनि दुःख छन् ती शरीरको संयोगबाट नै हुन्छन् । मान-अपमान, जरा-मृत्यु, दम्भ-भ्रान्ति, शेक-मोह आदि सबै विकार देहको संयोगबाट नै हुन्छन् । जसको देहमा अभिमान छ तिनलाई धिक्कार छ । जो शरीरको आस्था गरेर त्यसमा अहंकार गर्छ र जगत्‌का पदार्थको निमित्त यत्न गर्छ त्यो महामूर्ख हो । जस्तो स्वप्न मिथ्या छ त्यस्तै यो जगत् मिथ्या हो । जस्तो पुतलीले बत्तीको इच्छा गर्नु आफ्नै नाशको लागि हुन्छ त्यस्तै अज्ञानीले देहमा अभिमान गरेर भोगको इच्छा गर्नु आफ्नै नाशको लागि हुन्छ । हे मुनीश्वर ! म त यो शरीरलाई अंगीकार गर्दिन, किनभने यो शरीरको अभिमान दुःखको मूल हो । म निराश छु । मलाई केवल परम पदको इच्छा छ जसलाई पाएपछि संसार समुद्रमा पर्नु पर्दैन ।

(१७) अवस्थाहरूको निन्दा, वाल्यावस्थाको निन्दा

राम भन्नुहुन्छ - हे मुनिवर ! संसारमा जन्मेर सर्वप्रथम यो जीवलाई जो बाल्यावस्था प्राप्त हुन्छ त्यो पनि नानाप्रकारका दुःखको मूल हो । बालकमा अनेक अवगुण - असामर्थ्य, मूर्खता, इच्छा, चपलता, दीनता, दुःख, सन्ताप आदि प्रवेश गर्छन् । बालक पदार्थ पाउन दगुर्छ, यौटा वस्तु पाएपछि फेरि अर्को वस्तुको चाहना गर्छ, एकछिन पनि स्थिर भएर बस्न सक्तैन । बालक रिसाएर पनि केही गर्न सक्तैन र भित्र भित्रै जलिरहन्छ । ऊ नाना प्रकार इच्छा गर्छ तर सबै इच्छा पूरा हुँदैनन्, त्यसैले तृष्णा बढिरहन्छ । बालकमा मूर्खता यस्तो हुन्छ कि कहिलेकाहिं खुसी भएको बेलामा सारा भुवनको भोग गर्ने र चन्द्रमालाई हत्केलामा ल्याउने इच्छा हुन्छ । यस्तो बाल्यावस्था कसरी सुखदायक होला ? हे मुनीश्वर ! बालकको संगत गर्ने मानिस पनि मूर्ख नै हो किनभने

बालकमा विवेक हुँदैन । बालक सदा पदार्थ तिर मात्र धावमान हुन्छ । जस्तो कुकूर घर घरमा दगुर्छ र अपमान पाउँछ त्यस्तै बालक पनि समय समयमा अपमानित हुन्छ । आफ्नै माता पिता र आत्मीय जनबाट पनि बालक भयभीत रहन्छ । बालकका चेष्टा व्यर्थ हुन्छन् । ग्रीष्म ऋतुमा पृथ्वी तपायमान भए झैं बालक सदा तापयुक्त भइरहन्छ । बालकमा ठूला ठूला दुःख कष्ट हुन्छन् तिनको निवारण गर्ने सामर्थ्य उसमा हुँदैन, त्यसैले भित्र जलिरहन्छ, बाहिर मुखले केही भन्न सक्तैन । यस्तो बालक अवस्थाको इच्छा गर्ने मानिस मूर्ख हो । मलाई यस्तो दुःखमय र अवगुणको खानी भएको बाल्यावस्था प्राप्त गर्ने इच्छा छैन ।

(१८) युवावस्थाको निन्दा

श्रीराम विश्वामित्रका सामु आफ्नो मनको उद्गार व्यक्त गर्दै भन्नु हुन्छ । जब मानिस बाल्यावस्था पार गरेर यौवन अवस्थामा आरोहण गर्छ त्यो पनि निपात (स्वरूपबाट तल झर्नु) को लागि नै हुन्छ । युवावस्थामा मन कामादि दोषले दूषित हुन्छ अतएव निराकुल मार्गको अवलम्बन गर्न सक्तैन । जब यौवन प्राप्त हुन्छ तब अज्ञानी मानिसको चित्तमा कामरूपी पिशाच प्रवेश गर्छ र त्यसको वशमा परेर जीव परिणाममा अनर्थकारी भोगादिमा लिप्त रहन्छ । बुद्धि बहुविषयको ज्ञान गर्ने क्षमता भएको र सत्त्व गुणबाट बनेको हुनाले पवित्र मानिन्छ तापनि यौवनमा कामरूपी पिशाचले ग्रस्त भएको हुनाले वर्षाकालको नदी झैं कलुषित भएर विचार परायण हुन सक्तैन । युवावस्था पनि एक अन्धकारमय रात्रि नै हो, जसमा काम, क्रोध, लोभ, मोह अहंकार प्रभृति चोरहरू आएर विवेक, विचार, आत्मज्ञान रूपी धन लुटेर लैजान्छन् । त्यसैले युवावस्थामा पनि जीव आत्मानन्दबाट वियुक्त भएर दीन दुःखी बनेर विचरण गर्छ । यस्तो दुःखदायी युवावस्थालाई म अङ्गीकार गर्दिन । चित्त स्थिर भए शान्ति मिल्ने थियो तर युवावस्थाको चित्त वाण लक्ष्यतिर अग्रसर भए झैं विषयतिर धावमान हुन्छ । जब चित्तको विषयका साथ संबन्ध हुन्छ तब तृष्णा क्रमशः बढ्दै जान्छ । तृष्णाले गर्दा जन्मपरम्परा चलिरहन्छ र दुःखको अवसान हुँदैन । यस्तो दुःखदायी युवावस्थाको मलाई इच्छा छैन ।

युवावस्था देख्दा राम्रो छ तापनि भित्र घुन लागेको काठ झैं तृष्णाले जर्जर भएको हुन्छ । भोगबाट मानिसलाई शान्ति मिल्दैन । भोग आपात रमणीय हो । जब भोग्य विषयका साथ वियोग हुन्छ । तब असह्य वेदना हुन्छ । वियोगको वेदनाले मानिस पागल बन्छ । अवगुणले भरिएको यो युवावस्था आएको म हेर्न चाहन्न । पुत्रको मरण पिताको लागि असंह्य दुःख दायक हुन्छ त्यस्तै मेरो निम्ति यो युवावस्था आउनु पनि अत्यन्त दुःखको कारण हो । हे मुनीश्वर ! यो युवावस्था पार गर्नु बडो कठिन छ । नम्रता भन्ने युवावस्थामा देख्न पाइदैन । शास्त्रमा बताएका जुन सद्गुण विवेक, विचार, सन्तोष, शान्ति, समता आदि युवावस्थामा देखिंदैनन् । यी सद्गुणहरू यदि युवावस्थामा देखिए भने आश्चर्य नै मान्नु पर्छ । त्यसकारण युवावस्थाको दुःखबाट मुक्त भएर आत्मपद प्राप्त गर्न सकौं, त्यस्तो उपाय बताउनुहोस ।

(१९) स्त्रीनिन्दा

श्रीराम युवास्थाको निन्दाको प्रसंगमा स्त्रीनिन्दा प्रकट गर्दै भन्नुहुन्छ - युवकहरू स्त्रीको शरीरलाई अत्यन्त सुन्दर मानेर भोगको निम्ति लालायित हुन्छन् तर विचारपूर्वक हेरेको खण्डमा स्त्रीका शरीरका प्रत्येक अङ्गमा केपो राम्रो छ र ? नारी शरीर भन्नु पनि त अरू शरीर जस्तै हाड, मासु, रगत, विष्ठा र मूत्रले परिपूर्ण यौटा पुतली नै त हो नि । हाड, छाला, रगत र मासुलाई पृथक् गरेर हेरेमा नारीशरीरमा के पो रमणीय छ र त्यसमा मोहित हुन्छौ । टाढाबाट हेर्दा, सुमेरु पर्वतको तटमा रमणीय गंगाप्रवाह बगेको देखिन्छ तर नजीकै गएर हेर्दा ढुङ्गा सिवाय केही सार देखिदैन त्यस्तै नारीको स्तनमण्डल मोतीको हार आदि आभूषणले गर्दा रमणीय देखिन्छ तर वास्तवमा सार केही छैन । त्यही स्तन मसानमा भातको डल्लो झैं श्यालहरूले यताउता तानेर खाइन्छ भने त्यसमा के सार छ र जीवित अवस्थामा मोहित होइन्छ ।

स्त्रीरूपी सर्पिणीको फूत्कार निक्लन थालेपछि वैराग्यरूपी कमल सुक्न थाल्छ, सर्पिणीले डसिहालेपछि त विष चढन थाल्छ र विषको रन्कोमा मानिस छटपटाउन थाल्छ । जसको स्त्री छ अर्थात् जो स्त्रीको भावना गर्छ त्यसको भोगेच्छा बढेर आउँछ । यदि स्त्री छैन भने अर्थात् स्त्रीको भावना गर्दैन भने त्यसलाई भोगको इच्छा कसरी होला ? स्त्रीको त्याग भएपछि जगत् नै त्यागिएको हुन्छ । जगत्‌को त्याग भए मानिस सुखी हुन्छ । कामी पुरुष भोग्य विषयमा लालायित हुन्छ र भोग प्राप्त भए प्रसन्न हुन्छ । ज्ञानी पुरुष भोगको इच्छा गर्दैन र भोगबाट प्रसन्न हुँदैन । न्याउरी मुसाले जस्तो सर्पलाई दुलोबाट निकालेर मार्छ त्यस्तो स्त्रीले पुरुषलाई आत्मानन्दबाट निकालेर मारिदिन्छे । युवावस्था एक प्रकारको संग्राम हो त्यसमा जो स्त्रीरूपी खड्गबाट बच्न सकेको छ त्यो धन्य हो, त्यसलाई म नमस्कार गर्छु । हे मुनीश्वर ! रोग लागेपछि रोग अनुसारको औषधि गरेपछि त्यो रोग निवृत्त हुन्छ । मेरो रोग हो जरा र मृत्यु, त्यसलाई नाश गर्ने औषधि मलाई दिनुहोस् । जस्तो कुपथ्यले रोग बढ्छ त्यस्तो भोगले जरा र मृत्युरूपी रोगको उपचय हुन्छ । त्यसकारण हे ऋषिवर ! जरामृत्युरूपी रोगलाई निर्मूल पार्ने औषधि मलाई प्रदान गर्नुहोस् ।

(२०) जरावस्था

बाल्य अवस्था एक प्रकारको जाडयपूर्ण अशक्त अवस्था हो, यसलाई युवावस्थाले ग्रास गरिदिन्छ । युवावस्था अरू अवस्थाभन्दा सामर्थ्यशाली भए तापनि नाना प्रकारको चिन्ता र अपूरणीय भेगेच्छाले गर्दा मनमा शान्ति र प्रसन्नताको अनुभव हुन पाउँदैन । आज भोलि भन्दा भन्दै कसैको पनि मन नपर्ने जरावस्था आएर युवावस्थालाई खाइहाल्छे । यो जरावस्थाले मानिसलाई अनायास नाना प्रकारको दुःख दिन थाल्छे । सौताले सताइएकी स्त्रीले घर छोडेर भागे झैं जराजीर्ण शरीरलाई छोडेर बुद्धि पनि भाग्छे । आफ्नै नोकर चाकर, छोरा छोरी, बन्धुबान्धव तथा इष्टमित्रहरू पनि काँपतै हिंडेको बूढालाई देखेर पागललाई देखेर हाँसे झैं हाँस्छन् । बृद्धलाई कोही पनि हेर्न चाहदैन किनभने उसको शरीर जीर्णशीर्ण छ,, दीनहीन अवस्थामा पुगेको छ, अहिले त्यो मानिसमा गुण तथा पराक्रम केही छैन । यस्तो अशक्त अवस्थामा पुगेको बृद्ध मानिसको पेट्मा भने अनेक थरीका वैषयिक तृष्णा दौडिरहन्छन् । वृद्धावस्थामा पनि सहज प्राप्त हुने यही यौटा विषयको

तृष्णा सहचरी भएर रहन्छे । यो तृष्णा कसैको पनि पूर्ण हुँदैन । यसैले गर्दा बृद्धावस्थामा मानिस दीनहीन देखिन्छ । जहाँ विषयको तृष्णा रहन्छ त्यहाँ सारा आपद् विपद् खनिन्छन् । जो सारा तृष्णालाई छोडेर एकान्तमा बसेको छ उसलाई आपद् विपद्ले छुन सक्तैन । फेरि बूढो मानिसलाई परलोक सम्बन्धी चिन्ताले साह्रै सताएको हुन्छ । यो जरावस्था बडो दुष्ट छ जसले ठूला ठूला योद्धा वीरहरुलाई पनि दीन दु:खी तुल्याउँछ । आकाशमा उडेको चीलले जस्तो जमीनमा रहेको मासु उडाएर लैजान्छ त्यस्तो कालरूपी चीलले जराले जीर्ण भएको शरीररूपी मासुलाई उडाएर लैजान्छ अर्थात् जराजीर्ण शरीरलाई कालले खाइहाल्छ । त्यसकारण हे मुनीश्वर ! मलाई यस्तो उपाय बताउनुहोस जसबाट पुन: यो शरीर लिन नपरोस् ।

(२१) कालनिन्दा, काल-विलास तथा सर्व-पदार्था-भाववर्णन

पुण्यको प्रारब्धले गर्दा कदाचित् मानिसलाई सुख मिल्छ र म सुखी छु भन्ने भावना गर्छ तर अनित्य भएको हुनाले त्यो सुखलाई पनि एकदिन कालले ग्रास गरिहाल्छ । ज्ञानवान् मानिस संसारलाई मिथ्या जानेर सांसारिक पदार्थको इच्छा गर्दैन, अत एव संसाररूपी जालमा फसदैन । अज्ञानी मानिस चाहिं संसारलाई साँचो मानेर संसारका पदार्थको आस्थारूपी जालमा फस्तछ र भोगको इच्छा गर्छ । यो सारा सांसारिक सुख आगमापायी भएको हुनाले नाशवान् छ । यो अस्थिर सुखलाई कालले ग्रास गरिहाल्छ । जस्तो पाकेको अनारलाई मुसाले खान्छ त्यस्तो सारा सांसारिक पदार्थलाई कालले निलिहाल्छ । यो काललाई कोही पनि जान्न सक्तैन । क्षण, घडी, प्रहर, दिन, मास र वर्ष आदि रूपले काल घुमिरहन्छ, मूर्त रूपमा काल प्रकट हुँदैन । यो काल कसैलाई पनि स्थिर रूपले रहेको देख्न सक्तैन । यो काल यस्तो आश्चर्यकारी छ कि जो भोजन गरेर पनि तृप्त हुँदैन । जस्तो घिउको आहुतिबाट अग्नि तृप्त हुँदैन त्यस्तो यो जगत् र सम्पूर्ण ब्रह्माण्डकै भोजन गरेर पनि काल तृप्त हुँदैन । यो काल यस्तो विचित्र स्वभाव भएको छ कि इन्द्र जस्ता ऐश्वर्यसम्पन्नलाई पनि गरीब हरिकंगाल तुल्याइ दिन्छ, गरीबलाई इन्द्र तुल्याइदिन्छ, सुमेरुलाई रायो र रायोलाई सुमेरु तुल्याइदिन्छ, यस्तै बूँदलाई समुद्र र समुद्रलाई बूँद बनाइदिन्छ, यस्तो शक्ति कालमा छ ।

कालको अगाडि कोही स्थिर भएर रहन सक्तैन । यो काल बडो निर्दयी र कठोर छ । कसैका उपर पनि यसले दया गर्दैन । यो कालदेखि म पनि भयभीत छु । त्यसकारण मलाई यस्तो उपाय बताउनुहोस् जसबाट म कालदेखि निर्भय हुन पाऊँ ।

यो काल अति पराक्रमी र अति तेजस्वी छ, यसको तेजको सामु कोही पनि ठहर्न सक्तैन । यसले उच्चलाई नीच र नीचलाई उच्च बनाइदिन्छ । यो काललाई निवारण गर्न कोही सक्तैन । सब उसबाट भयभीत भएर काँपेका छन् । यो महाभैरव हो । यसले समस्त विश्वलाई खाइदिन्छ । यो विशाल सागर जस्तो छ यसलाई नाघन कोही सक्तैन । महाकालरूप जो रुद्र छन् ती देखि अभिन्न कालिका छिन्, तिनी सबैलाई पान गरेर भैरवनृत्य र भैरवी नृत्य गर्छिन् । त्यो काल र कालिकाको विशाल आकार छ, उनको आकाश शिर र पाताल पाउ हो, दश दिशा हात हुन् ।

सप्त समुद्र कङ्कण र पृथ्वी हातको पात्र हुन् र त्यहाँका जीव भोज्य हुन्। हिमालय र सुमेरु कानका दुइ कुण्डल हुन्। चन्द्र सूर्य दुई आँखा र तारागण शिरका बिन्दु हुन्। कालको हातमा त्रिशूल र मुशल शस्त्र छन् भने कालिकाको हातमा ताँतरूपी फाँसी छ जसद्वारा जीवलाई मार्दछिन्। यस्ती कालिका देवीं सारा जीवलाई ग्रास गरेर महाभैरवको अगाडि नृत्य गर्दै मुखबाट अट्टहासका शब्द निकाल्छिन् र जीवहरूलाई भोजन गरेर तिनको मुण्डमाला गलामा लगाउँछिन्।

कालरूपी भैरवका सामु कोही टिक्तैनन्। जहाँ उजाड छ त्यहाँ क्षणमा बस्ती बसालि दिन्छ र जहाँ बस्ती छ त्यहाँ क्षणमा उजाड तुल्याइदिन्छ । त्यसैले उसलाई देव भन्छन् । त्यो ठूला ठूला वस्तुहरूलाई उत्पन्न गर्छ र नष्ट पनि गर्छ, कसैलाई स्थिर रहन दिँदैन । त्यसो हुनाले त्यसलाई कृतान्त भन्छन् जो नित्य पनि छ। यसको परिणाम अनित्य छ र त्यसलाई कर्म भन्छन्। जस्तो बालकले अनायास माटोका सेना बनाउँछ र नष्ट पनि गर्छ त्यस्तै काललाई पदार्थहरू उत्पन्न गर्न र नष्ट गर्न यत्न चाहिँदैन, अनायास उत्पत्ति र विनाश गरिरहन्छ, कालरूपी माझीले क्रियारूपी जाल फैलाएको छ त्यसमा जीवरूपी पक्षी फस्तछन् र दुःख कष्ट पाउँछन्। हे मुनिवर ! सारा पदार्थ नाशवान् छन्, म कसको आश्रय लिऊँ, जसबाट सुख मिलोस्। स्थावर जङ्गमरूप यो जगत् कालको मुखमा छ। त्यसकारण सारा पदार्थ विनाशशील छन् भन्ने कुरा मैले देखेको छु। यसकारण जो निर्भय पद हो त्यो मलाई बताउनुहोस्।

(२२). जगद्-विपर्यय

स्थावर र जंगमरूपमा जो जो जगत् दृष्टिगोचर भएको छ त्यो सब विनाशशील हो। जो जलशून्य खाडी थियो त्यो जलपूर्ण समुद्र बन्यो, जो समुद्र थियो त्यो जलरहित केवल खाडी मात्र बन्यो। सुन्दर वाग वगैंचा शून्य स्थानमा परिणत भयो र शून्य स्थान चाहिं सुन्दर वृक्षले सुशोभित वनको रूपमा परिणत भयो। उजाड जमीन बस्तीले परिपूर्ण र बस्ती बसेको ठाउँ उजाड बन्न पुगेको छ। जहाँ गहीरो खाडल थियो त्यहाँ ढसमस्स पर्वत बसेको छ र जहाँ पर्वत थियो त्यहाँ मैदान बन्न गएको छ। हे मुनिवर ! यसरी देखता देख्तै सारा पदार्थको विपर्यय भइरहेको छ। कुनैपनि पदार्थ स्थिर छैन भने म कुन पदार्थको आश्रय गरौं र के पाउन यत्न गरौं। बडा बडा कर्तव्यनिष्ठ, ऐश्वर्यशाली, पराक्रमी र तेजस्वी यशस्वी व्यक्ति पनि मरणमात्रको शरणापन्न हुन पुगे भने मजस्ताको के कुरा गरौं। सबै नाशवान् भएपछि त घडी पलामा छोडेर जानै पर्छ। त्यसकारण कुनै पनि पदार्थ पाउने इच्छा मेरो मनमा छैन। म त एकमात्र अविनाशी आत्मपद प्राप्त गर्न चाहन्छु।

यो संसारमा कुनै पनि कुरा स्थिर छैन। एकै छिनमा एक थोकको अर्को थोक बन्न जान्छ। एक छिनमा धनी गरीब हुन्छ र गरीब धनवान् बन्न जान्छ। यस संसारमा स्थिरता पाइदैन। ज्ञानवान् मानिस यसको आस्था गर्दैनन्, जस्तो नटुवा धेरै रूप लिन्छ त्यस्तो यो जगत्मा पुरुष स्त्री बन्छ र स्त्री पुरुष बन्छ। कहिले मनुष्य पशु हुन्छ र पशु मनुष्य हुन्छ। स्थावर जंगम बन्छ र जंगम स्थावर बन्छ। मनुष्य देवता बन्छ र देवता मनुष्य हुन्छ। त्यसो हुनाले संसारमा कुनैपनि

पदार्थ स्थिर छैन । हे मुनिवर ! जति पनि पदार्थ दृष्टिगोचर छन् ती सब नाश हुँदै रहन्छन्, स्थिर भन्नु केही छैन । नदीहरू वडवाग्निमा लीन हुन्छन् । जति पनि पदार्थ छन् ती सब अभावरूपी वडवाग्निमा प्राप्त हुन्छन् । ठूला ठूला बलिष्ठ विख्यात मानिस पनि देख्ता देख्तै अभावको गह्वरमा विलीन भएका छन् । हे मुनिवर ! हामी जुन पदार्थ पाउन इच्छा गरिरहेका छौं ती सब कालको ग्रास बनेका छन् । त्यस कारण के चिताउनु ? के इच्छा गर्नु ? चिताउनाले नै संसार रमणीय भासेको छ, त्यसैले जीव यसमा भडकिरहेको छ, कहिले माथि कहिले तल कर्मवशात् जीवको आउनु जानु चलिरहन्छ, स्थिर भएर बस्न सक्तैन, यस्ता क्षणभङ्गुर पदार्थको इच्छा गर्ने मानिस महामूर्ख हो । जो आत्मविचारमा लागेको छ उसको लागि यो जगत् रज्जुसर्प झैं भ्रमरूप भासेर आउँछ । आत्मविचाररहित मूर्ख मानिसको लागि मात्र यो जगत् रमणीय भास्दछ, तर यो जगत् देख्ता देख्तै नष्ट भएर जान्छ । स्वप्ननगर झैं क्षणमा नष्ट भएर जाने यस्तो संसारको इच्छा म कसरी गरौं ? त्यसैले म इच्छारहित भएर बसेको छु । विषमिश्रित लड्डु खाने मानिस जसरी मृत्यु प्राप्त गर्छ त्यसरी नै विषयलाई सुन्दर ठानेर भोग गर्नेवाला मानिस नष्ट भएर जान्छ ।

(२३) भोगबाट विरति

भोगरूपी अग्निमा विषयका कीराहरू जलिरहेका छन् । भोगले गर्दा नै मानिस दीन हीन बन्न पुगेको छ । काम, क्रोध र दुराचारले गर्दा मानिसका शुभ गुण नष्ट भएर जान्छन् । मानिस जति जति भोग विलासमा इच्छा बढाउँछ त्यति त्यति त्यसको वासना पनि बढदै जान्छ । आखिर जीव त्यही वासनारूपी धागोले संसारमा बाँधिन्छ । भोगेच्छा नै बन्धनको कारण हो । भोगेच्छाले गर्दा नै जीव संसारमा भडकिरहन्छ, शान्ति पाउँदैन । त्यसकारण मलाई भोगको इच्छा छैन । न राज्यको इच्छा छ, न वनको न वा घरको इच्छा छ । म मृत्युदेखि पनि दु:ख मान्दिन र बाँच्नुमा सुख पनि मान्दिन । मलाई कुनै पदार्थ सम्बन्धी सुख चाहिएको छैन, सुख भन्ने कुरा त केवल आत्मज्ञानबाट मात्र प्राप्त हुन्छ, अन्य कुनै पदार्थबाट सुख प्राप्त हुँदैन । जस्तो सूर्यको उदयविना अन्धकार नष्ट हुँदैन त्यस्तो आत्मज्ञान विना संसारको दु:खको नाश हुँदैन । त्यसकारण हजूरले यस्तो उपाय बताउनु पऱ्यो जसबाट मेरो अज्ञान नष्ट होस् र सुखी बन्न पाऊँ।

हे मुनीश्वर ! भोग गर्नेवाला अहंकारलाई मैले त्याग गरिदिएँ, अब भोगको इच्छा मबाट कसरी होला ? सर्पको विषको स्पर्शले एक जन्ममात्र नष्ट हुन्छ, विषयरूपी विषको स्पर्शले ता अनन्त जन्म नष्ट भइराखेको छ । त्यसकारण विषय नै भयानक विष हो र विषय भोग नै सम्पूर्ण दु:खको कारण हो । त्यसकारण जसबाट मेरो हृदयको अन्धकार नष्ट हुन्छ त्यस्तो उपाय मलाई बताउनु होस् ।

(२४) वैराग्यको प्रयोजन

अज्ञानी मानिस संसारको खाडलमा पर्छ र असह्य दु:ख पाउँछ । अज्ञानीलाई शान्तिसुख प्राप्त हुँदैन । वृद्धावस्थामा तागत नभएर शरीर हल्लन थाल्छ तैपनि तृष्णा भने बढिरहन्छ । नीमको रूख जति बढ्दै जान्छ त्यति तीतो पनि बढ्दैजान्छ त्यस्तो मानिस जति जति बूढो हुँदैजान्छ त्यति त्यति तृष्णा बढ्दैजान्छ । त्यसो हुनाले अज्ञानी मानिसलाई बूढो भएर पनि शान्ति प्राप्त हुँदैन । हे मुनिवर ! वर्षाकालमा भेलले गर्दा जस्तो नदीको जल मैला हुन्छ त्यस्तो जगत्का पदार्थले गर्दा मेरो मन मलिन भएको छ । हेमन्त ऋतुमा रूखका मञ्जरी सुकेझैं जगत्का पदार्थदेखि मेरो मन विरस भएको छ । जगत्का पदार्थ मूर्खलाई रमणीय प्रतीत हुन्छन् । जस्तो पानीले भरिएको खाडलमा माथि तिर घाँसले ढाकेको हुन्छ, मृगको पाठो चर्दै जाँदा त्यहाँ रमणीय घाँस देखेर पस्छ र खाडलमा खसेर दु:ख पाउँछ त्यस्तो यो मूर्ख जीव भोगलाई रमणीय ठानेर विषयरूपी खाडलमा खस्छ र महादु:ख पाउँछ । हे मुनीश्वर ! जगत्को पदार्थ देखेर मेरो बुद्धि चञ्चल भएको छ त्यसकारण मलाई त्यस्तो उपाय बताउनुहोस् जसबाट मेरो बुद्धि पर्वत झैं अचल बनोस् र जसलाई पाएपछि फेरि अरू कुरा पाउने इच्छा हुँदैन त्यस्तो निर्भय, निराकार, परमानन्द स्वरूप परमात्मालाई प्राप्त गर्न सकौं ।

यो संसार र संसारका कर्म मोहकारक छन् यसमा फसेर शान्ति प्राप्त हुँदैन । जनकादि राजाहरू शान्तिमान् थिए भन्ने सुनिन्छ । उनीहरू संसारमा रहेर पनि कमलपत्र झैं निर्लिप्त थिए । उनीहरूको समझ कस्तो थियो सुन्न पाऊँ र हजूरहरू जस्ता सन्तजन संसारको भोग भोगेका देखिनुहुन्छ र जगत्का सारा चेष्टा गरेर पनि कसरी निर्लेप रहन सक्नुहुन्छ त्यो जुक्ति पनि मलाई बताउनुहोस् । संसारका पद पदार्थले गर्दा यो बुद्धि मलिन र चञ्चल भएको छ अब यो बुद्धि कसरी निर्मल र पर्वत झैं अचल स्थिर हुन सक्छ त्यस्तो उपाय मलाई बताउनुहोस् । यो दृश्यले मलाई दु:ख दिएको छ, यसको नाश कसरी होला ? आत्मज्ञानको प्रकाशको उदय कहिले होला जसबाट मोहरूपी अन्धकार नष्ट होस् । बादलले चन्द्रमालाई ढाके झैं बुद्धिको मलिनताले म नै आच्छादित भएको छु अब कसरी यो आवरण नष्ट हुन्छ र आत्मानन्द प्राप्त हुन्छ त्यो सुन्न पाऊँ । अब मलाई न घरमा रहने इच्छा छ न वनमा जाने । मलाई त्यही पद पाउने इच्छा छ जसलाई पाएपछि अन्त:करण शान्त होस् ।

(२५) अनन्य त्याग

कर्कलाको पातमा रहेको जलविन्दु झैं क्षणभङ्गुर जीवनमा आस्था राखेर धेरै बाँच्न खोज्ने मानिस मूर्ख हो । विरालोले मुसोलाई समाते झैं कालले सबैलाई पकडिहाल्छ । हे मुनीश्वर ! यो जगत्रूपी रोग लागेको छ त्यसको निवारक युक्ति बताउनुहोस् जसबाट भ्रम निवृत्त भएर परम शान्ति प्राप्त हुन सकोस् । जब चन्द्रमामा कलङ्क लाग्छ तब चन्द्रमा सुन्दर देखिदैनन् त्यस्तै मेरो चित्तरूपी चन्द्रमामा कामरूपी कलंक लागेको छ, त्यसैले यो चित्त उज्वल देखिदैन । यो चित्त

केही गरेपनि स्थिर हुन सकेको छैन । यसलाई स्थिर गर्ने उपाय सुन्न पाऊँ । संसाररूपी जङ्गलमा भोगरूपी सर्प बस्तछ र जीवलाई डस्छ, त्यसबाट बच्ने उपाय सुन्न पाऊँ । कर्ममा रागद्वेषले प्रवेश गरेको हुन्छ, मलाई रागद्वेषले स्पर्श गर्न नसकोस् त्यस्तो उपाय बताउनुहोस् । रागद्वेष निवृत्त भएर जसरी हजूरहरूको मनमा शान्ति र शीतलता छाएको छ त्यस्तो युक्ति बताउनुहोस् । जहाँसम्म त्यो युक्ति पाउँदिन त्यहाँसम्म म भोजन, जलपान र स्नानादि क्रिया केही पनि गर्दिन र निरहङ्कार भएर बसिरहनेछु । न मेरो देह छ र न म नै देह हुँ । सारा त्यागेर चित्रलिखित मान्छे झैं अचल भएर बस्नेछु । यसरी बस्ता बस्ता श्वास प्रश्वासको क्रमले अनर्थपूर्ण यो देह समाप्त हुनेछ तबमात्र महाशान्ति पद प्राप्त होला । यति निवेदन गरेर रामजी चूप लाग्नुभो ।

(२६) सिद्ध तथा मुनिसमाज

वाल्मीकिले भन्नु भयो - हे भरद्वाज ! रामको उच्चकोटीको वैराग्यले परिपूर्ण उदार वचन सुनेर सारा सभासद् निर्वासनारूपी अमृतसागरमा डुबे । त्यस सभामा वसिष्ठ, वामदेव, विश्वामित्र आदि मुनीश्वर, महाराज दशरथ, मण्डलेश्वर, नोकर चाकर र माता कौशल्या प्रमृति जो थिए ती सब मौन अर्थात् अचल भए । त्यति मात्र होइन, पिंजडामा रहेका सुगा, मैना, बगैंचामा रहेका पशुहरू र गुँडमा बसेका पक्षीहरू समेत सबका सब मौन भए । आकाशमा नजीकै उड्न लागेका पक्षीहरू तथा आकाशमण्डलमा रहेका देवगण, सिद्ध, गन्धर्व, विद्याधर र किन्नरहरू समेत रामको वचन सुनेर आनन्दमग्न हुँदै पुष्पवृष्टि गर्न लागे र धन्य धन्य शब्द उच्चारण गर्न लागे । करीब आधा घण्टा जति पुष्पवृष्टि भयो र चारैतिर सुगन्ध मगमगाउन लाग्यो । सबले 'नमो नम:' भन्दै रामजीका अमृतमय वचनमा सधन्यवाद समर्थन जनाए । देवताहरूले भने - यस्ता अमृतमय उदारवाणी हामीले कहिल्यै सुन्न पाएका थिएनौं, विविध प्रकारका वैराग्य पूर्ण वाणीको श्रवणबाट हाम्रो देवत्वको अभिमान निवृत्त भयो । यी अमृतमय वचनले हाम्रो बुद्धि पूर्ण भयो । हे रामजी ! वृहस्पतिले पनि भन्न नसकिने तपाईंका वचन परमानन्द दायक छन्, तपाईंलाई सहस्रश: धन्यवाद अर्पण गर्छौं ।

वाल्मीकि आफ्ना शिष्य भरद्वाजलाई भन्दै हुनुहुन्छ - हे भरद्वाज ! सिद्धहरू यस्तो वचन बोल्दै विचार गर्न लागे कि धन्य हो पूजनीय रघुकुल, जसमा उत्पन्न भएका रामजीले मुनीश्वरका सामु यस्ता उदार वचन भन्नु भयो । अब मुनीश्वरहरूले जो उत्तर दिनुहुन्छ त्यो पनि सुन्नुपर्छ ।

त्यस सभामा हातमा मनोहर वीणा लिएका देवर्षि नारद विराजमान हुनुहुन्थ्यो । श्याममूर्ति वेदव्यास पनि चमकदार वस्त्र पहिरेर सभालाई सुशोभित्र तुल्याएर रहनु भएको थियो । अरू दुर्वासा, वामदेव, पुलस्त्य, पुलह, अंगिरा, भृगु आदि ऋषिगण र ब्रह्मर्षि, राजर्षि, देवर्षि र देवता, मुनीश्वरहरूको भव्य समागमले गर्दा सभाको शोभा अत्यन्त मनोहर बनेको थियो । सभासद्हरूमा पनि कोही जटाधारी, कोही मुकुटधारी थिए भने कसैले रुद्राक्षमाला पहिरेका, कसैले मोतीको माला पहिरेका थिए । कसैको कण्ठमा रत्नको माला चम्केको थियो भने कसैको कटीमा सुवर्णमय सिक्री झल्केको थियो । कोही राजसिक र कोही सात्त्विक स्वभावका थिए । सबै वेदवेत्ता विद्वान् थिए । यसै

बीचमा विश्वामित्र र वसिष्ठको आगमन भयो, सबैले उठेर नमस्कार गरे । दशरथ महाराजबाट उहाँहरूको स्वागत, सत्कार र पूजा भयो । सबै आसनमा स्थिर भएर बसे । मोहनीमूर्ति श्रीराम हात जोडेर स्थिरासनमा विराजमान हुनुहुन्थ्यो । रामको प्रशंसा गर्दै सबले भने । हे रामजी ! तपाई धन्य हुनुहुन्छ । तपाईका विवेक र वैराग्यका वचन हामीलाई पनि अत्यन्त प्यारो लागेका छन्, हे राम ! तपाईका वचन हामी सबैको लागि कल्याणकारक र परम बोधका कारण भएका छन् । तपाई बडा बुद्धिमान्, शान्तचित्त र उदारात्मा हुनुहुन्छ । तपाईजस्ता उज्वल ज्ञानका पात्र साधु, सन्त र तपस्वीहरूमा पनि विरलै पाइन्छन् । जो संसारको भोगतिर लागेका बहिर्मुखी प्रवृत्तिका मानिस छन् ती पशुसमान हुन्, तिनीहरू दुःखमय जन्ममरणको प्रवाहमा घुमिरहन्छन् । मनुष्य भनेका तिनै हुन् जसको संसारसमुद्रबाट पार हुने इच्छा छ र तदनुकूल पुरुषार्थ र प्रयत्नमा लागिरहन्छन् । जंगलमा वृक्ष धेरै पाइन्छन् तापनि चन्दनवृक्ष विरलै हुन्छन् । हात्ती धेरै भए तापनि मोतीवाला हात्ती कम पाइन्छन् । रगत र हाडमासुका पुतला बोकेर संसारमा भडकिरहेका जीव प्रशस्त पाइन्छन् तर परमपुरुषार्थरूप मोक्षको लागि यत्न गर्ने मानिस विरलै हुन्छन् ।

हे राम ! तपाईंको बुद्धि अत्यन्त उज्वल, शुद्ध र स्वच्छ भएको छ । यस्ता तपाईंका उपर थोरै वचन भने तापनि पानीमा तेलको थोपा पर्दा फैलिए झैं धेरै हुन्छ । तपाईंको बुद्धि बत्ती झैं उज्वल र बोधको लागि परम पात्र बनेको छ । तपाई ब्रह्मज्ञान प्राप्त गर्नको लागि उत्तम अधिकारी हुनुहुन्छ ।

वैराग्य प्रकरण समाप्त ।

मुमुक्षुव्यवहार प्रकरण

(१) शुकदेवको निर्वाणप्राप्ति

वाल्मीकिले शिष्य भरद्वाजलाई भन्नु भयो - हे भरद्वाज ! यी वचन परमानन्दरूप तथा कल्याणकारक छन्। जन्मजन्मान्तरको पुण्यपुञ्जले मात्र यस्ता परम बोधका हेतुभूत वचन सुन्न पाइन्छन् जस्तो कल्पवृक्षको फल पुण्यपुञ्जले मात्र प्राप्त गर्न सकिन्छ । उता दशरथ राजाको दरवारमा ब्रह्मर्षि विश्वामित्र उपस्थित हुनुहुन्छ, परमवैराग्यपूर्ण दशरथनन्दन श्रीराम संमुखमा हुनुहुन्छ । विश्वामित्रले रामका वैराग्यपूर्ण वचन सुनेर रामलाई भन्न लाग्नु भयो - हे राजकुमार श्रीराम ! तपाईले जान्न योग्य सारा कुरा जानिसक्नु भएको छ । त्यसमा विश्राम लिनको लागि केही मलको मार्जन गर्नुपर्नेछ जस्तो ऐनाको मलिनता हटेपछि त्यसमा मुख सुस्पष्ट देखिन्छ त्यस्तै तपाईलाई केही उपदेश आवश्यक छ । हे राम ! तपाईंको जस्तै परिस्थिति व्यासपुत्र शुकदेवलाई प्राप्त भएको थियो उनी पनि बडा बुद्धिमान् थिए, जान्नु पर्ने कुरा जानिसकेका थिए तर विश्राम पाएका थिएनन्। पछि विश्राम पाएर शान्त निर्वाणपद प्राप्त गरे । यो कुरा सुनेर विनयपूर्वक रामले भन्नुभो - हे भगवन् ! शुकदेवजीले विश्राम प्राप्त गरेको कुरा कृपा गरेर सुन्न पाऊँ ।

विश्वामित्र भन्न लाग्नु भो - वेदव्यासका छोरा शुकदेव सर्वशास्त्रवेत्ता थिए, सत्य र असत्यको निर्णय गर्न पनि सक्तथे, तर पनि उनलाई शान्ति थिएन अर्थात् परमानन्दरूप आत्मामा विश्रान्ति पाएका थिएनन्, त्यसैले एक पटक उनको मनमा यस्तो विकल्प उठ्यो कि मैले जानेका शास्त्रका कुरा ठीक हुन् कि होइनन्, ठीक भए मलाई आनन्द प्राप्त हुनुपर्ने थियो तर आनन्द प्राप्त छैन । यसरी संशयापन्न भएका शुकदेवजीले सुमेरु पर्वतमा विराजमान पिता व्यासजीको समीपमा गएर प्रश्न गर्दै भन्नु भयो - हे परमपूज्य पिताजी ! यो भ्रमात्मक संसारको अडम्बर कहाँबाट कसरी आयो, यसको निवृत्ति कसरी होला, पहिले यसको निवृत्ति भएको थियो कि थिएन । यस प्रश्नमा भन्नुपर्ने जति कुरा व्यासले बताइदिनु भयो, तर शुकदेवको चित्त बुझेन । शुकदेवले भने - हे पिताजी ! हजूरले भन्नु भएको कुरा मैले जानेकै कुरा हो त्यसबाट मलाई शान्ति प्राप्त भएन । यो सुनेर व्यासले विचार गर्नु भयो कि मेरो वचनमा यिनको विश्वास भएन, त्यसैले इनलाई शान्ति प्राप्त भएन किनकि हामी दुईमा पिता र पुत्रको संबन्ध छ । ज्यादै नजीकको संबन्धले गर्दा पनि विश्वास हुँदो रहेनछ । यस्तो विचार गरेर व्यासले भन्नु भयो - हे पुत्र ! म सर्वतत्त्वज्ञ होइन । तिमी राजा जनककहाँ जाऊ, उनी सर्वतत्त्वज्ञ ज्ञानी शान्तात्मा छन्, उनबाट तिम्रो मोह नष्ट हुनेछ । तब शुकदेवजी त्यहाँबाट धेरै डाँडा काँढा नाघ्दै, नदीनाला पार गर्दै, लड्दै पड्दै जनकको राजधानी मिथिला नगरी पुगे । सोधपुछ गर्दै बल्लतल्ल जनकका दरबारको ढोकामा पुगेर हाजिर पठाए । व्यासका छोरा शुकदेव राजासित भेट गर्न भनेर द्वारमा खडा छन्–द्वारपालले बिन्ती बिसायो । केही जिज्ञासाले आएका होलान् त्यहीं खडा रहन देऊ - राजाको आज्ञा भयो । सात

दिनपछि राजाले सोधे - शुकदेव छन् कि कतै गए ? द्वारपालले भन्यो, त्यहीं खडा छन् । राजाबाट आज्ञा भयो - ढोका भित्र राख्नू । सात दिनपछि राजाले सोधे - शुकदेव छन् कि कतै भागे ? छन् महाराज ! द्वारपालले भन्यो । त्यसोभए अन्तःपुरमा ल्याएर राख र नानाप्रकारका भोजन र भोगका सामग्रीका साथ सुन्दरीहरूद्वारा सेवा गराउनू । त्यसपछि सात दिन अन्तःपुरमा बसे, उनको मनमा कुनै विकार भएको बुझिएन । अनि राजाले आफ्नो कोठामा बोलाएर स्वागत सत्कारपूर्वक आसनमा बसालेर सोधे - कति कामले यत्रो दुःख, कष्ट सहेर पाउकष्ट गर्नु भएको ? भन्नुहोस्, तपाईको इच्छा म पूरा गरिदिउँला । अनि शुकदेवले गुरु भनेर संबोधन गर्दै भन्नुभो, हे ब्रह्मज्ञानी राजन् ! यो संसारको आडम्बर कसरी उत्पन्न भयो र कसरी शान्त होला, बताउनुहोस् । यस प्रश्नको उत्तरमा राजाले शास्त्रसम्मत उपदेश गर्दै भन्नु भयो - यो संसारको अडम्बर अर्थात् संसार भ्रम चित्तबाट उत्पन्न भएको छ र चित्तमा निर्वेद (वैराग्य) प्राप्त भएपछि चित्त शान्त हुन्छ । चित्त शान्त भए जगद्भ्रम निवृत्त हुन्छ । अनि शुकदेवले भन्नुभयो - हे राजन् ! यो कुरा मेरा पिताजीले पनि भन्नु भएको थियो जो तपाईले भन्नु भयो । यो कुरा शास्त्रसम्मत पनि छ र यो मैले जानेकै कुरा हो, यसबाट मलाई विश्राम प्राप्त हुन सकेको छैन । त्यसपछि जनक महाराजले भन्नुभयो - हे मुनीश्वर ! जो मैले भनें त्यो तपाई पनि जान्नुहुन्छ भने राम्रै भयो । जो मैलें भनें र जो तपाई पनि जान्तुहुन्छ त्यो देखि भिन्न अरू भन्नुपर्ने कुरा पनि केही छैन । यो संसार चित्तको संवेदन (स्फुरण) बाट उत्पन्न भएको छ । जब चित्त स्फुरणरहित हुन्छ तब संसार भ्रम निवृत्त हुन्छ । आत्मतत्त्व नित्य, शुद्ध, परमानन्दस्वरूप केवल चैतन्यमात्र हो । आफू नै हो त्यो शुद्ध परमानन्द ब्रह्म भनी त्यसको अनुभवको लागि जब अभ्यास गर्नुहोला तब तपाईंले विश्राम प्राप्त गर्नुहुनेछ । त्यसको लागि तपाई अधिकारी हुनुहुन्छ, किनभने तपाईंको मन अन्तर्मुख भएको छ । अहिले तपाईंको यत्न आत्मातिर प्रवहमान छ, दृश्यतिर होइन । तपाई बडो उदारात्मा हुनुहुन्छ । हे मुनीश्वर ! तपाई मलाई व्यासभन्दा बढी जान्ने संझेर यहाँ आउनु भएको छ, तर तपाई म भन्दा पनि ठूलो हुनुहुन्छ किनकि राज्यसञ्चालन गर्नुपर्ने भएको हुनाले हाम्रो चेष्टा बाहिरतिर गएको देखिन्छ र तपाईंको चेष्टा बाहिरतिर गएको देखिंदैन, तर भित्रबाट चाहिं हाम्रो पनि कुनै इच्छा छैन । यो कुरा विश्वामित्रले रामलाई सुनाउँदै भन्नुभयो - जनकको उपदेश सुनेपछि शुकदेवको संशय हटचो । उनलाई निश्चय भयो कि वास्तव कुरा यत्ति नै रहेछ । व्यासले भनेको, जनकले भनेको र आफूले जानेको कुराको संवाद भयो, अतएव शुकदेव निःसंशय भएर त्यहाँबाट फर्केर सुमेरुपर्वतको गुफामा दशहजार वर्षसम्म निर्विकल्प सभाधिमा बसे । अन्तमा तेलविना दीपकको निर्वाण भएझैं वासनारहित भएर शुकदेवजीले निर्वाण पद प्राप्त गर्नुभयो । जस्तो समुद्रका जलबिन्दु समुद्रमा नै विलीन हुन्छन्, सूर्यको प्रकाश सन्ध्याकालमा सूर्यमानै विलीन हुन्छ त्यस्तो कलनारूप कलंकलाई परित्याग गरेर उनले ब्रह्मपद प्राप्त गरे ।

(२) विश्वामित्रोपदेश

विश्वामित्रले भन्नुभयो - हे महाराज दशरथ ! शुकदेवको झैं रामको पनि बुद्धि शुद्ध भएको छ । जस्तो शुकदेवलाई शान्तिको निमित्त केही मार्जन आवश्यक थियो त्यस्तै रामलाई पनि

विश्रान्तिको लागि केही मार्जन आवश्यक छ । आवरणकारी जो भोग हो त्यसबाट यिनको इच्छा निवृत्त भएको छ र जान्न योग्य कुरा यिनले जानिसकेका छन् । जसरी युक्तिले शुकदेवजीले शान्ति प्राप्त गरेका थिए त्यस्तो युक्ति चाहियो जसबाट यिनले विश्राम प्राप्त गरून् ।

हे राजन् ! रामजी अहिले उपदेशका पात्र बनेका छन् । यिनलाई भोगको इच्छाले स्पर्श गरेको छैन । भोगको इच्छाले सबैलाई दीन हीन बनाइदिन्छ । भोगेच्छा नै बन्धन हो र भोग्छाको (भोगवासनाको) निवृत्ति नै मोक्ष हो । भोगवासनाले मानिस लघु (हल्का, तुच्छ) बन्छ । जति जति भोगवासना क्षीण हुँदै जान्छ त्यति त्यति मानिस गरिष्ठ (गौरवान्वित) हुन्छ । जहाँसम्म आत्मानन्दको प्रकाश प्राप्त हुँदैन त्यहाँसम्म विषयवासना दूर हुँदैन । आत्मानन्द प्राप्त भएपछि विषयवासना रहन सक्तैन । जस्तो मरुभूमिमा बेलीको उत्पत्ति हुँदैन त्यस्तो ज्ञानवान्को हृदयमा विषयवासनाको उत्पत्ति हुन सक्तैन । फेरि ज्ञानवान् कुनै फलेच्छा मनमा लिएर विषयभोगको त्याग गर्दैन । जस्तो सूर्योदय भएपछि अन्धकार रहँदैन त्यस्तो ज्ञानवान्को हृदयबाट विषयवासना स्वभावत: हटेर जान्छ ।

हे राजन् ! रामको मनमा कुनै भोग्य पदार्थको इच्छा छैन र उनी विदितवेद्य भएका छन्, त्यसैले विश्रामको चाहना राखेका छन् । हे राजन् ! भगवान् वसिष्ठको युक्तिबाट रामलाई विश्राम औ शान्ति प्राप्त हुनेछ, किनकि उहाँ रघुवंशका कुलगुरु हुनुहुन्छ । उहाँको उपदेशबाट पहिले पहिले पनि कति रघुवंशी राजाहरू ज्ञानवान् भएका थिए । वसिष्ठ ऋषि सर्वज्ञ, साक्षिस्वरूप, त्रिकालदर्शी ज्ञान-भास्कर हुनुहुन्छ । उहाँको उपदेशबाट निश्चय नै रामले आत्मपद प्राप्त गर्नुहुनेछ ।

वसिष्ठतिर फर्केर विश्वामित्रले भन्नु भयो - हे ब्रह्मर्षि ! जुनबेला तपाईं र हाम्रो विरोध भएको थियो, त्यसबेला मन्दराचल पर्वतमा ब्रह्माजी पाल्नु भयो, जुन पर्वत ऋषिमुनिहरूको निवास र अनेक सुन्दर वृक्ष, लता र पुष्पले सुशोभित थियो । त्यस पर्वतमा संसारवासनाको नाशको लागि तपाईं र हामीमा जो कुछ विरोध थियो त्यसको शान्ति र सकलजनकल्याणको लागि ब्रह्माजीले जो ज्ञानोपदेश गर्नुभएको थियो त्यो उपदेश मलाई त अहिलेसम्म पनि ताजा नै छ, तपाईंलाई पनि अवश्य स्मरण होला । अब त्यही उपदेश रामलाई बताउनुहोस्, किनकि रामजी निर्मल ज्ञानका पात्र बन्नुभएको छ । ज्ञान, विज्ञान र निर्मल युक्ति त्यही हो जो सत्पात्रमा अर्पण गरिन्छ । सत्पात्रविनाको उपदेश शोभा दिँदैन । जसमा शिष्यभाव र वैराग्य छैन त्यस्ता अपात्र मूर्खलाई उपदेश गर्नु व्यर्थ हुन्छ । फेरि वैराग्य भए पनि शिष्यभाव छैन भने त्यस्तालाई पनि उपदेश गर्न हुँदैन । वैराग्य र शिष्यत्व दुवै कुराले सम्पन्न व्यक्तिलाई मात्र उपदेश दिनुपर्दछ । जस्तो गोदुग्ध अति पवित्रछ तापनि कुकुरको छालामा राखिएको छ भने अपवित्र हुन्छ त्यस्तो अपात्रलाई उपदेश गर्नु व्यर्थ र अपवित्र हुन्छ । हे मुनीश्वर ! जो शिष्य वैराग्यसम्पन्न र उदारमना छ त्यो तपाईंको उपदेशको योग्य हुन्छ र तपाईं पनि वीतराग, भयक्रोधरहित, परम शान्तरूप हुनुहुन्छ । यसकारण रामजी तपाईंका उपदेशका पात्र बनेका छन् । विश्वामित्रका यी कुरा सुनेर त्यहाँ उपस्थित नारद, व्यास आदि ऋषिमुनि र साधुसन्तहरूले स्यावास, स्यावास, विश्वामित्रले बडो राम्रो कुरा भन्नुभयो भनी उनका बचनको तारिफ गरे ।

विश्वामित्रको आज्ञा स्वीकार गर्दै वसिष्ठले भन्नुभयो - हजूरबाट जो आज्ञा भयो त्यो स्वीकार्य छ । सन्तको आज्ञा अलङ०्घनीय हुन्छ । महाराज दशरथका पुत्रहरूको हृदयस्थित अज्ञानरूपी अन्धकारलाई मैले ज्ञानरूपी सूर्यद्वारा नष्ट गरिदिनेछु । हे मुनीश्वर ! हामी दुइजनालाई पिता ब्रह्माजीले जो उपदेश गर्नुभएको थियो त्यो मलाई पनि पुरापूर स्मरण छ, म त्यही उपदेश गर्नेछु जसबाट रामको संशय दूर हुनेछ ।

(३) असंख्य सृष्टि – प्रतिपादन

उपदेशको प्रारम्भ गर्दै वसिष्ठजीले भन्नुभयो - हे राम ! जीवको कल्याणको निम्ति ब्रह्माजीले मलाई जुन उपदेश गर्नु भएको थियो त्यो मलाई पुरापूर स्मरण छ, त्यही उपदेश तिमीलाई बताउँछु ।

रामले प्रश्न गर्नुभो - हे भगवन् ! शुकदेवजी विदेहमुक्त हुनुभयो भने व्यासजी पनि त सर्वज्ञ हुनुहुन्थ्यो उहाँ किन विदेहमुक्त हुनु भएन ?

वसिष्ठले भन्नु भो - हे राम ! जस्तै सूर्यका किरणका साथ कैयौं त्रसरेणु आकाशमण्डलमा उडिरहेका छन् र कैयौं नष्ट भइरहेका पनि छन् तिनको गणना छैन त्यस्तै परमसूर्यका संवेदनरूपी किरणमा अनन्त त्रिलोकीरूप त्रसरेणु उत्पन्न हुन्छन् र नष्ट पनि हुन्छन् तिनको संख्या छैन ।

रामले सोध्नु भयो - हे भगवन् ! भूतकालमा कति लोक उत्पन्न भए र भविष्यत्मा कति उत्पन्न हुनेछन्, यो बताउनुहोस्, वर्तमानका लोक ता देखेकै छु ।

वसिष्ठले भन्नु भो - हे रामजी ! अनन्त त्रिलोकीगण भूतकालमा कति उत्पन्न भए र भविष्यत्मा कति उत्पन्न हुँदैछन् तिनको कुनै संख्या छैन । प्रतिजीवको आ-आफ्नो सृष्टि छ । अन्तवाहक संकल्पपुरमा जीवलाई बन्धन भासेको छ, त्यहीं परलोक भास्छ, त्यहीं पञ्च महाभूतको सृष्टि भास्तछ र वासना अनुसार आफ आफ्नो सृष्टि भासेर आउँछ । त्यहाँबाट पनि जब मृत्यु हुन्छ, फेरि त्यहीं नै सृष्टि भासेर आउँछ, फेरि मृत्यु हुन्छ, अर्को सृष्टि भासेर आउँछ । त्यहाँका जीवको पनि यसै गरी सृष्टि पछि सृष्टि भासेर आउँछ र नष्ट हुन्छ । यसरी जीवको सृष्टिको त संख्या छैन भने ब्रह्माजीको सृष्टिको संख्या कसरी होला ।

केटाकेटीहरू कहिलेकाहीं घुम्ने खेल खेल्छन् । शरीर घुमदा संसारै घुमेको देखिन्छ । नाउमा चढेर हिंडदा तीरको रूख हिंडेको देखिन्छ, नेत्रदोषले गर्दा कहिले काहीं आकाशमा मोतीको माला देखिन्छ । स्वप्नमा जसरी सृष्टि भासेर आउँछ त्यस्तै जीवलाई भ्रमले यो लोक र परलोक भास्तछ । वास्तवमा कुनै जगत् उत्पन्न भएकै छैन । एक अद्वैत परमात्मतत्त्वमात्र आफू आफैमा स्थित छ, यसमा द्वैत भ्रम अविद्याले भासित हुन्छ, जस्तो बालकलाई आफ्नै छायाँमा वेताल (तर्साउने) भास्तछ र डराउँछ पनि त्यस्तै अज्ञानीको कल्पना जगत्‌रूप भएर भास्तछ ।

हे राम ! व्यासजीको वारेमा सुन ! मैले बत्तीस आकारका व्यास देखेको छु, तिनमा दशोटा एक आकारका क्रिया र निश्चयरूप छन्, दश समानरूपका छन्, बाह्रओटा आकार, क्रिया र

चेष्टामा विलक्षण (भिन्न) छन्। तिनमा दशौं व्यास यिनी हुन्। अझ पनि आठओटा व्यास यिनै हुन्छन् र महाभारत बताउँदछन्, नवौं पटक ब्रह्मा भएर विदेहमुक्त हुनेछन्। म, वाल्मीकि, भृगु र वृहस्पतिका पिता अङ्गिरा आदिपनि विदेहमुक्त हुनेछौं।

कति जीव क्रिया आदिमा समान आकारका देखिन्छन् र कति विलक्षण आकारका देखिन्छन्, कोही संकल्पद्वारा आकाशमा घुमेका छन्। स्वप्न भ्रम जस्तै आउनु, जानु, जन्मनु, मर्नु देखिन्छ, तर वास्तवमा न कोही आउँछ, नजान्छ, न जन्मन्छ न मर्छ। अज्ञानले यस्तो भ्रम भास्तछ। विचार गरेपछि केही पनि भास्तैन। जस्तो कदलीस्तम्भ हेर्दा पुष्ट देखिन्छ तर खोलेर हेर्‍यो भने केही सार निक्लदैन, त्यस्तै यो जगद् भ्रम अविचारलेमात्र सिद्ध छ, विचार गरेपछि केही पनि भास्तैन।

हे रामजी ! जो यथार्थ आत्मस्वरूपमा जागेको छ उसलाई द्वैतभ्रम भास्तैन। आत्मदर्शी शान्तात्मा पुरुष परमानन्दस्वरूप भएर रहन्छ र ऊ सदा इच्छारहित हुन्छ। व्यासजीलाई सदेहमुक्ति र विदेहमुक्तिको इच्छा छैन, उहाँ त अद्वैतरूप भएर रहनु भएको छ। जीवन्मुक्तको लागि सर्वत्र परिपूर्ण आत्मा नै भास्तछ, उहाँ त शान्तिरूप अमृतले पूर्ण निर्वाणपदमा स्थित हुनुहुन्छ।

(४) पुरुषार्थको उपक्रम

जीवन्मुक्ति र विदेहमुक्तिमा भेद छैन जस्तो समुद्रको पानी कहिले स्थिर हुन्छ र कहिले तरङ्ग रूपले चञ्चल हुन्छ, स्थिर भए पनि पानी नै हो र चले पनि पानी नै हो त्यस्तो जीवन्मुक्ति र विदेहमुक्तिमा कुनै भेद छैन। हे राम ! तिमीलाई यो दुई प्रकारको मुक्तिको अनुभव प्रत्यक्ष भएको छैन, किनकि ज्ञान स्वसंवेद्य हुन्छ। असम्यग्दर्शीको दृष्टिमा भेद देखिन्छ ज्ञानवान्को दृष्टिमा भेद छैन। अर्को दृष्टान्त लिऊँ, जस्तो वायु स्पन्दरूप भएपनि वायु नै हो निष्पन्द भए पनि वायु नै हो त्यस्तो जीव स्पन्दित भए देख्नमा आउँछ र निःस्पन्द भए देखिँदैन तर पनि जीवको स्वरूपमा कुनै भेद छैन त्यस्तै जीवन्मुक्ति र विदेहमुक्तिमा कुनै भेद छैन। ज्ञानवान् सदा अद्वैतस्वरूपको निश्चय गरेर बसेको हुन्छ र इच्छारहित हुन्छ। ज्ञानप्राप्ति अनन्तर जव जीवको शरीर देखिन्छ तब त्यसलाई जीवन्मुक्ति भन्दछन्, जब शरीर अदृश्य हुन्छ तब त्यसलाई विदेहमुक्ति भनेको छ। ज्ञानवान्को् दृष्टिमा दुवै बराबर हो।

वसिष्ठ भन्नुहुन्छ - हे राम ! प्रकृत प्रसंग सुन, जो कुछ सिद्ध हुन्छ पुरुषार्थद्वारा नै सिद्ध हुन्छ, पुरुषार्थविना केही कुरा पनि सिद्ध हुँदैन। दैवले दिन्छ भन्नु मूर्खता हो। चन्द्रमाको शीतलता र आल्हादकता प्रदान गर्ने सामर्थ्य पनि पुरुषार्थद्वारा नै भएको हो। मनुष्य कुनै कुराको लागि इच्छा गर्छ र यत्न पनि गर्छ भने त्यो कुरा अवश्य पाउँछ। सत्शास्त्र र सज्जनको उपदेशरूप उपायलाई अवलम्बन गरेर चित्तलाई त्यतैतिर प्रवाहित गर्नु पुरुषार्थ (पुरुषप्रयत्न) कहिन्छ र त्यसको विपरीत चेष्टा उन्मत्त चेष्टा भनिन्छ। "जो धावे सो फल पावे" भने झैं जे कुरा पाउन यत्न गर्छ त्यो अवश्य पाउँछ। इन्द्रले जो स्वर्गको आधिपत्य प्राप्त गरे त्यो पनि पुरुषार्थको नै फल

हो । आत्मचैतन्यमा जो संवेदन (जीवभाव) फुरेको छ त्यो यदि पुरुषार्थ गर्छ भने ब्रह्मपद प्राप्त गर्न सक्छ । जसले जे कुरा सिद्ध गरेको छ त्यो पुरुषार्थद्वारा नै भएको हो भनी बुझ्नुपर्छ ।

आत्मतत्त्व केवल चैतन्यरूपले विराजमान छ । त्यसमा फुरेको संवेदन नै पुरुषार्थद्वारा गरुडमा सवार हुने विष्णुरूप भएर पुरुषोत्तम नामले प्रख्यात हुनुभएको छ र शिवरूप भएर अर्धाङ्गिनी पार्वतीका साथ शान्त मुद्रामा कैलाशमा रहनु भएको छ । पूर्व दिनमा दुष्कर्म भएको छ तापनि यदि अर्को दिनमा सुकर्म गर्छ भने दुष्कर्मजन्य पाप नष्ट हुन्छ । पुरुषार्थले सुमेरु पर्वतलाई पनि चूर्ण गर्न सक्छ । यसकारण जो कुछ सिद्ध हुन्छ त्यो पुरुषार्थबाट नै सिद्ध हुन्छ ।

(५) पुरुषार्थ

वसिष्ठ भन्नुहुन्छ - हे राम ! चित्तमा इच्छा उठ्छ र शास्त्रानुसार पुरुषार्थ गर्दैन भने त्यसले सुख पाउँदैन, त्यसको चेष्टा उन्मत्तको चेष्टासमान हुन्छ । पुरुषार्थ दुई प्रकारको हुन्छ - (१) शास्त्रसम्मत र (२) शास्त्रविरुद्ध । शास्त्रको सिद्धान्तलाई छोडेर स्वेच्छानुसार चल्छ भने त्यसले सिद्धि प्राप्त गर्न सक्तैन । यदि शास्त्रानुसार पुरुषार्थ गर्छ भने अवश्य सिद्धि प्राप्त हुन्छ, कदाचित् सिद्धि नभए पनि दुःख त पाउँदैन ।

हे रामजी ! दैव भन्ने कुरा केही होइन, उसैले गरेको कर्मको फल उसैले पाउने त हो नि । त्यसकारण दैव भनेको पनि पुरुषार्थ (पुरुष प्रयत्न) नै हो भनी जान्नुपर्छ, पूर्वकृत - कर्मजन्य संस्कारमध्ये जुन संस्कार बलवान् हुन्छ त्यसैको जित हुन्छ । मानिस त्यही संस्कार अनुरूप चेष्टा गर्छ । त्यसो हुनाले संस्कार राम्रो बनाउनुपर्छ भनेको छ । शास्त्रसम्मत कर्मले शुभ संस्कार बन्छ । उच्छास्त्र (शास्त्रविरुद्ध) कर्मबाट अशुभ संस्कार बन्छ । त्यसकारण त्यस्तो पुरुषार्थ गर्नुपर्छ जसबाट शुभसंस्कार बढोस् । शुभ संस्कारको बृद्धि भएपछि संसारको दुःखबाट मुक्त हुने उपायको खोजीमा लाग्छ । त्यो पुण्यात्मा शास्त्रानुसार चेष्टा गर्छ, सज्जन ज्ञानी गुरुको सेवामा रत रहेर सत्संग गर्दै ज्ञानको अभ्यासले सर्वदुःखनिवृत्तिरूप मोक्ष प्राप्त गर्छ । अशुभ संस्कारवाला मानिस संसारलाई साचो मानेर शास्त्रबहिर्भूत चेष्टातिर हात बढाउँछ, तैपनि केही हात लाग्दैन र आखिर नरकको दुःख भोग्छ ।

हे राम ! दैव र पुरुषार्थमा अहिले पुरुषार्थलाई नै ठूलो मान्नु पर्छ । दैव भनेको पनि पहिले गरेको पुरुषार्थ नै त हो नि, तर त्यो पुरुषार्थ शास्त्रानुसारको हुनुपर्छ । शास्त्रीय पुरुषार्थबाट शुभसंस्कार बन्छ । शुभ र अशुभ दुई संस्कारको लडाई हुँदा शुभ संस्कारको नै विजय हुन्छ । सत्संग र सत्शास्त्रको दृढ अभ्यास गर्नाले पहिलेको मलिन संस्कार विलीन भएर जान्छ जस्तो पछि गरिएको पुण्य कर्मले पहिले गरिएको पापकर्म भस्मीभूत हुन्छ ।

हे रामजी ! पुरुषार्थ के हो भने सज्जन ज्ञानी महात्मा र सत्शास्त्ररूप जो ब्रह्मविद्या छ तदनुसार पाउन योग्य कुरा हो आत्मा, जसबाट संसारसमुद्रको पारलाग्न सक्छ । त्यसकारण जो कुछ सिद्ध हुन्छ आफ्नै पुरुषार्थद्वारा सिद्ध हुन्छ । जो मानिस शास्त्रानुसारी पुरुषार्थलाई त्यागेर

दैवको वशमा परेर हिंड्छ त्यसलाई मानिसको पंक्तिमा गणना नगरेर गधाको पंक्तिमा राखिएको छ ।

जो मानिस पुरुषार्थ गर्दैन त्यसको मुखमा कान्ति (शोभा) हुँदैन र लक्ष्मीले पनि त्यसलाई त्याग गरिदिन्छिन् । जस्तो वसन्त ऋतुको मनमोहक मञ्जरी वसन्त ऋतुको अवसान भएपछि विरस हुन्छ त्यस्तो पुरुषार्थ शून्य मानिसको मुखको कान्ति मलिन हुन्छ । पुरुषार्थ यो हो कि सन्त जन र सत्शास्त्रको विचार गरेर तदनुसार विचरण गर्नु । जो सत्संग र सत्शास्त्रलाई परित्याग गरेर स्वेच्छाले विचरण गर्छ त्यो सुख र सिद्धि पाउँदैन, जो शास्त्रानुसार विचरण गर्छ त्यो यो लोक र परलोक उभयत्र सुख र सिद्धि प्राप्त गर्छ । त्यसकारण हे राम ! संसाररूपी जालमा फसनु बुद्धिमानी होइन ।

पुरुषार्थ त्यही हो कि सन्तको संगत गर्नु र सत्शास्त्रको अर्थलाई बोधरूपी कलम र विचाररूपी मसीले हृदयरूपी कागतमा लेख्नु । जब यसरी पुरुषार्थ गरेर लेखछौ तब संसारको जालमा फस्तैनौ । हे राम ! यो जस्तो पहिले नै नियत भइसकेको छ कि जो घट हो त्यो घट नै हो र जो पट हो त्यो पट नै हो, घट पट हुँदैन र पट घट हुँदैन त्यस्तै यो पनि नियत भइसकेको छ कि विनापुरुषार्थ परम पद प्राप्त हुँदैन । सत्संग र सत्शास्त्रको विचार गरेतापनि यदि त्यसको अर्थमा प्रयत्न (पुरुषार्थ) गर्दैन भने त्यसले सिद्धता प्राप्त गर्न सक्तैन । जस्तै कोही अमृतको घडाको नजीकमा बसेको छ तर अमृतपान गर्दैन भने त्यो अमर हुन सक्तैन त्यस्तै आफ्नो अभ्यासविना अमृत (परम पद) प्राप्त हुँदैन ।

हे राम ! अज्ञानी जीवको जन्म त्यसै खेर जान्छ - बाल्यावस्था मूर्खतामा नै बित्तछ, युवावस्था पनि नाना प्रकार विकारमा संलग्न रहेर वित्तछ, जब वृद्धावस्था आउँछ तब शरीर जर्जरीभूत हुन्छ र केही काम गर्न सक्तैन, यसरी अज्ञानी मानिसको जीवन व्यर्थमा बितेर जान्छ ।

जो पुरुषार्थ त्यागेर दैवको आश्रय लिन्छ त्यो आफूनै आफ्नो घातक बन्छ र सुख पाउँदैन । जो मानिस व्यवहार र परमार्थमा आलस्य गरेर मूर्ख (अज्ञानी) भएर नै रहन्छ भने त्यो दीन हीन भएर पशुसमान दुःखमय जीवन बिताउँछ । वसिष्ठ भन्नुहुन्छ - हे राम ! यो मैले विचार गरेर देखिसकेको छु । तिमी पुरुषार्थको आश्रय लेऊ र सत्संग तथा सत्शास्त्ररूपी ऐनाद्वारा आफ्नो गुण र दोष हेरेर दोषलाई त्याग गर र शास्त्रको सिद्धान्तमा अभ्यास गर । जब तिमी दृढ अभ्यास गर्छौ तब चाँडैनै आत्मपद प्राप्त गरेर आनन्दवान् हुनेछौ । वाल्मीकिले भन्नुभयो कि वसिष्ठजी यसरी बताउँदै हुनुहुन्थ्यो, सायंकालको समय भयो, नित्यकर्म स्नान सन्ध्याको लागि सभा उठ्यो र परस्परमा नमस्कार गरेर सबैजना आ-आफ्ना निवासतिर गए । भोलिपल्ट बिहान सूर्योदय भएपछि उपस्थित भएर गुरु वसिष्ठको उपदेश सुन्न स्थिर भएर बसे । प्रतिदिन यही क्रम चल्दै गएको थियो ।

परमपुरुषार्थरूप मोक्ष पुरुषार्थद्वारा नै सिद्ध हुन्छ भन्ने कुरामा जोड दिंदै वसिष्ठ अगाडि भन्नुहुन्छ - हे राम ! तिमी मिथ्याभूत दैव भन्ने कुरालाई त्याग गरेर निज पुरुषार्थलाई नै अंगीकार गर । युक्ति सहित सन्तजन र सत्शास्त्रको वचन अनुसार यत्न र अभ्यास गरेर आत्मपद प्राप्त

गर्नुलाई मोक्ष भनेको छ । जस्तो प्रकाशद्वारा पदार्थको ज्ञान हुन्छ त्यस्तो पुरुषार्थद्वारा आत्मपद प्राप्त हुन्छ । आकाशमा छाएको घना बादललाई वायुले नष्ट गरिदिन्छ, वर्षदिन मिहिनेत गरेर पकाएको धान बालीलाई असिनाले एकछिनमा ध्वस्त पारिदिन्छ त्यस्तो पूर्वकृत पापको संस्कारलाई अहिले गरिएको पुरुष प्रयत्नले नष्ट गरिदिन्छ ।

हे राम ! श्रेष्ठ पुरुष त्यही हो जसले सत्संग र सत्शास्त्रद्वारा बुद्धिलाई तीक्ष्ण तुल्याएर संसारसमुद्र तर्नको लागि पुरुषार्थ गरेको छ । जो पुरुषार्थलाई त्यागेर आलस्यमय जीवन बिताउँछ त्यो नीच भन्दा पनि नीच गतिमा प्राप्त हुन्छ । जो श्रेक्ठ पुरुष हो त्यो आफ्नै पुरुषार्थद्वारा परमानन्द पद प्राप्त गर्छ, जसलाई पाएपछि फेरि दु:खले छुन सक्तैन । जो बाहिरबाट हेर्दा दीन दु:खीजस्तो छ तापनि सत्संगतिर सत्शास्त्र अनुसार पुरुषार्थ गर्छ भने त्यस्ताले पनि उत्तम पदवी प्राप्त गरेको देखिन्छ । हे राम ! यो संसारमा पुरुषार्थको नै ज्यादा महिमा छ । जसले पुरुषार्थ गरेको छ त्यसलाई सारा दैवी सम्पत्ति प्राप्त हुन्छन् र त्यो परमानन्दले परिपूर्ण हुन्छ । जस्तो समुद्र रतनले परिपूर्ण हुन्छ त्यस्तो पुरुषार्थी मानिस परमानन्दले परिपूर्ण हुन्छ । जस्तो केसरी (सिंह) आफ्नो बलले पिंजडा फोरेर निक्लन्छ त्यस्तो श्रेष्ठ पुरुष पुरुषार्थद्वारा संसारबन्धनबाट निक्लन्छ ।

मानिसले अरू केही गर्न नसकेतापनि आफ्नो वर्णाश्रम अनुसार चलेर पुरुषार्थ गरोस् । जब सत्संग र सत्शास्त्रको आश्रय लिएर तदनुसार पुरुषार्थ गर्छ तब त्यो सारा बन्धनबाट मुक्त हुन्छ । जो मानिस दैवले कल्याण गर्छ भनेर पुरुषार्थशून्य भएर दैवको भरमा पर्छ त्यसले जन्ममरणको दु:ख पाउँछ र कहिले पनि शान्ति प्राप्त गर्न सक्तैन ।

मानिसलाई संसाररूपी विसूचिका रोग (छेराउटी) लागेको छ त्यसको औषधि म बताउँछु भन्दै वसिष्ठ भन्नुहुन्छ - सन्तजन र सतशास्त्रको अर्थमा दृढ भावना गरेर जो श्रवण गरेको छ त्यसको बारम्बार अभ्यास गरोस् र सबै कल्पना (चिन्तन) को त्याग गरेर एकान्तमा रहेर त्यसको नै चिन्तन मननको अभ्यास गरोस् तब परमपदको प्राप्ति हुन्छ, द्वैतभ्रम निवृत्त हुन्छ र अद्वैतस्वरूप भासमान हुन्छ । यसैको नाम पुरुषार्थ हो ।

वसिष्ठ भन्नुहुन्छ - हे राम ! आध्यात्मिक, आधिदैविक र आधिभौतिक जो त्रिविध ताप छ पुरुषार्थविना त्यो ताप शान्त हुँदैन, तिमी रोगी नबन, अल्छी नबन, पुरुषार्थ गर । पुरुषार्थद्वारा नै जन्ममरणरूप संसार बन्धनबाट मुक्त हुन्छ, जो पुरुषार्थलाई त्यागेर दैवको आश्रय लिन्छ त्यसको धर्म, अर्थ, काम सबै नष्ट हुन्छन् र नीच भन्दा पनि नीच गति प्राप्त हुन्छ ।

चैतन्यमा जो आदि स्फुरण भएको छ त्यसलाई सम्वेदन भनेको छ, यो सम्वेदन नै चित्तको रूप धारण गर्छ । पहिले चित् थियो, स्फुरणवशात् चित्त बन्यो, चित्तबाट अहंमम भाव खडा भयो । अहन्ताबाट इन्द्रिय खडा भयो । यसरी स्फुरणको परम्पराले संसारजाल खडा भएको छ । भ्रमले गर्दा जीव संसरजालमा फसेर जन्ममरणरूप महासंकष्टमा परेको छ । यदि यो स्फुरण सज्जन र सत्शास्त्रले बताए अनुसार हुन्छ भने मानिस परम शुद्धता प्राप्त गर्छ र आफ्नो वास्तव स्वरूपलाई पाएर परमानन्द प्राप्त गर्छ । जो मानिस शास्त्र अनुसार चल्दैन त्यो वासना अनुसार भाव- अभावरूप संसारजालमा फसेर घटीयन्त्र झैं घुमिरहन्छ र कहिलेपनि शान्तिमान् बन्न

सक्तैन । त्यसैले शास्त्रमा भनेको छ कि पुरुषार्थद्वारा नै सबकुछ सिद्ध हुन्छ । परमपद मोक्ष पनि पुरुषार्थबाट नै प्राप्त हुन्छ । विनापुरुषार्थ केही सिद्ध हुँदैन । केही कुरा ग्रहण गर्नुपर्‍यो भने पनि त हात पसरेविना त्यसको ग्रहण हुन सक्तैन ।

दैवको भरमा परेर पुरुषार्थलाई छोडन हुँदैन । जो पुरुषार्थलाई छोडेर दैवको आश्रय लिन्छ त्यो मूर्ख हो । हे राम ! दैव भन्ने केही छैन, पुरुषार्थको नै नाम दैव हो । मूर्खहरू दैव दैव भनी पुकार्छन् । दैवशव्द मूर्खको प्रचारमा आएको छ, तर पुरुषार्थ नगरीकन केही पनि सिद्ध हुँदैन । आफ्नो दृढ पुरुषार्थले नै वृहस्पति देवराज इन्द्रका गुरु बन्नुभएको छ, त्यस्तै पुरुषार्थद्वारा नै शुक्राचार्य दैत्यगुरु बन्नुभएको छ । जजसले उत्तम पद प्राप्त गरे त्यो सब पुरुषार्थबाट नै प्राप्त भएको हो । शास्त्र र सज्जनको भनाइ अनुसार गरिने निजी प्रयत्न नै पुरुषार्थ हो । जसले शास्त्रानुसार पुरुषार्थ गरेन त्यसको राज्य, प्रजा, धन दौलत सारा नष्ट भएर दुःख पाएको हाम्रै आँखाले कति देखेका छौं ।

सत्शास्त्र र सज्जन ज्ञानवान्को वचन अनुसार चलेपछि दया, धैर्य, सन्तोष आदि शुभगुणावली पुष्ट हुन्छन् र वैराग्यको अभ्यास हुन्छ । जस्तो कुनै ठूलो तालबाट पानीको बाफ निस्कन्छ र त्यसबाट मेघ पुष्ट हुन्छ, फेरि मेघले पानी वर्षाउँछ र ताल पुष्ट हुन्छ त्यस्तै शुभ गुणले बुद्धि पुष्ट हुन्छ र शुद्ध बुद्धिले शुभ गुण पुष्ट हुन्छन् ।

जेको लागि बालक अवस्था देखिनै अभ्यास गरिन्छ तब त्यो कुरा सिद्ध हुन्छ । दृढ अभ्यासविना केही सिद्ध हुँदैन । कुनै देश अथवा तीर्थमा जानु छ भने एक ठाउँमा बसेर त्यहाँ पुगिदैन । जब फूर्तिले हिंडिन्छ तबमात्र त्यहाँ पुगिन्छ । जब भोजन गरिन्छ तबमात्र क्षुधा निवृत्त हुन्छ, अन्यथा क्षुधानिवृत्ति हुँदैन । जब जिह्वा शुद्ध हुन्छ तब पाठ स्पष्ट हुन्छ, जिह्वा शुद्ध नभएको लाटो स्पष्टसित पाठ गर्न सक्तैन । त्यसकारण जो सिद्ध हुन्छ त्यो पुरुषार्थद्वारा नै सिद्ध हुन्छ, चूप लागेर बस्नाले कुनै कार्य सिद्ध हुँदैन । हे राम ! तिमीलाई इच्छा लागेको कुरा सोध, म सबै शास्त्रको सिद्धान्त बताइदिन्छु जसबाट सिद्धता प्राप्त हुन्छ ।

हे राम ! जो सज्जन ज्ञानवान् हो र जो सत्‌शास्त्र ब्रह्मविद्या हो त्यस अनुसार संवेदन (मन) र इन्द्रियको विचार राख्नुपर्छ, त्यसको विपरीत विचार राख्नु हुँदैन, सत्‌शास्त्र र ज्ञानवान्को उपदेश अनुसार चलेपछि तिमीलाई संसारको राग द्वेषले स्पर्श गर्न सक्तैन । कमलपत्र झैं तिमी निर्लेप रहने छौ । जसबाट शान्ति प्राप्त हुन्छ त्यस पुरुषको सेवा गर्नुपर्छ किनकि आफूलाई संसारसमुद्रबाट निकालेर उसले कति महान् उपकार गरेको छ । सत्‌शास्त्र र सन्तजनको उपदेशलाई ग्रहण गरेर यो चित्तलाई स्वरूपतिर लगाऊ, मोक्षको उपाय यही होकि सारा कल्पनाको त्याग गरेर पुरुषार्थलाई अङ्गीकार गर जसबाट जन्म-मरणको भय निवृत्त हुन्छ ।

जो पुरुषार्थलाई त्यागेर दैवको भरमा पर्छ त्यो महामूर्ख हो, त्यो सर्प कीट आदि नीचयोनिमा पर्छ । उद्यमविना केही कुरा सिद्ध हुँदैन भन्ने कुरा लोकमा पनि प्रसिद्ध छ । त्यसकारण परमपदप्राप्तिको लागि पनि दैवको आश्रय नलिईकन पुरुषार्थ नै गर्नुपर्छ, सज्जन र सत्‌शास्त्र अनुसार यत्न गर्नाले मात्र दुःख दूर हुन्छ । भगवान् विष्णुले कति अवतार लिएर दैत्यहरूलाई मार्नु

भयो तैपनि उहाँलाई पापले स्पर्श गर्दैन किनकि उहाँले आफ्नै पुरुषार्थद्वारा अक्षय पद प्राप्त गर्नु भएको छ । त्यसकारण, हे राम ! पुरुषार्थको आश्रय लिएर संसार समुद्रबाट पार होऊ ।

रामले भन्नु भयो - हे गुरो ! दैव शब्द तपाईले पनि बारम्वार उच्चारण गरिरहनु भएको छ र दैव भन्ने कुरा लोकमा पनि प्रसिद्ध छ तब कसरी दैव छैन भनेर मानौं । रामको शंका निवारणार्थ वसिष्ठले भन्नुभयो - हे राम ! तिम्रो हृदयमा जो दैवशब्द जकडिएर बसेको छ त्यो जाओस् भनेर तिम्रो कल्याणको लागि मैले भनिरहेको छु । पूर्वकृत जो शुभाशुभ कर्म छ, त्यो अहिले फलोन्मुख भएको छ त्यसलाई दैव भनेको छ । त्यसकारण दैव भन्नु पूर्वकृत पुरुषार्थ नै हो, अरू केही होइन ।

पूर्वकृत शुभाशुभ कर्मबाट जो संस्कार किंवा वासना बनेको छ तदनुसार मानिस चेष्टा गर्छ । पापकर्मबाट मलिन संस्कार बन्छ र पुण्यकर्मबाट शुभ संस्कार बन्छ । मलिन संस्कार भएको मानिस शास्त्रनिषिद्ध मार्गतिर लाग्छ र शुभ संस्कार भएको मानिस शास्त्रनिर्दिष्ट मार्गमा प्रवृत्त हुन्छ । पुरुषार्थद्वारा शुभ संस्कारलाई बढाएर मलिन संस्कारलाई जित्नुपर्छ । यद्यपि अन्तमा गएर शुभसंस्कारलाई पनि त्याग गर्नुपर्छ ता पनि अहिले शुभसंस्कारको अवलम्बनबाट अशुभ संस्कारलाई हटाउनुपर्छ । हे राम ! तिम्रो अहिले शुभ संस्कार जागेको छ । सत्शास्त्ररूप ब्रह्मविद्यामा तिम्रो रुचि बढेको छ । हे राम ! तिमी सत्शास्त्र र ज्ञानवान्को उपदेशामृतलाई ग्रहण गरेर विचारपरायण होऊ । यसबाट तिमीलाई आत्मज्ञान प्राप्त हुनेछ ।

(६) ब्रह्माजीबाट वसिष्ठलाई ज्ञानोपदेश

हे राम ! मेरो वचनलाई बान्धवसमान अर्थात् परम मित्र ठान र ग्रहण गर, यसबाट तिम्रो रक्षा हुनेछ, मैले जो मोक्षोपाय तिमीलाई बताउँदैछु तदनुसार पुरुषार्थ गर, तिम्रो लक्ष्य सिद्ध हुनेछ । यो चित्त भोगको उन्मुख भएर संसारका विषयतिर जान खोज्छ । चित्तलाई भोगरूपी खाडलमा खस्न नदेऊ । भोगतिरको प्रवृत्तिलाई त्यागि देऊ, यो त्याग तिम्रो परम मित्र बनेर उपकार गर्नेछ । यो त्याग यस्तो होस् कि पुनः त्यसको ग्रहण नहोस् । यो जो मोक्षोपायसंहिता तिमीलाई बताउँदै छु, एकाग्रचित्त भएर यसको श्रवण गर, यसबाट परमानन्दको प्राप्ति हुनेछ ।

शम र दम

हे राम ! पहिले तिमीलाई शम र दमको बारेमा बताउँछु । संसारसम्बन्धी सम्पूर्ण वासनाको त्याग गरेर उदारतापूर्वक तृप्त भएर रहनुलाई शम भनेको छ र बाह्य इन्द्रियलाई वशमा राख्नु दम कहिन्छ । जब यी दुई कुरालाई तिमी धारणा गर्छौ तब परम तत्त्वको विचार आपसे आप उत्पन्न हुन्छ, विचारबाट विवेक उत्पन्न हुन्छ र विवेकद्वारा परम पदको प्राप्ति हुन्छ, जुन प्राप्त गरेपछि तिमीलाई कहिले पनि दुःख हुनेछैन र सदाको लागि अविनाशी सुख प्राप्त हुनेछ । त्यसकारण यो मोक्षोपायसंहिता अनुसार पुरुषार्थ गर, तब आत्मपद प्राप्त हुनेछ ।

(७) ब्रह्माजीबाट उपदेश

ब्रह्माजीले मलाई जो उपदेश दिनुभएको थियो त्यो तिमीलाई बताउँछु । यो सुनेर रामले भन्नु भयो हे मुनीश्वर ! ब्रह्माजीले किन उपदेश गर्नुभएको थियो र त्यसलाई तपाईले कसरी धारण गर्नुभयो त्यो सब मलाई बताउनुहोस ।

वसिष्ठले भन्नु भयो - जो एक शुद्ध चिदाकाश विद्यमान छ त्यो नै अनन्त, अविनाशी, परमानन्दरूप, चिदानन्दस्वरूप ब्रह्म हो, त्यसमा जो संवेदन या स्पन्द उत्पन्न हुन्छ त्यो विष्णु भएर रहनु भएको छ, विष्णु स्पन्द र अस्पन्दमा अन्यथाभाव प्राप्त नभईकन एकरसरूपले नै रहनुहुन्छ । समुद्रमा जस्तो तरङ्ग उत्पन्न हुन्छ त्यस्तै शुद्ध चिदाकाशको स्पन्दरूपले विष्णु बन्नु भयो र विष्णुको सुवर्णसमान नाभिकमलबाट ब्रह्मा प्रकट हुनुभयो । ब्रह्माजीले संकल्पद्वारा नै स्थावर जंगमरूप सारा जगत्को सृष्टि गर्नुभो । पृथिवीमा जम्बूद्वीपको एक कोणमा भरत खण्ड छ । त्यहाँका मानिसले दुःख पाएको देखेर तिनीहरूलाई ब्रह्माजीले तप गर, सुख पाउने छौं, भन्नुभयो । तपस्याजन्य पुण्यले स्वर्गको सुखभोग गरे, तर त्यहाँबाट खसेर फेरि दुःखी नै भए, अनि ब्रह्माले सत्यवाक्रूप धर्म बताउनुभयो । त्यसबाट पनि स्थायी सुख हुन सकेन । अनि तीर्थ, ब्रत, दान आदि पुण्यकर्मको उपदेश गर्नु भयो । त्यस पुण्यकर्मबाट प्राप्त स्वर्गको सुखबाट पनि तल खसेर दुःखीको दुःखी नै रह्यो । बारम्बार जन्मनु र मर्नु नै थियो दुःख हुनाको मुख्य कारण, तब ब्रह्माजीले फेरि विचार गर्नुभयो कि आत्मज्ञान विना यो दुःखको निवृत्ति हुँदैन । त्यसकारण आत्मज्ञान उत्पन्न गर्नुपर्‍यो जसबाट यिनीहरू सुखी हुन्छन् । यस्तो विचार गरेर ब्रह्माजी आत्मतत्त्वको ध्यान गर्न लाग्नु भयो । त्यस ध्यानबाट आत्मज्ञानको मूर्तरूप भएर म (वसिष्ठ) प्रकट भएँ, तर त्यसबेला म हातमा कमण्डलु लिएको र कण्ठमा रुद्राक्षमाला पहिरेको ब्रह्माजीको समान नै भएर रहें । आत्मज्ञान अक्षुण्ण रहेकोले मेरो दृष्टिमा जगत् भासित हुँदैन थियो । जो कुछ भासित हुन्छ त्यसलाई स्वप्न झैं मिथ्या ठान्दथें ।

त्यसपछि ब्रह्माजीले फेरि विचार गर्नुभयो - आत्मज्ञानको प्रचार प्रसार होस् भनेर यिनलाई सृष्टि गरेको, तर यिनी ज्ञानी नै भएको हुनाले केही प्रश्न गर्दैनन् । अज्ञानी नभईकन प्रश्नोत्तर चल्न सक्तैन । प्रश्नबाट नै सत्य र मिथ्यात्वको बारेमा विचार विमर्श हुनसक्छ । त्यसपछि ब्रह्माजीले मलाई काखमा राखेर शिरमा हात मुसार्नुभयो । पिताजीको कोमल हातको स्पर्श पाएर मलाई अपूर्व शीतलताको अनुभव भयो । ब्रह्माजीले भन्नुभयो - हे पुत्र ! जीवको कल्याणको निमित्त तिमी एक मुहूर्त अज्ञानलाई स्वीकार गर । यति भनेर मलाई "तिमी अज्ञानी बन" यस्तो श्राप दिनु भयो, मैले पनि त्यो श्रापलाई स्वीकार गरें । अज्ञानी बनेपछि पूर्व स्वरूप विस्मृत भयो । मैले आफूलाई र जगत्लाई अन्यथारूपले सम्झन थालें । ब्रह्माजीलाई पिताको रूपमा र आफूलाई पुत्र वसिष्ठको रूपमा देख्न थालें । मनको उदय भयो । संसारका नानाविध पदार्थहरू भासेर आए । मन चञ्चल भएर पदार्थतिर धावमान हुनलाग्यो र दुःखको अनुभव भयो । दुःखनिवृत्तिका लागि ब्रह्माजीसित प्रश्न गरें - हे भगवन् ! यो संसार कसरी उत्पन्न भयो र कसरी विलीन होला ? यस प्रश्नको जवाफको रूपमा ब्रह्माजीले धेरै प्रकारले सम्झाई बुझाईकन उपदेश गर्नुभयो ।

त्यसबाट मेरो अज्ञान नष्ट भयो । मन अत्यन्त शुद्ध भयो । आफ्नो पुरातन परमानन्द स्वरूपलाई प्राप्त गरेर म कृतकृत्य बनें । त्यसपछि ब्रह्माजीबाट आज्ञा भयो - हे पुत्र ! तिमी जम्बूद्वीपको भरतखण्डमा जाऊ र त्यहाँका जीवहरूलाई उपदेश गर । जसलाई सांसारिक सुखको इच्छा छ त्यसलाई कर्ममार्गको उपदेश गर, जसबाट स्वर्गको सुख प्राप्त होस् । जो संसारबाट विरक्त भएको छ र आत्मपद प्राप्त गर्ने इच्छा राख्तछ त्यसलाई ज्ञानको उपदेश गर । हे राम ! यसरी मैले आत्मकथा बताएँ ।

(८) ब्रह्मविद्याको परम्परा एवं बुद्धिको शुद्धता

रामले भन्नुभयो - हे भगवन् ! ज्ञानोत्पत्तिबाट अनन्त जीवको शुद्धि कसरी भयो, कृपा गरेर बताउनुहोस् । वसिष्ठले भन्नु भयो - हे राम ! जो शुद्ध आत्मतत्त्व छ त्यसमा स्वभावत: संवेदन (स्फुरण) खडा भयो । त्यो संवेदन ब्रह्मा भएर स्थित भयो । द्रवतावशात् जस्तो समुद्रको जल नै तरङ्गरूप हुन्छ त्यस्तो संवेदनवशात् आत्मतत्त्व नै ब्रह्मा बन्न गयो । ब्रह्माबाट जगत् र कालको उत्पत्ति भयो । केही काल बितेपछि कलियुगको प्रारम्भ भयो । जीवको बुद्धि मलिन हुन थाल्यो । जीवहरू पापकर्ममा प्रवृत्त हुन थाले । शास्त्रको मर्यादा र वेदको आज्ञाको उल्लंघन हुन लाग्यो । धर्मको ह्रास र पापको वृद्धि भयो । राजधर्मको मर्यादा पनि रहेन । मानिसहरू स्वेच्छाले विचरण गर्दै कष्ट पाउन थाले । यो देखेर ब्रह्माजीको मनमा दया उठ्यो र उहाँले मलाई, सनत्कुमारलाई र नारदलाई बोलाएर आज्ञा गर्नुभयो - हे पुत्रहो ! तिमीहरू भूलोकमा जाओ र शुद्ध धर्मको उपदेश गरेर धर्मको मर्यादा स्थापन गर । जसको भोगेच्छा छ तिनलाई कर्मकाण्डको अर्थात् जप, तप, स्नान, सन्ध्या र यज्ञादि कर्मको उपदेश गर्नू र जो संसारबाट विरक्त छ र मुमुक्षु पनि छ, साथै परम पद प्राप्त गर्ने इच्छा छ तिनलाई ब्रह्मविद्याको उपदेश गर्नू । यस्तो आज्ञा दिएर हामीहरूलाई भूमिलोकमा पठाउनु भयो । तब हामी ऋषिमुनिहरू एकठ्ठा भएर विचार गर्न लाग्यौं कि कसरी जगत्को मर्यादा रहला र जीवहरू शुभ मार्गमा विचरण गर्लान् । तब हामीहरूमा यस्तो विचार उठ्यो कि सर्वप्रथम राज्यको स्थापन गर, राज्यको आज्ञानुसार जीवहरू विचरण गरून् । उक्त विचार अनुसार दण्डकर्ता राज्यको स्थापना भयो । जो राजा वीर्यवान्, तेजस्वी र उदार थिए, उनलाई हामीले ब्रह्मविद्याको उपदेश गर्‍यौं जसबाट उहाँहरूले परम पद प्राप्त गर्नुभयो । यसकारण ब्रह्मविद्याको नाम राजविद्या रहन गएको छ ।

ब्रह्माजीको आज्ञानुसार हामीले भूतलमा बेद, शास्त्र, श्रुति, स्मृति र पुराणहरूबाट धर्मको मर्यादा स्थापन गरेर जप, तप, यज्ञ, दान आदि कर्म प्रकट गर्नुको साथै उपदेश दियौं कि यसको सेवनबाट तिमीहरू सुखी हुनेछौ । तब मानिसहरू कर्ममा प्रवृत्त भए । ती कर्ममार्गी मध्ये कुनै कुनै विरल मानिस निरहङ्कार भएर चित्तशुद्धिको लागि निष्काम कर्म गर्दथे । जो मूर्ख थिए तिनीहरू मनमा स्वर्गादि फलको कामना राखेर कर्म गर्थे त्यसको फलस्वरूप ऊर्ध्वलोक अधोलोक गर्दै घटीयन्त्र झैं घुमिरहन्थे । निष्काम कर्म गर्ने मानिस शुद्धहृदय भएका हुनाले ब्रह्मविद्याको अधिकारी हुन्थे र उपदेश पाएर कति जीवन्मुक्त बने । राजाहरूमा पनि शुद्ध हृदय भएका कतिपय

राजाहरूले उपदेशद्वारा विदितवेद्य (जान्नुपर्ने कुरा जानेका) अर्थात् जीवन्मुक्त ज्ञानी बनेर राज्यको परम्परा चलाए । राजा दशरथले पनि ब्रह्मज्ञान प्राप्त गर्नुभएको छ । हे राम ! तिमी पनि यसैगरी ज्ञान प्राप्त गर्ने स्थितिमा छौं । जस्तो तिमी अहिले विरक्त भएका छौ त्यस्तो पहिलेका कतिपय राजा र अन्य मानिस पनि स्वाभाविकरूपले विरक्त भएका थिए र ज्ञानोपदेश पाएर जीवन्मुक्त बनेका थिए । हे राम ! तिमी स्वभावैले शुद्ध छौ त्यसकारण तिमी श्रेष्ठ हौ ।

जो इष्ट पदार्थ नपाउँदा दुःखी बनेर विरक्त भएको छ त्यस्ता मानिसको वैराग्य उत्तम वैराग्य भनिदैन । हे राम ! तिमी दुःख पाएर विरक्त बनेका होइनौ । भोगसामग्री प्रशस्त विद्यमान छँदां छँदै पनि त्यसबाट तिमीलाई वैराग्य प्राप्त भएको छ । त्यसकारण, हे राम ! तिमी श्रेष्ठ पुरुष हौ ।

स्मशान आदि कष्टकर स्थान देखेर वैराग्य भएतापनि त्यो दृढ हुँदैन, तिनीहरू फेरि विषयमा आसक्त भइहाल्छन् । जसमा अकारण वैराग्य प्राप्त भएको छ त्यो श्रेष्ठ पुरुष हो । तिनीहरू वैराग्य र अभ्यासको बलले संसार-बन्धनबाट मुक्त हुन्छन् । जसले आफ्नो पुरुषार्थद्वारा यो बन्धन तोड्न सकेको छैन तिनीहरूलाई रागद्वेषरूपी अग्निले सदा जलाइरहन्छ । जसले पुरुषार्थ गरीकन शास्त्रप्रमाण र गुरुले दिएको युक्तिद्वारा आत्मज्ञान सिद्ध गरेका छन् तिनीहरू अविनाशी पद प्राप्त गरेर सुखी भएका छन् । जस्तो वर्षाकालमा वृष्टि भएपछि दावानलले वनलाई जलाउन सक्तैन त्यस्तो ज्ञानवान्‌लाई आध्यात्मिक, आधिदैविक र आधिभौतिक तापले कष्ट दिन सक्तैन ।

संसारका पदार्थलाई विरस जानेर आत्मतत्त्व प्राप्त गर्न तत्पर रहेका श्रेष्ठ पुरुषलाई संसारका पदार्थले गिराउन सक्तैन जस्तो वायुको वेगले अरू वृक्ष ढल्लान् तर कल्पवृक्ष ढल्दैन । जो मूर्ख मानिस छ त्यसलाई संसारका पदार्थले गिराइदिन्छ । संसारका पदार्थलाई विरस जानेर त्याग गर्ने श्रेष्ठ पुरुष नै ब्रह्मविद्याको उत्तम अधिकारी हो । हे राम ! तिमी त्यस्तै उज्वल पात्र छौ । त्यसकारण तिमीलाई म उपदेश गर्छु ।

हे राम ! प्रश्न त्योसंग गर्नुपर्छ जो उत्तर दिन समर्थ छ । जो उत्तर दिन सक्तैन त्योसित कहिले पनि प्रश्न नगर्नू । उत्तर दिन समर्थ त छ तर उसको वचनमा श्रद्धा छैन भने पनि त्योसित प्रश्न नगर्नू, किनकि दम्भले गरिएको प्रश्नबाट पाप लाग्छ । गुरु पनि त्यसैलाई उपदेश गर्नुहुन्छ जो संसारबाट विरक्त छ र आस्तिक्यबुद्धिसम्पन्न भएर गुरुको वचनमा श्रद्धा राख्तछ ।

हे राम ! गुरु र शिष्य दुवै उत्तम भए भने उपदेशको शोभा हुन्छ । तिमी उपदेशका शुद्ध पात्र छौ । शिष्यमा हुनुपर्ने शुद्ध गुण तिमीमा विद्यमान छन् । म पनि उपदेश गर्नमा समर्थ छु । त्यसकारण कार्य शीघ्र नै सम्पन्न हुन्छ । जस्तो उज्वल वस्त्रमा केसरको रङ्ग चाँडै नै चढिहाल्छ त्यस्तो तिम्रो निर्मल चित्तमा मेरो उपदेशको रङ्ग लाग्नेछ । जस्तै निर्मल जलमा सूर्यको किरण प्रवेश गर्छ त्यस्तै तिम्रो निर्मल बुद्धिमा उपदेश पस्तछ । वसिष्ठ भन्नुहुन्छ - हे राम ! अझै म प्रार्थना गर्छु कि मेरो वचनमा तिमीले "यी वचनबाट मेरो कल्याण हुनेछ" यस्तो आस्तिक्य-भावना राख्नू ।

(९) तत्त्वमाहात्म्य

हे राम ! जप, तप, वैराग्य, विचार, सन्तोष आदि जो शुभ गुण शास्त्रले र सज्जनहरूले बताएका छन् ती सबै गुणले तिमी सम्पन्न छौ, अतः मेरो उपदेश श्रवण गर्नकोलागि योग्य अधिकारी बनेका छौ । ममा पनि गुरुमा हुनुपर्ने शास्त्रोक्त सबै गुण विद्यमान छन् । रजोगुण र तमोगुणलाई त्याग गरेर बुद्धिलाई शुद्ध सत्वगुणसम्पन्न तुल्याएर मेरो वचन सुन्न स्थिर भएर बस । अब म मोक्षको उपाय बताउँछु । हे राम ! मेरा वचनलाई विचारपूर्वक ग्रहण गरेपछि मनका सारा मलिन वृत्तिहरू दबेर जानेछन् । अभ्यास र वैराग्यको बलले ती मलिन वृत्तिलाई आफैमा लीन गरेर तिमी शान्तात्मा बनेका छौ । तिमीले बाल्यावस्थादेखिनै अभ्यास गरिराखेका छौ, त्यसकारण मनलाई शान्त तुल्याएर श्रवण गरेपछि आत्मपद प्राप्त हुने नै छ ।

हे राम ! जसले सत्संग र सत्शास्त्रद्वारा आत्मपद प्राप्त गरे ती सब सुखी भएर रहेका छन्, कोही पनि दुःखी छैनन् । दुःख हुन्छ देहाभिमानले । जसले देहाभिमान त्याग गरेको छ त्यो सुखी भएर रहन्छ । आफ्नै बल (विचार) द्वारा जसले आत्मपद प्राप्त गरेको छ त्यो अकृत्रिम आनन्दले सदा परिपूर्ण रहन्छ र उसकोलागि सम्पूर्ण जगत् आनन्दरूप भास्तछ । जो असम्यग्दर्शी छ उसको लागि जगत् अनर्थकारण दुःखमय भास्तछ । संसाररूपी सर्प अज्ञानीको हृदयमा दृढरूपले बसेको छ त्यसलाई ज्ञानरूपी गरुडको मन्त्रद्वारा हटाउनु पर्छ । साँच्चिकै सर्पको विषले एक जन्ममा मर्छ तर संसाररूपी सर्पको विषले त मानिस अनेक जन्म पाएर मरिरहन्छ । त्यसो हुनाले अज्ञानीको लागि यो संसार अनर्थकारी छ । सत्संग र सत्शास्त्रलाई छोडेर जो संसार तिर उन्मुख भएको छ त्यसलाई अनर्थरूप संसार दुःख दिइरहन्छ । हेरन, सर्पको टोकाइबाट कति दुःखी छन्, कति शस्त्रको प्रहारबाट घायल भएर दुःखी भएका छन् । कोही अग्निको ज्वालाले झैं मनको तापले पिल्सिइरहेका छन् । फेरि नारकी यातना त झन् हेरिसक्नु छैन । यो सब अज्ञानीको दुर्दशा हो । अज्ञानीको लागि दुःख हुनुमा कारण यो हो कि उनीहरू ज्ञानको लागि यत्न गर्दैनन् - पुरुषार्थ गर्दैनन् ।

जसले संसारलाई नीरस जानेर विचारपूर्वक सत्संग र सतशास्त्रको अभ्यासबाट आत्मपद प्राप्त गरेको छ त्यसलाई फेरि दुःख हुँदैन । ज्ञानीको दृष्टिमा यो जगत् आनन्दरूप नै प्रतीत हुन्छ । जसले ज्ञानरूपी कवच पहिरेको छ त्यसलाई संसारको दुःखले स्पर्श गर्न सक्तैन । ठूला ठूला ज्ञानवान् ब्रह्मर्षि र राजर्षिहरूलाई पनि बाहिरबाट हेर्दा यदा कदा दुःख भएको देखिन्छ तापनि भित्रबाट उनीहरू आतुर (दुःखी) हुँदैनथे । जीवको दृष्टिमा ब्रह्मा, विष्णु र रुद्रले पनि नाना प्रकार चेष्टा गरेको देखिन्छ, तर भित्रबाट उहाँहरू शान्तरूपमा नै रहनु भएको छ, उहाँहरूमा कर्तृत्वको अभिमान छैन ।

हे राम ! अज्ञानरूपी मेघबाट उत्पन्न मोहरूपी कुहिरो ज्ञानरूपी शरत्कालको उदय भएपछि नष्ट हुन्छ । ज्ञानद्वारा आफ्नो वास्तविक सत्ता प्राप्त हुन्छ, त्यसैले ज्ञानींसदा आनन्दले परिपूर्ण

रहन्छ । ज्ञानी जति पनि कर्म गर्छ, चेष्टा गर्छ त्यो सब उसको विलासमात्र हो, त्यसमा उसको कर्तृत्वपन छैन । इन्द्रियरूपी घोडाद्वारा जहाँ गएता पनि ज्ञानी आनन्दले परितृप्त नै रहन्छन् ।

आत्मतत्त्वको महिमा बताउँदै वसिष्ठ भन्नुहुन्छ - हे राम ! यस्तो दृष्टिलाई अवलम्बन गर कि तिम्रो हृदय पुष्ट होस् र फेरि संसारको इष्ट अनिष्टले चलायमान नहोस् । जसलाई यो आत्मपद प्राप्त भएको छ त्यो सदा आनन्दित हुन्छ । आत्मज्ञानी न शोक गर्छ, न याचना गर्छ, ऊ हेयोपादेयले रहित परम शान्तिरूप हुन्छ र अमृतले परिपूर्ण रहन्छ । ऊ नाना प्रकार चेष्टामा संलग्न भएको दृष्टिगोचर हुन्छ, परन्तु वास्तवमा केही पनि गर्दैन । जहाँ उसको मनको वृत्ति जान्छ त्यहाँ आत्मसत्ता नै भासित हुन्छ । पूर्णमासीको चन्द्रमा जस्तो अमृतले पूर्ण रहन्छन् त्यस्तो ज्ञानवान् परमानन्दले पूर्ण रहन्छ । हे राम ! तिमीलाई मैले जो अमृतरूपी बृत्ति बताएँ, त्यसलाई तब जान्न सक्छौ जब ब्रह्मसाक्षात्कार प्राप्त होला । जस्तो चन्द्रमण्डलमा ताप हुदैन त्यस्तै आत्मज्ञान प्राप्त भएपछि सारा दु:ख नष्ट हुन्छन् ।

अज्ञानीलाई कहिले पनि शान्ति मिल्दैन, ऊ जति कामकाज गर्छ त्यसबाट दु:ख नै पाउँछ । जस्तो काँढाको रूखबाट काँढा नै उत्पन्न हुन्छ त्यस्तै अज्ञानीले जति काम गरे पनि त्यसबाट दु:ख नै उत्पन्न हुन्छ । बरु चाण्डालको घरमा फुटेको कहतारो हातमा लिएर भिक्षा माग्नु बेस हुन्छ किन्तु अज्ञानी (मूर्ख) भएर जीवन व्यतीत गर्नु राम्रो होइन । हे राम ! त्यो मूर्खता दूर गर्नको लागि म मोक्षको उपाय बताउँछु जो परम बोधको कारण हुन्छ । पदपदार्थको बोधपूर्वक यस मोक्षेपायशास्त्रमा विचार बढाउनको लागि बुद्धि संस्कृत अर्थात् परिमार्जित (शुद्ध) हुनु आवश्यक छ । शुद्ध बुद्धिद्वारा बिचार गरेपछि मूर्खता नष्ट हुन्छ र आत्मपद प्राप्त हुन्छ । नानाप्रकार दृष्टान्तले सहित आत्मबोधको कारण जो यो शास्त्र छ त्यस्तो शास्त्र तीनै लोकमा छैन । जस्तो सूर्यको उदय भएपछि अन्धकार नष्ट हुन्छ त्यस्तो यो मोक्षोपाय शास्त्रको विचार गरेपछि अज्ञान नष्ट हुन्छ ।

हे राम ! जीवको कल्याणको लागि म बताउँछु, सुन । ज्ञानवान् गुरुले शास्त्रको उपदेश गरून् तदनुसार शिष्यले अनुभव गरेर ज्ञान प्राप्त गरोस् । गुरु, शास्त्र र स्वानुभवको जब त्रिवेणीसंगम बन्छ तब कल्याण हुन्छ । जहाँसम्म अकृत्रिम आनन्द मिल्दैन त्यहाँसम्म दृढ अभ्यास गरिरहनुपर्छ । त्यो अकृत्रिम आनन्द प्राप्त गर्नेवाला गुरु म हुँ । म जीवमात्रको परम मित्र हुँ । म जो बताउँछु त्यसलाई तिमी स्वीकार गर । अनन्त दु:खदायी वैषयिक भोगलाई त्यागेर ज्ञानवान्को संगत गर । मेरा वचनको विचारबाट तिम्रा सकल दु:ख नष्ट हुनेछन् । मसित प्रेम गर्नाले पहिले पहिले पनि कति जीव निर्दु:खी भए । ज्ञानवान् आनन्दित हुन्छ र निर्दु:ख पदलाई प्राप्त गर्छ । जसले सन्तको संगत र सत्शास्त्रको विचारद्धारा आत्मपद प्राप्त गरेको छ त्यो कैवल्यमोक्ष पाएर परम सुखी हुन्छ, उसको संसार - भ्रम निवृत्त भएर जान्छ ।

हे राम ! मनलाई जित्न कोशिश गर, मनको चलनबाट संसारको उत्पत्ति हुन्छ र मनको संयमबाट संसारको निवृत्ति हुन्छ । बन्धु, बान्धव, धन, जन आदिबाट मनुष्यको कल्याण हुँदैन, केवल मनोजयबाट मात्र कल्याण हुन्छ । आत्मज्ञानरूप एक वृक्ष छ त्यसको फूल हो शान्ति र

फल हो ज्ञानस्वरूपमा स्थिति । जसले ज्ञान प्राप्त गऱ्यो त्यो शान्तिमान् र निर्लेप रहन्छ । जस्तो आकाशमा सूर्यको उदय भए जगत्का क्रियाहरु सञ्चालित हुन्छन् र सूर्य अदृश्य भएपछि ती क्रियाहरू पनि लीन हुन्छन्, ती क्रिया हुनु र नहुनुमा आकाश एकनास रहन्छ त्यस्तै ज्ञानवान् सदा निर्लेप रहन्छ, ज्ञानवान्लाई संसारको भाव र अभावले स्पर्श गर्दैन । जो मानिस यो उत्तम मोक्षेपाय-शास्त्र पढ्छ अथवा सुन्छ त्यही दिनबाट त्यो मोक्षभागी हुन थाल्छ । अब मोक्षका चार द्वारपाल तिमीलाई बताउँछु, सुन ।

(१०) मोक्षका चार द्वारपाल (शम, विचार, सन्तोष र सत्संग)

वसिष्ठ रामलाई भन्नुहुन्छ - हे राम ! अब म तिमीलाई जसरी आत्मपद प्राप्त हुन्छ त्यो बताउँछु । तिमी अज्ञानी जीवको सङ्गलाई त्याग गर र मोक्षका चार द्वारपालसित मित्रताको भावना राख । जब तिमी मोक्षका द्वारपालसित मित्रभाव राख्तछौ तब उनीहरूले तिमीलाई मोक्षमन्दिरको द्वारमा पुऱ्याइदिन्छन्, अनि तिमीलाई आत्मदर्शन प्राप्त हुनेछ । ती द्वारपालका नाम हुन् - शम, विचार, सन्तोष र सत्सङ्ग । जसले यिनीहरूलाई वशमा राखेको छ त्यो शीघ्र नै मोक्षरूपी द्वारको भित्र प्रवेश गर्न सक्षम हुन्छ । चारोटैलाई वश गर्न नसके तीनोटालाई वश गर्नू, त्यति पनि नसके दुइटालाई वशमा राख्नू, अझ त्यति पनि नसके यौटालाई त अवश्य वशमा राख्नुपर्छ । यौटालाई वशमा राखेपछि चारोटै वशमा हुन्छन् किनकि यिनीहरूको परस्परमा स्नेह छ । जहाँ यौटा आउँछ त्यहाँ अरू तीनोटा पनि आउँछन् । जसले यिनीहरूका साथ स्नेह गरेको छ ती सुखी भएका छन् र जसले यिनीहरूलाई त्याग गरिदिए ती दुःखी छन् ।

(११) शम

जस्तो पानी नै हो पाखामा छटपटाइरहेको माछाको विश्रामस्थल त्यस्तै शम नै हो संसारको दुःखले छटपटाइरहेका जीवको परम विश्रामको आश्रय । यो संसार मरुस्थलको नदी झैं छ, यसलाई देखेर अज्ञानी जीव सुखरूप जल ठानेर मूर्ख मृग दौडे झैं दौडिरहन्छ, तर शान्ति प्राप्त गर्न सक्तैन । जब शमरूपी मेघको वर्षा हुन्छ तबमात्र जीव सुखी हुन्छ । जसले शमरूपी नौका पाएको छ त्यो संसार - समुद्रबाट पार भयो भनी जान । जस्तो चन्द्रमाको उदय भएपछि अमृतका कणा झर्छन् र शीतलता प्राप्त हुन्छ त्यस्तै हृदयमा शमरूपी चन्द्रमाको उदय भएपछि आध्यात्मिक, आधिदैविक र आधिभौतिक सबै ताप नष्ट हुन्छन् र परम आनन्द प्राप्त हुन्छ । देवताको अमृत अमृत होइन, शम नै अमृत हो जो प्राप्त भएपछि मानिस सदाको लागि अमर हुन्छ । शमरूपी अमृत पाएर मानिसको मुखको कान्ति उज्वल हुन्छ । शमले नै मानिसको शोभा बढेर आउँछ ।

जस्तो विष्णुका दुइटा हृदय हुन्छन्, यौटा आफ्नो शरीरमा र अर्को सन्तजनमा, त्यस्तै पुण्यात्मा जीवको दुई हृदय हुन्छन्, यौटा शरीरमा र यौटा शममा रहन्छ । देवताको अमृतपान गरे पनि त्यति आनन्द हुँदैन जति आनन्द शमवान्को हुन्छ । शम्वानको उद्वेग हुँदैन र अरूबाट पनि

उद्वेग प्राप्त हुँदैन । जस्तो मातालाई पाएर बालक आनन्दित हुन्छ त्यस्तो शमवान्लाई पाएर अरू जीव आनन्दित हुन्छन् । मृतघोषित मानिस बाँचेर आउँदा जति आनन्द होला त्यो भन्दा अधिक आनन्द शमसम्पन्न पुरुषलाई हुन्छ । शमवान् पुरुष वन्दनीय एवं पूजनीय हुन्छ ।

शमवान्का शत्रु पनि मित्र भएर आउँछन् । सिंह, व्याघ्र, सर्प आदिबाट उसलाई भय हुँदैन, ऊ सर्वत्र निर्भय रूपले विचरण गर्छ । जस्तो चन्द्रमामा चाँदनी स्थिर भएर रहन्छ त्यस्तो सारा शुभ गुण र सम्पत्ति शमशील पुरुषको हृदयमा आएर स्थिररूपले रहन्छन् । लोकमा तपस्वी, पण्डित, याज्ञिक र धनाढ्य पूजनीय एवं माननीय हुन्छन् किन्तु शमवान् पुरुष सबैका पूजनीय एवं माननीय हुन्छन् । जो शमशील छ त्यसको मनको वृत्ति आत्मतत्त्व पट्टि अभिमुख हुन्छ, त्यसैले उसका सम्पूर्ण क्रियाकलाप आनन्ददायक एवं शोभाकारक हुन्छन् । जसको मन इष्ट अनिष्टरूप शब्दादि विषयमा रागद्वेषरहित हुन्छ त्यसलाई शान्तातमा भनेको छ । जस्तो आकाश सबै पदार्थबाट निर्लेप रहन्छ त्यस्तो शमवान् पुरुष सबै विषयबाट निर्लिप्त रहन्छ । यस्तो मानिस इष्ट विषय पाएर हर्षित हुँदैन र अनिष्ट विषय प्राप्त हुँदा शोकवान् पनि हुँदैन । उसको अन्तःकरण सदा शान्त रहन्छ, उसलाई कुनै दुःखले स्पर्श गर्न सक्तैन । उसले सारा काम गरेको देखिन्छ तर उसलाई कुनै क्रियाले स्पर्श गर्दैन । जस्तो जलमा कमल निर्लेप हुन्छ त्यस्तो शान्तिमान् पुरुष सबै क्रियामा निर्लेप रहन्छ । हे राम ! जो मानिस राज्य अथवा ठूलो सम्पत्ति प्राप्त हुँदा र भयंकर आपद् प्राप्त हुँदा पनि आफू जस्ताको तस्तो अलग रहन्छ त्यसलाई शान्तिमान् भन्नुपर्छ ।

शान्तिरहित व्यक्तिको चित्त क्षण क्षणमा रागद्वेषले परितप्त भएर रहन्छ तर जो शान्तिमान् छ उसको चित्त सबैतिरबाट शीतल औ एकरस रहन्छ । हिमालय झैं उसको चित्त सदा शीतल रहन्छ । शान्तिमान् पुरुष सदा निष्कलङ्क एवं निर्दुःख भएर रहेको हुन्छ । हे राम ! मैले जो शान्तिका कुरा बताएँ तिमी त्यो शान्ति प्राप्त गर र संसार समुद्रबाट पार तर ।

(१२) विचार

वसिष्ठले भन्नु भयो - हे राम ! अब विचारको निरूपण गर्छु, चित्त लगाएर सुन । जब हृदय शुद्ध हुन्छ तब विचारको उदय हुन्छ । शास्त्रको विचारद्वारा बुद्धि तीखो हुन्छ । अज्ञानरूपी वनमा आपद्रूपी बेली उत्पन्न हुन्छ त्यसलाई विचाररूपी खड्गले काटनुपर्छ तबमात्र शान्ति मिल्छ । कसैलाई कुनै सिद्धि प्राप्त भएको छ भने त्यो विचार र पुरुषार्थद्वारा नै प्राप्त भएको हुन्छ । सर्वप्रथम विचार गरेर नै राजा पुरुषार्थद्वारा राज्य प्राप्त गर्छन् । बल, बुद्धि, तेज, पदार्थ र त्यसको प्राप्ति यी पाँच कुरा विचारद्वारा नै सिद्ध हुन्छन् । जसले विचारको आश्रय लिएको छ त्यो विचारको दृढताले जुन वस्तु पाउन इच्छा गर्छ त्यो पाउँछ । यसकारण विचार परम मित्र हो । विचारवान् पुरुष आपद्मा फस्तैन । जस्तो तुम्बी जलमा डुबदैन त्यस्तै विचारपरायण पुरुष आपद्मा डुबदैन ।

हे राम ! तिमीलाई आशीर्वाद दिएर भन्छु कि तिमी शुद्ध ब्रह्मको विचारद्वारा आत्मज्ञान प्राप्त गरीकन परम सुखस्वरूपमा निमग्न होऊ । विचारवान्लाई कुनै प्रकारको दुःखले स्पर्श गर्न

सक्तैन । अविचार नै दु:ख को कारण हो । जो सत्य र असत्य वस्तुको बारेमा विचार गरेर असत्यको परित्याग र सत्यको ग्रहण गर्छ त्यो विचारवान् कहिन्छ । अविचाररूपी रात्रिमा तृष्णारूपी पिशाचिनी घुमिरहन्छे, जब विचाररूपी भुवनभास्करको उदय हुन्छ तब तृष्णापिशाचिनी नष्ट हुन्छे । जस्तो बालक आफ्नै छायाँलाई वेताल ठानेर डराउँछ, विचार गरेपछि त्यो भयदायी वेताल हराइहाल्छ त्यस्तै अविचारले गर्दा नै मानिसलाई नानाविध दु:ख, कष्ट र भय प्राप्त भएका छन् । युक्ति पूर्वक सत्शास्त्रको विचार गरेपछि संसारको भय नष्ट हुन्छ । हे राम ! जहाँ विचार छ त्यहाँ दु:ख हुँदैन जहाँ प्रकाश छ त्यहाँ अन्धकार रहँदैन । विचार परायण पुरुषमा शुभगुणावलीको उत्पत्ति हुन्छ, त्यहाँ कुनै प्रकार दु:खको आगमन हुँदैन ।

हे राम ! विवेकरूपी एक राजा छन् उनका साथमा विचाररूपी ध्वजा फरफराइरहेको छ । जहाँ विचाररूपी ध्वजा आउँछ त्यहाँ विवेकरूपी राजाको आगमन हुन्छ । जुन पुरुष विचारसम्पन्न छ त्यो पूजनीय हुन्छ र द्वितीयाको चन्द्रमा झैं नमस्कारयोग्य हुन्छ । विचारबाट समता आउँछ । जस्तो बीजबाट अङ्कुर निक्लन्छ त्यस्तो विचारबाट समताको उत्पत्ति हुन्छ । विचारवान् पुरुषको दृष्टि जहाँ जान्छ त्यहाँ आनन्द नै दृष्टिगोचर हुन्छ । सूर्यको अगाडि अन्धकार नरहे झैं विचारवान्को दृष्टिमा दु:ख छैन । जहाँ अविचार छ त्यहाँ दु:खको अखडा छ । जहाँ विचार छ त्यहाँ सुख छ । विचारको प्रादुर्भाव भएपछि दु:खको अभाव हुन्छ । हे राम ! संसाररूपी दीर्घरोग नष्ट गर्नको लागि विचार महौषधि हो । पूर्णिमाको चन्द्रमामा जस्तो उज्वल कान्ति देखिन्छ त्यस्तो विचारवान्को मुखमण्डल उज्वल कान्तिले सुशोभित हुन्छ ।

विचार यस प्रकारको हुनुपर्छ कि वेद र वेदान्तको सिद्धान्त श्रवण गर्नु, पाठ गर्नु र तदनुसार मनन (विचार) गर्नु, त्यसपछि जब विचारको दृढता हुन्छ तब आत्मतत्त्व प्राप्त हुन्छ । विचाररूपी नेत्रले हेर्नुपर्छ । विचार नभएको मानिस नेत्रहीन (अन्धो) हो ।

हे राम ! तिमी यस्तो विचार गर - “म को हुँ” “यो जगत् के हो ?” “यसको उत्पत्ति कसरी भयो र कसरी लीन होला ?” यसरी शास्त्र र गुरुको वचन अनुसार सत्यासत्यको विचार गरेर असत्यको परित्याग गर र सत्यमा स्थित होऊ, यसैलाई विचार भनेको छ । विचारद्वारा नै आत्मपद प्राप्त हुन्छ र मानिस परिपूर्ण भएर रहन्छ, फेरि शुभ र अशुभरूप संसारमा चलायमान हुँदैन ।

जहाँसम्म प्रारब्धको वेग रहन्छ त्यहाँ सम्म ज्ञानवान्को पनि शरीरको चेष्टा हुन्छ, प्रारब्धले इच्छा हुन्छ, इच्छाले शरीरको चेष्टा हुन्छ, जब शरीरको त्याग हुन्छ तब केवल शुद्ध चैतन्यरूप हुन्छ ।

हे राम ! ब्रह्मविचाररूपी नौकाको आश्रय गरेर संसाररूपी समुद्र तर । जो मानिस विचारशून्य छ त्यसलाई सारा आपद् विपद्ले घेर्दछन् । विचारविहीन पुरुष कष्टभागी हुन्छ । बुद्धिमान् पुरुषले क्षणभर पनि विचार रहित भएर रहनु हुँदैन । दृढ विचारद्वारा निर्भय भएर रहनु नै बुद्धिमानी हो । हे राम ? “म को हुँ, दृश्य के हो ?” यस्तो विचारद्वारा सत्य आत्मालाई ग्रहण गरेर मिथ्या दृश्यको पत्यिाग गर । विचारवान् पुरुष भोगमा आसक्त हुँदैन र सदा सर्वदा सत्य

आत्मस्वरूपमा स्थित रहन्छ । विचारद्वारा तत्त्वज्ञान हुन्छ र स्वरूपमा विश्राम हुन्छ तब चित्तको उपशम भएर दुःखको आत्यन्तिक निवृत्ति हुन्छ ।

(१३) सन्तोष

मोक्षका चार द्वारपालमध्ये सन्तोष पनि एक द्वारपाल हो । वसिष्ठजी रामलाई उपदेश गर्दै भन्नुहुन्छ - हे राम ! जसलाई सन्तोषरूपी अमृत प्राप्त भएको छ त्यो परमानन्दले परिपूर्ण हुन्छ र तीनै लोकको एश्वर्यलाई तृणवत् तुच्छ सम्झन्छ । सन्तोषवान्‌लाई जुन आनन्द मिल्छ त्यो आनन्द अमृतपानबाट अथवा त्रिलोकको राज्यप्राप्तिबाट पनि प्राप्त हुन सक्तैन । इच्छारूपी रात्रिले हृदयकममललाई खाच्याइदिन्छ, जब सन्तोषरूपी सूर्यको उदय हुन्छ तब इच्छारूपी रात्रिको अभाव हुन्छ । त्रिलोकीको राज्य पाएर पनि यदि इच्छा निवृत्त हुँदैन भने त्यो दरिद्र नै हो, जो निर्धन भएर पनि सन्तोषयुक्त छ भने त्यो सबैको मालिक हो । अप्राप्त वस्तुको इच्छा नगर्नु र प्राप्त वस्तुमा पनि इष्टानिष्टरूपले राग - द्वेष नगर्नु सन्तोष कहिन्छ । सन्तोषी आत्मस्थितिले तृप्त रहन्छ, उसको कुनै वस्तुमा इच्छा हुँदैन अतएव ऊ आनन्दी भएर रहन्छ । जस्तो सूर्यको उदय भएपछि सूर्यमुखी कमल प्रफुल्लित हुन्छ । जो अप्राप्त वस्तुको इच्छा गर्दैन र इच्छा विना प्राप्त भएका वस्तुमा पनि शास्त्रक्रमानुसार व्यवहार गर्छ त्यसलाई सन्तोषी भन्दछन् ।

हे राम ! जो सन्तोषले रहित छ त्यसको हृदयरूपी वनमा दुःख र चिन्तारूपी फूल फल उत्पन्न हुन्छन् । असन्तोषी सधैं दुःखको दहमा डुबिरहन्छ र सन्तोषी सदा सर्वत्र आनन्दै आनन्दमा रहन्छ । सन्तोषवान् पुरुष शान्त र निर्मलरूपले रहन्छ । परिपक्व आम्रफल सुन्दर एवं स्पृहणीय हुन्छ त्यस्तो सन्तोषी पुरुष सबैको प्रिय र स्तुतियोग्य हुन्छ ।

सन्तोषीको सारा इच्छा निवृत्त हुन्छ । ऊ संसारको भोगमा आसक्त हुँदैन । सन्तोषीलाई देवता, ऋषि, मुनि सबै नमस्कार गर्छन् । सन्तोष प्राप्त भएपछि मानिस इच्छा रहित भएर आनन्दमय जीवनमा रमाएर रहन्छ । सन्तोषी सबैको धन्यवादार्ह हुन्छ । सन्तोषले जीवन सुशोभित हुन्छ ।

(१४) साधुसङ्ग (सत्सङ्ग)

साधुसमागम मोक्षको एक द्वारपाल हो । दान, तीर्थ आदि साधनबाट जो प्राप्त हुँदैन त्यो आत्मपद साधुसमागमबाट प्राप्त हुन्छ । साध्नोति परकार्यमितिसाधुः - अर्थात् जो आफू ज्ञानी भईकन अरूलाई ज्ञानी तुल्याउन समर्थ हुन्छ त्यसलाई साधु भनेको छ । त्यस्ता साधुहरूलाई सन्तजन, सज्जन भन्दछन्। तिनको संगत गर्नुलाई सत्संग भनेको छ । सत्संगको अपार महिमा छ । आत्मानन्दले रहित अज्ञानी मानिस पनि सत्संग पायो भने ज्ञानी बनेर आत्मानन्दले परिपूर्ण भएर रहन सक्छ । हे राम ! सन्तको संगतबाट हृदयमा ज्ञानरूपी बत्ती बल्छ र अज्ञानरूपी तमको विनाश हुन्छ । जस्तो कल्पवृक्षको नजीकमा गएपछि वाञ्छित फल प्राप्त हुन्छ त्यस्तो सन्तजनको समीपमा गएपछि उहाँले संसार-समुद्रबाट पार तारिदिनुहुन्छ । जस्तो माझीले नौकाद्वारा

मानिसलाई नदीको पारि पुऱ्याइदिन्छ त्यस्तै सन्तजनले युक्तिद्वारा संसार-समुद्रको पार लगाइदिनुहुन्छ ।

हे राम ! जसको अनात्म देहादिमा स्नेह हटेको छ र शुद्ध आत्मामा स्थिति प्राप्त भएको छ त्यसको बुद्धि संसारको इष्ट अनिष्टमा चलायमान हुँदैन, त्यो सदा समताभावमा स्थित रहन्छ । जसले सत्संगलाई त्याग गरेको छ त्यसले नरकरूपी अग्निमा दाउरा जले झैं जल्नुपर्छ । त्यसकारण सत्संगरूपी मेघ नै हो नरकाग्निको नाशक - यस्तो विचार गरेर सत्संगलाई स्वीकार गर । जसले सत्संगरूपी गंगामा स्नान गरेको छ त्यसलाई फेरि तपस्या, दान आदि साधनको प्रयोजन रहँदैन । आध्यात्मिक आदि त्रिविध तापले तप्त जीवको लागि सत्संग नै हो शान्तिदायक शीतल जल । जस्तो ग्रीष्मको प्रखर घामले तातेको पृथिवी मेघद्वारा शीतल हुन्छ त्यस्तै सत्संगले हृदय शीतल हुन्छ । सत्संगद्वारा मानिसले अविनाशी पद पाउन सक्तछ, जुन पद पाएपछि अरू पाउने इच्छा हुँदैन । मोक्ष प्राप्त गर्नको लागि सत्संग नै हो सबभन्दा उत्तम साधन । त्यसकारण, हे राम ! आत्मकल्याणको लागि सत्संग गर्नु अति उत्तम कुरा हो ।

वसिष्ठ भन्नुहुन्छ - हे राम ! मैले तिमीलाई मोक्षका यी चार द्वारपालको वृत्तान्त बताएँ । जसले इनका साथ प्रेम गरेको छ त्यो चाँडैनै आत्मपद प्राप्त गर्न समर्थ हुनेछ र जो यिनको सेवा गर्दैन त्यसलाई यो अविनाशी मोक्षपद प्राप्त हुन सक्तैन । बरु चारैवटा प्राप्त गर्न नसकेतापनि कमसे कम यौटा त अवश्य प्राप्त गर्नुपर्छ । एकको प्राप्ति भएपछि अरू तीन पनि पछि लागेर आउँछन् । संक्षिप्त श्लोक :

" सन्तोषः परमो लाभः सत्सङ्गः परमं धनम् ।
विचारः परमं ज्ञानं शमश्च परमं सुखम् " ॥

मनरूपी वनमा वासनारूपी नदी बगेको छ, शुभ र अशुभ त्यो नदीका दुई तट छन् तिनमा मनलाई अशुभ तटबाट हटाएर शुभतटतिर प्रवाहित गर्नुपर्छ । मन जब दृश्यतिर प्रवाहित हुन्छ तब त्यो बन्धनको कारण हुन्छ, अन्तर्मुख भएर मन जब आत्मातिर प्रवाहित हुन्छ तब त्यो मोक्षको कारण हुन्छ । हे राम ! जो भन्नुपर्ने कुरा मैले भनिदिएँ, अब तिम्रो जस्तो इच्छा छ त्यस्तै गर ।

(१५) ग्रन्थको महिमा तथा षट्प्रकरण-निरूपण

वसिष्ठ भन्नुहुन्छ - हे राम ! यी मेरा वचन परम पवित्र छन् र विचारवान् शुद्ध अधिकारीको लागि परमबोधका कारण हुन् । यी वचनबाट शुद्ध पात्रको शोभा हुन्छ र शुद्ध पात्रलाई पाएर वचन पनि सुशोभित हुन्छन् । जस्तो शरद् ऋतु लागेपछि बादल हटेर जान्छ र निर्मल आकाशमा चन्द्रमाको कति सुन्दर शोभा हुन्छ त्यस्तै शुद्ध अधिकारीको निर्मल हृदयाकाशमा यी वचनरूपी चन्द्रमाको शोभा बढेर आउँछ । जिज्ञासु मानिस यी पवित्र वचन सुनेर प्रसन्न रहन्छन् । हे राम ! तिमी पवित्र पात्र छौ र मेरा यी वचन पनि अति उत्तम छन् ।

यो महारामायण मोक्षेपाय-शास्त्र हो । यसको अभ्यासबाट आत्मबोध प्राप्त हुन्छ । प्रसंगवश ठाउँ ठाउँमा प्रदर्शित दृष्टान्तले प्रस्तुत लक्ष्यलाई परिपुष्ट तुल्याएको छ । पुण्यपुञ्ज एकत्रित भएपछि मात्र यस पवित्रशास्त्रको श्रवण प्राप्त हुन्छ । पुण्यात्मालाई मात्र यो शास्त्र सुन्ने इच्छा हुन्छ । जो यो मोक्षेपाय-शास्त्र महारामायण आदिदेखि अन्ततक मन लगाएर अध्ययन गर्छ अथवा कुनै निष्काम सज्जन पुरुषको मुखबाट श्रवण गर्छ त्यसको संसारभ्रम विनष्ट हुन्छ । जस्तो रज्जुको ज्ञानबाट सर्प भ्रम नष्ट हुन्छ त्यस्तो आत्मतत्वको ज्ञानबाट संसार-भ्रम विनष्ट हुन्छ ।

यो मोक्षोपायशास्त्र योगवासिष्ठ महारामायणको मूल आदि कवि वाल्मीकि ऋषिले संस्कृत भाषामा लेख्नु भएको छ । यसमा बत्तीसहजार श्लोक र छ प्रकरण छन् ।

छ प्रकरण र श्लोक संख्या

(१)	वैराग्य प्रकरण	-	१५०० श्लोक
(२)	मुमुक्षु व्यवहार प्रकरण	-	१००० श्लोक
(३)	उत्पत्ति प्रकरण	-	५००० श्लोक
(४)	स्थिति प्रकरण	-	३००० श्लोक
(५)	उपशम प्रकरण	-	५००० श्लोक
(६)	निर्वाण प्रकरण	-	१६५०० श्लोक
	जम्मा	-	३२००० श्लोक

छ प्रकरणको संक्षेप

(१) वैराग्यप्रकरण : जस्तो मरुभूमिमा पानी नपर्ने हुनाले वृक्ष उत्पन्न हुँदैन, कदाचित् अधिक वर्षा भएमा वृक्ष उत्पन्न हुनसक्छ त्यस्तो अज्ञानीको मरुभूमितुल्य हृदयमा वैराग्यरूपी वृक्ष उत्पन्न हुँदैन, यदि यो शास्त्रको अधिक अभ्यास गर्छ भने उसमा वैराग्यरूपी वृक्ष उत्पन्न हुन सक्छ ।

(२) मुमुक्षव्यवहार प्रकरण : जस्तो मलिन मणि मार्जन गरेपछि उज्वल हुन्छ त्यस्तो योगवासिष्ठका वचनको अभ्यास गरेपछि मुमुक्षुको हृदय निर्मल हुन्छ र विचारको बलले आत्मपद प्राप्त हुन्छ ।

(३) उत्पत्तिप्रकरण : यो प्रकरण धेरै कथा र दृष्टान्तले सुशोभित छ, जसको विचारद्वारा जगत् उत्पन्न भएको छ भन्नेभाव मनबाट हटेर जान्छ - यस-जगत्को अत्यन्ताभाव सिद्ध हुन्छ । यस जगत्मा स्थावर र जंगम जति पनि पदार्थ छन् जस्तो आकाश, वायु, तेज, जल र पृथिवी यी पञ्च महाभूत र यिनबाट बनेका सम्पूर्ण पदार्थ अज्ञानले भास्तछन् । ज्ञानको उत्पत्ति भए अज्ञान नष्ट हुन्छ र पदार्थभ्रम नष्ट हुन्छ । वास्तवमा जगत्को उत्पत्ति भएकै छैन । जस्तो स्वप्नसृष्टि जागेपछि नष्ट हुन्छ त्यस्तो आफ्नो चिदाकाशस्वरूपमा जागेपछि जगत् नष्ट

भइहाल्छ । जस्तो डोरीमा सर्प, सिपीमा चाँदी, मरुभूमिमा जल, दुइटा चन्द्रमा, गन्धर्वनगर, आकाशमा नीलता नभए तापनि देखिन्छन् त्यस्तो अविद्याले जगत्को उत्पत्ति भएको जस्तो देखिन्छ किन्तु सम्यक्ज्ञानको उदय भएपछि निवृत्त भइहाल्छ । अविद्या भन्ने पनि कुनै वस्तु होइन चैतन्यसत्तामा सम्वेदनरूप मन उत्पन्न हुन्छ र मनको स्पन्दन (चलन) बाट सृष्टि देखिन्छ, मन निस्पन्द भए सम्पूर्ण सृष्टि आफैंमा लीन भइहाल्छ । सारांशमा भन्ने हो भने चिताए जगत् छ, नचिताए छैन । वास्तवमा सर्वब्रह्म जो चिदाकाश रूप शुद्ध चैतन्य आत्मा अनन्त परमानन्दस्वरूप विद्यमान छ त्यसमा न जगतको उत्पत्ति छ नत लीन हुनु भन्ने कुरा नै छ । आत्मसत्ता आफ्नै महिमामा स्थित छ ।

(४) स्थितिप्रकरण : दृश्यमान यो सम्पूर्ण प्रपञ्च मनोराज्य हो । मनको संकल्पबाट यो जगत् उत्पन्न भएको छ, त्यसकारण संकल्पमात्र हो । जस्तो अज्ञानले डोरीमा सर्प भास्तछ, सम्यक् दृष्टिले हेरेमा सर्पको निवृत्ति भइहाल्छ त्यस्तै स्वरूपको अज्ञानले गर्दा जगत्को प्रतीति हुन्छ तापनि सम्यक् ज्ञानले जगत्को निवृत्ति भइहाल्छ । ब्रह्माजीका दश पुत्र संकल्पद्वारा खडा भएका थिए त्यस्तै यो त्रिजगत् संकल्परूप हो, कुनै अर्थरूप होइन ।

(५) उपशमप्रकरण : जस्तो स्वप्नबाट जागेपछि स्वाप्निक पदार्थको वासना रहँदैन त्यस्तो यस प्रकरणको विचार गरेपछि म तिमी आदि वासना लीन हुन्छ किनकि उसको निश्चयमा जगत् छैन । जस्तो दुई जनामा एकजना मानिस सुतेको छ र एकजना जागेको छ, सुतेको मानिसमा स्वप्नजगत् भासेको छ तर निकटस्थ जाग्रत् पुरुषको दृष्टिमा उसको स्वप्नजगत् आकाशरूप अर्थात् चैतन्यरूप हुन्छ तब वासना कसरी रहला ? जब वासना नष्ट हुन्छ तब मनको उपशम हुन्छ । त्यसपछि उसका चेष्टा देख्नमा मात्र हुन्छन्, मनमा पदार्थको इच्छा उठ्दैन । जस्तो तेलरहित दीपकको निर्वाण हुन्छ त्यस्तो वासनारहित (इच्छारहित) मनको निर्वाण हुन्छ ।

(६) निर्वाणप्रकरण : अज्ञानले चैतन्यस्वरूप आत्माको चित्तका साथ सम्बन्ध बनेको छ किन्तु विचारद्वारा त्यो सम्बन्ध नष्ट भइहाल्छ र आफू शरत्कालीन मेघरहित आकाश झैं निर्मल भइहाल्छ । विचारद्वारा अहङ्काररूपी पिशाच नष्ट हुन्छ, सारा इच्छाको निवृत्ति हुन्छ र निर्वाण पद (मोक्ष) प्राप्त हुन्छ । जस्तो पत्थर स्फुरणरहित हुन्छ त्यस्तो ज्ञानवान्को मन इच्छारहित हुन्छ । यसरी इच्छारहित भएर ज्ञानवान् पुरुषको जगत्-यात्रा चलिरहन्छ, कामकाज भइरहन्छ । बाहिरबाट कामकाज गरेको देखिए तापनि अशरीर भएको हुनाले वास्तवमा ज्ञानवान् केही पनि गर्नुहुन्न । जस्तो सूर्यको अगाडि अन्धकार रहँदैन त्यस्तो ज्ञानवान्को दृष्टिमा जगत् भास्दैन । ज्ञानवान् पुरुष अचिन्त्य चिन्मात्रस्वरूपमा अवस्थान गर्नुहुन्छ । उहाँको दृष्टिमा रूप (विषय) आलोक (इन्द्रिय) र मनस्कार (मनका वृत्ति) सबै आकाशरूप (चैतन्यरूप) हुन्छन् । ज्ञानवान्ले जुन निर्वाणपद प्राप्त गर्नुहुन्छ त्यसको उपमाको वर्णन ब्रह्मा, विष्णु र रुद्रले पनि गर्न सक्तैनन् ।

(१६) दृष्टान्तद्वारा ज्ञानवान्को र ग्रन्थको महिमा

हे राम ! मैले बताएका यी वाक्य अत्यन्त उत्तम छन्, जो परम श्रद्धाका साथ यिनको विचार गर्छ त्यो उत्तम पद प्राप्त गर्न समर्थ हुन्छ । जस्तो उत्तम खेतमा उत्तम बीज रोपेपछि उत्तम फलको उत्पत्ति हुन्छ त्यस्तो यी मदुक्त वाक्यको विचार गर्ने मानिसलाई उत्तम पद प्राप्त हुन्छ ।

हे राम ! युक्तियुक्त वचन ग्रहण गर्नुपर्छ । ठूला मानिसले भनेको छ तापनि यदि त्यो वचन युक्ति युक्त छैन भने ग्राह्य हुँदैन, बालकको वचन पनि युक्तियुक्त छ भने ग्राह्य हुन्छ । मेरा वचन युक्तियुक्त र बोधका कारण छन्, त्यसकारण जसले यो शास्त्र आदिदेखि अन्तपर्यन्त पढला अथवा ज्ञाता पण्डितबाट श्रवण गरेर विचार गर्ला तब त्यसको बुद्धि संस्कारित होला । पहिले वैराग्य प्रकरणको विचार गर्नुपर्छ । जति पनि संसारका रमणीय भोग्य पदार्थ छन् तिनलाई विरस जानेर मनबाट तिनको इच्छाको निवृत्ति होस् । जब भोगमा वैराग्य हुन्छ तबमात्र शान्तिरूप आत्मतत्त्वको प्राप्ति संभव हुन्छ । जब विचारद्वारा बुद्धि शुद्ध (संस्कारयुक्त) हुन्छ तब शास्त्रको सिद्धान्त बुद्धिमा स्थित हुन्छ । जस्तो शरत्काल आएपछि मेघ हटेर जान्छ र आकाश स्वच्छ हुन्छ त्यस्तै यस शास्त्रको विचारद्वारा बुद्धि निर्मल हुन्छ र आधि-व्याधिले छुन सक्तैन ।

जति जति यो शास्त्रको विचार दृढ हुँदै जान्छ त्यति त्यति शान्तिको अनुभव हुँदै जान्छ । सांसारिक यत्नको परित्याग गरेर यो शास्त्रको विचार गर्नाले मनमा चैतन्यसत्ताको उदय हुन्छ र मोह आदि विकार नष्ट हुन्छन् । आत्मपद प्राप्त भएपछि संसारको क्षोभ मेटिन्छ । जस्तो कवच लगाएको मानिसलाई वाणले वेध गर्न सक्तैन त्यस्तो ब्रह्मकवचधारी ज्ञानवान् पुरुषलाई संसारको रागद्वेषले छुन सक्तैन । विषयको भोग उपस्थित भए तापनि त्यसलाई विषरूप जानेर बुद्धिले ग्रहण गर्दैन । जस्तो पतिव्रता नारी अन्त:पुरबाट बाहिर निक्लन्नन्, त्यस्तो ज्ञानवान्को बुद्धि भित्र आत्मतत्त्वलाई छोडेर बाहिर निक्लदैन ।

यद्यपि बाहिरबाट हेर्दा ज्ञानवान् पनि अरूसरह नै दृष्टिगोचर हुन्छ र कुनै अनिच्छित कुरा प्राप्त भएमा त्यसको भोग गरेको पनि देखिन्छ, तर भित्रबाट रागद्वेष फुर्दैन । जगत्को उत्पत्ति र प्रलयको क्षोभले ज्ञानीलाई स्पर्श गर्दैन । जस्तो चित्रलिखित बेलीलाई आँधीले हल्लाउँदैन त्यस्तो ज्ञानीलाई जगत्को दु:खले चलायमान गर्न सक्तैन । ज्ञानवान् पुरुष संसारतिर जड हुन्छ र वृक्ष झैं गम्भीर, पर्वत झैं अचल, चन्द्रमा झैं शीतल हुन्छ । हे राम ! आत्मज्ञानबाट यस्तो पद प्राप्त हुन्छ कि जसलाई पाएपछि फेरि पाउनुपर्ने केही बाँकी रहँदैन । आत्मज्ञानको कारण यो मोक्षोपायशास्त्र हो यसमा अनेक प्रकारका दृष्टान्त सम्मिलित छन् । जुन वस्तु अपरिच्छिन्न छ र दृष्टिगोचर हुँदैन त्यसलाई देखाउन या बुझाउनको लागि उपमाद्वारा विधिपूर्वक संझाउनुको नाम हो दृष्टान्त ।

यो जगत् कार्यकारणरहित छ तब आत्मा र जगत्को एकता कसरी होला, यसमा मैले जो दृष्टान्त दिएको छु त्यसको एक अंश स्वीकार गर्नू, सबै अंश होइन । मूर्खहरूले कार्यकारणको कल्पना गरेका छन् त्यसलाई मेटाउन स्वप्नदृष्टान्त बताएको हो, यसलाई सम्झे पछि तिम्रो मनको संशय नष्ट हुनेछ । हे राम ! मूर्खको दृष्टिमा दृक्-दृश्यभेद भास्तछ त्यसलाई हटाउन मैले

स्वप्नदृष्टान्त देखाएको हुँ, जसको विचारद्वारा मिथ्याविभागको जो कल्पना छ त्यसको अभाव हुन्छ । यस्तो कल्पनाको नाशक यो मेरो मोक्षोपाय शास्त्र छ । जो आदिदेखि अन्तसम्म यो मोक्षोपाय शास्त्रको विचार गर्ला त्यो पूर्ण संस्कारी हुनेछ । जो पद-पदार्थलाई जानेर बारम्बार दृश्यको विचार गर्छ भने त्यसको दृश्यभ्रम नष्ट भएर जान्छ । यस शास्त्रको विचारको लागि कुनै तीर्थ, व्रत, तपस्या, दान आदिको जरुरत छैन । जहाँ जस्तो स्थान मिलेको छ त्यहीं बसेर र घरमा जस्तो भोजन मिलेको छ त्यसैमा सन्तुष्ट भएर यस शास्त्रको विचार गर्नुपर्छ तब अज्ञान नष्ट भएर आत्मपद प्राप्त हुन्छ ।

हे राम ! यो शास्त्र प्रकाशरूप हो । जस्तो अन्धकारमा पदार्थ देखिदैन, तर बत्तीको प्रकाश पाएपछि चक्षु भएका मानिसलाई पदार्थको ज्ञान हुन्छ त्यस्तै शास्त्ररूपी बत्तीको प्रकाश पाएर विचाररूपी आँखा भएका मानिसलाई आत्मपदको प्राप्ति हुन्छ । वरदान, शाप आदिवाट आत्मा प्राप्त हुने होइन, केवल विचारद्वारा आत्मपद प्राप्त हुन्छ । विचारपूर्वक दृढ अभ्यास गरे मात्र यथार्थरूपले आत्मस्वरूप प्राप्त हुन्छ । त्यसकारण यो पावन मोक्षोपाय शास्त्रको विचारबाट जगद्भ्रम नष्ट हुन्छ । विचारवान् पुरुषको लागि देखता देखतै जगत् हराइहाल्छ, जस्तो चित्रलिखित सर्पबाट यो सर्प होइन यस्तो ज्ञान भएको हुनाले भय हुँदैन त्यस्तो यो जगत् वास्तवमा भएको होइन यस्तो ज्ञान भएपछि जगद्भ्रम नष्ट भइहाल्छ र जन्ममरणादिको भय पनि रहँदैन । जन्ममरणको दुःख अत्यन्त भयानक हो तापनि यस शास्त्रको विचारबाट त्यो पनि नष्ट भइहाल्छ ।

वसिष्ठ भन्नुहुन्छ - हे राम ! अरू तेज दाहक हुन्छ तर ज्ञानको तेज शीतल औ शान्तिरूप हुन्छ । जस्तो कलियुगमा धूमकेतु (पुच्छ्रेतारा) को उदय हुन्छ अरू युगमा हुँदैन त्यस्तो ज्ञानवान्को हृदयमा विकार उत्पन्न हुँदैन । संसार-भ्रम आत्माको प्रमादबाट उत्पन्न हुन्छ तर आत्मज्ञान भएपछि यत्न विना नै शान्त हुन्छ । फूल मिच्न वा पात च्यात्न केही मिहिनेत गर्नु पर्ला किन्तु आत्मप्राप्तिको लागि यत्न आवश्यक छैन । आत्मा बोधस्वरूप भएको हुनाले बोधद्वारा नै जानिन्छ । आत्मा शुद्ध अद्वैतरूप हो र जगत् भ्रममात्र हो । पूर्वापर विचारद्वारा जसमा सत्यता पाइदैन त्यसलाई भ्रममात्र भनेर जान । जो सदा स्थिर रहन्छ त्यसलाई सत्य भनेर जान । आदि र अन्तमा जगत्को सत्यता पाइदैन, त्यसो हुनाले जगत् स्वप्नसमान हो । जस्तो स्वप्न आदि र अन्तमा केही छैन त्यस्तै जाग्रत् पनि आदि र अन्तमा छैन, त्यसो हुनाले जाग्रत् र स्वप्न समान हो । जसको आदि र अन्तमा सत्ता छैन भने मध्यमा देखिए तापनि त्यो सत्य ठहर्दैन जस्तो गन्धर्वनगर (संकल्पनगर) अथवा स्वप्ननगर ।

वसिष्ठ भन्नुहुन्छ - हे राम ! जगत्को मिथ्यात्वप्रदर्शनका लागि र आत्मबोधका लागि मैले प्रशस्त दृष्टान्तहरू दिएको छु, तिनमा जुन अंशलाई लिएर जुनकुरा बुझाउन दृष्टान्त दिएको छ त्यही अंशलाई मात्र लिएर दार्ष्टान्तमा मिलाउनुपर्छ । सर्वांशमा दृष्टान्तसित मिलाउन खोज्नु मूर्खता ठहरिन्छ । आत्मबोधका लागि दृष्टान्तको एक अंशमात्र लिनुपर्छ । जुन वचनबाट अर्थ सिद्ध हुन्छ र जो अनुभवप्रकट गर्नमा समर्थ छ त्यस्तो वचन स्वीकार्य हुन्छ । जसबाट प्रस्तुत वाक्यार्थ सिद्ध हुँदैन भने त्यस्ता वचन परित्याज्य हुन्छन् । आत्मबोधका लागि जो गुरु र शास्त्रको वचनलाई ग्रहणगर्छ त्यसलाई श्रेष्ठ पुरुष सम्झनुपर्छ । जो वादको लागि कुनै वचन ग्रहणगर्छ भने त्यो

मूर्खको श्रेणीमा पर्छ । जो अभिमानको लागि शास्त्रवचन ग्रहण गर्छ भने त्यो शिरमा माटोको भारी बोकेको हात्तीसमान हुन्छ अर्थात् केवल शास्त्रको भारी बोकैयामात्र हुन्छ । जो बोधको निमित्त शास्त्रवचनको ग्रहण गर्छ र विचारपूर्वक त्यसको अभ्यास गर्छ त्यसलाई सहजरूपले आत्मज्ञान हुन्छ । आत्मपद-प्राप्तिको लागि अवश्यमेव अभ्यास चाहिन्छ । शम, विचार, सन्तोष र साधुसमागम यी आत्मबोधका कारण हुन् ।

श्रेष्ठ पुरुष त्यही हो जो सारग्राही छ । भोकाएका मानिसको लागि पक्वान्न प्राप्त छ भने भोजन गर्नु नै उसको प्रयोजन हो त्यस्तै जिज्ञासुले आत्मबोधका लागि सार कुरा ग्रहण गर्नुपर्छ, वादविवाद पट्टि फस्नु हुँदैन किनकि त्यो वस्तु कहाँबाट आयो, कसरी निर्मित भयो र त्यो कहाँ रहेको थियो इत्यादि अनावश्यक कुराको वादविवाद गर्नु व्यर्थ छ । विचार ठूलो कुरो हो जहाँसम्म आत्मविश्रान्ति प्राप्त हुँदैन त्यहाँसम्म विचारपरायणता आवश्यक छ । स्वरूपमा विश्राम गर्नुलाई भनेको छ तुरीयपदप्राप्ति । जस्तै मन्दराचल पर्वत चल्न छोडेपछि क्षीरसमुद्र शान्त हुन्छ त्यस्तै तुरीय पदमा विश्राम लिएका ज्ञानीलाई अक्षय शान्ति प्राप्त हुन्छ । तुरीय पदमा विश्राम लिएका पुरुषको लागि श्रुति-स्मृतिमा बताएका (शास्त्रोक्त) कर्म गर्नुबाट कुनै प्रयोजन सिद्ध हुँदैन र कर्म नगर्नुबाट पनि कुनै प्रत्यवाय लाग्दैन । त्यो ज्ञानी पुरुष सदेह होस् वा विदेह होस्, गृहस्थ होस् वा विरक्त होस् उसको कुनै कर्तव्यशेष रहँदैन । उहाँ त संसारसमुद्रबाट पार भइसक्नु भएको छ । जसको घटमा विशुद्ध आत्मसत्ता विराजमान छ त्सलाई त्यागेर जो नाना विकल्प खडा गर्छ त्यो मूर्ख हो ।

प्रत्यक्षप्रमाण मान्न योग्य छ, अनुमान र अर्थापत्ति आदि प्रमाण प्रत्यक्षमूलक मानिन्छन् । सारा नदीको अधिष्ठान समुद्र भए झैं सबै प्रमाणको अधिष्ठान प्रत्यक्ष प्रमाण हो । चक्षुरिन्द्रियबाट उत्पन्न ज्ञानलाई प्रत्यक्षप्रमाण भनेको छ । यो प्रमाणलाई विषय गर्नेवाला जीव हो । आफ्नो स्वरूपको अज्ञानले अनात्म दृश्य खडा भएको छ । अहंकारले अभिमान हुन्छ । अभिमानले दृश्य बन्छ र त्यसमा हेयोपादेय बुद्धि हुन्छ । अनि रागद्वेषयुक्त भएर जीव जलिरहन्छ । आफूलाई कर्ता भोक्ता मानेर जीव बहिर्मुख हुन्छ र संसारमा भड्किरहन्छ । जब अन्तर्मुख भएर आत्माको साक्षात्कार हुन्छ तब आफ्नो परिच्छिन्न भाव नष्ट हुन्छ । जस्तो स्वप्नबाट जागेपछि स्वप्नको शरीर र अन्य दृश्यभ्रम सारा नष्ट भइहाल्छ त्यस्तो आत्मस्वरूपमा जागेपछि सबै भ्रम मेटिइहाल्छन् र शुद्ध आत्मसत्ता भासमान हुन्छ । द्रष्टा नै दृश्य बन्छ र दृश्य नै द्रष्टारूपले खडा हुन्छ । यो द्रष्टृदृश्यभाव मिथ्या हो । जस्तो पवनमा स्पन्दशक्ति हुन्छ त्यस्तो आत्मामा सम्वेदन फुर्छ । सम्वेदन या स्फुरणद्वारा आत्मा नै दृश्यरूपले खडा हुन्छ जस्तो स्वप्नमा अनुभवसत्ता नै दृश्यरूपले स्थित हुन्छ । त्यसकारण सब आत्मसत्ता नै हो । यस्तो विचार गरेपछि आत्मपद प्राप्त हुन्छ । विचार गरेर पनि आत्मपद प्राप्त भएन र अहंकाररूपी कलङ्क फुरिरहन्छ भने त्यसको परित्यागमा यत्न गर । अहङ्कारको परित्याग भएपछि जो शेष रहन्छ त्यो शुद्ध बोधस्वरूप आत्मा हो । हे राम ! यसरी तिमी शुद्ध बोध प्राप्त गर । त्यसपछि यो शरीर यन्त्रको पुतली झैं चलिरहन्छ, आफू निरहंकार आत्मस्वरूपमा विराजमान भएर रहन्छौं । यस कारण त्यो नित्य शुद्ध शान्त आत्मपद प्राप्त गर्न अभ्यास गर । जो "दैव" भन्ने शब्दलाई त्यागेर उत्तम पुरुषार्थलाई

अपनाउँछ त्यो आत्मपद प्राप्त गर्न समर्थ हुन्छ र जो नीच पुरुषार्थ तिर लाग्छ त्यो संसारसमुद्रमा डुब्दछ ।

(१७) आत्मप्राप्ति

जब सत्सङ्गबाट बुद्धि शुद्ध हुन्छ तब आत्मज्ञान प्राप्त गर्ने सामर्थ्य प्राप्त हुन्छ । जो शास्त्रानुसार चेष्टा गर्छ तिनलाई साधु वा सज्जन भन्दछन् । तिनमा रहने जो शम, सन्तोष आदि गुण छन् तिनलाई ग्रहण गर्नुपर्छ तब आत्मज्ञान हुन्छ । शमादि गुण र आत्मज्ञान परस्पर सहकारी छन् - शमादिगुणबाट आत्मज्ञान प्राप्त हुन्छ र आत्मज्ञानबाट शमादिगुण परिपुष्ट हुन्छन् । हे राम ! यस्तो विचार गरेर शम सन्तोष आदि गुणको अभ्यास गर, तब शीघ्र नै आत्मपद प्राप्त हुनेछ । ज्ञानवान्मा शमादि गुण सहजरूपले नै प्राप्त हुन्छन् र जिज्ञासु तथा मुमुक्षुका निम्ति यत्नसाध्य हुन्छन्, त्यसो हुनाले जिज्ञासुले अभ्यासद्वारा ती गुण प्राप्त गर्नुपर्छ । जस्तो धान कुर्ने केटीले उच्च शब्दद्वारा पक्षीहरूलाई उडाइदिन्छे र धानको रक्षा गर्ने काम सफल पार्छे त्यस्तो जिज्ञासु जनले शम, सन्तोष आदि गुणको यत्नतः पालना गर्नुपर्छ तब मात्र आत्मतत्वप्राप्तिरूप कार्य सम्पन्न हुन्छ ।

यो मोक्षेपाय शास्त्रलाई आदिदेखि अन्तपर्यन्त पढेर वा सुनेर विचार गरेपछि भ्रान्ति निवृत्त हुन्छ र धर्म, अर्थ, काम र मोक्षरूप पुरुषार्थ सिद्ध हुन्छ । जुन बुद्धिमान् पुरुषले यो मोक्षेपाय शास्त्रको विचार गर्ला त्यसलाई शीघ्र नै आत्मपद प्राप्त हुनेछ ।

मुमुक्षुव्यवहार प्रकरण समाप्त

उत्पत्तिप्रकरण

(१) बोधहेतु

वैराग्यबाट शमादि साधन प्राप्त हुन्छ र शमादिसम्पन्न मुमुक्षुको श्रवणमा अधिकार हुन्छ भन्ने कुरा वैराग्यप्रकरणमा देखाइयो । त्यसपछि मनन र निदिध्यासनको अङ्गरूपले मुमुक्षुव्यवहारप्रकरण बताइयो । ब्रह्म नै सत्य हो र जगत् मिथ्या हो भन्ने कुरा पनि यत्र तत्र बताइयो । तैपनि प्रत्यक्षदृष्ट जगत् कसरी मिथ्या होला भनी शङ्का हुनसक्छ, त्यस शङ्काको निवारणपूर्वक वास्तवमा यो जगत् परमाकाश चैतन्यस्वरूप आफूदेखि भिन्न होइन, सम्पूर्ण जगत् ब्रह्मको विवर्तमात्र हो । व्यवहारमा आउने म, तँ , तिमी इत्यादि पनि ब्रह्मको नै नामान्तर हो । त्यसकारण ब्रह्मदेखि भिन्न सिन्को पनि उत्पन्न भएको छैन । प्रत्यग्‌रूपले अनुभूयमान ब्रह्म नै सर्वत्र विराजमान छ भन्ने कुरा देखाएर मुमुक्षुजनलाई शुद्ध निर्विकार परमानन्दरूप ब्रह्मस्वरूपमा निर्विघ्नरूपले आसीन गराउन यो उत्पत्तिप्रकरणको आरम्भ गरिन्छ ।

जीवको स्वरूपको बारेमा अन्यान्य दार्शनिकहरूले विभिन्न प्रकारले व्याख्या गरेका छन्, किन्तु औपनिषद् प्रणाली अनुसार अपरोक्ष चैतन्यस्वरूप भएको हुनाले जीव ब्रह्मदेखि भिन्न होइन । अनुभूति, वेदन, प्रतिपत्ति, प्रत्यक्ष यी ब्रह्मका नै नाम हुन् । जीव पनि प्रत्यक्ष अनुभवस्वरूप भएको हुनाले ब्रह्म नै हो । संवित् पनि ब्रह्मको नामान्तर हो । संवित्‌स्वरूप ब्रह्मचैतन्य अन्तःकरणमा प्रतिविम्बित भएपछि पुरुषसंज्ञा प्राप्त हुन्छ । चित्तोपाधिक पुरुष नै अहन्ताप्रत्ययले अहंकारनामले प्रसिद्ध हुन्छ । मन जब घटपढादि आकारमा परिणत हुन्छ तब पदार्थसंज्ञा प्राप्त हुन्छ ।

प्रत्यक्ष दुई प्रकारको हुन्छ (१) लौकिक प्रत्यक्ष र (२) अलौकिक प्रत्यक्ष । विषयेन्द्रियसंसर्गजनित अन्तःकरणवृत्तिमा आरूढ चैतन्य लौकिक प्रत्यक्ष कहिन्छ र महावाक्यजनित अन्तःकरणवृत्तिमा आरूढ ब्रह्मचैतन्य अलौकिक प्रत्यक्ष भनी कहिन्छ । एतावता प्रत्यक्षनामक ब्रह्म नै औपनिषद जीवको लक्ष्य हो ।

संविद्‌रूप ब्रह्म नै मनको संकल्प विकल्प आदि भ्रमले जगद्‌रूपले स्फुरित हुन्छ जस्तो समुद्रको जल नै तरङ्गरूपले स्फुरित हुन्छ । सारा पदार्थ मनोविलासमात्र हो भन्ने शास्त्रको सिद्धान्त छ । संकल्पविकल्पको क्रमले संवित्‌स्वरूप परमात्मा सृष्टिकालमा अवस्था पञ्चकरूपमा भासमान हुन्छ जस्तै (१) अविद्यावस्था - सामान्यरूपले दृश्यको उत्पत्ति । (२) चित्तावस्था - चिताउनुरूप दृश्य खडा भयो । (३) अहङ्कारावस्था - चित्तमा परेको चिदाभासलाई म भनेर अभिमान गर्न थाल्यो । (४) बुद्ध्यवस्था - बुद्धिसित मिलेर आफूलाई कर्ता भोक्ता मान्न थाल्यो । (५) मनोऽवस्था- संकल्प र विकल्पको जालोमा फसेर पूरा संसारी बन्यो ।

सृष्टिको आदिमा ब्रह्म अकारण नै छ । जब प्रत्यगभिन्न प्रत्यक्षात्मक ब्रह्म मायिक सृष्टिलीलाको स्वाङ० रचेर स्फुरित हुन्छ तब ब्रह्म जगत्‌को कारणरूपले व्यवहृत हुन्छ ।

"क्रियां कुर्वद् विकारम्" भन्ने न्याय अनुसार सृष्टिको पहिले क्रियारहित भएको हुनाले ब्रह्म अकारण हुन्छ । सृष्टिकालमा क्रियासित संबन्ध भएको हुनाले ब्रह्ममा कारणत्व कल्पित हुन्छ । प्रपञ्चरूपले परिणत मायाको अधिष्ठान भएको हुनाले नै ब्रह्ममा कारणत्व कल्पित भएको छ ।

रूप (विषय) आलोक (इन्द्रिय), मनस्कार (चित्तको फैलावट) र पदार्थ (घटपट आदि) - यिनीहरूले खचाखच भरिएको यो जगत् ज्ञानस्वरूप ब्रह्मको नै अन्तर्गत छ, जस्तो स्पन्दन वायुको अन्तर्गत हुन्छ । अथवा रूपालोकमाने रूपको आलोक (प्रकाश) अर्थात् रूपदर्शनरूप जाग्रत् अवस्था र मनस्कार मनको संकल्पात्मक वृत्तिधाराको विस्ताररूप स्वप्न अवस्था - यी दुई अवस्थाका पदार्थले व्याकुल भएको जगत् ब्रह्मको नै अन्तर्गत छ जस्तो स्पन्दन वायुभित्र नै छ । त्यसकारण जगत् संस्काररूपले र स्थूलरूपले ब्रह्मभित्र नै रहेको छ । ब्रह्म नै घटपटादि कार्यरूपले विवर्तित भएको छ त्यसैले "सन् घटः, सन् पटः" यसरी ब्रह्मको सत्ताबाट घटपटादिको सत्ता सिद्ध भएको छ । ब्रह्म नै दिक्, काल, बाह्य र आभ्यन्तर रूपले प्रकाशित भइरहेको छ । त्यसैले ब्रह्मलाई जगत्को उपादान कारण भनेको छ । सृष्टिको पहिले यो जगत् नाम र रूपले अभिव्यक्त नभईकन केवल संस्काररूपले ब्रह्ममा विद्यमान थियो । सृष्टिकालमा त्यही प्रत्यक्षात्मक ब्रह्म नै जगत्को निर्माता हुन्छ । प्रत्यक्षात्मक भन्नुको मतलब हो जीव र ब्रह्म वास्तवमा एकै चैतन्य भएको हुनाले प्रत्यक्षात्मक जीव नै हो जगत्को निर्माता भनी बुझ्नुपर्दछ । अक्षपाद आदि दार्शनिकहरू परोक्ष ईश्वरलाई जगत्को कर्ता भनी अनुमान प्रमाणद्वारा सिद्ध गर्छन् । योगवासिष्ठले यस मतको खण्डन गरेको छ । अनुमानआदि प्रमाण पनि प्रत्यक्षप्रमाणकै अंश हुन्, अर्थात् अनुमान आदि प्रमाण पनि प्रत्यक्षप्रमाणात्मक ब्रह्मको अंशजस्ता हुन् । परिपूर्ण ज्ञप्तिस्वरूप ब्रह्म अन्तःकरणको सत्वांशमा प्रतिविम्बित भएर प्रमाता बन्दछ र इन्द्रिय लिङ्गादिजनित अन्तःकरणको राजस अंशमा आरूढ भएर प्रमाणरूप बन्दछ । त्यही ब्रह्म सिसृक्षावशात् अन्तःकरणको तामस हिस्सामा प्रतिफलित भएर प्रमेय जगत् बन्दछ । वास्तवमा प्रमाता, प्रमाण र प्रमेय - यो त्रिपुटीरूप जगत् ब्रह्मदेखि भिन्न छैन । ब्रह्मदेखि अभिन्न भएको हुनाले प्रत्यक्षात्मक जीव नै जगत्को कर्ता हो भनी मानेमा कुनै आपत्ति देखिंदैन । यस विषयमा "पुरत्रये क्रीडति यस्तु जीव स्ततस्तु जातं सकलं विचित्रम्" यो कैवल्योपनिषद् पनि प्रमाण छ ।

हे राम ! ज्ञान भन्ने कुरा वस्तुको स्वभाव हो, कुनै कृत्रिम कुरा होइन । उत्पत्तिशील वस्तुमा वृद्धि, क्षय, उत्कर्ष, अपकर्ष, बन्ध, मोक्ष आदि व्यवहार हुन्छ । जुन वस्तु उत्पन्न नै भएको छैन भने त्यसमा घटनु बढनु आदि विकार कसरी हुन सक्ला ? जति पनि यो स्थावर जङ्गम दृष्टिगोचर छ त्यो सारा आकाशरूप अर्थात् ब्रह्मरूप हो । वास्तवमा ब्रह्मदेखि भिन्न केही उत्पन्न भएकै छैन । द्रष्टा आफूको दृश्यका साथ सम्बन्ध मान्नु नै बन्धन हो । दृश्य वास्तवमा छैन भनी निश्चय गरेर दृश्यका साथ सम्बन्धको निवृत्ति नै मोक्ष हो ।

यो जगत् चिन्मात्ररूप हो । आत्मादेखि भिन्नरूपले मानेमा जगत् मिथ्या हुन्छ । जस्तो स्वप्न सुषुप्तिमा हराइहाल्छ त्यस्तो प्रलयमा यो जगत् देखिंदैन । प्रलयमा जो शेष रहन्छ त्यो हो ब्रह्म । नित्य, ऋत, सत्य, ब्रह्म, आत्मा, सच्चिदानन्द इत्यादि परमात्माका नाम व्यवहारका निम्ति

कल्पित भएका छन् । चेतनताले गर्दा परमात्माको जीव नाम रहन गएको छ । परमात्मा नै जीवसंज्ञा प्राप्त गरेर शब्द र अर्थको ग्रहण गर्छ । जब चैतन्यमा स्पन्दन हुन्छ तब संकल्प - विकल्पात्मक मन भएर रहन्छ । मनको संसरणबाट देश, काल, नदी, पर्वत एवं स्थावर र जङ्गमरूप जगत् उत्पन्न भएको छ जस्तै सुषुप्तिमा स्वप्न । यस जगत्लाई माया, अविद्या, संकल्प, दृश्य आदि नामले पुकार्छन् । वास्तवमा सबै ब्रह्मस्वरूप हो । सुवर्णबाट भूषण बन्छ, त्यो भूषण स्वर्णरूप नै हो, अन्य कुनै वस्तु होइन । जगत् र ब्रह्ममा भेद छैन । भेद तब हुन्थ्यो यदि जगत् उत्पन्न भएको भए । जगत् त उत्पन्न भएकै छैन, तब भेद कसरी होला ? जो भेद देखिन्छ त्यो हो मृगतृष्णाको जल जस्तो । मरुभूमिमा घाम लागेको बेलामा टाढाबाट हेर्दा पानी बगेको देखिन्छ, तर त्यहाँ पानीको नाम निसाना छैन, केवल सूर्यको किरण बालुवामा टल्कादा पानी जस्तो देखिन्छ तर त्यो हो वास्तवमा सूर्यको किरणमात्र त्यस्तै यहाँ जो जगद्रूले भासेको छ त्यो हो वास्तवमा ब्रह्ममात्र । चैतन्यको अणुमा जो सृष्टि देखिन्छ त्यो आभासरूप हो, केही पनि उत्पन्न भएको छैन । चैतन्यसत्ता सर्वदा आफू आफूमा नै स्थित छ, तब उसमा जन्म, मरण, बन्ध, मोक्ष कसरी होला ? अज्ञानले गर्दा जन्ममरणादि भासेर आउँछ, तर त्यो वास्तवमा केही पनि होइन । आफ्नो कल्पना नै जगत्रूपले भासेको छ र भ्रमले साँचो भनी ठानेको, वास्तवमा साँचो होइन । ज्ञानवान्को अर्थयुक्त वचन विना दृढरूपले भासेको यो दृश्यभ्रम निवृत्त हुँदैन । अरू जप, तप, तीर्थ, स्नान, दान, ध्यान आदिबाट यो दृश्य भ्रमलाई निवृत्त गर्न खोज्नु पनि मूर्खता मात्र ठहरिन्छ । यस प्रकारले त जगद्-भ्रम झन दृढ भएर आउँछ । जहाँ गएपनि देश, काल र क्रियासहित सृष्टि दृष्टिगोचर भइहाल्छ । चिरकालतक समाधिमा बसे तापनि व्युत्थान भएपछि शब्द र अर्थले सहित जगत् भासेर आइहाल्छ । समाधिमा बसुन्जेल त सुखको अनुभव हुन्छ, जागे पछि फेरि जस्तातस्तै जगत् देखिइहाल्छ । भनाइको आशय यो होकि उपर्युक्त उपायबाट जगत्को निवृत्ति हुँदैन । बीज रहेसम्म बोट पलाइरहन्छ । बीज हो अज्ञान । श्रद्धापूर्वक ज्ञानवान्को वचनलाई स्वीकार गरेपछिमात्र अज्ञान निवृत्त हुन्छ । यो समाधिमा चित्तको वृत्ति एकाग्र त हुन्छ किन्तु अज्ञानरूपी वासनाको निवृत्ति हुँदैन । यस प्रकारको समाधि सुषुप्तिसरह हो । सुषुप्तिमा जीव ब्रह्मका साथ एकीभूत हुन्छ र सुखको पनि अनुभव हुन्छ, तर अज्ञानरूपी बीज नष्ट नभएको हुनाले फेरि जाग्रत् आइहाल्छ त्यस्तै अज्ञान नष्ट नभएको हुनाले मानिस समाधिबाट जागिहाल्छ र पूर्ववत् संसार देखिइहाल्छ । त्यसकारण, हे राम ! अज्ञानले भासेको जगत् विचारद्वारा निवृत्त हुन्छ । जस्तो अज्ञानले गर्दा बालकलाई आफ्नै छायाँमा वेतालको कल्पना हुन्छ, यो आफ्नै छायाँ हो, वेताल होइन - यस्तो ज्ञानले कल्पित वेतालको निवृत्ति हुन्छ त्यस्तै अविचारले भासेको यो जगत् विचारद्वारा निवृत्त भइहाल्छ ।

यथार्थरूपमा उत्पन्न भएको हुँदो हो त यो जगत् निवृत्त पनि हुने थिएन । विचारद्वारा निवृत्त हुने भएको हुनाले यो जगत् सत्य होइन, वास्तवमा उत्पन्न नै भएको छैन । हे राम ! सत्स्वरूप भएको हुनाले आत्माको अभाव कहिले पनि हुँदैन । असद्रूप भएको हुनाले जगत्को स्थिर सत्ता छैन । आत्मामा यो त्रिजगत् आभासरूप हो अर्थात् फुरेको मात्र हो, आरम्भ र परिणामद्वारा उत्पन्न भएको होइन । एकै आत्मसत्ता चेतनाले गर्दा द्वैतजस्तो भएर भासेको छ, वास्तवमा केही

बनेको छैन । जस्तो तिलको तेल तिलदेखि भिन्न होइन, अग्निको उष्णता अग्निदेखि भिन्न होइन, फूलको सुगन्ध फूलदेखि भिन्न होइन, मनोराज्यको जगत् मनोराज्यदेखि भिन्न होइन त्यस्तै आत्मामा कल्पित यो जगत् आत्मादेखि भिन्न होइन ।

(२) आकाशज ब्राह्मणको कथा

वसिष्ठले भन्नुभयो - हे राम ! उत्पत्तिप्रकरण बुझ्नको लागि आकाशज ब्राह्मणको कथा बताउँछु, मन लगाएर सुन्नुहोस् । शुद्ध चैतन्यबाट उत्पन्न भएका एकजना आकाशज नाम गरेका चिरञ्जीवी धर्मात्मा तथा प्रजापालक ब्राह्मण थिए । तिनी आत्मस्वरूपमा दृढरूपले स्थित भएर रहन्थे ।

एकदिन मृत्युले विचार गऱ्यो - म आफू अविनाशी छु र जति जीव उत्पन्न हुन्छन् ती सबलाई मार्छु, तर यो एउटा बाहुनलाई भने मैले मार्न सकिन । जस्तै पत्थरमा प्रहार गर्नाले तरवारको धार कुण्ठित हुन्छ त्यस्तै यस बाहुनका उपर प्रयोग गरिएको मेरो शक्ति कुण्ठित भएको छ । तैपनि श्रेक्ष्ठ पुरुषले उद्योग छोड्न हुँदैन, एक पटक फेरि कोशिश गर्छु भन्ने निश्चय गरी प्रलयानलसमान उग्ररूप लिएर मृत्यु ब्राह्मणको घरभित्र पस्यो र यता उति खोज्दै अन्तःपुरमा पुग्यो जहाँ ब्राह्मण बसेका थिए । मृत्युले ती ब्राह्मणलाई समाउन कति प्रयत्न गऱ्यो तर सकेन । जस्तो एकजनाको संकल्पपुरुषलाई अर्कोले पक्डन सक्तैन त्यस्तै तिनलाई मृत्युले समात्न सकेन र हार खाएर यसमराजकहाँ गएर बिन्ती गर्दै भन्यो - हे भगवन् ! जो उत्पन्न भएका छन् तिनलाई त म अवश्य भोजन गर्छु, तर यो ब्राह्मण आकाशबाट उत्पन्न भएको छ, यसलाई बशमा लिन सकिन, कारण के हो ? बताउनुहोस ।

यमराजले भन्नु भयो - हे मृत्यु ! तिमी कसैलाई पनि मार्न सक्तैनौ, जो मर्छ त्यो आफ्नै कर्मले मर्छ । जो कर्मको कर्ता हो त्यसलाई तिमी मार्न सक्छौ । जसको कुनै कर्म छैन भने त्यसलाई तिमी मार्न सक्तैनौ । त्यसकारण तिमी त्यस ब्राह्मणको कर्म खोज, जब कर्म पाउँछौ तब मार्न सकौला, नत्र भने कदापि सक्नेछैनौ । अनि तिनको कर्म फेला पार्न मृत्यु हिंडयो । दशै दिशा, नदी, ताल, पहाड, समुद्र जताततै घुम्यो र खोज्यो, कहीं पनि तिनको कर्म पाउन सकेन । वासनाकै नाम कर्म हो । त्यसपछि यमराजकहाँ गएर कतै पनि ती ब्राह्मणको कर्म नपाइनुमा कारण सोधेपछि यमराजले भन्नुभो - हे मृत्यु ! जो शुद्ध आकाशबाट उत्पन्न भएको छ त्यो त्यही रूपको हुन्छ । ती ब्राह्मण शुद्ध चिदाकाशबाट उत्पन्न भएका हुनाले चिदाकाशरूपले रहेका छन् । चैतन्य नै तिनको शरीर हो । यिनको न कुनै कर्म छ न कुनै क्रिया । आफ्नै स्वरूपबाट यिनी स्वतः उत्पन्न भएका छन् त्यसैले यिनको नाम स्वयंभू रहन गएको छ । यिनी सदा निज स्वरूपमा नै स्थित छन् । यिनको दृष्टिमा जगत् अलिकति पनि भास्तैन । यिनी सदा अद्वैतरूपमा नै छन् । यो सुनेर मृत्युले भने - यदि यिनी चैतन्यरूप नै हुन् भने किन साकाररूपमा दृष्टिगोचर भएका छन् त ? यमराजले भन्नु भो - यिनी सदा निराकार चैतन्यस्वरूपमा छन् । यिनको दृष्टिमा

आकार र अहंभाव छैन । त्यसैले यिनको नाश कसरी होला ? यिनमा न त्वं छ न त अहंभाव नै छ । यी ब्राह्मण त केवल अचेत्य चिन्मात्रस्वरूपमा विराजमान भएर रहेका छन् ।

कुनै बलिष्ठ व्यक्तिले हजारौं बलिया जञ्जीर लगाएर पनि आकाशलाई बाँध्न सक्तैन त्यस्तै यी ब्राह्मण आकाशरूप हुन् । यिनको नाश गर्न कोही पनि समर्थ छैन । त्यसकारण यिनलाई मार्ने यत्न नगरेर अन्य देहधारीलाई मार्न जाऊ । यी ब्राह्मणलाई तिमी मार्न सक्तैनौ । यो सुनेर मृत्यु आश्चर्यचकित हुँदै घरतिर लाग्यो ।

रामले भन्नु भयो - हे गुरुदेव ! यो त तपाईले हाम्रा बडा पिंतामह ब्रह्माजीको कुरा पो सुनाउनु भयो । वसिष्ठले भन्नुभो - हो, यो मैले ब्रह्माजीको कुरा भनेको हुँ । मृत्यु र यमराजको विवादको निमित्त यो कथा सुनाएको हुँ ।

यसरी धेरै काल व्यतीत भएपछि जब कल्पान्तको समय भयो तब सम्पूर्ण प्राणीहरूको भोजन गरेर मृत्यु फेरि ब्रह्माजीलाई खान गयो । यो देखेर धर्मराजले भन्नु भयो - हे मृत्यु ! यिनी ब्रह्मा हुन् । यिनी आकाशरूप हुन् । आकाश नै यिनको शरीर हो आकाशलाई तिमी कसरी पक्डन सकौला ? संकल्पपुरुषको झैं यिनको भौतिक शरीर छैन । यिनमा आदि, मध्य, अन्त र अहं त्वं आदिको उल्लेख छैन । यिनी अचेत्य चिन्मात्र हुन् । त्यसकारण यिनलाई तिमी मार्न सक्तैनौ । जस्तो शिल्पकारको मनमा स्तम्भका पुतली छन् तर स्तम्भसिवाय केही छैन त्यस्तो यिनमा स्वरूपदेखि इतर हुनु भन्ने कुरा छैन । यिनी त ब्रह्मस्वरूप हुन् । तिम्रो मनमा यिनको शरीर छ भन्नेकुरा फुरेको मात्र हो । वास्तवमा यिनी निर्वपु हुन् । जस्तो बन्ध्यापुत्र निर्वपु भएको हुनाले पक्डन सकिंदैन । त्यस्तै यिनी पनि निर्वपु हुन् । त्यसो हुनाले यिनलाई पक्डन र मार्न सक्तैनौ । यिनलाई मार्ने कल्पना छोडेर अरू देहधारीलाई मार्नपट्टि लाग ।

(३) बोधहेतुकथन

शुद्ध चिन्मात्र सत्ता यति सूक्ष्म छ कि उसमा आकाश पनि पर्वतसमान स्थूलरूपमा प्रतीत हुन्छ । त्यो चिन्मात्रमा "अहमस्मि" यस्तो चेत्योन्मुखता फुरेर जो देह देखिन आएको छ त्यो देह चेतनरूप (चिदाकाशरूप) नै हुन्छ । शुद्ध चिन्मात्रमा जो चेत्यको उल्लेख भएको छ त्यो कुनै कारणबाट भएको होइन, स्वाभाविक हो । चैतन्यमात्रमा अकारण चेत्योन्मुखताको स्फुरण भएर ब्रह्मा बन्नु भएको छ, त्यसैले ब्रह्माजीलाई स्वयम्भू भनेको छ । त्यसो हुनाले ब्रह्माजी ब्रह्मरूप नै हुनुहुन्छ । समुद्र र तरङ्गमा, आकाश र शून्यतामा, पुष्प र सुगन्धमा झैं ब्रह्मा र ब्रह्ममा कुनै भेद छैन । जस्तो जल नै द्रवताले गर्दा तरङ्गरूपले भास्तछ त्यस्तो आत्मसत्ता चेतनताले ब्रह्मा भएर भासेको छ । त्यसैले ब्रह्मा ब्रह्मदेखि भिन्न वस्तु होइन, उहाँको शरीर पृथिवी आदि भौतिक तत्त्वले निर्मित भएको होइन, उहाँ सदा चिदाकाशरूपमा नै रहनुहुन्छ ।

रामले सोध्नुभो - ब्रह्माजीको शरीर पृथ्वी आदि तत्त्वले रहित केवल संकल्पमात्र हो भने स्मृतिरूप संस्कार त्यसको कारण किन नहुनु ? जस्तो हामी जीवको स्मृति कारण हुन्छ भने ब्रह्माको पनि हुनु पर्ने ।

वसिष्ठले भन्नुभो - पहिले देखेका पदार्थको स्मृति या संस्कार हुन्छ, जसलाई कहिले पनि देखेको थिएन त्यसको स्मृति हुन सक्तैन । ब्रह्मा त अज, अद्वितीय एवं आदि, मध्य, र अन्तले रहित हुनुहुन्छ उनको स्मृति कारण कसरी होला ? ब्रह्मा शुद्ध बोधरूप हुनुहुन्छ, आत्मतत्त्व नै ब्रह्मा भएर रहेको छ । आफ्नो स्वरूप चित् संवित् नै यिनको कारण हो, अरू कुनै कारण छैन । आफ्नो स्वरूप शुद्ध चैतन्यबाट स्वत: उत्पन्न भएकाले यिनी स्वयम्भू भनिन्छन् । सारा जीवको दुइटा शरीर हुन्छ (१) अन्तवाहक र (२) अधिभौतिक । ब्रह्माजीको एकमात्र अन्तवाहक शरीर छ । जो कारणसहितका जीव छन् तिनको दुइटा शरीर हुन्छ । ब्रह्मा अकारण भएकाहुनाले उनको एकमात्र अन्तवाहक शरीर छ । ब्रह्माको शरीर निराकार एवं संकल्परूप हो । अन्य जीवका कारण ब्रह्मा हुन् । त्यसैले उनीहरूको दुइटा शरीर हुन्छ । ब्रह्माको कारण कोही छैन, उनी स्वत: उत्पन्न भएका हुन् । ब्रह्माजीलाई आफ्नो वास्तव स्वरूपको विस्मरण भएको छैन । उनी आफ्नो वास्तव स्वरूपमा स्थित छन् । ब्रह्मा सकल दृश्यलाई संकल्परूपमात्र भनी जान्नुहुन्छ, त्यसैले दृश्यमा दृढ प्रतीति छैन । जसको दृश्यमा दृढ प्रतीति छ तिनको आधि भौतिक शरीर पनि हुन्छ ।

हे राम ! जति पनि जगत् दृष्टिगोचर भएको छ त्यो सब आकाशरूप हो, पृथिवी आदि भूतबाट उत्पन्न भएको होइन, भ्रमले आधिभौतिकरूपले भासेको छ । जस्तै स्वप्नको जगत् पृथिवी आदि भूतबाट उत्पन्न भएको होइन निद्रादोषले आधिभौतिक भएर भास्दछ त्यस्तै अज्ञानले गर्दा यो जगत् आधिभौतिकरूपले भासेको छ । जस्तो अज्ञानले (भ्रमले) स्वप्न अर्थाकार हुन्छ त्यस्तो जगत् अज्ञानले अर्थाकार भएर भास्तछ ।

हे राम ! यो जगत् संकल्पमात्र हो, केही बनेको छैन । जस्तो बीजबाट देशकालको संयोगले अङ्कुर निक्लन्छ त्यस्तो सम्पूर्ण दृश्य मनबाट उत्पन्न भएको छ । ब्रह्मा पनि मनोरूप हुन्, उनको संकल्पमा जो सम्पूर्ण जगत् स्थित छ त्यो सब आकाशरूप हो, आधिभौतिक केही छैन । बालक छायाँमा वेताल देख्दछ त्यस्तै अज्ञानी मानिस जगत्लाई आधिभौतिक देख्तछ त्यो भ्रान्तिमात्र हो, वास्तवमा केही पनि छैन । ज्ञानवान्को दृष्टिमा यो सारा जगत् अन्तवाहकरूप हो । ज्ञानवान्को दृष्टिमा यो सारा जगत् आत्मामा स्थित छ र अन्तवाहकरूप (संकल्परूप) हो । संकल्पपुरुष, गन्धर्वनगर र स्वप्नपुर सब आकाशरूप हो त्यस्तै यो त्रिजगत् पनि आकाशरूप हो । चैतन्यस्वरूप आत्मालाई आकाश भनेको छ । जस्तो शिल्पीको मनमा स्तम्भमा पुतली रहेका छन् तापनि त्यो स्तम्भ जस्ताको तस्थो भएर आफ्नै महिमामा स्थित छ । पुतलीको सद्भाव केवल शिल्पीको मनमा छ, त्यस्तै सम्पूर्ण विश्व मनमा स्थित छ, उसको कुनै स्वरूप छैन ।

हे राम ! जस्तो तरङ्ग नै जलरूप हो र जल नै तरङ्गरूप हो त्यस्तो सम्पूर्ण दृश्य मनोरूप हो र मन नै दृश्यरूप हो । जहाँसम्म मनको सद्भाव छ त्यहाँसम्म दृश्य छ । मन नै हो दृश्यको बीज । मन नै जगत्को कारण हो, अरू केही होइन । जब मनको उपशम हुन्छ तब दृश्यभ्रम पनि निवृत्त हुन्छ । दृश्यभ्रमको निवृत्ति नभएसम्म शुद्ध बोधको उदय हुँदैन र आत्मानन्द प्राप्त हुँदैन ।

(४) बोधहेतु निरूपण (जगत्को मनोरूपता)

सायंकाल भएपछि उपदेश बन्द हुन्थ्यो र वसिष्ठ गुरुलाई पाद्य अर्घ्य आदिले पूजा र नमस्कार गरेर सवै आआफ्ना स्थान तिर जान्थे । भोलिपल्ट विहान सूर्योदय भएपछि प्रातः कालिक कृत्य सकेर सबै श्रोतृगण वसिष्ठको समीपमा उपस्थित भएर बडो श्रद्धाका साथ अमृतमय उपदेश श्रवण गर्दथे । मुख्य श्रोता चाहिं राम नै हुनुहुन्थ्यो । राजपरिवार र मन्त्रिगण सहित भएर महाराज दशरथ पनि उपदेश श्रवणमा तल्लीन हुनुभएको थियो । साधु ऋषिमुनिहरू र देवताहरू पनि आएर सादर श्रवण गर्दथे । प्रतिदिनको उपदेशमा यही क्रम विद्यमान थियो । जब वसिष्ठ उपदेश दिन थाल्नुहुन्थ्यो तब सबैजना निश्चल भएर सुन्दथे । सौन्दर्यका मूर्ति ललनाहरू पनि स्वाभाविक विलासमय चेष्टालाई छोडेर शान्त मुद्रामा रहन्थे, त्यतिमात्र होइन, पिंजडाका सुगा, मैना पनि चुँक्क गर्दैनथे । सबैतिर शान्त वातावरण थियो ।

उपदेशको आरम्भमा सभासद्सहित रामले गत दिनको उपदेशको प्रसंगलाई जोडेर प्रश्न गर्नुभो - मनबाट नै संसारका दुःखको मञ्जरी बढदै जान्छ भनी आज्ञा भएको थियो, त्यो मनको रूप कस्तो हो ? वसिष्ठले भन्नुभो - यसको रूप देख्नमा आउँदैन । मन भन्ने नाममात्र हो, यसको कुनै रूप छैन, आकाश झैं शून्य छ । आत्मामा मन भन्ने कुनै वस्तु उत्पन्न भएको छैन । जस्तो सूर्यमा तेज वायुमा स्पन्दन, जलमा तरङ्ग, सुवर्णमा भूषण, मरीचिकामा जल र आकाशमा दुइटा चन्द्रमा छैन त्यस्तो आत्मामा वास्तवमा मन छैन । यो आश्चर्यको कुरा छ कि वास्तवमा उत्पन्न नभैकन पनि सम्पूर्ण जगत् मनबाट भासेको छ । जसबाट यो असत्य जगत् भासित भएको छ त्यसैको नाम हो मन । हे राम ! आत्मा शुद्ध अद्वैत स्वरूप छ।जसमा द्वैतरूप जगत् भासित भएको छ त्यसैको नाम मन हो र जो संकल्प, विकल्प फुरिरहन्छ त्यो मनको रूप हो । जस्तो जहाँ जहाँ तरङ्ग फुर्छ त्यहाँ त्यहाँ जल छ त्यस्तो जहाँ जहाँ संकल्प फुर्छ त्यहाँ त्यहाँ मन छ । स्मृति, अविद्या, मलिनता र तम मनकै नामान्तर हुन् ।

यो सम्पूर्ण जगज्जाल मनबाट उत्पन्न भएको छ त्यसो हुनाले सबै दृश्य मनोरूप हो अर्थात् मनबाट रचिएको हो, वास्तवमा केही होइन । यही मनोरूप देहको नाम अन्तवाहक शरीर हो । यो संकल्परूप हो र स्वरूपको प्रमादले पिण्डाकार भएर भासेको छ । जस्तो स्वप्नदेहको आकार आकाशरूप हो अर्थात् चैतन्यरूप हो त्यसमा पृथिवी आदि तत्त्व केही छैन, परन्तु अज्ञानले आधिभौतिक भएर भासेको छ । त्यसकारण यो जगत् भन्नु मनको संसरण (चलन) मात्र हो । मन फुरेपछि जगत् देखिन्छ ।

जहाँ मन छ त्यहाँ दृश्य छ र जहाँ दृश्य छ त्यहाँ मन छ । जब मन नष्ट हुन्छ तब दृश्य पनि नष्ट हुन्छ । शुद्ध बोधमात्रमा जो दृश्य भास्तछ त्यही मन हो । जहाँसम्म दृश्य भास्तछ त्यहाँसम्म मानिस मुक्त हुँदैन । जब दृश्यभ्रम नष्ट हुन्छ तब शुद्ध बोध प्राप्त हुन्छ । द्रष्टा, दर्शन र दृश्य यो त्रिपुटी मनबाट नै उत्पन्न भएको छ । जस्तो स्वप्नमा त्रिपुटी भासित हुन्छ, जागेपछि त्रिपुरीको अभाव भइहाल्छ र आफूमात्र प्रकाशित रहन्छ त्यस्तो आत्मसत्तामा जागेपछि अद्वैत आत्मसत्ता नै

स्वत: भासित हुन्छ । शुद्धबोध प्राप्त नभएसम्म दृश्य भ्रमको निवृत्ति हुँदैन । अज्ञानीले भित्र बाहिर जता हेरे पनि सृष्टि नै सृष्टि देख्छ र त्यसमा सत्यत्वबुद्धि गरेर रागद्वेषको कल्पना उठिरहन्छ । जस्तो जब वायुको स्पन्दता निवृत्त हुन्छ तब रूखको पात हल्लदैन त्यस्तो जब मन आत्मपदमा प्राप्त हुन्छ तब दृश्यभ्रम निवृत्त हुन्छ । यसबाट बुझिन्छ कि मनोरूप दृश्य नै बन्धनको कारण हो ।

रामले सोध्नुभो - यो दृश्यरूपी विसूचिका रोगको निवृत्ति कसरी हुन्छ कृपा गरेर बताउनुहोस् ।

वसिष्ठले जवाफमा भन्नु भो - सर्वप्रथम विचार गरेर जगत्‌को स्वरूप बुझ, त्यसपछि जब आत्मपदमा विश्रान्ति हुन्छ तब तिमी सर्वात्मा बन्छौ । यो दृश्यभ्रमको निवृत्तिको बारेमा पछि बताउँदै जानेछु । यो दृश्य मनबाट उत्पन्न भएको छ र यसको सद्‌भाव पनि मनमा, नै छ जस्तो कमलको सद्‌भाव बीजमा हुन्छ । तिमीलाई जति जगत् भासेको छ त्यो सब संकल्परूप हो, असद्‌रूप हो । असद्‌वस्तुमा स्थिरता हुँदैन र सद्‌वस्तुको कहिले पनि अभाव हुँदैन । जति पनि प्रपञ्च भासेको छ त्यो सब असद्‌रूप हो, मनको चिन्तनबाट उत्पन्न भएको हो । जब मन स्फुरणरहित हुन्छ तब जगद्‌भ्रम निवृत्त हुन्छ । यदि पृथिवी, पर्वत आदि दृश्य जगत् असद् नहुँदोहो ता मुक्त पनि कोही हुने थिएन, तर कतिपय ब्रह्मर्षि, राजर्षि र देवताहरू पनि मुक्त भएका छन् । मुक्त हुनु भनेको दृश्यभ्रमबाट मुक्त हुनु हो । यो असत्य जगत् मनको संकल्पमा स्थित छ । मनलाई स्थिर गरेर हेर, अहं त्वं आदि जगत् केही पनि देखिदैन ।

मन र जगत् दुवै असद्‌रूप हुन्, दुवै उत्पन्न भएका छैनन् । जस्तो चक्षुदोषले आकाशमा दुइटा चन्द्रमा देखिन्छन् त्यस्तो अज्ञानले आत्मामा जगत् देखिएको छ । जस्तो आकाश शून्यताले पूर्ण छ, समुद्र जलले पूर्ण छ त्यस्तो ब्रह्मसत्ता आफू आफैमा परिपूर्ण छ र उसमा जगत्‌को अत्यन्त अभाव छ ।

यति सुनेर रामले सोधे - हे भगवन् ! हजुरको वचन आश्चर्यकारी छ, नभएको मनले नभएको संसार खडा गरेको छ भन्दा “बाँझीका छोराले पर्वतलाई चूर्ण गर्‍यो, खरायोको सिङ० अति राम्रो छ, बालुवाबाट तेल निक्लन्छ, पत्थरको मूर्ति नाचिरहन्छ, पत्थरको मेघ गर्जन्छ र पत्थरका पुतली गाना गाउँछन्” भनेजस्तै भएन र ? तपाईं भन्नुहुन्छ - दृश्य उत्पन्न भएकै छैन । मैले भने जन्म, जरा र मृत्युले युक्त जगत् देखिराखेको छु । तपाईंको वचन मेरो मनमा अड्न सकेको छैन । अत: तपाईंको निश्चय मैले बुझ्ने गरी बताउनुहोस् ।

वसिष्ठले भन्नु भो - मेरा वचन यथार्थ छन् । मैले कहिले पनि असत् बोलेको छैन । हे राम ! तिमी विचार गरेर हेर, यो जगदाडम्बर विनाकारण उत्पन्न भएको छ । जब महाप्रलय हुन्छ तब शुद्ध चैतन्यमात्र बाँकी रहन्छ, उसमा कार्यकारणको कुनै कल्पना रहँदैन, उसमा फेरि यो जगत् कारणविना नै फुर्दछ जस्तो सुषुप्तिमा स्वप्न फुर्छ । जस्तो स्वप्नको सृष्टि अकारण हो त्यस्तै यो सृष्टि पनि अकारण नै हो । जसको समवायिकारण र निमित्त कारण हुँदैन तैपनि देख्नमा आउँछ भने त्यो भ्रान्तिरूप हो भनी जान । स्वप्नमा स्वप्नान्तर फुरे झैं यो जाग्रत् - जगत्-जाल मनको

कल्पनाले भासेको छ । हिंडनु, दौडनु, लिनु, दिनु, बोल्नु, सुन्नु आदि विषय र रागद्वेषादि विकार सब मनको स्फुरणका परिणाम हुन् । आत्मामा कुनै विकार छैन । जब मन शान्त हुन्छ तब सब कल्पना निवृत्त हुन्छन् । त्यसकारण मन नै हो संसारको कारण ।

(५) आफ्नै प्रयत्नबाट आत्मज्ञान

मायामय मनको रूप कस्तो हो ? जहाँबाट मन सिद्ध भयो त्यो पद कस्तो हो सुन्न पाउँ भन्ने रामको प्रश्नको उत्तरमा वसिष्ठले भन्नुभयो - महाप्रलयमा सम्पूर्ण जगत्को अभाव हुन्छ, त्यसपछि जे शेष रहन्छ त्यो सद्रूप ब्रह्म हो । सर्गको आदिमा पनि सद् ब्रह्म नै रहन्छ, उसको नाश कहिले पनि हुँदैन । त्यो सदा प्रकाशमान परमदेव, शुद्ध, परमात्मतत्त्व, अज, अविनाशी र अद्वैतरूपमा विराजमान छ । त्यो वाणीको अगम्य छ र त्यही हो जीवन्मुक्तले प्राप्त गरिने पद । आत्मा आदि शब्द पनि कल्पित हो । त्यसमा कुनै शब्दको प्रवृत्ति हुँदैन । शास्त्रकारले शिष्यलाई बुझाउनको लागि त्यस आत्मदेवका धेरै नामको कल्पना गरेका छन् । मुख्यरूपले त्यसलाई "पुरुष" भन्दछन् । त्यसलाई वेदान्ती "ब्रह्म" भन्छन् भने विज्ञानवादी "बोध" भन्दछन् । कोही "निर्मलरूप" । शून्यवादी "शून्य" शेषरहन्छ भन्छन् । कोही त्यसलाई "प्रकाशरूप" भन्छन् जसको प्रकाशबाट सूर्यादि प्रकाशित छन् । कसैले त्यसलाई "वक्ता" भनेका छन् किनकि आदि वेदको वक्ता उही नै हो । कोही त्यसलाई "स्मृतिकर्ता" भन्छन् किनकि सब कुछ उसैको स्मृति भित्र छ । उसैको इच्छाबाट सब कुछ बनेको छ, त्यसैले उसलाई सबको कर्ता "सर्वात्मा" भनेको छ । उही एक परम देव हो सबैको अधिष्ठान । त्यो अस्ति जायते आदि षड्विकारवर्जित शुद्ध चैतन्य र सूर्यवत् प्रकाशरूप छ । त्यही एक देव सम्पूर्ण जगत्मा पूर्ण छ । ब्रह्मा, विष्णु, रुद्र आदि यही आत्मरूपी सूर्यका किरण हुन् ।

ब्रह्मरूपी समुद्रमा जगत्रूपी तरङ्ग र बुदबुद उत्पन्न हुन्छन् र लीन हुन्छन् । सकल पदार्थ आत्माको प्रकाशबाट नै प्रकाशित छन् । आत्मसत्ताबाट नै सबै पदार्थ सत्तावान् भएका छन् । सर्वाधिष्ठान आत्मसत्ता नित्य, शुद्ध, बुद्ध र परमानन्दरूपले विराजमान छ । आत्माको सत्ताले नै जड पुर्यष्टक (मन, अहंकार आदि) चेतन भएर चेष्टा गर्छ जस्तो चुम्बकद्वारा लोहा चेष्टमान हुन्छ । नित्य चैतन्यस्वरूप आत्मा सबको कर्ता हो तर उसको कर्ता कोही छैन । जसले त्यस आत्मदेवको साक्षात्कार गरेको छ त्यसका सारा क्रिया नष्ट हुन्छन्, चिज्जडग्रन्थिको भेदन हुन्छ र त्यो केवल बोधरूप हुन्छ । स्वभावसत्तामा मन स्थित भएपछि मृत्युलाई संमुखमा देखेर पनि विचलित हुँदैन । त्यो देवता कुनै स्थानमा छैन र टाढा पनि छैन, त्यो त आफ्नै स्वरूप भएर रहेको छ । त्यो देवता घर घरमा रहेको छ, तर अज्ञानीको निमित्त टाढा रहन्छ । स्नान, दान, तपस्या आदिबाट त्यो प्राप्त हुँदैन, केवल ज्ञानद्वारा नै प्राप्त हुन्छ ।

जसलाई जानेपछि मानिस जननमरणरूप दुःखबाट मुक्त हुन्छ त्यो देवता कहाँ रहन्छ र कस्ता प्रकारको कष्टदायक तपस्याबाट प्राप्त हुन्छ भनी रामले प्रश्न गर्दा वसिष्ठले भन्नुभयो - कुनै तपस्याबाट त्यस देवताको प्राप्ति हुने होइन, केवल आफ्नै पौरुष र प्रयत्नबाट त्यसको प्राप्ति

हुन्छ । अभिमानसहित जति तपस्या छन् ती सब निस्फल दम्भमात्र हुन्, तिनबाट आत्मपद प्राप्त हुँदैन । आफ्नै प्रयत्न र पुरुषार्थले त्यो आत्मपद प्राप्त गर्नुपर्छ । सत्संग र सत्शास्त्रको विचार नै आत्मपद प्राप्त गर्ने परम औषधि हो जसबाट दृश्यरूपी विसूचिका रोगको निवृत्ति हुन्छ ।

आत्मपद प्राप्त गर्ने साधनहरूमा सर्वप्रथम साधन हो शास्त्रानुसार आचरण गर्दैरहनु र भोगरूपी खाडलमा नखस्नु । अर्को साधन हो सन्तोष अर्थात् यथालाभ सन्तुष्ट भएर रहनु र अनिच्छित भोग प्राप्त भएमा शास्त्रको अविरुद्ध तरिकाले त्यसलाई ग्रहण गर्नु र जो शास्त्रविरुद्ध हो त्यसको त्याग गर्नु - त्याग गर्दा दीन दुःखी नहुनु । यस्ता उदारात्मालाई शीघ्र नै आत्मपद प्राप्त हुन्छ ।

सत्संग र सत्शास्त्र नै हो आत्मपद प्राप्त गर्ने मुख्य साधन । सज्जन त्यो हो जसलाई सबैजना श्रेष्ठ पुरुष भन्दछन् र सत्शास्त्र त्यो हो जसमा ब्रह्मनिरूपण हुन्छ । जब यस्ता सन्तजनको संगत र सत्शास्त्रको विचार हुन्छ तब शीघ्र नै आत्मपद प्राप्त भइहाल्छ । यस्ता पुरुषलाई ब्रह्मा, विष्णु र रुद्रले पनि दया गरेर भन्छन् कि यसले ब्रह्मपद प्राप्त गरेको छ । सत्संग र सत्शास्त्रको विचार यति निर्मल छ कि जसले दृश्यरूपी मयलको निवारण गरिदिन्छ जस्तो निर्मली बुटीले धमिलो पानीलाई निर्मल तुल्याउँछ । सत्संग र सत्शास्त्रको विचार गर्ने पुण्यात्मा पुरुष निर्मल भएर अविनाशी चैतन्यस्वरूपलाई प्राप्त गरिहाल्छन् ।

(६) परमात्मा सत्य हो र दृश्य असत्य हो

रामले सोधे - हे भगवन् ! जुन देवताको बारेमा बताउनु भयो जसलाई जानेपछि बन्धनबाट मुक्त भइन्छ ती देवता कहाँ स्थित छन् र कसरी प्राप्त गर्न सकिन्छ ? जबाफमा वसिष्ठले भन्नु भो - ती देवता टाढा छैनन्, यही शरीरमा छन्, सकल-विश्ववर्जित नित्य चिन्मात्र र परिपूर्ण रूपले रहेका छन् । ब्रह्मा, विष्णु, महेश्वर र इन्द्र आदि सम्पूर्ण देवता चिन्मात्ररूप हुन्, त्यतिमात्र होइन सम्पूर्ण जगत् पनि चिन्मात्ररूप हो । अनि रामले भने - आत्मा चिन्मात्र हो भन्ने कुरा त बालकले पनि जान्दछ भने तपाईंको उपदेशबाट के कुरा सिद्ध भयो ? वसिष्ठले भन्नु भो - यो विश्वलाई चेतन भनी जानेर तिमी संसारसमुद्रलाई लंघन गर्न सक्तैनौ । चेतन भन्नु नै संसार हो । जीवलाई चेतन भन्छन् । संसार नामरूपात्मक हो । चेतनबाट जरामरणरूप तरङ्ग उत्पन्न भइरहन्छ । चेतन अहं बनेर दुःख पाउँछ ।

चैतन्य भएर चिताउनु अनर्थको कारण हो र चिताउनुबाट रहित जो चैतन्य हो त्यो परमात्मा हो । त्यस परमात्मालाई जानेपछि मुक्ति मिल्छ र चिताउनुको पनि निवृत्ति हुन्छ ।

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टे परावरे ॥

परमात्मालाई जानेपछि हृदयको चिज्जडग्रन्थि टुटेर जान्छ अर्थात् अहंममभाव नष्ट हुन्छ, सांरा संशयको छेदन हुन्छ र सारा कर्म क्षीण हुन्छन् ।

प्रश्न : जब चित्त चेत्योन्मुख हुन्छ तव अगाडि दृश्य भासित हुन्छ । यस्तो हुँदाहुँदै कसरी चित्तलाई रोक्न सकिन्छ र दृश्यको निवृत्ति कसरी होला ?

उत्तर : दृश्यसंयुक्त चेतन जीव हो, त्यो जन्ममरणरूपी जंगलमा घुम्दा घुम्दा थाक्छ । चैतन्यमा चेतनताले चिदाभासरूप द्रष्टा बन्छ भने त्यो पण्डित भएपनि मूर्ख हो । यो त संसारी जीव हो यसलाई जानेर कसरी मुक्ति मिल्ला । मुक्ति त परमात्मालाई जानेपछि मात्र मिल्छ । अनि त सर्व दुःखको निवृत्ति भइहाल्छ ।

जब चित्त चेत्योन्मुख हुन्छ तब अगाडि स्पष्टरूपले दृश्य भासित हुन्छ । दृश्य रहेसम्म चित्तलाई रोक्न कसरी समर्थ होला र दृश्यको निवृत्ति पनि कसरी संभव होला ?

प्रश्न : परमात्माको रूप कस्तो हुन्छ ?

उत्तर : जस्तो विसूचिका रोग उत्तम औषधिले निवृत्त हुन्छ त्यस्तो परमात्मालाई जानेपछि मुक्ति मिल्छ । दुई वृत्तिको अन्तरालमा जो ज्ञानसंवित् विद्यमान रहन्छ त्यो परमात्माको रूप हो । जहाँ संसारको अत्यन्त अभाव हुन्छ र त्यसपछि जो बोधमात्र शेष रहन्छ त्यो नै परमात्माको रूप हो । जुन चिदाकाशमा द्रष्टा, दर्शन र दृश्यरूप त्रिपुटीको अभाव हुन्छ त्यही परमात्माको रूप हो । जो अशून्य भएर पनि शून्य झैं भएर रहन्छ र जसमा सृष्टिको समूह शून्य छ यस्तो अद्वैत सत्ता परमात्माको रूप हो । जुन महाचैतन्य पर्वत जस्तो विशाल छ र जो अजड भईकन पनि जडजस्तो भएर रहेको छ त्यो परमात्माको रूप हो । जो सबैको भित्र बाहिर स्थित छ र सबैलाई प्रकाशित गर्छ त्यो परमात्माको रूप हो । जस्तो सूर्य प्रकाश रूप हो र आकाश शून्यरूप हो त्यस्तो यो जगत् आत्मरूप हो ।

प्रश्न : सबै परमात्मा नै हो भने किन त्यही रूपले भासित हुँदैन र जगत् भासित हुन्छ?

उत्तर: यो जगत् भ्रमले उत्पन्न भएको छ, वास्तवमा केही छैन । आकाशमा नीलता झैं आत्मामा जगत् भासित हुन्छ । जगत्को अत्यन्त अभाव जानेपछिमात्र परमात्माको साक्षात्कार हुन्छ, अरू कुनै उपायले हुँदैन । जब दृश्यको अत्यन्त अभाव तुल्याउँछौ तब दृश्य त्यही रूपमा रहेतापनि तिम्रोलागि परमार्थसत्ता नै भासित हुन्छ । चित्तरूपी ऐना दृश्यको प्रतिबिम्ब विना रहन सक्तैन । दृश्यको अत्यन्त अभाव नभएसम्म परम बोध उदित हुँदैन ।

प्रश्न : जस्तो सर्स्यूंको दानामा सुमेरुपर्वत छ भन्नु आश्चर्य हो त्यस्तो मनमा जगत् छ भन्नु आश्चर्य होइन र ?

उत्तर: जब तिमी कुनै दिन त्रिगुणमय यागादि प्रवृत्तिमार्गलाई छोडेर स्थित हुन्छौ तब मैले एकै क्षणमा दृश्यरूपी मललाई विनष्ट गरिदिनेछु । जस्तो मरुभूमिमा सूर्यको किरण भनेर जानेपछि जलको अभाव हुन्छ त्यस्तो तिम्रो भ्रमको अभाव भइहाल्छ । जब दृश्यको अभाव हुन्छ तब द्रष्टा पनि शान्त भइहाल्छ र दुवैको अभाव भएपछि आत्मसत्ता नै भासित हुन्छ । द्रष्टा र दृश्य सापेक्ष भएको हुनाले एकको अभावमा अर्कोको पनि अभाव भइहाल्छ ।

वसिष्ठले भन्नुभो - हे राम ! सावधान भएर सुन, अहंकारदेखि लिएर जति पनि दृश्य छ त्यो सबै दूर गरिदिन्छु । सम्पूर्ण अनात्मदृश्य मल हो, यसबाट रहित भएपछि चित्तरूप दर्पण निर्मल हुन्छ । जुन पदार्थ असत् छ त्यसको भाव हुँदैन र जुन पदार्थ सत् छ त्यो असत् हुँदैन । जो वास्तवमा सत् होइन त्यसको मार्जन गर्नु के कठिन होला ?

हे राम ! यो जगत् आदिमा नै उत्पन्न भएको छैन । जो कुछ दृश्य भासित हुन्छ त्यो भ्रान्तिमात्र हो । जगत् निर्मल ब्रह्म चैतन्य नै हो । जस्तो सुवर्णबाट जो भूषण बन्छ त्यो सुवर्ण नै हो त्यस्तो जगत् र ब्रह्ममा भेद छैन ।

हे राम ! यो दृश्यरूप मलको मार्जनका लागि धेरै प्रकारका युक्ति तिमीलाई बताउनेछु जसबाट अद्वैत सत्ताको भान हुनेछ । जुन जगत् तिमीलाई भासेको छ त्यो कसैबाट उत्पन्न भएको होइन । मरुस्थलको नदी र आकाशमा दुई चन्द्रमा झैं यो जगत् विनाकारण भासेको छ । जस्तो मरुस्थलमा जल, बन्ध्याको पुत्र र आकाशमा दृक्ष छैन त्यस्तै आत्मामा यो जगत् छैन । जो कुछ देखिन्छ त्यो निरामय ब्रह्म हो । हे राम ! यी वाक्य मैले युक्तिपूर्वक बताएको हुँ । गुरुले बताएका युक्तिलाई मूर्खतावश जो त्याग गर्दछ त्यसलाई सिद्धान्त फलीभूत हुँदैन ।

(७) सत्शास्त्र-निर्णय

त्यो युक्ति कस्तो हो जसलाई धारणा गरेपछि आत्मपद प्राप्त हुन्छ भनी रामले प्रश्न गर्नुभो । उत्तरमा वसिष्ठले भन्नुभो - मिथ्याज्ञानले दृढ भएको यो विषूचिकारूपी जगत् विचाररूपी मन्त्रले शान्त हुन्छ । जुन कुरा प्राप्त गर्नु छ त्यसको लागि तदनुसार यत्न पनि गर्नुपर्छ, थाकेर बीचमा छोडनु हुँदैन । हे राम ! सत्संगतको साथै सत्शास्त्रपरायण भएर जब दृढ अभ्यास गर्छौ तब केही दिनमा परम पद प्राप्त गर्नेछौ ।

प्रश्न: **आत्मबोध प्राप्त गर्नको लागि कुन शास्त्र श्रेष्ठ हो ?**

उत्तर: ज्ञानदायक परम शास्त्रहरूमा यो योगवासिष्ठ महारामायण श्रेष्ठ छ । यसमा धेरै इतिहासहरू छन् जसबाट परमबोध प्राप्त हुन्छ र मानिस जीवन्मुक्त बन्छ । स्वप्नबाट जागेपछि स्वाप्निक पदार्थ जस्तो मिथ्या हुन्छ आत्मस्वरूपमा जागेको जीवन्मुक्तका लागि यो जगत् पनि त्यस्तै मिथ्या सिद्ध हुन्छ । श्रद्धाले श्रवण गरेर जो नित्य विचारपरायण हुन्छ त्यसको बुद्धि उदार भएर परम बोध प्राप्त भइहाल्छ, यसमा संशय छैन । जो यस शास्त्रमा रुचि गर्दैन त्यो पापात्मा हो । पहिले अरू शास्त्रको विचार गरेर अन्तमा जो यस शास्त्रको विचार गर्ला त्यो अवश्य जीवन्मुक्त हुनेछ । जस्तो उत्तम औषधिले शीघ्र नै रोग निवृत्त हुन्छ त्यस्तो यस शास्त्रको श्रवण र विचारबाट शीघ्र नै अज्ञान नष्ट हुन्छ र आत्मपद प्राप्त हुन्छ ।

यो आत्मपद वर शाप आदिबाट प्राप्त हुने होइन, केवल विचाररूप अभ्यासबाट प्राप्त हुन्छ । दान, तपस्या, वेदपाठ इत्यादिबाट पनि आत्मपद प्राप्त हुँदैन, केवल विचारद्वारा नै प्राप्त हुन्छ, अन्यथा यो संसारभ्रम नष्ट हुँदैन ।

(८) परम कारण

वसिष्ठले भन्नुभयो - हे राम ! जसको चित्त आत्मज्ञानपट्टि लागेको छ र प्राणस्पन्द पनि आत्मज्ञानको लागि नै हुन्छ, परस्पर आत्मबोधको नै कुरा गर्छ, जो आत्माद्वारा नै सन्तुष्ट छ र आत्मामा नै रमाइरहन्छ यस्तो ज्ञाननिष्ठ पुरुष जीवन्मुक्त भएर फेरि विदेहमुक्त हुन्छ ।

जीवन्मुक्त र विदेहमुक्तको लक्षण

जीवन्मुक्त : जो मानिस जगत्को सबै व्यवहार गर्छ र जसको हृदयमा द्वैतभ्रम शान्त भएको छ त्यो जीवन्मुक्त हो । जो शुभकर्म गर्छ र भित्र हृदयमा आकाश झैं निर्लेप रहन्छ त्यो जीवन्मुक्त हो । जो संसारतिर सुषुप्त भएर स्वरूपमा जागा रहन्छ र जसको जगद्भ्रम निवृत्त भएको छ त्यो जीवन्मुक्त हो । इष्टप्राप्तिमा जो हर्षित हुँदैन र अनिष्ट प्राप्त भएमा खिन्न हुँदैन त्यो जीवन्मुक्त हो । जो सबै व्यवहार गर्छ र भित्र द्वेषरहित भएर शीतल रहन्छ त्यो जीवन्मुक्त हो । जो रागद्वेषादियुक्त जस्तो देखिन्छ अर्थात् इष्टमा रागवान् र अनिष्टमा द्वेषवान् देखिन्छ तर भित्र शान्तरूप भएर रहेको छ भने त्यो जीवन्मुक्त हो । जसको अहंममताको अभाव भएको छ र जसको बुद्धि कुनै पदार्थमा लिपायमान रहँदैन त्यो कर्म गरोस् वा नगरोस् जीवन्मुक्त हो । जसको मान, अपमान, भय, र क्रोधमा कुनै विकार उत्पन्न हुँदैन र आकाश झैं शून्य भएको छ त्यो जीवन्मुक्त हो । जो भोक्ता भएरपनि भित्र आफू अभोक्ता भएर नै रहेको छ र सचित्त देखिन्छ तापनि अचित्त छ त्यो जीवन्मुक्त हो । जसबाट कोही दुःखी हुँदैन र अरूबाट आफू दुःखी हुँदैन र जो राग, द्वेष, भय र क्रोधले रहित छ त्यो जीवन्मुक्त हो । जो चित्त फुरेर जगत्को उत्पत्ति भएको हो, चित्त अफुर भए जगत्को प्रलय हुन्छ भनी जान्दछ र समबुद्धि भएर रहेको छ त्यो जीवन्मुक्त हो । जो भोगको बशमा परेको जस्तो देखिन्छ तर भित्र मृतक झैं चेष्टाशून्य भएर रहेको छ र बाहिर चेष्टायुक्त देखिन्छ तापनि भित्र पर्वत झैं अचल भएर रहेको छ त्यो जीवन्मुक्त हो । जो व्यवहारकर्ता जस्तो देखिन्छ र जसको चित्तमा कुनै इष्टानिष्ट विकार छैन त्यो जीवन्मुक्त हो । जसको दृष्टिमा सम्पूर्ण जगत् आकाशरूप देखिन्छ र जसको बुद्धि निर्वासनिक छ त्यो जीवन्मुक्त हो किनकि त्यो सदा आत्मस्वभावमा स्थित छ र जगत्लाई ब्रह्मस्वरूप भनी जान्दछ ।

रामले भने - जीवन्मुक्ति प्राप्त गर्नु कठिन रहेछ । इष्ट - अनिष्टमा सम र शीतल बुद्धि कसरी हुन्छ ?

वसिष्ठले भन्नु भो - अज्ञानीको लागि इष्ट अनिष्ट भास्तछ, ज्ञानीको लागि त सब आकाशरूप भास्तछ, उसको कुनै कुरामा राग द्वेष हुँदैन । अरूको दृष्टिमा ऊ चेष्टावान् जस्तो देखिन्छ, किन्तु जागतिक कुरामा ऊ सुषुप्त छ ।

विदेहमुक्त

जीवन्मुक्त केही काल रहेर शरीरत्याग अनन्तर ब्रह्मपद प्राप्त गर्छ अर्थात् विदेहमुक्त हुन्छ। जस्तो वायु स्पन्दलाई त्याग गरेर निस्पन्द हुन्छ त्यस्तो ब्रह्मज्ञानी जीवन्मुक्त पदलाई त्याग गरेर विदेहमुक्त हुन्छ । विदेहमुक्ति अनन्तर ब्रह्मज्ञानी सूर्य भएर ताप दिन्छ, ब्रह्मा भएर सृष्टि गर्छ, विष्णु भएर पालन गर्छ, रुद्र भएर संहार गर्छ, पृथिवी भएर प्राणीहरूलाई धारण गर्छ र औषधि, अन्नपात उत्पन्न गर्छ, पर्वत भएर पृथिवीको रक्षा गर्छ, जल भएर रस प्रदान गर्छ, अग्नि भएर उष्णता धारण गर्छ, वायु भएर पदार्थलाई सुकाउँछ, चन्द्रमा भएर औषधिलाई पुष्ट गर्छ, आकाश भएर सबैलाई अवकाश (ठाउँ) दिन्छ, मेघ भएर वर्षा गर्छ र स्थावर जङ्गम सम्पूर्ण जगत्को आत्मा भएर स्थित हुन्छ ।

विदेहमुक्त पुनः शरीरधारण गरेर जगत्मा आउँछ भने तीनलोकको भ्रम किन मेटिँदैन ? यसको उत्तरमा वसिष्ठले भन्नुभो - जगदाडम्बर अज्ञानीको हृदयमा स्थित छ । ज्ञानवान्को लागि सब चिदाकाशरूप हो । विदेहमुक्त त्यही रूपको हुन्छ जहाँ उदय र अस्तको कल्पना नै हुन सक्तैन, ऊ त केवल शुद्ध बोधमात्र हो ।

यो जगत् आदिमा नै उत्पन्न भएको छैन केवल अज्ञानले भासेको छ । म, तिमी र सब जगत् आकाशरूप हो । जस्तो आकाशमा नीलता- भ्रम हुन्छ, दुइटा चन्द्रमा देखिन्छन्, मरुस्थलमा जल देखिन्छ त्यस्तो आत्मामा जगत् भास्तछ । जस्तो सुवर्णमा भूषण, समुद्रमा तरङ्ग वास्तव उत्पन्न भएको वस्तु होइन त्यस्तो आत्मामा जगत् उत्पन्न भएको छैन । यो सब जगज्जाल मनको स्फुरणबाट भासेको छ, स्वरूपतः केही पनि बनेको छैन । ज्ञानीको सधैं यही निश्चय रहन्छ, फेरि उसलाई जगत्को क्षोभ कसरी भास्ला ?

हे राम ! यस जगत्को बारेमा तिमीलाई थाहा होस् भनेर मात्र मैले बताएको हुँ, नत्र जगत् कहाँ छ र, जगत्को त अत्यन्त अभाव छ । जगत्को अत्यन्त अभाव नभईकन आत्मबोध प्राप्त हुँदैन ।

हे राम ! यो द्रष्टा र दृश्यको मिथ्या भ्रम उदित भएको छ । यी दुईमा जब एकको अभाव हुन्छ तब दुवैको अभाव हुन्छ । जब दुवैको अभाव हुन्छ तब शुद्ध बोधमात्र शेष रहन्छ ।

जगत्को अत्यन्त अभाव हुने युक्ति बताउँछु । चिरकालदेखि जो जगत् दृढ हुँदै आइरहेको छ त्यो मिथ्याज्ञानरूपी विषूचिका हो, यो विचाररूपी मन्त्रबाट निवृत्त हुन्छ । जस्तो पर्वतको चढाव र उतार क्रमक्रमले विस्तारै हुन्छ त्यस्तो चिरकालदेखि दृढ हुँदै आएको जगत्संबन्धी आविद्यक भ्रम विचारद्वारा क्रमक्रमले विस्तारै निवृत्त हुन्छ ।

हे राम ! यो जगत् जो तिमीलाई भासेको छ त्यो उत्पन्न भएको छैन, भ्रमले भासेको हो । जस्तो मरुभूमिमा नदी देखिन्छ त्यो उत्पन्न भएको होइन, भ्रमले नदी जस्तो देखिन्छ त्यस्तै आत्मामा भ्रमले जगत् भास्तछ तर उत्पन्न भएको छैन । जस्तो अर्धनिमीलितनेत्र भएर बसेको बेलामा आकाशमा रूखहरू देखिन्छन् त्यस्तै भ्रमले जगत् भास्तछ ।

हे राम ! जब महाप्रलय हुन्छ तब ब्रह्मा, विष्णु, रुद्र, देवता, यक्ष, किन्नर, गन्धर्व सहित स्थावर जंगम सारा जगत्को अभाव हुन्छ । त्यसबेला इन्द्रियग्राह्य सत् असत्, शून्य, अशून्य, प्रकाश, अन्धकार, ज्ञान अज्ञान, साकार निराकार आदि केही पनि रहँदैन, केवल वाणीको अगोचर आत्मतत्त्वमात्र शेष रहन्छ जसमा अहं त्वंको कुनै कल्पना रहँदैन । यस्तो जो शेष रहन्छ त्यो पूर्ण अपूर्ण र आदि, मध्य, अन्तले रहित छ । त्यही आत्मसत्ता जगत्रूप भएर भास्तछ र कुनै जगत् बनेको छैन । जस्तो मरुस्थलमा सूर्यकिरण जलरूपले भास्तछ त्यस्तै आत्मामा जगत् भास्तछ ।

जब चित्शक्ति स्पन्दित हुन्छ तब जगदाकार भास्तछ, जब चित्शक्ति निस्पन्द हुन्छ तब जगत्को अभाव हुन्छ र आत्मसत्ता सदा एकरस भएर रहन्छ । यो चित्शक्तिलाई नै संवेदन भनेको छ । संवेदन माने सम्यक्रूपले जान्नु हो । जब चित्शक्ति स्पन्दित हुन्छ तब आफूलाई जान्नु भन्ने कुरा खडा हुन्छ । यसलाई चित्शक्तिको स्फुरण भन्छन् । यही स्फुरणले जगत्को आकार ग्रहण गर्छ । जस्तो पुष्प आदि आधार विना सुगन्ध हुँदैन, सेतो वस्त्र विना रंग चढाउन सकिँदैन त्यस्तै स्पन्द (स्फुरण, चलन) विना आत्मालाई जान्नु बन्दैन । जस्तो आकाशमा शून्यता र अग्निमा उष्णता भास्तछ त्यस्तो आत्मामा जगत् भास्तछ, त्यो जगत् आत्मा देखि अनन्यरूप हो । जस्तो जल तरङ्गरूप भएर भास्तछ त्यस्तो आत्मसत्ता जगत्रूप भएर भास्तछ । आत्मसत्ता आकाशवत् शुद्ध छ र श्रवणादि इन्द्रियले रहित छ तापनि सबैतिरको कुरा सुन्छ, बोल्छ, सुँघ्छ, स्पर्शगर्छ र रस लिन्छ । आत्मारूपी सूर्यका किरणमा जलरूपी त्रिलोकी फुरेर भास्तछ । जस्तो जलमा चक्र आवर्त फुरेर भास्तछ त्यो जल देखि भिन्न केही होइन, सबै जलरूप हो त्यस्तै जगत् आत्मा देखि भिन्न होइन, आत्मरूप नै हो । आत्मा यस्तो विलक्षण छ कि जिउरो छैन तर पनि बोल्छ, अभोक्ता हो तर भोक्ताजस्तो देखिन्छ, अद्वैत हो तर द्वैतरूप भएर भास्तछ, निराकार छ तर साकाररूप भएर भास्तछ । आत्मा (आफू) शब्दातीत छ तर सबै शब्दलाई धारण गर्छ र द्रष्टा भएर भास्तछ । जस्तो भूषण भन्नु, कंकण भन्नु सुवर्णदेखि भिन्न होइन त्यस्तो जगत् भन्नु आत्मस्वरूप नै हो र आत्मा आकाश भन्दा पनि निर्मल, शुद्ध, बोधमात्र स्वरूप छ ।

हे राम - जब तिमी शुद्ध, बोधमात्र आत्मामा स्थित हुन्छौ तब जगद्भ्रम मेटिइहाल्छ । जगत् वास्तवमा केही पनि होइन, आत्मा सदा ज्योंका त्यों आफैमा स्थित छ । केवल मनको स्फुरणबाट जगत् भासेको हो । जब मन स्फुरणरहित हुन्छ तब सम्पूर्ण कल्पना मेटिन्छ र आत्मसत्ता जस्ताको तस्तो भएर भासित हुन्छ । आत्मा सबैको अधिष्ठान हो । आत्माबाट नै जगत् उत्पन्न भएको छ, अतएव जगत् आत्मरूप नै हो । सबको कारण आत्मसत्ता नै हो तर उसको कारण कोही छैन । अकारण, अद्वैत, अजर, अमर सकलकल्पनारहित शुद्ध चिन्मात्रस्वरूप विद्यमान छ ।

(९) परमात्मस्वरूप

महाप्रलयको अनन्तर के बाँकी रहन्छ भन्ने रामको प्रश्नमा वसिष्ठले भन्नुभो - महाप्रलयपछि जो शेष रहन्छ त्यो हो परमात्मा, त्यही नै आत्मसत्ता हो त्यसको अभाव कहिले पनि हुँदैन । त्यो शून्य होइन, त्यसमा दृश्याभास सदा रहन्छ । वास्तवमा दृश्य भन्ने केही होइन, केवल आभास

मात्र हो । थाममा शिल्पीले अनेक पुतलीहरूको कल्पना गर्छ तर ती पुतलीहरू थामरूप नै हुन् । अधिष्ठानमा जे कल्पना गरे पनि त्यो अधिष्ठानरूप नै हुन्छ । ब्रह्मरूप अधिष्ठानमा जगद्रूप दृश्यको कल्पना हुन्छ त्यो ब्रह्मदेखि भिन्न होइन । जस्तो थाममा पुतलीको सद्भाव र असद्भाव कल्पित हुन्छ तर त्यो अधिष्ठान थामरूप नै हो, थाम विना पुतली हुँदैनन् त्यस्तै सारा जगत् आत्माविना हुँदैन । जो सद्भाव हुन्छ त्यो सत्बाट नै हुन्छ असत्बाट हुँदैन । जो असद्भाव सिद्ध हुन्छ त्यो पनि सत्मा नै सिद्ध हुन्छ असत्मा होइन । त्यसकारण सत् शून्य होइन । जो प्रलयमा शेष रहन्छ त्यो शून्य, अशून्य, प्रकाश, तम केही होइन केवल आत्मतत्त्वमात्र हो ।

जस्तो जल र तरङ्गमा, मृत्तिका र घटमा भेद छैन त्यस्तो ब्रह्म र जगत्मा केही भेद छैन । रूपालोक र मनस्कार जो जति भासित हुन्छ त्यो सब आकाशरूप हो । आत्मसत्ता नै चित्तको स्फुरणबाट जगत्रूप भएर भास्तछ, जगत् कुनै दोस्रो वस्तु होइन ।

हे रामजी ! जसबाट यो जगत् भासित भएको छ त्यसलाई शून्य कसरी भन्ने ? त्यसो भए चेतन भनौं त त्यो पनि हुँदैन किनकि चेतन तब हुन्छ जब चित्कला फुर्छ, जहाँ फुर्नु छैन भने त्यहाँ चेतनता रहन सक्तैन । जब मरीच खान्छ तब न त्यसको पीरोपनको अनुभव हुन्छ त्यस्तो चेतनता (जान्नु भन्ने कुरा) स्पन्दकलामा हुन्छ । आत्मामा त जान्नु पनि छैन । चेतनताले रहित चिन्मात्र अक्षय पद सुषुप्तिरूप हो, त्यसलाई तुरीय भन्छन्, त्यो ज्ञेय वस्तु ज्ञानवान्को अनुभवगम्य छ । जो मानिस त्यो तुरीय पदमा स्थित भएको छ त्यसलाई संसाररूपी सर्पले डस्न सक्तैन, त्यो अचेत्य चिन्मात्र भएर रहन्छ । जसको आत्मपदमा स्थिति छैन त्यसलाई दृश्यरूपी सर्पले डस्तछ । आत्मसत्तामा कुनै द्वैत छैन । आत्मसत्ता आकाश भन्दा पनि स्वच्छ छ । आत्मसत्तामा द्वैतकल्पना केही छैन, त्यो अद्वैतमात्र हो । त्यो न द्रष्टा हो, न जीव हो, न कुनै विकार हो र न स्थूल हो न सूक्ष्म हो । एक शुद्ध अद्वैत स्वरूप आफू आफैमा स्थित छ । आदिमा चेत्यको स्फुरण नै भएको छैन भने चित्कलारूप जीव कसरी होला ? जीव नै छैन भने बुद्धि कसरी होला, बुद्धि छैन तब मन तथा इन्द्रिय कसरी होलान्, इन्द्रिय छैन त देह कसरी हुने, देह छैन भने जगत् कसरी होला ?

आत्मसत्तामा स्थित भए कल्पना हराइहाल्छ तब उसमा यस्तो उस्तो भन्नु बन्दैन । आत्मा पूर्ण, अपूर्ण, सत्, असत् देखि विलक्षण छ, उसमा भाव र अभावको विकार छैन र आदि, मध्य र अन्तको कल्पना पनि छैन । आत्मा त अजर, अमर, आनन्द, अनन्त चित्स्वरूप, अचेत्य चिन्मात्र र वचनको अगोचर छ ।

अचेत्य चिन्मात्र परमार्थसत्ताको बारेमा जो बताउनु भयो त्यसको रूप कस्तो छ, बोधको निमित्त सुन्न पाउँ - भन्ने रामको प्रश्नको उत्तर दिँदै वसिष्ठले भन्नुभयो - महाप्रलयपछि जो शेष रहन्छ त्यो ब्रह्मसत्ता हो, त्यसको रूप बताउँछु, सुन । मनका पाँच बृत्ति छन् ती हुन् - प्रमाण, विपर्यय, विकल्प, निद्रा र स्मृति । प्रमाण तीन छन् - प्रत्यक्ष, अनुमान र शब्द । विपरीत (मिथ्या) ज्ञानलाई विपर्यय भनेको छ जस्तो सिपीलाई चाँदी भनेर जान्नु । संशयात्मक ज्ञानलाई विकल्प भनेको छ जस्तो ठूटो हो कि मानिस हो भन्ने ज्ञान, त्यस्तै साक्षी ईश्वर देखि भिन्न हो वा अभिन्न

हो ? अभाववृत्तिलाई निद्रा र स्मरणात्मक वृत्तिलाई स्मृति भनेको छ । तीन शरीरको अभिमानी अहंकारको नाश भएपछि जो शेष रहन्छ त्यो निश्चल सत्ता अनन्त आत्मा हो ।

जाग्रत् समाप्त भयो सुषुप्तिको प्रादुर्भाव भएको छैन त्यो अन्तरालमा जो चैतन्यसत्ता आफू विद्यमान रहन्छ त्यो परमात्माको रूप हो । त्वगिन्द्रियद्वारा शीतोष्णाको स्पर्श हुँदा त्यसको जसले अनुभव गर्छ त्यो परमात्मसत्ता हो । जुन अधिष्ठानमा द्रष्टा, दर्शन र दृश्य उत्पन्न हुन्छन् र विलीन हुन्छन् त्यो परमात्माको रूप हो । जसमा चेतनत्व (जीवभाव) र जडत्व (देहादि भाव) दुवै छैनन् त्यो अचेत्य चिन्मात्र परमात्माको रूप हो । बाहिर व्यवहार हुँदा पनि भित्र जसमा कुनै क्षोभ छैन त्यो सत्ता परमात्माको रूप हो । हे रामजी ! धेरै के भनौं, जहाँ ब्रह्मा, विष्णु र रुद्रको पनि अभाव हुन्छ र त्यसपछि जो शेष रहन्छ, जसमा कुनै विकल्प छैन यस्तो अचेत्य चिन्मात्र सत्ता परमात्माको रूप हो ।

(१०) जगत् छैन, केवल परमार्थसत्ता विद्यमान छ

स्पष्टरूपले भासमान यो दृश्य महाप्रलयमा कहाँ जान्छ ? यसको उत्तरमा वसिष्ठले भन्नु भयो - बन्ध्यापुत्र, आकाशको वन कहाँबाट आउँछ र कहाँ जान्छ ? जस्तो आकाशको वन हो त्यस्तै यो जगत् हो ।

बन्ध्यापुत्र र आकाशको वन त तीनै कालमा छैन, केवल शब्दमात्र हो, केही उत्पन्न भएको छैन, तर यो जगत् त स्पष्ट भासमान छ तब कसरी बन्ध्यापुत्र र आकाशको वनका साथ जगत्को तुलना होला ? यसको उत्तरमा वसिष्ठले भन्नुभयो - जस्तो बन्ध्यापुत्र र आकाशको वन उत्पन्न भएको छैन त्यस्तै यो जगत् पनि उत्पन्न भएको छैन । जस्तो संकल्पनगर र स्वप्ननगर प्रत्यक्ष भासमान भए तापनि आकाशरूप (आत्मरूप) हो त्यस्तै यो जगत् पनि आकाशरूप हो, केही उत्पन्न भएको छैन । जस्तो जल र तरङ्गमा, गाजल र श्यामतामा, अग्नि र उष्णतामा, चन्द्रमा र शीतलतामा, वायु र स्पन्दमा तथा आकाश र शून्यतामा भेद छैन त्यस्तै ब्रह्म र जगत्मा कुनै भेद छैन । जगत् बनेको छैन । आत्मसत्ता नै आफू आफूमा स्थित छ र उसमा अज्ञानले जगत् भास्तछ ।

द्रष्टा र दृश्य मनबाट उत्पन्न भएका छन्, त्यो भ्रमले उत्पन्न भएको हो । द्रष्टा र दृश्य यी दुईमा एक छ भने अर्को पनि हुन्छ र एक छैन भने अर्को पनि हुँदैन । यी दुई सापेक्ष वस्तु हुन् । द्रष्टा छ भने दृश्य पनि छ, द्रष्टा छैन भने दृश्य पनि रहँदैन, त्यस्तै दृश्य छ भने द्रष्टा पनि छ, दृश्य छैन भने द्रष्टा पनि हुँदैन ।

दृश्यको अत्यन्त अभाव हुने युक्ति बताउनुहोस् भनी रामले भनेपछि वसिष्ठले भन्नु भो - यो दृश्य जगत्को अत्यन्ताभावको बोधका लागि यौटा कथा पनि सुनाउनेछु जसको तात्पर्य बुझेपछि सदाको लागि दृश्य शान्त हुन्छ र पुनः संसारको उत्पत्ति हुँदैन जस्तो समुद्रमा धूलो उड्दैन त्यस्तो तिम्रो हृदयमा संसार रहनेछैन ।

हे रामजी ! यो जो जगत् तिमीलाई भासेको छ त्यो अकारणरूप हो । जो कारणविना भास्तछ त्यो भ्रममात्र हो भनी जान्नू । जस्तो स्वप्नको सृष्टि विनाकारण भासेको छ त्यसैले त्यो मिथ्या हो ।

जुन वस्तु कारणविना भासेको छ त्यो जसमा भासेको छ त्यो नै त्यसको अधिष्ठान हो । जस्तो स्वप्नमा आत्मचैतन्य नै चेतनताले नगररूप भएर भास्तछ त्यस्तो यो अकारण आभास रूप विश्व पनि आत्मसत्ताले भासमान भएको छ । जस्तो जलमा द्रवता, वायुमा स्पन्द, तेजमा प्रकाश छ त्यस्तो आत्मामा चित्शक्ति छ, यसलाई चित्संवेदन पनि भन्छन् । जब चित्संवेदन स्पन्दरूप हुन्छ तब जगद्रूप भएर भास्तछ, वास्तवमा जगत् कुनै वस्तुरूप होइन । ब्रह्मसत्ता नै सदा आफू आफैमा स्थित छ ।

पृथिवी आदि तत्त्वबाट जगत् उत्पन्न भयो भन्न पनि मिल्दैन किनकि पृथिवी आदिको स्वसत्ता नै छैन भने त्यसबाट जगतको उत्पत्ति कसरी होला ? आत्मसत्ता पनि जगतको कारण होइन किनकि आत्मा अभौतिक र अजडरूप हो त्यो भौतिक र जड जगतको कारण हुन सक्तैन । त्यस कारण जगत् उत्पन्न भएको छैन । आत्मसत्ता नै जगत्रूप भएर भास्तछ । जस्तो सुवर्ण नै भूषणरूप हुन्छ, भूषण कुनै उत्पन्न भएको छैन त्यस्तो ब्रह्मसत्ता नै जगत्रूप भएर भास्तछ । स्थावर - जङ्गम सारा जगत् ब्रह्मरूप हो ।

(११) जगत्को उत्पत्ति

शुद्ध आत्मामा सृष्टिको उदय कसरी भयो, सुन, जसलाई जानेपछि संसारको कल्पना मेटिन्छ । भाव-अभाव, ग्रहण-त्याग, स्थूल-सूक्ष्म, जन्म-मरण आदि पदार्थबाट जीव परिच्छिन्न बनेको छ, त्यसबाट तिमी मुक्त नै छौ । जस्तो मुसाले सुमेरुपर्वतलाई चूर्ण गर्न सक्तैन त्यस्तै तिमीलाई संसारका भाव-अभाव पदार्थले नष्ट गर्न सक्तैन । हे राम - आदि शुद्ध देव अचेत्य चिन्मात्रमा चेत्यभाव सदा रहन्छ किनकि त्यो चैतन्यरूप हो । चैतन्यमा चेत्यता रहनु नौलो कुरा होइन । जस्तो वायुमा स्पन्दशक्ति सदा रहन्छ त्यस्तै चिन्मात्र आत्मामा चेत्यता फुरेर "अहं अस्मि" भाव प्राप्त हुन्छ, त्यसैको नाम चैतन्य हो ।

हे राम ! जहाँसम्म यो चित्-संवित् आफ्नो स्वरूपमा स्थित हुँदैन त्यहाँसम्म त्यसको नाम जीव हो र यसको बीज हो चित्-संवित्, यसैबाट सम्पूर्ण भूतजातिको उत्पत्ति भएको छ । जब संवित्ले चेत्यलाई चितायो तव सर्वप्रथम शून्य भएर त्यसमा शब्दगुण (शव्दतन्मात्रा) उत्पन्न भयो । शब्दतन्मात्राबाट शब्दगुण भएको आकाश उत्पन्न भयो । शब्दतन्मात्राबाट नै पद, वाक्य, प्रमाणसहित वेद उत्पन्न भयो । संसारमा जति शब्द छन् तिनको बीज शब्दतन्मात्रा हो । यसबाट स्पर्श तन्मात्रा र वायु उत्पन्न भयो । स्पर्शबाट रूपतन्मात्रा बन्यो, त्यसबाट अग्नि, सूर्य आदि तेज खडा भयो । तेजबाट रसतन्मात्रा बन्यो र त्यसबाट जल बन्यो । रसतन्मात्राबाट गन्ध तन्मात्रा बन्यो र त्यसबाट स्थूल पृथिवी बन्यो । यसरी चित्-अणुमा सृष्टि भासेको छ । जस्तो वटबीजमा वटको विस्तार छ त्यस्तै चिद्-अणुमा सृष्टि छ । कहीं क्षणमा युग र कहीं युगमा क्षण भास्तछ । चिद्-अणुमा अनन्त सृष्टि फुर्दछन् । जब चित्-संवित् चेत्योन्मुख हुन्छ तब अनेक सृष्टि भास्तछन् र जब चित्-संवित् आत्मा (आफू) तिर फर्किन्छ र आत्माको साक्षात्कार हुन्छ तब सम्पूर्ण सृष्टि पिण्डाकार हुन्छ अर्थात् सबै आत्मरूप हुन्छ । यसबाट बुझ्नु पर्छ कि यस जगत्को बीज सूक्ष्म

भूत हो र त्यसको बीज चिद्-अणु हो । यसकारण सब जगत् चिदाकाशरूप हो । यस जगत्को मूल पञ्च भूत हो जसको बीज संवित् र स्वरूप चिदाकाश हो । यसकारण सम्पूर्ण जगत् चिदाकाश हो, अरू कुनै द्वैत छैन ।

(१२) स्वयंभू-उत्पत्ति

निर्विकार, शान्त, स्वच्छ चिन्मात्र ब्रह्म आफू आफैमा स्थित छ । त्यसमा प्रथम चेत्यको स्फुरण हुँदा जीव बन्यो । जीवले दृश्य चितायो, त्यसबाट तन्मात्रा - शब्द, स्पर्श, रूप, रस, गन्ध उत्पन्न भयो । त्यस तन्मात्राबाट पृथ्वी, जल, तेज, वायु र आकाशरूपी वृक्ष उत्पन्न भयो, त्यस वृक्षमा ब्रह्माण्डरूपी फल लाग्यो । यसबाट बुझ्नु पऱ्योकि जगत्को कारण पञ्चतन्मात्रा हो र त्यसको बीज आदि संविदाकाश (चिदाकाश) हो । यसबाट सम्पूर्ण जगत् ब्रह्मरूप हुन गयो ।

जस्तो बीज हुन्छ त्यस्तै फल हुन्छ । जगत्को बीज परब्रह्म भएको हुनाले जगत् पनि परब्रह्म नै हो जो आदिमा अचेत्य चिन्मात्र परमाकाश हो । जुन चैतन्य संवित्मा जगत् भास्तछ त्यो जीवाकाश हो, त्यो पनि शुद्ध र निर्मल छ, किनकि त्यो पृथ्वी आदि भूतले रहित छ ।

हे राम ! यो जगत् सब चिदाकाशरूप हो र वास्तवमा द्वैत केही बनेको छैन । जीवको शरीरग्रहण बारे सुन । शुद्ध चैतन्यमा चेत्योन्मुखताले गर्दा “अहं अस्मि” यस प्रकार अहंभाव बन्यो र आफूलाई जीव-अणु भनेर जान्न लाग्यो । जीवाणुमा जो अहंभाव दृढ भयो त्यसैको नाम अहंकार हुन गयो । अहंकारको दृढताले निश्चयात्मक बुद्धि उत्पन्न भयो र त्यसमा संकल्परूपी मन खडा भयो । जब मन संसारपट्टि संसरण गर्न लाग्यो तब सुन्ने इच्छाले श्रवणेन्द्रिय प्रकट भयो । यसै गरी रूप देख्ने इच्छाले चक्षुरिन्द्रिय, स्पर्शको इच्छाले त्वगिन्द्रिय, रस लिने इच्छाले रसनेन्द्रिय प्रकट भए । एवंप्रकारले चेत्यताले देह र इन्द्रिय भास्यो र त्यसमा यो जीवको अहंप्रतीति हुनगयो ।

देह र इन्द्रिय बाह्य दृश्य हुन् तर आफूमा भासछन् त्यसैले तिनमा अहं प्रतीति हुन्छ । जस्तो कुवामा मनुष्य आफूलाई देख्छ त्यस्तै देहमा आफूलाई देख्छ । त्यही चिद् अणु देहका साथ मिलेर दृश्यको रचना गर्छ । त्यो अहंभावबाट नै क्रिया भास्न थाल्यो । जस्तो स्वप्नमा दगुर्नुरूप क्रिया हुन्छ त्यस्तै आत्मामा स्पन्दक्रिया उत्पन्न भयो र चित्त (संवेदन) बन्यो । संवित्बाट नै यो आदि चित्त बनेको छ, यसैको नाम स्वयम्भू (ब्रह्मा) हो । संकल्पबाट नै यो मनोमय जगत् भासेको छ जस्तो आकाशमा दोस्रो चन्द्रमा भास्तछ, त्यसैले वास्तवमा यो जगत् केही पनि उत्पन्न भएको छैन, केवल चित्तको स्पन्दनमा जगत् फुरेको छ । चित्त जस्तो जस्तो रूपले फुर्दै गयो त्यही त्यही रूपले देश, काल, द्रव्य, स्थावर, जंगम जगत्को मर्यादा बन्यो । त्यसकारण जगत् संकल्परूप हो, संकल्पदेखि इतर जगत्को आकार केही छैन । जब संकल्प फुर्छ तब अगाडि जगत् (दृश्य) भास्तछ, चित्त संकल्परहित भए जगत्को अभाव भइहाल्छ । त्यसैले यो जगत् नटुवाको स्वांग झैं मायामात्र हो ।

हे राम ! जहाँसम्म चित्त बहिमुर्ख हुन्छ त्यहाँसम्म दृश्य जगत्को अन्त हुँदैन, चित्त अन्तर्मुख भए जगत् आत्मरूप हुन्छ । चित्त निःस्पन्द हुनासाथ एक क्षणमा नै जगत् निवृत्त भइहाल्छ किनकि

जगत् संकल्परूप मात्र हो । त्यसैले यो जगत् आकाशरूप (आत्मरूप) हो, केही उत्पन्न भएको छैन, आत्मसत्ता ज्योंका त्यों आफूमा नै स्थित छ । जस्तो स्वप्नमा पर्वत, नदीहरू भ्रमले देखिन्छन् त्यस्तै यो जगत् भ्रमले भास्तछ । जस्तो स्वप्नमा आफूलाई मरेको देख्छ त्यो भ्रममात्र हो त्यस्तै यो जगत् भ्रममात्र हो । यो स्थावर जंगम जगत् सब चिदाकाश हो । हाम्रो लागि त यो जगत् चिदाकाश नै भास्तछ । आदि ब्रह्मा नै उत्पन्न भएका छैनन् भने यो जगत् कसरी उत्पन्न होला ? यो जो देश, काल, व्यवहार देखिन्छ त्यो अकारणरूप हो, केही उत्पन्न भएको छैन । यो जगत् आभासमात्र हो । जुन वस्तु अकारण भास्छ त्यो भ्रान्तिमात्र हो । जस्तो संकल्पनगर, गन्धर्वनगर भास्छ त्यस्तै यो जगत्लाई पनि भ्रान्तिमात्र भनी जान । आदि विराट् आत्मा अन्तवाहकरूप हो र पृथिवी आदि तत्त्वले रहित आकाशरूप (चैतन्यरूप) हो तब यो जगत् कसरी आधिभौतिक हुने, त्यसकारण सब आत्मरूप हो ।

(१३) सर्वब्रह्मप्रतिपादन

हे रामजी ! यो सारा दृश्य मिथ्या - असद्रूप हो । जो छ त्यो केवल निरामय ब्रह्म छ । यो ब्रह्माकाश नै जीव जस्तो बनेको छ । जस्तो समुद्र द्रवताले तरङ्गरूप हुन्छ त्यस्तै ब्रह्म जीवरूप भएको छ । आदि संवित् स्पन्दरूप ब्रह्मा भए र ब्रह्माबाट जीव भए । जस्तो एक दीपकबाट अनेक दीपक हुन्छन्, एक संकल्पबाट धेरै संकल्प हुन्छन् त्यस्तै एक आदि जीव (ब्रह्मा) बाट धेरै जीव भएका छन् । जस्तो थाममा शिल्पीले पुतलीहरूको कल्पना गर्छ तर ती पुतली शिल्पीको मनमा हुन्छन्, थाम त जस्ताको तस्तै स्थित छ त्यस्तै सबै पदार्थ आत्मामा मनले कल्पेका हुन्, वास्तवमा आत्मा जस्ताको तस्तै ब्रह्मरूपले स्थित छ । ती पुतलीहरूमा ठूलो पुतली ब्रह्मा हो र साना पुतली जीव हुन् । जस्तो वास्तवमा खम्बा छ, पुतली कुनै उब्जेका छैनन्, त्यस्तै वास्तवमा आत्मसत्ता विद्यमान छ जगत् कुनै उब्जेको छैन; संकल्पले भास्तछ, संकल्प नगरे जगतकल्पना मेटिइहाल्छ ।

रामले सोधे - एक जीवबाट अनेक जीव उत्पन्न भए भन्नु भयो, यो कसरी भयो ? के पर्वतबाट ढुङ्गा निस्के झैं हो कि अथवा जीवको खानी छ कि ? मेघबाट पानीका बूँद निस्के जस्तो हो कि अथवा आगोबाट झिल्का निस्के झैं हो ? जबाफमा वसिष्ठले भन्नुभो - हे राम ! न एक जीव नै छ न अनेक जीव छन् । यी कुरा त खरायोको सिड० उडेको देखें भने जस्ता हुन् । एक जीव नै उत्पन्न भएको छैन, फेरि अनेक जीव कसरी भनौं ? शुद्ध अद्वैत आत्मसत्ता आफैंमा स्थित छ । त्यो अनन्त आत्मा हो, उसमा भेदको कल्पना छैन ।

हे राम ! यो जो जगत् देखिन्छ त्यो सब आकाशरूप हो । कुनै पदार्थ उत्पन्न भएको छैन । केवल संकल्प फुर्नाले नै जगत् भास्तछ । आत्मसत्ता नै जगत् जस्तो भएर भास्तछ, उसमा न एक जीव छ न अनेक जीव छन् । जगत् विराट्रूप हो, विराट् जीवरूप हो र जीव आकाशरूप हो, तब जगत् भन्ने जीव भन्ने के रह्यो र ? सब चिदाकाशरूप हो । जति पनि जीव छन् ती सब ब्रह्मस्वरूप हुन्, कुनै द्वैत छैन र कुनै भेद छैन ।

राम :- आदि जीव नै छैन भने यी जीवको पालक को हो ? यदि एकमात्र परमात्मा छ भने फेरि सर्वज्ञ र अल्पज्ञ भन्ने कुरा कताबाट आयो ?

वसिष्ठ :- जसलाई आदि जीव भनेको छ त्यो त ब्रह्मरूप हो त्यो नित्य शुद्ध छ, उसमा जगत्को कुनै कल्पना छैन । आदि चिदाकाश जो ब्रह्मसत्ता हो त्यो नै जीव जस्तो भएर भास्तछ, तर आत्मस्वरूपदेखि इतर केही भएको छैन ।

चैतन्य अर्थात् संवित् आदि स्फुरणबाट ब्रह्मा (विराट्) रूप भएको छ, उसले संकल्पद्वारा जगत्को रचना गरेको छ र उसैले शुभाशुभ कर्म र नीति अर्थात् यो शुभ हो र यो अशुभ हो भन्ने कुराको रचना गऱ्यो, त्यही आदि नीति महाप्रलयपर्यन्त जस्ताको तस्तो चलिरहन्छ । आदिमा जो सर्वज्ञत्व अल्पज्ञत्व आदि स्फुरण भयो त्यो पनि प्रलयसम्म रहिरहन्छ । संसारका पदार्थमा जो नीतिशक्ति प्रधान छ त्यसलाई नाघ्न कोही समर्थ छैन । आदि विराट् पुरुष अन्तवाहकरूप हो र पृथिवी आदि तत्वले रहित छ । यो जगत् पनि पृथिवी आदि तत्वबाट उत्पन्न भएको होइन, सब संकल्परूप हो । जस्तो मनोराज्यको नगर शून्य हुन्छ त्यस्तो यो जगत् शून्य छ ।

हे राम ! यस सर्गको निमित्तकारण र समवायिकारण कुनै छैन । जुन पदार्थ निमित्त कारण र समवायिकारण विना दृष्टिगोचर हुन्छ त्यसलाई भ्रममात्र भनेर जान्नू, त्यो उत्पन्न भएको छैन । जो पदार्थ उत्पन्न हुन्छ त्यो यिनै दुई कारणबाट उत्पन्न हुन्छ, तर जगत्को कारण यी दुईमा कुनै छैन । ब्रह्मसत्ता नित्य, शुद्ध, अद्वैतरूपमा विद्यमान छ, उसमा कार्यकारणको कल्पना कसरी हुन सक्ला ?

हे राम ! यो जगत् अकारण छ, केवल भ्रमले भासेको छ । जब तिमीमा आत्मविचारको उदय हुन्छ तब यो दृश्य भ्रम मेटिदै जान्छ । जस्तो बत्ती हातमा लिएपछि अन्धकार देखिदैन । त्यस्तै विचारपूर्वक हेरेपछि जगत् भ्रम मेटिइहाल्छ । मनको स्फुरणबाट यो जगद्भ्रमको उदय भएको छ, त्यसैले यो संकल्परूप हो । जस्तो समुद्रमा द्रवताले तरङ्ग, बुद्बुद र फेन भास्तछ त्यस्तै आदि चित्तमा पदार्थसत्ता जस्तो रूपमा दृढ भएको छ त्यस्तै रूपमा स्थित हुन्छ र त्यो पदार्थ आत्मादेखि भिन्न केही होइन, सब चिदाकाशरूप हो ।

समष्टि चित्त अर्थात् संवेदन जब चेत्योन्मुख हुन्छ तब जगत् भास्तछ । संवेदनले रहित भए चिन्मात्र सत्ता बाँकी रहन्छ, जगत्कल्पना भास्तैन । यो सब जगत् आत्माको आभासरूप हो । आत्मा अच्छेद्य, अदाह्य, अक्लेद्य, नित्य, शुद्ध, सर्वगत स्थाणु झैं अचल छ, । अत: जगत् चिदाकाशरूप हो । हाम्रो लागि सब जगत् चिदाकाशरूप भास्तछ । अज्ञानीहरू वादविवाद गर्छन्, हामीमा वादविवाद कुनै छैन, किनकि हाम्रो सम्पूर्ण भ्रम नष्ट भएको छ ।

यो सब जगत् ब्रह्मरूप हो, द्वैत केही छैन । जसलाई यस्तो निश्चय भएको छ त्यसको लागि सबै आफ्नै स्वरूप हुन्छ । यो सब प्रपञ्च चिदाकाशरूप हो, परन्तु अज्ञानीको लागि भिन्न भिन्न जन्म, मरण आदि विकार भास्तछन् र ज्ञानवान्को लागि सब आत्मरूप- नै भास्तछ । पृथ्वी, जल, तेज, वायु र आकाश सब आत्माको आश्रयमा फुर्छन्, चित्शक्ति नै यस्तो भएर भास्तछ । जस्तो वसन्त ऋतु आएपछि रसशक्तिले परिपूर्ण भएर वृक्ष तथा लताहरू प्रफुल्लित हुन्छन् त्यस्तै

चित्शक्तिको स्पन्दता नै जगत्रूप भएर भास्तछ । यसबाट बुझ्नुपर्छ कि आत्मादेखि भिन्न जगत् भन्ने वास्तवमा केही छैन, सब आत्मरूप हो, चिदाकाशरूप हो । आत्मारूपी सूर्यमा जगत्रूपी जलाभास देखिन्छ तर त्यो छैन । हे राम ! तिमी यस्तो विचार गरेर हेर कि जो सर्वब्रह्म नित्य, शुद्ध, परमानन्दस्वरूप हो त्यो नै सर्वदा आफू आफैंमा स्थित छ, उसमा भेदकल्पना कुनै छैन । जस्तो जल द्रवताले तरङ्गरूप भएर भास्तछ त्यस्तै ब्रह्मसत्ता जगत्रूप भएर भास्तछ । वास्तवमा न कोही उत्पन्न हुन्छ र न कोही नष्ट हुन्छ । जो कुछ छ वा देखिन्छ त्यो सब ब्रह्मरूप हो । मुनिशार्दूल वसिष्ठजीले यति भनेपछि सायंकालको समय भयो र सभा उठ्यो ।

(१४) मण्डपाख्यान-परमार्थप्रतिपादन

जस्तो आकाशमा भ्रमले वृक्ष देखिन्छ, मोतीको माला देखिन्छ त्यस्तै आत्मामा जगत् देखिन्छ । जस्तो खम्बामा शिल्पीको मनमा पुतलीहरु भासित हुन्छन्, ती पुतली कुनै कारणबाट उत्पन्न भएका होइनन्, त्यसैले वास्तवमा ती पुतली छँदै छैनन् त्यस्तै चेतनरूपी खम्बामा मनरूपी शिल्पीले त्रिलोकीरूपी पुतली कल्पना गर्छ, तर कुनै कारणबाट उत्पन्न भएको होइन । त्यसकारण जगत् उत्पन्न भएको छैन - केवल ब्रह्मसत्ता जस्ताको तस्तो स्थित छ ।

चैतन्यस्वरूप आत्मा अत्यन्त सूक्ष्म भएको हुनाले यसलाई चिद्-अणु भनेको छ । आँखीझ्यालको प्वालबाट सूर्यकिरण छिर्दा सूक्ष्म त्रसरेणु देखिन्छ, त्यो भन्दा पनि चिदणु सूक्ष्म छ त्यसैंमा यो जगत् फुरेको छ । त्यसो हुनाले सम्पूर्ण जगत् आकाशरूप हो, केही उत्पन्न भएको छैन । अनुभव हुन्छ भन्दैमा पनि जगत् सत्य होइन जस्तो स्वप्नसृष्टि अनुभवगोचर भए तापनि असत् हो त्यस्तै यो जगत् पनि असत् हो । आत्मसत्ता निर्विकाररूपमा नै स्थित छ, त्यसमा अवयव-अवयवी भावको कल्पना गर्नु मूर्खता हो ।

जब शुद्ध चैतन्यसत्तामा समष्टि चित्तरूपी संवेदन खडा हुन्छ त्यही संवेदन जगद्रूप भएर भास्तछ, तर केहीपनि भएको छैन । आत्मसत्ता आफैमा स्थित छ तर चित्तरूप संवेदनको स्पन्दले जगद्रूप भएर भास्तछ । हे राम ! यस विषयमा तिमीलाई एउटा मण्डपाख्यान सुनाउँछु जसबाट सारा संशय मेटिनेछ र विश्राम प्राप्त हुनेछ ।

मण्डपाख्यान - लीलाको कथा

कुनै समयमा पद्म नामका एक तेजस्वी राजा थिए । ती राजा वैभवसम्पन्न, सन्तानवान्, प्रजापालक, एवं राजोचित गुणले विभूषित मर्यादानिष्ठ थिए । तिनकी रानी लक्ष्मीकै अवतार हुन्की भनेजस्ती सुन्दरी एवं पतिव्रता थिइन् । तिनको नाम लीला थियो । राजा रानी अत्यन्त मिलेका र स्नेहपाशमा आबद्ध थिए । ती दम्पती उद्यान आदि रमणीय स्थानमा गएर राजोचित विहार गर्थे । तिनले तीर्थ, व्रत, दान, धर्म धेरै नै गरेका थिए ।

एकदिन रानीको मनमा विचार आयो कि कुनै उपायले राजालाई अमर तुल्याएर साथमा रहन पाए बडो आनन्द हुने थियो । ऋषि, मुनि, तपस्वी र विद्वानहरूलाई बोलाएर रानीले राजालाई अमर तुल्याएर आफू साथमा रहनको लागि कुनै उपाय छ कि भन्ने प्रश्न गर्दा ऋषिमुनिहरूले भने कि जन्मेपछि मरण अवश्य हुन्छ, तपस्या आदिबाट केही सिद्धि मिल्न सक्छ, तर अमरत्व मिल्न सक्तैन ।

पतिको वियोगबाट डराएर रानी फेरि विचार गर्न लागिन् - पतिको भन्दा पहिले आफ्नो देह छुटचो भने त भाग्यवती हुने थिएँ । केही गरी राजाको शरीर पहिले छुटचो भनेता त्यसको लागि यस्तो उपाय गरौं कि राजाको जीव मेरो अन्तः पुरमा नै रहोस् त्यसोभए मैले दर्शन पाइरहने थिएँ । यसको लागि सरस्वतीको उपासना गर्छु । यो कुरा राजालाई थाहा नदिईकन नै गोप्यरूपमा रानी सरस्वतीको पूजा आराधना गर्न थालिन् । नियमसंयुक्त भएर नित्य स्नान, दान, कीर्तन र ध्यानपूर्वक तीनसय दिनसम्म तपस्या निरत रहँदा भगवती सरस्वतीले प्रसन्न भएर दर्शन दिइन् र भनिन् - हे पुत्रि ! पतिको निमित्त गरिएको तिम्रो तपस्याबाट म सन्तुष्ट भएकी छु, वर माग । लीलाले प्रणाम गर्दै भनिन् - मलाई दुइटा वर दिनुहोस् । एक यो हो कि जब मेरा पतिको मरण होला, उनको पुर्यष्टक (सूक्ष्म शरीर) बाहिर नजावस् र अन्तःपुरमा नै रहोस् । दोस्रो वर यो हो कि मैले बोलाएको बेलामा दर्शन पाऊँ । "तथास्तु" भनेर सरस्वती अन्तर्धान भइन् ।

कालरूपी चक्रमा क्षणरूपी आरा लागेका छन् र त्यसका तीनसय साठी कीला छन् । त्यो चक्र वर्षपर्यन्त घुमेर फेरि त्यही रीतले घुमदै गर्छ । यस्तो कालचक्रको प्रभाव अनुसार पद्मराजाको आयुको घडी समाप्त भयो । लडाइामा घायल भएर दरवारमा आएपछि राजाको शरीरबाट प्राणपखेरु निस्क्यो । मृत शरीर कान्तिहीन भएर ओइलाउँदै गयो । रानी विह्वल भएर धूमधाम विलाप गर्न लागिन् । त्यहीबेला सरस्वतीबाट आकाशवाणी भयो - हे सुन्दरी ! मृत पतिको शरीरलाई फूलले ढाकेर सुरक्षित राख । फूल नवैलाओस् । पुनः पतिलाई प्राप्त गर्नेछौ । तिम्रा पति आकाश झैं निर्मलकान्तिवाला भएर तिम्रै घरभित्र रहेका छन्, कहीं गएका छैनन् । यस आकाशवाणीबाट लीलालाई केही शान्ति त प्राप्त भयो, किन्तु पतिको दर्शन नभएकोले पूर्ण शान्ति भने प्राप्त भएको थिएन । पतिको मृत देहलाई फूलले ढाकेर नजिकै बसेर लीला रुन थालिन् । उनले सरस्वतीको आराधना गरिन् । आधारातको समयमा दर्शन दिएर सरस्वतीले भनिन् - हे सुन्दरी ! किन मलाई संझेकी छौ र किन शोक गरिराखेकी ? मृगतृष्णाको नदी झैं यो सब जगत् भ्रान्तिमात्र हो । अहं, त्वं, इदं आदि देखि लिएर जुन जगत् भासित भएको छ त्यो सब कल्पनामात्र हो र भ्रमले भासेको हो । आत्मामा कुनै हलचल भएको छैन, तब तिमी कसको शोक गर्छचौ ?

लीलाले भनिन् - हे परमेश्वरी ! मेरा पति कहाँ छन् र के रूप धारण गरेका छन्, उहाँसित भेट गराइदिनुहोस्, उनी विना म आफूलाई जीवित देख्न सक्तिन । देवीले भनिन् - आकाश तीन छन् - भूताकाश, चित्ताकाश र चिदाकाश । भूताकाश चित्ताकाशको आश्रयमा छ र चित्ताकाश चिदाकाशको आश्रयमा छ । तिम्रा पति अहिले भूताकाशलाई छोडेर चित्ताकाशमा प्रवेश गरेका छन् । चित्ताकाश चिदाकाशको आश्रयमा स्थित छ । यसकारण जब तिमी चिदाकाशमा स्थित हुनेछौ तब तिमीलाई सबै ब्रह्माण्ड भासित हुनेछ । सब त्यसैमा प्रतिविम्बित हुन्छन्, त्यहाँ तिम्रा

पतिको अन्य जगत्लाई देख्ने छौं । एक देशलाई छोडेर अर्को देशमा वृत्ति जाँदा बीचमा एकक्षण जो सन्धिकाल रहन्छ त्यो अन्तरालमा जो अनुभवसत्ता विद्यमान रहन्छ त्यो चिदाकाश हो । जब तिमी संकल्पलाई त्यागिदिन्छयौ तब त्यहाँ जो शेष रहन्छ त्यो चिदाकाश हो । जीवको आश्रय पृथिवी र पृथिवीको आश्रय आकाश हो । त्यसकारण जीवको आश्रय भूताकाश हो । चित्त जसको आश्रयमा एक विषयबाट अर्को विषयमा दौडन्छ त्यो चिदाकाश हो ।

हे लीले ! जब दृश्यको अत्यन्त अभाव हुन्छ तब परम पद प्राप्त हुन्छ, यो चिरकालको अभ्यासले प्राप्त हुन्छ । मेरो वर यो छ कि तिमीलाई त्यो पद शीघ्र प्राप्त होस् । सरस्वती अन्तर्धान भइन् । लीला रानी संकल्प त्यागेर निर्विकल्प समाधिमा स्थित भइन् । जब अहंकारलाई पनि त्यागिदिइन् तब तत्काल लीला जो सर्वाधिष्ठान परम शान्तिरूप नित्य शुद्ध अनन्त आत्मा चिदाकाश हो त्यहाँ पुगेर त्यहीं आफ्ना पतिलाई देखिन् । त्यो चिदाकाशमा स्पन्दकला लिएर रानीले प्रवेश गरेकी थिइन् त्यसैले पतिको लोक देख्न सकेकी हुन् ।

त्यहाँ राजा विदूरथ नामले प्रख्यात भएर आनन्दले उच्च सिंहासनमा विराजमान थिए । उनको आश्रयमा वरिपरि मण्डलेश्वर राजाहरू रहेका थिए । पूर्वदिशामा ब्राह्मणहरूबाट वेद ध्वनि घन्किरहेको थियो । दक्षिण पट्टि आभूषणले सुसज्जित सुन्दरी स्त्रीहरू र पश्चिम दिशामा विशेष गरेर मण्डलेश्वरहरू देखिन्थे । उत्तर तर्फ चार प्रकारका सेना रहेका थिए । फेरि नगर र गाउँतिर हेर्दा प्रजाहरू आफ् आफ्ना काममा व्यस्त रहेका देखिन्थे । अन्तःपुरमा हेर्दा पूजाकोठाबाट धूप र चन्दनको सुगन्ध मगमगाइरहेको थियो । राजाका साथमा लीला नामकै अर्की रानी पनि थिइन् । यो देखेर लीला आश्चर्यचकित भइन् । रानी सबैलाई देख्तथिन् तर उनलाई कसैले देख्तैन थियो । राजाको कीर्ति चन्द्रमाको किरण झैं चारैतर्फ फैलिएको थियो । पहिलेका वूढा राजा अहिले १६ वर्षका युवक देखिन्थे, पहिलेका मन्त्रिगण, नोकर चाकर, टहलुवा र प्रजाहरू सव त्यहीं देखिन्थे । यत्तिकैमा चारै दिशाबाट हल्कारा आएर विन्ति गरे - राजन् ! शत्रुहरूले आक्रमण गर्न शुरू गरेका छन्, जो आज्ञा । राजाले तुरुन्त सेना बोलाएर आक्रमणको मुकाविला गर्न आज्ञा दिए । रानी लीलाले विचार गरिन् कि मेरा पतिमात्र मृतक भएका हुन्, यहाँ सब नगरवासी प्रजाहरु पनि देखिन्छन्, कस्तो आश्चर्य ।

त्यसपछि लीला तुरुन्त आफ्नो दरबारमा आइन् । आधारातको समय, सबै सहेली, नोकर चाकर मस्त निद्रामा थिए । रानीले सबैलाई जगाएर आज्ञा दिइन् - सबैतिर बत्ती बाल, सभा भवनको राजसिंहासन सफा गर र सबै मन्त्रिगण, भाई भारदार, गण्यमान्य, ऋषिमुनि ब्राह्मणहरूलाई भेला गराउनू । उर्दी सुनेर सबै सभाभवनमा खचाखच भेला भए । रानी उच्च राजसिंहासनमा गएर बसिन् र चारैतिर हेरिन् । राजा बाहेक सबै पहिले जस्तै छन् । ऐनामा हेर्दा भित्र वाहिर उस्तै देखिन्छन् । विदूरथको सभामा जस्तो देखिएका थिए यहाँ पनि राजाविना सबै उस्तै देखिएका छन् । रानी आश्चर्यमा परिन्, तर मनको कुरा भने कसैलाई बताइनन् । शोक संबन्धी केही कुरा भए । त्यसपछि रानीले सबैलाई बिदा दिइन् । सभा उठ्यो ।

कोठामा गएर रानीले विचार गरिन् उहाँ पनि र यहाँ पनि उस्तै देखिन्छ, कस्तो आश्चर्य । ईश्वरको माया जानिनसक्नु रहेछ । रानीले सरस्वतीको आराधना गरिन् । कुमारीको रूपमा सरस्वती प्रकट भइन् । रानीले सोधिन् - यो जगत् के हो र ऊ जगत् के हो ? यी दुईमा कुन कृत्रिम र कुन अकृत्रिम हो ? मेरो विचारमा अहिले तपाई हामी जहाँ बसेका छौ त्यो अकृत्रिम हो र उहाँको (विदूरथको) जगत् कृत्रिम हो, किनकि त्यो शून्य स्थानमा देखिएको छ । सरस्वतीले भनिन् - कारण जस्तो छ कार्य उस्तै हुन्छ । कारण सत् भए कार्य पनि सत् हुन्छ । सत्बाट असत् हुँदैन र असत्बाट सत् हुँदैन । कारणदेखि भिन्न कार्य हुँदैन । त्यसकारण त्यो जगत् जस्तो हो यो जगत् पनि उस्तै हो । लीलाले भनिन् - कारणदेखि भिन्न कार्यको सत्ता देखिन्छ । जस्तो खाली माटोले पानी ल्याउन र राख्न मिल्दैन, घडा बनेपछि त्यसबाट पानी ल्याउन र राख्न मिल्छ । सरस्वतीले भनिन् - कारणदेखि भिन्न कार्यको सत्ता तब हुन्छ जब सहकारी कारण भिन्न हुन्छ । जहाँ सहकारी कारण छैन त्यहाँ कारण देखि भिन्न कार्यको सत्ता हुँदैन ।

हे लीले ! तिम्रा पतिको सृष्टि पनि कारण विना भासेको छ । उसको जीवरूप पुर्यष्टक आकाशरूप थियो, त्यहाँ समवायी कारण र निमित्त कारण थिएन । त्यसकारण कृत्रिम कसरी भन्ने ? जो बनाइएको हो त्यो कृत्रिम हुन्छ, त्यो (तिम्रा पतिको जगत्) ता पृथ्वी आदि तत्त्वले रहित आकाशरूप हो । जसको समवायी कारण नै छैन भने त्यसको निमित्त कारण कसरी होला ? त्यसकारण तिम्रा पतिको सर्ग अकारण हो ।

लीलाले सोधिन् - पूर्व सृष्टिको जो संस्काररूप स्मृति छ त्यो कारण किन नहुने ? देवीले भनिन् - स्मृति कुनै वस्तु होइन, स्मृति आकाशरूप हो । संकल्पको नाम स्मृति हो । त्यो संकल्प पनि आकाशरूप हो, कुनै वस्तु होइन, त्यो मनोराज्य हो । त्यसकारण जगत्को सत्ता छैन, जगत् केवल आभासरूप हो ।

लीलाले सोधिन् - यदि जगत् संकल्पमात्र हो, आकाशरूप हो भने अहिले जहाँ तपाई हामी बसेका छौं त्यो पनि आकाशरूप नै हुन पर्‍यो, तब दुवै लोक तुल्य हुन्छन् । देवीले भनिन् - होत नि, दुवैलोक बराबर हुन् । अहं, त्वं, इदंरूप यो सम्पूर्ण जगत् आकाशमात्र हो । जो देखिन्छ त्यो भ्रान्तिमात्र हो । केही उत्पन्न भएको छैन । जुन पदार्थ सत्य होइन भने त्यसको स्मृति कसरी सत्य होला ?

लीलाले भनिन् - मेरा पति यहाँ अशरीर भएका थिए, त्यहाँ फेरि शरीरधारी देखिन्छन् र उनको जगत् पनि देखिन्छ, त्यो कसरी देखियो ? त्यसको कारण स्मृति या अरू नै के हो ? मेरो दृश्य भ्रम निवृत्तिको निमित्त बताउनुहोस् । देवीले भनिन् - हे लीले ! यो र ऊ दुवै सर्ग भ्रमरूप हो । यो (सर्ग) सत् भएको भए त्यसको स्मृति पनि सत् हुन्थ्यो, तर यो जगत् असत्रूप हो । यो भ्रम कसरी भास्यो त्यो कुरा बताउँछु, सुन ।

एक महच्चिदाकाश छ, त्यसको किन्चन चिदणु छ र त्यसको एकांशमा जगत्रूपी वृक्ष छ । सुमेरु पर्वत त्यसको फेदपट्टिको खम्बा हो, सप्तलोक काँधबाट फटेका ठूला हाँगा हुन्, आकाश शाखा हुन्, सप्त समुद्र रस हो र तीन लोक फल हुन् । सिद्ध, गन्धर्व, देवता, मनुष्य र दैत्यहरू

त्यस वृक्षमा रहने मशक (लामखुट्टे) हुन् र तारागण फूल हुन् । त्यस वृक्षको एक छिद्रमा एक देश छ र त्यहाँ यौटा पर्वत छ त्यसको तल उपत्यकामा एक नगर बसेको छ त्यहाँ एक नदी बगेकी छन् । त्यही नदीको तटमा एक धर्मात्मा अग्निहोत्री वसिष्ठनामका ब्राह्मण बस्तथे । तिनी धन, विद्या, पराक्रम र कर्ममा ऋषि वसिष्ठसमान थिए किन्तु ज्ञानमा भेद थियो । खेचर वसिष्ठमा ब्रह्मज्ञान थियो भने यी भूचर वसिष्ठमा ब्रह्मज्ञान थिएन । तिनकी पत्नीको नाम पनि अरुन्धती नै थियो । तिनी पतिव्रता सुन्दरी नारी थिइन् । धन, विद्या, कर्म, कान्ति, चेष्टा आदिमा ऋषिपत्नी अरुन्धती जस्तै थिइन् । एकदिन ती ब्राह्मण रमणीय पर्वत शिखरमा बसेका थिए । त्यही बेलामा शिकार खेल्न भनी एक बडा पराक्रमी सुन्दर राजाको सवारी सजधजका साथ त्यही बाटो गरेर चलेको तिनले देखे र तिनको मनमा यस्तो भाव उठचो कि राजा हुनु ठूलो सौभाग्यको कुरा रहेछ । म पनि राजा हुन पाए चारै तरफ कीर्ति फैलाएर राजसी भोग विलास गर्दै आनन्दपूर्वक रहने थिएँ । ब्राह्मणको उमेर ढल्कँदै गएको देखेर ब्राह्मणीले पनि तिमीले जस्तै मेरो आराधना गरेकी थिइन् । उनले पनि पतिको मरण आफूभन्दा पहिले भएमा उनको जीव यही मन्दिरमा रहोस भनी वर माग्दा मैले तथास्तु भनेकी थिएँ । कालक्रमले ब्राह्मणको शरीर छुटचो, ब्राह्मणी सती गइन् । संकल्प अनुसार वसिष्ठ ब्राह्मण पद्म राजा भए, अरुन्धती चाहिं तिमी लीला भयौ । ती वसिष्ठ ब्राह्मण मरेको आज आठ दिनमात्र भएको छ । आशौच पनि सकिएको छैन, तर तिमीले यहाँ साठी हजार वर्ष राज्य गरेर नाना प्रकारका भोग भोग्यौ ।

हे लीले जसरी तिमीले जन्म लिएकी छौ त्यो सब मैले बताएँ, तर त्यो सब भ्रममात्र हो । जति पनि जगत् भासेको छ त्यो आभासमात्र हो, संकल्पले फुर्छ, वास्तवमा केही पनि छैन । यो जगत् सत् होइन तब यसको स्मृति कसरी सत्य होला ? तिमी हामी र अरू सबै तिनै ब्राह्मणको मन्दिरमा स्थित छौं ।

लीलाले भनिन् - हे देवि ! हजूरको वचनलाई म असत् कसरी भनौं ? हजूरको भनाइ अनुसार तिमी, म, देशदेशान्तर, पर्वत, नदी, समुद्र, लोक, लोकपाल आदि सब जगत् तिनै ब्राह्मणको घरमा छन् भने त्यो सानो घरमा कसरी अटाउलान् ? त्यसकारण हे देवि ! तपाईको वचन ता असंभवजस्तो देखिन्छ, कसरी पत्याऊँ ?

देवीले भनिन् - हे लीले ! मैले झूट बोलेको होइन । हाम्रो भनाइ कहिले पनि असत् हुँदैन । आदि परमात्माको नीति छ कि महापुरुष झूट बोल्दैनन् । जस्तो सुतेका मानिसको स्वप्नमा त्रिलोक भासेर आउँछ, त्यो अन्त:करणमा नै त छ, फेरि स्वप्नबाट जाग्रत् हुन्छ, त्यस्तै मरण पनि जान । मरणोपरान्त जीव आकाशरूप हुन्छ र फेरि वासना अनुसार उसलाई जगत् भासेर आउँछ । जस्तो स्वप्नको जगत् आकाशरूप हो त्यस्तै जाग्रत् - जगत्‌लाई पनि आकाशरूप भनी जान ।

हे लीले ! यो सारा जगत् तिम्रो त्यही अन्त:पुरमा भासेको छ, किनकि जगत् चित्ताकाशमा स्थित छ । जस्तो आदर्शमा प्रतिबिम्ब हुन्छ त्यस्तै चित्तमा जगत् अटाउँछ, तर त्यो आकाशरूप हो । अन्त:पुरमा चित्त छ, त्यसैले जगत् पनि छ । वास्तवमा कुनै पदार्थ उत्पन्न भएको छैन, भ्रमले उत्पन्न भएको जस्तो देखिन्छ । जस्तो स्वप्नमा स्वप्नान्तर हुन्छ त्यस्तै तिमीलाई यो सृष्टि भ्रमले भासेको छ ।

यो जगत् आत्मरूप हो । जहाँ चिद्-अणु छ त्यहाँ जगत् पनि छ । जस्तो चिद्-अणु आकाशरूप हो त्यस्तो जगत् पनि आकाशरूप हो अर्थात् आत्मरूप हो । उसमा जस्तो चिन्तन हुन्छ त्यस्तै जगत् भास्तछ, त्यसकारण जगत् भन्नु संकल्पमात्र हो ।

लीलाले सोधिन् - वसिष्ठ ब्राह्मण मरेको आठ दिनमात्र भयो, हाम्रो यहाँ भने साठी हजार वर्ष बित्यो, यसलाई कसरी सत् भनेर जान्ने ? थोरै समयमा यति लामो समय कसरी बित्यो ? उत्तरमा देवीले भनिन् - जस्तो स्वप्नमा कारण विना नाना प्रकारको जगत् भास्तछ तर त्यो आकाशरूप हो, मनको भ्रमले भासेको हो । स्वप्नजगत्, परलोक - जगत् र जाग्रत् - जगत्मा भेद छैन । जस्तो समुद्रमा तरङ्ग वास्तवमा छैन त्यस्तै आत्मामा जगत् छैन, असत् नै सत् जस्तो भएर भास्तछ त्यो कुनै कारणबाट उत्पन्न भएको होइन । यो अहन्ता ममता आदि जो जगत् छ त्यो आभासमात्र हो । जब जीव मृतक हुन्छ तब मूर्छा हुन्छ, मूर्छा पछि चेतनता फुर्छ अनि क्रमशः आधार, आधेय फुर्छ, यो मेरो हात हो, यो शरीर हो, यी माता पिता हुन्, यी बान्धव हुन्, यो घर हो, म यति वर्षको भएँ, यो चिरकाल देखि आएको मेरो कुल हो । मरण पछि यतिका क्रम देखिन्छन् । एकक्षणमा अनन्त कुरा भासेर आउँछ । जस्तो स्वप्नमा एक क्षणमा द्रष्टा, दर्शन र दृश्य कारणको विना नै भासेर आउँछ त्यस्तै परलोकमा नाना प्रकार जगत् कारण विनानै भास्तछ, त्यसो हुनाले त्यो सब आकाशरूप हो । भ्रमले भास्तछ, वास्तवमा केही उत्पन्न भएको छैन । भ्रमले जे पनि हुन सक्तछ । जस्तो एकरातमा भ्रमले हरिश्चन्द्रको बार वर्ष भासेको थियो त्यस्तै यहाँपनि थोरै कालमा भ्रमले लामो समय भासेर आउँछ ।

जस्तो स्वप्नमा एकको अन्यरूपले भान हुन्छ । अघाएको मानिस आफूलाई भोकाएको देख्छ, धनीले गरीब भएको देख्छ, गरीबले धनी भएको देख्छ त्यस्तो भ्रमले नाना प्रकार देश काल आदि देखिन्छ, वास्तवमा ब्रह्मदेखि भिन्न केही पनि छैन । जस्तो खम्बामा शिल्पीको मनमा पुतली हुन्छन् तर त्यहाँ पुतली छैनन्, केवल खम्बा छ त्यस्तै ब्रह्ममा जगत् छैन । मनरूपी शिल्पी जगत्रूपी पुतलीको कल्पना गर्छ, वास्तवमा केही छैन, आत्मसत्ता नित्य, शुद्ध, अज, अमररूपमा रहेको छ ।

(१५) आत्मविश्रान्ति

देवीले भनिन् - जीवको मृत्यु - मूर्छा अनन्तर पुनः जन्म, देश, काल, क्रिया, द्रव्य र परिवार आदि नाना जगत् भासेर आउँछ, तर वास्तवमा केही भएको छैन र त्यसको स्मृति पनि असत् हो । यौटा स्मृति अनुभवबाट हुन्छ र अर्को स्मृति अनुभव विना पनि हुन्छ । जस्तो स्वप्नमा आफ्नै मृत देह देखिन्छ, त्यसको अनुभव असत् हो किनकि त्यो आफूको मरणको स्मृतिबाट भासेको होइन, त्यसकारण त्यो मरणको स्मृति पनि असत् हो, जस्तो स्वप्नको पदार्थको जाग्रत्मा स्मरण गर्नु पनि असत् नै हो, वास्तवमा केही भएको छैन । यो जगत् अकारणरूप हो र जो छ त्यो चिदाकाश ब्रह्मरूप हो । न विदूरको सृष्टि सत् हो न त यो सृष्टि सत् हो, सब संकल्पमात्र हो ।

लीलाले सोधिन् - विदूरको सृष्टि यस सृष्टिको संस्कारबाट उत्पन्न भयो र यो सृष्टि ब्राह्मण र ब्राह्मणीको संस्कारबाट भयो तब ब्राह्मण र ब्राह्मणीको सृष्टि कसको स्मृतिबाट भयो ? देवीले

भनिन् - वसिष्ठ ब्राह्मणको सृष्टि उनैको संकल्पबाट फुरेको हो र ती ब्राह्मण ब्रह्मामा फुरेका हुन्, किन्तु ब्रह्मा पनि वास्तवमा केही होइनन् ।

हे लीले ! यो सृष्टि जे जति छ त्यो सब उनै वसिष्ठ ब्राह्मणको मन्दिरमा छ, वास्तवमा केही भएको छैन, सब संकल्परूप हो । मनको स्फुरणबाट भासेर आउँछ । जस्तो जस्तो संकल्प फुर्छ त्यस्तै त्यस्तै भासेर आउँछ, तिम्रा पतिको यो सृष्टि संकल्पले भासेको हो । अल्प समयमा पनि लामो समय भ्रमले भास्तछ ।

ब्राह्मण मरेको आठ दिन बितेको छ त्यो सृष्टिलाई हामी कसरी देख्न सकौंला ? लीलाको यस प्रश्नको जवाफमा देवीले भनिन् - हे लीले ! जब तिमी योगाभ्यास गर्छचौं तब देख्न सक्छचौ । अभ्यास विना देख्ने सामर्थ्य हुँदैन, किनकि त्यो सृष्टि चिदाकाशमा फुरेको छ । जब तिमी चिदाचकाशमा स्थित हुने अभ्यास गर्छ्यौं तब सब सृष्टि भासेर आउँछ । त्यो सृष्टि अर्काको संकल्पमा छ, जब उसको संकल्पमा प्रवेश गर्छचौं तब त्यो सृष्टि भास्तछ । जस्तो एउटाको स्वप्नलाई अर्कोले जान्दैन त्यस्तै यौटाको सृष्टि अर्कोले जान्दैन । अन्तबाहकरूप धारण गरेपछि मात्र त्यो सृष्टि देखिन्छ । आधिभौतिक स्थूल शरीरमा अभ्यास भएसम्म त्यो सृष्टि देख्न सकिंदैन, किनकि निराकारलाई निराकारले नै ग्रहण गर्छ । साकारले निराकारालई ग्रहण गर्न सक्तैन । यो आधिभौतिक शरीर त भ्रममात्र हो यसलाई त्यागेर तिमी चिदाकाशमा स्थित होऊ । जस्तो पक्षी गुँडलाई छोडेर आकाशमा यथेच्छ विचरण गर्छ त्यस्तै तिमी पनि चित्तलाई एकाग्र गरेर स्थूल शरीरलाई त्यागेर योगाभ्यासद्वारा आत्मसत्तामा स्थित होऊ । जब आधि भौतिक देहलाई त्यागेर अभ्यासको वलले चिदाकाशमा स्थित हुन्छचौ तब आवरणले रहित हुन्छचौ अनिमात्र जहाँ इच्छा लाग्छ त्यहाँ पुग्न सक्छचौ, जो देख्न चाहन्छचौ त्यो देख्न सक्छचौं ।

हे लीले ! हामी सदा चिदाकाशमा स्थित छौं । हाम्रो शरीर (स्वरूप) चिदाकाश हो । हामीलाई कुनै आवरणले रोक्न सक्तैन । हाम्रो सदा स्वरूपमा स्थिति छ । हामी स्वेच्छाले जहाँ जान चाहन्छौं त्यहाँ अन्तवाहक रूप लिएर पुग्छौं । कुनै आवरणले हामीलाई छेक्तैन ।

हे लीले ! आफूको संकल्प नै त हो सृष्टि । त्यसमा चित्तवृत्ति लागेसम्म यही शरीरको त भान हुँदैन भने अरूको शरीरको अरूको सृष्टिको भान कसरी होला ? जब आधिभौतिक स्थूल शरीरमा वैराग्य लिएर अन्तवाहकताको दृढ अभ्यास हुन्छ तब आधिभौतिकता मेटिन्छ, किनकि अगाडि आउने सृष्टि पनि सब अन्तवाहकरूप हो किन्तु संकल्पको दृढताले आधिभौतिक भएर भास्तछ । प्रमादले संकल्परूप अन्तवाहक सृष्टिलाई आधिभौतिक ठानेको छ । जब संकल्पलाई उल्टाएर सूक्ष्म अन्तवाहकतातिर लगिन्छ तब आधिभौतिकता मेटिइहाल्छ र अन्तवाहकताको उदय हुन्छ । हे लीले ! यसरी जब तिम्रो निरावरणरूपको उदय हुन्छ तब देख्नमा, जान्नमा कुनै यत्न हुँदैन । जब तिमी अन्तवाहक रूप लिन्छचौ तब उनको संकल्परूप सृष्टिमा तिम्रो प्रवेश संभव हुन्छ ।

हे लीले ! यो जगत् संकल्परूप भ्रममात्र हो । वास्तवमा केही उत्पन्न भएको छैन । एक अद्वैत आत्मसत्ता आफैमा स्थित छ, द्वैत केही छैन ।

लीला - एक अद्वैत आत्मसत्तामात्र विद्यमान छ भने यो कल्पना (द्वैतवस्तु) के हो ?

देवी - जस्तो सुवर्णमा भूषण, सिपीमा चाँदी, डोरीमा सर्प दोस्रो वस्तु होइन त्यस्तै कल्पना कुनै दोस्रो वस्तु होइन। एक अद्वैत आत्मसत्ता जस्ताको तस्तै स्थित छ, उसमा जो नानात्व भासित हुन्छ त्यो भ्रममात्र हो। वास्तवमा एक अनुभवसत्ता विद्यमान छ।

लीला - म एक अनुभवसत्तामात्र हुँ भने यतिका काल किन घुमिरहें ?

देवी - तिमी अविचाररूप भ्रमले घुमिरहेकी छौ। विचार गरेपछि भ्रम शान्त भइहाल्छ। हुन त भ्रम र विचार दुवै तिम्रै स्वरूप हो, तिमीबाट नै उत्पन्न भएको हो। जब आफूको वारेमा विचार उत्पन्न हुन्छ तब भ्रम निवृत्त हुन्छ। जस्तो दीपकको प्रकाशले अन्धकार नष्ट हुन्छ त्यस्तो विचारद्वारा द्वैत भ्रम नष्ट हुन्छ। जस्तो रज्जुज्ञानबाट सर्प भ्रम, शुक्तिज्ञानबाट रजतभ्रम नष्ट हुन्छ त्यस्तै आत्मज्ञानबाट आधिभौतिक भ्रम शान्त हुन्छ र आत्मविश्रान्ति प्राप्त हुन्छ। दृश्यको अत्यन्त अभाव जानेर त्यसमा वैराग्य लिएर आत्मस्वरूपको दृढ अभ्यास गर तब आत्मसाक्षात्कार हुन्छ र सारा भ्रम शान्त हुन्छ। यसैमा कल्याण छ। दृश्य जगत्मा वैराग्य प्राप्त भएपछि वासनाक्षय हुन्छ अनि आत्मविश्रान्तिरूप शान्ति प्राप्त हुन्छ। हे लीला ! आत्मसत्ताको अभ्यास गर, तिम्रो जगद्भ्रम शान्त हुन्छ। जस्तो डोरीलाई जानेपछि सर्पको अभाव विदित हुन्छ त्यस्तै आत्मालाई जानेपछि देहादि जगत्को अत्यन्त अभाव भइहाल्छ।

(१६) विज्ञानाभ्यास

देवीले भनिन् - हे लीले ! जति पनि शरीर तिमीलाई भासेको छ त्यो सब स्वप्नको नगरसमान हो। जस्तो स्वप्नमा पनि शरीर भास्तछ तर निजस्वरूपको स्मृति भएपछि स्वप्नको शरीर सत्य ठहर्दैन, जस्तो संकल्पलाई त्याग गरेपछि संकल्परूप शरीर भास्तैन त्यस्तै बोधकालमा यो शरीर पनि भास्तैन, जस्तो जाग्रत्स्वरूपको स्मरण भएपछि स्वप्नशरीर शान्त हुन्छ त्यस्तै वासना शान्त भएपछि जाग्रत्-शरीर पनि शान्त हुन्छ। जाग्रत्- शरीर नष्ट भएपछि अन्तवाहक देहको उदय हुन्छ। जस्तो स्वप्नमा रागद्वेष हुन्छ, जब पदार्थको वासना बोधद्वारा निर्वीज हुन्छ तब त्यसबाट मुक्त हुन्छ त्यस्तै जसको जाग्रत्-पदार्थको वासना नष्ट भएको छ त्यो जीवन्मुक्तपद प्राप्त गर्दछ। फेरि त्यसमा वासना देखिन आएता पनि त्यो निर्वासना नै हुन्छ, त्यसबाट बन्धन हुँदैन। जो सर्वकल्पनाले रहित हुन्छ त्यसको नाम सत्तासामान्य हो।

जसको वासना निरुद्ध छ र ज्ञाननिद्राको आवरण छ भने त्यसलाई सुषुप्तिरूप जान अर्थात् उसको वासना सुषुप्त छ। जसको वासना प्रकट छ र जाग्रत्रूपले विचरण गर्छ त्यसको अधिक मोहको आवरण हुन्छ। जो मानिस बाहिर चेष्टावान् देखिन्छ तर अन्त:करणमा वासना नष्ट भइसकेको छ त्यसलाई तुरीयस्वरूप जान। जो प्रत्यक्षरूपमा चेष्टा गर्छ तर अन्त:करणमा वासनाले रहित छ भने त्यो जीवन्मुक्त हो। जसको चित्त सत्पदमा प्राप्त भएको छ त्यसको जगद्वासना नष्ट हुन्छ र जो वासना फुरेको देखिन्छ त्यो सत्य मानेर फुरेको हुँदैन। जब शरीरको वासना नष्ट हुन्छ तब आधिभौतिकता नष्ट हुन्छ र अन्तवाहकता प्राप्त हुन्छ। जस्तो बरफको पुतली सूर्यको तेजले जलरूप हुन्छ त्यस्तै आधिभौतिकता क्षीण भएर अन्तवाहकता प्राप्त हुन्छ।

जब अन्तवाहकता प्राप्त हुन्छ तब शरीर आभासमय चित्तरूप हुन्छ र आफ्ना जन्मान्तर र व्यतीत सृष्टिको ज्ञान हुन्छ, तब त्यो जहाँ जाने इच्छा गर्छ त्यहाँ पुग्छ र कुनै सिद्धलाई भेटने अथवा कसैलाई देख्ने इच्छा गऱ्यो भने पनि त्यो सब सिद्ध हुन्छ । अन्तवाहकता विना यस्तो शक्ति प्राप्त हुँदैन । जब यस देहबाट तिम्रो अहंभाव उठेर जान्छ तब सम्पूर्ण जगत् तिमीलाई प्रत्यक्ष भास्तछ ।

हे लीला ! जब आधिभौतिक शरीरको वासना नष्ट हुन्छ तब अन्तवाहक देह हुन्छ र जब अन्तवाहकमा वृत्ति स्थित हुन्छ तब अरूको संकल्पको सृष्टि भास्तछ । यसकारण तिमी वासना घटाउने यत्न गर । जब वासना नष्ट हुन्छ तब तिमीलाई जीवन्मुक्त पद प्राप्त हुन्छ । जहाँसम्म पूर्ण बोध प्राप्त हुँदैन त्यहाँसम्म तिमी आफ्नो देहलाई यहाँ राखेर जाऊ र त्यो सृष्टिलाई हेर । यसकारण तिमी अन्तवाहक शरीरको अभ्यास गर । अभ्यास गरेपछि त्यो सृष्टि देख्न समर्थ हुन्छचौ ।

हे लीला ! यो मैले तिमीलाई अनुभावमा स्थित हुनेकुरा बताएकी छु । यो कुनै वरशापको कुरा होइन, अभ्यासले बोध प्राप्त हुन्छ । सम्पूर्ण जगत् अन्तवाहकरूप हो अर्थात् संकल्परूप हो र अबोधरूप हो । संकल्पको अभ्यासले नै आधिभौतिकता उत्पन्न भएको हो । यसबाट संसारको वासना दृढ भएर चित्तमा जन्ममरण भास्यो । वास्तवमा जीव न जन्मन्छ न मर्छ । जस्तो स्वप्नमा जन्म-मरण भास्छ त्यस्तै संकल्पले जाग्रत्मा जन्म-मरणको भ्रम भासेको हो । जब आत्मपदको अभ्यास हुन्छ तब यो विकार मेटिन्छ र आत्मपद प्राप्त हुन्छ ।

लीला - ब्रह्माभ्यास केलाई भन्छन् र यो कसरी पुष्ट हुन्छ, कृपा गरेर सुन्न पाऊँ ।

देवी - शास्त्र र गुरुबाट महावाक्यको श्रवण गरेर त्यसैको विचार, कथन, चिन्तन गर्नुलाई ब्रह्माभ्यास भनेको छ । शिष्यलाई उपदेश गर्नु, परस्परमा बुझाउनु र त्यसैको निश्चयमा रहनुलाई ब्रह्माभ्यास भनेको छ । जसको पापको अन्त भएको छ र पुण्य शेष रहेको छ त्यो रागद्वेषबाट मुक्त हुन्छ, त्यसलाई तिमी ब्रह्मसेवक जान । जसको रातदिन अध्यात्मशास्त्रको चिन्तनमा व्यतीत हुन्छ र जसले वासनालाई परित्याग गरेको छ त्यसलाई ब्रह्माभ्यासी भन्छन् । जसको भोगवासना क्षीण भएको छ र जो संसारको अभावको भावना गर्छन् यस्ता विरक्तचित्त महापुरुष शीघ्र नै आत्मपद प्राप्त गर्छन् । जसको बुद्धि वैराग्यरूपी रङ्गले रँगिएको छ र वृत्ति आत्मानन्दतिर धावमान छ यस्ता उदार आत्मालाई ब्रह्माभ्यासी भनेको छ ।

ब्रह्माभ्यासी तीन प्रकारका हुन्छन् उत्तम, मध्यम र प्राकृत । जसको बोधकला उत्पन्न भएको छ र दृश्यको असंभवबोध भएको छ त्यो उत्तम ब्रह्माभ्यासी हो । जसको दृश्यको असंभवबोध उत्पन्न भएको छ तर बोधकला उत्पन्न भएको छैन त्यो मध्यम ब्रह्माभ्यासी हो । जसको दृश्यको असंभवबोध भएको छैन तर दृश्यको असंभवबोध प्राप्त होस् भनी हृदयमा भावना राख्तछ त्यो प्राकृत ब्रह्माभ्यासी हो ।

वसिष्ठले रामलाई भन्नुभो , हे राम ! जस्तै अज्ञानरूपी निद्रामा जीव शयन गरिरहेको छ, त्यसैले जगत्लाई नानारूपमा देख्तछ त्यस्तै अविद्यारूपी निद्रामा सुतेकी लीलालाई भगवती

सरस्वती देवीले विवेकवचनरूपी जल छर्केर जगाइन् तब उनको अज्ञानरूपी निद्रा शरत्कालमा मेघ झैं नष्ट भयो । यति उपदेश गरेपछि सायंकाल प्राप्त भयो र त्यसदिनको सभा उठयो ।

(१७) लीलाको विज्ञान तथा देहाकाशगमन

वसिष्ठले भन्नुभो, हे राम ! मध्यरातको समय, नोकरचाकर, संगिनीहरू सबै मस्त निद्रामा थिए । सर्वत्र सुनसान छाएको थियो । समीपमा राजाको शव फूलले ढाकिएको थियो । यसैबेला दिव्य वस्त्र पहिरेका दुइ जना देवी (सरस्वती र लीला) सारा कल्पनालाई त्याग गरेर निर्विकल्प समाधिमा प्राप्त भए । जस्तो कल्पवृक्षको लता पूर्व ऋतुको रस त्यागेर अर्को ऋतुको रस ग्रहण गर्छ त्यस्तै तिनीहरू सबै दृश्य भ्रमलाई त्यागेर आत्मतत्त्वमा स्थित भए, तिनको अहंकारदेखि लिएर सारा दृश्य भ्रम शान्त भयो र शरत्कालको आकाश झैं निर्मलभावमा प्राप्त भए । यसरी स्वभावसत्तामा स्थित भएपछि लीलाको मनमा अन्य सृष्टि देख्ने जो संकल्प थियो त्यो फुरेर आयो । त्यसपछि आकाशरूप देहबाट तिनीहरू चिदाकाशमा उडे र सूर्यमण्डल र चन्द्रमण्डललाई पनि नाघेर अनन्तयोजन टाढा पुगे । अनि भौतिक सृष्टि देखियो र त्यसमा प्रवेश गरे ।

(१८) आकाशगमन

ती दुई देवी हातेमालो गर्दै दूर दूरसम्म पुगे । त्यसरी जाँदा उनीहरूले देखे - कुनै ठाउँमा सूर्यचन्द्रको प्रकाश छैन, केवल अन्धकार छाएको थियो । कतै झलमल्ल सूर्यचन्द्र प्रकाशित थिए । कतै सृष्टिको प्रारम्भ थियो भने कतै प्रलय थियो । कहीं ध्यानमग्न महापुरुषहरू देखिन्थे । कहीं हात्ती, घोडा, पक्षु, पक्षी र डाकिनी, शाँकिनी, योगिनीहरूको लीला हेर्दै गए । कहीं इन्द्र, कुबेर, वरुण आदि दिक्पाल विराजमान थिए, यसैगरी सुमेरु, मन्दराचल आदि पर्वत, वृक्ष, जंगल, पर्वतबाट झरेकी गङ्गानदीको शोभा, कहीं भैरवगणको नृत्य, कतै यमराजका वाहन महिषको झुण्ड, कहीं रत्न, मणिको शोभा हेर्दै हिंडे । यसरी ती दुई देवीले अनेक जगज्जाल देखे । अन्तमा भूमण्डल देखेर त्यसभित्र प्रवेश गरे ।

(१९) भूलोकगमन

ती देवीद्वयले भूतलमा प्रवेश गरेर विस्तृत भूमण्डल देखे । एकलाख योजनको जम्बूद्वीप छ त्यसलाई क्षार समुद्रले घेरेको छ । यस भन्दा द्विगुण विस्तार भएको क्षीरसमुद्रले वेष्टित शाकद्वीप छ । एवं उत्तरोत्तर दोबर विस्तार भएका घृतसमुद्रवेष्टित कुशद्वीप, दधिसमुद्रवेष्टित क्रौञ्चद्वीप, मधुसमुद्रवेष्टित शाल्मलीद्वीप, इक्षुरस समुद्रले वेष्टित प्लक्षद्वीप र मीठो जल भएको समुद्रले वेष्टित पुष्करद्वीप छन् । सप्त समुद्रभन्दा पर लोकालोक पर्वत छ, त्यो भन्दा पर शून्य वन छ, त्यसभन्दा पर विशाल समुद्र छ, त्यसभन्दा पर ददशगुना ठूला अग्नि, वायु र आकाश छन् । आकाश भन्दा पर लक्षयोजन विस्तृत ब्रह्माण्डस्कन्ध छ । यो सब देखेर दुई देवी वसिष्ठ ब्राह्मण र अरुन्धतीको ग्राममा फर्के ।

(२०) सिद्धदर्शनहेतु

ती दुई देवीले वसिष्ठको कुटी, ग्राम, नगर सबै हेरे । वसिष्ठ र अरुन्धतीको वियोगले त्यस ग्राम र नगरको शोभा हराएको थियो । जहाँ चिरकालतक तपस्या र ज्ञानको अभ्यास गरिएको थियो त्यही घरमा लीला पुगिन्, सरस्वतीकासाथ बाटोघाटो पानी पँधेरो सबै हेरिन् । घरमा जेठा छोरा क्रिया गरिराखेका थिए । लीलाको मनमा यस्तो इच्छा उठ्यो कि बान्धवहरूले हामी दुईलाई देखून् । लीलाको सत्संकल्पले गर्दा बान्धवहरूले उनीहरूलाई देखे । जेठा छोरा ज्येष्ठ शर्माले अगाडि सरेर भने - दिव्य शरीरधारण गरेका तपाईहरू वनदेवी हुनुहुन्छ या गौरी र लक्ष्मी हुनुहुन्छ । तपाईहरूमा हाम्रो नमस्कार छ । माता र पिताको वियोगबाट हामी धेरै नै शोकवान् भएका छौं । महापुरुषको आगमन निष्फल हुँदैन । हाम्रो शोक निवृत्त गरिदिनुहोस् ।

कृपा गरेर लीलाले ज्येष्ठशर्माको शिरमा हात राखिदिइन् । हातको स्पर्शले ग्रीष्म ऋतुमा घामले तातेको पृथिवी मेघको वर्षाले शीतल भएझैं उनको अन्तःकरण शीतल भयो । “म तिम्री माता हुँ” भनेर लीलाले माताको रूपमा किन दर्शन दिइनन् भन्ने रामको प्रश्नको उत्तर दिंदै वसिष्ठले भन्नुभो, शुद्ध आत्मसत्तामा जो स्पन्द अर्थात् संवेदन उठ्छ त्यो नै भौतिक पिण्डाकार भएर भास्तछ । जस्तो स्वप्नमा भ्रमले पिण्डाकार देखिन्छ, जागेपछि सब आकाशरूप हुन्छ त्यस्तै भ्रम नष्ट भएपछि पृथिवी आदि भूत आकाशरूप हुन्छ । जस्तो स्वप्नमा पनि अर्थाकार देखिन्छ, त्यहाँ पनि आगोले जलाउँछ, जागेपछि सबै शून्य हुन्छ त्यस्तै अज्ञान निवृत्त भएपछि यो जगत् आकाशरूप हुन्छ । अज्ञानीको लागि भ्रमले जगत् भास्तछ, ज्ञानवान्को लागि सब चिदाकाश भएर भास्तछ, जगत्को कुनै कल्पना फुर्दैन । लीलाको अज्ञान निवृत्त भएको हुनाले अहं मम भाव नष्ट भइसकेको थियो । त्यसैले उनले पुत्रभाव र मातृभावले देखिनन् । उनको लागि सब जगत् चिदाकाशरूपमा भास्तथ्यो । शिरमा हात राखेको त सन्तहरू दयालुस्वभावका हुन्छन् भन्ने कुरा जनाउनको लागि हो, पुत्रवात्सल्यले होइन किनकि उनमा पुत्रत्व र मातृत्वको कल्पना थिएन । जगत् केवल आत्मरूप भएर भास्तथ्यो ।

(२१) जन्मान्तरवर्णन

यसपछि दुवै देवी अन्तर्धान भए । आकाशमा आकाशरूप भएर परस्पर संवाद गर्नलागे ।

सरस्वतीले भनिन् - हे लीले ! जो जान्नुपर्ने जान्यौ, देख्नुपर्ने देख्यौ । यो सब ब्रह्मको शक्ति हो । लीलाले सोधिन् - हे देवी ! जब म आफ्ना पति विदूरथको समीपमा पुगें, त्यहाँ उनले मलाई देखेनन् । मेरो इच्छाले ज्येष्ठ शर्माले हामीलाई देखे, यसमा कारण के हो ?

सरस्वतीले जबाफ दिंदै भनिन् - त्यसबेला तिम्रो द्वैतभ्रम नष्ट भएको थिएन, अद्वैत स्वरूपलाई प्राप्त गरेकी थिइनौ । अन्तवाहकता प्राप्त गरेर संसारमार्गलाई नाघेर त्यहाँ पुगेकी त थियौ, तर अद्वैतस्वरूप प्राप्त थिएन, त्यसैले आत्मशक्ति प्रत्यक्ष भएको थिएन, त्यसबेला सत्संकल्प थिएन । अहिले तिमीमा सत्संकल्प छ । तिमीले सत्संकल्प गर्‍यौ, त्यसैले ज्येष्ठ शर्माले तिमीलाई देख्यो । अब तिमी विदूरथको नजीकमा गयौ भने तिम्रो इच्छा भए उनले पनि देख्न सक्नेछन् ।

लीलाले भनिन् - हे देवि ! यस मण्डपाकाशमा मेरा पति वसिष्ठ ब्राह्मण भए । जब उनको देहान्त भयो तब यसै लोकको मण्डपाकाशमा उनलाई पृथिवीलोक फुरेर आयो, जसमा पद्मनाम भएका राजा भएर चिरकालपर्यन्त चारद्वीपको राज्य गरे । उनको पनि देहान्त भएपछि यही मण्डपाकाशमा जगत् भासित भयो र विदूरथनामका राजा भए ।

हे देवि ! जन्म मरण आदि सारा कुरा घटचो । अनन्त ब्राह्माण्ड यही मण्डपाकाशमा स्थित छ । अहिले सारा ब्रह्माण्ड मेरो नजीकै भासित भइराखेका छन् । मेरा पतिको सृष्टि पनि अहिले प्रत्यक्ष भासित भइराखेको छ । अब जे आज्ञा हुन्छ त्यो गर्न म तयार छु ।

देवीले भनिन् - हे भूतलकी अरुन्धती ! तिम्रा धेरै जन्म बिते र तिम्रा पति पनि धेरै भए, तिनमा अहिलेका पति यस मण्डपमा छन् । एक वसिष्ठ ब्राह्मण थिए । उनको शरीर छुटचो र उनी पद्मराजा भए, उनको शव तिम्रै कोठाभित्र छ । तेस्रा पति संसार मण्डपमा वसुधाधिपति विदूरथ भएर रहेका छन्, तर उनी संसारसमुद्रको भोगरूपी छालमा व्याकुल भएर रहेका छन् । ती राजा चतुर छन् तापनि आत्मपदबाट विमुख छन् । अज्ञानले गर्दा यस्तो ठान्छन् कि म राजा हुँ, मेरो आज्ञा सबैले स्वीकार गर्छन्, म भोगको भोक्ता, सिद्ध र बलवान् छु, यस्तो अहंकार बोकेर बसेका छन् र संकल्प - विकल्परूपी डोरीले बाँधिएका छन् । तिमी कुन पतिको समीपमा जान चाहन्छचौ, त्यहाँ लिएर जान्छु । जुन संसारमण्डललाई नजीकमा छ भनेकी छौ त्यो चिदाकाशको अपेक्षाले हो, सृष्टिको अपेक्षाले त अनन्तकोटी योजनको भेद छ ।

यो चिदणुमा नाना प्रकारका सृष्टि भासेका छन्, तर सब आकाशरूप (चैतन्यरूप) हो । जस्तो स्वप्नमा चैतन्यको किञ्चन नानाप्रकार जगत् दृष्टिगोचर हुन्छ त्यस्तै यो जगत् पनि चैतन्यको किञ्चन हो । पृथिवी आदि तत्त्वत: उत्पन्न भएका छैनन् । नदीमा तरङ्ग उत्पन्न भएर त्यहीं नै लीन भए झैं आत्मामा जगज्जाल उत्पन्न हुन्छ र नष्ट पनि हुन्छ, किन्तु आत्मसत्ता एकरसरूपले स्थित छ ।

लीलाले भनिन् - हे देवि ! अहिले मलाई पूर्वपूर्व जन्मको स्मृति भएको छ । मैले सर्वप्रथम ब्रह्माजीबाट राजसी जन्म पाएको थिएँ । त्यसपछि विभिन्न प्रकारका आठशय जन्म भए ती सब प्रत्यक्ष भासित भएका छन् । पहिले चिदाकाशबाट जन्म भएर विद्याधरकी स्त्री भएँ । त्यसपछि कर्मानुसार पक्षिणी भएर वनमा घुमें । अनि ऋषिको आश्रसको समीपमा वनलता हुँदा ऋषिको पवित्र हातको स्पर्शले आनन्दित भएँ । त्यसपछि तिनै ऋषिकी पुत्री भएर जन्में । अनि लक्ष्मीवान् राजा भएँ । त्यस शरीरमा भएको दुष्ट कर्मको फलले आठ वर्ष कुष्ठरोगग्रसित वाननी भएर बित्यो । कुनै जन्ममा बयल भएर खेत जोतियो । कहिले भ्रमरी, कहिले मृगी भएर फेरि राजा बनें । अनि कछुवा र राजहंस भएर जन्में । यसरी ८०० जन्म लिएर संसार समुद्रमा घटीयन्त्र झैं घुमदै रहें । अब मैले निश्चय गरिसकेकी छु कि आत्मज्ञान विना जन्मको अन्त हुँदै हुँदैन । तपाईंको कृपाले नि:संकल्प पद पाएर कृतकृत्य भएकी छु ।

(२२) लीलोपाख्यनमा गिरिग्रामवर्णन

रामलाई पनि शंका भयो र उनले सोधे - वज्रसारसमान यो ब्रह्माण्डखप्पर अनन्तयोजनपर्यन्त फैलिएकोछ, यसलाई ती दुई देवीले कसरी नाघेर गए ? वसिष्ठले उत्तरमा भन्नुभयो - वज्रसार ब्रह्माण्ड कहाँ छ र को गएको छ ? न वज्रसार ब्रह्माण्ड नै छ, न त्यसलाई कसैले नाघेर गएको छ, सब त आकाशरूप हो । त्यही पर्वतको गाउँमा वसिष्ठ ब्राह्मणको घर थियो । त्यही मण्डपाकाशरूप सृष्टिको अनुभव भयो । वसिष्ठ ब्राह्मणको मृत्युपछि त्यही मण्डपाकाशको एक कोणमा उनले आफूलाई म चतु:समुद्रपर्यन्तको राजा पद्म हुँ र अरुन्धतीलाई मेरी रानी लीला भनी देखे । जब तिनको पनि मृत्यु भयो तब अर्को जगत्को अनुभव भयो र आफूलाई राजा विदूरथ भनी जाने । त्यसकारण तिमी राम्ररी हेर कि कहाँ गयो र के रूप हो ? त्यही मण्डपाकाशमा त सारा सृष्टिको अनुभव भयो । अत: जो सृष्टि छ त्यो उनै वसिष्ठको चित्तमा स्थित छ । ज्ञप्तिरूप सरस्वतीको कृपाले आफ्नै देहाकाशमा लीला आकाशरूप अन्तवाहक देहले उडिन् र ब्रह्माण्ड नाघेर फेरि उही घरमा आइन् । जस्तो स्वप्नमा स्वप्नान्तर हुन्छ त्यस्तै देखेर आइन्, तर उनी कहाँ गइन् र कहाँ आइन् ? एकै ठाउँमा रहेर एक सृष्टिबाट अर्को सृष्टि देखिन् । उनलाई ब्रह्माण्ड नाघ्न कुनै यत्न गर्नु परेन, किनकि उनको शरीर नै अन्तवाहकरूप थियो । जस्तो मनले जहाँ नाघ्न चाह्यो त्यहाँ नाघिहाल्छ त्यस्तै उनले पनि प्रत्यक्ष नाघिन् । त्यो सत्य संकल्परूप हो, वास्तवमा भन्ने हो भने केही पनि छैन । यो जगत् चैतन्यमात्रको किञ्चन हो र बनेको केही पनि छैन । जस्तो चित्त (संवेदन) फुर्छ त्यस्तै आभास नै भासित भइराखेको छ । केवल वासना मात्र हो जगत् । पृथ्वी आदि भूत कुनै उत्पन्न भएको छैन । निरावरण ज्ञानरूप आकाश अनन्त रूपले स्थित छ । जस्तो स्पन्द र निस्पन्द दुवै वायु नै हो त्यस्तै स्फुर र अस्फुर आत्मा नै हो । ज्ञानीको लागि जगत् आकाश भन्दा पनि शून्य भास्तछ र अज्ञानीको लागि वज्रसार झैं दृढ भएर भास्तछ । यसरी ती दुई देवीले संकल्पद्वारा नानाप्रकारका स्थान देखे ।

(२३) पुनराकाशवर्णन

शीतलचित्त भएका ती दुई देवी केही बेर वसिष्ठको गाउँमा बसे । त्यहाँ त्रिकालज्ञानसम्पन्न भएकी लीला लाई पूर्वस्मृति प्राप्त भयो र अरुन्धतीको रूपमा भएका कामकाज र स्थान आदिको वर्णन गरेर देवीलाई सुनाउँदै लीलाले भनिन् - मेरो दूध राख्ने ठाउँ यो हो, यो अन्न राख्ने ठाउँ हो । यो पूजाकोठा हो । यहाँ छोरा छोरी, ज्वाई, नाती नातिना बस्थे । यी मैले लगाएका फलफूलका वृक्ष हुन्, केही फल मैले टिपेकी थिएँ र केही फल बाँकी नै छन् । यो पुष्पवाटिका हो । यो मेरो जेठो छोरो ज्येष्ठशर्मा अहिले मातापिताको वियोगमा शोकग्रस्त छ ।

देवीले भनिन् - शरीरको नाभिकमलदेखि दश अंगुल माथि अंगुष्ठ प्रमाणको हृदयाकाश छ, त्यहाँ संविदाकाश (चेतनाकाश) रहन्छ त्यसैलाई जीव, साक्षी, आत्मा भनेको छ । वसिष्ठ ब्राह्मणको संविदाकाशमा जो राजसी वासना थियो । "म पृथिवीको राजा बनौं" भनी त्यो वासना फुर्‍यो र आफूलाई पद्मराजाको रूपमा पाएर उनले चिरकाल चतु:समुद्रपर्यन्त राज्यको भोग गरे,

जब कि वसिष्ठको मृत्यु भएको आठदिनमात्र व्यतीत भएको छ । फेरि पद्मराजाको मण्डपाकाशमा अर्को जगत् फुर्‍यो र त्यस जगत्मा अहिले विदूरथ भएर राज्य गरिरहेका छन् । वास्तवमा यही मण्डपाकाशमा सारा कुरा फुरेको छ र यहीं अनुभव भइरहेको छ । त्यसैले टाढाटाढा पुगेर आएको पनि यहीं अनुभव हुन्छ र अल्पकालमा दीर्घसमय बितेको पनि यहीं अनुभव हुन्छ । सब कुरा यहीं चिदाकाशमा फुरेको हुनाले टाढा, नजीक, जानु, आउनु, अल्पकाल, दीर्घकाल सब यहीं आफैंमा घटेको कुरा हो ।

लीलाले भनिन् - मेरा पति विदूरथको स्थान चिदाकाशको अपेक्षाले नजीकै छ तापनि व्यवहार दृष्टिले धेरै टाढा छ । एक पटक त्यहाँ पुगौं ।

वसिष्ठले भन्नुभो - हे राम ! ती दुई देवी अन्तवाहक शरीरले पक्षी झैं आकाशमण्डलमा उडे । सारा लोक लोकान्तर नाघदै जाँदा जाँदा सूर्यमण्डल र चन्द्रमण्डल भन्दा पनि माथि अन्धकारमय लोकमा पुगेर लीलाले सोधिन् - हामी कहाँ आइपुग्यौं ? देवीले भनिन् - हामी सूर्य चन्द्र भन्दा पनि धेरै माथि आइपुग्यौं । यसभन्दा अगाडि अनन्तकोटि योजनपर्यन्त फैलिएको वज्रसार ब्रह्माण्डकपाट आउँछ ।

वसिष्ठले भन्नुभो - ती दुई देवी ब्रह्माण्डकपाटलाई पनि नाघेर पर पुगे । त्यहाँ पृथ्वी भन्दा दशगुणा जलको आवरण, त्यसभन्दा पर दशगुणा अग्नितत्त्व, त्यसभन्दा पर दशगुणा वायुतत्त्व र त्यसको दशगुणा आकाश छ । त्यो भन्दा पर परमाकाश छ, त्यसको आदि, मध्य र अन्त छैन । नित्य, शुद्ध, अनन्त त्यो परमाकाश आफैंमा अवस्थित छ र त्यो कलनारहित बोधमात्ररूपले विद्यमान छ ।

(२४) ब्रह्माण्डवर्णन

वसिष्ठले भन्नुभो - हे राम ! ती दुई देवी पृथ्वी, जल आदि सबै आवरण नाघेर गए तब परमाकाश भासित भयो, त्यसैमा तिनलाई धूलाको कणझैं ब्रह्माण्ड भासित भयो । महाशून्यलाई धारण गर्ने त्यो परम आकाश हो, त्यही चिद्-अणुमा समस्त सृष्टि फुर्दछ । त्यो यस्तो महासमुद्र हो जसमा कोही अधोगति, कोही ऊर्ध्वगति र कोही तिर्यक्-गति प्राप्त गर्छन् ।

चित्-संवित्मा जस्तो जस्तो स्पन्द स्फुरित हुन्छ त्यस्तै त्यस्तै आकार भास्तछ, वास्तवमा न कोही तल छ, न माथि छ, न कोही आउँछ र न कोही जान्छ, केवल आत्मसत्ता आफू आफैमा जस्ताको तस्तो स्थित छ । जस्तो बालकको संकल्प उत्पन्न हुन्छ र नष्ट हुन्छ त्यस्तै चैतन्यसंवित्मा जगत् फुर्छ र नष्ट हुन्छ । तल माथि भन्ने सब कल्पनामात्र हो । त्यसो हुनाले सब ब्रह्मरूप हो । कर्ता, कर्म, करण, सम्प्रदान र अधिकरण सब ब्रह्म नै हो । यो जगत् ब्रह्मसमुद्रको तरंग हो ।

हे राम ! ती देवीद्वयले कस्तो बह्माण्ड देखे, सुन । कुनै सृष्टि उत्पन्न भइरहेको देखे भने कुनै सृष्टिको प्रलय हुन लागेको देखे । कहीं जलै जल, कहीं अन्धकार, कहीं व्यस्त व्यवहार, कहीं वैदिक कर्म चलिरहेको देखे । सृष्टिकर्ताको रूपमा कहीं ब्रह्मा, कहीं विष्णु र कहीं सदाशिव छन् । कहीं ईश्वरलाई मान्ने आस्तिक छन् भने कहीं अनीश्वरवादी (नास्तिक) छन् । हे राम ! यसरी तिनले चिदाकाशमा अनेक सृष्टि उत्पन्न भएको देखे जसको गणना गर्न सकिंदैन ।

(२५) युद्धवर्णन

हे राम ! यता आफ्नै कोठामा फूलले ढाकिएको पद्मराजाको शव पडेको छ, त्यसको समीपमा लीलाको शरीर छ । मगमगाउदा धूपको वास्ना चलिरहेको छ । अर्धरात्रिको समय सब मस्त निद्रामा छन् । पद्मराजाको पुर्यष्टकमा विदूरथको अनुभव भएको थियो । उनको संकल्प अनुसार विदूरथको सृष्टि हेर्न गएका लीला र सरस्वती ब्रह्माण्ड भित्र रहेको जम्बूद्वीपको भरतखण्डको एक कोणमा पुगे जहाँ विदूरथले राज्य गरिरहेका थिए । शत्रुहरूबाट आक्रमण भएकोले त्यहाँ दुई तर्फका सेना बीच भयंकर युद्ध भइरहेको थियो । त्यो महासमर हेर्न देवता, यक्ष, गन्धर्वहरू पनि आएका थिए । धर्मयुद्धमा मर्नेहरू सरासर स्वर्ग जान्थे । स्वार्थवश अधर्मयुद्ध गरेर मर्ने चाहिं नरक तिर जान्थे ।

(२६) रणभूमिवर्णन

वसिष्ठले भन्नुभयो - हे रामजी ! ती देवीद्वयले त्यो रणभूमिलाई यस्तो देखे कि एक महाशून्यवन छ त्यसमा दुईतिरबाट समुद्र उर्लेर मिल्न लागेका हुन् कि भने झैं दुई तरफका सेना जुटिराखेका छन् । मत्स्यव्यूह, गरुडव्यूह, चक्रव्यूह आदि व्यूह रचना गरेर सेना लडिरहेका छन् । एकथरीले अर्काथरीलाई अनेक प्रकारले हाँक दिन्थे । खड्ग, बनचरो, भाला, त्रिशूल, बरछी, कटारी, छुरी, चक्र, गदा आदि शस्त्रप्रहारबाट रणभूमिले उग्ररूप लिएको थियो । कतै रगतको खोलो बगिराखेको थियो । कहीं शस्त्रयुद्ध, कहीं मुष्टियुद्ध चलेको थियो । यो सारा रणभूमिको दृश्य ती दुई देवीले आकाशमा बसेर हेरेका थिए ।

(२७) द्वन्द्वयुद्धवर्णन

हे राम ! त्यस संग्राममा हात्ती, घोडा र शूरवीरहरू यति मरे भनी गणना गर्न सकिंदैनथ्यो, रगतको प्रवाहमा मानिस, रथ, हात्ती, घोडा बगिराखेका थिए । त्यस युद्धमा द्वन्द्वयुद्ध चलेको थियो । गजारोही गजारोहीका साथ, अश्वारोही अश्वारोहीकासाथ, रथारोही रथारोहीका साथ, पैदल सेना पैदलसेनाका साथ युद्ध गर्दथे । सारा देशका विभिन्न जातका विभिन्न शस्त्र अस्त्र साथमा लिएका मानिसहरू त्यस महासमरमा जुटेका थिए । त्यस युद्धको सम्पूर्ण वर्णन गर्न सहस्रमुख भएका शेषनागलाई पनि मुस्किल पर्थ्यो । यहाँ त संक्षेपले मात्र वर्णन गरिएको छ ।

(२८) स्मृत्यनुभववर्णन

हे रामजी ! यत्तिकैमा सूर्यास्त भएकोले लडाई वन्द गर्न विदूरथ राजाले आज्ञा दिए । सन्ध्याकालिक नगरा र बाजा बजे । मेघले छोडेको आकाश झैं रणभूमि शान्त भयो । मांसाहारी श्याल, कुकूर, गिद्ध आदि जन्तुहरू घुमिरहेका थिए ।

यता विदूरथराजा मन्त्रीका साथ सल्लाह गरेर शयनागरमा प्रवेश गरे । एक मुहूर्त सुतेर चिन्ता गर्न लागेका थिए । त्यसै बेला ती दुई देवी आकाशबाट परमाणुको मार्गद्वारा त्यहाँ प्रवेश गरे ।

रामले सोधे - सूक्ष्म परमाणुमा ती देवीद्वयको कसरी प्रवेश भयो ? वसिष्ठले भन्नुभो- आधिभौतिक शरीर सूक्ष्म रन्ध्रमा प्रवेश गर्न सक्तैन । मनरूपी शरीरलाई त कसले रोक्न सक्ने ? ती देवीद्वयको अन्तवाहक शरीर थियो, त्यसैले उनीहरूलाई सूक्ष्म परमाणुमार्गबाट प्रवेश गर्न कुनै कठिनाइ भएन ।

चित्-संवित्मा जस्तो दृढ चिश्चय हुन्छ त्यस्तै अनुभव हुन्छ । जसको शरीर आकाशरूप छ तिनको आधिभौतिकताको अनुभव हुँदैन । जसको आधिभौतिकताको अनुभव छ त्यसको अन्तवाहकताको अनुभव हुँदैन । यौटा निश्चयमा अर्को अनुभव कहिले पनि हुँदैन । त्यसकारण मनमा (मनउपाधियुक्त संवित्मा) जस्तो निश्चय हुन्छ अनुभव पनि त्यस्तै हुन्छ ।

चिदाकाश, चित्ताकाश र भूताकाश यो तीन प्रकारको आकाश छ । वास्तवमा एक चिदाकाशमात्र सत्य छ, अरू त भावना (कल्पना) मात्र हुन् । शुद्ध अचेत्य चिन्मात्र चिदाकाशमा जो सम्वेदन फुरेको छ त्यसैको नाम चित्ताकाश हो । यो चित्तरूपी शरीर सर्वत्र व्याप्त भएर रहेको छ । यसमा जस्तो निश्चय हुन्छ त्यस्तै फलीभूत हुन्छ । यो चित्तरूपी सूक्ष्म शरीर जहाँ पनि पुग्न सक्छ । यसलाई कसैले रोकावट गर्न सक्तैन । अन्तवाहक भनेको महाकाश अर्थात् चिदाकाशरूप हो । पूर्वस्मृति भएको हुनाले यसलाई अन्तवाहक भन्नु परेको । सारा सृष्टि अन्तवाहकरूप हो । भ्रमले गर्दा हुँदै नभएको आधिभौतिकता देखिन आएको हो । जस्तो मरुस्थलमा जल भास्तछ, स्वप्नमा बन्ध्यापुत्रको सद्भाव हुन्छ त्यस्तै भ्रमले हुँदै नभएको आधिभौतिक जगत् भास्तछ ।

हे राम ! दृश्य कुनै वस्तु होइन, द्रष्टा नै दृश्य जस्तो भएर भास्तछ । जस्तो मनोरूप आकाश (चित्ताकाश) नानारूप भएर भास्तछ त्यस्तै चिदाकाशको प्रकाश पनि नानाप्रकार जगत् भएर भास्तछ । यो विश्व चिदाकाशरूप हो । म त चिदाकाश नै देख्छु, किन्तु तिमीलाई अर्थाकार भास्तछ । लीला र सरस्वती आकाशरूप, सर्वज्ञ, स्वच्छरूप र निराकार थिए, त्यसैले उनीहरू जहाँ जान चाहन्थे त्यहाँ पुग्थे, जस्तो इच्छा हुन्थ्यो त्यस्तै सिद्धि हुन्थ्यो, किनकि जसलाई चिदाकाशको अनुभव भएको छ त्यसलाई कोही रोकन सक्तैन । जो सर्वरूप भएर रहेको छ त्यसको लागि कुनै घरमा प्रवेश गर्नु के आश्चर्य छ र त्यो त अन्तवाहक रूप हो ।

(२९) भ्रान्तिविचार

जब ती दुई देवी राजा विदूरथको अन्तःपुरमा प्रवेश गरेर सिंहासनमा बसे तब तिनको प्रकाशले कोठा नै उज्यालो भयो । राजाले देवीद्वयलाई देखे । जुरुक्क उठेर पुष्पाञ्जलि लिएर प्रणाम गरेर पाउमा पुष्पार्पण गरे । अगाडि पद्मासनमा बसेर राजाले भने - हे देवि ! अपूर्व दर्शन पाएँ । मेरो सारा ताप नष्ट हुने भयो । तपाईहरूको जय होस् । मन्त्री पनि आएर देवीलाई प्रणाम गरीकन समीपमा बसे ।

सरस्वतीले सोधिन् - हे राजन् । तपाई को हुनुहुन्छ, कसका छोरा हुनुहुन्छ, तपाईको जन्म कहिले भएको हो ?

मन्त्रीले जवाफ दिए - इक्ष्वाकुका कुलमा कुन्दरथ नामक राजा थिए । उनका सन्तान क्रमशः बुधरथ, सिन्धुरथ, महारथ, विष्णुरथ, शतरथ र नभरथ भए । नभरथका पुत्र यी विदूरथ राजा हुन्, माता सुमित्रा रानीबाट यिनको जन्म भएको हो । आज पुण्यले तपाईहरूको दर्शन मिल्यो । दश वर्षको उमेरमा यिनलाई राज्य दिएर पिताजी वानप्रस्थामा जानुभो । त्यहाँदेखि प्रजापालनमा तत्पर यी राजाले धर्मपूर्वक राज्य गर्दै आएका छन् । त्यही पुण्यको प्रभावले तपाईहरूको अपूर्व दर्शन प्राप्त भयो ।

विदूरथरको शिरमा हात राखेर सरस्वतीले भनिन् - हे राजन् ! तिमी विवेकदृष्टिले हेर त, पूर्वजन्ममा को थियौ ? देवीको करस्पर्शबाट राजाको हृदयको अज्ञानरूप अन्धकार निवृत्त भयो । देवीको प्रसादले पूर्वस्मृति प्राप्त भयो र राजाले भने - बडो आश्चर्यको कुरा छ । यो जगत् मनले रचेको हो । तपाईको अनुग्रहले मैले जानें कि म राजा पद्म थिएँ र लीला मेरी रानी थिइन् । मेरो मृत्युको अनन्तर यस्तो भास्यो कि म सय वर्षको छु । सय वर्षमा गरेका कामकाज, माता पिता, पितामह, प्रपितामह, बाल्य र यौवनअवस्था, बन्धु-बान्धव सब स्मरणमा आएका छन् ।

देवीले भनिन् - मृत्युको समयमा मूर्छा हुन्छ । मूर्छापछि लोक भासेर आउँछ र एक मुहूर्तमा वर्षौंको अनुभव हुन्छ । जस्तो स्वप्नमा एक मुहूर्तमा अनेक वर्षको अनुभव हुन्छ त्यस्तै तिम्रो मृत्युमूर्छाको अनन्तर यो लोक-भ्रम भासेको हो ।

जुन घरमा पद्मराजा रहन्थे त्यही घरमा उनको मृत्यु भएको एक मुहूर्त बितेको छ, त्यहाँ तिम्रो धेरै वर्षको अनुभव भएको छ । अब यो भन्दा पनि पहिलेको वृत्तान्त सुन । पर्वतको माथि एक ग्राममा सदाचारसम्पन्न एक वसिष्ठ ब्राह्मण र पतिव्रता अरुन्धती उनकी पत्नी एक घरमा रहन्थे । अरुन्धतीले मबाट वर पाएकी थिइन् कि पतिको मरणपछि उनको जीव (पुर्यष्टक) त्यही घरमा रहोस् । एकदिन वसिष्ठको देहावसान भयो र उनको पुर्यष्टक उनको घरमा रह्यो । उनको संवित्मा राजा हुने दृढ वासना थियो । त्यसैले त्यस मण्डपाकाशमा पद्मराजाको सृष्टि फुर्‍यो र अरुन्धती उनकी रानी लीला भइन् । राजा पद्मको जगत् ती ब्राह्मणको मण्डपाकाशमा स्थित छ । त्यही मण्डपमा तिमी पद्मराजा मृतक भयौ तब तिम्रो संवित्मा नानाप्रकार आरम्भसंयुक्त यो जगत् फुरेर आयो ।

हे राजन् ! यो तिम्रो जगत् पद्मराजाको हृदयमा फुरेर आएको छ र पद्मराजाको मण्डपाकाशमा स्थित छ । पद्मराजाको जगत् चाहिं वसिष्ठ ब्राह्मणको मण्डपाकाशमा स्थित छ । उनै वसिष्ठ ब्राह्मण तिमी विदूरथ राजा भएका छौ । हे राजन् । यो सब जगत् प्रतिभासमात्र हो र मनको कल्पनाले भासेको छ ।

विदूरथले भने - बडो आश्चर्य छ कि मेरो जन्म, इक्ष्वाकुको कुल, मेरा माता पिता सब भ्रमरूप भएका छन् । म दश वर्षको थिएँ, पिता मलाई राज्य दिएर वनवास लाग्नुभो । मैले दिग्विजय गरेर राज्य गर्दा अहिले सय वर्षको अनुभव भएको छ । अहिले युद्धको दारुण अवस्था छ ।

तपाईहरू दुईजना देवी मेरो घरमा पाल्नुभो । मैले पूजा गर्ने सौभाग्य पाएँ । जब मेरो शिरमा तपाईंहरू दुई जनामध्ये एकजनाको हातको स्पर्श भयो तब मेरो हृदयको अन्धकार गयो र ज्ञान-प्रकाशको उदय भयो । जस्तो सूर्यको प्रकाशले कमल प्रफुल्लित हुन्छ त्यस्तै मेरो हृदय अहिले ज्ञानको प्रकाश पाएर प्रफुल्लित भएको छ, म कृतकृत्य भएको छु । मेरो सन्ताप नष्ट भयो र म निर्वाण, समता, सुख एवं निर्मल पदमा प्राप्त भएको छु ।

सरस्वतीले भनिन् - जो कुछ तिमीलाई भासेको छ त्यो भ्रममात्र हो । नानाप्रकारको व्यवहार, लोक, लोकान्तर पनि सब भ्रममात्र हो किनकि तिम्रो मृत्यु भएको एक मुहूर्तमात्र बितेको छ । त्यसैको बीचमा उही मण्डपाकाशमा तिमीलाई यो जगत् भासेको छ । पद्मराजाको त्यो सृष्टि ब्राह्मणको मण्डपमा स्थित छ । यहाँ तिमीलाई नदी, समुद्र, पर्वत आदि जगत् भासेर आएको छ ।

मृत्युमूर्छाको अनन्तर कहिले उही र कहिले अन्य प्रकारको जगत् भासित हुन्छ, कहिले पूर्व र कहिले अपूर्व भास्तछ । यो केवल मनको कल्पना हो । वास्तवमा असत् हो, अज्ञानले सत्‌झैं भासित हुन्छ । जस्तो कहिले काहीं एकमुहूर्तको स्वप्नमा धेरै वर्षको क्रम देखिन्छ त्यस्तै यस जगत्मा पनि अल्प समयमा लम्बा समयको क्रम बितेको देखिन्छ । स्वप्नमा शिर काटिएको पनि देखिन्छ त्यस्तै यो जगत् भ्रमले भासित हुन्छ । अज्ञानले मिथ्या कल्पना उत्पन्न भएको छ, वास्तवमा तिमी न मरेका छौ, न जन्मेका छौ । जो शान्त, शुद्ध, विज्ञानस्वरूप आत्मपद हो, तिमी त्यसैमा स्थित छौ । अज्ञानले नाना प्रकारको जगत् भास्तछ र सम्यक् ज्ञानको उदय भए सर्वात्मसत्ता भासित हुन्छ । आत्मसत्ता नै जगत् जस्तो भएर भासित हुन्छ । जस्तो उत्तम मणिको किरण नाना प्रकारले भासित हुन्छ, तर त्यो मणिदेखि भिन्न होइन त्यस्तै आत्मसत्ताको किञ्चनरूप यो जगत् आत्मादेखि भिन्न होइन । जुन विस्तारयुक्त जगत् तिमीलाई भासेको छ त्यो लीला र पद्मराजाको मण्डपाकाशमा स्थित छ र लीला र पद्मराजाको राजधानी वसिष्ठ ब्राह्मणको मण्डपाकाशमा स्थित छ । यो जगत् वसिष्ठ ब्राह्मणको हृदयरूप मण्डपाकाशमा फुरेको छ । त्यो मण्डपाकाश जुन आत्मचैतन्यमा स्थित छ त्यसमा न पृथ्वी छ, न पर्वत मेघ समुद्र आदि छन् । न त मुमुक्षु छ ।

विदूरथले सोधे - हे देवि ! यी मेरा नोकर चाकर पनि आत्मसत्तामा सत् या असत् के हुन्, कृपा गरेर बताउनुहोस् ।

देवीले भनिन् - हे राजन् ! जो विदितवेद्य छ त्यो शुद्ध बोधरूप हो । उसलाई कुनै पनि जगत् सत्यरूपले भास्तैन, सब चिदाकाशरूप नै भास्तछ जस्तो भ्रम निवृत्त भएपछि डोरीमा सर्प भास्तैन त्यस्तै आत्मबोध प्राप्त भएपछि उसलाई जगत् सत्‌रूपले भास्तैन । हे राजन् ! तिमी र तिम्रा भृत्य आदि यो जो सृष्टि छ त्यो सब आत्माबाट फुरेको हो । वास्तवमा केही पनि भएको छैन, केवल आत्मसत्ता आफैमा स्थित छ । यसरी सरस्वती र विदूरथको संवाद वसिष्ठले रामलाई बताउँदै हुनुहुन्थ्यो, सायंकाल प्राप्त भएकोले सभा विसर्जन भयो ।

(३०) स्वप्नपुरुषसत्यतावर्णन

वसिष्ठले भन्नुभयो - हे राम ! अज्ञानी जो स्वरूपमा स्थित छैन उसको लागि जगत् वज्रसार झैं, दृढ प्रतीत हुन्छ । बालकलाई छायाँमा वेताल भासे झैं अज्ञानीको लागि असत् जगत् सत्‌रूपले भास्तछ । जस्तो नेत्रदोषले आकाशमा मोतीको माला झल्कन्छ त्यस्तो असम्यक्‌दर्शीका लागि असत्‌रूप जगत् सत् भएर भास्तछ । यो जगत् दीर्घकालको स्वप्न हो, अहन्ताले दृढ जाग्रत् - रूप भएर भास्तछ । वास्तवमा केही उत्पन्न भएको छैन । अचेत्य चिन्मात्र सर्वशक्तिसम्पन्न सर्वआत्मा विद्यमान छ, त्यसमा जस्तो स्पन्द फुर्छ त्यस्तै जगत् भएर भास्तछ । जस्तो स्वप्ननगर वास्तवमा सत् हुँदैन त्यस्तै यो जो जगत् दृष्टिगोचर भएको छ त्यो भ्रममात्र हो ।

रामले सोधे - हे गुरुजी ! स्वप्नबाट जागेपछि स्वप्नको पदार्थ असत्‌रूप हुन्छ, किन्तु जाग्रत्‌को पदार्थ ता आज जस्तो छ भोलि पर्सि पनि उस्तै देखिन्छ तब कसरी स्वप्न र जाग्रत्‌लाई समान भन्ने ?

उत्तरको रूपमा वसिष्ठले भन्नुभो, हे राम ! जस्तो स्वप्न हो त्यस्तो नै जाग्रत् हो । स्वप्न र जाग्रत्‌मा कुनै भेद छैन । स्वप्नलाई असत् भनेर तब जान्दछ जब जाग्दछ, जहाँसम्म जाग्दैन त्यहाँसम्म स्वप्नलाई असत् जान्दैन त्यस्तै मनुष्य जहाँसम्म आत्मपदमा जाग्दैन त्यहाँसम्म जगत्‌लाई असत् भनेर जान्दैन, जब आत्मपदमा जाग्दछ तब यो जगत् पनि असद्‌रूप भास्तछ । देवीको वचनामृतबाट राजा विदूरथको हृदयमा विवेकरूपी अङ्कुर उत्पन्न भयो, तब देवीले भनिन् - हे राजन् ! जो भन्नुपर्ने कुरा थियो त्यो मैले तिमीलाई बताएँ । अब रणसंग्राममा तिम्रो देहान्त हुनेछ यो कुरा पनि म जान्दछु । लीलालाई संसारको मायिक लीला देखाउन म आएकी हुँ, त्यो सब देखाइदिएँ, अब हामी जान्छौं ।

विदूरथले भने - हे देवि ! ठूलाबडाको दर्शन निरर्थक हुँदैन, त्यसकारण मलाई यो वर दिनोस् कि मेरो मृत्युपछि म पद्मराजाको शवमा प्रवेश गर्न सकूँ र मन्त्री र लीला पनि मेरा साथमा रहून् । देवीले तथास्तु भनी वर दिइन् ।

(३१) अग्निदाहवर्णन

सरस्वतीले भनिन् - हे राजन् ! मृत्युपछि तिमी पद्मराजाको शरीरमा प्राप्त हुनेछौ र लीला र मन्त्री पनि त्यहाँ प्राप्त हुनेछन् ।

यता शत्रुको सेना बढ्दै आयो । शहरमा भयंकर कोलाहल मच्चियो । देवीद्वय र राजा उच्च अटालीमा चढेर हेर्न लागे । प्रलयकालको मेघ झैं शत्रुको सेना बढ्दै आएर राजधानीलाई ध्वस्त गर्न लाग्यो । शहरमा जताततै आगो दन्किन थाल्यो । पुतली झैं नगरवासीहरू आगोमा होमिन थाले ।

(३२) जगत् हो ब्रह्मस्वरूप

वसिष्ठले भन्नुभो - हे राम ! लीला रानी हस्याड० फस्याड० गर्दै सँगिनीकासाथमा राजा बसेको ठाउँमा आइपुगिन् । सँगिनीले भनी - हे राजन् ! हाम्रा अन्त:पुरका सब स्त्रीहरूलाई शत्रुहरूले लुटेर लगे, रानीलाई बडो यत्नले बचाएर यहाँ ल्याएका छौं । राजाले सरस्वतीलाई भने - यी लीला तपाईंको शरणमा आएकी छन्, यिनको रक्षा गर्नुहोस् । म लडाइं गर्न जान्छु । यति भनेर राजा विदूरथ क्रुद्ध भएर लडाइंको मैदानतिर लागे ।

प्रथम लीलाले द्वितीय लीलाई देखाएर भनिन् - हे देवि ! यी लीला हुबहू मैजस्ती सुन्दर आकार भएकी छन् । जस्तो प्रतिबिम्ब बिम्बसमान नै हुन्छ त्यस्तै यिनी मेरै आकारकी छन् । कसरी म यस आकारमा आएँ ? मेरो प्रथम आगमनमा मन्त्रीहरू, पुरवासीहरू र टहलुवाहरूलाई देखेकी थिएँ, त्यस बारेको शंकाको समाधान त भइसक्यो । अब यो दृश्य-भ्रम कसरी भास्यो ? यसको समाधान गरिपाऊँ । देवीले भनिन् - हे लीले ! चित्-संवित्मा जस्तो स्पन्द फुर्छ त्यस्तै नै तत्कालमा सिद्ध भइहाल्छ । जुन कुराको चिन्तन गरेर शरीरत्याग हुन्छ त्यही कुरा प्राप्त हुन्छ र त्यही क्षणमा देश, काल र पदार्थको दीर्घता हुन्छ । जस्तो स्वप्नसृष्टि फुर्छ त्यस्तो परलोक पनि भास्तछ । हे लीले ! तिम्रा पतिको देहान्त हुने समयमा तिमीमा र मन्त्रीमा ज्यादा स्नेह थियो, त्यसैले वासना अनुसार त्यही रूप भएर यहाँ भास्यो । जस्तो स्वप्ननगर, स्वप्नसेना भास्तछ त्यस्तै यो देश, काल र पदार्थ भासेर आयो ।

अज्ञानकालमा असत् पदार्थ पनि सद्रूप भएर भास्तछ । ज्ञानकालमा सब समान हुन्छ, न्यूनाधिक केही रहँदैन । जाग्रत्मा स्वप्न मिथ्या हुन्छ, स्वप्नमा जाग्रत्को अभाव हुन्छ । जन्ममा मृत्यु असत् हुन्छ र मृत्युमा जन्म असत् मानिन्छ । विचारदृष्टिले हेरेमा सब अवस्था भ्रान्तिमात्र हुन्, वास्तवमा केही सत्य छैन । सृष्टिदेखि लिएर महाप्रलयपर्यन्त केही भएको छैन । ब्रह्मसत्ता जस्ताको तस्तो आफू आफैंमा स्थित छ । यो जगत् आभासमात्र हो, अज्ञानले भास्तछ, वास्तवमा केही पनि छैन । जस्तो आकाशमा तरुवर भास्तछ त्यस्तै आत्मामा भ्रमले जगत् भास्तछ । समुद्रमा तरङ्ग उत्पन्न भएर लीन हुन्छ त्यस्तै आत्मामा जगत् उत्पन्न हुन्छ र लीन हुन्छ । “म”, “तिमी” भन्ने पनि भ्रान्तिमात्र हो ।

यो जगत् मृगतृष्णाको जल झैं मिथ्या हो । यसमा अस्था गर्नु अज्ञता हो । भ्रान्ति भन्ने पनि कुनै वस्तु होइन । अन्धकारमा यक्ष भास्तछ तर त्यो केही होइन, त्यस्तो भ्रान्ति भन्ने पनि कुनै वस्तु होइन । ब्रह्मसत्ता जस्ताको तस्तो छ । अग्निमा उष्णता भएझैं जीवमा सर्ग देखिन्छ अज्ञानले, ज्ञान भए सर्वात्मा भास्तछ अज्ञानीको भिन्न भिन्न कल्पना उठिरहन्छ ।

यो जो साकार जगत् देखिन्छ त्यो आत्मादेखि भिन्न होइन । जसको अन्त:करणमा जस्तो स्पन्द फुर्छ त्यसको त्यस्तै अनुभव हुन्छ । कसैको पूर्वरूप फुर्छ, कसैको अपूर्व फुर्छ र कसैको पूर्वापूर्वमिश्रित फुर्छ । हे लीले ! त्यसकारण तिम्रा पतिको पनि उही मन्त्री, स्त्री र सभा वासनानुसार फुरेर आयो, किनकि आत्मासर्वरूप हो उसमा तीव्ररूपले जस्तो जस्तो स्पन्द फुर्छ

त्यस्तै नै भएर भास्तछ । तिम्रा अगाडि बसेकी लीलाको हालत यही हो । तिम्रा पतिको तिमीमा तीव्र वासना थियो त्यसैले तिम्रो प्रतिरूप बनेर यी लीला प्राप्त भइन् र तिम्रै जस्तो शील, स्वभाव, आचार, कुल शरीर सब प्रतिबिम्बित भयो । सर्वगत आकाशरूप आत्मामा जस्तो जस्तो फुर्छ त्यस्तै नै दृष्टिगोचर हुन्छ । वास्तवमा तिमी, म, जगत्, आकाश, भवन, पृथिवी, राजा आदि सब आत्मरूप हुन् । आत्मानै जगत्रूप भएर भास्तछ । वास्तवमा यो जगत् ब्रह्मस्वरूप हो ।

(३३) सत्य कामसंकल्पवर्णन

देवीले भनिन् - हे लीला ! तिम्रा पति विदूरथ युद्धमा शरीर त्यागनेछन् र उही अन्तःपुरमा गएर राज्य गर्नेछन् ।

वसिष्ठले भन्नुभयो, हे राम ! जब यसरी देवीले भनिन् तब विदूरथकी लीलाले हात जोडेर भनिन् - हे भगवती ! मैले ज्ञप्तिरूप सरस्वती देवीको पूजा आराधना गरें । उनले स्वप्नमा जस्तो दर्शन दिएकी थिइन् त्यस्तैरूपमा तपाईंलाई अहिले देख्छु । त्यसकारण कृपा गरेर मनोवञ्छित फल दिनुहोस् । भक्तका उपर प्रसन्न भएर देवीले भनिन् - तिमीले मेरो अनन्य भक्ति गरेकी छौ । तिमी देखि म प्रसन्न छु, वर माग । लीलाले भनिन् - हे भगवती ! जब संग्राममा मेरा पतिको देहत्याग होला तव म यही शरीरले उनकी भार्या बन्न पाऊँ । देवीले तथास्तु भनी वर दिनुभयो । त्यसपछि प्रश्न गर्दै लीलाले भनिन् - हे देवि ! तपाईं सत्यकाम, सत्यसंकल्प र ब्रह्मस्वरूपिणी हुनुहुन्छ तब विदूरथको घरमा रहेको बेलामा मलाई वसिष्ठ ब्राह्मणको सृष्टिमा किन लैजानु भएन ? देवीले भनिन् - हे लीले ! म कसैको केही पनि गर्दिन । सबै जीवको संकल्पमात्रको शरीर छ र म ज्ञप्तिरूप हुँ, प्रत्येक जीवको भित्र चैतन्यमात्र देवता भएर बसेकी छु, जसले जस्तो भावना गर्छ त्यस्तै नै उसलाई सिद्धि प्राप्त हुन्छ । हे लीले ! मेरो आराधना गरेर तिमीले प्रार्थना गरेकी थियौ कि मेरा पतिको जीव यही मण्डपाकाशमा रहोस् र मलाई ज्ञानको प्राप्ति पनि होस् । त्यही अनुसार तिमीलाई मैले ज्ञानको उपदेश दिएँ र तिमीलाई ज्ञान पनि प्राप्त भयो ।

देवीले भन्नुभयो - चित्संवित्मा जस्तो स्पन्द (स्फुरण) दृढ हुन्छ त्यस्तै सिद्धि हुन्छ । हे लीले ! जो तपस्या गर्छन्, उनको दृढताले चिदात्मा नै देवता बनेर फल दिन्छन् । जस्तो जस्तो संकल्पको तीव्रता हुन्छ त्यस्तै त्यस्तै फल उसलाई प्राप्त हुन्छ । चित्संवित्देखि भिन्न कसैबाट कसैलाई कुनै फल प्राप्त हुँदैन । आत्मा सर्वगत र सबैको अन्तःकरणमा स्थित छ, उसमा जस्तो चेत्यता फुर्छ त्यस्तैनै उसलाई शुभाशुभ भाव प्राप्त हुन्छ ।

(३४) विदूरथको मरण

वसिष्ठले भन्नुभयो, हे राम ! जब सिन्धुराजाले विशाल वाहिनीसहित राजधानीमा प्रवेश गरे तव भव्य रथमा चढेर विदूरथ राजाले पनि आफ्ना शस्त्र अस्त्र र सेना सहित युद्ध भूमिमा प्रवेश गरे । प्रलयकालमा समुद्र एकत्र भएझैं दुवैतिरका सेना एकठ्ठा भए । घोरघमासान युद्ध भयो ।

विदूरथका सेनाको हार भयो । यो दृश्य दुइटा लीला र सरस्वतीले माथिबाट हेरिराखेका छन् । लीलाद्वयले भने - हे सरस्वती ! हाम्रा पतिको विजय किन भएन कृपा गरे यसको कारण बताउनुहोस् । देवीले भनिन् - हे लीला ! विदूरथका शत्रु राजा सिन्धुले विजयका निमित्त चिरकालपर्यन्त मेरो पूजा आराधना गरेका थिए र मैले त्यही वर उनलाई दिएको थिएँ । तिम्रा पतिले पनि मेरो आराधना गरेका थिए, किन्तु विजयका निमित्त होइन, मोक्षका निमित्त आराधना गरेका थिए । त्यसकारण सिन्धु राजाको नै विजय हुनेछ र तिम्रा पतिको मोक्ष प्राप्त हुनेछ । जो जुन कामना लिएर मेरो सेवा गर्छ म त्यसलाई त्यही फल दिन्छु । त्यसकारण विदूरथलाई जितेर सिन्धुराजाले राज्य गर्नेछन् ।

सेनाको हार हुँदै गएपछि विदूरथ राजा कम्मर कसेर स्वयं लडाइंमा उत्रे । उता सिन्धुराजा पनि रथमा चढेर सामुन्नेमा आए । दुई राजाको घोर घमासान युद्ध भयो । सिन्धुराजाले संमोहास्त्र प्रहार गरे । यसबाट विदूरथका सेना मोहित भए । यो देखेर विदूरथले झटपट प्रबोधास्त्र प्रयोग गरेर सेनालाई मोहहुनुबाट छुटाए । सिन्धुले नागास्त्र चलाए । जताततै सर्पले डस्न थाले । अनि विदूरथले गारुडास्त्रको प्रयोग गरेर नागहरूको शमन गरे । एवं प्रकारले सिन्धुराजाको अग्नि - अस्त्रलाई पर्यन्यास्त्रले, वायव्यास्त्रलाई पर्वतास्त्रले, राक्षस-अस्त्रलाई वैष्णवास्त्रले शमन गरे, तै पनि विदूरथको केही लागेन । आखिरमा सिन्धुराजाले खड्ग चलाएर विदूरथको हात गोडा र शिरमा समेत प्रहार गरे र विदूरथलाई मूर्छित तुल्याए । सिन्धुले क्रोधावेशमा विदूरथको शिर लिन खोजेका थिए, देवीको प्रभावले गर्दा शिर लिन सकेनन् । सारथिले रथमा राखेर विदूरथलाई दरवारतिर कुदायो । दरवारमा पुगेपछि उनको प्राणपखेरु उडेर गयो ।

(३५) द्वितीय लीलाको पद्मराजाको मण्डपमा प्रवेश

विदूरथको मरणपछि मूर्छित भएर रानी लीलाले पनि प्राणत्याग गरिन् । दुवैको निर्जीव स्थूल शरीर मात्र त्यहाँ थियो । तब प्रथम लीलाले देवीसित सोधिन् - हे देवि ! विदूरथकी लीलाको शरीर त यहीं रह्यो भने कसरी उही शरीरले वहाँ पद्मराजा कहाँ पुगिन् ? यसको समाधान गरिपाऊँ । देवीले भनिन् - हे लीले ! जति पनि यो आरम्भ तिमी देख्छयौ, युद्ध भयो, नाना प्रकारको जगत् छ इत्यादि सब भ्रममात्र हो । पद्मराजाको मण्डपाकाशमा जो हृदय छ त्यसैमा सम्पूर्ण जगत् स्थित छ । पद्मको मण्डपाकाश वसिष्ठ ब्राह्मणको मण्डपाकाशमा स्थित छ र वसिष्ठको मण्डपाकाश चिदाकाशमा आश्रित छ । हे लीला ! यो सम्पूर्ण जगत् वसिष्ठ ब्राह्मणको पुर्यष्टकमा अर्थात् चित्तमा स्थित छ । चित्त चिदाकाशमा स्थित छ । त्यसो भए आकाशमा नै आकाश स्थित छ । अर्थात् चैतन्यमा चैतन्य स्थित छ, अरू केही पनि छैन । छ भन्नु पनि चैतन्यमा किञ्चन (केही कुरा अर्थात् स्फुरण) खडा हुनु हो । त्यो किञ्चन पनि कुनै वस्तु होइन । आत्मसत्ता नै आफू आफैमा स्थित छ । त्यो आत्मसत्तामा “अहं” “त्वं” आदि जगत् भ्रमले भास्तछ, केही उत्पन्न भएको छैन ।

वसिष्ठ ब्राह्मणको मण्डपाकाशमा नाना प्रकारको स्थान छ, त्यसैमा प्राणीहरूको आउनु जानु आदि नाना व्यवहार भास्तछ जस्तो स्वप्नमा नाना व्यवहार भास्तछ त्यो सब असत् हो त्यस्तै यो जगत् पनि असत् हो । जस्तो केराको खम्बामा कुनै सार छैन त्यस्तै विचार गरेर हेऱ्यो भने यो सृष्टिमा कुनै सार निक्लदैन । यो जगत् चित्त (सम्वेदन) फुर्नाले भासेको छ, वास्तवमा केही छैन ।

पद्मराजाको सृष्टि वसिष्ठको मण्डपाकाशमा स्थित छ र विदूरथको सृष्टि पद्मराजाको हृदयमा स्थित छ, त्यहाँ तिम्रो शरीर लडिराखेको छ र पद्मराजाको शव पनि पडिराखेको छ । हे लीले ! तिम्रा पति पद्मराजाको सृष्टि हाम्रो लागि प्रदेशमात्र (एक कुरेत प्रमाणको मात्र) छ । एक कुरेतको हृदयाकाशमा पनि अंगुष्ठप्रमाणको हृदयकमलछ, त्यहीं तिम्रा पतिको जीवाकाश छ, त्यसैमा यो जगत् फुरेको छ, त्यो प्रदेशमात्र छ तर टाढा भन्दा पनि टाढा कोटियोजनपर्यन्त छ र मार्गमा पृथिवी आदि तत्त्वको आवरण वज्रसार जस्तो भएर रहेको छ । त्यो सारा नाघेर गएपछि तिम्रा पतिको सृष्टि भेटिन्छ ।

हे लीले ! जहाँ तिम्रा पति पद्मराजाको शव पडिरहेको छ त्यहीं यी लीला (द्वितीय लीला) पुगिन् । यो सुनेर प्रथम लीलाले सोधिन् - हे देवि ! यति लामो बाटो तय गरेर यी लीला क्षण भरमा कसरी त्यहाँ पुगिन् र त्यहाँका मानिसले देखेर कसरी चिने ? संक्षेपले सुन्न पाऊँ । देवीले भनिन् - हे लीले ! यो लीलाको वृत्तान्तको महिमा यस्तो छ कि जसलाई धारण गर्नाले यो जगद्भ्रम निवृत्त हुन्छ । त्यसलाई पुन: संक्षेपले बताउँछु, सुन ।

हे लीले ! जो कुछ जगत् भास्तछ त्यो सब भ्रममात्र हो । यो भ्रमरूप जगत् पद्मराजाको हृदयमा फुरेको छ । त्यसमा विदूरथको जन्म, लीला प्राप्त हुनु, संग्राम हुनु र विदूरथको मरण इत्यादि सब भ्रमरूप हो, त्यही भ्रमरूप जगत्मा तिमी हामी बसेका छौं । हे लीला ! तिमी पनि र राजा पनि भ्रमरूप नै हुन् । म सर्वात्मा हुँ, मेरो सदा यही नै निश्चय रहन्छ । जब तिम्रा पति पद्मराजाको प्रणान्त हुन लागेको थियो त्यसबेला पनि तिमीमा उनको ज्यादा स्नेह थियो त्यही वासना अनुसार अर्को जन्ममा पनि तिमी प्राप्त भयौ ।

जव मानिस मर्छ तब उसको सर्वप्रथम अन्तवाहक शरीर हुन्छ, त्यसपछि वासना अनुसार आधिभौतिक शरीर प्राप्त हुन्छ । तिम्रा पतिको पनि जब मरण भयो तब उनको जो अन्तवाहक शरीर थियो, त्यसैबाट आधिभौतिक शरीर बन्यो । आधिभौतिक शरीर भएपछि जन्म, मरण सारा भयो । मरणपछि तिम्रा पतिको जन्म, कुल, लीलाको जन्म, माता पिता र लीलाका साथ विवाह भासेर आयो ।

हे लीले ! व्रह्म सर्वात्मा छ, उसमा जस्तो जस्तो स्पन्द (स्फुरण) हुन्छ त्यस्तै नै सिद्ध हुन्छ । म ज्ञप्तिरूप चैतन्यशक्ति हुँ, जुन कामनाले मानिस मेरो पूजा गर्छन्, त्यस्तै फल प्राप्त हुन्छ । लीलाले म विधवा नहोऊँ र यही शरीरले पतिको समीपमा पुग्न सकौं भनी वर मागेकी थिइन्, मैले तथास्तु भनी वरदिएकी थिएँ । मृत्युमूर्छाको अनन्तर उनलाई आफ्नो शरीर भासेर आयो, अनि त्यही शरीरले जहाँ पद्मराजाको शव पडिराखेको थियो त्यही मण्डपमा प्रवेश गरिन् । उनलाई यस्तो निश्चय भयो कि म उही शरीरले आएकी छु ।

(३६) लीलाको मण्डपाकाशगमन

लीला अन्तबाहक शरीरद्वारा पक्षी उडे झैं आकाशमार्गबाट जाँदै थिइन्, साथमा आइरहेकी यौटी कन्यालाई देखेर सोधिन् - हे देवि ! तिमी को हौ ? म ज्ञप्तिदेवीकी पुत्री हुँ, तिमीलाई पुऱ्याउन आएकी - कन्याले भनिन् । लीलाले भनिन् - मलाई पतिको समीपमा पुऱ्याइदेऊ ।

तब कन्या अगाडि लीला पछाडि भएर चिरकाल पर्यन्त आकाशमा उड्दै गए । यिनीहरू मेघको स्थान, वायुको स्थान, सूर्यमण्डल, तारामण्डल, लोकपालको स्थान र ब्रह्मा, बिष्णु र रुद्रको लोक नाघेर गए । जाँदा जाँदा ब्रह्माण्ड कपाटलाई पनि नाघेर ब्रह्माण्डदेखि बाहिर महाचैतन्य - आकाशमा आए जसको आदि मध्य र अन्त पाउन सकिंदैन । फेरि अर्को ब्रह्माण्डमा पसे र त्यहाँ ब्रह्मा, बिष्णु र रुद्रसहित त्रिलोक देखे । यसरी सम्पूर्ण आवरणलाई पार गरेर लीला पद्मराजाको मण्डपमा पुगिन् जहाँ राजाको शव पुष्पले ढाकेर राखिएको थियो । त्यसपछि कुमारी अन्तर्धान् भइन् । लीलाले समीपमा रहेको चमर उठाएर राजाको शरीरमा हिलाउन थालिन् ।

प्रथम लीलाले देवी सरस्वतीसित सोधिन् - हे देवी ! यी विदूरथ राजाको प्राणान्त हुन लागेको छ, जब यिनी पद्मराजाको शरीरमा प्रवेश गर्लान् तब उनै राजा जागेका हुन् भनी मन्त्री र नोकरहरूले कसरी जान्लान् ? सरस्वतीले भनिन् - यस वृत्तान्तको रहस्य म, तिमी र अपूर्व लीला बाहेक अरू कोही जान्न सक्तैनन् । लीलाले फेरि सोधिन् - हे देवी ! यही शरीरले पतिलाई प्राप्त गर्नेछौ भनी लीलालाई तपाईंको वरदान थियो । लीलाको शरीर त यहिं रह्यो तब उनी कसरी सशरीर त्यहाँ पुगिन् भन्ने ? देवीले भनिन् - घाममा छायाँ जादैन त्यस्तै साँचो र झुटो एकत्र हुँदैनन् - यस्तो आदिनीति छ । जस्तो आदिनीति छ त्यस्तै हुन्छ । छायाँमा वेतालको कल्पना भयो । वेतालको कल्पना हटेपछि जस्तो वेताल र छायाँ एकत्र हुँदैनन् । त्यस्तै भ्रमरूप जगत्‌को शरीर त्यस जगत्मा जाँदैन । यौटाको संकल्पमा अर्को सशरीर प्रवेश गर्न सक्तैन, किनकि त्यो शरीर अर्कै हो र यो शरीर अर्कै हो । त्यसकारण राजाको जगत् - दर्पणमा लीलाको संकल्प शरीर जान सक्तैन । मेरो वरले उनी सूक्ष्म शरीरले त्यहाँ पुगेकी हुन् । उनको शरीर त संकल्परूप थियो, त्यसैले उनलाई भान भयो कि म उही शरीरले आएकी छु । उनको शरीर संकल्पमा थियो । संकल्पलाई त साथमा लिएर गएकी थिइन्, त्यसैले उनी सशरीर त्यहाँ पुगिन् उनलाई यस्तो भान भयो कि म उही लीला हुँ ।

हे लीला ! आत्मसत्ता सर्वात्मरूप छ उसमा जस्तो जस्तो भावना दृढ हुन्छ, त्यस्तै त्यस्तै रूप बन्दछ । यी (द्वितीय) लीला अविदितवेद्या हुन् अर्थात् यिनले ब्रह्मज्ञान प्राप्त गरिसकेकी छैनन् । यिनको आधिभौतिक भ्रम मेटिएको छैन । मेरो वर थियो, त्यसैले मृत्यु - मूर्छाको अनन्तर उनलाई यस्तो भासेर आयो कि देवीको वरले म आइरहेकी छु । यही वासनाको दृढताले उनी त्यहाँ प्राप्त भइन् ।

हे लीला ! यो जगत् भ्रान्तिमात्र हो । जस्तो भ्रमले डोरीमा सर्प भास्तछ त्यस्तै आत्मामा भ्रमले जगत् भास्तछ । यो सम्पूर्ण जगत् आत्मामा आभासरूप हो । अधिष्ठान आत्मसत्ता आफ्नै अज्ञानले

टाढा नजिक भएर भास्तछ । ज्ञानवान् पुरुष सदा शान्त र आत्मानन्दले तृप्त रहन्छ । अज्ञानीको मन अशान्त हुन्छ र रागद्वेषरूपी तापले जलिरहेको हुन्छ ।

(३७) मृत्यु,- विचार र वासनात्याग

सरस्वतीले भनिन् - हे लीला ! जो अविदितवेद्य छ अर्थात् जसले जान्न योग्य पदलाई जानेको छैन त्यसलाई पुण्यवान् भए तापनि अन्तवाहकता प्राप्त हुँदैन । हुनता अन्तवाहक शरीर पनि झूटा हो किनकि त्यो संकल्परूप हो । यसकारण जति पनि जगत् तिमीलाई भासेको छ त्यो उत्पन्न भएको छैन, शुद्ध चिदाकाशसत्ता आफू आफैंमा स्थित छ ।

फेरि लीलाले सोधिन् - हे देवी ! यो जगत् संकल्परूपमात्र हो भने भाव र अभावरूप पदार्थ कसरी हुन्छन् ? आगो तातो छ, पृथिवी स्थिर छ, बरफ चिसो छ, फेरि आकाश, दिक्, काल आदिको सत्ता छ, स्थूल र सूक्ष्म पदार्थ छन्, ग्रहण, त्याग, जन्म, मरण हुन्छ - इत्यादि सत्ता कसरी भास्छ ? देवीले भनिन् - हे लीला ! जब महाप्रलय हुन्छ तब साराको अभाव हुन्छ र केवल अनन्त चिदाकाश, कलनारहित बोध मात्र ब्रह्मसत्ता बाँकी रहन्छ । त्यही चैतन्यसत्तामा जब चित्त (संवित्) फुर्छ तब आफूलाई तेज अणु भनेर जान्दछ । त्यही तेज अणु ब्रह्मा बनेर स्थूल सूक्ष्म जगत्को रचना हुन्छ । आदि रचनाकालमा यो पदार्थ यस्तो होस् र यतिकालसम्म रहोस् भन्ने जो नीति बन्दछ त्यही नै कायम हुन्छ, त्यसलाई कसैले पनि निवारण गर्न सक्तैन । वास्तवमा भन्ने हो भने त ब्रह्मा पनि अकारणरूप हुन् अर्थात् ब्रह्मा उत्पन्न भएकै छैनन्, तब जगत् उत्पन्न भयो भनी म कसरी भनौं ?

स्वरूपत: केही पनि उत्पन्न भएको छैन, परन्तु चेतनता (संवेदन) फुर्नाले जगदाकारमा भासेको छ । आदि संवेदनमा जस्तो निश्चय हुन्छ त्यही स्थिर हुन्छ जस्तो अग्नि उष्णरूप हुन्छ, बरफ शीतल हुन्छ, पृथिवी स्थिर हुन्छ इत्यादि । जब कालको स्पन्द हुन्छ तब त्यही चेतन संवित् कालरूप भएर स्थित हुन्छ । एवं चित् संवित् नै स्फुरणद्वारा आकाश आदि पञ्च महाभूत बन्दछ ।

हे लीला ! यो जगत् सत्य होइन । जस्तो संकल्पनगर, स्वप्नपुरुष असत्‌रूप हुन्छ त्यस्तै यो जगत् पनि असद्‌रूप हो र अज्ञानले गर्दा सत् झैं भासमान हुन्छ । जो ठूलो र सानो मानिन्छ त्यो देश, काल र द्रव्यबाट हुन्छ । कोही बाल्यावस्थामा मर्छन्, कोही यौवन अवस्थामा मर्छन् । जसको देश काल र द्रव्यको चेष्टा यथाशास्त्र हुन्छ त्यसको गति पनि शास्त्रानुसार हुन्छ, जसको चेष्टा शास्त्रविरुद्ध हुन्छ त्यसको आयु पनि त्यस्तै नै हुन्छ । कुनै क्रिया आयुवर्धक र कुनै क्रिया आयुनाशक हुन्छन् ।

युगको मर्यादा पनि जस्तो छ त्यस्तै नै हुन्छ । एक सय दिव्य वर्ष कलियुगको, दुई सय दिव्य वर्ष द्वापरको, तीन सय त्रेताको र चार सय सत्ययुगको दिव्य वर्ष हुन्छ । लौकिक वर्षको अनुसार चार लाख बत्तीस हजार वर्ष कलियुगको, आठ लाख चौसठ्ठी हजार वर्ष द्वापरको, बाह्र लाख छयानब्बे हजार वर्ष त्रेताको र सत्र लाख अठ्ठाइस हजार वर्ष सत्ययुगको हुन्छ ।

कर्मफल अनुसार आयुको भोग हुन्छ । पापीको मरणकालमा बडो कष्ट हुन्छ । लीलाले सोधिन्, कसरी सुख दुःखको भोग हुन्छ ? यसको उत्तरमा देवीले भनिन् - जीवको तीन प्रकारको मृत्यु हुन्छ - (१) मूर्खको (२) धारणाभ्यासी योगीको र (३) ज्ञानवान्को ।

मूर्ख त्यो हो जसको अज्ञानीकासाथ संगत छ, जो शास्त्रानुसार आचरण गर्दैन र पापाचारमा निरत रहन्छ, अज्ञानी मूर्खको मरणकाल कष्टदायक हुन्छ । जो पूर्ण ज्ञानी पनि होइन र जो अज्ञानी पनि होइन यस्तो धारणाभ्यासी योगी मरणकालमा जुन इष्ट देवताको ध्यान गर्छन्, शरीर छुटे पछि त्यही इष्ट देवको लोकमा जान्छन्, तिनको जाग्रतबाट सुषुप्ति भए जस्तै सुखसँग शरीर छुट्छ । ज्ञानीको पनि सुखैसँग शरीर छुट्छ, शरीर छोड्दा ज्ञानीको कुनै यत्न हुँदैन । ज्ञानीको शरीर छुट्दा प्राण बाहिर निक्लँदैन, त्यहीं विलीन हुन्छ । शरीरपात अनन्तर ज्ञानी विदेहमुक्त हुन्छ ।

जन्म मरणको कल्पना संवेदनमा हुन्छ, अचेत्य चिन्मात्रमा केही पनि छैन । जसको निश्चयमा मृत्युको सद्भाव छ त्यो मर्छ । जसको निश्चयमा मृत्युको सद्भाव नै छैन भने त्यो कसरी मर्ला ? जसको निश्चयमा दृश्यको अत्यन्ताभाव छ भने त्यो बन्धनबाट मुक्त छ । वासना नै बन्धनको कारण हो । जो वासनारहित छ त्यो बन्धनबाट मुक्त हुन्छ । विचारबाट ज्ञान हुन्छ र ज्ञानबाट दृश्यको अत्यन्ताभाव हुन्छ । जब दृश्यको अत्यन्ताभाव हुन्छ तब सम्पूर्ण वासना नष्ट हुन्छ । जगत् उत्पन्न भएको छैन, वासनाले उत्पन्न भए जस्तो देखिन्छ । त्यसकारण वासनालाई त्याग गर, जब वासना निवृत्त हुन्छ तब कुनै बन्धन रहँदैन ।

(३८) संसारभ्रमवर्णन

सरस्वतीसित लीलाले सोधिन् - जीवको जन्म र मरण कसरी हुन्छ ? मेरो ज्ञान वृद्धिको लागि बताउनुहोस् । देवीले भनिन् - प्राण र अपानको योगको आश्रयमा यो शरीर रहन्छ । जब मरणकाल हुन्छ तब प्राण वायुले आफ्नो ठाउँ छोड्दै जान्छ । जुन स्थानलाई प्राणले छोड्दछ त्यहाँको नाडी शिथिल हुँदै जान्छ । जब पुर्यष्टक (सूक्ष्म शरीर) शरीरबाट निक्लन्छ तब प्राणकला छुट्छ र चैतन्य जडीभूत हुन्छ, उसलाई प्रेत (मरेको) भन्दछन् । चित्तको चेतनता पनि जडी भूत हुन्छ, केवल ब्रह्मचैतन्य जस्ताको तस्तो रहन्छ जो स्थावर र जंगममा सर्वत्र ब्याप्त छ र उदय र अस्तले रहित छ ।

जब मृत्यु-मूर्छा हुन्छ तब प्राणवायु आकाशमा लीन हुन्छ । प्राणस्थित चेतनामा जो वासना हुन्छ त्यही वासना अनुसार जगत् फुरेर आउँछ, द्रव्यसहित देश, काल र क्रिया देखिन्छ ।

मृत्यु दुई प्रकारको हुन्छ, एक पापात्माको र अर्को पुण्यात्माको । पापात्मा तीन प्रकारको हुन्छ (१) महापापी (२) मध्यम पापी र (३) अल्प पापी । महापापी मरणकालमा भयंकर कष्टको अनुभव गर्छ र हजारौं वर्षसम्म घन पाषाण झैं मूर्छित अवस्थामा रहन्छ र भित्र बाहिर दुःखै दुःखको अनुभव गर्छ । जब चैतन्य फुरेर आउँछ तब आफूलाई सशरीर देख्छ अनि नरकमा गएर भयावह नारकीय दुःख भोग गर्दछ र फेरि जन्म लिंदा पनि निर्धनी पापीको कुलमा जन्म लिन्छ र दुःख र पीडाको नै अनुभव गर्छ ।

मध्यम पापीको जब मृत्यु हुन्छ तब मूर्छित भएर वृक्ष झैं जडी भूत हुन्छ र चेतनता प्राप्त गरेपछि नारकीय दुःख भोगको अनन्तर तिर्यगादियोनि प्राप्त गरीकन वासना अनुसार मनुष्यशरीरमा प्राप्त हुन्छ ।

अल्प पापी पनि मृत्युको अनन्तर मूर्छित रहन्छ र जब चेतनता फुर्छ तब नारकीय दुःख भोगेर कर्मानुसार मनुष्यशरीर धारण गर्छ ।

अब धर्मात्माको मरण सुन । जब महाधर्मात्माको मरण हुन्छ तब देवदूतहरू विमान लिएर आउँछन् र उसलाई आदरपूर्वक विमानमा राखेर स्वर्गमा इष्टदेवको लोकमा पुऱ्याउँछन्, त्यहाँ चिरकाल पर्यन्त स्वर्गीय सुखको भोग गरिसकेपछि त्यहाँबाट गिर्छ र सूक्ष्मरूपले फलमा बस्तछ । पिताबाट त्यो फल खाएर जुन वीर्य बन्दछ त्यसबाट माताको गर्भमा आउँछ । भोगको कामना छ भने धनवान् धर्मात्माको कुलमा जन्मन्छ र भोग भोग्दछ । जब भोगबाट निष्काम हुन्छ तब सज्जन ज्ञानीको कुलमा जन्म लिन्छ र मोक्षमार्गमा तत्पर हुन्छ ।

मध्यम धर्मात्मा पनि मरणोत्तर स्वर्ग सुखको भोग सम्पन्न गरेर फलमा गिर्छ र त्यस फलवाट बनेको पिताको वीर्यबाट मातृगर्भमा आएर वासनानुसार जन्म ग्रहण गर्छ ।

अल्प धर्मात्मा मरणपछि पुत्रादिकृत पिण्डदान आदि क्रियाको इच्छा गर्छ र त्यो क्रिया सम्पन्न भएपछि पितृलोकमा गएर त्यहाँको सुखको भोग गर्छ र धान आदि अन्नमा खस्छ, त्यसबाट बनेको पिताको वीर्यबाट मातृगर्भमा आएर वासनानुसार जन्म ग्रहण गर्छ ।

लीलाले प्रश्न गरिन् - हे देवि ! परब्रह्ममा यो जगत् कसरी भ्रमले खडा भयो ? मेरो वोधको दृढताको लागि बताउनुहोस् । देवीले भनिन् - हे लीला ! सबै आत्मरूप हो, स्थावर जंगम आदि जो जगत् छ त्यो सब परमार्थघन ब्रह्मसत्ता नै हो । त्यो ब्रह्मसत्तामा जब आभासरूप संवेदन फुर्छ तव जगद्भ्रम भास्तछ । सविन्मात्रमा जो आदि संवेदन फुरेको छ त्यो वास्तवमा ब्रह्मरूप नै हो, त्यसमा आदिमा जस्तो जस्तो स्फुरण भयो त्यस्तो त्यस्तो रूप लिएर यो स्थावर - जंगमात्मक जगत् खडा भएको छ । वास्तवमा न कुनै स्थावर छ, न कुनै जंगम छ, केवल ब्रह्मसत्ता नै जस्ताको तस्तो आफू आफैमा स्थित छ, उसैमा भ्रमले यो जगत् भासेको छ ।

हे लीला ! अब यी विदूरथ राजा मृतक हुन्छन् । लीलाले सोधिन् - हे देवी ! यी राजा पद्मको शरीर रहेको मण्डपमा कुन मार्गकाट जानेछन् र उनका पछि हामी कुन मार्गबाट जानेछौं ? देवीले भनिन् - यी राजा आफ्नो वासना अनुसार मनुष्यमार्गबाट जानेछन्, तर हो चिदाकाशरूप, किन्तु अज्ञानवश यिनलाई त्यो ठाउँ ज्यादै टाढा भास्तछ । हामी पनि यिनको संकल्पमा आफ्नो संकल्प मिलाएर त्यही मार्गबाट जानेछौं । जहाँसम्म संकल्पसित संकल्प मिल्दैन त्यहाँसम्म एकत्वभाव हुँदैन । वसिष्ठले भन्नुभो - हे राम ! यसरी सरस्वती देवीले लीलालाई परमबोधको निमित्त उपदेश गरिन्, उता राजा विदूरथको शरीर जर्जरीभूत हुन लाग्यो ।

(३९) विदूरथको पूर्वशरीरमा गमन

सरस्वती र लीलाले हेर्दै थिए कि राजाको शरीर जर्जर भयो, आँखा टाढा लगाए, नासिका मार्गबाट श्वास बाहिर निक्लियो । राजाको वासनासंयुक्त प्राण आकाशमा स्थित भयो । एक मुहूर्तपर्यन्त राजा मृत्युमूर्छामा परे । त्यसपछि चेतनता आयो । प्राणमा जो चेतनता थियो त्यो चेतनामा वासना थियो । वासनासंयुक्त चेतनाको उदय भएपछि राजाले आफ्नो साथमा शरीर देखे । अनि ठाने कि मेरा बन्धुबान्धवले पिण्ड क्रिया गरे । त्यसबाट मेरो शरीर बन्यो । अहिले यमदूतले मलाई धर्मराजका समीपमा लगिरहेछन् । जस्तो वायुको पछि गन्ध चल्छ, गन्धको पछि भ्रमरा चल्छन् त्यसै गरी यमदूतका पछि लागेर विदूरथ धर्मराजको सभामा पुगे । धर्मराजले चित्रगुप्तसित यिनको कर्म सोधे । चित्रगुप्तले भने - यी राजाले कुनै अपकर्म गरेको छैन । यिनबाट धेरै पुण्यकर्म भएका छन् । यिनलाई सरस्वतीको वरदान छ । यिनको शव फूलले ढाकिएर सुरक्षित रहेको छ, त्यसमा यिनी प्रवेश गर्नेछन् । त्यसपछि यमराजले राजालाई पठाइदिए । अब अघि राजा र पछिपछि दुई देवी हिंडिरहेका छन् । देवीद्वयले राजालाई देख्छन् तर राजाले देवीद्वयलाई देख्दैनन् । यी तीन जना जहाँ पद्मराजाले राज्य गरेका थिए त्यस ब्रह्माण्डमा प्रवेश गरेर पद्मराजाको मन्दिरमा पुगे ।

रामले वसिष्ठसँग सोधे - विदूरथ त मृतक भएका थिए तब कसरी उनले आफ्नो पूर्वस्थान देखे ? वसिष्ठले भन्नुभो - विदूरथ मृतक भए तापनि उनको वासना नष्ट भएको थिएन । त्यही वासनाले आफ्नो स्थान प्राप्त गरे ।

चिद्अणुरूप जीवको पेटमा भ्रान्तिमात्र जगत् छ जस्तो वटवीजमा अनन्त वृक्ष छन् त्यस्तै चिद्अणुमा आफैभित्र अनन्त जगत् छ, त्यसलाई किन नदेख्नू ?

रामले प्रश्न गरे - जसको पिण्ड क्रिया भएको छैन उसले कसरी आफ्नो शरीर देख्ला ? वसिष्ठले भन्नुभो - शरीर देखेपछि उसले सम्झन्छ कि मेरा बान्धवले पिण्डदान गरे । जीव सदेह विदेह जे भए तापनि भावना अनुसार उसलाई अनुभव हुन्छ । पुरुष चित्तमय छ, चित्तमा पिण्डको वासना दृढ छ भने आफूलाई पिण्डवान् भनी जान्दछ । भावनावशात् असत् पनि सत् हुन आउँछ । त्यसकारण पदार्थको कारण भावना नै हो । कारण विना कार्यको उदय हुँदैन ।

भावना देश, काल, क्रिया, द्रव्य र सम्पदाबाट हुन्छ । जुन भावना बलवान् हुन्छ त्यही सिद्ध हुन्छ ।

हे राम ! प्रस्तुत कथा सुन । विहानीपखको समयमा ती दुई देवीले पद्मराजाको मन्दिरमा पुगेर देखे - वसन्तका फूल फुलेका छन्, तलाउहरूले बगैंचा सुशोभित छ । सुनको घडामा जल भरेर राखिएको छ, कमलको सुगन्ध चलेको छ ।

(४०) स्वप्ननिरूपण

ती दुई देवी पद्मराजाको शवको निकटमा पुगे । यौटी लीला त्यहाँ बसिरहेकी छन् । उनी सुन्दर वस्त्र र आभूषणले सुशोभित भएर यौटा हात चिउँडोमा राखेर अर्को हातले चमर हल्लाई रहेकी छन् । पूर्वलीलाले यी दुई देवीलाई देखिनन् किनकि यिनी प्रबुद्ध भएकी थिइनन् । दुई देवी चाहीं प्रबुद्ध थिए र सत्संकल्पवाला थिए ।

रामले सोधे - पूर्वलीला जो विदूरथको सृष्टि हेर्न गएकी थिइन्, उनको शरीरको बारेमा केही भन्नु भएन । उनको शरीर कहाँ गयो ? वसिष्ठले भन्नुभो - हे रामजी ! लीला कहाँ थिइन् र उनको शरीर कहाँ थियो । यो त अरुन्धतीको मनमा भ्रान्तिमात्र लीलाको शरीर थियो । जस्तो मरुस्थलमा जलको प्रतिभा हुन्छ त्यस्तै अरुन्धतीको मनमा लीलाको शरीरको प्रतिभा भएको थियो । वास्तवमा न लीला छन्, न उनको शरीर छ, न पद्मराजा छन्, न विदूरथ छन्, न उनको राज्य नै छ - सब स्वप्न रूप हो । अज्ञानले आधिभौतिकता भास्तछ । ज्ञानले आधिभौतिकता निवृत्त हुन्छ ।

जब लीलालाई बोध भएको थियो तब उनको आधिभौतिक शरीर निवृत्त भयो अनि अन्तवाहकताको उदय भयो, त्यही अन्तवाहक शरीरले विदूरथको राज्यमा पुग्न सकिन् । फेरि अन्तवाहकता पनि साँचो होइन । पहिलो शरीर अन्तवाहक हो अर्थात् संकल्पमात्र हो, त्यसमा दृढ भावना भएपछि पञ्चमहाभूतले बनेको शरीर भास्न लाग्यो । वास्तवमा न पृथ्वी आदि तत्त्व छ, न त्यसबाट बनेको शरीर नै छ । पद्मराजाको शव पनि शशशृङ्ग झैं असत् हो । हे राम ! तिमीलाई पहिले पनि मैले धेरै भनिसकें, त्यसलाई किन धारण गर्दैनौ ? जो जीव छ त्यो अन्तवाहक हो, कुनै आधिभौतिक छैन । आदिमा जो शुद्ध सविन्मात्र तत्त्व छ त्यसमा संवेदनरूप आभास उठ्यो, त्यसबाट जीवको संकल्परूप अन्तवाहक शरीर खडा भयो । जब त्यसमा दृढता हुन्छ तब संकल्परूप शरीर आधिभौतिक भएर भास्न थाल्छ ।

जस्तो स्वप्नमा यो स्वप्नको शरीर हो भन्ने ज्ञान भयो भने त्यो शरीर हल्का हुन्छ अर्थात् संकल्परूप हुन्छ । बोध भएपछि शरीर भन्ने कुनै वस्तु रहँदैन, जस्तो स्वप्नबाट जागेपछि स्वप्नको शरीर रहँदैन । जो कुछ जगत् देखिन्छ त्यो सब भ्रममात्र हो, अज्ञानले सत् जस्तो भएर भास्तछ । जब आत्मबोध हुन्छ तव सब आकाशरूप (ब्रह्मरूप) हुन्छ ।

(४१) पद्मराजा जीवित हुनु

वसिष्ठले भन्नुभयो - हे रघुनन्दन ! जब ती दुई देवी अन्त:पुरमा प्रवेश गरे तब प्रबुद्ध लीलाले सोधिन् - हे देवी ! म समाधिमा बसेको कति काल भयो ? मेरो शरीर यहाँ थियो त्यो कहाँ गयो ?

देवीले भनिन् - हे लीला ! तिमी समाधिमा रहेको आज ३१ दिन बित्यो । जब तिमी ध्यानमग्न थियौ वासना अनुसार तिम्रो पुर्यष्टक (सूक्ष्म शरीर) विदूरथको सृष्टिमा पुग्यो । त्यहाँ मेरो उपदेशबाट तिमीलाई बोध भयो र सारा वासना नष्ट भयो तब यतातिर तिम्रा पुत्रहरूले तिम्रो

शरीरलाई मृत ठानेर जलाइदिए र पिण्डदान आदि काजक्रिया गरे। तिमी शुद्ध चैतन्यस्वरूप भएर रहेकी छौ। अझै पनि तिम्रो शरीरको वासना नष्ट भएको छैन। अहिले तिमी सत्य संकल्प भएकी छौ। त्यसो हुनाले इच्छानुसार तिम्रो अनुभव हुन्छ। जसको जस्तो वासना छ त्यही अनुसार त्यसलाई त्यो कुरा प्राप्त हुन्छ जस्तो बालक छायाँमा वेतालको भावना गर्छ, अनि वेताल देख्छ।

जति पनि आधिभौतिकता देखिन्छ त्यो सब भ्रममात्र हो। सबै जीवको आदि शरीर अन्तवाहक हुन्छ, प्रमादले आधिभौतिकता भास्तछ। सूक्ष्म शरीर पनि दुई प्रकारको हुन्छ (१) लिङ्ग शरीर र (२) अन्तवाहक शरीर, दुवै शरीर संकल्परूप हुन् तापनि यिनमा यति भेद छ कि लिङ्ग शरीर भनेको संकल्परूपी मन हो जसमा गौरत्व, कठिनत्व र वर्णाश्रम आदिको अभिमान हुन्छ। त्यसो हुनाले यसको चिन्तन सत्य हुँदैन। जसको आधिभौतिकताको अभिमान छैन त्यो अन्तवाहक शरीर हो, यसको चिन्तन सत्य हुन्छ अर्थात् जे चितायो त्यो सिद्ध हुन्छ। हे लीले ! तिम्रो आधिभौतिकता बुद्धि नष्ट भयो। तिमीलाई स्थूल शरीरको आवश्यकता छैन। तिमी त चैतन्यरूप बनिसकेकी छौ।

यी जुन लीला पद्मराजाको शवको निकटमा बसेकी छन् यिनलाई अरू संगिनी, नोकर चाकरहरूले देखेका छैनन् किनकि यिनीहरूलाई मैले निद्रामा मोहित पारिदिएकी छु। जहाँसम्म मेरो दर्शन हुँदैन त्यहाँसम्म अरूले देखन सक्तैनन्। यति भनेर देवीले संकल्पद्वारा के ध्यान गरेकी थिइन् त्यहाँ धेरै सूर्यको प्रकाश एकत्र जम्मा भएको जस्तो देखियो। लीलाले उज्वल मुहार भएका दुई देवीलाई देखिन्, प्रणाम गरेर नजीकै रहेका स्वर्ण सिंहासनमा विराजमान गराइन् र सरस्वतीतिर फर्केर भनिन् - हे जीवकलाप्रदात्री भगवति ! हजूरको जय होस्। हजूरको प्रसादले यहाँ आइपुगें। सरस्वतीले भनिन् - हे पुत्रि ! तिमी कसरी यहाँ आयौ, भन त। लीलाले भनिन् ! हे देवी ! जब मेरा पति संग्राममा घायल भएर मूर्छित भए, त्यो देखेर म पनि मूर्छित भएँ। एकछिन पछि होश आयो र आफ्नो उही शरीर देखें। त्यही शरीरबाट आकाशमार्गमा उड्दै थिएँ यौटी कन्या आएर मलाई यहाँ ल्याइदिइन् र उनी अन्तर्ध्यान भइन्। जो मेरा पति संग्राममा थाकेका थिए, उनी यहाँ आएर सुतिरहेका छन्। म उनको समीपमा चमर डोलाएर बसिरहेकी छु। हे देवी ! यहाँ आएर तपाईंको दर्शन पाएँ।

त्यसपछि प्रबुद्ध लीलातिर फर्केर देवीले भनिन् - अब म राजाको जीवकलालाई छोडिदिन्छु। यति भनेर जब उनले नासिका रन्ध्रबाट राजाको जीवलाई छोडिदिइन् तब निद्राबाट बिउँझे झैं विस्तारै शरीरका अवयव चलाएर आँखा उघार्दै राजा जुरुक्क उठे। दुईटा लीला राजाको संमुख खडा भए। राजाले सोधे - तपाईंहरू को हुनुहुन्छ ? प्रबुद्ध लीलाले भनिन्- हे स्वामी ! म तपाईंकी पूर्व पटरानी लीला हुँ। जब तपाईं परलोक जानुभयो, ममा तपाईंको अतिस्नेह थियो, त्यसैले परलोकमा पनि मेरो प्रतिबिम्बभूत लीलालाई पाउनु भयो, ती लीला यिनै हुन्। सिंहासनमा बसेकी भगवती देवी सरस्वती हुनुहुन्छ। उहाँ सबैकी जननी हुनुहुन्छ। उहाँले हाम्रा उपर ठूलो कृपा गर्नु भएको छ। तपाईंलाई परलोकबाट यहाँ ल्याइदिनु भएको छ। त्यसपछि राजा प्रसन्न भएर उठे र नतमस्तक हुँदै सरस्वतीको चरणमा शिर राखेर भने - हे सरस्वती देवी ! तपाईंलाई नमस्कार छ। तपाईं सबको हितकारिणी हुनुहुन्छ। तपाईंले मेरा उपर महान् उपकार गर्नुभयो। अब आशीर्वाद

माग्छु - दीर्घायु होस्, अकण्टक राज्य गर्न सकौं, लक्ष्मीले घरमा निवास गरून्, रोग व्याधि नहोस्, आत्मज्ञानसम्पन्न बनूँ। सरस्वतीले तथास्तु भनी आशीर्वाद दिँदै शिरमा हात राखेर भनिन् - हे राजन् ! तिमीले मागेका सबै कुरा पुग्नेछन् । प्रजाहरू तिमीलाई देखेर प्रसन्न रहनेछन् । तिम्रा प्रजामा आपद् विपद् पर्नेछैन । तिमी आत्मानन्दले पूर्ण रहनेछौ । यति भनेर देवी अन्तर्धान भइन् ।

(४२) दुईरानीसहित पद्मराजाको निर्वाण

वसिष्ठले भन्नुभयो, हे राम ! राजालाई आशीर्वाद प्रदान गरेर देवी अन्तर्धान भइन् । प्रात:कालको समय भयो । सबै उठे । सूर्यमुखी कमल फुल्न थाल्यो । दुईरानीलाई साथमा पाएर राजा प्रसन्न थिए, साथै आश्चर्यचकित पनि । मानिसमा हल्लाचल्यो कि रानी लीला पतिलाई साथमा लिएर परलोकबाट आइन्, साथमा आफूजस्तै अर्की रानीलाई पनि ल्याएकी छन् । राजारानीको पुनर्जीवन देखेर दरवारमा खुसियालीको लहर छायो । नगाडा बज्नथाले । मन्दिरबाट घण्टको आवाज घन्क्यो । फूल, अबीर र लाजाको वर्षा हुनथाल्यो, नाच, गान बजान चल्यो । एक कान दुई कान हुँदै यो हल्ला सर्वत्र फैलियो । आफू मरेर फेरि बाँचेर आएको छु भन्ने कुरा राजालाई पनि थाहा भयो ।

राजाको पुन: राज्याभिषेक हुने भयो । मन्त्रीगण, मण्डलेश्वर, गुरु, पुरोहित, पण्डित, ऋषि, मुनि र गण्यमान्यसहित प्रजाहरू जम्मा भए । चारै समुद्र र तीर्थहरूको जल ल्याएर धूमधामका साथ राज्याभिषेक सम्पन्न भयो ।

राजा र दुई रानी सरस्वतीको उपदेशलाई मनमा धारण गरेर जीवन्मुक्त बनेका थिए । उनीहरूको निश्चयमा सम्पूर्ण दृश्यभ्रम निवृत्त भइसकेको थियो । आफू जीवन्मुक्तको स्थितिमा रहेर पनि ईश्वरीय नियतिवशात् हजारौं वर्षसम्म प्रजाहरूको सन्तुष्टिपूर्वक राज्यसंचालन गरेर अन्तमा राजा पद्म दुई लीला सहित निर्वाणपदमा प्राप्त भए ।

(४३) कथाप्रयोजन

वसिष्ठले भन्नुभयो, हे रघुनन्दन ! आकाशज ब्राह्मण र लीला यी दुईको जो कथा तिमीलाई विस्तारपूर्वक बताएँ, यो तिम्रो दृश्यदोषको निवृत्तिको लागि बताएको हुँ । हे राम ! यो दृश्यको दृढता जो तिम्रो मनमा रहेको छ त्यसलाई त्याग गर । अब तिमीलाई संक्षेपमा यस कथाको प्रयोजन बताउँछु, सुन ।

जो यो जगत् भासेको छ त्यो उत्पन्न भएको छैन । यो जगत् सत् भएको भए यसको निवारणमा प्रयत्न आवश्यक हुन्थ्यो । जो असत् छ त्यसको निवृत्तिको लागि यत्न गर्नुपर्दैन । ज्ञानवान्को दृष्टिमा सब आकाशरूप हो अर्थात् ब्रह्मरूप हो । उहाँ आकाश झैं आफ्नै स्वरूपमा स्थित हुनुहुन्छ । ब्रह्मसत्तामा जो आभास फुर्छ त्यसलाई संवेदन भनेको छ । वास्तवमा संवेदन ब्रह्मरूप नै हो । जसलाई आत्मसाक्षात्कार प्राप्त भएको छ उसलाई दृश्यभ्रम भास्तैन । जो अज्ञानी

छ उसलाई स्पष्टरूपले जगद्भ्रम भास्तछ । जीव भन्नु शुद्ध चिदाकाशको एक अणु हो । यही जीवाणुमा यो जगत् भासेको छ । शुद्ध संवित् तत्त्वमा संवेदनरूपी नदी बगेको छ त्यसमा तरङ्ग झैं यो जगत् भासेको छ । जब संवेदनको निरोधमा यत्न गर्छौं तब दृश्यभ्रम नष्ट हुन्छ । प्रयत्न गर्नु यत्ति हो कि संवेदनलाई अन्तर्मुख गरेर रहनु । जहाँसम्म आत्मसाक्षात्कार हुँदैन त्यहाँसम्म श्रवण, मनन र निदिध्यासनको दृढ अभ्यास गर्नुपर्छ । जब साक्षात्कार हुन्छ तब दृश्य भ्रम नष्ट हुन्छ ।

हे राम ! यो जो जगत् तिमीलाई भासेको छ हाम्रो दृष्टिमा त्यो जगत् अखण्ड ब्रह्मसत्ता नै भास्तछ । जगत् मायामय हो किन्तु माया भन्ने दृश्य कोटीको कुनै वस्तु होइन । ब्रह्मसत्ता नै आफू आफैमा स्थित छ ।

रामले भने - हे गुरु ? हजूरको उपदेशामृतले मेरो मन शान्त भएको छ । अझै पनि मलाई संशयछ कि लीलाका पति प्रथम वसिष्ठ, अनि पद्म र त्यसपछि विदूरथको सृष्टिको अनुभव कसरी भयो र त्यहाँ धेरै दिन, महिना र वर्ष बिते - यस्तो कालव्यतिक्रम कसरी भयो ? कृपा गरेर समाधान गरिपाऊँ ।

वसिष्ठले भन्नुभयो, हे राम ! शुद्धसंवित् सबैको आफ्नो स्वरूप हो, त्यसमा जस्तो संवेदन फुर्छ त्यस्तै रूप भएर भास्तछ । कहीं क्षणमा कल्प बित्छ र कही कल्पमा क्षणको अनुभव हुन्छ । जस्तो भावना गऱ्यो त्यस्तै हुन्छ, विषको भावनाले अमृत पनि विष हुन जान्छ र अमृतको भावनाले विष पनि अमृत बन्छ । भावनाले नै मित्र शत्रु बन्छ र शत्रु मित्र बन्छ । रोगीलाई एक रात पनि कल्पसमान हुन्छ र आरोग्यवान्को लागि रात क्षण जस्तो हुन्छ । हरिश्चन्द्रलाई एकरातमा बाहूबर्षको अनुभव भएको थियो, त्यस्तै लवणराजालाई एकक्षणमा सय वर्षको अनुभव भएको थियो । ब्रह्माको एक क्षणमा मनुष्यको पूर्ण आयु बित्तछ । फेरि ब्रह्माजीको पूर्ण आयुमा विष्णुको एकदिन बित्तछ । सब भावनाको खेल हो । मनमा जस्तो जस्तो स्फुरण हुन्छ त्यस्तो त्यस्तो नै भासित हुन्छ । पद्मराजाको मरणकालमा जुन वासना थियो त्यही वासना अनुरूप विदूरथले अर्को लोकमा जाँदा पनि तिनै मन्त्री, तिनै नोकर र तिनै रानी लीलालाई पाए । केवल चेतन संवित् सबैको आफ्नो स्वरूप हो, त्यसको आश्रयमा जस्तो संवेदन फुर्छ त्यस्तै नै रूप भएर भासित हुन आउँछ ।

(४४) जगत्को किञ्चनता

रामले प्रश्न गरे - हे भगवन् ! अहं त्वं आदि दृश्यभ्रमको उदय कारणविना परमात्मामा कसरी भयो ? वसिष्ठले भन्नुभयो - हे राम ! कार्यकारणात्मक जो जगत् भासेको छ त्यो परमात्माबाट नै उदित भएको छ । संवेदन फुर्नाले पदार्थ भासित भएको छ र जन्मरहित सर्वात्मा परमेश्वर सर्वदा सर्वप्रकारले स्वयंमा स्थित भएको छ । शब्द र अर्थरूप जो कलना भासेको छ, त्यो ब्रह्मरूप हो । ब्रह्मदेखि भिन्न केही छैन । ब्रह्मसत्ता सर्वशब्दको अर्थ र कल्पनाले रहित भएर आफू आफैमा स्थित छ । ज्ञानवान्को लागि जगत् आकाशरूप हो । अज्ञानीको निम्ति यो जगत् असत् भएर पनि सद्रूपले भास्तछ । जबसम्म संवेदन द्वैतका साथ मिलिरहन्छ तबसम्म सृष्टिको अन्त हुँदैन । जब चित्तको उपशम हुन्छ तब जगद्भ्रम मेटिन्छ । जब भोगको लागि कुनै

वृत्ति उठ्तैन तब जान्नू कि आत्मपद प्राप्त भयो- यो शास्त्रको निश्चय हो। जति जति ममत्व दूर हुन्छ त्यति त्यति बन्धनबाट मुक्त हुन्छ। जब अहंभाव अर्थात् जीवभाव निवृत्त हुन्छ तब जन्मको परम्परा नष्ट हुन्छ, केवल शुद्ध स्वरूप बाँकी रहन्छ र यत्किन्चन स्थावरजङ्गमात्मक जगत् आत्मरूपले प्रतीत हुन्छ। ज्ञानवान्का लागि सबै जगत् आत्मरूप भास्तछ। आत्मस्वरूपमा कहीं एक निमेषमा अनेक युग बितेको भान हुन्छ र कहीं अनेक युगमा एक निमेषको अनुभव हुन्छ।

(४५) दैवशब्दार्थ-विचार

जस्तो समुद्रमा तरङ्ग फुर्छ त्यो जलरूप नै हो - तरङ्ग भन्ने शब्द र त्यसको अर्थ भ्रमरूप हो त्यस्तै आत्मामा भ्रमरूप अनेक सृष्टि फुर्दछन्। जस्तो मरुस्थलमा मृगतृष्णाको नदी बगेको दृष्टिगोचर हुन्छ त्यस्तै आत्मामा यो जगत् भासेको छ। जस्तो स्वप्नसृष्टि र गन्धर्वनगर भास्तछ त्यस्तै यो जगत् असत् भएर पनि सद्रूप भएर भास्तछ। ज्ञानवान्को दृष्टिमा सब जगत् ब्रह्मरूप नै भास्तछ।

त्यसपछि रामले प्रश्न गरे - हे गुरो ! जुन पुरुषको विचारद्वारा सम्यक् ज्ञान उत्पन्न भएर निर्विकल्प आत्मपद प्राप्त भएको छ त्यस्ता ज्ञानीको देहस्थिति कसरी रहन्छ र दैव शब्दको अर्थ पनि केहो सुन्न पाऊँ। वसिष्ठले भन्नुभयो, हे राम ! आदिमा ब्रह्मशक्तिमा जो संवेदन फुरेको छ त्यसैको नाम नीति हो। आदिनीतिमा यो पदार्थ यस्तो होस् र यतिकालसम्म रहोस् भन्ने जो दृढ संकल्प भएको थियो, त्यही अनुसार ती ती पदार्थ विद्यमान छन्। त्यो आदि नीति महासत्, महाचेतना, महाशक्ति, महाअदृष्ट, महाकृपा, महाउद्भव इत्यादि नामले पुकारिन्छ। त्यही नीति अनन्त ब्रह्माण्डको उत्पादिका हो। जस्तो स्फुरण दृढ हुन्छ त्यही रूप भएर भास्तछ। त्यो दृढ स्फुरण नै स्थावर, जङ्गम, दैत्य, देवता, नाग, नागिनी, मनुष्य, पशु, पक्षी इत्यादि रूपले रहेको छ। ब्रह्मादेखि तृणपर्यन्तमा जस्तो अभ्यास हुन्छ त्यही प्रकारले त्यो पदार्थ रहेको हुन्छ। यस प्रकार धूनधाम सृष्टि भईकन पनि स्वरूपतः ब्रह्मसत्तामा कुनै व्यभिचार भएको छैन। ब्रह्मसत्ता आफू आफ्नै महिमामा स्थित छ। जो ज्ञानवान् छ उसलाई सब ब्रह्मस्वरूप नै भास्तछ। जो अज्ञानी छ उसको जगत् र नीति भिन्न भिन्न भास्तछ। त्यही नीतिलाई दैव भनेको छ।

मानिसलाई जो कुछ प्राप्त हुन्छ त्यो दैवको आज्ञाबाट प्राप्त हुन्छ, किनकि आदिमा त्यस्तै नीति बनेको छ। जस्तो साधन त्यस्तै फल दैवबाट प्राप्त हुन्छ। यसकारण नीतिलाई दैव र दैवलाई नीति भनेको छ।

मानिस जस्तो पुरुषार्थ गर्छ उसलाई त्यस्तै फल मिल्छ। दैव भन्नु, पुरुषार्थ भन्नु, नीति भन्नु एकै कुरा हो। हे राम ! तिमीले दैव र पुरुषार्थको बारेमा सोधेका थियौ, मैले त्यसको जबाफ दिएँ। तिमी यसको पालना गर। यसको नाम पुरुषार्थ हो, यसबाट जो फल मिल्छ त्यसको नाम दैव हो।

आदि संवित्मा जो संवेदन फुरेर भवितव्यताको निर्णय भयो, यसको नाम पनि नीति हो। यस नीतिलाई ब्रह्मा, विष्णु र महेश्वर कसैले पनि उल्लंघन गर्न सक्तैनन्। जो पुरुषार्थ नगरीकन बस्छ त्यसलाई फल प्राप्त हुँदैन - यो पनि नीति हो। जो जुन फलको लागि पुरुषार्थ गर्छ त्यसलाई त्यो

फल प्राप्त हुन्छ - यो पनि नीति हो। जो पुरुषार्थ त्यागेर निष्क्रिय भएर बस्तछ र मनमा भने विषयको वासना लिइरहन्छ त्यसलाई फल प्राप्त हुँदैन। जो मानिस कर्तृत्वलाई त्यागेर र मनलाई वृत्तिशून्य तुल्याएर दैवपरायण भएर रहन्छ र चित्तमा विषयको वासना राख्दैन भने उसलाई सफलता नै प्राप्त हुन्छ, किनकि स्फुरण रहित भएर बस्नु पनि पुरुषार्थ हो। यस्तो पनि नीति छ कि धनको इच्छा गर्नेलाई धन प्राप्त हुँदैन र अयाचकलाई भने सहजमा नै धन प्राप्त हुन्छ। हे राम जुन पुरुषार्थ आत्मबोधका निमित्त हुँदैन भने त्यो पुरुषार्थ सफल हुँदैन। यो नीति आदि जो तिमीलाई बताएँ त्यो सब भ्रमरूप हो, केवल ब्रह्मसत्ता नै जस्ताको त्यस्तो भएर विद्यमान छ। ब्रह्म नै तृण, गुल्म, लता, पुष्प आदि भएर रहेको छ। त्यसो हुनाले सर्वत्र ब्रह्मसत्ता नै विद्यमान छ, अरू केही पनि छैन।

(४६) बीजावतार

वसिष्ठले भन्नुभयो, हे राम ! तिमीलाई जो कुछ भासेको छ त्यो ब्रह्म नै हो। ब्रह्मतत्त्व नै सर्वात्मा भएर स्थित भएको छ। त्यो अनन्त आत्मा हो, जब उसमा चित्शक्ति प्रकट हुन्छ अर्थात् शुद्ध चैतन्यमात्रमा अहंस्फूर्ति हुन्छ तब जगत् भास्तछ, कहीं उत्पन्न हुन्छ, कहीं नष्ट हुन्छ, कहीं सुख छ भने कहीं दुःख छ, कहीं चित्त छ, कहीं किञ्चन छ, कहीं प्रकट र कहीं अप्रकट भास्तछ। यस्तो नाना प्रकारको जगत् छ। जस्तो तीव्र अभ्यास हुन्छ त्यस्तै भएर त्यहाँ भास्तछ। आत्मा सर्वशक्ति र सर्वरूप हो, उसमा जस्तो जस्तो स्फुरण दृढ हुन्छ त्यस्तै त्यस्तै भएर भास्तछ।

यो जो नाना प्रकारको शक्ति भनिएको छ त्यो वास्तवमा आत्मादेखि भिन्न होइन, संझाउनको लागि बुद्धिमान्हरूले नाना विकल्पजाल बताएका छन्, वास्तवमा आत्मामा कुनै विकल्पजाल छैन। जस्तो जल र तरङ्गमा, सुवर्ण र भूषणमा, अवयवी र अवयवमा कुनै भेद छैन, त्यस्तै आत्मा र शक्तिमा कुनै भेद छैन।

एक संवित् र एक संवेदन छ, त्यसमा संवित् वास्तव हो र संवेदन कल्पना हो। जब चिन्मात्र संवित्मा संवेदन फुर्छ तब जस्तो चिताउँछ त्यस्तै भएर स्थित हुन्छ। शुद्ध चिन्मात्र संवित्मा भित्र र बाहिर भन्ने कुनै कल्पना छैन। जब स्वभावतः किञ्चनरूप संवेदन खडा हुन्छ तब अगाडि केही देख्छ र नाना आकार भास्तछ तर त्यो सर्वब्रह्म बाहेक केही पनि होइन। हे राम ! शक्ति र शक्तिमान्मा अज्ञानी भेद देख्छ र अवयव र अवयवीको भेदको कल्पना गर्छ, परमार्थमा कुनै भेद छैन, केवल ब्रह्मसत्ता स्वयंमा स्थित छ, उसको आश्रयमा संकल्परूप आभास फुर्छ। जब संकल्पको तीव्रता हुन्छ, त्यो सत् होस वा असत्, उसैको भान हुन्छ।

(४७) बीजाङ्कुरवर्णन

आदि-अन्तरहित शुद्ध चिन्मात्र परमानन्दबाट प्रथम जीव उत्पन्न भयो, त्यसबाट चित्त र चित्तबाट जगत् उत्पन्न भयो। रामले प्रश्न गरे - शुद्ध, द्वैतरहित ब्रह्मतत्त्वमा कसरी जीवले

सत्यता पायो ? उत्तरमा वसिष्ठले भन्नुभयो, सत्य ब्रह्मको आश्रयमा असत्यरूप जगत् सत्य भएर भास्तछ । वास्तवमा ब्रह्म आभासरूप जगत्बाट रहित छ ।

ब्रह्म बृहत् छ र अविद्याकृत जगत् पनि बृहत् छ, तर अविद्याकृत जगत्को बृहत्ता मिथ्या हो, ब्रह्मको बृहत्ता सर्वदेश, सर्वकाल र सर्ववस्तुले पूर्ण छ र अविद्याकृत देश, काल र वस्तुको बृहत्तारहित निराकार छ र यस्तो ब्रह्मस्वरूप ज्ञानीको विषय हो । ब्रह्म बृहत् छ र परम चेतनरूप छ । फेरि ब्रह्म भैरव (भयङ्कररूप) छ जसको भयले सूर्य, चन्द्र, अग्नि आदि आआफ्नो मर्यादामा रहेका छन् । शुद्ध चैतन्य ब्रह्म सारा क्षोभबाट रहित, मनवाणीको अगोचर अचिन्त्य, चिन्मात्ररूपमा अवस्थित छ । यस्तो आत्मसत्तारूप ब्रह्मको जो स्वभावसम्पत्ति छ त्यसैको नाम जीव हो अर्थात् शुद्ध चिन्मात्रमा जो अहं फुर्नु हो त्यसैको नाम जीव हो । जीव आफ्नो शान्त पदलाई त्यागे झैं गरेर अवस्थित भएको छ, वास्तवमा त्यो चिदात्मा नै हो । चिदात्मा नै स्फुरणद्वारा आफूलाई जीवरूपले जान्दछ । जस्तो समुद्र र तरङ्गमा भेद छैन, समुद्र नै तरङ्ग हो त्यस्तै ब्रह्म नै जीव रूपले भासेको छ । जस्तो आकाशमा नीलता भास्तछ त्यो आकाशदेखि भिन्न होइन त्यस्तै अहं भावलाई लिएर ब्रह्म नै जीवरूप भएर भास्तछ । स्वरूपको प्रमादले देश, काल र वस्तुको परिच्छेदले सहित अहंकाररूपी जीव भास्तछ, तर वास्तवमा चिदाकाश नै चिदाकाशमा स्थित छ ।

जब जीव चेत्योन्मुख हुन्छ तब चित्त, मन, बुद्धि, अहंकार, माया, प्रकृति - इत्यादि संज्ञा हुन्छ । आदि जीवले अणुरूप पञ्चतन्मात्राको कल्पना गऱ्यो । यही अणुको विस्तारले जगत् बन्यो जस्तो अणुरूप बीजबाट अंकुर र त्यसबाट विशाल वृक्ष बन्छ त्यस्तै संवेदनको विस्तारबाट जगत् बनेको छ । त्यो अणुरूप बीजले सर्वप्रथम अण्डरूप धारण गऱ्यो, पछि अण्ड फुटेर जगत्रूपमा विस्तार प्राप्त भयो । जस्तो बालक माटाका सेना बनाएर भिन्न भिन्न नाम राख्तछ त्यस्तै स्थावर जंगम आदि नामको कल्पना भएको छ । कल्पनाबाट नै पृथिवी आदि पञ्च महाभूतको उत्पत्ति भएको छ ।

ब्रह्मबाट आदिजीव फुऱ्यो त्यसैको नाम ब्रह्मा रहन गयो । ब्रह्माले आफ्नो स्वरूपमा नै बसेर क्रमले जगत्को रचना गरेका छन् । ब्रह्माले जस्तो चिताउँछन त्यस्तै भएर जगत् स्थित भएको छ । जस्तो समुद्र नै द्रवतावशात् तरंगरूपमा भास्तछ त्यस्तै ब्रह्म नै चिताउनुको क्रमले जीव बनेको छ । जब जीव प्रमादले अनात्मभावलाई धारण गर्छ तब नानाप्रकार कर्म गर्छ र बन्धनमा पर्छ अर्थात् अनात्मामा अभिमान गरेर जीव कर्मबन्धनमा परेको छ । कर्मको बीज संकल्प हो र संकल्प जीवबाट फुर्छ । जीव नानाप्रकार कर्म गर्छ र कर्मानुसार जन्म, मरण, अधोगति, ऊर्ध्वगति प्राप्त हुन्छ ।

स्फुरणको नै नाम कर्म, चित्त, मन र दैव हो । स्फुरणबाट नै जीवलाई शुभाशुभ जगत् प्राप्त हुन्छ । सबको आदिकारण ब्रह्म हो, उसबाट पहिले मन उत्पन्न भयो र मनबाट नै सम्पूर्ण जगत्को रचना भयो । जस्तो बीजबाट पहिले अंकुर उत्पन्न हुन्छ र क्रमले शाखा, पत्र, पुष्प र फल उत्पन्न हुन्छन् त्यस्तै ब्रह्मबाट मन र जगत् उत्पन्न भएको छ ।

(४८) सब ब्रह्मरूप हो, द्वैत केही पनि छैन

ब्रह्मबाट मन फुर्‍यो र मनबाट जगत् फुरेको छ । संवेदनबाट जो नानाप्रकार जगत्‌को विस्तार भएको छ त्यो सब असत् हो । अधिष्ठान ब्रह्मको सत्ताले असत् जगत् पनि सत् जस्तो देखिएको छ । जस्तो स्वप्नमा चित्तबाट सत् असत्‌रूप जगत् भास्तछ त्यस्तै संवेदनबाट अर्थात् मनबाट नै सत् असत्‌रूप यो जगत् भासेको छ, वास्तवमा केही उत्पन्न भएको छैन ।

(४९) आत्मपदमा स्थित हुने उपाय

हे राम ! जो यो नानात्व भासेको छ त्यो वास्तवमा ब्रह्मस्वरूप नै हो । परब्रह्ममा चिताउनुको क्रमले अर्थात् संवेदनबाट नाना प्रकार जगदाभासको आडम्बर खडा भएको छ त्यो सब मिथ्या हो । जब आत्मतत्त्वको यथार्थ ज्ञान हुन्छ तब अहंभाव नष्ट हुन्छ र शोक पनि नष्ट हुन्छ । जीव भन्नु पनि चित्तरूप नै हो । चित्तमा नै जगत् खडा भएको छ । जब चित्त नष्ट हुन्छ तब जगद् भ्रम पनि नष्ट भइहाल्छ र शान्त पद प्राप्त हुन्छ । जस्तो गोडामा जुत्ता पहिरेपछि सबै पृथिवी चर्ममय हुन्छ त्यस्तै चित्तमा शान्ति प्राप्त भएपछि सर्वजगत् शान्तरूप नै भास्तछ ।

बहिर्मुख भएपछि यो नाना प्रकार जगद्‌भ्रम भास्तछ । हे राम ! जब तिमी अन्तर्मुख भएर विचार गर्छौ तब जगद् भ्रम मेटिन्छ र शुद्ध आत्मपद भेटिन्छ । अन्तर्मुखी पुरुषको सर्वत्र आत्मा नै भासित हुन्छ । हे राम ! यो जगत् विलकुलै छैन यस्तो निश्चय गरेर सारा अभिलाषालाई त्यागिदेऊ र मुक्तिपद प्राप्त गरेर सुखी होऊ । इच्छा नै आत्माको आवरण हो । जस्तो बादल सूर्यको आवरण हो, बादल हटेपछि सूर्य प्रकाशित हुन्छन् त्यस्तै मनबाट इच्छा निवृत्त भएपछि आत्मा प्रकाशित हुन्छ । हे राम ! सारा अभिलाषा त्यागेर तिमी आत्मपदमा स्थित होऊ । आत्मतत्त्वको अज्ञान नै बन्धन हो र आत्मपदको ज्ञान नै मोक्ष हो ।

(५०) सत्योपदेश

मन कसरी उत्पन्न भयो र कर्म, कारण के हो ? इत्यादि रामका प्रश्नको समाधान गर्दै वसिष्ठले भन्नुभयो, हे रघुनन्दन ! अनन्तशक्तिसम्पन्न ब्रह्ममा अनेक प्रकारका किन्चन हुन्छन् । जहाँ जहाँ जस्तो जस्तो शक्ति फुर्छ त्यहाँ त्यहाँ त्यही रूप भएर भास्तछ । जब चिन्मात्र सत्तामा "अहमस्मि" फुर्छ तब जीव कहिन्छ । मन अथवा चित्तरूपी शक्ति संकल्पको कारण भएर भास्तछ । जब त्यो चित्त दृश्यतिर फुर्छ तब दृश्य जगत् भास्तछ र नानाप्रकार कार्य, कारण पनि भास्तछ । जस्तो चल्नु नचल्नु वायुको स्वभाव हो त्यस्तो फुर्नु नफुर्नु दुवै चैतन्यको स्वभाव हो । चिन्मात्र सत्तामा चेत्यता प्रकट हुनुको लक्षण हो "अहमस्मि" खडा हुनु । यसैलाई स्पन्द, बुद्धीश्वर अथवा संवेदन इत्यादि भनेको छ । यसैबाट दृश्यजगत् भासेको छ । चित्तको स्फुरणबाट नै दृश्य जगत् खडा भएको छ । जब चित्त अफुर हुन्छ तब जगद्‌भ्रम मेटिन्छ र नित्य, शान्त ब्रह्मपदको प्राप्ति हुन्छ ।

चित्त अथवा संवेदनको दृश्यतिर संसरण हुनु दुई प्रकारको हुन्छ (१) महासंसरण (२) अल्पसंसरण । आदिमा स्फुरण भएतापनि जो चैतन्य स्वरूपमा नै बसेको छ, त्यसको त्यो प्रथम जन्म कहिन्छ, यो अल्प स्फुरण हो किनकि फुरेर पनि यो प्रमादी भएको छैन । जो आदिमा स्फुरण भएर प्रमादी बनेर दृश्य जगत्तिर चलेको छ, त्यसका अनन्त जन्म हुन्छन्, यसलाई महासंसरण किंवा दीर्घसंसरण भनेको छ । चित्तको स्पन्दन नै जीवको कर्म र कारणको बीज हो । पुण्यकर्मबाट स्वर्ग र पापकर्मबाट नरकको प्राप्ति हुन्छ । अज्ञानले यसरी अनेक जन्म प्राप्त हुन्छन् । यसरी संसारमा घुमदा घुमदा जब चित्त अन्तर्मुख भएर ज्ञान प्राप्त हुन्छ तब मोक्षको अनुभव हुन्छ, यसैलाई महासंसरण भनेको हो । जसको एकै जन्ममा ज्ञान प्राप्त भएको छ, त्यसलाई अल्प संसरण भनेको छ ।

संवेदन नै नाना जगत् भएर भास्तछ । चित्तका साथ संयोग भएपछि अज, अविनाशी पुरुषले नाना प्रकार देह प्राप्त गर्दछ र ठान्दछ कि म जन्मेको हुँ, अहिले बाँचिरहेको छु, फेरि मर्नुपर्छ । नौका विहार गर्दा भ्रमले तटका वृक्ष घुमेका जस्ता देखिन्छन् त्यस्तै भ्रमले आफूमा अनेक जन्मादि अवस्था भास्तछन् । जस्तो मथुरानरेश लवणलाई स्वप्नमा आफू चाण्डाल भएको भ्रम भएको थियो, त्यस्तै चित्त फुर्नाले जीवलाई जगद्भ्रम भास्तछ । जीवमा जब संकल्प फुर्छ तब मन कहिन्छ, जब संकल्प निश्चयरूप धारण गर्छ तब बुद्धि भएर रहन्छ । जब अहंभाव खडा हुन्छ तब सूक्ष्म भूत - तन्मात्राको कल्पना हुन्छ, तन्मात्राबाट आकाश आदि महाभूत बनेर दृश्य जगत् खडा हुन्छ । जस्तो नेत्रदोषले आकाशमा मोतीको माला, गन्धर्वनगर देखिन्छ त्यस्तै चित्तको संसरणबाट जगद् भ्रम भास्तछ ।

हे राम ! चित्त अथवा संवेदनले जगत्को रचना गरेको छ, त्यो जगत् असत्य भएर पनि सत्य झैं भास्तछ । मनको संसरणको नाम जाग्रत् हो, अहंकारको नाम स्वप्न हो । चित्तको सजातीय रूपको चिन्तन सुषुप्ति हो र चित्त चिन्मात्र भएर रहनु तुरीय पद हो । जब शुद्ध चिन्मात्रमा अत्यन्त परिणाम भयो तब त्यसको नाम तुरीयातीत पद हो । त्यसमा स्थिति भएपछि कहिले पनि शोकवान् हुँदैन ।

(५१) कर्कटी राक्षसीको कथा विषूचिकाव्यवहार

वसिष्ठले भन्नुभयो – हे राम ! यस प्रसंगमा यौटा पुरातन इतिहास बताउँछु जसमा महाप्रश्नहरूको समूह छ, सुन । हिमालय पर्वतको शिखरमा कर्कटी नाम गरेकी महाश्याम वर्णकी राक्षसी थिई । विषूचिका भन्ने पनि त्यसको अर्को नाम थियो । अग्लो शरीर विजुली जस्ता चंकने आँखा, अग्निसमान लामो जिभ्रो, लामालामा नड० हुनुको साथै त्यो महोदरी (ठूलो पेट भएकी) थिई । समुद्रको जलले वडवाग्नि तृप्त नभए झैं भोजनबाट ऊ कहिले पनि तृप्त हुँदैनथी, जम्बूद्वीपका सम्पूर्ण जीवको भोजनबाट मात्र मेरो तृप्ति होला भन्ने विचार उसको मनमा उठ्यो, त्यो त संभव थिएन । अब तपस्याद्वारा सानो शरीर पाएर तृप्त हुने विचार उसको मनमा उठ्यो । उद्योगले के कुरा सिद्ध हुँदैन र ?

हिमालय पर्वतको शिखरमा एक पयरले टेकेर ऊर्ध्ववाहु गरीकन शरीरलाई निश्चल तुल्याएर त्यो कर्कटी राक्षसी अखण्ड चित्तले तपस्यानिरत भई । धेरै वर्ष बित्यो । वायुले शरीर जर्जरीभूत भयो । उसको तपस्याबाट सन्तुष्ट भएर ब्रह्माजीले दर्शन दिएर भन्नुभो - हे तपस्विनी राक्षसि ! तिमीले धेरै कालसम्म कठोर तपस्या गऱ्यौ, मनमा लागेको वर माग । राक्षसीले भनी - यो विशाल देहमा कहिले पनि भोजनबाट तृप्ति मिलेन, त्यसकारण मेरो सियो जस्तो सानो शरीर बनोस तब एक बूँद रगतले पनि तृप्त हुन पाउनेछु । ब्रह्माले तथास्तु भनी वर दिएर भन्नुभो - जो कुभोजन गर्ने, कुठाउँमा बस्ने, दुष्कर्म गर्ने, दुराचारी छन् तिनको शरीरमा पसेर रगत चुसेर तिनीहरूलाई मार्नेछौ, तिम्रो नाम विषूचिका भनी प्रसिद्ध हुनेछ । जो गुणवान् विवेकवान् र सदाचारी छन् साथै तिम्रो निवारणको लागि निम्नलिखित मन्त्र पढछन् तिनलाई तिमीले नमार्नू ।

विषूचिका निवारक मन्त्रः

ॐ ह्रां ह्रीं श्रीं रां विष्णुशक्तये नमो भगवति विष्णुशक्ति एहि एनां हरहर दहदह हनहन पचपच मथमथ उत्सादय उत्सादय दूरे कुरुकुरु स्वाहा । विषूचिके ! त्वं हिमवन्तं गच्छगच्छ जीव सारचन्द्र मण्डलं गतोऽसि स्वाहा ।

अर्थः हिमालयको उत्तर शिखरमा कर्कटी नामकी राक्षसी विषूचिका छ त्यो दूरहोस्, विषूचिका रोगले ग्रस्त मानिस चन्द्रमण्डलको अमृतकुण्डमा प्रवेश गरेको छ, राक्षसी हिमालयको शिखरमा गई ।

यस मन्त्रालाई बायाँ हातमा राखेर विरामीलाई अभिषेक गरिदिनू, मन्त्रको प्रभावले राक्षसी हिमालयतिर गई भन्ने भावना गर्नू र रोगी चन्द्रमण्डलको अमृत कुण्डमा प्रवेश गरेर आधि र व्याधिबाट मुक्त भएको छ - यस्तो भावना गर्नू, विषूचिका रोग नष्ट हुन्छ ।

ब्रह्माजीको वरदानले कर्कटीको शरीर क्रमशः सानो हुँदै गयो र अन्तमा सियोको टुप्पो जत्रो ज्यादै सानो शरीर बन्यो । त्यो अति सूक्ष्म शरीर लिएकी राक्षसीले श्वासबाट प्राणीहरूको शरीर भित्र पसेर धेरैलाई मारी । एक बूँद रगत खाएर अघाउँथी, तै पनि उसलाई तृप्ति भएन । त्यो सूक्ष्म शरीरलाई कहिले खाडलमा खसालिदिन्थ्यो, कहिले धूले बाटोमा परेर मानिसको पैतालामुनि पर्थी । यो सानो शरीर पाएर पनि मूर्ख राक्षसीले धेरै कष्टको सामना गर्नुपऱ्यो, उसलाई सुखको अनुभव भएन ।

(५२) कर्कटीको पूर्वशरीरलाभ

त्यो सानो शरीरबाट झन अनेक कष्टको सामना गर्नुपर्दा विषूचिकालाई पश्चात्ताप भयो र भन्नथाली - हाय !! सूर्यलाई पनि ढाक्न सक्ने मेरो त्यत्रो विशाल शरीर थियो, मूर्खतावश सानो शरीर मागें । यसबाट झन कष्ट भयो । अब फेरि तपस्या गरेर पूर्वशरीर प्रप्त गर्छु । उद्योगबाट हुन नसक्ने केही छैन । विषूचिका गिद्धको चुच्चोबाट उसको पेट भित्र पसी । गिद्धलाई असुविधा भयो र उडेर हिमालयमा पुगेर छाड्यो । ऊ बाहिर निस्की । त्यही हिमालय पर्वतमा बसेर सात

हजार वर्षसम्म तपस्या गरी । तपस्यामा निरत रहँदा उसलाई संसारदेखि पूर्ण वैराग्य भयो, मन प्रशान्त भयो र आत्मसाक्षात्कार प्राप्त भयो । सारा कामनाको परित्याग गरेको हुनाले नै उसलाई ब्रह्मज्ञान प्राप्त भयो । अब त्यो राक्षसी विषूचिका नभएर चित्सूची भई अर्थात चैतन्यस्वरूप ब्रह्मका साथ एकत्व प्राप्त गरी ।

कर्कटीको तपस्याको प्रभावले त्रिलोक हल्लियो । उसको हालत नारदले इन्द्रलाई बताए । इन्द्रले पवनलाई पठाएर सबै वृत्तान्त अवगत गरे । अनि देवतासहित ब्रह्माकहाँ गएर कर्कटीलाई तपस्याबाट निवृत्त गर्नुपर्‍यो भनी बिन्ती गरे । ब्रह्माजीले तुरुन्त विषूचिकाको समीपमा पुगेर सबै कुरा अवगत गर्नुभयो । यिनले धैर्य धारण गरेर कठिन तपस्या गरेकी छन्, सर्वकामना परित्याग गरेको हुनाले यिनलाई ब्रह्मसाक्षात्कार प्राप्त भएको छ, अहिले यिनको जगद्भ्रम शान्त भएको छ, अतएव यिनी वन्दनीय भएकी छन् । वर माग भनी ब्रह्माजीबाट आज्ञा भयो । विषूचिकाले भनिन् – ईश्वरको कृपाले जान्न योग्य वस्तुलाई मैलें जाने र शान्त पदमा स्थित भएकी छु । मेरा सम्पूर्ण संशय नष्ट भए । अब मलाई वरको प्रयोजन छैन । जस्तो बालकलाई आफ्नै छायाँमा वेतालको भय हुन्छ त्यस्तै यो जगत् आफ्नो संकल्पबाट खडा भएको छ । प्रमादले गर्दा धेरै कालसम्म म संसारमा भटकी रहें । अब मेरो कुनै इच्छा छैन । म निर्विकार शान्त पदमा स्थित भएकी छु । हे राम ! यति भनेर सूची मौन रही ।

ब्रह्माजीले उसको मनको भावलाई विचार गरेर भन्नुभो - के कर्कटी ! केही वर माग । तिमीले केही काल भूतलमा विचरण गर्नुपर्नेछ, नीति यस्तै छ । नीतिको निश्चयलाई कोहीपनि उल्लंघन गर्न सक्तैन । जब तिमी तपस्या गर्न लागेकी थियौ, त्यसबेला पूर्वदेह पाउने तिम्रो संकल्प थियो, त्यो संकल्प अहिले पूरा भएको छ । जस्तो बीजमा वृक्षको सद्भाव हुन्छ, काल पाएर त्यो बीज विशाल वृक्षमा परिणत हुन्छ त्यस्तै पूर्वदेह प्राप्त गर्ने जो संकल्प थियो त्यो अब सिद्ध हुन्छ । पूर्वशरीर प्राप्त गरेर तिमी हिमालयको वनमा विचरण गर्नेछौ । हे पुत्री ! तिमीलाई अनिच्छित भोग प्राप्त भएको छ । जस्तो आँपको वृक्षको निकटमा बसेपछि छायाँ र फल दुवै प्राप्त हुन्छ त्यस्तै पूर्व शरीर पाएर तृप्ति र ब्रह्मज्ञानरूप फल दुवै प्राप्त भएको छ । राक्षसी-शरीरमा जीवन्मुक्त भएर विचरण गर्नेछौ र तिम्रो अर्को जन्म हुनेछैन । हे पुत्रि ! अब तिमी शरत्कालको आकाश झैं निर्मल र शान्त भएर रहन्छचौ । जब तिम्रो कदाचित् बहिर्मुख वृत्ति फुर्ला त्यसबेला तिमीलाई सब जगत् आत्मरूप भास्नेछ । व्यवहारमा पनि तिम्रो समाधि रहनेछ । पापी जीवलाई तिमीले भोजन गर्नेछौ । न्यायबान्धव तिम्रो नाम र विवेकपालक तिम्रो देह हुनेछ । यसकारण तिमी पूर्व शरीरलाई स्वीकार गर । यति भनेर ब्रह्माजी अन्तर्धान हुनुभयो । उसको शरीर क्रमशः बढदै गएर यथावत् पूर्वशरीर प्राप्त भयो ।

(५३) राक्षसीको विचार

पूर्व शरीर प्राप्त गरे तापनि ज्ञानको बलले कर्कटीको शरीरमा अध्यास थिएन । ऊ पद्मासन बाँधेर छ महिनासम्म पर्वतशिखर झैं स्थिर भएर समाधिमा रही । समाधिबाट व्युत्थान भएपछि

शरीरको धर्म भोक लाग्यो । तब विचार गर्नलागी - विवेकीलाई भोजन गर्दिन । विवेकीजनलाई भोजन गर्नुभन्दा मर्नु श्रेष्ठ छ । यस्तो विचार गरेर चूपचाप बसेकी थिई । सूर्यभगवान्‌बाट आकाशवाणी भयो - हे कर्कटी ! तिमी गएर मूर्ख जीवको भोजन गर किनकि त्यसबाट उनीहरूको कल्याण हुन्छ । मूर्खको जीवनबाट पापको बृद्धिमात्र हुन्छ । तिमीले उनको भोजन गर्दा उद्धार हुन्छ । मूर्खको उद्धार गर्नु पनि सन्तको स्वभाव हो । विवेकीलाई तिमीले नखानू । तिम्रो उपदेशबाट जो बोधात्मा हुन्छ त्यसलाई पनि नमार्नू । उपदेशबाट पनि जो बोधात्मा हुँदैन त्यस्ताको भोजन गर्नू - यो न्याय हो । राक्षसीले भनी, हे भगवन् ! हजूरको आज्ञालाई स्वीकार गर्नेछु । ब्रह्माजीबाट पनि मलाई यही आज्ञा भएको थियो ।

त्यसपछि त्यो राक्षसी हिमालयको शिखरबाट तल उपत्यकामा ओर्ली । त्यो किरांतदेश थियो जहाँ मृग र पशुहरू पनि प्रशस्त रहन्थे, त्यहाँ भ्रमण गर्न थाली ।

एकदिन, रात्रिको समय, गाजलको मेघ झैं सर्वत्र महाअन्धकार छाएको थियो । यस्तो घोर समयमा त्यस देशका राजा र मन्त्री वीरयात्रामा भ्रमण गर्दै त्यहाँ आइपुगे । तिनलाई देखेर राक्षसीले विचार गरी - अब मेरो भोजन प्राप्त भयो । तैपनि एक पटक सम्पर्क राखेर बुझ्नु पऱ्यो । मूर्ख रहेछन् भने त यिनलाई मारेर भोजन गर्नु न्यायसंगत नै हुनेछ । कदाचित् गुणवान् रहेछन् भने त मार्न योग्य हुँदैनन् । गुणवान् पनि दुई प्रकारका हुन्छन् । जो अमानी, अदम्भी, अहिंसक, शान्तिमान् छन् र पुण्यकर्म गर्छन् ती पनि गुणवान् हुन् तर जो ब्रह्मवेत्ता छ त्यो महागुणवान् हो, जसबाट धेरैको कार्य सिद्ध हुन्छ । ज्ञानवान् पृथिवीको चन्द्रमा हो । उसको संगतबाट स्वर्ग तथा मोक्ष मिल्छ । यिनीहरू कमलनयन उज्वल मुहारका ज्ञानवान् जस्ता देखिन्छन् । ज्ञानवान् रहेछन् भने पूजनीय हुनेछन्, मूर्ख रहेछन् भनेमात्र मेरो भोजन बन्नेछन् ।

(५४) राक्षसीको विचार

राक्षसीको स्वभाव अनुसार एक पटक गर्जना गरेर कर्कटीले भनी - हे वनमार्गरूपी आकाशका चन्द्रसूर्य ! तिमीहरू को हौ ? बुद्धिमान् अथवा दुर्बुद्धि हौ ? कहाँबाट आयौ र तिमीहरूको आचार के हो ? तिमीहरू त मेरो मुखको गाँस बन्न आएका जस्ता छौ ।

राजाले बोले - अरे राक्षसी ! यो तुच्छ भौतिक शरीर पाएर तिमी कहाँ रहन्छचौ ? हामीलाई देखेर जो गर्जना गऱ्यौं, तिम्रो त्यो शब्दबाट हामीलाई कुनै भय छैन । तिम्रो शरीर मायामात्र हो । तुच्छ स्वभावलाई छोडेर आफ्नो खास प्रयोजन बताऊ, तिम्रो इच्छा पूर्ण गरिदिन्छौं ।

राजाको कुरा सुनेर उनीहरूलाई डराउनको लागि घाँटी र हात ऊँचा गरेर, विजुलीसमान आँखा चंकाउँदै प्रलयकालको मेघ झैं त्यो फेरि गर्जी । मन्त्रीले भने - ए राक्षसी ! तँ किन यो व्यर्थ शब्द गर्छेस् । यो तुच्छ स्वभाव छोडेर आफ्नो प्रयोजन भन । बुद्धिमान् व्यर्थ चेष्टा छोडेर आफ्नो प्रयोजन सिद्ध गर्न पट्टि लाग्छन् । हे राक्षसी ! घमण्ड त्यागेर आफ्नो इच्छा के छ भन । हामीबाट स्वप्नमा पनि अर्थी त्यसै फर्केका छैनन् ।

राक्षसीले विचार गरेर मनमनै भन्नलागी - यिनीहरू सामान्य जीव होइनन्, उज्वल आचार भएका उदारात्मा जस्ता देखिन्छन्, ज्ञानवान्संग मेल खाने इनका कुरा देखिन्छन् । ज्ञानवान् पुरुष अविनाशी आफ्नो ब्रह्मसत्तामा स्थित हुन्छ । यिनीहरू ज्ञानवान् जस्ता देखिन्छन् । त्यसकारण शंकायुक्त झैं भएर प्रश्न गर्नुपर्‍यो । बोधवान्लाई पाएर प्रश्न नगर्नु नीचताको द्योतक हो । यति विचार गरेर उसले सोधी - तिमीहरू को हौ र तिमीहरूको आचार के हो ? निष्पाप महापुरुषको दर्शनबाट मैत्रीभावको उदय हुन्छ । मन्त्रीले भने - उहाँ यस किराँतदेशका राजा हुनुहुन्छ र म उहाँको मन्त्री हुँ । रातमा तिमीहरूजस्ता दुष्टलाई मार्नको लागि वीरयात्रामा हिंडेका छौं ।

राक्षसीले बोली - हे राजन् ! तिम्रा मन्त्री दुष्ट रहेछन् । दुष्ट मन्त्रीबाट राजाको भलाइ हुँदैन । असल मन्त्री त्यो हो जो राजालाई विवेकमा लगाउँछ । राजा विवेकी भए शान्तिमान् हुन्छन् । राजा शान्तिमान् भए प्रजा पनि शान्तिमान् हुन्छन् । गुणहरूमा उत्तम गुण हो आत्मज्ञान । जो आत्मालाई जान्दछ त्यो राजा हो र जो प्रभुता र समदृष्टिले सम्पन्न छ त्यो नै मन्त्री हो । तपाईहरू आत्मज्ञानी हुनुहुन्छ भने कल्याणरूप हुनुहुन्छ । जो ज्ञानरहित छ त्यसलाई म भोजन गर्छु । अब तपाईहरूसित धेरै प्रश्न गर्छु, त्यसको उत्तर दिनुभयो भने तपाईहरू मेरा पूजनीय हुनुहुन्छ । यदि उत्तर आएन भने तपाईहरूलाई भोजन गर्नेछु ।

(५५) राक्षसीका प्रश्न

राक्षसी प्रश्नहरूको वर्षा गर्दै भन्न लागी -

(१) त्यो कुन अणु हो जसबाट अनेक प्रकारको जगत् उत्पन्न हुन्छ र एकको अनेक नाम हुन्छ ।

(२) त्यो कुन अणु हो जसमा समुद्रमा अनेक बुदबुद उत्पन्न भएर लीन भए झैं अनेक ब्रह्माण्ड उत्पन्न हुन्छन् र लीन हुन्छन् ।

(३) त्यो कुन आकाश हो, जो शून्यतारहित छ ।

(४) त्यो कुन अणु हो जो किञ्चित् होइन र अकिञ्चित् पनि होइन ।

(५) त्यो कुन अणु हो जसमा तेरो र मेरो अर्थात् अहंकार फुर्छ ।

(६) त्यो को हो जो एकमा अहं र त्वं भनेर जान्दछ ।

(७) त्यो को हो जो हिंड्छ र कहिले हिंड्दैन पनि ।

(८) त्यो को हो जो बसेको छ र बसेको छैन पनि ।

(९) त्यो को हो जो पाषाणवत् स्थित छ ।

(१०) त्यो को हो जसले आकाशमा चित्र कोरेको छ ।

(११) त्यो कुन अग्नि हो जसमा दाहकता छैन र अग्निरूप हो र त्यो अग्नि कुन हो जसबाट अग्नि उत्पन्न हुन्छ ।

(१२) त्यो कुन अणु हो जो सूर्य, अग्नि, चन्द्र र ताराको प्रकाशले रहित छ र अविनाशी छ ।
(१३) त्यो को हो जो आँखाले देखिँदैन र सबै प्रकाशको उत्पादक छ ।
(१४) त्यो कुन ज्योति हो जो फल, फूल, लताहरूलाई र जन्मान्धलाई पनि प्रकाश गर्छ ।
(१५) त्यो कुन अणु हो जसबाट आकाशादि भूतको उत्पत्ति हुन्छ ।
(१६) त्यो कुन अणु हो जो स्वाभाविकरूपले प्रकाशमान छ ।
(१७) त्यो कुन भण्डार हो जसबाट ब्रह्मण्डरूपी रत्न उत्पन्न हुन्छन् ।
(१८) त्यो कुन अणु हो जसमा प्रकाश र तम एकत्र रहन्छन् ।
(१९) त्यो कुन अणु हो जसबाट सत् र असत् एकत्र रहन्छन् ।
(२०) त्यो कुन अणु हो जो दूरवर्ती छ र छैन पनि ।
(२१) त्यो कुन अणु हो जसमा सुमेरु आदि पर्वत अटाउँछन् ।
(२२) त्यो कुन अणु हो जसमा निमेषमा कल्प र कल्पमा निमेष हुन्छ ।
(२३) त्यो कुन अणु हो जो रौंको सयभागको एक भागजत्रो छ र सुमेरु भन्दा पनि उच्च छ ।

इत्यादिरूपले ७२ प्रश्न गर्दै राक्षसीले भनी - हे राजन् त्यस अणुलाई देखेका छौ भने भन, मलाई यसमा संशय छ । यो संशयलाई आफ्नो मुखबाट दूर गरिदेऊ । जो संशयको निवारण गर्न सक्तैन त्यो पण्डित कहिँदैन । जो ज्ञानवान् छ त्यसका लागि यी प्रश्नहरूको उत्तर सहज हुन्छ । अज्ञानीको लागि उत्तर दिनु कठिन छ । हे राजन् ! यी प्रश्नको उत्तर दिनुभयो भने तपाई पूजनीय हुनुहुन्छ । मूर्खतावश उत्तर दिन सक्नु भएन अथवा विपरीत ढंगको उत्तर भयो भने तपाईहरू दुवैजना मेरो भोजन बन्नुहुनेछ र तपाईका प्रजा पनि मेरो गाँस बन्नेछन् । मूर्ख पापीको बाँचनु भन्दा मर्नु श्रेष्ठ छ किनकि मरेमा अगाडि पाप गर्न त पाएन । यति भनेर राक्षसी चूप लागी ।

(५६) राक्षसी-प्रश्नभेदन

अर्धरात्रिको समय महाशून्य वनमा राक्षसीका महाप्रश्नको उत्तर दिने अभिप्रायले महामन्त्रीले भने - हे राक्षसी ! उन्मत्त हात्तीलाई केसरी सिंहले नष्ट गरे झैं तिम्रा सम्पूर्ण संशय निवृत्त गरिदिन्छु । तिमीले परमात्मविषयक प्रश्न गरेकी छौ, त्यसकारण तिम्रा सबै प्रश्नको आशय यौटै प्रश्न हुन्छ, त्यसलाई तिमीले अनेक प्रकारले भनेकी छौ, त्यो ब्रह्मवेत्ताको लागि योग्य कुरा हो । जो नामरूपरहित, इन्द्रियको अगम्य एवं मनको चिन्तनाले रहित सत्ता छ त्यो चिन्मात्र सत्ता हो । त्यसको आकार सूक्ष्म भएकोले अणु भन्ने संज्ञा रहेको छ । त्यस अणुमा सत् असत् जस्तो भएर जगत् स्थित छ । त्यही चिद् अणुमा सम्वेदन फुर्नाले सत्य र असत्य जस्तो भएर जगत् भासित हुन्छ, त्यसकारण त्यसलाई चित्त भनेको छ ।

सृष्टिको आदिमा केवल परमात्मसत्तामात्र विद्यमान थियो, त्यसैले त्यसलाई निष्किञ्चन भनेको छ। त्यही चिद्अणु नै सबैको आत्मा हो र अनन्त भोक्ता पुरुष पनि हो, अत एव त्यसलाई किञ्चन भनेको छ। वास्तवमा किञ्चन परमात्मादेखि भिन्न होइन। त्यो चिदणु सबैको आत्मा हो र यौटै आभासबाट अनेक रूप भएर भास्तछ। त्यो चिदणु परमाकाशरूप हो जो आकाशभन्दा पनि सूक्ष्म र मनवाणीको अतीत छ।

जो सर्वात्मा हो त्यसलाई शून्य कसरी भन्ने ? जो सत्लाई पनि शून्य भन्छन् ती उन्मत्त हुन् किनकि असत् पनि त सत् विना सिद्ध हुँदैन। जसको आश्रयमा असत् पनि सिद्ध हुन्छ त्यसलाई सत् भनेको छ। त्यो चिदणुलाई पञ्चकोशले छोपन सक्तैन। जस्तो कपूरको गन्ध छोपिदैन त्यस्तो आत्मा पञ्चकोशमा छोपिदैन। आत्मा अनुभवरूप हो। आत्मा सर्वरूप भएकोले किञ्चित् हो र अचेत्य चिन्मात्र भएकोले अकिञ्चित् पनि हो। जस्तो समुद्रमा फुर्नाले तरङ्ग उत्पन्न हुन्छन् र त्यहीं लीन हुन्छन् त्यस्तै चिदणुमा फुर्नाले जगत् उत्पन्न हुन्छन् र लीन हुन्छन्। त्यो चिदणु मन र इन्द्रियको अतीत छ त्यसैले शून्य भनिन्छ र आफू आफैं प्रकाशित छ त्यसैले अशून्य भनिन्छ।

हे राक्षसी ! मेरो तेरो र अहं भन्नु यौटै आत्मा हो। अहंको अपेक्षाले त्वं र त्वंको अपेक्षाले परिच्छिन्न अहं भनिन्छ, परन्तु दुवैको उत्थान एकै आत्मतत्त्वबाट हुन्छ। त्यही चिदणुको बोधबाट ब्रह्मरूप हुन्छ, त्यही बोधस्वरूपमा अहं त्वं सब लीन हुन्छन्। अथवा सबै आफू नै हो। त्रिपुटीरूप पनि आफू नै हो। त्यो चिदणु अनेक योजनपर्यन्त जान्छ र कदाचित् चलायमान हुँदैन, किनकि संवित् अनन्तरूप भएर भासित हुन्छ। योजनको समूह भन्नु पनि उसैको भित्र अवस्थित छ, त्यसकारण न कोही जान्छ र न कोही आउँछ। आफ्नै आकाशकोशमा सब देश, काल स्थित छ। जति पनि जगत् छ त्यो आत्माको भित्रै छ तब आत्मा कहाँ जाओस् ? जस्तो आमाको गोदमा पुत्र छ तब त्यो आमा पुत्रको निम्ति कहाँ जाओस् ? त्यस्तै आत्मामा यो जगत् स्थित छ तब आत्मा कहाँ जाओस् ? देहको अपेक्षाले चलेको जस्तो भान हुन्छ तर आत्मा कदाचित् चल्दैन।

चिदणु अग्नि झैं प्रकाशरूप छ तर दाहकताले रहित छ। प्रलयकालको मेघ एकत्र भए तापनि आत्मालाई आवरण गर्न सक्तैन। आत्मा सदा प्रकाशमान र ज्ञानरूप छ, आकाशभन्दा पनि निर्मल छ र अग्नि पनि त्यसैबाट उत्पन्न हुन्छ। सबैको सत्ताप्रदाता त्यही आत्मा हो र सूर्यादि पनि उसको प्रकाशबाट प्रकाशित छन्। हृदयरूपी मन्दिरको दीपक आत्मा अनन्त र परम प्रकाशरूप छ र मन र इन्द्रियको अगोचर छ। लता, फल, फूल सबैलाई आत्मतत्त्व प्रकाशित गर्छ। देश, काल, क्रिया आदि सब पदार्थलाई सत्तादिने त्यही चिदणु हो। सबको स्वामी कर्ता, पिता, भोक्ता पनि त्यही चिदणु हो र अकर्ता र अभोक्ता पनि त्यही हो। मातृ, मान, मेय आदि त्रिपुटी चिदात्माद्वारा प्रकाशित छ, त्यसलाई चिदात्माको किञ्चन भनेको छ। किञ्चन भएको हुनाले जगत् जस्तो देखिन्छ।

हे राक्षसि ! तिमीले दूर र निकट कोहो भनी सोधेकी थियौ त्यसको जवाफ सुन। चिदात्मा अलक्ष्य भावले दूर छ र चैतन्यरूपले निकट छ अथवा ज्ञानले निकट छ र अज्ञानले दूर भन्दा पनि दूर छ।

हे राक्षसि ! जो कुछ जगत् भास्तछ त्यो संवेदनरूप हो । सुमेरुपर्वत आदि उत्पन्न भएका छैनन्, चित्सत्ता जस्ताको तस्तो स्थित छ, उसमा जस्तो संवेदन फुर्छ त्यस्तै आकार भएर भास्तछ । जहाँ निमेषको संवेदन फुर्छ त्यहाँ निमेष कहिन्छ र जहाँ कल्पको संवेदन फुर्छ त्यहाँ कल्प हुन्छ । सारा कल्प, क्रिया आदि जगत्को विलास एक निमेषमा फुरेर आउँछ । जस्तो मन फुर्नाले अनेक योजन पर्यन्छ देखिन्छ, जस्तो सानो ऐनामा विशाल नगरको प्रतिबिम्ब अटाउँछ त्यस्तै एक निमेषको स्फुरणमा सम्पूर्ण जगत् फुरेर आउँछ । चिदणुमा एक निमेषमा कल्प, समुद्र, नगर आदि अनेक योजनको विस्तार अडेको छ । वास्तवमा चिदात्मा एक, दुई आदि भ्रमले रहित छ ।

जगत्को कुनै स्वरूप छैन । संवेदनबाट जगत् भास्तछ । संवेदनमा जस्तो जस्तो दृढ प्रतीति हुन्छ त्यस्तै त्यस्तै अनुभव हुन्छ, जस्तो हरिश्चन्द्रलाई एक रातमा बाह्र वर्षको अनुभव भएको थियो । जस्तो भ्रमले धूलाको कणमा सुनको जस्तो चमतकार देखिन्छ त्यस्तै चित्त फुर्नाले जगत्को कल्पना भास्तछ । जस्तो स्वप्नको शहर अथवा गन्धर्वनगर आकारसहित भास्तछ त्यो न सत् हो, न असत् हो त्यस्तै यो जगत् दीर्घस्वप्न हो र नसत् न असत् हो ।

जब आत्मामा अभ्यास हुन्छ तब यो जलकुण्ड आदि आकाशरूप (चैतन्यरूप) भास्तछ । ज्ञानीको लागि सब चिदाकाशरूप भास्तछ ।

(५७) परमार्थनिरूपण

वसिष्ठले भन्नुभयो - हे राम ! जब यस्ता परम पावन वचन भनेर मन्त्री चूप लागे तब राजा अघि सरेर परमार्थको निरूपण गर्दै भन्न लागे - जो यो जाग्रत् जगत्को प्रतीति भइराखेको छ त्यो वास्तव होइन, जब यसको अभाव हुन्छ तब आत्माको प्रतीति हुन्छ । जब संकल्पको (चेत्यताको) नाश हुन्छ तब आत्मसाक्षात्कार हुन्छ । आत्मसत्तामा संवेदन फुर्नाले जगत् भासित हुन्छ र संवेदनको संकोच भए सृष्टिको प्रलय हुन्छ । आत्मसत्ता नै हो सबको अधिष्ठान, वेदान्तवाक्यले यसैलाई लखाएका छन् । वास्तवमा आत्मा मन र वाणीको अतीत पद हो ।

परमात्मा नै द्रष्टा, दर्शन, दृश्यरूप भएर भास्तछ, उसैमा जगत्को नानाप्रकार लीला चलेको छ, नानात्वभाव हुँदा पनि ऊ खण्डित भएको छैन । आत्मा आफ्नो अखण्ड महिमामा नै स्थित छ । त्यो चिन्मात्रसत्तालाई ब्रह्म भनेको छ ।

चिदणु नै संवेदनबाट वायुरूप, शब्दरूप भएर भास्तछ । वास्तवमा वायु, शब्द आदि द्वैत कल्पना भ्रममात्र हो । चिदणु शक्तिरूप पनि हो, उसमा जस्तो प्रतिभा फुर्छ त्यस्तै भएर भासित हुन्छ । स्फुरण नै जगत्को कारण हो । आत्मतत्त्वलाई पाएर पनि केही पाएको छैन, सबकुछ पाएको छ भनिन्छ, आत्मा पहिले देखि नै विद्यमान थियो, त्यसैले केही पाएन भनिन्छ, फेरि आत्मालाई पाएपछि अरू पाउनु पर्ने कुरा बाँकी रहँदैन, त्यसकारण सबकुछ पायो भनिन्छ ।

सुवर्णमा जस्तो भूषण हुन्छ त्यस्तै द्रष्टामा दृश्य हुन्छ, तर त्यो दृश्य भ्रमरूप हो अतएव जड हो । जब द्रष्टा दृश्यलाई देख्छ तब दृश्य भास्तछ, द्रष्टा भासित हुँदैन । जब द्रष्टा आफ्नो स्वभावमा स्थित हुन्छ तब दृश्य भास्तैन जस्तो भूषणबुद्धि रहेसम्म सुवर्ण भास्तैन किन्तु भूषण नै भास्तछ, जब

सुवर्णको ज्ञान हुन्छ तब सुवर्ण नै भास्तछ। भूषण भास्तैन। जस्तो डोरीको ज्ञान भए सर्पको अभाव हुन्छ त्यस्तै बोध भएपछि दृश्यको अभाव हुन्छ र एकमात्र परमात्मसत्ता भासित हुन्छ, द्रष्टा भन्ने संज्ञा पनि रहँदैन, जस्तो दोश्रोको अपेक्षाले एक भनिन्छ र दोश्रोको अभाव भए एक पनि भनिंदैन त्यस्तै दृश्यको अभाव भएपछि द्रष्टा भन्ने पनि रहँदैन, केवल संविन्मात्र पद शेष रहन्छ जसमा वाणीको गम रहँदैन।

हे राक्षसि ! यो चिदणु स्वादरहित भईकन पनि सबै स्वादलाई उत्पन्न गर्छ। जस्तै आदर्श विना प्रतिबिम्ब हुँदैन त्यस्तै सब स्वाद चिदणु विना हुँदैन। उसले सारा जगत्लाई ढाकेको छ तर आफू कसैबाट पनि ढाकिँदैन। जब सम्यक् बोध हुन्छ तब द्वैत पनि अद्वैतरूप नै भास्तछ, किनकि अज्ञानले द्वैतको कल्पना हुन्छ। वास्तवमा द्वैत भन्ने केही छैन, अज्ञानको अभाव भएपछि द्वैतको पनि अभाव भइहाल्छ।

यो बडो आश्चर्य छ कि जसबाट सारा पदार्थ सिद्ध हुन्छन्, जो सदा प्रकाशरूप छ त्यो चिदात्मा मूर्खको लागि भासित हुँदैन। परमार्थस्वरूप चिदात्मा निरवयव र निराकाररूप छ, उसमा केही पनि उत्पन्न भएको छैन।

एक निमेषको अज्ञानले चिदणुमा अनेक कल्पको अनुभव हुन्छ। सर्वाधिष्ठान चिदणुमा जहाँ जस्तो संवेदन फुर्छ त्यहाँ त्यस्तै रूप भास्तछ, जस्तो स्वप्नमा आफू अभोक्ता भएर पनि भोक्तृत्वको अनुभव हुन्छ। वासनाले आवेष्टित भएपछि अभोक्ताले आफूलाई भोक्ता देख्छ जस्तो स्वप्नमा आफ्नो मरण प्रत्यक्ष देखिन्छ त्यस्तै यो जगत् भ्रमले भास्तछ। जहाँ जस्तो स्फुरण दृढ हुन्छ त्यहाँ त्यस्तै नै भएर भास्तछ। जो कुछ आकार भास्तछ त्यो भ्रान्तिमात्र हो। जस्तो निर्मल आकाशमा नीलता भास्तछ त्यस्तै आत्मामा विश्व भास्तछ।

जस्तै शाखा, पत्र, पुष्प र फलले युक्त भएता पनि बीजले आफ्नो वीजत्वलाई त्याग्दैन त्यस्तै आफूभित्र जगत्को विस्तार भए तापनि चिदणु आफ्नो अखण्डित भावलाई त्याग्दैन। यो सारा जगत् चिदणुको किञ्चनरूप हो, तर यस्तो देखिन्छ। वास्तवमा न द्वैत छ, न अद्वैत छ, बीज, अंकुर, स्थूल, सूक्ष्म केही पनि उत्पन्न भएको छैन र नष्ट पनि हुँदैन। न अस्ति छ, न नास्ति छ, न सम छ, न असम छ, न जगत् छ, न अजगत् छ, केवल चिदानन्द आत्मसत्ता अचिन्त्य चिन्मात्र आफू आफैमा स्थित छ।

जसलाई आत्मबोध भएको छ उसलाई जगत् सुषुप्ति झैं भास्तछ। आत्मसत्ता अद्वैतरूप छ र परिणामले रहित छ, त्यसैमा मुक्त पुरुष सदा स्थित हुन्छ।

(५८) राजा र राक्षसीमा मित्रता

राजाको वचन सुनेर कर्कटी अत्यन्त प्रसन्न भई र मनमा जीवहरूलाई मार्ने जो चपलता थियो त्यसलाई त्याग गरेर आत्मानन्दमा मग्न भई र भन्न लागी - हे राजन् ! तपाईंको परमपावन वचन सुनेर हर्षित भएकी छु। तपाईंको विमल बोध देखियो। तपाईं भित्र पूर्ण चन्द्रमा झैं शीतल, अमृतले पूर्ण शुद्ध हुनुहुन्छ। जस्तो पुष्पको संयोगले वायु सुगन्धवान् हुन्छ त्यस्तो

सज्जनको संगतले बुद्धिमा सुखको उदय हुन्छ । हे राजन् ! तपाईं पूजनीय हुनुहुन्छ । यस घोर जंगलमा भ्रमण गर्नुको प्रयोजन सुन्न पाऊँ । राजाले भने - मेरो नगरमा विषूचिका भन्ने रोग लागेर धेरै मानिसले कष्ट पाएका छन् । औषधिले पनि त्यो दुःख कष्ट दूर हुन सकेको छैन । मैले सुनेको छु कि यस वनमा यौटी राक्षसी रहन्छे, त्यसले यी जीवहरूलाई कष्ट दिन्छे र त्यसको यौटा मन्त्र पनि छ रे, त्यो मन्त्र पढेपछि सो रोग निवृत्त हुन्छ । तिमी जस्तै राक्षसीलाई मार्नको निमित्त रातको समयमा वीर यात्रामा निक्लेका छौं । त्यो राक्षसी तिमी नै हौ भने तिम्रो हाम्रो सम्वाद पनि भइसक्यो । अब मेरो वचनलाई स्वीकार गरेर अब उप्रान्त प्राणीहरूलाई हिंसा गर्ने काम छोड र उनीहरूलाई कष्ट नदेऊ । राक्षसीले भनी - हे राजन् ! अब मैले यो जघन्य हिंसा धर्मलाई त्याग गरें, कुनै जीवलाई मार्नेछैन । जीवलाई मारे विना तिम्रो आहार कसरी चल्ला र शरीरको निर्वाह होला - राजाले प्रश्न गरे । राक्षसीले भनी - म हजार वर्षसम्म समाधिमा रहेकी थिएं । व्युत्थान भएपछि भोक तीर्खा लाग्यो । अब फेरि हिमालयको एकान्तकन्दरामा गएर निश्चल समाधिमा रहनेछु । समाधिबाट उत्रेपछि पनि बरू शरीर छुटोस्, हिंसा गर्नेछैन ।

राक्षसीले भनी - हे राजन् हिंसाधर्म ग्रहण गर्नुका कारण पनि सुन्नुहोस् । स्थूल शरीरबाट तृप्ति नमिलेकोले सूक्ष्म शरीर प्राप्त गरीकन प्राणीहरूको हिंसा गर्नको लागि मैले धेरै वर्षसम्म कष्ट साध्य तपस्या गरें । ब्रह्माजी आएरं वर माग भन्नु भयो । मैले भनें - मेरो सीयोको टुप्पो जत्रो सूक्ष्म शरीर होस् र त्यस शरीरद्वारा प्राणीहरूको शरीरमा पसेर धेरैको हिंसा गर्न सकौं । ब्रह्माजीले तथास्तु भनी वर दिएर भन्नुभयो - जो गुणवान् विवेकी छन् तिनलाई तिमीले नमार्नू र "ॐ......" यो मन्त्र जसले पढ्छ त्यसलाई पनि तिमीले दुःख नदिनू । पछि त्यस शरीरबाट पनि तृप्त नभएर तपस्याद्वारा पुनः यो पूर्व शरीरलाई नै प्राप्त गरेकी छु । हे राजन् ! ब्रह्माजीबाट प्राप्त त्यो मन्त्र सुन्न चाहनुहुन्छ भने एकान्त नदीतटमा हिंड्नोस् ।

राजा, मन्त्री र राक्षसी तीनै जना नदीतटमा पुगे । राक्षसीबाट राजाले मन्त्रग्रहण गरे । राक्षसी त्यहाँबाट बिदा भएर हिंडन्लागी, राजाले भने - हे महादेवि ! मन्त्रोपदेश गरेको हुनाले तिमी मेरो गुरु भयौ । म केही प्रार्थना गर्छु, त्यसलाई स्वीकार गर । तिम्रो हाम्रो अब मित्रता भयो । तिमी स्वेच्छाले शरीरधारण गर्न सक्छचौ । त्यसकारण मनोहर वस्त्र आभूषण पहिरेकी सुन्दरी स्त्रीको लघु शरीर धारण गरेर केही काल मेरो नगरमा निवास गर । राक्षसीले भनी - लघु शरीर त धारण गरौंला, किन्तु मेरो स्वभाव राक्षसीको छ, मलाई उचित भोजन दिएर तृप्त गर्न त सक्नुहोला ? राजाले भने - मेरो देशमा जो दण्डनीय चोर पापी आदि छन्, तिनलाई एकत्र गरेर तिमीलाई दिउँला । त्यसबेला राक्षसीको शरीर धारण गरीकन तिनीहरूलाई लिएर एकान्त स्थानमा जाऊ र यथेष्ट भोजन गर । धेरै खानेले एकान्तमा भोजन गर्नु सुखदायक हुन्छ । भोजन गरेर तृप्त भएपछि सुतनू, निद्राबाट जागेपछि समाधिमा रहनू । जब समाधिबाट व्युत्थान हुन्छ तब मेरो दरवारमा आउनू । तिम्रा लागि पापी बन्दी जनलाई एकत्र गरेर राखिछोडौंला, तिनीहरूलाई लिएर जानू र भोजन गर्नू । जो धर्मको तिमित्तको हिंसाहो त्यो पापरूप हुँदैन । पापीलाई मार्नु उसका उपर दया हो, किनकि भावी पाप गर्नुबाट त त्यसले छुटकारा पाउँछ । यही शर्तमा राजा र राक्षसीमा मित्रता सम्पन्न भयो र शर्त अनुसारको काम

पनि हुँदै गयो । यसरी जीवन्मुक्त भएर राक्षसी प्रकृत स्वभाव अनुसारको काम गर्दै रही । धेरै कालपछि राजा विदेहमुक्त भए । त्यसपछिका राजाहरूका साथ पनि राक्षसीको मित्रता कायम रह्यो ।

(५९) कर्कटी आख्यानसमाप्ति

जब समाधिबाट व्युत्थान हुन्थ्यो तब कर्कटी राक्षसी त्यस किरात देशमा आउँथी र उसलाई त्यहाँका राजाले पूजा सत्कार गर्थे । कसैलाई विषूचिका रोग लागेको छ भने उसले त्यस रोगलाई निवृत्त गरिदिन्थी । एक पटक जब ऊ समाधिमा निरत भएर रहेकी हुनाले धेरै वर्षसम्म किराँत देशमा आइन । अनि त्यहाँका राजाले दुःख निवृत्तिको लागि उच्च स्थानमा उसको मूर्ति स्थापना गरेर पूजा गर्ने परम्परा बसाले । कसैले उनलाई कन्दरादेवी भन्थे भने कसैले मंगलादेवी भन्थे । कुनै कार्य गर्नुपर्दा मंगलादेवीको पूजा गर्‍योभने उसको कार्य सिद्ध हुन्थ्यो । विधिपूर्वक उनको पूजा गर्नाले मानिसको मन प्रसन्न हुन्थ्यो । हे रामजी ! आजसम्म पनि किराँतदेशमा ती देवीको पूजा गर्ने प्रचलन छँदैछ । जुन फलको अभिलाषाले जो ती देवीको पूजा गर्छ उनी त्यसलाई त्यो फल प्रदान गर्छिन् ।

(६०) मन अंकुरोत्पत्तिकथन

आनन्दित कर्कटीको आख्यान सुनेर रामले सोधे - त्यस राक्षसीको शरीर किन कालो भएको र उसको कर्कटी नाम किन रहेको ? वसिष्ठले भन्नुभयो, हे राम ! तिनी राक्षस कुलकी कन्या थिइन् । राक्षसको शरीर कसैको कालो, कसैको सेतो र कसैको रातो, पहेलो पनि हुन्छ । कर्कटी नामको एक जलजन्तु श्याम आकारको हुन्छ, त्यहीसमान भएकोले त्यस राक्षसको नाम कर्कट रहन गयो । उसकी पुत्री हुनाले त्यसको नाम कर्कटी रहन गयो ।

हे राम ! कर्कटीको आख्यानको प्रयोजन हो अध्यात्मप्रसंग र शुद्ध चेतनको निरूपण । बडो आश्चर्य लाग्दो कुरा छ कि असद्‌रूप भएर पनि जगतको पदार्थ सद्‌रूप भएर भास्तछ । वास्तवमा एक अनादि, अनन्त, परम कारण आत्मसत्ता विद्यमान छ, भावनावश उसमा जगत् भास्तछ, किन्तु त्यो जगत् अनन्यरूप हो, जस्तो जल र तरङ्गमा भिन्नता छैन त्यस्तै ब्रह्म र जगतमा भिन्नता छैन । आत्मामा द्वैतरूप जगत् छैन, आत्मसत्ता आफू आफैंमा स्थित छ, उसमा जस्तो रूपले चित्तको स्पन्दन दृढ हुन्छ त्यस्तै रूप भएर भास्तछ । जस्तै वानरहरू जाडोमा बालुवा जम्मा गरेर त्यसमा अग्निको भावना गर्छन् र आगो तापेर जाडो धपाउँछन् त्यस्तै समरस, शान्त आत्मामा जगत्को भावना फुर्छ र नानाप्रकार जगत् देखनमा आउँछ । जस्तै खम्बामा पुतलीहरू उदय नभईकन पनि शिल्पीको मनमा उदय भएझैं भास्तछन् त्यस्तै भावनाको वशले आत्मा नै जगत्‌रूप भएर भास्तछ । जस्तो बीजमा पत्र, पुष्प र शाखासहित वृक्ष अनन्यरूप हो त्यस्तो ब्रह्ममा जगत् अनन्यरूप हो । ब्रह्म र जगतमा कुनै भेद छैन, अविचारले भेद भास्तछ, विचार गरेपछि भेद नष्ट भइहाल्छ ।

हे राम ! महावाक्यको अर्थमा निष्ठा राख र मनले जोकुछ भेद कल्पना रचेको छ त्यसको निवृत्तिको लागि मेरो वचन सुन । यो मन गन्धर्व नगर झैं उत्पन्न नभईकन पनि उत्पन्न भएकोछ । उसैले जगत्को रचना गरेको छ । यो जगत् भ्रान्तिमात्र हो, यस्तो निश्चय गरेर जगत्को वासनालाई टाढैबाट परित्याग गरिदेऊ र बोधद्वारा सब जगत् मनको मननरूप रहेछ भनी जब जान्दछौ । तब तिमी आत्मरूप भएर आफैमा निवास गर्नेछौं अर्थात् जगत्को कल्पना त्यागेर आफ्नो स्वभावसत्तामा स्थित हुनेछौं ।

हे राम ! यो मनोरूप ठूलो रोग छ, विवेकरूपी औषधिले यसलाई शान्त गर्नुपर्छ । सारा जगत् चित्तको कल्पना हो । वास्तवमा यो शरीर आदि केही पनि छैन । जस्तै बालुवाबाट तेल निक्लदैन त्यस्तै जगत्बाट कुनै सार निक्लदैन । रागद्वेषादिसंकुल यो जगत् संकल्पबाट खडा भएको छ । जो राग द्वेषादिले रहित भएर निःसङ्कल्प रहन्छ त्यो नै संसार समुद्र तर्न सक्तछ । यसकारण शुभगुणावलीको अर्जन गरेर चित्तशुद्धि गर । जो विवेकी जन शुभ कार्यको साथै विचारपूर्वक आहार, व्यवहार गर्छन्, ती आर्यजन झैं तिमी पनि शास्त्रानुसार चेष्टा गर । जब तिमी यस्तो अभ्यास गर्छौ तब शीघ्र नै तिमी ज्ञानवान् बन्नेछौ । ज्ञान प्राप्त गरेपछि सकलकल्पना मेटिन्छ र आत्मस्थिति प्राप्त हुनेछ ।

यो जगत्रूपी चित्र मनले नै रचेको छ । जस्तो मयूरको अण्डा काल पाएर अनेक रङ्ग धारण गर्छ त्यस्तो मन अनेक प्रकार जगत् धारण गर्छ । त्यो मन जड र चेतनरूपले दुई प्रकारको छ । त्यसमा जो चेतन भाग छ त्यो सम्पूर्ण पदार्थको बीजरूप हो अर्थात् सबको उपादान कारण हो र जो जडभाग हो त्यो जगद्रूप हो ।

हे राम ! सर्गको आदिमा पृथिवी आदि तत्त्व केही थिएन । स्वप्नमा जगत् विद्यमान भए झैं ब्रह्माले जगत् विद्यमान भएझैं देखे । जड सम्वेदनबाट पर्वत आदि जड जगत् देखे र चेतन सम्बेदनबाट जङ्गम जगत् देखे । वास्तवमा देहादि जगत् सब शून्यरूप हो । अधिष्ठान आफूमा मनले जो चिताउँछ त्यही नै आत्माको शरीर हो । आत्मा विस्ताररूप भएर पनि निर्मलरूपमा नै विद्यमान छ । मन आत्माको आभासरूप हो । जस्तो सूर्यको किरणबाट जलाभास हुन्छ त्यस्तो आत्माबाट मनो रूपआभास खडा हुन्छ । त्यो मनोरूप बालक अज्ञानले जगत्रूपी पिशाचलाई देख्तछ र ज्ञानले शान्त निरामय परमात्मपदलाई देख्तछ । यो जगत् मनोरूप हो अर्थात् चित्तको कल्पना हो । यस कुरालाई सुस्पष्ट पार्नको लागि नाना दृष्टान्त सहित एक आख्यान बताउँछु । जस्तो चन्द्रमाको किरणले घर शीतल हुन्छ त्यस्तो मेरो सुस्पष्ट अर्थयुक्त वचन सुनेपछि तिम्रो भ्रम निवृत्त हुनेछ ।

(६१) आदित्यसमागम

वसिष्ठले भन्नुभो, हे राम ! ब्रह्माजीले पहिले मलाई जो सर्गको वृत्तान्त बताउनु भएको थियो त्यो तिमीलाई सुनाउँछु । एक समय ब्रह्माजीको समीपमा गएर मैले प्रश्न गरें - हे भगवन् ! यो जगत्-गण कहाँबाट आयो र कसरी उत्पन्न भयो ? पितामहले इन्दु ब्राह्मणको आख्यानलाई यसरी

बताउनु भयो - हे मुनीश्वर ! यो सारा जगत् मनबाट उत्पन्न भएको छ र मनद्वारा नै भासित हुन्छ । जस्तो जलमा नानाप्रकार तरङ्ग, चक्र आदि फुर्छन् त्यस्तो मन फुर्नाले सब जगत् फुर्छ । त्यसकारण जगत् मनोरूप हो ।

हे मुनीश्वर ! एकसमय मेरो दिन (कल्प) व्यतीत भएर रात भएको थियो । रात भर समाधिमा बसें । जब दिनको उदय भयो तब आकाशतिर दृष्टि दिंदा तम र प्रकाशले रहित शून्यमात्र देखें । अनि चिदाकाशमा चित्तलाई मिलाएर चित्तमा सृष्टिको संकल्प धारण गरें । त्यसपछि शुद्ध चिदाकाशमा सृष्टिको उदय भयो । विस्तारसहित सृष्टि देखियो । दशओटा सृष्टि मेरो दृष्टिगोचर भयो । दश सृष्टिमा दशओटा ब्रह्मा मेरै प्रतिबिम्बजस्ता देखिन्थे । हरेक सृष्टिमा ब्रह्मा, विष्णु र रुद्र - यी त्रिदेव विद्यमान थिए र देवता, गन्धर्व, किन्नर, मनुष्य, सुमेरु, मन्दराचल, कैलास, हिमालय आदि पर्वत, पृथिवी, नदी, सप्त समुद्र आदिरूपले सृष्टिको विस्तार थियो । दश ब्रह्माका भिन्न भिन्न सृष्टि थिए । सबै सृष्टिमा आकाशादि पञ्चमहाभूत, सूर्य, चन्द्र, स्वर्ग, नरक आदि छन् । वसन्त आदि ऋतुहरू छन् । शुभाशुभ कर्म अनुसार स्वर्ग नरकादि भोग बनेको छ । हरेक सृष्टिमा सप्त द्वीप छन् । उत्पत्ति र प्रलय आदिरूपले कल्प बितिराखेको छ । कोही भोग भोग्छन् र कोही भोगबाट विरत भएर मोक्षपरायण हुन्छन् । विजुली चंके झैं यो सृष्टि उत्पन्न हुन्छ र नष्ट हुन्छ । एक एक ब्रह्माण्डमा स्थावर जंगम सारा देखें । क्षण, लव, दिन, मास र वर्षको प्रवाह चलिरहेको छ ।

हे मुनीश्वर ! अन्तवाहक दिव्य दृष्टिले यो सारा सृष्टि मैले देखेको छु । चर्म चक्षुले हेर्दा केही देखिंदैन । एक पटक यौटा सृष्टिका सूर्यलाई मैले आवाहन गरें । सूर्यलाई नजीकमा आएको देखेर प्रणामपूर्वक सोधें - हे भगवन् ! तपाईं को हुनुहुन्छ ? यो जगत् एक छ कि अनेक छन् ? सूर्य भगवान्ले मलाई चिने र प्रणाम गरीकन भने - हे ईश्वर ! यो दृश्यरूपी पिशाचको कारण तपाई नै हुनुहुन्छ । आफैले सबकुछ जानेर पनि मसित सोधिरहनु भएको छ । यदि लीलाको निमित्त सोधेको हो भने निवेदन गर्छु । हे भगवन् ! सदसद्रूपी नाना व्यवहार संयुक्त जो यो जगत् भासेको छ त्यो मनको स्फुरणमा स्थित छ ।

(६२) ऐन्दवसमाधिवर्णन

सूर्यले भने - हे ब्रह्माजी ! जब तपाईको कल्प बितेर दिनको उदय भयो तब सृष्टिलीला चल्यो । जम्बूद्वीपको एक कुनामा कैलास पर्वत थियो । त्यस पर्वतको कन्दरामा सुवर्णज्येष्ठ नाम गरेका तपाईंका एक पुत्र रहन्थे । उनले त्यहाँ एक रमणीय कुटी बनाए । साधु सन्तहरू त्यहाँ निवास गर्थे । एक पटक कश्यपकुलोत्पन्न इन्दुनामका वेदवेत्ता एक ब्राह्मण पत्नी सहित त्यही कुटीमा आएर बसेका थिए । शिवजीको आराधनाबाट उनका दश पुत्र पैदा भएका थिए । कालक्रमले वृद्ध मातापिताको देहावसान भयो । ती दश भाईले तपस्याद्वारा महत् पद प्राप्त गर्ने उद्देश्यले सल्लाह गरे । कुन ठूलो पद हो ? कसैले भन्यो - मण्डलेश्वरको पद ठूलो हो । अर्कोले भन्यो - मण्डलेश्वर पनि राजाको अधीन हुन्छ, त्यसकारण राजाको पद ठूलो हो । अर्कोले भन्यो -

राजा पनि चक्रवर्तीको अधीनमा हुन्छ, अत: चक्रवर्ती राजाको पद ठूलो हो । अर्कोले भन्यो - चक्रवर्ती पनि यमराजको अधीनमा हुन्छ, अत: यमराजको पद ठूलो हो । अर्कोले इन्द्रपद ठूलो हो भन्यो । सबको कुरा सुनेर जेठोले भन्यो - ब्रह्माजीको ऐश्वर्य सबभन्दा ठूलो हो । सबैले यो कुरा स्वीकार गरेर दशजना दश ठाउँमा बसेर ब्रह्मपद प्राप्त गर्नको लागि तपस्या गर्न थाले । उनीहरूले मनमा यस्तो भावना राखे कि स्वर्ग, मर्त्य, पाताल आदि सबको सृष्टि मबाट नै भएको छ । सूर्य, चन्द्र र दिक्पालहरू मेरो आज्ञा पालन गरेर आआफ्नो मर्यादामा रहेका छन् । काललाई पनि मैले नै रचेको छु । म नै सर्वोपरि ब्रह्मा हुँ - यस्तो भावना गर्दै तिनीहरू समाधिमग्न भए ।

(६३) जगद्रचना निर्वाण

सूर्यले भने - यस प्रकार इन्दु ब्राह्मणका दश पुत्र ब्रह्माको भावना गरेर समाधिमा बसे । घाम र हावाले उनीहरूको शरीर सुकेर नष्ट भयो । यत्तिकैमा ब्रह्माको रात भयो । जगतको प्रलय भयो । तिनीहरूको पुर्यष्टक ब्रह्माको संकल्प लिएर आकाशमा आकाशरूप भएर रह्यो जब कल्पको अन्त भएर दिनको उदय भयो तब ती दशैजना तीव्र भावनाको वशले भिन्नभिन्न सृष्टि सहित ब्रह्मा भएर रहे । ती दशजना ब्राह्मणको चित्ताकाशमा नै सम्पूर्ण सृष्टि फुरेर रहेको छ । ती दश सृष्टिमध्ये यौटा सृष्टिको सूर्य म हुँ । आकाशमा मेरो मन्दिर छ । मबाट नै क्षण, लव, दिन, पक्ष, मास, ऋतु, वर्ष र युगरूप कालको निर्माण भएको छ । यस्तै काममा मलाई नियुक्त गरेका छन् । हे भगवन् ! यसरी दश ब्रह्माको दश सृष्टि तपाईंलाई बताएँ । त्यो सब सृष्टि मनोरूप हो । यो जगत् - जाल इन्द्रजाल झैं चित्तको भ्रमले भास्तछ ।

(६४) ऐन्दव-निश्चय

ब्रह्माले भने - हे भानु ! दश जना ब्रह्माको दश प्रकारको सृष्टि भएको छ भन्ने कुरा तपाईंबाट सुनें । अब म के सृष्टि गरौं ? दश ब्रह्माको सृष्टि भएकै छ भने अब मेरो सृष्टिले के सिद्ध होला र म सृष्टि रचूँ । सूर्यले भने - हे ब्रह्मन् ! तपाईं निरिच्छित हुनुहुन्छ, तपाईंको सृष्टिको रचना गर्ने इच्छा छैन । सृष्टिको रचना तपाईंको विनोदमात्र हो, कुनै कामनावश भएको होइन, किनकि तपाईं निष्कामं हुनुहुन्छ । जस्तो जलमा प्रतिबिम्बको कल्पना हुन्छ त्यस्तै सम्वेदनद्वारा तपाईंको सृष्टि - रचना हुन्छ । वास्तवमा तपाईं सृष्टिकर्ता होइन, तपाईं आफ्नो निष्क्रिय ब्रह्मस्वरूपमा नै विराजमान हुनुहुन्छ । अज्ञानीको दृष्टिमा तपाईं सृष्टिकर्ता मानिनु हुन्छ । जस्तो सूर्यबाट दिन र रात बन्छ, तर पनि सूर्य असंसक्त नै रहन्छन् त्यस्तै तपाईंको सम्वेदन फुर्दा सृष्टि हुन्छ र सम्वेदन अफुर हुँदा लय हुन्छ तर सृष्टि र लयमा तपाईं सदा असंसक्त नै रहनुहुन्छ । सृष्टिरचना तपाईंको नित्यकर्म हो, त्यसको त्यागबाट कुनै अपूर्व प्राप्त हुँदैन । त्यसकारण आफ्नो जो नित्य कर्म छ त्यो गर्नुहोस् । महापुरुषहरू असंसक्त रहेर नै यथाप्राप्त कर्म गर्दछन् । तपाईं पनि ज्ञानी बनेर प्रकृत आचारको पालना गर्नोस् । तपाईं सदा सुषुप्तिरूप हुनुहुन्छ

। सुषुप्तिबाट तपाईंको उत्थान छैन । ज्ञानदृष्टिले हेर्दा अद्वैत ब्रह्म सिवाय केही छैन । चित्त-दृष्टिले हेर्दा अनेक सृष्टि फुरेको देखिन्छ ।

हे ब्रह्मन् ! ऐन्दवसृष्टिसित तपाईंको सृष्टिको कुनै विरोध छैन । उनीहरूको सृष्टि उनीहरूकै चित्तमा छ । तपाईंको सृष्टि तपाईको चित्तमा छ । चित्तमा जो दृढ निश्चय जमेको छ त्यसलाई निवृत्त गर्न कोही सक्तैन । देह नष्ट भए पनि चित्तको निश्चय नष्ट हुँदैन । पुरुष भन्नु चित्तको दृढ निश्चयरूप हो । जस्तो जलको सेचनबाट पर्वत चल्दैन त्यस्तै चित्तको निश्चय अरूबाट चलायमान हुँदैन ।

(६५) इन्द्रब्राह्मणको वचन

सूर्यले भने - हे ब्रह्माजी ! मनको दृढ निश्चयलाई कसैले बदर गर्न सक्तैन भन्ने बारे एक पूर्व इतिहास सुन्नोस् । एकादेशमा इन्द्रद्युम्ननामक राजाकी अत्यन्त सुन्दरी अहल्यानाम गरेकी कमलनयनी रानी थिइन् । तिनको नगरमा अत्यन्त सुन्दर तथा बलवान् इन्द्रनामक एक युवक ब्राह्मणपुत्र रहन्थ्यो । एकदिन सहेलीले रानीलाई साँच्चीकै पूर्व अहल्या र इन्द्रको कथा सुनाएर भनी - हे रानी ! पूर्व अहल्याजस्तै तिमी पनि अत्यन्त सुन्दरी छौ र पूर्व इन्द्र जस्तै अत्यन्त सुन्दर इन्द्रनामक ब्राह्मणपुत्र यही शहरमा बस्तछन् । यो कुरा सुनेपछि रानीको मनमा त्यस इन्द्रका साथ समागम गर्ने तीव्र इच्छा जागेर आयो, तर दरबारी सुरक्षाको घेरा भित्र बसेकी रानीले त्यस युवकलाई भेटन भने सकिनन् । रानी मनले त्यही युवकको निरन्तर चिन्तन गर्दा पनि पाउन नसकेकोले दुब्लाउँदै गइन् । मुखको छवि पहेंलो भयो, खानपान पनि छाडिन् । यो दुर्दशा देखेर सहेलीले भनी - त्यस युवकलाई लिएर आउँछु, धन्दा नमान्नुहोस् । यति भनेर सहेलीले नगरमा त्यो इन्द्रलाई पत्ता लगाएर संझाइ बुझाईकन गुप्त मार्गबाट रानीको खोपीमा प्रवेश गराइदिई । मनले चाहेको त्यस इन्द्रलाई पाएर रानी अति नै प्रसन्न भइन् र ऊ पनि रानीलाई पाएर आनन्दसागरमा डुब्यो । तिनीहरूको प्रेम यसरी बढ्दै गयो कि एकलाई छोडेर अर्को रहनै नसक्ने स्थिति भयो ।

यो अनुचित प्रसंग राजाले थाहा पाएर अत्यन्त क्रुद्ध भएर ती दुईलाई धेरै प्रकारको सजाया दिए - हिलोमा गाढे, बरफमा राखे, आगोमा हाले, हात्तीलाई कुलचाए । यति शासन दिंदा पनि ती दुईलाई कुनै दुःख भएन । अहल्याले भनिन् - मलाई सर्वत्र इन्द्रमात्र भास्तछ तब दुःख कहाँबाट हुने ? इन्द्रले भन्यो - म सर्वत्र अहल्यालाई नै देख्तछु, त्यसदेखि भिन्न दुःख कहाँबाट हुने । राजाले सोधे - आगोमा हाल्दा पनि दुःख किन भएन ? इन्द्रले भन्यो - हे राजन् ! यो सारा जगत्जाल मनमा स्थित छ । मानिस भन्नु मनोरूप हो । मनमा जो दृढ निश्चय हुन्छ त्यसलाई हटाउन कोही पनि सक्तैन, अहल्याको मनमा सर्वत्र इन्द्र नै भास्तछ र मेरो मनमा पनि सर्वत्र उनी नै भास्तछिन्, अर्थात् अहल्याको मन इन्द्रमय र मेरो मन अहल्यामय बनेको छ । हामी दोस्रो वस्तु देख्तै देख्तैनौं, त्यसकारण हे राजन् ! तपाईंको दण्डबाट हामीलाई कुनै दुःख हुँदैन । मनको दृढ निश्चयलाई बदल्न उसैले मात्र सक्तछ अरू कसैले सक्तैन । जस्तो वायुले सुमेरु पर्वतलाई हल्लाउन

सक्तैन त्यस्तै मनको निश्चयलाई कसैले चलायमान गर्न सक्तैन । बरु शरीर नष्ट होला मनको निश्चय नष्ट हुँदैन । मन नै हो सबको बीज । मन नै हो पदार्थको कारण । जस्तो चित्त छ त्यहीरूप मानिस बन्छ । त्यसकारण जहाँ मेरो चित्त जान्छ त्यहाँ रानी नै भास्तछिन्, मलाई कुनै दु:खले छुँदैन ।

(६६) अहल्यानुरागसमाप्ति

इन्द्रब्राह्मणको यस्तो धृष्टता पूर्ण वचन सुनेर राजाले नजीकमा रहेका भरत ॠषिलाई भने - यी पापी हुन्, यिनको शरीर नष्ट होस् भनी शाप दिनुहोस् । ॠषिले 'तिमीहरूको तुरुन्त मृत्यु होस्' भनी शाप दिए । इन्द्र ब्राह्मणले भने - तिम्रो शापले हाम्रो केही हानि हुँदैन । शरीर नष्ट भए तापनि मन त नष्ट हुँदैन । तिमीहरूले लाख यत्न गरे पनि हाम्रो मनलाई नष्ट गर्ने छैनौ । मन नष्ट नभएसम्म हाम्रो विपरीत दशा हुनेछैन । यति भनेपछि ती दुईको शरीर भूमिमा लड्यो । वासनावशात् मृग र मृगिणी भएर स्नेहमा आबद्ध भएर रहे । त्यसपछि पक्षी र पक्षिणीको रूपमा जन्म भयो । धेरै कालपछि मेरो सृष्टिमा ठूला तपस्वी पुण्यात्मा ब्राह्मण र ब्राह्मणी भएर आनन्दपूर्वक रहे । भरतमुनिको शापले तिनीहरूको शरीर नष्ट भयो परन्तु मनमा जो निश्चय थियो त्यो नष्ट भएन ।

(६७) जीवक्रमोपदेश

सूर्यले भने - हे जगत्कापति ब्रह्माजी ! तपाईंले देख्नु भयो कि मनको जस्तो निश्चय हुन्छ त्यस्तै अगाडि भास्तछ । मनको निश्चयलाई कसैले हटाउन सक्तैन । मन नै जगत्को कर्ता हो र मन नै पुरुष हो । मनमा जो दृढ निश्चय हुन्छ त्यो कुनै औषधिबाट पनि निवृत्त हुँदैन । जस्तो मणिमा परेको प्रतिबिम्ब मणि नउठाएसम्म निवृत्त हुँदैन त्यस्तै मनको निश्चय मनलाई नउल्टाएसम्म दूर हुँदैन । त्यसैले भनेको छ कि यो अनेक सृष्टिको भ्रम चित्तमा रहेको छ ।

हे ब्रह्माजी ! तपाईं पनि चिदाकाशमा सृष्टिको रचना गर्नुहोस् । आकाश तीन प्रकारको छ - (१) भूताकाश (२) चित्ताकाश र (३) चिदाकाश । यी तीनै आकाश अनन्त छन् । भूताकाश चित्ताकाशको आश्रयमा रहन्छ र चित्ताकाश चिदाकाशको आश्रयमा रहन्छ । भूताकाश र चित्ताकाश चिदाकाशको आश्रयमा प्रकाशित भएर रहेका छन् । चिदाकाशको आश्रयमा इच्छानुसार सृष्टिको रचना गर्नुहोस् । इन्दु ब्राह्मणका पुत्रहरूले तपाईंको कुनै भाग लिएका छैनन् । तपाईं आफ्नो नित्यकर्म गर्नुहोस् ।

ब्रह्माजीले भन्नुभो - हे सूर्य भगवन् ! तपाईंको आज्ञामुताविक म चिदाकाशको आश्रयमा आफ्नो नित्यकर्ममा प्रवृत्त हुन्छु । हे भगवन् ! म पनि तपाईंसित एक प्रार्थना गर्छु कि तपाईं मेरो सृष्टिका मनु प्रजापति बनेर इच्छानुसार सृष्टिको विस्तार गर्नुहोस् । सूर्यले मेरो प्रार्थना स्वीकार गरेर आफूलाई दुई शरीरवाला बनाउनुभयो । एक शरीरले आकाशमा चम्किने सूर्य र अर्को शरीरले स्वायंभुव मनु बन्नुभयो ।

ब्रह्माले भन्नु भो - हे मुनीश्वर वसिष्ठ ! यो जगत् मनको स्फुरणबाट खडा भएको हो, अत एव मनोरूप हो । मनको दुई रूप छ - एक जड र अर्को चेतन । दृश्य मनको जड रूप हो र ब्रह्मा चेतनरूप हो । मन जब दृश्यतिर फुर्छ तब दृश्यरूप बन्छ र जब चेतन भावमा स्थित हुन्छ तब सुवर्णलाई जान्नेपछि भूषणभाव नष्ट भए झैं दृश्यरूप जडभाव नष्ट हुन्छ । जब चित्त जड भावमा फुर्छ तब नाना प्रकारको जगत् दृष्टिगोचर हुन्छ । वास्तवमा ब्रह्मादेखि तृणपर्यन्त सब चेतनरूप हो । जसमा चित्तको अभाव छ त्यसलाई जड भनेको छ । जस्तो काठमा चित्त भास्दैन, प्राणधारीमा चित्त भास्छ, परन्तु स्वरूपमा दुवै समान छ, किनकि सब परमात्माद्वारा प्रकाशित छ । ब्रह्मस्वरूपमा जड र चेतन भन्ने दुई विभाग छैन । प्रमाद दोषले दुई विभागको कल्पना भएको हो, वास्तवमा दुई विभाग छैन । स्वरूपदर्शीको लागि सब एक स्वरूप हो ।

ब्रह्ममा जो चेत्यता फुऱ्यो त्यो नै मन भयो, त्यो मनमा जो चेतन भाग छ त्यो ब्रह्मा हो र जड भाग चाहिं अबोधरूप हो । जब अबोधभाव हुन्छ तब दृश्यभ्रम हुन्छ र जब चेतन भावमा स्थित हुन्छ तब शुद्धरूप हुन्छ । चेतनमात्रमा जो अहंकारको उत्थान हुन्छ त्यो दृश्यरूप हुन्छ । परमार्थमा कुनै भेद छैन । जस्तो सुवर्णमा मिलाउनाले ताम्र धातु सुवर्ण नै हुन्छ, उसको ताम्रभाव रहँदैन त्यस्तै जब मन आत्मामा स्थित हुन्छ तब उसको जडता (दृश्य भाव) रहँदैन । जस्तो सुवर्णलाई अग्निमा शोधन गर्नाले उसको मल नष्ट हुन्छ र शुद्ध सुवर्ण बाँकी रहन्छ त्यस्तै जब चित्त आत्मामा स्थित हुन्छ तब उसको जडभाव जलेर जान्छ र शुद्ध चेतनमात्र शेष रहन्छ । वास्तवमा शुद्ध भन्ने कुरा पनि छैन, किनकि आत्मामा द्वैत नै छैन भने शुद्ध कसरी भन्ने ? जहाँसम्म आत्माको अज्ञान रहन्छ त्यहाँसम्म नाना प्रकार जगत् भास्तछ । जब आत्माको बोध हुन्छ तब जगद्भ्रम नष्ट हुन्छ । यो जगद्भ्रम चित्तमा छ, जस्तो निश्चय चित्तमा हुन्छ त्यस्तै नै भास्तछ । यही कुरालाई बुझाउन अहल्या र इन्द्र ब्राह्मणको दृष्टान्त बताएको हो । जस्तो बालक बेतालको कल्पना गरेर डराउँछ त्यस्तै देहमा अभिमान गर्नाले जीव कष्ट पाउँछ । जसको भावना देहबाट निबृत्त भएर शुद्ध चेतनभावमा प्राप्त हुन्छ त्यसको देहादि जगद्भ्रम शान्त हुन्छ ।

(६८) मनोमाहात्म्य

वसिष्ठले सोध्नु भो - हे ब्रह्मन् ! हजूरले नै भन्नु भएको छ कि शापलाई कसैले टार्न सक्तैन । मैले देखेको छु कि शापले प्रभावित भएर मन पनि जडी भूत हुन्छ । शरीर र मन अनन्यरूप हो । जस्तो वायु र स्पन्दमा, घिउ र चिल्लोमा भेद हुँदैन त्यस्तो मन र जगतमा भेद छैन । त्यसकारण शापद्वारा शरीर प्रभावित भएपछि मन पनि प्रभावित हुनु पर्नेमा किन मनलाई शापले छुँदैन भन्नु भएको ?

उत्तरमा ब्रह्माले भन्नु भयो - हे मुनीश्वर ! पुण्यरूप पुरुषार्थबाट सिद्ध नहुने (कुरा) केही छैन । जगत्को दुइटा शरीर छन् - यौटा मनोरूप शरीर जो चञ्चल् रहन्छ र अर्को आधिभौतिक मांसमय शरीर । मांसमय शरीरले गरेको काम निष्फल हुन्छ, मनोरूप शरीरले गरेको चेष्टा

सफल हुन्छ । मांसमय शरीरमा जसको अहंभाव छ त्यसलाई आधि, ब्याधि र शापले प्रभावित पार्छ । मांसमय शरीर जड, दीन र क्षणविनाशी छ, त्यसका साथ जसको संयोग हुन्छ, त्यो दीन रहन्छ । चित्तरूपी शरीर बडो चञ्चल छ, त्यो कसैको वशमा रहँदैन, उसलाई वश गर्नु महाकठिन छ । जब दृढ वैराग्य र अभ्यास हुन्छ तबमात्र त्यो वशीभूत हुन्छ ।

मन महाचञ्चल छ । यो जगत् मनमा रहेको छ । मनमा जस्तो निश्चय हुन्छ त्यसलाई हटाउन सकिँदैन । हे मुनीश्वर ! जसले चित्तलाई आत्मपदमा स्थापित गरेको छ उसलाई आगोमा हाल्नाले र पानीमा राख्नाले कुनै दुःख हुँदैन किनकि उसको चित्तले शरीरादिक भावलाई ग्रहण गरेको छैन, उसको चित्त केवल आत्मामा स्थित भएको छ । अन्य सब भावलाई त्यागेर जसमा मनको दृढ निश्चय हुन्छ त्यही नै भास्तछ । संसारको कुनै कष्ट र शापले उसको मन चलायमान हुँदैन । कुनै दुःख वा शापले मन विपरीत भावमा प्राप्त भयो भने जान्नू कि दृढरूपले लागेको थिएन, अभ्यासको शिथिलता थियो ।

हे मुनीश्वर ! मनको तीव्रतालाई हल्लाउन कसैको सामर्थ्य छैन, किनकि सृष्टि मानसिक हो । यसकारण चित्तलाई चित्तले नै वश गरेर आत्म पदमा लगाऊ । जब चित्त दृढरूपले आत्मामा स्थित हुन्छ तब जगत्का पदार्थले चलायमान हुँदैन । माण्डव्य ऋषिको चित्त दृढरूपले आत्मामा लागेको थियो त्यसैले शूलीमा चढाउँदा पनि उनलाई दुःख भएन । जस्तो अहल्यामय भएकोले इन्द्र ब्राह्मणको मन चलायमान भएन त्यस्तै आत्मामा स्थिरी भूत मन चलायमान हुँदैन ।

एक दीर्घतपा नामक ऋषि थिए । उनी एकपटक अन्धकूपमा खसे र त्यहीं मनलाई दृढ गरेर मानसिक यज्ञ गरे, त्यसको फलले देवता भएर इन्द्रपुरीमा स्वर्गसुखको भोग गरेर रहे । इन्दु ब्राह्मणका पुत्र साधारण मनुष्य थिए, मनमा ब्रह्माको भावना गर्दा गर्दा दश जना नै ब्रह्मा भएर आ-आफ्नो सृष्टिको रचना गरे जुन सृष्टि मबाट पनि खण्डित हुँदैन । यसबाट बुझिन्छ कि जो दृढ अभ्यास हुन्छ त्यो नष्ट हुँदैन । देवता र महर्षि आदि जो धैर्यवान् थिए र जसको वृत्ति क्षणमात्र पनि चलायमान हुँदैन थियो तिनलाई आधि, व्याधि, ताप, शाप, मन्त्र, पापकर्म आदि जो संसारका क्षोभ र दुःख छन् तिनले स्पर्श गर्दैन थियो । जस्तो कमलको फूलको प्रहारले शिला टुट्तैन त्यस्तै धैर्यवान्लाई संसारको तापले खण्डित गर्न सक्तैन । जो आधि, व्याधिबाट दुःखित हुन्छ भने जान्नू कि त्यो परमार्थ - दर्शनले शून्य छ ।

हे मुनीश्वर ! जो स्वरूपमा सावधान छ उसलाई कुनै दुःखले स्पर्श गर्दैन र स्वप्नमा पनि उसलाई दुःखको अनुभव हुँदैन किनकि उसको चित्त सावधान छ । त्यसकारण तिमी पनि दृढ पुरुषार्थ गरेर मनले मनलाई मार, तब जगद्भ्रम नष्ट हुन्छ ।

(६९) वासनात्याग

वसिष्ठले भन्नुभो - हे राम ! प्रथम ब्रह्माजीले मलाई जो कुरा बताउनु भएको थियो त्यो तिमीलाई बताएँ । प्रथम ब्रह्मा जो अहंशब्दवाच्य छन् उनमा चित्त बन्यो अर्थात् "अहं अस्मि" यस्तो चेतनताको उदय भयो, जब त्यसको दृढता भयो तब मन बन्यो । मनले पञ्चतन्मात्राको कल्पना गर्‍यो । त्यो मन नै तेजोरूप परमेष्ठी ब्रह्मा भनेर कहिन्छ । ब्रह्मा मनोरूप हुन् र मन

नै ब्रह्मारूप हो। उसको रूप संकल्प हो। मनले जस्तो संकल्प गर्छ त्यस्तै बन्छ। ब्रह्माले अविद्या र विद्यारूप शक्तिको कल्पना गरे। अनात्मामा आत्माभिमान गर्नुको नाम हो अविद्या र त्यसको निवृत्ति हो विद्या। ब्रह्माले पहाड, तृण, जल, समुद्र, स्थावर जङ्गम सम्पूर्ण जगत् उत्पन्न गरे। यसरी ब्रह्माको र जगत्को उत्पत्ति बताएँ।

हे राम ! तिमीले प्रश्न गरेका थियौ कि जगत् कसरी उत्पन्न हुन्छ र कसरी मेटिन्छ, त्यो पनि बताउँछु, सुन। जस्तो समुद्रमा तरङ्ग उत्पन्न हुन्छ र समुद्रमा नै लीन हुन्छ त्यस्तै सम्पूर्ण जगत् ब्रह्ममा नै उत्पन्न हुन्छ र ब्रह्ममा नै लीन हुन्छ।

शुद्ध आत्मसत्तामा जो अहम्को उल्लेख भयो त्यो मन हो र त्यही ब्रह्मा हो। उसैले नाना प्रकार जगत् रचेको छ। सर्वत्र त्यही चित्शक्ति (चित्त) फैलिएको छ। चित्त फुरेपछि नानात्व भास्तछ। जीव आत्मस्वरूप नै हो तापनि स्वरूपको प्रमादले संसारमा भट्किरहन्छ। वायुद्वारा रूखको सुकेको पात यताउति चले झैं कर्मरूपी वायुले जीव अधोलोक र ऊर्ध्वलोकमा गमनागमन गर्दै घटीयन्त्र झैं अनेक जन्म ग्रहण गर्दै भट्किरहन्छ। जब कुनै बेला काकतालीवत् सत्संग प्राप्त गर्छ र पुरुषार्थ गर्छ तब मुक्त हुन्छ। ज्ञान प्राप्त नभएसम्म यो जीव कर्मरूपी डोरीले बाँधिएर अनेक जन्म ग्रहण गर्दै घुमिरहन्छ, जब ज्ञान प्राप्त हुन्छ तबमात्र दृश्य भ्रमबाट छुट्तछ। वासना नै हो यस अनन्त संकटको कारण। वासनारूपी जलले जन्मरूपी वेलवृक्ष बढिरहन्छ, ज्ञानरूपी कुठारले त्यसलाई काट्नु पर्छ। जब मनमा वासनाको क्षोभ मेटिन्छ तब मनोरूप बीजबाट शरीररूपी अंकुर उत्पन्न हुँदैन, जस्तो भुटेको बीजमा अंकुरोत्पत्ति हुँदैन त्यस्तै वासनारहित मनले शरीर-धारण गर्दैन।

(७०) सर्वब्रह्मप्रतिपादन

हे रघुनन्दन ! जति पनि भूतजाति छन् ती सब ब्रह्मबाट उत्पन्न भएका हुन्। जस्तो समुद्रबाट उत्पन्न भएका साना ठूला तरंग बुद्बुद सब जलरूप नै हुन् त्यस्तै यो जीव ब्रह्मबाट उत्पन्न हुन्छ र ब्रह्मरूप नै हो। जस्तै सुवर्णबाट उत्पन्न अनेक भूषण सुवर्णदेखि भिन्न होइनन् त्यस्तै ब्रह्मबाट उत्पन्न जगत् ब्रह्मदेखि भिन्न छैन। जस्तो एक आकाश घट मठ उपाधिले घटाकाश मठाकाश बन्छ त्यस्तै संवेदन फुर्नाले जीव बनेको छ। जल नै द्रवतावशात् तरङ्ग र आवर्तरूप भए झैं ब्रह्म नै संवेदनबाट जगत्रूपले भास्तछ। सूर्यको किरणबाट मृगतृष्णाको नदी भासे झैं संवेदनबाट ब्रह्ममा द्रष्टा, दर्शन र दृश्यरूप त्रिपुटी भास्तछ। जस्तो चन्द्रमा र शीतलतामा तथा सूर्य र प्रकाशमा कुनै भेद छैन त्यस्तै ब्रह्म र जगत्मा कुनै भेद छैन। यो जीव ब्रह्मबाट नै उत्पन्न हुन्छ र ब्रह्ममा नै लीन हुन्छ, त्यसकारण ब्रह्मदेखि भिन्न होइन। कोही हजारौं जन्मपछि स्वरूप प्राप्त गर्छन् भने कोही थोरै जन्ममा नै प्राप्त गर्छन्।

(७१) कर्म र मनको एकता

हे राम ! कर्ता र कर्म अभिन्नरूप हुन् । जस्तो फूल र सुगन्ध वृक्षबाट एकैचोटी उत्पन्न हुन्छन् त्यस्तै कर्ता र कर्म एकैचोटी उत्पन्न हुन्छन् । जब जीव सब कल्पनालाई त्यागदछ तब निर्मल ब्रह्मरूप हुन्छ । आकाशमा नीलता भासे झैं आत्मामा जगत्को कल्पना फुर्छ, तर आत्मा सदा आफ्नो अद्वितीय स्वरूपमा नै स्थित छ । जीव ब्रह्मबाट उत्पन्न हुन्छ भन्ने कुरा पनि अज्ञानीलाई बुझाउन मात्र भनिएको हो । वास्तवमा ब्रह्मदेखि भिन्न कुनै दोस्रो वस्तु छैन, अज्ञानीलाई बुझाउन दोस्रो वस्तु स्वीकार गरेर उपदेश गरेको हुँ । वास्तवमा ब्रह्मसत्तामा कुनै कल्पना छैन । ब्रह्म सदा आफ्नो स्वभावमा स्थित छ । अज्ञानीलाई आत्मा र जीवमा अन्तर भास्तछ । ज्ञानी सदा एकरूप देख्छन् । जस्तै वसन्त ऋतु लागेपछि नाना प्रकारका अंकुर उत्पन्न हुन्छन् र अर्को ऋतुमा नष्ट हुन्छन् त्यस्तै चित्त फुर्नाले जीवहरू उत्पन्न हुन्छन् र चित्त अफुर भएपछि नष्ट हुन्छन् ।

हे राम ! मन र कर्ममा कुनै भेद छैन । जस्तो वृक्षबाट पुष्प र सुगन्ध एकैचोटी उत्पन्न हुन्छन् त्यस्तै आत्माबाट मन र कर्म साथसाथै उत्पन्न हुन्छन् र फेरि आत्मामा लीन हुन्छन् । दैत्य, नाग, मनुष्य, देवता आदि जीव आत्माबाट उत्पन्न हुन्छन् र आत्मामा नै लीन हुन्छन् । यिनको कारण अज्ञान हो । आत्माको अज्ञानले जीव संसारमा भट्कन्छ र आत्मज्ञानले संसार भ्रम निवृत्त हुन्छ र जीव मुक्त हुन्छ ।

रामले सोधे - हे गुरुजी ! लोकमा प्रसिद्धि छ कि कर्मानुसार गति हुन्छ । फेरि शास्त्रमा पनि भनेको छ कि जसको शास्त्र प्रमाण अनुसार आचरण हुन्छ त्यसको उत्तम गति हुन्छ । त्यसकारण कर्म र मन एकै हो भन्ने कुरा कसरी सिद्ध होला, सुन्न पाउँ । यसको उत्तरमा गुरु वसिष्ठले भन्नु भो, हे राम ! शुद्ध संविन्मात्र आत्मतत्त्वमा जो संवदेन फुर्छ त्यही नै कर्मको बीज मन हुन्छ र त्यो नै कर्मरूप हो । जस्तो बीज नै फलरूप हुन्छ त्यस्तै मन नै कर्मरूप बन्छ । त्यसकारण मन र कर्ममा भेद छैन । मनमा जो संकल्प उठ्छ त्यही नै कर्मको अंकुर हो भनी ज्ञानवान् भन्नुहुन्छ । जुन कर्म मनको संकल्पबाट भएको छ त्यो सिद्ध हुन्छ, केवल शरीरले गरेको कर्म सिद्ध हुँदैन । त्यसकारण मन र कर्ममा भेद छैन ।

जब चित्तको स्पन्दता मेटिन्छ तब चित्त पनि नष्ट हुन्छ । चित्त नष्ट भए कर्म पनि नष्ट हुन्छ । फेरि कर्मको नाश भए मनको पनि नाश हुन्छ । जो मनबाट मुक्त हुन्छ त्यो नै मुक्त हो । जो मनबाट मुक्त छैन त्यो बन्धनमा नै रहन्छ । मन र कर्ममा एकको नाश भए दुवैको नाश हुन्छ जस्तो अग्निको नाश भए उष्णताको पनि नाश हुन्छ, उष्णताको नाश भए अग्नि पनि नष्ट हुन्छ । चित्त कर्मरूप छ र कर्म चित्तरूप छ, त्यसरकाण यी दुईमा भेद छैन ।

(७२) मनः संज्ञा विचार

मन भन्नु भावनामात्र हो । स्फुरणको नाम भावना हो र स्फुरण नै क्रियारूप हो । मनको जड र अजड रूपको बारेमा सुन्न पाऊँ भन्ने रामको प्रश्नको उत्तर दिँदै वसिष्ठले भन्नु भयो, हे राम ! आत्मा अनन्तरूप छ र सर्वशक्तिमान् छ, उसमा जो संकल्पशक्ति फुर्छ त्यो मन कहिन्छ ।

त्यो मन जड र अजडको बीचमा दोलायमान रहन्छ अर्थात् जडता र चेतनताको मिश्रित रूपको नाम मन हो । मनको स्फुरण नै कर्मको बीज हो । मनको निश्चय जतातिर हुन्छ त्यतैतिर कर्मेन्द्रियको प्रवृत्ति हुन्छ । त्यसकारण मन नै कर्मरूप हो ।

मन, बुद्धि, अहंकार, कर्म, कल्पना, स्मृति, वासना, अविद्या, प्रकृति, माया इत्यादि मनका नै संज्ञा हुन् ।

- शुद्ध संविन्मात्रमा जो स्फुरण भए जस्तो हुन्छ त्यसको नाम मन हो ।
- यो भाव हो र यो अभाव हो यस्तो निश्चय गर्ने निश्चयात्मिका वृत्तिको नाम बुद्धि हो ।
- जो अनात्मामा परिच्छिन्न आतम भावको अभिमान गर्छ त्यसको नाम अहंकार हो । यस्तो मिथ्या अहंवृत्ति बन्धनको कारण हुन्छ ।
- जो पदार्थतिर धाउँछ र बालक झैं अविचारपूर्वक ग्रहण र त्याग गर्छ त्यो चित्त कहिन्छ ।
- वृत्तिको धर्म फुर्नु हो त्यसमा फलको आरोप गरेर प्रवृत्त हुनु र कर्तव्यताको अभिमान फुर्नु कर्म हो ।
- पूर्वकृत कर्मको संस्कारलाई चित्तमा राखेर पछि त्यसको स्मरण गर्नु स्मृति हो ।
- जुन पदार्थको अनुभव भएको थियो र त्यसको संस्कार दृढरूपले हृदयमा रहेको थियो, तद्नुसार चित्त फुर्नुको नाम वासना हो ।
- आत्मा अद्वैतरूप हो उसमा अविद्यमान द्वैत विद्यमान झैं भएर भास्तछ त्यसको नाम अविद्या हो ।
- आफ्नो स्वरूपलाई भुलेर आफ्नो नाशको निमित्त स्पन्द (चेष्टा) गर्नु र शुद्ध आत्मामा विकल्प उठाउनुको नाम मूलाविद्या हो ।
- शब्द, स्पर्श, रूप, रस, गन्ध - यी पाँच विषयको ग्राहक पाँच इन्द्रियलाई देखाएर जसले अद्वैत आत्मतत्त्वमा दृढ जालो रचेको छ त्यस स्पन्दकलाको नाम प्रकृति हो ।
- जो सत्यलाई असत्य र असत्यलाई सत्य झैं देखाउँछ त्यो माया हो ।
- शब्द, स्पर्श, रूप, रस र गन्धको अनुभव गर्नु कर्म हो र जसबाट यी उत्पन्न हुन्छन् त्यो कर्ता कहिन्छ ।
- शुद्ध चेतन सत्य वस्तु कलना झैं असत्यरूपमा प्राप्त हुन्छ, त्यस स्फुरणवृत्तिलाई विपर्यय भनेको छ ।
- जसबाट संकल्पजाल उठ्तछ त्यसलाई जीव भनेको छ । मन, चित्त र बन्ध पनि त्यसैको नाम हो ।

रामले सोधे - मन जड हो कि चेतन हो ? वसिष्ठले भन्नुभो - मन जड होइन र चेतन पनि होइन, जड र चेतनको गाँठोको मध्य भावको नाम मन हो, संकल्प र विकल्पको रूप मन हो । त्यस मनबाट यो जगत् उत्पन्न भएको छ र जड र चेतन दुई भावमा मन दोलायमान रहन्छ

अर्थात् कहिले जड भावतिर जान्छ र कहिले चेतन भावमा आउँछ । शुद्ध चेतनमात्रमा जो स्फुरण भयो त्यसको नाम मन हो र यसको नै मन, बुद्धि चित्त, अहंकार र जीव आदि अनेक संज्ञा भएका छन् । जस्तो यौटा नटुवाको अभिनय अनुसार अनेक संज्ञा हुन्छन् त्यस्तै मनको पनि संकल्पद्वारा अनेक संज्ञा भएका छन् । बिभिन्न मतावलम्बीहरूबाट यी संज्ञाको कल्पना भएको छ तर हामीलाई संज्ञासित कुनै प्रयोजन छैन ।

(७३) चिदाकाशमाहात्म्य

रामले भने - हे भगवन् ! मनले नै यो सारा जगदाडम्बर रचेको छ र सब मनोरूप हो, मन नै कर्मरूप हो - यो कुरा हजूरबाट सुनेर निश्चय भयो, तर यसको अनुभव कसरी हुन्छ, बताउनुहोस् । वसिष्ठले भन्नुभयो, हे राम ! यो मन भन्नु भावनामात्र हो । जस्तो प्रचण्ड सूर्यको किरण मरुस्थलमा जल भएर भास्तछ त्यस्तै आत्माको आभासरूप मन हो । देवता, दैत्य पक्षी, गन्धर्व, नाग, नगर आदि जो भासेको छ त्यो सब मनको विस्ताररूप हो र यी सब तृण-काष्ठसमान तुच्छ हुन् । यिनको विचार गर्नुबाट केही लाभ छैन । यो सब मनले रचेको हो र मन अविचारले सिद्ध छ, विचार गरेपछि नष्ट भइहाल्छ । मन नष्ट भए सर्वसाक्षी, सर्वाश्रय, सर्वव्यापी, सर्वातीत परमात्मा शेष रहन्छ । स्वरूपको प्रमादले मनले जगत्को रचना गरेको छ, त्यसकारण मन र कर्म एकै हो र शरीरको कारण हो । मनबाट नै जन्ममरणादि विकार भासेको छ र मन अविचारले सिद्ध छ, विचारद्वारा लीन भइहाल्छ । मन लीन भए कर्म आदि भ्रम पनि नष्ट हुन्छ । जो यस भ्रमबाट छुटकारा पाउँछ त्यो मुक्त हुन्छ । मुक्त पुरुषको फेरि जन्ममरणादि हुँदैन ।

रामले प्रश्न गरे - हे भगवन् ! हजूरले सात्त्विक, राजस र तामस तीन प्रकारका जीव हुन्छन् भनी बताउनु भएको छ र तिनको कारण सत्य र असत्यरूप मन हो भन्नुभएको छ । अशुद्ध र शुद्धरूप त्यो मन चिन्मात्र तत्त्वबाट उत्पन्न भएर कसरी विचित्र जगत्को रूपमा विस्तार प्राप्त भएको छ, सुन्न पाऊँ । रामको प्रश्नको उत्तर दिंदै वसिष्ठले भन्नुभयो, हे राम ! आकाश तीन प्रकारको छ । (१) चिदाकाश (२) चित्ताकाश र (३) भूताकाश । बोधरूप परमात्मा सर्वभूतमा समानरूपले ब्याप्त भएर रहेको छ त्यो चिदाकाश हो । जसले कारण एवं विकल्परूप भईकन सारा जगत्को विस्तार गरेको छ त्यो चित्ताकाश कहिन्छ । दशै दिशामा फैलिएर पनि जसको स्वरूप विच्छिन्न भएको छैन, जो शून्यरूप हो र वायु आदि भूतको आश्रय हो त्यो भूताकाश कहिन्छ । चित्ताकाश र भूताकाश दुवै चिदाकाशमा आश्रित छन् । चित्ताकाश र भूताकाश चिदाकाशबाट उत्पन्न भएर सबको कारण बनेका छन् । चित्तबाट नै सारा पदार्थ प्रकट हुन्छन् । यसैबाट आकाश पनि उत्पन्न भएको छ ।

यी तीन आकाश अज्ञानीका विषय हुन्, ज्ञानीका विषय होइनन् । अज्ञानीलाई उपदेश दिनको लागि यी तीन आकाशको उल्लेख गरिएको छ । ज्ञानवान्को लागि त सर्वकल्पनारहित परिपूर्ण एक परब्रह्म नै भासित हुन्छ ।

(७४) चित्तोपाख्यान

हे राम ! जो कुछ उत्पन्न भएको छ त्यो सब चित्तबाट नै उत्पन्न भएको छ भनी जान र चित्तको निवृत्तिको लागि यत्न गरेर आत्मपदमा चित्त लगाऊ तब यो जगद्भ्रम नष्ट हुन्छ। यस विषयमा यौटा चित्तको उपाख्यान बताउँछु, सुन। यौटा महाशून्य भयंकर जंगल थियो। त्यसको एक कुनामा हजार हात र हजार आँखा भएको अत्यन्त चञ्चल र ब्याकुल अवस्थामा रहेर दुःख पाइरहेको एकजना मानिस थियो। यौटा हातले अरु अङ्गलाई पिट्थ्यो र त्यसैको पीडाले दगुरिरहन्थ्यो। एकपटक कृष्णपक्षको अन्धकारमय रातमा दौड्दा दौड्दै भयानक अन्धकूपमा गिऱ्यो र धेरै कष्ट पायो। धेरैकालपछि बल्लतल्ल त्यहाबाट निक्लेर काँडैकाँडा भएको कञ्जवनमा घुम्न थाल्यो। त्यहाँ पनि काँडा बिजेर धेरै कष्ट पायो। जस्तै पुतली सुख सम्झेर बत्तीमा प्रवेश गर्छ र नष्ट हुन्छ त्यस्तै सुखरूप ठानेर त्यो जहाँ जान्थ्यो त्यहाँ कष्ट पाउँथ्यो। फेरि त्यस वनबाट निक्लेर आफ्नै हातले आफूलाई पिट्तै धेरै कष्ट पाएर दौड्दा दौड्दै फेरि कुवामा खस्यो। त्यहाँबाट निक्लेर केराको वनमा पुग्यो त्यहाँ केही शान्ति पायो। फेरि त्यहाँबाट पनि निक्लेर आफूले आफैलाई पिट्तै दगुर्दै धेरै कष्ट भोग्यो। यसरी आफूले नै गरेको कामबाट आफैले दुःख कष्ट भोग्दै घुमिरहेको बेलामा त्यसलाई समातेर मैले सोधें - तिमी को हौ, यो के गरिराखेका छौं र के को निमित्त गरेका छौं, किन यो मिथ्या जगत्मा मोहित भएका छौं ? उसले भन्यो- म कोही होइन, न यो केही हो, न मैले केही गरेको छु। तिमी मेरा शत्रु हौ, तिमीलाई देखेपछि मेरो नाश हुन्छ। यति भनेर त्यसले आफ्ना अङ्ग तिर के हेरेको थियो, शिर, हात, छाती र पेटका क्रमले सबै अङ्ग गिरे। वसिष्ठ भन्दै हुनुहुन्छ - त्यसपछि जब म अगाडि बढ्दै गएँ तब अर्को मानिस पनि त्यसै गरी आफूले आफैलाई पिटेर दुःख पाइरहेको देखें। मलाई देखेर खुसी हुँदै हाँसेर मेरो नजीकमा आयो। मैले पूर्ववत् प्रश्न गरें। मलाई हेर्दाहेर्दै त्यसका सबै अङ्ग गिरे। त्यो कष्टवान् र हर्षवान् पनि भयो। फेरि अगाडि जाँदा त्यस्तै मानिसलाई देखेर पूर्ववत् प्रश्न गरें, तर मलाई नचिनेर त्यो मूर्ख टाढैबाट भाग्यो र आफ्नो काम गर्न थाल्यो। जाँदाजाँदा फेरि अर्को त्यस्तै मानिसलाई देखें। तिनीहरूमध्ये जो जो मेरो नजीकमा आउँथे तिनको दुःख कष्ट दूर भएर आनन्द प्राप्त हुन्थ्यो, जो मेरो समीपमा आउँदैन थियो त्यो दुःख कष्ट पाएर त्यही वनमा त्यही हालतमा रहन्थ्यो।

वसिष्ठले भन्नुभयो - हे राम ! त्यो वन तिमीले पनि देखेका छौं, तर त्यस व्यवहारमा तिमी परेका छैनौं र त्यस जंगलमा जान योग्य पनि तिमी छैनौ। तिमी बालक नै छौं, त्यस जंगलमा गए धेरै दुःख कष्ट पाइन्छ।

(७५) चित्तोपाख्यान समाप्ति

रामले सोधे - हे वसिष्ठ गुरु ! त्यो जंगल कुन हो र कहाँ छ, मैले कहिले देखें, ती मानिस आफ्नो नाशको निमित्त के के काम गर्थे, बताउनुहोस्। वसिष्ठले भन्नुभयो, हे राम ! त्यो जंगल र त्यो मानिस टाढा छैन। यो गम्भीर विशाल संसार नै शून्य जंगल हो। त्यहाँ रहने मानिस भनेको मन हो। ती मानिस दुःखरूपी चेष्टा गर्छन्। विवेकज्ञानरूपी म तिनीहरूलाई समात्तथें र जो मेरो नजीकमा आउँथे ती मेरो ज्ञान पाएर प्रफुल्लित हुन्थे र शान्त पद प्राप्त गरेर आनन्दित

हुन्थे। जो मेरो निकटमा आउँदैनथे र मलाई आदर गर्दैनथे तिनीहरू मोहमा परेर दु:ख कष्टमा नै रहन्थे।

जति पनि विषयका अभिलाषा छन् ती त्यस मनका अङ्ग हुन्। हातले प्रहार गर्नु भनेको सकाम कर्म गर्नु हो। सकाम कर्मले संसारमा (जंगलमा) दौड्दा दौड्दै मृतक हुन्छन्। अन्धकूपमा गिर्नु भनेको विवेकेको त्याग हो। यसरी ती अविवेकी पुरुष आफूले आफैलाई प्रहार गर्दै संसाररूपी जंगलमा भट्कन्छन्। अभिलाषारूपी सहस्रअङ्गले घेरिएर मर्छन् र नरकरूपी कूपमा पर्छन्। त्यहाँबाट निक्लेर जब पुण्य कर्म गर्छन् तब कदलीवनरूपी स्वर्गमा गएर केही सुख र शान्ति पाउँछन्। स्त्री, पुत्र, कलत्र आदि जो कुटुम्ब छन् ती दु:खदायी काँटादार कन्ज वन हुन्।

गृहस्थाश्रम महादु:खरूप कन्जवन जस्तै हो। यी मनुष्य यस्ता मूर्ख छन् कि आफ्नै नाशको लागि दु:खरूप कर्म गर्छन्। तिनमा जो विहित कर्म गरेर विवेकको निकट आउँछन् ती शुभाशुभ कर्मबन्धनबाट मुक्त भएर परमपद प्राप्त गर्दछन् र जो विवेकलाई आदर गर्दैनन् तिनीहरू टाढा टाढा संसारमा भट्कन्छन्।

जो मनोरूप पुरुष विवेकरूप मलाई देखेर तिमी हाम्रा शत्रु हौं भनेर रोदन गर्छन् त्यसको कारण यो हो कि मूर्खको लागि विषयको त्याग कष्टकर हो। मूर्खको विषयमा प्रीति हुन्छ। तिनीहरू विवेकलाई देखेपछि विषय छोड्नु पर्ला भनेर रोदन गर्छन्, यस्तालाई अर्ध प्रबुद्ध भनेको छ। अर्ध प्रबुद्ध मनिस अभिलाषारूपी अङ्गले दु:ख पाएको रहेछु भन्ने जानेर जब विवेकको नजीकमा जान्छ तब सारा इच्छालाई छोडेर ज्ञान प्राप्त गरीकन अज्ञानलाई नष्ट गर्छ तब तुष्टिमान् भएर हाँस्न लाग्छ। त्यसकारण हे राम ! तिमी पनि संसारको वासनालाई त्यागेर आनन्दवान् होऊ। जब यसरी विवेक प्राप्त गरेर चित्त परम पदमा विश्रामलाभ गर्छ तब ऊ पहिलेका दीनहीन चेष्टा सम्झेर हाँस्न थाल्दछ।

हे राम ! म विवेकरूप हुँ। मलाई पाएपछि चित्तरूपी पुरुषका दुर्वासनारूपी सारा अङ्ग गलेर जान्छन्, र चित्त पनि नष्ट हुन्छ, उसको अहंकारले निर्वाणपद देख्छ अर्थात् ब्रह्मस्वरूपमा लीन हुन्छ। वासना नै हो बन्धनको कारण।

हे राम ! तिमी शास्त्र र सज्जनले भनेको कुरामा दृढ आदर गर। जब अभ्यासले तिम्रो चित्त स्वस्थ हुन्छ तब तिमीलाई कुनै शोक हुनेछैन। चित्त आत्मपदमा स्थित भएपछि रागद्वेषले चलायमान हुँदैन र तुच्छ अहंकार पनि नष्ट हुन्छ, अनि सर्वत्र आत्मा नै भासमान हुन्छ।

जबसम्म आत्मज्ञान प्राप्त हुँदैन तबसम्म शास्त्रानुसार आचरणको पालना गर्नुपर्छ। शास्त्रको अर्थमा अभ्यास गरेर मनलाई रागद्वेषादिले रहित तुल्याउनु पर्छ, तब पाउन योग्य पद पाएर शोकरहित हुन्छ र शान्तरूप हुन्छ। आत्मतत्त्वको प्रमादले गर्दा सारा दु:ख अशान्ति बढेको हो। जब आत्मपद प्राप्त हुन्छ तब सारा दु:ख कष्ट नष्ट हुन्छन्।

(७६) चित्तचिकित्सा

वष्ठिले भन्नुभयो, हे राम ! यो चित्त परब्रह्मबाट उत्पन्न भएको छ त्यसकारण आत्मरूप हो र आत्मरूप होइन पनि । जस्तो तरङ्ग समुद्रदेखि भिन्न होइन र भिन्न हो पनि त्यस्तै चित्त हो । जो ज्ञानवान् छ उसको लागि चित्त ब्रह्मरूप नै हो, जस्तो जसलाई जलको ज्ञान छ उसको तरङ्ग पनि जलरूप नै भास्तछ र जो ज्ञानरहित छ उसको लागि तरङ्ग भिन्नरूपले भास्तछ त्यस्तै अज्ञानीको लागि भिन्न भिन्न जगत् भास्तछ र ज्ञानवान्को लागि केवल ब्रह्मसत्ता नै भास्तछ । ज्ञानरहित मानिसको लागि उसको मन संसार भ्रमको कारण हुन्छ ।

ज्ञानवान् अज्ञानीलाई उपदेश दिनको लागि भेदकल्पना गर्नुहुन्छ, उहाँको आफ्नो दृष्टिमा सर्व ब्रह्म नै भासित हुन्छ । मन आदि पनि उनको लागि भिन्न होइन । मन भन्नु ब्रह्मको शक्तिरूप हो, त्यसैले अभिन्न हो, सर्वशक्तिसम्पन्न अविनाशी परब्रह्म सर्वत्र पूर्णरूपले विराजमान छ र सम्पूर्ण जगत् ब्रह्मसत्तामा नै आधारित छ । ब्रह्ममा जसको जस्तो रुचि हुन्छ त्यही शक्ति प्रत्यक्ष हुन्छ जस्तै जीवमा चेतनता, वायुमा स्पन्दता, पत्थरमा जडता, जलमा द्रवता, अग्निमा उष्णता, वीरमा वीरता आदि सब ब्रह्मको नै शक्तिरूप हुन् । जस्तो बीजको भित्र शाखा, पत्र, पुष्प, फल आदिले सम्पन्न विशाल बृक्ष अटेको छ त्यस्तै ब्रह्ममा जीव, मन, चित्त आदि सब कुछ स्थित छ ।

मन, चित्त, भन्नु ब्रह्मको नै शक्तिरूप हो, त्यसैले ब्रह्मदेखि भिन्न होइन, मनले नै अनेक दृश्यको कल्पना गरेको छ । इन्दु ब्रह्मणका पुत्रहरूको झैं मन जुन कुरामा दृढ हुन्छ त्यही कुरा भासित हुन्छ । जस्तो समुद्रमा द्रवतावशात् तरङ्ग, चक्र आदि भास्तछ त्यस्तै शुद्ध चिन्मात्रमा जीव फुर्दछ र नाना प्रकार जगत् भासित हुन्छ, परन्तु केही उत्पन्न भएको छैन, केवल ब्रह्म नै आफू आफैमा स्थित छ । डोरीमा सर्प भासे झैं अज्ञानले अवस्तु पनि वस्तुरूप भएर भास्तछ । जस्तो डोंरीको ज्ञान भए सर्प भास्तैन त्यस्तो ज्ञानवान्को बन्ध, मोक्ष आदि कल्पना हुँदैन, मूर्खको बन्ध मोक्षादि कल्पना भास्तछ । आदि परमात्माबाट उत्पन्न भएर मनले बन्धमोक्षादि कल्पना गरेको छ र दृश्य प्रपञ्च रचेको छ । बालकको लागि असत्य कथा रुचिकर भएझैं मूर्खको लागि यो दृश्य प्रपञ्च रुचिकर हुन्छ अर्थात् विचाररहित मानिसको लागि यो जगत् सत्य भास्तछ ।

(७७) बालकाख्यायिका

बालकको कथा सुन्न पाऊँ भनी रामले बिन्ती गरेपछि वसिष्ठले भन्नुभो - हे रामचन्द्र ! यौटा मूर्ख बालकले राति सुत्ने बेलामा धाई आमासित भन्यो - यौटा अपूर्व कथा सुनाउनुहोस् । धाईले भनी - एकादेशमा एक ठूलो शून्य नगर थियो । त्यहाँ एक राजा रहन्थे । तिनका तीनजना छोरा थिए, तिनमा दुइटा जन्मेकै थिएनन् र यौटा गर्भमा नै बसेको थिएन । ती तीनोटा राजकुमार एकपटक द्रव्यार्जन गर्न भनी घरबाट निस्केर हिंडे । हिंड्दा हिंड्दा थकाई लाग्यो, कोमल पाउमा काँढा बिझ्यो । घामले मुख पनि मलिन भयो । आगाडि तीनोटा रूख देखिए । तिनमा दुइटा उम्रेकै थिएनन् र यौटाको बीज नै रोपिएको थिएन । एक एक बृक्षको छहारीमा बसेर थकाइ मारे, त्यहाँ भएका फलहरू खाए र फेरि बाटो लागे, मध्यान्हको गर्मीले सतायो । अगाडि तीनोटा नदी देखिए । तिनमा दुइटामा पानी थिएन र यौटा सुख्खा थियो । त्यस नदीमा धेरैबेरसम्म जलक्रीडा

गरे, ठण्डा जल पिए । फेरि बाटो लागे । जाँदा जाँदा घाम अस्ताउने बेलामा तिनीहरूले भविष्यत् नगरमा पुगेर यौटा भव्य महल देखे जो निराकाररूप थियो । त्यस महल भित्र पसेर हेरे । त्यहाँ स्त्रीहरू र नोकर चाकर थिए । त्यहाँ ब्राह्मणहरूलाई भोजन गराएर आफूले पनि भोजन गर्ने इच्छा भयो र भोजन बनाउन तीनोटा सुनका भाँडा मगाए । ती तीनोटा भाँडामध्ये दुइटाको पींध थिएन र यौटा चूर्णरूप थियो । ती भाँडामा भोजन बनाएर देह नभएका ब्रह्मा र मुख नभएका ऋषिहरूलाई भोजन गराएर आफूले पनि भोजन गरे । यस्ता प्रकारले ती राजकुमारहरू त्यहाँ सुखपूर्वक रहे । धाईले भनी - हे पुत्र ! यो रमणीय कथा तिमीलाई भनें, यसलाई मनमा धारण गर्‍यौ भने तिमी पण्डित हुनेछौ ।

वसिष्ठले भन्नुभयो, हे राम ! बालकको मनमा त्यो कथा सत्य जस्तो प्रतीत भयो । वास्तवमा त्यस कथाको रूप संकल्पमात्र थियो, त्यस्तै यो जगत् संकल्पमात्र हो, अज्ञानले हृदयमा स्थिर भएर बसेको छ, भ्रमले गर्दा यसमा आस्था हुन्छ । बन्ध मोक्ष पनि कल्पनामात्र हो । शुद्ध आत्मा निष्किञ्चनरूप हो, संकल्पले किञ्चनरूप भएर भास्तछ । यो जगत् संकल्पबाट उत्पन्न भएर विस्तार प्राप्त भएको छ, त्यसैले यो चिद्विलास हो अर्थात् चित्को स्फुरणबाट भास्तछ, हे राम ! संकल्परूप मललाई त्यागेर निर्विकल्प आत्मतत्त्वको आश्रय लेऊ । आत्मस्वरूपमा स्थिंत भएपछि परम शान्ति प्राप्त हुन्छ ।

(७८) मनोनिर्वाण

वसिष्ठले भन्नुभो, हे राम ! मूढ अज्ञानी मानिस आफ्नै संकल्पद्वारा आफू नै मोहमा प्राप्त हुन्छ र पण्डित मोहमा पर्दैन । जस्तो बालक आफ्नो छायाँमा पिशाचको कल्पना गरेर भयभीत हुन्छ त्यस्तो मूर्ख आफ्नो कल्पनाले आफैं दुःखी हुन्छ ।

रामले सोधे - संकल्प के हो र छायाँ के हो ? उत्तरमा वसिष्ठले भन्नुभो, हे राम ! यो पाञ्च भौतिक शरीर नै छायाँ हो किनकि यो आफ्नै कल्पनाले रचेको छ । अहंकार पिशाच हो । जस्तो मिथ्या छायाँमा पिशाचको कल्पना गरेर मानिस डराउँछ त्यस्तो देहमा अहंकारको उदय भएपछि खेद प्राप्त हुन्छ । वास्तवमा परमात्मा नै सर्वत्र विद्यमान छ, त्यसमा अहं भन्ने कुनै वस्तु छैन । जस्तो मिथ्यादर्शीको लागि मरुस्थलमा जल भास्तछ त्यस्तो भ्रमले अहंबुद्धिको कल्पना हुन्छ । जस्तो मणिको प्रकाश मणिदेखि भिन्न होइन त्यस्तो आत्मामा जो जगत् भासेको छ त्यो आत्मादेखि भिन्न छैन । जस्तो जलमा द्रवताले चक्र, तरङ्ग भास्तछ त्यो जलरूप नै हो त्यस्तो आत्मामा चित्तद्वारा जो नानात्व भासेको छ त्यो आत्मादेखि भिन्न होइन । असम्यक् दर्शनबाट नानात्व भासेको छ । त्यसकारण असभ्यक् दृष्टिलाई त्यागेर आनन्दरूप आत्माको आश्रय लेऊ, मोहमा न फस, यो मिथ्या जगदाडम्बरलाई त्याग गर, शुद्धबुद्धिलाई ग्रहण गरेर विचार परायण होऊ । विचारद्वारा सत्यको ग्रहण र असत्यको त्याग गर ।

आत्मामा न बन्ध छ, न मोक्ष छ । आत्मतत्त्व अनन्त, निर्विकार, अच्छेद्य, निराकार र अद्वैतरूप छ, उसमा बन्ध आदि विकारको कल्पना कसरी होला ? जस्तो तुसारोले कमलको नाश

भए भ्रमरो नष्ट हुँदैन, मेघको नाश भए वायु नष्ट हुँदैन त्यस्तो देहको नाश भए आत्माको नाश हुँदैन ।

हे राम ! शरीर नष्ट भए तिमी नष्ट हुँदैनौ । तिमी किन व्यर्थ मिथ्या शोक गर्छौ ? तिमी त नित्य, शुद्ध, शान्त आत्मा हौ । यो जो संकल्परूप वासनाले तिमीमा जन्म, मरण आदि भास्तछ त्यो भ्रममात्र हो । त्यसकारण वासनालाई त्याग गर र शुद्ध चिदाकाशमा स्थित होऊ । जस्तो गरुड पक्षी अण्डा त्यागेर आकाशमा उड्छ त्यस्तो तिमी वासना त्यागेर चिदाकाशमा बस ।

हे राम ! संकल्परूपी आवरणलाई हटाऊ तबमात्र आत्मतत्त्व प्रकाशित हुन्छ । संकल्प विकल्प नै आत्मामा आवरण हो । मनको नाशमा बडो आनन्द हुन्छ, मनको उदय भए महान् अनर्थ हुन्छ । त्यसकारण मनलाई नाश गर्ने यत्न गर । मनलाई पुष्ट गर्ने यत्न नगर । मनरूपी किसानले जगतरूपी वन रचेको छ, त्यसमा सुख दुःखरूपी वृक्ष लागेका छन्, त्यहाँ मनरूपी सर्प बसेको छ । जो अविवेकी छ त्यसलाई त्यो सर्पले ग्रास गर्छ । यो मन नै हो परमदुःखको कारण । त्यसकारण, वैराग्य र अभ्यासरूपी खड्गले यो मनरूपी शत्रुलाई मार, तब मात्मपद प्राप्त हुन्छ । वाल्मीकिले भने - हे भारद्वाज ! वसिष्ठले यति भनेपछि सायंकाल प्राप्त भयो । परस्परमा नमस्कार गरेर श्रोताहरू आ-आफ्ना निवासतिर लागे र भोलिपल्ट सूर्योदय भएपछि उपस्थित भएर आ-आफ्नो ठाउँमा बसे ।

(७९) चित्तमाहात्म्य

समुद्रमा जलकणा उत्पन्न भए झैं परमात्माबाट मन उत्पन्न भएको छ । मनले नै विशाल जगत्को रचना गरेको छ । मन यति शक्तिशाली छ कि जो छोटोलाई लामो र लामोलाई छोटो बनाइदिन्छ, जो आफ्नो रूप हो उसलाई अर्को जस्तो र जो अर्को हो त्यसाई आफू जस्तो देखाइदिन्छ अर्थात् आत्मालाई अनात्मभावमा र अनात्मालाई आत्मभावमा प्राप्त गराउँछ । यो भ्रान्तिरूप मन नजीकको वस्तुलाई टाढा र टाढाको वस्तुलाई नजीक देखाइदिन्छ जस्तो स्वप्नमा नजीकको वस्तु टाढा र टाढाको वस्तु नजीक भास्तछ । यो मन एक निमेषमा विचित्र संसार उत्पन्न गर्छ र एक निमेषमा लीन गर्छ । जोकुछ स्थावर - जङ्गमरूप जगत् भास्तछ त्यो सब मनबाट नै उत्पन्न हुन्छ । मनमा जस्तो स्फुरण दृढ हुन्छ त्यस्तै नै भास्तछ । चञ्चल मनमा जस्तो निश्चय हुन्छ त्यही अनुसार इन्द्रियहरू सक्रिय हुन्छन् ।

जो मनबाट चेष्टा हुन्छ, त्यो नै सफल हुन्छ, मन विना शरीरको चेष्टा सफल हुँदैन । जस्तै वेलको बीज जस्तो छ त्यस्तो नै त्यसको फल लाग्छ त्यस्तै मनमा जो निश्चय हुन्छ त्यही नै सफल हुन्छ । वालक माटोबाट नाना प्रकार सेनाको रचना गर्छ त्यो माटोदेखि भिन्न होइन त्यस्तै आत्मामा मनले नाना प्रकार जगत्को रचना गरेको छ त्यो आत्मादेखि भिन्न होइन, कर्ता, कर्म, क्रिया, द्रष्टा, दर्शन, दृश्य सब मनको नै फैलावट हो । जस्तो सुवर्णबाट नाना प्रकार भूषण बन्दछन्, सुवर्णको ज्ञान नभए भूषण भाव भास्तछ, सुवर्णको ज्ञान भए सबै भूषण सुवर्ण नै भास्तछ त्यस्तै आत्माको प्रमादबाट द्वैत जगत् भास्तछ । जब आत्मज्ञान हुन्छ तब सब भ्रम मेटिन्छ ।

(८०) इन्द्रजालोपाख्यान

वसिष्ठले भन्नुभो, हे राम ! यो जगत् इन्द्रजाल जस्तै हो । मनोरूप इन्द्रजालीमा यो जगत् रहेको छ, यसबारे एक इतिहास सुन । पृथिवीमा उत्तरपाद नाम भएको एक रमणीय देश थियो । वन, उपवनको हरियालीले देशको शोभा बढाइरहेको थियो । त्यहाँ लवण नाम गरेका हरिश्चन्द्रका कुलमा उत्पन्न बडा तेजस्वी धर्मात्मा राजा थिए । एकदिन दिनको अन्तिम याममा राजा सभामा बसेका थिए । मण्डलेश्वर, मन्त्रीहरू र अन्य सभासदहरू खचाखच थिए । भाटहरू राजाको वीर गाथा गाइरहेका थिए । त्यहीबेला एक इन्द्रजालीले सभामा प्रवेश गरेर एउटा चटक देखाउन बिन्ती गर्‍यो । राजाको अनुमति पाएर उसले पेटारोबाट यौटा मयूरको प्वाँख झिकेर घुमाउन थाल्यो । त्यहीबेला मण्डलेश्वरको एक दूतले राजालाई यौटा तेजस्वी घोडा उपहार चढायो । घोडा देखेर दुई मुहूर्तसम्म राजा मूर्छित भए । केही गम्भीर सोचाइ होला भन्ने ठानेर मन्त्रीहरूले राजालाई जगाएनन् ।

(८१) राजप्रबोध

दुई मुहूर्तपछि राजा बिउँझे, विस्तारै हात गोडा चले, मन्त्रीहरूले समाते, क्रमशः अङ्ग चलाउँदै गएर पूर्ण होसमा आएपछि राजाले भने - यो पापी इन्द्रजालीले के के देखायो के के । यो त साम्बर दैत्य जस्तै नामी इन्द्रजाली रहेछ । यसले मलाई एक मुर्हूतमा नाना भ्रम देखायो, मानौं सारा सृष्टि यसको पेटारो भित्र छ ।

(८२) चाण्डाली विवाह

राजा भन्न लागे - म यस पृथिवीको राजा हुँ, सर्वत्र मेरो आज्ञा चल्दछ । देवताहरूलाई वरिपरि राखेर बसेका स्वर्गका अधिपति इन्द्र झैं म मण्डलेश्वर, मन्त्री र भृत्यहरूलाई वरिपरि राखेर सिंहासनमा विराजमान भएर रहेको छु । यसबेला महान्‌भ्रम देख्नमा आयो । जब इन्द्रजालीले पेटारीबाट झिकेर मयूरको प्वाँख घुमायो, मैले त विचित्रको इन्द्रधनु जस्तो देखें । त्यसैबेला राजदूतले घोडा उपहार चढायो, घोडा अत्यन्त फूर्तिलो थियो । नयाँ घोडा चढेर हेर्नु पर्‍यो भनेर के चढेथें, घोडाले बुरकुसी ठोकिहाल्यो । वायुवेगले दौडेको छ, रोक्न खोज्छु रोकिंदैन । कहिले मैदानमा दगुर्थ्यो भने कहिले घोर जंगलमा । ज्यादै थकाई लागको थियो । जाँदा जाँदा यौटा जामुनाको हाँगामा समातेर घोडालाई छोडिदिएँ । घोडा दौडेको दौडियै बेपत्ता भयो । त्यही रूख मुनि बसेर रात बिताएँ । सूर्योदय भएपछि यताउति हेरें, चरा कराएको पनि सुनिंदैन । सुनसान जंगल थियो । जाँदा जाँदा चराहरूको आवाज सुनियो, अब मानिसको बस्ती आउँछ होला भन्ने ठानेर अगाडि बढ्दै थिएँ । माटाको भाँडोमा भात र जामुनाको रस लिएर यौटी यौवनावस्थामा पदार्पण गरेकी केटी आइरहेकी थिई । पेटमा आगो बलेको बेलामा भात देख्दा जिभ्रो रसाएर आयो । केटीलाई भनें - मलाई भोकले ज्यादै सताएको छ, त्यो भात मलाई खान देऊ, नत्र मेरो

प्राण रहँदैन । एक दुईपटक त केटीले नकारात्मक जवाफ दिई, ज्यादै अनुरोध गर्दा केटीले भनी - म चाण्डालकन्या हुँ । मेरा पिता मसानवासी बेताल झैं धुलोले धुस्रो फुस्रो भएर खेत जोतिरहेका छन् । उनको निमित्त ल्याएको यो भोजन । यसो हेर्दा उज्वल मुखमण्डल देखेर केटीले भनी - विना शर्त हामीहरू केही दिदैनौं । मलाई विवाह गर्छौ भने आधा भात दिन्छु । राजाले हुन्छ भनी अनुमोदन गरे । आपत्कालमा जात भात र कुलको विचार हुँदैन । आधा भात र जामुनाको रस खाएर प्राण धानियो । बाँकी भात लिएर केटी खेतमा पुगी साथमा आएका को हुन् ? चाण्डलले सोध्यो । यिनलाई ज्वाईं भनी जान्नुहोस् । यिनका साथ मेरो विवाह हुने भयो । चाण्डालले भन्यो - बडो राम्रो कुरा । घरमा लगेर राम्ररी राख, म पनि काम सकेर आउँछु । मलाई लिएर केटी घरमा पुगी र आमालाई भनी - यी तपाईंका ज्वाईं हुन् । यिनका साथ मेरो विवाह हुने भयो । राजा जस्तो ज्वाईं पाउँदा चाण्डाली ज्यादै प्रसन्न भई । चाण्डालीले दिएको भोजन गरेर बसें । विवाहको दिन तय भयो । धूमधामकासाथ उनीहरू कै रीतिरिवाज अनुसार विवाह सम्पन्न भयो ।

(८३) अनिकालको सामना

राजाले भन्दै गए - हे सभासद्गण ! धेरै के भनौं, सात दिनसम्म विवाहको उत्सव भयो । चाण्डाल कन्यासँग विवाह गरेको हुनाले म पनि चाण्डल बनें । आठ महिना त्यहाँ बसेर फेरि अर्को ठाउँमा सपत्नीक भएर बसें । चाण्डालीबाट क्रमश : तीन छोरा र तीन छोरी जन्मे । जस्तो पक्षी जालमा पर्छ त्यस्तै म पनि परिवारको बन्धनमा परें । यहाँ रेशमका कपडा लगाउँदा पनि बिझाउँथ्यो । त्यहाँ रगत लागेका थोत्रा कपडाको सिरानी गरेर सुत्नु पर्थ्यो । कहिले धूपमा भारी बोकेर खुला पयरले हिंड्नु पर्थ्यो । वन्य जन्तु कुकूर, हात्ती जे पाइन्थ्यो मारेर तिनको मासुको भोजन गर्नुपर्थ्यो । यस्तै प्रकारले दिन बित्तै गए । काल-क्रमले वृद्धावस्था प्राप्त भयो । कपालका रौं सेतै भएर फुले । शरीर दुब्ला पतला भयो । परिवारमा माया तृष्णा भने बढ्दै गयो । यस्तैमा एक पटक सुखा परेर अन्न जल केही नपाइने भयो । ठूलो अनिकाल पऱ्यो । मानिसहरू त्यो ठाउँ छोडेर जहाँ अन्न जल पाइन्छ भन्ने सुनिन्थ्यो त्यतैतिर लागे । हामी पनि सपरिवार त्यतैतिर लाग्यौं, खान नपाएर कति बाटैमा मरे । म पनि ६ जना छोरा छोरी र पत्नीलाई साथमा लिएर बाटो लागें । बाटोमा अन्न जलको अभावमा ज्यादै कष्ट भोग्नु पऱ्यो । ज्यादा कष्ट भए पछि स्नेह पनि टुट्ने रहेछ । छोरो बाबुलाई हेर्दैन र बाबु छोरालाई हेर्दैन । सब आफ्नो जिउ बचाउन दौडिरहेका छन् ।

(८४) शाम्बरोपाख्यानसमाप्ति

खान नपाएर कतिको ज्यान बाटैमा समाप्त भयो, मेरो पनि तीन छोरीहरू बाटैमा बिते । दुइटा छोरालाई आमाले र कान्छोलाई मैले लिएर हिंड्दै थियौं । यौटा रूखमुनि दुइटा छोराका साथ पत्नी घुप्लुक्क परी। म पनि कान्छोलाई लिएर अलि पर रूख मुनि पल्टिएको थिएँ । कान्छो छोरो ज्यादै प्यारो थियो । उसले भन्यो - बा ! भोकले मर्न आँटें, कतैबाट मासु र रगत ल्याएर खान दिनुहोस् । मैले भनें - मेरो मासु खान्छस् त ? दुर्बद्धि बालकले खान्छु भन्यो । अनि

दाउरा ल्याएर आगो बालेर भनें - म यो आगोमा पस्छु, पाकेपछि मेरो शरीरको मासु खा । यति भनेर के आगोमा पसें, तब आगोले पोल्दा शरीर कम्पायमान भयो र यस सिंहासनमा बिउँझें र जयजयाकार ध्वनि सुनें । मार्कण्डेय ऋषिले आफूले प्रलय देखेको कथा देवतालाई बताए झैं आफूले भोगेको बृत्तान्त तपाईंहरूलाई बताएँ । यसरी मैले प्रत्यक्ष भ्रम देखें । बडो आश्चर्य छ कि म जस्तो विवेकवान् राजालाई पनि इन्द्रजालीले मोहित तुल्यायो भने सामान्य जीवको त के कुरा ।

वसिष्ठले भन्नुभो, हे रामचन्द्र ! राजाले आफ्नो बृत्तान्त बताइसकेपछि त्यो साम्बरिक अन्तर्ध्यान भयो । राजाका कुरा सुनेर सभासद्हरू आश्चर्य मानेर परस्पर मुखामुख गर्न थाले । कसैले भने - यो साम्बरिक सामान्य इन्द्रजाली होइन । सामान्य इन्द्रजाली त पैसाको लोभमा चटक देखाउँछन् । यसले त पैसा माग्ने कुरै गरेन । यो बृत्तान्त राजाको मुखबाट मैले पनि प्रत्यक्ष सुनेको हुँ । म पनि त्यही सभामा थिएँ ।

वसिष्ठले भन्नुभो, हे राम ! यो अणुरूप मन महामोह र अविद्या हो । यो फुरेपछि अनेक प्रकारको मोह देखिन्छ । जब मन शान्त हुन्छ तबमात्र जीवको कल्याण हुन्छ । त्यसकारण मनमा जो कल्पना उठ्छ त्यसलाई त्यागेर मनलाई आत्मपदमा स्थापित गर ।

(८५) चित्तवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! जब शुद्ध परमात्माबाट चित्त या सम्वेदन फुर्छ तब त्यो चित्त नै कलनारूप भएर स्थित हुन्छ । त्यही चित्तबाट दृश्य जगत् सत्य भएर भास्तछ । आत्मस्वरूपको प्रमादले जीव मोहमा पर्छ र चित्त फुर्नाले चिरकाल पर्यन्त संसारमा मग्न हुन्छ । त्यो मन असत्यरूप हो, मनमा नै सम्पूर्ण जगत्को विस्तार भएको छ र जसबाट अनेक दु:ख प्राप्त हुन्छ । मन जब सांसारिक वासनालाई त्यागेर आत्मपदमा स्थित हुन्छ तब सूर्योदय भएपछि अन्धकार नष्ट भए झैं एकै क्षणमा सबै दु:ख नष्ट हुन्छन् ।

हे राम ! अभ्यासबाट प्राप्त नहुने कुरा केही छैन । आत्मपदको अभ्यास भए आत्मपद सजिलोसित नै प्राप्त भइहाल्छ । आत्मपदको अभ्यास जब दृढ हुन्छ तब आत्मा नजीकमा र संसार टाढा भास्तछ । जब जगत्को अभ्यास दृढ हुन्छ तब जगत् नजीकमा आउँछ र आत्मा टाढा हुन्छ ।

हे राम ! वासनाले सहित भएको मलिन मनमा नाना प्रकारको संसार भ्रम उठिरहन्छ र जब वासना त्यागेर मन आत्पदमा स्थित हुन्छ तब संसार भ्रम मेटिइहाल्छ । मनको निश्चयले नै मित्र शत्रु बन्छ र शत्रु मित्र हुन्छ, अमृत विष हुन्छ र विष अमृत हुन्छ । जाग्रत्का पदार्थ, देश, काल, क्रिया सब मनबाट नै भास्तछन् । वासना नै हो आत्मपदको आवरण । ज्ञानरूपी हरिण वासनारूपी जालमा फसेर संसाररूपी जंगलमा भट्किरहेको छ । जसले विचारद्वारा वासना नष्ट गर्‍यो त्यसको लागि परमात्मा प्रकाशित हुन्छ, अर्थात् वासनारहित चित्तमा आत्मा प्रकाशित हुन्छ ।

मन नै मनुष्य हो, देह मनुष्य होइन । देह जड छ र मन जड र चेतनदेखि विलक्षण छ । मनले गरेको कार्य सफल हुन्छ । मनले जो दिइन्छ र लिइन्छ त्यो दिएको लिएको हुन्छ । देहले दिएको भने पनि मनले नै दिएको ठहरिन्छ । यो सम्पूर्ण जगत् मनोरूप हो । मन नै आकाश आदि

महाभूत हो र मनबाट नै सूर्यादिको प्रकाश हुन्छ । मनबाट नै शब्द, स्पर्श, रूप, रस र गन्धको ग्रहण हुन्छ । जस्तो नटुवा नाना प्रकारका स्वांग रच्तछ त्यस्तो मन वासनाले नाना रूप धारण गर्छ ।

आत्मपद अत्यन्त सूक्ष्म छ अर्थात् अहंभावको उत्थानले रहित चिन्मात्रस्वरूप छ, उसमा मन फुर्नाले संसार भास्तछ । जब वैराग्यद्वारा मनको चपलता नष्ट हुन्छ तब त्यो मन वशीभूत हुन्छ । जसको मन संसार तिरबाट निवृत्त भएर आत्पदमा स्थिर हुन्छ त्यो श्रेष्ठ महापुरुष कहिन्छ ।

(८६) मनलाई जित्ने उपाय

वसिष्ठले भन्नुभो, हे राम ! चित्तरूपी महाब्याधिको निवर्तक औषधि तिमीलाई बताउँछु, सुन । यत्न, साध्य, साधन, औषधि सब आफू नै हो, सबै पुरुषार्थ आफूबाट नै सिद्ध हुन्छ । यस्तो यत्नद्वारा चित्तरूप वेताललाई नष्ट गर । जुन पदार्थ रस संयुक्त भास्तछ त्यसलाई त्याग गर । वाञ्छित पदार्थलाई त्यागेर जब मनलाई जित्तछौ तब अचल आत्मपद प्राप्त हुन्छ । जस्तो फलामले फलामलाई काट्तछ त्यस्तै तिमी पनि मनले मनलाई काट र यत्नपूर्वक शुभ गुणावलीको आर्जन गरेर चित्तरूपी वेताललाई निवृत्त गर । अवस्तुभूत देहादिमा वस्तुको र वस्तुभूत आत्मतत्त्वमा जो देहादिको भावना भएको छ त्यसलाई त्यागेर आत्मतत्त्वमा भावना लगाऊ । पदार्थ पाउने चिन्तनालाई त्यागेर आत्मपद प्राप्त गर्ने चिन्तना गर, सत्य कर्मको शुद्धता लिएर चित्तलाई चैतन्यस्वरूप आत्मातिर लगाऊ र सम्पूर्ण वासनालाई त्यागेर चित्तलाई एकाग्र गर तब आत्मपदको प्राप्ति हुन्छ । हे रामजी ! जो इच्छा त्यागन गाह्रो मान्छ त्यो विषयको कीरो हो । शुभ र अशुभ दुइटा पहलमान छन्, तिनमा जो बलवान् छ त्यसैको विजय हुन्छ । तिमी पुरुषार्थ गरेर चित्तलाई जित । जब तिमी अचित्त हुन्छौं तब यत्न विना नै आत्मपद प्राप्त हुन्छ । जस्तो बादलको अभाव भए यत्न विना सूर्य भासमान हुन्छन् त्यस्तै आत्माको अगाडि चित्त फुर्नु बादल जस्तो आवरण हो, जब त्यसको अभाव हुन्छ तब अयत्नसिद्ध आत्मपद प्रकाशित भइहाल्छ । चित्तलाई वश गर्ने मन्त्र पनि तिमी आफू नै हौ । जसको आफ्नो चित्तलाई वश गर्ने शक्ति छैन त्यसलाई धिक्कार छ, त्यो मनुष्य होइन, गधा हो । जसले मनलाई जितेको छ उसको लागि त्रिलोकी तृणबरावर हुन्छ ।

वसिष्ठले भन्नुभो, हे राम ! मैले तलमाथि सबैतिर हेरें,सारा शास्त्र पढें र एकान्तमा बसेर बारम्बार विचार पनि गरें । निष्कर्ष यो निक्ल्यो कि चित्तको उपशम नै शान्त भएर रहने उपाय हो । यो मनमा जो संकल्प या कल्पना उठ्छ त्यसलाई त्याग गर, तब तिम्रो मन स्वतः नष्ट हुन्छ । मन क्षीण भएपछि जीव उत्तम परमानन्द पदमा प्राप्त हुन्छ ।

(८७) सुख प्राप्तिको उपदेश

रामले सोधे - यो चञ्चल मनको निवृत्ति कसरी हुन्छ ? वसिष्ठले भन्नुभो, हे राम ! चञ्चलता नै मनको स्वभाव हो, चञ्चलतारहित मन देखिदैन । मनमा चञ्चलता फुर्नु मानसी

शक्ति हो र त्यही नै जगदाडम्बरको कारण हो । चञ्चलतारहित मनलाई मृत मन भनेको छ र मृत मनलाई नै मोक्ष भनेको छ । मन क्षीण भए सारा दुःख नष्ट हुन्छन् । चित्तरूपी राक्षस उठेपछि अनन्त दुःख हुन्छ र जब चित्तलय हुन्छ तब अनन्त सुख प्राप्त हुन्छ अर्थात् परमानन्दरूप आत्मपद प्राप्त हुन्छ ।

आफ्नै मन बन्धनको कारण हुन्छ । मनलाई मनले छेदन गर । दृश्यतिर धावमान मनलाई वैराग्यको सहाराले आत्मपदतिर लगाउने अभ्यास गर, तब दुःखबाट छुट्कारा पाउने छौ । आत्मामा जो सम्वेदन फुर्छ त्यो जगत् हो र असम्वेदन हुनु नै निर्वाण हो । सम्वेदनबाट दुःख हुन्छ । त्यसकारण प्रयत्न गरेर पनि सम्वेदनको अभाव तुल्याउनु कर्तव्य हो । मृगतृष्णाको जल झैं भाव अभावरूप सारा पदार्थ मिथ्या हुन्, अवस्तुरूप हुन् । यिनको आस्था छोडेर नित्यतृप्त आफ्नो स्वरूपमा स्थित होऊ ।

(८८) अविद्याको वर्णन

हे राम ! आकाशमा दुइटा चन्द्रमा देखिए झैं यो जगत् भ्रान्तिले भास्तछ, यसको वासनालाई टाढैबाट त्याग गर । ज्ञानवान्‌लाई जगत् भास्तैन अज्ञानीको लागि जगत् अविद्यमान भएर पनि विद्यमान जस्तो भास्तछ । भाव अभावरूप जगत् केही छैन, सब असत्यरूप हो । हे राम तिमी कर्ता होइनौ र अकर्ता पनि होइनौ । भेद स्वीकार गरेर कर्ता, अकर्ता, ग्रहण, त्याग बन्दछ, तिमी यो दुई विकल्पलाई छोडेर आफ्नो स्वरूपमा स्थित होऊ र यथाप्राप्त आचार (काम) गर ।

हे राम ! मिथ्या पदार्थमा आस्था गर्नु र त्यसमा ग्रहण - त्याग गर्नु कसरी सम्भव होला ? संसारको बीज अविद्या हो र स्वरूपको प्रमादले गर्दा त्यो अविद्या अविद्यमान भएर पनि सत्य जस्तो भासित हुन्छ । चित्तमा जो चेत्यमय वासना फुर्छ त्यो नै मोहको कारण हो । जस्तो कुम्भकार चक्रमा माटो चढाएर नाना प्रकार भाँडा वर्तन बनाउँछ त्यस्तै चित्तमा जो चेत्यमय वासना फुर्छ त्यसैबाट संसारका नानाविध पदार्थको उत्पत्ति हुन्छ । जस्तो बाँसको भित्र हेर्दा खोक्रो देखिन्छ त्यस्तो आरम्भ'र परिणामले सहित यो संसार पनि भित्र हेर्दा केही छैन, सब शून्यरूप हुन्छ । यो अविद्या या माया विचार दृष्टिले हेरेमा केही पनि छैन तर स्वरूपको प्रमादले गर्दा एक क्षणमा विचित्र जगत्‌को रचना गरेर सत्य झैं देखाइदिन्छ ।

जहाँसम्म भोगमा प्रीति हुन्छ त्यहाँसम्म अविद्या बढ्दै रहन्छ । जब भोगबाट विरत हुन्छ तब अविद्या नष्ट भइहाल्छ । बिजुलीले मेघको आश्रय लिए झैं मूर्ख मानिस अविद्याको आश्रय लिएर भोगको तृष्णा बढाइरहन्छ । यत्न विना भोग प्राप्त हुँदैन । प्राप्त भए पनि भोग अनर्थकारक हुन्छ । भोगको तृष्णा लिएर संसारमा भट्कने मानिस महामूर्ख हो । यो सारा जगज्जाल अविद्याले भास्तछ । जस्तो बत्ती हातमा लिएर हेर्दा अन्धकार देखिँदैन त्यस्तो विचार गरेपछि अविद्या रहँदैन । जस्तो स्वप्नमा कसैले आफूलाई बाँधेको भान हुन्छ त्यस्तो निराकार अविद्या जीवलाई बाँध्दछ । स्वरूपको प्रमादको नाम नै अविद्या हो, आत्मज्ञानद्वारा यो अविद्या नष्ट हुन्छ ।

(८९) यथाकथित दोष परिहारोपदेश

रामले प्रश्न गरे - हे भगवन् ! यो जगत् अविद्याबाट उत्पन्न भएको छ भन्ने कुरा सुनें । अब त्यस अविद्याको निवृत्ति क़सरी हुन्छ, सुन्न पाऊँ । जवाफमा वसिष्ठले भन्नुभो, हे राम ! जस्तो बरफको पुतली सूर्यको तेजले क्षणमा नै नष्ट भएर जान्छ त्यस्तै आत्मप्रकाशले अविद्या नष्ट हुन्छ । आत्मदर्शन नभएसम्म अविद्याले मनुष्यलाई भ्रममा पारिरहन्छ र नाना प्रकारको दुःख प्राप्त गराउँछ, तर जब आत्मदर्शनको इच्छा हुन्छ त्यही इच्छाले मोह (अविद्या) को नाश हुन्छ । जस्तो मध्यान्हमा छायाँ क्षीण हुन्छ त्यस्तो आत्मपदको इच्छाले अविद्याक्षीण हुन्छ र सर्वगत आत्मदेवको साक्षात्कार भएपछि नष्ट हुन्छ । दृश्य पदार्थमा इच्छा उत्पन्न हुनुको नाम अविद्या हो र इच्छाको नाशको नाम विद्या हो । विद्या नै मोक्ष हो ।

जति पनि दृश्य पदार्थ छन् तिनमा इच्छा न उठोस् र केवल चिन्मात्रपदमा चित्तवृत्ति स्थित होस्, यो नै अविद्यानाशको उपाय हो। जब सम्पूर्ण वासनाको निवृत्ति हुन्छ तब आत्मतत्त्व प्रकाशित हुन्छ । जस्तो सूर्योदय भएपछि रात्री कहाँ गयो थाहा हुँदैन त्यस्तो विवेकज्ञानको उदय भएपछि अविद्या कहाँ गई, विदित हुँदैन ।

आत्मज्ञानबाट अविद्या नष्ट हुन्छ, त्यो आत्मा कस्तो छ सुन्न पाऊँ भन्ने रामको प्रश्नमा वसिष्ठले भन्नुभो, ब्रह्मादेखि लिएर तृणपर्यन्त सब जगत् आत्मरूप हो, त्यसकारण अविद्या भन्ने कुनै वस्तु छैन । सबै देहमा नित्य चेतनघन अविनाशी पुरुष विद्यमान छ, उसमा मन नाम गरेको कल्पना अन्य जस्तो भएर भासित हुन्छ, किन्तु आत्मतत्त्वदेखि भिन्न केही पनि छैन । समुद्रमा लहर उठें झैं चिन्मात्र तत्त्वमा जो चेत्यता उत्पन्न हुन्छ, त्यसैको नाम मन हो । त्यही संकल्प दृश्य जस्तो भएर भासित हुन्छ । त्यही कल्पनाको नाम अविद्या हो । त्यो अविद्या कल्पनाबाट उत्पन्न भएको छ र कल्पनाबाट नै नष्ट पनि हुन्छ । जब चित्तवृत्ति दृश्यतिर फुर्छ तब अविद्या वृद्धि प्राप्त हुन्छ । जब दृश्यको वृत्तिलाई छोडेर स्वरूपतिर आउँछ तब अविद्या नष्ट हुन्छ । चित्तबृत्ति दृश्य तिर उन्मुख हुन्छ भने अविद्या बढेर आउँछ । "म ब्रह्म होइन" भन्ने संकल्पलाई दृढ गर्छ भने त्यसको मन बन्धनमय हुन्छ र "सबै ब्रह्म हो" - यस्तो संकल्पलाई दृढ गर्छ भने मुक्त हुन्छ, दृश्यको संकल्प बन्धन हो र असंकल्प नै मोक्ष हो । त्यसकारण हे राम ! तिमीलाई जस्तो इच्छा लाग्छ त्यस्तै गर ।

जस्तो सूर्यमा अन्धकार हुँदैन त्यस्तो आत्मामा अविद्या छैन । पृथिवीमा बसेको मानिस आकाशमा नीलताको कल्पना गर्छ त्यस्तै अज्ञानी मानिस आत्मामा अविद्याको कल्पना गर्छ, वास्तवमा अविद्या भन्ने केही छैन । आकाशमा जो नीलता देखिन्छ त्यो सुमेरु पर्वतको छायाँ हो भनी कोही भन्छन् । त्यो नीलता के हो भन्ने रामको प्रश्नको उत्तरमा वसिष्ठले भन्नुभो, हे राम ! आकाश खाली ठाउँ हो, शून्यरूप हो, दृढ शून्यताले गर्दा आकाशमा नीलता भास्तछ । मन्द दृष्टिको लागि आकाशमा नीलता भास्तछ । जो दिव्यदृष्टिसम्पन्न छ उसको लागि नीलता भास्तैन, त्यस्तै ज्ञानवान्को अविद्या भास्तैन, ब्रह्मसत्ता नै भास्तछ । जसको दृष्टि क्षय भएको छ त्यसको

दृष्टि कुण्ठित हुन्छ र नीलता भास्छ त्यस्तै जसको आत्मदृष्टि क्षीण भएको छ त्यसको अविद्यारूपी सृष्टि भास्तछ, त्यही नै दुःखरूप हुन्छ ।

चैतन्यस्वरूपलाई छोडेर जो कुछ स्मरण गरिन्छ त्यसको नाम अविद्या हो, जब चित्त अचल हुन्छ तब अविद्या नष्ट हुन्छ अर्थात् असंकल्प हुनासाथ नै अविद्या नष्ट भइहाल्छ । अविद्या भन्ने आकाशकुसुम झैं नभएको वस्तु हो । यो भ्रमरूप जगत् मूर्खलाई सत्य भास्तछ, वास्तवमा केही पनि छैन । भावनाको नाम नै अविद्या हो र मोहको कारण हो । बारम्बार चिन्तना गर्नुको नाम भावना हो । जब भावना उल्टिएर आत्मातिर प्रवाहित हुन्छ तब आत्माको प्राप्ति हुन्छ र अविद्या नष्ट हुन्छ ।

हे राम ! बाह्य विषयपदार्थको भावना छोडेर तिमी भित्र आत्माको भावना गर, तब आत्मपद प्राप्त हुन्छ । जसले अन्तःकरणमा आत्मभावनाको यत्न गरे तिनीहरूले शान्ति प्राप्त गरेका छन् । जुन पदार्थ आदि र अन्तमा छैन भने त्यो बीचमा भासित भए तापनि असत् हो । त्यसकारण आत्मादेखि भिन्न केही पनि छैन, जो भिन्नरूपले भास्छ त्यो मनोमात्र हो । आदि अन्तरहित निर्विकार ब्रह्मतत्त्व नै हो तिम्रो आफ्नो स्वरूप । तिमी व्यर्थ किन शोक गर्छौ ? हे राम ! पुरुषार्थद्वारा संसारको भोगवासनाको मूलोच्छेद गरीकन आत्मपदको अभ्यास गर तब दृश्य भ्रम मेटिनेछ । जबसम्म संसारको वासना उठिरहन्छ त्यहाँसम्म अनन्त फाँसीमा बाँधिन्छ । वासनाको बृद्धि भएपछि मानिस भन्छ - यो मेरो छोरो हो, यो छोरी हो, यो धन हो, यी मेरा बान्धव हुन् यो म हूँ, यो अर्को हो । जुन शरीरसित मिलेर यस्तो उद्गार निकाल्छ त्यो शरीर शून्यरूप हो । अज्ञानीको लागि अहं त्वं आदि जगत् भास्तछ, ज्ञानवान्को लागि केवल सत्य ब्रह्म भास्तछ । जस्तो डोरीको अज्ञानले सर्प भास्तछ, डोरीको ज्ञान भए सर्पभ्रम नष्ट हुन्छ त्यस्तै आत्माको अज्ञानले जगत् भास्तछ र आत्माको सम्यक् ज्ञान भएपछि जगद्भ्रम नष्ट हुन्छ । त्यसकारण हे राम ! तिमी अज्ञानी नबन, ज्ञानवान् बन ।

अज्ञानी मनको स्फुरणले शून्य अणुमा पनि सम्पूर्ण जगद्भ्रम देख्तछ जस्तो लवण राजाको सिंहासनमा बस्ता बस्तै चाण्डालको अवस्थाको अनुभव भएको थियो । त्यसकारण संसारको वासनालाई चित्तबाट त्याग गर किनकि यो संसारको वासना बन्धनको कारण हो । हे राम ! तिमी सब काम गर, तर कसैमा पनि राग द्वेष नराख । जो मानिस बन्धनरहित भएर स्वरूपमा बसेको छ त्यसको लागि शास्त्रको उपदेश आवश्यक छैन । हे राम ! लिनु, दिनु, बोल, चाल आदि सारा काम गर, तर अभिमान नगर ।

(९०) सुखदुःख भोक्तव्योपदेश

वसिष्ठको उपदेशबाट प्रसन्न भएर रामले भने - हे भगवन् ! बडो आश्चर्य छ कि अविद्यमान अविद्याले सारा जगत्लाई वशमा पारेको छ र अविद्यमानजगत्लाई बज्रसारझैं दृढ तुल्याएको छ । अविद्याले असत्य जगत्लाई सत्य जस्तो भान गारएको छ । रामले प्रश्न गरे - लवण राजाले किन त्यस्तो आपद् पाए ? त्यो इन्द्रजाली को थियो ? कहाँबाट आयो र कहाँ गयो ? देह र देहीको कसरी सम्बन्ध हुन्छ र शुभाशुम कर्मफलको भोग गर्छ ? बोधका निमित्त सुन्न पाऊँ । उत्तरमा वसिष्ठले

भन्नुभो, जस्तो स्वप्नमा चित्त फुर्नाले देह भास्छ त्यस्तै यो देह पनि चित्तद्वारा कल्पित हो । चित्त नै चेत्यसितको सम्बन्धले जीवपद प्राप्त गर्छ र शुभाशुभ कर्मको फल भोग्छ । चित्त नै अज्ञानले सुख दुःख भोग्छ, शरीर भोग्दैन । जहाँसम्म मन अप्रबुद्ध रहन्छ र अविद्यारूपी निद्रामा सुत्तछ त्यहाँसम्म स्वप्नरूप अनेक सृष्टि देख्तछ । अविद्याले मलिन भएर जीव संसार भ्रम देख्तछ । जब जीव बोधवान् हुन्छ तब संसार भ्रम निवृत्त हुन्छ ।

लवण राजाको कुरा –

राजा लवण मनको भ्रमले चाण्डाल भए । हरिश्चन्द्रको कुलमा जन्मेका राजा लवणले एकदिन बगैंचामा बसेर विचार गरे कि मेरा पितामह ठूला राजा थिए । उनले राजसूय यज्ञ गरेका थिए, म पनि त्यै यज्ञ किन नगरूँ ? यस्तो विचार गरेर उनले मानसिक राजसूय यज्ञ गरे । यज्ञका सम्पूर्ण सामग्री - आचार्य, ब्रह्मा, होता, ऋत्विक् आदि ब्राह्मणहरू पनि मनले नै तयार गरेका थिए । विधिपूर्वकको दक्षिणा पनि मनले नै दिएका थिए । यो यज्ञ पूरा गर्न एक वर्ष तीन महिना लागेको थियो, उनले त्यो यज्ञ मनद्वारा नै गरेका थिए र मनद्वारा नै त्यसको फल भोग गरे ।

मनबाट नै सारा कर्म हुन्छन् र मन नै भोग गर्दछ । जस्तो चित्त छ, मानिस त्यस्तै हुन्छ । पूर्ण चित्त छ भने मानिस पूर्ण हुन्छ, नष्ट चित्त छ भने मानिस पनि नष्ट हुन्छ । जो स्वरूपबाट विचलित हुँदैन यस्तो विवेकयुक्त चित्त पूर्ण चित्त हो र विवेकशून्य चित्त नष्टचित्त हो । जसको निश्चय छ कि 'म देह हुँ' त्यो नीचबुद्धि हो, त्यसले अनेक दुःख पाउँछ । जसको चित्त पूर्ण विवेकमा जागेको छ त्यसका सारा दुःख नष्ट हुन्छन् । जस्तो सूर्यको अभावमा कमल संकुचित हुन्छ त्यस्तो विवेकरूपीसूर्यको प्रकाशले रहित पुरुष दुःखमा संकुचित हुन्छ । जो विवेकरूपी सूर्यको प्रकाशले प्रफुल्लित भएका छन् ती सारा दुःखबाट पार हुन्छन् ।

(९१) सात्त्विक जन्मावतार

हे राम ! साम्बरको बारेमा सुन । राजसूय यज्ञ गर्न बाह्रवर्ष लाग्छ । बाह्रवर्षसम्म ब्राह्मणहरूलाई अनेक दुःख कष्ट पर्छन् । यस्तो मानसिक यज्ञ गरेर मनद्वारा नै लवण राजाले ब्राह्मणहरूलाई अनेक दुःख कष्ट दिएका थिए । त्यसको फल मनद्वारा नै भोग गराउनको निम्ति इन्द्रले साम्बरीको रूपमा दूत पठाएका थिए । राजालाई मनद्वारा नै चाण्डालको आपद् भोगाएर त्यो साम्बरी स्वर्गतिर गयो । त्यसकारण मन नै कर्ता हो र मन नै भोक्ता हो । जस्तो जस्तो दृढ संकल्प मनमा फुर्छ त्यही अनुसार उसलाई सुखदुःखको अनुभव हुन्छ । हे राम ! जहाँसम्म चित्त फुरिरहन्छ त्यहाँसम्म आपद् प्राप्त भइरहन्छ । जस्तै जतिजति कण्टकवृक्ष बढ्दै जान्छ त्यति त्यति काँढा पनि बढ्दै जान्छन् त्यस्तै मन फुर्नाले आपद् बढ्दै जान्छ । जब मन स्थिर हुन्छ तब आपद् मेटिन्छ । त्यसकारण यो चित्तरूपी बरफलाई विवेकरूपी सूर्यको तापले पगाल तब परमसार वस्तु प्राप्त हुन्छ । यो चित्त नै सकल जगदाडम्बरको कारण हो, यसैलाई अविद्या भनेर जान । अविद्या, जीव, बुद्धि, अहंकार सब स्फुरणको नाम हो, यसलाई विवेकद्वारा लीन गर ।

रामले प्रश्न गरे - हे भगवन् ! हजूरले भन्नुभयो कि सुख दु:ख सब मनमा नै रहेका छन्, मनको वृत्ति नष्ट भए सब नष्ट हुन्छन् । मनको यो चञ्चल वृत्ति कसरी नष्ट हुन्छ, बताउनुहोस् ।

वसिष्ठले भन्नुभो, हे रघुकुलदीपक ! मनको उपशमको युक्ति बताउँछु । जस्तो सवारको वशमा घोडा हुन्छ त्यस्तो मन तिम्रो वशमा रहनेछ । सम्पूर्ण भूत ब्रह्मबाट नै उत्पन्न भएका छन् । तिनको उत्पत्ति तीन प्रकारको हुन्छ - सात्विकी, राजसी र तामसी । सर्वप्रथम शुद्ध चिन्मात्र ब्रह्ममा कलना (स्फुरण) उठ्यो, त्यो बहिर्मुखी स्फुरणको नाम मन भयो, त्यो नै ब्रह्मारूप हो । ती ब्रह्माले यो जगदाडम्बरको कल्पना गरेर उसमा जन्म, मरण, सुख, दु:ख, मोह आदि संसारको कल्पना गरे । जस्तो समुद्रमा जलकण उत्पन्न हुन्छ र लीन हुन्छ त्यस्तो संकल्पवशात् यो जगत् उत्पन्न हुन्छ र लीन हुँदै गर्छ । यस्तै प्रकारले अनन्तकोटी ब्रह्माण्ड उत्पन्न भएर लीन भए, कति भविष्यमा उत्पन्न हुनेछन् र कति वर्तमानमा उत्पन्न भइरहेका छन् ।

अब यी उत्पन्न जीव कसरी मुक्त हुन्छन्, सुन । शुद्ध ब्रह्म तत्त्वबाट प्रथम मनको सत्ता उत्पन्न भयो । उसले जब आकाश चितायो तब आकाशको उत्पत्ति भयो, अनि वायु, अग्नि र जल उत्पन्न भयो, जलको दृढताले पृथिवी बन्यो । यसरी चित्शक्ति दृढ संकल्पले पञ्च भूतमा प्राप्त भयो र जो अन्त:करणरूप सूक्ष्म प्रकृति छ त्यो पृथिवी, तेज र वायुसँग मिलेर धान बन्न पुग्यो । जब मानिस अन्न भोजन गर्छ तब शुक्र र शोणित बन्छ अर्थात् रज र वीर्य बन्छ र त्यसको संयोगबाट मातृ गर्भमा निवास गर्छ, अनि मनुष्य भएर जन्मन्छ । मनुष्य पनि सात्त्विक, राजस र तामस तीन प्रकारका हुन्छन् । तिनमा सात्त्विक मनुष्य गुरुकुलमा गएर बेदाध्ययन गर्छ । उसमा विवेकको उदय हुन्छ । मानिस निर्मल अन्त:करण भएर जब विचार- परायण हुन्छ तब सप्त भूमिकाको क्रमले मुक्त हुन्छ ।

(९२) अज्ञानका सात भूमिका

ज्ञानका सात भूमिका सुन्न पाऊँ भनी रामले प्रश्न गरेपछि वसिष्ठले भन्नुभो, हे राम ! अज्ञानका सात भूमिका छन् र ज्ञानका पनि सातै भूमिका छन् । यिनका अवान्तर अवस्था असंख्य छन् परन्तु ती सात भूमिका भित्रै अन्तर्भूत हुन्छन् । आत्मारूपी बृक्षबाट पुरुषार्थरूप वसन्त ऋतुमा शुभ र अशुभरूप दुईटा लहरा उत्पन्न हुन्छन्, पुरुषार्थरूप रस पाएर ती पुष्ट हुँदै जान्छन् र फल दिन्छन् । शुभदायक पुरुषार्थद्वारा शुभ वल्लीलाई बढाएमा शुभ फल प्राप्त हुन्छ ।

ज्ञान र अज्ञानको बारेमा सुन । शुद्ध चिन्मात्र तत्त्वमा चेत्यरूप दृश्यको स्फुरणले रहित भएर अवस्थान गर्नुलाई ज्ञान भनेको छ । शुद्ध चिन्मात्रमा अहंरूप सम्वेदन उठ्छ । यसरी अहं बनेर स्वरूपबाट झर्नुलाई अज्ञानदशा भनेको छ । शुद्ध चिन्मात्रमा जसको निष्ठा छ, जो सत्य स्वरूपबाट चलायमान हुँदैन र रागद्वेषले रहित छ त्यो ज्ञानी हो र जो शुद्ध चिन्मात्र स्वरूपबाट तल खसेको छ त्यो अज्ञानी हो । अज्ञानी जगत्का पदार्थमा मग्न रहन्छ, यो नै परम मोह हो । दुई अवस्था वा दुई वृत्तिको सन्धिमा जो शुद्ध, निर्मल सत्ता रहन्छ त्यसमा स्थित हुनुलाई स्वरूपस्थिति

भनेको छ । सर्वसंकल्पवर्जित भएर शिला झैं शान्तरूपले अवस्थान गर्नुलाई स्वरूपस्थिति भनेको छ । अहं त्वं आदि स्फुरणले रहित, भेदशून्य जो अचेत्य चिन्मात्र तत्त्व छ त्यसलाई आत्मस्वरूप भनेको छ ।

स्वरूपबाट झरेपछि जीवका सात अवस्था हुन्छन् , ती अवस्थालाई अज्ञानको सात भूमिका भनेको छ । ती हुन् - (१) बीज जाग्रत् (२) जाग्रत् (३) महाजाग्रत् (४) जाग्रत् स्वप्न (५) स्वप्न (६) स्वप्न जाग्रत् र (७) सुषुप्ति । यी आज्ञानका अवस्था हुन् । यिनको लक्षण पनि सुन । आदि शुद्ध चिन्मात्र तत्त्वमा चेतनताको स्फुरण भएर जो अहं बन्छ त्यसको भविष्यत् नाम जीव हुन्छ । सबै पदार्थको बीजरूप भएको हुनाले त्यसलाई बीज-जाग्रत् भनेको छ । त्यसपछि त्यो अहं मम प्रतीति दृढ हुन्छ र जन्मान्तरमा भास्तछ त्यसको नाम जाग्रत् हो । जाग्रत्मा दृढ वा अदृढरूपले मनोराज्यको स्फुरणलाई जाग्रत्-स्वप्न भनेको छ । द्वितीय चन्द्रमा, शुक्तिरूप्य, मृगतृष्णाजल आदि विपरीत भास्नुलाई पनि जाग्रत-स्वप्न भनेको छ । निद्रामा मनको स्फुरणबाट पदार्थ भासित हुनुलाई स्वप्न भनेको छ । स्वप्नमा यति दीर्घकाल बित्यो भन्ने दृढ प्रतीतिलाई महाजाग्रत् भनेको छ । स्वप्नमा जन्म मरणादि देख्यो र त्यसलाई सत्य ठान्यो त्यसको नाम स्वप्नजाग्रत् हो । ६ अवस्थाको लयपूर्वक जो जडता प्राप्ति हो त्यो सुषुप्ति भनिन्छ । घाँस, पत्थर, वृक्ष आदि सुषप्ति अवस्थामा रहेका हुन्छन् ।

हे राम ! तिमीलाई यो अज्ञानका अवस्था बताएँ जसमा नाना प्रकारका भ्रम र विकार देखिन्छन् । विचारद्वारा तिमी यस भ्रमजालबाट मुक्त होऊ । जब तिमी आत्मविचार - परायण भएर निर्मल बोध प्राप्त गर्छौ तब सम्पूर्ण भ्रमजालबाट पार हुनेछौ ।

(९३) ज्ञानका सात भूमिका

हे राम अब ज्ञानका सात भूमिका बताउँछु । जसलाई जानेपछि मोहरूपी हिलोमा गाडिनु पर्दैन । स्वरूपमा जाग्नुको नाम ज्ञान हो । ज्ञानका सात भूमिका छन् । मुक्त पुरुष (विदेह मुक्त) भूमिकातीत हुनुहुन्छ । यी सात भूमिका हुन् - (१) शुभेच्छा, (२) विचारणा, (३) तनुमानसा, (४) सत्त्वापत्ति, (५) असंसक्ति (६) पदार्थाभावनी र (७) तुर्यगा ।

म महामूर्ख हुँ, मेरो बुद्धि सत्य आत्मातिर नलागेर संसारतिर लागेको छ - यस्तो विचारद्वारा संसारबाट वैराग्य लिएर सत्शास्त्रको अभ्यास गर्ने र सज्जन ज्ञानवान्को संगत गर्ने जो इच्छा मनमा उत्पन्न हुन्छ त्यसलाई शुभेच्छा भनेको छ । अध्यात्मशास्त्रको अभ्यास, सज्जनको संगत, विषयमा वैराव्य र सत्य मार्गको अवलम्बनपूर्वक सत्यासत्यको विचार गरेर असत्यको परित्याग्र र सत्य आत्माको ग्रहणका साथ जो सदाचारमा प्रवृत्ति हुन्छ त्यसलाइ विचारणा भनेको छ । पूर्वोक्त दुई भूमिकाको अभ्यास गर्दै विषयासक्तिरहित भएर मनलाई क्षीण तुल्याउँदै जानुलाई तनुमानसा भनेको छ । विषयको असंगता दुई प्रकारको हुन्छ । (१) सामान्य असंगता र (२) श्रेष्ठ असंगता । भित्र मनबाट वैपयिक पदार्थको आस्था छोडेर लक्ष्य चिन्तनमा मनलाई नियोजित गर्नु सामान्य असंग कहिन्छ र शान्त परमात्मपदमा मनलाई स्थिर गरेर मौनावस्थामा रहनु श्रेष्ठ असंग भनिन्छ

। संकल्प कलना परित्यागपूर्वक जो स्वरूपावस्थान हो यो नै श्रेष्ठ असंग हो र यो नै तृतीय ज्ञान भूमिका हो । यो तीन भूमिकालाई ब्रह्मज्ञानको साधन भनेको छ । यो ज्ञानकोटीमा अन्तर्भूत हुँदैन किनकि भेदबुद्धि निवृत्त भएको छैन । त्यसैले यो तीन भूमिकालाई जाग्रत भनेको छ । तीन भूमिकाको अभ्यासबाट विषयमा पूर्ण वैराग्य भएर मनको सत्तामात्र स्वरूप परब्रह्ममा जो अवस्थान हुन्छ यसलाई सत्त्वापत्ति भनेको छ । यो चतुर्थी भूमिका अपरोक्ष ब्रह्मज्ञानरूप हो, साधनकोटीको होइन । योग वासिष्ठमा भनेको छ -

"सम्यग्ज्ञानोदये चित्ते पूर्णचन्द्रोदयोपमे ।
निर्विभागमनाद्यन्तं योगिनो युक्तचेतस: ॥
समं सर्वं प्रपश्यन्ति चतुर्थी भूमिकां गता: ।"

चतुर्थी भूमिकामा पुगेको ज्ञानीले जगत्लाई स्वप्नवत् देखने हुनाले यो भूमिकालाई स्वप्नरूप भनेको छ । चार भूमिकाको अभ्यासको फलरूपले जो शुद्ध विभूति प्राप्त हुन्छ त्यसमा आसक्ति रहित भएर रहनुको नाम असंसक्ति हो । पाँच भूमिकाको अभ्यासको परिपाकले भित्र बाहिर पदार्थको भावना नहुनुलाई पदार्थाभावनी नामक षष्ठी भूमिका भनेको छ । चिरकालपर्यन्त छ भूमिकाको अभ्यासले भेदकलनाको निवृत्ति भएर एक अद्वितीय तुरीय चैतन्यस्वरूपमा जो स्वभावत: स्थिति हुन्छ त्यसलाई तुर्यगा अथवा तुरीया भूमिका भनेको छ । यो सातौं भूमिकालाई विदेहमुक्ति सदृश भनेको छ,

जीवन्मुक्तेस्तारतम्यं शिष्टे भूमित्रये भवेत् ।
विदेह-मुक्तिसदृशी सप्तमी भूमिरुच्यते ॥

निर्विकल्प समाधिको अभ्यासकृत चित्तविश्रान्तिको तारतम्यवशात् पञ्चमी, षष्ठी र सप्तमी भूमिका सम्पन्न हुन्छन् । पञ्चमी भूमिकालाई सुषुप्ति र षष्ठी भूमिकालाई दृढ सुषुप्ति भनेको छ । पञ्चम भूमिकामा स्थित पुरुषको स्वत: व्युत्थान हुन्छ, षष्ठ भूमिकामा स्थित पुरुषको परतो व्युत्थान हुन्छ र सप्तमी भूमिकास्थित पुरुषको स्वत: परतो वा व्युत्थान हुँदैन भनिन्छ ।

प्रथम तीन भूमिका जगत्को जाग्रत् अवस्थामा सम्पन्न हुन्छन् । चतुर्थ भूमिका तत्त्वज्ञानीको हो, पाँचौ र छैटौं जीवन्मुक्तको अवस्था हो र तुरीयातीत पदमा विदेहमुक्त रहनुहुन्छ । हे राम ! महाभाग्यवान् पुरुष सप्तम भूमिकामा स्थित हुनुहुन्छ र उहाँ आत्मारामी महापुरुष परम पद प्राप्त गर्नुहुन्छ । जीवन्मुक्त पुरुष सुषुप्तवत् उन्मीलितलोचन भएर रहनु हुन्छ । उहाँको क्रियासित सम्बन्ध छैन, त्यसकारण प्रकृत आचारको पालना गरे पनि अथवा नगरे पनि उहाँलाई बन्धन प्राप्त हुँदैन ।

यी ज्ञानका सात भूमिका ज्ञानवान्का विषय हुन् । पशु, पक्षी, वृक्ष, म्लेच्छ, मूर्ख र पापाचारीको चित्तमा यी भूमिकाको अधिकार हुँदैन । निर्मल चित्त भएका मानिसको मात्र यी भूमिकामा अधिकार हुन्छ । कदाचित् पशु, म्लेच्छ आदिले पनि यिनको अभ्यास गरे भने तिनीहरू पनि मुक्त हुन सक्छन् । आत्मज्ञानबाट जसको हृदयग्रन्थि विच्छिन्न भएको छ उनको लागि संसार मृगतृष्णाको जल झैं मिथ्या भासित हुन्छ । चित्तको तारतम्यले कोही प्रथम, कोही द्वितीय, कोही तृतीय, कोही चतुर्थ, कोही पञ्चम, कोही षष्ठ र कोही सप्तम भूमिकामा पुगेका हुन्छन् । एक दुई

भूमिका पनि आफ्नो वशमा छन् भने ती धन्य हुन्, ती वन्दनीय छन्, तिनलाई चक्रवर्ती राजा सम्झनू । जसले राज्य, महान् ऐश्वर्य र विभूतिलाई तृणवत् ठानेर परित्याग गरेको छ तिनलाई परम पद प्राप्त हुन्छ ।

(९४) भूमिकामा स्थित हुनको लागि युक्ति

रामले प्रश्न गरे - हे वसिष्ठ गुरु ! सुवर्णबाट औंठी आदि भूषण उत्पन्न हुन्छ भन्ने कुरा त बुझिन्छ तर आत्मामा कसरी अहंकारको उत्पत्ति हुन्छ, सुन्न पाऊँ । वसिष्ठले भन्नुभो, हे राम ! जस्तो औंठी साँचो होइन, सुवर्ण नै साँचो हो त्यस्तो आत्मामा जोअहंकार देखिन्छ त्यो सत्य होइन । जतिसुकै राम्रो औंठी भए तापनि त्यसको किनबेच गर्दा हात लाग्ने कुरा सुवर्ण नै हो, त्यस्तै अहंकारको बारेमा विचार गरे अहंकार आत्मादेखि भिन्न ठहर्दैन । अहंकार भन्नु आत्माको चमत्कारमात्र हो । वास्तवमा आत्मामा कुनै द्वैत छैन । जस्तो स्वप्नमा टाढाको वस्तु नजीकमा र नजीकको टाढा देखिन्छ त्यो भ्रममात्र हो त्यस्तै आत्मामा विपर्यय दृष्टिले जगत् भासेको छ त्यो भ्रममात्र हो । असत्य जगत् पनि भ्रमले सद्रूप जस्तो भएर भास्तछ । दर्पणमा नगरको प्रतिबिम्ब, मृगतृष्णामा जल, आकाशमा द्वितीय चन्द्रमा भासेझैं आत्मामा यो जगत् भास्तछ । इन्द्रजालको योगले आकाशमा नगर भासे झैं आत्मामा असत्य जगत् अज्ञानले गर्दा सत्यरूपले भास्तछ ।

हे राम ! जस्तै माटाको सेनामा जो हात्ती घोडाहरू देखिन्छन् ती सब माटोरूप नै हुन्, भिन्न होइनन् त्यस्तै आत्मामा भ्रमले नानात्व भास्तछ । वास्तवमा अहंकार भन्ने कुनै वस्तु छैन । समुद्रमा तल माथि जता हेरे पनि पानी नै हो, त्यस्तै सर्वत्र आत्मासिवाय केही छैन । आकाशमा आकाश स्थित भएझैं परिपूर्ण आत्मा आफैमा स्थित छ । जबसम्म आत्मविचाररूपी अग्निद्वारा अविद्यारूपी लहरालाई जलाउँदैनौ तबसम्म जगत्रूपी लहराको निवृत्ति हुँदैन र यसले अनेक प्रकारका सुखदुःख देखाइरहन्छ । अत: विचारद्वारा मूलसहित अविद्यालाई जलाऊ, तबमात्र शान्त पद प्राप्त हुन्छ ।

(९५) चाण्डालीशोकवर्णन

हे राम ! सुवर्णमा भूषण जस्तो मिथ्यारूप हो त्यस्तै आत्मामा “अहं” “त्वं” आदि सब अविद्यारूप हो । लवणराजाको कथाको बारेमा फेरि सुन । अर्कोदिन राजाले विचार गरे कि मैले चाण्डाल भएर रहनु भ्रान्ति भए तापनि सत्य देखिन्छ । त्यहाँका देश, नगर, मनुष्य आदि मलाई प्रत्यक्ष दृष्टिगोचर भएका छन् । एक पटक त्यो ठाउँ हेर्न फेरि जानु पर्‍यो भन्ने विचार गरेर दिग्विजय गर्न जाने बहानाले मन्त्री र सेना साथमा लिएर राजा दक्षिण दिशातिर लागे । विन्ध्याचलको जंगलमा घुमदा घुमदा किरातदेशमा पुगेर हेर्दा पहिले देखेका ग्राम, नगर कुटिया, बाटो घाटो, पानी पँधेरो सब उस्तै देखियो । त्यस ठाउँमा अनिकाल परेर भयंकर दु:ख भोग्न परिराखेको थियो । राजा आफ्ना इष्टमित्रहरू बसेको ठाउँ हेर्दै ससुराली घरमा पुगे । त्यहाँ सासू एक कुनामा बसेर परिवारको वियोगमा शोकाकुल भएर रुँदै भन्थिन् - हे पुत्र ! तिमी कहाँ गयौ ? मृगनयनी छोरी, राजा समानका ज्वाईं र नाती नातिनाहरू कहाँ गए, अत्तो पत्तो छैन । यहाँ बसेर

ती नातीनातिनाहरू राती गेडीको माला पहिरेर मासु खान्थे र रुधिरपान गर्थे, ती कहाँ गए होलान्, के खाए होलान् ? इत्यादि रूपले रोदन गरेर शोक गर्न लागेकी सासूको समीपमा गएर संझाउँदै राजाले भने - कोसित वियोग भयो र किन रोएकी ?

(९६) चित्ताभाव प्रतिपादन

चाण्डालीले भनी - हे राजन् ! अनावृष्टिले गर्दा यहाँ भयंकर अनिकाल पऱ्यो र मेरा छोरा, छोरी, नाती, नातिनी, ज्वाईं, पति आदि बान्धवहरू खान नपाएपछि यहाँबाट निक्लेर गएका थिए । उनीहरू दु:ख पाएर मरेहोलान् । उनीहरूको वियोग वेदनाले रोइराखेकी छु । चाण्डालीको कुरा सुन्दा छक्क परेर राजा मन्त्रीको मुखमा हेरेर टोलाइरहे । चाण्डाली सासूलाई आश्वासनपूर्वक यथायोग्य धन दिएर राजा राजदरवारमा फिरे । भोलीपल्ट विहान राजाले मसित सोधे - हे मुनीश्वर ! यो स्वप्न मलाई कसरी प्रत्यक्ष भयो ? यो देखेर आश्चर्यचकित भएको छु । तब मैले प्रश्नानुसार जुक्तिले जबाफ दिएर उनको संशय दूर गरि दिएँ । त्यो युक्ति अहिले तिमीलाई बताउँदैछु ।

अविद्या यस्तो विचित्र छ कि जो शीघ्र नै असत्यलाई सत्य र सत्यलाई असत्य गरेर देखाइदिन्छ । स्वप्न पनि कसरी सत्य भयो ? रामको यो प्रश्नको उत्तरमा वसिष्ठले भन्नुभो, हे राम ! यसमा के आश्चर्य छ र ? अविद्याले सबकुछ हुन सक्छ । स्वप्नमा तिमी प्रत्यक्ष देख्छौ कि घटबाट पट र पटबाट घट उत्पन्न हुन्छ । स्वप्नमा र मृत्युको मूर्छाको अनन्तर बुद्धिको विपर्यय हुन्छ । जसको चित्त वासनाले वेष्टित छ त्यसको जस्तो संवेदन फुर्छ त्यस्तै भासित हुन्छ । जसको चित्त स्वरूपबाट झरेको छ उसलाई अविद्या अनेक भ्रम देखाइदिन्छे । लवणराजालाई सभामा बसेको बेला चाण्डालको चेष्टा फुरेर आयो र दृढ भ्रम भयो । अर्का एकजना राजालाई पनि लवणलाई जस्तै दृढ भ्रम भासेको थियो । जस्तै एक रज्जुमा अनेकले सर्प देख्छन् । त्यस्तै स्वप्न पनि जाग्रत् सदृश हुन्छ ।

सारा पदार्थको सत्ता संवेदनमा अडेको छ । जस्तो संकल्प दृढ हुन्छ त्यस्तै पदार्थ भासित हुन्छ । सत्यको स्फुरण भए सत्य भासित हुन्छ र असत्यको स्फुरण भए असत्य भासित हुन्छ । सबै पदार्थ संवेदनरूप हुन् । तीन काल पनि संवेदनबाट नै उत्पन्न हुन्छन् । वास्तवमा संबन्ध सजातीयको नै हुन्छ । जडको जडका साथ र चेतनको चेतनका साथ संबन्ध हुन्छ न कि जड र चेतनको । चेतन आत्माको जडका साथ संबन्ध मानेमा आत्मामा पनि जडताको आपत्ति हुन्छ । जब आत्मामा अहंवेदना फुर्छ तब अनेकरूप भएर विश्व भासित हुन्छ । जस्तो सुवर्णतिर हेरे सब भूषण सुवर्णरूप नै हुन्छ त्यस्तै जब ब्रह्मसत्तातिर हेरिन्छ तब सब जगत् ब्रह्मरूप नै भास्तछ । जस्तो मृत्तिकाको सेना बालकलाई अनेकरूप भएर भास्तछ तर बुद्धिमान्का लागि सबै सेना मृत्तिकारूप नै ठहर्छ त्यस्तै अज्ञानीको लागि यो जगत् नानारूप भएर भास्तछ, किन्तु ज्ञानवान्को लागि एक ब्रह्मसत्ता नै भास्तछ । जसमा द्रष्टा, दर्शन र दृश्य फुर्दछ त्यो ब्रह्मसत्ता हो ।

हे रामचन्द्र ! जो निर्मल सनातन ब्रह्मसत्तामा स्थित भएको छ त्यो शरीरको इष्टानिष्टमा हर्षवान् र शोकवान् हुँदैन । त्यो निर्मलरूप भएर नै स्थित हुन्छ । हे राम ! तिमी सावधान होऊ । यो जो स्फुरण हुन्छ त्यसैको नाम चित्त हो । वास्तवमा चित्त केही पनि होइन । चित्तलाई टाढैबाट नमस्कार गरेर तिमी आफ्नो स्वरूपमा स्थित होऊ । जसको मननभाव नष्ट भएको छ त्यो महापुरुष संसारबाट पार भएर निश्चितरूपले परम पद प्राप्त गर्छ ।

(९७) सम्यक्-ज्ञानोपदेश

हे राम ! सम्यक् ज्ञानप्राप्तिको लागि योग भूमिकाको क्रम फेरि बताउँछु, सुन । प्रथम जन्मबाट नै आत्माको बारेमा केही बोध भएको हुन्छ र क्रमले मानिस अगाडि बढ्दै जान्छ । संसारबाट पार तर्नको लागि ज्ञानवान् सज्जनको संगतमा जान्छ र सत्शास्त्रको विचारमा लाग्छ । अनि उसलाई ग्राह्य के हो र त्याज्य के हो भन्ने थाहा हुन्छ - यसलाई शुभेच्छा भन्छन् । शास्त्रबाट यो शुभ हो र यो अशुभ हो भन्ने जानेर अशुभको त्याग र शुभको ग्रहण गर्नु र यथाशास्त्र विचरण गर्नुको नाम विचार हो । जब सम्यक् विचार दृढ हुन्छ तब संसारसंबन्धी वासनाको त्याग गरेर सत्यस्वरूपमा स्थित हुन्छ - यसलाई तनुमानसा भनेको छ । जब संसारको वासना क्षीण हुन्छ र सत्यको दृढ अभ्यास हुन्छ तब त्यो वैराग्य र अभ्यासबाट सम्यक् ज्ञान उत्पन्न भएर आत्मसाक्षात्कार प्राप्त हुन्छ - यसको नाम सत्त्वापत्ति हो । मनबाट वासना नष्ट भएपछि सिद्धि आदि पदार्थ प्राप्त हुन्छन्, यिनको प्राप्तिमा आसक्ति रहित भएर स्वरूपमा सावधान रहन्छ । प्रारब्धप्राप्त सिद्धि आदि पदार्थलाई स्वप्नरूप जानेर कर्मफलमा बाँधिदैन - यसको नाम असंसक्ति हो । यसपछि मनको तनुतापूर्वक स्वरूपपट्टि मनको दृढ परिणाम भएर व्यवहारको पनि अभाव हुन्छ, प्रारब्धवेगले कर्म गरे तापनि उसको चित्तमा केही फुर्दैन, मन क्षीणभावमा प्राप्त हुन्छ, ऊ कर्ता भएर पनि अकर्ता रहन्छ, देखेर पनि देख्तैन र अर्धसुषुप्तिवत् रहन्छ, उसलाई मनमा कुनै कर्तव्यको भावना फुर्दैन - यसको नाम पदार्थाभावनी योगभूमिका हो । यसमा चित्त लीन हुन्छ । यस अवस्थामा जब केहीकाल स्वाभाविकरूपले चित्त अभ्यासमा निरत रहन्छ र भित्रबाट सब पदार्थको अभाव दृढ हुन्छ - यसको नाम तुर्यगा अथवा तुरीया भूमिका हो । यस भूमिकामा स्थित पुरुष जीवन्मुक्त कहिन्छ । यस भूमिकामा स्थित भएको ज्ञानवान् इष्ट वस्तु पाएर हर्षवान् हुँदैन र उसको निवृत्तिमा शोकवान् हुँदैन, सन्देहरहित भएर उत्तम पद प्राप्त गर्छ ।

हे राम ! तिमी पनि ज्ञातज्ञेय भएका छौ, जान्नुपर्ने कुरा जस्ताको तस्तो जानेका छौ, तिम्रो पदार्थको भावना तनुताप्राप्त भएको छ । अब तिम्रो साथमा शरीर रहे पनि र नरहे पनि हर्ष र शोकले रहित भएर निरामय आत्मा होऊ । आत्मदृष्टिसम्पन्न भएर जन्म, जरा, मरण, सुख दुःख तथा अबोधरूप शोकले रहित भएर अद्वैतरूप आफ्नो स्वरूपमा स्थित होऊ । देहको उदय र अस्त हुन्छ तर देश, काल र वस्तुको भेदले रहित आत्माको उदय अथवा अस्त कसरी होला ?

हे रामचन्द्र ! तिमी अविनाशी हौ, आफूलाई नाशरूप जानेर किन शोक गर्छौ, तिमी अमृतमय स्वच्छरूप हौ । जस्तो घट फुटनाले आकाश नष्ट हुँदैन त्यस्तै शरीरको नाशबाट तिमी नष्ट हुँदैनौ । जो कुछ जगत्का पदार्थ भासित हुन्छन् ती सब असत्यरूप हुन्, तिनको वासना

भ्रान्तिले मात्र हुन्छ, तर तिमी त अद्वैतरूप हौ र यो सब तिम्रो छायाँमात्र हो । तिमी केको इच्छा गर्छौ ? शब्दादि विषयरूप दृश्य तिमीदेखि भिन्न होइनन्, सब तिम्रै स्वरूप हुन्, तिमी भ्रममा नपर ।

एकमात्र चेतनसत्ता आदि, मध्य र अन्तले रहित छ, उसबाट जो स्पन्द फुरेको छ त्यो संकल्परूप ब्रह्मा भएर स्थित भएको छ, उसले नाना प्रकार जगत्को रचना गरेको छ, तर सब जगत् शून्यरूप हो । बालकलाई छायाँमा वेताल भास्छ त्यस्तै जीवलाई अज्ञानले देहाभिमान हुन्छ र असत्य जगत् पनि सत्यरूप भएर भास्छ । जब सम्यक् ज्ञानको उदय हुन्छ तब सब जगत् आफैंमा लीन भइहाल्छ । जस्तो तरङ्ग समुद्रबाट उत्पन्न भएर समुद्रमा नै लीन हुन्छ त्यस्तै आत्मामा उत्पन्न जगत् आत्मामा नै लीन हुन्छ ।

उत्पत्तिप्रकरण समाप्त

स्थितिप्रकरण

(१) जगद्भ्रम-निवृत्ति

वसिष्ठले भन्नुभयो, हे राम ! अब स्थिति प्रकरण सुन, जसको श्रवणले जगद्भ्रम शान्त हुन्छ र स्वरूपस्थिति बन्छ । आदिमा अहं बनेर खडा भएको यो दृश्य जगत् सत्य होइन । निद्रा विनाको स्वप्न झैं अथवा भविष्यत् नगर झैं यो जगत् भ्रमले चित्तमा बसेको छ । जस्तो वानर शीतनिवृत्तिको लागि बालुवा जंमा गरेर त्यसमा अग्निको कल्पना गर्छन्, त्यो अग्नि भावनामात्र हो, त्यसबाट शीतनिवृत्ति हुँदैन त्यस्तै यो जगत् भावनामात्र या कल्पनामात्र हो । जस्तो आकाशमा मणिको प्रकाश भास्तछ, गन्धर्वनगर भास्तछ, मृगतृष्णाको नदी भास्तछ त्यस्तै यो असद्रूप जगत् भ्रमले सद्रूप भएर भास्तछ । प्रत्यक्ष भासे तापनि यो जगतमा स्वप्नाङ्गनाको प्रेम झैं केही सार छैन । प्रत्यक्ष भासे तापनि मृगतृष्णाको नदी झैं यो जगत् असद्रूप हो ।

रामले प्रश्न गरे - यो जगत् प्रलयमा आत्मामा लीन हुन्छ र फेरि बीजाङ्कुर न्यायले आत्मरूप बीजबाट उत्पन्न हुन्छ, यही क्रमले लय र उत्पत्ति भइरहन्छ - यस्तो भन्नु ज्ञानदृष्टि हो कि अज्ञानदृष्टि ? मेरो संशय निवृत्त गरिदिनुहोस् । यसको उत्तरमा वसिष्ठ गुरुबाट आज्ञा भयो - बीजलाई अङ्कुरको कारण माने झैं ब्रह्मलाई जगत्कारण मान्नु अज्ञदृष्टि हो । बीज इन्द्रियको विषय हुन्छ जस्तो वटको बीज आँखाले देखिन्छ, तर ब्रह्म मनसहित षडिन्द्रियको विषय हुँदैन । ब्रह्म आकाश भन्दा पनि निर्मल छ, त्यो जगत्को बीज कसरी होला ? ब्रह्म महासूक्ष्मरूप, परमशान्त, स्वप्रकाश चैतन्यस्वरूप छ, उसमा विरुद्धस्वभाव जगत् रहन सक्तैन । घाममा छायाँ, सूर्यमा अन्धकार नभए झैं आत्मामा जगत् छैन । सत्य आत्मामा असत्य जगत् हुन सक्तैन । निराकार आत्मामा साकार जगत् रहन्छ भन्नु अयुक्त कुरा हो ।

निराकार चैतन्यरूप आत्मा साकार र जड जगत्को समवायि कारण हुन सक्तैन र संयोग आदि नरहने हुनाले असमवायि कारण पनि हुन सक्तैन । वटबीजको परिणाम वटवृक्ष भएजस्तै आत्माको परिणाम जगत् भएको भए आत्मा समवायि कारण हुन्थ्यो तर आत्मा अच्युतरूप हो । आत्माको कहिले पनि परिणाम हुँदैन । अस्ति, जायते, वर्धते, विपरिणमते, अपक्षीयते, नश्यति - यी षड् विकारले रहित (निर्विकार) आत्मा जगत्को कारण हुन सक्तैन । आत्मालाई जगत्को निमित्त कारण भन्न पनि सकिँदैन । जब कार्य देखि भिन्न कर्ता हुन्छ तब त्यो निमित्त कारण हुन्छ जस्तो कुम्भकार घटदेखि भिन्न भएकोले घटको निमित्त कारण हुन्छ । आत्मा त अद्वैत हो, उसको निकटमा द्वितीय वस्तु छँदैछैन, त्यसकारण आत्मा जगत्का प्रति निमित्त कारण होइन । आत्मा मन र इन्द्रियले रहित, निराकार अविकृतरूप भएको हुनाले सहकारि कारण पनि होइन ।

यो जगत् अकारणरूप भएको हुनाले सत्य होइन, भ्रान्तिले भासेको हो । जस्तो आकाशमा नीलता, सिपीमा चाँदी भ्रान्तिले भास्तछ त्यस्तो यो जगत् भ्रान्तिले भासेको हो । जब तिमी स्वरूपमा जाग्दछौ तव जगद् भ्रम मेटिन्छ । त्यसकारण कार्यकारण भ्रमलाई त्यागेर स्वरूपमा

स्थित होऊ । यो जगत् अज्ञानजनित संकल्पबाट रचेको हुनाले मिथ्या हो, यसलाई त्याग गर र आदि, मध्य र अन्तले रहित जो आत्मसत्ता हो उसैमा स्थित होऊ, तब जगद् भ्रम नष्ट हुन्छ ।

(२) स्थितिबीजोपन्यास

हे राम ! बीजबाट अंकुरको उत्पत्ति भए झैं आत्माबाट जगत्को उत्पत्ति स्वीकार गर्न सकिँदैन, किनकि आत्मा सर्वकल्पनारहित महाचैतन्यरूप र आकाशवत् निर्मल छ, त्यसकारण आत्मालाई जगत्को बीज मान्न सकिँदैन । आत्मा जगत्को समवायिकारण, निमित्तकारण र सहकारिकारण केही पनि होइन । विनाकारण उत्पन्न भएको हुनाले यो जगत् सत्य होइन । कारण नभएको हुनाले जगत् कार्यरूप पनि होइन । कारण कार्य विना जो पदार्थ भास्तछ त्यसलाई असत्‌रूप नै जान्नुपर्दछ । विवेकरहित मूर्ख बालक कार्यकारणभाव मान्छ, त्यो ठीक होइन । यसकारण यो जगत् न पहिले थियो, न अहिले छ र न पछि हुनेछ - केवल स्वच्छ चिदाकाशसत्ता आफू आफैमा स्थित छ ।

जब जगत्को अत्यन्त अभाव हुन्छ तब सर्वत्र ब्रह्मदृष्टि कायम हुन्छ । जो जगत्को प्रागभाव, प्रध्वंसाभाव र अन्योन्याभाव मान्छ त्यसको जगत् दृढ हुन्छ र उसलाई शान्ति हुँदैन । जब जगत्को अत्यन्ताभाव देख्छ तबमात्र चित्त शान्त हुन्छ । जगत्को अत्यान्ताभाव विना मुक्तिको अरू उपाय छैन । सूर्य, पृथिवी आदि तत्त्व, क्षण, वर्ष, कल्प आदि काल, म भन्ने अहंकार, रूप, आलोक र मनस्कार इत्यादि सब जगत् संकल्पमात्र हो र कल्प्य, कल्पक, ब्रह्माण्ड, ब्रह्मा, विष्णु, रुद्र, इन्द्रदेखि कीटपर्यन्त जो कुछ जगत्-जाल छ त्यो उत्पन्न भएर अन्तर्धान हुन्छ । महाचैतन्यरूप परम आकाशमा अनन्त वृत्ति उठ्छन् । सृष्टिको पहिले जो शान्तसत्ता थियो अहिले पनि त्यही नै छ भनी जान ।

चित्कला परमाणुको सहस्रांश झैं अत्यन्त सूक्ष्म छ, त्यही चित्कलामा अनन्तकोटी सृष्टि स्थित छन् । त्यही चित्सत्ताको स्फुरण जगद्‌रूप भएर भास्तछ । त्यो निराकार चित्सत्ता शान्तरूपमा नै विद्यमान छ, उसको उदय, अस्त केही हुदैन । जस्तो शिलामा रेखा हुन्छ त्यस्तो आत्मामा जगत् छ । आकाशमा आकाशसत्ता फुरे जस्तै आत्मामा जगत् फुर्छ र आत्मामा नै स्थित हुन्छ, आत्मा उदयास्तरहित भईकन पनि विस्तृतरूपवाला छ ।

हे राम ! सहकारिकारण नभएको हुनाले जगत् शून्यरूप छ - यस्तो जानेपछि सम्पूर्ण कलङ्ककलना शान्त हुन्छ । तिमी दीर्घ निद्रामा सुतेका छौ, निद्राको अभाव तुल्याएर ज्ञानभूमिकामा जाग र निःशोक पद प्राप्त गर ।

(३) जगदानन्त्यवर्णन

रामले प्रश्न गरे - महाप्रलयको अन्तमा र सृष्टिको आदिमा जो प्रजापति रहन्छन्, उनले पूर्व स्मृतिबाट सृष्टि गरेको हुनाले जगत्लाई स्मृतिरूप भन्न हुन्छकि हुँदैन ? उत्तरमा वसिष्ठले भन्नुभो, हे राम ! महाप्रलयमा प्रजापति रहँदैनन् । जब स्मृतिकर्ता आफू नै छैन भने कसरी

पूर्वस्मृति मान्ने ? फेरि रामले सोधे - जगत्को आदिमा ब्रह्माजी त थिए, उनको स्मृतिको नाश हुँदैन भने पूर्वस्मृति अनुसार जगद्रचना किन नहुने ? वसिष्ठले भन्नुभो, हे राम ! महाप्रलयमा ब्रह्माजीको पनि निर्वाण हुन्छ, अर्थात् ब्रह्मा पनि विदेहमुक्त हुन्छन् । स्मृतिकर्ताको अन्तर्धान भएको हुनाले स्मृति रहन पाएन । यसकारण स्मृतिलाई जगत्को कारण मान्न सकिँदैन । महाप्रलयमा त सम्पूर्ण दृश्य जगत्को अभाव भइहाल्छ र आदि अन्तरहित स्वच्छ चैतन्यसत्तामात्र प्रकाशित रहन्छ, सारा जगत् ब्रह्मरूप भइहाल्छ ।

जब ब्रह्ममा संवेदन फुर्छ तब अन्तवाहक शरीर बन्छ र विराट् जगत् भास्तछ, त्यसमा देश, काल, क्रिया, द्रव्य, दिन, रातको क्रम बन्छ । आणुरूप ब्रह्मसत्तामा जो जगत् फुरेको छ त्यो संकल्परूप हो र ब्रह्मदेखि भिन्न होइन । अज्ञानीको चित्तमा अनेक प्रकारको भावना हुन्छ । द्वैतको भावनाले जगत् देखिन्छ । ब्रह्माण्ड भित्र अनन्त परमाणु छन् । प्रत्येक परमाणुमा अनन्त सृष्टि फुरिराखेका छन् । फेरि स्वप्नमा स्वप्नान्तर फुरे झैं सृष्टिमा अरू सृष्टि फुरेका छन् । बरू सूर्यको किरणमा जो सूक्ष्म त्रसरेणु हुन्छन् तिनको गणना कसैले गर्ला किन्तु आत्मरूपी सूर्यका अनन्त जगद्रूपी किरणको संख्या कोही गर्न सक्तैन । यो अनन्त सृष्टि ब्रह्मको स्फुरणरूप भएको हुनाले ब्रह्मदेखि भिन्न होइन । जो जगत् प्रकाशित भइराखेको छ त्यो ब्रह्म नै प्रकाशित भएको हो भनी जान । जगत्लाई जगत्रूपले देख्नु अज्ञदृष्टि हो । जगत्लाई ब्रह्मरूपले देख्नु ज्ञानदृष्टि हो । हे राम ! जगत्लाई ब्रह्म शब्दको अर्थ भनी जान । यस्तो बुद्धि भए परम सार वस्तु ब्रह्म प्राप्त हुन्छ । सम्पूर्ण विश्व ब्रह्मको स्फुरण भएको हुनाले यसलाई विज्ञानघन ब्रह्म भनी जान । द्वैतवस्तु केही पनि छैन । जब तिमी स्वरूपमा जाग्दछौ तब सब ब्रह्मरूप नै भास्तछ ।

(४) मन नै हो जगत्को अंकुर

इन्द्रियजय नै हो मोक्षको कारण । सत्संग र सत्शास्त्रको विचारबाट जब आत्मतत्त्वको बोध हुन्छ तब इन्द्रियजय हुन्छ र जगत्को अत्यन्त अभाव हुन्छ । संसारको अत्यन्त अभाव नभईकन आत्मज्ञान प्राप्त हुँदैन । यो क्रम संसारसमुद्र तर्ने उपाय हो । धेरै के भनौं, मन नै हो कर्मको बीज । मन नष्ट भए जगत् पनि नष्ट भइहाल्छ । मनोरूप बीज नष्ट भएपछि जगद्रूप अंकुर पनि नष्ट भइहाल्छ । सब जगत् मनो रूप हो, त्यसकारण मनको अभाव तुल्याउने उपाय गर । मलिन मनबाट अनेक जन्मको उत्पत्ति हुन्छ । मनलाई जितेपछि सर्वलोकको विजय हुन्छ । सब जगत् मनबाट उत्पन्न भएको हो । मनले रहित भए देह पनि भास्तैन । जब मनबाट दृश्यको अभाव हुन्छ तब मन मरेर जान्छ । मुक्तिको लागि मनलाई मार्नु सिवाय अन्य उपाय छैन । जगत्को अत्यन्ताभावको चिन्तन र स्वरूपभूत आत्माको अभ्यास गर्नु - यही नै हो मनलाई मार्ने परम औषधि ।

जहाँसम्म मन नष्ट हुँदैन त्यहाँसम्म मनको मोहले जन्म मरण भइ नै रहन्छ । यो जगत् मनको स्फुरणबाट भासेको छ । आकाशमा गन्धर्वनगर भासे झैं सम्पूर्ण जगत् मनमा भास्तछ । यो सारा सत्, असत्, स्थूल, सूक्ष्म, कारण, कार्यरूप जगत् मनमा रहन्छ । मरुभूमिमा मृगतृष्णाको

जल फुरे झैं चित्तमा जगत् फुर्दछ । मन भन्नु र जगत् भन्नु एकै कुरा हो । यी दुईमा यौटा नष्ट भएपछि अर्को पनि नष्ट हुन्छ ।

(५) भार्गवसंविद् गमन

मनको स्फुरणबाट कसरी जगद्भ्रम उत्पन्न हुन्छ र कसरी उत्पन्न भयो भन्ने बारेमा दृष्टान्त देखाउँदै गुरु वसिष्ठले भन्नुभो, हे रामजी ! इन्दु ब्राह्मणका दश छोराले दश ब्रह्मा भएर दश सृष्टि गरे- यो मनको स्फुरणबाट नै भएको हो । लवण राजाको इन्द्रजालीको मायाबाट चण्डालको प्रतिभा दृढ हुनु मनमा नै स्थित भएको हो । भृगुका छोरा शुक्रले मनको स्फुरणबाट चिरकालतक स्वर्गसुख भोगेर फेरि अनेक जन्मको भ्रम देखे त्यस्तै यो सारा जगद्भ्रम मनमा स्थित छ ।

यो सुनेर रामले भने - हे गुरु ! यस विषयमा भृगुपुत्रको वृत्तान्त एकपल्ट सुन्न पाऊँ । वसिष्ठले भन्नुभयो, हे राम ! एक समय भृगुऋषि कल्पवृक्ष आदिले सुशोभित मन्दराचलमा तपस्या गर्थे । उनको टहल गर्न छोरा शुक्र गएका थिए । एकपल्ट भृगु निर्विकल्प समाधिमा स्थित भए । शुक्र अलि पर एकान्त रमणीय स्थानमा बसेर पर्वतको शोभा हेरिरहेका थिए । उनी आकाश र पृथिवीको बीचमा त्रिशंकुराजा रहे झैं ज्ञान र अज्ञानको बीचमा थिए । यसैबेला गहनाहरूले सुशोभित महासुन्दरी एक अप्सरा आकाशमार्गबाट स्वर्गतिर जाँदै थिइन् । उनको सुगन्धले वातावरण नै सुगन्धित भएको थियो । तिनलाई देखेर शुक्रको मन कामवाणले विचलित भयो र वृत्ति अप्सरामा गएर स्थित भयो ।

(६) भार्गवमनोराज्य

अप्सरा आफ्नो बाटो लागेर स्वर्गतिर गइहालिन् । उनलाई देखेर शुक्रले आँखा चिम्ले । भित्र भित्रै उनको मनोराज्य विकसित हुँदै गयो । उनको मन दृढरूपले अप्सराको चिन्तनमा डुब्यो । ती मृगनयनी ललना जो स्वर्गमा गइन्, म उनको समीपमा पुगूँ - यस्तो विचारले पछि पछि जाँदा जाँदै शुक्र मनद्वारा स्वर्गमा पुगे । स्वर्गको मनोरम दृश्यावली हेर्दै हेर्दै उनी इन्द्रको दरवारमा पुगे । इन्द्रले भव्यरूपमा स्वागत सत्कार गरेर भने - चिरकालपर्यन्त तपाईं यहीं रहनुहोस् भनी प्रणाम गरे । अनि देवताहरूले पनि नवागत अतिथिलाई प्रणाम गरे ।

(७) भार्गव-अप्सरा-संगम

इन्द्रको समीपमा बसेपछि शुक्रले निजी भाव बिर्से । मन्दराचल पर्वतमा जुन उनको शरीर थियो त्यो शरीरको पनि विस्मृति भयो र वासनाले मनोराज्यको शरीर दृढ भयो । एक मुहूर्त त्यहाँ बसेपछि उनको चित्त उही अप्सरामा पुग्यो । अनि त्यहाँबाट बिदा भएर स्वर्गको दिव्य रचना हेर्दै उनी जहाँ प्रेयसी अप्सरा थिइन् त्यहाँ पुगे । उनी अप्सराहरूको माझमा बसेकी थिइन् । दुवैका आँखा जुधे । अप्सरालाई देखेर चन्द्रमालाई देखेर चन्द्रकान्तमणि द्रवीभूत भएझैं शुक्रको शरीर

द्रवीभूत भयो । चिट्चिट् पसिना आयो । हृदय कामवाणले व्याकुल भयो । शुक्रलाई देखेर अप्सराको पनि चित्त मोहित भयो । त्यसपछि शुक्रले अन्धकारको रचना गरे । अँध्यारो भयो भनेर अरू सबै आआफ्ना बासस्थानतिर गए । ती दुईजनामात्र त्यहाँ बाँकी रहे ।

अप्सराले शुक्रलाई भनिन् - तपाईंको सुन्दर शरीर देखेर कामवाणले विमोहित भएकी छु र तपाईंको शरणमा आएकी छु । यसरी दुवैजना परस्पर स्नेहपाशमा बाधिएर स्वर्गको सुखसयलमा मग्न भए ।

(८) शुक्रको विविध जन्म

मनले चिताएकी प्रेयसीलाई पाएर शुक्रले आफूलाई आनन्दित माने र दिव्य वस्त्र, भूषण र मालाहरू पहिरेर कल्पवृक्षको मुनि, नदीतट, नन्दनवन, लोकालोक पर्वत, कैलास आदि रमणीय स्थानमा क्रीडा गर्दै श्वेतद्वीपमा पचास युगपर्यन्त बसे । अनि गन्धर्व नगरमा केही काल बसेर अन्तमा स्वर्गको नन्दन वनमा आएर बत्तीस युगसम्म आनन्दसाथ रहे । यसरी भोग गर्दा जब पुण्यक्षय भयो तब दुवै जनालाई स्वर्गबाट खसालि दिए । तल खस्ता शरीर टुटचो र अन्तर्धान भयो । ती दुईको पुर्यष्टक आकाशमण्डलमा घुमदै चन्द्रकिरणमा मिल्यो र शीत भएर धानमा आएर बस्यो । त्यो धान दशारण्यनामक ब्राह्मणले खाएर तिनको वीर्यबाट शुक्र त्यस ब्राह्मणको पुत्र भएर जन्मे । अर्कातिर त्यो धान मालव देशका राजाले भोजन गरे र तिनको वीर्यबाट त्यो अप्सरा राजकुमारी भएर जन्मिन् । दुवैजना सोह्र बर्षका युवा र युवती भएका थिए । युवती राजकुमारीले महादेवको पूजा गरेर "पूर्वका पति पाऊँ" भनी वर मागेकी थिइन् । राजाले राजकुमारीको स्वयम्वरको निमित्त एक यज्ञको आरम्भ गरे । त्यहाँ धेरै राजा र राजकुमारहरूको समागम थियो । दशारण्य ब्राह्मण पनि छोरालाई साथमा लिएर त्यहाँ पुगेका थिए । स्वयम्बरको समारोहका दिन राजकुमारीले पूर्वजन्मका पति भनी चिनेर तिनै ब्राह्मणपुत्रको गलामा वरमाला पहिराइन् । धूमधामसंग विवाह सम्पन्न भयो । वृद्धावस्था प्राप्तभएपछि ज्वाईं छोरीलाई राज्य दिएर राजा र रानी वनतिर प्रस्थान गरे । चिरकालपर्यन्त मालवदेशको राज्य गरेपछि वृद्धावस्था प्राप्त भयो र ती ब्राह्मणराजाको शरीर छुट्यो । कर्मवश वंगदेशमा धीवर (माझी) भएर जन्मे । त्यहाँ तिनलाई वैराग्य भयो । संसार दुःखमय प्रतीत भयो । अनि सूर्यको उपासना गरे । त्यसको प्रभावले अर्को जन्ममा ठूला मन्त्रसिद्ध, वेदज्ञ ब्राह्मण भए । मन्त्रको प्रभावले त्यसपछि विद्याधर भए । धेरैकालसम्म विद्याधरको सुख भोग गर्दा गर्दै ब्रह्माको रात (कल्पान्त) भयो । जब ब्रह्माको दिनको उदय भयो तब सृष्टि शुरू भयो । ती विद्याधर मुनिपुत्र भएर जन्मे र सुमेरु पर्वतमा एक मन्वन्तरपर्यन्त तपस्या गरेर रहे । त्यहाँ पनि तिनलाई भोगको इच्छा थियो । त्यसैले मृग भएर जन्मे । त्यसपछि मद्रदेशको राजपुत्र भएर जन्मे । चिरकालपर्यन्त राज्यसुख भोग गरेपछि त्यो शरीर पनि छुटचो र तपेश्वर ब्राह्मणका पुत्र भएर जन्मे । पछि तिनी सन्तापरहित भएर गंगातटमा तपस्या गरेर रहन थाले । यस प्रकार मनको स्फुरणबाट शुक्रले अनेक शरीरको भोग गरे ।

(९) भार्गव शरीरको दशा

यता मन्दराचल पर्वतमा भृगुको आश्रमको नजीकै शुक्रको निर्जीव शरीर रूखमुनि लडिरहेको थियो। घाम र हावाले सुकेर रक्तविहीन हाड छालामात्र बाँकी रहेको त्यो शरीर काटेको रूख झैं एकान्त वनमा पडिरहेको थियो, पशु पक्षीले नष्ट गर्न भने सकेका थिएनन्, कारण भृगुको शान्त आश्रम भएको हुनाले त्यहाँ हिंस्रक जन्तु आउदैनथे र अर्को कुरा उनको संस्कार पनि बाँकी थियो। मनको क्षोभले अनेक जन्म पार गर्दै शुक्र जब मुनिकुमार भएर जन्मेका थिए तब केही शान्ति मिलेको थियो र गंगातटमा शान्तिपूर्वक बसेका थिए।

(१०) कालको कथन

वसिष्ठले भन्नुभयो, हे राम ! जब दिव्य एक हजारवर्ष अर्थात् भूलोकको तीनलाख साठी हजार वर्ष बित्यो तब भृगुजी समाधिबाट उत्रे। यता उति हेर्दा प्रियपुत्र शुक्रलाई देखेनन्। अलि टाढासम्म दृष्टि पुऱ्याएर हेर्दा देखियो कि शुक्रको निर्जीव शरीर जंगलमा पडिरहेको छ। नजीकमा गएर हेरे। घाम पानी र हावाले जर्जरी भूत शरीर देखता मनमा क्रोधको आवेश भयो र भृगुले भने - अकालमा नै कालले मेरो छोरालाई लिएर गयो। छोरा शुक्र परम तपस्वी थिए र सृष्टिपर्यन्त रहनेवाला थिए। विनासमयमा मेरो छोरालाई कालले किन माऱ्यो, त्यसलाई शाप दिएर भस्म गरिदिन्छु - भनेर भृगु ज्यादै जंगिए। यसरी भृगुजी रिसाएको थाहा पाएर आफ्ना हातहतियार सहित श्यामवर्णको भयंकर रूपलिएर यमराज त्यहाँ उपस्थित भएर भन्न लागे - हे मुनीश्वर ! जो मर्यादापरिपालक र परमात्मतत्त्वको बेत्ता हुन् तिनीहरू क्रोध गर्दैनन्, कदाचित् क्रोध आए तापनि मोहवश क्रोधवान् हुँदैनन्। तपाईं किन यसरी मोहित भएर विनाकारण क्रुद्ध हुनुहुन्छ ? तपाईं ब्रह्मपुत्र, महातपस्वी र नीतिका संरक्षक हुनुहुन्छ। तपाईं हाम्रा पूजनीय हुनुहुन्छ। ईश्वरीय नीति यस्तै छ।

हे ऋषीश्वर ! तपस्याको बलले तपाईं क्षोभ नगर्नुहोस्। तपाईंको शापले मलाई भस्म गर्न सक्तैन। प्रलयाग्निले पनि मलाई दग्ध गर्न सक्तैन भने तपाईंको शापले कसरी दग्ध गर्न सक्ला ? मैले अनेक कोटी ब्रह्माण्डलाई भक्षण गरेको छु। ब्रह्मा, विष्णु र रुद्र पनि मेरो ग्रासमा पर्दछन् भने तपाईंको शापले मलाई केही गर्न सक्तैन। ईश्वरले जो आदि नीति रचेको छ त्यो त्यस्तै नै स्थित छ। म सबैको भोक्ता हुँ, तपाईंजस्ता ऋषि हाम्रा भोग्य हुन् - यही नै आदि नीति बनेको छ। म कालस्वरूप हुँ। सारा सृष्टि कालको मुखमा पर्छ - यस्तो स्वभाव छ।

यदि निष्कलंक ज्ञान दृष्टिले हेर्नुहुन्छ भने कर्ता, भोक्ता, कार्य, कारण केही पनि छैन, एक अद्वैतसत्ता नै सर्वत्र विद्यमान छ। अज्ञानजनित कलंकदृष्टिले हेर्दा अनेक कर्ता भोक्ताको भ्रम भास्तछ। जब सम्यक्ज्ञानको उदय हुन्छ तब कर्ता, भोक्ता आदि केही रहँदैन। जस्तो पानीको चलनले चन्द्रमाको प्रतिबिम्ब चल्छ त्यस्तो मनको स्फुरणबाट आत्मामा कर्तव्य, भोक्तव्य भ्रम भास्तछ, वास्तवमा केही पनि छैन, सब मिथ्या हो। त्यसकारण हे मुनीश्वर ! क्रोध नगर्नुहोस्, यो

दुष्ट कर्म आपद्को कारण हुन्छ । मैले जो यो आफ्नो विभूति बताएँ त्यो अभिमानले भनेको होइन, यो स्वत: ईश्वरीय नीति हो, हामी त्यसैमा रहेका छौं ।

बोधवान् पुरुष आफ्नो प्रकृत आचारमा चल्छन्, अभिमान गर्दैनन् । जो कर्तव्यका वेत्ता हुन् तिनीहरू बाहिर प्रकृत आचारमा चल्छन् र भित्र सुषुप्तवत् रहन्छन् । तपाईको शास्त्रप्रसिद्ध ज्ञानदृष्टि, धैर्य र उदारता कहाँ गयो ? किन तपाई अन्धोजस्तो भएर मोहमा फस्नु भएको छ ? तपाईका पुत्र आफ्नै कर्मको फल भोगिरहेका छन् ।

हे मुनीश्वर ! यस लोकमा जीवका दुई शरीर छन् - मनोरूप र आधिभौतिक । आधिभौतिक शरीर अत्यन्त विनाशशील छ, त्यो मनले जता प्रेरणा गर्छ उतै जान्छ, स्वत: केही गर्दैन । जस्तो असल सारथि रथलाई उत्तम स्थान तिर लैजान्छ त्यस्तो राम्रो मन उत्तम लोकमा जान्छ, नराम्रो मन नीच स्थान तिर जान्छ । सारा जगत् मनको स्फुरणमात्र हो । मनको वृत्ति जब निश्चयरूप हुन्छ तब त्यसको नाम बुद्धि हुन्छ, जब मन अहंरूप धारण गर्छ तब त्यसको नाम अहंकार हुन्छ र जब मन देहको स्मरण गर्छ तब त्यसको नाम चित्त हुन्छ । वास्तवमा पार्थिव शरीर कुनै छैन । मनको दृढ भावनाले नै शरीर बन्छ र आधिभौतिक भएर भास्तछ । जब शरीरको भावना त्याग्छ तब चित्त परम पदमा प्राप्त हुन्छ ।

हे मुनीश्वर ! तपाईका पुत्रको वृत्तान्त सुन्नुहोस् । तपाईं समाधिमा बसेको बेलामा छोरा शुक्र एकान्त रमणीय स्थानमा बसेका थिए । उनको अगाडिबाट विश्वाची नाम गरेकी अत्यन्त सुन्दरी अप्सरा स्वर्गतिर गइन् । शुक्रको दृष्टि ती अप्सरामा पऱ्यो र उनका साथ विहार गर्ने तीव्र इच्छा मनमा जाग्यो । मनोरूप शरीरद्वारा उनी स्वर्गमा पुगेर देवता बनीकन बत्तीस युगपर्यन्त त्यो अप्सराका साथ स्वर्गमा रहेर स्वर्गीय भोगमा मस्त रहे । पुण्य समाप्त भएपछि स्वर्गबाट झरेर पृथिवी तलमा ब्राह्मणका पुत्र भएर जन्मे । पछि राजकुमारीका साथ विवाह गरेर मालव देशका राजा बने । त्यसपछि माझी, सूर्यवंशी राजा र मृग भए । अनि मन्त्रज्ञ गुरु बने, अनि मन्त्रको प्रभावले विद्याधर बनेर कल्पपर्यन्त विद्याधरको लोकमा रहे । कल्पान्तपछि अर्को सृष्टि भयो । यो सृष्टिमा अहिले उनी ब्राह्मणको वसुदेवनामक छोरा भएर आठसय वर्षसम्म गङ्गातटमा तपस्या गरेर रहेका छन् । ज्ञानदृष्टिले हेर्नु भयो भने सबकुरा तपाईंलाई अवगत हुने नै छ ।

(११) संसारावर्तवर्णन

समदृष्टिसम्पन्न कालका वचन सुनेर भृगुले आँखा चिम्लेर जब ज्ञानदृष्टिले हेरेथे तब छोराको सब वृत्तान्त अवगत भइहाल्यो । छोरालाई गंगातटमा तपस्या गरिराखेको देखे । अब विकारदृष्टिलाई त्यागेर भृगुले भने - हे भगवन् ! तपाई त्रिकालदर्शी हुनुहुन्छ, मैले भ्रमवश क्रोध गर्नाको कारण यो हो कि मेरा पुत्र चिरञ्जीवी थिए । उनको मृत शरीर देखता भ्रम भयो, अकालमा चिरञ्जीवी पुत्रको ज्यान जानुपर्ने होइन, यो कस्तो आश्चर्यको कुरा भयो । अहिले कुरा सुस्पष्ट अवगत भयो । मैले क्रोधको परित्याग गरिदिएँ । मेरो क्रोध युक्तिपूर्वकको थियो, त्यस्तो

क्रोध आपदाको कारण हुँदैन । मलाई थाहा भयो कि मेरा पुत्र मनको भ्रमले अनेक जन्मको भोग गरेर अहिले गंगातटमा तपस्या गरिरहेका छन् ।

हे त्रिकालज्ञ ! तपाईंले जीवको जुन दुई शरीर हुन्छ भन्नु भयो, तर मेरो विचारमा त यौटैमात्र शरीर छ त्यो हो मनोरूप । मनले जे गऱ्यो त्यही हुन्छ । कालले भने - तपाईंले यथार्थ भन्नुभो । शरीर भनेको मन नै हो । कुलालले घटको रचना गरे झैं मनले नै देहको रचना गर्छ । यद्यपि मन निराकार छ तैपनि क्षणमा आकार बनाउँछ । जस्तो बालक छायाँमा वेतालको रचना गर्छ त्यस्तो मनले शरीर बनाउँछ । स्थूल दृष्टिले जीवको दुइटा शरीर मानिन्छ किन्तु बोधवान्को लागि सब मनोरूप हुन्छ । जब मन संसारको वासनालाई परित्याग गरेर परमार्थ तिर आउँछ तब सारा भ्रम नष्ट हुन्छ ।

हे मुनिवर ! समुद्रको तरंग माथिजान्छ, तरंगले ठान्यो कि म तरङ्ग हुँ - यो अज्ञान दृष्टि हो । माथि, तल गएँ भनी कल्पना गर्नु अज्ञान हो, वास्तव होइन । माथि वा तल जहाँ गए पनि तरङ्गले आफूलाई जलरूप जान्नु वास्तव दृष्टि हो, त्यस्तै जो परिच्छिन्न देहादिमा अहंबुद्धि गर्छ त्यो अनेक भ्रम देख्छ । सम्यग्दर्शी पुरुष सब आत्मरूप जान्दछ । सबै जीव आत्मरूपी समुद्रका तरङ्ग हुन्, अज्ञानले भिन्न भनी मानिन्छन्, ज्ञानले आत्मरूप नै मानिन्छन् । जस्तो समुद्रमा नाना तरङ्ग भास्तछन् त्यस्तो आत्मामा अनेक प्रकार जगत् भास्तछ । वास्तवमा द्वैत भन्ने केही पनि छैन । सर्वशक्तिरूप ब्रह्मसत्ता नै सर्वत्र विराजमान छ । जस्तो शाखा, पत्र, पुष्प, फल सब वृक्ष नै हो त्यस्तो सब जगत् आत्मरूप हो । आत्मा अनेक शक्तिरूप छ । जस्तो एउटै मानिस पाठ गर्नाले पाठक, पकाउनाले पाचक, जप गर्नाले जापक आदि संज्ञा प्राप्त गर्छ त्यस्तो एक आत्मा अनेक शक्ति धारण गर्छ ।

जीव आफ्नै इच्छाले बन्धवान् हुन्छ र आफ्नै इच्छाले मुक्त हुन्छ । जब बहिर्मुख भएर देहाभिमानसित मिल्छ तब आफूलाई बन्धनयुक्त ठान्दछ, जब पुरुषार्थद्वारा अन्तर्मुख हुन्छ तब मुक्त हुन्छ । वास्तवमा आत्मामा बन्ध, मोक्ष केही पनि छैन । बन्ध र मोक्ष दुवै मनको शक्ति हो । जस्तो मन फुर्दछ त्यस्तो त्यस्तो रूप भास्तछ । परमात्मारूपी महासमुद्र छ, त्यसमा चेतनतारूपी जलबाट जीवरूपी अनेक तरङ्ग उत्पन्न हुन्छन् र त्यसैमा स्थित भएर त्यसैमा लीन हुन्छन् । कुनै ब्रह्मारूप, कुनै विष्णुरूप र कुनै रुद्ररूप भएर प्रकाशित हुन्छन् । कुनै तरङ्ग प्रमादरहित यम, कुबेर, इन्द्र, सूर्य, अग्नि, मनुष्य, देवता, गन्धर्व, विद्याधर, यक्ष, किन्नर आदिरूप भएर उत्पन्न हुन्छन् र फेरि लीन हुन्छन् । यी मध्ये कोही चिरकाल पर्यन्त रहन्छन् जस्तो ब्रह्मा आदि । कोही केही काल रहेर नष्ट हुन्छन् जस्तो देवता, मनुष्य आदि । यस प्रकार कोही चिरकाल, कोही अल्पकाल रहन्छन् । यिनमा कोही अप्रमादी रहन्छन् जस्तो ब्रह्मा आदि, कोही प्रमादी हुन्छन् जस्तो मनुष्य आदि । कोही तुच्छ शरीर धारण गर्छन् भने कोही उत्तम शरीर धारण गरेका हुन्छन् । जे भए तापनि यो संसार स्वप्नवत् छ, अज्ञानीको लागि दृढ भएर भास्तछ ।

(१२) उत्तपत्ति विस्तारवर्णन

कालले भने - हे मुनिवर ! देवता, दैत्य, मनुष्य आदि सब ब्रह्मदेखि अभिन्न हुन् । मिथ्या संकल्पले कलंकित भएर जीव आफूलाई ब्रह्मदेखि भिन्न ठान्दछ र मोहित भएर तल माथि गरिरहन्छ । शुद्ध ब्रह्ममा जो संवित्को उल्लेख हुन्छ त्यो नै कलंकित कर्मको बीज हो, यसैको विस्तार हो संसार । जस्तो जल जुन बीज सित मिल्छ त्यही रसमा परिणत हुन्छ । त्यस्तो संवित् फुरेर जुन कर्मसित मिल्छ त्यस्तै गति प्राप्त गर्छ ।

यो सृष्टिमा कोही ब्रह्मदेखि धेरै टाढा पुगेका छन् जस्तो कृमि कीटादि, कोही अनन्त मोहमा छन् जस्तो पर्वत वृक्ष आदि, कोही निर्मल पूजा गर्न योग्य छन् जस्तो ब्रह्मा, विष्णु, रुद्र आदि । कोही सत्संग र सत्शास्त्र पाएर पनि फेरि मायाजालमा फसेका छन् । प्रमादले गर्दा नाना योनिमा घुमदै जीवले दु:ख भोगिरहेको छ । जब आत्मज्ञान प्राप्त हुन्छ तब आपद्बाट छुटेर शान्तिलाभ गर्दछ ।

(१३) भृगु आश्वासन

कालले भने - हे मुनिवर ! एक आत्मादेखि दोस्रो वस्तु कुनै छैन । जगत्मा जति भूतजाति छन् ती सब आत्मरूपी समुद्रका तरङ्ग अर्थात् एकै वस्तु अनेक विचित्ररूपमा विस्तार प्राप्त भएको छ जस्तो वसन्त ऋतुमा यौटै रस अनेक प्रकारको फलफूल आदिमा विस्तार प्राप्त हुन्छ । यी जीवहरूमा जसले मनलाई जितेर सर्वात्मा ब्रह्मको दर्शन गरेको छ ती जीवन्मुक्त हुन्छन् । मनुष्य, देवता, गन्धर्व, यक्ष, किन्नर आदि सब भ्रममा नै छन् भने वृक्ष आदि स्थावर जो मूढ अवस्थामा छन् तिनको के कुरा ?

लोकमा तीन प्रकारका जीव छन् - (१) महामूढ अज्ञानी (२) जिज्ञासु र (३) ज्ञानवान् । जो महामूढ छन् तिनको शास्त्रश्रवणमा र विचारमा रुचि हुँदैन । जिज्ञासुका लागि ज्ञानवान्हरूले शास्त्रको रचना गरेका छन् । निष्पाप पुरुष जब ज्ञानवान्बाट रचित सत्शास्त्रको अभ्यास गर्छ तब त्यसको बुद्धि निर्मल हुन्छ र मोह नष्ट हुन्छ । अँधेरी रातमा आकाशमा कुहिरो समेत लागेको बेलामा हिंडदा जस्तो दु:ख हुन्छ त्यस्तो मूढ जीव मोहबाट झन मोहमा पर्छ । जस्तो बालक आफ्नै छायाँमा वेतालको कल्पना गरेर आफैं दु:खी हुन्छ त्यस्तै मूढ मानिस आफ्नो संकल्पबाट आफैं दु:खी हुन्छ ।

संसारमा जति पनि भूतजाति छन् तिनको सुख र दु:खको कारण मनोरूप शरीर नै हो । मांसमय शरीरले गरेको केही हुँदैन, त्यो असत् हो । स्वप्नको शरीर झैं संकल्पको दृढताले आधिभौतिक शरीर भास्तछ ।

हे मुनीश्वर ! मनोरूप शरीरद्वारा तपाईंका पुत्रले जो नाना गति प्राप्त गरे त्यसमा हाम्रो कुनै अपराध छैन । जति जति तीव्र भावनाले तपाईंका पुत्रको मन फुर्दै गयो त्यस्तै त्यस्तै गति प्राप्त गर्दै गए । अब उठ्नोस्, जहाँ गङ्गातटमा ब्राह्मणका पुत्र भएर तपाईंका पुत्र तपस्या गरिरहेका छन्

त्यहीं जाऔं, । काल भगवान्‌बाट यस्तो आश्वासन पाएपछि भृगुको चित्त बुझ्यो र उनले भने - ईश्वरको नीति बडो आश्चर्यकारी छ जसले जीवलाई यस्तो भ्रम देखाइदिन्छ । यसपछि दुवैजना परस्परमा हातेमालो गर्दै गङ्गातट तिर प्रस्थान गरे ।

यो वाल्मीकिले भरद्वाजलाई बताइरहेका छन् त्यही कुरा वसिष्ठले रामलाई बताए । अब सूर्यास्तको समय भयो र सभा उठ्यो । अर्को दिन बिहान आएर सबै आ-आफ्नो आसनमा बसे ।

(१४) शुक्रको पूर्वशरीर गमनेच्छा

काल र भृगु दुई जना मन्दराचल पर्वतबाट तल झरेर सुन्दर स्थानहरू नाघ्दै समंगा नदीको तटमा पुगे जहाँ शुक्राचार्य ब्राह्मणपुत्र वसुदेव नामले तपस्यामा संलग्न थिए । कालले भने - हेर्नोस्, यिनी समाधिमा स्थित छन्, यिनलाई जगाउनोस् । कलनाको स्फुरण र बाहिरको शब्ले उनी जागे । विस्तारै आँखा मिचेर हेर्दा अगाडि श्याम वर्णका तेजस्वी दुईजनालाई देखेर मनमा ठाने कि साक्षात् भगवान् विष्णु र सदाशिव आएका हुन् । चरणमा प्रणाम गरेर तपस्वीले भने - यहाँहरूको आगमनबाट यो स्थान अत्यन्त पवित्र भयो । उदारात्मा तेजोमूर्ति यहाँहरू को हुनुहुन्छ ? भृगुले भने - तपाईं प्रबुद्धआत्मा हुनुहुन्छ, आफू को हो, स्मरण गर्नुहोस् । तब तपस्वीले आँखा चिम्लेर ध्यानदृष्टिले हेर्दा एक मुहूर्तमा सम्पूर्ण वृत्तान्तको स्मरण भयो र भने - ईश्वरको गति विचित्रको छ जसको वशमा परेर मैले अनेक भ्रम देखें, अनन्त जन्ममा घुमें । त्यो संझदा आश्चर्य चकित भएको छु । मैले अनेक दुःख र अनेक अवस्था भोगें , धेरै कालसम्म स्वर्गको सुख भोग गरेर रहें । मन्दार, कल्पवृक्ष, सुमेरु, कैलास आदि वनकुञ्जको भ्रमण गरें । मैले के काम गरिन र के पदार्थ पाइन ? सारा कुरा पाएँ । स्वर्ग, नरक सारा देखें ।

अहिले आत्मतत्त्वमा विश्राम प्राप्त गरेर रहेको छु, मेरो संकल्प-भ्रम नष्ट भएको छ । अब मन्दराचल पर्वतमा जहाँ मेरो पूर्वशरीर छ त्यहाँ जाऔं । यद्यपि मेरो लागि हेयोपादेय केही छैन तैपनि ईश्वरको नीतिको रचना देखेर भन्छु कि बोधवान् पुरुष पनि प्रकृत आचारमा चल्छन् ।

(१५) शुक्रको दृष्टान्तबाट उपदेश

अब तीनै जना आकाशमार्गबाट मेघमण्डल नाघदै मन्दराचलको स्वर्ण गुफामा पुगे जहाँ शुक्रको पूर्व शरीर थियो, पूर्व शरीर देखेर शुक्रले भने - पिताजी ! जुन शरीरलाई पालन पोषण गरेर तपाईंले हुर्काउनु भएको थियो, जो कपूरको सुगन्धले सुशोभित थियो र जो पुष्पशय्यामा शयन गर्थ्यो अहिले त्यो शरीर भैमा लडेर सुकेको छ । जसलाई देखेर देवाङ्गना पनि मोहित हुन्थे, जसको मोतीको माला ताराहरू झैं चंकिन्थ्यो त्यो शरीर आज जमीनमा पडिरहेको छ । जो सुवर्ण झैं सुन्दर र प्रकाशरूप थियो त्यो शरीर अहिले घामले सुकेर भयानक देखिएको छ । अहिले त्यस शरीरमा कुनै क्षोभ छैन, चित्तरूपी वेताल शरीरबाट निस्किसकेको छ त्यसैले शान्त भएर विश्राम लिएको छ । चित्त नै हो सारा अनर्थको कारण । चित्त शान्त नभएसम्म जीवलाई आनन्द मिल्दैन । जब चित्त अचित्त हुन्छ र असक्तिपद (विषयासक्तिराहित्य) प्राप्त गर्छ तब जीव आधि व्याधि र जगत्‌को दुःखबाट विमुक्त भएर परमानन्दलाभ गर्छ ।

रामले प्रश्न गरे - हे वसिष्ठ गुरु ! भृगुपुत्र शुक्रले भृगुबाट उत्पन्न शरीरको बारेमा जस्तो धेरै शोच विचार र चिन्तन गरे त्यस्तो अरू शरीरका बारेमा किन चिन्तन गरेनन् ? उत्तरमा वसिष्ठले भन्नुभो, शुक्रको संवेदन कलना जीवभाव प्राप्त थियो त्यो कर्मात्मक भएर भृगुबाट उत्पन्न भएको थियो । परमात्मतत्त्वबाट चितकला फुरेर भूताकाशमा प्राप्त भयो, अनि वातकलामा स्थित भएर प्राण र अपानको मार्गबाट भृगुको हृदयमा प्रवेश गरेर वीर्यस्थानमा पुग्यो, अनि मातृगर्भमा प्रवेश गरेर शुक्रको शरीर उत्पन्न भयो । उनको त्यो शरीर विद्या र गुणले सम्पन्न थियो । उनले चिरकालतक त्यस शरीरको सेवा गरेका थिए, त्यसैले त्यसको बढी शोच विचार हुन आयो । यद्यपि उनी वीतराग र निरिच्छित थिए, तैपनि चिरकाल अभ्यस्त कुरा फुरेर आयो ।

हे राम ! ज्ञानी होस् वा अज्ञानी होस् व्यवहार दुवैको समान हुन्छ तर आसक्त हुनु र नहुनुमा भेद छ । ज्ञानवान् कर्म गरे तापनि आसक्तिरहित निर्लेप रहन्छन्, किन्तु अज्ञानी आसक्त भएकोले बन्धवान् हुन्छ । जस्तो वनमा पक्षी जालमा फस्छ त्यस्तो अज्ञानी लोकव्यवहारमा बन्धवान् रहन्छ । ज्ञानी अज्ञानी दुवै व्यवहार गर्छन् र जो वासनारहित छ त्यो निर्बन्ध हुन्छ र जो वासनासहित छ त्यो बन्धवान् हुन्छ । शरीर रहेसम्म सुख दुःख सबैको हुन्छ तर ज्ञानी भित्रबाट शान्त रहन्छ, अज्ञानी हर्ष शोकले विकारी बन्छ । जस्तो जल चल्दा सूर्यको प्रतिबिम्ब चल्छ तर आकाशस्थ सूर्य निश्चल नै रहन्छन् त्यस्तै इन्द्रियद्वारा कामकाज गर्दा बाहिर सुखी दुःखी जस्तो देखिए तापनि स्वरूपतः ज्ञानी निर्विकार नै रहनु हुन्छ । अज्ञानी कर्म गरेपनि अथवा नगरे पनि बन्धनमा नै रहन्छ किन्तु ज्ञानी बाहिर व्यवहार गर्छ तर उसको हृदयमा अद्वैतज्ञान छ त्यसैले ऊ मुक्तरूप हो । उसको कर्म बन्धनको हेतु हुँदैन । त्यसकारण हे राम ! तिमी पनि सम्पूर्ण काम गर, तर भित्र शून्य रहेर सर्वैषणारहित होऊ र आत्मपदमा स्थित भएर प्रकृत व्यवहार गर । जो शुद्ध, निर्विकार, निराकार, ज्ञानस्वरूप आत्मपदमा स्थित छ उसलाई नमस्कार छ ।

(१६) भार्गव-जन्मान्तर-वर्णन

वसिष्ठले भन्नुभयो, हे राम ! यसरी शुक्रले विकराल रूप भएको पूर्वशरीरलाई परित्याग गर्न आँटेको देखेर कालले भने ! हे शुक्रजी ! तपाईं यो तपस्वीको शरीरलाई त्याग गरेर भृगुपुत्रको जुन शरीर सामुन्नेमा लडिरहेको छ त्यसमा प्रवेश गुर्नहोस् । जस्तो राजा देश देशान्तरको भ्रमण गरेर आफ्नो नगरमा प्रवेश गर्छन् त्यस्तै तपाईंले पनि धेरै शरीरमा भ्रमण गर्नु भयो, अब यस शरीरमा प्रवेश गर्नुहोस् किनकि यो भार्गवशरीरबाट तपाईंले दैत्यगुरु बन्नुपर्नेछ । यो आदि परमात्माको नीति हो । महाकल्पपर्यन्त तपाईंको आयु छ । जब महाकल्पको अन्त हुन्छ तब मात्र तपाईंको शरीर नष्ट हुन्छ, त्यसपछि पुनः शरीर ग्रहण हुँदैन । प्रारब्धको वेग पूर्ण भएपछि तपाईंको शरीर ढल्नेछ, अहिले शरीर रहेसम्म जीवन्मुक्त भएर प्रकृत आचारको पालन गर्नुहुनेछ । त्यसकारण यो शरीरलाई त्यागेर भार्गव शरीरमा प्रवेश गर्नुहोस् । अब म विदा हुन्छु, दुवै जनाको कल्याण होस् र वाञ्छित फल प्राप्त होस् । वसिष्ठले भन्नुभो, हे राम ! यति भनेर काल भगवान् अन्तर्धान भए ।

काल भगवान्ले जो भने त्यो नीति अलंघनीय छ यस्तो विचार गरेर ती तपस्वी वर्तमान शरीरलाई त्याग गरेर अगाडि रहेको कृश हाडछालामात्र बाँकी रहेको शुक्रको शरीरमा प्रवेश गरे। पूर्व शरीर काटेको रूख झैं लड्यो। भार्गवशरीर विस्तारै जीवकलाले संयुक्त भयो। अनि भृगुले पुष्टिशक्ति प्रदायक मन्त्र पढेर जल छर्के। क्रमशः नाडीहरू पुष्ट हुँदै आए, श्वास प्रश्वासको क्रिया सञ्चालित भयो। तब शुक्र उठे। अगाडि पिताजीलाई देखेर पाउमा प्रणाम गरेर स्नेहका आँसु झारे। भृगुले पनि गला मिलाए, यो मेरो पुत्र हो भनेर स्नेहका आँसु झारे।

वसिष्ठले भन्नुभो, हे रामजी ! जहाँसम्म देह रहन्छ त्यहाँसम्म देहको धर्म फुरेर आउँछ। भृगुजस्ता ज्ञानीको पनि ममतामय स्नेह फुरेर आयो भने अरूको त के भन्नुपर्ला ? एक मुहूर्त जति त्यहाँ बसेर बाबु छोराको कुराकानी चल्यो। अनि दुवैजना उठेर तपस्वीको शरीरलाई शास्त्रोक्त विधिले जलाइदिए। बुद्धिमान् मानिस शास्त्रको आचारमा रहन्छन्। शुक्र जीवन्मुक्त भएर केही काल त्यहीं रहे। पछि दैत्यका गुरु बनेर शुक्राचार्य नामले प्रख्यात भए। सर्व विकारले रहित जीवन्मुक्त पुरुष जगद्गुरु बन्छन् र सबका पूज्य हुन्छन्।

(१७) मनोराज्य सम्मिलन

रामले प्रश्न गरे - हे भगवन् ! भृगुपुत्र शुक्रको मनमा जस्तो प्रतिभा फुऱ्यो त्यस्तै सिद्ध भयो भने अरू जीवको प्रतिभा किन सिद्ध हुँदैन ? उत्तरमा वसिष्ठले भन्नुभो, ब्रह्मतत्त्वमा जो स्फुरण भयो त्यसैबाट भृगुपुत्र शुक्रको जन्म भएको थियो, त्यसैले उनी जन्मद्वारा कलङ्कित थिएनन्, अतएव सर्वेषणारहित शुद्ध चैतन्यरूप थिए। निर्मल हृदयमा जस्तो स्फूर्ति हुन्छ त्यस्तै सिद्ध हुन्छ। मलिन चित्तको संकल्प चाँडै सिद्ध हुँदैन। जस्तो भृगुपुत्र मनोराज्य (मनको संकल्प) ले धेरैजन्मको फेरमा परे त्यस्तै अरू सबै स्वरूपको प्रमादले जन्म जन्मान्तरमा घुमिरहन्छन्। स्वरूपको साक्षात्कार प्राप्त नभएसम्म कसैलाई पनि शान्ति प्राप्त हुँदैन। मनोराज्यको दृढताले यस्तो हुन्छ भन्ने कुरा अवगत गराउनको लागि मैले भृगुपुत्रको दृष्टान्त सुनाएको हुँ।

जस्तो बीज अनुसार अंकुर, फूल, फल हुन्छ त्यस्तै मनको भ्रमले अनेक भ्रम प्राप्त हुन्छ। हे राम ! जति पनि जगत् तिमीलाई भासेको छ त्यो सब मनको स्फुरणको रूप हो। मिथ्या भ्रमले नानात्व भास्तछ, वास्तवमा केही पनि छैन, सब भ्रम हो, संकल्पमात्र हो। कुनैपनि कुराको न उदय छ, न अस्त छ, सब मिथ्या मायामात्र हो। जस्तो स्वप्ननगर र संकल्पनगर भास्तछ त्यस्तै परस्परमा व्यवहार दृष्ट हुन्छ, तर केही भएको छैन। यो जाग्रद् भ्रम पनि अज्ञानले दृष्ट भएको हो। भूत, प्रेत, पिशाच आदि जीवको संकल्पमात्रको शरीर छ, जसरी उनीहरूलाई सुखदुःखको भोग हुन्छ त्यस्तै तिमी हामीलाई पनि हुन्छ, यस्ता जगत् अनन्त छन् तर यौटाले अर्कोलाई जान्दैन जस्तो यौटा कोठामा धेरै जना सुतेका छन् तिनको मनोराज्य अर्थात् स्वप्न भ्रम यौटाको अर्कोले जान्दैन। यो जगत् वास्तवमा केही पनि छैन, केवल ब्रह्मसत्ता नै आफू आफैमा स्थित छ।

जहाँसम्म चित्त अशुद्ध (मलिन) रहन्छ त्यहाँसम्म एकको सृष्टिलाई अर्कोले जान्दैन। जब चित्त निर्मल हुन्छ। तब यौटाको सृष्टिलाई अर्कोले जान्दछ जस्तो शुद्ध धातुको परस्पर मिलन हुन्छ।

सबको अधिष्ठाता आत्मा हो, त्यसमा स्थित भएपछि सबको ज्ञान हुन्छ । यो सब कुरा आत्मामा फुरेको हो, त्यसकारण सब आत्मरूप हो । जसले आत्मामा विश्राम लिएको छ त्यो ज्ञानदृष्टिले सबैसित मिल्दछ जस्तो जलसित जलको मेलन हुन्छ । आत्मज्ञानी ज्ञानदृष्टिले सबैसित मिल्छ र सबै कुरा जान्दछ, अर्को अज्ञानी जान्दैन ।

(१८) यथार्थ विवेक-विचार

हे राम ! जस्तो एक बीजबाट अनेक वृक्ष उत्पन्न हुन्छन् त्यस्तो एक चिद् अणुमा अनेक सृष्टि भासेर आएका छन् । जस्तो जलमा अनेक तरङ्ग हुन्छन् त्यस्तो अनुभवस्वरूप आत्मामा अनेक जगत् भास्तछन्, तर ती आत्मादेखि भिन्न होइनन् । त्यसकारण यो द्वैत भ्रमलाई तिमी त्याग गर । न कुनै देश छ, न काल छ, न क्रिया छ, केवल अद्वितीय आत्मसत्ता आफू आफैंमा स्थित छ । ब्रह्मदेखि कीट पर्यन्त जो जगत् छ त्यो परमात्माको किञ्चनरूप हो । जस्तो एकै रससत्ता फल, सुगन्ध, काठ इत्यादि रूपमा प्राप्त हुन्छ त्यस्तो एकै परमात्मसत्ता कहीं चेतन र कहीं जडरूपमा देखिन्छ । सर्वगत अविनाशी आत्मा सबैको बीजरूप हो र उसैको भित्र सब जगत् स्थित छ । जस्तो निद्रादोषले स्वप्नमा स्वप्नान्तर हुन्छ त्यस्तो प्रमाददोषले गर्दा एक भ्रमबाट अरू भ्रम खडा हुन्छन् र जीवले नाना जगत् देख्तछ । जगत् र आत्मामा कुनै भेद छैन । आत्मा नै जगत् जस्तो भएर भास्तछ ।

जस्तो विचाररहित पुरुषको सुवर्णमा भूषणबुद्धि हुन्छ, विचारवान्‌को चाहिं भूषणबुद्धि नष्ट हुन्छ र सुवर्ण नै भास्तछ त्यस्तो जो विचाररहित छ उसको "यो म हुँ, यो जगत् हो, यो उत्पन्न भएको हो र यो लीन हुन्छ" - यस्ता प्रकारले जागतिक पदार्थ भास्तछन्, जसको सत्संग र सत् शास्त्रको संयोगबाट विचार उत्पन्न भएको छ उसको दिन प्रतिदिन भोगको तृष्णा घटतैं जान्छ र आत्मविचार दृढ हुँदै जान्छ । जति जति विवेक दृढ हुँदै जान्छ त्यति त्यति इन्द्रियजय हुन्छ, सन्तोषले हृदय शीतल हुन्छ र सर्वत्र आत्मा नै भास्तछ ।

तर हे रामजी ! विवेक यथार्थ हुनु पर्छ, मुखको मात्र विवेक काम लाग्दैन । जस्तो चित्रलिखित अग्निबाट ताप आउँदैन र शीत निवृत्ति पनि हुँदैन त्यस्तो निश्चयरहित विवेकबाट दुःखको निवृत्ति हुँदैन र शान्ति प्राप्त हुँदैन । जस्तो हावा चल्नुको लक्षण हुन्छ रूखको पात हल्लनु, केवल मुखले हावा चल्यो भन्दैमा पात हल्लदैनन् त्यस्तै जब हृदयमा विवेक आउँछ तब भोगको तृष्णा घट्तै जान्छ, मुखले भन्दैमा तृष्णा घट्तैन । जस्तो चित्रलिखित वनिताको स्पर्शबाट सन्तानोत्पत्तिको कार्य हुँदैन त्यस्तो मुखको विवेक केवल वाणीको विलासमात्र हो, त्यसबाट तृष्णाको निवृत्ति भएर शान्ति प्राप्त हुँदैन । जस्तो सूर्योदय भएपछि अन्धकार नष्ट हुन्छ त्यस्तो विवेकको दउय भएपछि सारा तृष्णा, राग, द्वेष, हटेर जान्छन्, अज्ञान नष्ट हुन्छ र परम पावन पद (मोक्ष) प्राप्त हुन्छ ।

(१९) जाग्रत, स्वप्न, सुषुप्ति र तुरीयावस्था

सम्पूर्ण जीवसमूहको बीज परमात्मा सर्वरूप भईकन पनि आकाशवत् निर्मल रूपमा स्थित हुनुहुन्छ । चिद्‌रूप परमात्मामा जो स्फुरण हुन्छ त्यसैको नाम हो जीव, जीवको भित्र नाना

रचनायुक्त जगत् विद्यमान छ। त्यसो हुनाले जीव जगत् सब चिद्घनरूप हो। जस्तो पसिनाले शरीरबाट अनेक जुम्रा, लिखा उत्पन्न हुन्छन् त्यस्तो आत्मामा चित्कलाको स्फुरणबाट जीवराशि उत्पन्न हुन्छ। जीवको जस्तो उपासना छ त्यस्तै गति हुन्छ, देवत्तोपासक देवभावमा, यज्ञोपासक यज्ञ भावमा प्राप्त हुन्छन् र ब्रह्मोपासक ब्रह्मत्वमा प्राप्त हुन्छन्। त्यसकारण हे राम ! तिमी तुच्छ कुरा छोडेर परमपावन महत् पद ब्रह्मको आश्रय लेऊ। तुच्छ संसारका पदार्थतिर मन लगाएर केही लाभ छैन। हेर, शुक्रले दृश्यतिर मन लगाउँदा अनेक भ्रमको सामना गर्नु पऱ्यो। अन्तमा जब बुद्धि निर्मल भएको थियो तब उनलाई बोध प्राप्त भयो। त्यसकारण जो जसको उपासना गर्छ त्यो त्यसलाई पाउँछ।

रामले जाग्रत् आदि तीन अवस्था र तुरीय अवस्थाको वारेमा सुन्ने इच्छा गरेको हुनाले वसिष्ठले भन्नुभो, स्थिर प्रतीतिको नाम जाग्रत् हो र अस्थिर प्रतीतिको नाम स्वप्न हो। वास्तवमा जाग्रत् र स्वप्नमा केही भेद छैन, दुवैको अनुभव समान हो। शरीर भित्र बसेर शरीरलाई जीवित राख्ने हुनाले जीव भनेको हो। जीव तेजो धातु हो र बीजरूप हो। जीवधातु स्पन्दित भएर शरीरमा व्याप्त हुन्छ, चक्षु, श्रोत्र आदि सबै रन्ध्र खुल्छन् र मन, वाणी र शरीरबाट स्पष्ट व्यवहार सम्पन्न हुन्छ - यसलाई जाग्रत् भनेको छ। जब शरीर भित्र चित्त धातु स्पन्दित हुन्छ तब भित्र नै जगद् भ्रम भास्न थाल्दछ - त्यसलाई स्वप्न भनेको छ।

मन, वाणी र शरीर क्षोभरहित हुन्छ, जीवधातु पनि भित्र स्वच्छ भएर रहन्छ, हृदयमा प्राणवायु क्षोभरहित हुन्छ र नाडी रसपूर्ण रहन्छन्, प्राण आउनु जानुबाट रहित हुन्छ र समवायु चल्न थाल्दछ - यसको नाम सुषुप्ति हो। जस्तो एकान्त घरमा स्थित बत्ती उज्वल भएर प्रकाशित हुन्छ त्यस्तो संवित्सत्ता भित्र नै आफूले आफूको अनुभव गरिरहन्छ, जस्तो बरफमा चीसोपना, घिउमा चिल्लोपना रहन्छ त्यस्तो संवित्सत्ता आफ्नो चैतन्यस्वरूपमा स्थित हुन्छ - त्यसलाई सुषुप्ति अवस्था भनेको छ।

जडरूप सुषुप्ति अवस्थाबाट जागेर दृश्य भावमा प्राप्त भएको छैन र जीव आफ्नो निर्विकल्प स्वप्रकाश चैतन्यस्वरूपमा स्थित छ - त्यसलाई ज्ञानरूप तुरीय अवस्था भनेको छ। तुरीय स्वरूपमा स्थित भएको ज्ञानी व्यवहार गरे पनि अथवा नगरेपनि जीवन्मुक्त भएर रहन्छ।

वास्तवमा जाग्रत्, स्वप्न, सुषुप्ति केही पनि छैन, केवल चैतन्यसत्ता आफ्नो महिमामा स्थित छ। यही चैतन्यको स्फुरणको नाम जाग्रत, स्वप्न र सुषुप्ति हो। चिरकाल स्फुरण जाग्रत् र अल्पकाल स्फुरण स्वप्न हो, यी दुईमा वास्तवमा कुनै भेद छैन। त्यसकारण जगत् स्वप्नरूप हो। जगत्को सद्भाव मान्नु दुःखको कारण हुन्छ।

(२०) भार्गवोपाख्यानसमाप्ति

वसिष्ठले भन्नुभो, हे राम ! मनको रूप देखाउनको लागि शुक्रको दृष्टान्त देखाउनुको साथै अवस्थाहरूको निरूपण गरिएको हो। चित्तमा जस्तो निश्चय हुन्छ त्यस्तै नै भास्तछ। जस्तो आगोमा फलाम राखे आगोरूप नै बन्छ त्यस्तो मन जुन पदार्थमा लाग्छ त्यही रूप बन्छ। भाव,

अभाव, ग्रहण त्याग सब मनबाट नै हुन्छन । सत् असत् केही पनि छैन, केवल मनको चपलताले सारा कुरा फुर्दछन् । मनको मोहले जगत् भास्तछ । मन नष्ट भए जगत् पनि नष्ट हुन्छ । जो मलिन मन छ त्यो फुरेर जगत्को रचना गर्छ । मन नै मानिस हो, यसलाई अशुभ मार्गतिर नलगाऊ ।

मनलाई जितेपछि सर्वत्र तिम्रो जय हुन्छ, ठूलो विभूति प्राप्त हुन्छ । शरीर नै मानिस हो भनौं भने शुक्रको शरीर त्यहीं थियो, फेरि अरू शरीर रचना गर्नु पर्ने थिएन । चित्तले शरीर बनाएको हो, शरीरले चित्त बनाएको होइन । जतातिर चित्त लाग्छ त्यही पदार्थको प्राप्ति हुन्छ । त्यसकारण तुच्छ पदार्थमा चित्त नलगाऊ । चित्तमा सदा आत्मसत्ताको अभ्यास गर र दृश्यभ्रमको परित्याग गर । जब मन दृश्यतिर लाग्छ तब अनेक जन्मको दु:ख प्राप्त हुन्छ । जब आत्मातिर मन प्रवाहित हुन्छ तब परमपद प्राप्त हुन्छ । त्यसकारण दृश्य भ्रमलाई छोडेर मनलाई आत्मपदमा स्थित गर ।

(२१) शुद्ध भावना

रामले प्रश्न गरे - हे भगवन् ! त्रिविध परिच्छेदरहित नित्य निर्मल निरामय आत्मसत्तामा मनोरूप मलिन संवित्को उदय कसरी भयो र यो मन कसरी रहेको छ ? आत्मादेखि भिन्न केही छैन भने तव यो कलङ्क कहाँबाट आयो ? यो संशयको निराकरण गरिपाऊँ । वसिष्ठले भन्नुभयो, हे राम ! बडो राम्रो प्रश्न गऱ्यौ । अब तिम्रो बुद्धि मोक्षभागी भएको छ । अब तिमी त्यो उच्च पद प्राप्त गर्नेछौ । हे राम ! तिम्रो यस्र प्रश्नको उत्तर सिद्धान्तकालमा दिनेछु, त्यसबेला तिमीलाई आत्मपद हातको अमला झैं छर्लङ्ग हुनेछ । यो प्रश्न सिद्धान्तकालको हो, त्यसकारण यसको उत्तर सिद्धान्तकालमा नै बताउन सुहाउँछ ।

हे राम ! यो मनको स्वरूप दृष्टान्तसहित अनेक प्रकारले बताउनेछु जसबाट मनको निवृत्ति हुन पाओस् । मनलाई शान्त गर्ने उपाय जो वेदले निर्णय गरेको छ र शास्त्रकारहरूले त्यसका लक्षण बताएका छन् त्यो मबाट सुन । चञ्चल मन जस्तो जस्तो भाव स्वीकार गर्छ त्यस्तो त्यस्तो रूप भएर भास्तछ । जस्तो वायु सुगन्ध सित मिले सुगन्धी हुन्छ र दुर्गन्धसंग मिले दुर्गन्धी नै हुन्छ त्यस्तै मन जुन पदार्थसित मिल्छ तब तद्रूप बनिहाल्छ । मनले रहित शरीरले मात्र गरेको काम सफल हुँदैन, मनले गरेपछि नै त्यो काम पूर्ण हुन्छ । मन जतातिर जान्छ शरीर त्यतै लागिहाल्छ । ज्ञानेन्द्रिय, कर्मेन्द्रिय सब मनोरूप हुन् । मन चलेको छ भने इन्द्रिय नचले पनि कार्य हुन्छ, मन चलेको छैन भने इन्द्रिय चले पनि कार्य हुँदैन । सबै कार्यको बीज मन नै हो । मनद्वारा नै सबै कार्य सम्पन्न हुन्छन् । फूल र सुगन्ध अभिन्न भए झैं मन र कर्म अभिन्न हुन् । मनद्वारा जुन कर्मको अभ्यास हुन्छ त्यसैका शाखा प्रशाखा फैलिन्छन् र त्यसैको फल प्राप्त हुन्छ । धर्म, अर्थ, काम, मोक्ष यी चार कुरा मध्ये मनमा जसको दृढ भावना हुन्छ त्यही सिद्ध हुन्छ ।

शास्त्रकार र आचार्यहरूले आफ्नो मनको निश्चयानुसार आ-आफ्ना मतका ढिंडौरा पिटेका छन् । पुराना आचार्य कपिलदेव भन्छन् - प्रकृति या मायाको अनुलोम र प्रतिलोम द्विविध परिणाम हुन्छ । प्रतिलोम परिणामबाट संसार प्राप्त हुन्छ र अनुलोम परिणाम भए मन अन्तर्मुख भएर

आत्मातिर लाग्छ, अनि शुद्ध आत्माको अनुभव हुन्छ । अनुलोम परिणाम नै मोक्षको उपाय हो । वेदान्तवादीहरूको मतमा जब मन शमदमादि साधन सम्पन्न भएर अन्तर्मुख हुन्छ तब सबै ब्रह्म हो भन्ने निश्चय हुन्छ । ब्रह्मज्ञान नै हो मोक्षको साधन । विज्ञानवादीको भनाइमा अशुद्ध बुद्धि संसार तिर फुर्छ र जब शुद्ध बुद्धिमा स्वरूपको स्फुरण हुन्छ, तब स्वरूपमा स्थिति हुन्छ र समयमा मोक्ष प्राप्त हुन्छ । आर्हतहरू भन्छन् - इन्द्रियजय भएपछि शुद्ध मनद्वारा शुद्ध आत्माको अनुभव हुन्छ र मोक्ष प्राप्त हुन्छ । यस्तै आस्तिक दर्शनकार मीमांसक, पातञ्जल, वैशेषिक र नैयायिकहरूले पनि मनको निश्चयानुसार शास्त्रको रचना गरेका छन् । स्वरूपमा न कुनै मत छ, न कुनै शास्त्र छ । मनमा निमग्न भएर विभिन्न मत खडा गरेका छन् । कसैलाई नीम प्यारो हुन्छ भने कसैलाई मह । नीम खाने कीरोलाई मह तीतो लाग्छ । विरहिणी स्त्रीलाई चन्द्रमा अग्निवत् तापकारक हुन्छन् । त्यसकारण सब जगत् भावनामात्र हो । जस्तो भावना हुन्छ त्यस्तै भास्तछ । सब जगत् भावनामात्र हो । जसको दृश्य वस्तुको भावना हुन्छ त्यसले अनेक दुःख र भ्रम देख्तछ, जसको अकृत्रिम परमात्मपदको भावना हुन्छ त्यसको मन तदाकार हुन्छ र शान्ति प्राप्त गर्छ ।

हे राम ! जब संसारको भावना तिम्रो मनबाट उठेर जान्छ तब तिमी निर्मल स्वरूपमा स्थित हुन्छौ र सब दृश्यभ्रम निवृत्त हुन्छ । जस्तो रज्जुको सम्यक् ज्ञानबाट सर्पभ्रम नष्ट हुन्छ त्यस्तो चिदात्माको सम्यक् ज्ञानबाट जगद्भ्रम नष्ट हुन्छ । त्यसकारण दृश्य भावनाको त्याग गरेर चिदात्माको भावना गर । जस्तो भावना हुन्छ त्यस्तै भास्तछ । जस्तो दिनको उदय भए रात्रिको अभाव हुन्छ त्यस्तो आत्मभावना जागृत भएपछि दृश्य भावनाको अभाव हुन्छ । फलामलाई फलामले काटे झैं भावनालाई भावनाले नै काट्तछ । त्यसकारण अतुच्छ, निरुपाधि, निःसंशय पदको आश्रय गर ।

परस्त्रीमा जब कामबुद्धि हुन्छ तब उसको स्पर्श आनन्ददायक हुन्छ, जब त्यही स्त्रीमा माताको भावना हुन्छ तब कामबुद्धि निवृत्त हुन्छ । त्यसकारण जस्तो भावना हुन्छ त्यस्तै भास्तछ । हे राम ! संसारको भावना त्यागेर स्वरूपमा स्थित होऊ । तिमी चैतन्यरूप आत्मा हौ । तिमीमा जो दृश्यको प्रतिबिम्ब पर्छ त्यसलाई त्याग गर । जो दृश्यको संकल्प उठ्छ त्यसलाई असत् जानेर परित्याग गर र असंग भएर परिआएको व्यवहार गर । बहिर्दृष्टिमा व्यवहार गरेता पनि हृदयमा राग-द्वेषले स्पर्श नगरोस् ।

(२२) बोधस्वरूपमा विश्राम

जब सत्संग र सत्शास्त्रबाट आत्मविचार उत्पन्न हुन्छ तब अनात्मवस्तुतिर वृत्ति जाँदैन र संसारको मनन पनि निवृत्त हुन्छ तब विवेकवती बुद्धिको उदय हुन्छ, अनि संसारमा त्यागबुद्धि हुन्छ । बुद्धिद्वारा जब द्रष्टा आत्माको स्वीकार हुन्छ तब द्रष्टा पुरुष प्रकट हुन्छ र दृश्य अदृश्य बन्छ अर्थात् द्रष्टा पुरुषमा लक्ष्य राखेपछि दृश्यलाई असत् भनी जान्दछ । जब पुरुष ज्ञातज्ञेय हुन्छ तब परमतत्त्वमा जाग्दछ र संसारतिर आँखा चिम्लन्छ, संसारमा वैराग्य हुन्छ, भोगमा अभोग र रसमा नीरसबुद्धि हुन्छ । जब यसरी शुद्ध बुद्धिको उदय हुन्छ तब मन आफ्नो सत्तालाई त्याग

गरेर आत्मरूप बन्छ । जस्तो सूर्यको उदय भएपछि बरफको पुतला गलेर जलरूप हुन्छ त्यस्तै जब विवेकरूपी सूर्यको उदय हुन्छ तब मन गलेर आत्मरूप हुन्छ ।

संसाररूपी वासनाको जालमा जीवरूपी पक्षी फसेकोछ, जब वैराग्यरूपी मुसो आएर त्यो जाल काट्तछ तब जीव बन्धनरहित हुन्छ । वैराग्यरूपी जलमा स्नान गरेर जीव निर्मल हुन्छ र संशय, दुर्मति निवृत्त हुन्छ । ज्ञानी पुरुष आकाशवत् निर्मल रहन्छ, उसको न उदय छ, न अस्त छ ।

जो निर्मल आत्मस्वरूपमा स्थित भएको छ त्यो सर्वत्र चैतन्यसत्तामात्र देख्तछ । म अनन्त चिदाकाशरूप हुँ, देश, काल र वस्तुको परिच्छेदले रहित हुँ र आधि, व्याधि, भय, उद्वेग, जन्म, जरा, मरण आदिले रहित हुँ - जो यस्तो देख्छ त्यो यथार्थद्रष्टा हो । म सर्वशक्तिमान् अनन्त आत्मा हुँ, म सर्वपदार्थमा स्थित छु र म अद्वैत चिदादित्यस्वरूप हुँ - जो यस्तो देख्छ त्यो यथार्थ द्रष्टा हो । म तल माथि सर्वत्र व्याप्त छु, म देखि भिन्न कुनै द्वैत छैन - जो यस्तो देख्छ त्यो यथार्थद्रष्टा हो । जस्तो समुद्रमा तरंग उठ्छ र लीन हुन्छ त्यस्तो चैतन्यस्वरूप ममा यो जगत् फुर्छ र ममा नै लीन हुन्छ । अथवा चैतन्यस्वरूप ममा पहिले अहं स्फुरित हुन्छ, त्यसपछि जगत् फुर्दछ । त्यसो हुनाले म र जगत् दुवै छैन, केवल आत्मसत्तामात्र विद्यमान छ - यथार्थ द्रष्टा यस्तो देख्तछ । जो ज्ञानवान् छ त्यो सुख-दुःख र भाव अभावमा चलायमान हुँदैन, ऊ केवल ब्रह्मसत्तामा स्थित रहन्छ । जो हेयोपादेयबुद्धिले रहित भएर सर्वात्मभावमा स्थित हुन्छ त्यसलाई जगतका पदार्थले वश गर्न सक्तैन । त्यो महात्मा पुरुष कल्पनारहित भईकन उदयास्तरहित सम र स्वच्छ रूप भएर रहन्छ । यस्तो परमबोधरूप अनन्त सत्तामा जो स्थित छ त्यसलाई मेरो नमस्कार छ ।

(२३) ज्ञानीको शरीरनगरवर्णन

जस्तो कुमालको चक्र घुमाउन छोडेपछि पनि एकछिन घुमिरहन्छ त्यस्तो जीवन्मुक्त ज्ञानीको पनि प्रारब्धशेष रहन्छ । ज्ञानी शरीररूपी नगरमा सुखपूर्वक राज्य गरेर बस्छन् तर लिप्त हुँदैनन् । ज्ञानीको निमित्त भोग र मोक्ष दुवै सिद्ध छ । रामले शरीररूपी नगरको वर्णन सुन्न चाहेकोले बसिष्ठले भन्नु भो - सर्वगुणसम्पन्न ज्ञानीको लागि यो शरीरनगर आनन्ददायक हुन्छ । शरीरका गाँठा ईंट, रगतमासु गारो, हाड खम्भा, रौं वनस्पति, पेट खाई र छाती चोक हुन् । नवद्वारयुक्त यस नगरमा नेत्ररूपी बत्ती बलेका छन् । हातरूपी गल्लीबाट लेनदेनको कार्य चल्छ । मुख गुफा हो, घाँटी र शिर विशाल मन्दिर हो । चिन्तामणिरूप आत्माको आश्रयमा बसेकी बुद्धि इन्द्रियरूपी वानर नचाउँछिन्, उनको हास्य नै पुष्पको शोभा हो । यस्तो शरीररूपी नगर ज्ञानवान्को लागि सुन्दर र सुखदायक हुन्छ । ज्ञानी प्रारब्धबाट प्राप्त सुख दुःखमा लिप्त रहँदैनन् । ज्ञानीको शरीरनगरमा अज्ञानरूप काम, क्रोध, मान, मोह आदि शत्रुको प्रवेश छैन, त्यहाँ उदारता, धैर्य, सन्तोष, वैराग्य, समता, मित्रता, मुदिताप्रभृति गुणावली विराजमान रहन्छन् । सत्यता र एकतारूप दुई रानीका साथमा रहेर ज्ञानी राज्य संचालन गर्छन् । ज्ञानी विचाररूपी लगाम भएको मनो रूप घोडामा चढेर जीव र ब्रह्मको एकतारूप संगममा स्नान गर्छन् र आनन्दवान् हुन्छन् । ज्ञानीलाई भोग र मोक्ष दुवै प्राप्त छ । जस्तो घट नष्ट भए आकाशको कुनै

हानि हुँदैन त्यस्तो देह नष्ट भए ज्ञानीको कुनै हानि छैन । यद्यपि ज्ञानीको देह छ तथापि देहका साथ उसको स्पर्श छैन जस्तो घटसित आकाशको स्पर्श हुँदैन । ज्ञानी सब काम गर्नुहुन्छ र भोग पनि भोग्नु हुन्छ तर लिप्त नरहीकन एकरस चैतन्यस्वरूप भगवान् आत्मदेवमा रमाएर रहनु हुन्छ ।

पर्वतको शिखरमा बसेको मानिसले तल मैदानमा जलिरहेका मानिसलाई देखे झैं ज्ञानी अज्ञानी जीवलाई आरोले काटिरहेको अर्थात् दुःखी देखनु हुन्छ र आफू आनन्दस्वरूपमा रहनु हुन्छ । उहाँ अनात्म धर्मलाई दुःखरूप देखनुहुन्छ । उहाँलाई धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थ प्राप्त हुन्छ । उहाँमा कुनै कुराको कमी रहँदैन । ज्ञानीको सर्वसंशय निवृत्त भएको छ, उहाँ शान्त पदमा स्थित हुनुहुन्छ । ज्ञानी चक्रवर्ती राजा झैं सबैतिरबाट परिपूर्ण भएर सुशोभित रहनुहुन्छ । अज्ञानी जीव भोगासक्त भएकोले आत्मपदबाट च्युत भएर दीन दुःखी हुन्छ, यिनलाई देखेर ज्ञानी हाँस्नु हुन्छ । भोगको तृष्णाले जीबलाई सुखस्वरूपबाट गिराइदिन्छ र दुःखी तुल्याउँछ । विषयतिर मन लगाउनु त दुःखको बीज रोप्नु हो । त्यसकारण सर्वप्रथम मनलाई ताडन गर तबमात्र शान्ति प्राप्त हुन्छ । हातले हात दबाएर, दाँतले दाँत टोकेर र अङ्गले अङ्ग रोकेर मनमाथि विजय हासिल गर । हृदयमा मनोरूप सर्प विषले पूर्ण भएर फन्का मारेर बसेको छ, जसले त्यसलाई मर्दन गरेको छ अर्थात् मनमाथि विजय प्राप्त गरेको छ त्यस्ता जितेन्द्रिय महापुरुषलाई मेरो नमस्कार छ ।

(२४) विवेकद्वारा मनको वशीकरण

अज्ञानी जीव इन्द्रियजय गर्न सक्तैन, आशाइच्छामा मुछिन्छ र महानरकभागी हुन्छ । इन्द्रियरूपी शत्रु आशारूपी वाण चलाएर अज्ञानी जीवलाई मारिदिन्छन् । इन्द्रिय महाकृतघ्न छन्, जुन देहमा बसेका छन् त्यसलाई शोकपूर्ण तुल्याउँछन् । जो ज्ञानरूपी धनले सम्पन्नछ र इन्द्रियका उपर विजय प्राप्त गरेको छ त्यो पुरुष देहरूपी देशमा रहेर परम शोभा प्राप्त गर्दछ र आनन्दवान् हुन्छ । हे राम ! सुवर्णको महलमा बस्दा त्यति आनन्द हुँदैन् जति आनन्द निर्वासनिक ज्ञानवान्लाई हुन्छ । विवेकद्वारा इन्द्रिय र मनलाई नजितेसम्म वासनारूपी निशाचर घुमिरहन्छन् र दुःख दिन्छन् । विवेकद्वारा एक तत्त्वको अर्थात् अद्वैत आत्मस्वरूपको दृढ अभ्यास गरेर मनलाई जित । विवेकरूपी सूर्यको उदय भएपछि अज्ञानरूप अन्धकार नष्ट हुन्छ । जुन मनुष्यले विवेकद्वारा मनलाई वशीभूत गरेको छ त्यसका इन्द्रियहरू नोकर (टहलुवा) बन्छन् । मनलाई जितेपछि सबै मित्र हुन्छन् र आफू स्वरूपको राज गरेर सुखसित रहन पाउँछ । विवेकी पुरुषका इन्द्रियहरू पतिव्रता स्त्रीझैं सेवा गर्ने हुन्छन्, मन मातासमान पालक हुन्छ र चित्त मित्र बन्छ । त्यसकारण तिमी विवेकद्वारा मनलाई बश गर ।

हे राम ! यौटा मनरूपी मणि छ त्यसलाई तिमी आत्मविचाररूपी शिलामा घोट, वैराग्यरूपी जलमा पखालेर त्यसलाई उज्वल तुल्याऊ, अभ्यास रूपी प्वाल पारेर विवेकरूपी धागोमा उन र कण्ठमा पहिर, तब शोभा दिन्छ । मनको वशीकरण आनन्दको मुहान हो । मनरूपी मणि

तृष्णारूपी हिलोले मलिन भएको छ त्यसलाई विवेकरूपी जलले धोएर शुद्ध पार, तब त्यसले शोभा दिन्छ ।

यो संसार महाभयदायी छ । अल्पविवेकवान् पुरुष मायाजालमा फसिहाल्छ । हे राम ! तिमी अरू जीव झैं मायाजालमा नफस । विवेकको आश्रय गरेर बोधवान् बन र सद्वस्तुको अवलोकन गर । वैराग्यरूपी नौकाद्वारा संसार समुद्र तर । हे राम ! तिमी दाम, व्याल र कट जस्तो कातर नबन र भीम, भास र दृढको जस्तो दृढ स्थितिलाई ग्रहण गरेर शोकरहित होऊ । असत् शरीरमा जो अहं मम भाव छ त्यसलाई परित्याग गरेर आत्मपदको आश्रय गर । खान, पान, हिंड, डुल आदि काम गर्दा मनमा मननको अभाव होस् ।

(२५) दाम, व्याल र कटको उत्पत्ति

रामले प्रश्न गरे - दाम, व्याल, कट र भीम, भास दृढको स्थिति बारे सुस्पष्ट वृत्तान्त बताउनुहोस् । उत्तरमा वसिष्ठले भन्नुभयो, हे राम ! शम्बरनाम गरेको एक महाबली मायावी दैत्यराज पातालमा राज्य गर्दथ्यो । देवता भन्दा पनि बढी ऐश्वर्यशाली बन्ने इच्छा मनमा अंकुरित भयो र उसले मायाद्वारा आकाशमा अमरापुरी भन्दा पनि सुन्दर भव्य नगरको रचना गऱ्यो । त्यो नगर भव्य महल, बन, वाटिका, तलाउ आदि आवश्यक सामग्रीले परिपूर्ण अति मनोहर देखिन्थ्यो । सुन्दरी नारीहरू गल्लीहरूमा र बन वाटिकामा विचरण गर्थे । त्यस नगरको सुरक्षाको लागि शस्त्रास्त्र सज्जित सेना र सेनानायक नियुक्त गरिएका थिए । त्यस रमणीय नगरमा बसेर दैत्यराज शम्बरासुर राज्य चलाउँथ्यो । त्यसको त्यो असाधारण वैभव देखेर देवताहरूलाई असह्य भयो । शम्बरासुर नभएको बेला पारेर देवताहरूले त्यहाँ आक्रमण गरेर सेनानायकलाई मारेर त्यहाँको सम्पत्ति लिएर स्वर्गतिर जान्थे । फेरि शम्बरले सेनानायक नियुक्त गरेर राख्यो । त्यसलाई पनि देवताहरूले मारे । यो क्रम धेरै पटक चल्यो । अब अजेय बलवान् सेनानायक सृष्टि गर्नुपऱ्यो भन्ने विचार गरीकन उसले मायाद्वारा दाम, व्याल र कट नाम गरेका तीनजना असुरको सृष्टि गऱ्यो । ती कस्ता थिए भने - तिनको मन थिएन, अहंकार थिएन र पूर्ववासना पनि थिएन, केवल कर्म गर्ने चेतनामात्र तिनीहरूको थियो । मन नभएको हुनाले जीवभाव पनि तिनीहरूमा थिएन, त्यसैले तिनीहरूमा कातरता पनि थिएन । तिनको शरीर भयंकर देखिन्थ्यो, ती अत्यन्त बलवान् थिए । तिनको प्रहारबाट पाषाण र पर्वत पनि चूर्ण हुन्थ्यो । तिनीहरूमा भय भन्ने कुरा थिएन जे काम गर्न पठायो त्यो काम पूरा गरेर छाड्थे । अब भने यिनलाई देवताहरूले जित्न सक्तैनन् भन्ने ठानेर दैत्यराज प्रसन्न भयो ।

(२६) देवासुरसंग्राम

दैत्यराज शम्बरासुरको आज्ञानुसार शस्त्रास्त्रसज्जित असंख्य सेना साथमा लिएर दाम, व्याल र कट देवताहरूसित लड्न तयार भए । उता देवताहरूपनि असंख्य सेनासहित युद्ध भूमिमा उत्रे । शंखध्वनिका साथ भयंकर देवासुरसंग्राम शुरु भयो । दाम, व्याल, कट अघि बढ्दै गएर

देवताहरूको सेना उपर शस्त्रास्त्र बर्षाउनथाले । देवताहरूले पनि अग्न्यस्त्र, पर्जन्यास्त्र, वायव्यास्त्र पर्वतास्त्र आदि अस्त्र वर्षाए । दिशा, विदिशा चारै तिर लडाईंको राँको सल्क्यो । दुवै तिरका कैयौं सेना समाप्त भए । रगतको खोलो बग्यो । प्रलयकाल नै आउन लागेको हो कि भने झैं भयावह युद्ध भयो तर विजय भने दैत्य पक्षको नै हुन गयो ।

(२७) ब्रह्माजीको वचन

दाम, व्याल र कटले देवताहरूलाई खेदनसम्म खेदे । देवताहरूको केही लागेन । देवताहरू आफ्नो स्थान छाडेर लाखापाखा लागे । कोही हिमालयका गुफामा पसेर ज्यान जोगाए, कोही कैलासमा गएर लुके । यसरी देवताका उपर विजय हासिल गरेर ती तीनै जना सेनापतिले पातालमा गई राजालाई विजयको समाचार सुनाए । आफ्नो नीति सफल भएको देखेर दैत्यराज प्रसन्न भए । दैत्यहरू पाताल गएको समाचार थाहा पाएर पुन: एकत्र जम्मा भएर यस संकटबाट पार हुनको लागि ब्रह्माजीको शरणमाजाऔं भन्ने सल्लाह गरेर देवताहरूले ब्रह्माको स्तुति गरे । स्तुतिबाट प्रसन्न भएर सुन्दरवस्त्रधारी अमित-तेज:सम्पन्न ब्रह्माजी सन्ध्याकालमा बादलबाट चन्द्रमा देखिए झैं प्रकट हुनु भयो । आफ्नो अगाडि पितामहलाई देखेर विनम्रतापूर्वक प्राणाम गर्दै देवताहरूले बिन्ती गरे - हे त्रिलोकाधिपति भगवन् ! शम्बरासुर दैत्यबाट ज्यादै दु:ख पाएका छौं । उसका सेनापति दाम, व्याल र कटलाई हामीले केही गरेर पनि जित्न सकेनौं । स्वर्गमा पनि आक्रमण गरेर हामीलाई स्थान भ्रष्ट तुल्याइदियो । अब हाम्रो विजय कसरी होला र आआफ्नो स्थानमा हामी रहन सकौंला ? यस संकटबाट पार हुनको लागि हजुरको शरणमा आएका छौं, हाम्रो रक्षा गर्नुहोस ।

ब्रह्माजीबाट आज्ञा भयो - हे देवगण ! अहिले यी दाम, व्याल, कट तुरुन्त नाशहुनेवाला छैनन् । शम्बरासुरले मायाद्वारा यिनीहरूलाई सृष्टि गरेको हो । यिनमा अहंकार छैन, जीवभाव छैन । त्यसैले निडर भएर लडेका छन् । यिनलाई मरौंला भन्ने डर छैन । जब यिनमा अहंकार उत्पन्न होला तब तिमीहरूले यिनलाई मार्न सक्नेछौ । जसमा “अहं, मम” अभिमान हुन्छ त्यसको नाश पनि हुन्छ । अब यिनमा अहं मम भाव उत्पन्न गर्ने उपाय बताउँछु, सुन । जब तिमीहरू यिनका साथ युद्ध गर्न जान्छौ त्यसवेला तिमीहरू कहिले दायाँतिर र कहिले बायाँतिर लागेर जिउ जोगाएको देखाऊ, कहिले भागने गर र फेरि आउने गर, यस्तो देखेपछि उनीहरूमा विस्तारै अहंकारको अंकुर उत्पन्न हुन्छ । जब हृदयमा अहंकारको चमत्कार आउँछ तब तत्सम्बन्धी वासना फुरेर आउँछ र म यो हूँ, मेरो यो कर्तव्य हो, यो त्याज्य हो र यो ग्राह्य हो - यस्तो वासनासंयुक्त बुद्धि खडा हुन्छ, अनिमात्र यिनीहरूमा काँतरता आउँछ, तब यिनीहरूलाई जित्न सक्नेछौ ।

ब्रह्माजीले फेरि भन्नु भयो - जसको हृदय वासनारूपी डोरीले बाँधिएको छ र देहमा अभिमान छ त्यो चाहे सर्वशास्त्रको वेत्ता किन नहोस् त्यसलाई यौटा बालकले पनि जित्न् सक्तछ । यो परिच्छिन्न देहमा आत्माभिमान गर्नु सकल आपदाको कारण हो । आत्मा अनन्त र अप्रमेय छ, यस्तो भईकन पनि जसको परिच्छिन्न देहमा आत्माभिमान हुन्छ त्यसले उसलाई दीन (दु:खी)

तुल्याइदिन्छ । यसकारण जसरी दाम, व्याल र कटको भित्र अहं इदं आदि वासना उत्पन्न हुन्छ, त्यस्तो उपाय गर, तब तिमीहरूको जय हुनेछ । यति भनेर ब्रह्माजी अन्तर्धान हुनुभयो ।

(२८) पुनःदेवासुरयुद्ध

ब्रह्माजी अन्तर्धान भएपछि देवताहरू केहीकाल आआफ्ना स्थानमा गएर बसे । फेरि दैत्यहरूको नाश गर्ने विचारले देवताहरू शस्त्रास्त्रले सुसज्जित भएर युद्ध भूमिा डटे । शंखध्वनिले आकाश पाताल गुञ्जायमान भयो । दैत्यहरू पनि हतियारहरू लिएर पाताल छिद्रबाट निस्के । घोरघमासान युद्ध भयो ।

(२९) असुरपक्षको पराजय

यस युद्धमा पनि पहिले देवता पक्षको नै हार भयो । देवताहरू भागेर ठाउँठाउँमा लुकेर बसे । पैंतीस वर्ष पछि फेरि देवताहरू लड्न आए । दैत्यसेना पनि तयार भयो । दुवै तर्फबाट पुनः युद्ध मच्चियो । दैत्यसेनाको अग्र पंक्तिमा रहेर दाम, व्याल र कट फूर्तिसाथ लड्दै थिए । अब देवताहरू छलको युद्ध गर्न थाले । देवताहरू युद्धमा जुटने र हारे जस्तो गरेर दुई चार दिन गायब हुने । फेरि युद्धमा आउने अनि आठदश दिन गायब हुने गर्न लागे । फेरि दाम, व्याल र कटको अगाडि आएर कहिले दाहिनेतिर, कहिले बायाँतिर कहिले पछाडि भाग्न थाले । देवताहरूले यस्तो अभ्यास बारम्बार गर्दै गए । यो देखेर दाम, व्याल र कटको पनि विस्तारै देहमा अहंकारको अंकुर उत्पन्न भयो र क्रमशः पुष्ट हुँदै गयो । मनमा पदार्थसंबन्धी वासनाको पनि उदय भयो । अब उनीहरूमा यस्तो भावनाको उदय भयो कि हामी दाम, व्याल, कट हौ, हामीले सकेसम्म देवताहरूलाई मार्नुपर्छ, देवताहरूले पनि सके हामीलाई मार्छन्, हामीहरूले आफ्नो देहलाई बचाएर लड्नुपर्छ । यसरी यिनीहरूमा मर्ने र मार्ने भावना खडा भयो । अहंकार पुष्ट हुदै गयो । यिनीहरू आशापासमा बाँधिएर क्रमशः काँतर हुँदै गए । आखिरमा देवताहरूको आक्रमणको सामना गर्न असमर्थ भएर जिउ जोगाउन लडाइंबाट कुलेलम ठोके । सेनापति भागेपछि अरूको के लाग्थ्यो । क्रमशः सबै दैत्यसेना पातालतिर गएर लुके । देवतापक्षको विजय भयो ।

(३०) दाम व्याल र कटको जन्मान्तरवर्णन

दाम, व्याल र कट लडाइंबाट भागेर पाताल पुगे । यो देखेर दैत्यराज शम्बर ज्यादै रिसायो । राजाको क्रोधज्वाला सहन नसकेर यिनीहरू त्यहाँबाट पनि भागेर सातौं पातालको छिद्रमा गएर बसे । त्यहाँ यमकिंकर र यमकिंकरीहरू निवास गर्थे । संयोगवश यमकिंकरीका साथ यिनीहरूको विवाह भयो । पुत्र पौत्रहरू जन्मे । यी मेरी स्त्री हुन्, यी मेरा छोरा हुन्, यी नाति पनाति हुन् - यस्तो वासना दृढ भयो । एकदिन निरीक्षणको क्रममा यमराज त्यहाँ आइपुगे । सबैजना उठे । राजाको आगमनमा उठेर स्वागत गर्नुपर्छ भन्ने थाहा नभएको हुनाले तिनीहरू ढसमस्म बसिरहे । त्यो देखेर यमराजले भने - यिनीहरूलाई अग्निकुण्डमा हालेर सजायँ दिनू । धेरैकालसम्म

अग्निकुण्डमा पिल्सिएर यिनीहरूको शरीर छुट्यो । त्यसपछि यिनीहरू क्रान्तदेशमा माझीको जन्म पाएर हिंसावृत्तिले जीविका गरेर रहे । त्यसपछि हात्ती, चील र बकुल्लाको जन्म भोगेर त्रिगर्त देशमा माझीको कुलमा जन्मे । फेरि बर्बरदेशमा लामखुट्टे भए, अनि मगधदेशमा कीरा भए । त्यसपछि काश्मीर देशमा माछा भएर एक तलाउमा रहेका थिए । बनमा आगो लागेर तलाउको पानी सुक्तै गयो र हिलोमा दुःख पाएर रहे ।

हे राम ! यसरी अज्ञानले जीवहरू अनेक जन्ममा पानीको भुमरीमा तृण झैं घुमेर दुःख कष्ट पाउँछन् । यो अहंकारमयी वासना महादुःखको कारण हो । यो दुष्ट अहंकारको त्याग नभएसम्म सुख कदापि प्राप्त हुन सक्तैन ।

(३१) निर्वाणोपदेश

वसिष्ठले भन्नुभयो, हे राम ! यो दाम, व्याल र कटको वृत्तान्त तिम्रो बोधको निमित्त बताएको हुँ । तिमी उनीहरू झैं अविवेकी नबन । अविवेकी भएपछि दाम, व्याल र कटले झैं अनन्त दुःख र आपद् भोगनुपर्छ । कहाँ दैत्यसेनाको सेनाध्यक्ष भएर देवताहरूका उपर विजय हासिल गरीकन शानसित रहनु, कहाँ काश्मीरको तालमा माछो भएर हिलो र सिमाली खाएर बस्नु ? निरहंकार, धैर्यसम्पन्न, शान्त, उदार स्वरूपलाई छोडेर वासनाजन्य मिथ्या अहंकारलाई स्वीकार गर्नाले नै दाम, व्याल र कटको त्यस्तो दयनीय हालत भयो ।

अहंकार नै हो संसाररूपी वृक्षको बीज । जहाँसम्म अहंकार रहन्छ त्यहाँसम्म दुःख र आपद् आइरहन्छ । अहंकाररूपी बादलले स्वच्छ आत्मारूपी चन्द्रमालाई ढाकेको छ । जब विवेकरूपी पवन चल्छ तब अहंकाररूपी मेघ नष्ट हुन्छ र आत्मारूपी स्वच्छ चन्द्रमा प्रत्यक्ष भासमान हुन्छ ।

रामले प्रश्न गरे - सत्को अभाव हुँदैन र असत्को भाव हुँदैन भने यी दाम, व्याल, कट कसरी सत् भए ? उत्तरमा वसिष्ठले भन्नुभो, जो सत् होइन त्यसको भान पनि हुँदैन किन्तु कोही सत्लाई असत् देख्छन् र कोही असत्लाई सत् देख्छन्, अनि त्यस्तो नै भएर स्थित हुन्छन् । पुनः रामले प्रश्न गरे - हे गुरुवर ! तपाईं, हामी सत्यरूप छौं, दामादि त मायामात्र हुनाले असत्रूप थिए तिनीहरू कसरी सत् भए ? उत्तरमा वसिष्ठबाट आज्ञा भयो - जस्तै दामादि मायामात्र असत्रूप भएर पनि सत् भएर स्थित भए त्यस्तै तिमी, हामी, देव, दानव आदि सम्पूर्ण संसार असत् हो, मायामात्र हो, वास्तवमा केही पनि छैन । जस्तो स्वप्नमा आफू मरेको देखिन्छ तर त्यो असत् हो त्यस्तो तिमी, हामी आदि जगत् असद्रूप हो । जस्तो स्वप्नमा मृत बान्धव आदि प्रत्यक्ष देखिन्छन् र कुराकानी पनि हुन्छ, तर मिथ्या हो त्यस्तो यो जगत् पनि असद्रूप हो ।

हे राम ! मेरा यी वचनलाई मूर्ख अज्ञानीले ग्रहण गर्दैन किनकि उसको हृदयमा संसारको सत्यता दृढ भएको छ, अभ्यास र यत्न विना त्यो दूर हुँदैन । जसको हृदयमा जगत्को सत्यता दृढ भएको छ त्यो मूर्ख हो र अज्ञानी हो । जसको हृदयमा जगत्को सद्भाव रहदैन त्यो ज्ञानवान् हो, उसलाई केवल ब्रह्मसत्तामात्र भास्तछ । ज्ञानी र अज्ञानीको निश्चय अलग अलग हुन्छ । ज्ञानवान्को निश्चयमा सर्व ब्रह्मको भान हुन्छ र द्वैत जगत् भास्तैन, त्यस्तालाई मेरो वचन

सुहाउँछ । अज्ञानीलाई जगत् सद्‌रूप भास्तछ, उसलाई ब्रह्मवाणीले शोभा दिँदैन । जस्तो नेत्रमा तिमिर रोग लागेको छ भने आकाशमा वृक्ष देखिन्छन् तर ती वृक्ष नेत्ररोगदेखि भिन्न होइनन् त्यस्तो अज्ञानीको आफ्नो स्वरूप चिदाकाश नै अन्यरूप भएर भासित हुन्छ । यो चिदाकाश नै सर्वत्र व्याप्त भएर रहेकोछ, त्यसदेखि भिन्न जगत् असत् हो । सद्‌रूप अद्वितीय चैतन्यसत्ता नै महाशिला झैं घनस्वच्छ, निस्पन्द, सर्वत्र व्यापक एवं उदयास्तरहित भएर रहेको छ। त्यसकारण सम्पूर्ण कलना त्याग गरेर त्यही आफ्नो चैतन्यस्वरूपमा स्थित होऊ ।

(३२) दाम, व्याल, कटको मुक्तिको कथा र सदुपदेश

रामले प्रश्न गरेकि यी दाम, व्याल र कटको मुक्ति कहिले र कसरी होला ? उत्तरमा वसिष्ठले भन्नुभो, हे रामजी ! जब यमाज्ञाले यिनीहरू अग्निकुण्डमा परेर यातना भोग्न थालेका थिए तव किंकरहरूले सोधे - प्रभो ! यिनीहरूको दुःखको अन्त कहिले होला ? अनि यमराजले भने - जब विछोड भएर आफ्नो कथा सुन्नेछन् तब यिनीहरू मुक्त हुनेछन् र दुःखको अन्त हुनेछ । कहिले कसबाट आत्मकथा सुनेर मुक्त हुनेछन् भन्ने रामको-प्रश्नको उत्तरको रूपमा वसिष्ठले भन्नुभो, काश्मीर देशको पर्वत शिखरमा प्रद्युम्न नामक एक नगर बस्नेछ, त्यहाँ एक रमणीय तलाउको नजीकै दरबार बनाएर श्रीशंकरनामक गुणी राजा रहनेछन् । व्याल नामक दैत्य चराको जुनी लिएर दरबारको एक छिद्रमा गुँड बनाएर रहने छ र निरर्थक करकर शब्द गरिरहनेछ । दाम दरबारको छतको छिद्रमा लामखुट्टे भएर भूँ भूँ शब्द गर्दै उठ्नेछ र कटनामक दैत्य चाहिं सुन्दर क्रीडापक्षी भएर रत्नजडित पिंजडामा रहनेछ । ती राजाको नरसिंह नामक एकजना बडा बुद्धिमान् मन्त्री हुनेछन् र उनलाई बन्ध र मोक्षका कुरा करामलकवत् सुस्पष्ट हुनेछ । ती मन्त्रीले राजाको समीपमा रहेर दाम, व्याल र कटको वृत्तान्त बताउनेछन् । त्यसबेला त्यो करकरे पक्षी, पिंजडाको पक्षी र लामखुट्टेले आत्मकथा सुन्नेछन् र निरर्थक अहंकारको परित्याग गरेर परम निर्वाण प्राप्त गर्नेछन् ।

हे राम ! तिम्रो परम निर्वाणको लागि नै क्रम क्रमले यो कथा बताएको हुँ । यो संसार भ्रमात्मक मायामय हो , तै पनि सत्य जस्तो भएर भासित हुन्छ, तर महाशून्य र अविचारसिद्ध छ । जस्तो राम्ररी दृष्टि दिएर हेरेपछि मृगतृष्णाको जल शान्त हुन्छ त्यस्तो विचारपूर्वक ज्ञान प्राप्त भएपछि यो संसार शान्त भइहाल्छ । अज्ञानी मानिस ठूलो पद प्राप्त गरे तापनि मोहवश तल तल झरेर जान्छ जस्तो दाम, व्याल र कट सेनापति जस्तो उच्च पद प्राप्त गरेर पनि मोहवश अहंकारमा फसेर तल झर्दै महाजालमा परेका थिए ।

शास्त्र दुई प्रकारको हुन्छ - ब्रह्मनिरूपक र संसारनिरूपक । ब्रह्मनिरूपक शास्त्रको अभ्यासले संसारबाट वैराग्य उत्पन्न हुन्छ र मोक्षसुख प्राप्त हुन्छ, संसारनिरूपक शास्त्रको अभ्यासले अहंकार पुष्ट हुँदै जान्छ र अन्तमा महादुःखदायी संसारको जालमा फसिहाल्छ । यो जगत् असत् हो र भ्रान्तिमात्र हो । जसको यो मिथ्या जगत्‌को विषयमा तृष्णा रहन्छ त्यो अभागी हो । जसको हृदयमा संसारबाट वैराग्य उत्पन्न भएको छ, जो संसारका पदार्थलाई र लोकपाल

आदि महत् पदलाई पनि तृणवत् तुच्छ ठान्दछ, जो संपद्‌लाई आपद्‌रूप जानेर परित्याग गर्छ त्यो भाग्यमानी महापुरुष हो । उसको हृदयमा परमात्माको चमत्कार उदित हुन्छ र आफूलाई आनन्दकन्द परमात्मस्वरूप जानेर सदा सुखी रहन्छ । यसकारण, हे राम ! तिमी हृदयबाट त्यो निश्चयात्मक तत्त्वमा स्थित रहू र बाहिर यथाप्राप्त आचारको पालन गर । कहिले पनि आचारको व्यतिक्रम नगर्नू । आचारको व्यतिक्रमबाट शुभ कार्य पनि अशुभ हुन जान्छ, जस्तो राहु दैत्यपक्षको भएर पनि आचारको उल्लंघन गरीकन देवताको हारमा बसेर अमृत खाने यत्न गरेको थियो, त्यसैले उसको शिर काटियो ।

शास्त्रानुसार चेष्टा गर्नु कल्याणको मार्ग हो । सज्जनको संगत र सत् शास्त्रको विचारले हृदयमा आत्मप्रकाश उदित हुन्छ । जो यी दुई कुराको सेवा गर्छ त्यो मोहवश अन्धकूपमा गिर्दैन । हे राम ! वैराग्य, धैर्य, सन्तोष, उदारता आदि गुण जसको हृदयमा प्रवेश गर्छन् त्यो महासम्पत्तिशाली हुन्छ र सारा आपद्‌लाई नष्ट गर्छ । जो शुभ गुणले सम्पन्न छ र सत्‌शास्त्रको श्रवणमा रत रहन्छ, जसको हृदयमा सत् स्वरूपको वासना जागृत भएको छ त्यो महापुरुष हो र ज्ञानी हो, अरू सबै पशु हुन् । जसमा वैराग्य, सन्तोष, धैर्य आदि शुभ गुण विराजमान छन् त्यसको परम पवित्र हृदयमा भगवान् विष्णु विराजमान भएर रहनुहुन्छ ।

हे राम ! मूर्ख जीव झैं तिमी संसाररूप अन्धकूपमा नगिर । यो संसार मिथ्या हो । तिमी उदारात्मा भएर उठ र पुरुषार्थको अवलम्बन गरेर यो वासिष्ठ शास्त्रको अभ्यास गर । शास्त्रको विचार गर्नुलाई पुरुषार्थ भनेको छ । यसकारण, हे राम ! सत्‌मार्गको अवलम्बन गरेर प्रकृत आचारमा विचरण गर र लोकमर्यादा अनुसार व्यवहार गर, किनकि शास्त्रानुसार कर्म गर्नु सुखदायक हुन्छ ।

(३३) पुरुषार्थ र सत्संगको आवश्यकता

वसिष्ठले भन्नुभयो, हे राम ! सबैले स्वकृत-कर्मानुसार नै सुख दुःख आदि फल पाउँछन् । मोक्षको लागि पनि पुरुषार्थ गर्नुपर्छ । पुरुषार्थद्वारा सिद्ध नहुने केही कुरा छैन । नन्दीले सदाशिवको आराधना गरेर शिवजीको प्रसादबाट गणनायक भईकन मृत्युलाई जितेका हुन् । पुरुषार्थको बारेमा अरू पनि दृष्टान्त सुन । मरुत्त राजाको यज्ञमा संवृतनामक एक महर्षि आएका थिए । उनी आफ्नै पुरुषार्थद्वारा देवता, दैत्य, मनुष्य आदि सृष्टि गरेर मानो दोस्रा ब्रह्मा बनेका थिए । विश्वामित्र तपस्या गर्दा गर्दा शुद्ध आचारले राजर्षिबाट ब्रह्मर्षि हुन पुगे । उपमन्यु एकजना गरीब ब्राह्मणका बालक पुत्र थिए । एकदिन पिताका साथ उनले एक गृहस्थीको घरमा चिनी राखेको दूध भात खाए । पछि घरमा आएर त्यस बालकले दूध भात ल्याइ देऊ भनी जिद्दी गर्न थाल्यो । पिताले सामोधानको चामल पखालेर त्यसमा पीठो घोलेर दूध भनेर खान दिए । पहिलेको जस्तो स्वाद नआएको हुनाले बालकले खाएन । अनि पिताले भने - हे पुत्र ! त्यस्तो भोजन हाम्रो घरमा छैन, शिवजीसंग मात्र छ । उहाँले जस्तो दिनुहुन्छ त्यस्तै खानुपर्छ । अनि त्यो बालक सदाशिवको भक्तिपूर्वक आराधना गरेर तपस्या गर्न थाल्यो । तपस्या गर्दा गर्दा शरीरमा हाड छालामात्र

बाँकी रह्यो । त्यो देखेर शिवजीले प्रसन्न भएर वर माग भन्नुभयो । बालकले भन्यो दूध भात दिनुहोस् । के त्यतिमात्र मागेको ? अरूपनि माग भन्दा बालक चूप लाग्यो । सदाशिवले भन्नुभो - तिमीले चिताएको बेलामा दर्शन दिनेछु । हे राम ! यो पनि त पुरुषार्थको नै फल हो । सावित्रीले आफ्नो पातिव्रत्यधर्मको बलले मृत पतिलाई यमलोकबाट फिर्ता ल्याइन् ।

शास्त्रानुसार पुरुषार्थ गर्नुपर्छ तब सब कुछ मिल्छ । यदि तिमी अविनाशी सुखको इच्छा गर्छौ भने आत्मबोधको अभ्यास गर । सांसारिक सुख दुःख-मिश्रित छ । आत्मसुख सम्पूर्ण दुःखको नाशक छ र कुनै दुःखसित मिसिएको छैन । हुनता सम असम सबै ब्रह्म हो तर समको अभ्यास परम कल्याणकारक छ । यसकारण अभिमान छोडेर समको आश्रय लेऊ र निरन्तर बुद्धिपूर्वक विचारपरायण होऊ । जब यत्नपूर्वक सन्तजनको संगत गर्नेछौ तब परम पद प्राप्त हुनेछ । जसको लोभ, मोह, क्रोध आदि विकार क्षीण हुँदै गएको छ र जो यथाशास्त्र कर्मानुष्ठान गर्छ यस्तो मानिस सन्त र आचार्य कहिन्छ । यस्ता मानिसको संगतबाट पाप कर्मको निवृत्ति हुन्छ र मानिस शुभ मार्गमा प्रवृत्त हुन्छ । आत्मवेत्ता पुरुषको संगत गरेपछि बुद्धिबाट संसारको अत्यन्त अभाव हुन्छ । जब दृश्यको अत्यन्त अभाव भयो तब आत्मा शेष रहन्छ । यस क्रमबाट जीवभावको निवृत्ति भएर बोध प्राप्त हुन्छ ।

जगत् उत्पन्न भएको छैन, पछि पनि हुनेछैन र वर्तमानमा पनि छैन । यसप्रकार मैले तिमीलाई अनेक युक्ति बताएँ र बताउँदै जानेछु । अचल चिदात्मामा चञ्चल चित्त फुरेको छ र यही चित्तले जगदाभास रचेको छ । चित्तमा जस्तो स्फुरण हुन्छ त्यस्तै जगत् भास्तछ, वास्तवमा केही पनि छैन । बालकलाई छायाँमा पिशाच भास्तछ, तर त्यो भ्रान्तिमात्र हो त्यस्तै यो जगत् पनि विचारपूर्वक हेरेपछि भ्रान्तिमात्र सिद्ध हुन्छ । आफ्नै कल्पनाले जगत् भासेको छ र दुःखदायक बनेको छ । विचार गरेपछि जगत् नष्ट भइहाल्छ ।

आकाशमा आत्मारूपी चन्द्रमा सदा प्रकाशित छ । त्यसलाई अहंकाररूपी बादल उठेर ढाकेको छ र बुद्धिरूपी कमलिनीको विकास हुन पाएन । विवेकरूपी वायुद्वारा अहंकाररूप मेघलाई नष्ट गर, अनिमात्र आत्मरूप चन्द्रमा प्रकाशित हुन्छ ।

संसारमा जति पनि सुखदुःख आदि छन् ती सब अहंकारबाट प्राप्त हुन्छन् । अहं ममरूपी बीजबाट अनेक जन्मरूपी वृक्षपरम्पराको उदय र क्षय हुन्छ । न म छु, न मेरो कोही छ - यस्तो भावना गर्नुपर्छ । जब स्फुरण शान्त हुन्छ तब अहंकार पनि नष्ट हुन्छ । जब अहंकार नष्ट हुन्छ तब हेयोपादेय बुद्धि पनि शान्त हुन्छ र समता, प्रसन्नता आदिशुभ गुणको उदय हुन्छ ।

रामले प्रश्न गर्नुभो - अहंकार कति प्रकारको हुन्छ र त्यसको रूप कस्तो हुन्छ, कसरी त्यो अहंकार नष्ट हुन्छ ?

उत्तरको रूपमा वसिष्ठले भन्नुभो - म नै हुँ, यो सबकुछ दृश्य, म नै अद्वितीय परमात्मस्वरूप हुँ, मदेखि भिन्न केही छैन - यस्तो निश्चयलाई परम अहंकार भनेको छ, यो अहंकार मोक्षको कारण हुन्छ र बन्धनकारक हुँदैन । जीवन्मुक्तमा यस्तो अहंकार रहन्छ । वास्तवमा यो अहंकार चिन्मात्र सत्तामा छैन । म सम्पूर्ण दृश्य प्रपञ्चदेखि भिन्न हुँ र म रौंको टुप्पाको सयौं भाग झैं

अत्यन्त सूक्ष्म हुँ - यस्तो निश्चययुक्त अहंकार पनि जीवन्मुक्तिदायक र मोक्षदायक हुन्छ, बन्धनकारक हुँदैन । वास्तवमा अचेत्य चिन्मात्रस्वरूपमा यो अहंकार पनि रहँदैन । तृतीय अहंकार हो हस्तपादादिमान् देहलाई आफू भनी निश्चय गर्नु । यो अहंकार तुच्छ हो र बन्धनको कारण हो, यसलाई त्याग गर । यो अहंकार दुष्ट हो र मोक्षको परम शत्रु हो । यस्तो अहंकारयुक्त जीव परमार्थतिर लाग्न सक्तैन । यसले जीवलाई नीच तुल्याउँछ र संकटमा पार्दछ । पहिलेका दुई प्रकारका अहंकार मोक्षदायक भएका हुनाले ग्राह्य छन् र तेस्रो अहंकार बन्धन र दुःखको कारण भएको हुनाले त्याज्य छ । यही दुष्ट अहंकारलाई ग्रहण गरेको हुनाले नै दाम, व्याल र कट आपद्मा परेका हुन् ।

हे राम ! जब जीव यो अनात्मा अहंकारलाई त्याग गर्छ तब परम पद प्राप्त हुन्छ । जति जति यो अहंकारलाई त्याग्दै जान्छ त्यति त्यति दुःखबाट मुक्त हुन्छ । यसकारण यसको त्याग गरेर आनन्दवान् होऊ । जब यसलाई त्याग गर्दछौ तब उच्च पद प्राप्त गर्न समर्थ हुनेछौ । सबै कालमा हरसंभव यत्न गरेर यो दुष्ट अहंकारलाई नष्ट गर । यो नै हो परमानन्दप्राप्तिको आवरण । यसलाई त्याग गरेर बोधवान् बन । यो स्थूल अहंकारलाई त्याग गरेपछि सबै व्यवहारका चेष्टामा मानिस आनन्दवान् हुन्छ । जसको अनात्म अहंभाव नष्ट भएको छ त्यसको भोगमा आसक्ति हुँदैन र तृष्णा, राग, द्वेष नष्ट भएर जान्छन् । जसको हृदयबाट अहंकारको अनुसन्धान नष्ट भएकोछ त्यो संसारसमुद्रको पार लाग्छ । त्यसकारण यस्तो निश्चय गर कि 'न म छु', 'न मेरा कोही छन्' अथवा 'सबै म नै हुँ', 'मदेखि भिन्न केही छैन' - यो निश्चय जब दृढ हुन्छ तब संसारको द्वैत भावना मेटिन्छ र सर्वदा अद्वैत आत्मतत्त्वको भान हुन्छ ।

(३४) दाम, व्याल, कटोपाख्यान समाप्ति

(भीम, भास र दृढको उत्पत्ति । शम्बरासुरको विष्णुलोक प्राप्ति र भीमादिको निर्वाण)

वसिष्ठले भन्नुभो, हे रामजी ! अहंकारको उदय भएपछि कातर भएर जब दाम, व्याल, कट युद्ध भूमिबाट भागे तब अरू दानवी सेनामा पनि भागाभाग चल्यो । देवताहरूको विजय भयो । दानवका राजा शम्बरासुर धेरै वर्षसम्म पातालमा खुंचिएर बसेका थिए । देवताहरूका उपर फेरि विजय प्राप्त गर्नको लागि उसले युक्तिको विचार गर्नलाग्यो । मायाबाट रचिएका दाम, व्याल, कट मूर्ख र बलवान् थिए । तिनमा मिथ्या अहंकारको बीज अज्ञान थियो । त्यसैले अहंकार फुरेर आयो र तिनीहरू नष्ट भए । अब यस्ता योद्धा सेनापतिको सृष्टि गर्नुपर्‍यो जो निरहंकार आत्मवेत्ता होउन्, उनमा कदाचित् अहंकारको उदय नहोस् तब तिनीहरूले देवताका सेनाहरूलाई मारेर विजय प्राप्त गर्नेछन् । यस्तो विचार गरेर शम्बरासुरले भीम, भास र दृढ नाम गरेका तीनजना योद्धाको् सृष्टि गर्‍यो र तिनको नेतृत्वमा अरू सेना पठाएर देवलोकमा हमला गर्‍यो । उनीहरूको ललकार सुनेर देवताहरू पनि शस्त्रास्त्रसज्जित भएर लडाइंमा जुटे । भयंकर युद्ध भयो । भीम, भास र दृढ धैर्यपूर्वक युद्ध भूमिमा खडा भएरै रहे । शस्त्र प्रहार हुँदा पनि सावधान भएर आफूलाई अशरीर, चैतन्यमय, निराकार, निर्विकार, अद्वैत, अच्युतरूप ठान्दथे । कदाचित् मोह प्राप्त भए तापनि

सावधान भएर विचारद्वारा निरहंकार स्वरूपमा नै अवस्थान गर्दथे । वासनाजालबाट विमुक्त भएका हुनाले निर्भय भएर शत्रुको सामना गर्दै युद्धमा अगाडि बढ्दथे र हेयोपादेयरहित समदृष्टिसम्पन्न भएर युद्ध गर्दथे । यस युद्धमा देवताका सेनाहरू धेरै ध्वस्त भए र बाँकीरहेका सेनाहरू पनि यत्रतत्र भाग्न थाले । आखिर केही सीप नलागेर देवताहरूले क्षीरसागरमा भगवान् विष्णुको शरणमा गएर सवै वृत्तान्त बताए । देवताहरूको पुकार सुनेर शरणागतवत्सल भगवान् विष्णु सुदर्शन चक्र लिएर शम्बरसंग युद्ध गर्न भनी निस्कनु भयो । केही काल युद्ध गरेर अन्तमा सुदर्शन चक्र द्वारा विष्णुले शम्बरासुरलाई मारिदिनुभो । विष्णुको हातबाट मरेको हुनाले ऊ वैकुण्ठमा गयो । त्यसपछि भीम, भास र दृढको पनि चित्कलासित मिश्रित प्राणलाई नष्ट गरिदिनु भयो । तीनैजना निर्वासनिक भएकाले विदेहमुक्त भए । जो वासनासंयुक्त छ त्यो बन्धनमा पर्छ र जो निर्वासनिक छ त्यो मुक्त हुन्छ । हे राम ! तिमी पनि विवेकद्वारा निर्वासनिक होऊ । दाम, व्याल र कटको न्याय तिमीमा नलागोस् र भीम, भास र दृढको न्याय तिमीमा लागु होस् ।

(३५) उपशमोपदेश

हे राम ! संसार नानाप्रकार उपद्रव दिनेवाला छ । संसारबाट पार हुनको लागि सर्वप्रथम मनलाई वशमा राख्नुपर्छ । यो मैले बताएको शास्त्र ज्ञानैज्ञानले भरिएको छ । यसको श्रवण गरेर विचार गर्नू कि जगत् के हो ? यस्तो विचार गरेर भोगबाट उपराम लिनू र सत्स्वरूप आत्माको अभ्यास गर्नू । जो कुछ भोगेच्छा छ त्यो नै बन्धनको कारण हो र भोगेच्छाको त्याग नै मोक्ष हो, अरू कुरा त शास्त्रको विस्तारमात्र हो । विषयभोग विष र आगोसमान विनाशकारी हो । यस्तो जानेर जब चित्तबाट विषयको त्याग हुन्छ तब प्रारब्धपतित विषयको सेवन गर्दा पनि दुःख हुँदैन जस्तो मन्त्र जान्नेलाई सर्प दुःखदायक हुँदैन ।

संसारलाई सत् जानेपछि तत्सम्वन्धी वासना फुर्छ र त्यो दुःखको कारण हुन्छ । जस्तो पृथिवीमा जस्तो बीज रोप्यो त्यस्तै बिरुवा उम्रन्छ र त्यस्तै फल दिन्छ त्यस्तै जसको बुद्धिमा संसारको भोगवासनारूपी बीज छ त्यसबाट दुःख परम्परा उत्पन्न हुन्छ । जसको बुद्धिमा शुभवासना विद्यमान छ त्यसबाट वैराग्य, धैर्य, उदारता र शान्तिरूप शुभगुण उत्पन्न हुन्छन् । शुभवासनाको अनुसन्धान भए मन, बुद्धि निर्मल हुन्छ र शनैः शनैः अज्ञान नष्ट हुन्छ । विवेकद्वारा हृदयमा आत्मप्रकाशको उदय भएपछि मोहरूपी तम नंष्ट भएर जान्छ र धैर्य, उदारता आदि शुभगुणको वृद्धि हुन्छ । सत्संग र सत्शास्त्रको अभ्यासद्वारा शुभ गुणको उदय भएपछि हृदय शीतल र शान्त हुन्छ र महान् आनन्द प्राप्त हुन्छ । जसको हृदयमा आत्मप्रकाशको उदय भएको छ त्यस बोधवान् पुरुषको मन गलेर जान्छ र भय आदि सारा विकार नष्ट हुन्छन् र त्यो ज्ञानवान् पुरुष देहरूपी नगरमा सन्तापरहित भएर विराजमान हुन्छ ।

(३६) चिदादित्यस्वरूप वर्णन

विश्वातीत चिदात्मामा यो विश्व कसरी स्थित भएको छ, बोधको वृद्धिका निमित्त सुन्न पाऊँ - यस्तो रामको प्रश्नको उत्तर दिंदै वसिष्ठले भन्नुभो - हे राम ! जस्तो समुद्रमा भविष्यत् तरंग समुद्रदेखि अभिन्नरूपमा स्थित छन् त्यस्तै विश्वातीत चिदात्मामा विश्व स्थित छ । जस्तो आकाश सर्वत्र व्याप्त भएता पनि सूक्ष्म हुनाले देखिंदैन त्यस्तो अति सूक्ष्म भएको हुनाले सर्वत्र व्याप्त भएरपनि आत्मा लक्षित हुँदैन । जस्तो आकाशको आधारमा बादल रहेको छ तापनि आकाश बादलबाट अस्पृष्ट, स्वच्छ नै छ त्यस्तो आफूमा स्थित विश्वका पदार्थबाट चिदात्मा अस्पृष्ट नै रहेको छ । जस्तो सूर्यको प्रतिबिम्ब जलमा देखिन्छ, काष्ठ आदिमा देखिंदैन त्यस्तो देहमा सर्वत्र व्याप्त भएर पनि आत्मा हृदयमा (प्रतिबिम्बित भएर) भासित हुन्छ ।

आत्मा सर्वसंकल्परहित एवं असंगस्वरूप छ तापनि ज्ञानवान्हरू उसलाई चैतन्य, आत्मा, ब्रह्म आदि नामले उपदेशको निमित्त बताउनुहुन्छ, किन्तु आत्मा आकाश भन्दा पनि सूक्ष्म र निर्मल छ । चेतनसत्ता नै जगद्रूपले फुरेको छ, वास्तवमा आत्मादेखि भिन्न केही छैन । ज्ञानवान् पुरुष सर्वत्र एक आत्मा नै देखनुहुन्छ । अज्ञानीको दृष्टिमा नानाप्रकार जगत् भासित हुन्छ । जगत् कुनै वस्तुरूप होइन, केवल आत्मसत्ता नै आफू आफैमा स्थित छ । आत्मा सर्वदा स्वयंप्रकाशरूपले विद्यमान छ । आत्माको प्रकाश पाएर नै सूर्य, चन्द्र आदि प्रकाशित भएका छन् । सारा कुरा, सारा व्यवहार आत्माबाट नै सिद्ध हुन्छन् । आत्मामा उदय, अस्त, चलन, ग्रहण त्याग आदि केही छैन । ऊ आफैमा स्वत: स्थित छ ।

आत्मामा चित्तको स्फुरणबाट जगत् भासेको छ । आत्मसत्ताको आश्रयमा जस्तो स्फुरण हुन्छ त्यस्तो नै रूप लिएर जगत् भासित हुन्छ जस्तो वसन्त ऋतुमा रसको विस्तार हुन्छ, कार्तिकमा धान पाक्छ, जाडोमा पानी जम्छ, अग्नि उष्ण हुन्छ, बरफ चीसो हुन्छ । महाप्रलयपर्यन्त यो नीति कायम रहन्छ । जगत्मा चौध प्रकारका भूत जाति छन्, तिनमा जसलाई आत्मज्ञान प्राप्त भएको छ त्यो शान्तरूप आत्मालाई पाएर आनन्दवान् हुन्छ, अरू प्रमादी जीव संसारमा भटकेर जन्म-मरण प्राप्त गरिरहन्छन् ।

(३७) शान्त्युपदेश

हे राम ! आत्माबाट जगत् स्वत: उत्पन्न हुन्छ कुनै कारणबाट होइन, पछि कार्यकारणभाव मानिन्छ र त्यही कुरा चित्तमा दृढ हुन्छ, तर आत्मामा केही पनि छैन । आत्मामा द्वैतकल्पना केही पनि छैन । आत्मा असंगरूप हो, त्यसमा 'म' 'तिमी' आदि केही पनि छैन, केवल ब्रह्मसत्ता नै सर्वत्र विद्यमान छ । यस्तो जानेर सन्तापरहित निर्द्वन्द्व स्थितिमा रहू र कार्यसम्पादन गर । दृश्यलाई त्याग गरेर द्रष्टास्वरूपमा स्थित होऊ । जसद्वारा शब्द, स्पर्श, रूप, रस, गन्ध जानिन्छ त्यसैलाई आत्मब्रह्म भनी जानेर शान्तस्वरूपमा स्थित होऊ । बाहिर कर्ता जस्तो भएर काम गरे तापनि भित्र हृदयमा अकर्ताको भावना गर । सकल दृश्यको त्याग गरेर जो शेष रहन्छ त्यो चिदात्मा आफ्नो स्वरूप हो, त्यसैमा स्थित भएर शान्ति प्राप्त गर ।

(३८) मोक्षोपदेश

यस प्रकार जो ज्ञानवान् पुरुष छ उसमा कर्तृता दृष्टिगोचर हुन्छ र हिंसादि तामस कर्म पनि उसबाट हुनसक्छ तापनि स्वरूपको ज्ञान भएको हुनाले ऊ अकर्ता नै रहन्छ । मूर्ख अज्ञानी चाहिं कर्ता भएको हुनाले जस्तो कर्म गर्छ त्यस्तो फल भोग्छ । अज्ञानीको मनमा वासनाले यो शुभ हो र यो अशुभ हो भन्ने कुरा दृढ हुन्छ र शुभकर्मबाट स्वर्गको र अशुभ कर्मबाट नरकको अनुभव हुन्छ । जो ज्ञानवान् छ उसको हृदयमा पदार्थको सद्भाव र वासना दुवै हुँदैनन् । यद्यपि ज्ञानवान् पनि कर्म गर्छ तर कर्मको फल उसलाई प्राप्त हुँदैन किनकि उसमा कर्तव्यता- बुद्धि छैन । ज्ञानवान्को दृष्टिमा शरीरको स्पन्दमात्र हो कर्म । अज्ञानी शरीरका अवयवको स्पन्दमा आफूलाई कर्ता मान्छ र तदनुसार सुख दुःख भोग्छ ।

जसको मन अनात्मभावमा मग्न रहन्छ त्यो अकर्ता भए पनि कर्ता हुन्छ । मनले रहित केवल शरीरले गरिएको कर्म नगरिएसमान हुन्छ । त्यसकारण मन नै कर्ता हो, शरीर केही गर्दैन । सब जगत् मनबाट उत्पन्न भएको छ अतएव मनोरूप हो र मनमा नै स्थित छ । जब आत्मज्ञान हुन्छ तब सब जगत् शान्त हुन्छ र संसारको सुख दुःखले उसलाई स्पर्श गर्दैन । ज्ञानी सर्व विकारले रहित शान्तरूप हुन्छ । ज्ञानी संसारको वासनामा डुब्दैन, अज्ञानी डुब्छ । अज्ञानीको मन संसार भ्रममा मग्न रहन्छ, उसको मनमा पदार्थको तृष्णा बनिरहन्छ । ज्ञानीमा पदार्थको तृष्णा हुँदैन । त्यसैले ऊ सदा सुखी रहन्छ ।

हे राम ! जस्तो मन हुन्छ त्यस्तै सिद्धता प्राप्त हुन्छ । त्यसकारण तिमी पनि असंसक्त भएर कर्म गर तब अकर्ता नै रहनेछौ । ज्ञानवान् चन्द्रमाको चाँदनी झैं शीतल र प्रकाशवान् रहन्छन् । उनलाई न चिन्ता छ, न दुःख छ । उहाँ शान्तरूपमा रहेर कर्म गरे तापनि अकर्ता नै रहनुहुन्छ, किनकि उहाँ मनद्वारा सदा अलिप्त रहनुहुन्छ । सर्वगत मन नै हो अहं, त्वं आदि सर्वभावको बीज । मन नष्ट भए सबै कर्म नष्ट हन्छन् र दुःख मेटिन्छ । बालक मनद्वारा नगरको रचना गर्छ र फेरि त्यसलाई लीन गर्छ, त्यस नगरको उत्पत्ति र नाशमा उसलाई हर्ष, शोक हुँदैन त्यस्तै परमार्थदर्शी ज्ञानीमा कर्मको लेप रहँदैन । ज्ञानीमा कर्तव्य बुद्धि हुँदैन, त्यसैले कर्म गरेर पनि केही गरेको छैन । अज्ञानी कर्तव्य, भोक्तव्य, सुख, दुःख आदि आफूमा आरोप गर्छ र बन्धवान् हुन्छ । ज्ञानवान्लाई बन्ध, मोक्ष, सुख, दुःख केही पनि भास्तैन, किनकि उसको मन असंसक्त छ । बन्ध, मोक्ष आदि संकल्पद्वारा कल्पित हो र मिथ्या हो । तिमी यो कल्पित मिथ्या अनात्मा अहंकारलाई परित्याग गरेर आत्माको निश्चय गर र धीर बुद्धिमान् भएर प्रकृत आचार गर्दैरहू, त्यसले तिमीलाई स्पर्श गर्नेछैन ।

(३९) सर्वैकता- प्रतिपादन

निर्विकार अद्वैत ब्रह्मस्वरूपमा अविद्यमान विचित्र जगत् र अविद्या कहाँबाट आयो भन्ने रामको प्रश्नमा वसिष्ठले भन्नुभो - हे राजपुत्र ! सम्पूर्ण जगत् ब्रह्मस्वरूप हो । जस्तो जल तरंग, बुद्बुद, आवर्त आदि आकारमा भास्तछ त्यस्तो सर्वशक्तिसम्पन्न ब्रह्मसत्ता सत्य असत्य आदि विश्वरूप भएर भास्तछ । चिद्घन ब्रह्म सर्वरूप भएर भास्तछ - कहीं कर्मरूपले, कहीं

वाणीरूपले, कही लाटो रूपले र कहीं भरण, पोषण तथा नाशको कारणरूपले फुर्दछ । ब्रह्म नै हो सर्व पदार्थको बीज । सबै पदार्थ ब्रह्मबाट उत्पन्न भएर ब्रह्ममा नै लीन हुन्छन् ।

रामले प्रश्न गरे - जुन कारणबाट जुन कार्य उत्पन्न हुन्छ त्यो कारणसहश नै हुन्छ जस्तो मनुष्यबाट मनुष्य, अग्निबाट अग्नि उत्पन्न हुन्छ र कारणसमान हुन्छ । त्यसो भए निर्विकार आत्माबाट उत्पन्न जगत् निर्विकार शान्तरूप हुनुपर्नेमा किन सविकार र दु:खरूप भयो ?

उत्तरमा बसिष्ठले भन्नुभयो - यो सब जगत् ब्रह्मरूप नै हो, तर नानाप्रकार जो मलिनरूप भास्तछ त्यो साँचो होइन । जस्तो समुद्रमा तरंग फुर्छ त्यसमा मलिनतारूप धूलो हुँदैन त्यस्तो आत्मामा जगद्रूप कलंक छैन, सबै जगत् आत्मरूप हो ।

रामले पुन: प्रश्न गरे - निर्धर्म, निर्दु:ख ब्रह्मबाट जो दु:खरूप जगत् उत्पन्न हुन्छ - यही त कलंक भयो । यो कसरी भयो, हजुरको कुरा स्पष्टसंग बुझ्न सकिन । तब वसिष्ठले मनमनै विचार गर्नुभयो - यिनको बुद्धि केही निर्मल भएको छ तापनि परम प्रकाशमा अवगाहन गर्न सकेको छैन । यिनी पद पदार्थको ज्ञाता भएका छन्, किन्तु परमार्थवेत्ता भएका छैनन् । जो ज्ञातज्ञेय पुरुष हो ऊ मोक्षोपाय वाणीको पनि अतीत हुन्छ, उसलाई संसाररूपी अविद्यामल भास्तैन । ऊ केवल अद्वैत सत्तामात्र देख्दछ । मेरो उपदेश विना यिनको स्वरूपमा विश्रान्ति प्राप्त हुँदैन । जो अर्ध प्रबुद्ध छ उसलाई सर्व ब्रह्मको उपदेश सुहाउँदैन । सर्व ब्रह्मको उपदेश सुनेर फेरि भोगमा आसक्त हुनु नाशको कारण हुन्छ । जसलाई परम दृष्टि प्राप्त भएको छ उसको मनमा भोगको इच्छा हुँदैन । त्यसकारण रामजीलाई सिद्धान्तकालमा मात्र सर्व ब्रह्मको उपदेश सुहाउनेछ ।

पहिले शम, दम आदि गुणद्वारा शिष्यलाई शुद्ध तुल्याउनुपर्छ, अनिमात्र सर्वब्रह्मको उपदेश गर्नुपर्छ । शमादि गुणसम्पन्न योग्य शिष्यलाई "तिमी शुद्ध ब्रह्म स्वरूप हौं" "सम्पूर्ण जगत् ब्रह्म नै हो, ब्रह्म देखि भिन्न केही छैन" - यस्तो उपदेश दिनुपर्छ । यसबाट शिष्य स्वरूपमा जागेर उठ्छ । अर्धप्रबुद्ध अज्ञानीलाई सर्वब्रह्मको उपदेश गर्ने गुरुले झन महानिरयजालमा पार्दछ । यस्तो विचार गरेर रामलाई गुरु वसिष्ठले भन्नुभो - हे राघव ! ब्रह्ममा कलनारूपी कलंक छ कि छैन भन्ने कुरा तिमीलाई सिद्धान्तकालमा बताउनेछु अथवा त्यसबेला तिमी आफैं जान्नेछौ ।

ब्रह्मसत्ता सर्वशक्तिरूप र सर्वव्यापक छ उसैमा जगत्को रचना भएको छ । जस्तो इन्द्रजाली विचित्र जगत् देखाउँछ त्यस्तो परम इन्द्रजाली आत्मा अघटितघटनापटीयसी (घटनै नसक्ने कुरालाई पनि घटाउन सामर्थ्य भएकी) मायाशक्तिद्वारा विचित्र जगत्को रचना गर्दछ । मायावी परमात्मा पर्वतलाई गहिरो खाडी तुल्याउँछ भने जंगललाई मैदान र मैदानलाई जंगल तुल्याउँछ । अचेत्य चिन्मात्रमा चेतनतारूप स्फुरणबाट जगत्को रचना भएको छ । चिन्मात्र सत्ता नै चित्त अथवा संवेदनको स्फुरणबाट जगद्रूप बनेको छ । त्यसकारण सबै आत्मसत्ता नै हो । त्यसदेखि भिन्न केही पनि छैन भने केको हर्ष, शोक हुने ? यो सारा देश, काल र वस्तुरूप जगत्को अवसान भास्तछ र विपर्यय पनि भास्तछ, तर पनि आत्मा आफ्नो स्वभावमा नै स्थित छ, किनकि दृश्य भन्नु त आफ्नै स्वरूपको आभास फुरेको त होनि । जो कुछ दृश्य प्रपञ्च विद्यमान छ

त्यो सत्, चित् र संविद्रूप परमात्माको स्पन्दकालाबाट फुर्दछ । आत्मसत्ता स्वभाविकरूपले जगदरूपमा फुर्छ, त्यसको लागि यत्न चाहिँदैन । जस्तो समुद्रमा यत्न विना स्वभावत: तरंग उठ्छ र त्यहीं लीन हुन्छ त्यस्तो चैतन्यस्वरूप आत्मामा स्वाभाविक रूपले सृष्टि फुर्छ र लय पनि हुन्छ । जस्तो समुद्र र तरंगमा भेद छैन त्यस्तो आत्मा र जगत्मा कुनै भेद छैन । जस्तो घट पृथिवीरूप हो, वस्त्र तन्तुरूप हो त्यस्तो जगत् आत्मरूप हो ।

वास्तवमा आत्मामा कर्तृत्व, भोक्तृत्व, उत्पत्ति, विनाश आदि केही पनि छैन, केवल निरामय, साक्षी, आत्मा स्वभावसत्तामा स्थित छ । असम्यक् ज्ञानबाट जगद्रूपी वृक्ष अनन्त शाखा प्रशाखाले युक्त भएर फैलिएको छ, यसलाई सम्यक् ज्ञानरूपी बञ्चरोले काटेर सुखी बन ।

(४०) ब्रह्मप्रतिपादन

रामले प्रश्न गरे - ब्रह्मबाट कसरी जगत्को उत्पत्ति भयो र यो जगत्को विस्तार कति छ, सुन्न पाऊँ । यसको उत्तरमा वसिष्ठले भन्नुभयो - हे महाबाहु राम ! शुद्ध ब्रह्म स्वरूपमा जो चेतनशक्ति छ त्यो निर्मल नै छ । जब त्यो चेतनशक्ति स्फुरणरूप बन्छ तब कलनारूप भएर घनीभूत हुन्छ र संकल्परूपलाई धारणगर्छ, अनि त्यो संकल्प मनोरूप हुन्छ । यही मनको संकल्पबाट जगत्को उत्पत्ति र विस्तार भएको छ । गन्धर्वनगरको विस्तार भए झैं मनबाट जगत्को विस्तार भएको छ । ब्रह्मदृष्टिलाई छोडेपछि जगत् देखिन्छ, किन्तु यो जगत् आत्मसत्ताको नै चमत्कार हो । हाम्रो दृष्टिमा त सब ब्रह्म नै भास्तछ ।

पहिले चित्शक्तिले आफूलाई ब्रह्माको रूपमा देख्यो । अनि ब्रह्माको संकल्पबाट जगत्को रचना भयो । अनि प्रजापति बनेर चतुर्दश प्रकारका भूत जातिको सृष्टि भयो । वास्तवमा सब ज्ञप्तिरूप (चैतन्यरूप) हो । शरीर आदि केही छैन, जस्तो भ्रान्तिले स्वप्ननगर भास्तछ त्यस्तै यो जगत् भ्रान्तिरूप हो । यो भ्रान्तिरूप जगत्मा जो नाना जीव छन् तिनमा कोही मोहयुक्त छन्, केही अज्ञानी छन् । कोही मध्यम प्रकारका अर्धज्ञानी छन्, कोही ज्ञानी उपदेष्टा छन् । कुनै ज्ञानी सात्त्विक स्वभावका छन् भने कुनै राजस सात्त्विक स्वभावका पनि छन् । जो शान्तामा पुरुष छन् । तिनलाई संसारका दु:खले स्पर्श गर्दैन । तिनीहरू सदा ब्रह्मस्वरूपमभा स्थित भएर रहन्छन् । ब्रह्मस्वरूप शान्त, अमृतरूप, निरामय, आधिव्याधिरहित निर्भ्रमरूपमा विद्यमान छ । यही ब्रह्मसत्ताको एक छेउमा जगत् प्रपञ्च फुरेको छ ।

यो सुनेर रामले प्रश्न गरे - हे गुरो ! ब्रह्मको एक अंशमा जगत् फुरेको छ भन्नुभयो । निरवयव ब्रह्ममा अंशांशिभाव कसरी भयो ? उत्तरमा वसिष्ठले भन्नु भयो - हे रामजी ! उसबाट उत्पन्न भयो भनेर जो कारण र उपादान मानिन्छ त्यो भ्रान्तिमात्र हो । शास्त्ररचना पनि व्यवहारको निमित्त हो । परमार्थमा केही उत्पन्न भएको छैन र नाश पनि छैन । उत्पत्ति, नाश आदि सव कल्पनामात्र हो र कल्पना पनि आत्मा देखि भिन्न होइन । शब्द, अर्थ आदि जो युक्ति वताइन्छ त्यो व्यवहारको निमित्त हो, परमार्थमा केही पनि छैन । अग्निबाट अग्नि उत्पन्न भयो,

त्यो सब अग्निरूप नै हो त्यस्तो आत्माबाट जगत् उत्पन्न भयो, त्यो आत्मादेखि भिन्न होइन। आत्मा र जगत्मा जो कार्यकारणभाव मानिन्छ त्यो कल्पनामात्र हो।

शब्द र अर्थ भन्नु द्वैत कल्पना हो। आत्मामा शब्द अर्थ केही छैन। जस्तो समुद्रमा बुदबुद, तरंग सब जल नै हो त्यस्तो बोधवान् पुरुषको लागि सब ब्रह्म नै हो। चित्त, मन, ज्ञान, शब्द, अर्थ सब ब्रह्म नै हो, ब्रह्मदेखि भिन्न केही छैन। अज्ञानले जगत् भास्तछ। जब शुद्ध विचार उत्पन्न हुन्छ तब जगद्भ्रम नष्ट हुन्छ र निर्मल प्रकाशसत्ता भास्तछ।

(४१) अविद्याकथन

रामले प्रश्न गर्दै भन्नुभयो - हे गुरुवर ! तापत्रयनाशक हजुरको गम्भीर वचन सुनेर मेघाच्छादित सूर्य कहिले प्रकाशित र कहिले अप्रकाशित भए झैं मेरो मन कहिले निःसंशय र कहिले संशययुक्त हुन्छ। निर्मल अद्वैत तत्त्वमा कल्पना कहाँबाट आयो, यो संशय दूर गरिपाऊँ। वसिष्ठबाट आज्ञा भयो - हे राम ! मैले जो बताएँ त्यो सत्य वचन भनेको छु। मेरो वचन कहिले पनि अन्यथा हुँदैन। जब मेरा युक्तियुक्त वचनको तात्पर्य अवगत गर्नेछौ तब हृदयमा निर्मल अद्वैत सत्ता प्रकाशित हुनेछ। अनि वाच्यवाचकरूप शब्दार्थरचनाको परित्याग गरेर स्वप्रकाश निर्मल स्वरूपमा अवस्थित हुनेछौ। ज्ञानवान्को सदा परमार्थसत्य अद्वैत सत्ता नै भास्तछ र उसमा इच्छा आदि कल्पना केही पनि रहँदैन। युक्तियुक्त वाग्-विस्तार विना अज्ञानरूपी अन्धकार नष्ट हुँदैन। त्यसो हुनाले अनेक युक्तियुक्त वचनद्वारा उपदेश गर्दै जानेछु।

आत्मसत्ताको आश्रयमा जो संवेदनाभास फुर्दछ त्यसको नाम अविद्या हो। उत्तम र मलिन भेदले अविद्या दुई प्रकारको छ। जुन स्पन्दकला अविद्याको नाशको निमित्त प्रवृत्त हुन्छ त्यो उत्तम अविद्या हो र विद्या पनि त्यसैको नाम हो। जो संसारतिर फुर्छ त्यो मलिन अविद्या हो। अर्थात् जो स्पन्दकला आत्मातिर फुर्छ त्यो विद्या हो र जो दृश्यतिर फुर्छ त्यो अविद्या हो, तर दुवै स्पन्दरूप हो। जस्तो ब्रह्मास्त्रद्वारा ब्रह्मास्त्र शान्त हुन्छ, विषद्वारा विष नष्ट हुन्छ त्यस्तै विद्यारूप उत्तम अविद्याद्वारा मलिन अविद्या नष्ट हुन्छ। जब ज्ञानद्वारा अविद्या नष्ट हुन्छ तब थाहा हुँदैन कि त्यो कहाँ गयो ? जस्तो बत्ती बालेपछि अन्धकार कहाँ गयो थाहा हुँदैन। बडो आश्यर्च छ कि जीवको ज्ञानलाई यस अविद्याले ढाकेको छ। आत्मसत्ता सदा अनुभवरूप हो र प्रकाशरूप हो तर अज्ञानी जीवमा त्यो प्रकाशित हुँदैन। ज्ञान नहुनुसंम अविद्या रहन्छ, ज्ञान भएपछि त्यो कहाँ गयो थाहा हुँदैन। त्यसकारण यो अविद्या भ्रममात्र हो। बडो आश्चर्य छ कि अविद्यमान मायाले संसारचक्रलाई बाँधेर राखेको छ र सत्य झैं भासमान हुन्छ। बुद्धिमान्लाई पनि यसले छकाउँछ भने साधारण जीवको त के कुरा। यो माया अभेदरूप आत्मामा भेदको कल्पना गराउँछ। जसले माया वास्तवमा केही होइन भनी जान्यो त्यो पुरुषोत्तम हो। अविद्या परमार्थतः केही होइन भनी जसले जान्यो त्यो ज्ञानवान् हो। हे राम ! जहाँसम्म तिमी स्वरूपमा जाग्दैनौ त्यहाँसम्म विश्वासपूर्वक मेरा वचन सुन्दैजाऊ र निश्चय गर कि अविद्या नाशरूप हो, यो वास्तवमा छँदैछैन।

केवल आत्मज्ञानबाट अविद्याको नाश हुन्छ आत्मज्ञानरूपी नौकाद्वारा अविद्यारूप नदीको पार जान सकिन्छ । जो अविद्यारूप संसारका पदपदार्थको इच्छा गर्दछ त्यो अविद्यारूपी नदीमा बगेर जान्छ । यो अविद्या कहाँबाट आयो यस्तो विचार नगरेर यसलाई कसरी नष्ट गरौं यस्तो मात्र विचार गर । यसकारण अविद्याको विनाशका लागि यत्न गर । जब यो अविद्या नष्ट हुन्छ तब जानिन्छ कि यो कहाँबाट आयो । यो अविद्या अविचारसिद्ध हो । विचारदृष्टि उत्पन्न भए यो नष्ट भइहाल्छ । स्वरूपको विस्मरणबाट उत्पन्न भएर यो अविद्या दु:खदायक बनेको छ । ठूला ठूला शूर वीर, बुद्धिमान्हरू पनि यसको वशमा परेका छन् । जीवलाई महामोह, भय, आपद् दिने यही अविद्या हो । जब तिमी अविद्यारूप संसारसमुद्रबाट पार हुन्छौ तब मात्र शान्ति प्राप्त हुन्छ ।

(४२) जीवतत्त्ववर्णन

हे राम ! यस अविद्यारूपी रोगलाई नष्ट गर्नको लागि औषधि बताउँछु, साथै जीव र जगत्को विस्तारको क्रम र सात्त्विक राजस आदि वृत्तिको वारेमा पनि बताउँछु सुन। आद्यन्तरहित शुद्ध चैतन्यस्वरूप ब्रह्ममा जब चित्कला फुर्छ तब जीव र जगत् बन्छ । जस्तो समुद्रको स्वच्छ जल द्रवतावशात् तरंग बन्छ तर त्यो जलदेखि भिन्न छैन त्यस्तो सर्वात्मा ब्रह्मचैतन्यको स्पन्द ब्रह्मदेखि भिन्न होइन । जस्तो नदीमा वायुको संयोगले तरंग उठ्छ त्यस्तै आत्मामा फुरेको चित्कला (चित्शक्ति) दृश्य जगत्रूप भएर भास्तछ । जस्तो वायुमा स्पन्द (चलन) हुन्छ र वायु नि:स्पन्द पनि हुन्छ, स्पन्दित भएपनि नभए पनि वायु नै हो त्यस्तै चैतन्यस्वरूपमा चित्कला स्पन्दित हुन्छ र चैतन्य नि:स्पन्द पनि हुन्छ, स्पन्दित भएमा जीव र जगद्रूपमा लक्षित हुन्छ र नि:स्पन्द भएमा शब्दको अगोचर भएको हुनाले अगम्य (अलक्ष्य) हुन्छ । आत्मामा जो चितिशक्ति छ त्यो जस्तो जस्तो रूपमा फुर्छ त्यस्तो देश, काल, क्रिया र द्रव्यरूप भएर भास्तछ । जीव स्वरूपको विस्मरणबाट दृश्यका साथ तन्मय हुन्छ, त्यसबेला पनि आफू ब्रह्मदेखि भिन्न छैन तर भिन्न जस्तो भान हुन्छ ।

संकल्प-विकल्पको परम्पराबाट चेतन आत्मा क्षेत्र र क्षेत्रज्ञरूप धारणगर्छ । क्षेत्रज्ञमा जगत्को वासनारूप बीज रहन्छ, त्यसो हुनाले त्यसलाई अहंकार भनेको छ । अहंकारमा जो निश्चयात्मक कल्पना हुन्छ त्यसको नाम बुद्धि हुन्छ । अहंभावमा जो संकल्प कलना हुन्छ त्यसको नाम मन हुन्छ । मनमा उठेको घन विकल्पबाट शब्द, स्पर्श, रूप, रस, गन्धको भावना हुन्छ, अनि ज्ञानेन्द्रिय र कर्मेन्दियका साथ देह भास्तछ । यसरी देहभाव प्राप्त गरेर जीव जन्ममृत्युको चक्रमा घुंदछ । आफ्नो अनन्त स्वरूपलाई विर्सेर जीव परिच्छिन्न भाव ग्रहण गरीकन तृष्णाले नाना प्रकार दु:ख पाउँछ । यो राम्रो, यो नराम्रो, यो ग्राह्य, यो त्याज्य इत्यादि संकल्प-विकल्पको जालमा फसेर जीवले दु:ख पाउँछ । इच्छाले गर्दा जीवको रूप संकुचित हुन्छ र नाना प्रकार कर्म गर्दै त्यसको फलले जीव तल माथि गरिरहन्छ । हे राम ! तिमी अनर्थकारक इच्छा गरेर संसारसमुद्रमा न डुब । जस्तो हात्ती हिलोमा फसे तापनि आफ्नै बलले निक्लन्छ त्यस्तै तिमी पनि आफ्नो उद्धार आफैं गर । संसाररूपी हिलोमा गाडिएको मनरूपी बयललाई अभ्यास र वैराग्यको बलले बाहिर निकालेर आफ्नो उद्धार गर ।

(४३) अनेक जीवदशाको वर्णन

शुद्ध चैतन्य परमात्माको स्फुरणवशात् असंख्य जीव उत्पन्न भएका छन् । ती सारा जीव आआफना वासनाले बद्ध भएर नाना अवस्था प्राप्त गर्दै संसारमा भटकिरहेका छन् । समुद्रमा तरंग उत्पन्न भएर नष्ट भए झैं जीवहरू जन्म मरण प्राप्त गरिराखेका छन् । कुनै जीवको भरखर प्रथम जन्म भएको छ भने कसैको सय जन्म र कसैको असंख्य जन्म भएको छ । कोही भविष्यमा उत्पन्न हुनेवाला छन्, कोही जन्मेर मुक्त भएका छन् । कोही अज्ञानले अनेक कल्पपर्यन्त संसारमा भटकनेवाला छन् । कोही वृद्धावस्थाको दु:ख भोगिरहेका छन् भने कोही यौवन अवस्थाको आनन्दमा मग्न छन् । कोही बाल्यावस्थामा छन् । कोही देवता, किन्नर र विद्याधर बनेका छन् । कोही सूर्य, चन्द्र बनेका छन् भने कोही इन्द्र, वरुण कुबेर आदि दश दिक्पाल बनेका छन् । कोही ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र चाण्डाल बनेर हिंडेका छन् । कोही मण्डलेश्वर छन् भने कोही चक्रवर्ती राजा बनेका छन् । कोही सिंह, मृग, गर्दभ, खच्चर आदि पशुयोनिमा छन् भने कोही सारस, चक्रवाक, कोकिल आदि पाक्षीको योनिमा जन्मेका छन् । कोही मुनीश्वर बनेर मौनरूप धारण गरेका छन् । कोही जीवन्मुक्त छन् । कोही साधक छन् । कोही तपस्याद्वारा ब्रह्मलोक प्राप्त गरेर त्यहींबाट ज्ञान प्राप्त गरीकन मुक्त हुन्छन् । कोही यहीं ज्ञान प्राप्त गरेर आत्मतत्त्वमा लीन हुन्छन् । कोही मनुष्यबाट मनुष्य नै हुन्छन् र कोही वृक्षबाट वृक्ष हुन्छन् । जो भ्रमले देहसित मिलेर वासनारूप कर्म गर्छन् तिनीहरू कर्मानुसार ऊर्ध्व र अधोलोकमा घुंछन् ।

जसले आत्मबोध प्राप्त गरेका छन् ती कल्याणरूप हुन्, अरू सबै दु:खी हुन् किनकि तिनीहरू मायारूप संसारको मोहमा डुबेका छन् । यो संसारको रचना इन्द्रजाल जस्तो छ, जहाँसम्म जीव आनन्दस्वरूप आत्माको साक्षात्कार गर्दैन त्यहाँसम्म संसारमा घुमिरहन्छ । जो संसारका पद पदार्थको त्याग गरेर आत्मातिर धावमान छ त्यो समयमा आत्मज्ञान प्राप्त गरेर मुक्त हुन्छ ।

(४४) संसारप्रतिपादन

रामले प्रश्न गरे - हे गुरो ! जीव आत्मस्वरूपमा स्थित छ भने फेरि यो हाड मासुले पूर्ण देहपिन्चर कसरी प्राप्त भयो ? उत्तरमा वसिष्ठले भन्नुभो, हे रामजी ! यसबारे मैले अनेक प्रकारले बताइसकें तैपनि तिमी जागेका छैनौ । तिम्रो विचारवती बुद्धि कहाँ गयो ? जति पनि स्थावर - जंगमात्मक जगत् देखिन्छ त्यो सब आभासमात्र हो, दीर्घ स्वप्न हो । जस्तो आफू घुंदा पर्वत घुमेको भान हुन्छ त्यस्तै अज्ञानले जगत् भास्तछ । जसको अज्ञान निद्रा नष्ट भयो र वासना गलेर गयो ती प्रबुद्धचित्त हुन्, तिनीहरू संसारलाई स्वप्नरूप देख्छन् । मनको स्फुरणबाट देहको कल्पना भएको छ । देह नहोस् तर मन फुरेको छ भने देहको रचना भइहाल्छ । जस्तो स्वप्नमा र मनोराज्यमा देहको रचना बनिहाल्छ त्यस्तो यो देह र जगत् भ्रमले बनेको छ । जो कुछ जगत् भास्तछ त्यो मनको स्फुरणमा स्थित छ । त्यसकारण सब संकल्पमात्र हो । मृगतृष्णाको जल झैं यो जगत् असत्य हो ।

हे राम ! सृष्टिको आदिमा जो शरीर उत्पन्न भयो त्यो आभासमात्र हो, संकल्पबाट उत्पन्न भएको हो। चित्सत्ताको प्रकाश नै ब्रह्माको शरीर हो जो ज्ञान, ऐश्वर्य, शक्ति, तेज र उदारताले सम्पन्न भएर रहेको छ। सम्पूर्ण जीवका अधिपति ब्रह्मा परामाकाशबाट उत्पन्न भएर साकाररूपमा स्थित छन् र उनले आफ्नो निवासका निमित्त लीलाशक्ति (माया) द्वारा संसाररूपी घरको रचना गरेका छन्। यो विचित्र जगद्रचनाको विलास ब्रह्माको चित्तमा कल्पित भएर खडा भएको हो। स्वरूपमा न केही उत्पन्न भएको छ र न केही नष्ट हुन्छ, जस्तो स्वप्नसृष्टि हो त्यस्तै यो संसार-रचना हो।

(४५) यथार्थोपदेशयोग

जो जगत् उत्पन्न भएको छ भनिन्छ त्यो वास्तवमा केही उत्पन्न भएको छैन, सब शून्य आकाशरूप हो। केवल मनको स्फुरणबाट यो सृष्टि भास्तछ। जो देश, काल, क्रिासंयुक्त जगत् देखिन्छ त्यो परमार्थमा केही पनि छैन। जस्तो स्वप्नपुर संकल्पमात्र हो त्यस्तै यो जगत् पनि संकल्पमात्र हो। यो जगत् आधार विनाको चित्र हो, त्यसैले मिथ्या हो। जस्तो स्वप्नमा भास रूप जगत् भास्तछ त्यो विलकुल असत् हो त्यस्तै यो शरीर आदि जगत् मनको स्फुरणले भास्तछ। घट, पट आदि जगत् क्रमसहित भासे तापनि असद्रूप हो - मिथ्या हो।

सारा कुरा मनबाट सिद्ध हुन्छन्। परमात्मा देव सर्वशक्तिमान् हुनुहुन्छ, मन पनि उनको नै शक्ति हो। मनद्वारा सिद्ध नहुने कुनै पदार्थ नै छैन। जति पनि पदार्थ छन् तिनको सत्ता परमात्माको नै सत्ता हो। परमात्मामा जे पनि संभव हुन्छ। आदि चित्कला ब्रह्मारूप भएर उत्पन्न भयो। उनले देव, दानव, मनुष्य, स्थावर र जंगमरूप जगत्को रचना गरे, त्यो सब संकल्पमा स्थित छ। जहाँसम्म उनको संकल्प छ त्यहाँसम्म सृष्टि देखिन्छ। संकल्पको अभाव भए सृष्टिको पनि अभाव भइहाल्छ। वास्तवमा कोही उत्पन्न भएको छैन र मरेको पनि छैन। अज्ञानले पदार्थ विकारयुक्त भएर भास्तछ। सब दृश्य जगत् भ्रान्तिमात्र हो। हे राम ! ज्ञानदृष्टिले हेर, अज्ञानी झैं किन मोहित हुन्छौ। मृगतृष्णाको जल प्रत्यक्ष भास्तछ तापनि मिथ्या हो त्यस्तै ब्रह्मादेखि तृणपर्यन्त जगत् भ्रान्तिमात्र हो। यो द्वैत जगत् मायाले रचेको हो, वास्तवमा केही पनि छैन, केवल ब्रह्मसत्ता जस्ताको तस्तो स्थित छ।

हे राम ! आफैंले रचना गरको जगत्ले आफैंलाई दुःख दिइराखेको छ, त्यसलाई त्याग गर। जस्तो स्वप्नमा असत्य स्त्रीलाई सत्य मानेर चेष्टा गर्छ त्यस्तै अज्ञानी असत्य जगत्लाई सत्य ठानेर चेष्टा गर्छ, बुद्धिमान् जगत्लाई असत्य जानेर चेष्टा गर्दैन र सुखी भएर बस्छ। अज्ञानी जगत्का पदार्थको इच्छा गर्छ, ज्ञानी गर्दैन।

हे राम ! तिमीलाई मैले यो परमगुणयुक्त उपदेश दिएको छु, यसको आदरपूर्वक भावना गरेर सुखी होऊ। मेरा यी परम हितकारी वचनलाई त्यागेर जो दृश्यलाई सुखरूप जानेर त्यसमा लाग्छ त्यो जाडोले कठ्यांग्रिएको बेला प्रत्यक्ष अग्निलाई छोडेर जलमा प्रतिविम्बित अग्निको आश्रय लिएर शीत निवारण गर्न खोजने व्यक्ति झैं महामूर्ख हो। जो आत्मविचारलाई त्यागेर

सुखको निमित्त जगत्का पदार्थको इच्छा गर्छ त्यो मूर्ख हो । बालक जगत्लाई विस्ताररूप देखेर त्यसबाट सुख लिन चाहन्छ तर सुख पाउन सक्तैन । तिमी बालक नबन । अनित्य जगत्को आस्था त्यागेर सत्यात्मामा स्थित होऊ । बाल्मीकिले भने - वसिष्ठले जब यति भन्नु भयो तब सूर्यास्तको समय भयो । परस्पर नमस्कार पूर्वक सभा उठ्यो र भोलिपल्ट सूर्योदय भएपछि सवै आ-आफ्नो आसनमा बसे ।

(४६) बोधोपदेश

इन्द्रजालीले देखाएको संसार जस्तो मिथ्या हो त्यस्तै धन, स्त्री, पुत्र आदि पनि मिथ्या हो, यस्तो जानेपछि शोकको अवसर रहँदैन । मृगतृष्णाको जल बढेर पनि कुनै अर्थ सिद्ध हुँदैन र घटेर जाँदा पनि केही हानि हुँदैन त्यस्तै मिथ्या स्त्री, पुत्र, धन आदि बढे पनि हर्षको विषय छैन र घटे पनि शोकाकुल हुनुपर्दैन । मोह माया बढेर को शान्तिमान् भएको छ र, त्यो त दु:खदायक हो । जो मूढ छ त्यो भोग्य वस्तु देखेर हर्षवान् हुन्छ र झन बढी चाहना गर्छ । बुद्धिमान् भोगबाट वैराग्य लिन्छ र दु:खरूप जानेर भोग्य पदार्थको इच्छा गर्दैन । त्यसकारण, हे राम ! तिमी ज्ञानवान् बनेर व्यवहार गर । जो नष्ट हुन्छ त्यो होस् र जो प्राप्त हुनु छ त्यो प्राप्त होस् - त्यसमा हर्ष शोक नगर्नू । हर्षशोकले रहित भएर यथाप्राप्त भोग गर्नु र त्यसको इच्छा नगर्नु - यो पण्डितको लक्षण हो ।

हे रामजी ! यो संसार दु:खरूप हो, यसमा मोहित नभईकन ज्ञानवान् जसरी विचरण गर्छन् त्यसैगरी विचरण गर । यो संसारको आडम्बर अज्ञानले रचेको हो । यसको इच्छा गर्नु बन्धनको कारण हो । मूर्ख जीव त्यसको इच्छा गरेर नष्ट हुन्छ । बुद्धिमान् आविद्यक पदार्थको इच्छा गर्दैन र बन्धवान् पनि हुँदैन । अविद्यारचित पदार्थले उसलाई खिन्न तुल्याउन सक्तैन । जसको बुद्धिमा यस्तो निश्चय छ कि "सर्व म नै हुँ" त्यो कुनै पदार्थको इच्छा गर्दैन । हे राम ! सत्य र असत्यको मध्यमा जो शुद्ध तत्त्व विद्यमान छ त्यसलाई हृदयले ग्रहण गर । भित्र र बाहिर दृश्य पदार्थको ग्रहण नगर । सकल दृश्य पदार्थको भावना त्यागेर स्वच्छ आत्मामा स्थित होऊ र रागद्वेषले रहित भएर सबै काम गर । जस्तो आकाश सबै पदार्थमा व्यापक छ र निर्लेप छ त्यस्तो तिमी पनि सब कार्य गर्दा निर्लेप भएर रहू । देखनु, सुन्नु आदि व्यवहार इन्द्रियद्वारा हुन्छ त्यसमा तिमी निरिच्छित रहू र अभिमानशून्य भएर आत्मतत्त्वमा स्थित होऊ ।

पदार्थको सार जो अहंकार हो त्यो जब हृदयमा फुर्दैन तब तिमी रागद्वेषले रहित हुन्छौ र परम पद प्राप्त गरेर संसारसमुद्रको पार पुग्नेछौ । ऐन्द्रियक विषयमा रागद्वेषले रहित भएपछि मुक्तिको इच्छा नगरे पनि त्यो मुक्तरूप नै हुन्छ ।

हे रामजी ! यस शरीरलाई आफूदेखि भिन्न जानेर आत्मपदमा स्थित होऊ तब तिम्रो सुयश पुष्पको सुगन्ध झैं फैलिनेछ । तत्त्ववेत्ता पुरुष झैं तिमी पनि आत्मतत्त्वलाई जानेर व्यवहार गर । जीवन्मुक्त पुरुषको झैं आचरण गर । आत्मज्ञानी न केही ग्रहण गर्छ न वा त्याग गर्छ, प्रारब्धको वेगले जस्तो मिल्छ त्यस्तो व्यवहार गर्छ र कसैमा रागद्वेष गर्दैन । विवेकवान् बनेर बोधस्वरूपमा

स्थित होऊ । समतालाई अवलम्बन गरेर संसारको इच्छालाई टाढैबाट विदा देऊ र यथाप्राप्त व्यवहारमा विचरण गर्दै शान्तरूप होऊ ।

वसिष्ठको निर्मल वाणी सुनेर रामको निर्मल चित्त अमृत-रसले शीतल एवं परिपूर्ण भयो ।

(४७) जगत्सत्यासत्यनिर्णय

रामले प्रश्न गरे - गुरुवर ! तपाईले राजस सात्त्विक जगत्को बारेमा बताउनु भयो र प्रसंगले ब्रह्माको उत्पत्ति बताउनु भयो । त्यसमा संदेह भयो कि शास्त्र अनेक प्रकारका छन् तिनमा ब्रह्माको उत्पत्ति कहीं कमलबाट, कहीं आकाशबाट, कहीं अण्डबाट र कहीं जलबाट भनेको छ यसमा तथ्य कुरा के हो ? सुन्न पाऊँ । यसको उत्तरको रूपमा वसिष्ठले भन्नुभयो - असंख्य ब्रह्माण्ड छन्, तिनमा ब्रह्मा, विष्णु र रुद्र पनि असंख्य छन् । ती ब्रह्माण्डमा कतिपय व्यवहार समान छन् र कतिपय असमान छन् । स्वप्नको जगत् झैं कति ब्रह्माण्ड उत्पन्न भए र बितिसके, कति वर्तमानमा छन् र कति भविष्यमा हुनेछन्, तिनमा एक ब्रह्माको उत्पत्तिको बारेमा तिमीले सोध्यौ, अब बताउँछु सुन ।

यो सृष्टि र त्यसको उत्पत्ति अनेक प्रकारका छन्, कहिले सृष्टि सदाशिवबाट उत्पन्न हुन्छ, कहिले ब्रह्माबाट, कहिले विष्णुबाट र कहिले मुनीश्वरबाट सृष्टिको रचना भएको छ । कहिले ब्रह्मा कमलबाट उत्पन्न भएका छन् भने कहिले जलबाट, कहिले वायुबाट र कहिले अण्डबाट उत्पन्न भएका छन् । कुनै ब्रह्माण्डमा ब्रह्माजी रहन्छन् भने कुनैमा विष्णु र कुनैमा सदाशिव रहन्छन् । कुनै ब्रह्माण्डमा पर्वतै पर्वत छन् भने कुनैमा मनुष्यको र कुनैमा वृक्षको बाहुल्य छ । समुद्रमा तरंग उत्पन्न भएर लय भएझैं चिदाकाश ब्रह्मतत्त्वमा अनेक सृष्टि फुरेर त्यसैमा लय हुन्छन् । यसरी सृष्टिको आदि र अन्त केही जान्न सकिंदैन ।

जस्तो यो ब्रह्माण्ड ब्रह्माले रचेका छन् त्यस्तै अनेक ब्रह्माण्ड भएर बिते पनि, कति पछि उत्पन्न हुनेछन् । समुद्रमा तरंग झैं ब्रह्मतत्त्वमा असंख्य जगत् हुन्छन् । हे राम ! तिमीलाई देखाउनको लागि मैले अनेक प्रकारको सृष्टि रचना बताएँ, त्यो सब मनको स्फुरणमात्र हो, अरू केही होइन । गन्धर्वले शून्यस्थानमा नगरको रचना गरे झैं मनले यो जगत्को रचना गरेको छ र फेरि प्रलय पनि हुन्छ । ब्रह्माको दिनमा सृष्टि र रातमा प्रलय हुन्छ । फेरि महाप्रलय हुन्छ त्यसमा ब्रह्मा पनि अन्तर्धान हुन्छन् । यो महादीर्घ मायारूपी कालचक्र घुमिरहन्छ त्यसमा कुनलाई सत्य र कुनलाई असत्य भनौं ? दाशूरोपाख्यान झैं यो जगत्-चक्र वास्तवमा शून्य आकाश रूप हो र आरम्भयुक्त विस्ताररूप भास्तछ तापनि असत्य हो । द्वितीय चन्द्रमा झैं मूर्खको लागि यो जगत् सत्यरूपले भास्तछ । तिमी मूर्ख नहोऊ, ज्ञानवान् झैं विचरण गर र जगत्लाई असत्य जान ।

(४८) दाशूरोपाख्यान, दाशूर-वरप्राप्ति

जो भोग र ऐश्वर्यमा आसक्त छन् तिनीहरू बडो आरम्भका साथ राजस, तामस र सात्त्विक कर्म गर्छन्, त्यस्ता मूढ मानिस आत्मशान्ति पाउँदैनन् । जब भोगको तृष्णाबाट रहित हुन्छन् तब

आत्मालाई देखन सक्छन् । जसलाई इन्द्रियले वश गरेको छैन त्यो आत्मालाई हातमा रहेको बेललाई झैं प्रत्यक्ष देख्न सक्तछ । अहंकाररूप मिथ्या शरीर त्यागेपछि उसको शरीर आत्मरूप भइहाल्छ । सर्पले पुरानो काँचुली त्यागेर नयाँ काँचुली प्राप्त गरे झैं मिथ्या शरीरलाई त्यागेर आत्मविचारद्वारा आत्मशरीर प्राप्त हुन्छ । जस्तो भुटेको बीज उम्रदैन त्यस्तै आत्मदर्शी ज्ञानी पुरुष संसारका पदार्थमा आसक्त जस्तो देखिएता पनि उसको पुन: जन्ममरण हुँदैन । जो अज्ञानी भोगमा आसक्त छ त्यो मन र शरीरको दु:खले दु:खी भएर जन्म र मरण प्राप्त गरिरहन्छ । हे राम ! तिमी अज्ञानी जस्तो नबन । व्यावहारिक चेष्टा अज्ञानीको जस्तो होस् तर भित्र हृदयबाट भोगादिमा चित्त नलगाएर आत्मपरायण होऊ ।

रामले सोधे - हे भगवन् ! हजूरले भन्नुभयो कि यो संसारचक्र दाशूरको आख्यान झैं कल्पनाद्वारा रचित हो, यसको आकार शून्य छ, यसलाई स्पष्ट गरेर बताउनुहोस् । वसिष्ठले भन्नुभो, हे रामजी ! वर्णनको निमित्त मैले यो मायारूप जगत् तिमीलाई बताएको हुँ, दाशूरको प्रसंगको प्रयोजन थिएन, परन्तु तिमीले सोधेको हुनाले बताउँछु, सुन ।

मगध देशको पहाडी भागको रमणीय जंगलमा शरलोमा नामक ऋषीश्वर रहन्थे । उनको घरमा बृहस्पतिको घरमा कच उत्पन्न भए झैं दाशूरनामक पुत्र उत्पन्न भए । पुत्रका साथ धेरै काल रहेर शरलोमाको स्वर्गवास भयो । पिताको मरणमा दाशूरको रुदनबाट जंगल नै शोकाकुल बन्यो । अनि वनदेवीले अदृश्यरूपमा बालक दाशूरलाई संझाउँदै भनिन् - हे ऋषिपुत्र ! अज्ञानी जस्तो भएर किन रुदन गर्छौ ? यो सबै संसार असद्‌रूप हो । संसार नाशरूप छ र महाचञ्चल छ । संसारका सबै पदार्थ उत्पन्न भएर नष्ट हुन्छन् । कुनै पनि पदार्थ स्थिर रहँदैन । ब्रह्मादेखि कीटपर्यन्त सबै संसार नाशवान् छ । पिताको मरणबाट व्यर्थ विलाप नगर ।

वनदेवीको आकाशवाणी सुनेर दाशूरको मन केही आश्वस्त भयो । धैर्यधारण गरेर उनले पिताको और्ध्वदेहिक क्रिया सम्पादन गरे । त्यसपछि तपस्या गर्ने विचारले पृथिवीमा पवित्र स्थान खोज्दै जाँदा कहीं पनि पाएनन् । अनि वृक्षको अग्रभागलाई पवित्र ठानेर त्यहाँ बसेर तपस्या गर्ने शक्ति प्राप्त गर्न अग्नि जगाएर होम गर्न थाले । हुँदा हुँदा मुखको मासु काटेर अग्निमा होमन आँटे । तब ब्राह्मणको मासु मुखमा पर्न आँटचो भनी झटपट प्रकाशमय शरीरले अग्निदेव प्रकट भएर "वर माग" भने । मैले तपस्या गर्नको लागि शुद्ध स्थान कहीं पनि पाइन, त्यस कारण हे अग्निदेव ! यस कदम्ब वृक्षको अग्र शाखामा अड्न सक्ने शक्ति मलाई प्राप्त होस् र त्यहाँ बसेर तपस्या गर्न सकूँ भनी दाशूर मुनिले वर मागे । तथास्तु भनी अग्निदेव अन्तर्धान भए । अग्निदेवबाट यस्तो वर पाएर उनी चन्द्रमाको प्रकाश पाएर कमलिनी झैं सुशोभित भए ।

(४९) कदम्बवृक्ष-वर्णन

त्यस कदम्ब वृक्षको अग्रशाखामा बसेर दाशूरमनिले त्यो विशालवृक्षलाई दृश्यरूपमा खडा भएको संसारको एक मूर्तरूप देखे ।

(५०) दाशूरसुतबोधन

कदम्बवृक्षको उपरिभागमा बसेर दाशूर तपस्यामा संलग्न भए, त्यसैले उनको नाम कदम्बतापस हुनगयो । उनी एक छिन सबैतिरबाट वृत्तिलाई खिचेर एकाग्रमना भएर रहे । उनलाई ब्रह्मज्ञान भएको थिएन, अतएव उनको मन कर्मपरायण थियो । त्यही वृक्षमा बसेर उनले संकल्पद्वारा मानसिक यज्ञको आरम्भ गरे । दश वर्षसम्म यथाशास्त्र गोमेध, अश्वमेध, नरमेध आदि यज्ञ सम्पन्न गरेर ब्रह्मणहरूलाई प्रशस्त दक्षिणा दिए । त्यस कर्मको प्रभावले अकस्मात् उनको मन शुद्ध भएर हृदयमा ज्ञानको प्रकाश उदित भयो, मलिन वासनारूप आवरण नष्ट भयो । शरत्कालको तलाउ झैं चित्त निर्मल भएर संकल्परहित बन्यो । अब उनी ब्रह्मानन्दमा निमग्न भएर रहन थाले ।

एकदिन उनको अगाडि मनलाई मोहित तुल्याउने परमसुन्दरी नारी खडा भइन् । मुनीश्वरले सोधे - तिमी को हौ र कहाँबाट आएकी हौ ? युवतीले भनिन् - म वनदेवी हुँ । हिजो चैत्रशुक्ल त्रयोदशीका दिन इन्द्रको नन्दन वनमा ठूलो उत्सव भएको थियो । त्यहाँ सबै वनदेवीहरूले आफना छोराछोरीका साथ एकत्रित भईकन नाना प्रकार विलास क्रीडा गरेर आनन्द मनाए । पुत्रको अभावमा म ज्यादै दुःखी भएँ । त्यसैले यहाँ महात्माको समीपमा आएकी हुँ । महात्माको आशीर्वादले सिद्ध नहुने कुरा केही छैन । हे महात्मन् ! दया गरेर मलाई एक पुत्र प्रदान गर्नुहोस् । यदि पुत्रप्रदान गर्नु भएन भने यहीं जलेर मर्नेछु । वनदेवीको कुरा सुनेर मुनि मुसुक्क हाँसे, यौटा पुष्प उनको हातमा दिएर भने - एक महिनापछि तिम्रो पुत्र पैदा हुनेछ तर पुत्र नपाए जलेर मर्छु भनेकी हुनाले अज्ञानी पुत्र उत्पन्न हुनेछ र प्रयत्न गरेपछि ज्ञान प्राप्त गर्नेछ । वनदेवीले अत्यन्त प्रसन्न भएर भनिन् - यहीं महात्माको सेवा गरेर रहन पाऊँ । मुनिले भने - तिमी आफनै स्थानमा गएर बस ।

एक महिनापछि वनदेवीबाट पुत्र पैदा भयो । उनले दश वर्षसम्म पुत्रलाई पालन पोषण गरेर शिक्षा दीक्षा दिइन् र त्यसपछि त्यस बालकलाई साथमा लिएर मुनिको समीपमा आइन् । दुवैजनाले मुनिलाई प्रणाम गरे । वनदेवीले भनिन् - यी कल्याणमूर्ति बालक हामी दुवैका पुत्र हुन् । यिनलाई मैले सबै विद्या सिकाएकी छु । यिनी सर्ववेत्ता भएका छन्, किन्तु आत्मज्ञान भने यिनलाई प्राप्त भएको छैन । आत्मज्ञान भएन भने संसारयन्त्रमा परेर यिनले दुःख पाउने छन् । त्यसकारण हे मुनीश्वर ! कृपा गरेर यिनलाई ज्ञानोपदेश गर्नुहोस् । मुनिले भने - यस बालकलाई यहीं छोडेर जाऊ । मुनिलाई प्रणाम गरेर वनदेवी चलिन् । मुनिले अनेक आख्यान उपाख्यान र इतिहाससहित वेदान्तको उपदेश गरेर छोरालाई आत्मस्वरूपमा जगाए । आध्यात्मिक कथाका गूढ अर्थ पनि संझाए । आफूले अनुभव गरेका कुराहरू पनि संझाएर पुत्रलाई बलपूर्वक ज्ञानी तुल्याए । यसरी दाशूर मुनिका पुत्र ज्ञान प्राप्त गरीकन शान्तात्मा बने । ती बालक ज्ञानको प्रकाशले मेघको शब्दले मयूर प्रसन्न भएझैं प्रसन्न भए ।

(५१) खोत्थवैभव वर्णन

वसिष्ठले भन्नुभो, हे राम ! त्यसैबेला म पनि कैलासवाहिनी गङ्गाजीमा स्नान गर्नको निमित्त अदृष्ट शरीरले आकाशमार्गमा सप्तर्षिमण्डल हुँदै जाँदै थिएँ । जुन वृक्षमा दाशूरमुनि बसेका थिए त्यसको पछाडि पुग्दा केही बोलेको शब्द सुनियो जो यस प्रकार छ :- हे पुत्र ! सुन, वस्तुको निरूपणको निमित्त आश्चर्यमय एक आख्यान बताउँछु । एक खोत्थ नाम गरेका धन वैभवले सम्पन्न त्रिलोकमा प्रसिद्ध महापराक्रमी राजा छन् । तिनका असंख्य आरम्भ (कर्म) छन् । उनले गर्न आँटेको कामलाई कसैले बाधा दिन सक्तैन । उनले तीनै लोकलाई वशमा राखेका छन् । आकाशबाट उत्पन्न भएका तिनी आकाशमा नै रहन्छन् । त्यस परमाकाशमा उनले क्रीडाको निमित्त यस्तो स्थान (नगर) को रचना गरे जो रमणीय बगैंचाले सुशोभित छ र त्यहाँ पर्वतको शिखरमा मोतीका लहरा झुलेका छन् । त्यहाँ सप्त सरोवरका साथै दुइटा बत्तीको पनि रचना गरेका छन्, तिनमा यौटा चीसो र अर्को तातो छ र विनातेल बलिराख्तछन्, साथै नगरमा तलमाथि घुमिरहन्छन् । त्यहाँ मूर्ख मनुष्य पनि रचेका छन्, तिनमा कोही माथि कोही तल र कोही मध्यमा स्थित छन् । कोही दीर्घजीवी र कोही अल्पजीवी छन् । कोही वस्त्राच्छादित छन् र कोही निर्वस्त्र छन् । त्यस नगरमा नवद्वार बनाएका छन् र त्यहाँ धेरै वृक्ष पनि लगाएका छन् । हेर्नलाई पञ्चदीप छन् र तीनोटा खभ्मा पनि छन् । खभ्भा तलसम्म लिपिएका छन् । ती राजाले महामायाद्वारा त्यस नगरको रचना गरेर रक्षाको लागि सेना राखेका छन् । शरीरको रक्षक यौटा यक्ष छ जो सधैं साथमा रहन्छ । यक्षका साथ राजा यता उता घुमफिर गर्छन् । इच्छानुसार चेष्टा गर्छन् । कहिले भविष्यत् नगरको रचना गरेर त्यसमा स्थित हुन्छन् । जब उत्पन्न हुने इच्छा गर्छन् तब उत्पन्न हुन्छन् र जब मरौं भन्ने इच्छा गर्छन् तब मर्छन् । समुद्रको तरंग झैं कहिले उत्पन्न र कहिले लीन हुन्छन् । कहिले दुःखी हुन्छन् र के गरौं भनी रुन्छन् । कहिले वर्षाकालको नदी झैं बढेर आफूलाई सुखी मान्छन् र यताउति घुमफिर गर्छन् ।

(५२) संसार - विचार

हे रामजी ! दाशूरले यति भनेपछि पुत्रले प्रश्न गरे - ती यशस्वी खोत्थराजा को हुन्, उनले कुन भविष्यत् नगरको रचना गरेर त्यसमा रहे, रहनु ता वर्तमानमा पो हुन्छ, भविष्यत्मा कसरी रहे इत्यादि विरुद्ध वचनले मेरो बुद्धि मोहित भएको छ, यथार्थ कुरा सुन्न पाऊँ । दाशूरले भने - हे पुत्र ! यथार्थ कुरा सुन, जुन जानेपछि संसार भन्ने कुरा वास्तवमा के रहेछ, बुझ्न सक्नेछौं । यो संसारको आरम्भ सत्य जस्तो र विस्तारयुक्त देखिन्छ तापनि असत्यरूप हो, केही भएको छैन । जगत्को निरूपणको निम्ति यो आख्यान बताउँदै छु ।

हे पुत्र ! जो शुद्ध अचेत्य चिन्मात्र चिदाकाश छ त्यसबाट जो संकल्प उठ्तछ त्यस संकल्पको नाम खोत्थ हो "परमान्नभसो जातः संकल्पः खोत्थ उच्यते" । त्यो संकल्प आफैं उत्पन्न हुन्छ र आफैं लीन हुन्छ । यो विस्तारसंयुक्त जगत् संकल्पको नै रूप हो । संकल्प उत्पन्न भए जगत् उत्पन्न हुन्छ र संकल्प नष्ट भए जगत् पनि नष्ट भइहाल्छ । जस्तो शाखा पत्र आदि वृक्षका अङ्ग

हुन् र शिखर पर्वतको अंग हो त्यस्तै ब्रह्मा, विष्णु, रुद्र, इन्द्र आदि सब संकल्पका अवयव हुन्। शून्य आकाशमा संकल्पल जगद्रूप नगर रचेको छ। चतुर्दश स्थान भनेको चतुर्दश लोक हो र वन, उपवन, बगैंचा, पर्वत आदि क्रीडा गर्ने स्थान हुन्। उष्ण र शीत बत्ती भनेको सूर्य र चन्द्रमा हुन् जसबाट जगत्रूप नगर तल माथि प्रकाशित भएको छ। सूर्यका किरण मोतीका लहरा हुन् र सात समुद्र सप्त सरोवर हुन्। त्यस नगरमा जीव लेनदेन आदि व्यवहार गर्दै तल र माथि जान्छन् अर्थात् पुण्यले स्वर्गलोकमा र पापले नरकमा जान्छन्। संकल्पद्वारा रचिएका नानाविध देहहरू नै हुन् संसार-नगरका रक्षक गण। कोही देवता भएर ऊर्ध्वलोकमा, कोही मनुष्य भएर मध्य लोकमा र कोही दैत्य भएर अधोलोक - नागलोक पातालमा रहन्छन्।

पवनरूपी प्रवाहले समस्त देहयन्त्र चलेको छ, त्यसमा हाडरूपी काठ छन् र रक्त - मांसले लेपन गरिएको छ, कोही शीघ्र नष्ट हुन्छन् र कोही दीर्घकालमा नष्ट हुन्छन्। शिरको कपाल श्याम वस्त्र हो र कान, नाक, नेत्र, जिव्हा, गुदा र लिङ्ग यी नवद्वार हुन् जसबाट वायु चल्दछ। शीत र उष्णरूप प्राण र अपान छन् र नासिका आदि उनका झरोखा छन्, भुजारूपी गल्ली छन् र पञ्च इन्द्रियरूप पञ्चदीप छन्। यी सब संकल्परूपी मायाबाट रचिएका छन्। महाभयको स्थान अहंकाररूपी यक्ष छ। देहरूपी रक्षक गण अहंकाररूप यक्षका साथ घुम्दछन्। यी असत्य हुन् तापनि सत्यजस्तो भएर क्रीडा गर्दछन्। जस्तो कुसूल (भकारी) मा विरालो, भस्त्रा (खलाती) मा सर्प र बाँसमा मोती हुन्छ त्यस्तो देहमा अहंकार रहन्छ जो क्षणमा उदय भएर क्षणमा शान्त हुन्छ। समुद्रमा तरंग उठे झैं भेदरूपी गृहमा संकल्प उठ्छ र भविष्यत् नगर भास्तछ। म यस प्रकार कार्य गर्नेछु र फलानो दिनमा फलानो देशमा जानेछु भनी इत्यादि जो जस्तो चिताउँछ त्यस्तै भासेर आउँछ।

दुर्वासनाले दुःख हुन्छ। यो मन अहंकारले पुष्ट हुन्छ र संकल्परहित भए शीघ्र नै नष्ट हुन्छ। हे पुत्र ! जब तिमी संकल्परहित हुन्छौ तब शीघ्र नै कल्याण प्राप्त गर्नेछौ। जस्तै बालक आफ्नै छायाँमा वेतालको कल्पना गरेर आफैं डराउँछ त्यस्तै आफ्नै संकल्प अनन्त दुःखदायक हुन्छ। संकल्पद्वारा नै जगत्को विस्तार हुन्छ, आत्माको सत्ता पाएर बढ्छ र फेरि नष्ट हुन्छ - विचारद्वारा नष्ट हुन्छ। जस्तो सायंकालमा घामको अभाव हुन्छ र प्रकाशको दउय भए तमको अभाव हुन्छ त्यस्तै विचारको दउय भए संकल्प आफैं नष्ट भइहाल्छ। मन आफैं कर्म गर्छ, आफैं दुःख पाउँछ र रुन कराउन लाग्छ। जस्तो वानर यन्त्रको कीलो हल्लाएर त्यसमा फस्तछ र दुःख पाउँछ त्यस्तै आफ्नै संकल्प आफैलाई दुःख दायक हुन्छ। जब कुनै बेला जीवलाई संकल्पद्वारा कल्पित इष्ट विषयको प्राप्ति हुन्छ। त्यसबेला त्यो जीव फल टिप्न खोजेको ऊँट झैं ठाडो घाँटी तुल्याएर हर्षवान् हुन्छ, जब इष्ट विषयको विनाश हुन्छ तब मुण्टो निहुराएर दुःखी हुन्छ। यसरी अज्ञानी जीव क्षण क्षणमा हर्ष शोकादिले विकारी बनिरहन्छ। शुभ संकल्पले शुभ कुरा देख्छ र अशुभ संकल्पले अशुभ देख्छ। शुभले निर्मल हुन्छ र अशुभले मलिन हुन्छ। हे पुत्र ! अब तिम्रो जस्तो इच्छा हुन्छ त्यस्तै गर। खोत्थराजाको उत्तम, मध्यम र अधम तीन शरीर भनेको सत्त्व, रज र तम यी तीन गुण हुन्। यी तीन गुण जगत्मा सर्वत्र व्याप्त छन्। तामस संकल्पसित मिलेर नीच चेष्टा (पाप कर्म) गर्छ तब मरेपछि कृमि कीट आदि योनि प्राप्त गर्छ। राजस संकल्पले

लोकव्यवहारमा निपुण हुन्छ, स्त्री पुत्रादिको रागले रञ्जित हुन्छ र पापकर्म गरेन भने अर्को जन्ममा मनुष्यशरीर प्राप्त गर्छ । जब सात्त्विक संकल्पले युक्त हुन्छ तब पुण्यात्मा भएर ब्रह्मज्ञानपरायण हुन्छ, ऊ भित्र हृदयमा मोक्षपदको भावना गर्छ र ब्रह्मज्ञान प्राप्त गरीकन चक्रवर्ती राजा झैं स्थित हुन्छ । जब सकल भावना - संकल्प नष्ट हुन्छ तब अक्षय परम पद शेष रहन्छ । यसकारण, हे पुत्र ! संसार - दृष्टिलाई त्याग र मनले मनलाई वश गरेर भित्र बाहिर जो दृश्यको अर्थ चित्तमा स्थित भएको छ त्यसको संस्कारलाई निवृत्त गरेर शान्तात्मा होऊ ।

सहस्रवर्षपर्यन्त दारुण तपस्या गर, अथवा आफूलाई शिलासमान चूर्ण गर, समुद्रमा वडवाग्निमा प्रवेश गर, खड्गधाराको संमुख भएर युद्ध गर अथवा सदाशिव, ब्रह्मा, विष्णु वा बृहस्पतिले दया गरेर तिमीलाई उपदेश गरून् र स्वर्ग, मर्त्य र पातालमा जाऊ तैपनि संकल्पको उपशमविना कल्याण हुन सक्तैन । अविनाशी सुख प्राप्त गर्नको लागि एकमात्र उपाय हो संकल्पको उपशम ।

साराभाव पदार्थ संकल्परूपी तन्तुमा उनिएका छन्, जब संकल्परूप तन्तु टुट्छ तब पदार्थ कहाँ गयो थाहा नै हुँदैन । सत्य र असत्यरूप सम्पूर्ण पदार्थ संकल्पमात्र हो । जहाँसम्म संकल्प रहन्छ त्यहाँसम्म पदार्थ भासित हुन्छ । संकल्पको निवृत्ति भए सबै पदार्थ असत्य हुन्छन् । संकल्पबाट नै संसार भ्रम उत्पन्न भएको छ । संकल्पको निवृत्ति भएं चित्त अद्वैतको संमुख हुन्छ । संकल्पलाई त्यागेर जब यथाप्राप्तिमा विचरण गर्छौ तब तिमीलाई कुनै खेद हुँदैन । सब जगत् असत्यरूप हो, मायाले रचेको हो तब केको संकल्प गर्ने ? जगत्लाई असत्यरूप जानेपछि कुनै दुःख हुँदैन । बोधवान्लाई कुनै दुःख भास्तैन । त्यसकारण संकल्प विकल्पको पत्याग गरेर अद्वैत आत्मसत्तामा विश्रामसुख प्राप्त गर ।

(५३) जगत्-चिकित्सावर्णन

छोराले प्रश्न गरे - संकल्प भनेको कस्तो हो र त्यो कसरी उत्पन्न हुन्छ, बढ्छ र नाश हुन्छ ? दाशूरले भने - अनन्त आत्मतत्त्व जो सत्तासामान्यरूप छ जब त्यो चैतन्यसत्ता चेत्योन्मुख हुन्छ तब संसारको बीज संवित् बन्दछ । चेत्योन्मुखता घनीभूत भएपछि सम्वेदनको क्रमले आकाशादि जगत् खडा हुन्छ । जब आफ्नो स्वरूप शुद्ध चैतन्यदेखि भिन्न भास्तछ । तब बीज अंकुर भावमा प्राप्त भएझैं सद्रूप संवित् संकल्पभावमा प्राप्त हुन्छ । संकल्पबाट नै संकल्प उत्पन्न हुन्छ र आफैं बढ्छ, अनि जीव सुखी दुःखी बन्छ । चित्तको अथवा संवेदनको दृश्यतिर फुर्नुको नाम संकल्प हो । स्वरूपलाई भुलेर जब दृश्यतिर फुर्छ तब संकल्पको वृद्धि हुन्छ र जगज्जाल खडा हुन्छ । जो जति प्रपञ्च छ त्यो सब संकल्पले रचेको हुनाले संकल्पमात्र हो । जस्तो समुद्र भन्नु जलमात्र हो त्यस्तो जगत् भन्नु संकल्पमात्र हो ।

हे पुत्र ! यो जगत् मिथ्या संकल्पबाट उत्पन्न भएर तिमीलाई भासेको छ । जस्तो मृगतृष्णाको जल भास्तछ र आकाशमा द्वितीय चन्द्रमा भास्तछ त्यो सब भ्रम मात्र हो त्यस्तो तिम्रो उत्पन्न हुनु, बढनु असत्य हो, जब यस्तो जान्दछौ तब संसार प्रतिको आस्था लीन हुन्छ । 'यो पुरुष हो' 'त्यो छ'

'म छु' - यी सब अज्ञानले भास्तछन् जो इनमा आस्था राख्छ त्यसको हृदय सन्तापयुक्त हुन्छ। 'अहं' 'त्वं' आदि दृश्य सब असत्यरूप हो - जब यस्तो भावना गर्छौ तब तिमी कल्याणरूप भएर पृथिवीमा विचरण गर्नेछौ र पुनः संसार प्राप्त हुनेछैन।

हे पुत्र ! बरु फल तोड्न केही यत्न गर्नुपर्ला, परन्तु आफूबाट सिद्ध भावमात्र संकल्पको त्यागमा कुनै यत्न चाहिँदैन। जो भावरूप आत्मसत्ता छ उसमा स्वतः अवस्थान गर्नाले स्वस्थता प्राप्त हुन्छ। जो शुद्ध मनले अशुद्ध मनलाई काट्तछ त्यो आत्मतत्त्वमा स्थित भइहाल्छ, यसमा के यत्न चाहिन्छ र। संकल्पको उपशम भएपछि जगत् शान्त हुन्छ र संसार-दुःख समूल नष्ट हुन्छ। संकल्प, मन, बुद्धि, जीव, अहंकार - यिनको नाममात्र भेद हो, वास्तवमा कुनै भेद छैन। जो कुछ दृश्य प्रपञ्च छ त्यो सब संकल्पमात्र हो। संकल्पको अभाव भए कुनै दृश्य रहँदैन। संकल्पलाई हृदयबाट हटाऊ तब आकाश झैं जगत् शून्य हुन्छ। जस्तो आकाशमा भ्रान्तिले नीलता भास्तछ त्यस्तै यो असत्य जगत् संकल्पबाट उत्पन्न भएको छ। संकल्प र जगत् दुवै असत्य हुन्, यस्तो जानेपछि इष्ट अनिष्टको कल्पना कसरी होला र केको लागि वासना बन्ला।

हे पुत्र ! यो जगत् यदि सत्य भए विचारको अनन्तर पनि रहने थियो, किन्तु विचार गरेपछि केही शेष रहँदैन। जस्तो प्रकाशको अगाडि तम रहँदैन त्यस्तै विचार गरेर हेरेमा जगत् सत्यरूपले भास्तैन। त्यसकारण यो जगत् अविचार-सिद्ध हो र असत्यरूप हो। जसको मनबाट जगत्को भावना उठेर गयो उसलाई जगत्को सुख दुःखले स्पर्श गर्दैन। निर्णयपूर्वक जगत्लाई असत्यरूप जानेपछि फेरि त्यसमा आस्थाको उदय हुँदैन, जब आस्था गयो तब भाव अभावबुद्धि पनि रहँदैन। मनोराज्यको नगर झैं संसारको सब सुख मिथ्या मनको स्फुरणबाट रचिएको हो। भूत, भविष्यत् र वर्तमान जगत् मनको वासनाले फुर्छ र मानसी शक्तिमा स्थित छ। त्यो मन क्षणमा दीर्घ आकार धारण गर्छ, क्षणमा सूक्ष्म आकार धारण गर्छ र समुद्रको तरंगलाई झैं ग्रहण गर्न सकिँदैन। यो जगत् विशाल आकारयुक्त भास्तछ तापनि कुनै वस्तुरूप होइन। यो जगत् वासनाद्वारा भास्तछ र वासना क्षीण भए शान्त भइहाल्छ। जब वासना फुर्छ तब तत्कालमा त्यसलाई परित्याग गर र यस्तो भावना गर कि यो दृश्य प्रपञ्च केही पनि होइन, यस्तो जानेपछि वासना नष्ट हुन्छ। यदि यो जगत् सत्य भएको भए त्यसको त्यागमा यत्न गर्नुपर्थ्यो होला, किन्तु यो जगत् असत्य भएको हुनाले यसको त्याग गर्नुमा तिमीलाई कुनै खेद हुँदैन। जो छँदै छैन त त्यसको त्यागमा के यत्न गर्नुपऱ्यो। विचार गरेपछि यो असत्य जगत् हराइहाल्छ। त्यसकारण असत्य अहंकाररूप दृश्यको परित्याग गरेर सत्य आत्मालाई स्वीकार गर। मिथ्या भ्रमरूप संसारलाई त्याग गरेर हृदयबाट स्वरूपमा उठ र अहंकार र जगत् दुवैलाई असत्य जान। आत्मादेखि भिन्न केही छैन भनी जब निश्चय गर्छौ तव जगद्भावना नष्ट हुन्छ र सर्वत्र सर्वात्मा नै भासित हुन्छ।

(५४) दाशूरोपाख्यान समाप्ति

वसिष्ठले भन्नुभो, हे रामजी ! दाशूर मुनि यसरी पुत्रलाई उपदेश गर्दै थिए। त्यसबेला म उनको पछाडि आकाशमा थिएँ। अनि म त्यस कदम्ब वृक्षको अग्र भागमा ओर्लिएर बसें। दाशूरले मलाई देखे। वसिष्ठ मुनि आउनु भएछ भन्ने जानेर पाद्य अर्घ्यले मेरो पूजा गरे। उनको

मुखमण्डल ब्रह्मतेजले प्रदीप्त थियो । त्यसपछि हामीदुईमा ब्रह्मचर्चा चल्यो । जसबाट उनका पुत्रलाई स्वरूपमा जागने सुवर्ण अवसर मिल्यो । मुनिको इच्छाले वरिपरि मृग र पक्षीहरूले आश्रय लिएका थिए । पुष्प र फलले त्यो वृक्ष अत्यन्त शोभासम्पन्न थियो । ब्रह्मचर्चा गर्दा गर्दै रात बितेको पत्तै भएन । प्रातः काल भए पछि म गंगाजी तिर स्नानको लागि प्रस्थान गरें । अलि पर सम्म दुवै बाबुछोरा मलाई पुऱ्याउन गए । उनीहरूलाई त्यहाँबाट फर्काएर गंगामा गएर स्नान गरें । त्यसपछि सम्पर्षिमण्डलमा गएर बसें ।

हे रघुनन्दन ! यो दाशूरको आख्यान तिमीलाई बताएँ । यो जगत् प्रतिबिम्ब आकाश झैं प्रत्यक्ष भासमान भएता पनि असत्य हो । जगत्को असद्रूपको निरूपण गर्नको लागि यो आख्यान तिमीलाई सुनाएको हुँ । असद्रूप भएको हुनाले तिमी यस जगत्मा राग नगर । यस कथाको सिद्धान्त हृदयमा धारण गरेर विचार गरेपछि संसाररूपी मलले तिमीलाई स्पर्श गर्नेछैन ।

(५५) कर्तव्यविचार

वसिष्ठले भन्नुभो, हे रामजी ! वास्तवमा यो प्रपञ्च छँदैछैन, यस्तो जानेर संसारका पदार्थ प्रति वीतराग होऊ, जुन वस्तु छँदैछैन त्यसको के आस्था गर्नू ? जगत् छ पनि र छैन पनि, यस्तो जानेर आत्मतत्त्वमा स्थित होऊ । जगत्का कुनै पनि कुराले मलाई स्पर्श गरेको छैन यस्तो जानेर असंग होऊ । चल अचल दृष्टि आए तापनि खेद गर्नुपर्ने कुरा छैन । यो जगत् न सादि हो न अनादि हो, केवल खोत्थ राजाको जो चित् संवित् मनोरूप भएको थियो त्यसको स्फुरणबाट यस प्रकार भासेको छ, वास्तवमा केही छैन । यो जगत् कुनै कर्ता वा अकर्ताबाट बनेको होइन, केवल आभासरूप हो त्यो आभासमा कोही कर्ता, कोही अकर्ता बन्यो । यो जगत् कसैले बनाएको होइन, त्यसकारण योसित तिम्रो कुनै संबन्ध छैन । इन्द्रियातीत आत्मा अकर्तारूप हो, उसलाई कसरी कर्ता भन्ने ? तिमी सब इन्द्रियदेखि अतीत अकर्ता आत्मा हौ । त्यस आत्मामा स्थित भएर तिमी विगतज्वर होऊ ।

हे राम ! तिमी त एक अद्वैतस्वरूप हौ । त्यसकारण तिमीमा कुनै पदार्थको इच्छा अनिच्छा हुन सक्तैन । हेयोपादेयरहित भएर दृढरूपले आफ्नो स्वरूपमा स्थित होऊ ।

यद्यपि प्रत्यक्ष आदि प्रमाणद्वारा जगत् सद्रूपले भास्छ तापनि साँचो होइन । विचारद्वारा निर्विकार आत्मस्वरूपमा स्थित होऊ तब जगत् केही पनि भास्तैन । जस्तो चक्रमा आरूढ हुँदा सब स्थान घुमेको जस्तो देखिन्छ, स्वप्ननगर भ्रमले भास्तछ तर साँचो होइन किनकि त्यो आभासरूप मनको स्फुरणबाट उत्पन्न भएको हो । भ्रमले भासेको जगत्मा आस्था गरेर भावना गर्नु योग्य होइन । जस्तो चन्द्रमामा उष्णता, सूर्यमा शीतलता र मृगतृष्णाको नदीमा जलको भावना गर्नु अयोग्य हो त्यस्तै जगत्मा सत्यताको भावना गर्नु अयोग्य हो ।

हे रामजी ! भित्र हृदयबाट पदार्थको आस्था त्यागेर बाहिर लीलापूर्वक विचरण गर किन्तु हृदयबाट अकर्ता पदमा स्थित रहू, सब भावपदार्थमा स्थित भएर पनि सबैदेखि अतीत भएर रहू । आत्मा सब पदार्थमा सर्वदा स्थित छ र सबैदेखि अतीत छ, उसैको सत्ताले जगत् नीतिमा अडेको

छ । जस्तो दीपक इच्छारहित भएर सर्वदा प्रकाशित रहन्छ र उसबाट सबैको क्रिया सिद्ध हुन्छ, जस्तो आकाशमा सूर्य उदाउँछन् र उनको प्रकाशबाट जगत्को व्यवहार बन्छ त्यस्तै अनिच्छित आत्माको प्रकाशबाट सब जगत् प्रकाशित छ । आत्मा कर्ता हो तर सब इन्द्रियका विषयदेखि अतीत छ त्यसकारण अकर्ता तथा अभोक्ता हो । फेरि आत्मा सबै इन्द्रियको अन्तर्गत छ त्यसैले ऊ कर्ता र भोक्ता पनि छ । आत्मामा कर्तृत्व, भोक्तृत्व, र अकर्तृत्व, अभोक्तृत्व सब बन्दछ, तर तिमी जसमा आफ्नो कल्याण देख्छौ त्यसैमा स्थित होऊ ।

हे रामजी ! यस्तो निश्चय गर कि सब म नै हुँ र म अकर्ता, अभोक्ता हुँ - यस्तो दृढ भावनाले जगत्को कामकाज गर्दा पनि कुनै बन्धन हुँदैन र आत्मा कर्तव्य भोक्तव्य भावबाट रहित नै हुन्छ । यस्तो निश्चय गरेपछि भोगवासना निवृत्त हुन्छ तब भोगतिर चित्त जाँदैन । जसको यस्तो निश्चय छ कि मैले कहिले पनि केही गरेको छैन र म सदा अक्रियरूप (अकर्ता अभोक्ता) हुँ त्यो केका निमित्त भोगसमूहको कामना गर्ला र त्याग केको गर्ला ? जब यस्तो अकर्तृत्वबुद्धि दृढ हुन्छ तब परम अमृतरूप सामान्य सत्तारूपले आफू शेष रहन्छ । अथवा यस्तो निश्चय गर कि "म नै हुँ सबको कर्ता, म महाकर्ता हुँ र सबैको हृदयमा स्थित भएर सब कार्य गर्छु" । हे राम ! यी दुइटा निश्चय तिमीलाई बताएको छु, जसमा इच्छा छ त्यसैमा स्थित होऊ ।

आफूलाई सबको कर्ता जान अथवा म केही पनि गर्दिन भनी आफूलाई अकर्ता जान अथवा दुवै निश्चयलाई त्याग गर र निःसंकल्प एवं निर्मनस्क होऊ तब तिम्रो जो स्वरूप हो सत्तासामान्य त्यो नै शेष रहन्छ । यो जगत् छ, यो म हुँ, यो मेरो हो, यस्तो कुत्सित भावनाको त्याग गर । देहमा स्थित अहंकार नरकप्राप्तिको कारण हो, यसबाट देहाभिमान बढेर आउँछ जो अनन्त दुःखदायक हुन्छ । त्यसकारण यो देहाभिमानलाई परित्याग गर । जस्तो काखमा कुकूरको मासु राखेर बसेकी चाण्डाली छ त्यसका साथ श्रेष्ठ पुरुष संग गर्दैन त्यस्तै श्रेष्ठ पुरुष नीच देहाभिमानलाई परित्याग गर्दछ । जो देहाभिमानका साथ स्पर्श गर्छ त्यो महानीच हो । अहंकाररूपी बादल नेत्रको अगाडि जालो हो, यसले गर्दा आत्मा भासमान हुन पाउँदैन, जब विचारद्वारा यो जालोलाई दूर गर्छौ तब आत्मसत्ताको प्रकाश उदित हुन्छ । जस्तो घनघटा दूर भएपछि चन्द्रमा प्रकाशित हुन्छ त्यस्तै अहंकारको अभाव भएपछि आत्मा प्रकाशित हुन्छ । अब तिमी विधि र निषेध दुईमा कुनै एक निश्चयलाई धारण गर ।

(५६) पूर्ण स्वरूपवर्णन

रामले प्रश्न गर्दै भन्नुभयो - हे ब्रह्मन् ! हजूरको उपदेशामृतले मेरो हृदय शीतल भएको छ । आत्मा अकर्ता अभोक्ता हो र कर्ता भोक्ता पनि हो । आत्मा सबैको आश्रय, सर्वव्यापक, चिन्मात्र, अनुभवरूप भईकन सबै भूतको भित्र स्थित छ । यस्तो ब्रह्मतत्त्व हजूरको वचनबाट मेरो हृदयमा प्रकाशित भएको छ । तैपनि मेरो एक संशय छ त्यो दूर गरिपाऊँ । यो सत्य हो, यो असत्य हो, यो म हुँ, त्यो अर्को हो इत्यादि द्वैतकल्पना शान्तरूप एक अद्वैतमा कहाँबाट आयो ? निर्मलमा मल कसरी भयो ? वसिष्ठले भन्नुभो, तिम्रो यस प्रश्नको उत्तर म सिद्धान्तकालमा

बताउनेछु अथवा तिमी आफैं जान्नेछौ । यो मोक्षेपाय शास्त्रको सिद्धान्त जब तिम्रो हृदयमा स्थित हुन्छ तब तिमी यस प्रश्नको पात्र हुनेछौ । मलिन वस्त्रमा रङ्ग चढदैन, त्यस्तै मलिन बुद्धिमा यो कुरा चढदैन । यस प्रश्नको उत्तर संक्षेपमा भनिसकेको पनि छु । जब तिमी योग्य हुन्छौ तब आफैं यस प्रश्नको उत्तर जान्नेछौ ।

हे राम ! जो कर्ता र कर्मको कुरा मैले बताएँ त्यसलाई विचार गरेर वासनाको त्याग गर । जहाँसम्म हृदयमा संसारको वासना रहन्छ त्यहाँसम्म मानिस बन्धवान् हुन्छ । जब वासना दूर हुन्छ । तब मुक्त हुन्छ । वासनाको त्याग पनि क्रमशः हुन्छ । पहिले शास्त्रविरुद्ध तामसी वासनाको त्याग गर, त्यसपछि राजस विषयवासनाको त्याग गर र मैत्री, करुणा, मुदिता र उपेक्षारूप निर्मल वासनालाई अङ्गीकार गर । सबमा ब्रह्मभाव देखनु र कसैको द्रोह नगर्नु मैत्री हो, दीन दुःखीमा दया गर्नु करुणा हो, धर्मात्मालाई देखेर प्रसन्न हुनु मुदिता वृत्ति हो, पापीलाई देखेर उदासीन रहनु र कसैको निन्दा नगर्नु उपेक्षा वृत्ति हो । यी चार प्रकारको वासनाले सम्पन्न भएपछि त्यसलाई पनि त्याग गरेर निरभिमान भएर रहनु पर्छ । बाहिरबाट यिनको व्यवहार होस् तर हृदयबाट दुर्वासनाको त्याग गरेर चिन्मात्र वासनालाई ग्रहण गर्नुपर्छ । पछि गएर मनबुद्धिका साथ मिसिएको जो चिन्मात्र वासना छ त्यसको पनि अन्तमा त्याग गर्नुपर्छ ।

हे राम ! चिन्मात्र तत्त्वबाट कल्पनाद्वारा देह, इन्द्रिय, प्राण, तम, प्रकाश, वासना आदि भ्रम भासेको छ । मल अर्थात् अहंकारसहित यिनको त्याग गरेपछि आफ्नो वास्तव स्वरूप प्रत्यक्ष भइहाल्छ र चाहे समाधिमा रहोस् अथवा कर्म गरोस् वा नगरोस् त्यो मुक्तरूप परमेश्वर भइहाल्छ, उसको मन वासनारहित भएको हुनाले समाधि गर्नु, कर्म गर्नु वा नगर्नुबाट उसलाई लाभ हानि केही हुँदैन ।

हे राम ! मैले दशै दिशा भ्रमण गरेको छु, देखन योग्य कुरा देखेको छु, कति यथार्थ दर्शीहरूलाई पनि देखें, उत्तमोत्तम पुरुषहरूका साथ चर्चा वार्ता गरियो र निष्कर्ष यही निक्ल्यो कि वासनाको त्याग गर्नुपर्छ । चाहे अग्निमा प्रवेश गरोस् वा जलमा प्रवेश गरोस्, प्रशस्त ऐश्वर्यले सम्पन्न होस् आत्मलाभ विना शान्ति प्राप्त हुँदैन । सूर्य, चन्द्र, अग्नि जो प्रकाशरूप भास्तछन् ती पनि घट-काष्ठसमान जडरूप हुन्, यिनीहरूको पनि प्रकाशक सबको सिद्धिकर्ता आत्मसत्ता नै हो । हाड मासु र रगतले जो देह बनको छ र इन्द्रियले वेष्टित छ त्यो देहरूपी डब्बामा चेतन जीवरूपी रत्न विराजमान छ । चेतन विना जडको अस्तित्व छैन ।

हे राम ! यो जो स्त्रीको देह भास्तछ त्यो छालाको पुतली हो, त्यसलाई देखेर मूढ मानिस प्रसन्न हुन्छ । जस्तो वायुबाट पर्वत चलायमान हुँदैन त्यस्तो ज्ञानवान् संसारको पदार्थबाट प्रसन्न हुँदैन । ज्ञानवान् परम उत्तम पदमा विराजमान भएर रहन्छन् । ज्ञानवान्लाई संसारका पदार्थको रागले रञ्जित गर्दैन । उहाँ सदा निर्लेप रहनु हुन्छ ।

(५७) कचगाथा वर्णन

वसिष्ठ ऋषिले भन्नुभो, हे रामजी ! यो परम पवित्र गाथा बृहस्पतिका पुत्र कचले गाएको थियो, एक समय सुमेरु पर्वतको पवित्र स्थानमा बसेर अभ्यास गर्दा गर्दा कचलाई ब्रह्मज्ञान प्राप्त भयो । ज्ञानामृतले पूर्ण भएर उनी आत्मतत्त्वमा विश्राम लिएर रहन थाले । दृश्य पदार्थ देखि उनी विरक्त थिए । उनलाई आत्मतत्त्व देखि भिन्न केही भास्तैन थियो । अद्वैत दृष्टिसम्पन्न उनले गदगद हुँदै भने - म कहाँ जाऊँ, के गरूँ, केको ग्रहण र केको त्याग गरूँ, दशै दिशा आत्माले पूर्ण छ । जस्तो महाकल्पमा सर्वत्र जलैजल हुन्छ त्यस्तै सर्वत्र आत्मामात्र विद्यमान छ । सुख दुःख सबै आत्मा हो र अहं त्वं आदि जगत् पनि आत्मा नै हो । म आदि र अन्तले रहित अनन्त आत्मा हुँ । आकाश, वायु, अग्नि, जल र पृथिवी म नै हुँ । जहाँ म छैन त्यहाँ कुनै पदार्थ पनि छैन । जो कुछ छ त्यो सब म नै हुँ । यस्तो भावना गर्दै सुवर्णगिरिको कुञ्जमा बसेका कच दीर्घ स्वरले ओम्कारको उच्चारण गर्न लागे । ओम्को जो अर्धकला छ जसलाई अर्धमात्रा पनि भन्छन् जो पुष्प भन्दा पनि कोमल छ त्यसैमा स्थित भए । त्यो अर्धमात्रा न भित्र छ, न बाहिर छ त्यसैमा स्थित भएर कलनारूपी मलले रहित निर्मल भएर रहे । यसरी पर्वत झैं अचल भएर कच समाधिमा स्थित भए ।

(५८) कमलज-व्यवहार

भोगनिन्दा -

जो मूढ असाधु पुरुष हुन् तिनीहरूमात्र भोग र ऐश्वर्यका पदार्थमा प्रीति राख्तछन् र आसक्त हुन्छन् । भोगादि आदि, मध्य र अन्तमा दुःखरूप हो । ज्ञानी साधुजन तिनमा प्रीति गर्दैनन् । अज्ञानीलाई भोग सरस प्रतीत हुन्छ । जो दुःखदायी भोगमा आसक्त रहन्छन् ती मानिस होइनन् नीच पशु हुन्, गधा हुन् । हे रामजी ! अस्थि, मांस र रक्तले पूर्ण स्त्रीशरीरलाई पाएर जो सन्तुष्ट रहन्छन् ती स्याल हुन्, मनुष्य होइनन् ।

पृथिवी, वृक्ष, देह, स्वर्ग, मर्त्य, पाताल आदि सम्पूर्ण विश्व पाञ्चभौतिकरूप हो, यसमा कुनै अपूर्व सुख छैन, त्यसैले ज्ञानवान्को तिनमा प्रीति हुँदैन । पाँच इन्द्रियका जो पाँच विषय छन् ती सब मोक्षलाई हरण गर्ने र विवेकमार्गका अवरोधक हुन् । जति पनि जगत्-जाल छ त्यो सब दुःखरूप हो । आगमापायी ऐन्द्रियक विषयबाट कहिले पनि शान्ति प्राप्त हुँदैन, विषय विषरूप हो । यसको स्मरणमात्रले पनि मानिसलाई मूर्छित तुल्याउँछ र सत्य विचार लुप्त हुन्छ । त्यसकारण हे राम ! तिमी यी परिणाममा दुःखदायी विषयको आस्था छोडेर आफ्नो सत्य स्वभावमा स्थित होऊ ।

रामले प्रश्न गरे - हे महामते ! आत्माले विरिञ्चिपद प्राप्त गरेर कसरी सघनरूप जगत्को रचना गरेको छ त्यो क्रमले सुन्न पाऊँ । वसिष्ठले भन्नुभो, जब सर्वप्रथम ब्रह्मा उत्पन्न भए तब उनको मुखबाट गर्भबाट बालक निस्के झै "ब्रह्म, ब्रह्म" भन्ने शब्द निस्क्यो, त्यसैले तिनको

नाम ब्रह्मा हुन गयो । अनि ब्रह्माबाट संकल्प जाल खडा भयो र मनको आकार बन्यो । मनले संकल्पजाललाई फैलायो । प्रथम संकल्प मायारूप बन्यो । मायाबाट विशाल तेजोरूप सूर्य उत्पन्न भए, सूर्यको नै अङ्गरूपले अग्नि उत्पन्न भयो । यसरी प्रजापतिबाट सूर्य उत्पन्न भए अनि आकाशमा सर्वत्र प्रकाश फैलियो, फेरि कालको कल्पनारूपले नक्षत्र र तारागण उत्पन्न भए । अनि देवता, दैत्य, मनुष्य, नाग, गन्धर्व, यक्ष, नदीहरू समुद्र, पर्वत आदिको कल्पना भयो । सिद्ध ब्रह्माबाट समुद्रबाट तरङ्गजाल उत्पन्न भए झैं संकल्पको क्रमले सम्पूर्ण लोक र लोकपालहरू पनि भए । ब्रह्माबाट नै वेदको उत्पत्ति भयो र जीवको निमित्त कर्म, आचार, नियम आदि बन्यो । जगत्को मर्यादाको लागि नीतिनिर्माण भयो । ब्रह्माबाट आकाशादि क्रमले पञ्च महाभूत बन्यो र जगत्को आकार खडा भयो र जन्म, मरण, सुख, दु:ख, राग द्वेष इत्यादि प्रकट भए । सिद्ध ब्रह्माबाट जस्तो जगत्को रचना भयो त्यो अद्यापि यथावत् छँदैछ । हे राम ! जति पनि यो दृश्य जगत् भास्तछ त्यो सब मायामात्र हो ।

यो संकल्परूप जगत् स्वरूपको अज्ञानले गर्दा सत्यवत् भासेको छ । सम्पूर्ण जगत् ब्रह्माको संकल्पमा स्थित छ । जब उनको संकल्पको निर्वाण हुन्छ तब जगत्को पनि लय हुन्छ । एक समय ब्रह्माजीले विचार गरे कि केवल मनको संकल्पले यो जगत्-जाल विस्तारयुक्त भएको छ तापनि यो मायामात्र हो, अब म यसबाट निवृत्त होऊँ - यस्तो विचार गरेर उनी संकल्पको परित्याग गरीकन आफ्नो वास्तव स्वरूप परमतत्त्वमा विश्राम गरेर रहन थाले । नि:संकल्प भएको हुनाले क्षोभरहित समुद्र झैं शान्त भएर ब्रह्माजी निरहंकार परम तत्त्वमा विश्राम गरीकन ध्यानमग्न भएर रहे । केही कालपछि जब उनी ध्यानबाट जागे तब मनको स्फुरणवशात् संसार प्रकट भयो र राग, द्वेष, भय, शोक र मोहले बन्धनमा परेका जीवलाई देखेर दया आयो र ब्रह्माजीले अध्यात्मज्ञानले सम्पन्न वेद, उपनिषद् र वेदान्त प्रकट गरेर जीवको मुक्तिका लागि रहस्यार्थ सम्पन्न पुराण आदि शास्त्र प्रकट गरे । फेरि पनि ब्रह्माजी मन्दराचल पर्वत निकालेपछि शान्त भएको समुद्र झै शान्त भएर कमलपीठमा बसेर आत्मतत्त्वको ध्यानमा लागे । ध्यान निवृत्त भएपछि फेरि उस्तै प्रकारको संसार देखियो । यसरी सृष्टि कहिले प्रकट हुन्छ कहिले अप्रकट हुन्छ । ब्रह्माजी ज्ञानसम्पन्न भएका हुनाले उनको लागि जगत् प्रकट हुनु र नहुनुमा कुनै भेद रहँदैन र उनी समरूपमा नै रहन्छन् । हे राम ! यो ब्रह्माको स्थिति बताएँ । यो जगत्को क्रम यस्तै छ । जब यो कलनामल नष्ट हुन्छ तब यक्ष गन्धर्व, देवता, मनुष्य जो भएपनि मुक्त हुन्छ । जहाँसम्म कलनामल रहन्छ त्यहाँसम्म संसार भास्तछ ।

(५९) विचारपुरुष-निर्णय

ब्रह्माजीले आफ्नो निर्मल पदमा स्थित भएर नै सर्वलीला फैलाएको छ । सत्त्व, रज र तमोगुणको न्यूनाधिक्यले गर्दा जीवहरू पनि नाना दलमा विभक्त छन्, जस्तै देवताको दल, असुरको दल, गन्धर्व र यक्षको दल, मनुष्यदल, पशुपक्षीको दल, स्थावर वृक्ष, पर्वत आदिको दल । डोरीमा लगाएको बालटिन कुवामा तल माथि गरे झैं तृष्णा या वासनारूपी डोरीले बाधिएका जीव तल

माथि घुमिरहन्छन् । मृत्युको अनन्तर जीवहरू चन्द्रकिरणबाट वायु, शीत आदि क्रमले फल या अन्न आदिमा प्रवेश गरेर वीर्य बनेर आमाको गर्भबाट जन्मन्छन् । ज्ञान नभएसम्म यो जन्म मरणको परम्परा चलिनै रहन्छ ।

हे राम ! जो जन्मनासाथ नै अप्रमादी छन् ती शुद्ध सात्त्विक ब्रह्मा हुन् । जसलाई स्वरूपको विस्मरण हुँदैन ती शुद्ध सात्त्विक हुन्छन् । जसलाई केही काल स्वरूपको विस्मरण भएतापनि त्यही जन्ममा त्यही शरीरमा विचारद्वारा आत्मस्वरूपको साक्षात्कार हुन्छ ती सात्त्विकरूप हुन् । जसको धेरै जन्मपछि स्वरूपको साक्षात्कार हुन्छ ती राजससात्त्विक हुन् । यी देखि भिन्न स्थावर आदि जड पदार्थ तामसिक हुन् । जो म को हुँ, जगत् के हो, यस्तो विचार द्वारा क्रमले मोक्ष भागी हुन्छन् ती राजसबाट सात्त्विक हुन्छन् ।

(६०) मोक्षविचार

हे रामजी ! जो राजसबाट सात्त्विक भावमा प्राप्त भएका छन् तिनीहरू आकाशका चन्द्रमा झैं पृथिवीमा महागुणले शोभायमान भएर सदा उदितरूपमा रहन्छन् । सात्त्विक भाव प्राप्त गरीकन जुन महापुरुषहरूले ब्रह्मज्ञान प्राप्त गरेका छन् तिनीहरू कुनै आपद् आदिमा पनि खिन्न हुँदैनन् र जो कुछ आ-आफ्नो प्रकृत आचार छ त्यसको पालना गर्दै सत्य मार्गमा विचरण गर्छन् । प्रकृत कार्य गर्दै रहेर पनि हृदयबाट पूर्ण एवं शान्त रूपमा रहन्छन् । जस्तो चन्द्रमा क्षीण भएको बेलामा पनि आफ्नो शीतलताको त्याग गर्दैनन् त्यस्तो ज्ञानवान् आपद् प्राप्त भए तापनि मलिनताप्राप्त हुँदैनन् र मैत्री आदि गुणले सम्पन्न भएर सुशोभित रहन्छन् । ती ज्ञानीहरू शान्तरूप भएर समतारूप समरसले परिपूर्ण रहन्छन् र समुद्र झैं स्वकीय मर्यादामा स्थित रहन्छन् ।

हे राम ! तिमी पनि सदा सर्वदा ज्ञानवान् महापुरुषको मार्गमा विचरण गर, तिमी आपदको समुद्रमा डुब्नेछैनौ । अब राजसबाट सात्त्विक भावमा पुगेको जीव कुन क्रमले मोक्षभागी हुन्छ त्यो सुन । पहिले आर्य भावमा प्राप्त हुनू अर्थात् यथाशास्त्र द्वैत व्यवहार गर्नू । यसबाट अन्तःकरण शुद्ध हुन्छ । आर्यपद प्राप्त गरेर सज्जनहरूको संगत गर्नू र सत्‌शास्त्रको विचार गर्नू । संसारका अनित्य पदार्थमा प्रीति नगर्नू अर्थात् वैराग्य उत्पन्न गर्नू । उत्पत्तिविनाशशील त्रिलोकीका पदार्थलाई मिथ्या जानेर परित्याग गर्नू । सन्तजन र सत् शास्त्र ज्ञानका सहायक हुन् तिनको अवलम्बन गरेर विचार गर्नू कि म कोहुँ र जगत् के हो ? सत्य व्यवहार र सात्त्विक कर्म गर्दै रहनू र मृत्युलाई नविर्सनू । मृत्युलाई विर्सेपछि संसारमा लागेर डुबिन्छ । देहमा जो अभिमान छ त्यसको परित्याग गर्नुपर्छ । देह रक्त, मांस र मज्जाबाट बनेको छ । जति पनि भूतजाति छन् ती सब चेतनरूपी धागोमा उनिएका मोती हुन् । भूतको त्याग गरेर चिन्मात्र तत्त्वलाई हेर । यो चेतनतत्त्व सर्वगत छ र सबैको आश्रय-भूत छ । जस्तो मरीचमा पीरोपन यौटै हो त्यस्तै सर्वभूतमा अनुस्यूत चेतनतत्त्व एकै हो । एक चिन्मात्र तत्त्वमा अज्ञानले जन्ममरणादि भास्तछ, वास्तवमा न कोही जन्मन्छ न कोही मर्छ, आत्मतत्त्व सदा ज्योंका त्यो स्थित छ । आत्मामा जगत्‌को विकार आभासमात्र हो । चित्त फुरे भास्तछ, चित्त शान्त भए जगत् शान्त भइहाल्छ । जगत्‌लाई सत्य वा

असत्य जे माने पनि शोकको स्थान छैन । तिम्रो जन्म वा मरण केही छैन । त्यसकारण विचार गरेर आकाशवत् निर्मल, सम र शान्तरूप भएर बस ।

(६१) मोक्षोपायवर्णन

हे राम ! धीर बुद्धिमान् पुरुष सत् शास्त्रको विचार गर्दै सन्त जनको संगतमा निरत भएर दु:खनाशक ज्ञानदृष्टिलाई अवलम्बन गरेर आफू पनि सज्जन बन्दछन् । सज्जनहरू विरक्तात्मा हुन्छन्, उनको संगत गरेर विचार गरेपछि परम पद प्राप्त हुन्छ । हे राम ! तिमी राजसबाट सात्त्विक बनेर विज्ञानका पात्र भएर मननशील बनेका छौ, त्यसकारण यो दग्ध संसारमा दु:खका पात्र हुनेछैनौ । यो तिम्रो अन्तिम जन्म हो । तिम्रो मन स्वभावत: अन्तर्मुख बनेको छ । तिमीमा निर्मल ज्ञानदृष्टि प्रकट भएको छ र आत्मवस्तुलाई जानेका छौ । अब मेरा वचनबाट तिम्रो सर्वमल दूर हुनेछ, शरत्कालको आकाश झैं निर्मल भावले शोभायमान हुनेछौ र संसारको भावनाबाट मुक्त हुनेछौ, दु:ख चिन्ता केही हुनेछैन । तिमी अशोक पदमा पुगेका छौ र यथाप्राप्तिमा वर्तन गर्दछौ । जहाँसम्म देह रहन्छ त्यहाँसम्म रागद्वेषरहित स्थिरबुद्धिसम्पन्न भएर रहू र यथाशास्त्र उचित आचारमा रहेर व्यवहार गर र सर्वकल्पनाले रहित भएर पूर्णिमाको चन्द्रमा झैं हृदयमा शीतलताको अनुभव गर । मदिरापान गर्ने जो तामसी जन छन् ती स्याल हुन् तिनको संगत कदापि नगर ।

हे राम ! जो तामस राजस जातिका छन् तिनीहरू पनि विचारद्वारा सात्त्विक भावमा प्राप्त हुन सक्छन् । पुरुषको भित्र अनुभवरूपी चिन्तामणि छ त्यसमा जस्तो निवेदन गरिन्छ त्यस्तै बन्न सकिन्छ । त्यसकारण पुरुषार्थ गरेर आफ्नो उद्धार गर । पुरुषप्रयत्नले मानिस उत्तम दैवी गुणावली - सम्पन्न भएर मोक्ष प्राप्त गर्दछ र अशुभजातिको कर्म निवृत्त भएर जान्छ । यथाशास्त्र प्रयत्न गरेपछि नपाइने वस्तु केही छैन ।

हे राम ! तिमी उत्तम गुणावली, वैराग्य र दृढ बुद्धिले सम्पन्न छौ । त्यसकारण शोकरहित पद तिमीलाई प्राप्त हुनेछ । तिम्रो यो अन्तिम जन्म हो । विवेकवती बुद्धिले सुशोभित छौ । संसारप्रति प्रवाहित हुने बुद्धि, मोह, चिन्ता सब मिथ्या हो, त्यसको परित्याग गर, सात्त्विक गुण सम्पन्न भएर सबैमा रमाइरहू र निज निर्विकार स्वरूपमा स्थित होऊ ।

स्थितिप्रकरण समाप्त

Acc. 26035

उपशम-प्रकरण

(१) आन्हिक कृत्य

वाल्मीकिले भने - हे साधो ! वसिष्ठको परम पावन वचन श्रवण गरेर सबै सभासद्‌को मन शान्त भयो । मेघको वर्षाले मयूर प्रसन्न भए झैं दशरथ महाराज पनि अत्यन्त प्रसन्न भए । वसिष्ठको उपदेशामृतको वर्षा हुँदै थियो, मध्यान्हको नगाडा बज्यो । अनि वसिष्ठको आज्ञानुसार सभा उठ्यो । सबै आआफ्नो आन्हिक कृत्य गर्न गए ।

(२) उपदेशानुसरण

वाल्मीकिले भने - हे भरद्वाज ! आआफ्नो स्थानमा बसेर सबै यथोचित कर्म गर्न लागे । वसिष्ठ, दशरथ महाराज, रामचन्द्र, मुनि र ब्राह्मणहरूले स्नान दान आदि कृत्य सम्पादन गरे । राजाबाट विशेष पूजाको साथै गाई, अन्न, वस्त्र, सुवर्ण र पृथिवी आदिको दान सम्पन्न भयो । अरूहरू मध्ये पनि कैसैबाट विष्णुको, कसैबाट सदाशिवको, कसैबाट सूर्यनारायणको कसैबाट अग्निदेवको पूजा सम्पन्न भयो । तेश्रो प्रहरमा बन्धुवर्गका साथ भेटघाट र घुमफिर गरेपछि चौथो प्रहर साँझमा गायत्रीजप आदि सन्ध्याकालिक कृत्य सम्पन्न भयो ।

रात्रिको प्रथम प्रहरमा रामजी गुरुवर वसिष्ठका वचन स्मरण गर्दै विचार-परायण भएर मनमनै भन्नलागे । संसारमा यी भूतजातहरू कहाँबाट आए र कहाँ जान्छन्, मनको स्वरूप के हो, कसरी शान्ति मिल्छ, माया कहाँबाट उठी र उसको निवृत्ति कसरी होला, फेरि अनन्त आत्मामा यस अहंकारको उदय कसरी भयो । ग्राहको बन्धनमा परेको हात्तीले दुःख पाए झैं असद्‌रूप संसारको बन्धनमा बाँधिएर जीवले कष्ट पाएको छ त्यो कष्ट दूर गर्ने औषधि के होला, भोगमा मोहित भएको मेरो बुद्धि मलिन भएको छ, यो बुद्धि कसरी शुद्ध होला । इत्यादि विचार गर्दै भन्न लागे ।

मन जितेपछि मात्र आत्मपद प्राप्त हुन्छ भनी वेदशास्त्र बताउँछ । जस्तो छायाँमा वालकलाई वेतालको भ्रम हुन्छ, बुद्धिमान्‌ले संझाइदिएपछि त्यो भ्रम दूर हुन्छ त्यस्तै गुरुको वचनबाट मनको भ्रम शान्त हुन्छ । यो जगदाडम्बर कसरी शान्त होला र म आद्यन्तरहित परम पदमा विश्राम गर्न सकूँला । मनको संकल्प विकल्पबाट रहित भएर कहिले त्यो निरामय शान्त पदको दर्शन होला । बुद्धिलाई संझाउँदै राम भन्छन् - हे बुद्धि ! वसिष्ठजीले के भन्नु भएको छ त्यो स्मरण गर । माता पिताको पात्र म होइन, उनका पात्र त भोगी हुन्छन् । हे वुद्धि ! तँ मेरी बहिनी होस्, अब हामी दुवैजना संसारको दुःख कष्टबाट मुक्त भएर शान्त पदमा विश्राम लिऊँ । हे बुद्धि ! वसिष्ठले जस्तो भन्नु भएको छ त्यस्तो स्मरण गर । तिम्रो निश्चयबाट नै सम्पूर्ण क्रिया सम्पन्न हुन्छन्, जब गुरुको वचन मनमा धारण गरिन्छ तबमात्र विचार सफल हुन्छ ।

(३) सभास्थान-वर्णन

सुखरात्रि व्यतीत भएपछि विहान सन्ध्यावन्दनादि प्रात: कृत्य समाप्त गरेर रामजी भाईहरू र केही मानिसहरूका साथ वसिष्ठको आश्रममा पुगे । वसिष्ठजी समाधिमा मग्न हुनुहुन्थ्यो । नमस्कारसहित गुरुचरणमा वन्दना गरेर रामजी अगाडि खडा भएर रहे । राजा दशरथ पनि मन्त्रीहरूसहित वसिष्ठको आश्रममा पुगे । वसिष्ठको समाधि खुल्यो । सबैले वन्दना गरे । विश्वामित्रलाई साथमा लिएर वसिष्ठले रथमा आरोहण गरी राजमहलतिर प्रस्थान गरेर दरवारको रमणीय सभा भवनमा प्रवेश गरे । सभामा राजर्षि, सिद्ध, विद्याधर र मुनिहरूको समागम थियो । सबै जना गुरुद्वयलाई नमस्कार गरेर यथायोग्य आसनमा विराजमान भए । सभा-भवनमा चन्दन र पुष्पको सुगन्ध फैलियो । सुगन्धी पुष्पको वरिपरि भ्रमरा भूँ भूँ गर्दै घुम्न थाले । राजा र राजकुमारहरूले जो रत्न, मणि, भूषण पहिरहेका थिए त्यसमा सूर्यको किरण पर्दा सभास्थल प्रकाशमय हुनगयो ।

(४) राघववचन

दशरथले भने - हे मुनीश्वर ! गत दिनको परिश्रमले हजूरको शरीर थकित देखिन्छ, केही बेर विश्राम गर्नुहोस् । हजूरको उपदेशामृतको वर्षाले हाम्रो हृदय शीतल भएको छ । सन्त जनको वचनरूपी चन्द्रमाको उदयले ताप नष्ट हुन्छ । हजूरका वचनरूपी अमृतधाराले हाम्रो मनको मल पखालिएको छ । हामी निष्पाप बनेका छौं । हजूरले परम अञ्जन दिएर हामीलाई सचक्षु तुल्याइदिनु भएको छ । ज्ञानको ज्योतिले संसाररूपी कुहिरो निवृत्त भयो । ज्ञानवान्‌को वचन आनन्ददायक हुन्छ ।

फेरि रामतिर फर्केर दशरथले भने - हे राघव ! जो काल सन्तजनको संगतिमा व्यतीत हुन्छ त्यो नै सफल काल हो । सत्संग विना बितेको दिन व्यर्थ हुन्छ । तिमीले प्रश्न गरेपछि प्रसन्न भएर वसिष्ठजीले उपदेश गर्नुहुनेछ, किनकि उहाँ हाम्रो कल्याण चाहनुहुन्छ । वाल्मीकिले भने कि यति भनेर राजा दशरथ चूप लागे । अनि रामको मुखतिर हेरेर वसिष्ठले भने - कुलका चन्द्रमा हे राम ! मैले बताएका कुराको स्मरण गरेका छौ त । सात्त्विक, राजस र तामस गुणको भेदले जो विचित्र सृष्टि बनेको छ त्यो पनि तिमीलाई विस्तारपूर्वक बताइसकें । अरू पनि धेरै कुरा बताएँ त्यो सब तिम्रो स्मरणमा होला भन्ने ठानेको छु । उत्तम बाँसमा मोती फलीभूत भएझैं उदारचित्त विवेकी पुरुषमा मेरा वचन फलीभूत हुन्छन् ।

रामले भने - हे भगवन् ! हजूरको परम उदार वचनबाट मलाई बोधको उदय भएको छ । हजूरले सत्य यथार्थ कुरा बताउनु भएको छ । हजूरका उपदेशमाला धारण गरेर विचार गर्दा गर्दै समस्त रात्रि व्यतीत भएको छ । सबै मुमुक्षु जन आफ्नो कल्याणको लागि हजूरको आज्ञालाई शिरउपर धारण गर्दछन् । हजूरका वचनले मेरा सारा संशय निवृत्त भएका छन् । शरत्कालको आकाश झैं मेरो हृदय निर्मल भएको छ । यो संसार आपातरमणीय भास्तछ । जहाँसम्म पदार्थको

वियोग हुँदैन त्यहाँसम्म सुखदायक भास्तछ । जब विषय इन्द्रिय देखि टाढा हुन्छ तब दुःखदायक हुन्छ । हजूरको वचनामृत सुमधुर एवं कल्याणकारक छ र अन्तमा मोक्षदायक हुन्छ । हजूरको वचनामृतले निष्पाप भएको छु, अब मलाई उपदेश गर्नुहोस् ।

(५) प्रथम उपदेश

वसिष्ठले भन्नुभो, हे रघुनन्दन ! सुन्दर सिद्धान्त भएको यो उपशम प्रकरण तिम्रो कल्याणको निमित्त बताउँदै छु, सावधान भएर सुन । जीवको आश्रयभूत यो महादीर्घ संसार मायारूप हो । विवेक वैराग्य आदि गुणसम्पन्न जो उत्तम पुरुष छ ऊ सजिलैसित मायालाई त्यागिदिन्छ । जो सज्जन र सत्शास्त्रले बताए बमोजिम आचरण गर्दछ त्यसको ईश्वर परमात्मालाई देखन सक्ने बुद्धि हुन्छ र ज्ञानको प्रकाश उदित हुन्छ । विचारद्वारा सत्य आत्मस्वरूपको निश्चय नभईकन ज्ञान प्राप्त हुँदैन । सत्य के हो र असत्य के हो - यस्तो विचार गरेर असत्यको त्याग र सत्यको ग्रहण गर । जुन पदार्थ आदि र अन्तमा छैन भने मध्यमा पनि त्यसलाई असत्य जान । जो आदि र अन्तमा एकरस छ त्यसलाई सत्य भनेर जान । असत्य नाशरूप पदार्थमा जसको प्रीति छ र जो त्यसको रागले रञ्जित छ त्यो मूढ पशु हो, त्यसमा विवेकरूपी रङ्ग लाग्दैन ।

मन नै उत्पन्न हुन्छ र बढ्छ । आत्मसत्ता जस्ताको तस्तो रहेको छ, उसमा विकृति छैन संसार मनोरूप हो । सम्यक् ज्ञानको उदय भएपछि मन निर्वाण हुन्छ । रामले प्रश्न गर्दै भने - हे कुलगुरु ! हृदयको अन्धकार दूर गर्न हजूर ज्ञानरूपी सूर्य हुनुहुन्छ । संसार मनोरूप हो र जरा मरण आदि विकारको पात्र पनि मन नै हो भन्ने कुरा बुझें । अब संसार तर्ने उपाय बताउनुहोस् ।

वसिष्ठले भन्नुभो, हे राम ! पहिले सन्तजनको संगत र सत्शास्त्रद्वारा मनलाई निर्मल तुल्याउनुपर्छ, अनि वैराग्य प्राप्त हुन्छ र गुरुको निकटमा जान्छ । गुरुको उपदेशबाट निर्मल विचार उत्पन्न हुन्छ तब पूर्णिमाको चन्द्रमाले आफ्नो बिम्बलाई आफूले नै देखे झैं आफ्नो स्वरूपलाई आफैं देख्तछ । जहाँसम्म विचाररूपी तटको आश्रय लिदैन त्यहाँसम्म संसारसमुद्रमा तृणवत् घुमिरहन्छ । जब विचारद्वारा जस्ताको तस्तो वस्तु (आत्मस्वरूप) लाई जान्दछ तब सम्पूर्ण दुःखको अवसान हुन्छ । विचार गरेपछि मोहको अवसर रहँदैन । आत्मा देहसित मिश्रित जस्तो भास्तछ वास्तवमा मिश्रित छैन । त्यसकारण शीघ्र नै स्वरूपमा स्थित होऊ । जस्तो सुवर्ण हिलोमा रहे तापनि हिलोसित उसको सम्बन्ध छैन । सुवर्ण निर्लेप नै रहन्छ त्यस्तै देहमा रहे तापनि आत्माको देहसित कुनै सम्बन्ध छैन, आत्मा सदा निर्मल छ । जस्तो कमल र जल भिन्न छन् त्यस्तो आत्मा देहदेखि भिन्न छ । मैले भनेको कुरा मूर्खले नमानोस् तर तिमी मान । हात उठाएर उच्च स्वरले भन्छु कि संकल्परहित हुनु परम कल्याण हो । यो भावनालाई किन हृदयमा स्थान दिँदैनौ ? जहाँसम्म आत्मपदको बोध हुँदैन त्यहाँसम्म भोगमा मन तद्रूप हुन्छ र संसारसमुद्रमा बगिरहन्छ, दुःखको अन्त हुँदैन । जस्तो आकाशमा दोस्रो चन्द्रमा र नीलता असत्यरूप हो । त्यस्तो आत्मामा सुखदुःखादि असत्यरूप हो । देहमा सुखदुःख हुन्छ, आत्मा देहातीत हो उसमा सुखदुःख छैन । आत्मा सदा शान्तरूप छ । जलमा तरङ्ग र आकाशमा वृक्ष भासे झैं आत्मामा जो जगत्

भास्तछ त्यो आत्मा नै हो । जस्तो मणिको प्रकाश मणिदेखि भिन्न होइन त्यस्तो अधिष्ठान आत्मामा कल्पितरूपले देखिएको देह आत्मादेखि भिन्न होइन, त्यसो हुनाले सब ब्रह्मरूप हो । म र जगत् भिन्न हो भन्ने भ्रमलाई त्यागेर सर्वत्र विस्तृत ब्रह्मघनतालाई स्वीकार गर । ब्रह्म अद्वितीय हो, उसमा द्वैत केही छैन । त्यसकारण आफैं आफ्नो स्वरूपको भावना गर कि "म चिन्मात्ररूप हुँ" "जगत्जाल सब मेरो नै स्वरूप हो" "म नै विस्तृतरूप हुँ" ।

हे राम ! संकल्पजालबाट मुक्त र मायाजालले रहित भएर आत्मतृप्त र विगतज्वर होऊ । तिमी आत्मानन्दले आनन्दवान् भएर रहू । यो जो प्रपञ्चरचना भास्तछ त्यो असत्य हो । ज्ञानवान् असत्य जगत्मा धावमान हुँदैन । हे राम ! तिमी त ज्ञानवान् हौ, असत्य कल्पना त्यागेर दुःखरहित, नित्योदित, शान्तरूप एवं शुभगुणसम्पन्न होऊ र चक्रवर्ती भएर पृथिवीको राज्य गर, प्रजाको पालन गर । समदृष्टि लिएर विचरण गर । बाहिर यथाशास्त्र शुभकार्य गर्दै राज्यको मर्यादा पालन गर र भित्र निर्लेप रहू । ग्रहण र त्यागमा समदृष्टिसम्पन्न भएर राज्य गर ।

(६) क्रमोपदेश

जसको हृदयबाट वासना नष्ट भएको छ त्यो पुरुष कर्म गरे तापनि मुक्त हो । वासना नै हो बन्धनको कारण । जसको वासनाक्षय भएको छ त्यो मुक्तस्वरूप हो । वासनावशात् कर्म गरेर जीव स्वर्गमा जान्छ र वासनाले नै स्वर्गबाट खसेर नारकीय दुःख भोग गर्दछ । वासनाले नै पशु स्थावर आदि योनि प्राप्त गर्दछ । आत्मवेत्ता पुण्यवान् पुरुष मनका अवस्थाको विचार गर्दछन् र तृष्णारूपी बन्धन काटेर निर्मल आत्मपद प्राप्त गर्छन् । जो पूर्व जन्ममा भोग भोगेर यस जन्ममा आएर मुक्त हुन्छन् ती राजस-सात्त्विक हुन् । जसको यो अन्तिम जन्म छ तिनीहरू क्रमक्रमले पूर्ण पद प्राप्त गर्छन् जस्तो शुक्लपक्षका चन्द्रमा क्रमले बढदै गएर पूर्णिमाको दिन समस्त कलाले पूर्ण हुन्छन् । जसको यो अन्तिम जन्म छ तिनमा मैत्री, सौम्यता, मुक्तता ज्ञातव्यता र आर्यता यी निर्मल गुण प्रवेश गर्छन् । जीवका उपर दया गर्नु मैत्री हो, हृदयमा समताभाव रहनु र कुनै क्षोभ नउठ्नु मुक्तता हो । सदा प्रसन्न रहनु सौम्यता हो र यथाशास्त्र आचरण गर्नु आर्यता हो । ज्ञानको नाम ज्ञातव्यता हो । ब्रह्मज्ञानी सब कार्य गर्छन् तर उनको हृदयमा लाभ अलाभबाट रागद्वेष उत्पन्न हुँदैन । सर्वगुणसम्पन्न उत्तम पुरुष गुरुको शरणमा जान्छन् । गुरु विवेकको उपदेश गर्नुहुन्छ । विवेकद्वारा परम पदमा स्थित हुन्छ । जसको चित्त वैराग्य र विचारले सम्पन्न छ त्यो आत्मदेवको दर्शनमा समर्थ हुन्छ । हे राम ! तिमी मनन गर र मनलाई जगाऊ । जसको अन्तिम जन्म छ त्यो मनरूपी मृगलाई जगाउँछ । जागेको मानिस विचारद्वारा जंगत्लाई आत्मरूप देख्तछ र आत्माको प्रकाशले अविद्यामल नष्ट हुन्छ ।

(७) क्रमसूचना

वसिष्ठले भन्नुभो, हे राम ! यो पूर्वोक्त सर्वदेहीको लागि सामान्य क्रम बताइयो, अब विशेष क्रम बताउँछु, सुन । यस संसारमा जन्मेका देहधारीको मोक्षदायक उत्तम क्रम दुइटा छन् । एक हो गुरुको समीपमा गएर गुरुले बताए बमोजिम अनुष्ठान गर्दै विस्तारै विस्तारै यही जन्ममा अथवा

जन्मान्तरमा सिद्धि (मोक्ष) प्राप्त गर्नु । अर्को क्रम हो । व्युत्पन्न चित्त भएका उत्तमाधिकारीलाई आकाशफलपातवत् कुनै निमित्त वशात् तत्काल अकस्मात् ज्ञान प्राप्त हुनु । दोस्रो क्रमको वृत्तान्त बताउँछु, सुन ।

(८) सिद्धगीता

वसिष्ठले भन्नुभो, हे रघुनन्दन ! एकदिन शुद्ध बुधि भएका, उदारात्मा विदेहनगरका राजा जनक एकलै बगैंचामा टहलिरहेका थिए । घुमदा घुमदै एक सिमल वृक्ष (शाल्मलीवृक्ष) को मुनि राजाले यस्तो शब्द सुने जो पर्वत निवासी अदृष्ट सिद्धहरूबाट गाइएको थियो जसको श्रवणले आत्मबोध प्राप्त हुन्छ ।

प्रथम सिद्धले भनेः-

द्रष्टृदृश्यसमायोगात्प्रत्ययानन्दनिश्चयः ।
यस्तं स्वमात्मतत्वोत्थं निःस्पन्दं समुपास्महे ॥ १ ॥

अर्थः-

द्रष्टाको दृश्य (स्रक् चन्दन वनितादि) का साथ इन्द्रिय र अन्तः करणको संबन्ध हुँदा विषयाकार बुद्धिवृत्तिमा जुन आनन्दको निश्चय हुन्छ त्यो आनन्द भूमानन्द स्वरूप आत्मतत्त्वबाट नै उत्पन्न आनन्द हो, त्यो आनन्दस्वरूप आत्माको निर्विकल्प समाधिमा उपासना (अनुभव) गर्छौं ।

द्वितीय सिद्धहरूले भनेः-

द्रष्टृदर्शनदृश्यानि त्यक्त्वा वासनया सह ।
दर्शनप्रथमा भासमात्मानं समुपास्महे ॥ २ ॥

अर्थः-

वासनासहित द्रष्टा, दर्शन र दृश्यरूप त्रिपुटीलाई परित्याग गरेर त्रिपुटीको उदय हुनु भन्दा पहिले नै स्वयंप्रकाशरूपले विद्यमान साक्षी आत्माको उपासना (अनुभव) गर्दछौं ।

तृतीय सिद्धले भनेः-

द्वयोर्मध्यगतं नित्य मस्तिनास्तीति पक्षयोः ।
प्रकाशनं प्रकाश्यानामात्मानं समुपास्महे ॥ ३ ॥

अर्थः-

दर्शन (त्रिपुटीपूर्वक हुने ज्ञान) भन्दा प्रथम प्रकाशमान साक्षी आत्माको विषयमा अस्ति र नास्ति यस्तो विवाद हुन्छ, साक्षी विना यो दुई पक्ष बन्न सक्तैन । यी दुई पक्षमा साक्षीरूपले मध्यगत प्रकाश्य पदार्थको प्रकाशक अर्थात् अस्तित्व जो जगत्को प्रकटावस्था (कार्यरूपता) र

नास्तित्व जो तिरोभावावस्था हो यी दुई पक्षमा सन्मात्ररूपले विद्यमान दुवै पक्षको प्रकाशक आत्मतत्त्वको हामी नित्य उपासना (ध्यान) गर्दछौं ।

चतुर्थ सिद्धले भनेः-

यस्मिन् सर्वं यस्य सर्वं यतः सर्वं यस्मा इदम् ।
येन सर्वं यद्धि सर्वं तत्सत्यं समुपास्महे ॥ ४ ॥

अर्थः-

जुन परमात्मामा सब कुछ विद्यमान छ अर्थात् जो सर्वाधार हो, जसको सबकुछ छ अर्थात् जो सबको स्वामी हो, जसबाट सबकुछ हुन्छ अर्थात् सबको उत्पत्तिको अवधिभूत, जसको निमित्त यो सबकुछ छ अर्थात् जगत्संघात पुरुषको लागि नै हो, जसबाट सब कुछ सिद्ध हुन्छ र जो सर्वरूपले विद्यमान छ त्यो सत्यस्वरूप परमात्माको उपासना गर्दछौं ।

पञ्चम सिद्धले भनेः-

अशिरस्कं हकारान्तमशेषाकारसंस्थितम्
अजस्रमुच्चरन्तं स्वं तमात्मानमुपास्महे ॥ ५ ॥

अर्थः-

अ आदिमा भएर ह अन्तमा भएको जो अक्षरसमुदाय छ त्यो नै अशेष बाङ्मयको आकारमा अवस्थित छ अर्थात् शिवप्रसादबाट प्राप्त पाणिनिको प्रथम चौधसूत्र (अ इ उ ण् ..... हल्) मा उक्त अदेखि ह सम्मको जो वर्ण समुदाय छ त्यो नै अशेष वाङ्मयको रूपमा अवस्थित छ र अ तथा ह अक्षरको वाच्य जो अहं पदार्थ हो त्यो नै अशेष जगत्को आकारमा अवस्थित छ अर्थात् अहंरूपले (संवेदनरूपले) परमात्मा ब्रह्म सर्वजगत्को आकारमा विवर्तित भएको छ र जसको सर्वदा अहंरूपले उच्चारण भइरहेको छ, आत्मरूपले त्यो परमात्माको नित्य उपासना (भावना) गर्दछौं ।

षष्ठ सिद्धले भनेः-

संत्यज्य हृद्गुहेशानं देवमन्यं प्रयान्ति ये ।
ते रत्नमभिवांञ्छन्ति त्यक्तहस्तस्थकौस्तुभाः ॥ ६ ॥

अर्थः-

जो हृदयगुहानिवासी साक्षीरूप ईश्वरलाई छोडेर अन्य देवताको खोजीमा जान्छन् ती हातमा रहेको बहुमूल्य कौस्तुभ मणिलाई छोडेर अन्य रत्न पाउन इच्छा गर्छन्, अर्थात् परमात्मा साक्षीरूपले हृदयमा निवास गर्नुभएको छ, त्यो आफ्नै स्वरूप हो, त्यो सदा अनायास प्राप्त छ - यो नजानेर अरू देवताको खोज गर्नु हातको कौस्तुभ मणि छोडेर अरू मणि खोज्नुजस्तो हो ।

सप्तम सिद्धले भनेः-

सर्वाशाः किल सन्त्यज्य फलमेतदवाप्यते ।
येनाशाविषवल्लीनां मूलमाला विलूयते ॥ ७ ॥

अर्थ:-

सारा इच्छा परित्याग गरेपछि यो ब्रह्मज्ञानरूप फल प्राप्त हुन्छ जसलाई पाएपछि आशारूपी विषवल्लीको जरा काटिन्छ अर्थात् हृदयग्रन्थिभेदन हुन्छ ।

अष्टम सिद्धले भने:-

बुद्ध्वा ऽ प्यत्यन्तवैरस्यं यः पदार्थेषु दुर्मतिः ।
बध्नाति भावनां भूयो नरो नासौ स गर्दभः ॥ ८ ॥

अर्थ:-

पदार्थ अत्यन्त नीरस हो भन्ने कुरा जानेर पनि जो दुर्बुद्धि मनुष्य त्यही पदार्थको भावना (इच्छा) गर्छ भने त्यो मनुष्य होइन, गधा हो ।

नवम सिद्धले भने:-

उत्थितानुत्थितानेता निन्द्रियाहीन्पुनः पुनः ।
हन्याद् विवेकदण्डेन वज्रेणेव हरिर्गिरीन् ॥ ९ ॥

अर्थ:-

बारंबार उठिरहने इन्द्रियरूपी सर्पलाई मार्नको लागि इन्द्रले पर्वतलाई वज्रले झैं विवेकरूपी दण्डले हिर्काउनु पर्छ ।

दशम सिद्धले भने:-

उपशमसुखमाहरेत्पवित्रं
सुशमवतः शममेति साधुचेतः ।
प्रशमितमनसः स्वके स्वरूपे
भवति सुखे स्थितिरुत्तमा चिराय ॥ १० ॥

अर्थ:-

पवित्र उपशमसुख अर्थात् इन्द्रिय र मनलाई शान्त तुल्याएपछि प्राप्त हुने ब्रह्मज्ञानद्वारा ब्रह्मानन्दको अनुभव गर्नुपर्छ । जसको सम्यक्रूपले इन्द्रियसंयम भएको छ त्यसको चित्त सम्यक्रूपले शान्त हुन्छ, मन शान्त भए स्वकीय सुखस्वरूपमा चिरकालपर्यन्त उत्तम स्थिति बनिरहन्छ ।

(९) जनकको विचार

यसरी सिद्धगीता श्रवण गरेपछि जनक राजाको मनमा एकप्रकार विषाद पैदा भयो । उनी सेना र परिवारसहित दरबार पुगे, उनीहरूलाई तलै रहने आदेश दिएर आफू एक्लै अटालीमा बसेर संसारको चञ्चल गति देखेर विलाप गर्दै भन्नथाले - म संसारको चञ्चल दशामा आस्था गरेर

बाँधिएको छु । यी सब जीव पाषाण झैं जडरूप छन्, चैतन्य कोही छैन । काल अनन्त छ त्यसको केही अंशमा रहेर बाँचने आशा गरिरहेको छु । मलाई धिक्कार छ कि म अधम चेतन हुँ । यी मन्त्री, राज्य र मेरो बाँचनु पनि क्षण-भंगुर छ । यो संसारको सब सुख दुःखमिश्रित छ । महापुरुषहरू त्यसको आस्था छोडेका हुनाले सुखी भएर रहन्छन्, उनीहरू झैं म पनि कहिले सुखी भएर रहन सकूँला । यी सारा मानिस आगमापायी अर्थात् उत्पन्न हुन्छन् र नष्ट हुन्छन् । जलतरंग झैं सब दृश्य पदार्थ क्षणभंगुर छन् । अब म यिनको आस्था त्यागेर रहन्छु ।

हे चित्त ! के मलाई देखेर तैंले नाशवान् संसारका पदार्थमा आस्था लिएको छस् जसद्वारा बाँधिएर म कलंकित हुन पुगेकोछु । बडो कष्ट छ कि उच्च पदमा रहेर पनि म तलतल गिरिराखेको छु । के कारणले होला, अकस्मात् मलाई मोह प्राप्त भएको छ जसबाट मेरो बुद्धि मलिन भएको छ, मेघले ढाकेर सूर्य भासित न भए झैं मेरो आत्मा भासित हुँदैन । भोगसित र बन्धुबान्धवसित के प्रयोजन छ र म तिनमा मोहित भएको छु । देहाभिमानले जीव आफैं बाँधिएको छ । देहमा अहंबुद्धि गर्नु नै हो जरामरणादि विकारको कारण ।

राज्य र भोग्य पदार्थमा ममता र आसक्ति गर्नु ठीक होइन किनकि यी सब असत्यरूप हुन् । मानिस भ्रमले मिथ्याभूत संसारका पदार्थमा आस्था गर्छ । संसारको सुख विषरूप हो । बडाबडा ऐश्वर्यशाली, पराक्रमी, गुणी व्यक्ति पनि सपरिवार अदृश्य भएर गए भने वर्तमानमा के आस्था गरेर धैर्य धारणा गर्नु । देवताका नायक कति इन्द्र त नष्ट भएर गए । यस्तो संसारमा आस्था गरेर बाँचने चेष्टा गर्नु पनि मूर्खता नै हो । क्षणक्षणमा आयु बितिराखेको छ । कालको गति सूक्ष्म छ, उसले सबलाई कुल्चिराखेको छ । सदाशिव र विष्णुजस्तालाई पनि उसले आफ्नो भकुण्डो तुल्याएको छ । सबै कालका भोजन बनेका छन् । यस्तो संसारमा के बाँचने आशा राखौं ? जसको चित्तमा भोगाभिलाषा विद्यमान छ त्यसको लागि अतुच्छ परम पद दृष्टिगोचर हुँदैन र त्यो कष्टपूर्ण जीवन व्यतीत गर्दछ, त्यसलाई दुःखबाट दुःखान्तर प्राप्त भइरहन्छ । यस्तो देखेर पनि वैराग्य आएको छैन, मलाई धिक्कार छ ।

यज्ञ आदि पुण्यकर्मद्वारा प्राप्त स्वर्गलोकको सुख पनि अल्प कालको लागि मात्र हुन्छ । सय अश्वमेध गरेर प्राप्त इन्द्रपद पनि स्थायी हुँदैन । ब्रह्माजीको एकदिनमा चौध इन्द्रको पालो समाप्त हुन्छ । दिव्य दुई हजार युग वित्दा ब्रह्माको एकदिन हुन्छ । यही क्रमले तीस दिनको एक महिना र बाह्र महिनाको एक वर्ष हुन्छ । दिव्य सय वर्षको आयु भोग गरेपछि ब्रह्माको पनि अवसान हुन्छ, यसलाई महाप्रलय भन्दछन् । त्यसकारण ब्रह्मदेखि व्यतिरिक्त सबै लोक र भोग विनश्वर छन् । सर्वदुःखको मूल चित्त हो । यो चित्त शरीररूपी बाँसमा सर्प झैं बस्तछ र दुःखरूपी विष निकाल्दछ ।

राजा जनक भन्दैछन् - म पनि अज्ञानी झैं शमादिसुखलाई त्यागेर क्षणभंगुर सांसारिक सुखको निमित्त यत्न गर्दैछु । जस्तो बरफबाट अग्नि उत्पन्न हुँदैन त्यस्तो संसारबाट सुख उत्पन्न हुँदैन । संसाररूप वृक्षको मूल मन हो, संकल्परूपी जलले त्यो बृद्धि प्राप्त हुन्छ र संकल्पको उपशम भए नष्ट हुन्छ । मन मर्कटवत् चञ्चल छ, यसैबाट संसारको रचना भएको छ ।

नजानेसम्म यो मन चञ्चल छ, जब विचारद्वारा जानिन्छ तव पदार्थको रमणीयतासहित मनको अभाव हुन जान्छ । मैले जानिसकें । अब म यी नाशवान् पदार्थमा रमाउँदिन । अब म संसारको भोगबाट विरत भएर शान्त ब्रह्मस्वरूपमा स्थित हुन्छु । संसारमा बारम्बार जन्म मरण भइरहन्छ र शोक प्राप्त हुन्छ । त्यसकारण शोकरहित हुनको लागि संसारका वृत्तिदेखि रहित हुन्छु । म प्रबुद्ध र हर्षवान् भएको छु । मैले आफ्नो चोरलाई आफैं देखें जसको नाम हो मन, यसलाई मार्नेछु । अहिलेसम्म मन आत्मविचारले रहित थियो, अब यसलाई आत्मविचारमा लगाउँछु । अहिले आत्मविचारको लागि योग्य भएको छु । सिद्धहरूका वचनले मलाई जगायो, अब म परमानन्दरूप आत्मपदमा स्थित हुन्छु, आत्मारूपी चिन्तामणि पाएर अब अत्यन्त सुखी भएर रहन्छु । मनरूपी शत्रुले मलाई भ्रम देखाएको थियो । अहिले विवेकरूपी शास्त्रले त्यसको नाश गरेर शान्त भएको छु । हे विवेक ! तिमीलाई नमस्कार छ ।

(१०) जनकको निश्चय

जनक राजा अटालीमा एकलै बसेर चिन्तन गर्दै थिए । दासीले आएर भनी - महाराज ! स्नानको समय भयो । स्नानशालामा पुष्प, केसर, गंगाजल आदि स्नानसामग्री लिएर स्त्रीहरू खडा छन् । उता पूजाकोठामा पूजासामग्री तयार छ, ब्राह्मणहरू पनि जप पाठ गर्दैछन् । भोजनशालामा भोजन पनि तयार हुँदैछ । दासीको कुरा सुनेर पनि राजाको मन विचारपरायण नै रह्यो । मनमनै भन्न लागे - यो राजसुखसित पनि मेरो केही प्रयोजन छैन, सब क्षणभंगुर हो । यो मिथ्या आडम्वर छोडेर एकान्तमा बस्छु र तरंगरहित समुद्र झैं शान्तरूप भएर रहन्छु । यो राजभोगबाट पनि अघाइसकें । सारा क्रिया कर्मको त्याग गरेर सुखस्वरूपमा स्थित हुन्छु ।

जुन भोगको लागि चित्त चञ्चल हुन्थ्यो त्यो भोग भ्रमरूप हो, त्यसबाट शान्ति मिल्दैन, झन तृष्णा बढिरहन्छ । सेवालीले जललाई झैं तृष्णाले आत्मस्वरूपलाई ढाकिदिन्छ । हे चित्त ! तैंले जति भोग भोगिस् ती सब मिथ्या हुन्, त्यसबाट तृप्ति भएननि । अब ती भोगलाई त्यागेर परमसुखी हुन्छु ।

वसिष्ठले भन्नुभो, हे रामजी ! यसरी विचार गर्दागर्दै जनकराजा मौन भए । उनको शरीर चित्रलिखित मूर्ति झैं अचल भयो । यस्तो देखी भयभीत भएर ढोकेहरूले पनि केही भन्न सकेनन् । त्यसपछि मनको समताको निम्ति चिन्तन गर्दै राजाले फेरि भन्न लागे - मेरो ग्राह्य र त्याज्य केही छैन । म कुन कुरा साध्नमा लागौं र कुन वस्तुमा धैर्य लिऊँ ? सब पदार्थ नाशवान् छन् । मलाई कुनै काम गर्नु वा नगर्नुबाट कुनै लाभ हानि छैन । जो कर्तव्य छ त्यो शरीर गर्छ, निर्मल अचल चैतन्यस्वरूप आत्मा केही गर्दैन र भोग पनि भोगदैन । चैतन्यस्वरूप मेरो कुनै कर्तव्य छैन । म प्राप्तको त्याग र अप्राप्तको इच्छा पनि गर्दिन । म स्वरूपमा स्थित भएर रहन्छु ।

जब देहसित मिलेर मन कर्म गर्छ तब कर्ता भोक्ता हुन्छ र इष्ट अनिष्टको प्राप्तिमा रागद्वेषले युक्त हुन्छ । जब मनको मननको उपशम हुन्छ तब कर्तव्यमा पनि अकर्तव्य हुन्छ अर्थात् गरेर पनि केही गरेको हुँदैन । जसको भित्र हृदयमा अहंकार छैन भने बाहिर चेष्टा (कर्म) गरे तापनि

केही गरिएको हुँदैन । जसको हृदयमा अहं अभिमान छ त्यो बाहिर अकर्ता जस्तो देखिए तापनि अनेक कर्म गरिहरको हुन्छ । यसकारण हृदयमा जस्तो दृढ निश्चय हुन्छ त्यस्तै फल प्राप्त हुन्छ । जो बाहिर कर्ता छ परन्तु हृदयमा कर्तव्यताको अभिमान राख्तैन त्यो धीर पुरुषलाई अनामय शान्त पद प्राप्त हुन्छ ।

(११) चित्तानुशासन

वसिष्ठले भन्नुभो, हे रामजी ! यस्तो विचार गरेर जनक यथाप्राप्त कर्म गर्नको लागि उठे र मनमा इष्ट अनिष्टको वासना नलीकन दैनिक कृत्य सम्पादन गरे । जाग्रत्मा सुषुप्तवत् रहे । राजा जनकले यसरी यथाशास्त्र दैनिक कर्म सम्पादन गरेर सुखपूर्वक रात बिताए । विहानीपख उठेर ध्यानमग्न भए, अनि मनलाई प्रबुद्ध तुल्याउनको लागि संझाउन थाले ।

जनकले भने - हे चञ्चल चित्त ! के तँलाई परमानन्दस्वरूप आत्मा सुखदायक भास्तैन र मिथ्या संसारसुखको इच्छा गर्छस् ? जब तेरो इच्छा शान्त हुन्छ तब तँलाई सुखदायक आत्मपद प्राप्त हुनेछ । तँ जति जति संकल्पलीला गर्दै रहन्छस् त्यति त्यति संसारजाल विस्तार प्राप्त हुन्छ । यो दुःखरूप संसारसित तेरो के प्रयोजन छ ? हे मूर्ख चित्त ! जति जति संकल्प (इच्छा) गर्दैजान्छस् त्यति त्यति दुःख बढदै जान्छ । यस्तो दुःखरूप भोगको इच्छा किन गर्छस् ? यो संसार चित्तजालबाट उत्पन्न भएको छ, जब तँ यसको त्याग गर्छस् तब दुःख मेटिन्छ । स्फुरणको नाम दुःख हो । स्फुरण नभए कुनै दुःख रहंदैन ।

हे चित्त ! दुःखको खानी, क्षणभंगुर संसारको आस्था त्यागेर सुखको खानी, अविनाशी आत्मतत्त्वको आश्रय गर र शुद्ध निर्मल भएर जगत्मा विचरण गर, तब दुःखले स्पर्श गर्ने छैन । जगत् रहोस् वा नरहोस् त्यसका गुण र अवगुणमा आसक्त नहो । यो जगत् असत्य हो र तँ सत्य होस् । सत्य र असत्यको संबन्ध हुन सक्तैन, मृतक र जीवितको संबन्ध कसरी होला ? यदि चेतन तत्त्व नै दृश्यरूप हो भने केको लागि हर्ष विषाद गर्नू ? यसकारण, हे चित्त ! तँ मूर्ख नबन, समुद्र झैं शान्तरूप भएर आफू आफैंमा स्थित हो र संसारको भावना नगरीकन मान र मोहरूप मलको त्याग गर । दुःखको कारण इच्छालाई त्यागेर आत्मतत्त्वमा स्थित हो तब पूर्ण पद प्राप्त हुन्छ । त्यसकारण पूर्णात्माको आश्रय लिएर चञ्चलताको परित्याग गर ।

(१२) प्रज्ञामहिमा वर्णन

वसिष्ठले भन्नुभयो, हे रघुनन्दन ! यसरी विचार गर्दै राजा जनकले सब काम गरे, परन्तु बोधवान् भएको हुनाले आनन्दवृत्तिमा रहेको उनको मन मोहमा प्राप्त भएन । अब इष्टानिष्टप्राप्तिमा हर्षविषादरहित भएका राजा सम, स्वच्छ निज स्वरूपमा स्थित भएर विचरण गर्न लागे । मनमा ग्रहण र त्यागको भावना नलिईकन सन्तापरहित भएर वर्तमानमा कार्य गर्दै रहँदा उनको हृदयमा कल्पनाले स्पर्श गरेन जस्तो आकाशलाई धूलो मैलोले स्पर्श गर्दैन ।

स्वरूपको अनुसन्धान गर्दै सम्यक् ज्ञानको अनन्त प्रकाशमा उनको मन निश्चल भयो । सर्वदा समरूपमा रहेर प्रकृत व्यवहार गर्दै उनी जीवन्मुक्त भएर विचरण गर्न लागे ।

हे रामजी ! दृढ ज्ञानी भएर जनकले विदेह नगरको राज्य गरे । प्रजाको पालन गर्दा उनको हृदयलाई हर्ष र विषादले स्पर्श गरेन । उनमा बाहिर कार्यकर्ता देखिए तापनि भित्र हृदयमा कर्तृत्व अभिमान थिएन । हे राम ! त्यस्तै तिमी पनि समस्त कार्य गर, किन्तु निरन्तर आत्मस्वरूपमा स्थित रहू । हृदयमा पुरुषार्थरूपी विचारको उदय नभएसम्म मानिस स्वरूपमा जागन सक्तैन र दुःख पनि मेटिंदैन । शुद्ध बुद्धिले रहित मूर्ख मनुष्यलाई सानो आपद्ले पनि दुःख दिन्छ जस्तो थोरै हावाले पनि तृणलाई घुमाइदिन्छ ।

सर्वप्रथम सत्संग र सत्शास्त्रको विचारले बुद्धिलाई बढाउनुपर्छ । जब बुद्धि सत्य मार्गतिर बढ्छ तब परम बोध प्राप्त हुन्छ । संसार समुद्र तर्नको लागि आफ्नै बुद्धि जहाज हो र तप तीर्थ आदि शुभ आचारबाट जहाज चल्छ । ऐश्वर्यले ठूलो भए तापनि बोधरहित पुरुषलाई तुच्छ अज्ञानले नष्ट गरिदिन्छ जस्तो निर्बल सिंहलाई स्यालले पनि जित्तछ । यसकारण संसारमा जोकुछ प्राप्त भएको देखिन्छ त्यो सब आफ्नै प्रयत्नले भएको हुन्छ । बोधरूपी चिन्तामणि आफ्नै हृदयमा विद्यमान छ त्यसबाट नै विवेकरूपी फल मिल्छ, जस्तो कल्पलताबाट जे मागे पनि पाइन्छ त्यस्तो सब फल बोधबाट प्राप्त हुन्छ । जस्तो जान्ने माझी समुद्रको पार लाग्न सक्छ, नजान्ने सक्तैन त्यस्तो सम्यक् बोध भए संसारसमुद्रको पार लाग्न सक्छ, असम्यक् बोधले जडतामा खसालिदिन्छ । अल्प बुद्धि पनि यदि सत्य मार्गतिर लाग्छ भने ठूलो संकटबाट पार हुन सक्छ जस्तो सानो नाउले पनि नदीको पार पुऱ्याउँछ ।

जो बोधवान् छ त्यसलाई संसारको दुःखले छुँदैन जस्तो फलामको कवच पहिरेकालाई वाणले बेध गर्न सक्तैन । विशुद्ध बुद्धिद्वारा सर्वात्मपद प्राप्त हुन्छ, जो पाएपछि हर्ष, विषाद, संपद्, विपद् केही रहँदैन । आत्मारूपी सूर्यको अगाडि अहंकाररूपी मेघ रहेसम्म आत्मसूर्य प्रकाशित हुँदैनन् । जब बोधरूप वायुद्वारा अहंरूप मेघ दूर हुन्छ तब आत्मसूर्य प्रकाशित हुन्छन् । जस्तै किसानले जमीनमा खनजोत गरेर बीज रोप्छ, मलजल, गोडमेल गर्छ तब फल प्राप्त हुन्छ त्यस्तै जब आर्जवादि गुणद्वारा बुद्धि निर्मल हुन्छ तब शास्त्रको उपदेशरूपी बीज मिल्छ अनि अभ्यास र वैराग्यद्वारा अतुलनीय परम पद प्राप्त हुन्छ ।

(१३) मनोनिर्वाण-वर्णन

वसिष्ठले भन्नुभयो, हे रामजी ! यसरी जनकले झैं आत्मा (आफू) को बारेमा आफैं विचार गर र विदितवेद्य पुरुषले गरे झैं गर्दै निर्वाणपद प्राप्त गर । जो बुद्धिमान् छन् जसको यो अन्तिम जन्म हो ती राजस-सात्त्विक पुरुष आफैंले विचार गरेर परम पद प्राप्त गर्छन् । जहाँसम्म आत्मदेव प्रसन्न हुँदैनन् त्यहाँसम्म इन्द्रियरूपी शत्रुलाई जित्ने कोशिश गर । जब ईश्वरका पनि ईश्वर परमात्मा आत्मदेव प्रसन्न हुनेछन् तब आफैंले स्वयंप्रकाश आफूलाई देख्नेछौ र सबै दोषदृष्टि क्षीण हुनेछन्, साथै संसारको बीजरूप अज्ञान नष्ट हुनेछ । परमात्माको साक्षात्कार अनन्तर भ्रान्त दृष्टि निवृत्त हुन्छ ।

हे राम ! जनकले झैं बाहिर कर्म गरे तापनि ब्रह्ममा लक्ष्य राखेर विचरण गर, तब खेद हुनेछैन । जब नित्य आत्मविचार हुन्छ तब परमदेव आत्मा प्रसन्न हुन्छ । आत्मसाक्षात्कार अनन्तर चञ्चलचित्त भएका संसारी मानिसलाई देख्दा जनक झैं तिमी पनि हाँसनेछौ । यो जो जनकको वृत्तान्त मैले तिमीलाई बताएँ - जस्तो सिद्धको वचन सुनेर जनकले विचार गरे, उनलाई आकाशफलपातवत् तुरुन्त ज्ञान भइहाल्यो त्यस्तै आत्मविचारद्वारा तिमीलाई पनि चाँडै नै ज्ञान प्राप्त हुनेछ । विचाररूपी सूर्यको उदय भएपछि 'अहं' 'त्वं' आदि रात्रि क्षीण भएर साक्षात् परमात्माको प्रकाश उदित हुनेछ, सारा भेदकल्पना नष्ट भएर जानेछन्, अनन्त ब्रह्माण्डमा व्यापक आत्मतत्त्व प्रकाशित हुनेछ ।

जसरी जनकले आत्मविचारद्वारा अहंकाररूपी वासनाको त्याग गरे त्यसैगरी तिमी पनि विचारद्वारा अहंकाररूपी वासनाको त्याग गर । जब अहंकाररूपी मेघ नष्ट भएर चित्ताकाश निर्मल हुनेछ तब आत्मरूपी सूर्य प्रकाशित हुनेछन् । विचारूपी वायुद्वारा अहंकाररूपी मेघ नष्ट भएपछि आत्मारूपी सूर्य प्रकट हुन्छन् ।

इष्ट र अनिष्ट विषयको ग्रहण र त्यागमा जो भावना हुन्छ त्यो नै मनको रूप हो र त्यो नै बन्धनको कारण हो, यसदेखि भिन्न अर्को बन्धन छैन । यसकारण तिमी इन्द्रियको इष्ट र अनिष्टमा हेयोपादेयबुद्धिको त्याग गर र जो शेष रहन्छ त्यसमा स्थित होऊ । हेयोपादेयबुद्धि क्षीण नभएसम्म समत्व आउँदैन । पदार्थमा इष्टानिष्टबुद्धि भएपछि त्यसमा मन लोभिन्छ, त्यसले समताको उदय हुन दिदैन । नानात्वरहित निरामय एक ब्रह्मतत्त्वमा युक्त - अयुक्त, लाभ-अलाभ, इच्छा-अनिच्छा केही पनि छैन । हेयोपादेयबुद्धिले रहित ज्ञानवान्मा यस्तो शक्ति प्राप्त हुन्छ कि जस्तो राजाको अन्त:पुरमा पटु रानी (पटरानी) को शक्ति हुन्छ । हेयोपादेयरहित पुरुषमा भोगमा नीरसता, देहाभिमानराहित्य, निर्भयता, नित्यता, समता, पूर्णात्मदृष्टि, ज्ञाननिष्ठा, निरिच्छता, निरहंकारता, निर्विकल्पता आदि शक्ति प्रकट हुन्छन् । सदा आनन्दस्वरूपमा रहनु, धैर्यपूर्वक सदा एकरस रहनु, स्वरूपदेखि भिन्न वृत्ति नफुर्नु, प्राणीहरूमा मैत्रीभाव, सन्तोष, मुदिता र मृदुभाषणा आदि शक्ति पनि ज्ञानवान्मा प्रकट हुन्छन् ।

संसारतिर गइराखेको मनलाई उल्टाएर आत्मपदमा स्थापित गर्नुपर्छ तबमात्र आत्मा प्रकाशित हुन्छ । हृदयबाट सारा वासनाको त्याग गर र बाहिर सबै काम गर, वेगले हिंड, सर्वदा सब प्रकारको चेष्टा गर तर सर्वदा सब प्रकारको वासना त्याग । मन नै हो संसार-वृक्षको मुख्य बीज । मेरा वचनलाई हृदयमा धारण गर र धैर्यवान् होऊ तब आधि, व्याधि र दु:खबाट मुक्त हुनेछौ । बितेका कुराको स्मरण नगर र भविष्यत्को चिन्ता नगर किनभने त्यो सब असत्य हो । वर्तमानलाई पनि असत्य जानेर वास्तव स्वरूपमा विचरण गर ।

सब चिदाकाशरूप हो - यस्तो जानेर जो मननले रहित छ त्यो समताभावमा प्राप्त हुन्छ । आत्मा चेतन हो र मन जड हो । आत्माको सत्ता पाएर नै मन आफू असत्य भएर पनि कार्य गर्न समर्थ भएको छ । आत्मसत्तालाई भुलेर संसार फुराउनुलाई कलना भनेको छ । चितकला जब चेत्यको स्पुरणबाट रहित हुन्छ त्यसको नाम सनातन ब्रह्म हुन्छ । चैतन्य आत्मा जब चेत्यसित मिल्छ त्यसको नाम कलना हो । वास्तवमा स्वरूपमा कुनै भिन्नता छैन, केवल ब्रह्मतत्त्व जस्ताको

तस्तो स्थित छ त्यसमा भ्रान्तिले मन आदि भास्तछ । मोहरूपी मदिराले जो मानिस उन्मत्त हुन्छ त्यो विषयरूपी खाडलमा जाकिन्छ ।

हे राम ! मनको उत्पत्ति पनि मिथ्या हो । संकल्पको नाम मन हो । मृगतृष्णाको नदी भैं मन मिथ्या नै भासित भएको छ । मनको शक्ति आश्चर्यरूप एवं विस्तृत छ । चञ्चल र असत् चित्तलाई देखेर म आश्यर्चचकित छु । वास्तवमा मन छँदैछैन तै पनि मूर्ख मानिस त्यसबाट दु:ख पाइरहेको छ । सारा जगत् मूढ छ र तृष्णारूपी शस्त्रले छिन्नभिन्न भएको छ । यो मनले अज्ञानीलाई वशमा पारेको छ । भोगको लवलेश जो तुच्छ सुख छ त्यसको लागि जीव अनेक यत्न गर्छ र दु:ख पाउँछ । अज्ञानी मानिस हृदयस्थित आफ्नो स्वरूपलाई देख्न सक्तैनन् र प्रमादले अनेक कष्ट भोग्दछन् । अज्ञानी जीव मिथ्या नै मोहित हुन्छन् ।

(१४) स्वचित्तनिरूपण

हे रामजी ! जसको मन मूढ छ र मनलाई जित्ने सामर्थ्य छैन त्यस्तालाई विवेकवाणीको उपदेश गर्नु जन्मान्धलाई विविध पुष्पमञ्जरीयुक्त वन देखाउनु भैं निस्फल हुन्छ । जसले आफ्नो मनलाई जितेको छैन त्यो दुर्बुद्धि हो, त्यो अमृत त्यागेर विषपान गर्दछ र मर्दछ । यो दुष्ट मनले सारा जगत्लाई नीच तुल्याइदिएको छ । वसिष्ठ भन्नुहुन्छ - हे रामजी ! यी मूर्ख दु:खी जीवलाई देखेर दया लाग्छ । मन नै हो सकल दु:खको कारण भन्ने कुरा यिनीहरूले बुझ्न सकेका छैनन् । मूर्ख प्रमादले दु:खपरम्परा भेलिरहन्छ । समुद्रमा असंख्य जलबुद्बुद उत्पन्न हुन्छन् र नष्ट पनि हुन्छन् त्यस्तै यी प्रमादी जीव जन्मन्छन् र मर्छन्, यिनको बारेमा शोक गर्नु व्यर्थ छ । आकाशमा उड्ने पक्षीहरू मर्छन् यिनको को शोक गर्छ ? जीव जीवलाई भोजन गर्छ । सबैलाई भक्षण गर्ने त काल नै हो । झिंगा मशक आदिलाई भ्यागुतोले खान्छ । भ्यागुतोलाई सर्पले खान्छ, सर्पलाई न्याउरी मुसाले खान्छ, उसलाई विरालेले र विरालोलाई कुकूरले मार्छ । कुकूरलाई ब्वाँसोले, ब्वाँसोलाई सिंहले र सिंहलाई पनि सरभले मार्छ । सरभ मेघको गर्जनाबाट नष्ट हुन्छ । मेघलाई वायुले, वायुलाई पर्वतले र पर्वतलाई इन्द्रको वज्रले नष्ट गर्छ । त्यो वज्रलाई बिष्णुको सुदर्शन चक्रले नष्ट गर्छ । विष्णु पनि अवतार धारण गरेका हुनाले कालकै परिधिभित्र रहन्छन् ।

जसले आफ्नो चित्तलाई जितेको छैन त्यसको दु:खपरम्परा बनिरहन्छ । भ्रमरूप मनको वशमा परेर जीव नष्ट भइरहेका छन् । हे राम ! आफ्नै संकल्पबाट चित्त बढदै जान्छ, त्यसकारण चाँडै नै संकल्पको त्याग गर तब चित्त शान्त हुन्छ । दृश्यको आश्रय गर्नाले बन्धन प्राप्त हुन्छ । जब तिमी अहंकार आदि दृश्यको परित्याग गर्छौ तब मोक्षसुख प्राप्त हुनेछ । दृश्य प्रपञ्चको परित्याग गरेपछि जो आफू बाँकी रहन्छ त्यो नै परमानन्द स्वरूप हो ।

चित्तभावमा प्राप्त हुनु अत्यन्त दु:खदायक हुन्छ । चित्तरूपी संकल्प नै बन्धन हो । आफ्नो स्वरूपको ज्ञानयुक्त बलले जब त्यो बन्धनलाई काट्तछौ तब मुक्तिसुख मिल्छ । सुखस्वरूप आत्मालाई त्यागेर मानिस जब जगत्मा फस्तछ तब नानाप्रकार संकल्प विकल्परूप दु:खमा प्राप्त हुन्छ । जब तिमी आत्मालाई भिन्न ठान्दछौ तब मन दु:खको समूहले घेरिन्छ, त्यसको

विपरीतरूपले जब आत्मालाई अभिन्न भनी जान्दछौ तब मनका सम्पूर्ण दुःख नष्ट हुन्छन् । यो सब आत्मा नै हो, आत्मादेखि भिन्न केही छैन - जब यस्तो ज्ञानको उदय हुन्छ तब चेत्य, चित्त र चेतना यी तीनको अभाव हुन्छ ।

म आत्मा होइन, म हुँ जीव, यही कल्पनाको नाम चित्त हो, यसबाट अनेक दुःख प्राप्त हुन्छन् । 'म आत्मा हुँ' 'जीव होइन' आत्मा नै सत्य वस्तु हो, आत्मादेखि भिन्न केही छैन - यस्तो निश्चयको नाम हो चित्तोपशम । यसप्रकार आत्मबोध उत्पन्न भएपछि मन नष्ट हुन्छ जस्तो सूर्यको उदय भएपछि तम नष्ट हुन्छ । शरीर भित्र मनको निवास भएसम्म जीवलाई नाना प्रकारको भय र दुःख भइरहन्छ । यो परमार्थयोग मैले तिमीलाई बताएँ, यसबाट मनलाई काटेर निकाल । जब मनको त्याग हुन्छ तब कुनै भय रहँदैन । सम्यक् ज्ञानरूपी मन्त्रबाट चित्तरूपी वेतालको अभाव हुन्छ । हृदयरूपी घरबाट जब चित्तरूपी वेताललाई निकाल्छौ तब दुःखरहित भएर स्वरूपमा स्थित हुनेछौ, त्यसपछि कुनै भय, उद्वेगले स्पर्श गर्नेछैन । मेरा वचनबाट तिमी वैराग्ययुक्त भएका छौ र मनलाई जितेका छौ । यस्तो विवेक-विचारबाट चित्त शान्त हुन्छ र निर्दुःख आत्मपद प्राप्त हुन्छ । सबै एषणा त्यागेर शान्त स्वरूपमा स्थित होऊ ।

(१५) तृष्णावर्णन

चित्त उत्पन्न भएपछि कलनारूपी मल धारण गर्छ र तृष्णारूपी विषवल्ली पनि प्रफुल्लित हुन्छ, अनि मानिस मोहमा पर्छ र आत्मातिर सावधानता रहँदैन । जति जति तृष्णाको उदय हुँदै जान्छ त्यति त्यति मोह बढदै जान्छ । तृष्णारूपी श्यामरात्रि अनन्त अन्धकार पैदा गर्छ र परमार्थ सत्तालाई ढाकिदिन्छ । तृष्णारूपी कालो रात्रि सबैलाई व्याकुल तुल्याउँछ । चित्तरूपी घरमा तृष्णारूपी कुकूर्नी बसिरहन्छे र कहिले खुसी र कहिले दुःखी हुन्छे । तृष्णायुक्त मानिस दीन, हीन, निर्धन र कृपण देखिन्छ । जसको हृदय तृष्णाले रहित छ त्यो बडो ऐश्वर्यवान् हुन्छ । तृष्णाले ठूला व्यक्तिलाई पनि नीच तुल्याइदिन्छ । तृष्णाले गर्दा भगवान् विष्णु पनि इन्द्रको निम्ति अल्प मूर्ति धारण गरेर बलीराजाको दरबारमा द्वारपाल भएर रहनु भयो । तृष्णारूपी धागोले बाँधिएर विचरा जीवहरू जन्ममरणको चक्रमा घुमिरहन्छन् । बरु डोरीले बाँधिएको पशु छुट्ला, किन्तु तृष्णाले बाँधिएको जीव छुट्न सक्तैन । तृष्णारहित भएपछि मात्र जीव मुक्त हुन्छ । हे राघव ! तिमी तृष्णालाई त्याग गर । सब जगत् मनको संकल्पमात्र हो । तिमी संकल्पको परित्याग गरेर वन्धनरहित होऊ । संकल्पको नै नाम मन हो, जब यसको नाश हुन्छ तब तृष्णाको पनि नाश हुन्छ । अहं, त्वं, इदं, - इत्यादि चिन्तनलाई छोडेर एक अद्वैत आत्माको भावना गर । अहंभावरूप अपवित्र भावनालाई निरहंस्वरूपको भावनाले काट ।

(१६) तृष्णाचिकित्सा

रामले प्रश्न गर्दै भने - हे मुनीश्वर ! हजूरले भन्नुभो कि अहंकार र तृष्णा नलिनू । अहंकारको त्याग भए देहको चेष्टा पनि कसरी होला र ? अहंकारको त्याग भए देहको पनि त्याग भइहाल्छ । जस्तै फेदको आश्रयमा रूख रहन्छ, फेद नभए रूख ढलिहाल्छ त्यस्तै अहंकार नभए देह

ढलिहाल्छ । त्यसकारण अहंकार विना म कसरी बाँच्न सकूँला ? यो कुरा मैले बुझ्न सकिन । गुरु वसिष्ठबाट आज्ञा भयो - हे रामजी ! अहंकार तथा तृष्णाको त्याग भएपनि जीवन्मुक्त ज्ञानीको मायाद्वारा शरीरको चेष्टा बनिरहन्छ । ज्ञानवान्ले वासनाको त्याग गरेका हुन्छन् ।

वासनात्याग दुई प्रकारको छ - (१) ध्येयवासनात्याग र (२) ज्ञेयवासनात्याग । म यी पदार्थरूप हुँ, यिनबाट म बाँचेको छु । यी पदार्थविना मेरो जीवन रहँदैन र मविना यिनीहरू पनि केही छैनन् - यस्तो जो निश्चय हृदयमा छ त्यसको त्याग गरेर मैले विचार गरें कि न म यी पदार्थरूप हुँ, न मेरा यी पदार्थ हुन् । यस्तो भावना गर्ने मानिसको अन्त: करण आत्मप्रकाशले शीतल हुन्छ र तिनीहरू जे गर्छन् त्यो लीलामात्र हुन्छ । जसले निश्चयपूर्वक वासनाको त्याग गरेको छ त्यो सर्वक्रियामा आत्मालाई नै देख्छ, उसलाई कुनै बन्धन हुँदैन । जीवन्मुक्त पुरुषको ध्येय वासनाको त्याग हुन्छ । जसले मनसहित देहवासनाको त्याग गर्‍यो र त्यागकर्तारूप अहंवासनाको पनि त्याग गर्‍यो त्यसलाई ज्ञेयवासनाको त्याग भनेको छ । जसले ज्ञेयवासनाको त्याग गरेको छ त्यो विदेहमुक्त कहिन्छ । संसारको वासनालाई सजिलैसित त्याग गरेर जो स्वरूपमा स्थित भएको छ र कर्म पनि गर्छ भने त्यो जीवन्मुक्त कहिन्छ । जसको सम्पूर्ण वासना नष्ट भएको छ र भित्र र बाहिर चेष्टारहित छ अर्थात् जसले भित्रको संकल्प र बाह्य क्रिया पनि त्यागेको छ त्यसलाई विदेहमुक्त भनी जान्नुपर्दछ । जसले ध्येयवासनाको त्याग गरेको छ र कर्मको कर्ता पनि भएर स्थित छ त्यो जनक राजा जस्तो जीवन्मुक्त महात्मा पुरुष हो । ज्ञेयवासनाको त्यागपूर्वक जो उपशमरूप भएको छ त्यो विदेहमुक्त भएर परात्पर जो परमतत्त्व छ त्यसैमा स्थित हुन्छ ।

विदेहमुक्तको वासना र देह दुवै भास्तैन । जीवन्मुक्तको चाहिं वासना हुँदैन तर देह भास्छ अर्थात् देहबाट बाह्य क्रिया हुन्छ । जीवन्मुक्त रागद्वेषले रहित भएको हुन्छ र सुख प्राप्त भए हर्षित हुँदैन र दु:ख प्राप्त भए शोक गर्दैन । जीवन्मुक्त पुरुष बाहिर हेर्दा क्रियायुक्त देखिन्छ तर भित्र हृदयबाट आकाश झैं निर्मल भएर रहनु हुन्छ अत: पूज्य हुनुहुन्छ । वाल्मीकिले भन्नुभो - वसिष्ठ यसरी उपदेश गर्दै हुनुहुन्थ्यो । सूर्यास्तको समय भएकोले त्यस दिनको सभा उठ्यो । भोलिपल्ट सबै यथासमयमा यथास्थानमा आएर बसे ।

(१७) तृष्णा-उपदेश

जसको दृश्य पदार्थमा दृढ भावना छ त्यो तृष्णाले सदा दु:खी रहन्छ । जसले भित्रबाट संकल्पको त्याग गरेको छ र बाहिर सबै व्यवहार गर्छ त्यो जीवन्मुक्त कहिन्छ । जो बाहिर जगतमा ठूला ठूला काम उद्योग धन्दाको आरम्भ गर्छ र इच्छायुक्त जस्तो पनि देखिन्छ तर भित्र हृदयमा सकल पदार्थको वासना र तृष्णाले रहित भएर बसेको छ त्यो मुक्त पुरुष हो । जसको भोग-तृष्णा निवृत्त भएको छ र वर्तमानमा यथापरिस्थिति विचरण गर्छ त्यो निर्दु:ख र निष्कलंक हुन्छ । जो हृदयमा इदं र अहंको निश्चय लिएर संसारको भावना गर्छ त्यसलाई तृष्णारूप जंजीरले बाँधिएको

र नानाविध कलंकले कलंकित भनेर जान । यसकारण हे राम ! तिमी म, मेरो, सत्, असत् इत्यादि संसारको भावना त्यागेर परम उदार पदमा सर्वदा स्थित होऊ ।

जीवको चार प्रकारको निश्चय हुन्छ - (१) आपादमस्तक शरीरमा आत्मबुद्धि हुनु र आफूलाई माता-पिताबाट उत्पन्न भएको जान्नु यो निश्चय बन्धरूप हो । यस्तो निश्चय असम्यक् दर्शन या भ्रान्तिबाट हुन्छ । (२) द्वितीय निश्चय यो हो कि म सबै भाव र पदार्थदेखि अतीत हुँ, रौंको टुप्पो भन्दा पनि सूक्ष्म हुँ र साक्षीरूप सूक्ष्मभन्दा पनि अतिसूक्ष्म हुँ, - यस्तो निश्चय मोक्षदायक हुन्छ । (३) सबै पदार्थमा म नै व्याप्त छु र आत्मारूप म अविनाशी छु - यो तृतीय निश्चय पनि मोक्षदायक छ । (४) म भन्ने अहंकार र जगत् दुवै असत्य हो । म अहंकार र जगद्भाव दुवैबाट रहित आकाशवत् निर्मल सन्मात्रस्वरूप हुँ - यस्तो निश्चय पनि मोक्षको कारण हुन्छ । यी चार प्रकारका निश्चयमध्ये प्रथम निश्चेय बन्धनको कारण हुन्छ र बाँकी तीन निश्चय शुद्ध भावनाबाट उत्पन्न भएका हुनाले मोक्षका कारण हुन्छन् ।

हे रामजी ! परमात्माको स्फुरण शक्ति नै द्वैत र अद्वैतरूप भएर भास्तछ । पदार्थको उत्पत्ति र विनाशमा सुखी र दुःखी नहोऊ । भ्रमरूप द्वैतको त्याग गरेर अद्वैत पूर्ण सत्तामा स्थित होऊ । संसारमा जति पनि भेद भास्तछन्, तिनलाई ग्रहण नगर । अन्धो हात्ती नदीमा गिरे झैं तिमी संसारका पदार्थमा नगिर । सर्वगत आत्मा एक अद्वैत निरन्तर उदयरूप र सर्वव्यापक छ, तिमी त्यही पूर्णस्वरूप हौ । आत्मपदमा म र मेरो भन्ने छैन । त्यसकारण अहं र इदंरूप कलनालाई त्यागेर आफ्नो यथार्थ परिपूर्ण स्वरूपमा स्थित होऊ र यथाप्राप्त कर्म गर । तिमी निरहंकार, निरामय शान्तरूप हौ ।

(१८) जीवन्मुक्त-वर्णन

वसिष्ठले भन्नुभो - हे रामजी ! जीवन्मुक्त महातमा पुरुषको स्वभाव यस्तो हुन्छ कि उहाँ असम्यक् दृष्टि र देहाभिमानले रहित भएर जगत्मा सब कार्य गर्नुहुन्छ तापनि शान्त स्वरूपमा रहनु हुन्छ । जगतको गति आदि, मध्य र अन्तमा विरस एवं नाशरूप जानेर उहाँ शान्त स्वरूपमा स्थित भईकन सब प्रकार आफ्नो कार्य गर्नुहुन्छ । जीवन्मुक्त ज्ञानी बाहिर वृत्तियुक्त देखिनुहुन्छ तापनि उहाँले भित्रबाट ध्येय वासनालाई त्यागेर निरालम्ब तत्त्वको आश्रय लिनु भएको छ, त्यसैले उहाँ उद्वेगरहित र सन्तुष्ट रहनुहुन्छ । शत्रुको सामने युद्धमा डट्नु परोस् या कुनै भयानक कर्म गर्नुपरोस् तापनि जीवन्मुक्त दुःखी हुनुहुन्न । उहाँ संसारमा नसुखी, नदुःखी, न कष्टवान् हुनुहुन्छ । उहाँ मनमा कुनै पदार्थको इच्छा राख्नु हुन्न र शोकवान् पनि बन्नुहुन्न, मौन भएर यथाप्राप्त कार्य गर्नुहुन्छ, अतएव दुःखरहित सुखस्वरूपमा स्थित भएर विचरण गर्नुहुन्छ । कसैले प्रश्न गरेमा यथाक्रम उचित जवाफ दिनुहुन्छ, नत्र मूक जडवत् रहनुहुन्छ । उहाँ इच्छा अनिच्छा दुवैबाट रहित भएर सर्वजनहिताय कोमल, मधुरवाणी बोल्नुहुन्छ । कदाचित् उहाँ यज्ञादिकर्ममा जुटेको देखिनुहुन्छ तापनि अज्ञानी झैं कर्ता बनेर संसारमा डुबनुहुन्न ।

हे राम ! जसले चित्तलाई जितेर परमात्मालाई देखेको छ त्यस्ता महात्मा पुरुषको स्वभाव तिमीलाई बताएँ। यसको विपरीत जो मूढ अज्ञानी छन् जसले चित्तजय गरेको छैन र भोगरूपी हिलोमा गाडिएका छन् त्यस्ता गधाहरूको लक्षण के बताऊँ ? ती महामूर्ख उन्मत्त पुरुष स्त्रीरूप महानरकको ज्वालामा फसेर असह्य कष्ट भोग्दछन्। त्यस्ता भोगलम्पट पुरुषको लक्षण हामीबाट बताउन सकिंदैन। हे राम ! तिमी ज्ञानवान् पुरुषको दृष्टिलाई अवलम्बन गर र हृदयबाट ध्येय वासना त्यागीकन जीवन्मुक्त भएर विचरण गर। सम्पूर्ण इच्छा त्यागेर वीतराग एवं निर्वासनिक होऊ।

हे राम ! अब तिमी ज्ञानवान् भएका छौ। तिमीमा सबै पदार्थको भावनाको अभाव भएको छ। अब जस्तो इच्छा छ त्यस्तै भएर विचरण गर। इष्ट-पदार्थ-प्राप्तिमा कृत्रिम हर्षवान् र दुःखप्राप्तिमा कृत्रिम शोकवान् होऊ। बाहिर ठुलठूला काम गर तर भित्र निरहंकार एवं आकाशवत् निर्मल भएर रहू। आशारूपी फाँसीबाट मुक्त भएर जगत्मा विचरण गर र इष्टानिष्टमा सम रहू। आत्मस्वरूपमा न बन्ध न वा मोक्ष नै छ। सारा जगत् भ्रान्तिमात्र हो। प्रमादले जगत् भास्तछ जस्तो कडा घाममा मरुस्थलमा जल भास्तछ। आत्मतत्त्वको अज्ञानबाट जगत् भास्तछ र तत्त्वज्ञानबाट लीन भइहाल्छ जस्तो डोरीको अज्ञानले सर्प भास्तछ र डोरीको ज्ञान भए सर्प लीन हुन्छ।

जसरी जीवन्मुक्त ज्ञानी संसारमा विचरण गर्नुहुन्छ त्यसरी नै तिमी पनि विचरण गर - भारवाहक जस्तो भएर भ्रममा नपर्नू। जब वासना उठ्छ तब विचार गर्नू कि यो पदार्थ मिथ्या हो। यस्तो विचारबाट वासना शान्त हुन्छ। यो मोक्ष हो, यो पदार्थ नित्य हो इत्यादि गणना लघु चित्तमा उठ्छन्, उदार चित्तमा होइन। उदारचित्त जो ज्ञानवान् पुरुष छन् तिनको आचार को विचार गर्नाले देहदृष्टि नष्ट हुन्छ। यस्तो विचार गर कि जहाँ म छैन त्यहाँ कुनै पदार्थ छैन, यस्तो कुनै पदार्थ छैन जो मेरो होइन, यस्तो विचारबाट तिम्रो देहदृष्टि नष्ट हुन्छ। ज्ञानवान् पुरुष संसारका कुनै पदार्थबाट उद्वेगवान् हुँदैनन् र कुनै पदार्थको अभावमा आतुर पनि हुँदैनन्। चिदाकाशस्वरूपमा स्थित ज्ञानी आत्मालाई व्यापक र दाजू भाई बन्धु बान्धवलाई अत्यन्त असत्य देख्छन्। अनेक जन्ममा भ्रमले कति बान्धव भए होलान्, वास्तवमा शुद्ध चैतन्य आफू नै हो बान्धवको पनि बान्धव।

(१९) पावन-बोध-बर्णन

वसिष्ठले भन्नुभो, हे राम ! यस प्रसंगमा दाजुले भाइलाई बुझाएको पुरातन इतिहास बताउँछु, सुन। जम्वूद्वीपको कोणमा उच्चताले आकाश छोएको महेन्द्रनामको पर्वत छ। कल्पवृक्ष र मनोहर पुष्पलताले सुशोभित त्यस पर्वतमा देवता र किन्नर आएर विश्राम गर्थे। देवताहरू सामवेदको गाना गर्थे। त्यहाँ पक्षीहरूको शब्द सुनिन्थ्यो। कतै अप्सरोगण विचरण गर्थे। त्यहाँ गंगातटमा दीर्घतपा नाम गरेका एक ऋषि पत्नीसहित तपस्या गरेर रहन्थे। ती दम्पतिका पुण्य र पावन दुई पुत्र थिए। तिनमा पुण्य चाहिं प्रबुद्ध (ज्ञानी) थिए र पावन अर्धप्रबुद्ध थिए। कालक्रमले दीर्घतपाको

शरीर जीर्ण हुँदै गयो । उनले नश्वर शरीर त्यागेर विदेहमुक्त हुने इच्छा गरे । निदान उनी पुर्यष्टकलाई त्यागेर चिदाकाशमा स्थित भए । उनको निष्प्राण शरीर त्यहीं ढल्यो । पतिको त्यो अवस्था देखेर पत्नी पनि पतिबाट प्राप्त योगद्वारा शरीर त्यागेर चिदाकाशमा स्थित भइन् । माता पिताको और्ध्वदेहिक क्रिया समाप्त गरेर पुण्य यथाप्राप्त कर्म गरेर रहन थाले । ज्ञानवान् भएका हुनाले माता पिताको वियोगमा पनि उनी खिन्न भएनन् । भाइ पावन चाहिं माता पिताको वियोगमा दु:खी भएर शोक गर्न थाले । यसरी शोकाकुल भएका भाइलाई ज्ञानको शिक्षा दिंदै पुण्यले भने - हे भाइ ! किन तिमी वर्षाकालको मेघ झैं आँसूको धारा बगाएर शोक गर्दैछौ ? जसका निम्ति शोक गर्छौ ती हाम्रा माता पिता त परमानन्दस्वरूप मोक्षपदमा प्राप्त भइसके । नित्य चिदानन्द नै सबैको वास्तव स्वरूप हो, यो कुरा ज्ञानवान्लाई थाहा छ, अज्ञानीलाई थाहा हुँदैन । हाम्रा माता पिता ज्ञानवान् थिए, उनीहरू स्वरूपमा प्राप्त भए । अब तिमी केको निमित्त शोक गर्छौ ।

हे भाइ ! तिम्रा अनेक जन्ममा हजारौं माता पिता, बन्धु बान्धव भए र तिनीहरू बितेर गए, तिनको किन शोक गर्दनौ र यस जन्मका बान्धवको मात्र शोक गर्छौ, तिनको पनि शोक गरन त । हे भाइ ! यो तिमीले देखेको जगत् भ्रममात्र हो, परमार्थमा न कुनै जगत् छ, न कुनै मित्र छ, न कुनै बान्धव छ । जस्तो मरुभूमिमा नदी भास्छ किन्तु त्यहाँ जलको एक बूँद पनि हुँदैन त्यस्तै वास्तवमा जगत् केही पनि छैन । अब तिमी परमार्थ दृष्टिले विचार गरेर हेर, न तिमी छौ, न जगत् छ, यो दृश्य भ्रान्तिमात्र हो, यसलाई त्यागेर शोक रहित होऊ । यो जगत् आफ्नै संकल्पबाट उत्पन्न हुन्छ, यसमा कुनै सत्य पदार्थ छैन । अज्ञानरूपी मरुभूमिमा जगद्रूपी नदी छ त्यसमा शुभ र अशुभरूपी तरङ्ग उत्पन्न हुन्छन् र नष्ट हुन्छन् ।

(२०) पावन-बोध

पुण्यले भने - हे भाइ ! तिम्रा कति माता र पिता भए र नष्ट भए । जस्तो वायुले गर्दा धूलोका कण उड्छन् त्यस्तै नै यी बान्धव हुन् । वास्तवमा न कुनै मित्र छ, न कुनै शत्रु छ, सम्पूर्ण जगत् भ्रान्तिरूप हो उसमा जस्तो भावना फुर्छ त्यस्तै भएर भास्तछ । बान्धव, मित्र, पुत्र आदिमा जो स्नेह हुन्छ त्यो मोहकल्पित हो । आफ्नै मनले माता, पिता आदि संज्ञाको कल्पना गऱ्यो । जगत्मा जस्तो संज्ञा कल्पिन्छ त्यस्तै भएर भास्तछ, जहाँ बान्धवको भावना हुन्छ त्यहाँ बान्धव भास्छ, जहाँ अरू भावना हुन्छ त्यहाँ अरू नै भास्छ । अमृतमा विषको भावना भए अमृत पनि विष हुन्छ, वास्तवमा अमृतमा विष छैन त्यो भावनारूप हो त्यस्तै न कुनै बान्धव छ, न कुनै शत्रु छ, वास्तवमा सर्वदा विद्यमान एक सर्वगत सर्वात्मा पुरुष स्थित छ, उसमा अन्यकल्पना कुनै छैन । यो रक्तमांसादिपूर्ण शरीरमा अहंकार, मन, बुद्धि, चित्त भन्ने केही छैन । विचार गरेमा न तिमी छौ, न म छु, यो सब मिथ्याज्ञानले भास्तछ । एक अनन्त चिदाकाश आत्मसत्ता सर्वदा विद्यमान छ उसमा को तिम्री आमा हुन् र को तिम्रा पिता हुन्, यो सब मिथ्या भ्रमले भास्तछ, वास्तवमा केही छैन ।

अब यो भ्रमदृष्टिलाई त्यागेर तत्त्वको विचार गर । मिथ्या भावना गरेर माता पिताको निमित्त किन शोक गर्छौ ? अरू जन्ममा पनि अनेक मित्र र बान्धव थिए उनको किन शोक गर्दैनौ ?

एक पटक तिमी तलाउमा क्रीडा गर्ने हात्तीका पुत्र थियौ, ती हात्ती - बन्धुहरू नष्ट भए, तिनको बारेमा किन शोक गर्दैनौ ? फेरि जंगलमा वृक्ष भएका थियौ, अरू वृक्ष लता तिम्रा बन्धु थिए । आज तिनको शोक किन गर्दैनौ ? एवं प्रकारले तलाउमा मच्छर भयौ, दशार्ण देशमा काग र वानर भयौ । तुषार्ण देशमा राजपुत्र भयौ र फेरि वनकाक भयौ, बङ्गदेशमा हात्ती र गिद्ध भयौ । एवं प्रकारले वासनानुसार अनेक जन्ममा धेरै योनिमा जन्म हुँदा जो जो बान्धव थिए, तिनका बारेमा आज किन शोक गर्दैनौ ? जस्तो ती बान्धव थिए त्यस्तै अहिलेकालाई पनि जान र शोकरहित होऊ । मेरा पनि धेरै जन्म बिते । तत् तत् जन्मका बान्धव थिए, ती स्मरणमा आउँछन्, किन्तु मलाई अद्वैत ज्ञान भएको छ, त्यसैले म तिनको शोक गर्दिन ।

हे भाइ ! तिम्रा र मेरा अनेक जन्ममा अनेक माता, पिता, भाइ, बन्धु, बान्धव र मित्र भए, तिनको तिमी किन शोक गर्दैनौ ? सुखदुःखरूप यो संसार अप्रामाणिक एवं भ्रमरूप हो । यसकारण सब त्यागेर आफ्नो स्वरूपमा स्थित होऊ । हेर भाइ, यो जीवभाव र जन्म, मरण, तल, माथि जानु आउनु मिथ्या व्यवहार हो, यसमा बुद्धिमान् शोक गर्दैनन् । तिम्रो न जन्म छ, न मरण छ, न माता पिता छन्, तिमी एक अद्वैतरूप आत्मा हौ, तिम्रो कसैसित पनि संबन्ध छैन । वास्तवमा तिमी देखि भिन्न केही छैन । अज्ञानी मानिस नानाप्रकार विषयको ग्रहण गर्छ र इष्ट-अनिष्टको कल्पनाले बन्धवान् हुन्छ । आत्मदर्शी पुरुषलाई कुनै क्रियाले स्पर्श गर्दैन, उनी केवल सुखरूप भएर रहन्छन् । अज्ञानी इन्द्रियको गुणमा तद्रूप हुन्छ र इष्टानिष्टबाट सुख-दुःखको भोक्ता हुन्छ । ज्ञानवान् पुरुष कूटस्थ द्रष्टा अर्थात् साक्षी भएर रहन्छन्, उनी काम गर्दा पनि अकर्तारूप नै छन् र इष्टानिष्टको प्राप्तिमा रागद्वेषरहित भएर रहन्छन् । जस्तो दर्पणमा नानाप्रकार प्रतिबिम्ब पर्छ तर दर्पण राम्रा नराम्रा रंगले रञ्जित हुँदैन त्यस्तै ज्ञानवान् रागद्वेषले रञ्जित हुँदैन । इच्छा, अनिच्छा, भय आदि सारा कलनाले रहित आत्मसत्ता सदा प्रफुल्लितरूप छ, यस्तो आत्मालाई जसले ग्रहण गरेको छ ऊ अहंमम भावले रहित स्वरूपमा स्थित भएर सन्तुष्ट हुन्छ । यसकारण तिमी मिथ्या देहादि भावना छोडेर आफ्नो नित्य, शुद्ध, शान्त परमानन्दस्वरूपमा स्थित होऊ । तिमी परब्रह्मस्वरूप हौ ।

(२१) तृष्णाचिकित्सोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! जब यसरी पुण्यले पावनलाई ज्ञानोपदेश गरे तब पावन पनि बोधवान् भए । त्यसपछि दुवै जना ज्ञानको पारगामी निरिच्छित एवं आनन्दित भएर चिरकालपर्यन्त विचरण गर्दै रहे र अन्तमा ज्ञेय वासनालाई पनि परित्याग गरेर तैलरहित दीपक झैं प्रारब्ध कर्मक्षीण भएपछि विदेहमुक्त निर्वाणपदमा प्राप्त भए । हे राम ! तिमी पनि ती दुई भाइ झैं मित्र, बान्धव र धनादि विषयक स्नेहले रहित भएर विचरण गर । यो मिथ्यारूप संसारमा केको इच्छा गर्नु र केको त्याग गर्नु - यस्तो विचार गरेर अनन्त इच्छा र तृष्णाको त्याग गर, यही नै औषधी

हो । तृष्णा नहटेसम्म पूर्णता प्राप्त हुँदैन । यो सारा जगत् चित्तबाट उत्पन्न भएको छ । चित्त नष्ट भए संसारको दु:ख नष्ट हुन्छ । चित्तको चिन्तनाले जगत्‌को विस्तार हुन्छ जस्तो दाउरा हालेपछि आगो बढ्छ । चिन्ताले रहित भए जगत् शान्तरूप भइहाल्छ । हे राम ! ध्येय वासना त्यागेर दया, उदारता आदि उत्तम दैवी गुणावलीले युक्त भएर लोकमा विचरण गर र इष्ट, अनिष्ट, राग, द्वेषले रहित होऊ । यो ब्राह्मी स्थिति तिमीलाई बताएँ जो प्राप्त भएपछि फेरि मोह हुँदैन । विवेकवती बुद्धिको सहायताले जो परमाकाशस्वरूपमा स्थित भएको छ त्यो जस्तोसुकै व्यवहार गरे तापनि संकटमा पर्दैन । त्यसकारण तिमी विवेकवती बुद्धिलाई साथमा लिएर जगत्‌मा विचरण गर, तब संकट र दु:खले मोहित हुनेछैनौ ।

नानाप्रकार दु:ख, संकट, स्नेह आदि विकाररूप समुद्र तर्नको लागि धैर्यरूप नौका चाहिन्छ त्यो हो दृश्य जगत्‌बाट वैराग्य र सत् शास्त्रको विचार । यी श्रेष्ठ गुणको अभ्यासबाट आत्मपदको प्राप्ति हुन्छ जो त्रिलोकीको ऐश्वर्यरूपी रत्नको भण्डार छ । त्रिलोकीको ऐश्वर्यले पनि जुन पद प्राप्त हुँदैन त्यो वैराग्य, विचार, अभ्यास र चित्तलाई स्थिर गर्नाले प्राप्त हुन्छ । तृष्णाले गर्दा मन तापयुक्त भइरहन्छ र अनेक कष्ट प्राप्त हुन्छ । त्यसकारण तृष्णारूपी पिशाचीलाई नजीकमा आउन नदेऊ । जब मन आत्मविवेकले पूर्ण हुन्छ तब सब जगत् अमृतमय भास्तछ । जस्तो जुत्ता पहिरेपछि सबै पृथिवी चर्माच्छादित हुन्छ त्यस्तै इच्छा र तृष्णा त्यागेपछि सर्वत्र परिपूर्ण पद नै भास्तछ । जस्तो शरत्-कालको आकाश मेघरहित निर्मल हुन्छ त्यस्तो इच्छा र तृष्णाले रहित पुरुष निर्मल हुन्छ । जसको चित्त तृष्णाले रहित छ त्यसको लागि तीन लोक कमलको कोपिलासमान कोमल हुन्छ, सहस्र योजन पनि गोस्पद (गाईको पाइला) झैं सुगम हुन्छ र महाकल्प अर्धनिमेषवत् हुन्छ । तृष्णारहित पुरुषको चित्त जति शीतल हुन्छ त्यति चन्द्रमा र हिमालय पर्वत पनि हुँदैन । अहंकाररूपी पिशाचिनी मानिसको मनलाई मलिन तुल्याइदिन्छे । चित्तरूपी वृक्षका आशारूपी जरालाई विवेकरूपी बञ्चराले काटेर निर्मूल पार्नुपर्छ । जसको चित्त आशापाशले बाँधिएको छ त्यो कहिले पनि मुक्त हुन सक्तैन । जसको मन आशा इच्छा र तृष्णाले रहित छ त्यो पुरुष पूर्णिमाको चन्द्रमा झैं सुशोभित हुन्छ । हे राम ! तिम्रो विवेकयुक्त शुद्ध बुद्धिको उदय होस् र राजा बलि झैं ज्ञान प्राप्त गरेर सुखी होऊ ।

(२२) बलि-उपाख्यान-आरम्भ, विरोचनको स्मरण

रामले प्रश्न गर्दै भने - हे गुरुवर ! हजूरको प्रसादबाट पाउनु पर्ने कुरा पाएर निर्मल पदमा विश्राम लिएको छु । शरत्कालको मेघ झैं तृष्णारूपी तम नष्ट भयो । मेरो बोध-बुद्धिको लागि बलिले प्राप्त गरेको ज्ञानप्रणाली विस्तृतरूपले सुन्न पाऊँ ।

वसिष्ठले भन्नुभो, हे राघव ! बलिको उत्तम वृत्तान्त सुनाउँछु जसको श्रवणबाट शाश्वत तत्त्वबोध प्राप्त गर्नेछौ । यस भूमण्डलको तल सप्त पाताल विद्यमान छ, त्यसको कुनै खण्डमा नागहरू रहन्छन्, भगवान्, शेषनाग पनि त्यहीं रहनुहुन्छ । कतै नारकीय दु:ख भोगेर रहेका प्राणीहरू छन्, कतै दैत्यहरूको निवास-भूमि छ । त्यसमा विरोचनका पुत्र दानवराज बलि रहन्थे ।

उनी इन्द्रसहित त्रिलोकीलाई विजय गरेर रहेका थिए । उनको रक्षाका खातिर भगवान् विष्णु द्वारपालको रूपमा रहनुहुन्थ्यो । उनले धेरै यज्ञहरू गरे । यज्ञमा आहुति दिएका दूध घिउ र चरुको धुवाँ पर्वतमा रहन्थ्यो । उनका अगाडि कुलाचल पर्वत पनि नम्र भएर रहन्थ्यो । यसरी त्रिलोकीलाई जितेर दशकोटी वर्षपर्यन्त राजा बलि पातालको राज्य गरेर रहेका थिए । उनलाई पनि एक पटक वैराग्य आयो र सुमेरुपर्वतको शिखरमा एक्लै बसेर चिन्तन गर्न लागे । चक्रवर्ती राजा भएर तीन लोकको राज्यको भोग गरे तापनि मलाई शान्ति प्राप्त भएको छैन भने मलाई यो विशाल राज्यको कुनै प्रयोजन छैन । चिरकालपर्यन्त राज्यको भोग भोगिराखेको छु, तर पनि शान्ति भएन । यी सारा भोग उत्पन्न भएर नष्ट हुन्छन् । प्रतिदिन उही कर्म, उही भोजन, उनै अङ्गनाहरूका साथ विलास र उही पुष्पशय्या उपर शयन आदि क्रिया गर्दा पनि मलाई लज्जा नआउनु बडो आश्चर्यको कुरा छ । समुद्रका तरङ्ग झैं सारा संकल्पजाल र इच्छाहरू उत्पन्न हुन्छन् र नष्ट हुन्छन् । यसबाट मलाई कुनै ठूलो फल त प्राप्त भएन । अब म जो अविनाशी वस्तु हो त्यसको शीघ्र नै चिन्तन गर्छु । यस्तो विचार गर्दै राजा बलिले आफ्ना पिता विरोचनको स्मरण गरेर भन्न लागे - मेरा पिता विरोचन आत्मतत्त्वका ज्ञाता हुनुहुन्थ्यो । उहाँसित एकदिन मैले प्रश्न गरें - हे महात्मन् ! जहाँ सारा सुख दुःखको अन्त हुन्छ र सब भ्रम शान्त हुन्छन् त्यो कुन पद हो, कुन स्थान हो ? त्यस्तो पद मलाई बताउनुहोस् जहाँ पुगेर मनको मोह नष्ट हुन्छ, सारा इच्छा र रागद्वेषबाट रहित भएर सर्वदा विश्राम मिल्छ, अनि कुनै क्षोभ हुँदैन । संसारका भोग्य पदार्थ कुनै पनि सुखदायक छैनन्, सब मनको क्षोभ बढाउने मात्र हुन् । योगीश्वरहरू पनि मनको क्षोभले मोहित भएर तल गिर्छन् । त्यसकारण हे पिताजी ! जो अविनाशी सुख हो त्यो बताउनुहोस् जसमा म सर्वदा विश्राम गर्न पाऊँ ।

(२३) विरोचन-वचन

हे प्रियपुत्र बलि ! एक अति विशाल देश छ जहाँ यस्ता तीन लोक हजारौं अटाउँछन् । त्यस देशमा एक सुमहान् तेजस्वी राजा रहेका छन् तिनमा आकाश, नदी, सागर, पर्वत, वन, उपवन, सूर्य, चन्द्र आदि केही पनि छैनन् । ती सर्वगत भएर पनि चूपचाप बसेका छन्, तिनले यौटा यस्तो मन्त्री कल्पना गरेर बनाएको छ जो अघटित कुरालाई पनि घटाइदिन्छ र घटित कुरालाई विघटित गरिदिन्छ । त्यो आफू केही भोग गर्न सक्तैन र केही जान्दैन, अज्ञ भएर पनि राजाको निम्ति सब काम गर्छ । राजा त एकान्तमा आनन्दले बसिरहन्छन् । मन्त्री नै सारा काम गर्छ । त्यो मन्त्री यति बलियो छ कि त्यसलाई कोही पनि जित्न सक्तैन । त्यसमा सारा शस्त्र अस्त्र पनि कुण्ठित हुन्छन् । त्यसले देवता असुर सारालाई वशमा पारेको छ । हिरण्यकशिपु आदि महाबली दैत्य र नारायण आदि देवतालाई पनि त्यसले खाडलमा गिराएको छ । त्यसलाई जितेपछि मात्र सारा लोक जित्न सकिन्छ । त्यसकारण, हे पुत्र ! सर्वसिद्धिको लागि त्यसलाई जित्ने कोशिश गर ।

(२४) चित्तचिकित्सायोग

यस्तो आश्चर्य चकित कुरा सुनेर बलिले सोधे - हे पिताजी ! आधिव्याधिविनिर्मुक्त त्यो देश भनेको के हो, राजा कोहुन् र बलवान् मन्त्री को हो ? कुन उपायले त्यसलाई जित्न सकिन्छ ? विरोचनले प्रश्नको उत्तर दिँदै भने - देश भनेको सकलदु:खरहित मोक्ष हो । राजा भनेको मनुष्यको आनन्द देखि लिएर ब्रह्माजीको आनन्द भन्दा पनि पर रहेको सारा इन्द्रियको अविषय परमानन्दस्वरूप आत्मा हो । तिनले महाबुद्धिमान् मनलाई मन्त्री बनाएका छन् । मन भन्नु र चित्त भन्नु एकै कुरा हो । त्यो मनले 'अघटित कुरालाई घटित तुल्याउँछ' माने असंसारी आत्मालाई संसारी तुल्याइदिन्छ । त्यो मनोरूप मन्त्रीलाई जितेपछि सारा जितिन्छ । युक्ति र पुरुषार्थले त्यसलाई जित्नु पर्छ । पुरुषार्थ विना शुभ फल प्राप्त गर्न सकिँदैन । जहाँसम्म सांसारिक विषयबाट वैराग्य लिँदैन । त्यहाँसम्म जीव संसाररूपी खाडलमा खसिरहन्छ र दु:ख पाउँछ । अभ्यास विना वैराग्य प्राप्त हुँदैन । खुट्टा चलाएर हिंडे मात्र एक देशबाट अर्को देशमा पुग्न सकिन्छ । पुरुषार्थद्वारा दैवलाई जित्नुपर्छ । वास्तवमा दैव भनेको पनि पूर्वकृत पुरुषार्थ नै हो । त्यसकारण ध्येयरूप वासनाको त्यागको इच्छा गर्दै भोगबाट विरत हुनुपर्दछ ।

बलिले प्रश्न गरे - चित्तमा भोगबाट वैराग्य कसरी स्थिर होला ? उत्तरमा विरोचनले भने - हे पुत्र ! आत्मावलोकनको अभ्यास बढाउँदै लगेपछि क्रमश: विषयभोगबाट वैराग्य प्रकट हुँदै जान्छ । आत्मालाई देखेपछि विषयप्रतिको प्रीति निवृत्त हुन्छ र हृदयमा शान्ति प्राप्त हुन्छ । सूक्ष्म बुद्धि भएका विचारवान् पुरुष आत्मदेवको दर्शन गरेर जसरी वैषयिक प्रीति त्याग्दछन् त्यसरी नै तिमी पनि विषयको प्रेमलाई त्याग गर ।

प्रथम दिनको दुईभाग देहसंबन्धी कार्यमा लगाऊ, एक भाग शास्त्रको श्रवण र विचारमा लगाऊ र एकभाग गुरुको सेवामा लगाऊ । यस क्रमले जीव ज्ञानकथाको योग्य हुन्छ र क्रमले निर्मलभाव ग्रहण गर्छ, अनि शनै: शनै: उत्तम पदको भावना हुन्छ । यसप्रकार शास्त्रको अर्थको विचारमा चित्तरूपी बालकलाई लगाउनुपर्छ । जब अभ्यास गर्दै गर्दै परमात्माको ज्ञान प्राप्त हुन्छ तब कर्मबन्धनबाट छुट्कारा मिल्छ । आत्माको दर्शनबाट तृष्णा दूर हुन्छ र तृष्णाको त्याग भए आत्मदर्शन हुन्छ जस्तो केवटले नौकालाई लैजान्छ र नौकाले केवटलाई लैजान्छ । परब्रह्ममा अत्यन्त विश्रान्ति भएपछि मोक्षरूप नित्य आनन्दको उदय हुन्छ र त्यसको कहिले पनि अभाव हुँदैन । तिमी पुरुष - प्रयत्नको आश्रय गर र दैवलाई टाढैबाट नमस्कार गरेर छोडिदेऊ । यस मार्गको अवरोधक भोगको निन्दा बुद्धिमान्हरू सदा गरिरहन्छन् । सर्वप्रथम दैवको अनादर गर र पुरुष-प्रयत्नद्वारा दाँतले दाँत टोकेर भए पनि भोगासक्तिको त्याग गर तब विचारको उदय हुन्छ । विचारद्वारा नै परम पदमा अत्यन्त विश्राम प्राप्त हुन्छ र फेरि कल्पना गरेर दु:खको भुमरीमा पर्दैन । देशाचारको कर्म गरेर जो अल्प धन प्राप्त हुन्छ त्यसलाई साधुको संगतमा लगाउनू । सत्संगबाट वैराग्य र विचारले संयुक्त भएपछि तिमीलाई आत्मलाभ हुनेछ ।

(२५) बलिको चिन्तन

बलिले विचार गरे कि यसरी पहिले पिताजीले जो बताउनु भएको थियो त्यो स्मरण गरेर अहिले प्रसन्न भएको छु र भोगमा वैराग्य उत्पन्न भएको छ । अब शान्त, सम, निर्मल,

अमृतरूपी शीतल सुखस्वरूपमा स्थित हुन्छु । मलाई धनादि वैभवको पनि इच्छा छैन, धन जम्मा भए पनि नाश भइहाल्छ, फेरि आशा इच्छा बढ्छ । फेरि धनले पूर्ण हुन्छ । अनि स्त्री आदिको संग्रह गरेर संसारमा फस्तछ । अब मलाई बाह्य विभूतिको इच्छा छैन । विभूति र ऐश्वर्यले प्रतिदिन मनमा क्षोभ प्राप्त हुन्छ । पहिले म स्त्रीहरूमा आसक्त थिएं । अब त्यसबाट विरक्त भएको छु ।

मैले देख्न योग्य कुरा देखिसकें र भोग्न योग्य भोगिसकें । त्यसबाट मनमा शान्ति भएन । अब बुद्धिपूर्वक निश्चय गरिसकें कि भोगासक्ति त्यागेर पूर्ण समुद्र झैं स्वतः सुखस्वरूपमा स्थित हुन्छु । स्वर्ग, मर्त्य र पातालमा जति पनि धन, दौलत, रत्न र रमणीय स्त्रीहरू छन् ती सब तुच्छ हुन् किनकि समयआएपछि तिनलाई पनि कालले ग्रास गरिहाल्छ । मनले रचेका तुच्छ पदार्थमा आसक्त भएर चिरकालपर्यन्त मैले देवताका साथ द्वेष गरें । अब यो सारा राग, द्वेष, शत्रु, मित्रको भावना त्यागेर शीतल पद प्राप्त गर्नको लागि यत्नवान् हुन्छु । समुद्रमथनबाट अमृत प्राप्त भयो भने उद्योगले सब कुरा सिद्ध हुन्छ । अपरिमित सुखस्वरूप आत्माको भावनाले सर्वत्र सुखै सुख मिल्छ । म को हुँ र आत्माको दर्शन कुन युक्तिले हुन्छ भनी शुक्राचार्य गुरुसंग प्रश्न गर्छु । मेरो हृदयको अन्धकार नाश गर्न उहाँ नै समर्थ हुनुहुन्छ । उहाँले प्रसन्न भएर उपदेश गर्नुहुनेछ । निष्काम पुरुषको उपदेश हृदयमा प्रवेश गर्छ ।

(२६) शुक्राचार्यबाट बलिलाई उपदेश

यसरी चिन्तन गर्दै बलिले गुरु शुक्रको आवाहनरूप ध्यान गरे । शुक्राचार्य ज्ञानवान् हुनुहुन्थ्यो । उहाँ चिन्मात्र तत्त्वको ध्यानपरायण हुनुहुन्थ्यो । दैत्यराज बलिले मेरो ध्यान गरेका छन् भन्ने कुरा शुक्राचार्यले जानिहाल्नुभो र तुरुन्त उहाँको देह बलिको अगाडि खडा भयो । बलिले रत्न, पुष्प अर्घ्य आदिले स्वागत सत्कार गरीकन शुक्रलाई रत्नजटित उच्च सिंहासनमा राखेर प्रश्न गरे । यस ब्रह्माण्डमा स्थिर (अविनाशी) वस्तु के हो ? इदं के हो र अहं के हो ? म को हुँ, तिमी को हौ र यो लोक के हो ? कृपा गरेर बताउनु होस् । उत्तरमा शुक्रले भने - हे दैत्यराज ! म कार्यवश देवलोकमा जाँदैछु, त्यसकारण संक्षेपले बताउँछु । जो चेतन तत्त्व ब्रह्मण्डमा सर्वत्र व्यापक छ त्यो हो चिन्मात्र तत्त्व । तिमी चैतन्यस्वरूप हौ, म पनि चैतन्य हुँ र यो लोक पनि चैतन्यरूप नै हो । सार कुरा यत्ति हो । निश्चयात्मक बुद्धिले यो कुरालाई हृदयमा दृढरूपले धारण गर्‍यौ भने आफ्नो वास्तव चैतन्यस्वरूपलाई आफैं देख्नेछौ र त्यसैमा तिम्रो विश्राम हुनेछ । तिमी यदि कल्याणमूर्ति हौ भने यत्ति कुराले पर्याप्त हुन्छ नत्र भने धेरै उपदेश गरे पनि खरानीमा हवन गरेझैं व्यर्थ हुन्छ । यति भनेर शुक्राचार्य आकाशमार्गबाट देवलोकतिर लागे ।

(२७) बलि-विश्रान्ति

वसिष्ठले भन्नुभयो, हे रामजी ! गुरु शुक्राचार्य विदा भएर त्यहाँबाट गएपछि विचारपूर्वक दैत्यराज बलि भन्न लागे - गुरु शुक्राचार्यले भन्नुभए अनुसार त्रिलोकी चिन्मात्ररूप हो, म पनि चेतन हुँ र दिशा पनि चेतन हो । परमार्थमा सब चेतनमात्र हो । चेतनतत्त्व देखि भिन्न केही छैन । चेतन भएको हुनाले नै सूर्यमा सूर्यत्व, भूमिमा भूमित्व, दिशामा दिशात्व र पर्वतमा पर्वतत्व रहेको छ । चेतनबिना केही पनि भास्तैन, त्यसकारण सब चेतनरूप हो । म चेतनरूप हुँ र इन्द्रिय, मन पनि चेतनरूप हो । स्थावर र जङ्गम सब अद्वैत चेतनमात्र हो, द्वैतकलना केही पनि छैन, अतएव शत्रु, मित्र पनि कोही छैन ।

जुन शरीरलाई बलि भनेको छ त्यस शरीरको शिर काटे तापनि आत्मा काटिदैन । आत्मा सर्वत्र परिपूर्ण छ । सुख दुःख भन्ने कुरा चिताएर भएको हो । चित्तले नचिताए सुख दुःख केही छैन । जुन दुःखदायक पदार्थ भास्तछन् ती पनि सब आत्मरूप नै हुन् । वास्तवमा न कुनै दुःख छ, न रोग छ, न मन छ र न मनको वृत्ति नै छ । विकल्पकलनाले रहित एक शुद्ध चेतनमात्र आत्मतत्त्व विद्यमान छ ।

चेतन आत्माको जो स्फुरणशक्ति छ त्यो नै विस्तृत जगत्‌रूपले भास्तछ । वास्तवमा आत्मा द्रष्टा, दर्शन र दृश्यरूप त्रिपुटीले रहित शुद्ध चैतन्यरूप हो । त्यसकारण म प्रकाश्य - प्रकाशकभावले रहित निराभास द्रष्टा परमेश्वररूप हुँ । म कर्ता, भोक्ता होइन । म हुँ कलनारूप कलंकले रहित, निरामय, शुद्ध द्रष्टा । प्रत्यक्षरूपले अनुभूत चैतन्यस्वरूप मलाई नमस्कार छ ।

म चित्तरहित चेतनरूप हुँ, शान्तरूप हुँ, स्फुरणरहित हुँ, आकाश झैं सूक्ष्म भन्दा पनि सूक्ष्म हुँ र सुख-दुःखवर्जित सर्वदा मुक्त असंवेदनरूप हुँ । जति पनि जगत्-जाल छ त्यो सब म नै हुँ, म देखि भिन्न केही छैन ।

वसिष्ठले भन्नुभो, हे राम ! यस्तो विचार गर्दै तत्त्ववेत्ता राजा बलि ओंकारको अर्धमात्रास्वरूप तुरीय पदको भावनापूर्वक ध्यानमा मग्न भए । क्रमशः उनी ध्याता, ध्यान र ध्येयरूप त्रिपुटीले रहित भए । मनका सबै वासना नष्ट भए । निर्वातदीप झैं राजा बलि शान्त पदको अवलम्बन गरेर समाधिमा स्थित भए । उनको चित्त विघ्नबाधाले रहित शरत्‌कालको आकाश झैं निर्मल भयो । रत्नहरूको उज्यालोमा बसेर समाधि गर्दा गर्दै धेरैकाल बित्यो ।

(२८) बलि-विज्ञानप्राप्ति

दैत्यराज बलि धेरै काल समाधिमा रहँदा राजाको दर्शन खातिर इष्ट मित्र, बन्धु-बान्धव, टहलुवाहरू एकत्र भएर ढोका खोलीकन माथि गए । यक्ष, विधाधर र नागहरू एकातिर खडा भए, अर्कातिर रम्भा, तिलोत्तमा आदि अप्सराहरू हातमा चमर लिएर खडा भए र नदी, समुद्र, पर्वत आदि पनि मूर्तिमान् भएर रत्न आदि उपहारका साथ खडा थिए । यस्तै अरू पनि राजदर्शनको लागि यताउति बसेका थिए । राजा भने चित्रलिखित मूर्ति झैं अचल भएर ध्यानमा मग्न थिए । यस्ता राजालाई देख्दा कोही आश्चर्य चकित, कोही शोकवान् र कोही आनन्दी भए । राजाको यो अवस्था देखेर मन्त्रीले शुक्रको ध्यान गरे शुक्राचार्य तुरुन्त त्यहाँ प्रकट भए र ध्यानस्थ राजालाई

देख्दा प्रसन्न भएर भन्न लागे - मैले जो उपदेश दिएको थिएँ तदनुसार यिनको परमात्मस्वरूपमा विश्रान्ति मिलेको छ । यिनको सारा भ्रम क्षीण भयो र आत्मप्रकाशको उदय भयो । यिनी परमानन्दस्वरूपमा निमग्न भएका छन् । अहिले यिनलाई नजगाओ । धेरै कालपछि यिनी स्वयं जाग्नेछन् । यिनमा प्रारब्धको अंकुर बाँकी छ, त्यसो हुनाले यिनी समाधिबाट जागेर पुन: आफ्नो राजकाज गर्नेछन् । यति भनेर शुक्रजी अन्तर्धान भए, अरू सबै आआफ्ना स्थानतिर लागे ।

(२९) बलि-उपाख्यान-समाप्ति

वसिष्ठ रामलाई बताउँदै हुनुहुन्छ - दिव्य सहस्रवर्षपर्यन्त समाधिमा रहेर दैत्यराज बलि जब समाधिबाट जागे तब दरबारमा हर्षका बाजा बजे, सर्वत्र जयजयकार ध्वनि गुञ्जियो । राजाले विचार गरे कि बडो आश्चर्य छ कि रमणीय, शान्त, शीतल परम पदमा स्थित भएर मैले परम विश्राम पाएको छु । अब सदा त्यही पदमा स्थित हुन्छु । मलाई राज्यको विभूति सित पनि कुनै प्रयोजन छैन । यसरी चिन्तन गर्दै थिए । राजा समाधिबाट व्युत्थित भए भन्ने सुनेर सेनासहित मन्त्रिगण, बन्धु, बान्धव एकत्रित भएर राजालाई प्रणाम गरे । राजाले पुन: मनमा विचार गरे - मेरो त्याज्य र ग्राह्य केही छैन । मेरो कुनै इष्ट अनिष्ट नै छैन केको ग्रहण र केको त्याग गरौं ? मोक्षको इच्छा पनि मलाई छैन किनकि बन्धनको अपेक्षाले मोक्ष मानिन्छ । मेरो न बन्धन छ न मोक्ष छ । बन्ध-मोक्षको कथा बालकको क्रीडामात्र हो । मलाई अब ध्यानको कुनै प्रयोजन छैन र विदेहमुक्तिको इच्छा पनि छैन । मेरो जन्म, मरण केही छैन । म न सत्य हुँ न असत्य हुँ, न सम हुँ न विषम हुँ, न कोही मेरो छ न म कसैको छु, म एक अद्वैत आत्मा हुँ, यस्तो मलाई नमस्कार छ ।

अब म बाहिर राज्यको कार्य गरेर रहँदा पनि भित्र शीतल आत्मपदमा नै स्थित रहन्छु । यस्तो निर्णय गरेर बलिले वरिपरि बसेका देवता र दैत्यहरूको प्रणाम, अभिवादन स्वीकार गरे । त्यसपछि उनी ध्येय वासना त्यागेर राज्यको कार्यमा लागे । पूर्ववत् ब्राह्मण, देवता र गुरुको पूजा भयो । याचकहरूले अन्न वस्त्र पाए र स्त्रीहरूले वस्त्र तथा आभूषण पाए । यज्ञ याग आदि कर्म सञ्चालित भए । यसरी बलि राजकाज चलाएर आनन्दपूर्वक रहेका थिए ।

बलिले यौटा यज्ञको आरम्भ गरेका थिए । त्यही मौका पारेर देवराज इन्द्रको प्रयोजनको लागि भगवान् विष्णुले वामनको अवतार धारण गरीकन छल गरेर बलिलाई पातालमा पुऱ्याएर राखिदिनुभो र भक्तको संरक्षणको लागि आफू पनि उनको द्वारपाल भएर रहनुभो । जीवन्मुक्त बनेका बलि त्यसपछि पातालको राज गरेर करोडौं वर्षसम्म आनन्द पूर्वक रहे । यिनै बलिले पछि इन्द्र भएर स्वर्गलोकको राज्य गर्नुपर्ने छ । ज्ञानवान् भएका हुनाले यी बलिराजा ऐश्वर्यबाट भ्रष्ट हुँदा पनि खिन्न भएनन् र इन्द्रपद पाएर पनि हर्षित हुनेछैनन् । हे राम ! तिमी पनि यही दृष्टिलाई अवलम्बन गरेर बलिराजा झैं विवेकले नित्यतृप्त भएर रहू र सबै म नै हुँ भन्ने आत्मनिश्चयलाई धारण गर । यो निश्चयबाट दिर्द्वन्द्व आत्मपद प्राप्त हुनेछ ।

दश करोडवर्षपर्यन्त तीन लोकको राज्य गरेर अन्तमा विरक्त भएर बलिराजाले आत्मपद प्राप्त गरे त्यस्तै तिमी पनि तुच्छ भोगलाई त्यागेर आत्मपद प्राप्त गर । तिमी शुद्ध सर्वात्मा सर्वप्रकाशक हौ, इष्ट र अनिष्टलाई त्यागेर केवल आफ्नो स्वरूपमा स्थित होऊ । मेरा वचनलाई ग्रहण गरेको हुनाले तिम्रा सबै संकल्प लीन भए, संवेदनरूप भ्रम शान्त भयो र संसाररूपी कुहिरो नष्ट भयो ।

(३०) हिरण्यकशिपु-वध

वसिष्ठले भन्नुभो, हे राम ! जसरी प्रल्हादलाई आत्मसिद्धि भयो त्यस्तै तिमीलाई पनि होस् भनी विज्ञान प्राप्तिको क्रम बताउँछु, सुन । एक समय, पातालमा महाबलिष्ठ विष्णुसमान पराक्रमी हिरण्यकशिपुनामक दैत्यराज थिंए । पराक्रमको बलले तिनले इन्द्रलाई पनि परास्त गरेर स्वर्गबाट भगाएका थिए । त्यो देवता, दैत्य सबलाई वशमा पारेर त्रिभुवनको मालिक बनेको थियो । उसका धेरै पुत्र थिए, तिनमध्ये प्रल्हादनामका जेठा छोरा दैवीगुणले सम्पन्न महातेजस्वी थिए । प्रल्हाद सानै उमेर देखि भगवान् विष्णुका परम भक्त थिए । उनी एकान्तमा बसेर विष्णुको भजन, कीर्तन गर्थे । शिक्षाको समयमा अरू भाइहरूसहित विद्यालयमा पठाइयो । विष्णुभक्त भएका हुनाले देहात्मवादका परिपोषक लौकिक ऐश्वर्य बढाउने खालका दानवी शिक्षालाई उनले ग्रहण गरेनन् । त्यसनिम्ति उनलाई धेरै ताडना र कष्ट दिइयो, तर त्यसबाट उनलाई कत्ति पनि दुःख भएन ।

हिरण्यकशिपु बलवान् भए तापनि महादुष्ट थियो । उसले देवताहरूलाई धेरै दुःख दियो, स्थान भ्रष्ट तुल्यायो । दुःख पाएका देवताहरू विष्णुको शरणमा गएर हिरण्यकशिपुको आतंकबाट उद्धार पाउन प्रार्थना गरे । देवताको प्रार्थना सुनेर भगवान् विष्णु प्रकट भएर भन्नुभयो - तपाईंहरूको दुःख कष्टको कुरा थाहा पाएँ । तपाईंहरू जानोस्, पुत्रको हेतु मैले उसलाई मार्नेछु । यति आज्ञा गरेर विष्णु भगवान् अन्तर्धान हुनुभयो ।

जति यत्न गरे पनि प्रल्हादले दैत्यकुलको अनुकूल शिक्षा ग्रहण नगरेको देखेर एकदिन अति क्रुद्ध भएको हिरण्यकशिपुले हातमा तरवार लिईकन प्रल्हादलाई समीपमा बोलाएर भन्नलाग्यो - ए दुष्ट ! तेरो त्यो ईश्वर कहाँ छ, देखा, जसको तँ आराधना गर्छस् । मसिवाय अर्को ईश्वर को छ ? प्रल्हादले भने - मेरो ईश्वर विष्णु भगवान् सर्वव्यापक हुनुहुन्छ । अनि हिरण्यकशिपुले खम्भालाई देखाएर भन्यो - यस खम्भामा कहाँ छ तेरो ईश्वर, लौ देखा, देखाउन सकिनस् भने तँलाई यहीं मार्छु । तब सर्वव्यापी विष्णु तीखा नंग्रा भएको महाभयानक नरसिंहरूपमा प्रकट हुनुभयो र तीखा नङ॰ले चिरेर हिरण्यकशिपुलाई मारिदिनु भयो । महाभयानक क्रुद्धरूप नरसिंहबाट अरू पनि कति दैत्य चूर्ण भए र कतिले भागेर जिउ जोगाए । अन्तमा भक्त प्रल्हादको प्रार्थनाबाट भगवान् नरसिंह शान्त भएर अन्तर्धान हुनुभयो ।

बचेका दैत्यहरू निदाउरो मुख लगाएर प्रल्हादको समीपमा आए । प्रल्हादले पनि सबै सित मिलेर पिताको बारेमा शोक प्रकट गरे र सबै और्ध्वदेहिक क्रिया सम्पन्न गरे । दैत्यहरू हिरण्यकशिपुको वियोगमा ज्यादै दुःखी भए ।

(३१) प्रल्हाद विज्ञान

हिरण्यकशिपुको अवसान भएपछि पातालनिवासी दैत्यहरू चिन्तासंयुक्त भएर बसेका थिए । प्रल्हादले त्यहाँ गएर दैत्यहरूलाई संझाउँदै भन्नलागे - हे दैत्यगण ! अब आफ्नो रक्षाको निम्ति के उपाय गर्ने होला ? विष्णु ज्यादै बलवान् छन्, उनका नड० तरवारका धारजस्ता छन् । उनले सिंहले मृगहरूलाई मारे झैं सारा दैत्यहरूलाई सखाप पार्छन् । अहिले दैत्यको बल र श्री समाप्त भयो । तामसिक अहंकारले गर्दा दैत्यहरूको विनाश भयो । नरसिंह भगवान्को आश्रयमा रहेका हुनाले अहिले देवताको बल र श्रीको अभिवृद्धि भएको छ । पहिले मणि माणिकले सुशोभित दैत्यका भवनहरू अहिले शून्यप्राय देखिन्छन् । दैत्यका स्त्रीहरू दासी बनेर देनाङ्गनाका शिरमा चमर हंकन्छन् । हाम्रा बगैंचाका कल्पवृक्षहरू अहिले स्वर्गको नन्दनवनमा पुगेका छन् ।

हे दैत्यहरू ! अब हामी सबै उनै विष्णुको शरणमा [illegible]औं र उनैको पूजा आराधना गरौं, तब मात्र हाम्रो कल्याण हुन्छ र हामी सुखी भएर बस्न पाउनेछौं । भगवान् विष्णु जो सर्वात्मा, सबका प्रकाशक र सबका कारण हुनुहुन्छ उनैको शरणमा जाऊँ, अर्को उपाय छैन । हे दैत्य हो ! विष्णु भन्दा ठूलो यस त्रिलोकीमा कोही छैन । उनै हुन् जगत्को उत्पत्ति, स्थिति र प्रलयकर्ता । अब तिमीहरू उनै विष्णु भगवान्को ध्यानमा लाग, एक क्षण पनि ध्यानबाट विरत नहोऊ । म पनि उनैको ध्यानमा लागेको छु । नारायण अजन्मा पुरुष हुनुहुन्छ । म सदा उनैको आश्रयमा रहेको छु र म नै हुँ नारायण ।

"ओं नमो नारायणाय" यो मन्त्र सब अर्थको सिद्धि गर्नेवाला छ । यस मन्त्रको जप र ध्यानले हरि हाम्रो हृदयमा स्फुरणरूपले प्रकट हुनुहुन्छ । हरि सबका आत्मा हुनुहुन्छ । पृथिवी हरि हो, यो सब जगत् पनि हरि हो, म पनि हरि हुँ, आकाश पनि हरि हो र सबको आत्मा पनि हरि नै हो । जो अविष्णु भएर विष्णुको पूजा गर्छन् तिनीहरू पूजाको फल पाउँदैनन् । जो विष्णु भएर विष्णुको पूजा गर्छन् तिनीहरू पूजाको उत्तम फल पाउँछन् । त्यसो हुनाले म सदा विष्णुरूप भएर स्थित हुन्छु । गरुडारूढ, सुवर्णका आभूषणले सुशोभित, शंख, चक्र, गदा, पद्मधारी चतुर्बाहु नारायण म नै हुँ । मेरो हातमा समुद्रमथन गर्दा निस्केको स्फुरणरूप ध्वनिसम्पन्न पाञ्चजन्य शंख विराजमान छ । त्यस्तै मेरा हातमा दैत्यदानवको नाशक रत्नखचित कौमोदकी गदा, महाप्रकाशरूप, साधुजनहितकारी सुदर्शनचक्र र कर्णिका कोशमा लीन ब्रह्मरूप भ्रमरले सुशोभित पद्म विराजमान छन् । मेरा हातमा अरू पनि दैत्यरूपी वृक्षको उच्छेदक कुठार र प्रलयकालको मेघसमान वाणको वृष्टि गर्न सक्ने दीप्तिमान् शार्ङ्ग धनु पनि विद्यमान छ । जसको शरीरमा पीतवर्ण वस्त्र सुशोभित छ र कण्ठमा वैजयन्ती माला र कौस्तुभ मणि विराजमान छन् । यस्ता विष्णुदेव म नै हुँ ।

पृथिवी मेरो चरण हो, आकाश शिर र तीन लोक मेरो शरीर हो । दश दिशा मेरो वक्षस्थल हो र म साक्षात् विष्णु हुँ । ब्रह्मा, इन्द्र, यमराज आदि नित्य मेरो स्तुति गर्छन् । म ईश्वर हुँ, मेरो दृष्टिलाई कोही सहन गर्न सक्दैनन् । तृण, काष्ठ, स्थावर र जङ्गम सर्वत्र म व्यापक छु । प्रकाशरूप, अजन्मा म त्रिलोकीको भयनाशकर्ता हुँ । यस्तो मेरो स्वरूपलाई नमस्कार छ ।

(३२) दैत्यकृत विष्णुपूजाबाट देवताहरूमा आश्चर्य

प्रल्हादले यसरी आफूलाई नारायणीकरण गरेर ध्यान गरे । फेरि पूजाको निमित्त मनमा विष्णुको चिन्तन गरेर धर्म, अर्थ, काम, मोक्षरूप चार शक्तिसम्पन्न चार हातमा शंख, चक्र, गदा, पद्म धारण गरेका शार्ङ्ग धनुर्धारी, श्यामवर्ण, सूर्य, चन्द्रसमान सुन्दर नेत्र भएका भगवान् विष्णुलाई पाद्य, अर्ध्य, स्नान, वस्त्र, भूषण, चन्दन, पुष्प धूप, दीप आदिले पूजा गरेर पेस्ता, खजूर, बदाम, मेवा आदि भक्ष्य, भोज्य, चोष्य र लेह्य चार प्रकारको भोजन गराए । फेरि आफूलाई समेत भगवान् विष्णुमा समर्पित गरेर परम भक्तको नमुना बने । जसरी यो मानसिक पूजा गरे त्यसरी नै बाहिर अन्तःपुरमा भगवान् विष्णुको मूर्ति राखेर पूजा गरे ।

दैत्यराज प्रल्हादले अरू दैत्यलाई पनि आफूले गरे जस्तै विष्णुपूजाको पद्धति सिकाए । अब त्यस दैत्यनगरीमा समस्त दैत्यहरू प्रल्हादले सिकाए बमोजिम विष्णु भगवान्को मानसिक र बाह्य पूजा गरेर कल्याणमूर्ति विष्णु भक्त बने । “यथा राजा तथा प्रजाः” भन्ने उक्ति सार्थक बन्यो । पहिले दुष्ट वृत्ति भएका देवद्वेषी दैत्यहरू अहिले रागद्वेष छोडीकन विष्णुभक्त बनेर देवताका साथ मैत्रीभाव राखने भए । यसरी दैत्यहरू विष्णुभक्त बनेर शान्तमूर्ति भएको कुरा देवलोकमा फैलियो । देवताहरूले आश्चर्य माने । यो कुरा देवताहरूलाई सह्य भएन र सबै मिली विष्णुकहाँ गएर विन्ती बिसाउदै भने - हे जनार्दन ! दैत्यहरूबाट आफ्नो स्वभाव विपरीत यस्तो भक्ति गरिनु शोभादायक भएन ।

(३३) प्रल्हादबाट विष्णुको स्तुति (प्रल्हादाष्टक)

देवताको पुकार सुनेर भगवान् माधव प्रकट भएर भन्नु भो - हे देवगण ! तिमीहरू शोक नगर । प्रल्हाद मेरा भक्त हुन् । यिनको यो अन्तिम जन्म हो । अब यिनले मोक्ष प्राप्त गर्नेछन् । जो पहिले गुणवान् थियो त्यो पछि गुणलाई त्यागेर द्वेष आदि दुर्गुणलाई ग्रहण गर्छ भने त्यो अनर्थरूप हुन्छ र जो पहिले गुणरहित अर्थात् दुर्गुणी थियो त्यो पछि सद्गुण ग्रहण गरेर शास्त्रमार्गमा चल्छ भने सुखदायक हुन्छ । प्रल्हादको विचित्र चेष्टा तिमीहरूको लागि पनि सुखदायक हुनेछ । अब तिमीहरू आआफ्ना स्थानमा जाओ । यति भनेर भगवान् अन्तर्धान हुनुभो, देवताहरू स्वस्वस्थानतिर लागे ।

यसरी प्रह्लाद मनसा, कर्मणा, वाचा भगवान्को भक्ति गर्दै गए । भक्तिले परम विवेक प्राप्त भयो र उनी विषयभोगबाट वैराग्यवान् भए । भोगको अभिलाषा त्यागेर चित्त निर्मल भयो तर समाधि प्राप्त हुन सकेको थिएन, त्यसैबेला प्रह्लादको वृत्तिलाई जानेर विष्णुदेव उनको पूजाकोठामा नै प्रकट हुनुभयो । प्रह्लादले गदगद् भएर प्रेमले भगवान्को विशेष पूजा गरेर आठ श्लोकले भगवान्को स्तुति गर्दै भने - त्रिलोकीमा सुन्दर मूर्ति भएका, सबैलाई धारण गर्ने, दुःखहर्ता, प्रकाशस्वरूप, अशरणको शरणदाता, अजन्मा हे अच्युत म हजूरको शरणमा छु । अनेक चरित्र धारण गर्ने, नीलोत्पलसमान श्यामरूप हे भगवन् म हजूरको शरणमा छु । निर्मलरूप,

कदलीस्तम्भवत् कोमलाङ्ग, श्वेतकमलवत् श्वेतशंखधारी हे भगवन् ! तपाईंको नाभिकमलमा भ्रमरारूप ब्रह्माजी स्थित भएर वेदध्वनिरूप ओम् शब्दको उच्चारण गरिरहन्छन्, हृदयकमलमा विराजमान हे जलेश्वर ! तपाईंको शरणमा छु । प्रकाशरूप तारागणवत् श्वेत नख भएका, चन्द्रमण्डलवत् हँसिलो मुख भएका, हृदयमणिका प्रकाशक, शरत्कालीन आकाशवत् निर्मल, विस्तृतरूप हे ईश्वर ! तपाईंको शरणमा छु । हे त्रिभुवनकमलिनी प्रकाशक चन्द्रमा ! हे मोहान्धकारनाशक सूर्य ! अजड, चिदात्मा, जगत् - कष्टनिवारक ईश्वर ! तिम्रो शरणमा छु । हे ईश्वर ! तपाईंको अङ्ग नूतनविकसित कमलपुष्पले विभूषित छ, स्वर्णवत् पीताम्बरधारी महासुन्दरस्वरूप ! तपाईंको शरणमा छु । लीलापूर्वक जगत्को सृष्टि-स्थितिप्रलयकर्ता, परमशक्तिसम्पन्न शंकर झैं दृढ देह भएका हे ईश्वर ! तपाईंको शरणमा छु । विद्युत् झैं प्रकाशरूप, सबलाई संहार गरेर जलमा बालकरूपले वटवृक्षमुनि वटपत्रमा शयन गर्ने हे ईश्वर ! तपाईंको शरणमा छु । हे देवतारूप कमलका प्रकाशक सूर्यमण्डल, दैत्यपुत्ररूप कमलिनीका विनाशक तुषाररूप तथा हृदयकमलका आश्रयभूत ईश्वर ! तपाईंको शरणमा छु ।

मूल संस्कृतको प्रह्लादाष्टक निम्न प्रकारको छ -

प्रह्लादाष्टकम्: -

प्रह्लाद उवाच ! (१)

त्रिभुवन भवनाभिरामकोशं सकलकलंकहरं परंप्रकाशम् ।
अशरणशरणं शरण्यमीशं हरिमजमच्युतमीश्वरं प्रपद्ये ॥

(२)

कुवलयदलनीलसन्निकाशं शरदमलाम्बरकोटरोपमानम् ।
भ्रमरतिमिरकज्जलाञ्जनाभं सरसिजचक्रगदाधरं प्रपद्ये ॥

(३)

विमलमलिकलापकोमलांगं सितदलपंकजकुड्मलाभशंखम् ।
श्रुतिरणितविरिञ्चिचञ्चरीकं स्वहृदयपद्मदलाश्रयं प्रपद्ये ॥

(४)

सितनखगणतारकावकीर्णं स्मितधवलाननपीबरेन्दुबिम्बम् ।
हृदयमणिमरीचिजालगङ्गं हरिशरदंबरमाततं प्रपद्ये ॥

(५)

अविरलकृतसृष्टिसर्वलीनं सततमजातमवर्धनं विशालम् ।
गुणशतजरठाभिजातदेहं तरुदलशायिनमर्भकं प्रपद्ये ॥

(६)

नवविकसितपद्मरेणुगौरं स्फुटकमलावपुषा विभूषिताङ्गम् ।
दिनशमसमयारुणाङ्गरागं कनकनिभाम्बरसुन्दरं प्रपद्ये ॥

(७)

दितिसुतनलिनीतुषारपातं सुरनलिनीसततोदितार्क बिम्बम् ।
कमलजनलिनीजलावपूरं हृदि नलिनीनिलयं विभुं प्रपद्ये ॥

(८)

त्रिभुवननलिनीसितारविन्दं तिमिरसमानविमोहदीपमग्र्यम् ।
स्फुटतरमजडं चिदात्मतत्त्वं जगदखिलार्तिहरं हरिं प्रपद्ये ॥

(३४) प्रह्लादकृत आत्मोपदेश

अनेक गुणगणसम्पन्न स्तुतिबाट प्रसन्न भएर भगवान्ले भन्नुभयो - हे दैत्यकुल शिरोमणि ! इच्छालागेको वर माग । प्रह्लादले भने - सबैलाई संकल्पित फल प्रदान गर्ने हे भगवन् ! मेरो निम्ति जुन उत्तम ठान्नुहुन्छ त्यही वर दिनुहोस् । श्री भगवान्बाट आज्ञा भयो - सकलभ्रमको शान्तिको लागि तिमीमा ब्रह्मविश्रान्तिपर्यवसायी विचार उदित होस् । यति भनेर भगवान् अन्तर्धान हुनुभयो । प्रह्लादले भगवान्लाई अन्तिम पुष्पाञ्जलि अर्पण गरे ।

प्रह्लाद पद्मासन बाँधेर विधिपूर्वक उत्तम शास्त्रको पाठ गर्न लागे । अनि निश्चिन्त भएर विचार गर्न लागे कि विष्णु भगवान्ले मलाई भन्नुभयो - तिमीलाई विवेक-विचार प्राप्तहोस् । अब संसार-समुद्र तर्नको लागि चांडै नै विचारपरायण हुन्छु । यस संसारमा जो बोल्छ त्यो म को हुँ ? असत्यरूप भएको हुनाले यो जगत् म होइन । जडरूप पवनद्वारा स्फुरित भएर विलय हुने यो देह म होइन । म शब्द, स्पर्श, रूप, रस र गन्ध केही पनि होइन र यिनका इन्द्रिय पनि म होइन । म यिनलाई जान्ने चैतन्यतत्त्व हुँ । सकल कलना-कलंकरहित र चित्तबाट पनि रहित म भित्र बाहिर सबको प्रकाशक चिन्मात्र तत्त्व हुँ र निःसंकल्प, निर्मल शान्तरूप हुँ । अनुभवस्वरूप मेरो सत्ताले मनको मननरूप शक्ति फुर्दछ । जस्तो सूर्यको तेजले मरुस्थलमा मृगतृष्णाको नदी फुर्छ त्यस्तै अनुभवसत्ताबाट सारा पदार्थ भास्तछन् । पदार्थको भाव-अभावमा सत्तासामान्य जस्ताको तस्तो रहन्छ जस्तो सूर्यको प्रतिबिम्बमा घट सत्य होस् वा असत्य होस् सूर्य जस्ताको तस्तो रहन्छन् ।

तीन लोकको भित्र जति पनि भूतगण छन् ती सब आत्मादेखि अभिन्न छन्, आत्मा नै हो ब्रह्मादेखि तृणपर्यन्त सबको प्रकाशक । यो अनुभवसत्तारूप आत्मा आद्यन्तरहित छ । स्थावर जङ्गम सकल जगत्को भित्र अनुभवरूप आत्मा नै स्थित छ । म नै हुँ अनुभवस्वरूप आत्मा । म नै द्रष्टा, दर्शन, दृश्य सर्वरूप हुँ । मेरा सहस्र नेत्र र सहस्र बाहु छन् । चिदाकाशरूप म नै सूर्यदेहले आकाशमा विचरण गर्छु र पवनदेहले आकाशमा बहन्छु । म नै सर्वसौभाग्यप्रदाता शंक, चक्र, गदा, पद्मधारी विष्णु हुँ । म नै दैत्यलाई भगाउने र नाश गर्ने हुँ । म नै हुँ नाभिकमलबाट उत्पन्न भएर निर्विकल्पसमाधिमा स्थित ब्रह्मा । मैले नै त्रिनेत्रको आकार लिएको छु, गौरी मेरी अर्धाङ्गिनी हुन् । म नै हुँ सकल जगत्को संहारकर्ता । म नै हुँ त्रिलोकीको पालनकर्ता इन्द्र । म नै हुँ कर्मानुसार फलप्रदाता ईश्वर ।

म तृण, लता र गुच्छमा रसरूपले स्थित छु । म नै हुँ लीलाको निमित्त जगदाडम्बरको विस्तारकर्ता । ममा सर्वकर्म-समर्पण गर्नाले शान्ति प्राप्त हुन्छ । म देखि भिन्न केही छैन । म नै सत्तास्वरूप आदर्श हुँ, सबै पदार्थ ममा नै प्रतिबिम्बित हुन्छन् । मेरो नै सत्ताले असत्य पदार्थ पनि सत्यरूपले भास्तछ । मदेखि भिन्न केही छैन । म नै हुँ पुष्पमा सुगन्ध, पत्रमा सुन्दरता र पुरुषमा अनुभव । स्थावर-जङ्गमरूप जो जगत् दृष्ट हुन्छ त्यो सब म नै हुँ । म नै हुँ जलमा रसशक्ति, अग्निमा उष्णता र बरफमा शीतलता । काष्ठमा अग्नि झैं म सर्वत्र व्यापक छु । म यति विशाल र महान् छु कि प्वालमा हात्ती न अटाए झैं म यो विशाल जगत्मा अटाउँदिन । म कोटी ब्रह्माण्डमा व्यापकरूपले रहेको छु र ब्रह्मलोकदेखि पर अनन्तरूपले रहेको छु ।

सूक्ष्म चैतन्यसत्तास्वरूप अधिष्ठानमा उत्पन्न नभैकन पनि यो द्वैतजगत् भासेको छ । वास्तवमा अधिष्ठान ब्रह्मसत्तादेखि भिन्न जगत्को सत्ता छैन । जब त्रिकालको अनुभव हुन्छ तब सर्वजगत् समरूपले भास्तछ । जब कल्पनाको अभाव हुन्छ तब समरूप आत्मा शेष रहन्छ । जसको इच्छा नष्ट भएको छ त्यो परम पदको अभ्यास गर्छ र उसलाई सर्वत्र आत्मतत्त्व नै भास्तछ । जो जगत्का पदार्थको इच्छा गर्छ त्यो हेयोपादेयरूप फाँसीले बाँधिन्छ र परम पद पाउन सक्तैन जस्तो पेटमा धागोले बाँधेको पक्षी आकाशमा उड्न सक्तैन । जो पुरुष संकल्पकलनासंयुक्त छ त्यो नेत्रहीन मनुष्य झैं विषयरूपी हिलोमा गाढिन्छ । भोगको इच्छा दु:खरूप हो । अज्ञानी मानिस भोगेच्छाले गर्दा अन्धकूपमा परेर नष्ट हुन्छन् । जसको मृगतृष्णारूप जगत्का पदार्थमा ग्रहण-त्यागको बुद्धि शान्त भएको छ त्यो नै बाँचेको ठहर्छ, अरू त नीच मृतकतुल्य हुन् । आत्मा अविच्छिन्न प्रकाशरूप हो । म सदा प्रकाशरूपले रहेको छु । मेरो आत्मालाई नमस्कार छ । हे चिदात्मदेव ! तिमीलाई पाएर सदाको लागि परमानन्दमा निमग्न भएको छु । विकल्पजालबाट मेरो उद्धार भयो । जो तिमी हौ त्यो म नै हुँ र जो म हुँ त्यो तिमी नै हौ, तिमीलाई नमस्कार छ । अब संकल्प-विकल्परूप कलना नष्ट भएर स्वच्छ हृदयाकाशमा अनन्तकल्याणकारी निर्मल आत्मतत्त्वरूप चन्द्रमाको उदय भएर परमशीतलता प्राप्त भएको छ ।

(३५) आत्मलाभ-चिन्तन

आत्मज्ञान प्राप्त गरेर प्रसन्न चित्त भएका प्रह्लादले भने - म नै हुँ ओङ्कारवाच्य तुरीय ब्रह्मस्वरूप । चैतन्यस्वरूप हो सत्य र असत्यदेखि अतीत आत्मा । सारा जगत्को भित्र आत्मा नै हो सबैको सत्तास्फूर्तिप्रदाता । आत्मा नै हो सूर्यादिको प्रकाशकर्ता, अग्नि आदिको उष्णताकर्ता र चन्द्रमामा शीतलताकर्ता । आत्मा नै हो सकल ऐन्द्रियक विषयको भोगकर्ता । म हुँ राजा झैं तटस्थरूपले रहेको निर्लेप आत्मा । म उभिएर पनि उभिएको छैन, बसेर पनि बसेको छैन, हिंडेर पनि हिंडेको छैन र व्यवहार गरेर पनि व्यवहारकर्ता होइन । म हुँ शान्त, निर्लिप्त आत्मा । पदार्थको उत्पत्ति र विनाशमा म समरूप ब्रह्म हुँ । ब्रह्मादेखि तृणपर्यन्त जगत्मा आत्मा नै ओत प्रोत भएर रहेको छ ।

सुख-दु:खका साथ सम्बन्ध देहको हुन्छ । यो देह चिरकालपर्यन्त रहोस् अथवा अहिले नै नष्ट होस् यसबाट मलाई लाभ हानि केही छेन । जस्तो दीपकको प्रभालाई डोरीले बाँध्न सकिँदैन त्यस्तै आत्मा कसैबाट पनि बाँधिदैन । शरीर टुक्रा टुक्रा होस् तै पनि आत्माको नाश हुँदैन । जस्तो घट फुटेमा दूध आदि पदार्थ रहँदैन तर आकाश जस्ताको तस्तै रहन्छ त्यस्तै देहनाश भए प्राणकला निक्लन्छ किन्तु आत्माको नाश हुँदैन ।

यतिका कालसम्म मलाई अज्ञानरूपी शत्रुले दु:ख दिएको थियो, अहिले मैले आफूलाई जानें, अब यो अज्ञानलाई चूर्ण गरिदिन्छु । यो शरीररूपी वृक्षमा अहंकाररूपी पिशाच बसेको थियो, यसलाई मैले परम बोधरूपी मन्त्रद्वारा धपाइसकें । अब म पवित्र भएको छु र पुष्पयुक्त वृक्ष झैं शोभायुक्त भएको छु । मेरो मोहयुक्त दृष्टि नष्ट भयो, सारा दु:ख नष्ट भए । मलाई विवेकरूपी धन प्राप्त भएको छ । म परम ईश्वररूप भएर स्थित भएको छु । जो जान्न योग्य थियो त्यो मैले जानें र जो देख्न योग्य थियो त्यो देखें । अब म त्यस पदमा प्राप्त भएको छु जसलाई पाएपछि फेरि पाउनयोग्य केही बाँकी रहँदैन । अब मैले आत्मतत्त्वलाई देखिसकें । विषयरूपी सर्प मबाट टाढा भयो । मेरो मोहरूपी कुहिरो नष्ट भयो र इच्छारूपी मृगतृष्णा शान्त भयो । अब म रागद्वेषरूपी धूलोले रहित भएर सबैतिरबाट निर्मल भएको छु । मैले उपशमरूपी वृक्षको शीतल छाहारीमा विश्राम लिएको छु ।

मैले विचारद्वारा सर्वोत्तम परमात्मदेवको ज्ञान पाएको छु । अधोगतिको कारण अहंकारलाई बिदा गरिदिइसकें । अहंकारवशात् स्वभावभूत सनातन आत्मब्रह्मको विस्मरण भएको थियो । अहिले विचारद्वारा त्यो नित्य सनातन स्वरूपको स्मरण भयो । हे आत्म देव ! तिमीलाई नमस्कार छ । तिमीलाई पाएर चित्तरूपी तरङ्ग शान्त भयो र म निर्मल मानसरोवरको हंस बन्न पाएँ । सकल-कलनारहित, सर्वदा उदित, सबैतिरबाट परिपूर्ण हे निष्कलङ्क आत्मदेव ! तिमीलाई नमस्कार छ । आत्मविचारद्वारा अज्ञानरूपी बादल हटेर गयो र चैतन्यरूप सूर्यको उदय भयो । मेरा भाव अभावरूप सारा क्रिया नष्ट भए र म शान्त स्वरूपमा स्थित भएको छु । म निर्भय, निरहंकार, निर्मनस्क, निस्पन्द शुद्धात्मा हुँ ।

(३६) प्रह्लादकृत आत्मस्तवन

दुर्लभ आत्मा प्राप्त भएको हुनाले हर्षले गदगद भएका प्रह्लाद आत्मदेवको स्तुति गर्दै भन्छन् - हे आत्मदेव ! तिमीलाई नमस्कार छ । सर्वपदातीत तिमी चिरकालमा मेरो स्मृतिपथमा आयौ, तिमीलाई पाएर मेरो कल्याण भयो । तिमीलाई देखेर सबैतिरबाट नमस्कार गर्छु र हृदयले तिमीलाई आलिंगन गर्छु । त्रिलोकीमा तिमीदेखि भिन्न अर्को बान्धब छैन । तिमी सबैतिरबाट सुखदायक छौ र तिमी नै संहारक र रक्षक पनि हौ । दिने र लिने पनि तिमी नै हौ । तिमीले आफ्नो सत्ताले विश्वलाई पूर्ण गरेका छौ र विश्वरूप पनि तिमी नै हौ । अब म सबैतिरबाट तिमीलाई नै देख्छु । सर्वत्र विद्यमान तिमी नित्यरूप हौ । अनेक जन्ममा तिम्रो र मेरो अन्तर

परेको थियो, अहिले तिमीलाई देखेको हुनाले मेरो कल्याण भयो । तिमी अत्यन्त निकट छौ र परम बान्धवरूप हौ - तिमीलाई नमस्कार छ ।

शंख, चक्र, गदा, पद्मधारी विष्णु र अर्धचन्द्रधारी सदाशिवरूप तिमीलाई नमस्कार छ । तिमी नै सहस्रनेत्र इन्द्र हौ र तिमी नै हौ सकल वेद विद्याको संबन्धयुक्त पद्मज ब्रह्मा । तिमीमा भेद छैन भने तिमी र हामीमा भेद कसरी हुने ? समुद्र र तरङ्गको झैं तिम्रो र मेरो अभेद संबन्ध छ । हे सर्वज्ञ आत्मदेव ! तिम्रो मायाले जन्मजन्मान्तरमा दुःखको मार्गमा घुमेको थिएँ । हे देवेश ! मैले अनन्त देश, लोक देखें तर कतैबाट पनि तृप्ति भएन । अहिले जहाँ हेर्छु तिमी देखि भिन्न केही देख्दिन । सर्वत्र आत्मदृष्टि प्राप्त भयो, अब केको इच्छा गरौं । श्रोत्रादि इन्द्रियमा जो शब्द स्पर्शादिको ग्रहण गर्ने शक्ति छ त्यो तिम्रो नै सत्ता हो । हे स्वच्छरूप निर्मल प्रकाश ! तिमी नै सूर्यरूपले प्रकट भएर लोकलाई प्रकाश गर्दछौ । तिम्रो नै सत्ताले चन्द्रमा शीतल भएका छन् । तिम्रै सत्ताले पृथिवी अडेको छ । तिम्रै सत्ताले देवगण आकाशमार्गमा विचरण गर्छन् । मेरो अहन्ता तिमीमा नै विलीन भयो । अब तिमी र ममा कुनै भेद छैन ।

यो देहयन्त्रमा म चेतनरूपले स्थित छु । देहसित मेरो कुनै संबन्ध छैन । अहिले मलाई आत्मलाभ भएको छ । चिरकालपछि अहिले उपशम पाप्त भयो । चिरकालतक संसार मार्गमा घुमदा घुमदा बल्ल अहिले विश्राम प्राप्त भएको छ । हे निर्दोष आत्मा ! तिमीमा स्थित भएको हुनाले मेरा रागद्वेष आदि दुर्गुण मेटिए । अब मेरो लागि बन्ध, मोक्ष, सम्पद्, विपद्, भाव, अभाव केही छैन । मेरा सर्वविकार शान्त भए । अब म समरूप समाधिमा स्थित हुन्छु ।

(३७) दैत्यपुरीको दुर्दशा

यसप्रकार आत्मचिन्तन गर्दागर्दै दैत्यराज प्रह्लाद निर्विकार निरालम्ब समाधिमा स्थित भए । उनको शरीर चित्रलिखित पर्वत झैं निश्चल रह्यो । धेरैकाल बित्यो, उनी समाधिबाट जागेनन् । दैत्यहरूले जगाउन निकै कोशिश गरे, तैपनि उनी जागेनन् । पाँचहजार वर्ष समाधिमा व्यतीत भयो तर पनि उनको शरीर पुष्ट नै थियो । प्रकाशमात्र स्वरूपमा रहँदा उनका सबै कलना नष्ट भए ।

राजा समाधिमा नै मस्त रहेकाले यता नगरमा भने राजभय भएन अर्थात् अराजकता फैलियो । बलवान्ले दुर्बललाई मारेर लुट्न थाले । रसातलमा राजमर्यादा रहेन । प्रजाहरू द्वेषपरायण भएर आफू आफूमा नै मारकाट गर्न थाले । अनेक उपद्रव मच्चियो । दैत्यपुरी उजाड भयो । दैत्यहरूले धेरै दुःख पाए ।

(३८) भगवान् विष्णुको चिन्ता

क्षीरसागरमा शेषशैयामा शयन गरेका भगवान् नारायण वर्षाकालको चतुर्मास बितेपछि जागा भएर जगत्को मर्यादाको बारेमा विचार गर्न लाग्नुभयो । भगवान्लाई अवगत भयो कि पातालमा प्रह्लाद पद्मासन बाँधेर समाधिमा रहेका छन् । राजमर्यादा नरहेको हुनाले दैत्यहरूको विनाश हुन

लाग्यो । दैत्य रहेनन् भने देवताहरू विरोध छोडेर आत्मपदमा स्थित हुनेछन् । यस्तो भएमा लोकमा शुभक्रिया नष्ट हुनेछन् । तपस्या यज्ञ यागादि पनि लुप्त हुनेछन् र सृष्टिको मर्यादा नै भंग हुनेछ । ईश्वरको नीति हो कि जगत्मा सबैले मर्यादामा रहेर आआफ्नो कर्म गरून् । त्यसकारण अब म रसातलमा गएर प्रह्लादलाई जगाऊँ र उनी जीवन्मुक्त भएर दैत्यको राज्यसञ्चालन गरून् ।

(३९) नारायण-वचनोपन्यास

यसप्रकार चिन्तन गरेर भगवान् विष्णु सपरिवार गरुडमा आरूढ भएर रसातमा पदार्पण गर्नुभो । उहाँलाई देखेर केही दैत्यहरू भागा भाग गरे । मुख्य मुख्य दैत्यलाई साथमा लिएर भगवान् प्रह्लादको निवासमा पाल्नु भयो । उनको समीपमा गएर भगवान्ले - हे महापुरुष ! जाग, जाग भनेर पाञ्चजन्य शंख बजाउनु भयो, फेरि कानको नजीकमा लगेर शंख बचाउनु भयो । शंखको महाशब्दबाट प्रह्लाद विस्तारै जागे । उनको शरीर जमीनमा लडचो । भगवान्ले विस्तारै उठाएर जाग जाग भन्नुभयो । ब्रह्मरन्ध्रमा अडेको प्राण विस्तारै शरीरमा प्रवेश गर्‍यो । चैतन्य चेत्योन्मुख भएर मनोभाव स्फुरित भयो । शरीरको नवद्वारमा प्राण अपानको सञ्चार हुन लाग्यो । नेत्र प्रफुल्लित भए । उनले संझे कि भगवान्ले मलाई जगाउनु भयो ।

त्रिलोकीका ईश्वर भगवान् विष्णुले प्रह्लादलाई संझाउँदै भन्नु भयो - हे साधु ! तिमी आफ्नो वैभवलाई संझ कि तिमी को हौ । असमयमा किन देहत्याग गर्ने इच्छा गर्छौ ? जो पुरुष ग्रहण र त्यागको संकल्पबाट रहित छ उसलाई भाव र अभावको कुनै प्रयोजन रहदैन । अब तिमी उठेर आफ्नो आचारमा सावधान होऊ, ईश्वरीय नीति अनुसार तिम्रो शरीर कल्पपर्यन्त रहनेछ, यो कुरा म जान्दछु । तिमी जीवन्मुक्त भएर राज्यसञ्चालन गर । कल्पको अन्तमा तिमी शरीरत्याग गरेर आफ्नो महिमामा स्थित हुनेछौ जस्तो घट फुटेपछि घटाकाश महाकाशमा प्राप्त हुन्छ । तिमीले निर्मल दृष्टि प्राप्त गरेका छौ । तिमीले लोकको पारावार देख्यौ । अब तिमी जीवन्मुक्त विलासी भएका छौ ।

हे साधु ! अहिले कल्पान्त भएको छैन । प्रलयकालका द्वादश सूर्य उदाएका छैनन् । त्रिलोकीलाई भस्म गर्ने उन्मत्त पवन बहेको छैन । पुष्कर आवर्तनामका मेघ गर्जेका छैनन् । मैले भूत प्राणीहरूलाई आफूमा लीन गरेको छैन, तब तिमी किन अकालमा शरीरत्याग गर्न खोज्छौ ? जो अज्ञानी छन्, जसको देहमा आत्माभिमान छ र जो अहं-मम-भावले व्याकुल छन् त्यस्ताले शरीर त्याग गर्नु राम्रो हुन्छ । जो यथार्थदर्शी ज्ञानवान् छन्, जसले संकल्प-विकल्परहित भएर चित्तलाई आत्मपदमा लगाएको छ, जो इष्ट-अनिष्ट-प्राप्तिमा राग-द्वेषरहित छन् त्यस्ता महापुरुषको बाँच्नु शोभादायक हुन्छ ।

(४०) प्रह्लाद-बोधन

भगवान्बाट आज्ञा भयो - हे साधु ! देहसित संबन्ध हुनुलाई बाँचनु र यो देह छोडेर देहान्तरमा प्राप्त हुनुलाई मर्नु भन्दछन् तर तिमी यी दुवै पक्षबाट मुक्त छौ । तिम्रो लागि मर्नु र

बाँचनु दुवै भ्रममात्र हो, यही कुरा देखाउन मर्नु र बाँचनु भन्ने कुरा गरेको हो । गुणवान्को बाँचनु श्रेष्ठ हो र मूर्खको मर्नु श्रेष्ठ हो । तिमी त न मर्नेवाला हौ र न बाँचनेवाला हौ । देह रहे पनि तिमी विदेह हौ । तिम्रो स्वरूप आकाशजस्तो छ । जस्तो आकाशमा नित्य वायु बहन्छ तर पनि आकाश निर्लेप नै रहन्छ, त्यस्तै तिमी देहमा निर्लेप रहन्छौ । तिमीबाट देह, इन्द्रिय, मन आदिको क्रिया हुन्छ, तिमी नै सबको कर्ता र सत्ताप्रदाता हौ र तिमी स्वरूपत: सदा अकर्ता हौ ।

तिमी अब जागा छौ, तिमीले वस्तुलाई जस्तोको तस्तो जानेका छौ । तिमी अस्ति र नास्ति दुवैको आत्मा हौ । यो परिच्छिन्न देह छ भन्ने कुरा अज्ञानीको निश्चय हो, यो दु:खको कारण हुन्छ । तिमी त सर्वप्रकारले सर्वात्मा, चेतन, प्रकाशरूप हौ । तिम्रो बुद्धि आत्मपरायण छ र तिमीलाई देह, अदेह, ग्रहण र त्यागको केही मतलब छैन । जो तत्त्वदर्शी छ उसलाई भावपदार्थ उदय होस् वा लीन होस् र प्रलयकालको वायु चलोस् तापनि चलायमान गर्न सक्तैनन् ।

जो विवेकी तत्त्ववेत्ता हो उसको संकल्प-भ्रम नष्ट भएर जान्छ । प्रबुद्ध पुरुष सबै क्रिया गरेर पनि अकर्ता पदमा प्राप्त हुन्छ । त्यो सबै कुरामा अकर्ता, अभोक्ता रहन्छ र जगत्को कुनै पनि पदार्थको इच्छा गर्दैन । कर्तृत्व र भोक्तृत्व शान्त भएपछि आत्मपद शेष रहन्छ । जसको यस्तो दृढ निश्चय हुन्छ त्यसलाई बुद्धिमान् र मुक्त पुरुष भन्दछन् । उसको ग्राह्य-ग्राहक भाव विनष्ट हुन्छ र ऊ सदा परमार्थसत्तामा स्थित रहन्छ । त्यो सुषुप्तवत् रहन्छ । उसको चित्तमा वासना छैन । ऊ निर्वासनिक भएर अर्धसुषुप्तवत् चेष्टा गर्छ तर सर्वत्र आत्मदृष्टि बनिरहन्छ । जसको आत्मविषयिणी बुद्धि छ त्यो सुख र दु:खमा हर्षित र शोकवान् हुँदैन र एकरस आत्मपदमा स्थित हुन्छ । हे पुत्र ! तिमी परम पदमा प्राप्त भएका छौ । तिम्रो यो देह ब्रह्माको एक दिनसम्म रहनेछ र तिमी यस राज्यलक्ष्मीलाई भोगेर अन्तमा अच्युत परम पदमा प्राप्त हुनेछौ ।

(४१) प्रह्लादाभिषेक

समाधिबाट जागेका प्रह्लादले भगवान्का मुखारविन्दबाट बोधमय वाणी सुनेर चर्मचक्षुले बाहिर हेर्दा दिव्यमूर्ति शंख, चक्र, गदा, पद्मधारी नारायणलाई देखेर आफूलाई कल्याण भएको ठाने । उनले सुमेरुपर्वतका मणि माणिक्य आदि राजोचित उत्तम सामग्रीले भगवान्को पूजा गरे । शंख, चक्र, गदा, पद्म आदि शस्त्रको, गरुडको, देवता र विद्याधरको समेत पूजा गरे । यसरी परिवारसहित भएर आत्मस्वरूप भगवान्लाई हृदयमा धारण गरेर दैत्यराजबाट पूजा आरति भयो । अनि भगवान्बाट प्रह्लादलाई आज्ञा भयो - हे दैत्येश्वर ! उठ र सिंहासनमा बस तिमीलाई आफ्नै हातले अभिषेक गर्छु र पाञ्चजन्य शंख बजाउँछु । शंखध्वनि सुनेर सबै सिद्ध र देवताहरू आएर तिमीलाई मंगलमय उपहार चढाएर स्वागत गर्नेछन् ।

सिंहासनमा विराजमान प्रह्लादलाई राज्याभिषेक गरेर भगवान्बाट आज्ञा भयो - हे निष्पाप दैत्यराज ! जहाँसम्म सुमेरु पर्वतलाई धारणा गर्ने पृथिवी र सूर्य, चन्द्र रहन्छन् त्यहाँसम्म राज्यको भोग गर र प्रजाको पालन गर, इष्टानिष्टमा समबुद्धि होऊ, वीतराग एवं क्रोधवर्जित भएर राज्य गर । तिम्रो पूर्ण भूमिका प्राप्त भएको छ । अब तिमी पुन: बन्धनमा पर्ने छैनौ । अब म धेरै के

उपदेश गरौं ? तिमीलाई सब कुरा अवगत भइसक्यो । अब दैत्यको रगत पृथिवीमा पर्ने छैन र देवताहरूका साथ विरोध हुनेछैन । आजको दिनबाट देवता र दैत्यको संग्राम समाप्त भयो । तिम्रो हृदयबाट मोहान्धकार नष्ट भएर गयो र प्रकाशरूपी लक्ष्मीको उदय भयो । अब अनन्त विलाससहित राजलक्ष्मीको भोग गर्दै आत्मपदमा स्थित होऊ ।

(४२) प्रह्लाद-व्यवस्था

यसरी प्रह्लादलाई उपदेश गरेर भगवान् विष्णु सपरिवार अन्तर्धान हुनुभयो । प्रह्लादले विचारद्वारा ब्रह्मज्ञान प्राप्त गरे । पापी मनुष्य पनि विचारद्वारा आत्मपरायण हुन्छ भने शीघ्र नै परम पद प्राप्त गर्छ । विचारद्वारा उत्पन्न ज्ञानबाट अज्ञान नष्ट हुन्छ र अज्ञान नष्ट भए त्यसको कार्य पाप पनि नष्ट भइहाल्छ, “छिन्ने मूले नैव शाखा नपत्रम्” भने झैं मूल अज्ञान नष्ट भएपछि त्यसका हाँगा विंगा रहँदैनन् । पाप अज्ञानको कार्य भएको हुनाले अज्ञानरूप हो । जब विचारद्वारा ज्ञानोत्पत्ति हुन्छ तब पाप नष्ट भइहाल्छ । त्यसकारण, हे राम ! तिमी पनि प्रह्लादले झैं विचारलाई कहिले पनि त्याग नगर । प्रह्लाद झैं विचारपरायण भएपछि अनेक जन्मका सम्पूर्ण पाप नष्ट हुन्छन्, यसमा संशय छैन ।

रामले सोधे - हे गुरूजी ! प्रह्लादको मन ता परम पदमा लागेको थियो भने पाञ्चजन्यको शब्दबाट विष्णुले उनलाई कसरी जगाए ? यसको उत्तरमा बसिष्ठबाट आज्ञा भयो - हे रामजी ! लोकमा मुक्ति दुई प्रकारको हुन्छ - (१) सदेहमुक्ति र (२) विदेहमुक्ति । जसको बुद्धि देहादिमा आसक्त छैन, जसको ग्रहण र त्यागको इच्छा छैन र जो निरहंकार भएर चेष्टा गर्छ त्यसलाई तिमी सदेहमुक्त भनी जान । जसको देहादि सब नष्ट भयो, फेरि जन्म-मरण छैन र जो अदृश्य परम पदमा प्राप्त भएको छ त्यसलाई विदेहमुक्त भनी जान । अज्ञानीको वासना कच्चा बीज जस्तो हो जसबाट जन्म-मरणरूपी अंकुर पलाउँछ । ज्ञानवान् जीवन्मुक्त पुरुषको वासना भुटेको बीज जस्तो हो जसबाट जन्मरूपी अंकुर पैदा हुँदैन । विदेहमुक्तको वासनाको अंकुर देखिंदैन । जीवन्मुक्त पुरुषको हृदयमा शुद्ध वासना रहन्छ जो नित्य आत्मध्यान परायण हुन्छ । जीवन्मुक्त पुरुष जाग्रत्मा पनि सुषुप्त झैं शान्त रहन्छ । हजार वर्ष बिते पनि यदि हृदयमा शुद्ध वासना छ भने त्यो समाधिबाट जाग्छ तापनि त्यो जीवन्मुक्त हो ।

प्रह्लादको हृदयमा शुद्ध वासना थियो, त्यसो हुनाले विष्णुको पाञ्चजन्य शंखको शब्दबाट उनी जागे । विष्णु सब भूतको आत्मा हुनुहुन्छ, उहाँ सर्वज्ञ र सबको कारण हुनुहुन्छ । उहाँमा जस्तो इच्छा फुर्छ तत्काल त्यस्तै बनिहाल्छ । प्रह्लाद जागून् भनेर विष्णुले चिन्तना गर्नुभो तब प्रह्लाद जागे । विष्णु र आत्मामा भेद छैन । आत्माको दर्शन भए विष्णुको दर्शन हुन्छ, विष्णुको दर्शन भए आत्माको दर्शन हुन्छ । हे राम ! आत्मालाई देख्नको लागि तिमी पनि यही दृष्टिलाई अवलम्बन गर । तिमी विराट्रूप हौ - यस्तो दृष्टिबाट शीघ्र नै आत्मपद प्राप्त हुन्छ । विष्णुरूप आत्माको प्रसन्नताबाट बुद्धिमान्लाई भावरूप मायाले स्पर्श गर्न सक्तैन । आत्माको इच्छाबाट नै संसारको माया धनीभूत हुन्छ र आत्माको इच्छाबाट नै निवृत्त पनि हुन्छ । जस्तो वायुबाट अग्निको

ज्वाला बढ्छ र वायुबाट नै नष्ट पनि हुन्छ त्यस्तै आत्मरूप ईश्वरको इच्छाबाट संसारको माया बढ्छ र ईश्वरको इच्छाबाट नै निवृत्त पनि हुन्छ ।

(४३) प्रह्लाद - विश्रान्ति

रामले प्रश्न गर्दै भने - हे गुरुवर ! पुरुषार्थबाट नै सब कुरा सिद्ध हुन्छ भन्ने आज्ञा भयो, त्यसो भए प्रह्लादलाई आफ्नै पुरुषार्थबाट ज्ञान किन भएन र विष्णुको वरदानबाट ज्ञान प्राप्त भयो ? यसको समाधान गर्दै गुरु वसिष्ठबाट आज्ञा भयो - हे राघव ! प्रह्लादलाई जो कुछ प्राप्त भयो त्यो पुरुषार्थबाट नै प्राप्त भएको हो । पुरुषार्थविना केही पनि प्राप्त हुँदैन । विष्णु भगवान्ले वर दिएको पनि आफूले नै आफूलाई वर दिएको हो किनकि विष्णु भगवान् र आफूमा कुनै भेद छैन । जस्तो तिल र तेलमा भेद छैन त्यस्तो विष्णु र आत्मामा भेद छैन । जो विष्णु हो त्यो आत्मा हो र जो आत्मा हो त्यो विष्णु हो । जस्तो विटपी र पादप यौटै वृक्षको नाम हो त्यस्तो विष्णु र आत्मा यौटै वस्तुको नाम हो । प्रह्लादले जो आफ्नो प्रेमशक्तिलाई विष्णुभक्तिमा लगाएका थिए त्यो आत्मशक्तिले नै लगाएको हो । प्रह्लादले आफूबाट आफैंले वर पाएका हुन् र आफूले नै विचार गरेर मनलाई जितेका हुन् । मानिस कदाचित् आत्मशक्तिबाट नै आत्मामा जाग्दछ र कदाचित् विष्णुशक्तिद्वारा जाग्दछ, कुरा यौटै हो ।

हे रामजी ! प्रह्लाद आफनै विचारद्वारा ज्ञानी भएका हुन् । आफ्नो पुरुषार्थद्वारा उत्पन्न विचार नै हो आत्मसाक्षात्कारमा मुख्य कारण र वर आदि हो गौण कारण । त्यसकारण, हे राम ! तिमी मुख्य कारणको आश्रय लेऊ । यदि जनार्दनले पुरुषं-प्रयत्नविना नै मुक्ति दिने हो भने मृग, पक्षीहरूलाई पनि दर्शन दिएर किन उद्धार गर्दैनन् ? गुरुले पनि पुरुषार्थ विना नै उद्धार गर्ने हो भने अज्ञानी, अविचारी ऊँट, बयल आदि पशुलाई किन उद्धार गर्दैनन् ? यसकारण बुद्धिमान् मानिस आफनै पुरुषार्थबाट मनलाई जितेर परम सिद्धता प्राप्त गर्छन् । उनीहरू वैराग्य र अभ्यासद्वारा इन्द्रियरूपी शत्रुलाई वशमा राखेर ज्ञान प्राप्त गर्छन् । पुरुषार्थी मानिस ज्ञानको लागि विष्णु अथवा गुरुको अपेक्षा राख्तैनन् । हे राम ! आफूले आफ्नो आराधना र अर्चना गर, आफूले आफूलाई हेर र आफू आफूमा स्थित होऊ ।

शास्त्रविचाररहित मूर्ख पुरुषको उद्धारको लागि विष्णुभुक्तिको कल्पना गरेको छ र त्यसभन्दा पहिले गौणपूजाको क्रम देखाएको छ किन भने उसले इन्द्रियलाई वश गरेको छैन । जसका इन्द्रिय वशीभूत छन् उसका लागि भेदपूजाको कुनै प्रयोजन छैन । विचार र उपशम विना विष्णुभक्ति सिद्ध हुँदैन । जब विचार र उपशम प्राप्त भयो तब कमल र पाषाणको प्रयोजन छैन । यसकारण विचार-संयुक्त भएर आत्माको आराधना गर । आत्मा सिद्ध भएपछि तिमी सिद्ध हुनेछौ । जसले आत्मसिद्धि प्राप्त गरेको छैन त्यो मानिस होइन, वनगर्दभ हो ।

जो बाहिर विष्णुको अगाडि प्रार्थना गर्छ त्यो आफनै चित्तको अगाडि किन प्रार्थना गर्दैन ? सबै जीवको भित्र विष्णु भगवान् स्थित हुनुहुन्छ, त्यसलाई त्यागेर जो बाह्य विष्णुको आराधनामा तत्पर हुन्छन् ती बुद्धिमान् होइनन् । हृदयरूपी गुफामा जो चेतनतत्त्व स्थित छ त्यो ईश्वरको मुख्य

स्वरूप हो र जो शंख, चक्र, गदा, पद्मधारी ईश्वर छन् त्यो आत्माको गौण स्वरूप हो। जो मुख्यलाई छोडेर गौणतिर लाग्छन् ती विद्यमान अमृतलाई त्यागेर साधनद्वारा सिद्ध हुने कुरातिर यत्नवान् हुन्छन् ।

जो बाह्य पूजामा निरत छन् तिनीहरूको पनि क्रमले चित्त निर्मल हुन्छ र अनिमात्र अभ्यास र वैराग्यबाट आत्मसिद्धि प्राप्त हुन्छ । नित्य अभ्यास गर्नाले चित्त निर्मल हुन्छ र आत्मफलभागी बन्छ । जस्तो रोपेको बीज समय पाएर फल दिन्छ त्यस्तो चित्त निर्मल भएपछि अभ्यास र वैराग्यद्वारा आत्मफल प्राप्त हुन्छ । विष्णुपूजा पनि यौटा निमित्त मात्र हो, अभ्यास विना आत्मसिद्धि हुँदैन ।

मनोनिग्रह नै मुख्य बीज हो । ब्रह्मा, विष्णु र महेश्वरको चिरकालपर्यन्त पूजा गरे तापनि मनको उपशम भएको छैन र विचारपरायण भएको छैन भने देवता कृपालु भए तापनि उसलाई संसार-समुद्रबाट तार्न सक्तैनन् । इन्द्रियबाट संसारका पदार्थको त्याग गर, तबमात्र जन्मको अभाव हुन्छ । विषयको चिन्ताले रहित भएर आत्मसुखमा स्थित होऊ । साररूप जो सत्तामात्र तत्त्व छ उसको आश्रय लिएर मनोरूप समुद्रको पार होऊ ।

(४४) गाधिवृत्तान्त (गाधि चाण्डाल भएर राजा हुनु)

वसिष्ठले भन्नुभयो, हे राम ! संसार नाम गरेकी माया अनन्त छ । जब चित्त वशीभूत हुन्छ तबमात्र यसको निवृत्ति हुन्छ । यो दृश्य जगत् मायामात्र हो र भ्रमले सत्य जस्तो भएर भास्तछ । यस बारे यौटा पूर्व इतिहास सुन ।

यस पृथिवीमा रत्न आदि वैभवले सम्पन्न कोशल नामको देश छ त्यहाँ एक गाधि नाम गरेका वेदज्ञ ब्राह्मण बस्तथे । एक समय तिनी वनमा गएर रमणीय स्वच्छ जलाशयमा आकण्ठ पानीमा खडा रेहर तपस्या गर्थे । यस्तो कठिन तपस्या गर्दा आठ महिना बितेपछि एक दिन भगवान् विष्णुले प्रत्यक्ष दर्शन दिएर भन्नुभयो - हे ब्राह्मण ! पानीबाट बाहिर आऊ र ईच्छित वर माग । भगवान्को प्रत्यक्ष दर्शन पाउँदा अत्यन्त प्रसन्नचित्त भएका गाधिले नतमस्तक भईकन नमस्कार गरेर बिन्ती गरे - हे भगवन् ! हजूरको आश्चर्यकारी माया देखन पाऊँ । हे ब्राह्मण ! तिमीले मेरो माया देखनेछौ र त्यसलाई त्यागनेछौ पनि, यति आज्ञा गरेर भगवान् अन्तर्धान हुनुभयो ।

भगवान्को माया कहिले देखन पाउँला भन्ने कुरा मनमा लिएर गाधिब्राह्मण कर्म गर्दै रहेका थिए । एकदिन उनी स्नान गर्न तलाउमा पसे । डुबुल्की मारेर जलभित्र मनले अघमर्षण मन्त्र जपतै थिए । अकस्मात् मन्त्र विर्सेर उनको मन विपरीत भावमा पुग्यो । घरमा पुगेर उनले आफूलाई मृत अवस्थामा देखे । उनका परिवार र बन्धुवर्ग शोकग्रस्त भएर रोइरहेका थिए । एकछिन पछि बान्धवहरूले शवलाई स्मशानमा लगेर जलाई दिए । उनको और्ध्वदेहिक क्रिया पनि सम्पन्न भयो । त्यसपछि उनी हूणदेशमा चाण्डालीको गर्भबाट जन्मिए । क्रमशः बाल्य अवस्था बितेर यौवन अवस्था प्राप्त भयो । एक चाण्डालकन्याका साथ विवाह भयो । यसरी उनी सपरिवार

यौटा छाप्रोमा बस्तथे । शिकार खेलेर जीविका गर्थे । एकपटक त्यस देशमा ठूलो दुर्भिक्ष (अनिकाल) पऱ्यो । सबैजना त्यो ठाउँ छोडेर अन्यत्र जान थाले । तिनी पनि एक्लै त्यहाँबाट हिंडे । जाँदा जाँदा कीरदेशमा पुगे । त्यहाँ राजा मरेका रहेछन् । अर्को राजा बनाउन हात्तीलाई सिंगारेर छोडने, अनि त्यस हात्तीले जसलाई उठाएर शिरमा राख्छ त्यसलाई राजा बनाउने भन्ने प्रथा त्यस देशमा रहेछ । तदर्थ हात्ती छोडेको रहेछ । सडकको दायाँ वायाँ मानिसहरू तमासा हेर्न बसेका थिए । घुमदै जाँदा त्यो चाण्डाल पनि सडकको किनारामा उभियो । हात्ती घुम्दै आएर त्यही चाण्डाललाई सूँडले पक्रेर शिरमा राख्यो । तुरुन्त नगरा र अन्य बाजाहरू बजे । सुरक्षासेना आएर नयाँ राजालाई सलामी दिए । जयजयकार शब्द गर्दै उनलाई राजदरबारको अन्तःपुरमा पुऱ्याइयो । रानीहरूले अङ्कमाल गरे । सुसारेहरूले उनलाई स्नान गराएर वस्त्र र आभूषण पहिराए । यसरी गाधिले आफूलाई चाण्डाल भएर कीरदेशको राजा भएको पाए । त्यहाँ उनको नाम गवल थियो ।

(४५) राजप्रध्वंसवर्णन

यसरी राजा भएर त्यो चाण्डाल आठ वर्षपर्यन्त सुखी जीवन बिताएर रहेको थियो । त्यो प्रतिदिन बिहान दरवारको चौरमा घुमथ्यो । एकदिन उसलाई यस्तो विचार आयो कि राजकीय पोशाक छोडेर पूर्ववत् चाण्डालको वेषमा भ्रमण गरौं । यस्तो विचार गरेर चाण्डालको वेषमा चौरमा भ्रमण गरिरहेको बेलामा अनिकालले गर्दा देश छोडेर आएको, तारको बाजा हातमा लिएको छिमेकी चाण्डालले देख्यो र भन्यो – ए भाई ! तिमी त सुखी भएर बसेका देखिन्छौ । तिमी गाउन राम्रो जान्दथ्यौ । तिम्रो स्वर कोइलीको समान अत्यन्त मीठो थियो । राजालाई मीठो गाना सुनायौ होला, राजाहरू गानप्रिय हुन्छन् । गीत सुनेर प्रसन्न भएका राजाबाट धन दौलत र घर पाएर सुखी भएका हौ कि अथवा गीतबाट प्रसन्न भएका कुनै धनाढ्य व्यक्तिबाट धन, सम्पत्ति र घर पाएर सुखी भएका हौ ? राजाले उसलाई चूप रहन संकेत गरे । उसले संकेत बुझेन र झन अगाडि सरेर राजालाई अंकमाल गर्न खोज्यो । यसबाट रहस्य खुल्यो । यो राजा चाण्डाल पो रहेछ भन्ने कुरा रानी, सुसारे र मन्त्री सबैले थाहा पाए । जब ऊ अन्तःपुरमा गएर बस्यो तब सबैजना उसको स्पर्शबाट डराएर पर पर भागे । दरवारका पण्डितले भने - अस्पृश्य चाण्डालको स्पर्शबाट हाम्रो शरीर अपवित्र भयो, यसको प्रायश्चित्त शरीर त्याग गर्नु बाहेक अर्को छैन । त्यस पछि सबैजना चितामा प्रवेश गरेर शरीर त्याग्न थाले । चाण्डाल राजाले विचार गऱ्यो कि मेरो कारणबाट सबैको ज्यान जाने भयो भने मैले पनि बाँचनु ठीक छैन । तब ऊ पनि चितामा प्रवेश गऱ्यो । जब चिताको आगोले च्वास्स पोलेथ्यो, उता गाधि ब्राह्मण पानीबाट फुत्त बाहिर निक्लेर तीरमा गएर हेर्छन् त पूजाका पात्र, लत्ता कपडा जस्ताका तस्तै छन् । अझै उनलाई राम्ररी होश आएको छैन । वाल्मीकिले भने कि वसिष्ठजीले यति भनेपछि सूर्यास्तको समय भएकोले सभा विसर्जित भयो । नमस्कारपूर्वक सबै आ आफ्ना स्थानतिर लागे ।

(४६) गाधि बोधप्राप्ति

वसिष्ठले भन्नुभयो, हे रामजी ! यो सब भ्रम गाधि ब्राह्मणले दुई मुहूर्तमा देखेका थिए । मद्यपायीलाई नशाले छोडेपछि होश आए झैं आधाघडी बितेपछि मात्र उनी होशमा आए । पानीबाट निक्लेर उनले विचार गरे कि पानीमा स्नान गर्न पसेको मलाई यत्रो भ्रम भयो । यो भ्रम भगवान्‌को माया हो भन्ने कुरा उनलाई याद भएन । सन्ध्या आदि नित्य कर्म सकेर उनी आश्रममा गएर बसे । केही कालपछि उनको आश्रममा एकजना भोजनार्थी थकित दुर्बल ब्राह्मण अतिथिको रूपमा आए । गाधिले स्वागत सत्कारक पूर्वक अतिथिलाई भोजन गराए । केही दिन ती ब्राह्मण त्यहीं बसे । दुवै जना संगै स्नान सन्ध्या आदि कार्य गर्थे । एकदिन रातमा सुतेको बेलामा ती दुई जनामा कुराको प्रसंग चल्यो । गाधिले सोधे - हे ब्राह्मण ! तपाईंको शरीर किन दुर्बल र थकित छ ? अतिथिले भने - एक समय उत्तर दिशा तिर घुमदै घुमदै म कीर देशमा पुगेर केही दिन आराम साथ बसेको थिएँ । त्यस देशमा दया धर्म कम भएको देखेर एकजना सित सोधें कि किन यहाँ दया धर्म कम हुँदै गएको छ ? जबाफमा उनले भने - यहाँ बाह्र वर्ष पहिले एक जना चाण्डालले आठ वर्ष पर्यन्त राज्य गरेर अन्तमा उनी चितामा जलेर मरे । त्यस पापले गर्दा दया धर्म कम हुँदै गएको छ । त्यो कुरा सुनेर आफ्नो शरीर पनि त्यस पापको संसर्गले दूषित भएको ठानेर त्यसको प्रायश्चित्तको लागि प्रयाग आदि धेरै तीर्थहरूको भ्रमण गरेर तीन पटक कृच्छ्रचान्द्रायण व्रत गरें । कृष्ण पक्षको प्रतिपादादेखि प्रति दिन क्रमशः एक एक गाँस घटाउँदै लगेर अमावास्याको दिनमा पुरै निराहार रहने र शुक्ल प्रतिपदा देखि पूर्णिमासम्म एक एक गाँस बढाउँदै लगेपछि एक महिनामा एक कृच्छ्रचान्द्रायण हुन्छ । त्यसैले गर्दा मेरो शरीर दुर्बल र थकित भएको हो ।

हे रामजी ! यो कुरा सुन्दा गाधिलाई बडो आश्चर्य लाग्यो र विचार गरे कि भ्रमले देखेको कुरा कसरी सत्य हुन गयो ? अब आफैं त्यस देशमा गएर हेर्छु जहाँ चाण्डाल शरीरले जन्म भएको थियो । यस्तो विचार गरेर गाधि ब्राह्मण हूणदेशि तिर लागे । जाँदा जाँदा चाण्डालको गाउँमा पुगेर हेर्छन् ता आफूले अनुभव गरेका स्थान र वस्तुहरू जस्ताको तस्तो देखे । ग्रामबासीबाट पनि सुने कि त्यहाँ एक श्यामवर्णमाला कटंजलनामक एक चाण्डाल सपरिवार वस्तथ्यो वृद्धावस्था हुँदा त्यहाँ अनिकाल पर्दा उ एकलै निक्लेर गयो र आठ वर्षपर्यन्त कीरदेशको राजा भएर अन्तमा चितामा जलेर मऱ्यो । त्यसपछि कीरदेशमा गएर हेर्छन् ता त्यहाँ आफू राजा भएर बसेको दरबार, चउर, नगर, बजार आदि यथावत् विद्यमान छन् । नगरबासीबाट पनि सुने कि यहाँ आठ वर्षसम्म एक चाण्डाल राजा भए । अन्तमा उनी चितामा जलेर मरे ।

यस्तो सुनेर गाधिब्राह्मणलाई झन आश्चर्य लाग्यो र मनमनै भने कि कहाँ पानीमा डुबेको अल्प समय, कहाँ यति लामो अवस्थाको भोग ? अब उनलाई पूर्वस्मृति भयो कि भगवान्‌सित माया हेर्ने वर मागेको थिएँ, त्यसैको प्रतिफल यत्रो आश्चर्यकारी घटना बन्न गयो । स्वप्न झैं भ्रमले देखेको कुरा कसरी सत्य हुन गयो ? यो संशयको निवारणको लागि उनी एकान्तमा गएर विष्णुको ध्यान गर्न लागे । डेढ वर्ष तपस्या गरेपछि भगवान्‌ले प्रत्यक्ष दर्शन दिएर भन्नुभो - हे ब्राह्मण ! मेरो आश्चर्यकारी माया देख्यौ, अब के इच्छा छ भन । ब्राह्मणले भने - हे भगवन् ! यो कालको विषमता कसरी भयो ? दुई मुहूर्त पानीमा रहँदा यति लामो अवस्थाको भोग कसरी भयो ?

भगवान्बाट आज्ञा भयो - हे ब्राह्मण ! यो सारा चित्तको भ्रम हो । जसको तत्त्वज्ञान भएको छैन उसको चित्तमा यस्तो भ्रम उत्पन्न हुन्छ । भ्रम यो हो कि जति पनि जगत् प्रत्यक्ष देखिन्छ त्यो तिम्रो मनभित्र स्थित छ । जस्तो बीजको भित्र फल, फूल, पात, हाँगा सब रहेका हुन्छन्, त्यस्तै पृथिवी आदि पञ्च भूत र विशाल जगत् चित्तमा स्थित छ । बीजमा वृक्षको विस्तार दृष्टिगोचर हुँदैन त्यस्तै चित्त जब ज्ञानस्वरूप आत्मामा लीन हुन्छ तब जगत् भास्तैन, जब चित्त स्पन्दित हुन्छ तव विस्तारयुक्त जगत् भास्तछ । हे ब्राह्मण ! जो कुछ जगत् देखिन्छ त्यो सब चित्तको भ्रम हो । जस्तो कुलाल घट आदि अनेक पात्र उत्पन्न गर्छ त्यस्तो वासनायुक्त चित्त अनेक भ्रमरूप पदार्थ उत्पन्न गर्छ । जसको चित्त वासनारहित छ त्यसको चित्तबाट कुनै भ्रमरूप पदार्थ उत्पन्न हुँदैनन् । त्यसकारण चित्तलाई आत्मामा स्थित गर ।

हे ब्राह्मण ! यस चित्तमा कोटी ब्रह्माण्ड स्थित छन् । तिम्रो चित्तमा जो चाण्डाल अवस्थाको अनुभव भयो, यही त आश्चर्यरूप माया हो । यो जो जगत् विद्यमान देखिन्छ त्यो पनि माया हो । चाण्डाल हुनु, कुटुम्बी हुनु, राजा हुनु, चितामा जलनु, अतिथि ब्राह्मणसंग भेट हुनु, फेरि गएर त्यो स्थान प्रत्यक्ष देखनु इत्यादि सब मायामात्र हो । जस्तो स्वप्नमा अनेक पदार्थ भास्तछन्, मदिराको नशा लागेको मानिस सब पदार्थ घुमेको देख्छ, नौकामा वस्ता तटको वृक्ष घुमेको भान हुन्छ त्यस्तै यो जगत् पनि भ्रमले भास्तछ । चित्त आत्मपदमा स्थित भएपछि जगद्-भ्रम नष्ट हुन्छ । जस्तो पत्र, फूल, फल र हाँगा काटेर मात्र वृक्ष नष्ट हुँदैन, जब मूल काटिन्छ तबमात्र वृक्ष नष्ट हुन्छ त्यस्तो जगद्-भ्रमको मूल चित्त नष्ट भएपछि मात्र जगद्भ्रम निवृत्त हुन्छ ।

चित्तनाशको उपाय यो हो कि चैतन्यको चेत्यतिर उन्मुख हुनु चित्त हो र यही जगद्भ्रमको मूल हो । जब चैतन्य चेत्य (दृश्य) को स्फुरणबाट रहित हुन्छ तब चित्तको नाश हुन्छ र जगद्भ्रम पनि मेटिन्छ । त्यसकारण, हे साधु ! मायामात्र यो भ्रमलाई त्यागेर आफ्नो ब्राह्मणोचित कर्म गर । यति भनेर भगवान् खडा हुनुभयो । गाधिले र अरू ऋषीश्वरहरूले पनि भगवान्को पूजा गरे । भगवान् अन्तर्धान हुनुभयो ।

फेरि पनि गाधिले चाण्डाल अवस्थाको सबै घटनाको अवलोकन गरेर आएर एकान्तमा गएर भगवान्को आराधना गरे । भगवान्को प्रत्यक्ष दर्शन मिल्यो र प्रश्न गरे । हे भगवन् ! जलभित्र रहेको अल्प समयमा चाण्डाल अवस्थाको लामो समयको घटना कसरी घट्यो, यो संशय दूर गरिपाऊँ । भगवान्बाट आज्ञा भयो - हे ब्राह्मण ! चाण्डालअवस्थाको र राजा भएको आदि सम्पूर्ण घटना चित्तमा फुरेको हो, त्यसलाई भ्रमले साँचो भनी ठान्यौ । चित्तको स्फुरण त हो, अल्प समयमा लामो समयको स्फुरण भयो, यो किन संभव नहुनु ? स्वप्नमा पनि त लामो समयको स्फुरण हुन्छ । चित्त आत्मस्वरूपमा स्थित नभएसम्म यस्ता भ्रम बनिरहन्छन् । यति भनेर भगवान् गुप्त हुनु भयो ।

फेरि पनि कीरदेशमा गएर सम्पूर्ण स्थितिको प्रत्यक्ष अवलोकन गरेर आए । भ्रमको कुरा कसरी प्रत्यक्ष भयो भन्ने शंका भयो र भगवान्को आवाहन गरीकन त्यस शंकाको समाधान मागे र भगवान्बाट आज्ञा भयो - हे ब्राह्मण ! यो जगत् मेरो मायाले रचेको हो । जति पनि घटना तिमीलाई प्रत्यक्ष भासेको छ त्यो सब मायामात्र हो । चित्तको भ्रमले यस्तो भास्तछ । कालको कुनै

आकार छैन । चित्तमा कालबाट पदार्थ भास्छ र पदार्थबाट काल भास्छ । जाग्रतको एक मुहूर्तमा स्वप्नमा लामो समय बितेको अनुभव हुन्छ । रोगीको लागि अल्प समय पनि लामो हुन्छ र भोगीको लागि लामो समय पनि अल्प हुन्छ ।

हे ब्राह्मण ! मायाले गर्दा न भोगेको कुरा पनि भोगनमा आउँछ । त्रिकालदर्शीको भविष्यत् वृत्तान्त पनि प्रत्यक्ष भास्तछ । कहीं प्रत्यक्ष अनुभूत कुराको पनि विस्मरण हुन्छ । यो सब मायारूप चित्तको भ्रम हो । चित्तलाई आत्मपदमा लगाऊ, तब सबै भ्रम मेटिन्छन् र केवल अद्वैत आत्म तत्त्वमात्र भास्तछ । अब तिमी दश वर्षसम्म तपस्या गर, तब तिम्रो चित्त शुद्ध हुन्छ र आत्मपद प्राप्त हुनेछ । अनिमात्र जगद्भ्रम मेटिन्छ र संशयको अन्त हुन्छ । यति कहेर भगवान् अन्तर्धान हुनुभयो । गाधि ब्राह्मण एकान्तमा गएर दश वर्ष पर्यन्त समाधिको अभ्यास गरेर बसे । त्यसपछि उनलाई चिदानन्दस्वरूप आत्माको साक्षात्कार भयो । रागद्वेष आदि समस्त चित्तविकार नष्ट भए । परम शान्ति प्राप्त भयो, अर्थात् उनी जीवन्मुक्त भए ।

(४७) चित्तजयको उपाय र ज्ञानमाहात्म्य

वसिष्ठले भन्नुभयो, हे रामजी ! मायाको विषमता देखाउनको लागि गाधिको उपाख्यान बताएको हुँ । परमात्माको माया मोहकारी र विस्तृत एवं दुर्गम छ । जसले आत्मतत्त्वलाई भुलेको छ उसलाई मायाले आश्चर्यरूप भ्रम देखाउँछे । हेर न, कहाँ दुई मुहूर्त, कहाँ त्यति लामो चाण्डाल अवस्थाको अनुभव, यही त मायाको विषमता हो । आत्मतत्त्वको बोध नभएसम्म मायाले यस्ता अनेकौं भ्रम देखाइरहन्छे ।

रामले प्रश्न गरे कि मायाचक्रको निरोध कसरी हुन्छ । उत्तरमा वसिष्ठले भन्नुभयो, मायामय संसारचक्रको नाभिस्थान चित्त हो । जब चित्त वशीभूत हुन्छ तब संसारचक्रको वेग रोकिन्छ, अरू कुनै प्रकारले रोकिंदैन । हे राम ! तिमीलाई थाहा नै छ कि नाभि रोकिएपछि चक्रपनि रोकिन्छ त्यस्तै चित्त आत्मपदमा स्थित भएपछि जगद्भ्रम निवृत्त हुन्छ र परब्रह्मस्वरूप प्राप्त हुन्छ ।

चित्तलाई निरोध गर्ने उपाय हो सत्संग र सत्शास्त्रको विचार । ज्ञानवान् सज्जन र शास्त्रले जो भनेको छ त्यसको बारम्बार अभ्यास गर्नू, संसारलाई मृगतृष्णाको जल झैं अथवा स्वप्न झैं मिथ्या जानेर त्यसबाट वैराग्य लिनू । यिनै दुई उपायबाट चित्त आत्मपदमा स्थित हुन्छ ।

हे राम ! बोलचाल छोड्नु पर्दैन । चाहिने कुरा बोल, दिनु पर्ने कुरा देऊ र लिनुपर्ने लेऊ, तर चित्तलाई साक्षी स्वरूपमा लगाऊ । साक्षीलाई आफ्नो स्वरूप भनेर जान । युद्ध गर्नुपर्ने छ भने पनि गर, तर चित्तको वृत्ति साक्षी तिर लागोस् । शब्द, स्पर्श, रूप, रस, गन्ध यी जो पाँच इन्द्रियका विषय छन् तिनलाई अंगीकार गर, तर चित्त साक्षी स्वरूपमा स्थित होस् । तिम्रोस्वरूप जो चिदाकाश हो त्यसको बारम्बार अभ्यास गर । चित्तका साथ संयोग हुँदा चैतन्यको नाम जीव हुन गयो, जस्तो घटसितको संयोगले आकाशको नाम घटाकाश हुन्छ, जब घट फुट्छ तब महाकाश नै रहन्छ त्यस्तो चित्तको नाश भएपछि जीव चिदाकाश भइहाल्छ ।

हे रामजी ! संकल्परहित भएर चित्तको चञ्चलता त्याग । जस्तो ब्रह्मास्त्रले ब्रह्मास्त्रलाई काट्छ त्यस्तै मनले मनलाई काट अर्थात् अन्तर्मुख होऊ । जब चित्तरूपी वानर स्थिर हुन्छ तब

शरीररूपी वृक्ष क्षोभरहित हुन्छ । शुद्ध बोधद्वारा मनलाई जित र जगत्लाई तृणवत् तुच्छ जानेर त्यसबाट पार होऊ ।

(४८) उद्दालक-विचार

वसिष्ठले भन्नुभयो, हे राम ! खड्गको धार झैं तीक्ष्ण मनोवृत्ति इष्टको ग्रहण र अनिष्टको त्यागमा लागि रहन्छ, तिमी यसमा प्रीति नगर, मिथ्या जानेर यसलाई परित्याग गर । शुभ क्षेत्रमा शुभ कालले प्राप्त बोधरूपी लहरालाई विवेकरूपी जलले सेचन गर, तब परम पदको प्राप्ति हुन्छ । जबतक शरीरमा मलिनता प्राप्त भएको छैन अर्थात् शरीर स्वस्थ छ त्यही बेला बुद्धिलाई उदार तुल्याएर संसारबाट मुक्त होऊ । मेरा वचनमा विश्वास गरेर दृढ अभ्यास गर तब दृश्यभ्रम निवृत्त हुन्छ । यो पाञ्च भौतिक शरीर तिम्रो स्वरूप होइन, तिमी हौ शुद्ध चेतनरूप । विचार गरेर अनात्म देहाभिमान परित्याग गरेर उद्दालक झैं सुखी होऊ ।

भारतको वायव्य कोणमा उद्दालक नाम गरेका एकजना बुद्धिमान् ब्राह्मण थिए । अर्ध प्रबुद्ध भएकाले उनलाई परम पद प्राप्त थिएन । यौवन अवस्थाको पहिले नै यम, नियम, तपस्या आदि साधनमा तत्पर थिए । एक दिन उनको मनमा विचार आयो कि हे ईश्वर, जो पाएपछि प्राप्तव्य बाँकी रहँदैन, जुन पदमा विश्राम लिएपछि फेरि शोक हुँदैन र जसलाई पाएपछि फेरि बन्धन रहदैन, त्यो पद मलाई कहिले प्राप्त होला ? कहिले चित्तको दृश्यरूप वासना मेटिएला र तरंगरहित समुद्र झै शान्तिमान् भएर रहुँला ? अज्ञानी अन्धो मलाई कहिले ज्ञाननेत्र प्राप्त होला र परम ज्ञानी भएर रहन सकुँला ? इत्यादि विचार गरेर उनी ध्यानमा लागे तर चित्तरूपी बानरको चञ्चलता हटेन । बारम्बार यत्न गर्दा पनि चित्त शान्त भएन र समाधिमा पुग्न सकेनन् । अनि त्यो ठाउँ छोडेर उनी गन्धमादन पर्वतको एकान्त गुफामा गएर पद्मासन बाँधेर बसे, तै पनि मन पूर्णरूपले शान्त भएन । त्यस्तो एकान्त स्थानमा बस्दा पनि मन मायामय संसारतिर भटकिरह्यो । अनि मनलाई संझाउँदै भन्न लागे ।

ए मूर्ख मन ! किन तँ संसारका पदार्थ तिर वृत्ति चलाइरहन्छस्, यसबाट तेरो कुनै प्रयोजन सिद्ध हुँदैन, बरु दुःख नै हुन्छ, बुद्धिमान् अन्तमा दुःख हुने काम गर्दैनन् । यो संसार मायामात्र हो, तँ कहाँ जान प्रवृत्त भएको छस्, यतिका काल त संसारमा भटकिरहिस् तर शान्ति त कहीं मिलेन । जो उपशमरूप सुखलाई छोडेर भोगतिर अनुधावन गर्छ त्यो अमृतमय कल्पवृक्षको वनलाई छोडेर विषको जंगलमा पुग्छ र दुःख पाउँछ । ए मन ! तँ आफैले संकल्प उठाएर आफैं बन्धनमा परेको छस्, अब सारा संकल्प त्यागेर आत्मपदमा स्थित हो तब तँलाई शान्ति प्राप्त हुनेछ ।

मृग, हात्ती, पुतली, माछो र भमरो यिनीहरू शब्द, स्पर्श, रूप, रस, गन्ध - यी पाँच विपयमध्ये क्रमशः एक एक विषयमा आसक्त हुँदा नष्ट भएका छन् भने झन पाँचै विषयमा आसक्त हुने तेरो नाश नहोला ? त्यसकारण, हे मन ! तँ यी विषयलाई त्यागदे, अनिमात्र तँलाई

शान्ति मिल्छ । यदि तँ विषयभोगको इच्छालाई त्याग्दैनस् भने म तँलाई नै छोडिदिन्छु । तँ त मिथ्या असत्यरूप होस्, तँसित मेरो कुनै प्रयोजन छैन - यस्तो विचार गरेर तँलाई त्यागिदिन्छु ।

ए मूर्ख मन ! तँ देहमा अहं अहं भनेर कराउँछस् यो अहंको पनि केही प्रयोजन छैन । मैले आपादमस्तक हेरिसकें तर अहं भन्ने वस्तु कहीं पाइन । यो शरीर त हाड, मासु र रगतको थैलो हो, यो अहंरूप होइन, श्रोत्र, त्वक्, नेत्र, रसना र घ्राण - ई पाँच इन्द्रिय क्रमशः आकाश, वायु, तेज, जल र पृथिवी यी पाँच भूतबाट उत्पन्न भएका छन् र पञ्च भूतरूप नै हुन् ।

यी यन्द्रियहरू आआफ्ना विषयमात्र ग्रहण गर्छन् अरूको विषय ग्रहण गर्दैनन्, तँ त म सुन्छु, म देख्छु इत्यादिरूपले अभिमान गर्छस र रागद्वेषले जलिरहन्छस् । इन्द्रियहरू स्वधर्ममा स्थित छन् र अरूको धर्ममा हस्तक्षेप गर्दैनन्, अत एव यिनीहरूमा वासना पनि छैन, तँ मूर्ख अरूको धर्म आफूमा आरोप गरेर रागद्वेषले जलिरहन्छस् । तँ पनि रागद्वेषले रहित भएर चेष्टा गर तब तँलाई कुनै दुःख हुनेछैन । वासनासहित भएर कर्म गर्नु बन्धनको कारण हुन्छ, वासनाविना कर्म गरे कुनै दुःख हुँदैन ।

ए मूर्ख मन ! तँ विचार नगरीकन काम गर्छस् । त्यसो हुनाले म तँलाई त्याग गर्छु । तँसित मिलनाले मैले धेरै दुःख पाएँ र तुच्छ बन्न गएँ । अब तँसित मेरो कुनै प्रयोजन छैन । म निर्विकल्प शुद्ध चिदानन्दस्वरूप हुँ । जस्तो महाकाश घटसित मिल्दा सानो घटाकाश हुन्छ त्यस्तो तँसित मिलेर म महान् भएर पनि तुच्छ भएको छु । यसकारण तेरो संग त्याग गरेर म परमचिदाकाशमा प्राप्त हुन्छु । म निर्विकार हुँ र अहं त्वं को कल्पनाले रहित हुँ । शरीरमा व्यर्थ अभिमान गर्ने तँ चोरलाई चिनेर त्यागिदिएको छु । तँ अज्ञानबाट उत्पन्न मिथ्या असत्यरूप होस् । तैंले सबलाई दुःख दिएको छस् । जब तेरो नाश हुन्छ तब आनन्द प्राप्त हुन्छ । हे चित्त ! तँ इन्द्रियगणलाई साथमा लिएर अहं अभिमान गरीकन रागद्वेषले कलुषित भएको छस् । अब म तँलाई त्यागेर निर्वाणपदमा जान्छु र तँ पनि रागद्वेष छोडेर इन्द्रियसहित निर्वाणपदमा जा, तेरो जय होस् ।

(४९) उद्दालक-विश्रान्तिवर्णन

उद्दालकले भने - आत्मा जो सूक्ष्म भन्दा पनि सूक्ष्म, स्थूल भन्दा पनि स्थूल र शुद्ध, निर्विकार एवं शान्तरूप छ, म नै हुँ त्यो अचेत्य चिन्मात्र आत्मा । ममा कुनै विकार छैन । आत्मामा जन्ममरणादि विकार चित्तले कल्पना गरेको हो । पहिले नभईकन पछि जो देखिन्छ त्यसको जन्म मानिन्छ । आत्मा पहिले देखि नै भएको वस्तु हुनाले त्यसको जन्म हुँदैन । मृत्यु त्यसलाई भनेको छ जसको पहिले भएर अभाव हुन्छ । आत्मा त शरीरको अथवा जगत्को अन्तमा पनि सिद्ध छ, त्यसो हुनाले आत्माको मृत्युरूप प्रध्वंसाभाव हुन सक्तैन, अत एव आत्मा निर्विकार छ । चित्तसितको संयोगले गर्दा आत्मामा विकार भास्तछ । वास्तवमा आत्मा निर्विकार छ ।

शरीर त रक्तमांसको पिण्ड हो र इन्द्रिय, मन आदि सब जड छन्, यिनमा अहं अभिमान गर्ने को हो ? अहंकार भूटा हो, इन्द्रियहरू आआफना विषयको ग्रहण गर्छन्, मन आदि पनि आफ्नो

स्वभावमा स्थित छन् भने यो अहं अभिमान गर्ने को हो भनी खोजी गर्दा कतै पनि पाइँदैन । व्यर्थै यो अहंकारसित मिलेर म देह, इन्द्रियको इष्ट अनिष्टमा किन राग-द्वेष गरूँ ? यस अहंकारका साथ मेरो संयोग छैन जस्तो फलाम र माटोको संयोग हुँदैन । जस्तो सूर्यको किरणमा जल र डोरीमा सर्प भास्तछ त्यस्तो आत्मामा अहंकार भास्तछ । विचार गरेपछि अहंकार भन्ने वस्तु रहँदैन । जस्तो गरुड भएको ठाउँमा सर्प रहँदैन त्यस्तो आत्मविचार उत्पन्न भएपछि अहंकार रहँदैन । देहमा अहं अभिमान हुनु नै दु:खको कारण हो । जस्तो भ्रान्तिले आकाशमा दुइटा चन्द्रमा भास्तछन्, नौकामा बसदा तटको वृक्ष चलेको भान हुन्छ त्यस्तो यो जगत् मिथ्या भ्रमले भास्तछ र विचार गरेपछि निवृत्त हुन्छ ।

यो पाञ्च भौतिक देह मनको स्फुरणबाट बनेको हो । जब स्फुरण बन्द हुन्छ तब मन आत्मपदमा स्थित हुन्छ र शान्ति प्राप्त हुन्छ । म ता मनबाट अतीत शुद्ध चिदानन्द ब्रह्मस्वरूप हुँ । मेरो नजीकमा न मन छ, न इन्द्रिय छन्, म अद्वैतरूप हुँ । जस्तो तिलबाट निक्लेपछि तेल फेरि तिलसित मिल्दैन त्यस्तो विचारद्वारा मनबाट अलग भइसकेपछि म फेरि मनसित मिल्दिन ।

वसिष्ठबाट आज्ञा भयो - हे राम ! यस्तो विचार गरेर उद्दालक ब्राह्मण पद्मासन बाँधेर विषयाकार वृत्तिको निवृत्तिपूर्वक प्रणवचिन्तनद्वारा प्राणायामको अभ्यास गर्न लागे अर्थात् ओम्को अकार, उकार, मकार र अर्धमात्राको क्रमले उपासना गर्न लागे । अकार ब्रह्मा, उकार विष्णु, मकार शिव र अर्धमात्रा तुरीय ब्रह्म-यिनको क्रमले ध्यान गर्न लागे । पहिले रेचक प्राणायामद्वारा भित्रको प्राणवायुलाई बाहिर निकाले, अनि हृदयशून्य र शुद्ध भयो । ब्रह्मारूप अकारको ध्वनिका साथ रेचक गरेर उद्दालकले पुर्यष्टकलाई विस्तारै सुषुम्णामार्गबाट ब्रह्मरन्ध्रमा पुऱ्याए । हठ नगरीकन तकलीफ नभएसम्म पुर्यष्टक ब्रह्मरन्ध्रमा रह्यो । थकावट भएपछि प्राणवायुलाई विष्णुरूप उकार ध्वनिका साथ विस्तारै ओरालेर आधार चक्रमा कुम्भक गरे, त्यहाँ पनि हठपूर्वक होइन, किनकि हठयोग दु:खदायक हुन्छ । अनि शिवरूप मकारध्वनिका साथ रुद्रको ध्यान गरेर पूरक प्राणायाम गरे । कुम्भक प्राणायामबाट उत्पन्न अग्निले पाप-पुण्यलाई जलाइदियो । पूरकप्राणायामद्वारा शरीरका सबै अंग प्रत्यंग पूर्ण भए । त्यसपछि इन्द्रियनिरोध गरेर अर्धमात्रास्वरूप तुरीय पदको दर्शनका निमित्त यत्न गर्न लागे । बाह्य विषय र इन्द्रियलाई त्यागेर मूल चक्रमा प्राण र अपानको निरोध गरेपछि नवद्वार रोकिए । त्यसपछि पनि जब मन चञ्चल भएर बाहिर जान खोज्दछ तब अभ्यास र वैराग्यको बलले फेरि ठेगानमा ल्याए । अनि अन्त:करणको जो सात्त्विक वृत्ति थियो त्यसलाई पनि परित्याग गरेर तुरीय पदमा स्थित भए । जब परमशान्त आत्मपदमा चित्तवृत्ति अभिन्नरूपले स्थित भयो तब ज्ञानको उदयबाट अज्ञान विनष्ट भयो, उनी ब्रह्मानन्दमा निमग्न भए । जुन पदमा देवता, ऋषीश्वर, ब्रह्मा, विष्णु र रुद्र स्थित छन् त्यही पदमा उनी स्थित भए । त्यस पदमा जो एक क्षण स्थित हुन्छ र जो वर्षपर्यन्त स्थित हुन्छ ती दुवै समान हुन् । जसको मन र वचनको अगोचर त्यस पदमा स्थिति हुन्छ त्यसको भोगेच्छा निवृत्त हुन्छ र शोक पनि हुँदैन । यसरी उद्दालक जब स्वरूपमा स्थित भए तब सिद्ध विद्याधर र गन्धर्वहरू नजीकमा आएर उनलाई स्वर्गमा जान प्रार्थना गरे । उनले तिनीहरूलाई नमस्कार गरेर आदरपूर्वक विदा गरिदिए अर्थात् स्वर्गको भोगको चाहना गरेनन् । यसरी

उद्दालकले परम उपशमपद प्राप्त गरे, चित्त पूर्णरूपले शान्त भयो । जन्मरूपी बन्धन तोडियो । देहरूपी भ्रम क्षीण भयो । उनी शरत्कालको आकाश झैं निर्मल सत्तासामान्यमा स्थित भएर विचरण गर्न लागे ।

(५०) उद्दालक-निर्वाणवर्णन

रामले 'सत्तासामान्य के हो' भनी प्रश्न गर्दा वसिष्ठले भन्नुभयो, हे राम ! जगत्को अत्यन्ताभावको भावना गरेपछि चित्त क्षीण (वृत्तिरहित) हुन्छ र जो शेष रहन्छ त्यो सत्तासामान्य हो । जब आत्मसत्ता चित्तरहित हुन्छ । अर्थात् आत्मामा चित्त लीन हुन्छ तब सत्तासामान्यको उदय हुन्छ, जो सत्य हो त्यो नै सत्तासामान्य हो । जब सर्वप्रपञ्च शान्त भएर शुद्ध बोधमात्र बाँकी रहन्छ, भित्र र बाहिर भन्ने व्यवधान मेटिन्छ र सब जगत् एकरूप भएर समाधि र व्युत्थान एकै हुन्छ - यस्तो अवस्थाको प्राप्तिलाई सत्तासामान्य भनेको छ । यस्तो ज्ञानी सदेह भएर पनि विदेह हो, यसलाई तुरीयातीत पद भन्दछन् । ऊ समाधिमा स्थित भएपनि केवलरूप हो र व्युत्थानदशामा पनि केवलरूप नै हो । अज्ञानीलाई यस्तो ज्ञानसमाधि प्राप्त हुँदैन । म, देवर्षि नारद, ब्रह्मा, विष्णु, रुद्र आदि जसको ज्ञानदृष्टि पुष्ट भएको छ उहाँहरू सत्तासामान्यमा स्थित हुनुहुन्छ, उहाँहरूको समाधि र व्युत्थान तुल्य हुन्छ ।

हे रामजी ! यसप्रकार सत्तासामान्यमा स्थित भएका उद्दालक संसारमा घुम फिर गर्ने इच्छा भएसम्म जीवन्मुक्त भएर व्यवहारमा रहे । जब विदेहमुक्त हुने इच्छा जागृत भयो तब उनी पर्वतको कन्दरामा पद्मासन बाँधेर बसे । दाँतमा दाँत मिलाएर सकल संकल्पको त्याग गरे । खेचरी मुद्राद्वारा प्राणवायुलाई आधारचक्रमा लगेर रोके, नवद्वार बन्द भए । भित्र, बाहिर, तल, माथि, भाव, अभाव इत्यादि विकल्प त्यागेर शुद्ध चिन्मात्र स्वरूपमा चित्तवृत्ति स्थित भयो । जब व्युत्थानको इच्छालाई पनि त्यागेका थिए तब सत्तासामान्य अनादि आनन्दस्वरूपमा उनको दृढ स्थिति बन्यो - उनी विदेहमुक्त भए । उनको शरीर पुतलीजस्तो हलुका र पवित्र भयो । देवी देवताहरूले उनको शरीरमा पूजा गरे, नाच गान गरे । उनको चित्त कलनाकलंकरहित भएर आत्मानन्दमा लीन भयो ।

(५१) ध्यानविचार

वसिष्ठले भन्नुभो, हे रामजी ! जसरी ऋषीश्वर उद्दालकले आत्मपद प्राप्त गरे त्यही क्रमले तिमी पनि विचार गरेर आत्मपद प्राप्त गर । गुरु र शास्त्रको वचनलाई हृदयङ्गम गरेर जगद्भ्रमबाट मुक्त होऊ र दृढ अभ्यासद्वारा शान्त आत्मपद प्राप्त गर । अथवा तीक्ष्ण अभ्यासद्वारा बुद्धिलाई कल्पनारहित तुल्याएपछि जो बोध हुन्छ त्यसपछि साधनसामग्रीविना पनि अविनाशी पद प्राप्त हुन्छ ।

रामले प्रश्न गरे - कुनै ज्ञानी समाधिमा स्थित भएर पछि व्यवहार गरेर रहन्छन् र कुनै चाहिं समाधिमा स्थित भएपछि व्यवहार छोडेर बस्छन् - ई दुईमा कुन श्रेष्ठ हो ? उत्तरमा वसिष्ठले

भन्नुभो, हे रामजी ! पहिले समाधिको लक्षण सुन कि समाधि के हो र व्युत्थान के हो। अहंकारदेखि लिएर पञ्चतत्त्व सब गुणात्मक छन्, जो यिनलाई अनात्मरूप देख्छ, आफूलाई यिनको साक्षी भनी जान्दछ र स्वाभाविकरूपले जसको चित्त शीतल छ त्यसलाई समाधि भन्दछन्। जसमा मैत्री, करुणा, अमानिता आदि गुण विद्यमान छन् र जसको मन आत्मामा स्थित छ र शान्त छ भने त्यो समाधि कहिन्छ। जसको यस्तो निश्चय हुन्छ कि म शुद्ध चिदानन्दस्वरूप हुँ र दृश्यसंबन्धरहित हुँ त्यो ज्ञानी चाहे वनमा रहोस् चाहे घरमा रहोस्, दुवै स्थान समान हो र दुवै ज्ञानी समान हुन्। अन्त:करण शीतल हुनु ठूलो तपस्याको फल हो।

जो इन्द्रियलाई शान्त तुल्याए तापनि मनले विषयचिन्तन गर्छ भने त्यसको समाधि मिथ्या हो। त्यसको समाधि त उन्मत्तको नृत्य जस्तो हो। मनमा वासना छैन भने त्यसको व्यवहार पनि समाधितुल्य हुन्छ। कुनै ज्ञानी व्यवहार गरेर बस्छन्, कुनै ज्ञानी व्यवहार त्यागेर वनमा समाधि लगाएर बस्नछन् तर दुवैको निश्चय बराबर हो र दुवै परम पदमा प्राप्त हुन्छन्। अज्ञानी कर्म नगरे तापनि कर्ता हुन्छ, ज्ञानवान् कर्म गरेर पनि अकर्ता हुन्छ किनकि उसमा कर्तृत्वको अभिमान छैन। जहाँ वासना छ त्यहाँ क्षोभ (चञ्चलता) छ, जहाँ वासना छैन त्यहाँ शान्ति छ। कर्तृत्वाभिमान छैन भने कर्म गरे तापनि त्यो समाधिमा स्थित छ भनी जान्नू र कर्तृत्त्वको अभिमान छ भने समाधिमा बसे पनि त्यसलाई व्युत्थान भनी जान्नू।

चित्त चल्नुको कारण स्मृति हो। जगत्को स्मृति लिएर समाधि लगाएर बसे तापनि वासनाले चित्त फैलिहाल्छ। जस्तो बीजबाट अंकुर उत्पन्न हुन्छ त्यस्तो वासनारूप बीजले चित्त फैलिन्छ। जब मनबाट वासना जान्छ अर्थात् जगत्को सततभाव निवृत्त हुन्छ तब चित्त अचल हुन्छ र ध्यानमा (केवलीभावमा) स्थित हुन सक्तछ। यसकारण, हे राम ! तिमी निर्वासनिक होऊ र परमपद प्राप्त गर।

हे राम ! जसको चित्तमा वासनाको गन्ध छ त्यसमा कर्तृत्वको अभिमान फुर्छ अनि सदादु:खी भएर रहन्छ। वासना क्षीण भएपछि मुक्त हुन्छ। जसको चित्तबाट जगत्को आस्था निवृत्त भएको छ त्यो वीतशोक भएर स्वस्थ (आत्मस्वरूपमा स्थित) हुन्छ त्यसलाई समाधि भनेको छ। त्यसकारण चित्तमा जो पदार्थभावना छ त्यसलाई त्यागेर आफ्नो स्वभावमा स्थित होऊ तब घरमा बस या वनमा जाऊ दुवै बराबर हो।

जसको जाग्रत-जगत् स्वप्नवत् भास्तछ त्यो समाहितचित्त भनिन्छ त्यो जनसमूहमा रहन्छ तापनि उसको कसैसित कुनै संबन्ध हुँदैन। हे राम ! ज्ञानवान् जो कुछ कर्म गर्छ, खान, पान, लेन, देन र हवन गर्छ उसमा अहन्ताको अभिमान हुँदैन। त्यसकारण उसको कर्म गर्नुबाट कुनै अर्थ सिद्ध हुँदैन र कर्म नगर्नुबाट कुनै हानि हुँदैन किनकि ऊ आफ्नो स्वभावमा स्थित छ र जगत्लाई द्वैतभावले देख्तैन, सबैलाई आत्मभावले देख्छ, यसकारण उसलाई कर्मले स्पर्श गर्दैन।

(५२) भेदनिरास

चित्त आदि जो जगत् छ त्यो वास्तवमा आत्मादेखि भिन्न होइन । आत्मरूप मरीचदेखि चित्त, अहंकार, देश, कालरूप तीक्ष्णता (पीरोपन) भिन्न होइन । जस्तो उखुदेखि मधुरता (गुलियोपन) भिन्न हुँदैन त्यस्तो आत्मादेखि जगत् भिन्न छैन । जस्तो पर्वतमा जडता, जलमा द्रवता हुन्छ त्यस्तो आत्मामा अहन्तादि जगत् हुन्छ । जस्तो फल, फूल, हाँगा, जरा, पात वृक्षदेखि भिन्न हुँदैन त्यस्तो आत्मादेखि अहन्ता भिन्न हुँदैन । जस्तो मणिमा प्रकाश हुन्छ त्यस्तो आत्मामा अहन्ता हुन्छ । जस्तो जलदेखि तरङ्ग भिन्न हुँदैन त्यस्तो आत्मादेखि अहन्ता आदि भिन्न होइन । जो कुछ जगत् भास्तछ त्यो आत्माको प्रकाश हो । अनन्त आत्मा सबमा परिपूर्ण छ । जस्तो वायुमा चञ्चलता भास्तछ त्यस्तो ज्ञानरूप आत्मामा अहन्ताले देश, काल, जगत् भास्तछ । जीवको बाँचनु ज्ञानबाट हुन्छ, त्यो ज्ञानसत्ता चैतन्यरूप हुन्छ । चिन्मात्र भन्नु, ज्ञान भन्नु, चैतन्यसत्ता भन्नु र जीव, जगत् भन्नुमा कुनै भेद छैन । एक अखण्डसत्ता जस्ताको तस्तो स्थित छ । चिन्मात्र अद्वैततत्त्व अवाच्यपद हो उसमा वाणीको प्रवेश छैन । जति वाक्य छन् ती आत्मालाई जनाउँछन् मात्र । हे राम ! वास्तवमा द्वैतवस्तु केही पनि छैन । एक अद्वितीय आत्मतत्त्वलाई हृदयमा धारण गरेर बस ।

(५३) सुरधुवृत्तान्तः- माण्डव्योपदेश

वसिष्ठले भन्नुभयो, हे रामजी ! एक पुरातन इतिहास बताउँछु, सुन । हिमालय पर्वतमा उच्च शिखरले सुशोभित कैलास नामक अतिरमणीय पर्वत छ जहाँ भूतनाथ भगवान् शंकर पार्वतीका साथ विराजमान हुनुहुन्छ । त्यस पर्वतको वरपर किरात देश छ । त्यस देशमा सुरघु नाम गरेका किराँत नरेश राज्य गरेर रहन्थे । एकदिन उनले विचार गरे - जस्तो पानी विना नदी हुँदैन त्यस्तो दण्ड विना प्रजाहरू मर्यादामा रहँदैनन् । दण्ड दिंदा उनीहरूलाई पीडा हुन्छ । जस्तो आफूलाई दु:ख हुन्छ त्यस्तो उनीहरूलाई पनि हुँदो हो । अब निग्रह अनुग्रह गर्ने कि नगर्ने, यस्तो द्विविधाले राजाको मनमा खलबली चलेको थियो । त्यही बेला माण्डव्य ऋषि भ्रमण गर्दै दरबारमा आइपुगे । राजा सुरघुले स्वागत सत्कार पूर्वक मुनिलाई आसनमा बसालेर विनीत भावले प्रश्न गरे । सकल धर्मका ज्ञाता हे मुनिवर ! प्रजाका उपर निग्रह अनुग्रह गरिरहनु पर्दा मेरो मनले विश्राम लिन पाएन । के गर्नाले चित्तमा समताको उदय होला, कृपा गरेर बताइदिनुहोस् ।

माण्डव्यले भने - जस्तो सूर्यको किरणले हिउँ पग्लेर जान्छ त्यस्तो वैराग्य र श्रवण, मनन, निदिध्यासनरूप अभ्यास आदि निजी प्रयत्नद्वारा जो आत्मस्थिति प्राप्त हुन्छ त्यसबाट मनको कायरता पूर्णरूपले नष्ट हुन्छ, अनिमात्र समतासुखको अनुभव हुन्छ । जस्तो शरद् ऋतुको आगमन भएपछि विशाल मेघमण्डल विलीन हुन्छ त्यस्तो आत्मविषयक विचारद्वारा मनको सन्ताप नष्ट हुन्छ । हे राजन् ! तिमी आफ्नै मनद्वारा आफैं विचार गर कि पुत्र, मित्र, कलत्र आदि जो संबन्धी छन्, शरीरभित्र जो इन्द्रियहरू छन् - यी तत्त्वत: के हुन् र कस्ता हुन् ? म को हुँ र कस्तो हुँ ? यो दृश्य जगत् के हो ? जन्ममरण कसरी हुन्छ ? इत्यादि कुराको भित्र मनले विचार गरेपछि आत्मप्राप्तिरूप महत्ता प्राप्त गर्नेछौं ।

"यावत् सर्वं न सन्त्यक्तं तावदात्मा न लभ्यते ।

सर्ववस्तुपरित्यागे शेष आत्मेति कथ्यते ॥”

जहाँसम्म विचारद्वारा सर्वत्याग हुँदैन त्यहाँसम्म आत्माको उपलब्धि हुँदैन । सकल वस्तुको परित्याग भएपछि आत्मा शेष रहन्छ, त्यो नै हो परम पद । हे राजन् ! विचारद्वारा तिमी यो परम पद प्राप्त गरेर सन्तापरहित होऊ, तिम्रो कल्याण होस् । यति भनेर माण्डव्य ऋषि विदा भएर आफ्नो आश्रमतिर लागे ।

(५४) सुरघुको विचार

निर्दोष एकान्त स्थानमा बसेर राजा सुरघु विचार गर्न लागे - म को हुँ ? सुमेरु पर्वत म होइन र मेरो पनि होइन, न म जगत् हुँ र न मेरो जगत् हो । पृथ्वी म होइन र मेरो पनि होइन । किरातमण्डल म होइन र मेरो होइन, न म नगर हुँ न मेरो नगर हो । हात्ती, घोडा, मन्दिर, धन, पुत्र, कलत्र आदि पनि म होइन र यिनीहरू मेरा पनि होइनन् । म राजा होइन र मेरो राज्य छैन । रक्तमांसमय शरीर म होइन र मेरो पनि होइन । ज्ञानेन्द्रिय र कर्मेन्द्रिय म होइन र मेरा पनि होइनन् । किनकि यी सब जड छन् र म चेतन हुँ । मन, बुद्धि, चित्त र अहंकार पनि अनात्मा हुन् यिनका साथ मेरो कुनै संबन्ध छैन, यी सव भूतका कार्य हुन्, भ्रमले यिनलाई आफ्नो स्वरूप भनी ठानेको रहेछु । चिताउनेवाला चेतन पनि म होइन । यी सब अनात्म वस्तुलाई परित्याग गरेपछि जो शेष रहन्छ त्यो अचेत्य चिन्मात्रसत्ता नै मेरो स्वरूप हो ।

अब मेरो कल्याण हुने भयो । मैले आफूले आफूलाई पाएँ । म आफ्नो स्वरूपमा जागें । व्यर्थ नै देहादिलाई आफ्नो ठानेर शोक-मेहमा परेको थिएँ । यो हिलोबाट म माथि उत्रेको छु । म एक निर्विकल्प, सर्वत्र व्यापक ब्रह्मरूप अनन्त आत्मा हुँ । उदय, अस्त आदि विकार ममा छैन । म प्रकाशको पनि प्रकाश हुँ । म नै हुँ आब्रह्म स्तम्बपर्यन्त सबको आत्मा । म प्रबोधदशामा पुगेको छु । मेरो दुर्दृष्टि दूर भयो । म चिदानन्द पूर्ण आत्मस्वरूपमा स्थित भएको छु । सबै म हुँ, मदेखि भिन्न केही छैन, अत एव कसैसित पनि मेरो राग द्वेष छैन । म समभावमा पुगेको छु । अब म सम्यक् ज्ञानवान् भएको छु । अनन्त आत्मस्वरूप आफूलाई आफैं नमस्कार गर्छु । म अनन्त आत्मा, अनुभवरूप, निष्कलङ्क, शान्त, अचेत्य चिन्मात्र स्वरूपमा स्थित छु ।

(५५) सुरघु-वृत्तान्त समाप्ति

वसिष्ठले भन्नुभो, हे रामजी ! यसरी किरातनरेश सुरघु विचारद्वारा समरूप ब्रह्मस्वरूपमा स्थित भए । जस्तै सूर्यनारायण समरूप भएका हुनाले सर्वत्र समानरूपले किरण फैलाउँछन् त्यस्तै राजा सुरघु पनि समरूपमा रहीकन इष्टानिष्टमा रागद्वेषरहित भएर राज्यसंचालनकार्य गरेर रहे । आत्म विचारलाई धारण गरेको हुनाले उनको वृत्ति सुषुप्तिको जस्तो भएर संसारको स्फुरणबाट रहित भयो । सर्वत्र समभावले देखन थाले । पूर्णिमाको चन्द्रमा झैं उनको हृदय शीतल भयो । उनले जगत्लाई आत्माको किन्चनरूप भनेर जानेका थिए, त्यसो हुनाले सुख-दुःख भाव शान्त भयो । जलमा कमल झैं उनी निर्लेप भएर काम काज गर्थे । कर्तव्य कर्म गर्थे तर कर्तृत्व

भोक्तृत्वभाव फुर्दैन थियो, सदा निःसंग भएर रहन्थे। यसरी जीवन्मुक्त स्थितिमा रहेर राज्यसंचालन गरे। अन्तमा राजा सुरघु भौतिक शरीर त्यागेर आत्मतत्त्वमा लीन भए। जस्तो घट फुटेपछि घटाकाश महाकाश हुन्छ त्यस्तो उनी शरीर छुटेपछि परिपूर्ण, चिदानन्द ब्रह्मस्वरूपमा प्राप्त भए।

(५६) सुरघु-परिघ-संवाद

वसिष्ठले भन्नुभयो, हे रामजी ! तिमी पनि सुरघुको जस्तो दृष्टिलाई अवलम्बन गरीकन निर्भय भएर विचरण गर। जस्तो घोर अन्धकारमा बालक डराउँछ, जब दीपकको प्रकाश हुन्छ तब बालक निर्भय हुन्छ त्यस्तो संसाररूपी घोर अन्धकारमा परेर मानिसले दुःख पाइरहेको छ, जब उसको हृदयमा ज्ञानरूपी दीपकको उदय हुन्छ तब त्यो निर्भय भएर विचरण गर्छ। जस्तो खाडलमा परेको मानिसलाई सानो घाँसको बुटो फेला पऱ्यो भने त्यसैको आश्रयबाट बाहिर निक्लन्छ त्यस्तो आत्मविचारमा लागेर मानिसले यत्किञ्चित् विश्राम पाउँछ त्यही विश्रामलाई आश्रय गरेर मानिस संसारसमुद्रबाट उत्रन्छ।

हे रामजी ! मैले बताएको पवित्र दृष्टिलाई विचारपूर्वक चित्तमा धारण गरेर अभ्यास गर र नित्य एक समाधिमा स्थित होऊ। यसरी ज्ञानदृष्टि प्राप्त गरीकन पृथिवीको भूषण भएर विचरण गर। रामले प्रश्न गरे - एक समाधि भनेको कस्तो हो, कृपा गरेर सुन्न पाउँ। वसिष्ठले भन्नुभो, हे रामजी ! यस विषयमा सुरघु र परिघ (पर्णाद) को सम्वाद सुन। पारसिक (फारस) देशमा परिघनामका महापराक्रमी राजा थिए। उनको सुरघुका साथ गाढ मित्रता थियो, तर धेरेकालसम्म भेट हुन सकेको थिएन। एकपटक अनावृष्टिले गर्दा पारसिक देशमा भयंकर अनिकाल मच्चियो, प्रजाहरू भोक भोकै मर्न लागे। कतिपय मानिस सपरिवार देश छोडेर अन्यत्र भागे। राजाले प्रजाहरूको दुःख हटाउन सकेनन्। यत्तिकैमा राज्य छोडेर राजा परिघ एकान्त पर्वतको कन्दरामा पुगेर तपस्या गर्न लागे। पात खाएर तपस्या गरेको हुनाले उनको नाम पर्णाद हुन गयो। हजारौ वर्ष तपस्या गरेपछि उनको चित्त शुद्ध भएर विचारको उदय भयो। विचार गर्दा गर्दै आत्मज्ञानको उदय भयो। यसरी ज्ञानवान् बनेर राजा परिघ भ्रमण गर्न थाले। भ्रमणको क्रममा एकदिन उनी किरात नरेश सुरघुको दरबारमा पुगे। मित्रलाई सुरघुले स्वागत सत्कार गरेर दरबारमा लगेर राखे। केही दिन दरबारमा बसेपछि एक दिन ती दुईजना मित्र राजाको सम्वाद चल्यो।

परिघले भने - हे मित्र ! तपाईको दर्शनबाट पूर्णचन्द्रको दर्शनले झैं आनन्दवान् भएको छु। पहिले भएका हाम्रा संकोचहीन वार्तालाप, विविध लीला र विभिन्न चेष्टा स्मृतिपथमा आइरहेका छन् जसबाट महान्हर्षको अनुभव भएको छ। हे निष्पाप राजन् ! माण्डव्यको कृपाबाट जसरी यहाँलाई तत्त्वज्ञान प्राप्त भयो। त्यसैगरी एकान्तमा बसेर तपस्या गर्दा गर्दा परमात्माको अनुग्रहले मलाई पनि त्यो ज्ञान पाप्त भयो। हे राजन् ! मेरो अभीष्ट प्रश्न यो छ कि के तपाई परमानन्दस्वरूप आत्मपदमा विश्राम गरेर सर्व दुःखबाट मुक्त हुनुहुन्छ ? चित्तलाई आत्मामा स्थित गरेर एक समाधि प्राप्त गर्नु भएको छ ? ज्ञानवान् भएको हुनाले शरत्कालको आकाश झैं निर्मल

भएर सब कार्य गर्दा पनि तपाईंको चित्त समभावमा रहेको छ । तपाईका प्रजा पनि ज्ञानी राजा पाएर आधि व्याधिबाट रहित भएका छन् ।

हामी दुईमा घनिष्ठ मित्रता थियो । ईश्वरीय नीति बडो आश्चर्यकारी छ । यतिका कालसम्म वियोग भएर अहिले संयोग भएको छ । संसारको दशा आगमापायी छ । संयोगबाट वियोग हुन्छ र वियोगबाट पुनः संयोग हुन्छ । हामी दुईको वियोग भएर टाढा टाढा रह्यौं । अहिले फेरि एकत्र स्थित भएका छौं ।

सुरघुले भने - हे मित्रवर ! तपाईं कहाँ हुनुहुन्थ्यो, म कहाँ थिएँ । अहिले ईश्वरको नीतिले हामी दुईको भेट भयो । तपाईंले मसित जो कुशल प्रश्न गर्नुभयो । तपाईं जस्ता पुण्यात्मा ज्ञानवान्‌को आगमन नै पुण्य हो । जसबाट म परम पवित्र भएको छु । तापईंको दर्शनबाट सारा पाप नष्ट हुन्छन् । आज मलाई पुण्यको फल प्राप्त भयो । सन्तको आगमन अमृतसमान आनन्ददायी हुन्छ । सन्तको दर्शन अमृतको झर्ना झैं शीतलताको कारण हुन्छ । सन्तको समागमले जीवलाई निर्भयता प्राप्त हुन्छ । साधु-समागम परमपदसमान हुन्छ । यहाँको समागमले परम शुद्धता प्राप्त भएको छ ।

(५७) समाधिनिश्चय

परिघले भने - हे राजन् ! समाहितचित्त पुरुषबाट जगत्‌मा जति पनि काम हुन्छ त्यो सब सुखरूप हुन्छ । तपाईं संकल्परहित भएर परम उपशमरूप समाधिमा स्थित हुनु भएको छ ? सुरघुले भने - हे राजन् ! तपाईं नै भन्नोस् कि संकल्परहित परम उपशमरूप समाधि केलाई भन्छन् । यदि मलाई प्रश्न गरेको हो भने सुन्नोस् । जो ज्ञानवान् महात्मा पुरुष छन् उनी चाहे तूष्णीम् रहुन् अथवा व्यवहार गरुन् उनी कहिले पनि असमाहित चित्त हुँदैनन् ।

"तत्त्वावबोधो भगवन् सर्वाशातृणपावक : ।
प्रोक्तः समाधिशब्देन न तु तूष्णीमवस्थिति : ॥"

तत्त्वज्ञान नै हो मुख्य समाधि जसबाट सारा आशा इच्छारूपी तृण जलेर जान्छन् । तत्त्वज्ञान विनाको तूष्णीमवस्थिति (चूपलागेर बस्नु) समाधि होइन । जसको चित्त आत्मतत्त्वमा स्थित छ भने त्यो सर्वदा समाधिमा स्थित छ । पद्मासनमा बसेको छ र हातमा ब्रह्माञ्जलि छ तर चित्त आत्मपदमा स्थित छैन भने त्यो समाधि होइन र त्यसबाट विश्रान्ति प्राप्त हुँदैन । जसको चित्त समाहित, नित्य तृप्त र सदा शान्तरूप छ भने त्यो समाधिमा नै रहेको छ भनी जान्नुपर्छ । यथार्थ ज्ञानद्वारा स्वरूपको निश्चय नै समाधि हो । जो निश्चिन्त छ, जसको ग्रहणत्यागबुद्धि निवृत्त भएको छ, जसलाई पूर्ण आत्मतत्त्व नै भास्तछ त्यो पुरुष बाहिर व्यवहारकर्ता देखिन्छ तापनि भित्र उसको समाधि नै छ । चित्त एकक्षण पनि आत्मतत्त्वमा स्थित हुन्छ भने त्यो अत्यन्त समाधि हो, किनकि एक क्षणले अरू क्षण बढाउँदै लैजान्छ । जस्तो एक पटक अमृतपान गरेपछि त्यसको तृष्णा बढ्दै जान्छ त्यस्तो एक क्षणको समाधि प्राप्त भएपछि त्यो उत्तरोत्तर बढ्दै जान्छ । जस्तो नदीको प्रवाहलाई कसैले रोक्न सक्तैन त्यस्तो ज्ञानवान्‌को आत्मदृष्टि कसैबाट रोकिंदैन ।

ज्ञानवान्‌को आत्मदृष्टि कहिले पनि विस्मृत हुँदैन । सुरघुले भने - हो साधु ! जसको आत्मादेखि भिन्न कुनै पदार्थ भास्तैन त्यसको उत्थान कसरी होला ? म बोधरूप निर्मल सर्वदा सर्वात्मा हुँ, त्यसकारण म सदा समाहितचित्त छु । मलाई आत्मतत्त्वदेखि भिन्न केही भास्तैन, सर्वत्र सर्वदा आत्मा नै भास्तछ । सर्वदा सर्वत्र सबप्रकार आत्मा नै विद्यमान छ, त्यसकारण समाधि र व्युत्थान भन्ने कुरा पनि छैन । जसको कार्य कारणमा विभागकलना फुर्दैन र जो आत्मतत्त्वमा नै स्थित छ भने त्यसलाई समाहित असमाहित के भन्नु पर्ला ? तत्त्वज्ञमा समाधि र उत्थानको भेद छैन ।

(५८) सुरघु-परिघनिश्चय

परिघले भने - हे राजन् ! निश्चयपूर्वक तपाईं स्वरूपमा जागनु भएको छ । तपाईंको अन्त:करण पूर्णिमाको चन्द्रमा झैं शीतल भएको छ र मुख पनि परम शोभायुक्त देखिन्छ । ब्रह्मलक्ष्मीसम्पन्न भएर तपाईं परमानन्दले पूर्ण हुनुभएको छ । शरत्-कालको आकाश झैं हृदय निर्मल भएको छ र अहंकाररूपी मेघ नष्ट भएको छ । हे राजन् ! अब तपाईंको सर्वत्र स्वस्थता र सन्तुष्टता भास्तछ र कसैका प्रति पनि रागद्वेष छैन । सार र असारलाई राम्ररी जानेर असार संसाररूपी समुद्रबाट पार हुनु भएको छ । भाव अभाव दुई पदार्थलाई जानेर महाबोधको उदय भएको हुनाले अखण्ड स्थितिमा रहनु भएको छ । जगत्‌का सम असम पदार्थबाट मुक्त भएर तपाईंको आशय (अन्त:करण) पवित्र तथा प्रमुदित भएको छ । इष्ट-अनिष्ट, ग्रहण-त्याग निवृत्त भएको छ । राग, द्वेष र तृष्णारूपी बादलले रहित निर्मल आकाश झैं तपाईं सुशोभित हुनुहुन्छ र आफू आफैंमा तृप्त हुनुहुन्छ ।

सुरघुले भने - हे राजन् ! जस्तो मरुभूमिमा सूर्यको किरणमा जलाभास देखिन्छ त्यसमा कुन अंश ग्रहण गर्ने र कुन अंश त्याग गर्ने, किनकि त्यहाँ जल नै छैन त्यस्तो जगत्‌का पदार्थ सब आभास रूप हुन् तिनमा केको ग्रहण र केको त्याग गर्ने । जगत्‌मा कुनै पदार्थ तुच्छ छन् र कुनै अतुच्छ छन् । जो अल्पकालमा नै नष्ट हुन्छ त्यो तुच्छ हो र जो चिरकालपर्यन्त रहन्छ त्यो अतुच्छ हो, परन्तु दुवै कालले परिच्छिन्न छन् । अब मैले कालातीत वस्तुलाई देखिसकें । मेरा निम्ति सबै पदार्थ बराबर छन् अर्थात् सबै मिथ्या हुन्, त्यसकारण कुन पदार्थको इच्छा गरौं ? जो पदार्थलाई रमणीय ठान्दछ त्यो त्यसको इच्छा गर्छ, तर त्रिलोकमा कुनै पनि पदार्थ रमणीय छैन, सबै तुच्छ र नाशवान् छन् । अविचारले जीवलाई साँचो जस्तो प्रतीत हुन्छन् । वास्तवमा शब्द, स्पर्श आदि सबै विषय असाररूप हुन् । स्त्रीको शरीर सुन्दर देखिन्छ ता पनि भित्रबाट हेरे रक्त, मांस र मलमूत्रको थैलो हो, त्यसमा केही सार छैन । जति पनि पदार्थ छन् ती सब आपातरमणीय छन्, अविचारले सुन्दर देखिन्छन् । त्यस्ता पदार्थको जो इच्छा गर्छन् ती दीपकको इच्छा गर्ने पुतली झैं नाशको निमित्त इच्छा गर्छन् । विचारशून्य अज्ञानी मात्र पदार्थलाई रमणीय ठानेर इच्छा गर्छन्, तर जो समदर्शी ज्ञानवान् छन् तिनी जगत्‌का कुनै पदार्थको पनि इच्छा गर्दैनन् । हे साधु ! राग, द्वेष, इच्छा, ग्रहण, त्याग - यिनबाट रहित भएर शुद्ध आत्मतत्त्वमा स्थित हुनुहोस् । धेरै के भनौं, जसको

मन वासनारहित भएको छ उपशमवान् कल्याणमूर्ति त्यो पुरुष परम पद प्राप्त गरेर संसारसमुद्रबाट पार लाग्छ ।

(५९) कारणोपदेश

वसिष्ठले भन्नुभो, हे रामजी ! यस प्रकार सुरघु र परिघ दुवै राजा विचारद्वारा संसारलाई भ्रमरूप जानेर वीतराग भईकन ज्ञानवान् बनेका थिए । दुवैजनामा एकले अर्कालाई गुरु मानेर परस्पर पूजा सत्कार गरे । केही दिन साथमा रहेर दुवै राजा आआफना थान तिर लागे र जीवन्मुक्त भएर काम काज गरेर रहे । तिमी पनि यस प्रकार विचार द्वारा बोध प्राप्त गरेर सुखी होऊ । जब तीक्ष्ण बोध हुन्छ तब अहंकाररूपी बादलको अभाव हुन्छ र शुद्ध हृदयाकाशमा आत्मारूपी सूर्यको प्रकाश चम्किन्छ । त्यसकारण परमपद-लाभको निमित्त अहंकाररूपी बादलको अभाव तुल्याउने यत्न गर तब सत्य, आनन्दघन, चिदाकाशमा स्थित हुन सकनेछौ ।

"यो नित्यमध्यात्ममयो नित्यमन्तर्मुखः सुखी ।
नित्यं चिदनुसन्धानो मनः शोकै र्न बाध्यते ॥"

जो पुरुष नित्य अन्तर्मुख भएर अध्यात्ममय बनेको छ र नित्य चिदानन्दस्वरूपमा चित्त लगाइरहन्छ त्यो सदा सुखी रहन्छ, उसलाई शोकले बाधा गर्दैन । आत्मपदमा स्थित पुरुष व्यवहार गर्दा रागद्वेषयुक्त देखिन्छ तापनि उसलाई कलंक लाग्दैन । जस्तो कमल जलमा रहेर पनि जलदेखि माथि रहन्छ त्यस्तो ज्ञानवानको हृदयलाई व्यवहारको रागद्वेषले स्पर्श गर्दैन जसको मन शान्त भएको छ उसलाई संसारका इष्ट अनिष्ट पदार्थले चंलायमान गर्न सक्तैनन् । जस्तो मृग सिंहलाई दुःख दिन सक्तैन त्यस्तो ज्ञानवान्लाई जगत्का पदार्थ दुःख दिन सक्तैनन् ।

जस्तै नन्दवनमा स्थित पुरुष काँटादार वृक्षको इच्छा गर्दैन त्यस्तै ज्ञानवान् जगत्का पदार्थको इच्छा गर्दैन । हे राम ! विद्या नै हो अविद्या निवृत्तिको कारण । जस्तो प्रकाशविना तमको निवृत्ति हुँदैन त्यस्तो विचारविना अविद्याको निवृत्ति हुँदैन । अविचार नै अविद्या हो र विचार नै विद्या हो । अविद्या नष्ट भएपछि विषयभोगमा स्वाद हुँदैन र आत्मानन्दबाट नै सन्तुष्टि हुन्छ । जस्तो माछोलाई पानीले अन्धो तुल्याउँदैन त्यस्तो विचारवान् ज्ञानीलाई इन्द्रियको व्यवहारले अन्धो तुल्याउँदैन । ज्ञानरूपी सूर्यको उदय भएपछि अज्ञानरूपी रात्रि निवृत्त हुन्छ, चित्तमा परमानन्द प्राप्त हुन्छ र रागद्वेषरूपी निशाचर नष्ट हुन्छन् । ज्ञानवान् फेरि मोहमा पर्दैन । जसको हृदयाकाशमा आत्मज्ञानरूपी सूर्यको उदय भएको छ त्यसको जन्म र कुल सफल हुन्छ । जस्तो पूर्णिमाको चन्द्रमा आफ्नो अमृत पाएर आफैमा शीतल हुन्छ त्यस्तो जो पुरुष आत्मचिन्तनको अभ्यास गर्छ त्यो परम शान्ति प्राप्त गरेर सुखी हुन्छ ।

संसारबाट वैराग्य लिएर आत्मचिन्तनको अभ्यासमा लाग्नु नै बुद्धिको श्रेष्ठता हो र त्यही नै सत्शास्त्रको सफलता पनि हो । आत्मपद प्राप्त गरेपछि सारा क्लेश नष्ट हुन्छन् । जसको

आत्मचिन्तनमा रुचि छैन त्यो महाअभागी हो, यस्तो मानिस चिरकालपर्यन्त कष्ट पाउँछ र जन्मरूपी जंगलको वृक्ष भएर रहन्छ ।

हे राम ! संसाररूपी समुद्र तर्ने उपाय सुन । सन्तजनरूपी मल्लाहको युक्ति नै संसारसमुद्र तर्ने जहाज हो । जुन देशमा फल र शीतल छायाँले सम्पन्न सन्तजनरूपी वृक्ष छैन, त्यो निर्जन मरुस्थल हो, त्यहाँ एक दिन पनि निवास नगरोस् ।

हे रामजी ! आफू नै आफ्नो मित्र हो र आफू नै आफ्नो शत्रु हो । आफूले आफूलाई जन्मरूपी हिलोमा नगाडोस् । जो देहमा अहंभावना गरेर विषयको तृष्णा लिन्छ त्यो आफूले आफूलाई नाश गर्छ । जो देहभावलाई त्यागेर आत्माको अभ्यास गर्छ त्यो आफूले आफूलाई उद्धार गर्छ र त्यो आफैं आफ्नो मित्र हुन्छ, जो आफूलाई संसारसमुद्रमा डुबाउँछ त्यो आफैं आफ्नो शत्रु हुन्छ ।

पहिले यस्तो विचार गर्नू कि जगत् के हो, कसरी उत्पन्न भयो र कसरी निवृत्त होला ? म को हुँ, सत्य के हो र असत्य के हो ? यस्तो विचार गरेर सत्यको ग्रहण र असत्यको त्याग गर्नुपर्छ । धन, मित्र, बान्धव र शास्त्रबाट पनि आत्मकल्याण हुँदैन, आफ्नो उद्धार आफैंबाट हुन्छ । यसकारण तिमी मनका साथ मित्रता गर । जब दृढ वैराग्य र अभ्यास हुन्छ तब संसारको कष्ट छुट्तछ । जब वैराग्य र अभ्यासद्वारा तत्त्वावलोकन गरेर अहन्तारूप लहरा काटिन्छ तब संसारसमुद्रबाट पार हुन्छ ।

हे रामजी ! अरू उपाय गर्न नसके पनि यौटा उपाय त अवश्य गर कि देहलाई काष्ठलोष्टसमान जानेर त्यसको अभिमान त्याग । जब अहं अभिमानरूपी बादल नष्ट हुन्छ तब स्वत: आत्मारूपी सूर्य प्रकाशित हुन्छन् । अहंकाररूप बादलको विलय भएपछि आत्मतत्त्वरूपी सूर्य भासमान हुन्छन् । आत्मा परमानन्दस्वरूप हो र सुषुप्तिरूप मौन हो । अर्थात् अद्वैत तत्त्व हो, जो वाणीद्वारा बताउन सकिँदैन, आफ्नै अनुभवबाट आफैं जानिन्छ । सम्पूर्ण जगत्लाई आत्मरूप जान । जब त्यसमा चित्तको दृढ परिणाम हुन्छ तब स्थावर - जंगमरूप जगत्मा त्यही यौटा दिव्यदेव भासित हुन्छ र सबै वासना निवृत्त हुन्छन् । वासनाको नि:शेष निवृत्ति भएपछि सर्वत्र परिपूर्ण अद्वैत आत्मतत्त्व नै दृष्टिगोचर हुन्छ । त्यसकारण सकल जगत्को त्याग गरेर उसैलाई प्राप्त गर्नको लागि यत्न गर ।

(६०) भास-विलासवृत्तान्त

हे रामजी ! मनले मनलाई काट र अहं मम भावलाई त्यागिदेऊ । मन नष्ट नभएसम्म जगत्को दु:ख कष्ट निवृत्त हुँदैन । जस्तो मेघ वर्षेसम्म नदीमा बाढी आइरहन्छ त्यस्तै मन रहेसम्म आपद् विपद् आइरहन्छ । यस विषयमा एक पुरातन इतिहास सुन । सह्याचल नाम भएको पर्वतहरूमा श्रेष्ठ एक विशाल पर्वत छ । त्यहाँ अनेक प्रकारका पक्षीहरूको मनोहर शब्द गुञ्जिरहन्छ । त्यस पर्वतको सुवर्णमय शिखरमा देवताहरू विहार गर्छन् । त्यसमुनि सिद्ध र विद्याधरहरू, अनि मनुष्य र फेदमा नागहरू निवास गर्छन् । त्यसको उत्तरपट्टि वृक्ष र पुष्पले सुशोभित तलाउ छ । त्यसको समीपमा अत्रिमुनिको आश्रम छ जहाँ साधु सन्तहरू निवास गर्छन् ।

त्यस आश्रमको नजीकमा दुईजना तपस्वी ब्राह्मण रहन्थे । ती दुवैका एक एक पुत्र जन्मे जसको नाम भास र विलास थियो । ती दुई बालक सँगसँगै पढने, खेलने, हिंडने गर्थे । जति उमेर बढदै गयो ती दुईमा परस्पर प्रीति पनि बढदै गयो । कालक्रमले माता पिताको देहान्त भयो । और्ध्वदेहिक क्रियासम्पन्न भएपछि मातापिताको वियोगमा शोकाकुल भएका ती दुईजना छुट्टिएर भ्रमण गर्दै हिंडे ।

(६१) भासविलाससंवाद

वैराग्ययुक्त भास र विलासले साधुसंगतबाट ज्ञान प्राप्त गरेका थिए । केही काल वियोग भएपछि फेरि ती दुईको भेट भयो । विलासले भने - हे भाई ! यतिका समयसम्म के तिमी सुखपूर्वक रह्यौ ? चित्तलाई निर्मल तुल्याएर के तिमीले आत्मपद प्राप्त गऱ्यौ ? के तिमी शोकरहित भएका छौ ? के तिमीमा विद्या फलीभूत भएको छ ? के तिमी कुशल छौ ? भासले भने - हे साधु ! तपाईंको दर्शन पाउनु नै कुशलता हो । संसारमा रहेसम्म सुख र कुशलता कहाँ होला ? ज्ञेय परमात्मतत्त्वको ज्ञान नभएसम्म, चित्त भूमिका क्षीण नभएसम्म र संसारसमुद्रबाट पार नलागेसम्म कुशलता हुन सक्तैन । चित्तरूपी क्षेत्रमा उत्पन्न भएर बढदै गएको आशारूपी काँडाको लहरा जहाँसम्म आत्मविचाररूपी हँसियाद्वारा काटिँदैन त्यहाँसम्म कुशलता मिल्न गाह्रै छ ।

चित्तरूपी ध्वजा कालरूपी वायुले हल्लिरहन्छ । चित्तरूपी समुद्रको भुमरीमा परेर जीवरूपी तृण कष्ट पाइरहन्छ । बुद्धिरूपी पक्षिणी वासनारूपी जालमा फसेर कष्ट पाइरहेकी छ । यो काम गरियो, यो गर्दैछु र यो गर्न बाँकी छ - यही वासनाजालमा फसेर बुद्धिरूपी पक्षिणी दुःख भोगिरहन्छे, एक क्षण पनि उसलाई विश्राम छैन । यो मेरो मित्र हो र यो शत्रु हो यस्तो अहं मम भाव उसलाई मार्दछ । शुद्ध आत्मस्वरूपलाई त्यागेर देहादिमा अहंभाव गरेपछि दीनता प्राप्त गर्छ । जस्तो राज्यले रहित राजा कष्ट पाउँछ त्यस्तो आत्मभावले रहित जीव दुःख पाउँछ । देहाभिमानी जीव जन्ममरणको दुःख पाइरहन्छ । जब देहाभिमानलाई त्यागदछ तबमात्र कुशलता प्राप्त हुन्छ ।

(६२) अन्तरासङ्गविचार

यसरी ती दुईजना भास र विलासले परस्परमा कुशलताको प्रश्न गरे । त्यसपछि केही कालसम्म अभ्यास गरेर दुवै जनाले निर्मल ज्ञानद्वारा मोक्षपद प्राप्त गरे । वसिष्ठले भन्नुभो, यसकारण, हे रामजी ! कल्याणको निमित्त ज्ञानविना अर्को मार्ग छैन । जसको चित्त आशारूपी फाँसीमा बाँधिएको छ त्यो संसाररूपी समुद्रबाट पार लाग्न सक्तैन । अज्ञानी जीव संसारसमुद्रमा गोता खाइरहन्छ र ज्ञानवान् सजिलोसित गोष्पदलाई नाघे झैं शीघ्र नै संसार समुद्रको लंघन गर्न सक्तछ । जस्तो पखेटा कमजोर भएको पक्षी समुद्र तर्न सक्तैन तर पखेटा बलियो भएको हुनाले गरुड सजिलोसित समुद्रको पार जान सक्छ त्यस्तो वैराग्य र अभ्यास जसको दृढ छ त्यो पुरुष सजिलो सित संसार समुद्रको पार लाग्न सक्तछ । जस्तो पर्वतको शिखरमा बसेका मानिसको

तलका मानिससित स्पर्श हुँदैन त्यस्तो ज्ञानवान् सर्वोच्च चिन्मात्र तत्त्वमा स्थित भएको हुनाले जगत्का मानिसलाई देखेर हाँस्तछ अर्थात् ज्ञानवान् जगत्को क्रियाकलापबाट निर्लेप रहन्छ । जस्तो रथ टुटेर रथवाहकलाई कुनै खेद हुँदैन त्यस्तो देहको दुःखबाट ज्ञानवान् खिन्न हुँदैन । मनको क्षोभबाट आत्मतत्त्वमा कुनै क्षोभ हुँदैन । जस्तो तरङ्गमा धूलो परे तापनि समुद्र निर्लेप नै रहन्छ त्यस्तो मनको दुःखबाट आत्मामा क्षोभ हुन सक्तैन ।

जल, पत्थर र काठ एकै ठाउँमा रहे तापनि यिनीहरूमा परस्पर संबन्ध हुँदैन त्यस्तै देह र आत्मा एकत्र रहे तापनि यिनीहरूमा कुनै संबन्ध छैन । जस्तो जल र नौकाको संसर्ग हुन्छ तब जलकण उठ्छन् त्यस्तै देह र आत्माको संयोगले चित्तवृत्ति फुर्छ । जीवमा वास्तवमा दुःख छैन, तर देहका साथ संगले गर्दा दुःख हुन्छ । देहमा अहं मम अभिमान भएपछि दुःख हुन्छ । जस्तो जल र पत्थर एकै ठाउँमा रहे तापनि सम्बन्ध नमानेको हुनाले कष्ट हुँदैन त्यस्तो देहमा अभिमान नभए आफूको दुःख हुँदैन । जस्तो दर्पणमा पर्वतको प्रतिबिम्ब पर्छ तर प्रतिबिम्बका साथ दर्पणको संग छैन त्यसैले दुःख पनि हुँदैन त्यस्तै जब देहका साथ आत्माको संसर्ग निवृत्त हुन्छ तब कुनै कष्ट हुदैन ।

सविन्मात्र शुद्ध आत्मतत्त्वमा द्वैतको स्फुरण छैन । अविचारले जब द्वैतको स्फुरण हुन्छ तबमात्र दुःखको उदय हुन्छ । जस्तो स्वप्नमा कुनै अङ्गनाका साथ संबन्ध मानेपछि बन्धन हुन्छ, स्थाणुमा वेतालको कल्पनाले भय प्राप्त हुन्त त्यस्तो आफ्नै कल्पनाले जीव बन्धवान् हुन्छ । जस्तो जल र नौकाको संबन्ध असत्य हो, त्यसो हुनाले जलको अभाव भए नौकालाई चिन्ता हुँदैन र नौकाको अभाव भए पनि जललाई कुनै चिन्ता हुँदैन त्यस्तो देह र देही आत्माको संबन्ध असत्य हो भन्ने जानेर आत्मा जब चित्तको संगबाट रहित हुन्छ तब कुनै दुःख कष्ट हुँदैन ।

जो पुरुष व्यवहार गर्छ तर संगरहित छ भने त्यो निर्मल पुरुष संसारबाट मुक्त नै छ भनी जान्नू । जो व्यवहार त्यागेर बसेको छ र तपस्या पनि गर्छ तर चित्त आसक्त छ भने त्यो बन्धनमा छ भनी जान्नू । जो आसक्तिरहित छ त्यो मुक्तस्वरूप हो, त्यो आकाश झैं निर्मल भएर समरूप एक अद्वैत आत्मतत्त्वमा स्थित रहन्छ ।

(६३) संसक्त-असंसक्त विचार

रामले प्रश्न गरे - हे गुरुवर ! सङ्ग, असङ्ग, बन्ध र मोक्ष के हो, बताउनुहोस् । वसिष्ठबाट आज्ञा भयो - हे रामजी ! देह र देहीको जो सङ्ग छ त्यसलाई त्याग गर । देहका साथ मिलेर जो देहमात्रमा आफ्नो विश्वास राख्छ र यति नै हुँ म भनी ठान्छ - यसैलाई सङ्ग र बन्धन भन्दछन् । देहमात्रमा अहंअभिमान गरेर आफूलाई देहमा सीमित राखीकन सुखको इच्छा गर्नुलाई बन्ध तथा सङ्ग भनेको छ । म नै सर्वात्मा हुँ, त्यसकारण केको इच्छा गरौं र केको त्याग गरौ ? यसरी जो असङ्ग भएर रहन्छ त्यो जीवन्मुक्त कहिन्छ । अथवा न म छु, न जगत् छ भनी जो सकल भाव अभावको त्याग गर्छ त्यो जीवन्मुक्त भनिन्छ । जसलाई कर्मको त्याग गर्ने इच्छा छैन र कर्म गर्ने इच्छा पनि छैन, जसले कर्तृत्व भावको आसक्तिलाई त्यागेको छ त्यो असंग कहिन्छ । जसको

आत्मतत्त्वमा निश्चय छ र राग, द्वेष, हर्ष, शोकको वशीभूत छैन त्यो नै असंग कहिन्छ । म केही पनि गर्दिन यस्तो निश्चय गरेर जसले सकल कर्मको फल त्यागेको छ त्यो असंगी भनिन्छ, त्यसको कुनै कर्मबन्धन रहँदैन र त्यसलाई दैवी सम्पत् स्वत: प्राप्त हुन्छन् । जो संसक्त पुरुष कर्तृत्व भोक्तृत्वको अभिमान लिन्छ त्यसले अनन्त दु:ख भोग्नु पर्दछ । जस्तो काँडाको झाँड० भएको खाडलमा जो खसेको छ त्यसले कति दु:ख पाउला त्यस्तो संसक्त पुरुष अनन्त दु:ख कष्ट पाउँछ । नाकमा डोरीले बाँधिएको ऊँट, बयल र गधा झैं संसक्त पुरुष आशारूपी डोरीले बाँधिएर अनन्त दु:ख पाउँछ ।

जो आत्मतत्त्वबाट झरेर देहमा अभिमान गर्छ त्यो मूढ हो र त्यो संसारमा जन्मग्रहण गरिरहन्छ । जसको आत्मतत्त्वको ज्ञान भएको छ र आत्मामा निष्ठा छ त्यो वन्दनीय हुन्छ र त्यसको फेरि संसारमा जन्ममरण हुँदैन । जसको हातमा शंख, चक्र, गदा र पद्मको चिन्ह छ, जसको आत्मतत्त्वमा दृढ निश्चय छ, जो आत्मामा संसक्त छ र जो तीन लोकको पालना गर्छ त्यो महापुरुष वन्दनीय हुन्छ । निरालम्ब सूर्य गगनमण्डलमा विचरण गर्छन् र सदा स्वरूपनिष्ठ छन् त्यसैले उनी वन्दनीय छन् । जो ब्रह्मारूप भएर जगद्रचना गरीकन पनि सदा शिवस्वरूपमा संसक्त छन् तिनी वन्दनीय छन् । जो शंकरवपु धारण गरेर लीलापूर्वक पार्वतीलाई अर्धाङ्गिनी तुल्याएर उनको प्रेमसूत्रमा बाँधिएका छन् , विभूति धारण गरेर सदा स्वरूपमा संयुक्त छन् उहाँ सर्वदा वन्दनीय हुनुहुन्छ । अन्य सिद्ध, देवता, विद्याधर र लोकपालहरू जसको स्वरूपमा संसक्ति छ ती सब मुक्तरूप हुन् र वन्दनीय छन् ।

हे रामजी ! धेरै के भनौं, जो देहाभिमानी भएर सदा विषयको सेवन गर्छन् ती रौरव, कालसूत्र आदि नरकमा जलेर अनेक दु:ख पाउँछन् । जसको चित्त संगरहित छ उसमा सकल विभूति प्राप्त हुन्छन् । वर्षाकालमा मानसरोवरमा हाँस ओइरिएझैं असंसक्तचित्त पुरुषमा दैवी सम्पत्ति ओइरिन्छन् । देहाभिमान बढनुलाई विषसमान र देहाभिमान घटनुलाई अमृत समान जान । जो देहाभिमान त्यागेर स्वरूपमा संसक्त रहन्छ त्यो सुखी हुन्छ । देहाभिमानरहित पुरुषको चित्त चन्द्रमा झैं शीतल हुन्छ र अविद्यारूपी विषूचिकारोग नष्ट भएर त्यो शान्त एवं मुक्तरूप हुन्छ ।

(६४) शान्तसमाचारयोगोपदेश

हे राम ! मेरो उपदेशका उपर विचार गरेर अभ्यास गर र कर्मको कर्ता चित्तलाई देहादिमा संसक्त हुन नदिएर केवल आत्मचेतनमा स्थित गर । शब्द स्पर्शादि विषयबाट मनलाई निवृत्त गरेर चेतनतत्त्वमा विश्राम गर, द्वैतलाई लिएर चेतनतत्त्वको आश्रय नगर । जब सकल विषयको आशा इच्छाबाट रहित भएर आत्मतत्त्वमा स्थित हुन्छौ तब विगतसंग हुन्छौ, असंग भएपछि जीवभावको निवृत्ति हुन्छ र तिमी चिदात्मा भएर स्थित हुन्छौ । त्यसपछि व्यवहार गरे पनि नगरे पनि अकर्ता भएर नै रहन्छौ । बादल हटेपछि सूर्य स्वाभाविकरूपले प्रकाशित भए झैं स्फुरणरहित भएपछि सर्वत्र चेतनतत्त्व नै स्वाभाविकरूपले भासमान हुन्छ र कुनै क्रियाले स्पर्श गर्दैन ।

(६५) संसक्तचिकित्सा

हे रघुनन्दन ! असंसक्त पुरुष ध्यान गरोस् वा व्यवहार गरोस् त्यो शोकरहित हुन्छ । ज्ञानवान् बाहिरबाट क्षोभयुक्त देखिए तापनि उसको हृदय सर्वकलनाले रहित भएर सुशोभित हुन्छ । जसको चित्त चेत्यरहित अचल भएर रहेको छ त्यो विगतज्वर हुन्छ, त्यसलाई कुनै दु:खले स्पर्श गर्दैन । आत्मारामी पुरुष मयूरको प्वाँख झैं चञ्चल पनि देखिन्छ तर उसको चित्त सुमेरु पर्वत झैं अचल हुन्छ । जसको चित्त आत्मपदमा स्थित छ ऊ सांसारिक सुख दु:खको वशीभूत हुँदैन । जस्तो स्फटिकमा प्रतिबिम्बको रङ्ग चढदैन त्यस्तो ज्ञानवान्मा सुख दु:खको रङ्ग चढदैन । ब्रह्मसाक्षात्कारवान् ज्ञानीको चित्त राग-द्वेषले रञ्जित हुँदैन । जस्तो आकाशमा बादल देखिए तापनि त्यसले आकाशलाई स्पर्श गर्दैन त्यस्तो ज्ञानवान्को चित्तलाई राग-द्वेषले छुँदैन । परम बोधस्वरूप आत्माको साक्षात्कार गरेर जसको चित्त कलनामलबाट मुक्त छ त्यो पुरुष असंसक्त कहिन्छ ।

ज्ञानवान्को चेष्टा बालकको जस्तो हुन्छ । जस्तो बालक अभिमानरहित भएर विच्छ्याउनामा अङ्ग हिलाउँछ त्यस्तै ज्ञानवान् अभिमानशून्य भएर कर्म गर्छ तर उसलाई कर्मको फल सुख-दु:खले स्पर्श गर्दैन । जब चित्त अचित्तरूप हुन्छ तब जाग्रत्-जगत् सुषुप्तिरूप भइहाल्छ, अनि जो कुछ कर्म गरे तापनि त्यसले स्पर्श गर्दैन । हे रामजी ! जब जगत्‌बाट सुषुप्तिदशा हुन्छ तब हृदय शीतल हुन्छ, रागद्वेष फुर्दैन त्यस्तो ज्ञानवान् आत्मानन्दले परिपूर्ण रहन्छ र पूर्णिमाको चन्द्रमा झैं सुशोभित हुन्छ । जो सुषुप्तिबोधमा स्थित छ त्यो महातेजस्वी हुन्छ र आत्मानन्दले पूर्ण हुन्छ । सुषुप्तिबोधमा अवस्थित पुरुष कुनै क्षोभले चलायमान हुँदैन । यस्तो सुषुप्तिदशा अभ्यासयोगबाट प्राप्त हुन्छ । तत्त्ववेत्ता पुरुष यो तुरीय पदमा अवस्थित भएर परमानन्दरूप हुन्छ । तुरीय पद प्राप्त गरेपछि फेरि संसारमा खस्तैन । जो यस संसारलाई लीलारूप देख्तछ त्यो सर्वशोकरहित एवं निर्भय हुन्छ र उसको संसारभ्रम दूर हुन्छ । जब तुरीय पद प्राप्त हुन्छ तब जन्ममरणको बन्धनबाट मुक्त हुन्छ र कलनारहित परम ज्योतिमा लीन हुन्छ । जस्तो नूनको ढिको समुद्रमा फ्याँके जलरूप हुन्छ त्यस्तो ज्ञानीपुरुष आत्मरूप हुन्छ ।

(६६) संसारयोगोपदेश

वसिष्ठले भन्नु भयो - हे रामजी ! तुरीय पदमा स्थित पुरुष जीवन्मुक्त हुन्छ, त्यसपछि विदेहमुक्त भएर तुरीयातीत पदमा स्थित हुन्छ जो वाणीको विषय हुँदैन । जस्तो आकाशलाई हातले समात्न सकिंदैन त्यस्तो तुरीयातीत पद वाणीको विषय हुँदैन । हे राम ! अब तिमी केही काल यसै अवस्थामा स्थित भएर रहू र त्यसपछि परमानन्दमा स्थित रहनू ।

तुरीयावस्थामा स्थित पुरुष निर्द्वन्द्व भावमा प्राप्त हुन्छ । जब तिमी अद्वैतदृष्टिरूप सुषुप्ति अवस्थामा स्थित हुन्छौ तब जगत्‌को कार्य गर्दै रहेर पनि सदा पूर्णरूपमा नै रहनेछौ, तिम्रो उदय र अस्त हुनेछैन । जस्तो घटमा मृत्तिकाको अन्वय हुन्छ तापनि घटको नाश भए मृत्तिकाको नाश

हुँदैन त्यस्तो ज्ञानवान् देहको नाश हुँदा शोकवान् हुँदैन र देह स्थित हुँदा पनि सुखी हुँदैन किनकि उसको देहका साथ कुनै संबन्ध नै छैन । तत्त्वदर्शी पुरुष यथाप्राप्त कुरामा निर्दोष भएर विचरण गर्छ र अभिमान आदि विकारले रहित भएर आकाशवत् निर्मल रहन्छ । जस्तो योग, मन्त्र, तप आदिबाट सिद्धिप्राप्त पुरुष आकाशमा उड्छ र पृथिवीमा खस्तैन त्यस्तो जसको मनको वृत्ति सर्वविकारले रहित भएर आत्मपदमा स्थित हुन्छ, ऊ फेरि संसारमा खस्तैन ।

हे राम ! तिमी पनि आफ्नो प्रकृत भावमा स्थित भएर यथाप्राप्त क्रिया गर, तर निर्द्वन्द्व भएर रहू । अब तिमी स्वरूपको ज्ञाता भएर परम पदमा जागेका छौ । त्यसकारण शोकरहित भएर पृथिवीमा विचरण गर । अनिच्छाले इच्छालाई त्यागेर मेघरहित शरत्कालको आकाश झैं निर्मल भएर रहू तब तिम्रो शोभा हुनेछ ।

आत्मा केवल अव्यक्त छ र चिन्तारहित छ, उसको शरीरका साथ संबन्ध कसरी होला ? आत्मा आदि नाम पनि उपदेश-व्यवहारका लागि कल्पित छ । वास्तवमा आत्मा नामरुपभेदवर्जित भयरहित, शब्दको अगोचर छ । आत्मा नै जगत्रूप भएर स्थित भएको छ, जगत् आत्मादेखि भिन्न वस्तु होइन । जल तरङ्गरूपले भास्तछ, तरङ्ग जलदेखि भिन्न होइन त्यस्तै आत्मा नै जगद्रूपले भास्तछ । जगत् आत्मादेखि भिन्न छैन । जस्तो पट र तन्तुमा भेद छैन त्यस्तै ब्रह्म र जगत्मा भेद छैन ।

कुनै द्वैत वस्तु छैन, परन्तु तिम्रो उपदेशको निमित्त द्वैतलाई अङ्गीकार गरेर बताउँछु । शरीरका साथ तिम्रो कुनै संबन्ध छैन । जस्तो घाम र छायाँको संबन्ध हुँदैन, प्रकाश र तम एकत्र हुँदैन त्यस्तो आत्मा र देहको संबन्ध छैन । जस्तो वनमा आगो लाग्नाले जन्तुहरू जल्छन् त्यस्तो भ्रमले दृश्यरूप देहमा अहंभाव गरेर जीव जल्छ । जस्तो कुबुद्धि मानिस दावाग्निमा जलबुद्धि गर्छ त्यस्तो अज्ञानी देहमा आत्मबुद्धि गर्छ ।

चिदात्मा नित्य, निर्मल, स्वयंप्रकाश छ र देह मलिन, अस्थि-मांस-रक्तमय छ, यसका साथ आत्माको संबन्ध कसरी होला ? आत्मामा सदा देहको अभाव छ - केवल एक अद्वैततत्त्व आफू आफैंमा स्थित छ उसमा द्वैतभ्रम कसरी होला ? स्वरूपत: आत्मामा बन्ध, मोक्ष केही छैन । सर्वसत्ता एक आत्मतत्त्व नै भित्र बाहिर सर्वत्र स्थित छ । म सुखी, दु:खी, मूढ हुँ भन्ने मिथ्यादृष्टिलाई त्याग र आफूलाई केवल अद्वैत आत्मा जानेर स्थित होऊ ।

वायुद्वारा कण्ठ, तालु आदि आठ स्थानबाट अच् र हल् वर्णको उच्चारण हुन्छ, तर आत्मा यी देखि अलग छ । यिनमा आत्माभिमान गर्नु महामूर्खता हो । इन्द्रियको चेष्टा पनि वायुद्वारा नै हुन्छ, यिनमा आत्मबुद्धि त्यागेर शुद्ध आत्मपदमा स्थित होऊ । आकाश सर्वत्र छ तर जहाँ ऐना छ त्यहाँ आकाशको प्रतिविम्ब भास्तछ, जल जमीनमा जता ततै छ तर जहाँ खनिन्छ त्यहाँ जल देखिन्छ त्यस्तै आत्मा सर्वत्र व्याप्त छ तर जहाँ चित्त छ त्यहाँ अहंरूपले भास्तछ । आत्माको सत्ता पाएर चित्तले जगद्रचना गर्छ । अविचारले मात्र जगत् सत् देखिन्छ । आत्मज्ञान नै हो जगन्निवृत्तिको उपाय ।

घटको नाश भए आकाशको नाश हुँदैन त्यस्तै देहको नाश भए आत्माको नाश हुँदैन । जसको चित्त निर्वासनिक भएको छ उसको चित्त शरीर छुटेपछि चिदाकाशमा लीन हुन्छ । जसको चित्त वासनासहित छ त्यो यौटा शरीर छोडेर अर्को शरीर ग्रहण गर्छ । अविद्यारूपी संसारलाई भ्रमरूप जानेर यसको वासनालाई त्यागेर आफ्नो स्वरूपमा स्थित होऊ ।

वाल्मीकिले भन्नुभयो - यसरी वसिष्ठजीबाट उपदेश हुँदै थियो, सूर्यास्तको समय भयो र सभा उठ्यो । परस्पर नमस्कार गरेर सबै आआफ्ना स्थान तिर गए । भोलिपल्ट बिहान फेरि सबै जुटे ।

(६७) मोक्षस्वरूपोपदेश

वसिष्ठजीले भन्नुभयो - हे रामजी ! देह उत्पन्न भए झैं आत्मा उत्पन्न हुँदैन र देह नष्ट भए आत्मा नष्ट हुँदैन । त्यसकारण तिमी निष्कलङ्क आत्मा हौ । तिम्रो देहका साथ संबन्ध कहिले पनि छैन । जो देहको नाशमा आफ्नो नाश मान्दछ त्यो मूर्ख हो । जस्तो रथ, डोरी र घोडाको स्नेहरहित संयोग हुन्छ शरीर इन्द्रियको संयोग पनि त्यस्तै हो । जस्तो रथ टुटेर रथवाहकको हानि हुँदैन त्यस्तो देह र इन्द्रियको नाश भएर आत्माको नाश हुँदैन । जस्तो स्थाणुमा वेताल भास्छ र भययुक्त पनि हुन्छ त्यस्तै देहमा अहंभाव गर्नाले राग, द्वेष, सुख, दु:ख हुन्छ । जस्तो एक काठको अनेक पुतली बन्छन् ती काठदेखि भिन्न हुँदैनन् त्यस्तै यो शरीर पञ्च महाभूतबाट बनेको छ त्यसो हुनाले पञ्च महाभूत देखि भिन्न होइन । यस्तो भौतिक देहमा आत्मबुद्धि गरेर मूर्ख हर्ष र शोकले युक्त हुन्छ । जस्तो तृण र जलको संयोग हुन्छ, तृण यता उति जान्छ तर जललाई हर्ष शोक हुँदैन त्यस्तै देह र आत्माको योग हो, यिनको मिलाप र विछोडमा हर्ष र शोक गर्नु उचित होइन । हे राम ! तिमी जब चित्तलाई त्यागेर स्वरूपमा दृढरूपले स्थित हुन्छौ तब भौतिक देहलाई आफूदेखि भिन्न भनी जान्दछौ ।

आत्मामा जो स्पन्द या स्फुरण हुन्छ त्यसैको नाम चित्त हो, त्यो अवस्तुरूप हो - यस्तो जानेर बुद्धिमान् निष्पाप एवं वीतराग भईकन जीवन्मुक्तिरूप महाशान्त पद प्राप्त गरेर विचरण गर्छ । जस्तो आकाशमा धूलो उडेको देखिन्छ तर आकाश मलिन हुँदैन त्यस्तो ज्ञानवान् पुरुष आफ्नो व्यवहारमा कर्तृत्वको अभिमान लिँदैन । जस्तो मेघको आउनु, जानुबाट समुद्रको रागद्वेष हुँदैन त्यस्तो भोगको आउनु, जानुबाट ज्ञानवान्को रागद्वेष हुँदैन ।

हे रामजी ! जो सम्यग्दर्शी छ त्यो मोहमा प्राप्त हुँदैन । दृश्य, दर्शन र इन्द्रियको जो साक्षी हो त्यो नै परमानन्द ब्रह्म कहिन्छ । अनुत्तम सुखरूप जानेर त्यो संवित्तत्त्वमा जो स्थित हुन्छ त्यो ज्ञानवान् हो, त्यसलाई मोक्ष प्राप्त हुन्छ । जो दृश्य दर्शनसित मिलेर बस्छ त्यो अज्ञानी हो, त्यसलाई त्यो संवित्ले संसार भ्रम देखाइदिन्छ । दृश्य, दर्शनमा जो अनुभवसत्ता छ त्यो सुखरूप आत्मा हो । जसको दृश्यका साथ लगाव छ त्यो बन्धनमा छ र जो दृश्यदेखि मुक्त छ र चैतन्य-संवित्मा स्थित छ भने त्यो मुक्त कहिन्छ ।

दृश्य, दर्शनको मध्यमा जो संवित्तत्त्व छ त्यो अनुभवरूप हो, त्यसको आश्रय गरेर जो दृश्य, दर्शनबाट मुक्त छ त्यो संसार - समुद्रबाट पार हुन्छ । आत्मा नस्थूल छ, न अणु छ, न प्रत्यक्ष छ, न अप्रत्यक्ष छ, न चेतन छ, न जड छ, न सत्य छ, न असत्य छ, न अहं छ, न त्वं छ, न एक छ, न अनेक छ, न निकट छ, न दूर छ, न सर्व हो, न असर्व हो । आत्मा त मनसहित षडिन्द्रियग्राह्य दृश्यदेखि अतीत छ, अतएव निष्किञ्चनरूप छ । यो सम्पूर्ण पाञ्च भौतिक दृश्य जगत् आत्मरूप हो । जगत्लाई आत्मादेखि भिन्न मान्नु उन्मत्तचेष्टामात्र हो । महात्मा पुरुषको कालकलनारूप सब जगत् आत्मरूप नै भास्तछ । कल्पको शुरूदेखि अन्तसम्म सबै आत्माको नै चमत्कार हो, यस्तो जनेर तिमी आफ्नो स्वरूपमा स्थित होऊ र संसार समुद्रबाट पार लाग ।

(६८) आत्मविचार

वसिष्ठले भन्नुभो - हे रामजी ! द्वैतत्यागको निम्ति मैले जो विचारदृष्टि बताएँ, यो विचारद्वारा आत्मस्वभाव प्राप्त हुन्छ जस्तो खोज गर्ने अभ्यासले चिन्तामणि प्राप्त हुन्छ । यसपछि अर्को परम दृष्टि सुन जसबाट अचल आत्मस्वरूप देखिन्छ । आकाश, दिशा, सूर्य, चन्द्र, अधः, ऊर्ध्व, देवता, दैत्य, प्रकाश, तम, मेघ, पर्वत, पृथ्वी, समुद्र, पवन, धूलि, अग्नि आदि स्थावर-जङ्गम जगत् सब म नै हुँ । आत्मा नै हो सर्वजगत्, त्यसकारण अहं र त्वं देखि भिन्न अनेक वा एक कसरी होला ? जसको हृदयमा यस्तो निश्चय हुन्छ उसको सर्वजगत् आत्मरूप भास्तछ र यस्तो पुरुष हर्ष-शोकले अभिभूत हुँदैन । सब जगत् मनोमात्र हो तब आफ्नो र अर्काको भन्ने के छ र ? ज्ञानवान्को लागि आत्मादेखि भिन्न केही भास्तैन, अतः ऊ हर्ष र विषादले युक्त हुँदैन ।

हे रामजी ! अहंकार तीन प्रकारको छ, त्यसमा दुई प्रकार ग्राह्य र एक प्रकार त्याज्य छ । (१) सबै म नै हुँ - मदेखि भिन्न केही छैन । (२) परम अणु जो सूक्ष्म भन्दा पनि, अति सूक्ष्म छ त्यो साक्षीभूत अव्यक्तरूप म नै हुँ । यी दुई प्रकारका अहंकार तत्त्वज्ञानबाट प्रवृत्त हुने भएकाले सात्त्विक निर्मल र मोक्षदायक छन् । (३) आफूलाई नख-शिखापर्यन्त देहरूप जान्नु - यस प्रकारको अहंकार दुःखदायक र संसारको कारण हुन्छ । अथवा तीनै प्रकारको अहंकारलाई त्यागेर स्वतः स्वरूपमा अवस्थान गर्नु - यो पनि मोक्षदायक हो । जस्तो इच्छालाग्छ त्यस्तै गर, तर आत्मा सर्वातीत वस्तु हो र सब भन्दा पर छ तापनि आफ्नो सत्ताले जगत्लाई पूर्ण गरेर रहेको छ र सबको प्रकाशक छ । यो आत्मा अनुमान आदि प्रमाणको विषय हुँदैन तापनि सर्वदा सबैलाई आफ्नो प्रकाशले प्रकाशित गर्छ । आत्मा वाणीको विषय हुँदैन तापनि सर्वरूप भएर भासेको छ । जो नानात्व भास्तछ । त्यो आत्मादेखि भिन्न होइन । आत्मा आदि संज्ञा पनि उपदेशको निम्ति शास्त्रले कल्पना गरेको हो ।

आत्मा सर्वत्र व्यापक छ र आफू नै जीवरूपले भास्तछ । जब चित्-संवित् स्फूर्तिरूप हुन्छ तब जीव आदि रूपले भास्तछ, जब स्फुरणरहित हुन्छ तब द्वैतकलना मेटिन्छ । जस्तो आकाशमा जब वायु चल्छ तब शीत-उष्णरूपले भास्तछ त्यस्तो स्फुरणबाट आत्मा नै जीव आदिरूपले भास्तछ । जस्तो वायुविना धूलो उड्दैन, प्रकाशविना पदार्थको भान हुँदैन त्यस्तो पुर्यष्टकविना आत्मा भास्तैन

अर्थात् पुर्यष्टकमा प्रतिबिम्बित भएरमात्र आत्मा प्रकाशित हुन्छ । आत्मा सूर्य झैं सबको प्रकाशक भएर पनि निर्लेप छ ।

शरीरको व्यवहार हुँदा इष्टानिष्ट प्राप्तिमा आत्मा जस्ताको तस्तै छ । आत्मा न उत्पन्न हुन्छ, न नष्ट हुन्छ, न इच्छा गर्छ, न त्याग गर्छ, न मुक्त छ, न बद्ध छ, सर्वदा सर्वप्रकार एकरूप छ । उसको अज्ञानले डोरीमा सर्प भासे झैं जीव अनात्मभावमा प्राप्त भएर दुःखको कारण बन्छ । आत्मा आद्यन्तरहित, अज र अविनाशी छ । आत्मादेखि भिन्न केही पनि उत्पन्न भएको छैन । आत्मा देश, काल र वस्तुको परिच्छेदले रहित छ, अतएव उसमा बन्ध र मोक्षको कल्पना छैन । सर्वकलनारहित आत्मा सबैको आफ्नो स्वरूप हो, मूर्ख अविचारले व्यर्थको रुदन गर्छ । हे राम ! मेरो उपदेशलाई आदिदेखि अन्तपर्यन्त सम्यक् विचार गरेर हेर र यस युक्तिलाई ग्रहण गरेर शोक नगर ।

मोक्ष आकाश, पाताल र भूलोकमा कहीं छैन, चित्त निर्मल हुनु नै मोक्ष हो । अनात्मामा आत्माभिमान गर्नु मल हो, यसलाई त्यागेर शुद्ध आत्मामा चित्त लगाउनुको नाम मोक्ष हो । जब चित्त वृत्तिरहित हुन्छ तब सम्यक् आत्मज्ञान हुन्छ - यसैलाई तत्त्वदर्शीहरू मोक्ष भन्दछन् ।

मोक्षको अरू उपाय छैन, आत्मबोध नै हो मुख्य उपाय । आत्मबोध प्राप्त गरेर जीव सुखी हुन्छ । जब चित्त अचित्त हुन्छ तब जगद्भ्रम मेटिन्छ र सर्वत्र अद्वैत आत्मतत्त्व नै भासमान हुन्छ । हे राम ! बन्ध-मोक्षको कल्पना पनि तुच्छ हो, यसलाई त्याग गर र चक्रवर्ती राजा भएर पृथ्वीको पालन गर, तिमीलाई कर्तृत्वको स्पर्श हुनेछैन ।

(६९) निरास्पद मौनविचार

वसिष्ठले भन्नुभो - हे रामजी ! आँखाले नदेखीकन सुन्दर पुरुषलाई कुरूप भनी कल्पना गरे झैं आत्माको साक्षात्कार नभएको हुनाले आफूलाई देहरूप जानेर मूर्ख म देह हुँ भन्छ । जति जति आत्माको प्रमाद हुँदै रहन्छ त्यति त्यति देहमा आत्माभिमान भइरहन्छ जस्तो जति जति मद्यपान गर्छ त्यति त्यति उन्मत्त हुँदै रहन्छ । यो नानाप्रकार दृश्य अज्ञानले भासेको छ । जस्तो मरुभूमिमा सूर्यको किरणले जल भास्तछ त्यस्तो असम्यक् ज्ञानले आत्मामा जगत् भास्तछ । यौटा कलना फुर्नाले मन, बुद्धि, चित्त, अहंकार, इन्द्रिय र देह भास्तछन् । जस्तो यौटै जलको बरफ, शुक्लता, शीतलता आदि भेद कल्पित हुन्छ त्यस्तो एक स्फुरणको नै अनेक संज्ञा हुन्छन् । मन, बुद्धि, चित्त र अहंकारमा केही भेद छैन, यिनमा एकको नाश भए अरूको पनि नाश भइहाल्छ । त्यसकारण मनमा जो कुछ कलना छ त्यसको त्याग गर, मोक्षको इच्छा पनि नगर र बन्धनरूप वृत्तिको पनि त्याग गर । वैराग्य र विवेकको अभ्यासबाट मनलाई निर्मल तुल्याऊ । मन निर्मल भए उसको मननभाव पनि नष्ट हुन्छ । म मुक्त होऊँ भन्ने इच्छा भएपछि मन जागेर आउँछ । मन जागेपछि मननभाव खडाहुन्छ अनि शरीर आदि भासेर आउँछ र अनेक दु:ख हुन्छ ।

आत्मतत्त्व सर्वातीत छ । त्यहाँ न बन्ध छ, न मोक्ष छ । मनको मननभाव निवृत्त भएपछि न बन्ध छ, न मोक्ष छ । वायु चलेपछि वृक्षका पत्र, पुष्प र फल हल्ले झैं प्राण फुरेपछि इन्द्रियमा चेष्टा हुन्छ । आत्मा सर्वव्यापक भईकन पनि सुमेरुपर्वत झैं अचल छ । जति पनि पदार्थ छन् ती सब आत्मरूप दर्पणमा प्रतिबिम्बित भएर भास्तछन् । आत्मा दीपक झैं सब पदार्थलाई प्रकाशित गर्छ । आत्मा सब पदार्थमा अनुस्यूत छ र अहं त्वं आदि कलनाले रहित छ । जहाँ अहं त्वं आदि कलना फुर्दैन त्यहाँ सुख दु:ख पनि फुर्दैन ।

ज्ञानवान्मा कर्तृत्व भोक्तृत्व फुर्दैन । आत्मा निरहंकार र निराकार छ उसमा कर्तृत्व भोक्तृत्व कसरी होला ? मरुस्थलमा जल भासे झैं अज्ञानले आत्मामा कर्तृत्व, भोक्तृत्व भास्तछ ।

हे रामजी ! अज्ञानरूपी मदिरा पान गरेर मनोरूप मृग मत्त भएको छ, त्यसैले ऊ सत्-असत्को विचार गर्न सक्तैन । जस्तो मृगतृष्णाको नदी असत् भए तापनि सद्रूपले भास्तछ र मूर्ख मृग त्यसलाई सत् जानेर पानी पिउन दौडन्छ त्यस्तै अज्ञानी जीव अरूप संसारलाई रूपवान् ठानेर दौडन्छ । जब आत्मसत्ताको सम्यक् बोध उदित हुन्छ तब यो अविद्या नष्ट हुन्छ । जस्तो ब्राह्मण समाजमा यौटी चाण्डाली घुसेकी रहिछ, ब्राह्मणहरूले चाण्डाली भनेर जानेपछि त्यो गायब भइहाल्छे त्यस्तो अविद्यालाई जानेपछि त्यो स्वत: नष्ट हुन्छ । अविद्यालाई यथार्थ जानेपछि अविद्यारूप जगत्ले मनलाई खिच्न सक्तैन जस्तो मृगतृष्णाको नदी भनेर चिनेपछि प्यास लागे तापनि त्यहाँको जलले मनलाई खिच्तैन ।

जब परमार्थसत्ताको बोध हुन्छ तब वासना समूल नष्ट हुन्छ । जस्तो सूर्योदय भएपछि अन्धकार नष्ट हुन्छ त्यस्तो यथार्थ आत्मज्ञान उत्पन्न भएपछि वासनासहित अविद्या नष्ट हुन्छ । अविद्या अविचारले सिद्ध छ । जब सत्शास्त्रको युक्तिद्वारा विचार प्राप्त हुन्छ तब अविद्या नष्ट हुन्छ ।

देह जड छ र आत्मा सदा चेतनरूप छ, फेरि जड देहको निमित्त भोगको इच्छा गर्नु मूर्खता हो । आशारूपी फाँसीलाई हृदयबाट काट । जब आशारूपी आवरण दूर हुन्छ तब पूर्णिमाको चन्द्रमा झैं हृदय शीतल हुन्छ र जीव तापत्रयबाट मुक्त हुन्छ । जस्तो जल त्यागेपछि मेघ मौन रहन्छ त्यस्तो ज्ञानवान् सब आशा छोडेर आत्ममौन भएर बस्तछन् । जब चित्त वृत्तिरहित हुन्छ तब आत्मपदमा निर्वाण हुन्छ र परमानन्द प्राप्त हुन्छ । ज्ञानवान् परमानन्दले पूर्ण भएर आफू आफैमा प्रकाशित हुन्छ । म सर्वात्मा, सर्वगत, ईश्वर, सर्वाकार, निराकार, केवल चिदानन्द आत्मा हुँ र सदा आफू आफैमा स्थित छु - ज्ञानवान्को यस्तो निश्चय हुन्छ । निर्वासनिक पुरुषलाई जति आनन्द हुन्छ त्यति आनन्द स्त्रीका साथ घाँटी मिलाएर शयन गरेको कामी पुरुषलाई हुँदैन । उदारबुद्धि आत्ममौनवान् पुरुषको जति शोभा हुन्छ पुष्पगुच्छाले वसन्तऋतुको पनि त्यति शोभा हुँदैन । भित्री निराशता भएपछि हृदयको ताप मेटिन्छ र परम शान्ति प्राप्त हुन्छ ।

यो म हुँ र यो मेरो हो भन्ने कुरा अज्ञानले भास्तछ, यस कलनालाई चित्तबाट हटाऊ, सब जगत् आत्मरूप हो, नानात्व केही छैन । सम्यक्दर्शी पुरुष जगत्लाई एकरूप जानेर धैर्यवान् हुन्छ र खेदयुक्त हुँदैन । जो निर्वासनिक पुरुषले आत्मविचारद्वारा आत्मपद प्राप्त गरेको छ उसलाई देखेर मोहकारिणी माया भागेर जान्छे, उसको नजीकमा पर्दिन ।

जसको शरीरबाट अहंभाव उठेर गयो त्यो इन्द्रियद्वारा कर्म गर्छ तापनि कर्ता हुँदैन, जसको देहमा अहंभाव विद्यमान छ त्यो कर्म नगरे तापनि कर्ता हुन्छ । जस्तो चिरकालपर्यन्त हराएको बान्धव भेटिएपछि उसको विस्मरण हुँदैन त्यस्तो जसले आफ्नो स्वरूपलाई जान्यो फेरि उसको विस्मरण हुँदैन । शुद्ध स्वरूपको सम्यक् ज्ञान भएपछि भ्रान्तिरूप जगत् भास्तैन ।

सम्यक् ज्ञानद्वारा जसको अविद्या नष्ट भएको छ त्यो दुःख देखदैन, अंग काटे पनि उसलाई दुःख हुँदैन, शरीर नष्ट भए पनि ऊ नष्ट हुँदैन किनकि ऊ शरीरदेखि अलग अविनाशी आत्मपदमा निश्चय राख्तछ । बाहिर संकटवान् देखिए तापनि भित्र उसलाई कुनै संकट हुँदैन । ज्ञानवान् पुरुष वनमा रहोस् अथवा घरमा रहेर व्यवहार गरोस् अथवा समाधि गरेर बसोस् तर ऊ आफ्नो स्वरूपमा जस्ताको तस्तो भएर रहन्छ, उसलाई कुनै प्रकारको खेद, कष्ट हुँदैन ।

(७०) मुक्तामुक्त विचार

वसिष्ठले भन्नुभयो-हे रामजी ! राजा जनक राजकाज र व्यवहार गरेर पनि आत्मपदमा स्थित भएका हुनाले निष्कलङ्क र विगतज्वर भएर नै रहेका थिए । तिम्रा पितामह राजा दिलीप पनि सबै काम, धन्दा, उद्योग गर्थे तर राग-द्वेष थिएन । उनी जीवन्मुक्त भएर चिरकालपर्यन्त पृथिवीको राज्य गरेर रहे । राजा अजले नानाप्रकार युद्ध गरेर राजकाज चलाए, तर उनी जीवन्मुक्त स्वभावमा स्थित थिए । राजा मान्धाता नानाप्रकार युद्धचेष्टा गरेर पनि परम पदमा स्थित थिए, अतएव मोहमा परेका थिएनन् । महात्यागी राजा बलि पातालको राज्य चलाए तापनि स्वरूपज्ञानले गर्दा शान्त एवं जीवन्मुक्त भएर विचरण गर्थे । दैत्यका राजा नमुचि देवतासंग विरोध भएकोले सदा युद्धपरायण देखिन्थे, परन्तु ज्ञानको बलले गर्दा हृदयमा ताप थिएन । वृत्रासुर पछि इन्द्रद्वारा

मारिए उनको हृदय शीतल एवं क्षोभरहित थियो । दैत्यराज प्रह्लाद पातालको राज्य गरेर पनि क्षोभरहित थिए । मुरनामक दैत्यले विष्णुसंग युद्ध गरेर शरीर छोडचो, ऊ पनि ज्ञानवान् भएकोले सुखी भएर रहन्थ्यो । वृहस्पतिको स्त्रींका निमित्त चन्द्रमासित युद्ध भयो तर ज्ञानी भएकाले उनी रागद्वेषरहित भएर देवकार्य गरेर रहन्छन् । शुक्राचार्य अर्थलोलुप जस्तो भएर दैत्यहरूको हितसाधनमा तत्पर देखिन्छन् तर ज्ञानी भएकाले उनको हृदयमा खेद रहदैन । ब्रह्मा, विष्णु र शिव सृष्टि, स्थिति र संहार गरेर पनि मुक्त स्वरूपमा नै रहनु भएका छन् । देवताहरू चन्द्रमाको किरणद्वारा अमृतपान गर्छन्, ज्ञानी भएकाले चन्द्रमालाई खेद हुँदैन । सूर्य, अग्नि, वायु सवै ज्ञानी भएर नै आआफ्नो काम गर्छन् । नारद ऋषि तीन लोक घुमेर क्रियाजालमा तत्पर देखिनुहुन्छ तर मुक्त स्वभावमा नै रहनुहुन्छ । एवं प्रकारले जीवन्मुक्त ज्ञानीहरू मध्ये कोही स्वर्गमा, कोही पातालमा र कोही पृथिवीमा रहन्छन् । कोही वनमा र कोही ज्ञानी घरमा रहन्छन् । इन्द्र, यम, कुबेर आदि दिक्पाल पनि जीवन्मुक्त भएर नै स्वकार्यमा जुटेका छन् ।

हे रामजी ! यो सम्पूर्ण जगत् शम्बरासुरको मायामय लोक झैं मायामात्र हो र असत् हो, यस्तो विचार गरेर भाव अभावमा हर्षशोकरहित होऊ र समता भावलाई ग्रहण गर । जो अविवेकको मार्गमा चल्दछन् तिनीहरू मुक्त हुन सक्तैनन् र संसार समुद्रमा डुबिरहन्छन् । जसको मन क्षीण भएको छ त्यसलाई मुक्तरूप जान । जसको मन नष्ट भएको छैन त्यो बन्धनमा छ भनी जान । जसको सर्वदु:खबाट मुक्त हुने इच्छा छ त्यसले आत्माको विचार गरोस् । चित्त नै हो दु:खको मूल । जबसम्म चित्त रहन्छ त्यहाँसम्म दु:ख छ । जब चित्त नष्ट हुन्छ तब सब दु:ख मेटिन्छ र निर्भय, शान्तरूप हुन्छ । जनक आदि महाबोधवान् थिए । उनीहरू व्यवहार गरेर पनि शीतलचित्त भएर रहेका थिए ।

मुक्त पुरुष दुई प्रकार हुन्छन् - जीवन्मुक्त र विदेहमुक्त । जसको कुनै पनि पदार्थमा आसक्ति छैन र मन शान्त भएको छ त्यो मुक्त कहिन्छ । जसको सकल पदार्थमा स्नेह नष्ट भएको छ र व्यवहार गर्दै रहेको देखिन्छ तापनि चित्त शीतल छ भने त्यो जीवन्मुक्त कहिन्छ । जो पुरुष सबै भाव अभाव पदार्थलाई त्यागेर केवल अद्वैत तत्त्वमा स्थित छ र जसको शरीर आदिको कुनै क्रिया दृष्ट हुँदैन त्यो विदेहमुक्त कहिन्छ ।

जसले आत्मविचार गरेको छ उसको लागि विशाल जगत्समुद्र गोष्पद झैं सुलंध्य हुन्छ । जो युक्तिरहित अज्ञानी छ त्यसको लागि गोष्पद पनि दुर्लंघ्य हुन्छ । अज्ञानी इष्ट अनिष्ट प्राप्त हुँदा त्यसैमा डुबिहाल्छ र निक्लन सक्तैन, त्यसको लागि गोष्पद पनि समुद्र हुन्छ । ज्ञानी विभूति, ऐश्वर्य आदि मिलोस् अथवा नमिलोस् त्यसमा रागद्वेष गरेर डुब्दैन । प्रयत्नबाट ठूला ठूला कुरा पनि सिद्ध हुन्छन् । आत्मपद पनि प्रयत्नको नै फल हो । त्यसकारण अरू उपाय त्यागेर आत्मपद-प्राप्तिको लागि प्रयत्न गर ।

(७१) संसार-सागर-योगोपदेश

जो कुछ जगज्जाल छ त्यो सब आत्मब्रह्मको आभासरूप हो, अज्ञानले स्थिरताप्राप्त भएको छ र विवेकले शान्त हुन्छ । ब्रह्मरूप समुद्रमा जगद्रूप आर्वत फुरेका छन् तिनको संख्या गर्न कोही

सक्तैन । असम्यग्दर्शन नै जगत्को स्थितिको कारण हो र संम्यग्दर्शनबाट शान्त हुन्छ - जस्तो मरुस्थलमा असम्यग्दर्शनबाट जल भास्तछ र सम्यग्दृष्टिबाट जलको अभाव हुन्छ । अपार संसार-समुद्र युक्ति र आत्माभ्यासविना तर्न मुस्किल छ ।

स्त्रीहरू हेर्दा सुन्दर देखिन्छन्, यिनको नेत्र बलवान् पहाडलाई पनि खिच्तछ, मोतीजस्ता दाँत आदि अंग सुन्दर छन् तर यिनीहरू महादुःखदायी वडवाग्नितुल्य हुन्, यिनबाट जो तर्छ त्यो नै पुरुष कहिन्छ । विचारसहित बुद्धि जहाज हो र सन्तजन माझी हुन्, यिनलाई पाएर पनि जो संसार-समुद्र तर्दैनन् तिनलाई धिक्कार छ । जसले आत्मविचारमा बुद्धि लगाएको छ र जो आत्माभ्यासमा दृढरूपले लागेको छ त्यो नै तर्न सक्छ, अरू सक्तैनन् । हे राम ! तिमी समर्थ छौ, तिमी त भगवान् हौ तिम्रो स्वभावको विचार गरेर अरू पनि संसारसमुद्र तर्नेछन् ।

विषय विषरूप हो, जो यसको सेवा गर्छ त्यो नष्ट हुन्छ । गारुड मन्त्र पढनेलाई सर्पले दुःख नदिए झैं ज्ञानवान्लाई विषयले दुःख दिँदैन । तत्त्वसाक्षात्कारवान् पुरुषका बल, वीर्य र तेजको वृद्धि हुन्छ । ज्ञानलक्ष्मी प्राप्त गरेको पुरुष विदितवेद्य कहिन्छ, त्यो पूर्ण अमृततुल्य, सम, शीतल, शुद्ध र प्रकाशरूप हुन्छ ।

(७२) जीवन्मुक्तवर्णन

जीवन्मुक्तको लक्षण कस्तो हुन्छ भन्ने रामको प्रश्नको उत्तर दिँदै वसिष्ठले भन्नुभयो - हे रामजी ! जीवन्मुक्तको लक्षण पहिले पनि बहुत प्रकारले बताइसकें, अब फेरि सुन । जीवन्मुक्त ज्ञानी संसारलाई सुषुप्तिवत् जान्दछन् र उनका सकल एषणा नष्ट हुन्छन् । उनी सब जगत्लाई आत्मरूप देख्छन् र कैवल्यभावमा प्राप्त हुन्छन् । संसार उनलाई सुषुप्तिरूप हुन्छ र उनी आत्मानन्दले पूर्ण रहन्छन् । उनी दिन्छन् तर आफ्नो दृष्टिमा केही दिँदैनन् । लोक दृष्टिले प्रत्यक्ष हात पसारेर लिन्छन् तर निज दृष्टिले केही पनि लिँदैनन् । यस्ता आत्मदर्शी ज्ञानवान् उदारात्मा हुन्छन् । उनी यन्त्रपुतली झैं चेष्टा गर्छन्, जस्तो यन्त्रको पुतली अभिमानरहित चेष्टा गर्छ त्यस्तो ज्ञानवान् अभिमानले रहित भएर चेष्टा गर्छन् । उनी हेर्छन्, हाँस्छन्, लिनु दिनु गर्छन् परन्तु हृदय शीतल रहन्छ । ज्ञानवान् भविष्यत्को कुनै विचार गर्दैनन्, भूतको चिन्तन गर्दैनन् र वर्तमानमा पनि स्थित हुँदैनन् । उनी सबै कर्ममा अकर्ता रहन्छन् । उनी संसारतिर सुतेका हुन्छन् र आत्मातिर जागेका हुन्छन् । उनी बाहिर जो प्रकृत आचार प्राप्त हुन्छ त्यसलाई अभिमान रहित भएर गर्छन्, कसैमा द्वेष राख्तैनन् र सुख-दुःखमा वायु झैं समान रहन्छन् । यसरी ज्ञानवान् भ्रमलाई त्यागेर उदासीन जस्तो भएर सब कार्य गर्छन्, न कुनै कुराको इच्छा छ, न कुनै कुरामा खेदवान् हुन्छन् । बाहिरबाट सब कुछ गरेको देखिन्छ तर भित्र सदा असंग रहन्छन् ।

ज्ञानवान् पुरुष भोक्तामा भोक्ता, अभोक्तामा अभोक्ता, मूर्खहरूमा मूर्खवत्, बालकहरूमा बालकवत्, वृद्धहरूमा वृद्धवत्, धैर्यवान्मा धैर्यवान्, सुखमा सुखी र दुःखमा धैर्यववान् भएर रहन्छन् । उनी सदा पुण्यकर्ता, बुद्धिमान्, प्रसन्न, मधुरभाषी तथा हृदयबाट तृप्त भएर रहन्छन् । उनको दीनता निवृत्त भएको छ । उनी सर्वथा कोमल चन्द्रमा झैं शीतल र पूर्ण रहन्छन् । उनको सर्वत्र

आत्मदृष्टि रहन्छ र द्वैतभाव केही फुर्दैन । उनको कुनै कर्तव्य छैन, किनभने सम्यक् ज्ञानद्वारा उनको सब संदेह जलेर गएको छ । जस्तो पिंजराबाट छुटेको पक्षी आकाशमा उड्छ त्यस्तो शङ्कारहित उनको चित्त चिदाकाशमा रमाएर रहन्छ ।

जसको मन संसार-भ्रमबाट मुक्त भएको छ र जो समरस आत्मभावमा स्थित छन् उनको इष्ट अनिष्टमा कुनै रागद्वेष हुँदैन, उनी आकाश झैं सबमा सम भएर रहन्छन् । जस्तो कोक्रोमा सुतेको बालक अभिमानले रहित भएर अङ्ग हिलाउँछ त्यस्तो ज्ञानीको चेष्टा अभिमानले रहित हुन्छ, जस्तो मद्यपायी उन्मत्त हुन्छ त्यस्तो ज्ञानी आत्मानन्दमा मग्न हुन्छ । उनी द्वैत वस्तुलाई समालनुतिर दृष्टि दिँदैनन् र उनको बुद्धि हेयोपादेयरहित हुन्छ ।

जस्तो जहाँ समुद्र छ त्यहाँ तरङ्ग पनि हुन्छन् त्यस्तो जहाँ मन छ त्यहाँ विकार पनि हुन्छन् र जहाँ चित्तको अभाव छ त्यहाँ विकारको पनि अभाव हुन्छ । जहाँसम्म चित्त फुर्छ त्यहाँसम्म जगद्भ्रम रहन्छ र जब विचाररूपी सूर्यको तेजबाट मनोरूप बरफको पुतला गलेर जान्छ तब आनन्द प्राप्त हुन्छ । जब भोगको वाञ्छा नष्ट हुन्छ तब मन पनि आशारहित आत्मपदमा लीन हुन्छ । जब मनमा संकल्प विकल्प रहँदैन तब केवल शान्त आत्मा शेष रहन्छ । यसकारण, हे राम ! भावमा अभावको भावना दृढ गर र स्वरूपको अभ्यास गर । जस्तो शरत्कालको आकाश निर्मल हुन्छ त्यस्तै कलनालाई त्यागेर ज्ञानवान् महात्मा पुरुष निर्मल हुन्छन् ।

(७३) योगवर्णन

वसिष्ठले भन्नुभयो - हे रामजी ! जस्तो जलमा द्रवतावशात् चक्र-आवर्त (भुमरीहरू) असत् भईकन पनि सद्रूपले भास्तछन् त्यस्तो चित्तको स्फुरणवशात् असत् जगत् सत् भएर भास्तछ । जस्तो नेत्र विकारले गर्दा आकाशमा वृक्ष, मोतीको माला इत्यादि देखिन्छन् त्यस्तो चित्त फुर्नाले असत् जगत् सत् भएर भास्तछ । जस्तो बादलको चलनबाट चन्द्रमा चलेको देखिन्छ त्यस्तो चित्तको स्फुरणबाट जगत् देखिन्छ । रामले प्रश्न गरे - केबाट चित्त फुर्छ र के गर्दा चित्त अफुर हुन्छ त्यसको उपाय सुन्न पाऊँ । वसिष्ठले भन्नुभयो - हे रामजी ! जस्तो बरफमा शीतलता, तिलमा तेल, फूलमा सुगन्ध र अग्निमा उष्णता हुन्छ त्यस्तो चित्तमा स्फुरण हुन्छ । चित्त भन्नु र स्फुरण भन्नु एउटै कुरा हो, यी दुईमा एक नष्ट भए अर्को नष्ट हुन्छ ।

चित्तनाशका दुई क्रम छन् - योग र ज्ञान, चित्तवृत्ति-निरोधको नाम योग हो र सम्यक् विचारको नाम ज्ञान हो । रामले प्रश्न गरे - कुन युक्तिले वृत्तिनिरोध बन्छ र कसरी प्राण अपानरूप वायुको निरोध हुन्छ, जुन योगबाट अनन्त सुख र सम्पत्ति प्राप्त हुन्छ त्यो वताउनुहोस् । वसिष्ठले भन्नुभो - हे रामजी ! पृथिवीमा नदीहरू चले झैं देहका नाडीहरूमा प्राणवायु चलिरहन्छ । प्राण एक भए तापनि क्रियावशात् अपान आदि नाना संज्ञा हुन्छन् । योगीश्वरहरूको भनाइ छ कि प्राण र चित्त अभिन्न हुन् । प्राणवायु नै हो चित्तस्फुरणको कारण । जब प्राणवायुको निरोध हुन्छ तब चित्त शान्त (लीन) हुन्छ र चित्त लीन भए संसार पनि लीन हुन्छ जस्तो सूर्यको प्रकाशको अभाव भए रातमा मनुष्यको व्यवहार शान्त हुन्छ ।

रामको प्रश्न :- जस्तो सूर्य र चन्द्रको नित्य गमनागमन भइरहन्छ त्यस्तो प्राणवायुको देहरूपी गृहमा निरन्तर सञ्चार भइरहन्छ त्यसको निरोध कसरी संभव होला ?

वसिष्ठबाट उत्तर :- सन्तजनको संगत, सत्शास्त्रको विचार र विषयका प्रति वैराग्यबाट योगाभ्यास हुन्छ । सर्वप्रथम संसारमा असद् बुद्धि गरेर आफना इष्टदेवको ध्यान गर्नुपर्छ । चिरकाल ध्यान गर्दै जब एकतत्त्वको अभ्यास हुन्छ त्यसबाट प्राणस्पन्द रोकिन्छ । चित्तमा खेद नलिईकन गरिएको रेचक, पूरक र कुम्भक प्राणायामको अभ्यास दृढ भएपछि जब एकतत्त्वको ध्यान हुन्छ तब प्राणस्पन्दको निरोध हुन्छ । उकारको स्थूल ध्वनिबाट ऊर्ध्व रन्ध्रमा जो सूक्ष्म ध्वनि शेष रहन्छ त्यसमा चित्तवृत्ति लगाउनाले जो सुषुप्तिरूप अवस्था प्राप्त हुन्छ र वृत्ति तद्रूप हुन्छ, यसबाट पनि प्राणस्पन्दको निरोध हुन्छ । रेचक प्राणायामको अभ्यासले प्राणवायुलाई शून्य आकाशमा लीन गरेपछि पनि प्राणनिरोध हुन्छ । कुम्भक प्राणायामको अभ्यासबाट पनि बलपूर्वक प्राणस्पन्द रोकिन्छ । तालुमूलका साथ यत्नपूर्वक जिह्वाको अग्रभागलाई फर्काएर तालुघण्टा (किलकिले) मा लगाउनाले जो खेचरी मुद्रा बन्छ र वायु ऊर्ध्वरन्ध्रमा जान्छ, यसबाट पनि प्राणस्पन्दको निरोध हुन्छ । नासिकाको अग्रभागमा जो अपानको स्थान निर्मल आकाश छ त्यसमा दृष्टि राखनुबाट पनि प्राणस्पन्दको निरोध हुन्छ । तालु देखि द्वाद्वश अंगुल ऊर्ध्वको अन्तमा जो संवित्तत्त्व छ त्यसमा प्राण लगाउनाले पनि प्राणको स्फुरण नष्ट हुन्छ । भ्रूमध्यको त्रिकुटीमा जो प्रकाश छ त्यहाँ दृष्टि राखने अभ्यास गर्दै जानु र त्यो प्रकाशलाई पनि छोडेर ब्रह्मरन्ध्रमा जो चेतनकला रहन्छ त्यसमा वृत्ति लगाउनाले पनि प्राणकलाको निरोध हुन्छ । समूल सारा वासनाको त्याग गरेर हृदयाकाशमा चेतन संवित्तत्त्वको चिर कालपर्यन्त ध्यानको अभ्यास गर्नाले पनि प्राणस्पन्दको निरोध हुन्छ ।

रामले सोधे : हे भगवन् ! जगत्का भूतहरूको हृदय के हो, जुन महादर्शमा सारा पदार्थ प्रतिबिम्बित हुन्छन् । उत्तरमा वसिष्ठले भन्नुभो - जगत्का भूतको दुइटा हृदय छन् तिनमा एक ग्राह्य र अर्को त्याज्य छ । नाभिदेखि दश अंगुल माथि जो परिच्छिन्न हृदय छ त्यो त्याज्य छ र त्यो हृदयाकाशमा जो ज्ञानस्वरूप चैतन्य अनुभवद्वारा प्रकाशित छ भित्र र बाहिर व्यापकरूपले रहेको भित्रबाहिर वर्जित त्यो संवित्तत्त्व नै प्रधान हृदय हो, त्यो नै ग्राह्य हो, त्यो नै सारा पदार्थको प्रतिबिम्बलाई धारण गर्ने आदर्श हो, त्यो नै सकल सम्पत्तिको भण्डार र सबै जीवको हृदय हो, परिच्छिन्न एक अंगको नाम हृदय होइन । यस प्रधान हृदयरूप सम्बित्तत्त्वमा चित्तलगाउनुबाट प्राणस्पन्द रोकिन्छ ।

हे रामजी ! यो जो प्राणनिरोधको उपाय तिमीलाई बताएँ त्यो अरू शास्त्रमा पनि अनेक प्रकारले बताएको छ, तर गुरुको मुखबाट जुन प्रकारले सुन्यो त्यसै गरी अभ्यास गर्नाले प्राणको निरोध हुन्छ । गुरुको उपदेश विना यो सिद्ध हुँदैन । अभ्यासद्वारा जसको यो प्राणनिरोध सिद्ध भएको छ त्यो कल्याणमूर्ति हो ।

प्राणायामको अभ्यासबाट चित्तको व्याकुलता नष्ट हुन्छ र परम उपशम प्राप्त हुन्छ । प्राणायामको अभ्यासकर्ता पुरुष आत्मारामी हुन्छ, उसको शोक नष्ट हुन्छ र आनन्द प्राप्त हुन्छ ।

त्यसकारण, हे राम ! तिमी पनि यसको अभ्यास गर । जब प्राणस्पन्द मेटिन्छ तब चित्त चैतन्यस्वरूपमा स्थित हुन्छ र त्यसपछि जुन पद प्राप्त हुन्छ त्यो निर्वाणपद हो, चित्त चैतन्यस्वरूपमा स्थित भए वासना नष्ट हुन्छ र मोक्ष प्राप्त हुन्छ । जहाँसम्म चित्त वासनाले लपेटिन्छ त्यहाँसम्म जन्ममरण देखिन्छ । जब मन वासनारहित हुन्छ तब मोक्ष प्राप्त हुन्छ । जो बुद्धिमान् पुरुष आत्मरूप शीतल चन्द्रमामा स्थित हुन्छ त्यो जीवन्मुक्त कहिन्छ, उसका सारा इच्छा नष्ट हुन्छन्, अहं त्वं आदि कल्पना मेटिन्छ र सर्व व्यवहार विस्मृत हुन्छ । यस्तो मुक्तमना पुरुष पुरुषोत्तम कहिन्छ ।

(७४) सम्यक् ज्ञानवर्णन

चित्तोपशमको हेतु योगको युक्ति सुनेपछि रामले सम्यक् ज्ञानको लक्षण सुन्ने इच्छा प्रकट गरेको हुनाले वसिष्ठले भन्नुभयो - हे रामजी ! आत्मा (आफू) आनन्दरूप, आद्यन्तरहित, प्रकाशरूप परमात्मतत्त्व हो भन्ने बुद्धिको जो निश्चय हुन्छ त्यसलाई सम्यक् ज्ञान भनेंको छ । सम्यक्ज्ञानीको दृष्टिमा घटपटादि सकल पदार्थ आत्मरूप नै हो, आत्मा देखि भिन्न होइन भन्ने निश्चय हुन्छ । यो आत्मा सर्वगत, नित्य, शुद्ध, परमानन्दस्वरूप हो र यो सदा आफू आफैमा स्थित छ - यस्तो निश्चयात्मक ज्ञान सम्यक् ज्ञान हो, यो बाहेक अरू ज्ञान असम्यक् ज्ञान हो । सम्यक्दर्शी मुक्त हुन्छ र असम्यक्दर्शी बन्धनमा रहन्छ । जस्तो डोरीमा असम्यक्दर्शीको सर्प भास्तछ र सम्यक्दर्शीको डोरी नै भास्तछ त्यस्तो जगत् आत्मरूप भएको हुनाले सम्यक्दर्शीको सर्वत्र आत्मा नै भास्तछ । आत्मा सर्वसंवेदनरहित, शुद्ध परमात्मस्वरूप हो भनी जो जान्दछ त्यसलाई वुद्धीश्वर भनेको छ ।

आत्मतत्त्व सदा आफैंमा स्थित छ उसमा कुनै द्वैतकलना छैन - यस्तो जो यथार्थदर्शी हो त्यो सम्यक्दर्शी कहिन्छ । आत्मा सर्वत्र परिपूर्ण छ उसमा भाव, अभाव, बन्ध, मोक्ष केही छैन । सबै चिदाकाशमात्र भएको हुनाले आत्मामा बन्ध मोक्ष कसरी होला ? तिमी आत्मपरायण भएर रहू । एक अनुभवसत्ता नै जगद्रूप भएर भास्तछ र जरा-मरण आदि विकार वस्तुरूप भएर भास्तछन् त्यो सब आफैमा फुरेको कुरा हो । जस्तो जलमा द्रवताले नानाप्रकार तरङ्ग, बुद्बुद भास्तछन् त्यो जलरूप नै हो जलदेखि भिन्न होइन त्यस्तै चित्तफुर्नाले नानाप्रकार पदार्थ भास्तछन् त्यो आत्मरूप नै हो । जो आत्मतत्त्वमा स्थित छ त्यो दीन हुँदैन । मन्द पवनले जस्तो सुमेरुपर्वत चलायमान हुँदैन त्यस्तो दृढ विचारवान् पुरुष भोगले चलायमान हुँदैन । जो विचाररहित अज्ञानी मूढ छ त्यसलाई भोगले ग्रास गरिहाल्छ जस्तो जलरहित माछोलाई बकुल्लोले ग्रास गर्छ । जसको सर्वत्र आत्मा नै भास्तछ त्यो सम्यक्दर्शी पुरुष मुक्तरूप हुन्छ ।

(७५) चित्तोपशम

वसिष्ठले भन्नुभयो - हे रामजी ! नजीकमा भोग प्राप्त भए तापनि विवेकी पुरुष त्यसको इच्छा गर्दैन किनकि उसको त्यसमा अर्थबुद्धि हुँदैन । देहाभिमान रहेसम्म सुखप्राप्ति र

दुःखनिवृत्तिको इच्छा भइरहन्छ । ममताले दुःख हुन्छ, नेत्रद्वारा रूप देखेपछि त्यसलाई इष्ट मानेर प्रसन्न हुन्छ र अनिष्ट मानेर द्वेष गर्छ । जस्तो यौटा गधा हिलोमा गाडियो, त्यो देखेर मेरो गधा हिलोमा गाडियो भनेर राजा शोक गर्छन् यस्तो इन्द्रियका विषयमा ममताले गर्दा जीव दुःख पाउँछ । जस्तो गधा हिलोमा पर्दैमा राजाको केही हानि थिएन, केवल ममताले गर्दा हानि ठानेको हो त्यस्तै इन्द्रियका विषयमा ममता गर्नाले जीवलाई दुःख हुन्छ । इन्द्रियले विषयग्रहण गर्छ, जीव तपायमान हुन्छ - यही त आश्चर्य छ । नेत्र साक्षी भएर रूपको ग्रहण गर्छ तर जीव यति मूर्ख छ कि अरूको धर्म आफूमा मानेर दुःखी हुन्छ । जस्तो भ्रम दृष्टिले आकाशमा वृक्षहरू र दुइटा चन्द्रमा देखिन्छन् त्यस्तै मूर्खताले जीव इन्द्रियको धर्म आफूमा मान्छ । जीव इन्द्रियको साक्षी भएर विषय ग्रहण गरोस् र इन्द्रिय पनि अभिमानरहित साक्षी भएर विषय ग्रहण गरून् त रागद्वेषले तपायमान हुनुपर्ने थिएन ।

रूप, इन्द्रिय र मन परस्पर भिन्न छन् जस्तो मुख, दर्पण र प्रतिबिम्ब भिन्न र असंग छन् परन्तु अज्ञानले गर्दा मिलेको जस्तो भान हुन्छ । जस्तो लाहा, सुन र चाँदीको संयोग हुन्छ त्यस्तो रूप, आलोक (इन्द्रिय) र मनस्कार (मन) को संयोग हुन्छ । जब ज्ञानरूपी अग्निले अज्ञानरूपी लाहा जलेर जान्छ तब परस्पर भिन्न भिन्न (असंग) भइहाल्छन् र फेरि मिल्दैनन् ।

हे रामजी ! जसको आत्मविचार उत्पन्न भएको छ तिनीहरू यस्तो विचार गर्छन् - हामीलाई दुःख दिने चित्त नै हो, चित्त नष्ट भए आनन्द हुन्छ । जस्तो मन्दिरमा दुःख दिनेवाला पिशाच नै हो, मन्दिर होइन त्यस्तै शरीररूपी मन्दिरमा दुःख दिनेवाला चित्त नै हो । हे चित्त ! तैंले मलाई व्यर्थ दुःख दिएको थिइस, अब मैले तँलाई चिनें । तँ आदि, अन्त र मध्यमा मिथ्या भएर पनि जीवलाई दुःख दिन्छस् जस्तो मिथ्या छायाँ वेताल बनेर बालकलाई दुःख दिन्छ । हे चित्त ! तँ त्यहाँसम्म दुःख दिन्छस् जहाँसम्म आत्मस्वरूपको ज्ञान हुँदैन । जब आत्मज्ञान हुन्छ तब तँ देखिँदैनस् । तँ ता मायामात्र होस् । तँ रहे पनि, नरहे पनि अब म तँबाट मोहित हुने छैन । तँ ता मूर्ख जड र मृतक होस्, तेरो आकार अविचारले मात्र सिद्ध छ । अब मैले पूर्वस्वरूपलाई पाएँ, तँ तत्त्व होइनस्, खालि भ्रान्तिमात्र होस् । जो मूढ छ त्यो तँबाट मोहित हुन्छ, विचारवान् मोहित हुँदैन ।

हे मूर्ख चित्त ! तँ चिरकालदेखि यो देहरूप गृहमा बसेको वेताल होस् । जस्तो अपवित्र र श्मशान आदिमा बेताल रहन्छ त्यस्तै सत्संगरहित देहरूप गृह श्मशानसमान सदा अपवित्र छ त्यहाँ तेरो बास हुन्छ । जहाँ सन्तको निवास हुन्छ त्यहाँ तँ ठहर्न सक्तैनस् । अब मेरो हृदयरूपी गृहमा सद्विचार, सन्तोष आदि सन्तजन आएर रहेका छन्, त्यसो हुनाले यहाँ तेरो बसने ठाउँ छैन । हे चित्त ! मैले तँलाई विवेकरूपी मन्त्रले वश गरिसकें, अब तेरो बुता चल्दैन । जबसम्म मैले विचाररूपी मन्त्र पाएको थिइन त्यहाँसम्म तैंले दुःख दिएको थिइस्, अब तेरो बल छैन । अब म महाकेवलीभावमा स्थित भएको छु । कच्चामन्त्रवालाले सिंहलाई जगाएर दुःख पाए झैं मैले नै तँलाई जगाएर दुःख पाएको थिएँ, अहिले परिपक्व आत्मविचाररूपी मन्त्रले तँलाई वश गरेर शान्तिमान् भएको छु । अहिले मोह, अहंकार र यिनका सन्तान पनि नष्ट भए । म निर्मल चैतन्य आत्मा हुँ, मलाई नमस्कार छ । मेरो कुनै आशा इच्छा, कर्म, संसार, कर्तृत्व, भोक्तृत्व, मन, देह

छैन । म निर्गुण आत्मा हुँ, मलाई नै नमस्कार छ । म प्रकाशरूप निर्मल आत्मा भएर आफैमा स्थित छु, यस्तो आत्मरूप मलाई नमस्कार छ । म विकारी होइन, म नित्य हुँ, सब कार्यमा अनुस्यूत छु र अंशांशीभावले रहित छु, यस्तो सर्वात्मा मलाई नमस्कार छ ।

म सर्वभावमा प्राप्त भएको छु । मेरो मननभाव दूर भयो । मेरो प्रकाशले विश्व प्रकाशित भएको छ । म अजर, अमर, अनन्त हुँ, गुणातीत अद्वैत आत्मा हुँ र ईश्वररूप हुँ । यस्तो मलाई नमस्कार छ ।

(७६) चित्तशान्तिप्रतिपादन

वसिष्ठले भन्नुभयो - हे रामजी ! यस प्रकार विचार गरेर तत्त्ववेत्ता पुरुष आत्मालाई सम्यक्रूपले जान्दछन् । तिमी पनि विचारद्वारा आत्मपदको आश्रय गरेर रहू । यो सब जगत् आत्मरूप हो - यस्तो जानेर चित्तद्वारा जगत्को सत्यतालाई त्यागिदेऊ । यो चित्त मायामात्र हो र आकाशकुसुम झैं अविचारले मात्र सिद्ध छ । विचारवान्को लागि चित्त असत्य ठहरिन्छ । जस्तो नौकामा हिंडदा बालक तटको वृक्ष हिंडेको ठान्छ तर बुद्धिमान् वृक्षको चलनलाई सत्य मान्दैन त्यस्तो मूर्खको लागि चित्त सद्रूप भास्तछ, विचारवान्को दृष्टिमा चित्त सत्य होइन । यदि चित्त अचल हुन्छ भने द्वैत केही देखिदैन ।

पहिले (अज्ञानदशामा) चित्त फुर्नाले नानाप्रकार तृष्णा उठिरहन्थ्यो । अब ज्ञानको उदय भएकोले चित्त नष्ट भयो । अब कुनै प्रकारको संशय छैन । म शोकरहित भएको छु । जब चित्तको चेत्यभाव नष्ट भयो । तब इच्छा आदि गुण कहाँ रहने ? अब चित्त नष्ट भयो र तृष्णा पनि नष्ट भयो, मेरो मोहको पिंजरा टुट्यो । म निरहंकार बोधवान् हुँ । सारा जगत् शान्तरूप आत्मा हो र नानात्व केही छैन । म निराभास, आद्यन्तरहित आत्मपदमा प्राप्त भएको छु । हे रामजी ! जसको यस्तो निश्चय भएको छ त्यो निर्द्वन्द्व रागद्वेषरहित भएर स्थित रहन्छ । त्यो प्रकृत कर्म गरेर पनि मानमदले रहित आनन्दस्वरूप भएर रहन्छ । जस्तो शरत्कालीन पूर्णिमाको चन्द्रमा अमृतरसले पूर्ण हुन्छ त्यस्तो प्रकृत आचार गरे तापनि ज्ञानवान्को हृदय शान्त, शीतल, आनन्दमय हुन्छ ।

(७७) वीतहव्योपाख्यान - चित्तानुशासन

वसिष्ठले भन्नुभयो - हे रामजी ! वेदज्ञ विद्वान्हरूले यस्तो विचार गर्नुपर्छ भनी बताएका छन् । अघि विन्ध्याचलपर्वतमा वृहस्पतिका भाई संवर्तले मलाई यो विचारमार्ग बताएका थिए । त्यही विचारलाई अवलम्बन गरेर म परम पदमा स्थित भएको छु । तिमी पनि मैले बताए अनुसार आत्मविचारको अवलम्बन गरेर अन्धकारमय संसार-समुद्रको पार लाग । जसरी आत्मविचारद्वारा वीतहव्य मुनि निःशङ्क स्वरूपमा स्थित भएका थिए । त्यो मबाट सुन ।

महातेजस्वी वीतहव्य मुनि संसारको आधि, व्याधिबाट वैराग्य लिएर पर्वतका कन्दराहरूमा घुमदै विचार गर्न लागे । सांसारिक क्रियाकलाप दुःखरूप एवं भ्रमकारक हो - यस्तो जानेर निर्विकल्प समाधि प्राप्त गर्नको लागि उनले सारा व्यवहार त्यागिदिए । पहिलेको गौरकुटी त्यागेर

केराका पात आदिले बनेको श्यामकुटीमा गएर तल कुश र त्यसमाथि मृगचर्म ओच्छ्याएर पद्मासनमा मौन भएर बसे । इन्द्रियका वृत्तिलाई रोकेर भित्र हृदयबाट विषयचिन्तनलाई पनि त्यागेर शान्त मुद्रामा बस्न कोशिश गरे, तैपनि मन फुत्त फुत्त बाहिर निस्कन लाग्यो, अनि विचार गर्दै वीतहव्य मुनि मनको बारेमा भन्न लागे । यो मन ज्यादै चञ्चल छ, एक क्षण पनि स्थिर भएर बस्दैन र सदा इन्द्रियका विषयतिर धावमान हुन्छ । यसलाई बल गरेर जति निरोध गर्न खोज्दछु त्यति त्यति बाहिर नै निस्किहाल्छ । मनको बाहिर निस्कनको लागि ज्ञानेन्द्रियरूप पाँच ढोका छन् । एक ढोकालाई रोके पनि अर्को ढोकाबाट फुत्त निस्किहाल्छ । यो मनलाई गन्धतिर जानुलाई जब रोक्छु तब रसतिर दगुरिहाल्छ - इत्यादि विचार गर्दै मनलाई नै संझाउन थाले ।

अरे मूर्ख मन ! तँ केको निमित्त विषयतिर दगुर्छस्, तँ आफू जड, असत् र भ्रान्तिमात्र होस्, विषयबाट तँलाई सुख, शान्ति मिल्दैन । चञ्चल बनेर विषयको इच्छा गर्नु अनर्थको क़ारण हो । जति जति विषयको ग्रहण हुन्छ त्यति त्यति दु:ख प्राप्त हुन्छ । मृगतृष्णाको नदी झैं सारा विषय जड र असद्रूप हुन् र तँ पनि जड नै होस् ।

हे मन ! यो सारा विषय असाररूप हो, इन्द्रियसहित तँ पनि जड होस्, तँ व्यर्थ किन कर्तृत्वको अभिमान गर्छस् ? सबको कर्ता चिदानन्द आत्मभगवान् साक्षीरूपले रहनु भएको छ, तँ किन व्यर्थ कर्तृत्वको अभिमान गरेर तपायमान हुन्छस् । हे मन ! तेरो र आत्माको संबन्ध हुन सक्तैन किनकि आत्मा नित्य, चेतन र साक्षी हो र तँ अनित्य जडरूप होस् ।

हे मूर्ख मन ! तँ अहं अहं गरेर विषयको वासना लिइरहन्छस् । जुन विषयको वासना लिन्छस् त्यो विषय त सदा असत्‌रूप हो । आत्मा (आफू) चैतन्यरूप हो र तँ मिथ्या जडरूप होस् । आफू परब्रह्म परमात्मा भएर पनि आफ्नो यथार्थ स्वरूप नजानेको हुनाले तैंले मलाई जन्ममरण आदि विकार र जीव भावमा पुऱ्याएको थिइस् । अब मैले आफ्नो स्वरूपलाई जानिसकें । म संविन्मात्र, नित्य, शुद्ध, आद्यन्तरहित, परमानन्द, चिदाकाश, अनन्त आत्मा हुँ । त्यसकारण, हे मन ! तँ सारा चिन्ता र कल्पना छाडेर आत्मपदमा स्थित हो, जहाँ पुगेपछि सकल दु:ख र क्लेशको अन्त हुन्छ ।

हे मन ! तँ भन्छस् कि परमात्माका साथ मेरो कर्तृत्व भोक्तृत्व आदि संबन्ध छ, त्यो हुन सक्तैन । जस्तो पुष्प र पत्थरको संबन्ध हुन सक्तैन त्यस्तो परमात्माका साथ तेरो कुनै सम्बन्ध हुन सक्तैन । समानाधिकरण द्रव्यको संबन्ध हुन्छ जस्तो जल र मृत्तिकाको संबन्ध हुन्छ । औषधमा चन्द्रमाको सत्ता प्राप्त हुन्छ, सूर्यको तापले पत्थर तात्तछ, बीज र अंकुरको, पिता र पुत्रको र द्रव्य र गुणको संबन्ध हुन्छ । साकार वस्तुको निर्गुण निराकार वस्तुका साथ संबन्ध कसरी होला ?

हे मन ! परमात्मा चैतन्यरूप हुनुहुन्छ, तँ जडरूप होस्, उहाँ प्रकाशरूप हुनुहुन्छ, तँ तमोरूप होस्, उहाँ सद्रूप हुनुहुन्छ, तँ असद्रूप होस्, उहाँ निष्कलंक हुनुहुन्छ, तँ कलंकरूप होस्, त्यसकारण परमात्माका साथ तेरो कुनै प्रकार संबन्ध हुन सक्तैन । हे मन ! तँ ता आत्माको अज्ञानले देहेन्द्रियसहित उत्पन्न भएको छस् र आत्मज्ञान भएपछि तेरो अभाव भइहाल्छ भने कसरी तेरो र आत्माको संबन्ध होला ?

हे मन ! जो कुछ जगत् छ त्यो सब ब्रह्मरूप हो, द्वैत केही छैन, अहं त्वं आदि कल्पना पनि कुनै छैन । ब्रह्मसत्ता आफू आफैमा स्थित छ । जहाँसम्म अज्ञान थियो त्यहाँसम्म तँ थिइस् र तँमा सर्वकलना थियो । जब स्वरूपको ज्ञान हुन्छ र अज्ञान नष्ट हुन्छ तब तँ कहाँ रहन्छस् र जस्तो रात्रिको अभाव भए निशाचरको अभाव हुन्छ त्यस्तै अज्ञान नष्ट भएपछि तेरो अभाव भइहाल्छ ।

(७८) वीतहव्योपाख्यान - अनुशासनयोगोपदेश

वसिष्ठले भन्नु भयो - हे रामजी ! यसप्रकार तीष्णबुद्धि भएका वीतहव्य मुनिले विन्ध्याचलको कन्दरामा बसेर जो विचार गरे त्यो सुन । अनात्मा देह, इन्द्रिय, मन आदि संकल्पबाट उत्पन्न भएका छन्, ज्ञानको उदय भएपछि यिनको अभाव हुन्छ । हे मन ! जस्तो सूर्यको उदय भएपछि तम नष्ट हुन्छ त्यस्तो नित्य उदित अनुभवस्वरूप परमात्मज्ञानको उदय भएपछि तेरो अभाव हुन्छ । वासनाले आत्मामा आवरण हुन्छ, जब वासनाको अभाव हुन्छ तब आवरणको पनि अभाव हुन्छ । मेघ हटेर सूर्य प्रकाशित भए झैं वासनाको अभाव भएपछि आत्मतत्त्व प्रकाशित हुन्छ । वासनाको मूल अज्ञान हो, जब अज्ञानसहित वासना नष्ट हुन्छ तब चिदानन्द ब्रह्म प्रकाशित हुन्छ । वासनाको नै नाम बन्धन हो र वासनाको निवृत्तिको नाम मोक्ष हो । जब वासनारूपी डोरी काटिन्छ तब परमात्माको साक्षात्कार हुन्छ ।

जस्तो प्रकाशविना अन्धकारको नाश हुँदैन त्यस्तो आत्मविचारविना मन, इन्द्रिय र देहादिको नाश हुँदैन । जब विचारबाट आत्मपद प्राप्त हुन्छ तब मनसहित षडिन्द्रियको अभाव भइहाल्छ अर्थात् यिनका साथ अभिमान नष्ट हुन्छ र यिनका धर्म आफूमा भास्तैनन् । जहाँसम्म आफूको देह र इन्द्रियका साथ मिलन हुन्छ त्यहाँसम्म आत्मपद प्राप्त हुँदैन । यसकारण कल्याणको निमित्त आत्मपद प्राप्त गर्ने अभ्यास गर ।

जहाँसम्म जीवले आफूलाई मन र इन्द्रियका गुणका साथ मिलेको ठान्दछ त्यहाँसम्म स्वरूपको विभुता र सिद्धता भास्तैन । जब आत्माको साक्षात्कार हुन्छ तब राग द्वेष आदि विकार नष्ट हुन्छन् । जस्तो सूर्यको उदय भएपछि निशाचरहरूको अभाव हुन्छ त्यस्तो आत्मसाक्षात्कार भएपछि विकारहरूको अभाव हुन्छ ।

जस्तो प्रकाश र तमको संवन्ध हुँदैन त्यस्तो सत् आत्माको असत् देह र इन्द्रियका साथ संबन्ध हुँदैन । अज्ञान रहेसम्म मनुष्य आफूलाई देहेन्द्रियका साथ मिलेको देख्छ र दुःख पाउँछ । जब आत्माको ज्ञान हुन्छ तव यिनका साथ संयोग हुँदैन । आत्मा सदा साक्षीभूत हो र वृत्तिरहित हो, उसको मन र इन्द्रियका साथ संयोग कसरी होला ? जब आत्माको यिनका साथ संयोग हुँदैन तब आत्मामा कर्तृत्व र भोक्तृत्व पनि रहन सक्तैन । म निष्कलङ्क आत्मा हुँ, म कर्ता भोक्ता होइन, मेरो बन्ध र मोक्ष छैन, म हन्ता होइन र अहन्ता पनि होइन, म सर्वात्मा निर्लेप हुँ । म नै मन हुँ र पृथिवी आदि पञ्च तत्त्व पनि म नै हुँ, यस्तो निश्चय जसको हुन्छ त्यो मोहमा पर्दैन ।

जो अहं अभिमान गरेर आफूलाई आत्मादेखि भिन्न ठान्दछ त्यो दु:खी हुन्छ र जो आफ्नो स्वभावमा स्थित हुन्छ त्यो परम सुखी हुन्छ । त्यसकारण कल्याणको निमित्त आत्मपरायण हुनु आवश्यक छ । जो स्वरूपलाई त्यागेर संकल्पतिर दगुर्छ त्यसका उपर दु:खको समूह खनिन्छ ।

हे चित्त ! आत्मस्वरूपको प्रमादले गर्दा तैंले मलाई कर्तृत्व - भोक्तृत्वयुक्त बनाएको थिइस्, जब आत्मविचारबाट स्वरूपको साक्षात्कार हुन्छ, अज्ञानको निवृत्ति हुन्छ र मन आदिका साथ वियोग हुन्छ तब कर्तृत्व, भोक्तृत्वको अभाव भइहाल्छ र म मोक्षरूप आत्मा भएर रहन्छु । आत्मामा कर्तृत्व, भोक्तृत्वको अभाव भएपछि सर्वजगत् आत्मस्वरूप नै भास्तछ । जस्तो समुद्रमा तरङ्ग आदि हुंन्छ तर सबै जलरूप हो - जलदेखि भिन्न छैन त्यस्तो सर्वजगत् आत्मरूप हो - आत्मादेखि भिन्न होइन । सच्चिदानन्दरूप आत्मा म आफैमा स्थित छु र ममा कुनै द्वैतकलना छैन । जस्तो आकाशमा वन छैन त्यस्तो परमात्मामा कलना छैन । आत्मा संवेदनरहित संविन्मात्र हो । जब सर्वात्मा संविन्मात्रतत्त्वको साक्षात्कार हुन्छ तब अहं त्वं आदि कलनाको अभाव भइहाल्छ । अद्वैतस्वरूप आत्मामा सदा द्वैतको अभाव छ । आत्मा सबैमा पूर्ण, निर्मल, नित्य आनन्दरूप छ । यस्तो आत्मालाई अब मैले प्राप्त गरेको छु, जगत्को सुख-दु:ख नष्ट भयो र म शान्त रूप भएको छु ।

(७९) वीतहव्योपाख्यान - चित्तोपदेश

वीतहव्य मुनि मनलाई संझाउँदै भन्छन् - हे मन ! तँ किन विषयतिर दगुर्छस् ? जस्तो मृग मरुस्थलको नदी तिर दगुर्छ तर शान्ति पाउँदैन त्यस्तो विषयतिर जति दगुरे पनि तँलाई शान्ति प्राप्त हुँदैन । त्यसकारण विषयको इच्छा त्यागेर अविनाशी, एकरस परमात्मतत्त्वलाई ग्रहण गर अनिमात्र तेरा सारा दु:ख मेटिनेछन् र शान्ति प्राप्त हुनेछ । जस्तो तातेको लाहाको स्पर्शबाट शरीरमा जलन हुन्छ त्यस्तो तेरो संगतबाट दु:ख हुन्छ । तेरो नै संगतबाट जीव कालको मुखमा पर्छ । जस्तो मेघ कुहिरोले सूर्यलाई ढाकेर जलको वर्षा गर्छ त्यस्तो मनोरूप मेघ इच्छारूप कुहिरोले आत्मारूप सूर्यलाई ढाक्तछ र दु:खको वर्षा गर्छ ।

हे चित्त ! तेरो नाश नभएसम्म मलाई शान्ति प्राप्त हुँदैन । जस्तो शरत्कालमा मेघ नष्ट हुन्छ र सूर्य प्रकाशित हुन्छन् त्यस्तो अज्ञान नष्ट भएपछि आत्मा प्रकाशित हुन्छ र प्रसन्नता, गम्भीरता, महत्ता र समता आदि गुणावली प्राप्त हुन्छ । चित्तरूपी पक्षीका लोभ र लज्जा दुइटा पखेटा छन् र राग र द्वेषरूपी चुच्चो छ जो शरीररूपी वृक्षमा बसेर शुभ गुणलाई टोकेर खान्छ । चित्तरूपी उलूक अज्ञानरूपी रातमा घुंछ र शब्द गर्छ, जब ज्ञानरूपी सूर्यको उदय भएर अज्ञानरूपी रात्रि नष्ट हुन्छ तब चित्त रूपी उलूकको पनि अभाव हुन्छ र सम्पत्तिको प्रवेश हुन्छ । जब चित्त नष्ट हुन्छ तब आनन्द प्राप्त हुन्छ ।

हे चित्त ! यो स्थावर - जंगम जगत् जुन संवित्रूप आकाशमा विद्यमान छ त्यो महद् ब्रह्मलाई प्राप्त गरेर तँ सुखी हो । जसले आशारूपी फाँसी तोडेर आत्मपद पाप्त गरीकन संसारको सद्भाव निवृत्त गरेको छ त्यो जन्म मरणको बन्धनमा पर्दैन । हे चित्त जहाँसम्म तँ

संसारलाई साँचो मानेर त्यतातिर धावमान हुन्छस् त्यहाँसम्म तेरो कल्याण हुँदैन । जब तँ आफूलाई मिटाएर आत्मपदमा स्थित हुन्छस् तब तेरो कल्याण हुन्छ । तेरो बाँचनु मृत्युसमान हो र तेरो मरण बाँचनुसमान हो, त्यसकारण आफूलाई आत्मपदमा निर्वाण गराएर परमसुखी हो । विचारद्वारा तेरो अभाव भएपछि निर्भयता प्राप्त हुन्छ । अब म तेरो संग छोडेर पूर्वरूपमा प्राप्त भएको छु । जहाँसम्म मैले तँलाई चिनेको थिइन त्यहाँसम्म तेरो सद्भाव थियो, अब मैले तँलाई चिनेर छोडिदिएँ र म आफनै स्वरूपमा स्थित भएँ । म, परमनिर्वाण, शान्तरूप, नित्यशुद्ध चिदानन्द, परब्रह्म हुँ । मेरा सबै ताप नष्ट भए ।

मेरो जगत् सम्बन्धी सत्य-असत्य कलना नष्ट भयो । जब चित्त निर्वाण भयो तब कलना कहाँ रहोस् ? जस्तो तरंगरहित समुद्र अचल हुन्छ त्यस्तो म सर्वकलनारहित वीतराग भएर संवेदनरहित सत्तामात्र स्वरूपमा स्थित भएको छु ।

(८०) वीतहव्य-मनोजगद्वर्णन

वसिष्ठले भन्नुभयो - हे रामजी ! यसरी वीतहव्य मुनि निर्वासनिक भएर विन्ध्यपर्वतको कन्दरामा दृढसमाधिनिष्ठ भएर रहे । उनको चित्तवृत्ति अनन्त आत्मामा लीन भयो । उनको शरीर पनि चित्रलिखित मूर्ति झैं अचल भएर रह्यो । त्यस जंगलमा कति शिकारीहरू आएर शब्द गरे, बाग, भालु, वानर कराए, कहिले वर्षा, कहिले जाडो र कहिले गर्मीका ऋतु आए तै पनि उनी समाधिबाट विचलित भएनन् । तीनसय वर्षसम्म उनी समाधिमा रहे । त्यसपछि उनको चित्त फुऱ्यो, प्राणकला भने फुरेको थिएन चित्त फुरेको हुनाले उनले आफूलाई सयवर्षसम्म कैलास पर्वतमा कदम्बवृक्षको मुनि बसेको देखे । सय वर्ष विद्याधर भएर घुमे । सय वर्ष जीवन्मुक्त भएर विचरण गरे । पाँच युग बितेपछि स्वर्गको राजा इन्द्र भए ।

रामले प्रश्न गरे - उनलाई कसरी अनियतरूपमा देश, काल र मनको प्रतिभा फुऱ्यो ? उत्तरमा वसिष्ठले भन्नुभयो - हे रामजी ! चित्त सर्वात्मरूप छ, उसमा जस्तो जस्तो स्फुरण हुन्छ त्यस्तो त्यस्तो नै भासित हुन्छ । जति पनि प्रपञ्च छ त्यो सब मनोमात्र हो । जस्तो स्फुरण तीब्र हुन्छ त्यस्तो नै अनुभवसत्तामा भासित हुन्छ । जो अज्ञानी छ उसको अज्ञानले नानाप्रकार जगत् भास्तछ, जो ज्ञानी छ त्यो सर्वत्र आत्मा नै देख्छ, उसको स्फुरण पनि अस्फुरण हुन्छ र वासना पनि अवासना हुन्छ । वीतहव्य मुनीश्वरले चित्त फुर्नाले यतिका जगत् देखे तर ज्ञानवान् भएका हुनाले उनी स्वस्वरूपमा नै थिए त्यसैले उनको वासना पनि अवासना थियो । भुटेको बीउ झैं उनको वासना अवासना थियो र भ्रान्तिकारक भएन । त्यसपछि उनी कल्पपर्यन्त शिवगणमा रहेर समस्त विद्याको ज्ञाता, सर्वज्ञ, त्रिकालदर्शी जीवन्मुक्त भएर रहे ।

रामले पुनः प्रश्न गरे - यदि यसो हो भने जीवन्मुक्तको मतमा बन्ध र मोक्ष मान्नुपऱ्यो ! वसिष्ठले भन्नुभयो - जीवन्मुक्तको सब ब्रह्मस्वरूप नै भास्तछ तब उसको बन्ध र मोक्षको अवस्था कसरी होला ? ज्ञानमात्र आकाशमा जस्तो फुर्छ त्यस्तै भास्तछ । यो सब चिन्मात्र स्वरूप हो र नाना प्रकारको जगत् मनले भास्तछ, वास्तवमा न जगत् छ, न अजगत् छ, सर्वत्र केवल

ब्रह्मसत्ता नै स्थित छ । जस्तो समुद्रमा तरङ्गको उल्लास हुन्छ त्यस्तो चिदाकाशमा आकार भास्तछ । जब चित्त अचित्त हुन्छ तब कुनै द्वैत भास्तैन ।

(८१) वीतहव्य-समाधियोगोपदेश

रामले प्रश्न गरे - हे भगवन् ! वीतहव्यको जुन पार्थिव शरीर विन्ध्य पर्वतको कन्दरामा फसेको थियो त्यसको हालत के भयो ? वसिष्ठले भन्नु भयो - शिवगणमा जीवन्मुक्त भएर रहेका वीतहव्यले एक पटक आफूले धारण गरेका शरीरहरूको बारेमा विचार गरे । तिनमध्ये कति शरीर त नष्ट भइसकेका थिए । एउटा शरीर जो विन्ध्याचलको कन्दरामा हिलोमा फसेको थियो त्यो नष्ट भएको थिएन, त्यो शरीरको याद आयो र त्यसमा प्रवेश गरौं कि भन्ने विचार गरे । फेरि विचार गरेर मनमनै भने कि यस्ता कैयौं शरीर आए गए तिनको केही चिन्ता छैन भने यो शरीर सित पनि के संबन्ध छ र । वास्तवमा पृथिवीमा ग्रहण र त्यागको योग्य कुनै वस्तु छैन, त्यसकारण यो शरीरलाई त्याग गर्नु र ग्रहण गर्नु मेरो लागि समान हो ।

प्रारब्धवेगले गर्दा केही काल यो शरीरमा प्रवेश गरौं भन्ने नै उनको विचार भयो, तर हिलोमा फसेर माथितिर घाँसले ढाकिएको त्यो शरीरलाई निकालने सामर्थ्य उनको भएन । अनि सूर्यका सारथि पंगु अरुण यसलाई निकाल्न सक्छन् किनकि उनका नङ्ग्रा यति बलवान् छन् कि पर्वतलाई पनि उखेल्न सक्छन् । यसको लागि सूर्य भगवान् सित प्रार्थना गर्नको लागि वायुको रूप लिएर उनी सूर्यमण्डलमा प्रवेश गरे । सर्वज्ञ सूर्य भगवान्ले उनको अभिप्राय जानेर विन्ध्याचलको कन्दरामा फसेको शरीरलाई बाहिर निकाल्न आफ्ना सारथि अरुणलाई आदेश दिनुभयो । अरुणले तुरुन्त गएर नङ्ग्रले कोपरेर वीतहव्यको शरीरलाई बाहिर निकालिदिए । मुनि पुर्यष्टकद्वारा त्यस शरीरमा प्रवेश गरे । शरीर जीवित भएर उठ्यो । वीतहव्यमुनिले अरुणलाई नमस्कार गरे । अरुणले पनि उनलाई नमस्कार गरेर आफ्नो लोकतिर प्रस्थान गरे ।

वीतहव्यले माटोले पोतिएको शरीरलाई धोई पखाली गरेर सफा तुल्याए । अनि स्नान सन्ध्या गरेर सूर्यको पूजा गरे । यसरी शरीरधारी भए तापनि वीतहव्य मुनि मैत्री, करुणा, समता आदि सद्गुणावलीले विभूषित भएर जीवन्मुक्तको रूपमा रहे ।

(८२) पुनः समाधिप्राप्तिको लागि वीतहव्यको विचार

यसरी केही दिन जीवन्मुक्तको रूपमा संसारमा विचरण गरेपछि फेरि पनि समाधिमा बसने इच्छाले वीतहव्य मुनि विन्ध्याचलको एकान्त कन्दरामा बसेर चित्तलाई संझाउन लागे । मुनिले भने - हे चित्त, हे इन्द्रियगण ! विचारको अभ्यासद्वारा तिमीहरूलाई पहिले पनि छोडेको थिएँ, अब पनि म तिमीहरूलाई छोडेर शुद्ध चैतन्यस्वरूपमा स्थित हुन्छु, मेरो परमात्मदृष्टिको उदय भएको हुनाले मेरो अस्ति-नास्तिरूप कलना नष्ट भयो, म पर्वतको शिखर झैं अचल भएको छु । म प्रबुद्ध पनि छु र सुषुप्त पनि छु । प्रबुद्ध यसकारण कि म इन्द्रियका विषयलाई उपलब्ध गर्दैछु र सुषुप्त यसकारण कि इष्ट र अनिष्टबाट रहित भएर जगत्तिर सुषुप्त जस्तो भएर समाधिमा स्थित छु अर्थात् स्वरूपमा जागेर तुरीय आतमतत्त्वमा स्थित भएको छु ।

वसिष्ठले भन्नुभो - हे रामजी ! यसप्रकार मुनीश्वर वीतहव्य छ दिनसम्म ध्यानमा बसेर सुतेको मानिस उठे झैं जागे । उनलाई त्यो छ दिन एक क्षण जस्तो भयो । जागेपछि पनि उनी जीवन्मुक्त भएर नै घुमे । उनलाई हर्ष, शोक, सुख, दुःखले चलायमान गराउन सकेनन् । उनले कर्तृत्व, भोक्तृत्व, सुख, दुःख, तृष्णा, कामदेव, देह, इन्द्रिय र मन आदि संसारलाई नमस्कार गरेर परित्याग गरे । यसप्रकार उनी मोहरूपी मल त्यागेर प्रणवको विचारमा लागे ।

(८३) वीतहव्य-निर्वाणयोगोपदेश

वसिष्ठले भन्नुभयो - हे राम ! यसप्रकार शब्द ब्रह्मरूप प्रणवको उच्चारण गर्दै वीतहव्य मुनि चित्तको जो पञ्चम भूमिकाको अवस्था हो त्यसमा स्थित भए । उनी सुमेरु झैं स्थिर अवस्थामा प्राप्त भए । अद्वितीय चिन्मात्र ब्रह्मस्वरूपलाई नै शून्यवादीले शून्य, वेदान्तीले ब्रह्म, विज्ञानवादीले विज्ञान, माध्यमिकले मध्यम, सांख्यवादीले पुरुष, योगीले ईश्वर, शैवले शिव, वैष्णवले विष्णु, शाक्तले परमशक्ति, कालवादीले काल र आत्मवादीले आत्मा भनेका छन् । जो सर्वदा सबैमा सर्वरूप भएर रहेको छ । यस्तो सर्वात्मपदमा मुनीश्वर प्राप्त भए । जुन आनन्दसमुद्रबाट सबैले आनन्द प्राप्त गर्दछन् त्यो आनन्दस्वरूप आत्मतत्त्वमा उनी स्थित भए ।

(८४) वीतहव्य - विश्रान्ति

वसिष्ठले भन्नुभयो - हे रामजी ! वीतहव्य मुनि दुःखरूप संसारसमुद्र पार गरेर त्यस परम पदमा प्राप्त भए जो पाएपछि जीवको पुनः जन्म-मरण हुँदैन र जुन पदमा स्थित भएपछि परमशान्त उपशम-सुख प्राप्त हुन्छ । जस्तो समुद्रमा परेको जलविन्दु समुद्र नै हुन्छ त्यस्तै ब्रह्मसमुद्रमा प्रवेश गरेर उनी ब्रह्म नै भए, उनको शरीर विरस भएर सुकेको पात खसे झैं जमीनमा गिऱ्यो । शरीरमा जो प्राणकला विद्यमान थियो त्यो चिदाकाशमा प्राप्त भयो अनि शरीर ढल्यो । हे रामजी ! यो कथा अनन्त विचारले युक्त छ । जसरी विचारद्वारा वीतहव्य मुनिले स्वरूपमा विश्राम लिए त्यसैगरी तिमी पनि विचारपूर्वक स्वरूपमा विश्राम लेऊ । तिमी पनि दृश्यको चिन्ता त्यागेर सावधान होऊ र विचारद्वारा परम सिद्धता प्राप्त गर ।

ज्ञानबाट नै अज्ञान नष्ट हुन्छ, दुःखनिवृत्ति हुन्छ र मुक्ति प्राप्त हुन्छ । दुःखनाशको लागि ज्ञानबाहेक अन्य उपाय छैन । ज्ञानले नै वीतहव्यले मनलाई चूर्ण गरे । उनको संवित् जगत्बाट अतीत भयो । जति पनि दुःख हुन्छ त्यो मनबाट हुन्छ, मनको उपशम भएपछि जगत् अनुभवरूप हुन्छ । वीतहव्य मनोमात्र थिए । म पनि मनोमात्र हुँ, तिमी पनि मनोमात्र हौ र पृथ्वी आदि सब जगत् मनोमात्र हो । ज्ञानवान् पुरुष मनको दशा त्यागेर केवल चिदानन्द आत्मतत्त्वमा स्थित हुन्छ र रागद्वेप आदि विकार नष्ट हुन्छन् ।

(८५) सिद्धिलाभविचार

वसिष्ठले भन्नुभयो - हे रामजी ! वीतहव्य मुनि झैं विदितवेद्य भएर तिमी पनि रागद्वेषरहित निज स्वरूपमा स्थित होऊ । जसरी वीतहव्य तीस हजार वर्षपर्यन्त वीतशोक एवं जीवन्मुक्त भएर विचरण गरे त्यसरी नै तिमी पनि विचरण गर । जसरी पहिलेका राजा र मुनीश्वरहरु बोधवान् भएर पनि राज्यादि व्यवहार गरेर रहेका थिए त्यसरी नै तिमी पनि जीवन्मुक्त भएर रहू । स्वरूपमा स्थित जीवन्मुक्तलाई हर्षशोकले छुन सक्तैन ।

रामले प्रश्न गरे -जीवन्मुक्तमा आकाशगमन र परकायप्रवेश आदि शक्ति किन देखिंदैन ?

उत्तरमा वसिष्ठले भन्नुभयो - हे राम ! आकाशगमन आदि सिद्धि तप आदि कर्मको शक्ति हो । जगत्को वैचित्र्य देखाउनु, अकस्मात् गुप्त हुनु आदि वस्तु, द्रव्य र क्रियाको स्वभाव हो, आत्मज्ञानको स्वभाव होइन । ज्ञानीहोस वा अज्ञानी होस् जसले द्रव्य, क्रिया र काल साधेको छ उसलाई त्यस्तो शक्ति प्राप्त हुन्छ, परन्तु त्यो शक्ति आत्मज्ञानको फल होइन । आत्मज्ञानीको आत्मज्ञान नै सिद्ध हुन्छ, ऊ आत्माबाट नै तृप्त हुन्छ, सिद्धि जो अविद्यारूप हो त्यतातिर ज्ञानी धावमान हुँदैन । ज्ञानीले जगत्लाई अविद्यारूप भनी जानेको छ त्यसैले ऊ पदार्थमा डुब्दैन । जो अज्ञानी छ त्यो सिद्धिको लागि पदार्थ साधन पट्टि लाग्छ किन्तु जो ज्ञानवान् छ त्यो पदार्थको लागि यत्न गर्दैन । यत्न गरेमा ज्ञानी, अज्ञानी सबैलाई इन्द्रको जस्तो ऐश्वर्य प्राप्त हुन्छ, तर त्यो ज्ञानको शक्ति होइन, द्रव्य आदिको शक्ति हो र अविद्यारूप हो ।

आत्मज्ञानप्राप्तिमा सिद्धिलाभबाट कुनै उपकार हुन सक्तैन, परन्तु जो सिद्धिको इच्छा गर्छ र यत्न पनि गर्छ भने सिद्धि प्राप्त गर्न सक्छ, विनायत्न पाउन सक्तैन । आत्मज्ञानीको इच्छा पनि हुँदैन किनकि आत्मलाभबाट उसका सारा इच्छा शान्त हुन्छन् ।

आत्मलाभ नै उत्तम लाभ हो । जस्तो अमृतपान गरेपछि जलको इच्छा हुँदैन । त्यस्तो आत्मलाभ भएपछि कुनै इच्छा हुँदैन । आत्मा सर्वातीत वस्तु हो, त्यसलाई पाएपछि सिद्धि प्राप्त गर्ने इच्छा कसरी होला ? वीतहव्यको कुनै इच्छा थिएन । पहिले सूर्यको समीपमा जाने जो शक्ति उनमा देखिएको थियो त्यो क्रियासिद्धिबाट भएको थियो, पछि जब ज्ञान प्राप्त भयो तब उनका कुनै इच्छा बाँकी रहेनन् । जो ज्ञानवान् छ ऊ सदा तृप्त रहन्छ, उसको कुनै इष्ट अनिष्टको इच्छा फुर्दैन ।

रामले फेरि प्रश्न गरे - हे भगवन् ! तीनसय वर्षसम्म वीतहव्य समाधिमा रहे, त्यसबेला उनको शरीर माटोमा किन मिलेन र सिंह, स्याल र ब्वाँसाले किन खाएनन्, पछि विदेह मुक्त भए भने पहिले नै किन भएनन्; जमीनमा गाडिएको शरीरलाई निकाल्न किन त्यत्रो यत्न गरे इत्यादि संशयको निवारण गरिपाऊँ ।

उक्त प्रश्नको समाधानको लागि वसिष्ठले भन्नुभयो -हे रामजी ! संवित् तत्त्व यदि वासनाले बाँधिएको छ भने सुखदु:खको भोग अवश्य प्राप्त हुन्छ र मलिन भाव पनि हुन सक्छ । यदि त्यो संवित् तत्त्व वासनारहित शुद्ध समत्वमा रहेको छ भने सुखद:खको भोगबाट पनि रहित हुन्छ, कुनै

कारणबाट विकारी हुँदैन । जुन जुन पदार्थमा चित्त लाग्दछ त्यो त्यो पदार्थ स्वरूपमा भास्तछ, यो पदार्थको शक्ति हो । चित्त जुन पदार्थमा लाग्दछ त्यहीरूप बन्छ, जस्तो कसैलाई मित्रभावले देखे चित्त प्रसन्न हुन्छ र शत्रुभावले देखे अप्रसन्न हुन्छ, मीठो वस्तु देखदा चित्त लोभिन्छ र नमीठो देखदा विरस हुन्छ, बाटोमा हिंडदा वृक्ष, पर्वत देखेर पनि रागले बाँधिदैन, चन्द्रमाको निकटमा गए शीतलता र सूर्यको निकटमा गए उष्णता हुन्छ, यो पदार्थको शक्ति हो ।

जुन पदार्थका साथ चित्तवृत्तिको स्पर्श हुन्छ त्यो कार्यकर हुन्छ । योगी जब देह, इन्द्रियको वासना र ममत्व त्यागेर समभावमा प्राप्त हुन्छ तब समत्वको नै अनुभव हुन्छ अर्थात् सर्वत्र एकात्मता भास्तछ, त्यसो हुनाले उसको शरीरलाई सिंहादिले भोजन गर्दैन, हिंसक जीव पनि उसको घात गर्न नजीकमा पुगेपछि अहिंसक बनिहाल्छ, यही कारणले वीतहव्यको शरीर छिन्नभिन्न भएन र माटोमा पनि मिलेन । सर्वत्र समरूप एक चिदाकाश नै काष्ठ लोष्ठ आदि सबैमा अनुस्यूत छ र जहाँ पुर्यष्टक हुन्छ त्यहाँ भास्तछ । जस्तो सूर्यको प्रतिबिम्ब दर्पण, जल आदि योग्य माध्यम भएको ठाउँमा मात्र पर्छ त्यस्तो जहाँ पुर्यष्टक हुन्छ त्यहाँ संवित् भास्छ अन्यत्र भास्तैन । वीतहव्यको संवित् समभावमा स्थित थियो त्यसैले कुनै तत्त्वबाट क्षुभित भएन । जब प्राण फुर्छ तबमात्र पञ्चतत्त्वको क्षोभ हुन्छ । वीतहव्यको प्राण र चितकला दुवै स्फुरणरहित थियो त्यसैले उनको हृदय क्षुभित भएन ।

योगीश्वरको चित्त र प्राण निष्पन्द हुन्छ अर्थात् चित्त र प्राण वशीभूत हुन्छ त्यसैले उसमा पञ्चतत्त्वको क्षोभ हुँदैन र वात, पित्त, कफको क्षोभ पनि हुँदैन, त्यसैले उनको शरीर हजार वर्ष पर्यन्त पनि जस्ताको तस्तो रहन्छ । त्यसो हुनाले नै वीतहव्ययको शरीर छिन्न भिन्न भएन ।

उनी पहिले नै किन विदेहमुक्त भएनन् भन्ने बारे पनि सुन । जो विदितवेद्य, वीतराग, तत्त्वज्ञ छ उसको ग्रन्थि टुटेको हुन्छ, उसको संचित, प्रारब्ध र आगामी कुनै कर्म छैन । तत्त्ववेत्ता मुक्त पुरुष स्वतन्त्र हुन्छ र स्वेच्छाले विचरण गर्छ । उसको जस्तो इच्छा हुन्छ शीघ्र नै त्यस्तो बनिहाल्छ । वीतहव्यको केही काल जीवन्मुक्त भएर विचरण गर्ने स्पन्द फुर्‍यो, त्यसैले उनी जीवित भएर रहे । जब विदेहमुक्तको स्पन्द फुर्‍यो तबमात्र विदेहमुक्त भए ।

(८६) ज्ञानविचार

रामचन्द्रले प्रश्न गरे - हे भगवन् जब वीतहव्यको चित्त शान्त भयो तब मैत्री करुणा आदि गुण प्राप्त भए, जब विवेकद्वारा चित्त नष्ट भयो तब ती गुण कहाँ आएर बसे ?

वसिष्ठले भन्नुभयो - हे रामजी ! चित्तको नाश दुई प्रकारको हुन्छ (१) सरूप चित्तनाश (२) अरूप चित्तनाश । जीवन्मुक्तको चित्त नष्ट भए तापनि दग्धपटको झैं उसको रूप देखिन्छ तर जस्तो भुटेको बीज खाने काममा आउँछ तापनि रोपेमा उम्रदैन त्यस्तो जीवन्मुक्तको चित्त देखिन्छ तापनि वासनारहित भएको हुनाले अचित्तरूप नै हुन्छ र जन्मादिको कारण हुँदैन । विदेहमुक्तको चित्त नष्ट बीज झैं देखनमा पनि आउँदैन, त्यो हो अरूप चित्तनाश ।

चित्तको सत्यता नै दु:खको कारण हो र चित्तको असत्यता नै सुखको कारण हो। जुन चित्तमा विषयको वासना फुर्छ त्यो चित्त जन्म दिनेवाला हुन्छ र दु:खको कारण हुन्छ । गुणको संगले अहंममभाव बन्छ र चित्तको सत्यताले जीव कहलाउँछ। चित्त रहेसम्म अनन्त दु:ख भइ नै रहन्छ। चित्त नै हो दु:खरूपी वृक्षको बीज। जब चित्त नष्ट हुन्छ तब कल्याण हुन्छ।

अब मृत चित्तको लक्षण पनि सुन। जुन चित्त सुख-दु:खले चलायमान हुँदैन र सुमेरु पर्वत झैं स्वरूपमा अचल भएर रहन्छ त्यो चित्तलाई मृत भनी जान, त्यस्तो चित्तबाट मिथ्याचिन्तन हुँदैन। जसको चित्तमा अहंभाव रहँदैन र जसको चित्त रागद्वेषादिबाट विकृत हुँदैन त्यसको चित्त मृतक भनिन्छ। जसको चित्तबाट इन्द्रियका विषयमा इष्ट अनिष्टभाव, रागद्वेष र ग्रहण-त्याग आदि द्वैत भावना उत्पन्न हुँदैन त्यस पुरुषको चित्तलाई मृतचित्त भनी जान । जसको चित्तमा देहमा अहंममभाव निवृत्त भएको छैन र जो आफूलाई सुखी दु:खी मान्छ उसको यस्तो वासनासंयुक्त चित्त ज्यूँदो कहिन्छ। जब चित्त संसारबाट विरक्त छ र सत्संग र सत्शास्त्रको श्रवण, मननपूर्वक स्वरूपको अभ्यासमा जुटिरहन्छ तब चित्त अचित्त हुन्छ र परमानन्द प्राप्त हुन्छ, यस्तो ज्ञानवान् पुरुष जीवन्मुक्त भएर विचरण गर्छ।

जस्तो भुटेको बीजमा अंकुर नष्ट हुन्छ त्यस्तो जुन चित्तमा चित्तभाव नष्ट भएको छ त्यस चित्तमा मैत्री आदि गुणावलीको उदय हुन्छ। ज्ञानीको चित्त देखनमा आउँछ र ऊ अज्ञानी झैं यत्न पनि गर्छ तर भुटेको दाना अंकुरोत्पत्तिको कारण नभए झैं जीवन्मुक्त ज्ञानीको चित्त जन्मको कारण हुँदैन। वसन्त ऋतु आएपछि लहरा प्रफुल्लित भए झैं चित्तभाव नभएको ज्ञानीको चित्तमा मैत्री आदि गुणको उदय स्वाभाविकरूपले हुन्छ। विदेहमुक्तको चित्त स्वरूपत: नै नष्ट हुन्छ त्यसैले उसमा कुनै गुण रहँदैन। चित्त नष्ट भएको हुनाले विदेहमुक्त पुरुष निर्मल, निष्कलंक, परमपावन आत्मपदमा स्थित हुन्छ, यसमा गुण अवगुण केही रहँदैन।

(८७) स्मृतिबीज विचार

यो विशाल संसार-वृक्षको बीज के हो भन्ने रामको प्रश्नको उत्तर दिँदै वसिष्ठले भन्नुभयो - हे रामजी ! चित्त नै हो संसारको बीज, जसमा अनेक आरम्भको घनता विद्यमान छ। जति पनि जगत्जाल देखिन्छ त्यो सब असत्रूप हो। चित्त फुर्नाले गन्धर्वनगर झैं नाना प्रकारको जगदाडम्बर भ्रमले भास्तछ, त्यो सब असत् हो। जस्तो मृत्तिकामा घटभाव हुन्छ त्यस्तो चित्तमा जगत्को सद्भाव हुन्छ। वृत्तिरूप लहराले संयुक्त चित्तरूप वृक्षका दुइटा बीज छन् प्राणस्पन्द र दृढ वासना। जब नाडीमा स्पर्श गर्नको लागि प्राण उद्यत हुन्छ तब शीघ्र नै चिद्विकारमय चित्तको उदय हुन्छ। नाडीमा प्राणको सञ्चार नभए बाह्य अनुभव हुँदैन र चित्त पनि उत्पन्न हुँदैन। जब प्राण फुर्छ तब शुद्ध सात्त्विक चित्तको उदय हुन्छ र त्यसमा आकाशमा नीलता भासे झैं जगत् भास्तछ। प्राणस्पन्दबाट नै चित् संवित् हातले ताडना गरेको भकुण्डो झैं उफ्रन्छ। सर्वगत संवित् प्राणस्पन्दबाट चित्तको सात्त्विक भागमा प्रतिबिम्बित भएर सूक्ष्मरूपमा उपलब्ध हुन्छ। यो संवित् आफ्नो निष्क्रिय स्वरूपलाई छोडेर जब बहिर्मुख हुन्छ तब नानाप्रकारको जगत् भास्तछ,

नानाप्रकार वासना बन्दछ र अनेक दु:खको कारण हुन्छ । त्यसकारण हे रामजी ! संवित्‌लाई भित्र रोकिराखनु अर्थात् बहिर्मुख हुन नदिनु नै कल्याणको कारण हो । जब संवित् स्वरूपमा स्थित हुन्छ तब कुनै क्षोभ हुँदैन । शुद्ध संवित्‌मा अहंको उल्लेख फुरेपछि त्यही संवित् वेदनरूप हुन्छ, त्यो नै चित्त हो र चित्तबाट अनेक दु:ख हुन्छ । योगीश्वरहरू योगद्वारा चित्तलाई चैतन्यस्वरूपमा स्थिर गरेर आत्माको अनुभव गर्छन् ।

हे रामजी ! ज्ञानद्वारा जो आत्माको अनुभव हुन्छ त्यो पनि सुन । वासनाले चित्त उत्पन्न हुन्छ । विचाररहित भएपछि वासना फुर्छ । जस्तो जन्मनासाथ बालकमा स्तनपानको वृत्ति फुर्छ त्यस्तो अकस्मात् भावनाको दृढताले वासना फुरेर आउँछ । वासनाले मोह प्राप्त हुन्छ र स्वत:सिद्ध अनुभवरूप आत्मा आवृत हुन्छ । वासनाको प्रबलताले स्वरूपलाई त्यागेर भ्रान्तिरूप जगत्‌लाई सत्य देख्छ । जस्तो मद्यपानबाट मत्त भएपछि एक पदार्थलाई अर्को रूपमा देख्छ त्यस्तो मूर्खको वासनाको बलले जगत्‌को पदार्थ सत्य भास्तछ ।

मन के हो, सुन । असम्यक् ज्ञानबाट अनात्मामा आत्मभावना हुनु र वस्तुरूप आत्मामा अवस्तु (अनात्मा) को जो भावना हुन्छ त्यसको नाम मन हो । पहिले चेतन संवित्‌मा पदार्थको चिन्तन हुन्छ, फेरि तीव्ररूपले जब पदार्थको दृढ भावना हुन्छ तब उही चेतन संवित् चित्तरूप हुन्छ । त्यस चित्तमा जन्म, मरण आदि विकारको उत्तपत्ति हुन्छ र ग्रहण-त्यागको भावना हुन्छ । जब हृदयबाट ग्रहण-त्यागको संकल्प निवृत्त हुन्छ तब चित्त मृतक हुन्छ । जब वासना नष्ट हुन्छ तब मन अमन हुन्छ । मनको अमनीभाव नै परम उपशमको कारण हो ।

हे रामजी ! जसको चेष्टा अभिमान रहित हुन्छ त्यो जीवन्मुक्त कहिन्छ, उसको चित्त केवल चिन्मात्रस्वरूपमा प्राप्त भएको हुन्छ । जब त्यो जीवन्मुक्त पुरुष शरीर त्याग्छ तब अचित्तरूप चिदाकाश भएर रहन्छ ।

चित्तका दुइटा बीज छन् - (१) प्राणको स्पुरण र (२) वासनाको स्फुरण । यी दुईमा एकको अभाव भए दुवैको नाश हुन्छ । प्राणस्पन्द र वासना परस्पर कारणरूप हुन् । प्राणस्पन्दबाट वासना हुन्छ र वासनाबाट प्राणस्पन्द हुन्छ । यी दुवै चित्तका कारण हुन् । जब हृदयमा प्राणस्पन्द हुन्छ तव संवित् क्षोभवान् हुन्छ र चित्तरूपी बालक उत्पन्न हुन्छ ।

हे रामजी ! प्राणको निरोधबाट शान्ति हुन्छ र वासनाको उद्‌य नभए चित्त स्थिर हुन्छ । प्राणस्पन्द र वासनाको वीज संवेदन हो, शुद्ध संविन्मात्रमा स्थित भएर, संवेदनलाई त्याग गरेपछि वासना र प्राण दुवै फुर्दैनन् । जस्तो वृक्षको बीज र मूल दुवै काटेपछि फेरि उम्रदैन त्यस्तो संवेदनको अभाव भएपछि प्राणस्पन्द र वासना दुवैको अभाव हुन्छ ।

संवेदनको बीज आत्मसत्ता हो । संवित् सत्ताबाट संवेदन प्रकट हुन्छ, त्यसकारण संवित्‌देखि संवेदन भिन्न होइन । जस्तो तिलमा तेलसिवाय केही छैन त्यस्तो हृदयमा संवित्‌सत्ता बाहेक केही पाइदैन । जस्तो स्वप्नमा मनुष्य आफ्नो मृत्यु देखदछ र देशान्तरमा प्राप्त हुन्छ त्यस्तो आत्मसत्ता नै संवेदनरूप हुन्छ अर्थात् चिन्मात्र संवित्‌मा जब 'अहं अस्मि' यस्तो संवेदनको उत्थान हुन्छ तब जगत्-जाल देखिन्छ । आफैंबाट संवेदन उठेर आफैंलाई भ्रम देखाउँछ । जस्तो बालक आफ्नै

संकल्पबाट उत्पन्न वेताललाई सत्य ठान्दछ त्यस्तो संवित्मा संकल्पबाट संवेदन भास्तछ । असम्यक् ज्ञानबाट आफू नै संवेदनरूप बन्छ र सम्यक् ज्ञान भए त्यो आफैंमा लीन भइहालछ । जस्तो रज्जुमा असम्यक् ज्ञानबाट सर्प भास्तछ त्यस्तो आतमामा संवेदन भास्तछ । त्रिजगत् ब्रह्मरूप (संवित्रूप) हो र संवेदन कुनै भिन्न वस्तु होइन भन्ने जसको दृढ निश्चय हुन्छ त्यसलाई बुद्धीश्वर किंवा सम्यक्ज्ञानी भन्दछन् । प्रत्यक्ष र अप्रत्यक्ष जो जगत् छ त्यसमा वस्तुबुद्धिलाई त्याग गर्नाले पनि संसारबाट पार हुन्छ । जो जगत्लाई अवस्तुरूप जानेर त्याग गर्दैन त्यसको लागि जगत् अतिशय विस्तारयुक्त भास्तछ ।

संवेदन जड, अजड दुई रूपको हुन्छ । जो कहीं पनि आसक्त हुँदैन अर्थात् चित्तवृत्ति कहीं पनि लाग्दैन त्यस्तो संवेदन जडताले रहित (चेतनरूप) हुन्छ । जुन संवेदन दृश्यतिर उन्मुख हुन्छ त्यो जड कहिन्छ र जो स्वरूपतिर उन्मुख हुन्छ त्यो संवेदन चेतनरूप हो र त्यो अजड कहिन्छ । जो संविद्रूप ब्रह्मचैतन्य हो त्यो नै सर्वत्र व्याप्त छ । ब्रह्मचैतन्य नै सर्वत्र परिपूर्ण छ । अन्तरिक्ष, पृथ्वी, आकाश, पर्वत, नदी आदि सब संवित्रूपी जलका लहरी हुन्, त्यसकारण सब जगत् संविन्मात्र हो, उसमा कुनै द्वैतकलना छैन, यो नै सम्यक् ज्ञान हो ।

कालसत्ता र आकाशसत्ता यद्यपि उत्तम हो तर वास्तव होइन । जो सत्तासामान्य अर्थात् संविन्मात्र तत्त्व छ त्यो नै सबको बीज हो, त्यसबाट नै सबैको प्रवृत्ति हुन्छ । जति पनि पदार्थ छन् तिनको कलना (संकल्प) सत्तासामान्यमा नै भएको छ, त्यो नै हो सबैको बीज । त्यो अनन्त अनादि सत्तासामान्य ब्रह्मको अरू कुनै बीज छैन । जब यस प्रकार ब्रह्मस्वरूपको भान (अनुभव) हुन्छ तब निर्विकार भएर स्थित हुन्छ, यसलाई जीवन्मुक्त भन्दछन् जसको कुनै दृश्यको भावना फुर्दैन । जस्तो बालक अभिमानरहित हुन्छ त्यस्तो ज्ञानद्वारा जुन जीव निर्वासनिक हुन्छ तब जडताबाट मुक्त हुन्छ र सर्वात्म भावमा प्राप्त हुन्छ । हे राम ! तिमी पनि यही दृष्टिलाई अवलम्बन गरेर संसार समुद्रबाट पार होऊ । यो चिन्मात्र तत्त्व नै परम पावन सत्ता हो, प्रयत्न गरेर यसमा स्थित होऊ, अनि जस्तो इच्छा छ त्यस्तै गर । त्यो आत्मतत्त्व निर्मल, अजर, अमर, शान्तरूप र चित्तको क्षोभले रहित छ, संसारबाट मुक्ति पाउनको निमित्त त्यही तत्त्वमा स्थित होऊ ।

(८८) ब्रह्मस्वरूपमा स्थित हुने उपाय

रामले प्रश्न गरे - हे गुरुवर ! बीजको पनि बीज भनेर जो आत्मतत्त्व बताउनु भयो त्यो पद प्राप्त गर्नको लागि उपाय बताउनुहोस् । उत्तरमा वसिष्ठले भन्नुभयो - हे रामजी ! त्यो सत्तासामान्य संविन्मात्र पद हो । प्रयत्न गरेर पनि त्यस पदमा स्थित हुनको लागि अभ्यास गर । एक क्षण पनि त्यस पदमा स्थित भएपछि अक्षयभाव प्राप्त हुन्छ र सर्वत्र त्यही एक अनुभवसत्ता नै भास्तछ ।

हे रामजी ! त्यो उत्तम पद प्राप्त गर्नको लागि तत्त्वज्ञान, मनोनाश र वासनाक्षयको समकाल अभ्यास गर्नुपर्छ । यी तीन उपायमध्ये एकको मात्र अवलम्बन गर्नाले कार्य सिद्ध हुँदैन । जस्तो

सेनासंयुक्त शत्रुलाई मार्न शूर वीर भए तापनि एक्लै गएर मार्न सकिँदैन, आफूले पनि सेना एकठ्ठा गरीकन जानुपर्छ तब मात्र कार्य सिद्ध हुन्छ त्यस्तै संसाररूपी शत्रुलाई नाश गर्न तत्त्वज्ञान, मनोनाश र वासना क्षयको एकैसाथ अभ्यास गर्नुपर्छ, यी तीन उपायको समकाल अभ्यास गरेपछि हृदयको 'अहं', 'मम' ग्रन्थि टुटेर जान्छ ।

वासनाक्षय भए प्राणस्पन्दको पनि निरोध हुन्छ र चित्त अचित्त हुन्छ । तत्त्वज्ञानको अभ्यासले संसार असत्य ठहरिन्छ, अनि वासना प्रवृत्त हुँदैन । वासनाको स्फुरणले जगद्भ्रम खडा हुन्छ । जब व्यवहारमा निःसंगताको साथै संसारको सत्यत्वभावना निवृत्त हुन्छ र शरीरमा असद् बुद्धि हुन्छ तब वासना प्रवृत्त हुन सक्तैन । जस्तो अंकुश विना मत्त हात्ती वशमा आउँदैन त्यस्तो युक्तिविना मनलाई जित्न सकिँदैन । सत्संग र सत्शास्त्रको विचार नै मनलाई वश गर्ने उपाय हो ।

तीर्थ, व्रत, दान तपस्या र देवताको पूजा गरेर पनि मनलाई जितने उपाय गरेन भने आत्मपद प्राप्त हुन सक्तैन । केवल कर्ममार्गबाट पनि जीव स्वर्गनरकादिमा घुमिरहन्छ । त्यसकारण वीतराग भएर संविन्मात्र तत्त्वको आश्रय गर । जो ज्ञानवान् हुन्छ त्यो नै बलवान् हो र बाँचेको हो, अरू सब मृतकतुल्य हुन् । त्यसकारण, हे राम ! तिमी पनि ज्ञानवान् बन र संवेदनरहित जो संविन्मात्र तत्त्व छ त्यसमा स्थित होऊ । परब्रह्मको उदय भएपछि बाहिर कर्ताजस्तो देखिए तापनि भित्र अकर्ता नै भएर रहन्छ ।

(८९) मोक्षोपाय

वसिष्ठले भन्नुभयो - हे रामजी ! जसले आत्मविचारद्वारा अल्पमात्र पनि चित्तको निग्रह गरेको छ भने त्यसले सम्पूर्ण फल प्राप्त गर्छ र त्यसको नै जन्म सफल हुन्छ । चित्तमा जो विचाररूपी कण उत्पन्न हुन्छ अभ्यासद्वारा त्यो विस्तार हुँदै जान्छ । वैराग्यपूर्वक विचार उत्पन्न भएर जब बढ्दैजान्छ तब अविद्यारूपी अवगुण नष्ट हुन्छ र त्यस पुरुषमा शुभ गुणावलीको निवास हुन्छ । जब सम्यक् बोधबाट ब्रह्मसाक्षात्कार हुन्छ तब त्यो ज्ञानवान्लाई इन्द्रियहरूले चलायमान गर्न सक्तैनन् । स्वरूपको प्रमाद भएसम्म आधि, व्याधि र दुःख भइरहन्छ । जब स्वरूपमा स्थिति हुन्छ तब शरीर र मनको दुःखले वश गर्न सक्तैन । विचाररहित देहाभिमानी अज्ञानीलाई सुकेको पातलाई हावाले उडाए झैं विषयले उडाइदिन्छ, तर ज्ञानवान्लाई भने चलायमान गर्न सक्तैन ।

'म को हुँ' 'यो जगत् के हो' 'कसरी उत्पन्न भएको छ र कसरी निवृत्त होला' - यसप्रकार विचार गरेर सत्संग र अध्यात्मशास्त्रको विचारद्वारा दृश्यभावलाई त्यागेर जो आत्मतत्त्वमा स्थित हुन्छ त्यो परम पद प्राप्त गर्छ । दीपकको प्रकाशले पदार्थ प्राप्त भए झैं विचारद्वारा आत्मतत्त्व प्राप्त हुन्छ । शास्त्रविचारद्वारा जसलाई आत्मबोध भएको छ त्यो ज्ञानी कहिन्छ । ज्ञानवान् रूपरसादि विषयमा आसक्त हुँदैन, किनकि ऊ आत्मबोधबाट नित्य तृप्त रहन्छ । जस्तो ब्राह्मण कुखुराको मासु खाने इच्छा गर्दैन त्यस्तो ज्ञानवान् कुनै भोगको इच्छा गर्दैन । ज्ञानवान् उर्वशी,

रम्भा, मेनका आदि अप्सराको इच्छा गर्दैन । ज्ञानी इन्द्र, वरुण, कुबेर, यम, ब्रह्मा, विष्णु, रुद्र, समुद्र, कैलास, मन्दराचल, रत्न, मणि, माणिक्य, सुवर्ण आदि जो उत्तम पदार्थ मानिन्छन् तिनको पनि इच्छा गर्दैन । ज्ञानवान् मत्त हात्ती, वेताल, पिशाच र इन्द्रका वज्रको शब्द सुनेर पनि कम्पमान हुँदैन । ऊ सत्यस्वरूपको स्थितिबाट कहिले पनि चलायमान हुँदैन । ज्ञानीको कसैका उपर रागद्वेष पनि हुँदैन । शरीरमा आगो राखे पनि अथवा पुष्पमाला पहिराए पनि ज्ञानी हर्ष-शोकवान् हुँदैन । सम्पद्, विपद्, मृत्यु, उत्सव आदिमा पनि ज्ञानवान्को हृदय हर्ष-शोकले प्रभावित हुँदैन । उसको मन ज्ञानसंयुक्त छ र ऊ सदा समरूपले रहन्छ । बञ्चराले शरीरको मासु काट्दा र माथिबाट शस्त्रको वर्षा हुँदा पनि ज्ञानी भयभीत, व्याकुल र दीन हुँदैन । ज्ञानवान् सदा समदृष्टिमा रहेको हुन्छ र धैर्यवान् हुन्छ ।

हे रामजी ! जस्तो सुमेरु पर्वत जलको वर्षाले चलायमान हुँदैन त्यस्तो ज्ञानवान् संकल्प विकल्पमा चलायमान हुँदैन । उसको लागि जगत् ज्ञानमात्र भास्तछ । त्यसो हुनाले ज्ञानी जगत्मा न कसैको ग्रहण गर्छ न कसैको त्याग गर्छ, ऊ संविन्मात्र स्वरूपमा स्थित हुन्छ । त्यसकारण, हे राम ! तिमी पनि सम्पूर्ण जगत्लाई भ्रान्तिमात्र जान र ग्रहण-त्यागबुद्धिबाट रहित भएर संविन्मात्र स्वरूपमा स्थित होऊ । जो आदि र अन्तमा छैन, मध्यमा देखिए तापनि त्यसलाई भ्रान्तिमात्र भनेर जान र भाव-अभावबुद्धिलाई त्यागेर निःसम्वेदनरूप होऊ, यसरी संसारसमुद्रबाट पार होऊ । त्यसपछि निःसंग भएका तिमीलाई मन, बुद्धि र इन्द्रियबाट कुनै कर्म भए पनि वा नभए पनि लेप लाग्दैन । जसको मन अभिमानले रहित छ त्यो कर्म गरेर पनि त्यसबाट लेपायमान हुँदैन । जसको मन असंग छ त्यो सुनेर पनि सुन्दैन, देखेर पनि देख्तैन, सुँघेर पनि सुँघदैन, स्पर्श गरेर पनि स्पर्श गर्दैन, रस लिएर पनि लिँदैन र काम गरेर पनि कर्ता हुँदैन । जस्तो देशान्तरमा गएको मानिस त्यही देशमा बसेर काम गर्छ तर उसको चित्त घरमा रहन्छ त्यस्तो ज्ञानवान्को चित्त आत्मपदमा स्थित रहन्छ ।

संग नै हो सब अनर्थको, संसारको, इच्छाको र आपद्को कारण । संगत्यागबाट मोक्षरूप उत्तम फल प्राप्त हुन्छ । हे राम ! त्यसकारण तिमी संगत्याग गर र जीवन्मुक्त भएर विचरण गर । भाव अभाव सबै पदार्थ हर्ष-शोक दिनेवाला हुन् । मलिन वासनालाई संग भनेको छ । देहमा जो अहंबुद्धि र संसारमा सत्यता प्रतीति हुन्छ तब संसारका इष्ट अनिष्ट पदार्थलाई राग-द्वेषपूर्वक ग्रहण गर्छ - यस्तो मलिन वासनालाई संग भनेको छ । जीवन्मुक्तको वासना हर्ष-शोकले रहित शुद्ध हुन्छ त्यसैले ऊ निःसंग कहिन्छ र उसको वासना जन्म र मरणको कारण हुँदैन ।

हे रामजी ! जसको देहमा अभिमान छैन र जसको स्वरूपमा स्थिति छ त्यो शरीरको इष्ट अनिष्टमा रागद्वेष गर्दैन किनकि उसको शुद्ध वासना छ, यस्ता जीवन्मुक्तको कर्म बन्धनको कारण हुँदैन । जस्तो भुटेको बीज उम्रदैन त्यस्तो ज्ञानवान्को वासना जन्म-मरणको कारण हुँदैन । जसको वृत्ति जगत्का पदार्थमा स्थित छ र जो राग-द्वेषपूर्वक ग्रहण-त्याग गर्छ यस्तो मलिन वासना जन्मको कारण हुन्छ । हे राम ! तिमी पनि मलिन वासनालाई त्याग गर र वीतराग भएर स्वरूपमा स्थित होऊ । यस्तो जीवन्मुक्त ज्ञानी असंग हुन्छ र सब आत्मा नै हो भन्ने जानेर कर्म

गर्छ, त्यसैले ऊ कर्ता भएर पनि अकर्ता नै हुन्छ । आपद् विपद् प्राप्त भए तापनि ज्ञानी आफ्नो स्वभावलाई त्याग्दैन । आपद् प्राप्त होस् अथवा चक्रवर्तीको राज्य मिलोस्, सर्पको शरीर प्राप्त होस् अथवा इन्द्रको शरीर प्राप्त होस्, यी सबमा ज्ञानी समभावले (आतमभावले) स्थित हुन्छ । अतएव हर्ष-शोकले अभिभूत हुँदैन ।

हे रामजी ! जसरी ज्ञानी जनले विचारद्वारा आत्मपद प्राप्त गरे त्यसै गरी तिमी पनि आत्मपदलाई पाएर विगतज्वर होऊ । आत्मदलाई पाएपछि फेरि जन्म-मरणको बन्धनमा फस्तैनौ ।

उपशम प्रकरण समाप्त ।

निर्वाणप्रकरण पूर्वार्ध

(१) दिवसरात्रि-व्यापारवर्णन

वाल्मीकिले भने - हे भरद्वाज मुनि ! उपशम प्रकरणपछि अब निर्वाणप्रकरण सुन, जसको श्रवणबाट तिमीले निर्वाणपद प्राप्त गर्नेछौ । मुनिनायक वसिष्ठजीले रामलाई जुन उत्तम वचन बताउनु भयो, रामले पनि मनलाई सबैतिरबाट खिचेर तिनै वचनमा लगाए । अरू राजा र राजकुमारहरू पनि वसिष्ठका वचन सुनेर आश्चर्यचकित हुँदै भन्न लागे कि जुन संसारलाई सत्य जानेर तल्लीन भएका थियौं त्यो त मिथ्या रहेछ, हुँदै, नभएको रहेछ ।

अब सूर्यास्तको समय भयो । दरवारमा सायंकालीन बाजा बज्न लागे । वसिष्ठले भन्नु भयो - हे राम ! मैले जो उपदेश दिएँ त्यसलाई जो बारम्बार विचार गरेर अङ्गीकार गर्छ त्यो संसारसमुद्रबाट पार तर्छ, जो मेरो वचनलाई स्वीकार गर्दैन त्यो नीच गतिमा प्राप्त हुन्छ र कष्ट पाउँछ । हे सभासद्गण ! मैले भेनका वचनमा विश्वास गरेर विचार गर्नुहोला, बाँकी कुरा भोलि प्रात: कालमा बताउनेछु ।

यति भनेर वसिष्ठ चूप रहनु भयो । सभा उठ्यो । वसिष्ठलाई प्रणाम गरेर सबैजना आ-आफ्ना निवासतिर लागे । वसिष्ठजी पनि विश्वामित्रलाई लिएर आफ्नो आश्रम तिर लाग्नु भयो । राम र लक्ष्मण पनि वसिष्ठलाई पुऱ्याएर आफ्नो निवासतिर लागे । राम, लक्ष्मण, भरत र शत्रुघ्न चारै भाइ रातको तीन प्रहरसम्म वसिष्ठजीको उपदेशलाई विचार गर्दैरहे र आधाप्रहर सुतेर फेरि उठे ।

(२) विश्रामदृढीकरण

वाल्मीकिले भने - हे भरद्वाज ! यसप्रकार जब रात बित्यो र उज्यालो भयो तब स्नान, सन्ध्या आदि प्रा:तकालीन कृत्य समाप्त गरेर राम, लक्ष्मण, भरत, शत्रुघ्न वसिष्ठको आश्रममा उपस्थित भए । वसिष्ठजी स्नान, सन्ध्या, अग्निहोत्र आदि नित्य कर्म समाप्त गरेर राम, लक्ष्मण आदिका साथ दशरथ महाराजको सभामा उपस्थित हुनुभयो । सबैले उठेर स्वागत सत्कार गरे ।

उच्च आसनमा बसेर उपदेश आरम्भ गर्दै वसिष्ठले रामलाई लक्ष्य गरेर भन्नुभयो - हे रघुनन्दन ! मैले जो उपदेश गरें त्यो तिमीलाई स्मरण छ के ? ती मेरा वचन परमार्थबोधका कारण, आनन्दरूप र महागम्भीर छन् । अब अरू पनि ज्ञानवर्धक, अज्ञाननाशक वचन सुन ।

वैराग्य र तत्त्वविचारबाट जीव संसार-समुद्र तर्न सक्तछ । सम्यक् तत्त्वबोधबाट जब दुर्बोध निवृत्त हुन्छ तब वासनाको आवेश नष्ट हुन्छ र परमानन्द पद प्राप्त हुन्छ । त्यो पद देश, काल र वस्तुको परिच्छेदले रहित छ । त्यो नै एकमात्र ब्रह्म जगत्‌रूपले स्थित छ र द्वैत झैं, प्रतीत हुन्छ । यस्तो सबै भावदेखि अविच्छिन्न र सर्वत्र व्याप्त ब्रह्मस्वरूपलाई जानेर शान्तिमान् होऊ ।

केवल ब्रह्म आफू आफैंमा स्थित छ, उसमा अविद्या, मन, चित्त र जीवभाव केही छैन । सकल दृश्य स्फुरणमात्र भएको हुनाले त्यो कलनारूप संभ्रम हो । केवल ब्रह्ममा कुनै पदार्थ छैन । स्वर्ग, मर्त्य र पातालमा सदाशिवदेखि तृणपर्यन्त जो कुछ दृश्य छ त्यो सब परब्रह्म हो - चिद्रूपदेखि भिन्न केही छैन । सत्शास्त्र र सन्तजनको उपदेशबाट जबसम्म उच्चपद प्राप्त हुँदैन र मूर्खता क्षीण हुँदैन तबसम्म चित्तादिको भ्रम बनिरहन्छ । जहाँसम्म देहाभिमान शिथिल हुँदैन, संसारको भावना मेटिंदैन र सम्यक् ज्ञानद्वारा स्वरूपस्थिति प्राप्त हुँदैन, अज्ञानले अन्धो भएर जीव विषयको आशाको आवेशले मूर्च्छित रहन्छ र मोह मूर्छाबाट जाग्दैन त्यहाँसम्म चित्तादिको कलना बनिरहन्छ । जहाँसम्म हृदयरूपी वनमा आशारूपी विषको गन्ध रहन्छ त्यहाँसम्म विचाररूपी चकोर प्राप्त हुँदैन र भोगवासना मेटिंदैन । जब भोगाशा निवृत्त हुन्छ र हृदयमा सत्यता, शीतलता र सन्तोषको उदय हुन्छ तब चित्तरूपी भ्रम निवृत्त हुन्छ ।

जो स्वरूपमा स्थित भएर आफूलाई देहदेखि भिन्न देखतछ त्यस्ता सम्यक्दर्शीको चित्तको भूमिका सुन । जब अनन्त चेतनतत्त्वको भावना हुन्छ र जीव दृश्य भ्रमलाई त्यागेर आत्मरूप हुन्छ तब सब जगत् आफ्नै अंग देखिन्छ अर्थात् सर्वत्र आफ्नै स्वरूप देखिन्छ । सर्वत्र आत्मरूप नै देखेपछि उसमा जीवत्वादि भ्रम कसरी होला ? जब अज्ञानरूप भ्रम निवृत्त हुन्छ तब परम अद्वैत पद उदित हुन्छ । जस्तो रात्रि क्षीण भएपछि सूर्यको उदय हुन्छ त्यस्तो मोह निवृत्त भएपछि आत्मतत्त्वको साक्षात्कार हुन्छ जब स्वरूपको साक्षात्कार हुन्छ । तब चित्त नष्ट हुन्छ । जस्तो सुकेको पात अग्निमा जल्दछ त्यस्तो ज्ञानवान्को चित्तरूप उपाधि नष्ट हुन्छ ।

जो परावरदर्शी, जीवन्मुक्त, महात्मा पुरुष सर्वत्र ब्रह्म नै देख्नुहुन्छ, उनको चित्त सत्त्वपदमा प्राप्त हुन्छ । ज्ञानवान्को चित्त सत्त्व कहिन्छ, उसमा वासना रहँदैन । विवेकद्वारा ज्ञानवान्को चित्तवाट जगत्को सत्ता निवृत्त भएको छ र उसले स्वरूपस्थिति प्राप्त गरेको छ उसको चित्त सत्त्व कहिन्छ । उसमा कर्मको चेष्टा देखिन्छ तापनि ऊ मोहमा प्राप्त हुदैन । जस्तै भुटेको बीज उम्रदैन त्यस्तै ज्ञानीको चेष्टा जन्मको कारण हुँदैन ।

हे राम ! तिमी नै त्यो ब्रह्म हौ, तिमी र उसमा कुनै भेद छैन । उही ब्रह्म सत् असत् भएर भास्तछ, उसमा सवै पदार्थ छन्, फेरि उसमा 'अहं', 'त्वं', 'अज्ञं', 'तज्ज्ञ:' आदि नानात्वकलना केही छैन । यस्तो सत्य चिद्घन ब्रह्ममय आत्मालाई नमस्कार छ । हे राम ! तिमी आद्यन्तरहित विशाल शिला झैं चिद्घनस्वरूप हौ र आकाश झैं निर्मल छौ । समुद्रमा तरङ्ग झैं तिमीमा जो जगत् छ त्यो लीलामात्र हो । तिमी आफ्नो घनस्वरूपमा स्थित होऊ ।

(३) ब्रह्मैक्यप्रतिपादन

वसिष्ठले भन्नुभयो - हे निष्पाप राम ! जुन चैतन्यरूप समुद्रमा जगत्रूपी तरङ्ग उत्पन्न हुन्छन् र लीन हुन्छन् त्यो अनन्त आत्मतत्त्वको भावना गर्नाले तिमी समस्त भाव-अभावले रहित भएर मुक्त हुन्छौ । चिदात्मस्वरूप तिमी नै जगद्रूप भएर रहेका छौ, तब वासना आदि आवरण

कहाँ हुने ? जीव र वासना सब आत्माको नै किञ्चनरूप हो, आत्मादेखि भिन्न दोस्रो वस्तु छँदैछैन, तब अन्य कुराको प्रसंग नै कसरी आउला ? प्रकाशरूप चैतन्यसमुद्रबाट रामरूपी एउटा तरंग उठेर आएको छ, त्यसकारण तिमी नै हौ त्यो चैतन्यसमुद्र । यस्तो आत्मतत्त्व नै जगद्रूप भएर नाना व्यापारयुक्त भासित हुन्छ । जस्तो अग्निदेखि उष्णता, पुष्पदेखि सुगन्ध, गाजलदेखि कालोपन, वरफदेखि सेतोपन, सक्खरदेखि माधुर्य र सूर्यदेखि प्रकाश भिन्न छैन त्यस्तो ब्रह्मदेखि अनुभव, अनुभवदेखि अहम्, अहंदेखि जीव, जीवदेखि मन, मनदेखि इन्द्रिय, इन्द्रिय देखि देह र देहदेखि जगत् भिन्न छैन । यसप्रकार जो महाचक्र प्रवृत्त भएको छ त्यो केही पनि भएको छैन । सर्वदा एक अखण्ड आत्मतत्त्व विद्यमान छ । जस्तो आकाश आकाशमा स्थित छ त्यस्तो ब्रह्मसत्ता आफू आफैमा स्थित छ । द्वैतकलना केही पनि छैन । यसरी जो स्वरूपमा स्थित छ त्यो जीवन्मुक्त हो । ज्ञानवान् मन, इन्द्रिय र शरीरले कर्म गर्छन् ता पनि उनमा कर्तव्यताको लेप रहँदैन ।

ज्ञानवान्को ग्राह्य र त्याज्य केही छैन । उनी सबै पदार्थमा निर्लिप्त रहन्छन् । हे राम ! जो कुछ जगत् देखिन्छ त्यो एक आत्मतत्त्वमात्र हो, भिन्न केही छैन । जस्तो घट मठ उपाधिले आकाश नानाप्रकार हुन्छ र समुद्र तरंगले नानारूप भासित हुन्छ त्यस्तो आत्मामा नानाप्रकार जगत् भास्तछ तापनि आत्मा नानात्वमा प्राप्त हुँदैन । यस्तो अद्वितीय आफ्नो स्वरूपलाई जानेर तिमी त्यसैमा स्थित होऊ, बाहिरबाट आफ्नो वर्णाश्रमको व्यवहार गर, किन्तु भित्रबाट पत्थर झैं हर्ष-शोकले रहित भएर स्थित होऊ ।

ज्ञानी सुतेको देखिन्छ तर ऊ कहिले पनि सुत्तैन । जसको अनात्मामा अहंभाव निवृत्त भएको छ र जसको बुद्धि लिप्त छैन ऊ यो लोकलाई मारे तापनि कर्ता हुँदैन र उसलाई कर्मबन्धन प्राप्त हुँदैन । जो वस्तु नभईकन भासित हुन्छ त्यसलाई मायामात्र भनी जान, ज्ञानबाट त्यो नष्ट भइहाल्छ । ज्ञानले सारा वासनाको क्षय हुन्छ र चित्त अचित्त हुन्छ । जसको सुख-दुःखको ग्रहण-त्याग छैन आत्मस्वरूपमा स्थित त्यो पुरुष जीवन्मुक्त कहिन्छ ।

(४) चित्तभावाभाववर्णन

जहाँसम्म चित्त अज्ञानमा रहन्छ त्यहाँसम्म जगत् (जन्म-मरण) को कारण हुन्छ, जब अज्ञान नष्ट हुन्छ तब चित्तादिको अभाव हुन्छ । अध्यात्मविद्यारूप वेदान्तशास्त्रको अभ्यासबाट अज्ञान नष्ट हुन्छ । जस्तो अग्निको तेजले शीतको अभाव हुन्छ त्यस्तो अध्यात्मविद्याको विचार र अभ्यासबाट अज्ञान नष्ट हुन्छ । अज्ञानको कारण तृष्णाको उपशम नभएसम्म अज्ञान रहिरहन्छ । तृष्णा नष्ट भएपछि जान्नु कि अज्ञानको अभाव भयो । अध्यात्मशास्त्र नै हो तृष्णारूपी विसूचिका रोग नष्ट गर्ने मन्त्र । जब विचारबाट मूर्खता नष्ट हुन्छ र चित्त अचित्त हुन्छ तब वासना भ्रम क्षीण हुन्छ । जो अध्यात्मशास्त्रको अर्थलाई धारण गर्दैनन् र त्यसमा प्रेम पनि गर्दैनन् भने ती पापी कीटादि नीच योनिमा प्राप्त हुन्छन् ।

हे राम ! तिमीमा जो मूर्खता र चञ्चलता थियो त्यो नष्ट भयो । वायु नचलेपछि जल अचल भए झैं तिमी स्थिर एवं भाव-अभावबाट रहित भएर परम आकाशसमान निर्मल पदमा प्राप्त

भएका छौ । मेरा वचनबाट तिमीलाई बोध प्राप्त भयो । तिमी अज्ञानरूपी निद्राबाट जागेका छौ । मेरा वचनबाट साधारण जीव पनि जाग्छन् भने तिमी जस्ता उदार बुद्धि भएका पुरुषको जाग्नुमा कुनै आश्चर्य छैन ।

गुरु समर्थ छन् भने शुद्ध पात्रको हृदयमा उनको वचन प्रविष्ट भइहाल्छ । म समर्थ छु किनकि मलाई आफ्नो स्वरूप सदा प्रत्यक्ष छ । फेरि म तिम्रो कुलगुरु पनि हुँ, त्यसो हुनाले पनि मेरो वचन तिम्रो पवित्र हृदयमा प्रवेश गरिहाल्यो । वाल्मीकिले भरद्वाजलाई भने- वसिष्ठले यति भनेपछि सूर्यास्तको समय भयो र त्यसदिनको सभा उठचो । भोलिपल्ट विहान सबै यथास्थानमा जुटे ।

(५) राघवविश्रान्ति वर्णन

रामले भने - हे मुनीश्वर ! म परम स्वस्थ भएर आफ्नो स्वरूपमा स्थित भएकोछु र हजूरको वचनको भावनाले जगज्जाल रहेर पनि मलाई शान्ति प्राप्त भएको छ । आत्मानन्दबाट म तृप्त भएको छु । जस्तो कुहिरो हटेपछि दिशा र आकाश निर्मल हुन्छ त्यस्तो सम्यक् ज्ञानले मेरो भित्र शुद्ध आत्मा प्रकाशित भएको छ र मोह निवृत्त भएको छ । ज्ञानरूपी वर्षाले तृष्णा, राग, द्वेषरूपी सब धूलो मैलो नष्ट भयो र म आत्मानन्दमा प्राप्त भएको छु । म राम अर्थात् सबैमा रमनेवाला हुँ, मलाई मेरो नमस्कार छ ।

म सन्देहरहित भएको छु । मेरा सारा विकार नष्ट भए । सूर्यको उदय भएपछि जस्तो तमको अभाव हुन्छ त्यस्तो ज्ञानद्वारा मेरो संशय र अविद्या नष्ट भयो । मलाई सर्वत्र आत्मा नै भासेको छ, कुनै कलना छैन । म नित्य, शुद्ध र आद्यन्तरहित हुँ । हे मुनीश्वर ! हजूरको वचनामृतरूपी समुद्रमा स्नान गरेर म सूर्य भन्दा पनि उच्च अजर अमर आनन्द पदमा प्राप्त भएको छु । अब म वीतशोक भएर परमशुद्ध, सम, शीतल अद्वैतानुभवमा प्राप्त भएको छु ।

(६) अज्ञानमाहात्म्यवर्णन

वसिष्ठले भन्नुभयो - हे महाबाहु राम ! तिमी अब आत्मपदमा प्राप्त भएका छौ तापनि बोधको दृढताको निमित्त परमहितकारी मेरा वचन फेरि सुन । जसको आत्मज्ञान भएको छैन र अनात्म देहादिमा आत्माभिमान छ उसलाई इन्द्रियगण निर्बल पुरुषलाई चोरले झैं दुःख दिन्छन्, जो आत्मपदमा स्थित छ उसलाई इन्द्रिय दुःखदायक हुँदैनन् । जस्तो बलवान् राजाका शत्रु पनि मित्र बन्छन् त्यस्तो ज्ञानवान्का इन्द्रिय मित्रसमान हुन्छन् । हे राम ! जस्तो तम र प्रकाश विलक्षण स्वभावका छन् त्यस्तो देह र आत्मा विलक्षण स्वभावका भएको हुनाले आत्माको देहका साथ कुनै संवन्ध छैन । देह जड, असत्य, अज्ञानरूप, तुच्छ र विनाशशील छ भने आत्मा चेतन, ज्ञान, सत् र प्रकाशरूप छ, त्यसकारण देहका साथ आत्माको सम्बन्ध हुन सक्तैन । अज्ञानले देहका साथ आत्माको संबन्ध भास्तछ र ज्ञानले त्यस सम्बन्धको अभाव भइहालछ । मेरा हितकारी वचनको दृढ अभ्यास गरेपछि अज्ञान निवृत्त हुन्छ । यथार्थ ज्ञानको उदय भएपछि शरीर तुच्छ र जड भासित हुन्छ ।

हे राम ! आत्मा सदा निर्लेप छ । जब यथार्थ ज्ञान हुन्छ तब देहमा स्थित भएर पनि आफू भ्रममा पर्दैन । अज्ञानी जीव असत् पदार्थलाई सत्य ठानेर अन्धो बन्छ । मूर्ख मानिस स्त्रीको शरीरमा सुन्दरताबुद्धि गरेर त्यसमा गुलियोमा झिंगा झैं मोहित भएर फस्तछ र दुःख पाउँछ । विषयको सेवन गर्दा गर्दै जब वृद्धावस्था प्राप्त हुन्छ तब शरीर असक्त हुन्छ, तैपनि उसको हृदयलाई तृष्णा जलाइरहन्छ ।

अज्ञानीको लागि जगत् रमणीय भास्तछ । जब अज्ञानरूपी चन्द्रमा पूर्ण भएर स्थित हुन्छ तब कामनारूपी क्षीरसमुद्र उर्लन्छ र उसमा अनेक तरङ्ग उठ्छन्, उसको रसले तृष्णारूपी मञ्जरी पुष्ट हुन्छ र काम, क्रोध, लोभ र मोहरूपी चकोरपक्षी उसलाई देखेर प्रसन्न हुन्छ, जब देहाभिमानरूपी रात्रि निवृत्त हुन्छ र विवेकरूपी सूर्यको उदय हुन्छ तब अज्ञानरूपी चन्द्रमाको प्रकाश निवृत्त हुन्छ ।

अज्ञानी स्त्रीलाई देखेर प्रसन्न हुन्छ । जस्तो दीपकलाई रमणीय ठानेर पतङ्ग (पुतली) त्यसमा झुम्मिन्छ र नष्ट हुन्छ त्यस्तो जीव स्त्रीको इच्छा गर्छ र उसको संगबाट नष्ट हुन्छ । लक्ष्मीलाई नै प्राप्त गरेर सुख भोगको इच्छा गरे तापनि त्यो सुखी हुन सक्तैन । लक्ष्मी प्राप्त भए तापनि धनको मद अनर्थकारी हुन्छ । धनले गर्दा मानिस पापकर्ममा प्रवृत्त हुन्छ र दुःखको पात्र बन्छ । धनको नाश हुँदा झन ठूलो दुःख हुन्छ । बाल्य, यौवन र वृद्धावस्था पनि दुःखदायी नै छन् ।

बाल्य अवस्था विचारहीन र शक्तिहीन अवस्था भएकोले दुःख दायी नै हुन्छ । जब यौवन अवस्थारूपी रात्रि आउँछ तब उसलाई काम, क्रोध, लोभ, मोहरूपी निशाचर र तृष्णारूपी पिशाचिनीले घेर्छन् किनकि त्यस अवस्थामा विवेक हुँदैन । वृद्धावस्थामा पनि अनेक रोग व्याधिले घेर्छन्, शरीर शक्तिहीन हुन्छ र तृष्णाले हृदय जलिरहन्छ ।

अज्ञानीलाई कालको भय सदा बनिरहन्छ । जगद्रूपी हात्तीको मस्तकमा जीवरूपी मोती छ, त्यस हात्तीलाई कालरूपी सिंहले भोजन गर्छ । काल यस्तो बलवान् भक्षक छ कि त्यो सृष्टिकर्ता ब्रह्मालाई पनि छोड्दैन । सबलाई खाएर पनि त्यो काल कहिल्यै तृप्त हुँदैन । एक निमेषमा अनेक जगत् उत्पन्न हुन्छन् र लीन हुन्छन् । सबको अभावमा जो शेष रहन्छ त्यो रुद्र हो । फेरि रुद्र पनि निवृत्त हुन्छन् तब एक परमतत्त्व ब्रह्मसत्ता शेष रहन्छ ।

जो कुछ जगत् छ त्यो सब अज्ञानले भास्तछ । जन्म, मरण, बाल्य, यौवन, वार्धक्य आदि विकार अज्ञानले भास्तछन् । अज्ञान नष्ट भए सबै विकार नष्ट हुन्छन् । आत्मविचार उत्पन्न नभएसम्म अज्ञान रहन्छ, जब आत्मविचार उत्पन्न हुन्छ तब अज्ञानरूपी रात्रि निवृत्त हुन्छ र केवल ब्रह्मपद भास्तछ ।

(७) अविद्यालता वर्णन

हे राम ! संसाररूपी यौवन चेतनरूपी पर्वतको शिखरमा अवस्थित छ र त्यसमा अविद्यारूपी लता बढदै गएर विकसित भएको छ, सुख, दुःख, भाव, अभाव र अज्ञान त्यस लताका पत्र, पुष्प र फल हुन् । यो अविद्यालता कहिले उच्च सुखभोग दिलाएर सत्य जस्तो बन्छे र कहिले असह्य

दुःखप्रदान गर्छे । सुख-दुःख यसका फल हुन्, दिन फूल हो र रात्रि भ्रमर हो, जन्म अंकुर हो र यो भोगरूपी रसले पूर्ण छ । जब विचाररूपी घुनले यसलाई खान थाल्छ तब मात्र यो नष्ट हुन्छे, नत्र यो अविद्यालता दिन दिनै बढदै गएर दृढ हुन्छे ।

यस अविद्यारूपी लहराको मूल संवित्‌को स्फुरण हो । स्फुरणबाट फैलिंदै गएर यो अविद्या नै सूर्य, चन्द्र, दिन, रात, तम, प्रकाश, पाप, पुण्य आदि दृश्यजालमा परिणत हुन्छे । अविद्या नै कहीं विष्णुरूपले, कहीं ब्रह्मारूपले, कहीं रुद्ररूपले र कहीं अग्नि आदि देवतारूपले प्रकट हुन्छे । सम्पूर्ण दृश्यजाललाई अविद्याको नै महिमा भनी जान । आत्मलाभको लागि यो आविद्यक दृश्यजालको परित्याग आवश्यक छ ।

(८) अविद्यानिराकरण

रामले प्रश्न गरे - हे ब्रह्मन् ! विष्णु र शिवलाई शुद्ध चिदाकाशरूप भनेको छ भने उहाँहरूलाई कसरी आविद्यक भन्ने ? यो संशयको निराकरण गरिपाऊँ । उत्तरमा वसिष्ठले भन्नुभयो - हे राम ! पहिले अविद्या र तत्त्वको बारेमा सुन । जो अविद्यमान भएर पनि विद्यमान झैं भास्तछ त्यो अविद्या हो र जो सदा विद्यमान छ त्यो तत्त्व कहिन्छ । शुद्ध संविद्‌रूप र कलनारहित, चिन्मात्र आत्मसत्तालाई तत्त्व भनेको छ र उसमा अहंको उल्लेख भएर पूर्णरूपले जो संवेदनकला फुरेको छ त्यो चिन्मात्र संवित्‌को आभास हो । त्यही संवेदन फुरेर स्थान भेदले स्थूल, सूक्ष्म र मध्यभाव प्राप्त हुन्छ र त्यही दृढ स्पन्दनबाट मननभाव प्राप्त हुन्छ । ब्रह्माण्डमा सात्त्विक, राजस र तामस भेदले जति पनि पदार्थ छन् ती सब त्यही अविद्यारूप संवेदनका आकारविशेष हुन् । अविद्या त्रिगुणमय छ । तीन गुणभित्र पनि एक एक गुणमा तीन गुण मिश्रित छन्, जस्तै सत्त्व गुण भित्र सत्त्व, रज र तम तीन गुण छन्, यसैगरी रजोगुण र तमोगुण भित्र पनि तीन गुण रहेका छन् । एवं प्रकारले अविद्याका नौ गुण बन्न गए । ऋषि, मुनि, सिद्ध, नाग, विद्याधर र देवता अविद्याका सात्त्विक भाग हुन् र तिनमा पनि नाग सात्त्विक तामस हुन्, विद्याधर, सिद्ध, देवता र ऋषि-मुनि अविद्याको सात्त्विक भागका सात्त्विक राजस हुन् र हरिहर आदि केवल सात्त्विक हुन् ।

सात्त्विक भागमा रहेर जो तत्त्वज्ञ भए ती मोहमा प्राप्त हुँदैनन् किनकि तिनीहरू मुक्तरूप हुन्छन् । हरि-हर आदि शुद्ध सात्त्विक हुन्, उहाँहरू मुक्तरूप भएर स्थित हुनुहुन्छ । उहाँहरू जहाँसम्म जगत्‌मा स्थित हुनुहुन्छ त्यहाँसम्म जीवन्मुक्त भएर रहनु हुन्छ र देहमुक्त भएपछि परमेश्वरत्व (ब्रह्मभाव) मा रहनुहुन्छ ।

अविद्याका दुईरूप छन् - एक अविद्या र अर्को विद्या जस्तो बीज फल हुन्छ र फल बीज हुन्छ । जस्तो जलबाट बुदबुद उत्पन्न हुन्छ त्यस्तो अविद्याबाट विद्या उत्पन हुन्छ । विद्या उत्पन्न भएपछि अविद्या लीन हुन्छ । जस्तो काठबाट अग्नि उत्पन्न भएर काठलाई जलाउँछ त्यस्तो विद्या अविद्याबाट उत्पन्न भएर अविद्यालाई नष्ट गर्छ । वास्तवमा सब चिदाकाशमात्र हो । जस्तो जलमा तरङ्ग कलनामात्र हो त्यस्तै विद्या अविद्या सब भावनामात्र हो, यसलाई त्याग गरेपछि केवल आत्मसत्ता शेष रहन्छ ।

हे रामजी ! तम र प्रकाश झैं विद्या र अविद्या आपसमा प्रतियोगी छन् । त्यसकारण यी दुवैलाई त्यागेर आत्मसत्तामा स्थित होऊ । विद्या र अविद्या भन्नु पनि कल्पनामात्र हो । विद्याको अभावको नाम अविद्या हो र अविद्याको अभावको नाम विद्या हो । काष्ठबाट उत्पन्न अग्नि काष्ठलाई जलाएर शान्त भए झैं अविद्याबाट उत्पन्न विद्या अविद्यालाई नष्ट गरेर स्वयंशान्त हुन्छ । त्यसपछि जो शेष रहन्छ त्यो अनिर्वचनीय सर्वव्यापी ब्रह्मपद हो । त्यो ब्रह्मतत्त्व सर्वशक्तिमान् छ र उसैको स्पन्दबाट सम्पूर्ण शक्ति प्रकट हुन्छन् । यो ब्रह्मतत्त्व आकाश भन्दा पनि शून्य छ र पनि सर्वत्र व्याप्त छ । जस्तो दहीको मथन विना घिउ निक्लदैन त्यस्तो विचारविना आत्मसत्ता भास्तैन । अग्निबाट चिनगारी र सूर्यबाट किरण निक्ले झैं आत्माबाट जगत् निक्लन्छ । यो जगत् आत्माको किञ्चनरूप हो । जस्तो घटको नाश भए पनि घटाकाश अविनाशी छ त्यस्तो जगत्को अभावमा पनि आत्मा अविनाशी रहन्छ ।

चुम्बकको सत्ताले जड लोहाले चेष्टा गरे झैं आत्माको सत्ताले देहादि जगत् चेतन जस्तो भएर चेष्टा गर्छ, परन्तु आत्मा सदा अकर्ता नै रहन्छ । चैतन्यस्वरूप आत्मा नै हो जगत्को बीज, उसमा संवित्, संवेदन आदि शब्द पनि कल्पनामात्र हो । जस्तो जललाई सुन्दर, चञ्चल जे भनेपनि जल नै हो त्यस्तो संवित्, संवेदन आदि जे भने पनि चैतन्यरूप हो । जहाँ किञ्चन अकिञ्चन केही छैन त्यो नै तिम्रो स्वरूप हो ।

(९) अविद्या-चिकित्सावर्णन

आधिभौतिक जो स्थावर-जङ्गम देखिन्छ त्यो सब चिदाकाशरूप हो, उसमा कुनै भाव-अभावको कल्पना छैन र जीवादिक भेद पनि छैन । मलाई त कुनै भेदकल्पना भास्तैन । जस्तो डोरीमा सर्पको अभाव छ त्यस्तो ब्रह्ममा भेदकल्पनाको अभाव छ । आत्माको अज्ञानबाट भेदकल्पना भास्तछ र ज्ञानद्वारा भेदकल्पना मेटिन्छ । शुद्ध चैतन्यको चित्तका साथ जो संबन्ध मानिन्छ त्यसको नाम अविद्या हो । वास्तवमा आत्मा सर्वोपाधिरहित चिन्मात्र हो । शरीर उत्पन्न भए आत्मा उत्पन्न हुँदैन र शरीर नष्ट भए आत्मा नष्ट हुँदैन । जस्तो घटको उत्पत्ति र विनाशमा आकाश निर्विकार रहन्छ त्यस्तो शरीरको भाव-अभावमा आत्मा एकनास रहन्छ । जस्तो बालक आफू दौडँदा सूर्यलाई दौडेको ठान्छ र आफू स्थिर हुँदा सूर्य पनि स्थिर भएको मान्छ त्यस्तो अज्ञानी मानिस चित्तको चञ्चलतामा आत्माको चञ्चलता र चित्तको अचलतामा आत्माको अचलता देख्तछ, परन्तु आत्मा एकरस छ । आफूले बुनेको जालोमा माकुरो आफैं बाँधिए झैं जीव आफ्नो वासनाले आफैं बद्ध हुन्छ ।

स्थावर आदिमा कसरी वासना रहला भन्ने रामको जिज्ञासामा वसिष्ठले भन्नुभयो - स्थावर जीव अमनसत्तामा पुगेका छैनन् र मनको अवस्थामा पनि छैनन्, किन्तु मध्यम अवस्थामा छन् । उनको मन नष्ट भएको छैन, किन्तु सुषुप्तिमा जडरूप भएर रहेको छ । काल पाएपछि त्यो फेरिजाग्छ । उनको सत्ता अद्वैतरूप भएर स्थावरशरीरमा स्थित छ भने त तिनीहरू मुक्त अवस्थाको निकटमा छन् भन्नुपर्ला भन्ने रामको शङ्कामा वसिष्ठले भन्नुभयो - हे राम ! तिनीहरू कसरी

मुक्तिको निकट हुन सक्लान् ? मुक्ति तब हुन्छ जब बुद्धिपूर्वक विचारद्वारा यथार्थ ज्ञान उत्पन्न हुन्छ । जब सत्तासामान्यको बोध हुन्छ तब केवल आत्मपद सिद्ध हुन्छ । यथार्थ दृष्टिलाई अवलम्बन गरेर वासनाको त्याग गरेपछिमात्र सत्तासामान्य पद प्राप्त हुन्छ ।

स्थावर जीवमा सुषुप्त वासना छ । तिनको वासना बाहिर देखिँदैन, तिनीहरू जड धर्मी हुन्, तिनीहरू अनन्त जन्मसम्म दुःख पाइरहन्छन् । वासना हृदयबाट दग्ध भएमात्र जन्मको कारण हुँदैन । शुद्ध स्वरूपको अभ्यासद्वारा अविद्या नष्ट हुन्छ र सम्पूर्ण भ्रम निवृत्त हुन्छ । अन्वयव्यतिरेक नियमअनुसार पनि आत्माको अन्वय सर्वत्र सर्वदा विद्यमान छ, त्यसो हुनाले आत्मा सत्य हो र देहादि अनात्माको व्यतिरेक हुन्छ त्यसकारण देहादि जगत् असत्य हो । यस्तो विचार गरेर सदा आत्मतत्त्वको विचार गर्नुपर्छ र असत्य देहादिबाट वैराग्य लिनुपर्छ, तब निश्चय नै अविद्या लीन भएर जान्छ, किनकि त्यो (अविद्या) वास्तव होइन । अविद्या नष्ट भएपछि जो शेष रहन्छ त्यो नै निष्किञ्चन, सत्य ब्रह्म हो ।

(१०) जीवन्मुक्तनिश्चयोपदेश

वसिष्ठले भन्नुभयो - हे राम ! बोधको दृढताको निमित्त सार कुरा बारम्बार बताइरहन्छु, सुन । यो अज्ञान किंवा अविद्या अनन्त जन्मबाट दृढ हुँदै आएको छ र भित्र बाहिर देखिन्छ । आत्मा चाहिं इन्द्रियको अगोचर भएको हुनाले देखिँदैन । मनसहित षडिन्द्रियको अभाव भएपछि मात्र आत्मा देखिन्छ र केवल शान्ति प्राप्त हुन्छ । प्रपञ्चलाई आत्मादेखि भिन्न जानेर जो वृत्ति वहिर्मुख भएर फुर्छ यसैको नाम अविद्या हो । जो वृत्ति अन्तर्मुख भएर आत्मातिर फुर्छ त्यसको नाम विद्या हो । विद्या अविद्याको नाशक हुन्छ । जस्तो बाँसबाट उत्पन्न अग्नि बाँसलाई जलाएर आफू पनि शान्त हुन्छ त्यस्तो अविद्याबाट उत्पन्न भएर विद्या अविद्यालाई नाश गरेर आफू पनि नष्ट हुन्छ । अविद्याको दुई रूप छ - प्रधान र निकृष्ट । जो अन्तर्मुख हुन्छ त्यो प्रधानरूप अविद्या हो र त्यसैको नाम विद्या हो, जो बहिर्मुख फुर्छ त्यो निकृष्टरूप अविद्या हो ।

हे राम ! अभ्यासविना कुनै कुरा पनि सिद्ध हुँदैन । जो कुछ प्राप्त हुन्छ त्यो अभ्यासरूपी वृक्षको फल हो । चिरकालको अभ्यासले गर्दा अविद्या दृढ भएको छ । जब आत्मज्ञानको निमित्त दृढ अभ्यास हुन्छ तब अविद्या नष्ट हुन्छ । हे राम ! हृदयरूपी वृक्षमा जो अविद्यारूपी विषवल्ली फैलिरहेको छ त्यसलाई ज्ञानरूपी खड्गले काट र आफ्नो प्रकृत आचारमा चल । जनक आदि राजा ज्ञातज्ञेय भएर पनि जसरी व्यवहार गर्दथे त्यसरी नै तिमी पनि आत्मज्ञानको अभ्यास गरेर व्यवहार गर । ब्रह्मा, विष्णु, सदाशिव, चन्द्रमा, अग्नि आदि देवता र बृहस्पति, नारद, पुलस्त्य, पुलह, अङ्गिरा, भृगु, शुकदेव आदि ज्ञातज्ञेय ब्राह्मणहरूको जस्तो निश्चय छ त्यही निश्चय तिमीमा पनि प्राप्त होस् ।

ती ज्ञातज्ञेय जीवन्मुक्तको निश्चय कस्तो हुन्छ भनी रामले प्रश्न गरे, त्यसको जबाफमा वसिष्ठले भन्नुभो - हे राम ! यो जो विशाल जगज्जाल भासित भइराखेको छ त्यो सब निर्मल ब्रह्मको नै महिमा हो । जस्तो समुद्रमा नानाप्रकार तरङ्ग उत्पन्न हुन्छन् तर त्यो सब जलमात्र हो

त्यस्तो ग्रहण, ग्राह्य र ग्रहिता सब ब्रह्म नै हो । शत्रु र मित्र पनि ब्रह्म नै हो । ब्रह्म नै ब्रह्मको चिन्तन गर्छ, ब्रह्म नै ब्रह्ममा स्थित छ, ब्रह्म नै अहं अस्मि हो, ब्रह्म नै सम हो, ब्रह्म नै आत्मा हो, घट पनि ब्रह्म हो र पट पनि ब्रह्म हो, ब्रह्मबाट नै सारा जगत् विस्तार प्राप्त भएको छ, ब्रह्म नै ब्रह्मलाई स्पर्श गर्छ, ज्ञानवान्को सदा यही नै निश्चय रहन्छ । जसको यस्तो निश्चय हुन्छ उसलाई राग-द्वेषले कुनै दुःख दिन सक्तैन ।

हे राम सर्वत्र ब्रह्म नै विद्यमान छ तब राग, विरागको कलना कसरी हुने ? मृत्यु ब्रह्म हो, शरीर ब्रह्म हो, मरने र मार्ने पनि ब्रह्म नै हो । भोग, भोग्य र भोक्ता पनि ब्रह्म नै हो । आत्मामा जो जगत् देखिन्छ त्यो आत्मा नै आत्मामा अवस्थित छ, तेरो मेरो भन्ने केही छैन । जस्तो सुवर्णमा भूषण र जलमा तरङ्ग अभिन्न हो त्यस्तै ब्रह्म र जगत्मा कुनै भेद छैन । यथार्थदर्शी पुरुषको सदा यही नै निश्चय रहन्छ, अज्ञानीको मात्र विपर्ययरूप भासित हुन्छ । वास्तवमा ब्रह्म सदा एकरूप छ । खालि ज्ञान र अज्ञानको भेद छ । जस्तो अज्ञानले डोरीमा सर्प भासित हुन्छ त्यस्तो अज्ञानीको लागि नानारूप जगत् भासित हुन्छ र दुःखदायक हुन्छ, तर ज्ञानवान् सर्वत्र ब्रह्म नै देखनुहुन्छ र उहाँको लागि जगत् सुखरूप प्रतीत हुन्छ । जस्तो अमृतपान गर्ने पुरुष अमृतमय हुन्छ त्यस्तो 'म ब्रह्म हुँ' भनी जसले ब्रह्मलाई जानेको छ त्यो ब्रह्म नै हुन्छ । जसले ब्रह्मलाई जानेको छैन उसको लागि नानात्व-कल्पनारूप जन्ममरण भासित हुन्छ र ब्रह्म अप्राप्त जस्तो प्रतीत हुन्छ ।

हे राम ! जसको ब्रह्मभावनाको अभ्यास छ, अभ्यासको बलले त्यो शीघ्र नै ब्रह्म भइहाल्छ । ब्रह्मरूप दर्पणमा जस्तो भावना हुन्छ त्यस्तै रूप देखिन्छ । मन भावनामात्र हो । दुर्वासनाले स्वरूपको आवरण हुन्छ । जब वासना नष्ट हुन्छ तब निष्कलङ्क आत्मतत्त्व नै भासित हुन्छ । जस्तो शुद्ध वस्त्रमा रङ्ग चढ्दछ त्यस्तो वासनारहित चित्तमा ब्रह्मको निश्चय हुन्छ ।

हे राम ! आत्मा सर्वकलनाले रहित छ र तीनै कालमा नित्य, शुद्ध, सम र शान्तरूप छ । जसलाई ज्ञान प्राप्त भएको छ उसको निश्चय यस्तो हुन्छ कि म नै ब्रह्म हुँ र म नै घटपटादि सकल जगज्जालमा आकाशवत् व्याप्त छु । मलाई कुनै दुःखले स्पर्श गर्दैन, मेरो कुनै कर्म छैन, म कसैको त्याग वा ग्रहण गर्दिन, मलाई कुनै इच्छा छैन, म सर्वकलनारहित निरामय आत्मा हुँ । शरीर पनि म नैं हुँ, वन, पर्वत, नदी, वृक्ष आदि सकल जगत् म नै हुँ । जो भेदकलना थियो त्यो मन आदिको थियो, अहिले सकल कलनालाई त्यागेर म आफ्नो प्रकाशस्वरूपमा स्थित छु । जस्तो भूषणमा सुवर्ण नै विद्यमान छ, भूषण सुवर्णदेखि भिन्न होइन त्यस्तो पर्वत, समुद्र, नदी आदि सकल पदार्थ आत्मामा स्थित छ, आत्मादेखि भिन्न छैन ।

हे राम ! जो जाग्रतमा सुषुप्तिरूप भएर स्थित छ, जसमा कुनै स्फुरण छैन यस्तो चैतन्यरूप आत्माको हामी उपासना गर्छौं । मधुर पदार्थमा माधुर्यरूपले, तीक्ष्ण पदार्थमा तीक्ष्णत्वरूपले र जगत्मा चलनशक्तिरूपले आत्मा नै रहेको छ त्यो चैतन्यरूप आत्माको हामी उपासना गर्छौं । जाग्रत्, स्वप्न, सुषुप्ति, तुरीय र तुरीयातीतमा जो सम तत्त्व छ त्यसको हामी उपासना गर्छौं । त्रिलोकीमा व्याप्त चैतन्यरूप आत्माको हामी उपासना गर्छौं । जो षेडाशकलासंयुक्त छ र षेडशकलाले रहित पनि छ, जो अकिञ्चन तथा किञ्चनरूप छ त्यो चैतन्य आत्माको हामी

उपासना गर्छौं । समुद्रबाट निक्लेको जुन अमृत चन्द्रमण्डलमा रहेको छ जसलाई पाएपछि कदापि मृत्यु हुँदैन त्यो चैतन्यरूप अमृत आत्माको हामी उपासना गर्छौं । जसबाट शब्द, स्पर्श, रूप, रस, गन्ध प्रकट हुन्छन् र जो यिनबाट रहित छ त्यो चैतन्य आत्माको हामी उपासना गर्छौं । यस्ता विदितवेद्य जीवन्मुक्त ज्ञानी विगतज्वर भएर अद्वैत आत्मस्वरूपमा स्थित हुन्छन् ।

(११) जीवन्मुक्त-निश्चयवर्णन

पूर्णबोधवान् पुरुषको कसैमा पनि राग-द्वेष हुँदैन । जीवन र मरणबाट उनलाई सुख-दुःख हुँदैन अर्थात् जीवन र मरणमा उनी समान रहन्छन् । जस्तो सुमेरु पर्वत वायुद्वारा चलायमान हुँदैन त्यस्तो उनी दुःखमा पनि विचलित हुँदैनन् । यस्ता ज्ञानवान् पुरुष वनमा रहन्छन् र नगर द्वीप आदि स्थानमा पनि घुमछन्, तर दुःखले चलायमान हुँदैनन् । ज्ञानीहरू मध्ये कुनै स्वर्गको नन्दनवनमा घुमछन्, कुनै पर्वतको कन्दरामा रहन्छन्, कोही कोही राज्य गर्छन् त कोही शत्रुलाई मारेर शासन गर्छन् । कोही श्रुतिस्मृति अनुसार कर्म गर्छन् । कोही भोगी र कोही विरक्त देखिन्छन् । कोही यज्ञ दान आदि कर्म गर्छन् । कोही तीर्थाटन गर्छन् । कोही स्त्रीका साथ रहेर लीला गर्छन् । कोही गृहस्थ भएर बाजा गाजाको शब्द सुन्छन् र कोही गीत गाएको सुन्छन्, परन्तु जस्तो स्थितिमा रहे तापनि ज्ञानवान् अनासक्त रहन्छन् । जस्तो सुमेरु पर्वत तलाउमा डुबदैन त्यस्तो ज्ञानवान् कुनै पनि पदार्थमा लिप्त रहँदैनन् । हे राम ! तिमी पनि यही दृष्टिलाई अवलम्बन गर र अनासक्त भएर विचरण गर ।

रामले भने - हे भगवन् ! हजूरको उपदेशबाट जान्नु पर्ने कुरा जानेर प्रबुद्ध भएको छु । हजूरका वचनबाट मेरा सन्देह, मान, मद, मत्सर सब नष्ट भए । अब म क्षोभरहित शान्त पदमा प्राप्त भएको छु ।

(१२) योग र ज्ञान

रामले पुनः जिज्ञासा प्रकट गर्दै भने - हे गुरो ! सम्यक् ज्ञानपछि कसरी जीवन्मुक्तपदमा विश्राम-लाभ हुन्छ, बताउनुहोस् । वसिष्ठले भन्नुभो - हे राम ! संसार तर्ने युक्ति दुइटा छन् - सम्यक् ज्ञान र प्राणायाम । योग र ज्ञान -संसार तर्ने यी दुई उपाय छन् र दुवैको फल एकै हो भनी सदाशिवले भन्नु भएको छ । कसैको लागि योग कठिन हुन्छ र ज्ञान सुगम हुन्छ भने कसैको लागि ज्ञान कठिन र योग सुगम मानिन्छ । मेरो विचारमा त ज्ञान नै सुगम हो किनकि ज्ञानको सिद्धि अल्प कष्ट र अल्प यत्नबाट नै हुन्छ । योग र ज्ञान दुवैको लागि अभ्यासरूप यत्न आवश्यक छ, अभ्यासविना केही कुरा पनि सिद्ध हुँदैन । हृदयमा विराजमान साक्षी आत्मालाई जान्नु ज्ञान कहिन्छ, आत्मा प्राण र अपानरूप रथमा आरूढ भएर हृदयरूप गुफामा स्थित छ । नासिकारन्ध्रबाट प्रवेश र निर्गमन गर्ने प्राणवायुको निरोधलाई योग भनेको छ, यसबाट चित्त शान्त हुन्छ ।

(१३) भुशुण्डोपाख्यान-आरम्भ

सुमेरु शिखर-लीलावर्णन

वसिष्ठले भन्नुभो - हे राम ! ब्रह्मरूपी आकाशको कुनै एक अणुमा यो जगदाभास फुरेको छ जस्तो मरुभूमिमा सूर्यको किंरणमा मृगतृष्णाको जल फुर्दछ । त्यही परमात्माको नाभिकमलबाट ब्रह्माजी उत्पन्न हुनु भयो र उहाँ जगत्को कारणभावमा प्राप्त हुनुभयो, उहाँ, पितामह कहिनुहुन्छ । उहाँको मानस पुत्र म वसिष्ठ हुँ । नक्षत्रचक्रमा मेरो निवास छ, युग युगसम्म म त्यहाँ रहन्छु । एकदिन, म नक्षत्रचक्रबाट उडेर इन्द्रको सभामा पुगें । त्यहाँ रहेका ऋषि मुनिहरूमा 'संसारमा चिरञ्जीवी को छ' भन्ने बारे चर्चा चलिरहेको थियो । त्यस प्रसङ्गमा एकजना शातातपनामक बृद्धिमान् ऋषीश्वरले भने कि सबभन्दा चिरञ्जीवी भुशुण्ड नाम गरेका महाबुद्धिमान् तथा महाश्रीमान् एक काग छन् । सुमेरु पर्वतको कोणमा पद्मरागनामक कन्दराको शिखरमा एक रमणीय कल्पवृक्ष छ । त्यसको दक्षिण भागमा धेरै पक्षीहरू रहन्छन्, तिनको बीचमा महातेजस्वी वीतराग ती ज्ञानी काग वस्तछन् । त्यही कल्पतरुको शाखामा तिनको गुँड छ । ती पुण्यात्मा काग संसारको आस्था छोडेर आत्मपदमा विश्राम लिएर बसेका छन् । ज्ञानी भएर रहनु नै दीर्घजीवनको फल हो ।

ती ज्ञानवान् चिरञ्जीवी कागको वृत्तान्त विस्तृतरूपले बताउनुहोस् भन्नी देवताहरूले आग्रह गरेपछि ऋषीश्वर शातातपले सबै कुरा बताइदिनु भयो र सभा उठ्यो । त्यसपछि ती ज्ञानवान् पक्षीको दर्शन गर्ने तीव्र इच्छा मनमा उठ्यो र एकै क्षणमा म त्यस सुमेरु पर्वतको कन्दरामा पुगें । त्यो महाप्रकाश कन्दराको शिखर उज्वल रत्नमणिले पूर्ण छ र त्यसको रङ्ग गेरु झैं रातो वर्णको छ । त्यो ठाउँ सूर्यको टक पर्दा अग्निको ज्वाला झैं प्रकाशमान देखिन्छ । बीच बीचमा नीलमणिको नीलो प्रकाशले गर्दा त्यो शिखर सन्ध्याकालमा लाल बादल एकत्रित भएको जस्तो भान हुन्छ । माथिबाट सफेद यज्ञोपवीत झैं गङ्गाको प्रवाह चलिरहेको छ । एकातिर गन्धर्व र अप्सराहरू श्रोत्रमधुर गीत गाइरहेका छन् । विधाताले अत्यन्त हर्षोत्पादक, महासुन्दर लीलाको स्थान बनाउनु भएको छ ।

(१४) भुशुण्डदर्शन

वसिष्ठले भन्नुभयो -हे राम ! त्यस शिखरमा रहेको महासुन्दर कल्पवृक्ष फलफूलले पूर्ण थियो र त्यसमा रत्न र मणिका गुच्छा र सुवर्णका लहरा लागेका थिए । पातमा देवता, किन्नर, विद्याधर र अप्सराहरू नाच गान गर्थे । सबै ऋतुका फलफूल त्यहाँ पाइन्थे । एक शाखामा बसेर पक्षीहरू फलफूल खान्थे । कहीं ब्रह्माजीका हाँस, कहीं अग्निका वाहन सुगा, कहीं अश्विनीकुमार र भगवतीका वाहन मयूर, कहीं बकुल्ला, परेवा, गरुड आदि पक्षी मनोहर शब्द गर्थे, मानौं कमलोद्भव ब्रह्माजीले ओम्कारको उच्चारण गरिरहेका थिए ।

अर्कातिर शाखामा सोम, सूर्य, इन्द्र, वरुण र कुबेरका यज्ञरक्षक तथा पुण्यवती स्त्रीहरूमा उनका पतिको सन्देशवाहक मानिने कौवाहरू रहन्थे । तिनको बीचमा अतिसुन्दर, नीलमणि झैं

चंकने उच्चग्रीवा भएका, प्राणवायुलाई जित्न समर्थ, नित्य अन्तर्मुख नित्य सुखी चिरञ्जीवी कौवा देखिन्थे। दीर्घजीवी भएका हुनाले धेरै कल्पको स्मरण उनलाई थियो। उनले कति इन्द्र फेरिएको देखेका थिए। अनेक वरुण, कुबेर, यमादिक दिक्पालको जन्म उनले देखेका थिए। सबैले उनलाई मित्रसमान, पितासमान र पुत्रसमान ठान्दथे। निर्मल तथा निरहंकार स्वभाव भएका उनी जब उपदेश गर्न शुरू गर्थे त्यसबेला उनी पितासमान र गुरुसमान मानिन्थे। यस्ता सबै समयमा सबै कुरामा समर्थ, प्रसन्नचित्त, महामति, सहृदय, ज्ञानवान् पुरुषलाई मैले देखें।

(१५) भुशुण्डसमागम

वसिष्ठले भन्नुभयो - हे राम ! यो दृश्य आकाशबाट हेरिरहेको थिएँ। जब आकाशबाट अकस्मात् म त्यहाँ उत्रिएँ तब मलाई देखेर पक्षीहरू डरले विक्षुब्ध भए। माझमा बसेका भुशुण्डले मलाई देखनासाथ वसिष्ठ भनी चिनिहाले र भने - हे मुनीश्वर ! कुशल हुनुहुन्छ ? यति भनेर संकल्पको हातको मुद्राले मलाई पाद्य अर्घ्य दिएर भावसंयुक्त पूजन गरे। अनि नोकरहरूलाई पर हट्न आदेश दिएर मलाई पातको आसनमा बसालेर भने - भगवन् ! चिरकालमा यहाँको दर्शनामृतले वृक्षसहित हामी पूर्ण भएका छौं। मेरो पुण्यपुञ्जले गर्दा हजूरको दर्शन मिल्यो। देवताहरू पूज्य छन्। हजूर त देवताका पनि पूजनीय हुनुहुन्छ। कृपा गरेर आगमनको कारण सुन्न पाऊँ। स्वर्गको सभामा चिरञ्जीवीहरूको प्रसंग चलेको थियो। त्यस बेला म पनि त्यहाँ उपस्थित थिएँ।

अनि मैले भनें - हे पक्षिराज ! तपाईंले भन्नुभएको कुरा सत्य हो। तपाईं ज्ञातज्ञेय, शान्तचित्त, मङ्गलमूर्ति हुनुहुन्छ। तपाईं संसाररूपी जालबाट निक्लनु भएको छ। तपाईंको जन्म कहिले र कहाँ भएको थियो, तपाईंको आयु कति छ, लामो आयुमा के के देखनु भयो र कुन कुन वृत्तान्त स्मृतिपथमा छ, कसरी ज्ञातज्ञेय हुनु भयो, के कारणले यहाँ निवास गर्नु भएको छ - इत्यादि संशयको निवारण गर्नुहोस्, यसैको निमित्त यहाँ आएको हुँ।

(१६) भुशुण्डद्वारा स्ववृत्तान्तवर्णन

भुशुण्डले भने - हे मुनीश्वर ! अर्धाङ्गिनी पार्वतीलाई साथमा लिएका, जटामुकुटधारी, महासुन्दरमूर्ति, महाशान्तरूप, त्रिनेत्र, भस्मधारी, विषको चिन्ह नीलकण्ठले विभूषित, स्मशानवासी भगवान् सदाशिव हुनुहुन्छ जसको शिर अर्धचन्द्रले विभूषित छ र जटामा पतितपावनी गङ्गा विराजमान हुनुहुन्छ। उहाँका सेना (गण) भयानक आकारका छन्, तिनीहरू मध्ये कोही रुद्रसमान त्रिनेत्रधारी, कोही शुकमुख, कोही उष्ट्रमुख, कोही गर्दभमुख भएका छन्, कोही वनमा र कोही स्मशानमा वसेर भयानक चेष्टा गर्छन्। तिनका साथ विभिन्न देवीहरूछन्। तिनीहरूमध्ये जया, विजया, जिता, अपराजिता वायाँ पट्टि तुम्बुरुरुद्रमा आश्रित छन्। सिद्धा, मुखका, रक्तका र उतला भैरवरुद्रमा आश्रित छन्। माझमा रुद्राणी, वैष्णवी, ब्रह्माणी, वाराही आदि अष्टनायिका र अन्य शतसहस्र देवीहरू छन्, तिनका वाहन ऊँट, गर्दभ, काक, वानर, सुगा आदि छन्। तिनमा कोही

पशुधर्मिणी, कोही क्षुद्र कर्ममा रत छन् भने कोही विदितवेद्या जीवन्मुक्त छन् । तिनमध्ये यौटी काकवाहन भएकी, अष्टसिद्धिले युक्त अलम्वुसा नामगरेकी देवी छन् ।

एक दिन यी देवीहरूले तुम्बुरु र भैरवको पूजा गरेर विचार गरे कि सदाशिव हामीसँग प्रमेले बोल्दैनन् र स्त्री जाति भनेर तुच्छ संझन्छन् । अब हामीहरूले पनि आफ्नो केही प्रभाव देखाउनु पर्‍यो, किनकि प्रभाव नदेखाएपछि कसैले कसैलाई पुछतो रहेनछ । यस्तो विचार गरेर पार्वतीलाई वशमा पारीकन उडाएर लगे र एकान्त स्थानमा राखेर उत्साहपूर्वक मद्य मांसादिको भोजन गरे । अनि मायाको बलले पार्वतीलाई मारेर चामल पकाए झैं पकाए र त्यसको केही भाग भोजन गर्न महादेवलाई दिए । महादेवले ध्यानदृष्टिले हेरेर थाहा पाउनु भयो कि मेरी पार्वतीलाई यिनीहरूले मारेछन् । तब सदाशिव कुपित हुनुभयो । अनि ती देवीहरूले आफना अङ्गबाट पार्वतीका अङ्ग निकाले । सौरीले नेत्र, कौमारीले नाक र अरूले पनि तत् तत् अङ्ग निकालेर नयाँ पार्वती तयार पारेर नयाँ ढंगले महादेवका साथ उनको विवाह गरिदिए । पुन: पार्वतीलाई पाएर महादेव प्रसन्न हुनुभयो । देवीहरू पनि खुसियाली मनाउँदै आफना स्थानतिर प्रस्थान गरे ।

अलम्बुसा देवीको वाहन जो चण्ड नामको काक थियो उसले ब्रह्माणीको वाहन हंसिनीका साथ जलक्रीडा गर्‍यो । यसैगरी अरू कागले पनि छगोटा हंसिनीका साथ क्रीडा गरे । सबैमा गर्भ रह्यो । हंसिनीहरू ब्रह्माणीका समीपमा गए । उनले भनिन् - अब तिमीहरूमा मलाई बोकने शक्ति छैन किनकि तिमीहरू गर्भवती भएका छौ । अब जहाँ इच्छा लाग्छ त्यहाँ जाओ फेरि आउनु, यति भनेर निर्विकल्प समाधिमा बसिन् । ती हंसिनीहरू ब्रह्माजीको उत्पत्तिस्थान नाभिसरोवरमा गएर कमलको पातमा बसे । समय पुगेपछि यौटीबाट तीन अण्डको क्रमले एक्काइस अण्ड उत्पन्न भए । ती अण्डबाट हामीहरू उत्पन्न भएर जब उड्न समर्थ भएका थियौं तब ब्रह्माणीको पासमा गएर शिरले भूमिमा टेकेर वन्दना गर्‍यौं । ब्रह्माणी भरखर समाधिबाट उठेकी थियिन् । उनले हाम्रो मस्तकमा हात राखेर आशीर्वादपूर्वक ज्ञानोपदेश गरिन् । हामीलाई तुरुन्त ज्ञान प्राप्त भयो र अविद्या नष्ट भयो, मन तृप्त र शान्त भयो । हामी जीवन्मुक्त पदमा स्थित भयौं । त्यसपछि एकान्तमा ध्यानस्थ भएर बसने वृत्ति फुर्‍यो । देवीको आज्ञा पाएर हामी पिता चण्डकाकको समीपमा गयौं । पिताजीले गला लगाएर मस्तक चुमे ।

त्यसपछि हामीले अलम्बुसा देवीको पूजा गर्‍यौं । पिताजीले हामीलाई उपदेश गर्दे भन्नु भयो - हे पुत्र हो, तिमीहरू संसाररूपी जालमा न फस । यदि फसेका छौ भने उनै भगवतीको शरणमा जाओ । उनी भृत्यका उपर दयावती छन्, तिमीहरूको इच्छा पूर्ण गरिदिन्छिन् । हामीले भन्यौं - हे पिताजी ! हामी ज्ञातज्ञेय भएका छौं । ब्रह्माणीको प्रसादले हामीले जान्नु पर्ने कुरा जानिसकेका छौं र पाउनु पर्ने कुरा पाइसकेका छौं । अब एकान्त स्थानमा गएर बसने हाम्रो इच्छा छ । पिताजीले भन्नुभयो - सुमेरुपर्वत एकान्त, निर्दोष, पवित्र, निर्भर र क्षोभरहित छ । पद्मराग नामक एक शिखर छ जहाँ एक महान् कल्पवृक्ष रहेको छ । देवीजी समाधिस्थ भएको बेलामा म पनि त्यस वृक्षको दक्षिणतिरको हाँगामा गुँ ड बनाएर बसेको थिएँ । त्यहाँ अरू पनि कौवाका बच्चा रहन्छन् । त्यहाँ भोग र मोक्ष दुवै मिल्छ, त्यहीं गएर बस । यति भनेर पिताजीले शिरमा चुम्बन गरेर

आशीर्वाद दिनुभयो । त्यसपछि हामी विन्ध्याचलबाट उडेर यही कल्पवृक्षमा आएर बस्यौं। भुशुण्डले भने - हे मुनीश्वर ! यही हो मेरो उत्पत्ति, ज्ञानप्राप्ति र यहाँ आगमनको वृत्तान्त ।

(१७) सन्तमाहात्म्यवर्णन

भुशुण्डले भने - हे मुनीश्वर ! यो चिरकालको वृत्तान्त तपाईलाई भनेको हुँ । त्यसबेलाको सृष्टि यो सृष्टि भन्दा धेरै पहिलेको हो, तर मैले अभ्यासको बलले वर्तमान जस्तो गरी सुनाएँ। मेरो पूर्वपुण्यको फलले यहाँको निर्विघ्न दर्शन प्राप्त भयो जसबाट यो आलय (गुँड), शाखा र वृक्ष पवित्र भएको छ ।

वसिष्ठले भन्नुभयो - हे राम ! यति भनेर उनले अर्घ्यपाद्यसहित मेरो पूजा गरे । मैले सोधें - तपाईंका ती भाइहरू जो तपाईंसमान तत्त्ववेत्ता थिए कहाँ गए ? यहाँ त अकेला तपाईमात्र देखिनु हुन्छ । उनले भने - म यहाँ रहँदा धेरै युगका परम्परा बिते । ती मेरा भाइहरू केही काल रहेर तृणलाई झैं शरीरलाई त्यागेर शिवपदमा प्राप्त भए । लामो आयुवाला होस्, सिद्ध महन्त होस्, बलवान् होस्, अथवा ऐश्वर्यवान् होस् कालले सबैलाई ग्रास गरिहाल्छ ।

मैले फेरि सोधें - जब प्रलयकाल हुन्छ त्यसबेला सूर्य, चन्द्र, वायु, मेघ आदि सबले आआफ्नो मर्यादा परित्याग गर्छन्,सूर्यको कडा तापले उदयाचल अस्ताचल आदि पर्वत पनि भस्मीभूत हुन्छन् र जताततै भयंकर क्षोभ हुन्छ,त्यसबेला तपाईं कसरी खेदयुक्त नभईकन रहन सक्नु भयो ? काक भुशुण्डले भने - हे मुनीश्वर ! जगत्मा कोही आधारसहित र कोही निराधार रहन्छन् । सेना आदि ऐश्वर्यका पदार्थ जसका छन् ती आधारसहित भएर रहन्छन् । जसका ती पदार्थ छैनन् ती निराधार भएर रहन्छन्, तर ती दुवैलाई म तुच्छ देख्छु । ऐश्वर्यवान् र बलवान् पनि होस् तर सत्य कोही छैन । तिनमा पनि पक्षी - जाति महातुच्छ हो । उजाड वनमा तिनको निवास छ, त्यहीं उनको दाना-पानी छ । तिनीहरू निरालम्ब या वेसहारा भएर रहन्छन् । तिनको जीविका दैवले यस्तै बनाएको छ ।

उनले भने, हे मुनीश्वर ! म ता सदा सुखी छु र आफू आफैमा स्थित छु, आत्मसन्तोषले सदा तृप्त छु र जगत्को कष्टचेष्टाबाट मुक्त छु । म केवल काल व्यतीत गरेर रहेको छु । जगत्का इष्ट अनिष्ट प्रसंगले मलाई विचलित गर्न सक्तैनन् । मेरो न बाँचने इच्छा छ न मर्ने, किनकि बाँचनु र मर्नु शरीरको अवस्था हो, आत्माको होइन । ममा बाँचनुमा राग छैन र मर्नुमा द्वेष छैन, जस्तो अवस्था प्राप्त हुन्छ उसैमा सन्तुष्ट छु । मैले कति कुरा देखें, तर ती सब भस्मीभूत भएर गए, तिनको त्यो अवस्था देखेर मेरो मनको चञ्चलता दूर भएको छ । म यही कल्पवृक्षमा बसेको छु जसमा रत्नका लहरा लागेका छन् । म यहाँ बसेर प्राण र आपानको चिन्तन गर्छु, यिनका कलाको जो सूक्ष्म गति छ त्यो सब म जान्दछु । प्राण र आपानको मध्यमा निर्विकार भएर रहन्छु, त्यसैले मलाई दिन र रातको ख्याल छैन । सद्बुद्धिले म काललाई जान्दछु र सार असार सारा जान्दछु । सविस्तार भासित यो दृश्य जगत् सब मिथ्या हो, सत् कुनै छैन । त्यसैले मलाई कुनै दृश्य पदार्थको इच्छा छैन । म परम उपशमपदमा स्थित छु । जगत्को चञ्चल अवस्थामा म

पत्थरसमान अचल भएर रहन्छु । कसैमा पनि मेरो राग - द्वेष फुर्दैन । मेरो दृष्टिमा सारा जगत् तुच्छ भासित हुन्छ । सबै भूतरूपी नदीहरू कालरूपी समुद्रमा पर्छन्, तर म किनारामा खडा भएर रहन्छु, कहिले पनि डुब्दिन । जति जीव छन् ती सब डुब्छन् तर तपाईंजस्ता कुनै ज्ञानी डुब्दैनन् । तपाईंको कृपाले म निर्विकार पदमा प्राप्त भएको छु ।

हे मुनीश्वर ! तपाईंको दर्शनबाट म पूर्णानन्दमा प्राप्त भएको छु । सन्तजनको संगत चन्द्रमाको चाँदनी झैं शीतल र अमृत झैं आनन्ददायक हुन्छ । सन्तको संगत चन्द्रमाको अमृत भन्दा पनि उत्तम हो किनकि चन्द्रमाको किरण शीतल भए तापनि त्यसबाट हृदयको ताप मेटिंदैन किन्तु साधुसंगतबाट अन्तःकरणको ताप मेटिन्छ । सन्त तिनलाई भन्नुपर्छ जसको मनमा कुनै इच्छा छैन र जसको लागि संसारका रमणीय पदार्थ तुच्छ प्रतीत हुन्छन् । सन्तजन आत्मानन्दले सदा तृप्त रहन्छन् र अद्वैतनिष्ठ हुन्छन्, उनको द्वैतकलना रहँदैन । सन्तको संगत चिन्तामणि जस्तो हो जसलाई पाएपछि सम्पूर्ण दुःख नष्ट हुन्छन् । तपाईंको दर्शनबाट मेरा सबै दुःख नष्ट भए । आज ज्ञानवान्को दर्शनले मेरो जन्म सफल भएको छ । तपाईं जस्ता सन्तको संगतबाट आत्मपद प्राप्त हुन्छ, दुःख नष्ट हुन्छ र मानिस निर्भय बन्छ ।

(१८) भुशुण्ड जीवित रहनुको वृत्तान्त

भुशुण्डले भने, हे मुनीश्वर ! तपाईंले सोधनु भएको थियो कि सूर्य, वायु र जलको क्षोभ हुँदा पनि तपाईंको क्षोभ किन भएन, त्यसको उत्तर सुन्नु होस् । जब जगत्को क्षोभ हुन्छ तब पनि मेरो यो कल्पवृक्ष स्थिर रहन्छ । यो वृक्ष सब प्राणीहरूको अगम्य छ । जब प्राणी नष्ट हुन्छन् तब पनि म सुखी रहन्छु । जब हिरण्याक्षले द्वीपसहित पृथिवीलाई समेटेर पातालमा लिएर गएको थियो त्यसबेलामा पनि मेरो वृक्ष चलायमान थिएन । देवासुरसंग्राम हुँदा सारा पर्वत चलायमान थिए तब पनि मेरो वृक्ष स्थिर नै रह्यो । समुद्रमथनको लागि विष्णुले सुमेरुपर्वत उखाडन लागे तै पनि यो वृक्ष चलायमान भएन, आखिर मन्दाराचल पर्वत लगेर समुद्रमथन गरे । प्रलयकालमा पवन र मेघको क्षोभ हुँदा पनि मेरो वृक्ष कम्पायमान भएन । यौटा दैत्य आएर सुमेरुपर्वत उखाडन लाग्यो । केही भाग उखाड्यो पनि, परन्तु मेरो वृक्ष चलायमान भएन । यस्ता कैयौं उपद्रव भए, प्रलयकालमा सूर्यको ताप प्रचण्ड भयो तैपनि मेरो वृक्षको स्थिरता डगेन ।

प्रलयकालमा वायु र मेघको भयंकर क्षोभ हुँदा तपाईं कसरी विगतज्वर भएर रहन सक्नुहुन्छ भनी वसिष्ठले प्रश्न गर्दा भुशुण्डले भने, हे साधो ! जब प्रलयकालिक वायु र मेघको क्षोभ हुन्छ तब म कृतघ्न जस्तो भएर यो आलय (गुँड) त्यागेर आकाशमा स्थित हुन्छु र सब अङ्गलाई समेटेर लिन्छु । जब प्रलयकालका सूर्यले प्रचण्ड ताप छोड्छन् तब म जलको धारणा गरीकन जलरूप बन्छु । जब वायु चल्छ तब पर्वतको धारणा बाँधेर स्थित हुन्छु । जब धेरै तत्त्वको क्षोभ हुन्छ तब ब्रह्माण्डको पारि जो निर्मल परम पद छ त्यसमा स्थित भएर सुषुप्तवत् अचल र गम्भीर हुन्छु । जब ब्रह्मा उत्पन्न भएर फेरि सृष्टिको रचना गर्छन् तब सुमेरु पर्वतको यही वृक्षको आलयमा स्थित हुन्छु ।

वसिष्ठले सोधनु भो, - जसरी तपाईं अखण्ड स्थित हुनुहुन्छ त्यसैगरी अरू योगीश्वर किन स्थित हुँदैनन् ? भुशुण्डले भने, - परमेश्वरको नीति यस्तै छ कि मैले यसैगरी रहनुपर्छ र अरू योगीले त्यसरी नै रहनुपर्छ । परमेश्वरको नीतिलाई कोही पनि उल्लंघन गर्न सक्तैन ।

वसिष्ठले भन्नुभो, - हे खगराज ! तपाईंको अत्यन्त दीर्घ आयु छ । तपाईं ज्ञान-विज्ञानसम्पन्न योगेश्वर हुनुहुन्छ । तपाईंले अनेक आश्चर्य देखनु भयो, तिनमा जो स्मृति गोचर छ त्यो बताउनुहोस् । भुशुण्डले भने, - एक पटक पृथिवीमा तृण र वृक्षमात्र थिए, अरू केही थिएन । एक पटक एघार हजार वर्षसम्म सब वृक्ष र तृण जलेर गएका थिए र सर्वत्र भस्ममात्र थियो । एक पटकको सृष्टिमा सूर्य चन्द्र उत्पन्न भएका थिएनन् र दिन रात छुट्टिदैन थियो, किन्तु सुमेरुको रत्नको प्रकाश भने थियो । यौटा कल्प यस्तो भयो कि देवता र दैत्यको घमासान युद्ध भयो, जसमा दैत्यले मनुष्यलाई झैं धेरै देवताहरूलाई मारे । ब्रह्मा, विष्णु र महेश्वर बाहेक सबैलाई जितेर बीस युगसम्म दैत्यहरूको नै रजाइं चल्यो । कहिले दुई युगसम्म वृक्षमात्र थियो । कहिले दुई युग पर्यन्त पर्वतमात्र थियो । एक पटकको सृष्टिमा जताततै जलमात्र देखिन्थ्यो र केवल सुमेरु पर्वत खंभा झैं देखिन्थ्यो । एक पटक अगस्त्य मुनि दक्षिणबाट उत्तरतिर आए, अनि विन्ध्याचल बढेर ब्रह्माण्डलाई नै चूर्ण पाऱ्यो ।

हे मुनीश्वर ! यस्ता असंख्य कुरा स्मरणमा छन्, तै पनि संक्षेपमा भन्छु, सुन्नुहोस् । यौटा सृष्टिमा मनुष्य र देवता कोही पनि थिएनन् । एक पटकको सृष्टि यस्तो थियो कि ब्राह्मण मद्यपान गर्थे र शूद्र ठूला बडा थिए । कुनै सृष्टिमा पर्वतको नाम निशान थिएन । यौटा सृष्टिमा स्वामिकार्तिक थिएनन् र दैत्यहरू बढदै गए र उनकै राज्य थियो । धेरै के भनूँ, सूर्य, चन्द्र, नक्षत्र, इन्द्र, उपेन्द्र र लोकपालहरूको धेरै जन्मको याद मलाई छ । मत्स्यावतार हरिले वेदको उद्धार गरेको र समुद्रमथन गरेको स्मरण मलाई छ । यौटा सृष्टि यस्तो पनि देखियो जसमा विष्णुको वाहन गरुड, ब्रह्माको वाहन हंस र रुद्रको वाहन वृषभ थिएनन् । यस्ता अनेकौं सृष्टि मैले देखें ।

(१९) चिरातीतवर्णन

भुशुण्डले भने, हे मुनीश्वर ! जब फेरि सृष्टि भयो तब तपाईं, भरद्वाज पुलस्त्य, नारद, इन्द्र मरीचि, उद्दालक, क्रतु, भृगु, अङ्गिरा, सनत्कुमार, भार्गवेश आदि उत्पन्न भए । सुमेरु, मन्दराचल, कैलास, हिमालय आदि पर्वत उत्पन्न भए । पछि अत्रि, वासुदेव, वाल्मीकि आदि पनि उत्पन्न भए । हे मुनीश्वर ! अहिले तपाईं ब्रह्माको पुत्र हुनुहुन्छ । तपाईंको आठ जन्मको स्मरण मलाई छ । तपाईं कहिले आकाशबाट, कहिले पहाडबाट, कहिले पवनबाट र कहिले अग्निबाट उत्पन्न हुनुभयो । समुद्रमथन गर्दा मन्दराचल पर्वत तल पातालतिर खस्न लाग्यो, त्यसलाई अड्याउन विष्णुले कच्छपरूप धारण गर्नुभयो र समुद्रमथनबाट अमृत निक्लेको थियो, बाह्र पटक यो घटना भएको मलाई संझना छ । तीन पटक हिरण्याक्षले पृथिवीलाई पातालमा लगेको संझना ताजा नै छ । छ पटक परशुराम रेणुका माताको पुत्र भएको संझना छ । यो त धेरै पछिको कुरा हो । जब दैत्यहरू क्षत्रियको रूपमा उत्पन्न भए तव तिनीहरूलाई मार्न विष्णुले परशुरामको अवतार लिनुभएको थियो ।

एक सृष्टि यस्तो भयो कि जसमा शास्त्र र पुराणको विपरीत अर्थ लगाइन्थ्यो । एक कल्पमा शास्त्रको पाठ, युक्ति र अर्थ भिन्न प्रकारको हुन्थ्यो र पुराणहरू पनि भिन्न प्रकारका हुन्थे र कसैलाई देवता र कसैलाई ऋषीश्वर-मुनीश्वर भन्थे । मलाई यस्ता कथा र इतिहासको धेरै संभना छ । वाल्मीकिले बाह्रपटक रामायण बनाएको, दुई पटक व्यासले महाभारत बनाएको र सात पटक व्यासावतार भएको मलाई संभना छ । दैत्यहरूको विनाश गर्न विष्णु भगवान् युग युगमा अवतार ग्रहण गर्नुहुन्छ । बाह्र पटक रामावतार भएको र सोह्र पटक कृष्णावतार भएको मलाई संभना छ । हे मुनीश्वर ! यस्ता धेरै सृष्टि मेरो स्मृतिपथमा छन् तर सब भ्रममात्र हो, केही पनि उत्पन्न भएको छैन । आत्मतत्त्वमा अडेर हेर्दा कुनै पनि सृष्टि भासित हुँदैन । केवल आत्मसत्ता मात्र विद्यमान छ । आत्मामा मन फुरेपछि अनेक सृष्टिभ्रम देखिन्छ । कुनै सृष्टि सदृश रूपका, कुनै अर्धसदृश रूपका र कुनै विपर्यय रूपका छन् । कहिले पुत्र पिता बन्छ, शत्रु मित्र हुन्छ र बान्धव अबान्धव हुन्छ, यस्तो विपर्यय पनि देखिन्छ । मेरो घर कहिले यही कल्पवृक्षमा, कहिले हिमालयमा, कहिले मालव पर्वतमा, कहिले वृक्ष र लहरामा हुन्छ । अहिले यही कल्पवृक्षमा रहेको छु ।

जब सृष्टिको अन्त हुन्छ तब पनि मेरो यही शरीर रहन्छ । म आसन लगाएर पुर्यष्टकलाई ब्रह्मसत्तामा स्थित गर्छु, त्यसकारण मलाई पुनः यही शरीर प्राप्त हुन्छ । यो सब जगत् संकल्पमात्र हो । जस्तो संकल्प फुर्छ त्यस्तै अगाडि भासित हुन्छ । यो जगत् सत्य होइन र असत्य पनि होइन, किन्तु भ्रमरूप हो । यो भ्रममय जगत्मा अनेक आश्चर्य देखिन्छन् । पिता पुत्र हुन्छ, मित्र शत्रु बन्छ, पुरुष स्त्री हुन्छ र स्त्री पुरुष हुन्छ । कहिले कलियुगमा सत्ययुग र सत्ययुगमा कलियुग हुन्छ, कहिले द्वापरमा त्रेता र त्रेतामा द्वापरयुग हुन्छ । कहिले वेदको अर्थ लगाउने कोही हुँदैन । जब एक हजार युगको चौकडी वित्तछ तब ब्रह्माजीको एक दिन हुन्छ । एक पटक दुई दिनसम्म ब्रह्माजी समाधिमा रहनु भयो तब सृष्टि शून्य भयो, यो पनि मेरो स्मरणमा छ । यस्ता कैयौं विचित्र कुरा मेरा स्मृतिपथमा छन्, कति भनौं ।

(२०) संकल्पनिराकरण

वसिष्ठले भन्नु भयो, हे राम ! भुशुण्डले यति भनेपछि मैले प्रश्न गर्दै भनें, हे पक्षिराज ! तपाईं चिरकालपर्यन्त जगत्मा व्यवहार गर्दै रहनु भएको छ । तपाईंको शरीरलाई किन मृत्युले ग्रास गर्दैन ? भुशुण्डले भने, हे मुनीश्वर ! यो कुरा तपाईंलाई अवगत नै छ, तै पनि विद्यार्थीसरह गुरुलाई पाठ बुझाउँदछु, सुन्नुहोस् । वासनारूपी धागोमा उनिएको दुःखरूपी मोतीको माला जसको गलामा लरकेको छ त्यसलाई मृत्युले मार्छ अर्थात् जसको हृदय वासनाले वासित छ त्यो मृत्युको वशमा पर्छ । जसको मन परम पावन निर्मल पदमा दृढरूपले विश्रान्त भएर स्थित छ त्यसको नाश मृत्युले गर्दैन । जसमा काम, क्रोध, लोभ, मोह, भय, तृष्णा, चिन्ता, चञ्चलता, अभिमान र प्रमाद आदि दुर्गुणले वास गरेको छ त्यो मृत्युको मुखमा पर्छ । जसमा पूर्वोक्त कामक्रोधादि दुर्गुण छैन भने त्यसलाई आधिव्याधिरूप मलले स्पर्श गर्दैन ।

लिनु, दिनु आदि व्यावहारिक काम कर्तव्य गर्दै रहे तापनि जसको चित्तमा अनात्म अभिमानको स्पर्श छैन भने त्यो समाहितचित्त कहिन्छ । जो पुरुष इष्टको कामना गर्दैन र अनिष्टमा दुःखी हुँदैन, दुवै अवस्थामा सम रहन्छ त्यसलाई समाहितचित्त भन्दछन् । यस्ता पुरुष मृत्युको वशमा हुँदैनन् ।

हे मुनीश्वर ! जति पनि ऐश्वर्यसूचक पदार्थ छन् ती सबै असत् हुन् । पृथिवीका चक्रवर्ती राजा, स्वर्गका राजा महेन्द्र, देवता, गन्धर्व, विद्याधर, किन्नर र उनका स्त्रीहरू सबै असत्य हुन् । स्वर्ग, मर्त्य र पातालमा जति पनि भोग छन् ती सब मिथ्या हुन् । न पृथिवीको राज्य श्रेष्ठ छ, न देवताको रूप श्रेष्ठ छ । शास्त्रको पठन-मनन, काव्यको ज्ञान, जीवन, मरण आदि कुनै पनि श्रेष्ठ छैन । जुन परम पदमा सन्तको मन स्थित छ त्यो नै श्रेष्ठ छ । जगत्संबन्धी सारा पदार्थ चञ्चल र नाशवान् छन् । जो ज्ञानवान् पुरुष जगत्का चञ्चल पदार्थमा रमाउँदैनन् र धेरै बाँचने इच्छा पनि गर्दैनन् ती नै श्रेष्ठपुरुष हुन् ।

(२१) समाधिवर्णन

भुशुण्डले भने, हे मुनीश्वर ! केवल आत्मदृष्टि सर्वश्रेष्ठ हो जो प्राप्त भएपछि सकल दुःख नष्ट हुन्छन् र परम पद प्राप्त हुन्छ । आत्मचिन्तन नै हो चिरकालदेखि त्रितापले तप्त र जन्ममरणको प्रवाहमा घुंदा घुंदा थाकेका जीवको परम विश्रान्तिको साधन । आत्मचिन्तनले जीवको हृदयमा शीतल प्रकाश उत्पन्न गरिदिन्छ । प्रकाशले अन्धकारलाई नष्ट गरे झैं आत्मचिन्तनबाट अविद्या नष्ट हुन्छ । सकल संकल्पबाट रहित यो आत्मचिन्तन तपाईं जस्ताको लागि सुगम छ र हामी जस्ताको लागि कठिन छ, किनकि यो समस्त कलनाबाट अतीत छ । आत्मचिन्तनको लागि जब कुनै सखा प्राप्त हुन्छ तब सारा ताप मेटिन्छ र परम शान्ति प्राप्त हुन्छ, त्यो सखा हो प्राणचिन्ता, त्यो नै हो सौभाग्यदायक र दीर्घ जीवनको मूल कारण ।

यो प्राणचिन्ता के हो भनी वसिष्ठले प्रश्न गर्दा भुशुण्डले भने, हे मुनीश्वर ! तपाईं आफैं सब कुछ जान्नुहुन्छ तापनि शिष्य झैं भएर बताउँछु, सुन्नुहोस् । प्राणचिन्तनबाट नै मलाई आत्मलाभ भएको छ र यो नै हो मेरो चिरजीवनको कारण । यही दृष्टिलाई अवलम्बन गरेर मलाई परम पद प्राप्त भएको छ र मेरो कुनै बन्धन छैन । बस्ता, हिंडदा, डुल्दा, जागदा सुत्ता-सबै अवस्थामा मेरो चित्त सावधान रहन्छ, त्यसैले कुनै बन्धन छैन । जसलाई प्राण र अपानको गतिको विषयमा ज्ञान छ त्यो कर्म गरे पनि वा नगरे पनि सदा शान्तरूपमा रहन्छ र सुखपूर्वक काल व्यतीत हुन्छ ।

प्राण हृदयदेशबाट द्वादश अंगुलपर्यन्त बाहिर आकाशमा गएर स्थित हुन्छ, अनि अपानरूपले भित्र हृदयमा प्रवेश गर्छ । प्राण अग्नि झैं उष्ण छ र अपान जलप्रवाह झैं शीतल छ । प्राण सूर्य रूप हो र अपान चन्द्ररूप हो । प्राणले हृदयाकाशलाई तताउँछ र अन्न पचाउँछ । अपानले चन्द्रमाले झैं हृदयलाई शीतल तुल्याउँछ । अपानरूपी चन्द्रमा नासिकारन्ध्रबाट हृदयदेशमा पुगेर अस्त भएपछि प्राणरूपी सूर्यको उदय नहुँदै बीचमा जो खाली आकाश छ त्यसलाई शुद्ध ब्रह्मपद भनेको छ, त्यसमा चित्तलाई स्थित गरेर कुम्भक गरेपछि शोक प्राप्त हुँदैन । प्राणरूपी सूर्य जब

अपानरूपी चन्द्रमाको घरमा (नासिकाबाट द्वादश अंगुल बाहिर) पुगेर विलीन हुन्छ र अपानरूपी चन्द्रमाको उदय भएको छैन त्यो अन्तरालमा जो शुद्ध चिदाकाश (ब्रह्म) विद्यमान छ त्यसमा मन स्थित भएपछि फेरि जन्ममरणभागी हुँदैन । चन्द्र र सूर्यरूप अपान र प्राण दुवै गतिशील पदार्थ हुन्, यिनको उदय र अस्त भइरहन्छ । यिनको उदय र अस्तको ज्ञाता दुवैको आधारभूत जो आत्मतत्त्व छ त्यसलाई जानेपछि फेरि मन उत्पन्न हुँदैन । बाह्य प्रकाशबाट जो अन्धकार नष्ट हुन्छ । त्यसबाट केही अर्थ सिद्ध हुँदैन । जब प्राण र अपानको चिन्तनबाट जो आत्मप्रकाश उदित हुन्छ त्यसबाट अज्ञान-अन्धकार नष्ट हुन्छ र जीव मुक्त हुन्छ ।

हे मुनीश्वर ! प्राण र अपनाको सन्धिमा जो शान्तरूप आत्मतत्त्व विद्यमान छ त्यसमा स्थिति भएपछि मन तापयुक्त हुँदैन । अपान र प्राणको सन्धिमा जो साक्षीभूत सत्ता छ त्यो नै आत्मतत्त्व हो, जब त्यसमा स्थिति हुन्छ तब यो साधना कठिन हुँदैन ।

हे मुनीश्वर ! प्राण, अपान, जीव र देहको आधारभूत जो चित् तत्त्व छ त्यस चिदात्माको हामी उपासना गर्छौं अर्थात् त्यो चिदात्मालाई आफ्नो वास्तव स्वरूप भनी अनुभव गर्छौं । प्राणको पनि प्राण, अपानको पनि अपान र सारा भाव-अभावको आधारभूत चिदात्मतत्त्वको हामी उपासना गर्छौं । जो प्राण र अपानको रथमा आरूढ छ र जो शक्तिको पनि शक्तिरूप छ त्यस चित्तत्त्वको हामी उपासना गर्छौं । जो सम्पूर्ण कला-कलंकबाट रहित छ र सबै कला जसको आश्रयमा रहेका छन् र जसमा देवताहरू पनि शरणापन्न छन् त्यस आत्मतत्त्वको हामी उपासना गर्छौं ।

(२२) चिरजीवनको हेतु

भुशुण्डले भने, हे मुनीश्वर ! यसप्रकार प्राणसमाधिद्वारा आत्मपद प्राप्त गरेर रहेको छु । एक पल पनि आत्मस्वरूपबाट म चलायमान हुन्न । सुमेरु पर्वत झैं स्थिर भएर रहन्छु र सर्वदा आत्मसमाधिमा लागिरहन्छु, विक्षेप कहिले पनि हुँदैन । नित्य-अनित्य भावमा जो जगत् स्थित छ त्यसलाई त्यागेर म अन्तर्मुख भईकन सर्वदा आफू आफैमा स्थित छु । प्राण र अपानको कला जो तपाईंलाई बताएँ त्यसको प्रवाह चलिरहन्छ, त्यसमा मेरो अयत्नसमाधि कायम छ । यसबाट म सदा सुखी रहन्छु, कुनै कष्ट छैन । जसलाई यो प्राण-अपानको कलाको ज्ञान छैन त्यो कष्ट पाउँछ ।

हे मुनीश्वर ! अज्ञानी जीव महाप्रलयपर्यन्त संसार-समुद्रमा गोता खाइरहन्छन्, कदाचित् उत्रे पनि फेरि डुबिहाल्छन् । जसले पुरुषार्थ गरेर आत्मपद प्राप्त गर्‍यो त्यो सुखपूर्वक विचरण गर्छ । मलाई भूत र भविष्यको कुनै चिन्ता छैन, वर्तमानमा यथाप्राप्त रूपमा राग-द्वेषले रहित भएर विचरण गर्छु । भाव-अभाव पदार्थले रहित भएर म सुषुप्त झैं सर्वदा स्वरूपमा स्थित छु, यसैले चिरञ्जीवी भएर सुखपूर्वक रहेको छु । प्राण र अपानको कलालाई शान्त गरेर स्वरूपमा स्थित हुन्छु । आज यो पाइयो, भोलि त्यो पाउँला, यस्तो चिन्ता मलाई हुँदैन । यसकारण दुःखरहित भएर बाँचेको छु । म कसैको निन्दा वा प्रशंसा गर्दिन, सबैलाई आत्मस्वरूप देख्छु, यसैले सुखी भएर बाँचेको छु । मलाई इष्ट प्राप्तिमा हर्ष र अनिष्ट प्राप्तिमा शोक हुँदैन । मैले परम त्याग गरेको

छु । मेरो जीवभाव निवृत्त भएको छ, सर्वत्र आत्मभाव देखछु, त्यसैले दुःखरहित भएर बाँचेको छु । मेरो मनको चपलता नष्ट भएको छ, राग-द्वेष छैन, मन शान्त छ, त्यसैले निरोगी भएर बाँचेको छु । काठ, सुन्दर स्त्री, पहाड, तृण, अग्नि र सुवर्णमा मेरो समदृष्टि विद्यमान छ ।

म जरामरणको दुःख, राज्यलाभको सुख र शोकले रहित भएर समभावमा स्थित छु, त्यसैले दुःखरहित भएर जीवन बितिरहेको छ । यो मेरो बन्धु हो, यो अर्को हो, यो म हुँ, यो मेरो हो, यस्तो कलना ममा छैन, त्यसैले सुखी भएर बाँचेको छु । आहार-व्यवहार गर्नु, बस्नु, हिंड्नु, सुँघ्नु, स्पर्श गर्नु र श्वास लिनु आदि कार्यमा देहाभिमानले रहित भएर सुखी जीवन बिताइरहेको छु । संसारका कुरामा सुषुप्तरूपले रहन्छु । वास्तवमा संसार छँदैछैन तै पनि यसको गतिविधि देखेर मलाई हाँसो उठ्छ । सबै कालमा सबै पदार्थमा म समबुद्धिले रहन्छु । मलाई विषमता भासित हुँदैन । मैले सर्वात्मा आफूलाई जानेको छु । मेरो बोली स्निग्ध, कोमल र हृदयगम्य छ । चरणदेखि मस्तकपर्यन्त देहमा मेरो ममता छैन । कार्यकर्ता र भोजनकर्ता पनि देखिन्छन् तर मेरो मनमा दृढ निष्कर्मता विद्यमान छ । सम्पूर्ण भूतको समूह असद्रूप हो, केवल आत्मामात्र सद्रूप छ - यस्तो जानेर आत्मस्वरूपमा स्थित छु । मेरो चित्त आशारूपी फाँसीबाट मुक्त छ र वृत्ति सदा समाहित छ । मलाई अनात्मामा आत्माभिमानको वृत्ति फुर्दैन ।

मैले जगत्लाई असत्य भनी जानेको छु र सत्य आत्मालाई करामलकवत् प्रत्यक्ष जानेको छु । म सुख पाउँदा सुखी र दुःख पाउँदा दुःखी हुन्न । म सबैको परम मित्र छु । आपद्मा अचलचित्त छु, सम्पत्तिमा मित्र छु र भाव-अभावमा निर्विकार रहन्छु, यसकारण सुखसँग बाँचेको छु । म परिच्छिन्न अहं होइन । मेरो दृष्टिमा पराई कोही छैन, न मेरो कोही छ, न म कसैको हुँ, यो भवना मेरो चित्तमा दृढरूपले जमेको छ । जगत्, आकाश, देश, काल सबै म नै हुँ भन्ने मेरो दृढ निश्चय छ । घट, पट, मठ, रथ सब चैतन्यतत्त्व हो भन्ने मेरो दृढ निश्चय छ, त्यसैले निर्दुःख भएर बाँचेको छु । हे राम ! यी सब कुरा भुशुण्डनामक ज्ञानवान् चिरञ्जीवी कागले मलाई बताएका थिए ।

(२३) भुशुण्डोपाख्यान-समाप्ति

भुशुण्डले भने - हे मुनीश्वर ! हजूरको आज्ञापालन गरेर आफ्नो वृत्तान्त बताएँ, नत्र भने गुरुको अगाडि यसरी बताउनु धृष्टताको द्योतक हुन्थ्यो । तपाई स्वयं ज्ञानका पारगामी हुनुहुन्छ । अनि मैले भनें - हे चिरञ्जीवी काक ! तपाईले कर्णरसायन जो आत्मकथा सुनाउनु भयो, यो बडो विस्मयजनक छ । तपाईं धन्य हुनुहुन्छ । तपाई महात्मा पुरुष हुनुहुन्छ । चिरञ्जीवीहरूमा तपाईंलाई दोस्रो ब्रह्मा ठान्दछु । मैले पनि तीन त्रिलोक सारा देखेको छु । तपाईं जस्ता ज्ञानवान् पुरुष विरलै पाइन्छन्, बाँस त धेरै पाइन्छन् तर मोतीवाला बाँस विरल हुन्छ । आज म पनि पवित्र भएँ र मेरो देह पनि पवित्र भयो । तपाईं जस्ता मुक्तात्माको दर्शन पाएर कृतार्थ भएको छु । मध्यान्ह सन्ध्याको समय पनि भयो, अब बिदा लिन्छु र सप्तर्षिमण्डलतिर प्रस्थान गर्छु । यति भनेर जब म खडा भएँ तब उनले मोती र रत्नले भरिएको सुवर्णको अर्घपात्रले अर्घ दिएर

सदाशिवको झैं मेरो पूजा गरे । परस्पर नमस्कार गरेर जब मैले आकाशमार्गबाट प्रस्थान गरें तब एक योजन संम पुऱ्याउन गए । अनि उनलाई फर्कने आज्ञा दिएर मैले सप्तर्षिमण्डलमा प्रवेश गरें । अरुन्धतीले मेरो पूजा गरिन् । हे राम ! अहिले पनि ती चिरञ्जीवी काक त्यही कल्पवृक्षमा समाधिस्थ भएर बसेका छन् ।

ती काक भशुण्डका साथ मेरो समागम सत्ययुगको दुईसय वर्ष बितदा भएको थियो । अहिले त्रेतायुग चलिरहेको छ । आज भन्दा आठ वर्ष पहिले फेरि पनि तिनका साथ समागम भएको थियो । अहिले पनि उनी त्यही वृक्षको लहरामा बसेका छन् । हे राम ! यो इतिहास अत्यन्त पवित्र छ, यसको विचारबाट संसारभ्रम निवृत्त हुन्छ र निर्भयपद प्राप्त हुन्छ ।

(२४) परमार्थयोगोपदेश

वसिष्ठले भन्नुभयो - हे रामजी ! जसरी प्राण र अपानको चिन्तनबाट ब्रह्मज्ञान प्राप्त गरीकन काक भुशुण्ड महासंकटबाट पार भए त्यसै गरी प्राण र अपानको अभ्यासबाट विज्ञानदृष्टिलाई अवलम्बन गरेर परम तत्त्व प्राप्त गर ।

रामले भने - हे भगवन् ! हजूरको उपदेशले मेरो हृदयमा ज्ञानरूपी सूर्यको प्रकाशको उदय भएर अज्ञानरूपी तम दूर भयो । अब प्रबुद्ध भएर आनन्दस्वरूपमा स्थित भएको छु, मानौं, दोस्रा वसिष्ठ जस्तै भएको छु । अब मेरो प्रश्न यो छ कि रक्त, मांस र अस्थिबाट निर्मित यो शरीररूपी गृह कसले रचेको हो, कसरी कहाँ स्थित छ र यस भित्र को बसेको छ ? यस प्रश्नको उत्रर दिँदै वसिष्ठले भन्नुभयो, हे राम ! परमार्थ तत्त्वबोधका निमित्त यी मेरा वचन सुन ।

यस शरीररूपी घरको खम्भा हाड हो, यसका नव द्वार छन् र रक्तमांसले लिपिएको छ । यो कसैले बनाएको होइन, आभासमात्र हो, मिथ्या भ्रमले भासित हुन्छ । जस्तो आकाशमा भमले दुइटा चन्द्रमा देखिन्छ त्यस्तै असद्रूप शरीर भ्रमले भासित हुन्छ । जस्तो सूर्यको किरणमा मरुस्थलको नदी देखिन्छ त्यस्तै आत्मामा देहको भावना भ्रमले हुन्छ । अज्ञानकालमा देहादि पदार्थ सत्य जस्तो लाग्छ र ज्ञानकालमा असत्य सावित हुन्छ । जो कुछ जगत्प्रपञ्च मासित हुन्छ त्यो आभासमात्र हो, अज्ञानले भासित हुन्छ । 'अहं' 'त्वं' आदि कल्पना सब मनोमात्र हो अर्थात् मनको स्फुरण मात्र हो । अस्थि, मांसको यो देहरूपी गृह कसैले रचेको होइन, यो केवल संकल्पमात्र हो, संकल्पले भासित हुन्छ । संकल्पको अभावमा देह पाइदैन । स्वप्नमा जुन देहले दश दिशा घुमेर जो नदी, पर्वत आदि देखेका थियौ अहिले त्यो देह कहाँ गयो ? यदि सत्य भए जाग्रत्मा पनि रहनु पर्ने तर रहँदैन, त्यसकारण यो देह आदि सब असत्य हो । केवल मनको स्फुरण नै देह भएर भासित हुन्छ । त्यसो हुनाले यो देहलाई असत्य भनी जान ।

यो मेरो धन, यो मेरो देह, यो मेरो देश इत्यादि कल्पना मनले रचेको हो, सबको बीज चित्त नै हो । हे राम ! यो जगत्लाई दीर्घकालको स्वप्न अथवा दीर्घ मनोराज्य अथवा दीर्घ चित्तको भ्रम भनी जान । वास्तवमा जगत् केही छैन । वैराग्यपूर्वक जब परमात्मस्वरूपको अभ्यास हुन्छ तब जगत् असत्यरूप भासित हुन्छ । जुन कुराको दृढ भावना हुन्छ त्यही अनुभवमा आउँछ ।

कुमालकोटीको भावनाले अन्य कीरो पनि कुमालकोटी नै बन्छ । कामी पुरुषको सुन्दरी स्त्रीको चिन्ता हुन्छ त्यस्तो आत्मपदको निरन्तर चिन्ता भयो भने जीव त्यही रूप बनिहाल्छ । दिनमा जुन कुराको अभ्यास हुन्छ रातमा स्वप्नमा पनि त्यही देखिन्छ । जीवले जुन कुराको अभ्यास गर्छ त्यसैको अनुभव हुन्छ । पृथिवी आदि पदार्थ असद्रूप भए तापनि भ्रमले सद्रूप भासित हुन्छ । जस्तो दृष्टिदोषले आकाशमा रौंको झुप्पो देखिन्छ त्यस्तै अज्ञानले यो जगत्-जाल भासित हुन्छ । यो सब जगत् आभासरूप हो । स्वरूपको प्रमादले गर्दा नाना प्रकारको भय र दु:ख पाइरहेको छ । जस्तो स्वप्नमा सिंहलाई देखेर भयभीत हुन्छ, जब चित्त जाग्रत्मा आउँछ तब सिंहको भय निवृत्त हुन्छ त्यस्तो आत्मज्ञानबाट जीव निर्भय हुन्छ । जस्तो पारसमणिको स्पर्शबाट ताम्रधातु सुवर्ण बन्छ र फेरि ताम्रभाव स्वीकार गर्दैन त्यस्तो आत्मज्ञान प्राप्त भएपछि जीव पुन: मलिन भाव स्वीकार गर्दैन । 'अहं', 'त्वं' आदि जो कुछ जगत् भासित हुन्छ त्यो सब आभासमात्र हो ।

हे राम ! पहिले सत्य र असत्यलाई जानेर असत्यको निरादर गर र सत्यको अभ्यास गर तब चित्त सर्वकलनाले रहित हुन्छ र शान्त पद प्राप्त हुन्छ । तत्त्वज्ञानद्वारा जो सम्यग्-दर्शी भएको छ त्यो इष्ट पदार्थ प्राप्त हुँदा हर्षित हुँदैन र अनिष्ट प्राप्त हुँदा शोकाकुल हुँदैन । ज्ञानवान् न कसैको स्तुति गर्छ न कसैको निन्दा । ऊ हृदयमा शीतलता र शान्तरूपताको अनुभव गरेर बस्छ । कुनै बन्धु-बान्धवको मृत्यु भएमा पनि ज्ञानवान्लाई शोक हुँदैन किनकि उसको मृत्यु अवश्यंभावी थियो । जब आफ्नो पनि मृत्युकाल उपस्थित हुन्छ तब अवश्य नै शरीर छुट्छ, त्यसमा पनि सन्ताप हुँदैन । पूर्वकृत कर्मानुसार शरीरमा सुख-दुःखको आगमन र गमन भइरहन्छ तब केको लागि शोक गर्नु ? सत्य असत्य हुँदैन र असत्य सत्य हुँदैन तब केको निमित्त रागद्वेष गर्नु ? न म छु, न जगत् छ, न पृथिवी छ तब शोक केको गर्नु ? असम्यग्दर्शी अज्ञानले दु:ख पाउँछ । सम्यग्दर्शीको हृदय शीतल हुन्छ । कर्तव्य कर्ममा जसको कर्तृत्वाभिमान छैन त्यो नै सम्यग्दर्शी हो ।

हे राम ! जगत्का पदार्थलाई हृदयबाट आभासमात्र जान र बाहिर यथाप्राप्त काम गर, अथवा त्यसलाई पनि त्यागेर निराभास भएर स्थित होऊ । विधि र निषेधमा यौटालाई यथारुचि अवलम्बन गरेर स्वरूपमा स्थित होऊ । म नित्य, सर्वज्ञ चिदाकाश हुँ, यस्तो अभ्यास गरेर आफूलाई एकान्त निर्मल देख अथवा न म छु, न यी भोग छन्, न अर्थरूप जगत्को आडम्बर छ, यस्तो धारणा गर । काम गर तर रागद्वेषबाट रहित होऊ । जब रागद्वेषबाट रहित हुन्छौ तब सर्वाधिष्ठान उत्तम पदार्थ ब्रह्मानन्द प्राप्त हुन्छ । जसको चित्त रागद्वेषरूपी अग्निले जलेको छ त्यसमा सन्तोष, वैराग्य आदि उत्तम गुणावलीको प्रवेश हुँदैन ।

अज्ञानरूपी निद्रामा परेर जो स्वभावबाट तल झरेको छ त्यो संसाररूपी स्वप्नभ्रम देख्छ । जब अज्ञानरूपी निद्राको अभाव हुन्छ तब आत्मसाम्राज्य अर्थात् निर्विकल्प आत्मपद प्राप्त हुन्छ । जस्तो सूर्यलाई देखेर कमल प्रफुल्लित हुन्छ त्यस्तो ज्ञानको उदय भएपछि शुभगुणावली विकसित हुन्छन् । निद्रामा परेको मानिस मसिनो बोलीले जाग्दैन, कडा शब्दले अथवा पानी छर्केपछि जाग्छ त्यस्तै मैले मेघ झैं गर्जेर तिम्रा उपर वचनरूपी जल बर्षाएको छु । अब तिमी जाग्रतरूपी बोध प्राप्त गरेर स्वरूपमा जाग । तिमी सर्वसंकल्पबाट रहित भएर आत्मस्वरूपमा स्थित होऊ ।

(२५) देहसत्ताविचार

वाल्मीकिले भन्नुभयो कि जब वसिष्ठजीले यसप्रकार बताउनु भयो तब राम सम, शान्त, चेतनतत्त्वमा विश्राम गरेर परमानन्दमा प्राप्त भए। वसिष्ठजीको वचन सुनेर समस्त सभा नै आत्मसमाधिमा स्थित भएर शान्त भयो। वनका वानर र चराहरू पनि शान्त रहे। एक घडीसम्म सर्वत्र शान्ति छायो। त्यसपछि वसिष्ठले भन्नुभयो, हे राम! अब तिमी सम्यक् प्रबुद्ध भएर आत्मस्वरूपमा स्थित भएका छौ। जो तिमीले जान्यौ त्यसको अभ्यास नछोडीकन त्यसैमा दृढ रहू।

चित्त नै हो संसाररूपी चक्रको नाभिस्थान। चित्तरूपी नाभि स्थिर भएपछि संसारचक्र पनि स्थिर हुन्छ। यो संसारचक्र तीव्र वेगले चलेको छ, रोक्न खोज्दा पनि रोकिँदैन। दृढ प्रयत्नले यसलाई रोक्नु पर्छ। सन्तजनको संग र सत् शास्त्रको वचनले शुद्ध भएको बुद्धि यसलाई रोक्न सक्छ। अज्ञानकल्पित दैवलाई त्यागेर पुरुषार्थको आश्रय लिएपछि परमशान्त पद प्राप्त हुन्छ। ब्रह्मादेखि कमिलापर्यन्त अज्ञानरूपी संसारचक्र असद्रूप हो, भ्रमले सत् जस्तो भएर भासित हुन्छ, यसलाई त्याग गर।

हे राम! असद्रूप पदार्थमा जो राग या द्वेष गर्छ त्यो मूर्ख हो। यो देह संकल्पमात्र हो, यो न सत् हो, न असत् हो, यसको भोगको लागि मूर्ख व्यर्थ प्रयत्न गर्छ र दुःख पाउँछ। जस्तो संकल्पपुरुषको नाश हुँदा संकल्पकर्ताको नाश हुँदैन त्यस्तै देहको नाश हुँदा देही आत्माको नाश हुँदैन। जस्तो मरुभूमिमा सूर्यको किरणमा जल देखिन्छ, नजीकमा गएर राम्ररी हेरेको खण्डमा जलको अभाव भइहाल्छ परन्तु हेर्नेवालाको अभाव हुँदैन त्यस्तो संकल्परचित नश्वर देहको नाश हुँदा तिम्रो नाश हुँदैन। जस्तो भ्रमले रज्जुमा सर्प भास्तछ त्यस्तो आत्मामा भ्रमले देह भास्तछ। यो देह असत् र जडरूप हो। सूर्यको आश्रयमा जस्तो सारा प्राणी चेष्टा गर्छन् तर सूर्य केही पनि गर्दैनन् किन्तु साक्षीरूपले रहन्छन् त्यस्तो आत्माको आश्रयमा देहादिको चेष्टा हुँदा साक्षी आत्मा पाप-पुण्यले रहित निर्विकार रहन्छ। जस्तो बालक छायाँमा वेतालको कल्पना गरेर डराउँछ त्यस्तो देहरूपी शून्य गृहमा अहंकाररूपी पिशाचको कल्पना गरेर जीव डराउँछ। यो अहंकाररूपी पिशाच देहरूपी घरबाट निक्लेपछि मात्र आनन्द हुन्छ। तिमी यस अहंकारको दास नबन। ठूला ठूला साधु महात्माहरू पनि यसको डरले समाधिमा बस्छन्। अहंकाररूप पिशाचसित मिलेर मानिस जति पनि कर्म गर्छ त्यो आफ्नै नाशको लागि गर्छ। विवेक र धैर्यले रहित भएको मानिसलाई अहंकाररूपी पिशाचले चाँडै नै खाइदिन्छ। अहंकाररूपी सर्प देहरूपी वृक्षको छिद्रमा विषले भरिएर बस्छ, त्यसको नजीकमा जो जान्छ त्यसलाई मारिदिन्छ।

म हुँ, म मर्छु, म दग्ध हुन्छु, म दुःखी छु, म मनुष्य हुँ इत्यादि मलिन कल्पनाको मूल हो अहंकाररूपी पिशाचको शक्ति। आत्मा नित्य, शुद्ध, अपरिच्छिन्न, सर्वगत, सच्चिदानन्दरूप हो, तर अहंकारको वशमा परेर परिच्छिन्न र विकारी दुःखी बनेको छ। आत्मा सर्वज्ञ र चैतन्यरूप हो किन्तु चित्त मूढ र पाषाण झैं जड छ, यसलाई दूर गर, यसका साथ तिम्रो कुनै संबन्ध छैन।

जस्तो थोरै हिलोमा गाडिएको हरिणलाई निकाल्न सकिन्छ त्यस्तो देहाभिमान क्षीण भएकालाई गुरु र शास्त्रले छुटाउन सक्छन् ।

यो अपवित्र देह अस्थि, मांस र रुधिरले पूर्ण छ र तुच्छ छ । यस्तो देहको निमित्त भोगको इच्छा गर्नाले परमार्थ सिद्ध हुँदैन । एक सत्तासामान्य नै परम सत्य हो, उसमा जड-चेतनको कल्पना मिथ्या हो । जहाँसम्म सम्यक् दृष्टि प्राप्त हुँदैन त्यहाँसम्म जड-चेतनको दृष्टि रहन्छ । जब यथार्थ दृष्टि प्राप्त हुन्छ तब सबै भेदकल्पना मेटिन्छन् । अद्वितीय सत्यरूप आत्मा आफैमा स्थित छ, उसमा द्वैतसत्ताको सर्वदा अभाव छ । जस्तो बन्ध्याको पुत्र र आकाशकुसुमको अभाव छ त्यस्तो आत्मामा भेदकल्पनाको अभाव छ । आत्मा सदा अद्वैतरूप हो, उसमा चित्तले गर्दा भेदकल्पना भास्तछ । जब चित्तको अभाव हुन्छ तब जड, चेतन भन्ने भेदकल्पना मेटिन्छ । गुरु र शास्त्रले आत्मालाई चेतन र अनात्मालाई जड भनेको बोधका निमित्त हो । गुरु र शास्त्रले दृष्टान्त र युक्तिद्वारा आत्मस्वरूपमा स्थिति गराउँदछन् । जब स्वरूपमा दृढ स्थिति हुन्छ तब तत्त्वरूप केवल अचिन्त्य चिन्मात्र सत्ता भासित हुन्छ । पहिले नै अचिन्त्य, चिन्मात्र, अवाच्य पदको उपदेश गर्नाले त्यसलाई ग्रहण गर्न कठिन हुन्छ । त्यसैले गुरु-शास्त्रले जड-चेतनको विभाग देखाएर उपदेश गर्दछन् तब मूर्खले पनि ग्रहण गर्न सक्छ ।

जीव यस्तो मूर्ख छ कि देहलाई आफू मानेर दुःख पाइरहन्छ । जो विचारवान् पुरुष आत्मपदमा स्थित भएका छन् ती महानुभावलाई कुनै क्रियाले दुःख या बन्धनमा पार्न सक्तैन । हे राम ! तिमी शिर, नेत्र, रक्त, मांस, अस्थि, मन मध्ये केही पनि होइनौ र भूतजात पनि होइनौ । तिमी चित्तरहित केवल चिन्मात्र साक्षीरूप हौ । यसकारण शरीरमा ममता त्यागेर नित्य, शुद्ध, सर्वगत आत्मस्वरूपमा स्थित होऊ ।

(२६) वसिष्ठाश्रमवर्णन

वसिष्ठले भन्नुभयो, हे राम ! यसप्रकार सम्यग्दृष्टि अवलम्बन गरेर भेददृष्टिलाई पत्याग गर । जब यो भेददृष्टि (कष्टदृष्टि) परित्यक्त हुन्छ तब आत्मानन्द प्रकट हुन्छ, त्यसबेला अष्टसिद्धिको ऐश्वर्य प्राप्त भयो भने त्यसलाई पनि परित्याग गर ।

हे राम ! अब तिमीलाई अर्को यस्तो दृष्टि सुनाउँछु कि जसबाट महामोह नष्ट हुन्छ र दुर्लभ आत्मपद प्राप्त हुन्छ । यो दृष्टिको वर्णन मैले आनन्दस्वरूप भगवान् शिवजीबाट सुनेको हुँ । यो वृत्तान्त संसारदुःखको शान्तिका लागि कैलासपर्वतको कन्दरामा अर्धचन्द्रधारी सदाशिवले मलाई बताउनुभएको थियो ।

हिमालय पर्वतको एक शिखरको नाम कैलास हो जहाँ गौरीको रमणीय मन्दिर छ । त्यहाँ झर्नाबाट झरेर गंगाको प्रवाह चलेको छ । त्यहाँ आनन्ददायक पक्षीहरूको कलरवले मनलाई आनन्दित तुल्याउँछ । मन्द मन्द सुखदायक पवन चलिरहेको हुन्छ । सेतो मेघको भान हुने श्वेतपुष्पले पर्वत झकिझकाउ हुन्छ । कुबेरका मयूरहरू यताउति भ्रमण गर्छन् । कल्पवृक्ष, मन्दार, तमाल आदि वृक्ष विराजमान छन् । त्यहाँ देवता, गन्धर्व र किन्नरहरूका पनि रमणीय

स्थान छन् । त्यस रमणीय पर्वतमा त्रिनेत्र, त्रिशूलधारी भगवान् सदाशिव अर्धांगिनी भगवती पार्वतीका साथ विराजमान हुनुहुन्छ । गणहरू वरिपरि बसेका छन् । षण्मुख स्वामिकार्तिक समीपमा रहनु भएको छ ।

त्यस पर्वतको कन्दरामा मेरो यौटा कुटी थियो । त्यहाँ बसेर म तपस्या गर्थें र भगवान् शिवको पूजा गर्थें । पूजाको निमित्त कमण्डलुमा जल, पुष्प, माला र फल हुन्थे । देवपूजापछि जलपान र फलको भोजन हुन्थ्यो । साथमा रहेका विद्यार्थीलाई पढाउने काम पनि हुन्थ्यो ।

मेरो आश्रममा ब्रह्मविद्याका पुस्तकहरू प्रशस्त थिए । त्यहाँ वेद पढाउँदै, ब्रह्मविद्याको विचार गर्दै शास्त्रानुसार तपस्या गरेर समाधिमा रहन्थें । एक दिन श्रावणकृष्ण अष्टमीको अर्धरात्रिको समय थियो । दशै दिशा काष्ठवत् मौन र शान्त थिए । चन्द्रमाबाट अमृतकिरण वर्षिरहेको थियो । सप्तर्षिहरू मेरो तपस्या हेर्न आएका हुन् कि भने झैं आकाशबाट ताराहरु खस्दै थिए । यस्तो शान्त समयमा अकस्मात् म समाधिबाट व्युत्थित भएँ ।

(२७) रुद्रवसिष्ठसमागम

वसिष्ठले भन्नुभयो, हे राम ! जब मेरो समाधि टुट्यो तब अगाडि सेतो तेजःपुञ्ज देखियो । त्यो प्रकाश मखनको पहाड जस्तो अथवा मोतीको समूह जस्तो छटाले अगाडि बढ्दै थियो । यो के होला भनी विचार गर्दै थिएँ तब स्पष्ट देखें कि भगवान् ईश्वर सदाशिव भगवती गौरीको हात समातेर गणहरूसहित आइरहनु भएको छ । पहिले मनले नै पाद्य अर्घ्य गरेर आसनबाट उठें, शिष्यहरूले पूजाको सामग्री ल्याए । पाद्य, अर्घ्य, पुष्पाञ्जलि र प्रदक्षिणापूर्वक प्रणाम गरें ! चन्द्रमौलीश्वरबाट आज्ञा भयो - हे ब्राह्मण ! तपाईंको तपस्याले यो स्थान शान्त, शीतल र पवित्र भएको छ, हिंडनुहोस् तपाईंको आश्रममा जाऊँ । आश्रममा पुगेपछि आसनमा राज गराएर भगवान् सदाशिवको अङ्ग प्रत्यङ्गको पूजा गरें, साथै गौरी भगवती र सखी सहित शिवगणको पनि पूजा गरें । अनि शिवजीबाट आज्ञा भयो, हे तपस्वी ब्राह्मण ! तपाईंको तपस्याको लागि गङ्गाजल, पत्र, पुष्प, फल आदि सबै सुलभ छन् ? कुनै विघ्न बाधा त छैन ? कुबेरका अनुचर यक्ष, राक्षसबाट र मेरा निशाचर गणबाट केही कष्ट त भएको छैन ?

मैले बिन्ती गरें, हे कल्याणरूप महेश्वर ! जो हजूरको सदा स्मरण गर्दछन् तिनलाई कुनै दुःख, कष्ट र भयले स्पर्श गर्न सक्तैन । हजूरको एक क्षणको स्मरणले पनि सारा दुःख, कष्टको निवृत्तिपूर्वक विवेक, ज्ञान र मोक्ष प्राप्त हुन्छ । म हजूरको नित्य स्मरण गरेर सुखपूर्वक रहेको छु ।

बाल्मीकिले भन्नु भयो कि मुनीश्वर वसिष्ठले यति भनेपछि दिनको अन्त भएकोले परस्पर नमस्कारपूर्वक सभा उठ्यो र भोलिपल्ट सूर्योदय भएपछि सबै आआफ्नो स्थानमा आएर बसे ।

(२८) ईश्वरोपाख्यान देवपूजा र जगत्‌को परमात्मरूपतावर्णन

वसिष्ठले भन्नुभयो, हे राम ! मैले यति भनेपछि जगन्माता भगवती गौरीले पुत्रलाई झैं मलाई भन्नुभयो, - हे वसिष्ठ ! पतिव्रतामा श्रेष्ठ अरुन्धती कहाँ छन्, उनलाई बोलाएर ल्याऊ, उनी मेरी सखी हुन्, उनीसित म वार्तालाप गर्छु । मैले पनि तुरुन्तै अरुन्धतीलाई बोलाएर ल्याइदिएँ । दुईजनामा वार्तालाप भयो । यता भगवान् शंकरको साथमा रहेर विचार गरें कि ईश्वर साथमा भएको सुअवसर प्राप्त भएको छ, केही प्रश्न गर्नुपर्‍यो । अनि विनम्र भएर बिन्ती गरें - भूत, भविष्य र वर्तमान तीनै कालका ज्ञाता हे ईश्वर ! देवार्चन अर्थात् शिवपूजनको विधान सुन्न पाऊँ ।

ईश्वरबाट कृपा गरेर आज्ञा भयो - हे ब्राह्मण ! पुण्डरीकाक्ष विष्णु देवता होइनन्, त्रिलोचन शिव र कमलोद्‌भव ब्रह्मा पनि देव होइनन्, यस्तै इन्द्र, वरुण, कुबेर, अग्नि, सूर्य, चन्द्र आदि पनि देवता होइनन् । अकृत्रिम, अनादि अनन्त जो संवित् - तत्त्व छ त्यो नै देव हो । आकार आदि परिच्छिन्नरूप भएको हुनाले वास्तवमा सत्य होइन । एक अपरिच्छिन्न, अनादि, अनन्त चैतन्य नै देवशब्दवाच्य हो । सर्वत्र व्याप्त, चैतन्यलाई आत्मा भनी जान्नु नै देवपूजा भनिन्छ । साकार देवताको पूजा वास्तव पूजा होइन तापनि जो निराकार चैतन्यदेवको पूजा गर्न समर्थ छैनन् तिनको लागि साकार पूजा पनि कल्याणदायक हुन्छ जस्तो चार कोश हिंडन नसक्नेले एक कोश हिंडनु पनि राम्रो हुन्छ । परिच्छिन्नको उपासना खण्डित उपासना हो । जो अनन्त आनन्दस्वरूप चैतन्यदेवको उपासना गर्छ त्यो परमात्मरूपी फल प्राप्त गर्न समर्थ हुन्छ । जो अकृत्रिम फल त्यागेर कृत्रिम फलतिर आकृष्ट हुन्छ त्यो मन्दार वृक्षको वन त्यागेर कण्टकको वन प्राप्त गर्छ । अब ती देव कस्ता छन्, उनको पूजा कस्तो हो र कसरी गरिन्छ, त्यो मबाट सुन ।

बोध, साम्य र शम - यी तीन पुष्प हुन् । सम्यक् ज्ञान अर्थात् आत्मतत्त्वको यथार्थ ज्ञान नै हो बोध । सबमा पूर्ण आत्मा देखनु साम्य हो र चित्तलाई निवृत्त गर्नु र आत्मतत्त्वदेखि भिन्न केही नदेखनुलाई शम भनेको छ । यिनै तीन पुष्पबाट चिन्मात्र शुद्ध देव शिवको पूजा हुन्छ । चिन्मात्र आत्मसंवित्‌लाई त्यागेर जो जडको अर्चना गर्छन् ती चिरकालपर्यन्त क्लेशभागी हुन्छन् । हे ब्राह्मण ! जो ज्ञात - ज्ञेय पुरुष छन् ती आत्मध्यानदेखि भिन्न पूजन-अर्चनलाई बालकको क्रीडासमान मान्दछन् । आत्म भगवान् नै देव हो, त्यो नै परम कारणरूप शिव हो । त्यस परमात्माको ज्ञानरूप अर्चन नै पूजा हो । पूज्य, पूजक र पूजा - यस्तो त्रिपुटीबाट आत्मदेवको पूजा हुँदैन । यसपछि मैले प्रश्न गरें - हे भगवन् ! चिन्मात्र आत्मा कसरी जगत् र जीव हुन गयो ? यसको उत्तरमा ईश्वरले भन्नुभयो । हे मुनीश्वर ! प्रकृतिले रहित चैतन्य आकाश प्रसिद्ध नै छ । जो महाकल्पमा शेष रहन्छ त्यो चैतन्य आफू नै किञ्चनरूप हुन्छ, त्यही किञ्चन नै जगद्‌रूप हुन्छ । जस्तो स्वप्नमा सर्वगत चिदात्मा नै जगद्‌रूपले भासित हुन्छ । त्यस्तो चिदाकाश नै जाग्रत्-जगद्‌रूपले भास्तछ, त्यसकारण जाग्रत-जगत् पनि चिदाकाशरूप नै हो । आदि सर्गदेखि अहिलेसम्म आत्मादेखि भिन्न पदार्थ केही छैन, जस्तो स्वप्नमा जो जगत् भास्तछ त्यो पनि सब चिदाकाशमात्र हो, भिन्न कल्पना कुनै छैन ।

चिन्मात्र नै पर्वत हो, चिन्मात्र नै जगत् हो । चिन्मात्र नै आकाश आदि भूत हो र चिन्मात्र नै जीव हो, चिन्मात्र देखि भिन्न केही छैन । सृष्टिको आदि देखि अन्तपर्यन्त जो कुछ द्वैतकल्पना भास्तछ त्यो भ्रममात्र हो । जस्तो स्वप्नमा कसैको अङ्ग काटिन्छ त्यो वास्तवमा काटिएको होइन, निद्रादोषले त्यस्तो ठानिन्छ त्यस्तै यो जाग्रत्-जगत् पनि भ्रममात्र हो ।

हे मुनीश्वर ! आकाश, परमाकाश र ब्रह्माकाश यो तीन यौटाको नै पर्याय हो । जस्तो स्वप्नमा संकल्प (माया) द्वारा जो अनुभव हुन्छ त्यो सब चिदाकाश हो, त्यस्तै यो जाग्रत्-जगत् चिदाकाशरूप हो । तीनै कालमा जो जगत् भाव-अभावरूप पदार्थ भएर भासित हुन्छ त्यो सब चिदाकाशरूप हो अर्थात् आत्मादेखि भिन्न होइन ।

हे मुनीश्वर ! परमार्थरूपमा देवताको स्वरूप तिमीलाई मैले बताएँ । तिमीमा र सम्पूर्ण जगत्मा देव भनेर चिदाकाश परमात्मा नै बुझ्नुपर्छ, त्यसदेखि भिन्न अर्को देव छैन । जस्तो संकल्पपुरमा चिदाकाश नै शरीररूपले भासित हुन्छ, त्यसदेखि भिन्न केही छैन त्यस्तो यो सब चिदाकाशरूप हो ।

(२९) वसिष्ठ-ईश्वरसंवादः चैतन्योन्मुखत्वविचार

ईश्वरले भन्नुभयो, हे ब्राह्मण ! यसप्रकार सम्पूर्ण विश्व केवल परमात्मरूप हो । परमाकाशरूप ब्रह्म नै एक देव हो, त्यसैको पूजा गर्नु सार कुरा हो, त्यसबाट नै सबै फल प्राप्त हुन्छन् । हे मुनीश्वर ! तिमी स्वरूपमा जागेका छौ, त्यसकारण मैले तिमीलाई यसप्रकार देवार्चना बताएको हो । जो असम्यक्दर्शी बालक छ, जसको निश्चयात्मक बुद्धि छैन उसको लागि धूप, दीप, पुष्प, चन्दन आदिबाट देवार्चना बताएको छ । देवताको आकार कल्पना गर्नु मिथ्या कल्पना हो । आफ्नो संकल्पबाट देवता बनाएर पुष्प, धूप, दीप आदिले पूजा गर्नु भावनामात्र हो, त्यसबाट संकल्परचित वाञ्छित फल प्राप्त हुन्छ, यो बालबुद्धिको अर्चना हो ।

तिमी जस्ता प्रबुद्ध पुरुषको लागि सर्वात्मभावनारूप देवपूजा मैले बताएको हुँ । हे मुनिवर ! मेरो मतमा त एक परमात्मा नै देव हो, अरू कोही देव छैन । परमात्मरूप देव नै शिव हो र त्यो नै सर्वातीत पद हो । त्यो सकल संकल्परहित छ र सकल संकल्पको अधिष्ठान पनि हो । त्यो अपरिच्छिन्न सबप्रकार शान्तरूप एक चिन्मात्र निर्मलस्वरूप छ, त्यो नै देव कहिन्छ । जो संवित्सत्ता पञ्चभूतकलातीत छ र सबै पदार्थको भित्र स्थित छ त्यो नै सबैलाई सत्ताप्रदान गर्ने देव हो र त्यो नै सबैको सत्ता हरणगर्नेवाला पनि हो ।

जो ब्रह्म सत् र असत्को मध्यमा विद्यमान छ र सत्-असत्देखि पर छ त्यो नै देव हो र त्यो नै परमात्मा हो । सत्तासामान्यरूपले त्यो परम चेतन आत्मा सर्वत्र विद्यमान छ । त्यो चैतन्यतत्त्व नै अरुन्धतीको स्वरूप हो र तिमी जस्ता निष्पाप मुनिको पनि स्वरूप हो, त्यो नै पार्वतीको र मेरो पनि स्वरूप हो, त्यो नै त्रिलोकीको स्वरूप हो । त्यो एकमात्र चैतन्यतत्त्व नै देव हो, अरू कुनै देव छैन । जो हस्तपादादि अवयवयुक्त देवको कल्पना गरिन्छ त्यो चिन्मात्र सार तत्त्व होइन । चिन्मात्र नै जगत्को सार हो र त्यो नै पूजनयोग्य हो । ज्ञानवान्हरूले उपदेशरूप व्यवहारका लागि त्यो

एकमात्र चिन्मात्रतत्त्वको सूक्ष्म, सर्वव्यापी, निरञ्जन, आत्मा, ब्रह्म इत्यादि नाम राखेका छन् । त्यो चिन्मात्र देव सबैको आत्मा भएको हुनाले दूरस्थित छैन र प्राप्त गर्न कठिन पनि छैन । त्यो चैतन्य तत्त्व नै सबै काम गर्छ, भोजन, भरण र पोषण गर्छ, श्वास-प्रश्वास लिन्छ, सबको ज्ञाता पनि त्यही हो । त्यो चैतन्य देव पुर्यष्टकमा प्रतिबिम्बित भएर प्रकाशित हुन्छ । उसैको आश्रयमा मनसहित षडिन्द्रियको चेष्टा हुन्छ । जो कुछ विस्तारसहित जगत् भासित भइराखेको छ त्यो सबको प्रकाशक चिदात्मतत्त्व नित्य, शुद्ध र अद्वैतरूप छ । जस्तो वसन्तऋतुमा नानाप्रकारका फूल र वृक्ष देखिन्छन् तर ती सबमा एकै रस व्याप्त रहन्छ त्यस्तो एकै आत्मसत्ता अनेक रूपमा देखिन्छ ।

हे मुनीश्वर ! जो कुछ जगत् छ त्यो सब आत्माको नै चमत्कार हो र आत्मतत्त्वमा नै स्थित छ । एक आत्मतत्त्व नै कहीं आकाशरूपले, कहीं जीवरूपले, कहीं चित्तरूपले र कहीं अहंकाररूपले स्थित छ । दिशा, द्रव्य, सूर्य, चन्द्र, पृथिवी, जल, अग्नि, वायु आदि स्थावर र जंगम रूपले पनि आत्मतत्त्व नै स्थित छ । आत्मसत्ता नै त्रिनेत्र, चन्द्रमौली, पार्वतीका प्रिय, वृषभारूढ रुद्ररूपले स्थित छ । एक चैतन्य नै विष्णु र ब्रह्मारूपले स्थित छ । यस प्रकार एकै चैतन्यतत्त्व अनेकरूप भएर स्थित छ । इन्द्र, कुबेर, वरुण आदि दिक्पाल र देवता, दैत्य, यक्ष, गन्धर्व, नाग आदि सब चैतन्यतत्त्वकै चमत्कार हुन् ।

मैले प्रश्न गरें, हे ईश्वर ! सब चैतन्यको नै विस्तार भएपछि यो पहिले चेतनरूप हो र यो अहिले चेतनतारहित छ भनी प्रत्यक्ष अनुभव कसरी हुन्छ ? ईश्वरले भन्नुभयो, हे मुनिराज ! यस महाप्रश्नको उत्तर सुन । शरीरमा दुई चेतन छ, एक चेत्योन्मुखत्वरूपमा र अर्को निर्विकल्प आत्मरूपमा । चेत्योन्मुख चेतन दृश्यसित मिल्यो र संकल्पवश आफूलाई जीव भनी ठानेर अर्को जस्तो अर्थात् चैतन्य देखि भिन्न जस्तो बन्न गयो । जस्तो कुनै स्त्री आफ्नो शील छोडेर दुराचारिणी बनी तब उसको शीलमात्र गयो स्त्रीत्व त गएको छैन त्यस्तो संकल्प (स्फुरण) वशात् जीव बने तापनि उसको चेतनरूपता गएको छैन । चिताउनुबाट नै शब्दस्पर्शादि तन्मात्राको क्रमले विस्तारयुक्त जगत् बन्न गएको छ । संकल्पले नै देहमा जडभाव प्राप्त भएको छ । देहमा परिच्छिन्न रूपले रहेको जीव मोहवश आफ्नो अनन्त स्वभावलाई त्यागेर तृष्णा, काम, क्रोधयुक्त भईकन परिच्छिन्न व्यवहार गर्दै नाना जन्म ग्रहण गर्छ र भेदवासनाले गर्दा महादीन हुन पुगको छ । स्वरूपको विस्मरणबाट आशारूपी फाँसीमा बाँधिएको जीव कहिले नीच योनिमा र कहिले देवता आदि उच्च योनिमा पुग्छ र घटीयन्त्र झैं तल माथि गरिरहन्छ ।

(३०) मनःप्राणैक्य-प्रतिपादन

ईश्वरले भन्नुभयो, हे मुनीश्वर ! स्वरूपको विस्मरणबाट यस्ता अनेक दुःख र आपद्को अनुभव हुन्छ । म मर्नेवाला हुँ, म दुःखी हुँ इत्यादि अनुभव अनात्मामा अहंप्रतीतिबाट भएको हो जस्तो स्वप्नमा पर्वतबाट खसेर जीव दुःखको अनुभव गर्छ । शुद्ध चैतन्यतत्त्वमा जो चित्कला छ त्यो नै चित्त बनेर चिताउन थाल्यो । यस प्रकार चैतन्यमा चित्तभाव खडा भयो र त्यो नै जगत्को कारण हुन गयो "चित्तं जानीहि संसारम्" । वास्तवमा चित्त चैतन्यदेखि भिन्न नभएको हुनाले

जगत्को कारण छैन । कारणविना उत्पन्न यो जाग्रत्-जगत् स्वप्नजगत् झैं मिथ्या नै प्रतीत भइरहेको छ । जस्तो मरुस्थलमा वेलको वृक्ष छैन, बरफमा उष्णता छैन, सूर्यमा अन्धकार छैन त्यस्तो चिन्मात्र अद्वैततत्त्वमा स्वरूपदेखि भिन्न जगत् भन्ने कुरा र तत्संबन्धी दु:ख छैन ।

जगत्लाई असत् जानेर त्यसको भावना नगर्नु र आत्मालाई सत् जानेर त्यसको भावना गर्नु, यसप्रकार भावनाबाट सारा अनर्थको निवृत्ति हुन्छ । आत्मा अनादि स्वत:सिद्ध भएको हुनाले अन्य उपायबाट प्राप्त हुँदैन । जब आत्माको भावना हुन्छ तब सबै भ्रमजाल मेटिन्छन् । जबसम्म हृदयमा अनात्मभावना बनिरहन्छ तबसम्म आत्मा प्राप्त हुँदैन । अभ्यासविना आत्मप्राप्ति संभव छैन । आत्मतत्त्व एक, स्वच्छ, स्वयंप्रकाश एवं सूर्यादितेजको पनि प्रकाशक, सर्वगत, निर्मल, नित्य, सदा उदित, शक्तिरूप, निर्विकार र निरञ्जनरूप छ । स्थावर र जंगमरूप जो कुछ जगत् छ त्यो सबको साक्षीरूप भएर आत्मतत्त्व स्थित छ र दीपक झैं सारालाई प्रकाश गर्दछ । जस्तो मुखको श्वासले दर्पण मलिन भए मुख देखिदैन, मलिनता निवृत्त भए स्पष्ट देखिन्छ त्यस्तो चित्तरूप संवेदनको प्रमादले चिताउनुको कारणबाट जगद् भ्रम भासित भइराखेको छ, त्यसो हुँदा आत्मा सुस्पष्ट भासित हुन पाएन । जब अनात्मरूप यो जगत्-सत्ता स्फुरणसहित दूर हुन्छ तब आत्मतत्त्व सुस्पष्ट ज्ञात हुन्छ ।

सर्वजगत् आत्मरूप हो । आत्मा शिलाघन झैं अद्वैत एवं निर्विकार छ । यसको उदय र अस्त छैन । संकल्पले जीवभाव प्राप्त भएको छ । संकल्प निवृत्त भएपछि जीव परमात्मरूप भइहाल्छ । आदि चित्कला जीवरूपी रथमा आरूढ छ, जीव अहंकाररूपी रथमा, अहंकार बुद्धिरूपी रथमा, बुद्धि मनोरूप रथमा, मन प्राणरूप रथमा, प्राण इन्द्रियरूपी रथमा, इन्द्रिय देहरूपी रथमा र देह पदार्थरूपी रथमा आरूढ भएर संसार-यात्रा चलेको छ । इन्द्रियद्वारा कर्म हुन्छ, त्यसको वशमा परेर जीव जरा-मरणरूप संसारमा घुमिरहन्छ । यसरी प्रमादवश चलेको संसार-चक्रमा जीव भटकिरहन्छ । वास्तवमा जगत् भन्ने केही पनि छैन, मृगतृष्णाको नदी झैं भ्रमले भासित भएको छ ।

हे मुनीश्वर ! मनको रथ प्राण हो । जब प्राणकला चेतनाले रहित (स्फुरणरहित) हुन्छ तब मन स्थिर हुन्छ । मन स्थिर भए मनन पनि शान्त हुन्छ । प्राणकला फुरेपछि मनको मनन पनि फुर्छ । जब प्राणकला स्थिर हुन्छ तब मनन पनि निवृत्त हुन्छ । प्राण र मनको घनिष्ठ संबन्ध छ । जस्तो जहाँ अग्नि छ त्यहाँ उष्णता हुन्छ त्यस्तो जहाँ प्राण छ त्यहाँ मन पनि हुन्छ । प्राण स्फुरणले रहित भएपछि मन शान्त हुन्छ । संवित् स्वच्छ छ र जड, चेतन सबैमा व्याप्त छ तापनि जहाँ प्राणकला फुर्छ त्यहाँ संवेदनरूपले प्रकट हुन्छ । जस्तो सूर्यको प्रकाश सर्वत्र व्याप्त छ तापनि जहाँ दर्पण छ त्यहाँ प्रतिबिम्बित हुन्छ त्यस्तो आत्मसत्ता सर्वत्र अनुस्यूत भए तापनि जहाँ प्राणकलारूप पुर्यष्टक हुन्छ त्यहाँ भासित हुन्छ । फेरि मन पनि पुर्यष्टक हो र सबको कारण हो, अहंकार, बुद्धि र इन्द्रिय उसैका भेद हुन् । जस्तो दर्पणमा मुखको प्रतिबिम्ब देखिन्छ, शिलामा देखिदैन त्यस्तो जहाँ मनोरूप पुर्यष्टक हुन्छ त्यहाँ आत्मा प्रतिबिम्बित भएर भासित हुन्छ । मनबाट नै सब कुछ दृश्यजाल उत्पन्न हुन्छ । मन नै कर्ममा प्रवृत्त हुन्छ र सबै कुरा उसैबाट भासित हुन्छन् ।

(३१) ईश्वरोपाख्यान : देहपातविचार

ईश्वरले भन्नुभयो, हे मुनीश्वर ! आत्मसत्ताविना जीव जडवत् प्रतीत हुन्छ । जस्तो चुम्बकको सत्ताले जड लोहा पनि चेष्टावान् हुन्छ त्यस्तो सर्वगत आत्माको सत्ताबाट जीव चेतन बनेर चेष्टा गर्छ । जस्तो मुखको प्रतिबिम्ब दर्पणमा देखिन्छ त्यस्तो सर्वगत सर्वशक्तिमान् परमात्मा जीवकलामा नै प्रकाशित हुनुहुन्छ । आफ्नो शुद्ध स्वरूपबाट झरेर दृश्यतिर उन्मुख भएपछि जीवकला चित्तभावमा प्राप्त हुन्छ अर्थात् स्वरूपको प्रमादले जीवकला आफूलाई चित्तरूपमा मान्दछ जस्तो शूद्रको संगतले ब्राह्मण पनि शूद्र भनिन्छ । जस्तो बालक आफ्नो छायाँ देखेर अविचारले डराउँछ त्यस्तै आफ्नो स्वरूपको प्रमादले जीव आफैं नानाप्रकार दुःख कष्ट भोग्छ र दीनताप्राप्त हुन्छ । जसको वासना निर्मल भएको छ त्यो जीव स्थिर र एकरूप हुन्छ र जीवन्मुक्त भएर चिरकाल पर्यन्त बाँचिरहन्छ । हृदयकमलमा प्राणलाई रोकेर जीव शान्ति प्राप्त गर्छ । माटाको ढिस्को झैं जब यो शरीर लड्छ तब पुर्यष्टक आकाशमा लीन हुन्छ । जसको वासना निर्मल छैन त्यसको पुर्यष्टक मृत्युकालमा आकाशमा स्थित भएर केही काल पछि फेरि फुर्दछ र वासनानुसार स्वर्ग-नरक देख्छ । जब यो शरीर मन र प्राणले रहित हुन्छ तब शून्यरूप हुन्छ । जस्तो मानिस घर छोडेर टाढा टाढा परदेशमा जान्छ त्यस्तो मन र प्राण शरीरलाई त्यागेर अन्यत्र जान्छ अनि यो शरीर मूढो झैं शून्य (निश्चेष्ट) हुन्छ । यद्यपि चित्सत्ता सर्वत्र व्याप्त छ तापनि जहाँ पुर्यष्टक हुन्छ त्यहीं भासित हुन्छ ।

जब देहवाट पुर्यष्टक निक्लेर आकाशमा लीन हुन्छ तब त्यसलाई मृतक भन्छन् । मृत्युकालमा जीव आफ्नो स्वरूपलाई विर्सेर जर्जरीभावमा प्राप्त हुन्छ । जब जीवशक्ति हृदयकमलमा मूर्छित हुन्छ र प्राण रोकिन्छ तब त्यो मृतक हुन्छ । यसरी स्वरूपको विस्मरणबाट जीवको बार-बार जन्म-मरण भइरहन्छ । जस्तो वृक्षमा पुराना पात झर्छन, नयाँ पात पलाउँछन् र कालपरिपाकले ती पनि झर्छन् त्यस्तो यो जीव मरणको अनन्तर अर्को नवीन शरीर धारण गर्छ, काल पाएर त्यसलाई छोड्छ र फेरि अर्को शरीर ग्रहण गर्छ । जस्तो रथी रथमा आरूढ भएर गमन गर्छ त्यस्तो जीवात्मा प्राण तथा मनोरूप रथमा चढेर कर्मानुसार गमनागमन गरिरहन्छ ।

हे मुनीश्वर ! चैतन्य-समुद्रमा शरीररूपी अनेक तरङ्ग उत्पन्न हुन्छन् र नष्ट हुन्छन्, तिनको बारेमा शोक गर्नु व्यर्थ छ । जस्तो दर्पणमा अनेक पदार्थ प्रतिबिम्बित भए तापनि ती पदार्थ दर्पणदेखि भिन्न होइनन् त्यस्तो चैतन्यमा अनेक पदार्थ प्रतिभासित हुन्छन् ती सब चिदाकाशको नै विस्ताररूप हुन् । वास्तवमा चैतन्यदेखि भिन्न केही छैन ।

(३२) द्वैतैक्यप्रतिपादन

वसिष्ठले प्रश्न गर्नु भयो, हे अर्धचन्द्रधारी ईश्वर ! चैतन्यस्वरूप परमात्मा अनन्त र एकरूप छ त्यसमा यो द्वैत कहाँबाट आयो ? भूत र भविष्य आदि काल कसरी दृढ भयो ? एकमा अनेकता कहाँबाट आयो र दुःखको निवृत्ति कसरी हुन्छ ? ईश्वरले भन्नुभयो, हे ब्राह्मण ! सर्वशक्तिमान्

ब्रह्मचैतन्य एक अद्वितीय नै छ र निर्मल छ । एकको अपेक्षाले द्वैत र द्वैतको अपेक्षाले एक भनिन्छ तर दुवै कल्पनामात्र हो । जब चित्तले चिताउँछ तब एक र दुईको कल्पना हुन्छ । चिताउनुको अभाव भए दुवै कल्पना मेटिन्छ । कारणबाट जो कार्य भासित हुन्छ त्यो कारणरूपले एकरूप नै हुन्छ । जस्तो एक बीजबाट फलपर्यन्त वृक्षको विस्तार हुन्छ, घटनु, बढनुको कल्पना हुन्छ तर त्यो सब एकरूप नै हो त्यस्तो एक चैतन्यमा चित्तको कल्पना हुन्छ अनि नानारूप जगत् भएर भासित हुन्छ तर त्यसकालमा पनि एकरूप (चैतन्यरूप) नै हो । जस्तो जलमा नानाप्रकार तरंग भासित हुन्छ तर त्यो जलरूप नै हो त्यस्तो एक आत्मचैतन्यमा अज्ञानले जगत् भासित हुन्छ अर्थात् आत्मतत्त्व नै स्फुरणको बलले जगद्रूप भएर भास्तछ, तर त्यो सब अद्वैत तत्त्व नै हो, उसमा वास्तवमा कुनै द्वैत छैन ।

हे मुनीश्वर ! महाचैतन्यमा जब किञ्चन हुन्छ तब जीवरूप भएर 'अहं' 'त्वं' आदि रूपले स्थित हुन्छ, अनि नानाविध द्वैतकलना देख्छ । जस्तो जीव स्वप्नमा आफ्नो स्वरूपलाई त्यागेर परिच्छिन्न शरीर धारणगर्छ अनि द्वैतरूप जगत् देख्छ, जब स्वप्नबाट जाग्छ तब आफूलाई अद्वैतरूप नै देख्छ त्यस्तो यो जाग्रत् जगत् पनि केही होइन, भ्रमले भासित हुन्छ । जब जीव आफ्नो वास्तव स्वरूपतिर सावधान हुन्छ र त्यसैको अभ्यास गर्छ तब उहीरूप (अद्वैतरूप) भइहाल्छ ।

यस जीवको आदि शरीर अन्तवाहक हो र संकल्प नै उसको रूप हो । जब उसमा अहंभावना तीव्र हुन्छ तब त्यो नै आधिभौतिक भएर भासित हुन्छ । जब उसमा सत्यता दृढ हुन्छ तब त्यसको भावना गरेर जीव राग-द्वेषले क्षुब्ध हुन्छ । जब काकतालीय न्यायले अकस्मात् हृदयमा विचारको उदय हुन्छ तब संकल्परूपी आवरण दूर हुन्छ र जीव आफ्नो वास्तव स्वरूपमा प्राप्त हुन्छ ।

जो कुछ जगत् भासित हुन्छ त्यो सब संकल्पमात्र हो । हृदयमा जस्तो संकल्प दृढ हुन्छ त्यस्तो नै भएर भासित हुन्छ । जब दृश्यको संकल्प निवृत्त हुन्छ र जीव आत्मभावनामा लाग्छ तब जगद्-भ्रम निवृत्त हुन्छ । परमार्थ दृष्टिमा द्वैत भन्ने केही पनि छैन, सब संकल्पको रचना हो र संकल्पको अभावमा द्वैत जगत्को अभाव भइहाल्छ, अनि कुनै क्लेश रहँदैन । जस्तो वर्षाकालको मेघ हटेपछि आकाश निर्मल हुन्छ त्यस्तो अज्ञानरूपी मलले रहित भएको जीव निर्मल भएर आफ्नो शुद्ध पद प्राप्त गर्छ, जो यस्तो युक्तिद्वारा म द्वैतरहित एक आत्मा हुँ भन्ने भावना गर्छ तब द्वैतको अभाव हुन्छ र चित्त उत्तम पद ब्रह्म-देवमा पूज्य, पूजक, पूजा आदि भेदले रहित भएर एकरूप भइहाल्छ ।

(३३) ईश्वरोपाख्यान : परमेश्वरोपदेश

वसिष्ठले सोध्नु भो, हे ईश्वर ! जब मनमा मन क्षीण हुन्छ र इन्द्रिय पनि मनमा लीन हुन्छन् तब त्यो द्वितीय वा तृतीय कस्तो पद कसरी शेष रहन्छ ? यसको उत्तर दिँदै ईश्वरले भन्नुभो, हे मुनीश्वर ! जब इन्द्रियसहित मनलाई मनद्वारा वशमा लिन्छ अथवा उपासनाद्वारा आत्मबोध प्राप्त गर्छ तब द्वैत वा एक कल्पना नष्ट हुन्छ र जगत्-जालको सत्ता पनि नष्ट हुन्छ । त्यसपछि जो शेष

रहन्छ त्यो नै हो स्वयंप्रकाश आत्मतत्त्व । मनको उपशम भएपछि उसमा जगत्-सत्ताको अभाव हुन्छ अनि चैतन्यसत्ता चित्तसत्तालाई आफूमा लीन गर्दछ । जब मनरूपी मेघको सत्ता नष्ट हुन्छ तब शरत्-कालको आकाश झैं निर्मल आत्मसत्ता प्रकाशित हुन्छ । जब चित्तको चञ्चलता मेटिन्छ तब परम पावन निर्मल चिन्मात्र तत्त्व प्राप्त हुन्छ, अनि एक, दुई तथा भाव, अभावरूपी संसारको कल्पना मेटिन्छ । सर्वव्यापक सम सत्तारूप तत्त्व प्राप्त गरेको ज्ञानी सुषुप्त झैं निर्भय रहन्छ । मनको क्षीणताको प्रथम पद यही हो । अब द्वितीय पद सुन ।

चित्-शक्ति जब मनको मननबाट मुक्त हुन्छ तब चन्द्रमाको प्रकाश झैं शीतल हुन्छ, आकाशवत् विस्तृत आफ्नो स्वरूप स्वत: प्रकाशित हुन्छ, साधक घन सुषुप्तरूप हुन्छ र नूनको ढिको झैं रसमय ब्रह्म हुन्छ । आकाशमा शब्द लीन भए झैं चित्त आत्मामा लीन हुन्छ । अर्थात् आत्मामा चित्तको विश्राम हुन्छ । सारा सत्तालाई धारण गर्ने आत्मा देश, काल र वस्तुको परिच्छेदले रहित, अचेत्य चिन्मात्र रूपले विराजमान छ । यसलाई तुरीय पद पनि भन्दछन् । यो हो द्वितीय पद । अब तृतीय पद पनि सुन ।

जब आत्मतत्त्वमा वृत्तिको अत्यन्त परिणाम हुन्छ तब ब्रह्म, आत्मा आदि नामको पनि निवृत्ति हुन्छ, भाव-अभावको कुनै कल्पना पनि फुर्दैन तब अचल-वृत्ति भएर परम शान्त, निष्कलंक, सबभन्दा पर रहेको परम तुरीयातीत पद प्राप्त हुन्छ, उसमा वाणीको गति छैन । हे मुनीश्वर ! यो सर्वकल्पनारहित तुरीयातीत पद जो तिमीलाई बताएँ, त्यसमा स्थित होऊ । त्यो नै सनातन देव हो र विश्व पनि उसैको रूप हो । त्यही एक तत्त्व संवेदनवशात् यो रूपमा भासित हुन्छ, तर वास्तवमा केही भएको छैन । आकाशरूप समसत्ता अद्वैततत्त्व आफू आफैमा स्थित छ र आकाशवत् निर्मल छ जसमा कुनै द्वैतभ्रम छैन । एक चिद्घनसत्ता पाषाण झैं आफैंमा स्थित छ, उसमा र जगत्मा अलिकति पनि भेद छैन । जस्तो जल र तरंगमा कुनै भेद छैन त्यस्तै ब्रह्म र जगत्मा कुनै भेद छैन । यो सम सत्ता शिव, शान्त एवं अनिर्वचनीय छ, यो नै परमशान्त, प्रणवको चतुर्थमात्रा (अर्धमात्रा) रूप तुरीय पद हो ।

वाल्मीकिले भन्नु भयो - हे भरद्वाज ! यसप्रकार वसिष्ठजीले महादेवबाट परमशान्तिरूप आत्मतत्त्वको श्रवण गर्नुभयो, तब दुवैजना एक मुहूर्त-पर्यन्त समाधिमा स्थित भए ।

(३४) ईश्वरोपाख्यान : देवनिर्णय

एक मुहूर्तपछि महादेवले आँखा खोलेर वसिष्ठलाई भन्नु भयो, हे मुनीश्वर । समाधिबाट जागनुहोस् । जो देखनु पर्ने थियो त्यो देखनु भयो । अब समाधि लगाउने श्रम किन ? तपाईं जस्ता तत्त्ववेत्ताको कुनै हेय वा उपादेय हुन सक्तैन । तपाईं जस्तो बुद्धिमान् हुनुहुन्छ त्यस्तो आत्मदर्शी पनि हुनुहुन्छ । तपाईंले पाउन र देखन योग्य वस्तु पाउनु भयो र देखनु भयो । बालकको बोधको लागि जो प्रश्न गर्नु भएको थियो त्यो मैले बताएँ ।

वसिष्ठले भन्नुभयो, हे राम ! यति भनेर सदाशिवले मेरो हृदय भित्र प्रवेश गरीकन मेरो चित्तवृत्तिलाई जगाइदिनुभयो र जागेपछि आज्ञा भयो, हे मुनिवर वसिष्ठ ! यस शरीरको क्रियाको

कारण प्राणस्पन्दन हो । प्राणद्वारा नै शरीर चेष्टावान् हुन्छ, त्यसमा आत्मा न केही गर्छ, न केही भोग्छ, केवल उदासीन भएर रहन्छ । जब जीवको निज स्वरूपमा प्रमाद हुन्छ तब देहमा अभिमान हुन्छ, अनि आफूलाई कर्ता, भोक्ता मान्दछ, यसबाट दु:ख पाउँदै यो लोक र परलोकमा भटकिरहन्छ । जब आत्मविचार उत्पन्न हुन्छ तब आत्माको अभ्यास हुन्छ, अनि देहाभिमान मेटिन्छ र दु:खबाट मुक्त हुन्छ ।

शरीरको नाश हुँदा आत्माको नाश हुँदैन । प्राणद्वारा शरीर चेतन बन्छ । जब प्राण निक्लन्छ तब शरीर मूक जडरूप भइहाल्छ । सारालाई चलाउने र पवित्र पार्ने संवित्शक्ति आकाश भन्दा पनि सूक्ष्म छ, शरीरको नाश भएर त्यो नष्ट हुँदैन । आत्मतत्त्वरूप ब्रह्मसत्ता सर्वत्र विद्यमान छ तापनि जहाँ सत्त्वगुणको अंश मन र प्राण छ त्यहीं भासित हुन्छ मन र प्राण निक्लेपछि मलिन शरीरमा आत्मा भासित हुँदैन जस्तो मलिन दर्पणमा मुखको प्रतिविम्ब पर्दैन । ब्रह्मा, विष्णु, रुद्र आदि जो बडा देवता छन् ती पनि अग्निबाट चिनगारी निक्ले झैं उही परम चैतन्य स्वरूपबाट उत्पन्न भएका हुन् । अविद्या जो अनेक शाखामा विभक्त भएर फैलिएको छ त्यो पनि चित्शक्तिबाट नै उत्पन्न भएको हो । आत्मदेव सर्वसत्तारूप छ र त्यो नै हो सबको मूल बीज । वृक्षबाट पात उत्पन्न भए झैं सबै उही महादेव (चित्शक्ति) बाट उत्पन्न भएका छन् । त्यो चिदात्मा सबैको अनुभवरूप हो । उसको आवाहनमा मन्त्र, आसन आदि कुनै सामग्रीको आवश्यकता छैन किनकि त्यो सर्वदा अनुभवरूपले सबैको प्रत्यक्ष नै छ र सर्वप्रकारले सर्वत्र विद्यमान छ । त्यो शिवतत्त्व आदिकाल देखि नै सिद्ध छ र मन-वाणीको रूपमा पनि त्यही एक तत्त्व भासित भएको छ र त्यो नै पूजन गर्न, नमस्कार गर्न र जान्न योग्य छ । त्यस आत्मदेवको साक्षात्कार भएपछि चित्त भुटेको बीज जस्तो हुन्छ, उसमा कुनै कर्मवासना रहँदैन । त्यही शिवतत्व जीवको पनि बीज हो । त्यही नै सब पदको पनि पद हो । अनुभवरूप आत्मा नै परम पद हो, त्यसदेखि भिन्न दृष्टिलाई परित्याग गर ।

(३५) महेश्वरवर्णन

ईश्वरले भन्नुभयो, हे मुनीश्वर ! त्यो चित्तत्व सबैको भित्र अनुभवरूपले स्थित छ, त्यो नै देव हो र सबैको बीज पनि त्यही नै हो । त्यही एक तत्त्व नै नाना जगद्रूपले भासित भएको छ । सारा काल, कल्प आदि उसको एक निमेषरूप हुन् । उसबाट बृहद् आकारको रचना भएको छ तै पनि ऊ अकर्ता नै रहन्छ । ऊ निर्द्रव्य भएर पनि द्रव्यवान् छ, अदेह भएर पनि देहधारी छ । जसबाट यो सबै उत्पन्न भएको छ, जो सर्वरूप हो र सबैमा नित्य विद्यमान छ त्यस सर्वात्मालाई मेरो नमस्कार छ ।

(३६) ईश्वरोपाख्यान : नीतिनृत्यवर्णन

ईश्वरले भन्नुभयो, हे वसिष्ठजी ! उही चैतन्य रूप एकदेवबाट नै सर्व पदार्थको रचना भएको छ, एक चित्शक्ति नै ब्रह्मा, विष्णु, रुद्र आदि देवतारूपमा प्रकट भएको छ । बत्तीको प्रकाशबाट

घरको काम काज चले झैं त्यही चैतन्यसत्ताबाट लोकहरू क्रियाशील भएका छन्, तर आफू सबैको साक्षी भएर निर्विकाररूपमा अवस्थित छ । उसैबाट जगत्मा सारा नीतिनिर्माण सम्पन्न भएको छ । जगत्रूपी नृत्यशालामा आफू साक्षी भएर सारा नृत्य हेरिरहन्छ ।

शिवको शक्ति के हो, कसरी स्थित छ, कसरी नृत्य गर्छ र कसरी त्यो देव साक्षात् जान्न सकिन्छ भन्ने वसिष्ठको प्रश्नको उत्तर दिंदै महादेवबाट आज्ञा भयो, हे मुनिवर ! आत्मतत्त्व स्वभावत: अचल, शान्त छ । शिव परमात्मा निर्मल चिन्मात्ररूप र निराकार छ । इच्छा, काल, नीति, मोह, ज्ञान, क्रिया र कर्तृत्व आदि सव उसैका शक्ति हुन् । ती शक्तिको अन्त छैन, त्यसैले त्यो अनन्त चिन्मात्ररूप देव हो । यो शक्ति पनि शिवरूप नै हो, शिवदेखि भिन्न होइन । जस्तो पदार्थमा अर्थशक्ति र आत्मामा साक्षि-शक्ति कल्पित छ त्यस्तो कालशक्ति नर्तक झैं ब्रह्माण्डरूपी नृत्यमण्डलमा नृत्य गरिरहन्छ । क्रियाशक्ति पनि कर्तृत्वरूपले नृत्य गर्दछ । ब्राह्मादेखि तृणपर्यन्त जगत्मा जस्तो आदि नीति बन्यो त्यही रूपमा स्थित छ, अन्यथा हुँदैन । यो नीतिशक्ति संसाररूपी नटिनीलाई प्रेरणा गर्छे, परमात्मा देव साक्षीरूपले रहनुहुन्छ । नीति आदि शक्ति पनि परमात्मादेखि भिन्न छैन, सव उसैको रूप हो । त्यसकारण, द्वैत केही छैन, सब कुछ परमात्मा देव नै हो भनी जान ।

(३७) ईश्वरोपाख्यानमा अन्तर्बाह्यपूजावर्णन

ईश्वरले भन्नुभयो, हे वसिष्ठजी ! साधु, सन्त र भक्तजन त्यो एक देव परमात्माको पूजा गर्छन् । त्यो चिन्मात्र अनुभवस्वरूप आत्मा घटपटादि सबैमा स्थित छ, ब्रह्मा, इन्द्रादि देवता र जीवको भित्र र बाहिर स्थित छ । त्यस सर्वात्मा शान्तरूप देवको पूजा बाह्य र आन्तर दुई प्रकारले हुन्छ ।

बाह्य पूजा - ध्यान नै त्यो इष्टदेवको पूजा हो । जहाँ जहाँ मन जान्छ त्यहाँ त्यहाँ लक्ष्यरूप आत्माको ध्यान गर । आत्मा नै हो सबको प्रकाशक । त्यो चिद्रूप आत्मा अनुभवरूपमा हृदयको भित्र स्थित छ र अहंरूपले सिद्ध छ, त्यो नै सबको सार र आश्रयरूप छ । उसको विराट्रूप सुन । त्यो अनन्त छ । उसका परमाकाश ग्रीवा, पाताल चरण, दिशाहरू हात र ब्रह्मा, विष्णु, रुद्रादि देवता रोमावली हुन् । त्रिलोकीको देहरूप यन्त्रमा इच्छादि शक्तिरूप सूत्र व्याप्त छ जसबाट देहयन्त्रको चेष्टा हुन्छ । सत्तामात्र उसको स्वरूप हो । यो सम्पूर्ण जगत्-जाल उसैको विस्तार हो । काल उसको द्वारपाल हो र पर्वतादि ब्रह्माण्ड जगत् उसका देहको कोणमा अवस्थित छन् । त्यस देवको चिन्तन गर । उसका सहस्र चरण, नेत्र, शिर, भुजा र विभूषण छन् । उसका दश इद्रिय र मन सर्वत्र विद्यमान छन् । सर्वभूतको भित्र रहेर संकल्पको फलदायक र सकल साधनको सिद्धिकर्ता उही एकदेव हो । त्यही देवको चिन्तन (ध्यान) गर र उसैको आश्रयमा रहू ।

आन्तर पूजा - अनुभवरूपले सर्वदा प्रकाशमान जो संविन्मात्र देव हो उसको पूजा चन्दन, पुष्प, धूप, दीप, नैवेद्य, अर्घ्य, पाद्य आदि सामग्रीबाट हुँदैन । उसको पूजा अनायास नित्य

भइरहन्छ । जसबाट बोध प्राप्त होस् त्यस्तो सजातीय प्रत्यय (वृत्ति) पूर्वक ध्यान नै हो उसको परम पूजन ।

शुद्ध चिन्मात्र देव भित्र अनुभवरूपले विद्यमान हुनुहुन्छ, उहाँको सर्वदा सबप्रकार पूजा गर अर्थात् दर्शन, स्पर्शन, श्रवण, दान, आदान, गमन, अवस्थान आदि सकल क्रिया उही एकमात्र चैतन्यदेव साक्षीमा समर्पण गर र उसैको परायण होऊ । यसप्रकार आत्मदेवको पूजा गर । ध्यान नै त्यस देवको पूजा हो, त्यसबाट नै परमानन्द प्राप्त हुन्छ । मूर्खले पनि यसप्रकार ध्यानरूप पूजा गऱ्यो भने बोध प्राप्त हुन्छ । अब त्यसको फल सुन । यस आत्मदेवको ध्यानरूप पूजा तेह्र निमेष गर्नाले जगत्-दानको फल, सत्र निमेष गर्नाले अश्वमेध यज्ञको फल, एक घडी गर्नाले राजसूय यज्ञको फल, दुई प्रहर गर्नाले लक्ष राजसूय यज्ञको फल र दिनभर गर्नाले अमित असंख्य फल प्राप्त हुन्छ । जो यो परम पूजा गर्छ त्यो परम पद प्राप्त गर्छ, त्यसलाई सब देवताले नमस्कार गर्छन् र त्यो सबको पूजनीय हुन्छ ।

(३८) देवार्चनविधान

ईश्वरले भन्नु भयो, हे मुनिवर ! यो आभ्यन्तर आत्मपूजन खाँदा, हिंडदा, बसदा, काम गर्दा जहिले पनि हुन्छ, यसमा कुनै व्यवधान छैन । सारा व्यवहार गर्दा पनि नित्य ध्यानमा रहनु नै हो आत्मदेवको पूजा । संविद्रूप चिन्मात्र आत्मा अनुभवरूपले सर्वदा प्रकाशित छ त्यो आफूलाई आफूले नै पूजा गर । शरीर भित्र शिवलिंगरूप चिन्हले रहित बोधरूप देव रहेका छन्, यथाप्राप्तमा समरूपले रहनु नै हो त्यस देवताको पूजा । स्नान आदिबाट शुद्ध भएर यथाप्राप्तमा समभावमा रहीकन बोधरूप लिङ्गको पूजा गर । राग-द्वेषले रहित भएर सर्वदा साक्षीरूप अनुभवमा स्थित रहनु नै उसको पूजन हो । यो संवित् तत्त्व नै सूर्य र चन्द्ररूप भएर भुवनलाई प्रकाश गर्छ । जस्तो स्फुरण हुन्छ त्यही रूप भएर यो देव स्थित छ । यो देव नित्य, शुद्ध, अद्वैत बोधरूपले सबैको भित्र रहेको छ, यसलाई देखनु र अन्यत्र वृत्ति नलगाउनु नै यस देवको पूजा हो । यो आत्मचैतन्य देहका अङ्ग प्रत्यङ्गमा सर्वत्र व्याप्त छ तापनि आफू आकाश झैं निर्लिप्त र निर्मल छ । जस्तो तिलको आश्रयमा तेल रहन्छ त्यस्तो सबै पदार्थ आत्माको आश्रयमा रहेका छन् । यो चैतन्य देव कलनारूपी कलङ्कले रहित छ र कलनायुक्त पनि छ । यही एक तत्त्वरूप देव सम्पूर्ण शरीरमा व्याप्त भएर रहेको छ र विशेष गरेर अनुभवरूपले हृदयमा सर्वदा प्रकाशित छ ।

यो अनुभवरूप एक चैतन्य नै साकार जगद्रूपले देखिएको छ, यसलाई विराट् आत्मा भन्छन् । त्यसो हुनाले आफूमा विराट्को भावना गर । सम्पूर्ण ब्रह्माण्ड मेरो देह हो । नीति इच्छा आदि मेरो शक्ति हो, मन द्वारपाल हो, चिन्तन आवत जावत गर्ने प्रतिहारी हो, नानाप्रकारका ज्ञान मेरा अङ्गका भूषण हुन्, कर्मेन्द्रिय द्वार र ज्ञानेन्द्रिय मेरा गण हुन् । यस्तो म एक अनन्त आत्मा हुँ, अखण्डरूप हुँ र भेदरहित आफू आफैंमा परिपूर्ण हुँ । यस्तो भावनाबाट जो एक देवको पूजा गर्छ त्यो परमात्मदेवलाई प्राप्त गर्छ । उसका दीनता आदि सबै क्लेश नष्ट हुन्छन् । उसलाई

इष्टप्राप्तिमा हर्ष र अनिष्टप्राप्तिमा शोक हुँदैन । ऊ अप्राप्त-प्राप्तिको र प्राप्त-परित्यागको इच्छा गर्दैन । सकल पदार्थमा उसको समभाव रहन्छ । यसप्रकार ग्रहण-त्याग नगर्नु, सबमा तुल्य रहनु र भेद-भाव नगर्नु त्यस देवको उत्तम अर्चन हो । उसमा अहंप्रतीति राखेर भिन्न दृश्यको भावना नगर्नु नै त्यस देवको अर्चना हो । जन्म, मरण, दारिद्र्य, राग, द्वेष जे आएमा पनि सम भावमा रहनु देवार्चन हो । नाना प्रकारका विचित्र चेष्टालाई पुष्पाञ्जलिको रूपमा त्यस देवको अगाडि समर्पण गरिदिनू । इष्ट, अनिष्ट जे जति कुरा प्राप्त हुन्छन् तिनलाई त्यस देवको पूजाको सामग्री संझनु र आफू समभावमा रहनु नै त्यस देवको अर्चना हो । आकाश झैं निर्लेप र निर्मल रहनु, चित्तमा राग-द्वेष नराखनु, आफू द्रष्टा भएर दृश्यसित नमिलनु र सदा निर्लिप्त साक्षीरूपले रहनु - यो नै हो देवार्चन । शिला झैं चित्त निस्पन्द होस् र विकल्परहित होस् यो नै देवार्चन हो ।

हे ऋषीश्वर ! धेरै के भनौं, भित्र आकाश झैं असंग रहनु, बाहिर प्रकृत आचारमा रहनु र ज्ञान-विज्ञानले पूर्ण भएर सदा समभावमा रहनु नै त्यस देवको उपासना हो । हृदयरूपी आकाशबाट अज्ञानरूपी मेघ नष्ट भएपछि उसको स्वप्नमा पनि विकार हुँदैन । हृदयाकाशबाट अहन्तारूप कुहिरो मेटिएपछि ऊ शरत्-कालको आकाश झैं उज्वल हुन्छ । जीवभावको उल्लङ्घन पूर्वक परम चैतन्य तत्त्वमा प्राप्त भएर सकल इच्छा र सुख-दुःख-भ्रमबाट रहित हुनु नै त्यस देवको अर्चना हो ।

(३९) देवपूजाविचार

ईश्वरले भन्नु भयो, हे मुनीश्वर, जो कुछ कर्म गर अथवा नगर तर आफूलाई चिन्मात्र संवित्-तत्त्व भनेर जान्नुरूप देवार्चन गर । यसबाट ती देव प्रसन्न हुन्छन् र प्रकट हुन्छन् । ती देवलाई पाएपछि राग-द्वेषले स्पर्श गर्न सक्तैन । आफू शुद्ध चिन्मात्रस्वरूप हो, त्यसबाट कहिले पनि प्रमादी नहुनुको नाम हो अर्चना । आत्मादेखि भिन्न कुनै द्वैत वस्तु छैन । जब सर्वात्मरूप अद्वैततत्त्व प्रकाशित हुन्छ तब घटपटादि सकल जगत् आत्मरूप नै भइहाल्छ । यो सब सर्वात्मा अनन्त शिवतत्त्व हो भनी जसले निश्चय गर्‍यो त्यसले देवपूजा जान्यो ।

आत्मदेव सर्वशक्तिमान् र अनन्तरूप छ, त्यसदेखि जगत् भिन्न छैन । हामीलाई ईश्वर देवदेखि भिन्न केही पनि भासित हुँदैन । सर्वत्र त्यही सर्वात्मा देव नै पूर्णरूपमा देखिन्छ । जो देश-कालको परिच्छेदले सहित ईश्वरलाई देखछ त्यो हाम्रो उपदेशको पात्र हुँदैन, त्यो ज्ञानबन्धु हो र नीच हो । यस्ताको दृष्टिलाई त्यागेर जो मेरो उपदेश ग्रहण गर्छ त्यो स्वस्थ, वीतराग र निरामय हुन्छ, प्रारब्धबाट प्राप्त सुखदुःखको भोग गर्दै त्यस देवको अर्चन गर्छ र शान्ति प्राप्त गर्छ ।

सब प्रकारले सर्वात्मरूप त्यस देवको भावना गर यही नै उसको पूजा हो । यस प्रकार पूजनबाट तिमी स्फटिक झैं निर्मल र निष्कलङ्क भएर रहन सक्तछौ र तिमीमा जन्मादि कलङ्क र दुःख केही पनि रहने छैन ।

(४०) जगन्मिथ्यात्वप्रतिपादन

वसिष्ठले प्रश्न गर्नुभयो, हे देव ! कसलाई शिव भन्छन्, ब्रह्म, आत्मा, परमात्मा, तत्सत्, निष्किञ्चन, शून्य, विज्ञान आदि कसलाई भन्छन् र यी भेदसंज्ञा केका निमित्त हुन् ? कृपा गरेर बताउनुहोस् ।

ईश्वरले भन्नुभयो, हे ब्राह्मण ! जब सबको अभाव हुन्छ तब अनादि, अनन्त, अनाभास सत्तामात्र वस्तु शेष रहन्छ । जो इन्द्रियको अगोचर छ त्यसलाई निष्किञ्चन भन्दछन् ।

जो इन्द्रिय र बुद्धिको विषय होइन भने त्यो वस्तु कसरी प्राप्त हुन सक्छ भन्ने वसिष्ठको प्रश्नको उत्तरको रूपमा ईश्वरबाट आज्ञा भयो, हे मुनीश्वर ! जो मुमुक्षु हो र जसको वेदको आश्रयबाट सात्त्विक वृत्ति बनेको छ उसलाई सात्त्विक गुह्य शास्त्ररूप विद्या प्राप्त हुन्छ र अविद्या नष्ट हुन्छ अनि आत्मतत्त्व प्रकाशित हुन्छ । साबुनबाट वस्त्रको मयल हटाए झैं गुरु र शास्त्रको उपदेशबाट अविद्या निवृत्त भएपछि त्यो आफ्नो स्वरूप आफैं देखिन्छ अर्थात् अनुभवमा आउँछ । गुरु र शास्त्रबाट जब विचार आउँछ तब स्वरूपको प्राप्ति हुन्छ, अनि द्वैत भ्रम मेटिन्छ र सर्वत्र आत्मा नै देखिन्छ । सर्वत्र सब कुछ आत्मा नै हो, त्यसदेखि भिन्न केही छैन, यस्तो विचारद्वारा जब आत्मतत्त्वको निश्चय हुन्छ तब अविद्या निवृत्त हुन्छ ।

केवल गुरु र शास्त्रबाट मात्र पनि आत्मवस्तुको प्राप्ति हुँदैन । जस्तो वस्तु छ र दीपकको प्रकाश पनि छ तर आँखा छैन भने त्यो वस्तु प्राप्त हुँदैन अर्थात् वस्तु प्राप्त गर्न आँखा पनि चाहिन्छ त्यस्तो गुरु र शास्त्रको साथै आफ्नो पुरुषार्थ र तीक्ष्ण बुद्धि पनि छ भने मात्र अविद्या नष्ट हुन्छ र आत्मपद प्राप्त हुन्छ ।

अब नामको भेद सुन । जब बोधको प्रभावले कर्मेन्द्रिय र ज्ञानेन्द्रियको क्षय हुन्छ र त्यसपछि जो शेष रहन्छ त्यसको नाम संवित्तत्त्व, आत्मसत्ता आदि हुन्छन् । सारा अनात्म पदार्थको अभाव भएपछि जो शेष रहन्छ त्यो तत्त्व आकाश भन्दा पनि सूक्ष्म, निर्मल, अनन्त, परम शून्यरूप हुन्छ । मुमुक्षुजनको ज्ञानप्राप्तिको उपायको रूपमा ब्रह्मा, विष्णु, रुद्र, इन्द्र, लोकपाल, पण्डित, पुराण, वेदशास्त्र र सिद्धान्त बनेका छन् तिनमा शास्त्रले चैतन्य, ब्रह्म, शिव, आत्मा परमात्मा, ईश्वर, सत्, चित्, आनन्द आदि अनेक संज्ञा बताएको छ, तर ज्ञानवान्मा त कुनै भेद छैन ।

वसिष्ठको प्रश्न - हे भगवन् ! यो सब जगत् अविद्यमान भएर पनि विद्यमान झैं स्थित छ, यो कसरी भयो ?

उत्तरमा महादेवले भन्नु भयो, हे मुनीश्वर ! जो ब्रह्म आदि नामले कहिएको छ त्यो केवल शुद्ध संविन्मात्र र आकाश भन्दा पनि सूक्ष्म छ, उसमा जब वेदनाशक्ति फुर्छ तब त्यसको नाम चेतन हुन्छ र फेरि अहंभावमा प्राप्त हुन्छ । आफूलाई अहंरूपमा मानेपछि देश, काल, आकाश आदि देख्छ । यसरी चेतनकला जीवावस्थामा प्राप्त भएर जगत् संबन्धी वासना बनाउछ । जीवभाव प्राप्त भएपछि बुद्धि निश्चयात्मक भएर शब्द र क्रियाको ज्ञानले संयुक्त हुन्छ, अनि संकल्पको बीज मन पैदाहुन्छ । यसप्रकार अन्तवाहक शरीरमा अहंरूपले ब्रह्मसत्ता स्थित हुन्छ । फेरि वायुसत्ता

स्पन्दित भएर स्पर्शसत्ता त्वगिन्द्रिय प्रकट हुन्छ । यसैगरी तेजसत्ताको प्रकाशबाट नेत्रसत्ता, जलसत्ताबाट स्वादरूप रससत्ता र त्यसबाट रसनेन्द्रिय प्रकट भयो । फेरि गन्धसत्ताबाट पृथिवी र त्यसबाट घ्राणसत्ता र उसबाट घ्राणेन्द्रिय भयो । फेरि देशसत्ता, कालसत्ता र सर्वसत्ता प्रकट भयो । यी सबलाई एकठ्ठा गरेर पुर्यष्टकको आश्रय अहंसत्ता प्रकट भयो । यसलाई अन्तवाहक शरीर भन्छन् । यी सबको आश्रय ब्रह्मसत्ता नै हो । वास्तवमा केही उत्पन्न भएको छैन, केवल ब्रह्मसत्ता आफू आफैमा स्थित छ ।

हे मुनीश्वर ! संवित्मा स्फुरणवशात् संवेदनरूप जो पृथक्सत्ता भासेको छ त्यसलाई निःस्पन्द गरेर स्वरूपलाई जानेपछि त्यो संवेदन नष्ट भइहाल्छ । जस्तो संकल्पको अभावबाट संकल्पनगरको अभाव हुन्छ त्यस्तो आत्माको ज्ञान भएपछि संवेदनको अभाव भइहाल्छ । वास्तवमा संवित् देखि भिन्न सत्ता संवेदनको छैन । अणुमात्र चैतन्यसत्तामा भावनावशात् स्थूल देह खडा भएको छ जस्तो भावनाले स्वप्नमा स्वप्ननगर खडा हुन्छ । भावनाले नै पदार्थहरू भासित भएका छन् । प्रत्यक्ष देखिए तापनि वास्तवमा अविद्यमान छ, प्रमादले गर्दा विद्यमान बुद्धि भएको हो । मृगतृष्णाको जल झैं वासनाले गर्दा अविद्यमान (असत्य) भएर पनि यो जगत् विद्यमान (सत्य) झैं प्रतीत हुन्छ । वास्तवमा यो सब जगत् असत्य भएको हुनाले उसमा वासना, वासक र वास्यरूप त्रिपुटी मिथ्या हो । वासनाको अभाव भए पदार्थको अभाव हुन्छ र केवल आत्मतत्त्व शेष रहन्छ ।

यो जगत् भ्रममात्र हो, वास्तवमा केही छैन । अज्ञानले यो भासित भएको छ, आत्मविचारबाट यसको अभाव भइहाल्छ । जस्तो भ्रमले आकाशमा नीलता र दुई चन्द्रमा भासित हुन्छन् त्यस्तो अज्ञानले आत्मामा देह भासित हुन्छ । जसको देहबुद्धि छ त्यो हाम्रो उपदेशको पात्र हुँदैन । जसमा विचार, वैराग्य, कोमलता - यी गुण छैनन् त्यसलाई उपदेश गर्नु सुन्दरी कन्यालाई नपुंसकका साथ विवाह गरिदिने इच्छा झैं निष्फल हुन्छ ।

(४१) परमार्थविचार, ईश्वरोपाख्यान-समाप्ति

आदिमा जो जीव उत्पन्न भएर आफूमा देहभ्रम देख्यो र त्यसपछि कसरी स्थित भयो, सुन्न पाऊँ भनी वसिष्ठले जिज्ञासा गर्दा ईश्वरबाट आज्ञा भयो । हे मुनीश्वर ! जो आदि जीव प्रकट भएर प्रमादमा प्राप्त भएको छैन र स्वरूपमा नै अहंप्रत्यय रहेको छ त्यो ईश्वर भएर स्थित भयो । उसको यस्तो निश्चय भयो कि म सनातन, नित्य, सत्य, शुद्ध, परमानन्द अव्यक्तरूप परमपुरुष हुँ । उसलाई आत्माको अपेक्षाले जीव र सृष्टिको अपेक्षाले ईश्वर भनेको छ । जो आदि जीव छ त्यो कहिले विष्णुरूप भएर नाभिकमलबाट ब्रह्मालाई उत्पन्न गर्छ । कुनै सृष्टिमा पहिले ब्रह्मा भएर तिनबाट विष्णु र रुद्र उत्पन्न भए । कुनै सृष्टिमा पहिले रुद्र भएर उनबाट विष्णु र ब्रह्मा उत्पन्न भए । चैतन्यरूप आकाशमा जस्तो जस्तो संकल्प प्रकट भयो त्यस्तो त्यस्तो नै भएर स्थित भएको छ । आदि जीवले जस्तो संकल्प गर्‍यो त्यस्तै भएर यो जगत् स्थित छ । वास्तवमा सब असद्रूप हो, अज्ञानरूप भ्रमले सद्रूप भएर भासित भएको छ । आदि पुरुषदेखि लिएर सम्पूर्ण सृष्टि परमाकाशको एक निमेषमा उत्पन्न हुन्छ र एक उन्मेषमा लय पनि हुन्छ । एक निमेषको

प्रमादमा कल्पका समूह व्यतीत हुन्छन् । परमाणु-परमाणुमा सृष्टि प्रकट हुन्छन् र कल्प, महाकल्प भासित हुन्छन् । यसरी परमात्माको स्पन्दकलामा चमत्कारपूर्ण अनन्त सृष्टि उत्पन्न भएका छन् । जब स्पन्दकला स्वरूपतिर आउँछ तब सारा सृष्टि उसैमा लीन भइहाल्छ जस्तो स्वप्नको पर्वत जागेपछि आफैमा लीन हुन्छ ।

हे मुनीश्वर ! जीव-जीव प्रति आआफना सृष्टि छन् तिनलाई कुनै देश या कालले रोकन सक्तैन । सब आआफना संकल्पमा स्थित छन्, यो सब आत्माको चमत्कार हो । जस्तो स्फुरण हुन्छ त्यस्तै चमत्कार भासित हुन्छ । यो जगत् मायामात्र हो र भावनाले भासित हुन्छ । जब आत्माको अभ्यास हुन्छ तब भेदकल्पना मेटिन्छ र केवल उपशमरूप शिवतत्त्व भासित हुन्छ । हे मुनिवर ! जो कुछ तिमीले सोधेका थियौ त्यो मैले बताएँ । यसमा चित्त लगाउनाले तिम्रो कल्याण हुनेछ । अब हामी वाञ्छित स्थानतिर जान्छौं । शिवजीले यति भनेपछि मबाट अर्घ्य-पाद्यले उनको पूजा भयो । त्यसपछि भगवान् शंकर पार्वती र गणका साथ आकाशमार्गले प्रस्थान गर्नुभयो । अनि म कुशासनमा बसेर उनको उपदेशको मनमा विचार गर्न लागें ।

(४२) विश्रान्ति-आगमन

वसिष्ठले भन्नुभो, हे राम ! जो कुछ ईश्वरले बताउनुभयो त्यो मैले जानेकै थिएँ र तिमीले पनि जानेका छौ । यो मायारूप जगत्मा केलाई सत् भनौं र केलाई असत् भनौं ? जस्तो जलमा द्रवता, पवनमा स्पन्दता र आकाशमा शून्यता रहन्छ त्यस्तो आत्मामा जगत् छ । जो कुछ प्राप्त छ, त्यसैबाट देवार्चन गर्छु, त्यसैले म निर्वासनिक छु र जगत्को क्रियामा निर्दु:ख भएर चेष्टा गर्छु । बाहिर व्यवहार गरेको देखिए तापनि भित्र शान्तरूपले रहेको छु र यथाप्राप्त आचाररूपी फूलले आत्मदेवको अर्चना गर्छु । मलाई कुनै छेद-भेद भास्तैन ।

हे राम ! तिमी पनि यही दृष्टिको आश्रय गरेर संसाररूपी वनमा नि:सङ्ग भएर विचरण गर, तिमीलाई खेद प्राप्त हुनेछैन । जसको वृत्ति समान भएको छ उसको चाहे महान् कष्ट प्राप्त होस् वा धन र बान्धवको वियोग होस् तापनि खेद हुँदैन । संसारमा यी सुख-दु:खका प्रवाह आउने जाने गरिरहन्छन्, यिनमा आस्था राखेर संतप्त हुनु बुद्धिमान्को काम होइन ।

हे राम ! यो सब जगत् तिमी नै हौ र तिमी नै जगत्रूप हौ । जब सब कुछ तिमी नै हौ तब केको लागि हर्ष या शोकले युक्त हुन्छौ ? यही दृष्टिलाई आश्रय गरेर जगत्मा सुषुप्त भएर विचरण गर तब सम र प्रकाशरूप तुरीयातीत अवस्थामा प्राप्त हुनेछौ । हे राम ! जो कुछ बताउनुपर्ने थियो त्यो मैले तिमीलाई बताएँ, अब जस्तो इच्छा छ त्यस्तै गर । पहिले तिमीले प्रश्न गरेका थियौ कि अनन्तरूप ब्रह्ममा कलनारूप कलङ्क कसरी प्राप्त भयो ? अब त्यसबारे प्रश्न गर, म उत्तर दिन्छु ।

रामले भने, हे ब्रह्मन् ! अब मलाई कुनै संशय छैन, मेरा सबै संशय नष्ट भए । जो कुछ जान्नुपर्ने थियो त्यो मैले जानें । अब म परम अकृत्रिम तृप्तिमा प्राप्त भएको छु । आत्मामा न मल छ, न द्वैत छ र न एक आदि कल्पना छ । पहिले ममा अज्ञान थियो तब प्रश्न गरेको थिएँ । अब

तपाईंको वचनबाट मेरो अज्ञान नष्ट भयो, कुनै दोष भासित हुँदैन । आत्माको न जन्म छ, न मरण छ । सब ब्रह्म नै हो । संशय भए प्रश्न हुने हो, मेरो संशय नष्ट भइसक्यो । जस्तो यन्त्रपुतली नचलाएपछि अचल हुन्छ त्यस्तो संशयरहित मेरो मन अचल भएको छ । सारको पनि सार मलाई प्राप्त भयो । सुमेरु झैं अचल भएको छु, कुनै क्षोभ छैन । मेरो लागि त्याग र ग्रहणको योग्य कुनै पदार्थ छैन । मेरो इच्छा वा अनिच्छा केही छैन, शान्तरूपमा स्थित भएको छु । मलाई न स्वर्गको इच्छा छ, न नरकसित द्वेष छ । सर्वत्र ब्रह्मरूप नै भासित भएको छ ।

जसको अवस्तुमा वस्तुबुद्धि हुन्छ र हृदयमा कलना छ ऊ पदार्थमा ग्रहण-त्याग बुद्धि लिन्छ र दीनतामा प्राप्त हुन्छ । म अहिले राग-द्वेषरूपी लहरी र शुभाशुभरूप जलजन्तुले आकुल भएको भयानक संसारसमुद्रको पार भएको छु र परम शान्त अभेदसत्ता प्राप्त भएको छ । आशारूपी हात्तीलाई सिंह बनेर मैले मारिसकें । आत्मादेखि भिन्न केही देखदिन । त्रिलोकीमा सर्वत्र मेरो जय छ । म सदा उदितरूप हुँ ।

(४३) चित्तसत्तासूचन

वसिष्ठले भन्नुभयो, हे राम ! क्षणिक विषयसुखमा भुलनु बुद्धिमान्को योग्य होइन । देहादिमा अहंभाव भएपछि अनेक अनर्थ उपस्थित हुन्छन् । आत्मज्ञानरूपी पर्वतमा चढेर फेरि अहं अभिमानरूप खाडलमा गिरनु महामूर्खता हो । जब इच्छारहित भएर दृश्यभावलाई त्याग्दछौ तब सम र शान्तरूप आफ्नो स्वभावसत्तामा प्राप्त हुन्छौ, यसबाट सारा विकल्पजाल मेटिन्छन् र समुद्र झैं पूर्णताको अनुभव गर्छौ ।

आत्माको अज्ञान नै बन्धन हो र ज्ञान नै मुक्ति हो । मुक्तिको लागि विषबराबर जानेर चित्तको त्याग गर । आत्मतत्त्व आकाश झैं निर्मल र वासनाले रहित छ । जो वासनारहित भएर कर्म गर्छ त्यो विकारभावमा प्राप्त हुँदैन । वासनासहित प्राणको उदय भए जगत्को उदय हुन्छ । जब वासनारहित भएर प्राणको लय हुन्छ तब जगत्को पनि लय भइहाल्छ । जस्तो धूलो उडेर बादलको रूप लिन्छ त्यस्तो चित्तको चिताउनुमा जगत् स्थित छ । जब वासना शान्त हुन्छ र प्राणको निरोध हुन्छ तब चित्त अचित्त हुन्छ र जीव परम पदमा प्राप्त हुन्छ । चित्तरहित सुख नै अकृत्रिम सुख हो । दृश्य र दर्शनको बीचमा जो एकान्त सुखरूप संवित्तत्त्व विद्यमान छ त्यसको साक्षात्कार भएपछि मन क्षीण हुन्छ । जहाँ चित्त छैन त्यहाँ अकृत्रिम सुख छ । ज्ञानद्वारा जब चित्त अचित्त हुन्छ तब जड जगत् भासित हुँदैन, सर्वत्र ब्रह्मसत्ता नै भासित हुन्छ । तल, माथि र बीचमा सर्वत्र ब्रह्मसत्ता नै विद्यमान छ । त्यसकारण अनेकताको भ्रम भए तापनि सर्वात्मा ब्रह्मसत्ता नै छ, अरू चित्त आदि केही छैन ।

(४४) बिल्वोपाख्यान

वसिष्ठले भन्नुभयो, हे राम ! अब एक अपूर्व बोधकारक दृष्टान्त सुन । एउटा बेलको फल छ जो अनन्त योजनपर्यन्त विस्तृत छ । अनन्त युग बिते, तैपनि त्यो जर्जर हुँदैन । त्यो अनादि छ, उसमा अविनाशी रस विद्यमान छ । महाप्रलयको वायुले सारा उडाउँदा पनि त्यो अचल भएर नै

रहेको छ। पर्वतको अगाडि रायोको दाना झैं उसको अगाडि ब्रह्माण्ड सूक्ष्म र तुच्छ हुन्छ। ब्रह्मा, विष्णु, रुद्र आदि पनि उसको आदि, मध्य र अन्त जान्न सक्तैनन्। त्यो रसपूर्ण बिल्वफल कहिले पनि खस्तैन, त्यो पुरातन छ। त्यो सदा अचल छ र कहिले पनि विकारभावमा प्राप्त हुँदैन। त्यो चन्द्रमा झैं शीतल र सुन्दर छ। त्यसमा ज्ञानरूपी रस विद्यमान छ। त्यो रस आफैं पिउँछ र अरूलाई पनि दिन्छ। त्यो एक भएर पनि अनेकरूपमा भासित हुन्छ। त्यसमा स्पन्दरूपी रस भरिएको छ। त्यसको स्पन्दन (स्फुरण) वा चिताउनुबाट देश, काल, वस्तु, विद्या, अविद्या आदि कलनाजाल खडा भएको छ। त्यो बेल हो आत्मा। त्यसमा अनुभवरूपी रस छ। त्यो आफैंमा स्थित छ र नित्य शान्तरूप छ। त्यसलाई जानेपछि पुरुष कृतकृत्य हुन्छ।

(४५) शिलाकोशोपदेश

रामले भने, हे भगवन्! महाचिद्घनरूप बेलको कथा सुनें। चैतन्य नै अहं त्वं आदि जगत्रूपले भासेको छ, अल्प पनि भेद छैन। वसिष्ठले भन्नु भयो, हे राम! अब अर्को आश्चर्यकारी आख्यान सुन। चैतन्यरूपी मरिचको बीजमा जगत्को चमत्काररूपी तीक्ष्णता विद्यमान छ, त्यो चैतन्यशिला (ब्रह्मशिला) निर्मल एवं भित्र अमिश्रित छ। प्रकाशयुक्त महासुन्दर त्यो शिला शीतल स्पर्शवाला, विशाल, महानीरन्ध्र र घनरूप छ। त्यसमा तल-माथि मुख भएका अनेक शाखायुक्त कमल (लोक) उत्पन्न हुन्छन्। रामले भने, कृष्णा गण्डकीको जलभित्र विद्यमान विष्णुको मूर्ति शालग्रामशिला मैले पनि देखेकोछु। वसिष्ठले भन्नुभयो, हे राम! यस्तो शिला तिमीले जानेका छौ र देखेका पनि छौ, परन्तु जुन शिला मैले बताउन लागेको छु त्यो अपूर्व शिला हो। उसको भित्र ब्रह्माण्डसमूह छन् तर केही पनि छैन। त्यस चैतन्यशिलामा सम्पूर्ण ब्रह्माण्ड अडेका छन्। आकाश, पृथिवी, पर्वत, देश, नदी, समुद्र आदि जगत् त्यो शिलाको भित्र स्थित छ। जस्तो शिलामा रचेको कमल शिलारूप नै हुन्छ, शिलादेखि भिन्न हुँदैन त्यस्तै यो जगत् आत्मरूपी शिलामा विद्यमान छ र आत्मादेखि भिन्न छैन। भूत, भविष्यत् र वर्तमान तीन काल त्यस शिलाका पुतली हुन्। जस्तो शिल्पीले पुतलीको कल्पना गर्छ त्यस्तो मनोरूप शिल्पीले जगत्को कल्पना गरेको छ। जस्तो शिलामा कोरेको कमलको रेखा शिलादेखि भिन्न हुँदैन त्यस्तो यो जगत् आत्मारूपी शिलामा कल्पना गरिएको पुतलीसमान हो, आत्मादेखि भिन्न होइन। शिलामा बनेका जुन पुतलीहरू छन् तिनको उदय-अस्त छैन, शिलामात्र जस्ताको तस्तो छ त्यस्तो आत्मामा जगत्को उदय र अस्त छैन, केवल चैतन्यघन आत्मा विद्यमान छ। अज्ञानले आत्मामा द्वैतको कल्पना हुन्छ, बोध भएपछि द्वैतजगत् आत्मामा विलीन भइहाल्छ र परम शान्तरूप आत्मा विद्यमान रहन्छ।

चैतन्य आत्मा अनन्तरूप छ उसमा कुनै विकार र कल्पना छैन, तर अज्ञानले कल्पना उदित हुन्छ र ज्ञानले विलीन हुन्छ। विकार ब्रह्मबाट नै उत्पन्न हुन्छ र ब्रह्ममा नै स्थित छ, तर वास्तवमा केही छैन, सब आभासमात्र हो। जस्तो बीजबाट शाखा, पत्र, पुष्प र फलको विस्तार हुन्छ र बीजसत्ता सबैमा मिलेको छ, अतः बीज देखि भिन्न होइन त्यस्तो चिद्घन आत्माको भित्र

जगत्को जो विस्तार छ त्यो आत्मादेखि भिन्न होइन । जगत् र आत्मामा कुनै भेद छैन । जस्तो शिलामा भिन्न भिन्न विषममूर्तिहरू हुन्छन्, तर आधाररूप शिला उही छ त्यस्तो आत्मामा भिन्न भिन्न विषम जगत् भास्तछ तर उसमा चैतन्यरूप आधार अभिन्न नै छ । आत्मामा धेरै विकार देखिन्छन् तापनि वास्तवमा आत्मा सुषुप्तवत् विकाररहित नै छ । स्फुरणरहित चैतन्यरूप शिला नित्य शान्त चिद्घनरूप सत्ता हो, उसैमा जगत् कल्पित हुन्छ, तर अधिष्ठान सत्ता सर्वदा शान्तरूप छ उसमा कदापि भेद छैन । जस्तो जलमा तरङ्ग र सुवर्णमा भूषण अभिन्नरूप हो त्यस्तो आत्मामा जगत् अभिन्नरूप छ ।

(४६) ब्रह्मसत्ता–उपदेश

वसिष्ठले भन्नुभयो - हे राम ! सम्पूर्ण जगत् संकल्पमात्र हो, जस्तो जस्तो स्फुरण दृढ हुन्छ त्यस्तो त्यस्तो जगत् आत्मसत्तामा आश्रित भएर भासित हुन्छ । जस्तो शिलामा रेखा कोरेर अनेक चित्र बनाइन्छन् ती चित्र शिलारूप नै हुन् त्यस्तो आत्मामा जगत् अनन्यरूप छ । जस्तो शाखा र वृक्षमा कुनै भेद छैन त्यस्तै ब्रह्म र जगत्मा कुनै भेद छैन - ब्रह्म नै जगत् हो र जगत् नै ब्रह्म हो । ब्रह्ममा भाव, अभाव या भेदकल्पना कुनै छैन । ब्रह्मसत्ता नै सर्वत्र प्रकाशित छ । ब्रह्म नै जगत्रूप भएर देखिन्छ । जस्तो मयूरको अण्डा भित्र अनेक रङ० विद्यमान छन् जब अण्डा फुट्छ र वच्चा निक्लन्छ तब अनेक रङ० देखनमा आउँछन् त्यस्तो एक आत्मा नै अनेक रूपले जगत्को आकारमा भासित हुन्छ । उत्पन्न न भईकन पनि अज्ञानीको हृदयमा नानात्वयुक्त जगत् स्थित छ, तर जो ज्ञानवान् छ ऊ एकरस ब्रह्मसत्ता नै सर्वत्र देख्छ । यस जगत्मा भिन्न भिन्न पदार्थ भासित भए तापनि एक ब्रह्मसत्ता नै विद्यमान छ, द्वैत केही पनि छैन ।

(४७) ब्रह्मैक्यप्रतिपादन

हे राम ! आत्मामा स्थित भएपछि जो सुख प्राप्त हुन्छ त्यो सुख स्वर्गमा पनि प्राप्त हुँदैन । आत्मसुखमा विश्रान्ति पाउनका निमित्त ऋषि, मुनि, सिद्ध र देवताहरू दृश्य दर्शन-संबन्धको चिन्तन छोडेर ब्रह्मात्मस्वरूपमा स्थित भएर बस्छन् । आत्मसुख नै उत्तम सुख हो । आफ्नो संवित्स्वरूपमा संवेदनको स्फुरण जसको निवृत्त भएको छ तिनको कुनै दृश्यको भावना हुँदैन, न कुनै कर्मले तिनलाई स्पर्श गर्छ, तिनको प्राण पनि निःस्पन्द हुन्छ, तिनीहरू चेत्यसंबन्धरहित भएर चित्रलिखित मूर्ति झैं निश्चल शान्तरूपमा स्थित हुन्छन् । चित्तको स्फुरणबाट संसारभ्रम भास्तछ, जब चित्तको स्फुरण मेटिन्छ तब परमशान्त अद्वैतरूप भएर स्थित हुन्छ । जस्तो सेना युद्ध गर्छन्, जीत-हार राजाको हुन्छ त्यस्तो चित्तको स्फुरणद्वारा आत्मामा बन्ध र मोक्ष हुन्छ । यद्यपि आत्मा सद्रूप तथा अच्युतरूप हो, तथापि अन्तःकरणद्वारा आत्मामा बन्धन र मोक्ष भासित हुन्छ ।

आत्मा न दृश्य हो, न उपदेशको विषय हो, न विस्ताररूप हो, न दूर छ, केवल चैतन्यरूप अनुभवस्वरूप छ । आत्मा देह, इन्द्रिय, गुण, चित्त वासना आदि केही पनि होइन । आत्मा न आकाश हो, उसमा देश, काल वस्तु छैन, ऊ अहं होइन । आत्मा शब्द भन्दा पर छ र केवल

अनुभवगम्य छ । उसको आदि, मध्य र अन्त छैन । उसलाई शस्त्रले काटन सक्तैन, अग्निले जलाउन सक्तैन, न जलले गलाउँछ, न वायुले सुकाउँछ, उसमा कसैको सामर्थ्य चल्दैन । चिद्रूप आत्माको जन्म, मरण केही छैन । देहरूपी घटको उत्पत्ति र विनाश बारंबार भइरहन्छ । आत्मारूपी आकाश सबैको भित्र र बाहिर अखण्ड र अविनाशीरूपले रहेको छ । अनेक घटमा एउटै आकाश स्थित भए झैं अनेक पदार्थमा एकै ब्रह्मसत्ता आत्मरूपले विद्यमान छ ।

हे रघुनन्दन ! जो कुछ स्थावर-जङ्गम ज़गत् देखिन्छ त्यो सब ब्रह्मरूप हो । ब्रह्म निर्धर्म, निर्गुण, निरवयव, निराकार, निर्मल, निर्विकार, आद्यन्तरहित, सम र शान्तरूप छ - यस दृष्टिलाई अवलम्बन गरेर स्थित होऊ, तब तिमीलाई कर्मले स्पर्श गर्नेछैन । देश, काल, जन्म-मरण आदि संसरणरूप संसार सब ब्रह्मरूप हो भन्ने दृष्टि लिएर विचरण गर ।

(४८) अविद्याको अविद्यमानता

रामले प्रश्न गरे, हे गुरुदेव ! ब्रह्ममा यदि कुनै विकार छैन भने भाव-अभावरूप जगत् कसरी भासित हुन्छ ? उत्तरमा वसिष्ठले भन्नुभो, हे राम ! जो वस्तु आफ्नो पूर्व रूपलाई त्यागेर विपरीत रूपमा प्राप्त हुन्छ र फेरि पूर्व रूपमा प्राप्त हुँदैन जस्तो दूध दही बनेपछि फेरि दूध बन्दैन अथवा बाल्यावस्था छोडेर यौवन अवस्था प्राप्त भएपछि फेरि बाल्यावस्था प्राप्त हुँदैन त्यसको नाम विकार हो । ब्रह्म आदि र अन्तमा पनि निर्विकार नै छ, मध्यमा जो कुछ विकार भासित हुन्छ त्यो मूलाज्ञान हो । वास्तबमा ब्रह्म तीनै कालमा निर्विकार छ । ब्रह्मसत्ता सदा अद्वैतरूप छ र आत्मानुभवद्वारा प्रकाशित हुन्छ । जो कदापि अन्यथारूपमा प्राप्त हुँदैन त्यसलाई कसरी विकार भन्ने ? ब्रह्मशब्दले निर्भेद आत्मालाई बुझाउँछ । आकाश र पवन पनि अन्यथा भावमा प्राप्त हुन्छ परन्तु आत्मतत्त्व कदापि अन्य भावमा प्राप्त हुँदैन, त्यो प्रकाशरूप एक नित्य निर्विकार ईश्वर हो र कहिले पनि भाव अभावरूप विकारमा प्राप्त हुँदैन ।

रामले सोधे, हे गुरुवर ! जब एक तत्त्वमात्र विद्यमान छ र ब्रह्म सर्वदा निर्मलरूप छ भने त्यस संविद् ब्रह्ममा यो अविद्या कहाँबाट आयो ? उत्तरमा वसिष्ठले भन्नुभयो, हे राम ! यो सब ब्रह्म हो, पहिले ब्रह्म नै थियो र पछि पनि ब्रह्म नै रहन्छ । त्यस निर्विकार आदि, मध्य र अन्तरहित ब्रह्ममा अविद्या कलिहे पनि रहेको छैन, यो निश्चित जान । उपदेशको निमित्त वाच्य-वाचक शब्दद्वारा ब्रह्म भनेको हो, उसमा अविद्या लेशमात्र पनि छैन । अहं, त्वं आदि जो जगत् भासित हुन्छ त्यो भ्रममात्र हो । अग्नि, वायु आदि सब ब्रह्मसत्ता नै हो, उसमा अविद्या छैन । जसको नाम नै अविद्या हो त्यसलाई भ्रममात्र र असत् भनेर जान, जो विद्यमान नै छैन त्यसको नाम पो के लिने ?

फेरि रामले प्रश्न गरे, हे गुरुजी ! उपशम प्रकरणमा अविद्या छ भन्नुभएको थियो, अहिले आएर अविद्या छैन भन्नुहुन्छ, यथार्थ कुरा के हो ? वसिष्ठले भन्नुभयो, हे राम ! पहिले तिमी अप्रबुद्ध थियौ, त्यसैले जगाउनको लागि युक्ति कल्पना गरेर अविद्या छ भनेको थिएँ । अहिले तिमी प्रबुद्ध भएका छौ, त्यसैले अविद्या विद्यमान वस्तु होइन भनेको हुँ ।

हे राम ! अविद्या, जीव र जगत् आदिको क्रम अप्रबुद्धलाई जगाउन वेदवादीहरूले वर्णन गरेका छन् । जहाँसम्म मन अप्रबुद्ध रहन्छ त्यहाँसम्म अविद्याको भ्रम बनिरहन्छ र युक्ति विना अन्य उपायबाट बोध प्राप्त हुँदैन । जस्तो युक्तिरूपी दीपकबाट अन्धकार दूर हुन्छ अन्य बलपूर्वक यत्नबाट निवृत्त हुँदैन त्यस्तो युक्ति विना अन्य यत्नले अज्ञान-निद्रा निवृत्त हुँदैन । अप्रबुद्धलाई 'सब ब्रह्म हो' भन्ने यस्तो सर्वब्रह्म सिद्धान्तको उपदेश गरिन्छ भने त्यो व्यर्थ हुन जान्छ । जस्तो दु:खी मानिसले भित्ताको अगाडि गएर दु:खको कहानी बताउनु व्यर्थ हुन्छ त्यस्तो अप्रबुद्धलाई सर्वब्रह्मको उपदेश दिनु व्यर्थ हुन्छ । मूर्ख युक्तिले मात्र जाग्छ । बोधवान्लाई प्रत्यक्ष तत्त्वको उपदेश हुन्छ । हे राम ! अब तिमी त्रिजगत् र अहं त्वं आदि सब ब्रह्म हो, कुनै द्वैत कल्पना छैन - यस्तो धारणा गर । त्यसपछि इच्छानुसार विचरण गर, तिमीमा दृशयको संवेदन हुनेछैन र सदा आत्मामा स्थित रहनेछौ, कुनै कर्मद्वारा लिप्त हुनेछैनौ ।

सदा प्रकाशमान चैतन्यतत्त्व अहंरूपले स्फुरित भइरहेको छ । यो अनुभवस्वरूप आत्मामा स्थित भएर हिंड, डुल, खान, पान आदि चेष्टा गर । बोध भएपछि अहंममभाव निवृत्त हुन्छ । सबै प्राणीमा शान्तरूप एक परब्रह्म विद्यमान छ भनी देख । भेद केही पनि छैन । अज्ञानले भेद देखिन्छ र ज्ञानले नष्ट हुन्छ । जो कुछ द्वैत भ्रम छ त्यो अबोधबाट उत्पन्न हुन्छ र बोधले नष्ट हुन्छ । परमार्थसार आत्माको भावना गर, तब संसार-भ्रमबाट मुक्त हुनेछौ ।

(४९) संवेदनविचार (पुर्यष्टक-उत्पत्ति)

रामले प्रश्न गरे, हे मुनीश्वर ! मैले जान्न योग्य कुरा जानें र देखन योग्य देखें । अब म तपाईंको ज्ञानामृतको सेचनबाट परमपदमा पूर्णरूपले स्थित भएको छु । मेरो अनुभव यस्तो भयो कि पूर्णले नै यो सारा विश्व पूर्ण गरेको छ, पूर्णद्वारा पूर्ण प्रतीत हुन्छ र पूर्णमा पूर्ण स्थित छ, द्वैत केही छैन । यस्तो जानेर पनि लीला र बोधको वृद्धिको निमित्त प्रश्न गर्छु । जस्तो बालक पितासँग प्रश्न गरिरहन्छ, तर पिता रुष्ट हुनुहुन्न त्यस्तो म पनि गुरुदेवसँग प्रश्न गरिरहन्छु । हे मुनीश्वर ! श्रवणादि पाँच इन्द्रिय प्रत्यक्ष देखिन्छन् तर मृत्युपछि किन काम गर्दैनन् र जीवित अवस्थामा कसरी विषयको ग्रहण गर्छन् ? बाहिर यी (इन्द्रिय) जड छन् र लौहशलाका झैं भिन्न छन्, फेरि एकत्र भएर भित्र आत्मामा म देखछु, म सुन्छु इत्यादि रूपले अनुभव कसरी हुन्छ ? सामान्यरूपले जाने तापनि विशेषरूपले जान्न चाहन्छु ।

वसिष्ठले भन्नुभो, हे रामजी ! इन्द्रिय, चित्त र घट, पट आदि पदार्थ निर्मल चैतन्यरूप आत्मादेखि भिन्न छैनन् । आत्मतत्त्व आकाश भन्दा पनि सूक्ष्म र स्वच्छ छ । चैतन्यतत्त्वबाट जब पुर्यष्टक (चित्त) को भावना हुन्छ तब चित्तबाट इन्द्रिय गण उत्पन्न हुन्छन् । चिन्तनको घटनाबाट नै चैतन्य पुर्यष्टकभावमा प्राप्त हुन्छ । आद्यन्तरहित ब्रह्म नै सबको बीजरूप हो । ब्रह्मतत्त्व जब कलनाको संमुख (चेत्योन्मुख) भयो तब त्यसको नाम जीव हुनगयो । जब जीवले देहको ग्रहण गर्‍यो तब अहंभाव (अहंकार) बन्यो । अनि त्यस अहंको मननबाट मन र निश्चयबाट बुद्धि बन्यो । पदार्थको ग्रहणको लागि जब इन्द्रियको भावना भयो तब इन्द्रिय बने । यसै गरी भावनाबाट नै देह

र घटपटादि सम्पूर्ण पदार्थ बने । जस्तो जस्तो भावना हुँदै गयो त्यस्ता त्यस्ता पदार्थ बन्दै गए । जसको यस्तो भावना गर्ने स्वभाव छ त्यसलाई पुर्यष्टक भनेको छ अर्थात् चैतन्यसंबलित चित्त नै पुर्यष्टक हो । चैतन्यतत्त्वमा विर्ययरूप दृश्यको भावना हुन्छ र कर्तृत्व, भोक्तृत्व, सुख, दुःखको भावना र अभिमानले जीव हुन गएको छ ।

फेरि भावनाले जस्तो जस्तो आकार लिन्छ त्यस्तो त्यस्तो वासना बन्दैजान्छ । जस्तो जलको सेचन पाएको बीज अंकुर, पत्र, शाखा, पुष्प र फलमा परिणत हुन्छ त्यस्तो वासनायुक्त जीव स्वरूपको प्रमादले महाभ्रमजालमा पर्छ र आफूलाई मनुष्य, देवता या स्थावररूपले जान्दछ किन्तु चिदात्मा भनी जान्दैन । जस्तो समुद्रमा आएको काठ तरङ्गले तल-माथि गरिरहन्छ त्यस्तो वासनावश जीव ऊच-नीच योनिमा घुमिरहन्छ । जब विचार र अभ्यासद्वारा आत्मबोध प्राप्त हुन्छ तब संसार-बन्धनबाट मुक्त भएर आद्यन्तरहित आत्मपद प्राप्त हुन्छ । मनसहित षडिन्द्रियका साथ संबन्ध भएपछि विषयको ग्रहण हुन्छ अर्थात् यिनमा स्थित भएर जीवकला विषयको ग्रहण गर्छ । इन्द्रिय भिन्न भिन्न भए तापनि जीवकला अहंकाररूपी सूत्रले एकत्र गर्छ र म देखछु, सुन्छु, सुँघ्छु यस्ता अभिमानपूर्वक विषयग्रहण गर्छ ।

देह, इन्द्रिय र मनजड भए तापनि आत्माको सत्ता पाएर आ-आफ्नो विषय ग्रहण गर्छन् । जहाँसम्म देहमा पुर्यष्टक रहन्छ त्यहाँसम्म इन्द्रियबाट विषयको ग्रहण हुन्छ । जब देहबाट पुर्यष्टक निक्लन्छ तब (मृत शरीरमा) इन्द्रिय देखिए तापनि तिनबाट विषयको ग्रहण हुँदैन । जस्तो घरमा बत्ती राखने ठाउँ हुन्छ त्यस्तो श्रोत्र, नेत्र आदि प्वाल इन्द्रिय होइनन्, किन्तु इन्द्रियको बसने स्थानमात्र हुन्, इन्द्रिय त सूक्ष्म तन्मात्रारूप हो । जस्तो दुइटा कुण्ड छन्, यौटामा पानी छ अर्कोमा छैन, सूर्यको प्रकाश दुवैमा समान छ तापनि जल भएकोमा प्रतिबिम्ब पर्छ जल नभएकोमा पर्दैन, जब त्यस कुण्डबाट पनि पानी निक्लन्छ तब त्यसमा सूर्यको प्रतिबिम्ब पर्दैन त्यस्तो शरीरमा अन्तःकरणरूप पुर्यष्टक भएसम्म आत्माको प्रतिबिम्ब पर्छ र इन्द्रियबाट विषयको ग्रहण हुन्छ । पुर्यष्टक निक्लेपछि शरीर जड भइहाल्छ तब विषयको ग्रहण पनि हुँदैन । हे राम ! समुद्रबाट तरङ्ग निक्ले झैं सर्गको आदिमा आत्माबाट अहं मम आदि दृश्य निक्लेका हुन् । वास्तवमा देश, काल, क्रिया आदि केही छैन, यस्तो जानेर संसारका सुख, दुःख, हर्ष, शोक, राग, द्वेषले रहित भएर विचरण गर तब तिमी मायाजालबाट मुक्त हुनेछौ ।

(५०) यथार्थोपदेश

वसिष्ठले भन्नुभयो, हे राम ! आदि ब्रह्माको उत्पत्तिको विषयमा पहिले पनि भनिसकियो । जसरी आदि जीव पुर्यष्टकरूप ब्रह्मा उत्पन्न भए त्यसैगरी अरू जीव पनि उत्पन्न भए । जीवले पुर्यष्टकमा स्थित भएर जस्तो जस्तो भावना गर्दै गयो त्यस्तो त्यस्तो नै संसार, मन, इन्द्रिय उत्पन्न भएर आ-आफ्नो विषय ग्रहण गर्न लागे । वास्तवमा इन्द्रिय पनि केही वस्तु होइनन्, सब आत्माको आभासले भासित भएका हुन् । सबै संवेदनबाट उत्पन्न भएका छन् । शुद्ध संवित् सत्तामात्रबाट जो अहंको उन्मेष भयो त्यो नै संवेदन हो । त्यही संवेदन जीवरूप पुर्यष्टक भावमा प्राप्त भएर बुद्धि, मन र पञ्चतन्मात्रा उत्पन्न गरीकन आफैं त्यसमा स्थित भएको छ त्यसैलाई पुर्यष्टक भन्छन् ।

यो पुर्यष्टक पनि स्पन्दनबाट नै उत्पन्न भएको हो। वास्तवमा आत्मादेखि भिन्न कुनै द्वैत वस्तु छैन। आत्मा एक होइन र अनेक पनि होइन किन्तु निरामय संविन्मात्र तत्त्व हो। संवेदन पनि आत्मादेखि भिन्न छैन। आत्माबाट जीव उत्पन्न भयो भनेको पनि उपदेशको निमित्त हो। आत्मा मन र इन्द्रियदेखि अतीत अचेत्य (चित्तरहित) चिन्मात्र हो।

जीव वासनारूपी कलङ्कले घेरिएको छ र देहरूपी मन्दिरमा बसेर अनेक भ्रमरूप दृश्य देख्छ। बालकले छायाँमा भूतको कल्पना गरे झैं पुर्यष्टकमा स्थित भएर जीवले जस्तो भावना गऱ्यो त्यस्तै भासित हुन लाग्यो। बुद्धि, मन, अहंकार र पञ्चतन्मात्रालाई पुर्यष्टक भनेको छ। जीव जाग्रत् र स्वप्नमा घुमिरहन्छ, जाग्रत् भन्नु पनि स्वप्नरूप नै हो। दुवै अवस्थामा स्थावर र जङ्गमको रूपमा जीव भटकिहन्छ। तामसी वासना घनीभूत भएर पत्थर वृक्ष आदि स्थावर बन्यो त्यो सुषुप्तिरूप हो र त्यसदेखि भिन्न जङ्गम पदार्थ विक्षेपरूप स्वप्नावस्था हो। यसरी जीव कहिले विक्षेपरूप जङ्गम स्वप्नावस्थामा र कहिले सुषुप्तिरूप स्थावर अवस्थामा प्राप्त हुन्छ। जब बोध हुन्छ तब जाग्रत् अवस्था प्राप्त हुन्छ। जाग्रत् अवस्था दुई प्रकारको हुन्छ - (१) लयविक्षेपरहित चेतन अवस्था र (२) स्वप्नरूप मनोराज्य। यौटा जीवन्मुक्ति जाग्रत् र अर्को विदेहमुक्ति। जीवन्मुक्ति तुरीयरूप र विदेहमुक्ति तुरीयातीत हो।

जीवको स्वरूपको प्रमादले सृष्टि भासित हुन्छ र सत् जस्तो लाग्छ। यसबाट नानाप्रकार विश्व प्रतीत हुन्छ र नानाप्रकार वासना बन्छ। वासनाले जीव बन्धनमा पर्छ। जब वासनाको क्षय हुन्छ तब मुक्ति मिल्छ। मोहरूप घनीभूत वासनाको नाम सुषुप्ति या जड अवस्था हो र क्षीण वासना स्वप्नरूप हो। जब स्वरूपको साक्षात्कार हुन्छ तब संसारको सत्यता नष्ट हुन्छ र फेरि वासना उठ्तैन। दृश्यमा सद्बुद्धि भएसम्म वासना उठिरहन्छ। जब जगत्को अत्यन्त अभाव हुन्छ तव वासना रहँदैन। घनीभूत वासनाबाट स्थावर अवस्था, मध्यम वासनाबाट पशु, पक्षी र सर्प आदि तिर्यक् योनि, क्षीण वासनाबाट मनुष्यादिको शरीर र नष्ट वासनाबाट मोक्ष प्राप्त हुन्छ। यो सब जगत् संकल्पले रचेको हो, साँचो होइन। ज्ञानवान्को ग्रहण र त्यागको अभिमान हुँदैन, भित्र र बाहिर चिदाकाशमात्र भासित हुन्छ। जस्तो समुद्रमा तरङ्ग र बुद्बुद देखिन्छन् तर सब जलमात्र हो त्यस्तै आत्मा जगत्रूप भएर भासित हुन्छ। यो जगत् चैतन्यसत्ताको चमत्कार हो, द्वैत केही छैन।

(५१) नारायणावतार

वसिष्ठले भन्नुभो, हे राम ! जसको स्वरूपमा स्थिति हुन्छ त्यो सदा निःसंग भएर विचरण गर्छ। जस्तै आगामी द्वापरयुगमा विष्णुको निःसंगताको उपदेशबाट पाण्डुपुत्र अर्जुन मुक्त एवं निःसंग भएर सुखपूर्वक विचरण गर्नेछन् त्यस्तै तिमी पनि स्वस्थ, सुखी एवं निःसंग भएर विचरण गर।

पाण्डुपुत्र अर्जुन कहिले हुनेछन् र उनलाई कसरी विष्णु भगवान्ले उपदेश-प्रदान गर्नु हुनेछ भन्ने रामको प्रश्नमा वसिष्ठले भन्नु भो, हे राम ! यो संसाररूपी नदीको प्रवाह अविच्छिन्न गतिमा चलिरहेको छ र क्षण क्षणमा नष्ट हुन्छ पनि। सूर्यपुत्र यमराज तेजस्वी लोकपाल छन्,

उनको काम जीवहरूलाई मार्नु र दण्ड दिनु हो । चारै युगमा कहिले सात वर्ष, कहिले आठ वर्ष, कहिले बाह्रवर्ष र कहिले सोह्र बर्ष सम्म जीवलाई नमार्ने नियम बनाएर यमराज उदासीन रहन्छन् । अब वैवस्वत मनुकोपालामा बाह्र वर्षपर्यन्त प्राणीहरूलाई नामार्ने नियम यमराजले राख्तछन् । जनसंख्याको अत्यधिक वृद्धि हुनेछ । जन्रघनत्वले बाटोमा हिंडन पनि मुस्किल हुनेछ । दुष्टहरूको दुराचार बढेर प्राणीहरूमा हाहाकार मच्चिनेछ । पृथ्वी दुःखी भएर विष्णुको शरणमा जानेछन् । नर र नारायणको रूपमा दुई देह धारण गरेर विष्णु भगवान्ले दुष्ट जीवहरूको विनाश र धर्ममार्गको रक्षा गर्नुहुनेछ । पृथिवीको भार उतारेर सन्मार्ग स्थापन गर्न भगवान् विष्णु वसुदेवको घरमा प्रकट भएर कृष्णनामले विख्यात हुनेछन् । अर्को देहले पाण्डुको घरमा धर्मपुत्र युधिष्ठिरका भाइ अर्जुननामले प्रकट भएर समुद्रपर्यन्त पृथिवीको राज्य गर्नेछन् । उनका काकाको छोराको नाम दुर्योधन हुनेछ । पाण्डुका युधिष्ठिर आदि पाँच पुत्र र धृतराष्ट्रका दुर्योधन आदि सय पुत्र हुनेछन् र कौरव नामले प्रख्यात हुनेछन् । दुर्योधनको अविसह्य दुष्ट व्यवहारले गर्दा कौरवका साथ पाण्डवको युद्ध हुनेछ । अठार अक्षौहिणी सेना एकत्र भएर भयानक युद्ध हुनेछ र गाण्डीव धनु लिएका अर्जुनले भीमसेन आदि भाइको सहायताले दुष्टहरूको निर्मूल गर्नेछन् । यस प्रकार भगवान् विष्णुले पृथ्वीको भार उतार्नुहुनेछ ।

युद्धको प्रारम्भमा भीष्म आदि मान्यजन, द्रोण आदि गुरुजन र अन्य संबन्धीहरूलाई युद्धरूप दावाग्निमा होमिन लागेको देखेर अर्जुनलाई व्यामोह हुनेछ, हातबाट गाण्डीवधनु भूमिमा गिर्नेछ । आतुर भएका अर्जुन श्रीकृष्णको शरण पर्नेछन् । यसरी युद्धको बीचमा मोहित भएका अर्जुनलाई भगवान् हरिबाट आत्मज्ञानको उपदेश हुनेछ । हरिले भन्नुहुनेछ, हे राजसिंह अर्जुन ! तिमी मनुष्यस्वभावमा आएर व्यर्थ किन मोहित भएका छौ, यो कायरतालाई छोडेर उठ । तिमी परम प्रकाशमय आत्मा हौ । तिमी आदि, अन्त र मध्यले रहित, सुख-दुःखको स्पर्शले रहित, निर्मल, निरामय, विशुद्ध चैतन्य आत्मस्वरूप हौ । आत्माको जन्म, मरण आदि विकार छैन । शरीरको नाश भए तापनि आत्माको नाश हुँदैन, तब तिमी किन व्यर्थ कातर भएर शोक गर्छौ ?

(५२) हरिबाट अर्जुनलाई उपदेश – भविष्यद् गीता

श्रीहरिले भन्नुभो, हे अर्जुन ! जो आत्मालाई मारनेवाला र मर्नेवाला भनी ठान्दछ त्यो आत्मालाई जान्दैन । आत्मा अक्षयरूप, निराकार र आकाश भन्दा पनि सूक्ष्म छ । त्यो परमेश्वर आत्मालाई को कसरी मार्न सक्ला ? हे अर्जुन ! तिमी अहंकार होइनौ । यो अनात्म अभिमानलाई त्याग गर । तिमी जन्ममरणरहित मुक्तरूप हौ । जसको अनात्मामा अहंभाव छैन र बुद्धि कर्तृत्व-भोक्तृत्वभावले लिप्त छैन त्यसले सारा विश्वलाई मारे पनि कसैलाई मार्दैन र बन्धन पनि हुँदैन । त्यसकारण अहंमम भावलाई त्यागेर स्वरूपमा स्थित होऊ ।

सारा कर्म कलनाबाट रचेका छन् । देह र इन्द्रियद्वारा कर्म हुँदा म गर्छु भन्ने अहंकार लिएर जीव व्यर्थ क्लेशभागी बन्छ । बडो आश्चर्य छ कि देह र इन्द्रियद्वारा कर्म हुन्छ जीव त्यसको अभिमानी भएर सुख, दुःख र राग-द्वेषले जल्दछ । त्यसकारण यिनको संग र अभिमान त्यागेर

स्वरूपमा स्थित होऊ। योगी केवल इन्द्रियद्वारा कर्म गर्छ र त्यसमा अभिमान गर्दैन । शास्त्रवेत्ता छ र गुणले सम्पन्न छ तापनि अनात्मामा आत्माभिमान गर्छ भने त्यसको कुनै शोभा हुँदैन। जो निर्मल, निरहंकार, सुख-दु:खमा सम र क्षमावान् छ उसलाई शुभाशुभ कुनै कर्मले स्पर्श गर्दैन । हे पाण्डुपुत्र ! यस्तो निश्चय लिएर कर्म गर । युद्ध तिम्रो स्वधर्म हो । क्रूर कर्म भए तापनि स्वधर्मपालनबाट कल्याण हुन्छ र उत्तम भए पनि परधर्म दु:खदायक हुन्छ। हे अर्जुन ! जस्तोसुकै कर्म गरे तापनि यदि तिमीमा अभिमान छैन भने त्यसले तिमीलाई स्पर्श गर्दैन। नि:संग भएर कर्म गर, त्यसबाट बन्धन हुँदैन । ब्रह्मरूप भएर ब्रह्ममय कर्म गर तब तिमी शीघ्र नै ब्रह्म भइहाल्छौ। जो कुछ कर्म गर्छौ त्यो सब ब्रह्ममा अर्पण गर । संन्यास-योगरूप युक्तिबाट कर्म गर्नाले मुक्ति प्राप्त हुन्छ।

अर्जुनले सोधे, हे भगवन् ! संगत्याग, ब्रह्मार्पण, ईश्वरार्पण र योग केलाई भन्छन्, मोहनिवृत्तिको लागि पृथक् पृथक रूपले सुन्न पाऊँ । भगवान्‌बाट आज्ञा भयो, हे अर्जुन ! सर्वप्रथम ब्रह्म के हो, सुन । जहाँ कुनै संकल्प छैन, केवल ज्ञानघनता विद्यमान छ, द्वितीय भावनाको उत्थान छैन - यस्तो केवल अचेत्य चिन्मात्र सत्तालाई परब्रह्म भन्दछन् । उसलाई जानेर प्राप्त गर्नको लागि विचार र उद्यम गर्नु ज्ञान हो र उसमा स्थित हुनुको नाम योग हो। यस्तो निश्चय गर्नु कि सब ब्रह्म हो, म ब्रह्म हुँ, सकल जगत् म नै हुँ, ब्रह्मदेखि भिन्न कुनै कुराको भावना नगर्नु - यसैको नाम हो ब्रह्मार्पण।

यो नानाप्रंकार जगत् के हो भने ब्रह्म शिलासदृश भित्र बाहिर शून्य, केवल सत्तारूप छ, फेरि ब्रह्म शून्य होइन र शिलासदृश पनि होइन। ब्रह्मको आश्रयमा स्पन्दन अर्थात् कलनाको स्फुरण हुन्छ र यो जगत् भिन्न झैं भास्तछ । जस्तो समुद्रमा तरङ्ग, बुलबुल भास्तछ तर सब जलरूप नै हो, जल नै अनेकरूपमा भासित हुन्छ त्यस्तो एक ब्रह्मसत्ता नै घट, पट आदि आकार भएर भास्तछ। आत्मामा कुनै भेदकलना छैन, अज्ञानले अनेक भेदकलना (विकल्पजाल) भासित हुन्छ। एक आत्मामा देह, इन्द्रिय, प्राण आदि अनेक नाम रूप देखनु र अनेकमा अहंप्रतीतिले एकत्र भाव देखनु अज्ञान हो। यो कलनारूप अज्ञान ज्ञानद्वारा नष्ट हुन्छ।

हे अर्जुन ! संकल्पजालको त्याग नै असंग कहिन्छ । यो सरा कलनाजाल ईश्वरदेखि भिन्न होइन, यस्तो भावनाबाट द्वैतभाव गलित भएर जान्छ - यसैको नाम ईश्वरार्पण हो। यस्तो अभेद भावनाले आत्मबोध हुन्छ। बोध भएपछि सबै शब्द र अर्थ एकरूप भएर भास्तछ। हे अर्जुन ! म नै हुँ सारा जगत्, म नै हुँ दिशा र आकाश । म अद्वैतरूप हुँ । तिमी ममा मन लगाऊ, मेरो भक्ति गर - मेरो नै भजन गर, मेरो नै पूजा गर, मलाई नै नमस्कार गर तब तिमी मलाई प्राप्त गर्छौ। म आत्मा हुँ, तिमी मेरो नै परायण होऊ।

अर्जुनले भने, हे भगवन् ! हजूरका पर र अपर दुई रूप छन्। तिनमा कुन रूपको आश्रय गरूँ, जसबाट परमसिद्धि प्राप्त होस्। भगवान्‌ले भन्नुभो, हे अनघ ! मेरा दुई रूप छन् एक सामान्य रूप र अर्को परम रूप । शंख, चक्र, गदा, पद्मधारी जो रूप छ त्यो मेरो सामान्यरूप हो र अर्को परमरूप छ जो आद्यन्तरहित एक अनामय ब्रह्मरूप हो। ब्रह्मलाई नै आत्मा र परमात्मा भन्दछन् । जहाँसम्म तिमी अप्रबुद्ध छौ र अनात्म देहादिमा आत्माभिमान छ त्यहाँसम्म

तिमी मेरो चतुर्भुज आकारको पूजा गर र कर्म गर । जब प्रबुद्ध हुन्छौ तब आदि-अन्त र मध्यले रहित मेरो परमरूप प्राप्त गर्छौ, जो प्राप्त भएपछि पुन: जन्म-मरणचक्रमा पर्नु पर्दैन । यसरी ज्ञानवान् भएर तिमी मलाई आत्मरूपले पूजा गर किनकि म सबको आत्मा हुँ ।

हे अर्जुन ! अब तिमी प्रबुद्ध भएका छौ, आत्मपदमा विश्राम पाएका छौ र संकल्परूप कलनाबाट रहित अद्वितीय आत्मसत्तामा स्थित भएर मुक्त भएका छौ । यस्तो योगबाट तिमी सब प्राणीमा स्थित आत्मालाई देखने छौ र सबै प्राणीहरूलाई आत्मामा स्थित देखने छौ । समबुद्धि भएर तिम्रो स्वरूपमा दृढ स्थिति हुनेछ । जो सब प्राणीमा स्थित आत्मालाई देख्तछ, एकत्वभावले भजन गर्छ र जसमा आत्मादेखि भिन्न कुनै भावना उठ्तैन त्यो सबै कर्म गरेर पनि फेरि जन्म-मरणमा प्राप्त हुँदैन । सत्-असत्बाट रहित सत्ता नै आत्मसत्ता हो । आत्मा सबैको चित्तमा प्रकाशरूपले स्थित छ ।

जस्तो दूधमा घृत र जलमा रस स्थित हुन्छ त्यस्तो सबैको हृदयमा म तत्त्वरूपले स्थित छु । जस्तो रत्नको भित्र बाहिर प्रकाश हुन्छ त्यस्तो म सब पदार्थको भित्र बाहिर स्थित छु । ब्रह्मादेखि तृणपर्यन्त मेरो समान सत्ता विद्यमान छ । ममा जो चित्तरूप संवेदन खडा भएको छ त्यो ब्रह्मसत्ता झैं भएर स्फुरणबाट जगद्रूपले भासित हुन्छ, तर आत्मतत्त्व आफैमा स्थित छ, द्वैत केही छैन । आत्मा सबको साक्षीरूप हो, उसलाई जगत्को सुख-दु:खले स्पर्श गर्दैन । शरीरको नाश भए तापनि आत्माको नाश हुँदैन, जो यस्तो देख्छ त्यो नै यथार्थदर्शी हो । सब पदार्थ ब्रह्मरूप हो, ब्रह्मदेखि भिन्न केही छैन भने किन मोहित हुनु ? त्यो निरामय पदलाई किन प्राप्त गर्दैनौ ? जो निर्वाण र निर्मोह भएको छ, जसको सारा अभिलाषा निवृत्त भएका छन् त्यो अव्ययपदमा प्राप्त हुन्छ ।

(५३) अर्जुनोपदेशे सर्वब्रह्मप्रतिपादन

भगवान्ले भन्नुभयो, हे महाबाहु अर्जुन ! म तिम्रो प्रसन्नताको निमित्त हितकारी वचन भन्छु, सुन । इन्द्रियका भोग्य यी शीतोष्णादि विषय आगमापायी भएका हुनाले अनित्य हुन्, यिनको सहन गर । यिनले आत्मालाई स्पर्श गर्दैनन् । जस्तो रज्जुमा सर्पको आभास हुन्छ त्यसले रज्जुलाई स्पर्श गर्दैन, चित्रको अग्निले कागजलाई जलाउँदैन, स्वप्नको क्षोभले जाग्रत्पुरुषलाई छुँदैन त्यस्तो अनित्य इन्द्रियका विषय आत्मालाई स्पर्श गर्न सक्तैनन् । असत् पदार्थ सत् आत्मालाई मोहित गर्न सक्तैनन्, यी अल्प र तुच्छ हुन् । तिमी ता आदि, अन्त र मध्यमा पूर्ण निराकार, अखण्ड, व्यापक एक आत्मा हौ ।

जो सत् हो त्यो असत् हुँदैन र जो असत् हो त्यो सत् हुँदैन । असत् घट-पटादि जगत्लाई त्याग गरेपछि जो निष्किञ्चन महासत् पद शेष रहन्छ त्यसमा स्थित होऊ । देह र इन्द्रियादि जड हुन्, आत्मा चेतन हो । चित्त र देह पनि आपसमा भिन्न छन् यिनमा एक नष्ट हुँदा अर्को नष्ट हुँदैन । जो देह र चित्त नष्ट हुँदा आफूलाई नष्ट भएको मान्छ र यिनको सुख-दु:खमा आफू सुखी-दु:खी हुन्छ त्यो महामूर्ख हो । स्वरूपको प्रमादले जो देहादिमा अहंबुद्धि गर्छ र आफूलाई कर्ता

भोक्ता ठान्दछ त्यो निर्बुद्धि हो । जब आत्माको बोध हुन्छ तब आफूलाई अकर्ता, अभोक्ता र अद्वैत देख्तछ । जस्तो रज्जुको अज्ञानले सर्प देखिन्छ र रज्जुको ज्ञानले सर्पको अभाव हुन्छ त्यस्तो आत्माको अज्ञानले देह र इन्द्रियको सुख-दु:ख प्रतीत हुन्छ र आत्मज्ञानबाट सुख-दु:खको अभाव हुन्छ ।

यो जगत् एक, अज, ब्रह्मस्वरूप हो । त्यसकारण न कोही जन्मन्छ न वा कोही मर्छ - यो सदुपदेश हो । ब्रह्मरूपी समुद्रमा तिमी एक तरङ्ग झैं उठेका छौ, केही काल रहेर फेरि उसैमा लीन भइहाल्छौ, त्यसकारण निरामय ब्रह्म नै तिम्रो स्वरूप हो । सब जगत् ब्रह्मको स्पन्दन हो, समय पाएर देखिन्छ । यसकारण मान, पद, शोक र सुख-दु:ख सब असत् हो । तिमी ब्रह्ममय युद्ध गर र अनुभवद्वारा अक्षैहिणी सेनाको नाश गर । सर्वदा एक परब्रह्म स्थित छ, द्वैत केही छैन । सुख, दु:ख, लाभ, हानि र जय, पराजयलाई समान मानेर युद्ध गर, ब्रह्मादेखि तृणपर्यन्त सब ब्रह्म नै हो, ब्रह्मदेखि भिन्न केही छैन - यस्तो जानेर लाभ-हानिमा सम भएर स्थित होऊ र कुनै चिन्ता नगर । जस्तो वायुको स्फुरण स्वाभाविक हुन्छ त्यस्तो जड शरीरबाट स्वाभाविक कर्म हुन देऊ ।

हे अर्जुन ! भोजन, यजन, दान आदि जो कुछ कर्म गर्छौ, त्यो सब आत्मामा समर्पण गर । सदा आत्मसत्तामा स्थित होऊ र सबलाई आत्मरूप देख । कर्म हुँदा जो आफूलाई अकर्ता देख्छ त्यो बुद्धिमान् हो, सम्पूर्ण कर्म गरे तापनि त्यो केही गर्दैन । हे अर्जुन ! कर्मफलको इच्छा नहोस् र कर्ममा विरसता (अरुचि) पनि नहोस् - यस्तो योगमा स्थित भएर कर्म गर । कर्तृत्वको अभिमान र फलको इच्छा त्यागेर कर्म गर । जो कर्मफलको आसक्ति त्यागेर नित्य तृप्त रहन्छ त्यसले कर्म गरेर पनि केही गरेको हुँदैन । जसले सबै कर्ममा कामना र संकल्प त्यागेको छ र ज्ञानाग्निद्वारा कर्मलाई जलाएको छ त्यो पण्डित कहिन्छ । जो सबै कुरामा निस्पृह भएर निर्द्वन्द्व आत्मसत्तामा स्थित छ र यथाप्राप्त कर्म गर्छ त्यो पृथ्वीको भूषण हो । ज्ञानवान् समुद्र झैं अचल, आफैंमा तृप्त र शान्तरूप भएर रहन्छ ।

(५४) अर्जुनोपदेश - जीव निर्णय

श्री भगवान्‌ले भन्नुभयो, हे अर्जुन ! तिमी देश, काल र वस्तुको परिच्छेदले रहित, अविनाशी र अजर आत्मा हौ । परिणाम या विकारले रहित वस्तुलाई अजर भनेको छ । तिमी शोक नगर । यो जगत् तिम्रो अज्ञानले भासेको छ । स्वरूपको प्रमादलाई अज्ञान भन्दछन् र अनात्मामा आत्माभिमानको नाम प्रमाद हो । हे अर्जुन ! देह मिथ्या हो । यसमा अभिमान नगर । तिमी असंग र अविनाशी हौ, तिम्रो नाश कहिले पनि हुँदैन । जो विनाशरूप छ त्यसको अस्तित्व कहिले पनि हुँदैन र जो सत्य छ उसको अभाव हुँदैन । तत्त्ववेत्ताहरूले यी दुवैको निर्णय गरेका छन् । जसबाट यो देहादि जगत् प्रकाशित हुन्छ त्यसलाई अविनाशी जान । उसको नाश कोही पनि गर्न सक्तैन । तिमी यस्तो आत्मा हौ तब उसको नाश कसरी होला ? अज्ञानी मानिस आत्मालाई नाशवान् ठान्छ ।

अर्जुनका प्रश्नमा भगवान् उत्तर दिनुहुन्छ ।

प्रश्न : आत्मा अविनाशी छ र सबैको स्वरूप हो भने प्राणीहरूको नाश किन हुन्छ ?

उत्तर : कसैको पनि नाश हुँदैन, अज्ञानले मानिस नाशवान् ठान्छ । हे अर्जुन ! तिमी आत्मवेत्ता बन । आत्मा एक अद्वैतरूप हो तब द्वैत कहाँबाट हुने ?

प्रश्न : आत्मा एक भए मृत्यु पनि त भिन्न भएन, तब प्राणी किन मर्छन् र स्वर्ग-नरकमा सुख-दु:ख भोग्छन् ?

उत्तर : कोही जन्मदैन र कोही मर्दैन - यो स्वप्नको जन्म-मरण झैं मिथ्या कल्पनामात्र हो । अज्ञानले जन्म-मरण देखिन्छ । स्फुरणको नाम अज्ञान हो, त्यसैबाट स्वर्ग-नरक कल्पित भएको छ ।

स्वरूपको प्रमादले गर्दा जीवले संकल्पमय शरीर, पञ्च महाभूत, मन, बुद्धि रचेको छ । अन्त:करणसित मिलेर जीव जस्तो वासना बनाउँछ त्यस्तै भोग गर्छ । वासना तीन प्रकारको हुन्छ - सात्त्विक, राजस र तामस । सात्त्विक वासनाले स्वर्ग बन्छ र राजस तामस वासनाले नरक आदि बन्छ । स्वर्ग नरक भन्नु केवल वासनामात्र हो । वास्तवमा न कोही स्वर्ग छ न नरक छ, न कोही मर्छ, न जन्मन्छ । केवल एक आत्मा जस्ताको तस्तो स्थित छ । यो जगदाभास भ्रमले बन्छ । यो जीवले अज्ञानले चिरकालपर्यन्त वासनाको अभ्यास गरेको छ, त्यसैले भ्रम देख्छ ।

प्रश्न : जीवले यो जो स्वर्ग-नरकादि योनि देख्छ त्यसको कारण के हो ?

उत्तर : अज्ञानले अनात्मामा आत्माभिमान गरेर जीवले जगत्लाई सत् ठानेर वासना बनाएको छ, त्यही वासना अनुसार जगद्भ्रम देख्छ । जब आत्मविचार उत्पन्न हुन्छ तब जगत्लाई स्वप्नतुल्य देख्छ, अनि वासनाको पनि क्षय हुन्छ । जब वासनाको क्षय हुन्छ तब कल्याण हुन्छ ।

हे अर्जुन ! जसको हृदयमा वासना छ त्यो बन्धनमा छ र जसको हृदयमा वासना छैन त्यसलाई मुक्त भनी जान । जसको हृदयमा वासना छ त्यो प्रभुतासम्पन्न भए तापनि दरिद्र हो र दु:खी हो । जसको वासना नष्ट भएको छ त्यो हेर्दा प्रभुतारहित देखिन्छ तापनि बडो प्रभुतासम्पन्न र ऐश्वर्यशाली हो ।

(५५) अर्जुन विश्रान्तिवर्णन

श्री भगवान्बाट आज्ञाभयो, हे अर्जुन ! यसरी तिमी निर्वासनिक, जीवन्मुक्त भएर विचरण गर, तब तिम्रो अन्त:करण शीतल हुनेछ । राग-द्वेषले रहित भएर प्रवाहपतित कर्म गर । युद्धमा कायरपनलाई छोड । यो 'गरूँ वा नगरूँ' - यस्तो ग्रहण - त्यागको द्विविधा छोड । जो मूर्ख छन् ती बन्धनले बाँधिन्छन् । जीवन्मुक्त पुरुष सुषुप्तवत् स्थित भएर वासना नलिईकन परिआएको कर्म गर्छन् । कछुवाले अङ्ग समेटेझैं ज्ञानवान् पुरुष वासनालाई समेटेर आफूलाई चिन्मात्ररूप जान्दछन् । जस्तो तरङ्ग समुद्रबाट उत्पन्न भएर समुद्रमा नै लीन हुन्छ त्यस्तो जगत् आत्माबाट उत्पन्न भएर आत्मामा नै लीन हुन्छ, त्यसकारण जगत् आत्मादेखि भिन्न होइन ।

जस्तो चित्रकार वस्त्रमा रङ० लगाएर जो चित्र लेख्छ त्यो वस्त्रदेखि भिन्न हुँदैन त्यस्तो आत्मामा मनोरूप चित्रकारले जो जगत् रचेको छ त्यो आत्मादेखि भिन्न होइन । यो जगत् उत्पन्न नभईकन पनि भ्रमले उत्पन्न भएको जस्तो ठानिन्छ । स्वप्नसृष्ट जगत् झैं जाग्रत्को जगत् पनि केवल मनोराज्य हो.। मनोराज्यमा एकक्षणमा लामो समय बितेको भान हुन्छ । आफ्नो पूर्वरूपलाई विर्सेर प्रमादले यो जगत् सत् जस्तो प्रतीत हुन्छ । सर्वत्र आत्मरूप देखेपछि जगद्भ्रम निवृत्त हुन्छ । मायाको प्रधानता यस्तो छ कि आकाशरूप चित्रकारले आकाशमा आकाशरूपी पुतली रचेको छ र ती पुतली आकाशमा नै लीन हुन्छन् । आकाश आकाशलाई भोजन गर्छ, आकाश आकाशलाई देख्छ । आकाश नै हो यो सृष्टि । आकाशको नै रूप आकाशरूप आत्मामा आकाशरूपले स्थित छ ।

आत्मा अद्वैतरूप हो, उसमा उत्थान भएपछि प्रमाद हुन्छ र दृश्यभ्रम देखिन्छ, अनि अनेक वासना उत्पन्न हुन्छन् । वासनारूपी डोरीले बाँधिएर जीव संसारमा भटकिन्छ । वासनाले घेरिएर अहं त्वं आदि रूपले जीव नानाप्रकार भ्रम देख्छ तै पनि आत्मा निर्विकार नै छ उसमा केही घटी बढी भएको छैन । जस्तो दर्पणमा प्रतिबिम्ब पर्छ तापनि दर्पण जस्ताको तस्तै रहन्छ त्यस्तो आत्मामा जगत् प्रतिबिम्बित हुन्छ तापनि आत्मा छेद-भेदले रहित निर्विकार नै रहन्छ । ब्रह्म नै ब्रह्ममा स्थित छ । जब सब ब्रह्मरूप हो तब छेद-भेद कसको हुने ?

जब स्वरूपको ज्ञान हुन्छ तब वासना नष्ट हुन्छ । जो वासनाबाट मुक्त छ त्यो नै मुक्त हो र जो वासनाले बद्ध छ त्यो नै बन्धनमा पर्छ । शास्त्रज्ञ पुरुष पनि यदि वासनाबाट मुक्त छैन भने बन्धनमा नै परिरहन्छ । जस्तो बटबीज सानो छ तापनि बेलामा फैलिन्छ त्यस्तो जसको हृदयमा वासनाको बीज छ त्यो दृष्टिगोचर छैन तापनि मौकामा बेसरी फैलिन्छ । जसले आत्मचिन्तनको अभ्यासद्वारा ज्ञानाग्नि उत्पन्न गरेर वासनाको बीजलाई जलाएको छ त्यो फेरि संसार भ्रममा पर्दैन । ज्ञानी वस्तुवुद्धिले पदार्थको ग्रहण-त्याग गर्दैन र संसारसमुद्रमा डुब्दैन, सदा निर्लेप रहन्छ । जस्तो तुम्वी जलको माथि रहन्छ त्यस्तो ज्ञानी सुख-दुःखबाट माथि रहन्छ ।

हे अर्जुन ! तिमी शान्त आत्मा हौ । तिम्रो भ्रम दूर भएको छ । तिमीले आत्मपदमा विश्राम प्राप्त गरेका छौ । अब व्यवहार गर्नु अथवा चूप रहनु तिम्रो लागि समान छ । तिमी शान्त, निःशङ्क पदमा प्राप्त भएका छौ ।

(५६) भविष्यद्गीतोपाख्यान-समाप्ति

अर्जुनले भने, हे अचयुत ! हजूरको प्रसादले मेरो मोह नष्ट भयो र मलाई आत्मस्मृति प्राप्त भयो । म निःसन्देह भएको छु, अब जो आज्ञा हुन्छ त्यही गर्छु । श्रीभगवान्ले भन्नु भयो, हे अर्जुन ! प्रमाण, विपर्यय, विकल्प, अभाव र स्मृति - यी पाँच वृत्ति जब हृदयबाट निवृत्त हुन्छन् तब चित्त शान्त हुन्छ, त्यसपछि चेत्यरहित जो चैतन्यशेष रहन्छ त्यसलाई प्रत्यक्‌चैतन्य भन्दछन् । त्यो वस्तुरूप, सर्वोपाधिरहित, पूर्ण र सर्वरूप हो । त्यो पद प्राप्त भएपछि आधि-व्याधि आदि दुःख केही हुँदैन । जस्तो जालबाट उमकेको पक्षी आकाशमा उड्छ त्यस्तो देहाभिमानबाट मुक्त भएपछि आत्मपद प्राप्त हुन्छ । विशुद्ध ब्रह्मपदको साक्षात्कार अनन्तर चित्तवृत्ति विनष्ट हुन्छ

र वासनाको पनि अवसान हुन्छ । संसारलाई सत्य मानेसम्म वासना रहन्छ । विरक्त पुरुष संसारलाई सत्य मान्दैन, त्यसैले उसमा वासना रहँदैन ।

जहाँसम्म शुद्ध आत्माको बोध हुँदैन त्यहाँसम्म अविद्याको स्फुरण रहन्छ र नाना आकारयुक्त जगत् देखिन्छ । शुद्धात्माको बोध भएपछि जगद्भ्रम नष्ट हुन्छ र मनुष्य स्वच्छ आत्मतत्त्वमा स्थित भएर आकाशवत् निर्मल भएर आफूलाई सर्वत्र पूर्ण देख्छ । जो वासनारूपी विसूचिकालाई त्याग गरीकन आत्मस्वभावमा स्थित भएर पृथ्वीमा विचरण गर्छ त्यो त्रिलोकीनाथ कहिन्छ ।

वसिष्ठले भन्नुभयो, हे राम ! यस प्रकार भगवान् श्रीकृष्णबाट उपदेश पाएर अर्जुन एक क्षण मौन रहनेछन् र भगवान्साग बिन्ती गर्नेछन् - हे भगवन् ! हजूरको वचनबाट मेरो शोक - मोह नष्ट भयो, अब जो आज्ञा हुन्छ त्यही गर्छु । यति भनेर अर्जुनले गाण्डीव धनु समात्नेछन्, भगवान्लाई सारथि तुल्याएर निःशङ्क भएर युद्ध गर्नेछन् । युद्धमा असंख्य हात्ती, घोडा र मनुष्यको संहार गरेर रगतको खोलो बगदा पनि अर्जुन आत्मतत्त्वबाट चलायमान हुनेछैनन् ।

(५७) प्रत्यगात्मबोधवर्णन

वसिष्ठले भन्नुभयो, हे राम ! तिमी यस्तो दृष्टिलाई अवलम्बन गर कि जसबाट दुःखको नाश हुन्छ । निःसंग संन्यासी भएर सब कर्म ब्रह्ममा अर्पण गर । जसमा यो सब छ र जसबाट यो सब उत्पन्न हुन्छ यस्तो सत्तालाई तिमी परमात्मा भनी जान । अनुभवस्वरूप आत्माको नित्य भावना गर । संवेदन रहित जो चैतन्यसत्ता छ उसलाई तिमी परमपद जान, त्यो सबको परमद्रष्टा र सबको प्रकाशक हो, त्यो गुरुको पनि परम गुरु हो । जसलाई शून्यवादी शून्य, विज्ञानवादी विज्ञान र ब्रह्मवादी ब्रह्म भन्दछन् त्यो परमसार शान्तरूप शिव आफू आफैमा स्थित छ । त्यो आत्मा जगत्रूपी मन्दिरलाई प्रकाश गर्ने दीपक हो, जगत्रूपी वृक्षको रस हो, जगत्रूपी पशुको पालक गोपाल हो र जीवरूपी मोतीलाई उनेर एकत्र तुल्याउने सूत्र हो । आत्मा सूर्य, चन्द्र आदिको पनि प्रकाशक हो । सूर्य चन्द्र आदि प्रकाशशील पदार्थको प्रकाश जड प्रकाश हो र आत्मा चैतन्य प्रकाश हो । आत्माबाट नै सारा पदार्थ सिद्ध हुन्छन् । आत्मपद आफ्नै विचारद्वारा प्राप्त हुन्छ ।

हे राम ! चित्त फुर्नुको नाम हो संसार । चित्तको स्फुरणबाट नै संसारचक्र चलेको छ । सुवर्णबाट भूषण प्रकट भए झैं चित्तबाट त्रिपुटी प्रकट हुन्छ, तर चित्तको स्पन्दन पनि आत्मादेखि भिन्न वस्तु होइन, त्यो आत्माको आभासरूप हो । अज्ञानले चित्त स्पन्दित हुन्छ र ज्ञानले लीन हुन्छ । जस्तो सुवर्णको भूषणलाई गलाएपछि भूषणबुद्धि रहँदैन त्यस्तो चित्त अचल भएपछि चित्त भन्ने संज्ञा रहँदैन । जस्तो भूषणको अभाव भए सुवर्णमात्र रहन्छ त्यस्तो बोधद्वारा चित्त लीन भएपछि शुद्ध चैतन्यसत्ता शेष रहन्छ । त्यसपछि भोगको तृष्णा पनि निवृत्त हुन्छ । जब भोगभावना निवृत्त हुन्छ तब ज्ञानको परम लक्षण सिद्ध हुन्छ ।

असम्यग्बुद्धिबाट जगद् भ्रम उत्पन्न हुन्छ र सम्यग्बोधबाट निवृत्त हुन्छ, त्यसपछि अज्ञानको जगद्भ्रम कहाँ गयो थाहा हुँदैन । जस्तो दीपकको निर्वाण भएपछि प्रकाश कहाँ गयो थाहा हुँदैन त्यस्तो अज्ञान नष्ट भएपछि जगत् कहाँ गयो थाहा हुँदैन । चित्तको स्फुरणबाट बन्ध हुन्छ र

अस्फुरणबाट मोक्ष हुन्छ । वास्तवमा आत्मादेखि भिन्न केही छैन । आत्मसत्ता आफ्नै महिमामा स्थित छ, उसमा न बन्ध छ, न मोक्ष छ ।

बन्ध, मोक्ष आदि कुरा पनि कलनामा हुन्छन्, जब कलनारहित बोध हुन्छ तब बन्ध, मोक्ष दुवै रहदैनन् । बन्ध र मोक्ष अविचारले भासित हुन्छन्, विचार गरेपछि दुवैको अभाव हुन्छ । जब 'अहं', 'त्वं', 'इदं' आदि भावनाको अभाव हुन्छ तब कसलाई बन्ध वा मोक्ष भन्नू ? चित्तको स्फुरण नष्ट भए कलनाको अभाव हुन्छ र शान्ति प्राप्त हुन्छ । त्यसकारण चित्तलाई आत्मपदमा लीन गर । जसको आश्रयमा यो जगत् उत्पन्न हुन्छ र लीन हुन्छ त्यो स्वयंप्रकाश अनुपम ज्ञानरूप प्रत्यगात्मामा स्थित होऊ ।

(५८) विभूतियोगोपदेश

वसिष्ठले भन्नुभयो, हे राम ! परमतत्त्व परमात्मपद हामीलाई सदा प्रत्यक्ष छ र वस्तुरूप पनि त्यही नै हो, त्यसदेखि भिन्न केही छैन । यो प्रत्यगात्मा सबै सत्ताको दर्पण हो, सबै सत्ता यसबाट नै प्रकट हुन्छन् । जस्तो बीज़बाट वृक्षको सत्ता प्रकट हुन्छ त्यस्तो आत्माबाट जगत्-सत्ता प्रकट हुन्छ । मन, बुद्धि, चित्त, अहंकार जड हुन्, परमपद यिनबाट रहित छ । ब्रह्मा, विष्णु, रुद्र आदि त्यही परमपदमा स्थित छन् । जस्तो चक्रवर्तीराजा निर्धन मनुष्यदेखि उच्च हुन्छ त्यस्तो परमपद प्राप्त गरेको जीव सबैभन्दा उच्च हुन्छ । आत्मपद प्राप्त गरेपछि फेरि मृत्यु प्राप्त हुँदैन र शोकवान् हुँदैन । एकक्षण पनि अप्रमादी भएर जो आत्मालाई यथार्थरूपमा जान्दछ त्यो संसार-कलना त्यागेर मुक्त हुन्छ ।

रामले प्रश्न गरे, हे भगवन् ! मन, बुद्धि, चित्त र अहंकारको अभावमा जो सत्तासामान्य शेष रहन्छ त्यसको भान कसरी हुन्छ ? उत्तरमा वसिष्ठले भन्नुभो, हे राम ! जो सब देहमा स्थित भएर भोजन, जलपान, देखनु, सुन्नु, बोलनु इत्यादि कर्म गरेको देख्तछ त्यो सर्वगत आद्यन्तरहित संवित्-सत्ता आफू आफैमा स्थित छ र त्यो नै विश्वरूप हो । त्यो परमात्मा आकाशमा आकाश, शब्दमा शब्द, स्पर्शमा स्पर्श, नासिकामा गन्ध, शून्यमा शून्य, नेत्रमा रूप, पृथ्वीमा पृथ्वी, जलमा जल, तेजमा तेज, वृक्षमा रस, मनमा मन, बुद्धिमा बुद्धि, अहंकारमा अहंकार, अग्निमा अग्नि, उष्णतामा उष्णता, घटमा घट, पटमा पट, वटमा वट, स्थावरमा स्थावर, जड०्गममा जड०्गम, चेतनमा चेतन, जडमा जड, कालमा काल, नाशमा नाश, बालकमा बालक, यौवनमा युवा, वृद्धतामा वृद्ध र मृत्युमा मृत्युरूप भएर स्थित छ ।

हे राम ! यस प्रकारको त्यो परमात्मा सबै पदार्थमा अभिन्नरूपले स्थित छ । नानात्व दृष्टिगोचर भए तापनि वास्तवमा नाना छैन, भ्रमले नानात्व भासित हुन्छ । जस्तै छायाँमा भ्रमले वेताल भासित हुन्छ त्यस्तै भ्रमले आत्मामा नानात्व भास्तछ । यस्तो सत्तासामान्यरूपले जो आत्मदेव हुनुहुन्छ तिमी त्यसैमा स्थित होऊ । यसपछि वाल्मीकिले भन्नुभयो कि यसप्रकार वसिष्ठजीबाट उपदेश भएपछि दिनको अन्त भएकोले सभा उठचो र भोलिपल्ट सबै यथास्थानमा आएर बसे ।

(५९) जाग्रत्स्वप्नविचार

रामले प्रश्न गरे, हे भगवन् ! जस्तै हाम्रो स्वप्नमा नगर, ग्राम, मण्डल हुन्छन् त्यस्तै ब्रह्मादिले देह ग्रहण गर्दा उनलाई असत्-प्रतीति हुन्छ भने हामीलाई चाहिं किन दृढ प्रतीति भयो ? उत्तरमा वसिष्ठले भन्नुभयो, हे राम ! पहिले ब्रह्माजी यो सृष्टिलाई असत् नै देखनुहुन्छ, पछि जब सम्यक् दर्शनको अभाव भयो र स्वप्नरूपमा आफैंबाट अहंप्रतीति (अहंकार) उत्पन्न भयो तब देहादि संसार दृढरूपले देखिन लाग्यो । जस्तो स्वप्नमा जगत् दृढरूपले भासित हुन्छ, यो स्वप्न हो भनेर जानिदैन त्यस्तो ब्रह्माको जगत् पनि पछि आएर सत्यरूपले भासित हुन्छ, स्वप्न हो भनेर जानिदैन, हुनता स्वप्नपुरुषबाट उत्पन्न भएको हुनाले स्वप्नजगत् असत्य नै हो । यो स्वप्नरूप सृष्टि प्रति जीवको भिन्न भिन्न हुन्छ । समुद्रको तरङ्ग झैं चैतन्यतत्त्वको आभासरूप जगत् देखिन्छ ।

यो सारा जगत् मनको संकल्पबाट उत्पन्न भएको हुनाले भ्रममात्र हो ता पनि स्वप्ननगर झैं स्पष्ट देखिन्छ । संकल्परूप भएको हुनाले सत्यको असत्य, असत्यको सत्य र विपर्यय पनि देखिन्छ, हेर न, जलमा अग्नि छ, जस्तो समुद्रमा वडवाग्नि, यो विपर्यय हो । आकाशमा प्रत्यक्ष नगर र विमान चलेको देखिन्छ । हिमालयमा षड्ऋतुका पुष्प देखिन्छन् । एक निमेषमा घट पट हुन्छ र पट घट हुन्छ । चिन्तामणि एक शिला हो । त्यसमा नाना पदार्थ देखिन्छन्, इत्यादि सब मनोमात्र हुन् भनी जान । हे राम ! यो जगत्लाई इन्द्रजाल, गन्धर्वनगर र शाम्बरी मायासमान जान ।

(६०) भिक्षुसंसार-वर्णन र ब्रह्मैकताप्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! यो संसार मिथ्या हो, यसलाई जो साँचो मान्छ त्यो महामूर्ख हो र भ्रममा अर्को भ्रम देखदै महामोहमा प्राप्त हुन्छ । जस्तो कुनै मृग खाडलमा खस्छ र दुःखी हुन्छ र फेरि त्यसभन्दा पनि ठूलो खाडलमा खसेर अति दुःख पाउँछ त्यस्तो मूर्ख पुरुष आत्माको अज्ञानले संसाररूपी खाडलमा खस्छ र अनेक भ्रम देख्छ, एक स्वप्नपछि अर्को स्वप्न देख्छ । यस विषयमा एक इतिहास बताउँछु, सुन ।

कुनै एकजना मननशील संन्यासी नित्य समाधिमा रहन्थे । जब समाधि खुल्थ्यो तब पुनः आसन जमाएर समाधिमा नै निरत रहन्थे । समाधिको अभ्यासले उनको हृदय शुद्ध भएको थियो । एकदिन समाधिबाट व्युत्थान भएको बेलामा उनले चिन्तन गरे कि म पनि साधारण मनुष्य झैं भएर संसारको चेष्टा गरौं । यस्तो विचार गरेर मनको संकल्पले विश्वको कल्पना गरे, त्यसभित्र आफू एकजना जीवट नाम गरेको शूद्र बने । उनी मद्यपान गर्थे र ब्राह्मणको सेवा पनि गर्थे । केही कालपछि स्वप्नमा उनले आफूलाई ब्राह्मण-शरीर भएको पाए र वेदको अध्ययन र शास्त्रको पठन पाठन गरेर समय बिताए । फेरि स्वप्नमा सेनासंयुक्त राजा भएर विचरण गरे त्यसपछि अर्को स्वप्नमा चक्रवर्ती राजा भएर भूमण्डलमा हुकुम चलाए । त्यसपछि देवाङ्गना भएर देवताका साथ विहार गरे । यस क्रमले स्वप्नमा हरिणी, देवोद्यानमा लहरा, अनि भ्रमरी, अनि कमलिनी, अनि हात्ती, अनि फेरि लता र हंस हुँदै अन्तमा संकल्पद्वारा ब्रह्माको वाहन हंस बने । यो

हंसयोनिमा ब्रह्माजीबाट उपदेश पाएर आत्मज्ञानी बने । यसरी ज्ञानी हाँस बनेर उनी सुमेरुपर्वतमा गएर बसेका थिए । त्यहाँ एकदिन उनले संकल्प गरे कि म रुद्र होऊँ । सत् संकल्प भएको हुनाले तुरुन्तै रुद्र भए । शुद्ध दर्पणमा जस्तो शीघ्र नै प्रतिबिम्ब पर्छ त्यस्तो शुद्ध अन्त:करणको संकल्प भएको हुनाले उनी तुरुन्तै रुद्र बनिहाले । जसको अनुत्तम ज्ञान छ त्यसलाई रुद्र भन्दछन् । अनुत्तम ज्ञान त्यो हो जसलाई पाएपछि फेरि कुनै प्राप्तव्य बाँकी रहँदैन । रुद्रले ध्यानद्वारा विचार गरे कि अज्ञानले गर्दा मलाई धेरै भ्रम भए । माया बडी आश्चर्यमयी छ । यो विश्व मेरै स्वरूप हो । मेरो पूर्व शरीर त्यहाँ छ, अब त्यहीं जानुपऱ्यो, यस्तो विचार गरेर जहाँ संन्यासीको शरीर लडिरहेको थियो त्यहाँ पुगेर चित्‌शक्तिद्वारा त्यस शरीरलाई जगाए । अब ती संन्यासीले विचार गरे कि मलाई रुद्रले जगाए । मेरा धेरै शरीर भए । अब जीवटको शरीर भएको ठाउँमा जाऔं । तब संन्यासी र रुद्र जीवटको स्थानमा गएर त्यस शरीरलाई पनि जगाए । जीवटले उठेर विचार गऱ्यो कि मेरो अर्को शरीर छ त्यहाँ जाऊँ, तब संन्यासी, जीवट र रुद्र तीनजना चित्ताकाशमा उडेर वेदपाठी ब्राह्मणको शरीर भएको स्थानमा पुगेर रुद्रले त्यस शरीरलाई जगाए । अब ती चार जना राजा भएको स्थानमा गए जहाँ राजा रानीका साथमा आनन्दसाथ सुतेका थिए । ती राजालाई पनि चित्‌शक्ति प्रदान गरेर ज्ञानवान् तुल्याए । एवं प्रकारले देवाङ्गना, लता, कमल, हात्ती आदि सबै शरीरलाई जगाउँदै अन्तिम हंस भएको स्थानमा पुग्दा सयजना ब्रह्मज्ञानी भए । तिनको शरीर अलग अलग देखिन्थे र चेष्टा भिन्न भिन्न थियो, परन्तु निश्चय भने सबैको एक थियो । यिनको नाम शतरुद्र भयो । *

वसिष्ठले भनु भयो, हे राम ! सम्पूर्ण विश्व अज्ञानको उपज हो । ज्ञानदृष्टिमा केही पनि छैन । एक देखता र दुई देखता पनि विचार गर्नू कि सब मेरो नै रूप हो । जस्तो समुद्रमा अनेक तरङ्ग उठ्छन् र भिन्न भिन्न आकार देखिन्छन् ता पनि तिनको स्वरूप त यौटै हुन्छ त्यस्तो ज्ञानवान् पुरुष सारा विश्वलाई आफ्नै स्वरूप देखतछन् । अज्ञानी चाहीं भिन्न भिन्न देखछ र यौटाले अर्कोलाई जान्दैन । हे राम ! यो विश्व आफ्नै स्वरूप हो तर अज्ञानले भिन्न भास्तछ । चिन्मात्रमा जो स्फुरण हुन्छ त्यसलाई अज्ञान भन्दछन् । चित्तको चिताउनु (फुराउनु) बाट संसार हुन्छ र नफुराउनुबाट त्यो आत्मस्वरूप नै हुन्छ । हे राम ! चिन्तन नै दु:ख हो र चिन्तनरहित हुनु नै सुख हो, अब जे इच्छा लाग्छ त्यही गर । चित्तको चिन्तनमा संसार छ र चिन्तनबाट निवृत्त हुनुमा स्वरूप-बोध छ । शिल्पीले पत्थरमा पुतलीको कल्पना गरे झैं चित्तले आत्मामा विश्वको कल्पना गरेको छ । जब चित्त निवृत्त हुन्छ तब विश्व आफ्नै स्वरूप हुन्छ । चित्तद्वारा जहाँ जान्छ त्यहाँ पञ्च भूत नै देखिन्छ, आत्मा देखिदैन । चित्तरहित भएको हुनाले ज्ञानी जहाँ जान्छ त्यहाँ आत्मा नै देख्छ । जब चित्तवृत्ति बहिर्मुख हुन्छ तब संसार हुन्छ र पञ्च भूत नै दृष्टिगोचर हुन्छ । जब चित्तको वृत्ति अन्तर्मुख हुन्छ तब आफ्नो ज्ञानस्वरूप आफैं भासित हुन्छ । ज्ञानस्वरूप आत्मा विना कुनै पनि पदार्थ सिद्ध हुँदैन । पहिले आफूलाई जान्दछ अनि अरू पदार्थलाई जान्दछ । त्यसकारण ज्ञानवान् पुरुष सबैलाई आत्मस्वरूप जान्दछन् ।

---

* काठमाण्डौको उत्तर शिवपुरी पर्वतको शिखरमा शतरुद्रेश्वर महादेव विराजमान हुनुहुन्छ ।

रामले प्रश्न गरे, हे मुनीश्वर ! स्वप्नमा जीवट र ब्राह्मण देखि लिएर यी अनेक रूप संन्यासीका भए, फेरि त्यसपछि के भयो ? वसिष्ठले भन्नुभो, हे राम ! ब्राह्मण आदि जति शरीर थिए रुद्रले जगाएपछि सुखी भए । जब सबै एकत्र भए तब रुद्रले भने, तिमीहरू आआफना स्थानमा जाओ र केही काल आफ्ना परिवारका साथ रहेर भोग भोग । अन्तमा तिमीहरू मेरा गण भएर रहनेछौ र महाकल्पमा हामी सबै विदेहमुक्त हुनेछौं । रुद्रले यति भनेपछि सबै आ-आफ्नो स्थानमा गए । रुद्रपनि त्यहाँबाट अन्तर्धान भए । तिनीहरू अहिले पनि यदाकदा ताराको रूपमा आकाशमा दृष्टिगोचर हुन्छन् ।

रामले सोधे, भिक्षुले जो जीवट आदिको शरीर धारण गरे त्यो सत् कसरी भयो र उनको सृष्टि कसरी सत् भयो ? वसिष्ठले भन्नुभो, हे राम ! आत्मा सर्वव्यापक, शुद्ध, चिदाकाश र अनुभवरूप छ उसमा जस्तो देश, काल र वस्तुको निश्चय हुन्छ त्यस्तो नै बन्न जान्छ । आत्मा जस्तो जस्तो रूपमा स्फुरित हुन्छ त्यस्तो त्यस्तो नै अगाडि बन्दैजान्छ । जसको मन शुद्ध छ त्यसको सत्संकल्प हुन्छ, अतएव जस्तो संकल्प गर्छ त्यस्तो नै हुन्छ । संन्यासीको अन्त:करण शुद्ध थियो तब उच नीच योनि (वेदपाठी ब्राह्मण, राजा र मद्यपायी, भ्रमर, लता आदि कसरी भयो भनौला, त्यसको उत्तर यो हो कि संवेदनमा जस्तो भावना उठ्छ त्यस्तो नैं देखिन्छ जस्तै एकजना शुद्ध अन्त:करण भएका पुरुषको मनमा संकल्प उठ्यो कि मेरो एक शरीर विद्याधरको र अर्को शरीर भेडाको बनोस्, तब त्यो उच नीच दुवै शरीरवाला भइहाल्छ । वासनावशात् उच नीच बन्छन् । जब अभ्यास र परमयोग हुन्छ तब जीव शुद्ध हुन्छ । अभ्यास, मन्त्रजप आदिवाट जो चित्तको स्थिरता हुन्छ त्यसलाई योग भनेको छ । अज्ञानीको चाहिं संकल्प साकार हुँदैन किनकि उसको हृदय शुद्ध छैन र दृढ भावना हुँदैन । शुद्धहृदयवालाको टाढाको वस्तु पनि सिद्ध हुन्छ र नजीकको पनि सिद्ध हुन्छ । संन्यासी त एउटै थिए, उनका अनेक चेतनशरीर कसरी भए भनौला, यसको उत्तर यो हो कि जो योगीश्वर र योगिनी देवीहरू छन् उनीहरूको संकल्प सत्य हुन्छ । यस्ता धेरै सत्संकल्पवाला पुरुषलाई मैले देखेको छु ।

एक सहस्रार्जुन राजा थिए । उनी सिंहासनमा विराजमान थिए । दासीहरू चमर डोलाउदै थिए । उनको मनमा यस्तो संकल्प उठ्यो कि मेरो एउटा शरीर मेघ बनेर वृष्टि गरोस्, तब उनको एक शरीर सिंहासनमा रह्यो र अर्को शरीर मेघ बनेर जल बर्षाउन लाग्यो । विष्णु भगवान् एक शरीरले लक्ष्मीका साथ क्षीरसागरमा शयन गर्नुहुन्छ र प्रजाको रक्षाका लागि अर्को शरीर धारण गर्नुहुन्छ जसलाई अवतार भन्छन् ।

रामले सोधे, हे गुरुवर ! जुन संन्यासीको वृत्तान्त बताउनु भयो, ती जस्तै अर्का संन्यासी वा तपस्वी कोही छन् कि छैनन् ? वसिष्ठले भन्नुभयो, रातमा संसाररूपी कुटीमा समाधिमा बसेर हेर्नेछु र भोलि विहान तिमीलाई बताउँला । अब मध्यान्हको समय भएकोले सभा उठ्यो । अर्को दिन बिहान सबै आ-आफ्नो स्थानमा आएर बसे ।

वसिष्ठले भन्नुभयो, हे राम ! तिम्रो प्रीतिको लागि मैले संसारमा धेरै खोजें, आकाश, पाताल, र सप्तद्वीपको भ्रमण गरें, त्यस्तै संकल्प भएको कुनै पनि संन्यासी मैले देखिन । एक प्रहर रात

बाँकी थियो, त्यसवेला घुमदै उत्तर दिशामा जिन नामक जनपदमा यौटा कुटी देखें । कुटी भित्र ढोका बन्द गरेर एकजना केश पाकेका दीर्घदृष्टि नाम गरेका संन्यासी बस्तथे । गुरुको समाधि भंग होला भन्ने डरले बाहिर बसेका चेलाहरू ढोका खोल्न सक्तैनथे । एक्काइस दिनको समाधिमा ती मुनिलाई हजारौ वर्षको अनुभव भयो । उनले धेरै जन्म पाए । सबै जन्म उनलाई प्रत्यक्ष भासित भएको थियो । यस्तै खालका अर्का एक मुनि पनि पूर्व कल्पमा थिए । यो सुनेर राजा दशरथले भने, हे मुनीश्वर ! यदि आज्ञा हुन्छ भने त्यस जनपदमा म आफ्नो अनुचर पठाउँछु जसले ती संन्यासीलाई जगाओस् ।

वसिष्ठले भन्नुभो, हे राजन् ! ती संन्यासी अहिले ब्रह्माको हंस भएर ब्रह्माजीको उपदेशबाट जीवन्मुक्त बनेका छन् । उनको शरीर मृतक भइसक्यो, उसमा अहिले पुर्यष्टकरूप जीव छैन । अब उसलाई जगाएर केही काम छैन । एक महिनापछि शिष्यहरूले ढोका खोलेर त्यस शरीरको अन्तिम संस्कार गर्नेछन् । यसबाट जान्नुपर्छ कि यो विश्व संकल्पमात्र हो ।

एकबाट धेरै कसरी भए, त्यो सुन । यी मुनीश्वर, ऋषि, राजा आदिको शरीर अनेक पटक एकै प्रकारको पनि हुन्छ र कहिले भिन्न प्रकारको पनि हुन्छ । नारद पनि उस्तै हुन्छन् र चेष्टा पनि उस्तै हुन्छ । व्यास शुकदेव, भृगु र उनका पिता वरुण, ऋषीश्वर अत्रि र उनकी पत्नी पहिले जस्तै हुन्छन् र समुद्रको तरङ्ग झैं केही न्यूनाधिक पनि हुन्छ । ब्रह्मलोकदेखि पातालसम्मको जगत् सब मनले रचेको हो र मिथ्या हो । चित्कला जब बहिर्मुख हुन्छ तब संसार (देश, काल) को उदय हुन्छ । जब चित्त अन्तर्मुख हुन्छ तब आत्मपद प्राप्त हुन्छ । हे राम ! तिमी वासनारहित बन । अज्ञानरूप वासनाले यस्ता सांसारिक अवस्था प्राप्त हुन्छन् र नानाप्रकार दुःख हुन्छ । जस्तो अमृतमय चन्द्रमामा चर्मदृष्टिले कलङ्क देखिन्छ त्यस्तो अमृतमय चन्द्ररूप आत्मामा अज्ञानदृष्टिले जन्म, मरण, शोक, दुःख, भय आदि कलंक देखिन्छ । जस्तो चन्द्रमा एक भए तापनि नेत्रदोषले अनेक चन्द्रमा भासित हुन्छन् त्यस्तो एक अद्वैत आत्मामा अज्ञानले नानात्वरूप विश्वको भान हुन्छ, यो नै आश्चर्यकारी माया हो ।

हे राम ! तिमी एक अद्वितीय आत्मा हौ, उसमा स्फुरणबाट विश्व कल्पित भएको छ । त्यसकारण वासनाले रहित नभईकन आत्मदर्शन हुँदैन । जस्तो सूर्यको उदय भए तापनिं बादल नहटेसम्म आकाशमा शुद्ध सूर्य देखिदैनन् त्यस्तो स्फुरणरूपी बादल नहटीकन आत्मरूपी सूर्य शुद्धरूपमा भासित हुँदैनन् ।

हे राम ! संसारको सार आत्मा हो, त्यसमा तिमी सुषुप्त झैं मौन रहू । रामले सोधे, हे गुरुवर ! तीन मौन त म जान्दछु - एक वाणीको मौन (चुप रहनु), दोस्रो इन्द्रियको मौन अर्थात् चेष्टा नगर्नु र तेस्रो काष्ठमौन अर्थात् हठ गरेर मन र इन्द्रियलाई वश गर्नु ॥ सुषुप्तमौन मैले जानेको छैन, बताउनुहोस् । वसिष्ठले भन्नुभयो, हे राम ! त्यों तीन प्रकारको मौन अज्ञानी तपस्वीको हो र सुषुप्तमौन जीवन्मुक्त ज्ञानीको हो । वाणी र इन्द्रियको चेष्टा हुन दिनु तर आत्मादेखि भिन्न केही भासित नहुनु, अथवा न म छु, न जगत् छ, अथवा म नै हुँ सब - यस्तो निश्चयमा स्थित हुनु उत्तम मौन हो, यसैलाई सुषुप्तमौन भन्दछन् ।

आत्माको सिद्धि विधिमुखबाट हुन्छ र निषेधमुखबाट पनि हुन्छ । आत्मामा स्थित हुनु उत्तम मौन हो । द्वैतरूप संसारको स्फुरणबाट सुषुप्त हुनु सुषुप्त मौन कहिन्छ । आत्मामा जागनु र यस्तो देखनु कि ममा जाग्रत्, स्वप्न र सुषुप्ति छैन - यस्तो निश्चयमा स्थित हुनुलाई तुरीयातीत अवस्था भनेको छ, यो पञ्चम मौन हो । यो तुरीयातीत पद अनादि, अनन्त, जरारहित, शुद्ध र निर्दोष छ । ज्ञानी जन इन्द्रियलाई रोकने इच्छा गर्नुहुन्न र घुमने इच्छा पनि गर्नुहुन्न । स्वाभाविक रूपले जस्तो परिआउँछ त्यसैमा स्थित हुनुहुन्छ, यो परम मौन हो । ज्ञानीलाई सुखको इच्छा हुँदैन र दुःखबाट त्रास पनि हुँदैन । उहाँ हेयोपादेयरहित हुनुहुन्छ । हे राम ! तिमी आफ्नो स्वभावमा स्थित होऊ । संसार भ्रम मनको स्फुरणबाट उत्पन्न हुन्छ, त्यो मिथ्या हो । न शरीर सत्य छ, न माया सत्य हो । तिम्रो स्वरूप ओंकार (चैतन्य ब्रह्म) हो । यस ओंकारलाई अङ्गीकार गरेर स्थित हुनु परम मौन हो ।

राम : ती सबै रुद्र नै थिए कि रुद्रका गण थिए ?

वसिष्ठ : जसलाई रुद्र भन्छन् त्यसैलाई गण भन्छन् । ती सबै रुद्र हुन् ।

राम : एकबाट अनेक रुद्र भए, यो कस्तो हो, एक दीपकबाट अर्को दीपक भएको जस्तो हो कि के हो ?

वसिष्ठ : अन्तःकरण दुई प्रकारको हुन्छ (१) सावरण र (२) निवारण । मलिन अन्तःकरण सावरण हुन्छ र शुद्ध अन्तःकरण निरावरण हुन्छ । शुद्ध अन्तःकरणमा जस्तो निश्चय हुन्छ त्यस्तै सिद्ध हुन्छ । मलिन अन्तःकरणको निश्चय सिद्ध हुँदैन । जो शुद्ध निरावरण रुद्र छ त्यो नै सर्वव्यापी आत्मा हो । उसको जो निश्चय छ त्यो सत्य हुन्छ ।

राम : सदाशिवको चेष्टा त मनिल मान्नुपर्ला, किनकि उनी रुण्ड मुण्डको माला लगाउँछन्, खरानी घसेर श्मशानमा घुमछन् र बायाँ अङ्गमा स्त्रीलाई साथमा लिन्छन् ।

वसिष्ठ : अज्ञानीलाई शुद्ध अशुद्ध भास्छ । जो शुद्ध रहन्छ र अशुद्धमा लिप्त हुँदैन त्यो ज्ञानी हो । ज्ञानी आफूमा क्रिया देखतैन र शुद्ध अशुद्धमा राग-द्वेष पनि लिँदैन । सदाशिवको ग्रहण-त्याग बुद्धि छैन । उनको दृष्टिमा जो स्वाभाविक चेष्टा छ त्यो हुन दिन्छन् । जस्तो आदि परमात्मा भगवान् विष्णु चार बाहु धारण गर्नुहुन्छ, संसारको रक्षाखातिर शुद्ध चेष्टाले अवतार लिएर धर्मको रक्षा गर्नुहुन्छ र पापीहरूलाई मार्नुहुन्छ, यो उहाँको आदि स्फुरण हो । उहाँको जो स्वाभाविक क्रिया हुन्छ त्यसमा रागद्वेषपूर्वक हेयोपादेयबुद्धि हुँदैन । क्रियाको अभिमान नभएको हुनाले बन्धन पनि हुँदैन ।

यसबाट यो सिद्ध हुन्छ कि संसार स्फुरणमात्र हो । हे राम ! जब तिमी स्फुरणरहित हुन्छौ तब त्रिपुटी भास्तैन अर्थात् आत्मादेखि भिन्न केही भास्तैन । अज्ञानरूप स्फुरणबाट रहित भएर जब आत्मपदको साक्षात्कार हुन्छ तब तिमी जान्दछौ कि ममा स्फुरण, दृश्य, अदृश्य केही छैन, केवल आत्मपद विद्यमान छ, जसमा एक भन्नु पनि छैन तब द्वैत कहाँबाट हुनु ?

हे राम ! दृश्य, अदृश्य, स्फुरण, अस्फुरण र विद्या, अविद्या यी सब उपदेशका निमित्त बताएको हो, आत्मामा केही पनि छैन । आत्मा एक छ, जसमा सदा द्वैतको अभाव छ । जब

चित्तको बहिर्मुख परिणाम हुन्छ तब विश्वको भान हुन्छ । जब चित्तको परिणाम अन्तर्मुख हुन्छ तब अहन्ता र ममताको नाश हुन्छ र चैतन्य शेष रहन्छ । जब अतिशय अन्तर्मुख परिणाम हुन्छ तब चैतन्य भन्ने पनि रहँदैन, त्यो भन्दा पनि जब अतिशय परिणाम हुन्छ तब 'अस्ति', 'नास्ति' भन्ने पनि रहँदैन । यस्तो आत्मा तिम्रो आफ्नो स्वरूप हो र शान्तपद हो । आत्मारूपी सूर्यको साक्षात्कार भएपछि दृश्यरूपी अन्धकारको अभाव हुन्छ किनकि आत्मा तिम्रो स्वरूप हो जो केवल शान्तरूप छ र निर्मल छ । जब तिमी यस्तो बोधस्वरूपमा स्थित हुन्छौ तब विश्वलाई पनि आत्मरूप नै देख्नेछौ ।

(६१) वेतालोपाख्यान-वेतालप्रश्न

वसिष्ठले भन्नुभयो, हे राम ! आदि स्फुरण अनुसार सदाशिव त्रिनेत्र हुनुहुन्छ, मुण्डमाला लगाउनु हुन्छ र विश्वसंहारको काम गर्नुहुन्छ । ब्रह्मा चार मुख र चार हातवाला हुनुहुन्छ, चार हातमा चारवेद लिनुहुन्छ र सृष्टिको काम गर्नुहुन्छ । ब्रह्मा, विष्णु र रुद्र यी त्रिदेव वास्तवमा एकरूप हुन् तापनि रागद्वेषरहित भएर आआफ्नो कार्य गर्छन् । आफ्नो दृष्टिमा उनीहरू केही पनि गर्दैनन् किनकि बोधमा नै उनीहरूको जाग्रत् छ । सांख्यमार्गबाट बोध हुन्छ र योगमार्गबाट जागृति हुन्छ । तत्त्व र मिथ्याको विचार गर्नु सांख्यमार्ग हो । म सत् चित् आत्मा हुँ र सब दृश्य मिथ्या, जड र असत् हो - यस्तो ज्ञानलाई तत्त्व भन्दछन् । अज्ञान ममा कल्पित छ । वास्तवमा म अद्वैत आत्मा हुँ, ममा अज्ञान र दृश्य दुवै छैनन्, यस्तो निश्चयमा स्थित हुनु सांख्यविचार हो । प्राण स्थिर गर्नुलाई योग भन्दछन् । प्राण स्थिर भए मन स्थिर हुन्छ र मन स्थिर भए प्राण पनि स्थिर हुन्छ किनकि प्राण र मनको परस्पर संबन्ध छ ।

प्राण स्थिर भएमा मुक्त हुन्छ भने मृतक पुरुषमा प्राण हुदैन तब मुक्त हुनुपर्ने भन्ने रामको प्रश्नमा वसिष्ठ गुरुले भन्नुभयो, हे राम ! पहिले प्राण भन्ने कुरा बुझ । यो जीव पुर्यष्टकमा स्थित भएर जस्तो वासना लिन्छ शरीर त्यागेपछि त्यही अनुसार आकाशमा स्थित हुन्छ - यसैको नाम प्राण हो । वासनारूप प्राणद्वारा फेरि उसलाई संसारको भान हुन्छ । जब प्राणको वासना क्षीण हुन्छ तब मुक्त हुन्छ । वासना क्षीण भएको हुनाले ज्ञानीको जन्म-मरण हुदैन ।

आत्मामा बन्ध र मोक्ष छैन । परमात्मा एक अद्वैतरूप छ तब उसमा बन्ध-मोक्ष कसरी हुने ? बन्धन र मुक्ति चित्तको कल्पना हो । जब मन आफ्नो वशमा हुन्छ अथवा जब प्राण स्थिर हुन्छ तब आत्मपद प्राप्त हुन्छ । यो संसार मृगतृष्णाको जल झैं मिथ्या हो । जब संसारको वासना निवृत्त हुन्छ तब आत्मपदमा स्थिति हुन्छ । एक मुहूर्त पनि यदि तिमी चित्तविना स्थित हुन्छौ तब आत्मपदको प्राप्ति हुन्छ । जहाँसम्म चित्तको वासना क्षीण हुँदैन त्यहाँसम्म जीव ठूला ठूला भ्रम देखिरहन्छ ।

हे राम ! यो संसार मृगतृष्णाको जलसमान असत् हो र आभासमात्र फुरेको छ । यस विषयमा एक आख्यान बताउँछु, सुन । दक्षिण दिशामा यौटा मन्दराचल पर्वत छ, त्यसको कन्दरामा एक भयानक वेताल रहन्थ्यो । त्यो मनुष्यको मासु खान्थ्यो । एकदिन नगरमा गएर साधुहरूको संगत गऱ्यो र भोक लागेपछि एक साधुलाई मारेर खायो । साधुसंगतको प्रसादले उसले विचार गऱ्यो कि

मैले धेरै मनुष्यको हत्या गरिसकें, मेरो के गति होला । मेरो आहार त मनुष्य नै हो । आजबाट प्रतिज्ञा गर्छु कि जो मूर्ख अज्ञानी मनुष्य छ त्यसलाई मारेर भोजन गर्छु । जो उत्तम पुरुष (ज्ञानी) छ उसलाई खान्न ।

एकदिन रातको समयमा क्षुधातुर भएर त्यो वेताल बाहिर घुमिरहेको थियो । त्यहीवेला त्यस देशका राजा पनि प्रजाहरूको चाल बुझ्न वीरयात्रामा घुम्दै थिए । संयोगवश ती दुईको जंकाभेट भयो । वेतालले भन्यो, राजन् ! कहाँ जाँदै छौ ? आज मेरो भोजन बन्ने भयौ । राजाले भने, अन्यायले मेरो नजीक आयौ भने तिम्रो शिर हजार टुक्रा हुनेछ । वेतालले भन्यो, तिमी जतिसुकै बलिया हौ, म डराउँदिन, तिमीलाई मारेर भोजन गर्छु । तर मेरो यौटा प्रतिज्ञा छ कि अज्ञानीलाई मात्र खान्छु, ज्ञानीलाई मार्दिन । तिमी ज्ञानी हौ भने मेरा प्रश्नको जवाफ देऊ ।

प्रथम प्रश्न : जसमा यो ब्रह्माण्ड त्रसरेणुसमान छ त्यो सूर्य को हो ?

द्वितीय प्रश्न : जुन पवनमा आकाशरूपी अणु उड्छन् त्यो पवन कुन हो ?

तृतीय प्रश्न : जसमा केराको वृक्ष झैं कुनै सार निकलदैन त्यो कुन वृक्ष हो ?

चतुर्थ प्रश्न : त्यो पुरुष कुन हो जो स्वप्नबाट स्वप्न देख्छ, फेरि उसमा अर्को स्वप्न देख्छ तापनि एक रहन्छ, परिणाम प्राप्त हुँदैन ।

पञ्चम प्रश्न : ब्रह्माण्ड, आकाश, भुवन, सूर्यमण्डल, मेरु आदि महान् पदार्थ अणुत्व धर्मलाई नछोडने कुन अणुका परमाणु हुन् ?

षष्ठ प्रश्न : अवयवरहित परमाणुरूप महागिरिको कुन शिलाभित्र त्रिकाल र त्रिजगत् विद्यमान छन् ?

यी मेरा प्रश्नको सहि उत्तर दिएमा तिमीलाई खान्न नत्र मेरो भोजन बन्नेछौ ।

(६२) प्रश्नोत्तर, वेतालब्रह्मप्राप्ति

राजाले भने, हे वेताल ! यी प्रश्नका उत्तर सुन । ब्रह्माण्डरूपी एक मरिचको बीजमा आत्मचैतन्यरूपी तीक्ष्णता विद्यमान छ । यस्ता हजारौं मरीच एक शाखामा फलेका छन्, यस्ता हजारौं शाखा एक वृक्षमा छन् । यस्ता हजारौं वृक्ष एक वनमा, हजारौं वन एक शिखरमा, हजारौं शिखर एक पर्वतमा र यस्ता कैयौं पर्वत एक नगरमा छन् । यस्ता हजारौं नगर एक द्वीपमा र हजारौं द्वीप एक पृथिवीमा, यस्ता हजारौं पृथिवी एक अण्डमा र यस्ता हजारौं अण्ड एक समुद्रमा लहराइरहेका छन् । यस्ता हजारौं समुद्र एक समुद्रका लहर हुन् र यस्ता हजारौं समुद्र एक पुरुषको पेटभित्र छन् । यस्ता कैयौं पुरुषको माला एक पुरुषको गलामा सुशोभित छ । यस्ता कैयौं पुरुष त्यस सूर्यका अणु हुन् जसबाट सब प्रकाशमान छ, त्यो सूर्य हो आत्मा, जसमा अनन्त सृष्टि स्थित छ । हे वेताल ! यो सृष्टि जस्तो छ त्यस्तै अरू सृष्टि पनि जान । यो सत्य भए अरूपनि सत्य हुन्थ्यो, तर यो सृष्टि स्वप्न हो, त्यसो हुनाले अरू सृष्टिलाई पनि स्वप्नसमान जान । आत्मा यस्तो सूर्य हो जसदेखि भिन्न कुनै अणु छैन र ऊ आफू आफैमा स्थित छ । लौभन, अब के सोध्छौ ? यस्तो सत्तामात्रस्वरूप आत्मामा स्थित होऊ, जुन सत्तामात्र पदबाट कालसत्ता र आकाशसत्ता

उत्पन्न भएको छ । त्यही सत्पदबाट संकल्पद्वारा अन्य सबै सत्ताको उदय हुन्छ र संकल्पको लय भएपछि सब लीन हुन्छन् ।

तिम्रो प्रश्न थियो कि त्यो कुन सूर्य हो जसबाट ब्रह्मण्डरूपी त्रसरेणु उत्पन्न हुन्छन्, त्यो हो ब्रह्मसूर्य, जसदेखि भिन्न अरू केही छैनन् । केराको वृक्षको प्रश्न थियो, केराको वृक्ष भैं विश्वको भित्र-बाहिर एक आत्मा स्थित छ । फेरि जस्तो केराको भित्र केही सार छैन त्यस्तो विश्वको भित्र बाहिर आत्मा बाहेक अरू सार कुरा केही छैन । आत्मा अद्वैतरूप छ, त्यसदेखि भिन्न द्वैत केही छैन । त्यो पवन भनेको पनि ब्रह्म हो, जुन पवनमा ब्रह्माण्डसमूह उडिरहेका छन् । त्यो पुरुष स्वप्नबाट स्वप्न र फेँरि अर्को स्वप्न देख्छ त्यो एक आत्मा आफू आफैमा स्थित छ । चित्कलाको स्फुरणबाट अनन्त ब्रह्माण्डको भान हुन्छ - यसैलाई स्वप्न भनेको छ । त्यो स्वप्न पनि आत्मादेखि भिन्न होइन । आत्मा एक छ तापनि नट भैं भिन्न भिन्न रूपमा प्रतीत हुन्छ । उसको आज्ञाबाट सबै आ-आफ्नो काम गर्दछन् । ब्रह्म स्थूल भन्दा पनि स्थूल र सूक्ष्म भन्दा पनि सूक्ष्म छ, मन, वाणी र इन्द्रियको अगोचर छ र पूर्ण भएको हुनाले तिम्रो, हाम्रो, सबैको वास्तव स्वरूप हो ।

हे वेताल ! अब भन, तिमी कसलाई खान्छौ र किन क्षुधातुर हुन्छौ । तिमी आनन्दरूप अद्वैत आत्मा हौ । त्यसकारण तिमी आफ्नो स्वरूपमा स्थित होऊ । इत्यादिरूपले राजाबाट प्रश्नको उत्तरको साथै ज्ञानोपदेश पाएर त्यो वेताल त्यहाँबाट राजालाई नमस्कार गरेर एकान्त स्थानमा गएर आत्माको अभ्यासमा तल्लीन भयो । ध्यानमा स्थित भएर दृढ अभ्यासद्वारा आत्मपद प्राप्त गरेर वेताल मुक्त भयो । वसिष्ठले भन्नुभयो, हे राम ! राजा र वेतालको यो आख्यान तिमीलाई सुनाएँ । त्यस आत्मामा ब्रह्माण्ड अणु भैं स्थित छ । यसकारण तिमी निर्विकल्प आत्मामा स्थित होऊ र इन्द्रियलाई बाहिरबाट समेटेर स्थिर गर ।

(६३) भगीरथोपाख्यान - त्रितलबाट उपदेश

वसिष्ठले भन्नुभो, हे राम ! अर्को एक आख्यान बताउँछु, सुन । तिम्रा कुलमा अघि परम धार्मिक, दयार्द्रहृदय, महात्यागी भगीरथनाम गरेका राजा थिए । जस्तो मरुस्थलमा कमल उत्पन्न हुनु आश्चर्य छ त्यस्तै उनलाई राज्यसुख भोग गर्दा गर्दै वैराग्य उत्पन्न भयो र विचार गर्न लागे कि यो संसार के हो ? संसारको सुख परिणाममा दुखःदायी भएकोले यसमा केही सार छैन । यस्तो विचार गरेर उनी घरबाट निकलेर आफना गुरु त्रितल ऋषिको आश्रयमा पुगे । गुरुसित राजाले प्रश्न गरे, हे भगवन् ! त्यो कुन सुख हो जसलाई पाएपछि जरा-मृत्युको दुःख भोग्न पर्दैन । ज्ञेय वस्तु के हो जसलाई जानेपछि परम शान्ति मिल्दछ । राजाको प्रश्नबाट प्रसन्न भएर त्रितल ऋषिले भने, हे राजन् ! आत्मा, परमात्मा, ब्रह्म एक चैतन्यको नै नाम हो । आत्मा नै ज्ञेय हो जसलाई जानेपछि शान्तपद प्राप्त हुन्छ । अज्ञान रहेसम्म जरा र मृत्युको दुःख भइरहन्छ । जब ज्ञानरूपी सूर्यको उदय हुन्छ तब अज्ञानरूपी अन्धकार निवृत्त हुन्छ र जीव शान्तपदमा स्थित हुन्छ । आत्मज्ञानबाट चित्-जडग्रन्थिको अवसान हुन्छ अर्थात् अनात्म देह, इन्द्रिय आदिमा जो आत्माभिमान हुन्छ त्यो निवृत्त हुन्छ, कर्म निवृत्त हुन्छ र सब संशय नष्ट हुन्छन् । यस्तो शुद्ध स्वरूप प्राप्त गरेर ज्ञानी त्यसैमा स्थित हुन्छ । आत्मा सर्वव्यापी, नित्य उदयास्तरहित छ ।

राजा भगीरथले भने, हे गुरो ! आत्मा चिन्मात्र छ र देहादि मिथ्या हो भन्ने कुरा जान्दछु तापनि त्यो चिन्मात्रसत्ताको अनुभव हुँदैन । त्यसकारण कसरी त्यो चिन्मात्रसत्तामा स्थिति हुन्छ, उपदेश पाऊँ । त्रितलले भने, देहेन्द्रियादिमा आत्माभिमान त्याग र स्त्रीपुत्रादिमा जो आसक्ति छ त्यो पनि छोडेर नित्य समचित्त होऊ र इष्टानिष्टप्राप्तिमा एकरस रहू । चित्तलाई आत्मपदमा स्थित गरेर वृत्तिलाई अन्यत्र जान नदेऊ । एकान्त स्थानमा निवास गरेर ब्रह्मविद्याको विचार गर । देहादिमा अहंममभावलाई छोडेर स्वतः प्रकाशमान आनन्दस्वरूप आत्मामा स्थित होऊ ।

देहमा अहंकार त चिरकालदेखि प्राप्त भइरहेको छ, यसको परित्याग कसरी गर्ने भनी राजाले प्रश्न गर्दा ऋषिले भने, हे महाराज ! पुरुषको प्रयत्नबाट अहंकार निवृत्त हुन्छ । पहिले भोगमा दोषदृष्टि राखेर भोगेच्छाको परित्याग गर । मनमा भोगको वासना नराख र बारम्बार स्वरूपको भावना गर, तब तिम्रो अहंकार (जीवभाव) निवृत्त हुनेछ । अहंकार निवृत्त भएपछि सर्वत्र आत्मा नै भासित हुन्छ र दुःखरहित शान्त स्वरूप प्रकाशित हुन्छ ।

अर्को कुरा, हे राजन् ! लज्जा परित्याग गर । लज्जाको त्याग नभएसम्म अहंमम भावको परित्याग कठिन हुन्छ । म ठूलो मानिस हुँ, प्रतिष्ठित हुँ इत्यादि जो मोहको स्थान छ त्यसलाई लज्जा भनेको छ । हे राजन् ! तिम्रो शत्रुले जो तिम्रो राज्य लिन खोजिराखेको छ त्यो राज्य खुसीसाथ शत्रुलाई देऊ र क्षोभरहित भईकन पुत्र, स्त्री र बान्धवको मोहलाई पनि छोडिदेऊ । एकान्त स्थानमा गएर बस र त्यही शत्रुको घरमा गएर भिक्षा माग जसबाट आफूलाई प्रतिष्ठित श्रेष्ठपुरुष भनाउने इच्छा पनि मनमा नरहोस् ।

(६४) निर्वाणवर्णन

वसिष्ठले भन्नुभयो, हे राम ! यसरी त्रितलऋषिबाट उपदेश पाएर राजा आफ्नो दरवारमा गए । गुरुको उपदेशलाई हृदयमा राखेर पूर्ववत् राज्य गर्न लागे । उनको मन तत्त्वविचारमा निमग्न रहन्थ्यो । केही कालपछि सर्वस्वदान गर्ने उद्देश्यले राजाले अग्निष्टोम यज्ञ गरे । सारा धन ऐश्वर्य ब्राह्मण र गरीब गुरुवालाई बाँडे । हात्ती, घोडा, रथ, भूषण र वस्त्र सबै बाँडेर राज्य शत्रुलाई दिए । दरवारमा शत्रुको हालीमाली चल्यो । सेनाले दरवार घेरियो । राजासँग धोती र अँगुछामात्र रह्यो । त्यसपछि राजा वनवासी भएर तत्त्वविचारद्वारा शान्त आत्मामा स्थित भए ।

केहीकालपछि शान्तमुद्रामा रहेका राजा भगीरथ आफ्नो पूर्वदेशमा फर्केर आए र शत्रुको घरमा भिक्षा मागन लागे । शान्त स्वभाव देखेर शत्रुले र अन्य जनले पनि राजाको पूजा, सत्कार गरेर भने, अब तपाईंको राज्य फिर्ता लिनुहोस् । तर राजाले राज्यलिन मानेनन् । जस्तो भूमिमा खसेको तृणलाई तुच्छ संझेर कोही पनि ग्रहण गर्दैनन् त्यस्तै तुच्छ संझेर उनले राज्य लिएनन् । त्यसपछि राजा फेरि गुरुको समीपमा गए । गुरुचेला दुवैजना आत्मदृष्टिसम्पन्न थिए । केही काल अध्यात्मचर्चा गरेर साथमा रहे । त्यसपछि राजा फेरि वनमा घुमन थाले । वनमा रहँदा स्वयंप्राप्त अनिच्छित प्रारब्धको भोग गर्दै जीवन निर्वाह गरेर रहेका थिए । त्यसबेला स्वर्गबाट सिद्ध, देवता र अप्सराहरू आएर पूजा गरीकन धेरै ऐश्वर्य र भोग्यसामग्री चढाए । राजा आत्मसुखबाट नै तृप्त

थिए, तुच्छ संझेर भोग्य सामग्री स्वीकार गरेनन् । हे राम ! तिमीपनि भगीरथ राजा झैं आत्मसुखबाट नै तृप्त भएर आत्मस्वरूपमा स्थित होऊ ।

(६५) भगीरथोपाख्यान-समाप्ति

केहीकालपछि राजा घुमदै यौटा देशमा पुगेका थिए । त्यो देशका राजा दिवंगत भएका रहेछन् । मन्त्रीहरू योग्य राजाको खोजमा थिए । मन्त्रीहरूले जब भगीरथलाई देखे तब यिनमा सबै राजलक्षण देखेर विन्ती गर्दै भने, तपाईं यस देशको राजा बनेर निष्कपट राज्य गर्नुहोस् । अनिच्छित प्राप्त कुरालाई स्वीकार गर्नु श्रेष्ठ पुरुषको कर्तव्य हो । निदान, तत्कालमा नै राजा हुन उनले स्वीकार गरे । तुरुन्त सेना संमिलित भए । सिंगारिएको हात्तीमा चढाएर मङ्गलवाद्यसहित जयजयकार गर्दै राजप्रासादमा राजाको सबारी चलाइयो । राजभवनमा पुगेपछि अन्त:पुरका सुन्दरीहरू सेवा गर्न तत्पर भए । यत्तिकैमा उता आफ्नो राज्य जुन शत्रुलाई दिएका थिए त्यो पनि कालकवलित भएछ र मन्त्रीहरूले आएर भने, महाराज ! यद्यपि हजूरको इच्छा छैन तापनि यो राज्य पनि हजूरबाट नै सञ्चालित होस्, अनिच्छित प्राप्त वस्तुलाई त्याग गर्नु श्रेष्ठ होइन । मन्त्रीहरूको प्रार्थनालाई राजाले स्वीकार गरे । यसरी पहिलेको भन्दा दोब्बर राज्यको अधिपति भएर ज्ञानी राजा भगीरथले अनासक्तभावले राज्य चलाए । प्रजाहरूमा शान्ति छायो ।

यसरी राज्य गर्दा-गर्दै राजालाई पूर्व वृत्तान्त स्मरण भयो कि मेरा पूर्वजहरू कपिलमुनिको शापले-भस्मीभूत भएर कुवामा परिरहेका छन्, तिनको उद्धार गर्नु छ । गङ्गावतरणविना उद्धार असंभव छ । त्यसको लागि तप गर्न जान्छु भनी निश्चय गरेर राजा भगीरथ हिमालयको कन्दरामा बसेर तप गर्न लागे । हजारौं वर्ष तप गरेपछि भगवती गङ्गा प्रसन्न भइन् । विष्णुको चरणकमलबाट प्रकट भएकी गङ्गा हिमालय पर्वतमा शिवलिङ्गमाथि झरेर भगीरथले देखाएको मार्गबाट प्रवाहित हुँदै, भगीरथका पुर्खाहरू भस्मीभूत भएको स्थानलाई स्पर्श गर्दै सागरमा संमिलित भइन् । गङ्गाजलको स्पर्शबाट भगीरथका पुर्खाहरूको उद्धार भयो । यसपछि राजा भगीरथ क्षोभ, भय र इच्छाले रहित भएर शान्त आत्मपदमा स्थित भए । जस्तो पवनले रहित समुद्र स्थिर हुन्छ त्यस्तो संकल्प-विकल्पले रहित भएर राजा शान्त आत्मपदमा स्थिर भए ।

(६६) शिखिध्वज-चूडालोपाख्यान

वसिष्ठले भन्नुभयो, हे राम ! यो जो भगीरथ राजाको दृष्टि बताइयो, तिमी पनि त्यस्तै दृष्टि (विचार) अवलम्बन गरेर यथाप्राप्त कार्य गर । यो विचार सकल दु:खको नाशक छ । यस्तै प्रकारको एक प्राचीन आख्यान बताउँछु, ध्यानपूर्वक श्रवण गर । सात मन्वन्तर बितेपछि द्वापरको चतुर्थ भागमा शिखिध्वज नाम गरेका गुणगण-विशिष्ट महातेजस्वी शूरवीर राजा थिए । उनी न्यायपूर्वक प्रजाको शासन गर्थे । समचित्त, शान्त पदमा अवस्थित भएकाले ती राजा सकल दु:खबाट रहित थिए । उनी याचकहरूको कामना पूर्ण गर्न समर्थ थिए । आगामी द्वापरमा पनि यस्तै शिखिध्वज नाम गरेका राजा हुनेछन् । जस्तो समुद्रमा तरङ्ग कहिले समान, कहिले अर्धसमान

र कहिले विलक्षण उत्पन्न हुन्छन् त्यस्तो आत्मसमुद्रमा समान, अर्धसमान र विलक्षण सृष्टि उत्पन्न भइरहन्छन् । यस्तै समान विचार र समान चेष्टा भएका शिखिध्वजको उत्पत्ति हुनेछ ।

प्रथम शिखिध्वज सोह्रवर्ष उमेरका थिए । शिकार खेल्न वनमा गएको वेलामा पुष्पलतामा भ्रमर र भ्रमरीको सुन्दर लीला देखदा उनको मनमा स्त्रीका साथ विहार गर्ने इच्छा जागृत भयो । यो कुरा थाहा पाएर मन्त्रीहरूले चूडाला नाम गरेकी गुणगणविभूषित राजकन्याका साथ शास्त्रविधिपूर्वक विवाह सम्पन्न गराए । एकसमय वन विहारमा गएको बेलामा राजा र रानी दुवै अनेक योगकला र भोगकला सिकेर सम्पूर्ण कलामा पारङ्गत भए । रानी चूडालाको बुद्धि राजाको भन्दा तीक्ष्ण थियो । उनी सिकेको कुरा चाडै नै मनमा धारण गर्थिन् र राजालाई सिकाउँथिन् ।

(६७) चूडाला-प्रबोध

वसिष्ठले भन्नुभयो, हे राम ! यसप्रकार ती राजदम्पतीले अनेक कौतुक क्रीडा गर्दै यौवन अवस्थाको रमणीय समय बिताए । छिद्र भएको घडाबाट पानी चुहिंदै गए झैं जब यौवन घरकिंदै गयो तब राजा र रानी दुवैमा वैराग्यको अङ्कुर पैदा भयो र भन्न लागे, यो संसार मिथ्या हो । यहाँ जति भोग भोगे पनि तृष्णा पूर्ण हुँदैन, झन बढेर जान्छ । जस्तो लटरम्म फल लागेको आँपको वृक्ष एकदिन ढलिहाल्छ त्यस्तो यो शरीर पनि एकदिन अवश्य ढलेर जान्छ । त्यसकारण यो मृत्युमय संसारको औषधि अहिले नै गर्नुपर्‍यो । ब्रह्मविद्या नै हो संसाररोगको औषधि । ब्रह्मविद्याबाट आत्मज्ञान प्राप्त हुन्छ र सकल दुःखको निवृत्ति हुन्छ । अब ज्ञानीजनको समीपमा गएर ज्ञानको लागि यत्न गरौं । यस्तो विचार गरेर शिखिध्वज महाराज र महाराज्ञी चूडाला आत्मज्ञानी गुरुजनको समीपमा गएर ज्ञानोपदेश सुन्न थाले र परस्परमा त्यसैको विचार र चर्चा वार्ता गर्न लागे । अन्तमा एकजना संसारसमुद्र तार्न सकने आत्मज्ञानीकहाँ पुगेर श्रद्धापूर्वक उनको उपदेश सुने । यद्यपि समानरूपमा उपदेश सुनेका थिए तापनि राजाको भन्दा रानीको हृदय विशुद्ध भइसकेको हुनाले उनको मनमा ज्ञानको ज्योति बल्न थाल्यो र उनी आफूको बारेमा विचार गरेर अनुभवपूर्ण कुरा भन्न लागिन् । यो स्थूल शरीर जड हो किनकि यो कर्मेन्द्रियको सहाराले चेष्टा गर्छ, कर्मेन्द्रिय ज्ञानेन्द्रियको सहायताबाट चल्छन्, ज्ञानेन्द्रिय मनको सहाराले चल्छन्, मन बुद्धिको सहाराले संकल्प-विकल्पात्मक आफ्नो काम गर्छ, बुद्धि अहंकारको सहायताले निश्चय गर्छ र अहंकार पनि जीवचैतन्यको सहाराले अहं अभिमान गर्छ, त्यसकारण यी सबै जड हुन्, यिनीहरू आत्मा (म) होइनन् । म जीव पनि होइन किनकि जीवभाव (जीवत्व) स्फुरणरूप हो । मेरो स्वरूप त वासनारहित, सदा उदयरूप सन्मात्र हो । मेरो बडो सौभाग्य रहेछ कि मैले चिरकालपछि अविनाशी, अनन्त आफ्नो स्वरूप आत्मालाई पाएकी छु । शरत्कालको आकाश झैं म निर्मल, विगतज्वर, राग-द्वेषरूपी तापले रहित चिन्मात्र आत्मा हुँ । ममा अहं, त्वं आदि परिच्छेद छैन, वासना छैन, त्यसो हुनाले मन्दराचल हटेको क्षीरसागर झैं शान्त अद्वैतरूपमा रहने सौभाग्य पाएकी छु । मेरो स्वरूपमा कुनै परिणाम या विकार छैन । मेरो वास्तव स्वरूप जो चिन्मात्र पद हो त्यसलाई ब्रह्मज्ञानीहरूले ब्रह्म, परमात्मा र चैतन्य भन्ने संज्ञा दिएका छन् । यो आत्मा नै

मन, बुद्धि आदि दृश्य र संसाररूप भएर फैलिएको छ तापनि स्वरूपतः अच्युत छ । यो संसार चित्तको चिन्तनबाट नानाविध आकारमा भासेको छ, तर यो सब आत्मादेखि भिन्न छैन ।

हे राम ! यसप्रकार चूडालाले आफ्नो वास्तव स्वरूप जानेको हुनाले अनुभव व्यक्त गर्दै भन्लागिन् कि म सन्मात्र, अच्छेद्य, अदाह्य, स्वच्छ, अक्षर र निर्मल हुँ । जन्म-मरण आदि जो संसार चित्तद्वारा भासित भएको छ, वास्तवमा त्यो सब आत्मरूप हो । आत्मादेखि भिन्न केही छैन । अब ममा कहिले पनि अहंको उत्थान हुनेछैन, किनकि म आफ्नो निरहंकार स्वरूपमा स्थित भएकी छु । अब यही निर्मल आत्मपदको आश्रय गरेर चिरकालतक संसारमा विचरण गर्नेछु ।

(६८) अग्नि-सोमविचारयोग

वसिष्ठले भन्नुभो, हे राम ! यसरी आत्मस्वभावमा अवस्थित भएकी रानी चूडालाले एकान्तमा बसेर समाधिको अभ्यास गरिन्, समाधिमा अपूर्व ब्रह्मानन्दको अनुभव भयो जुन आनन्द वाणीले बताउन सकिने थिएन । अब उनी सदाकाल त्यही आनन्दस्वरूपमा रहन लागिन् । भित्रको आनन्दले गर्दा बाहिर मुखमण्डलको चेहरा पनि उज्वल एवं प्रसन्न देखिन थाल्यो । यस्तो देखेर एकदिन राजाले सोधे, हे प्रेयसी रानी ! तिमीले त्यस्तो के कुरा पायौ, जसबाट पुनः यौवन अवस्था प्राप्त गरे झैं तिम्रो मुखमण्डल अत्यन्त उज्वल एवं आनन्दपूर्ण देखिन्छ । अमृतपान गर्‍यौ कि अथवा योगीश्वरबाट त्यस्तो कुनै कला प्राप्त गर्‍यौ अथवा त्रिलोकीको ऐश्वर्य प्राप्त गर्‍यौ, के पाएर हो, तिम्रो मुखमण्डल साह्रै सुन्दर देखिन्छ, बताऊ ।

चूडालाले भनिन्, हे राजन् ! जुन आनन्दमा अन्य सबै आनन्द अन्तर्भूत हुन्छन् त्यस्तो ब्रह्मानन्द प्राप्त गरेको हुनाले मैले के पाइन र, अब पाउन पर्ने कुरा केही बाँकी छैन । यो जो कुछ देखिन्छ त्यो सब किञ्चन हो, आत्मा निष्किञ्चन छ, त्यस्तो निष्किञ्चन पद प्राप्त गरेर म श्रीसम्पन्न भएकी छु । जो भोगरहित भोग छ त्यस्तो भोग प्राप्त गरेर तृप्त भएकी छु अर्थात् आत्मज्ञान प्राप्त गरेर आत्मामा विश्राम पाएको हुनाले सदा शान्तरूप र श्रीसम्पन्न भएकी छु । जतिपनि राजभोग्य सुख छन् तिनलाई त्यागेर परमसुख भोगिरहेकी छु साथै राग-द्वेषले रहित भएर यस्ती बनेकी छु कि म 'अस्ति' पनि हुँ र 'नास्ति' पनि हुँ । नेत्रद्वारा जो कुछ देखिन्छ, इन्द्रियद्वारा जो जानिन्छ र मनद्वारा जो चिन्तन हुन्छ त्यो सब स्वप्नसमान मिथ्या हो । जहाँ इन्द्रिय र मनको गति छैन र अहंकारको पनि उत्थान छैन त्यस पदलाई मैले पाएकी छु । जो सर्वाधार, सर्वात्मा र सर्वामृतरूप छ त्यसको सारभूत अमृत मैले पान गरेकी छु, त्यसैले मेरो कदापि नाश छैन र मलाई कुनै भय पनि छैन ।

रानीले जब यसरी स्वानुभव प्रकट गरिन् तब राजाले यसमा विश्वास गरेनन् र हाँस्तै भने, ए मूर्खस्त्री ! यस्तो के भनेकी, प्रत्यक्षदृष्ट वस्तु पनि कहीं असत् हेला ? तिमी त भन्छ्यौ कि जो देखिन्छ त्यो सत् होइन र जो देखिदैन त्यो सत् हो, त्यसलाई मैले देखेकी छु । फेरि भन्छ्यौ सारा ऐश्वर्य त्यागेर श्रीसम्पन्न भएकी छु । कहिले भन्छ्यौ सारा भोगलाई त्यागेर अभोगरूप भोग भोगेकी छु । कहिले भन्छ्यौ 'म नै ईश्वर हुँ' । यसबाट तिमी महामूर्ख देखिन्छ्यौ । यसैमा तिम्रो चित्त प्रसन्न छ भने, म के भनौं, त्यसै गर, तर तिम्रा कुरा कसैले पत्याउँदैनन् र यसबाट तिम्रो

शोभा पनि हुँदैन । यति भनेर राजा मध्याह्नको स्नान गर्न गए । रानीले मनमा विचार गरिन् कि आत्मपदमा स्थिति नभएकोले राजा मेरा कुरामा सहमत हुनुभएन । जसरी राजा सन्तुष्ट हुनुहुन्छ त्यस्तै व्यवहार गर्नुपर्‍यो । यस्तो सोचेर पहिले अज्ञानावस्थामा जस्तो व्यवहार र चेष्टा हुन्थ्यो त्यस्तै गरेर राजाको सेवा टहल गर्दै रहिन् ।

प्राणायाम र योगसिद्धि

एकदिन रानी चूडालाको मनमा यस्तो विचार आयो कि प्राणवायुलाई माथि चढाएर उदान र अपानलाई वशमा ल्याउँ जसबाट आकाश पाताल घुमने सिद्धि मिल्छ । रामले प्रश्न गरे, हे ऋषिवर ! त्यो कस्तो प्राणायाम हो जसबाट आकाशमा उड्न र तल आउन सकिन्छ र अज्ञानीको यत्नबाट कस्ता सिद्धि प्राप्त हुन्छन्, सुन्न पाऊँ । वसिष्ठले भन्नुभो, हे राम ! अज्ञानीद्वारा प्राप्त गरिने सिद्धि तीन प्रकारका छन् । मलाई यो वस्तु मिलोस भनी इच्छा गरेपछि त्यो वस्तु मिलिहाल्छ, यसलाई उपादेयं सिद्धि भन्छन् । दुःख निवृत्त होस् र सुख प्राप्त होस् - यस्तो अभिलाषा सिद्ध हुनु दोस्रो सिद्धि हो र म कर्ता हुँ, मलाई कर्मको फल मिलोस - यस्तो चिन्तनबाट फल पाप्त गर्नु तृतीय प्रकारको सिद्धि हो । ज्ञानवान् यी सिद्धिलाई नाघेर रहन्छन् । कहिले कहिले ज्ञानवान्मा पनि यस्ता सिद्धि देखिन्छन् । यी बाहेक अन्यप्रकारका पनि सिद्धि देखिन्छन् । कुनै सिद्ध मुखमा औषधिको गुटका (गोली) राखेर इच्छित स्थानमा पुग्छन् । कोही आँखामा सिद्धाञ्जन लगाएर जसलाई देखन चाहेको छ त्यसलाई देखछन् । कोही खड्गसिद्धि गर्छन् र त्यो खड्ग हातमा लिएर हिंडेपछि पृथिवी नै वशमा हुन्छ ।

यस्ता सिद्धि प्राप्त गर्ने उपाय बताउँछु, सुन । नाभिस्थानदेखि तल आधारचक्रमा कुण्डलिनी शक्ति छ । त्यो सर्पिणीको आकारमा तीन फन्का मारेर बसेकी छ । वासना त्यसको विष हो । त्यो नाडीहरूको समष्टिरूप हो । त्यस कुण्डलिनीमा मनन हुँदा मन, निश्चय हुँदा बुद्धि, स्मरण हुँदा चित्त र अहंभाव हुँदा अहंकार उत्पन्न हुन्छन् । त्यसमा स्पर्शको इच्छा हुँदा पवन प्रकट हुन्छ र यसैगरी पञ्चतन्मात्रा प्रकट हुन्छन् । सबै नाडीहरू त्यही कुण्डलिनीबाट नै प्रकट हुन्छन् र आत्मा प्रकट हुनु पनि त्यसबाट नै जानिन्छ ।

रामले प्रश्न गरे, हे भगवन् ! आत्मा त देश, काल र वस्तुको परिच्छेदले रहित एवं परिपूर्ण छ त्यसको प्राकट्य कसरी जानिंन्छ ? वसिष्ठले भन्नुभयो, हे राम ! जस्तो सूर्य सर्वत्र व्याप्त भए तापनि जल आदि योग्य माध्यममा नै तिनको प्रतिबिम्ब पर्छ त्यस्तो ब्रह्मसत्ता सर्वत्र समान रहेता पनि जहाँ सत्त्वगुण हुन्छ त्यहाँ प्रकट हुन्छ । सबै नाडी र इन्द्रियहरू कुण्डलिनी शक्तिबाट उत्पन्न भएका छन् । जब जीव कुण्डलिनी शक्तिमा स्थित भएर पवनलाई स्थिर गर्छ तब भित्र रहेको प्राणवायु उसको वशमा हुन्छ जस्तो सबै सेना राजाको वशमा हुन्छन् । यसप्रकार सबै इन्द्रिय र प्राणवायु वशमा हुन्छन् । इन्द्रिय र प्राणवायु वशमा भएनन् भने आधि र व्याधि उत्पन्न हुन्छन् ।

आधि-व्याधि :- आधि र व्याधि कसरी उत्पन्न हुन्छन् भनी रामले प्रश्न गर्दा गुरु वसिष्ठले भन्नुभयो, हे राम ! मनको पीडाको नाम आधि हो र शरीरको दुःखको नाम व्याधि हो । कुनै वस्तु

मलाई मिलोस् भन्ने चिन्ता मनमा उठ्छ, तर त्यो वस्तु प्राप्त भएन भने मनमा दुःख हुन्छ - यसको नाम आधि हो । मनको चिन्ताबाट शरीरमा वात, पित्त, कफको विकार हुन्छ र त्यसबाट जो दुःख हुन्छ त्यो हो व्याधि । आधि र व्याधिको अनुभव कहिले एकसाथ पनि हुन्छ र कहिले भिन्न भिन्न रूपले पनि हुन्छ । ज्ञानवान्‌को आधि- व्याधि केही छैन । यो योगकला ज्ञानमार्गको प्रतिबन्धक भएकोले संक्षेपमा बताएको हुँ । हुनता, जति पनि कला छन् ती सब म जान्दछु ।

चारप्रकार वासना

वासना चार प्रकारको छ (१) सुषुप्तिवासना (२) स्वप्नवासना (३) जाग्रत्-वासना र (४) क्षीणवासना । स्थावर योनिमा सुषुप्तिवासना हुन्छ, पछि आएर तिनीहरूमा पनि चेतना फुर्छ । तिर्यक्योनिमा स्वप्नवासना हुन्छ, तिनीहरूलाई वासना भन्ने थाहा हुँदैन । जङ्गम मनुष्य, देवता आदिमा जाग्रत्-वासना हुन्छ, तिनीहरू वासनामा नै लागिरहन्छन् । यी तीन प्रकार वासना अज्ञानीका हुन्छन् । क्षीणवासना ज्ञानीको हुन्छ । ज्ञानी वासनालाई सत्य मान्दैनन् । वासना निवृत्त भए संसारको पनि निवृत्ति हुन्छ ।

जब कुण्डलिनी शक्तिबाट वासना उठ्छ तब पञ्चतन्मात्राद्वारा संसारको भान हुन्छ । वासना नै हो संसार-वृक्षको बीज । दश दिशा त्यस वृक्षका पात हुन्, शुभाशुभकर्म फूल र स्थावर जडङ्गम फल हुन् । जीव वासनारूप पुर्यष्टकसित मिलेर जस्तो काम गर्छ त्यस्तो फल प्राप्त हुन्छ ।

त्यसकारण हे राम ! वासनाको त्याग गर । निर्वासनिक हुनु नै पुरुषप्रयत्न हो । वासनारहित भए विश्व भासित हुँदैन । ज्ञानरूपी सूर्यको उदय भएपछि संसाररूपी अन्धकार निवृत्त हुन्छ ।

आधि-व्याधि ठूलो रोग हो, त्यो मनबाट उत्पन्न हुन्छ । आधि रोग त मनबाट हुन्छ, व्याधि त शरीरको रोग हो त्यो कसरी मनबाट हुन्छ भन्ने रामको प्रश्नमा वसिष्ठले भन्नुभो, हे राम ! व्याधि दुई प्रकारको हुन्छ (१) लघु र (२) दीर्घ । शरीरको दुःख लघु रोग हो किनकि त्यो जप, पाठ र औषधि आदिबाट निवृत्त हुन्छ । दीर्घ व्याधि हो जन्म-मरणको रोग । मन शान्त नभईकन यो महारोग निवृत्त हुँदैन । त्यसकारण आधि र व्याधि दुबै मनका उपज हुन् । व्याधि मनबाट कसरी उत्पन्न हुन्छ भनी रामले पुनः प्रश्न गरे । यसमा वसिष्ठले भन्नुभो, जहाँसम्म चित्त शान्त हुँदैन त्यहाँसम्म आधि-व्याधि भई नै रहन्छ । पुर्यष्टकसित मिलेर कुण्डलिनीले उदानवायुलाई ऊर्ध्वमुख गराईकन माथितिर उठाउँछे र अपानवायुले त्यसलाई तलतिर जान दबाब गर्छ । यसरी परस्पर विरोधी उदान र अपानको संघर्षणबाट अग्नि उत्पन्न हुन्छ र हृदयकमलमा स्थित हुन्छ । वाहिर अग्निले पकाएको अन्न खाएर जब घाँटीबाट तल आमाशयमा पुग्छ अनि हृदयस्थित अग्निद्वारा त्यसको पुनः पाक हुन्छ र रस र छोक्रा छुट्टिन्छ अनि नाडीहरूले आ-आफ्नो भागको रस लिन्छन् । वीर्यबाहिनी नाडीले वीर्य र रुधिरवाहिनी नाडीले रगत लिन्छन् । कुण्डलिनीशक्तिमा जब चित्त व्याकुल हुन्छ तव नाडीहरूले आ-आफ्नो स्थान छोडिदिन्छन्, अनि रसको परिपाक हुँदैन र कच्चा रसबाट रोग उत्पन्न हुन्छ । जस्तो राजामा क्षोभ भए सेनामा पनि क्षोभ हुन्छ त्यस्तो

मनमा क्षोभ भए नाडीहरूमा क्षोभ हुन्छ, अनि रोग लाग्छ । मन शान्त भए नाडीहरू आआफना स्थानमा बसेर काम गर्छन् अनि रोग लाग्दैन । चित्त निर्वासनिक नभए आधि-व्याधि (रोग) लाग्छ । चित्त शान्त भए कुनै रोग लाग्दैन । त्यसकारण निर्वासनिक पदमा स्थित होऊ ।

रामले सोधे, हे भगवन् ! तपाईंले भन्नुभयो कि मन्त्रबाट पनि रोग निवृत्त हुन्छ, त्यो कसरी ? उत्तरमा वसिष्ठले भन्नुभयो, पहिले श्रद्धा चाहिन्छ । श्रद्धा भए पुण्यकर्म, दान, सज्जनको संगत र मन्त्राक्षरको जपबाट रोग निवृत्त हुन्छ ।

योगीश्वरको क्रम

आधारचक्रबाट प्राणसहित कुण्डलिनीलाई सूक्ष्म सुषुम्ना नाडीद्वारा ब्रह्मरन्ध्रमा पुऱ्याएर एक मुहूर्त स्थित भए पछि शरीर हल्का हुन्छ, दिव्य दृष्टि खुलेर आउँछ र आकाशमा सिद्धहरूको दर्शन हुन्छ । यस्तै रेचक प्राणायमद्वारा बाहिर नाकको प्वालबाट द्वादश अंगुलमा अपानको स्थान छ त्यसमा एक मुहूर्त स्थित हुनाले अथवा हृदय देशमा पूरक प्राणायामद्वारा एक मुहूर्त निश्चल स्थित हुनाले पनि आकाशमा सिद्धदर्शन मिल्छ ।

नेत्रबिना कसरी सिद्धको दर्शन हुन्छ भन्ने रामको प्रश्नमा वसिष्ठले भन्नुभो, हे राम ! चर्मचक्षुद्वारा पृथिबीमा बस्नेले आकाशचारी सिद्धको दर्शन गर्न सक्तैन किन्तु दिव्यदृष्टिबाट संभव हुन्छ । निर्मल बुद्धिरूपी नेत्रलाई दिव्यचक्षु भन्दछन् । जस्तो स्वप्नमा चर्मनेत्रविना पनि पदार्थदर्शन हुन्छ त्यस्तो चर्मचक्षु विना पनि सिद्धदर्शन हुन्छ, तर फरक यति छ कि स्वप्नको पदार्थबाट जाग्रत्मा कुनै अर्थ सिद्ध हुदैन, सिद्धको समागम र चेष्टा जाग्रत्मा पनि प्रतीत हुन्छ ।

अग्नीषोमविचार

आदिसृष्टिमा जस्तो नीति बन्यो, त्यही अनुसार नै आत्मामा स्वभाव-शक्तिको स्फुरण हुन्छ । यो अविद्या अवस्तुरूप हो तर कहिले कहिले वस्तुरूप भएर पनि भासित हुन्छ जस्तो वसन्तको फूल शरत्मा र शरत्को फूल वसन्तमा देखिन्छ । स्वरूपबाट हेर्दा सबै ब्रह्मरूप हो, द्वैत या नानात्व केही पनि छैन । केवल ब्रह्मतत्त्व आफू आफैंमा स्थित छ । व्यवहारको निमित्त नानात्वको कल्पना भएको छ, वास्तवमा द्वैत केही भएको छैन ।

रामले प्रश्न गरे, हे भगवन् ! सूक्ष्म रन्ध्रबाट स्थूलरूप वायु कसरी निक्लन्छ र जो अणु सूक्ष्मरूप हो त्यो फेरि कसरी स्थूलभावमा प्राप्त हुन्छ ?

वसिष्ठले भन्नुभयो, हे राम ! जस्तो एक टुक्रा काठ छ त्यसलाई आरोले चिरेपछि दुई टुक्रा हुन्छ । ती दुई टुक्रालाई आपसमा रगडनाले स्वाभाविक अग्नि प्रकट हुन्छ त्यस्तै मांसमय उदरको मध्यमा जो हृदयकमल छ त्यसमा सूर्य र चन्द्रमाको स्थिति छ अर्थात् हृदयकमलको अधोभाग र ऊर्ध्व भागमा दुइटा कमल छन् । अध:कमलमा चन्द्रमाको र ऊर्ध्वकमलमा सूर्यको स्थिति छ । त्यसको मध्य भागमा कुण्डलिनी लक्ष्मी पद्मरागमणि झैं जाज्वल्यमान भएर रहेकी छ । जस्तो आवर्तमा फेन (फींज) को ठक्करबाट शलशलाकार शब्द निस्कन्छ त्यस्तो त्यस कुण्डलिनीबाट

प्रणव (ओम् शब्द) निस्कन्छ । शीतलरूप चन्द्रमा र ऊष्णरूप अग्नि या सूर्यको संयोगबाट जगत्को उत्पत्ति हुन्छ, त्यसैले "अग्नीषोमात्मकंजगत्" भनेको छ । चन्द्रमा अपानरूप हो र सूर्य प्राणरूप हो । अपान शीतल छ र प्राण ऊष्णरूप छ । प्राण र अपान नै शरीरको बल हो । अपानले तलतिर तान्छ र प्राणले माथितिर तान्छ । यी दुई तत्त्वको सन्तुलनबाट व्यष्टि शरीरको स्थिति बनेको छ र समष्टि अपान र प्राण अर्थात् चन्द्र र सूर्यको सन्तुलनमा भुवन अडेको छ । यी दुईमा सूर्य उज्वल र चन्द्रमा मलिन छ । उज्वल भावलाई सत्, चित्, प्रकाश, विद्या, उत्तरायण, सूर्य, अग्नि र मलिनभावलाई असत्, जड, अविद्या, तम, दक्षिणायन आदि संज्ञा दिएको छ ।

रामले सोधे, हे भगवन् ! अग्नि, सूर्यरूप जो प्राणवायु छ त्यसबाट शीतल जलमय अपानरूप चन्द्रमाको उत्पत्ति र अपानरूप जलमय चन्द्रमाबाट ऊष्ण अग्निरूप सूर्यको उत्पत्ति कसरी हुन्छ ।

वसिष्ठले भन्नुभो, हे राम ! सूर्य र चन्द्रमालाई अग्नीषोम भन्दछन् । यी दुई परस्परमा कार्यकारणरूप छन् । जस्तै बीजबाट अंकुर र अंकुरबाट बीज हुन्छ, दिनबाट रात्रि र रात्रिबाट दिन हुन्छ, छायाँबाट धूप र धूपबाट छायाँ हुन्छ त्यस्तै सूर्य र चन्द्रमामा परस्पर कार्यकारणभाव हुन्छ । कहिले कहिले यी दुईको एकत्र उपलब्धि पनि हुन्छ जस्तो सूर्यको उदय हुँदा धूप र छायाँ दुबै एकत्र हुन्छन् ।

कार्यकारणभाव दुई प्रकारको हुन्छ - एक सत्यरूप परिणामबाट र अर्को विनाशरूप परिणामबाट हुन्छ । जस्तो बीज नष्ट हुन्छ र त्यसबाट अंकुर उत्पन्न हुन्छ - यो विनाशरूप परिणाम भयो । मृत्तिकाबाट मृत्तिका नष्ट नभक्ष्ईकन घट उत्पन्न हुन्छ - यो सत्यरूप परिणाम भयो । प्रत्यक्ष प्रमाण झैं अभाव पनि यौटा प्रमाण हो । शीतलताको परिणाम यो हो क़ि जस्तै अग्निको भावमा शीतलताको अभावबाट उष्णता प्रकट हुन्छ । दिनको अभावबाट रात्रि र छायाँको अभावबाट धूप इत्यादि अभाव परिणाम हो ।

अमृतसमान शीतल जो चन्द्रमारूप अपानवायु छ त्यो मुखको अग्रभागमा रहन्छ, त्यो कणिकारूप जल जब शरीरमा प्रवेश गर्छ तब त्यो सूर्यरूप प्राण भएर स्फुरित हुन्छ । यसरी सत्यरूप परिणामबाट जल अग्निको कारण बन्छ । जब जलको नाश हुन्छ तब उष्णभाव (अग्नि) उत्पन्न हुन्छ - यो विनाशपरिणाम हो । यस प्रकार जल अग्निको कारण हुन्छ र अग्निको नाश भए जलरूप चन्द्रमा उत्पन्न हुन्छ, यसको नाम विनाशपरिणाम हो ।

निर्मल, प्रकाश र चिद्रूपलाई सूर्य र जडात्मक, तमोरूपलाई चन्द्रमा भन्दछन् । जब निर्मलचैतन्य सूर्यरूप आत्माको दर्शन हुन्छ तब संसारको दुःखरूप तम नष्ट हुन्छ जस्तो आकाशमा सूर्यको उदय भए श्याम रात्रिको तम नष्ट हुन्छ । जब जड चन्द्रमारूप देहतिर हेर्छ तब चैतन्यरूप सूर्य सद्रूप भएर पनि भासित हुँदैन । जब चैतन्यरूप सूर्य (आत्मा) तिर दृष्टि हुन्छ तब देह भास्तैन ।

सूर्य र चन्द्रलाई अग्नि र सोम भनेको छ । यी दुइटा नै हुन् संसारदर्शनका कारण । जस्तो अन्धकारविना अग्निरूप प्रकाश सिद्ध हुँदैन त्यस्तो प्रकाशविना जडको उपलब्धि पनि हुँदैन ।

जगत्लाई अग्नि र सोमरूप जान । चेतनको देहसित सम्बन्ध छ, तर जसको आधिक्य छ उसको जय हुन्छ । प्राण-अग्नि उष्णरूप छ र अपान शीतल चन्द्ररूप छ । यी दुई प्रकाश र छायाँरूप हुन् । प्राण बाहिर द्वादश अंगुल पर्यन्त जान्छ त्यो चन्द्रमण्डल हो त्यहाँबाट अपान बनेर भित्र हृदय देशस्थित सूर्यमण्डलमा आउँछ र प्राणको रूप लिन्छ । यसरी प्राण र अपानको - सूर्य र चन्द्रको क्रिया शरीरमा चलिरहन्छ । बाहिर जब प्राण समाप्त भयो र अपानको उदय भएको छैन त्यो सन्धिमा र भित्र हृदयदेशमा अपान समाप्त भएर प्राणको उदय भएको छैन त्यो सन्धिमा शुद्ध आत्मा विद्यमान छ । त्यो सन्धिमा स्थित भएपछि परमपद प्राप्त हुन्छ ।

(६९) शिखिध्वजको वनगमन, कुंभज-शिखिध्वजसंवाद तथा चिन्तामणिवृत्तान्त

वसिष्ठले भन्नुभो, हे राम ! यो जो योगकला तिमीलाई बताएँ, यसको प्रयोजन यो हो कि तिमी आत्मब्रह्मको एकताको अनुभव गरेर निर्वाणपदमा स्थित होऊ जसबाट फेरि जन्म-मरण आदिको दुःख नहोस् । चूडाला रानी जब यसप्रकार योग र ज्ञानको अभ्यासले पूर्ण भइन् तब शक्तिसम्पन्न बनिन् र उनमा अणिमा आदि अष्टसिद्धि प्राप्त भए ।

एकदिन रातमा राजा मस्तनिद्रामा थिए । रानी उठिन् र देवता, दैत्य, राक्षस र विद्याधरको लोकमा, सूर्यलोक र चन्द्रलोकमा भ्रमण गरिन् । पवनरूप बनेर नागलोकमा पुगेर नागकन्याका साथ क्रीडा गरिन् र मध्य लोकका वन पर्वत सारा ठाउँमा भ्रमण गरिन् । यसरी लीला गरीकन फेरि एक क्षणमा नै आफ्नो शयनकक्षमा आएर राजाको समीपमा पूर्ववत् शयन गरिन् । जब प्रातःकाल भयो तब राजा स्नानागारमा स्नान गर्न गए । स्नान गरेर राजाले आफ्नो नित्य कर्म सम्पन्न गरे । रानी पनि नित्य कर्म समाप्त गरेर राजाको समीपमा पुगिन्, मीठा मीठा वचनले राजालाई तत्त्वोपदेश गरिन् र पण्डितहरूलाई पनि भनिन् तपाईंहरूले पनि राजालाई तत्त्वज्ञानको उपदेश गर्नुहोस् जसबाट ज्ञान प्राप्त गरेर राजाको उत्तम पदमा विश्रान्ति मिलोस् ।

रामले प्रश्न गरे, हे गुरुवर ! रानी त सर्वशक्तिसम्पन्न थिइन्, साथै योगकला र ज्ञानकला दुवैमा निपुण थिइन् । उनको उपदेशबाट राजा किन ज्ञानमा आरूढ भएनन् ?

वसिष्ठले भन्नुभो, हे राम ! जस्तो मोतीमा छेद नगरीकन धागो पस्तैन र माला बन्दैन त्यस्तो रानीको उपदेशले राजाको मनलाई छेदन गर्न सकेन । जहाँसम्म आफैंबाट विचार र दृढ अभ्यास हुँदैन त्यहाँसम्म ब्रह्माले उपदेश गरे पनि मनमा पस्तैन किनकि आत्मा आफैंद्वारा जानिने वस्तु हो र त्यो इन्द्रियको विषय हुँदैन ।

रामले सोधे, हे ऋषीश्वर ! आत्मा यदि आफैंबाट जानिने हो भने गुरु र शास्त्रको उपदेश किन चाहियो ?

वसिष्ठले भन्नुभो, हे राम ! गुरु र शास्त्रले जनाइदिन्छन् कि तिम्रो स्वरूप आत्मा हो, यो 'इदं' रूपले देखिंदैन । विचाररूपी नेत्रले आत्मा आफूलाई आफैं देख्छ । जस्तो कसैले चन्द्रमा यो हो भनी देखाइदिन्छ तर देखनेवालाको आँखा छ भने देख्छ, नत्र देखतैन त्यस्तो गुरु र शास्त्रले आत्माको

रूप वर्णन गरेर देखाइदिन्छन् र शिष्य विचाररूपी नेत्रले देख्तछ र भन्छ 'मैले आत्मालाई' देखें, त्यसपछि त्यो अरूलाई देखाउन पनि समर्थ हुन्छ ।

रामले भने, हे गुरु ! तपाईं भन्नुहुन्छ, आत्मा इन्द्रियको विषय होइन, त्यो आफैं आफ्नो मूलरूप हो । फेरि इन्द्रियद्वारा नै त उपदेश गर्नुहुन्छ ।

वसिष्ठले भन्नुभो, हे राम ! जब इन्द्रियको विस्मरण हुन्छ तब मूलरूप आत्मा भासित हुन्छ । यस विषयमा यौटा इतिहास सुन । एक किराटनामक मानिष धनसम्पन्न थियो, तर अत्यन्त कृपण थियो । त्यसलाई चिन्तामणिको इच्छा थियो । एकदिन त्यो विन्ध्याटवीमा हिंडदै थियो, घाँसको थुप्रोमा यौटा कौडी देख्यो, अनि अरूपनि पाउने इच्छाले तीन दिनसम्म अरूकाम छोडेर घाँस पञ्छाउँदै खोजदै रहँदा अर्को कौडी फेलापऱ्यो । यसरी खोजदै जाँदा चार कौडीसम्म फेला पाऱ्यो तैपनि खोजन छोडेन । आखिरमा चिन्तामणि पायो र सुखी भएर बस्यो । त्यस्तै गुरु र शास्त्रद्वारा श्रवण गरेर विचारपरायण भएर खोजी गरेपछि आत्मारूपी चिन्तामणि प्राप्त हुन्छ । धन, तपस्या र कर्मद्वारा आत्मा मिल्दैन । आफैं लागि परेर खोज गरेपछि आत्मपद प्राप्त हुन्छ ।

राजा शिखिध्वज स्नान गर्दै थिए, उनको मनमा संसार प्रति वैराग्य उठ्यो र मनमा विचार गर्नलागे कि यो संसार मिथ्या हो । जति भोग भोगे तापनि यसबाट हृदयमा शान्ति मिल्दैन । अन्तमा यी भोगको परिणाम दुःखदायक नै हुन्छ । यस्तो विचार गरेर राजाले ब्राह्मण, गरीब र अतिथिहरूलाई उनको अधिकार अनुसार गाई, पृथ्वी, सुवर्ण, घर र अरू सामग्रीहरू पनि बाँडिदिए । रानीको इच्छा थियो कि आत्मज्ञान प्राप्त गरेर राजा जन्म-मरणको दुःखबाट मुक्त होऊन् । त्यसैले ब्राह्मण र मन्त्रीहरूलाई भनिन् कि राजालाई वैराग्य र तत्त्वोपदेशका कुरा बताइदिनू । त्यसपछि राजा तीर्थयात्रामा हिंडे । तीर्थहरूमा स्नान र दान गरे । देवता, साधु र सिद्धहरूको दर्शन गरेर घरमा फिरे ।

एकदिन रातको समयमा राजाले रानीलाई भने, हे महारानी ! अब म वनमा तपस्या गर्न जान्छु, किनभने, यो भोग मलाई दुःखदायक लाग्यो । अब मलाई राज्य गर्ने इच्छा पनि छैन । म वनमा जान्छु, मलाई नरोक ।

रानीले भनिन्, हे राजन् ! अहिले वनमा जाने अवस्था छैन । अहिले त राज्यको भोग गर्ने समय हो । जब केश पाक्छन्, बृद्धावस्था आउँछ, तब पो वनमा जानु शोभादायक होला । यहाँ मैले हजूरको सेवा टहल गर्थें, वनमा कसले गर्ला ? रानीले यति भन्दा पनि राजाको वैराग्यमा कमी आएन ।

अर्को दिनको रातमा जब रानी मस्त निद्रामा थिइन्, खड्ग हातमा लिएर राजा दरवारबाट निस्के । कोटको ढोकामा द्वारपालहरूले रोकन खोजदा राजाले भने, म वीरयात्रामा एकलै जाँदैछु, तिमीहरू यहीं वस । राजा एकलै वनतिर लागे । सिंह, सर्प र भयानक जन्तुहरूले व्याप्त घनघोर जंगल काटतै विहान एक नदीमा पुगेर स्नान गरे, केही फल भोजन गरे । खोजन आएका मानिसले भेटलान् भन्ने डरले त्यहाँबाट पनि द्रुततर वेगले अगाडि बढदै गए । मन्दराचलको निकट एक रमणीय वनमा पुगेर अडिए । त्यहाँ स्नान र भोजन गरेर एक छिन आराम गरे । अनि

घामपानीबाट बच्नको लागि स्याउला घाँस ल्याएर एक झुपडी तयार गरेर बसे । प्रात:कालमा स्नान गरेर एक प्रहरसम्म जप गर्थे । दोस्रो प्रहरमा स्नान गरेर पूजाको निमित्त फलफूल जम्मा गर्थे । पूजा सकेर तेस्रो प्रहरमा भोजन गर्थे । चौथो प्रहरमा फेरि संध्या र जप गर्थे । रातमा पनि थोरै समय सुतेर बाँकी समय जप गरेर बिताउँथे ।

यता मध्यरातपछि रानी उठेर हेर्छिन् त राजाको शय्या खाली छ । वनमा तपस्या गर्न जान्छु भन्थे, पक्का, राजा वन तिर गए । राजा के गर्दैछन्, विचार गर्नुपर्‍यो भनी रानी योगबलले आकाशमा उडेर गइन् र देखिन् कि राजा धमाधम जङ्गलको बाटो पार गर्दैछन् । रानीले ध्यानदृष्टिबाट भविष्यत्को विचार गरेर मनमनै भनिन् - राजासित मेरो संयोग हुन केही काल लाग्नेछ । अहिले राजाको कषाय (मनको रागादि दोष) परिपक्व भएको छैन । केही काल तपस्या गरेपछि यिनको मन शुद्ध हुन्छ, अनि मेरै उपदेशबाट यिनी स्वरूपमा जाग्नेछन्, तबमात्र संयोग हुनेछ । अहिले प्रत्यक्ष देखिनु ठीक छैन, यस्तो विचार गरेर रानी दरबारमा फर्किन् । रात बितेपछि मन्त्रीहरूलाई बोलाएर रानीले भनिन्, राजा तीर्थ गर्न जानुभएको छ । तपाईंहरूले आफ्नो आफ्नो काम यथावत् गर्नुहोला । यसरी सुखपूर्वक राज्य चलेको थियो र प्रजाहरू पनि सन्तुष्ट थिए ।

उता राजाको तपस्या गर्दा गर्दै आठ वर्ष बित्यो । यता रानीले नै राजपाठ चलाइन् । अब रानीले विचार गरिन् कि तपस्याद्वारा राजाको अन्त:करण शुद्ध भयो । अब उनी मेरा वचनका पात्र भएका छन् । त्यसपछि रानी त्यहाँबाट उडेर आकाशमार्गबाट इन्द्रको नन्दन वनमा पुगिन् । त्यहाँको रमणीयता देखेर आफना पतिको स्मरण भयो । पतिलाई कहिले देखन पाउँला भनी मन चञ्चल भयो । मनलाई संझाउँदै रानीले भनिन्, हे मन ! तैले सत्पदलाई प्राप्त गरिसकेको छस् । आत्मा नै हो तेरो भर्ता । अब ता मिथ्या पदार्थको इच्छा किन गर्छस् ? मेरो त यस्तो हाल भयो भने अरू जीवको कस्तो होला ? फेरि रमणीय कमल देखेर भनिन्, पतिको साथ संयोग कहिले होला, म कामातुर भएकी छु । म जस्ता आत्मज्ञानीको पनि यस्तो हाल हुन्छ भने अरू जीवको त के भन्नुपर्ला ? यो शरीरको धर्म हो । जहाँसम्म शरीर रहन्छ त्यहाँसम्म शरीरको धर्म साथैमा रहन्छ । त्यसपछि रानी मेघ, विजुली, वन, नदी, समुद्र, पर्वत आदि स्थान नाघदै मन्दराचल पर्वतको समीपमा पुगेर समाधिमा स्थित भईकन ध्यानदृष्टिले हेर्दा तपस्या गरिरहेका राजालाई देखिन्, राजाको शरीर दुर्बल थियो ।

अब रानीले विचार गरिन् कि यही शरीरले देखा परौं भने मेरो उपदेशबाट राजालाई ज्ञान हुँदैन किनभने राजाले ठान्नेछन् कि यी मेरी स्त्री हुन् । यिनीहरूबाट अलग रहनको लागि राज्यसमेत त्यागेर यहाँ बसेकोछु, मेरो कार्यमा बाधा पार्न फेरि यिनी आइन् । त्यसकारण ब्रह्मचारीको शरीर धारण गरेर जानुपर्‍यो, यस्तो विचार गरेर तुरुन्त ब्रह्मचारीको शरीर धारण गरिन् । निधारमा श्वेत विभूतिको त्रिपुण्ड्र लगाइन् । हातमा रुद्राक्षको माला, कमण्डलु र गलामा मृगचर्म धारण गरिन् । सफा सेतो यज्ञोपवीत लगाइन् । यसप्रकार ब्रह्मचारीको वेषमा पैदल मार्गबाट राजाको समीपमा पुगिन् । राजाले उठेर नमस्कार गरे, चरणमा पुष्पार्पण गरे, गलामा पुष्पमाला पहिराए । आसनमा बसालेर राजाले भने - आज मेरो ठूलो भाग्यले तपाईंको दर्शन मिल्यो । आज्ञाहोस, कति कामले पाल्नु भएको हो । ब्रह्मचारीले भने, तीर्थाटनको प्रसंगमा नदी,

पर्वतहरू नाघदै यहाँ आइपुगें । इन्द्रियलाई वशमा राखेर यत्रो कठिन तपस्यामा लाग्नु भएकोछ, धन्य हो, तपाईंलाई नमस्कार छ । हे राजन् ! यो तपस्या आत्मयोगको लागि हो कि अरू कुनै उद्देश्यको लागि हो ? राजाले देवपुत्र ठानेर भने, हे देवपुत्र ! तपाईंका अङ्ग अत्यन्त सुन्दर देखिन्छन् । मेरीस्त्रीका पनि अङ्ग यस्तै थिए । नड० देखि शिखापर्यन्त उस्तै देखछु । तपाईं उही हुनुहुन्छ भनेर कसरी भनौं ? तपाई त शान्तमूर्ति तपस्वी हुनुहुन्छ । तपाईं कसका छोरा हुनुहुन्छ, के कामले यहाँ पदार्पण गर्नु भएको छ र यहाँबाट कहाँ जाँदै हुनुहुन्छ, यो कुरा बताएर मेरो संशयको निवारण गर्नुहोस् ।

देवपुत्रले भने, हे राजन् ! एक समय नारदमुनि सुमेरु पर्वतको कन्दरामा बसेर तपस्या गर्दै हुनुहुन्थ्यो । नजिकै गङ्गाप्रवाहमा अप्सराहरू जलक्रीडा गरिरहेका थिए । त्यो देखेर लहराको पातमा नारदको वीर्यपात भएछ । त्यो वीर्यलाई यौटा सुवर्णको घडामा राखेर त्यसमा दूध राखेर पूजागरीकन घडालाई छोपेर राखे । एक महिनापछि त्यस घडाबाट एक सुन्दर बालक प्रकट भयो । नारदले तुरुन्त त्यस बालकलाई ब्रह्माको समीपमा राखिदिए । ब्रह्माजीले काखमा लिएर त्यस बालकलाई आशीर्वाद दिदै भन्नुभो, यो बालक सर्वज्ञ हुनेछ र चाँडै नै स्वरूप प्राप्त गरेर सुखी हुनेछ । कुम्भबाट उत्पन्न भएको हुनाले यसको नाम कुम्भज भयो । म नै त्यो बालक थिएँ । पछि ब्रह्माजीको उपदेशबाट चाँडै नै ब्रह्मज्ञान प्राप्त गरें । म उही नारद्को पुत्र कुम्भज हुँ । कुम्भजले भने, मैले आफ्नो वृत्तान्त सबै बताएँ । अब तपाईं आफ्नो वृत्तान्त बताउनुहोस् । तपाईं को हुनुहुन्छ, किन यहाँ आएर कष्टसाथ रहनुभएको छ ।

राजाले भने, हे कुम्भज ! म मालवदेशको राजा शिखिध्वज हुँ । जन्म-मरणको दुःख देखेर मलाई संसारबाट वैराग्य भयो र राज्यत्याग गरेर यहाँ तपस्या गरेर रहेको छु । त्रिकाल सन्ध्योपासना र जप गरेर रहेको छु, तैपनि शान्ति छैन । धेरै तीर्थ र देश देशावरको भ्रमण गरेको छु, अहिले यस वनमा आएर बसेको छु तै पनि शान्ति प्राप्त भएको छैन । हे ऋषिवर ! तपाईं त्रिकालज्ञ हुनुहुन्छ । त्यस्तो उपाय बताउनुहोस् जसबाट मेरो दुःख निवृत्ति होस् ।

कुम्भजले भने, हे राजर्षि ! तपाईंले राज्यको त त्याग गर्नुभो, तर तपस्यारूपी खाडलमा पर्नुभो । जस्तो पृथिवीको कीरो जता गए पनि पृथिवीमा नै रहन्छ त्यस्तो तपाईं एउटा खाडल त्यागेर अर्को खाडलमा पर्नुभएको छ । जेको निमित्त राज्यत्याग गर्नुभयो त्यसलाई त जान्नुभएको छैन । यहाँ आएर दण्ड, कमण्डलु, मृगचर्म र फल-फूल राखेर बस्नु भएको छ, यसबाट त शान्ति मिल्दैन । त्यसकारण आफ्नो स्वरूपमा जाग्नुहोस् । जब स्वरूपमा जाग्नुहुनेछ तब सब दुःख निवृत्त हुनेछन् र शान्ति प्राप्त हुनेछ । यस विषयमा मैले ब्रह्मजीसँग प्रश्न गरेको थिएँ कि हे पितामह ! कर्म श्रेष्ठ हो कि ज्ञान श्रेष्ठ हो, यी दुईमा कुन श्रेष्ठ छ, जो मेरो निमित्त कर्तव्य हो त्यो बताउनुहोस् । ब्रह्माजीले भन्नुभयो, ज्ञान प्राप्त गरेपछि फेरि कुनै दुःख हुँदैन । ज्ञान आनन्दको पनि आनन्द हो । अज्ञानीको निमित्त कर्म श्रेष्ठ हो । कर्म गरेपछि नरक प्राप्त हुँदैन । यद्यपि तप, दान आदिबाट स्वरूपको प्राप्ति त हुँदैन तापनि अज्ञानीको लागि कर्म नै श्रेष्ठ हो जस्तो कम्बल भन्दा रेशमको वस्त्र श्रेष्ठ हो तर रेशम पाइएन भने कम्वल पनि राम्रै हुन्छ त्यस्त्यो ज्ञान रेशम जस्तो हो र कर्म कम्वल जस्तो हो । कर्मबाट शान्ति मिल्दैन । फरक यत्ति हो कि पहिले तपाईं

राज्यवासी हुनुहुन्थ्यो, अहिले वनवासी हुनुहुन्छ । मूर्खतावश अज्ञानमा परिरहनु भएको छ । जहाँसम्म क्रियाको भान रहन्छ अर्थात् मैले यति कर्म गरें, अब यति गर्छु, यस्तो प्रमाद रहन्छ त्यहाँसम्म दु:खको निवृत्ति हुँदैन । त्यसकारण, हे राजन् ! निर्वासनिक भएर स्वरूपमा जागनुहोस् । निर्वासनिक हुनु नै मुक्ति हो र वासनासहित हुनु नै बन्धन हो । निर्वासनिक हुनु नै पुरुषार्थ हो । वासना रहेसम्म जीव अज्ञानी नै रहन्छ । जब निर्वासनिक हुन्छ तब ज्ञेयरूप हुन्छ । आफ्नो वास्तव स्वरूप ब्रह्मलाई ज्ञेय भनेको छ । ब्रह्मस्वरूपलाई जानेपछि कुनै इच्छा रहँदैन । केवल चिन्मात्रपदमा स्थित हुनुलाई ज्ञेय भनेको छ । ज्ञेय (जान्न योग्य) स्वरूपलाई जानेपछि वासना रहँदैन । केवल स्वच्छ आफू बनिहाल्छ । हे राजन् ! तपाईंले आफ्नो स्वरूपलाई पो जान्नुपर्ने थियो, फेरि किन यो जञ्जालमा फस्नुभो ? आत्मज्ञानविना अनेक यत्न गरे तापनि शान्ति प्राप्त हुँदैन । हावा नचलेपछि वृक्ष शान्त भएझैं वासना निवृत्त भएपछि शान्त पद प्राप्त हुन्छ ।

राजाले भने, हे भगवन् ! तपाईं नै पिता र गुरु हुनुहुन्छ । तपाईं नै मलाई कृतार्थ गर्नेवाला हुनुहुन्छ । वासनाले गर्दा धेरै दु:ख पाएँ । जस्तो शाखा र पत्र विनाको वृक्ष ठुटो हुन्छ त्यस्तै ज्ञानविना म ठुटो बनेको छु । त्यसकारण कृपा गरेर शान्तिको मार्ग बताउनुहोस् ।

कुम्भजले भने, हे राजन् ! तपाईंले यत्रो त्याग गरेर सन्तजनको संगत गर्नु पर्थ्यो र यस्तो प्रश्न गर्नु पर्थ्यो कि बन्धन के हो र मोक्ष के हो, म को हुँ र संसार के हो ? यो संसार कसरी उत्पन्न हुन्छ र कसरी लीन हुन्छ ? अब ज्ञानवान्को संगत गरेर निर्वासनिक बन्नोस् । ब्रह्माजीले भन्नुभएको छ कि जीव जब निर्वासनिक हुन्छ तब सुखी हुन्छ । राजाले भने, तपाईं नै सन्त हुनुहुन्छ र तपाईं नै मेरा गुरु र पिता हुनुहुन्छ । जसरी मलाई शान्ति हुन्छ त्यो उपाय बताउनुहोस् ।

कुम्भजले भने, हे राजन् ! मैले जो उपदेश गर्छु त्यो हृदयमा धारण गर्नुपर्छ नत्र भालुलाई पुराण सुनाए झैं मेरो वचन व्यर्थ हुन्छ । राजाले भने, तपाईंबाट जो आज्ञा हुन्छ त्यो मबाट स्वीकार्य हुनेछ । जस्तो अहिले म शास्त्र र वेदले भने बमोजिम कर्म गर्छु त्यस्तै तपाईंले भनेको कुरा अवश्य मान्नेछु ।

कुम्भजले भने, हे राजन् ! पहिले यस्तो निश्चय गर्नुहोस् कि यी वचनबाट मेरो कल्याण हुन्छ । जस्तो पिता पुत्रलाई जो सिकाउँछन् त्यो राम्रै कुरा सिकाउँछन् त्यस्तो तपाईंलाई म जो बताउँछु त्यो शुभावह कुरा नै बताउँछु जसबाट तपाईंको कल्याण हुनेछ । यस विषयमा एक सानो आख्यान सुन्नोस् ।

एक जना धनवान् र गुणवान् पण्डित थिए । उनलाई चिन्तामणि पाउने खूब इच्छा थियो । त्यसको लागि शास्त्रमा बताएबमोजिम उपाय गर्दै गए । एकदिन उनको नजिकमा चिन्तामणि देखियो । मणि खूप उज्वल थियो । त्यो देखेर उनले विचार गरे कि यो लिऊँ कि न लिऊँ । मणि भए त लिनु बेसै हो, नभए लिएर मात्र के काम । चिन्तामणि पाउन गाह्रो छ भन्छन् । यति सजिलो सित चिन्तामणि पाइने भए त सबै धनी भइहाल्थे । त्यसकारण यो चिन्तामणि होइन होला । जब यस्तो संकल्प विकल्प गर्न लागे तब उनको चित्तमा आवरण पर्‍यो, मणि लुप्त भयो ।

प्राप्त सिद्धिलाई अनादर गऱ्यो भने त्यो शाप दिएर जान्छ । कुनै देवताको आवाहन गरेर पूजा गरेन भने देवता त्यहाँ बस्तैनन् । पछि त्यसले विचार गऱ्यो कि त्यो चिन्तामणि नै थियो होला, ग्रहण गरिन, बडो भूल भयो । अब फेरि यत्न गर्नुपऱ्यो, यत्न गरेपछि के कुरा सिद्ध हुँदैन र ? यस्तो विचार गरेर फेरि यत्न गर्न लाग्यो । हुँदा हुँदा धेरै कालिपछि यौटा काँचको मणि देख्यो, त्यो पनि उज्वल नै थियो । बल्ल चिन्तामणि फेला पऱ्यो भनी त्यसलाई लिएर घरमा आयो र विचार गऱ्यो कि चिन्तामणि पाएपछि अरू धनको के प्रयोजन ? चाहिएको बेलामा यसले नै दिइहाल्छ । यस्तो विचार गरेर भए भरको धन सबै बाँडिदियो । पछि काँचको मणिले त केही पनि दिएन । अनि त्यो बाहुन हरिकङ्गाल भएर हिंड्यो र वनमा गएर धेरै दुःख पायो । हे राजन् ! मूर्ख मानिस असत्लाई सत् ठान्दछ, शत्रुलाई मित्र र विषलाई अमृत ठान्दछ । अज्ञानी जीव विद्यमान वस्तुलाई त्याग्दछ, त्यसको महत्त्व जान्दैन, अनि दुःख पाउँछ ।

(७०) हस्ति-आख्यानवर्णन

कुम्भजले भने, हे राजन् ! अर्को पनि एउटा आख्यान सुन्नुहोस् । मन्दराचल पर्वतको जंगलमा हात्तीहरूको राजा एक महान् हात्ती थियो । उसका दाँत वज्रसमान बलिया थिए । ऊ सुमेरूपर्वतलाई दाँतले उठाउँथ्यो । त्यस्तो बलियो हात्तीलाई पनि माहुतले वशमा लियो र यौटा रूखमुनि जन्जीरले बाँधेर राख्यो र आफू त्यही रूखको हाँगामा बस्तथ्यो । स्वतन्त्ररूपमा वनमा विचरण गर्ने त्यस हात्तीले बन्धनमा पर्दा ज्यादै दुःख मान्यो र विचार गऱ्यो कि यदि यो बन्धन तोडन सकिन भने त मेरो दुःख कहिले पनि जाने भएन । यस्तो विचार गरेर उसले जवर्जस्ती जन्जीर तोड्यो । त्यो देखेर हात्ती भाग्न आँट्यो, यसलाई फेरि बाँधनुपऱ्यो भनी रूखबाट हात्तीको पिठ्यूमा हाम फाल्दा माहुत हात्ती आगाडि भइंमा लोट्यो र बेहोस भयो । हात्तीले विचार गऱ्यो कि हुनत यो मेरो शत्रु हो तर अहिले मरिसक्यो, मरेकोलाई मार्नु ठीक छैन । यस्तो विचार गरेर हात्ती आफ्नो बाटो लाग्यो । पछि माहुत होशमा आयो र हात्तीलाई खोजन जंगल तिर हिंड्यो । जाँदा जाँदा यौटा रूखमुनि मजासित बसिरहेको हात्तीलाई देख्यो र अलि पर हात्ती हिंडने बाटोमा खाडल खनेर त्यसमाथि घाँस, स्याउला, पात राखेर चउरजस्तो बनाएर माहुत चाहिं अलिपर रूखको आडमा कुरेर बस्यो । केहीकालपछि हात्ती उठेर हिंड्यो र त्यही खाडलमा पऱ्यो । माहुतले आएर फेरि जन्जीरले बाँध्यो । यसरी पुनः बन्धनमा परेर त्यस हात्तीले धेरै दुःख पायो । अज्ञानी भविष्यको विचार गर्न सक्तैन र धेरै दुःख पाउँछ । हे राजन् ! यो जो मणि र हात्तीको आख्यान सुनाएँ । यसको रहस्य जब तपाईं संझनुहोला तबमात्र अगाडि उपदेश गर्नेछु ।

(७१) हस्ति-वृत्तान्तवर्णन

राजाले भने, हे देवपुत्र ! यी दुई आख्यानको रहस्य तपाईं नै जान्नु हुन्छ, म ता केही जान्दिन, यस्को रहस्यवर्णन तपाईंबाट नै होस् ।

कुम्भजले भने, हे राजन् ! तपाईं शास्त्रको अर्थमा त बहुतै चतुर हुनुहुन्छ, तर तपाईंको स्वरूपमा स्थिति छैन । त्यसकारण म नै बताउँछु । मेरा वचनलाई बुद्धिपूर्वक ग्रहण गर्नुहोस् । हात्ती के हो, चिन्तामणि के हो, बुझ्नुपर्छ । चिन्तामणि भनेको तपाईंको राज्य, धन, सम्पत्ति र रानी हुन् । त्यसको नजीकमा रहँदा तपाईंलाई सुख थियो । त्यसलाई त्याग गर्नुभयो र वनमा आएर तपस्यारूप काँचको मणि ग्रहण गर्नु भो, त्यसैले दुःखी र दरिद्र भएर जीवन बिताउन परिरहेको छ । तपाईं जो सर्वत्याग गरें भन्नुहुन्छ, वास्तवमा त्यो सर्वत्याग थिएन । मोटामोटी त्याग भए ता पनि संसारको बीजभूत देहाभिमान, अहंकार - कर्तृत्व, भोक्तृत्वको त्याग रूप सूक्ष्म त्याग भएको थिएन । त्यसैले वनमा आएर तपस्याको आरम्भरूप काँचमणिको ग्रहण गर्नुभो ।

हे राजन् ! तपाईंले सर्वत्याग गर्नु भएन, जो त्याग गर्नुभो शेष राखेर गर्नुभो, त्यो शेष फेरि फैलिहाल्यो । जस्तो ठूलो बादल हावाले छिन्न भिन्न पार्दा क्षीण हुन्छ र सूक्ष्मरूपले रहन्छ, फेरि हावा लागेपछि त्यो सूक्ष्म बादल फैलिन्छ र सूर्यलाई ढाकिदिन्छ ।

बादल के हो, सूर्य के हो र सूक्ष्म रहनु के हो त्यो मबाट सुन्नुहोस् । स्त्री, कुटुम्ब आदि त्यागेर यिनमा अहंकार गर्नु नै ठूलो बादल हो । वैराग्यरूपी पवनद्वारा तपाईंले राज्य र कुटुम्बको अहंकार त्याग गर्नुभो, तर देहादिमा अहंकार सूक्ष्म बादल झैं रहेको थियो त्यो फेरि बढेर गयो । अनात्मामा अभिमान गरेर जो तपस्यारूपी क्रियाको आरम्भ गरियो यसबाट आत्मारूपी सूर्य जो आफू हो अहंकाररूपी बादलले ढाकियो र ज्ञानरूपी चिन्तामणि अज्ञानरूपी काँचको मणिले लुप्त भयो । ज्ञानद्वारा आत्मालाई जानेपछि मात्र आत्मा प्रकाशित हुन्छ, नत्र प्रकाशित हुँदैन । जस्तो घोडा चढने मानिसको वृत्ति घोडामा हुन्छ त्यस्तो जुन पुरुषको आत्मामा दृढ निश्चय हुन्छ उसको आत्मादेखि भिन्न केही भासित हुँदैन ।

हे राजन् ! आत्माको प्राप्ति सुगम छ, जो सजिलोसित मिल्छ र त्यसबाट बडो आनन्द मिल्छ । तपस्या आदि क्रिया कष्टसाध्य छ र त्यसबाट स्वरूप-सुखको प्राप्ति हुँदैन ।

हे राजन् ! म जान्दछु कि तपाईं मूर्ख होइन किनकि बहुशास्त्रज्ञ र धेरै चतुर हुनुहुन्छ, तैपनि तपाईंको स्वरूपमा स्थिति प्राप्त छैन । त्यसकारण म जो उपदेश गर्छु त्यसलाई ग्रहण गर्नुपर्छ तब दुःख निवृत्त हुन्छ । हे राजन् ! तपाईंले जो तपको आरम्भ गर्नुभो त्यसको फल जान्नु भो, त्यो ज्ञानभन्दा श्रेष्ठ ज्ञान बताउँछु जसबाट तपाईंको भ्रम निवृत्त हुनेछ ।

हे राजन् ! यो चिन्तामणिको तात्पर्य सुन्नु भो । अब हात्तीको वृत्तान्त सुन्नुहोस्, यसलाई बुझेपछि अज्ञान निवृत्त हुन्छ । मन्दराचलको हात्ती तपाईं नै हुनुहुन्छ र माहुत तपाईंको अज्ञान हो । अज्ञानरूपी माहुतले तपाई बाधिनु भएको थियो । तपाईं आशारूपी जञ्जीरले बाँधिनु भयो । बरु जञ्जीर खिइँदै जान्छ तर आशारूपी फाँसी खिइँदैन, दिन दिन बढ्दै जान्छ । आशारूपी फाँसीले बाँधिएर दुःखी हुनु भएको थियो । हात्तीका जो ठूला दुइटा दाँत थिए जसले साङ्लो तोडेको थियो ती थिए विवेक र वैराग्य । तपाईंले विचार गर्नुभयो कि बल गरेर भए पनि बन्धनबाट छुटूँ । अनि राज्य, कुटुम्ब र पृथ्वीको त्याग गरेर जब आशारूपी जञ्जीर काटियो तब अज्ञानरूपी माहुत डराएर तपाईंको चरणमा गिर्‍यो, यसलाई घाउ लगाउनु भयो तर मार्नु भएन,

यसलाई छोडेर वनतिर लाग्नुभयो । फेरि त्यो माहुतले तपाईंको पिछा गऱ्यो र तपाईको वरिपरि खाडल खनेर माथितिर घाँस-पात ओच्छ्याइदियो । तप आदि क्रिया आरम्भ गरेर तपाईं त्यो खाडलमा पर्नु भएको छ र महादु:ख प्राप्त भएको छ । उसले फेरि जञ्जीरले बाँध्यो र तपाई अहिलेसम्म दु:ख भोगिरहनु भएको छ । अनात्म-अभिमानले तप आदि क्रिया आरम्भ गरेर यस्तो खाडलमा पर्नुभएको छ ।

हे राजन् ! तपाईं जानेर खाडलमा पर्नुभएको होइन । खाडलको माथि घाँस-पात ओछ्याइएको थियो, त्यही छलले तपाईं खस्नुभयो । त्यो छल र तृणको तात्पर्य पनि सुन्नुहोस् । पहिले अज्ञानरूपी शत्रुलाई तपाईंले मार्नु भएन र फेरि जञ्जीरले बाँधला भनी डराएर वनले मेरो कल्याण गर्छ भनी वनतिर भागनुभो, किन्तु शास्त्र र सज्जनको वचनले दु:ख निवृत्त हुन्छ भनी जान्नु भएन । वचनरूपी खाडलको माथि घाँस राखिएको थियो, यही मूर्खताले गर्दा खाडलमा खस्नुभो । जस्तै राजा बलि छलले बाँधिएर पाताल पुगेका थिए त्यस्तै अज्ञानरूपी शत्रुलाई बाँकी राखनु भो, त्यसले पछि नाश गर्छ भन्ने विचार भएन, त्यसैले दु:ख पाउनु भएको छ ।

हे राजन् ! तपाईंले सर्वत्याग त गर्नुभो तर म अक्रिय हुँ, त्यसकारण किन यस क्रियाको आरम्भ गरौं भन्ने ज्ञान भएन । त्यसैले फाँसीले बाँधिनुभो । जो यस फाँसीबाट मुक्त छ त्यो नै मुक्त हो । जसको चित्त अनात्म-अभिमानले बाँधिएको छ र मलाई यो कुरा प्राप्त होस् भनी आशा गर्छ त्यसले दु:ख पाउँछ । जसले विवेक र वैराग्यरूपी दाँतले आशारूपी जञ्जीर काटेको छैन त्यो कहिले पनि सुखी हुँदैन । विवेकबाट वैराग्य उत्पन्न हुन्छ र वैराग्यबाट विवेक हुन्छ । सत्य आत्मालाई सत्य जान्नु र असत्य देहादिलाई असत्य जान्नु विवेक हो र यस्तो जानेर असत्को भावना नगर्नु वैराग्य हो । विवेक र वैराग्यरूपी दाँतले आशारूपी जञ्जीरलाई तोडनुहोस् ।

हे राजन् ! यो हात्तीको वृत्तान्त जो बताएँ, यसको विचारबाट मोह निवृत्त हुन्छ । हुनता हात्ती भन्दा त्यो माहुत कम बलियो थियो तथापि त्यस अज्ञानरूपी माहुतलाई मूर्खतावश तपाईंले मार्नु भएन, त्यसैले दु:ख पाउनु भयो । अब वैराग्य र विवेकरूपी दाँतले आशारूपी फाँसीलाई तोडनोस्, तब सब दु:ख मेटिनेछ ।

(७२) शिखिध्वज-सर्वत्यागवर्णन

हे राजन् ! तपाईंकी स्त्री चूडाला रानी ब्रह्मवेत्ता ज्ञानीहरूमा श्रेष्ठ थिइन्, उनी साक्षात् ब्रह्मस्वरूपिणी र सत्यवादिनी थिइन् । उनको वचनलाई तपाईंले निरादर गर्नुभयो, यो सब म जान्दछु किनकि म त्रिकालज्ञ हुँ । त्यो उपदेशलाई ग्रहण नगर्नु तपाईंको मूर्खता थियो । अर्को मूर्खता यो थियो कि वास्तव सर्वत्याग नगरीकन वनतिर जान तंसिनु भो । सर्वत्याग गरेको भए त सब दु:ख मेटिइहाल्थ्यो ।

राजा :-मैले स्त्री, पृथिवी, दरवार, हात्ती, घोडा आदि ऐश्वर्य र कुटुम्ब त्यागें, तै पनि तपाई भन्नुहुन्छ कि सर्वत्याग भएन ।

देवपुत्र :- तपाईले के त्यागनु भो ? राज्यमा तपाईंको आफ्नो भन्ने के थियो र ? ऐश्वर्य, स्त्रीहरू, पृथ्वी, दरवार, हात्ती, घोडा, र मानिसहरू पहिले पहिले जस्ता थिए अहिले पनि त्यस्तै छन् । तिनमा तपाईंको आफ्नो भन्ने के थियो र त्याग गर्नु भो । जो आफ्नो हो त्यसलाई त्याग गर्नोस् तब निर्दु:ख पद प्राप्त हुनेछ ।

यसपछि राजाले विचार गरेकि यो वन मेरो हो र वृक्ष, फल, फूल मेरा हुन् यिनको त्याग गर्नुपर्‍यो, तब तिनको त्याग गरेर राजाले भने, हे देवपुत्र ! अब त सर्वत्याग भयो कि ? देवपुत्रले भने, सर्वत्याग भएको छैन, किनकि वन, वृक्ष, फल, फूल त तपाईं भन्दा पहिले पनि थिए र अहिले पनि छन्, यिनमा मेरो भन्ने के छ र त्याग गर्नुभो ? जो आफ्नो हो त्यसलाई त्यागनोस् र सुखी हुनुहोस् ।

यो पानी पिउने तलाउ र यो पुष्पवाटिकालाई मेरो मेरो भन्थें, यसलाई पनि त्याग गरिदिएँ । यसरी तलाउ र बगैंचालाई त्यागेर राजाले भने, अब त मेरो सर्वत्याग सिद्ध भयो कि ? देवपुत्रले भने, अझै पनि सर्वत्याग भएको छैन । अनि राजाले वनबाट प्रशस्त दाउरा ल्याएर आगो बाले । अनि दण्डलाई भने, हे दण्ड ! तँलाई साथमा लिएर धेरै देश देशान्तर घुमें, तालाई नमस्कार छ । तालाई पनि अब त्याग गर्छु, यति भनेर लठ्ठीलाई आगोमा होमिदिए । कमण्डलु हातमा लिएर भने, हे कमण्डलु ! मैले तालाई धारण गरें, तैंले जलधारण गरिस्, तँलाई नमस्कार छ, यति भनेर त्यसलाई आगोमा होमिदिए । फेरि मालालाई भने, हे माले ! तेरा दाना घुमाउँदा घुमाउँदा मैले मानौं आफ्नो जन्म गनें । तेरो संबन्धबाट कति जप भए, अब तँलाई पनि नमस्कार छ, यति भनेर मालालाई पनि अग्निसात् गरिदिए । यसैगरी फल, फूल, कुटी मृगचर्म आसन र पात्रहरू सबै जलाइदिए । यसरी राजाको सब सामग्री स्वाहा भयो, अब अकेला आफू सिवाय कुनै द्वैत रहेन ।

(७३) चित्तत्यागवर्णन

वसिष्ठले भन्नुभयो, हे राम ! यसरी सबै सामग्री त्यागेर राजाले मनमनै भने, कुम्भजको कृपाले बडो आनन्द भयो, सारा दु:ख मेटिए । ममताले दु:ख हुने रहेछ । अब मेरो कुनै वस्तुमा पनि ममता छैन । म ज्ञानवान् बनेको छु । यति विचार गरेर खडा भएर राजाले हात जोडेर भने, हे देवपुत्र ! अब मबाट सर्वत्याग सम्पन्न भयो, मेरो भन्ने केही छैन किनकि आकाश मेरो वस्त्र हो र पृथ्वी मेरो शय्या हो ।

कुम्भज मुनिले भने, हे राजन् ! अझै पनि सर्वत्याग भएको छैन । जो तपाईंको हो त्यसको त्याग गर्नोस् जसबाट सकल दु:खको निवृत्ति होस् । राजाले भने, मुनिराज ! अब त मसित केही बाँकी छैन, नङ्गा भएर तपाईंको अगाडि खडा छु । अब रक्त-मांसमय, इन्द्रियलाई धारण गर्ने देह यौटा बाँकी छ, यसलाई पनि पर्वतको भीरबाट हामफालेर समाप्त गरिदिऊँ । यति भनेर राजा पर्वततिर दगुरे । कुम्भज मुनिले समातेर भने, हे राजन् ! यो देहले के विगारेको छ र यसलाई त्याग गर्नुहुन्छ । यसको त्यागबाट पनि सर्वत्याग सिद्ध हुँदैन । जसको त्यागबाट सर्वत्याग सिद्ध हुन्छ त्यसको त्याग गर्नुहोस् । यो पुण्यवान् देह हो, यसको केही दोष छैन । देहको पालक जो अभिमान हो त्यसको त्याग गर्नोस् तब सर्वत्याग सिद्ध हुन्छ । देह त जड हो । मानिसले यसलाई जे

दिन्छ त्यही लिन्छ । जडको त्यागबाट केही सिद्ध हुँदैन । यो देह आफू केही गर्दैन, अरूको प्रेरणाबाट चेष्टा गर्छ । जो यसको प्रेरक हो त्यसको त्याग गर्नोस् र सुखी हुनोस् । जसबाट सब हुन्छ, जसमा सर्वशब्द प्रयुक्त हुन्छ र जो सर्वथा त्यागन योग्य छ त्यसको त्याग गर्नोस् ।

राजाले सोधे, हे तत्त्ववेत्ताहरूमा श्रेष्ठ मुनि ! जसको त्यागबाट जरा, जन्म, मरण नष्ट हुन्छ त्यो के हो, भन्नुहोस् । कुम्भजले भने, हे राजन् ! जसको नाम चित्त या अहंकार हो त्यसको त्याग गर्नुहोस् । चित्तबाट नै बाहिरका नाना आकार प्रकार देखिन्छन् त्यसकारण चित्तको नै त्याग गर्नोस् । सर्वशब्द पनि चित्तमा नै लागु हुन्छ । आत्मा त चिन्मात्र छ, उसमा न एक छ न द्वैत छ । सर्वथा चित्तको त्याग गर्नु नै योग्य छ । जब चित्तको त्याग हुन्छ तब त्यागरूपी अमृतबाट अमर भएर जरा-मृत्युबाट रहित हुनुहुनेछ । चित्तको त्याग नभए पुनः देहधारण हुन्छ र दुःख हुन्छ । चित्त नै हो जरा-मृत्युनामक संसारको बीज । जस्तो अनेक दानाको कारण खेत हुन्छ त्यस्तो संसारका असंख्य दुःखको कारण चित्त हो । त्यसकारण, हे राजन् ! चित्तको त्याग गर्नुहोस् । जब चित्तको त्याग गर्नुहुनेछ तब सुखी भएर रहनुहुनेछ । राज्य, देह, कुटुम्ब र गृहस्थ आदि आश्रम सब चित्तको नै कल्पना हो । जब चित्तको त्याग हुन्छ तब सर्वत्याग सिद्ध हुन्छ ।

हे राजन् ! सर्वत्याग गरेपछि तपाईंनै सर्वव्यापी हुनुहुन्छ र सर्वात्मा भएर सम्पूर्ण ब्रह्माण्डलाई आफैमा देखनु हुनेछ । चित्त, मन, अहंकार, जीव र माया-यी सब चित्तका नै नाम हुन् । हे राजन् ! आफ्नो ऐश्वर्यको त्याग गर्नाले र अरूको घरमा गएर भिक्षा मागनाले चित्त वशमा हुँदैन । चित्त तब वशमा हुन्छ जब मानिस निर्बासनिक हुन्छ । जहाँसम्म चित्त रहन्छ । त्यहाँसम्म सर्वत्याग संभव छैन । चित्त त्यागेपछि पनि जब त्यागको अभिमानले रहित हुनुहुन्छ तब सर्वात्मा बन्नुहुनेछ । आत्मपद नै सारा सुख र ऐश्वर्यको आधार र सर्वदुःखको निवारक छ । आत्मज्ञान भएपछि कुनै पदार्थको इच्छा हुँदैन, किनकि सब आनन्दको आधार तपाईंको स्वरूप नै हो, तब फेरि इच्छा केको हुने ? जस्तो आकाशको आधारमा सब लोक रहेका छन्, आकाशको कुनै इच्छा हुँदैन त्यस्तो नै हो ब्रह्मपद । आकाश कुनै इच्छा गर्दैन तै पनि सब कुछ आकाशमा नै रहन्छन् त्यस्तै ब्रह्मपद सर्वाधारहो । तपाईं नै त्यो ब्रह्मस्वरूप हुनुहुन्छ ।

हे राजन् ! जब तपाईं पनि कुनै कुराको इच्छा नगरीकन निर्वासनिक भएर आफ्नो स्वरूपमा स्थित हुनुहुन्छ तब जान्नुहुन्छ कि 'म नै हुँ सबैको आत्मा' ! म सबलाई धारण गरेर रहेको छु र भूत, भविष्यत् र वर्तमान तीनै काल मेरो आश्रयमा छन् । चित्तका साथ संबन्ध प्रमादले हुन्छ । प्रमाद यो हो कि चिन्मात्र पदमा चित्त फुर्छ । चित्त जड पनि हो र चेतन पनि हो, यसैको नाम चिज्जडग्रन्थि हो । जब यो ग्रन्थि खुल्छ तब तपाईं आफूलाई वासुदेवरूप जान्नुहुन्छ ।

निर्वासनिक भएपछि संसाररूपी वृक्ष नष्ट हुन्छ । जस्तो बीज जलेपछि वृक्ष पनि जल्छ त्यस्तो वासना दग्ध भएपछि संसार पनि दग्ध हुन्छ । जस्तो कुनै डिब्बामा रत्न राखेको छ । रत्नको नाश भएर डिब्वा नष्ट हुँदैन, तर डिब्वा नष्ट भए रत्न नष्ट हुन्छ त्यस्तो डिब्बा चित्त हो र देह रत्न हो । यसकारण चित्तलाई नाश गर्ने उपाय गर्नोस् । देह नष्ट भएर चित्त नष्ट हुँदैन, किन्तु चित्त नष्ट भएपछि देह नष्ट हुन्छ । जब यो देह चित्तरूपी धूलोले रहित हुन्छ तब तपाईं शुद्ध चिदाकाश भएर रहनु हुनेछ ।

(७४) राज-विश्रान्तिवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! जब यसप्रकार कुम्भज मुनिले भने कि चित्तको त्याग नै सर्वत्याग हो, तब राजा शिखिध्वजले सोधे, हे भगवन् ! चित्त ज्यादै चञ्चल छ यसलाई कसरी रोकने ? चित्त आकाशको धूलो झैं चञ्चल छ । संसाररूपी वृक्षमा बस्ने चित्तरूपी वानर कहिले पनि स्थिर हुदैन, यसको निरोध कसरी गर्ने ?

कुम्भज : हे राजन् ! चित्तनिरोध सहज छ । आँखा खोलन र चिम्लन बरू केही यत्न गर्नुपर्छ, तर चित्तलाई रोक्न कुनै यत्न चाहिंदैन । दीर्घदर्शी विचारवान्‌को लागि यो चित्तनिरोध सुगम छ र विचारहीन अज्ञानीको लागि कठिन छ । जस्तो चाण्डाललाई पृथिवीको राजा बन्नु र तृणलाई सुमेरु पर्वत बन्नु कठिन छ त्यस्तो अज्ञानीलाई चित्तको निरोध कठिन छ ।

राजा : हे देवपुत्र, बरू पर्वतलाई तोडन सकिएला, मनलाई रोक्नु अति कठिन छ । जस्तो बालकको लागि ठूलो माछो पकडनु कठिन छ त्यस्तो मेरोलागि चित्तको निरोध कठिन छ । हे देवपुत्र ! पहिले चित्तको रूप बताउनुहोस् ।

कुम्भज : वासना नै चित्तको रूप हो । जब वासना नष्ट हुन्छ तब चित्त पनि नष्ट हुन्छ । चित्तरूपी वृक्षको बीज वासना हो । त्यसकारण बीजलाई नै नष्ट गरिदेऊ तब वृक्ष नष्ट हुन्छ र हाँगा बिंगा, फूल, फल केही बाँकी रहदैन । हाँगा विंगामात्र काटेमा त्यो वृक्ष फेरि पलाएर आउँछ र हाँगा हाल्छ ।

राजा : बीज, केहो, हाँगा के हो, हाँगा काटनु केहो, वृक्ष के हो र फूल-फल के हो ? कृपा गरेर बताउनुहोस् ।

कुम्भज : चैतन्यरूपी खेत स्वच्छ र निर्मल छ, त्यसमा अहंभाव खडा हुनु बीज हो । त्यसलाई अहंकार, मन, चित्त, जड, मिथ्या इत्यादि नाम दिन्छन् । अहंकारमा जो संवेदन छ त्यो नै देह, इन्द्रिय भएर फैलिन्छ र उसमा जो निश्चय हुन्छ त्यसलाई बुद्धि भन्दछन् । बुद्धिको निश्चय हुन्छ कि 'यो म हुँ' यो नै संसार हो र त्यो नै जीवको अहंकार हो । अहंकार नै संसाररूपी वृक्षको बीज हो, नानाप्रकार वासना र तज्जनित शुभाशुभ कर्म शाखा हुन् र सुख दुःख फल हुन् । एकान्तमा बसेर अर्थात् एक आश्रयलाई त्यागेर अर्को आश्रय ग्रहण गरीकन 'म यस्तो महात्यागी हुँ' इत्यादि चिन्तन गर्नु हो चित्तरूपी वृक्षको हाँगा काटनु । हाँगा काटेर मात्र त्यो वृक्ष नष्ट हुँदैन । हुनुपर्ने चाहिं यस्तो थियो कि वासनाको त्याग गरेर मनमा केही पनि न फुरोस्, यस्तो त तपाईंको भएन । तपाईंले अहंरूपी बीजलाई नष्ट गर्न सक्नु भएन । जब अहंरूपी बीज नष्ट हुन्छ तब जगत्‌रूपी वृक्ष पनि नष्ट हुन्छ किनकि यसको बीज अहं नै हो । जब अहंभावरूप बीज नष्ट हुन्छ तब वृक्ष पनि नष्ट हुन्छ । यसकारण चित्तरूप बीजलाई नष्ट गर्नुहोस् ।

राजा : हे देवपुत्र ! तपाईंको निश्चय मैले यसरी बुझें कि जगत्को त्याग भन्दा चित्तलाई नष्ट गर्नु श्रेष्ठ हो । अहिलेसम्म मैले हाँगामात्र काटेको रहेछु, त्यसैले दुःख गएन । तपाईंले भन्नुभयो कि अहं नै दुःखदायी हो । अहं कसरी उत्पन्न भयो, कृपा गरेर बताउनुहोस् ।

कुम्भज : शुद्ध चैतन्यमा 'म हुँ' यसरी जो चेत्योन्मुखतारूप स्फुरण भयो, त्यो नै दृश्यरूप भएर भास्यो । मिथ्या संवेदनबाट अहंको उत्थान भयो । जस्तो शान्त समुद्रमा वायुद्वारा लहरी उठ्छन् त्यस्तै शुद्ध आत्मामा अहं फुर्छ र त्यसबाट संसार हुन्छ । त्यसकारण अहंभावलाई नष्ट गर र शान्तपदमा विश्राम लेऊ ।

राजा : त्यो कुन वस्तु हो जो जलाउन योग्य छ र त्यो कुन अग्नि हो जो जलाउँछ ।

कुम्भज : हे राजन् ! आफ्नो स्वरूपको विचार गर्नुहोस् कि 'म को हुँ' र यो संसार के हो ? यसको दृढ विचार गर्नु नै अग्नि हो । मिथ्या अनात्मामा अर्थात् देहेन्द्रियादिमा जो अहंभाव छ त्यो अवास्तव हो त्यसलाई विचाररूपी अग्निले जलाउनुहोस् । जब विचाररूपी अग्निले अहंकाररूप बीजलाई जलाउनु हुन्छ तब केवल चिन्मात्र वस्तु बाँकी रहन्छ । हे राजन् ! मेरो उपदेशलाई कत्तिको संझनुभयो, भन्नुहोस् ।

राजा : म राजा होइन, म पृथ्वी, पर्वत, आकाश, दश दिशा होइन, म रक्त-मांसमय देह, इन्द्रिय, मन, बुद्धि र अहंकार होइन, म यिनबाट रहित शुद्ध आत्मा हुँ । तर यो अहंकाररूपी कलङ्क ममा कहाँबाट आयो, जसलाई मैले हटाउन सकिन ।

कुम्भज : यही अहंकारलाई त्याग गर्नोस् जसलाई मैले पनि त्याग गरें ।

राजा : हे मुनिवर ! तपाईंको कृपाले मैले जानें कि संसारको बीज चित्त हो र चित्तको बीज अहंकार हो । मेरो स्वरूप आत्मा हो । ममा 'अहं' 'त्वं' केही छैन, तर यो अहं मबाट दूर हुन सकेको छैन । फेरि फेरि मनमा आउँछ कि म शिखिध्वज हुँ । यो अहंले गर्दा म संसारी भएको छु । यसको नाशको उपाय बताउनुहोस ।

कुम्भज : हे राजन् ! कारणविना कार्य हुँदैन । यदि कारणविना कार्य भासित हुन्छ भने जान्नोस् कि त्यो भ्रममात्र र मिथ्या हो । जसको कारण पाइन्छ त्यो सत्य हुन्छ । अब तपाईं नै भन्नोस्, अहंकारको कारण के हो ?

राजा : अहंकारको कारण शुद्ध आत्मा हो । दृश्योन्मुख चैतन्यलाई संवेदन भनेको छ, त्यो संवेदन नै अहंको कारण हो ।

कुम्भज : यो जान्नुको (संवेदनको) कारण के हो, भन्नोस, अनि त्यसलाई हटाउने उपाय बताउँला ।

राजा : जान्नुको कारण देहादि दृश्य हो, किनकि जान्न योग्य वस्तु न भए जान्नु भन्ने कुरा सिद्ध हुँदैन ।

कुम्भज : देहादि दृश्य त मिथ्या भ्रमले खडा भएको हो, यसको कारण त कुनै छैन ।

राजा : देहको कारण त प्रत्यक्ष नै छ । पिताबाट देहको उत्पत्ति हुन्छ ।

कुम्भज : पिता पनि त मिथ्या नै हो, जस्तो स्वप्नमा पिता पुत्र देखिन्छन् तर दुवै मिथ्या हो । पिताको कारण के हो ?

राजा : पुत्रको कारण पिता र पिताको कारण पितामह हो । यस परम्पराले सबको कारण ब्रह्मा भए ।

कुम्भज : ब्रह्मादेखि तृणपर्यन्तको सृष्टि संकल्परचित हो, त्यसैले मिथ्या हो । देह आदि त भ्रमले देखिएको पो हो, साँचो कहाँ हो र । जस्तो मृगतृष्णाको जल न भईकन पनि भ्रमले देखिन्छ, सिपीमा चाँदी भ्रमले देखिन्छ । स्वप्नमा सारा काम काज हुन्छ त्यो सब भ्रममात्र हो । यो संसार भ्रमले देखिएको छ । जब भ्रम निवृत्त हुन्छ तब केवल आत्मा नै भासित हुन्छ । जस्तो देह मिथ्या हो त्यस्तो ब्रह्मा पनि मिथ्या हो । ब्रह्माको कारण कोही पनि छैन, त्यसैले मिथ्या हो । आत्मालाई (ब्रह्मलाई) ब्रह्माको कारण मान्न सकिंदैन किनकि ब्रह्म अद्वैत हो । त्यसले ब्रह्ममा कार्यकारणभाव मान्न सकिंदैन । यो जगत् अकारण उत्पन्न भएको छ त्यसैले मिथ्या हो । हे राजन् ! यो स्वप्न (भ्रम) बाट जागनोस् तब तपाईंको सब भ्रम नष्ट हुन्छ ।

राजा : हे भगवन् ! अब म स्वरूपमा जागें । मेरो भ्रम नष्ट भयो । अब मैले निश्चितरूपले जानें कि संसार केवल संकल्पमात्र भएकोले मिथ्या हो । जो कुछ दृश्य छ त्यो सब मिथ्या हो । मेरो निश्चयमा एक आत्मा नै सत् हो । हे भगवन् ब्रह्माको कारण ब्रह्म किन होइन ?

कुम्भज : कार्यकारणभाव द्वैतमा हुन्छ, त्यसैले मिथ्या हो । ब्रह्म सर्वत्र परिपूर्ण अद्वैत वस्तु हो । अद्वैतमा कसको कारण कसलाई भन्ने ? त्यसकारण कार्य-कारण संबन्ध द्वैतमा हुन्छ किनकि द्वैत परिणामी हो । आत्मा अपरिणामी हो उसमा देश, काल, वस्तु छैन, त्यो केवल चिन्मात्रपद हो ।

हे राजन् ! अब मलाई थाहा भयो कि तपाईं जागा हुनुभो । तपाईंको भ्रम नष्ट हुन्छ । जस्तो सूर्यको किरणले बरफको पुतली गल्दैजान्छ त्यस्तो ज्ञानरूपी सूर्यको प्रकाशले तपाईंको अज्ञान नष्ट हुन लागेको छ । तपाईं आफ्नो प्रत्यक् चैतन्यस्वरूपमा स्थित भएर हेर्नोस् कि ब्रह्मा आदि सारा परमात्माको किञ्चन हुन् अर्थात परमात्मा नै त्यो त्यो रूपमा स्थित भइराखेको छ । तपाईं नै सबको आत्मा हुनुहुन्छ । स्वरूपमा जागेपछि यो कुरा जानिन्छ, स्वरूपमा जागनुविना जानिंदैन ।

राजा : हे भगवन् ! तपाईंको कृपाले अब म स्वरूपमा जागेको छु । म निर्मल आत्मा हुँ । मदेखि भिन्न केही छैन, त्यसैले मलाई नै नमस्कार छ ।

(७५) शिखिध्वज-स्वरूपस्थिति

राजाले भने, हे भगवन् ! परब्रह्मलाई ब्रह्माको कारण मानेमा के आपत्ति छ, कृपया सुन्न पाऊँ ।

कुम्भजले भने, हे राजन् ! तपाईं नै भन्नुहुन्छ कि आत्मा अनन्त छ, उसमा देश, काल र वस्तुको परिच्छेद छैन । जो सबै देश, काल र वस्तुमा परिपूर्ण छ, जसको आदि र अन्त छैन र जो अपरिणामी र अच्युत छ त्यो परमात्मामा कारण-कार्यसंबन्ध बन्न सक्तैन । अद्वैत आत्मा कसैका प्रति पनि कारण हुन सक्तैन । द्वैत वस्तुमा मात्र कारण-कार्यभाव हुन्छ, अद्वैतमा हुँदैन ।

राजाले भने, हे भगवन् ! बडो आश्चर्य छ । मैले जानें कि आत्मा अद्वैत छ, त्यो कसैको कारण वा कार्य हुँदैन । आत्मा केवल अनुभवरूप छ । म निर्मल आत्मा हुँ र विद्या र अविद्याको कार्यले रहित निर्वाणस्वरूप हुँ र निर्विकल्प हुँ । ममा कुनै स्फुरण छैन । म छैन र म नै हुँ । मलाई नमस्कार छ ।

(७६) कुम्भजमुनिकृत आत्मोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! कुम्भज मुनिको उपदेशबाट राजा शिखिध्वज प्रबुद्ध भए र आफ्नो अनुभव बताउदै निर्वाणपदमा स्थित भए । उनी स्फुरणरहित भएर एक मुहूर्तसम्म वायुरहित दीप झैं निश्चल भएर निर्विकल्प समाधिमा स्थित भए । त्यसपछि कुम्भजले उनलाई जगाएर भने - हे राजन् ! तपाईंलाई समाधिले के हुन्छ र उत्थानले के हुन्छ ? तपाईं त केवल आत्मा हुनुहुन्छ । म जान्दछु कि तपाईं परमज्ञानले सुशोभित हुनुभएको छ । जस्तो डिब्बाभित्र रत्न छ र त्यो प्रकाशमान छ तर त्यसको प्रकाश बाहिर आउँदैन । जब डिब्बा खोलिन्छ तब रत्नको प्रकाश बाहिर देखिन्छ त्यस्तै अविद्यारूपी डिब्बाबाट तपाईं बाहिर निक्लनु भएको छ र परमज्ञानले शोभित हुनुभएको छ । अब तपाईंमा कुनै क्षोभ छैन र कुनै उपाधि पनि छैन । अब तपाईं संसारको राग-द्वेषबाट रहित, शान्तरूप जीवन्मुक्त भएर विचारपूर्वक विचरण गर्नुहोस्, तपाईंमा कुनै उपाधि लाग्नेछैन ।

त्यसपछि शान्तरूप भएर राजाले भने, हे भगवन् ! तपाईंबाट जो कुछ आज्ञा भयो त्यसलाई सम्यक्रूपले जानेर स्वीकार गरें । अब एक प्रश्न छ त्यसको उत्तर पाऊँ । आत्मा एक शुद्ध चैतन्यमात्र छ उसमा द्रष्टा, दर्शन र दृश्य यो त्रिपुटी कहाँबाट उत्पन्न भयो ?

कुम्भजले भने, हे राजन् ! जो स्थावर-जङ्गम संसार छ त्यो महाप्रलयपर्यन्त रहन्छ । जब महाप्रलय हुन्छ तब केवल आत्मा शेष रहन्छ । आत्मा स्वच्छ र निर्मल छ, उसमा न तेज छ, न अन्धकार छ । ऊ केवल आफू आफ्नो स्वभावमा स्थित छ । जो कुछ आनन्द छ त्यसको अधिष्ठान आत्मा नै हो । आत्मा सदसत्देखि रहित, सकल शुभलक्षणसम्पन्न आफ्नो स्वभावमात्र हो । उसमा कुनै उपाधि छैन । आत्मा सदा प्रकाशमान र सदा उदयरूप छ । यो संसार त्यस परमात्मा (ब्रह्म) को चमत्कार हो, त्यसैले सब ब्रह्मरूप हो । जो ब्रह्मदेखि भिन्न छ त्यसलाई मिथ्याभ्रममात्र भनी जान्नू ।

हे राजन् ! जो साकार भास्तछ त्यो सब मिथ्या हो । तपाईंको संवेदन पनि मिथ्या हो । आत्मामा अहं त्वंको उत्थान छैन । आत्मा केवल ज्ञानमात्र हो, केवल सत् र आनन्दरूप हो र अविद्यारूप तमले रहित प्रकाशरूप हो । आत्मा इन्द्रियको विषय हुँदैन र मनको चिन्तन देखि पनि

पर छ, किनकि आत्मा सबको द्रष्टा हो र सबैको आफ्नो स्वरूप हो । तपाईं त्यसैमा स्थित हुनुहोस् ।

यो संसार भावनामात्र हो, जस्तो भावना हुन्छ त्यस्तै देखिन्छ । दृढ भावनाले वस्तु नभए तापनि देखनमा आउँछ । अतएव संसार भावनामात्र हो र मिथ्या हो ।

राजाले भने, हे भगवन् ! अब मैले राम्ररी बुझें कि आत्मा चिन्मात्र हो र इन्द्रिय देखि पर छ । देश र काल इन्द्रिय र मनद्वारा यो अमुक देश हो र यो अमुक काल हो भनी जानिन्छन्, किन्तु जहाँ इन्द्रिय र मन छैनन त्यहाँ देश, काल कसरी हुने ?

कुम्भजले भने, हे राजन् ! जब यसरी तपाईंले आफ्नो अनुभव प्रकट गर्नुभयो, यसबाट जानिन्छ कि तपाईं स्वरूपमा जाग्नुभयो । संसार रहेसम्म यो प्रश्न गरें, अब यो प्रश्न गर्छु भन्ने भावना हुन्छ । तपाईं मन, इन्द्रियले रहित आफ्नो स्वरूपमा स्थित भएर हेर्नोस् संसार बाँकी छ कि छैन । संसार छ भने प्रश्न गर्ने भावना उठ्छ । संसार छैन भने तपाईं निःसंशय भएर स्वरूपको अनुभव गर्नुहुन्छ ।

हे राजन् ! ब्रह्म भएर ब्रह्मलाई हेर्नोस्, पूर्णलाई हेर्नोस् तब तपाईं पनि पूर्ण भइहाल्नुहुन्छ । पूर्णको अनुभव भए सबैतिर आफूलाई नै देखनुहुनेछ । संसार भन्ने शब्द र त्यसको अर्थ तपाईंको हृदयबाट हट्नेछ । संसार संवेदनमात्र हो र संवेदन भन्नु पनि चित्शक्तिको चमत्कार हो । यही चित्शक्ति ब्रह्मारूपले स्थित भएर संसार देखन थाल्यो । जब यो चित्शक्ति अन्तर्मुख हुन्छ तब सदा एकरस आत्मा नै देखिन्छ । यो चित् शक्ति जब बहिर्मुख हुन्छ तब संसार देखिन्छ । तपाईं आत्माको भावना गर्नोस् अनि सर्वत्र आत्मा नै भासित हुनेछ ।

(७७) आत्मस्वरूप वर्णन

कुम्भजले भने, हे राजन् ! यो जो संसार तपाईं म भासित भएको छ त्यो आत्मस्वरूपमा छैन । शुद्ध आत्मामा जो अहंको उत्थान हुन्छ त्यो नै संसार हो । अहंको चमत्काररूप संसार न सत् हो, न असत् हो, न भित्र छ, न बाहिर छ, न शून्य छ, न अशून्य छ, केवल आफू आफैमा स्थित छ । संसारको प्रध्वंसाभाव पनि छैन, पहिले वस्तु भएर पछि नाश हुनुलाई प्रध्वंसाभाव भन्छन् जस्तो घट पहिले थियो त्यसको नाश हुन्छ, संसार त्यस्तो पहिले भएर पछि नाश हुने होइन । आत्मामा वाणीको (शब्दको) प्रवृत्ति छैन । आत्मादेखि भिन्न दोस्रो वस्तु कुनै छैन, त्यसैले आत्मा प्रत्यक्षादि प्रमाणको गोचर छैन । केवल बुझाउनको लागि शब्द, प्रमाण आदि कल्पना गरिएको हो ।

आत्मामा कुनै क्षोभ (परिणाम) छैन । आत्मा एकरस, निर्विकार, कार्यकारण- संबन्धरहित, शान्तरूप छ । हे राजन् ! जुन वस्तु उत्पन्न हुन्छ त्यो नष्ट पनि हुन्छ र जो नष्ट हुन्छ त्यो उत्पन्न पनि हुन्छ, तर आत्मा सबको आदि, अजन्मा र निर्विकार छ, तपाईं त्यसमा स्थित हुनोस् जसबाट संसार निवृत्त हुन्छ । जब स्वरूपमा स्थित भएर हेर्नुहुन्छ तब आत्मा देखि भिन्न केही पनि भासित हुँदैन ।

(७८) शिखिध्वज-बोधनम्

कुम्भजले भने, हे राजन् ! तपाईं जो कुछ देखनुहुन्छ त्यो सब चैतन्यघन आत्मामात्र हो। उसमा 'अहं', 'त्वं' शब्दको उल्लेख छैन। 'अहं', 'त्वं' शब्द प्रमादले उत्पन्न हुन्छ। जब आत्मामा स्थित भएर हेर्नुहुन्छ तब आत्मादेखि भिन्न (अहं, त्वं आदि) केही पनि देखिँदैन। यी नानाप्रकारका संज्ञा चित्तका कल्पना हुन्। जब चित्तरहित हुनुहुन्छ तब नाना भन्ने, एक भन्ने कुनै संज्ञा रहँदैन। 'सब ब्रह्म हो' (सर्वं खल्विदं ब्रह्म) यो वाक्य वेदको सार हो। जब यस वाक्यमा दृढ भावनाबुद्धि हुन्छ तब एकरस आत्मा नै दृष्टिगोचर हुन्छ र चित्त नष्ट हुन्छ। जब चित्त नष्ट हुन्छ तब महाशुद्ध, आकाश झैं निर्मल, निर्दुःख पद प्राप्त हुन्छ, जो सर्वदा मुक्तिरूप हो।

राजाले भने, हे भगवन् ! चित्तनाशको उपाय बताउनु भयो, तै पनि मैले भली भाँती संझन सकेको छैन। ज्ञानको दृढताको लागि फेरि सुन्न पाऊँ।

कुम्भजले भने, हे राजन् ! यो चित्त कुनै कालमा कसैको पनि छैन र देखिँदैन पनि। जसलाई चित्त भनी ठान्नुहुन्छ त्यो हो आत्मा। आत्मादेखि भिन्न कुनै वस्तु छैन।

महासर्गको आदि र अन्तमा कुनै सृष्टि छैन, केवल आत्मा विद्यमान छ। मध्यमा जो दृष्टिगत हुन्छ त्यो अज्ञानीको दृष्टि हो।

आत्मा उपादान र निमित्तकारण पनि होइन, किनकि आत्मा अपरिणामी (अच्युत) हो। उपादान कारण परिणामबाट हुन्छ। आत्मा शुद्ध, निराकार, आकाशरूप हो, त्यसकारण कसको कार्य-कारण हुने ? चित्त पनि वासनारूप हो र वासना तब हुन्छ जब कुनै वस्तु हुन्छ। सृष्टि नै छैन भने वासना कसको हुने र चित्तमा संसारको स्थिति कसरी हुने ?

यो विश्व आत्माको चमत्कार हो। आत्मामा कुनै सृष्टि छैन। आत्मा निरालम्ब आफू आफैमा स्थित छ। जब संसार भन्ने र चित्त भन्ने केही छैन तब आत्मामा अहं आदि शब्द पनि छैन। चित्त त्यहाँसम्म रहन्छ जहाँसम्म वासना रहन्छ। जब निर्वासनिक पद प्राप्त भयो तब कुनै कल्पना रहँदैन।

हे राजन् ! यो संसार महाप्रलयमा नष्ट हुन्छ, सत्-असत् केही रहँदैन, शुद्ध, निराकार एक आत्मा शेष रहन्छ। महाप्रलय नभएसम्म संसार रहन्छ। महाप्रलय के हो त्यो पनि सुन्नुहोस्। एक क्षण आत्माको साक्षात्कार भएपछि सृष्टि बाँकी रहँदैन। ज्ञान नै महाप्रलय (अत्यन्त प्रलय) हो। जो देखिन्छ त्यो मिथ्या हो। यो क्रिया र त्यसको भान पनि मिथ्या हो। जस्तो स्वप्नको क्रिया र त्यसको भान मिथ्या हो त्यस्तै जाग्रत्-संसार स्वप्नमात्र हो र मिथ्या हो किनकि यो कारण विना नै भासित हुन्छ। जो कारणविना भासित हुन्छ त्यो मिथ्या हुन्छ। यसको कारण अज्ञान अर्थात् आफ्नो स्वरूप नजान्नु नै हो। जब स्वरूपको ज्ञान हुन्छ तब आत्मा (आफू) मात्र भासित हुन्छ। जस्तो स्वप्नमा भिन्न भिन्न आकार भासित हुन्छन्, तर जब ज्ञानले जीव जाग्दछ तब स्वप्नमा पनि म नै थिएँ भनी आफ्नो स्वरूपलाई आफैं जान्दछ। हे राजन् ! मेरो दृष्टिमा त सर्वत्र आत्मा नै देखिन्छ, आत्मादेखि भिन्न संसार भासित हुँदैन। संसारको स्थिति मान्नु मूर्खता हो। वेदादि

शास्त्रको र लोकको भनाइमा पनि संसार मिथ्या हो, दृष्टनष्ट हो । यस्तो संसारमा आस्था राख्नु मूर्खता हो । आत्मामा संसार भन्ने नानाविध या एकरूप केही छैन । आत्मा सर्वदा आफैमा शुद्ध अच्युतरूपले स्थित छ ।

(७९) शिखिध्वज-बोधवर्णन

राजा शिखिध्वजले भने, हे भगवन् ! अब मेरो मोह नष्ट भयो र स्वरूपज्ञान सम्पन्न भयो । तपाईंको कृपाले मेरो संसार भ्रम निवृत्त भयो र शोकसमुद्र तरेर अब म शान्तपदमा प्राप्त भएको छु । अहं, त्वं शब्द ममा छैन । अब म निर्वाणपदमा प्राप्त भएको छु । म अच्युत, चिन्मात्र, केवल र शून्य हुँ ।

कुम्भजले भने, हे राजन् ! आत्मा शुद्ध र आकाश भैं निर्मल छ, अझ आकाश भन्दा पनि अति निर्मल छ, तर उसमा अहं-मल मोहबाट उत्पन्न भएको छ र मोह भन्नु अविचारको नाम हो । विचारको उदय भएपछि अहं पाइदैन ।

यो विश्व संवेदनमा छ र संवेदन सबको आदि हो । जब संवेदन अन्तर्मुख हुन्छ तब विश्व विलीन हुन्छ । संवेदनमा नै बन्ध र मुक्ति छ । जब संवेदन बहिर्मुख हुन्छ तब बन्धन र जब अन्तर्मुख हुन्छ तब मोक्ष हुन्छ ।

अहंको उत्थान हुनु नै बन्धन हो र अहंको निर्वाण हुनु नै मुक्ति हो । जहाँसम्म अहंको उत्थान छ त्यहाँसम्म संसार छ र जहाँसम्म संसार छ त्यहाँसम्म अहंको उत्थान छ । जब संसारको सत्ता जान्छ तब अहंको जागनु पनि निवृत्त हुन्छ । जब जागनु नष्ट हुन्छ तब अहं पनि नष्ट हुन्छ । जब अहं नष्ट भयो तब केवल शुद्ध आत्मा नै शेष रहन्छ र उसैको भान हुन्छ ।

हे राजन् ! जसको सर्व ब्रह्मको बुद्धि भएको छ उसको संसार-बुद्धि रहदैन, जसको संसार-बुद्धि छ उसको ब्रह्मबुद्धि हुँदैन । जस्तो जस्तो भावना पक्का हुन्छ त्यस्तो त्यस्तो अगाडि भासित हुन्छ । जसको ब्रह्मभावना दृढ हुन्छ त्यो ब्रह्मरूप हुन्छ र जसको जगत्को भावना दृढ हुन्छ त्यसको जगत् नै भासित हुन्छ । ब्रह्म शुद्ध, निर्मल र प्रत्यक्‌रूप छ जो शब्द र लक्षणको विषय छैन र इन्द्रियको विषय पनि हुँदैन त्यस्तो ब्रह्मस्वरूपमा तपाईं जागनु भएको छ ।

हे राजन् ! आत्मा अद्वैत हो र विश्व उसैको चमत्कार हो, त्यसकारण आत्मामा कार्य-कारणता छैन, जस्तो समुद्रमा वायुले नाना प्रकारका तरङ्ग उठ्छन् तैपनि ती समुद्रदेखि भिन्न हुँदैनन् त्यस्तै आत्मामा संवेदनले नानाप्रकार जगत् उत्पन्न हुन्छ तापनि आत्मादेखि भिन्न केही छैन । जस्तो खम्भामा मनोराज्यबाट नानाप्रकार पुतली र तिनको चेष्टा हुन्छ, कल्पना निवृत्त भए खम्भामात्र बाँकी रहन्छ जो पहिले पनि थियो त्यस्तै यो संसार संकल्पमात्र हो । जब संकल्प अन्तर्मुख हुन्छ तब संसारको सत्ता हराइहाल्छ किनकि त्यो पहिले पनि असत् नै थियो । जो सत् वस्तु हो त्यसको नाश कहिले पनि हुँदैन । जब चित्त चेतनाले (चिताउनुबाट) रहित हुन्छ तब आत्मस्वरूप आफै ज्ञात हुन्छ जो अशब्द, शान्त, शुद्ध आकाशरूप छ ।

हे राजन् ! सबै शब्द र अर्थको अभावना गर्नु नै ब्रह्मज्ञान हो जहाँ कुनै कल्पना छैन अर्थात् यो संसार हो, यो ब्रह्म हो यस्तो कल्पना पनि रहदैन । यसरी सम्यक्दृष्टि अवलम्बन गरेर सारा कल्पना निवृत्त भएपछि केवल ज्ञेय ब्रह्ममात्र शेष रहन्छ र जीव चैतन्यशिला भएर अचलरूपमा रहन्छ ।

(८०) परमार्थोपदेश

कुम्भजले भने, हे राजन् ! यो विश्व चैतन्यमात्र हो तर असम्यक्दर्शी पुरुष अज्ञानले उसमा नानाप्रकार कल्पना गर्छ । वस्तु जो परमात्मा हो उसमा प्रमादले जीव वासनारूप चित्तद्वारा विश्वको कल्पना गर्छ । यो विश्व वाचारम्भणमात्र (शब्दमात्र) हो अर्थात् विश्व भन्ने केही पनि छैन । जब तिमी सम्यक्दृष्टिले हेर्छौ तब संसार देखिदैन यतिमात्र होइन यसको प्रध्वंसाभाव पनि देखिदैन, किनकि विश्व चित्तको कल्पनामात्र हो र चित्त अज्ञानले उत्पन्न भएको हो । स्वरूपमा न चित्त छ, न अज्ञान छ, न संसार छ, केवल अद्वैत तत्त्वमात्र विद्यमान छ, अरू केही पनि छैन । आत्मादेखि भिन्न जो कुछ देखिन्छ त्यसको कारण अज्ञान हो, विचार गरेपछि अज्ञान रहदैन ।

राजाले प्रश्न गरे, हे मुनि ! अज्ञान के हो र कसरी नाश हुन्छ, बताउनुहोस् ।

कुम्भजले भने, हे राजन् ! यौटा ज्ञान र अर्को अज्ञान छ । पदार्थलाई प्रत्यक्ष जान्नु ज्ञान हो र नजान्नु अज्ञान हो । यौटा ज्ञान यस्तो छ कि जो ज्ञान भने तापनि त्यो अज्ञान हो । जस्तो सिपीलाई चाँदी र डोरीलाई सर्प भनी जान्नु । यो ज्ञान भए तापनि अज्ञान हो किनकि यो सम्यक् दर्शन होइन । एक अज्ञान यस्तो पनि छ कि शुद्ध आत्मा निराकार तथा अच्युत छ, उसमा म हुँ, मेरो उमुक वर्णाश्रम छ र विश्व नानाप्रकारको छ भन्ने यस्तो ज्ञान पनि अज्ञान र मूर्खता हो । न कोही जन्मन्छ र न कोही मरेको छ । आत्मा जस्ताको तस्तो स्थित छ, उसमा जन्म-मरण आदि विकार देखनु, यो पनि अज्ञान हो ।

हे राजन् ! अज्ञान पनि केही होइन । चित्तको उदय हुनुको नाम अज्ञान हो । अज्ञानको कारण चित्त हो । जुन पदार्थ चित्तबाट प्रकट हुन्छ र त्यो चित्तबाट नै नष्ट पनि हुन्छ । त्यस कारण तपाईं शुद्ध चित्तबाट वासनारूप चित्तको नाश गर्नुहोस् ।

हे राजन् ! जब चित्त नै छैन तब चित्तको कार्य विश्व कहाँबाट हुने ? अज्ञानबाट चित्तको उदय हुन्छ । जब अज्ञान नष्ट हुन्छ तब चित्त र अहं त्वं आदि सब नष्ट हुन्छन् ।

हे राजन् ! तपाईं शुद्ध आत्मा एक, प्रकाशरूप, अच्युत र निरन्तर हुनुहुन्छ । देह इन्द्रियादि रूपबाट पनि तपाईं नै स्थित हुनुभएको छ । इच्छा, अनिच्छा सब तपाईं नै हुनुहुन्छ र तपाईं निर्विकल्परूप हुनुहुन्छ । तपाईंमा कुनै स्फुरण छैन । अब केवल आत्मा भएर स्थित हुनुहोस् ।

(८१) पुनःशिखिध्वज-बोधवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! कुम्भज मुनिको उपदेशबाट राजा शिखिध्वजलाई समाधि लाग्यो । उनी शिलामा लिखित पुतली झैं निश्चेष्ट र निश्चल भएर एक मुहूर्तसंम निर्विकल्प समाधिमा

स्थित भएर जागे । अनि कुम्भजले भने, हे राजन् ! तपाईंको आत्मा निर्विकल्प छ । त्यस निर्विकल्प शिलामा तपाईंले शयन गर्नुभो र ज्ञेय (जान्न योग्य) वस्तुलाई जान्नुभो । लौ भन्नोस्, तपाईंको अज्ञान नष्ट भयो कि भएको छैन र तपाईंले शान्तपद प्राप्त गर्नु भयो कि गर्नु भएको छैन ?

राजाले भने, हे भगवन् ! तत्त्वज्ञानीको सङ्गबाट जुन अमृत मिल्छ त्यो क्षीर समुद्रबाट मिल्दैन र देवताको सेवाबाट पनि मिल्दैन । तपाईंको कृपाले मैले यस्तो अमृत पाएँ जसको आदि र अन्त छैन जो अनन्त र अमृतसाररूप छ । अब मेरा सबै दु:ख नष्ट भए । म स्वरूपमा जागें । अब मैले आफूले आफूलाई जानें कि म शुद्ध आत्मा हुँ । ममा चित्त छैन । म केवल आफू आफैंमा स्थित छु । अब मलाई कुनै इच्छा छैन । मैले आफ्नो स्वभावलाई पाएँ । जसमा कुनै क्षोभ छैन यस्तो निर्विकल्प स्वरूपमा प्राप्त भएको छु । आफ्नो स्वरूप नजानीकन मेरा कैयौं जन्म बिते । तपाईंको कृपाले एक क्षणमा ज्ञान भयो । पहिले पनि श्रवण गरिएको हो, त्यसबेला के कारणले ज्ञान भएन र अहिले भयो ?

कुम्भजले भने, हे राजन् अहिले तपाईंको कषाय (मनको मल) परिपक्व भयो । जस्तो फल परिपक्व भएपछि यत्नविना नै वृक्षबाट खस्छ त्यस्तै अहिले तपाईंको अन्त:करण शुद्ध भयो, अनि तुरुन्त ज्ञानको उदय भयो र अज्ञान नष्ट भयो । पहिले अन्त:करण शुद्ध थिएन, त्यसैले सन्तको वचनलाई स्वीकार गर्नु भएन, त्यसैले श्रवण गरेर पनि ज्ञान भएन । अन्त:करण मलिन भए सन्तको वचन लाग्दैन, जस्तो कोमल कमलपत्रमा वाणले शीघ्र नै वेध गरिहाल्छ त्यस्तो शुद्ध अन्त:करणमा शीघ्र नै उपदेश पसिहाल्छ ।

हे राजन् ! मैले तब उपदेश गरें जब तपाईंको अन्त:करण शुद्ध भयो । जहाँ निर्मल स्थान छ त्यहाँ प्रविबिम्ब पर्छ । जस्तो सेतो वस्त्रमा शीघ्र नै रङ्ग चढिहाल्छ त्यस्तो शुद्ध अन्त:करणमा सन्तको वचन शीघ्र नै प्रवेश गरिहाल्छ । जहाँसम्म अन्त:करण मलिन हुन्छ त्यहाँसम्म जति उपदेश गरे पनि स्थिर हुँदैन । जब भोगबाट वैराग्य हुन्छ तब कुनै वासना रहदैन, केवल आत्मपद प्राप्त गर्ने इच्छा हुन्छ तब स्वरूपको साक्षात्कार हुन्छ ।

हे राजन् ! अब तपाईंको सर्वत्याग सिद्ध भयो र अज्ञान नष्ट भयो, किनकि अब कुनै उपाधिरहेको छैन । चित्त नै हो महान् उपाधि, त्यो नष्ट भयो । अब कुनै दु:ख छैन, भय छैन । निर्दु:ख शान्त पद प्राप्त भयो । अब सुखपूर्वक विचरण गर्नुहोस् ।

राजाले सोधे, हे भगवन् ! अज्ञानीको चित्तका साथ संबन्ध हुन्छ ज्ञानीको हुँदैन, तब चित्तविना जीवन्मुक्त ज्ञानीको क्रिया कसरी सम्पन्न हुन्छ ?

कुम्भजले भने, हे राजन् ! ठीक भन्नुभयो । जस्तो पत्थरमा अंकुरको उत्पत्ति हुँदैन त्यस्तो ज्ञानीको चित्तका साथ संबन्ध हुँदैन । चित्त वासनारूप हो र वासना नै जन्म-मरणको कारण हो, किन्तु जीवन्मुक्तमा वासना रहदैन ।

ज्ञानीको चित्त सत्त्वपदमा प्राप्त हुन्छ, अज्ञानीको चित्तमा बन्धन रहन्छ, त्यसैले जन्म-मरण भइरहन्छ । ज्ञानीको चित्त शान्तपदमा स्थित हुन्छ, त्यसो हुनाले ज्ञानीको बन्ध, मोक्ष केही छैन ।

ज्ञानी प्रारब्धानुसार भोग भोग्छ तर आफूलाई सर्वात्मा नै देख्छ । कर्म गरे तापनि ज्ञानीमा अभिमान हुँदैन अर्थात् ऊ आफूलाई कर्ता, भोक्ता भनी मान्दैन । अज्ञानी आफूलाई कर्ता, भोक्ता मान्छ, उसको लागि संसार सत्य भास्तछ र ऊ संकल्प-विकल्प गरिरहन्छ । ज्ञानवान् संसारलाई सत्य मान्दैन, ऊ आफूलाई अकर्ता र अभोक्ता नै देख्छ र इच्छारहित भएर कर्म गर्छ । ज्ञानवान्को चित्त नष्ट भइसकेको छ तब उसमा संसार र त्यसको वासना रहँदैन ।

हे राजन् ! तपाईं चित्तको त्याग गरेर सर्वत्यागी बन्नु भएको छ । पहिले सर्वत्याग नभएकोले अज्ञान नष्ट भएको थिएन । अहिले तपाईंको अहंभाव दूर भयो । अज्ञान नष्ट भएपछि अहंभाव पनि रहदैन । अहंको त्याग भएको हुनाले तपाईंको सर्वत्याग सिद्ध भयो । अज्ञान नष्ट भएकोले तपाईंको चित्त सत्त्वपदमा प्राप्त भयो ।

हे राजन् ! जसले निःस्पन्द भएर एकपटक आफ्नो स्वरूपलाई देख्यो उसको चित्तको स्फुरणमा पनि आत्मा नै भासित हुन्छ । जब मनको चपलता मेटिन्छ तब तुरीयातीत पद प्राप्त हुन्छ । हे राजन् ! तपाईं पनि मन-वाणीको आगोचर, क्षोभरहित, शान्त तुरीयातीत पदमा प्राप्त हुनु भएको छ ।

हे राजन् ! नजीकमा नै मह पाइन्छ भने त्यसको लागि पर्वत तिर धाउनु जस्तो ठीक होइन त्यस्तो तपाईंको घरमा नै तुरीयातीत पदमा पुगेकी ब्रह्मज्ञानी चूडाला महारानी थियिन् । उनलाई त्यागेर तपाईं वनमा आउनु भयो र तपस्याको आरम्भ गरेर भारी कष्ट पाउनु भयो । अहिले तपाईं आफ्नो स्वरूपमा जागिनु भयो र दुःख-कष्ट नष्ट भयो । अब शान्त पदमा आसीन भएर विचरण गर्नुहोस्, कुनै दुःख-कष्टले छुनेछैन ।

(८२) शिखिध्वज स्त्रीप्राप्ति

कुम्भजले भने, हे राजन् ! अब म विदा हुन्छु, किनकि स्वर्गमा ब्रह्माजीको समीपमा नारदमुनि आइसक्नुभयो । सभामा मलाई नदेखेपछि उहाँ रिसाउनुहुनेछ । महापुरुषलाई प्रसन्न राखनु कल्याणदायक हुन्छ । मैले दिएका उपदेशको राम्ररी विचार गर्नुहोला । सब शास्त्रको सार यही हो कि सम्पूर्ण वासनाको त्याग गर्नु र चित्तलाई कुनै कुरामा बाँधिन नदिनु । म फेरि आउनेछु । त्यसबेलासम्म स्वरूपमा स्थित रहेर कुनै चेष्टामा नलाग्नू । वसिष्ठले भन्नुभो, हे राम ! यति भनेर कुम्भज मुनि उठेर खडा भए, राजाले अर्घ्य र पुष्प चढाए, कुम्भजमुनि अन्तर्धान भए ।

राजाले मन मनै भने, ईश्वरको नीति जानी नसक्नु छ । कहाँ नारदमुनि, कहाँ उनका पुत्र कुम्भज, कहाँ म राजा शिखिध्वज ? ईश्वरीय नीतिले कुम्भजमुनिको रूप धारण गरेर मलाई जगायो । अब म अज्ञानको खाडलबाट निक्लेर स्वरूपमा प्राप्त भएको छु । मेरा सम्पूर्ण संशय नष्ट भएका छन् । म निर्मल पदमा स्थित भएर अज्ञान-निद्राबाट जागेको छु ।

हे राम ! यस्तो भन्दै राजा शिखिध्वज सम्पूर्ण इन्द्रिय, प्राण र मन स्थिर गरीकन चेष्टारहित भएर शिलाको पुतली झैं निश्चल स्थितिमा रहे ।

उता रानी चूडाला कुम्भजको रूप छोडेर पूर्ववत् सुन्दर स्त्रीको रूप धारण गरीकन आफ्नो अन्त:पुरमा पुगिन् जहाँ संगिनीहरू रहेका थिए। मन्त्रीहरूलाई आ-आफ्नो स्थानमा रहेर काम गर्ने आदेश दिएर आफू राजाको स्थानमा बसिन् र राज्य चलाइन्। तीन दिन पछि रानी फेरि कुम्भजको रूप धारण गरेर आकाशमार्गबाट राजा बसेको स्थानमा पुगिन्। राजालाई समाधिमा स्थित देखेर रानी बहुतै प्रसन्न भइन्।

शब्दद्वारा राजालाई जगाउनु पर्‍यो भनी रानी मेघ झैं गर्जिन्, त्यो शब्दले चराहरू समेत डराएर यताउता लागे तर राजाको शरीर भने काष्ठ र पाषाण झैं अचल नै रह्‍यो। उनले आँखा र देहको स्पर्शबाट थाहा पाइन् कि राजाको शरीरमा प्राण छ। फेरि भविष्यको विचार गरेर भनिन् कि यिनको सत्त्व (ब्रह्मी भूत चित्त किंवा डढेको चित्त) शेष रहेको छ। त्यसकारण जीवन्मुक्त भएर केहीकाल राज्य गरेर रहनेछन्।

रामले सोधे कि हातले स्पर्श गर्दैमा रानीले कसरी थाहा पाइन् कि यिनको शरीरमा प्राण छ।

वसिष्ठले भन्नुभो, हे राम! जसको शरीरमा पुर्यष्टक हुन्छ त्यसमा कान्ति हुन्छ। अज्ञानीको चित्त रहन्छ र ज्ञानीको सत्त्व रहन्छ जो प्रारब्ध-वेगले जाग्दछ। ब्रह्माकारवृत्तिबाट (समाधिबाट) जागेपछि शरीर पाउँछ। ज्ञानी इष्ट र अनिष्टको प्राप्तिमा समान रहन्छ र अज्ञानी इष्टप्राप्तिमा प्रसन्न र अनिष्टप्राप्तिमा शोकवान् हुन्छ।

अब भित्र पसेर यिनलाई जगाउनु पर्‍यो भन्ने विचारले कुम्भज शरीरलाई त्यागेर रानी सूक्ष्म शरीरले राजाको शरीर भित्र प्रवेश गरीकन चेतनताले सत्त्वीभूत उनको चित्तलाई फोडेर जगाइन्। राजाको शरीर काँपन लाग्यो। अनि बाहिर निस्केर कुम्भज शरीरमा प्रवेश गरिन्। समाधिबाट जागेपछि अगाडि कुम्भजमुनिलाई देखेर प्रसन्न भईकन जल पुष्प चढाएर राजाले भने, हे भगवन्! सौभाग्यले पुन: दर्शन मिल्यो। पहिले मलाई अमृतरूपी वचनले पवित्र पार्नुभएको थियो, अहिले फेरि दर्शन दिएर झन पवित्र तुल्याउनु भएको छ।

कुम्भज : हे राजन्! तपाईं मेरा प्रियतम हुनुहुन्छ। त्यसैले स्वर्गको सुख छोडेर यहाँ आएको छु। केहीबेर कुटीमा विश्राम गरेर कुम्भजले भने, हे राजन्! अब तपाईंलाई शान्ति प्राप्त भएको छ र संकल्परूप बीज नष्ट भयो।

राजा : हे भगवन्! तपाईंको कृपाले मलाई कुनै संशय छैन, सबै तिरबाट तृप्त छु। जो जान्नुपर्ने कुरा थियो त्यो जानें। म निर्विकल्प पूर्णात्मा भएर रहेको छु। ममा कुनै वासना छैन। अब चिरपर्यन्त शान्त र सुखी भएर रहन पाएँ।

वसिष्ठले भन्नुभो, हे राम! यसरी तीन मुहूर्तसम्म दुईजनाको संवाद चल्यो। राजाले आफ्नो अनुभव बताए। त्यसपछि नजीकको तलाउमा गएर दुवैले स्नान, सन्ध्या, जप, पाठ, पूजा गरे। त्यसपछि कुम्भजले घुम्न जाउँ भने। राजाले पनि हुन्छ भनी स्वीकृति जनाए। त्यसपछि राजालाई साथमा लिएर कुम्भजले धेरै नगर, ग्राम, तीर्थस्थल, रमणीय वन, कुन्ज र मरुस्थल आदि सात्त्विक, राजस र तामस स्थानको भ्रमण गरे। भ्रमणको प्रयोजन यो थियो कि ती ती स्थान देखेर राजा हर्षशोकान्वित हुन्छन् कि हुँदैनन्, जान्नु थियो, तर राजा ती स्थान देखदा विचलित नभईकन

समतामा नै रहे । ती दुईजना यसरी मिले कि स्नान, जप, पाठ, भोजन आदि कार्य एकैसाथ हुन थाल्यो ।

एकपटक रानीको मनमा यस्तो विचार आयो कि यी मेरा पति हुन्, यिनका साथ भोग भोगौं, किनकि हाम्रो अहिले भोग गर्ने अवस्था छ । स्थान पनि रमणीय र एकान्त छ । जहाँसम्म शरीर छ त्यहाँसम्म शरीरको स्वभाव पनि साथमा रहन्छ ।

यसपछि फेरि एक पटक राजाको परीक्षा गरौं भन्ने विचारले कुम्भजले भने, हे राजन् ! चैत्रशुक्ल प्रतिपदाको दिन ब्रह्माजीको सृष्टिको आरम्भको दिन भएकोले त्यो दिनमा स्वर्गमा ठूलो उत्सव हुन्छ । त्यहाँ नारदजीको पनि शुभागमन हुन्छ । म त्यहाँ जान्छु । म न आएसम्म तपाईं यही स्थानमा समाधिमा रहनुहोला । यति भनेर कुम्भजले यौटा फूल दिएर भने - समाधिबाट व्युत्थान भएको बेलामा मेरो चिन्ह यो पुष्प हेरेर रहनुहोला । राजाले पनि यौटा पुष्प कुम्भजलाई दिए । यसरी फूल साटासाट गरेर कुम्भज त्यहाँबाट अन्तर्धान भए ।

त्यसपछि चूडालाको शरीरधारण गरेर रानी दरबारमा पुगिन् र प्रजाहरूको सबै हाल खबर बुझिन् । केही दिनपछि फेरि कुम्भजको शरीर धारण गरेर रानी राजाको समीपमा आइन् र भनिन्, हे राजन् ! स्वर्गबाट आउँदा बाटोमा धेरै कष्ट भयो त्यसैले शोकयुक्त भएको छु ।

राजा : हे मुनिवर ! तपाईं त सत्तासामान्यमा स्थित ज्ञानवान् हुनुहुन्छ, आत्मा हुनुहुन्छ । तपाईंजस्ता ज्ञानीलाई पनि के कष्ट भयो र शोकवान् हुनुहुन्छ ?

कुम्भज : हे राजन् ! तपाईंले सोधेपछि यथार्थ कुरा बताउनै पऱ्यो, किनकि यथार्थ कुरा बताउनु बुद्धिमान्को कर्तव्य पनि हो । जब म स्वर्गको उत्सव हेरेर नारदजीबाट बिदा भईकन आउदै थिएँ । बाटोमा दुर्वासा ऋषिलाई देखें । उनी महादेवले झैं श्याम वस्त्र पहिरेर गहनाहरूले झकिझकाउ भएका थिए । उनलाई प्रणाम गरेर भनें, हे ऋषिराज ! तपाईंको शरीर त गहनाहरूले सुशोभित सुन्दरी स्त्रीको जस्तो पो देखिन्छ ए ! अनि क्रुद्ध भएर उनले भने - मलाई स्त्री भन्ने, तिम्रो शरीर पनि रातमा यस्तै स्त्रीको शरीर बनोस् । यही कुराले गर्दा मलाई कष्ट र शोक भएको छ । स्त्रीको शरीरले देवताको सन्निधिमा रहँदा मलाई लज्जा हुने भयो, त्यसैले तपाईंको समीपमा आएको हुँ ।

राजा : दुर्वासाको शापले स्त्रीको शरीर भयो त हुन दिनोस् । त्यसबाट तपाईंको के हानि भयो र तपाईं त शरीर होइन, निर्लेप आत्मा हो ।

कुम्भज : हे राजन् ! तपाईंले ठीक भन्नुभयो, आत्मस्वरूप मलाई केको दुःख हुने ? शरीरको जो प्रारब्ध छ त्यो अनुसार भइहाल्छ, परन्तु ईश्वरको नियम यो छ कि जहाँसम्म शरीर रहन्छ त्यहाँसम्म शरीरको स्वभाव पनि साथैमा रहन्छ । शरीरको स्वभावलाई त्याग गर्नु पनि मूर्खता हो । बाहिर इन्द्रियलाई रोकेर मनले विषयको चिन्तन गर्नु पनि मूर्खता नै हो । ब्रह्मा, विष्णु, रुद्र आदि जो ज्ञानवान् छन् तिनीहरू पनि आफ्नो आफ्नो चेष्टा गर्छन् तर बन्धनमा बाँधिदैनन् । अज्ञानी पनि चेष्टा गर्छ तर ऊ बन्धनले

बाँधिन्छ । हे राजन् ! जो अनिच्छित प्राप्त हुन्छ र जो शास्त्रविरूद्ध छैन त्यस्तो भोग भोगनमा कुनै दोष छैन ।

राजा : ज्ञानवान्मा कुनै दोष छैन किनकि उनी सत्तासामान्यमा स्थित रहन्छन् ।

वसिष्ठले भन्नुभो, हे राम ! यति कुरा गर्दा गर्दै सूर्यास्तको समय भयो । दुबै जना सायंकालको सन्ध्या, जप सकेर कुटीमा आएर बसे । रात पर्‍यो, कुम्भजको शरीर स्त्रीको शरीर बन्यो । उनको मुख कमल झैं प्रफुल्लित भयो, शिरको कपाल लामो भयो । वस्त्र टल्कन लाग्यो, स्तनको चिन्ह पनि बढदै गयो । निदान चूडाला लक्ष्मी झैं महासुन्दरी स्त्री बनिन् ।

राजाले भने, हे मुनि ! के अचम्म देखनु पर्‍यो, तपाईंको शरीर त स्त्रीको शरीर बन्यो, किन्तु तपाईं शरीर होइन, आत्मा हो, किन शोक गर्नुहुन्छ ? तपाईं आफ्नो सत्तासामान्यमा स्थित रहनुहोस् । रानीले पुष्पशय्या तयार गरिन् । दुवै जना रातभर यौटै शैय्यामा शयन गरे, तर वासना जागेन । दुवै जना सत्तासामान्यमा रहे, मुखले केही बोलेनन् ।

जब प्रातःकाल भयो तब रानीले कुम्भजको शरीर धारण गरिन् । त्यसपछि दुवैजनाबाट स्नान, सन्ध्या र जप आदि कर्म सम्पन्न भयो । यसप्रकार केही दिन त्यहाँ बिते । त्यसपछि दुवैजना त्यहाँबाट हिंडेर सुमेरुपर्वत, मन्दराचल, अस्ताचल आदि स्थानको भ्रमण गरे । त्यहाँ शुभ, अशुभ, राम्रा, नराम्रा स्थानहरू देखता हर्ष, शोक आदि कुनै विकार भएन । दुवैजना समतामा स्थित रहे ।

(८३) विवाहलीला वर्णन

वसिष्ठले भन्नुभो, हे राम ! यसप्रकार भ्रमण गर्दै ती दुईजना मन्दराचल पर्वतको कन्दरामा पुगे । कुम्भजरूप चूडालाले राजाको परीक्षाको निमित्त भनिन्, हे राजन् ! जब रातमा म स्त्रींको शरीर लिएर रहन्छु तब मलाई पतिका साथ भोग गर्ने इच्छा हुन्छ, किनकि ईश्वरको नियम यस्तै छ कि स्त्रीको लागि अवश्यमेव पुरुष चाहिन्छ । विवाहयोग्य उमेर भएपछि उत्तम कुलकी कन्यालाई पिताले विवाह गरेर दिन्छन् अथवा कन्याले नै आफूले चाहेको पुरुषका साथ विवाह गर्छिन् । हे राजन् मेरो लागि तपाईंभन्दा ठूलो कोही छैन । तपाईं मेरो भर्ता बन्नुहोस् म तपाईंकी पत्नी हुन्छु । तपाईं मलाई आफनी भार्या जानेर स्त्री-पुरुषको जो चेष्टा हुन्छ त्यो गर्नुहोस् । मेरो पनि यौवन-अवस्था छ र तपाईं पनि बहुतै सुन्दर हुनुहुन्छ । ज्ञानवान् अनिच्छित प्राप्त कुराको त्याग गर्दैनन् । यदि तपाईंको इच्छा छैन भने तापनि ईश्वरको नीति यस्तै छ, यसको उल्लड०घनबाट केही सिद्ध हुँदैन । जो आफ्नो स्वरूप-सत्तामा स्थित छ र ग्रहण-त्यागको इच्छा छैन तापनि नीतिको पालन गर्नैपर्छ ।

राजाले भने, हे साधु ! तपाईंको जस्तो इच्छा छ त्यस्तै गर्नुहोस् । मेरो लागि त तीन लोक आकाशरूप भास्तछ । मलाई कुनै कुरा प्राप्त हुनु र नहुनुमा कुनै सुख-दुःख वा हर्ष-शोक छैन । तपाईंको जो इच्छा छ त्यही गर्नुहोस् ।

यसरी राजाले स्वीकृति जनाएपछि कुम्भजले भने, हे राजन् ! आज नै पूर्णिमाको शुभ दिन छ र आज नै शुभ लग्न पनि गनेर ठीक पारेकी छु । यही मन्दराचलको कन्दरामा बसेर विवाह गर्नुहोस् ।

कल्पवृक्षबाट लिएर सम्पूर्ण विवाह-सामग्री तयार भयो । कुम्भजले राजालाई दिव्यवस्त्र र भूषण पहिराए, शिरमा मुकुट लगाइदिए । कुम्भजले स्त्रीको शरीरधारण गरे । राजाले पनि स्त्रीलाई दिव्य वस्त्र र आभूषण पहिराए । राजा कामदेव भन्दा पनि सुन्दर र रानी पार्वती जस्तै सुन्दरी देखियिन् । पूजाको सामग्री र सुवर्णकलश समीपमा राखियो । शास्त्र-विधि अनुसार विवाहको आरम्भ भयो । कलशपूजाको साथै सवै देव-देवताको पूजा आदि माङ्गलिक कृत्य सम्पन्न भए । फेरि रानीले यो संकल्प गरिन् कि सम्पूर्ण ज्ञाननिष्ठा तिमीलाई दिएँ, राजाले पनि सम्पूर्ण ज्ञाननिष्ठा तिमीलाई दिएँ भनी संकल्प गरे । यसरी विवाहलीला सम्पन्न भयो । रानीले भनिन्, आजबाट मेरो नाम मदनिका भयो । पुष्प शय्यामा सुतेर संभोगबाहेक अनेक चर्चा, वार्ता गरेर रात बित्यो । यसरी रातभर स्त्रीको शरीर र दिनमा पुरुषको शरीर भएका कुम्भज र राजा एक मासपर्यन्त त्यहीं रहे । रातमा राजा निदाएको मौका पारेर रानी दरवारमा पुगेर प्रजाहरूको हालखबर लिन्थिन् र फेरि आएर राजाको साथमा शयन गर्थिन् ।

(८४) मायाशक्रागमन वर्णन

वसिष्ठले भन्नुभो, हे राम ! त्यसपछि कुम्भजले राजालाई साथमा लिएर उदयाचल, अस्ताचल, सुमेरु, कैलास आदि स्थानको भ्रमण गराएर कहीं एक महिना, कहीं सात दिन बिताए । अनि कुम्भजले विचार गरे कि यतिका स्थान देखाउँदा पनि राजाको चित्त कुनै कुरामा बाँधिएन । अब यौटा अर्को परीक्षा लिन्छु भन्ने विचार गरेर रानी चूडालाले यस्तो माया फैलायिन् कि तेत्तिसकोटी देवता, यक्ष, गन्धर्व र अप्सरा सहित इन्द्र महाराज राजाको अगाडि उपस्थित भए । राजाले उनको पूजा, सत्कार गरेर भने, हे देवराज ! कति कामले यस्तो कष्ट उठाउनु भएको छ ? इन्द्रले भने, राजन् ! तपाईंको तपस्याले आकृष्ट भएर आएको हुँ । यी देवता, गन्धर्व, यक्ष र अप्सराहरू तपाईंको सेवा गर्न तत्पर छन् । तपाईं आउनुहोस् र दिव्य भोग भोगनोस् । तपाईंमा अष्टसिद्धि पनि प्राप्त हुनेछन् । हे राजन् ! तपाईं तत्त्ववेत्ता हुनुहुन्छ । तपाईंमा ग्रहणत्यागको इच्छा छैन तापनि अनिच्छित प्राप्त कुराको त्याग गर्नु उचित होइन, त्यसकारण स्वर्गमा पदार्पण गर्न स्वीकार गर्नुहोस् ।

राजाले भने हे देवराज ! हजूरको अचिन्तित दर्शन पाएर आनन्द लागेको छ, तर स्वर्ग जाने संबन्धमा मेरो निश्चय यस्तो छ कि कुनै नौलो ठाउँ भए त्यहाँ जानु ठीकै थियो, किन्तु मेरो लागि स्वर्ग नौलो होइन । म जहाँ रहन्छु त्यहाँ स्वर्ग नै छ । मेरो लागि तीनै लोक स्वर्ग नै भासित हुन्छ । जो सदा स्वर्गरूप आत्मा हो म त्यसैमा स्थित छु । आनन्दस्वरूप आत्मालाई पाएर त्यसैमा तृप्त छु । राजाको यस्तो निरिच्छित भाव वुझेर इन्द्र अन्तर्धान भए । इन्द्र चूडालाको संकल्पबाट खडा भएका थिए । संकल्प लीन हुनासाथ इन्द्र हराइहाले ।

चूडालाले देखिन् कि यस्तो ऐश्वर्य, सिद्धि र अप्सराहरू प्राप्त हुँदा पनि राजाको चित्त समतामा नै रह्यो र कुनै कुरामा बाँधिएन ।

(८५) मायापिञ्जरवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! चूडालाले विचार गरिन् कि राजालाई मोहित तुल्याउन मैले यो इन्द्रको छल रचेकी हुँ, तर राजा कुनै कुरामा पनि आसक्त नभईकन आफ्नो सत्तासामान्य स्वरूपमा नै स्थित रहे, यसबाट बडो आनन्द भयो । अब यौटा अर्को चर्तिकला देखाउँछु जसबाट यिनमा क्रोध र खेद उत्पन्न होस् । यस्तो विचार गरेर मदनिका नाम गरेकी चूडालाले राजाको परीक्षाको लागि यस्तो चरित्र देखाइन् कि सायंकालको समय थियो, राजा गंगातटमा बसेर सन्ध्या गर्दै थिए । कुम्भज वनमा घुमदै थिए । उनले संकल्पद्वारा त्यहाँ एक मन्दिरको रचना गरे । मन्दिरको समीपमा कल्पवृक्ष आदि फल फूलले संयुक्त वृक्ष र लताहरूले सुशोभित बगैंचा रचियो । फेरि एक पुष्पशय्या र एक महासुन्दर पुरुषको पनि संकल्पद्वारा रचना भयो । रानी मदनिका त्यस पुरुषका साथ अङ्गमा अङ्ग मिलाएर प्रेमपूर्वक कामचेष्टामा मग्न भइन् । सन्ध्या सकेर राजा कुटीमा पुगे, रानी छैनन् । वनमा यताउति हेर्दा देखे कि मदनिका एक कामी पुरुषका साथ सुतेकी छन् र दुबैजना कामचेष्टामा तल्लीन छन् । तब राजाले विचार गरे कि दुवै जना आरामसित सुतेका छन्, यिनको आनन्दमा विघ्न नपारौं ।

हे राम ! यसप्रकार आफनी स्त्रीको चरित्र देखेर पनि राजाले शोक गरेनन् र क्रोध पनि निकालेनन् । राजा आफ्नो शान्त पदमा जस्ताको तस्तो स्थित रहे । मन्दिरको बाहिर एक सुवर्ण शिला थियो, त्यसैमा बसीकन आँखा चिमलेर राजा समाधिमा स्थित भए ।

दुई घडी पछि रानी मदनिका राजाको निकट आएर अन्य कामविह्वल स्त्रीले झैं एक पटक अङ्ग खुला गरेर फेरि वस्त्रले ढाकिन् । राजाले भने, हे मदनिके ! त्यस्तो सुख छोडेर तिमी किन यहाँ आएकी ? तिमी त बडो आनन्दमा मग्न थियौ । अब फेरि त्यहीं जाऊ । तिम्रो चरित्र देखेर मलाई हर्ष, शोक केही छैन । म ज्यों का त्यों आफ्नो सत्तासामान्य स्वरूपमा स्थित छु । जाऊ, तिमी उसलाई सुख देऊ र उसले तिमीलाई सुख देओस् ।

लाजले शिर निहुराएर मदनिकाले भनिन्, हे राजन् ! क्षमा गर्नुहोस्, मेरा उपर क्रोध नगर्नुहोस् । मबाट ठूलो अवज्ञा भयो, तर यो मैले जानी बुझी गरेको होइन । सारा वृत्तान्त बताउँछु, सुन्नुहोस् । हे राजन् ! जब तपाईं सन्ध्यामा हुनुहुन्थ्यो तब म वनमा यताउती टहलिँदै थिएँ । यौटा कामी पुरुषका साथ जंका भेट भयो । म निर्बल अबला थिएँ, ऊ बलवान् थियो । जवर्जस्ती मलाई समातेर बसाल्यो र काखमा राखेर आफ्नो इच्छा पूरा गऱ्यो । पतिव्रतास्त्रीको मर्यादा अनुसार मैले उसका उपर क्रोध गरें, उसको निरादर गरें र चिच्याएर कराएँ । यसरी मैले पतिव्रता नारीको तीन मर्यादा पालन गरें । तपाईंले पनि टाढा रहेको हुनाले मेरो चिच्याहट सुन्नु भएन । ऊ बलियो थियो । उसले मेरा उपर बलात्कार गऱ्यो । हे राजन् ! यसमा मेरो कुनै दोष छैन, क्षमा गर्नुहोस् र क्रोध नगर्नुहोस् ।

राजाले भने, हे मदनिके ! ममा क्रोध छैन । म सर्वत्र आत्मा नै देख्तछु, तब कसका उपर क्रोध गरौं ? ममा यद्यपि कुनै ग्रहण-त्याग छैन तथापि यो जुन कर्म भयो त्यो साधुजनबाट निन्दित कर्म हो । त्यसकारण अब मैले तिमीलाई त्याग गरिदिएँ । अब म सुखपूर्वक विचरण गर्नेछु । मेरा गुरु जो कुम्भज हुन् उनी मेरो नजीकमा नै छन् । उनी र म सदा वीतराग भएर रहन्छौं । तिमी त दुर्वासाको शापबाट उत्पन्न भएकी हौ । तिमी सित मेरो कुनै प्रयोजन छैन, अब तिमी उसैसित जाऊ ।

(८६) शिखिध्वज-चूडलासमागम र परस्पर वार्ता

वसिष्ठले भन्नुभयो, हे राम ! मदनिका नामकी चूडालाले विचार गरिन् किं पूर्वोक्त घटनाबाट ठूलो कार्य सिद्ध भयो । राजाको दृढरूपले आत्मस्वरूपमा अविचल स्थिति देखदा बडो आनन्द लाग्यो । सिद्धि, ऐश्वर्य आदि मनोहर कुराहरू देखाइए, कठिन क्रूर स्थान र क्रूर कर्म पनि देखाइए, तै पनि राजामा काम, क्रोध, हर्ष, शोक आदि कुनै विकार प्राप्त भएन । राग-द्वेषले रहित भएर राजा शान्त पदमा स्थित भए । अब म यिनलाई चूडालाको पूर्वरूप देखाएर सवै वृत्तान्त वताइदिन्छु भन्ने विचार गरेर उनले राजाको अगाडि सुन्दर वस्त्र पहिरेको आभूषणले विभूषित चूडालाको रूप देखाइन् । त्यस्तो अनकण्टार जंगलको बीचमा अकस्मात् चूडाला महारानीलाई देखदा आश्चर्य मानेर राजाले मनमनै भने, यी चूडाला कहाँबाट आइन् ? राजाले स्पष्ट शब्दमा सोधे, हे देवि ! तिमी कहाँबाट आयौ ? तिमीलाई देखदा बडो आश्चर्य लाग्यो । मेरी स्त्री चूडाला यस्तै थिइन्, तिमी उही हौ कि वा अरू नै हौ ?

चूडालाले भनिन्, हे राजन् ! म तपाईंकी स्त्री चूडाला नै हुँ र तपाईं मेरा स्वामी हुनुहुन्छ । कुम्भजदेखि लिएर यस चूडालाको शरीर सम्मका सबै चरित्र तपाईंलाई जगाउनको निमित्त मैले नै रचना गरेका हुन् । तपाईं आफैं ध्यानदृष्टिले हेर्नुहोस् अवगत हुने नै छ । राजाले आँखा चिमलेर जब ध्यानदृष्टिले हेरेका थिए तब सबै कुरा अवगत भइहाल्यो । आश्चर्यचकित भएर राजाले आँखा उघारे र रानीका साथ गला मिलाए । अवर्णनीय आनन्दको अनुभव भयो । दुवैजना सत्तासामान्यमा स्थित थिए, कुनै क्षोभ थिएन ।

हर्षविभोर हुँदै राजाले भने, हे देवि ! तिमीले मेरा उपर ठूलो अनुग्रह गऱ्यौ । मलाई थाहा भयो कि यो संसार सब मायामय एवं मिथ्या हो । तिमीले मलाई अविनाशी सत्स्वरूपमा पुऱ्यायौ । तिम्रो प्रसादले निर्दुःख शान्तपदमा प्राप्त भएको छु । अब ममा कुनै क्षोभ छैन । शास्त्र र तपस्याद्वारा पनि प्राप्त गर्न नसकिने अविनाशी ब्रह्मपद तिम्रो कृपाले प्राप्त भयो । तिम्रो प्रशंसा जति गरे पनि पुग्दैन । बराबर आउनु जानु, उता राज्यको पनि देख भाल गर्नु, कुम्भजको शरीरको स्वाँग रचेर उपदेश गर्नु आदि काममा तिमीबाट धेरै कष्ट उठाउनु पऱ्यो । तिमीले यत्न गरीकन मलाई संसार समुद्रबाट पार तारेर ठूलो उपकार गऱ्यौ । जो अरुन्धती, ब्रह्माणी, इन्द्राणी, पार्वती, सरस्वती आदि पतिव्रता धुरीण नारी छन् ती भन्दा पनि तिमी श्रेष्ठ पतिव्रता नारी हौ । जसको पतिव्रता स्त्री प्राप्त छन् उसका सब कार्य सिद्ध हुन्छन् र उसलाई बुद्धि, शान्ति, दया,

शक्ति, कोमलता र मैत्री आदि शुभ गुणावली प्राप्त हुन्छन् । हे देवि ! तिम्रो प्रसादले शान्त पदमा प्राप्त भएको छु । अब मलाई कुनै क्षोभ छैन । यस्तो पद शास्त्र र तपबाट पनि मिल्न सक्तैन ।

चूडालाले भनिन्, हे राजन् ! तपाईं किन मेरो स्तुति गर्नुहुन्छ ? मैले त आफ्नो कर्तव्य निभाएकी छु । तपाईं राज्यत्याग गरे तापनि मोह अर्थात् अज्ञानलाई साथैमा लिएर वनमा आएको हुनाले नीच स्थानमा पर्नु भयो । जस्तै कोही मानिस गङ्गाजल त्यागेर स्नानको लागि हिलोमा जमेको धमिलो पानी रुचाउँछ त्यस्तै तपाईंले आत्मज्ञान र अक्रिय पदलाई त्यागेर तपस्या रुचाउनु भो । जब मैले देखें कि तपाईं हिलोमा गाडिनु भयो तब मैले तपाईंलाई हिलोबाट निकाल्न कोशिश गरें । यसप्रकार मैले आफ्नो कर्तव्य पूरा गरेकी छु ।

राजाले भने, हे देवि ! मेरो यही आशीर्वाद छ कि अरू पनि पतिव्रता स्त्रीहरूले यस्तै काम गरून् जस्तो तिमीले गऱ्यौ । पतिव्रता नारीबाट जो कार्य सिद्ध हुन्छ त्यो अरूबाट हुँदैन । अरुन्धती आदि पतिव्रता स्त्रीको गणनामा तिमी प्रथम श्रेणीमा आउछ्यौ । तिमीबाट मेरों ठूलो उपकार भयो ।

चूडालाले भनिन्, हे महाराज ! अब तपाईंले आफूलाई कस्तो सम्झनु भएको छ ? तपाईं कहाँ स्थित हुनुहुन्छ ? राज्यको संझना छ कि छैन ? अब तपाईंको के इच्छा छ ?

शिखिध्वज राजाले भने, हे देवि ! जुन स्वरूप तिमीले ज्ञानद्वारा निश्चय गरेकी छौ, मैले पनि आफूलाई त्यही स्वरूप जानेको छु र शान्तरूप भएर रहेको छु । मेरो इच्छा-अनिच्छा केही छैन । जुन पदको अपेक्षाले ब्रह्मा, विष्णु र रुद्रका मूर्ति पनि तुच्छ मानिन्छन् म त्यस पदमा प्राप्त भएको छु, जहाँ कुनै उत्थान छैन, जो निष्किञ्चन छ र जसमा किञ्चिन्मात्र पनि जगत् छैन । म पहिले जो थिएँ त्यही भएको छु । यसभन्दा बढी के भनौं । हे देवि ! तिमीले मलाई संसार-समुद्रबाट पार तान्यौ, त्यसकारण तिमी मेरा गुरु भयौ । यति भनेर राजाले चूडालाको चरणमा परेर भने, अब मलाई अज्ञानले कहिले पनि स्पर्श गर्नेछैन । जस्तो तामो (ताम्र धातु) पारसमणिको संगबाट सुवर्ण भएपछि फेरि तामो हुँदैन त्यस्तै म तिम्रो प्रसादले मोहरूपी कीचडबाट निकलेको छु र फेरि कहिले पनि गिर्नेछैन । अब म जगत्को सुखदुःखबाट सन्तुष्ट छु र ज्योंका त्यों स्थित छु । राग-द्वेष उत्पन्न गर्ने मेरो चित्त नष्ट भइसक्यो । म आफ्नो प्रकाशस्वरूपमा स्थित छु । जस्तो जल नष्ट भएपछि सूर्यको प्रतिबिम्ब सूर्यरूप हुन्छ त्यस्तो मेरो चित्त पनि आत्मरूप भएको छ । अब निर्वाणपद प्राप्त भएको हुनाले म सर्वातीत भएको छु र सबैमा स्थित छु । जस्तो आकाश सबै पदार्थमा स्थित छ र सब पदार्थ देखि अतीत छ म त्यस्तै भएको छु । अहं, त्वं आदि शब्द नष्ट भए र म शान्तपदमा प्राप्त भएको छु । म न स्थूल हुँ, न सूक्ष्म हुँ, केवल अद्वैत चिन्मात्र हुँ ।

राजाको यस्तो उद्गार सुनेर चूडालाले भनिन्, हे राजन् ! तपाईं यसरी स्वरूपमा स्थित हुनुभयो, अब के गर्ने इच्छा छ ? राजाले भने, हे देवि ! मेरो कुनै कुरा ग्रहण गर्ने र त्याग गर्ने इच्छा छैन तापनि तिमीले जे भन्छ्यौ त्यो गर्नेछु । जस्तो मणि प्रतिबिम्बलाई ग्रहण गर्छ त्यस्तै म तिम्रो वचनलाई अङ्गीकार गर्नेछु ।

चूडालाले भनिन्, हे प्रियतम राजन् ! अब तपाईं विष्णु हुनु भयो । यो उत्तम कुरा हो कि तपाईंका सारा इच्छा नष्ट भए । अब उचित छ कि तपाईं र म मोहरहित भएर आफ्नो प्रकृत आचारमा विचरण गरौं । हामीले जीवन्मुक्त भएर पनि प्रकृत आचारलाई त्याग गर्नु उचित हुँदैन । जो प्रकृत आचारको पालन गर्छ उसको लागि भोग र मोक्ष दुबै प्राप्त हुन्छन् । यति कुरा गर्दा गर्दै दिन बित्यो । राजाले सायंकालको सन्ध्या गरे । शय्या तयार पारियो । दुवैजना सुते । परस्पर चर्चा-वार्ताले क्षण झैं रात बित्यो ।

(८७) शिखिध्वज-चूडालाख्यानसमाप्ति

वसिष्ठले भन्नुभो, हे राम ! जब प्रातःकाल भयो तब चूडालाले मनको संकल्पद्वारा रत्नको घडा रचिन् र त्यसमा गङ्गा आदि तीर्थको जल राखेर त्यस जलले राजालाई स्नान गराएर शुद्ध तुल्याइन् । राजाले सन्ध्यादि कर्म गरेपछि रानीले भनिन्, हे राजन् ! अब मोह छोडेर सुख पूर्वक आफ्नो राज-काज चलाउनुपर्छ र राज्यसुखको भोग गर्नुपर्छ । यदि तिमीलाई सुख भोगको नै इच्छा छ भने स्वर्ग पनि हाम्रो राज्य हो, त्यहाँ गएर सुख भोग गरे भइहाल्यो नि भनी राजाले भन्दा रानीले भनिन्, हे राजन् ! हामीलाई न सुख भोग गर्ने इच्छा छ नत त्याग गर्ने । इच्छा तब हुन्छ जब आफूदेखि भिन्न पदार्थ देखिन्छ । हाम्रो लागि त स्वर्ग, नरक सब एकरस आत्मा नै भास्तछ । हामी त ज्योंका त्यों आफ्नो स्वरूपमा स्थित छौं । यद्यपि हामीमा कुनै भेद छैन तथापि जहाँसम्म शरीरको प्रारब्ध छ, जहाँसम्म शरीर रहन्छ त्यहाँसम्म चेष्टा पनि हुनैपर्छ । अरू चेष्टा गर्नुभन्दा प्रकृत कर्म गर्नु नै श्रेयस्कर मानिन्छ । त्यसकारण राग-द्वेषले रहित भएर आफ्नो राज्यको भोग गर्नुहोस् । हे राजन् ! उठ्नुहोस्, अब अष्टवसुको तेज धारण गरेर राज्य गर्नको लागि सावधान हुनुहोस् ।

रानीको वचनलाई स्वीकार गर्दै अष्टवसुको तेजले सम्पन्न भएर राजाले भने, हे देवि ! तिमी मेरी पटरानी हौ, म तिम्रो पति हुँ तापनि तिमी र ममा भेद छैन, तिमी र म एकै हौ । राज्यको लागि सेना आदि पनि त चाहिन्छ नि । यो सुनेर रानीले सेना, हात्ती, घोडा, रथ, बाजागाजा र निशान आदि राज्यको सामग्री तयार गरिन् । नौबत, नगरा, तुरही, शहनाई आदि बाजाको स्वर गुञ्जियो । राजाको शिरमा मुकुट लगाएर सेतो छाता ओढाइयो । रानी पनि श्रृङ्गार र आभूषणले झकिझकाउ भइन् । हात्तीमा सवार भएर राजा-रानी मन्दराचल पर्वतको शिखर तिर प्रस्थान गरे । सेनाहरू अघि पछि लागे । 'यहाँ यति दिनसम्म बसियो, यो मेरो स्नान गर्ने तलाउ हो, यो सन्ध्यागर्ने ठाउँ हो, यहाँ कुटी थियो' भनी आफूले उपयोग गरेका ठाउँहरू रानीलाई देखाउँदै राजा अघिबढे । मन्त्री र पुरवासी प्रजाहरू पनि राजालाई लिन आइपुगे । उनीहरूले आदरपूर्वक राजाको पूजा गरे । यसप्रकार राजा र रानी आफ्नो दरबारमा पुगे । आठदिनसम्म ठूलो उत्सव भयो । लोकपाल र मण्डलेश्वरहरू भेटन आए ।

जीवन्मुक्त राजा र चूडाला रानीले समदृष्टि लिएर दशहजारवर्षपर्यन्त राज्यको भोग गरे । उनमा राग-द्वेष थिएन, दुवै जना शान्तपदमा स्थित थिए । जब शरीरको प्रारब्ध समाप्त भयो तब

राजा र रानी दुवै विदेहमुक्त भएर सत्तासामान्यमा स्थित रहे । जस्तो तेल सकिएपछि बत्ती निभ्छ त्यस्तो प्रारब्धको वेग समाप्त भएपछि राजा र रानी निर्वाणपदमा प्राप्त भए ।

वसिष्ठले भन्नुभो, हे राम ! जसरी शिखिध्वज र चूडाला रानी जीवन्मुक्त भएर भोग भोगदै विचरण गरेका थिए त्यसै गरी तिमी पनि राग-द्वेषले रहित भएर विचरण गर ।

(८८) कचोपाख्यान–वृहस्पतिको उपदेशबाट कचको सर्वत्याग

वसिष्ठले भन्नुभयो, हे राम ! जसरी शिखिध्वजले तत्पदको आश्रय गरीकन जीवन्मुक्त भएर राज्य व्यवहार गर्दै रहे त्यसै गरी तिमी पनि तत्पदपरायण भईकन आत्मपद प्राप्त गर र भोग र मोक्ष दुवैको भोग गर । यसै गरी वृहस्पतिका पुत्र कचले पनि बोध प्राप्त गरेका थिए । रामले भने, हे भगवन् ! वृहस्पतिका पुत्र कचले कसरी ज्ञान प्राप्त गरे, त्यो कुरा संक्षेपमा सुन्न पाऊँ ।

वसिष्ठले भन्नुभो, हे राम ! कच बाल्यावस्था त्यागेर केही जान्ने सुन्ने भएका थिए । उनलाई संसारको दुःख देखेर वैराग्य भयो र पिताजीसँग प्रश्न गरे, हे पूज्य पिताजी ! यो संसार जीवत्वभ्रमले बाँधिएको छ । अनात्म देहादिमा अभिमान गर्नुलाई जीव भनेको छ । अहं, त्वं आदि रूपले जीव प्रकट भएको छ । यस संसाररूपी पिंजराबाट मुक्त हुने उपाय बताउनुहोस् ।

वृहस्पतिले भने, हे पुत्र ! जब यो जीव सर्वत्याग गर्छ तबमात्र अनर्थरूप संसारबाट मुक्त हुन्छ । त्यसकारण तिमी सर्वत्याग गर र मुक्त होऊ ।

त्यसपछि सबै ऐश्वर्य त्यागेर कच घरबाट निस्के, जंगलको कन्दरामा बसेर उनी तपस्या गर्न लागे । आठ वर्षपछि छोरालाई खोजदै वृहस्पति त्यहाँ पुगे । कचले भने, मैले सर्वत्याग गरेर यहाँ तपस्या गर्दागर्दै आठ वर्ष बित्यो, तर शान्ति प्राप्त भएन । के गरेर शान्ति प्राप्त हुन्छ, बताउनुहोस् । वृहस्पतिले भने, हे पुत्र ! सर्वत्याग गर जसबाट तिमीलाई शान्ति प्राप्त हुनेछ, यति भनेर वृहस्पति हिंडे । कचले विचार गरे कि यो आसन र मृगचर्म बाँकी छ, यसको पनि त्याग गर्नुपर्‍यो । यसप्रकार आसन र मृगचर्म पनि त्यागेर अर्को कन्दरामा बसेर तप गर्दै कचले तीन वर्ष बिताए । फेरि छोरालाई भेट्न वृहस्पति त्यहाँ पुगे । कचले पिताजीको पूजा गरेर भने, हे परमपूज्य पिताजी ! आसन र मृगचर्म पनि छोडेर यहाँ तपस्या गरेको पनि तीन वर्ष भयो । अब मसित त्याग गर्नुपर्ने बाँकी केही छैन । यसरी सर्वत्याग गरेर पनि शान्ति भएन । के गर्नाले मेरो कल्याण हुन्छ भन्नुहोस् ।

वृहस्पतिले भने, हे वत्स ! चित्त नै हो सर्व । चित्तको त्याग भए सर्वत्याग हुन्छ, तिमी चित्तको त्याग गर । यति भनेर वृहस्पति आफ्नो बाटो लागे ।

कचले चित्त के हो भनी बिचार गर्न थाले । यी वनमा रहेका पदार्थ चित्त होइनन् किनकि यी भिन्न-भिन्न छन् । नेत्र, श्रवण आदि इन्द्रिय पनि चित्त होइनन् किनकि यिनीहरूमा पनि एकको भावमा अर्काको अभाव छ । चित्त भन्ने कुरा के हो, पत्ता लाग्न सकेन । अब पिताजी सित नै सोधनु पर्‍यो । यस्तो विचार गरेर कच स्वर्गमा पिताजीको समीपमा पुगे । प्रणाम गरेर कचले भने, पिताजी ! चित्त के हो, बुझ्न सकिन, कृपा गरेर आज्ञाहोस् ।

वृहस्पतिले भने, हे पुत्र ! अहंकारको नाम चित्त हो । अहंकारको त्याग भए सर्वत्याग सिद्ध हुन्छ । त्यसकारण तिमी अहंकारको त्याग गर र शान्ति प्राप्त गर । आत्माको अज्ञानबाट यो अहंकार उत्पन्न हुन्छ र आत्मज्ञानबाट यसको नाश हुन्छ जस्तो डोरीको अज्ञानबाट सर्प देखिन्छ र डोरीको ज्ञान भए सर्प भ्रम नष्ट हुन्छ । अत: अहंकारको त्याग गरेर स्वरूपमा स्थित होऊ ।

कचले भने, हे पिताजी ! अहंभावको त्याग कसरी गरौं ? 'अहं' भनेको त म नै हुँ, आफ्नो त्याग गरेर कसरी स्थित हुनु ? यसको त्याग त महाकठिन छ ।

बृहस्पतिले भने, हे वत्स ! अहंकारको त्याग गर्नु ज्यादै सजिलो छ । बरु फूल मिच्न र आँखा खोल्न र चिम्लन केही यत्न चाहिन्छ, परन्तु अहंकारको त्याग गर्नुमा कुनै यत्न चाहिँदैन । हे पुत्र ! अहंकार कुनै वस्तु होइन, यो भ्रमले उत्पन्न हुन्छ । जस्तो मूर्ख बालक आफ्नो छायाँमा वेतालको कल्पना गर्छ, डोरीमा सर्प देखिन्छ, मरुस्थलमा जलको कल्पना हुन्छ र आकाशमा भ्रमले दुई चन्द्रमा देखिन्छन् त्यस्तो परिच्छिन्न अहंकार आफ्नो प्रमादले उत्पन्न हुन्छ । आत्मा शुद्ध आकाशभन्दा पनि निर्मल र देश-काल-वस्तुको परिच्छेदले रहित सत्तासामान्य चिन्मात्र छ । त्यो तिम्रो स्वरूप हो, त्यसमा स्थित होऊ । तिमी आत्मा हौ । तिमीमा अहंकार कहिले पनि छैन । आत्मा सर्वदा, सबप्रकार, सबैमा स्थित छ । उसमा अहंभाव किञ्चित् पनि छैन । जस्तो समुद्रमा धूलो हुँदैन त्यस्तो आत्मामा अहंकार कहिले पनि छैन । आत्मा आफू आफैंमा स्थित छ । जो नाना आकार देखिन्छ त्यो चित्तको स्फुरणबाट देखिएको हो । चित्त नष्ट भएपछि आत्मा नै शेष रहन्छ । त्यसकारण आफ्नो स्वरूपमा स्थित होऊ, जसबाट सारा दु:ख कष्ट नष्ट हुनेछन् ।

(८९) मिथ्या पुरुषबाट आकाशको रक्षा

वसिष्ठले भन्नुभयो, हे राम ! बृहस्पतिको उपदेशबाट स्वरूपमा स्थित भएका कच जसरी जीवन्मुक्त भएर विचरण गरे त्यसरी नै तिमी पनि निरहंकार भएर स्वरूपमा स्थित होऊ र जीवन्मुक्त भएर विचरण गर । तिमी शुद्ध आत्मा हौ । तिमीमा अहंकार छैन । जस्तो आकाशमा फूल छैन त्यस्तो आत्मामा अहंकार छैन । तिमीमा दु:ख छैन, किन त्यसको नाश गर्न खोज्दछौ ? जो कुछ आकार भासित हुन्छ त्यो मिथ्या हो, त्यसमा जो अधिष्ठान तत्त्व छ त्यो सत्य हो । मूर्ख मानिस आफू मिथ्या भएर सत्को रक्षा गर्न खोज्दछ र त्यसबाट दु:खनाश होस् भन्छ ।

रामले भने, हे भगवन् ! जस्तो काकाकुल एक बूँद पानी चाहन्छ तर मेघले कृपा गरेर वर्षा नै गरीकन उसलाई तृप्त पारिदिन्छ त्यस्तो मैले तपाईंको दर्शनरूपी बूँदको इच्छा गरेको थिएँ, तर कृपा गरीकन तपाईंले ज्ञानरूपी अमृतको वर्षा नै गरिदिनु भयो जसबाट तृप्त भएर म शान्त पदमा प्राप्त भएको छु । मेरो एउटा प्रश्न छ कि मिथ्या के हो र सत् के हो जसको रक्षा गर्न खोज्दछन् ।

वसिष्ठले भन्नुभो, हे राम ! यस विषयमा एक हास्यास्पद आख्यान बताउँछु, सुन । आकाशमा एउटा शून्य वन छ, त्यहाँ एउटा मूर्ख बालक छ । ऊ आफू मिथ्या हो र सत्यको रक्षा गर्छु भन्छ, तर उसलाई अधिष्ठानको ज्ञान छैन । ऊ भन्छ - म आकाश हुँ, मेरो आकाश छ, म आकाशको

रक्षा गर्छु । यस्तो विचार गरेर आकाशको रक्षा गर्नको लागि उसले यौटा घर बनायो, कतै टूट फूट भएमा मरमत गर्थ्यो । केही कालपछि त्यो घर भत्कियो तब मेरो आकाश नष्ट भयो भनी रुन लाग्यो । त्यसपछि आकाशको रक्षा गर्न यौटा तलाउ बनायो । केही कालपछि पानी सुकेर त्यो तलाउ पनि नष्ट भयो, तब त्यो मूर्ख बालक मेरो आकाश नष्ट भयो भनी शोक गर्न लाग्यो । फेरि यौटा गहिरो खाडल खन्यो, तब मेरो आकाशको रक्षा भयो भनी ठानेर केहीकाल आनन्दित भयो, तर उत्पन्न वस्तुको नाश स्वाभाविक थियो, केही कालपछि त्यो खाडल पनि नष्ट भयो, अनि मेरो आकाश नष्ट भयो भनी रुन लाग्यो । फेरि उसले घट बनायो, त्यो पनि नष्ट भयो, कुण्ड बनायो त्यो पनि नष्ट भयो । अन्तमा एक हवेली बनायो, त्यो पनि नष्ट भयो, अनि मेरो आकाश नष्ट भयो, मैले दुःख पाएँ भनी शोक गर्न लाग्यो ।

हे राम ! आत्मा र आकाश नित्य सुरक्षित नै छ भन्ने ज्ञान नभएको हुनाले मूर्ख बालकले दुःख कष्ट पाइरह्‍यो । जो आफ्नो यथार्थ स्वरूपलाई जान्दछ र आकाश पनि ज्योंका त्यों छ भनी जान्दछ त्यसलाई कुनै कष्ट हुन सक्तैन ।

(९०) मिथ्यापुरुषोपाख्यानसमाप्ति

रामले सोधे, हे भगवन् ! त्यो मिथ्या पुरुष को हो, उसले रक्षा गर्न खोजेको आकाश के हो र गृह, कूप आदि के हुन्, यिनको रहस्य बुझ्न पाऊँ ।

वसिष्ठले भन्नुभो, हे राम ! मिथ्यापुरुष भनेको अहंकार हो जो संवेदन या संकल्पबाट उत्पन्न हुन्छ । आकाश भनेको चिदाकाश हो जसको उत्पत्ति र विनाश हुँदैन, तर उत्पन्न भएको भन्ने ठानेर मूर्ख जीव त्यसको रक्षा गर्न खोज्दछ र अनेक दुःख पाउँछ । गृह, घट आदि भिन्न भिन्न देह हुन् । ती देहमा अधिष्ठानरूपले अविनाशी आत्मा बसेको छ, त्यो आफ्नो स्वरूप हो, यो न जानेर मूर्ख देहबाट देही आत्माको रक्षा गर्न खोज्दछ । देह उत्पन्न भएको हुनाले समय आएपछि नष्ट हुन्छ, अनि जीव शोकवान् हुन्छ । जसमा यो जगद्भ्रमको उदय भएको छ त्यो अधिष्ठान असत् हुँदैन, त्यो आफ्नो स्वरूप हो, त्यसको नाश कहिले पनि हुँदैन । जीव मूर्खतावश अहंकारादि संसारको कल्पना गर्छ । अहंकार, मन, जीव, बुद्धि, चित्त, माया, प्रकृति र दृश्य आदि उसका (संसारका) नाम हुन् र सबै मिथ्या हुन् । वास्तवमा यिनीहरू छँदैछैनन्, यिनीहरूको अत्यन्ताभाव छ । ब्राह्मण, क्षत्रिय, वैश्य आदि वर्ण, गृहस्थ आदि आश्रम र मनुष्य, देवता, दैत्य आदि सब कल्पनारूप हुन् ।

यो संसार पहिले थिएन, पछि पनि हुनेछैन र वर्तमानमा छैन, केवल अविचारले सिद्ध छ, विचार गरे नष्ट भइहाल्छ । जस्तो डोरीको अज्ञानले जीव सर्पको कल्पना गर्छ, डोरीको ज्ञान भए अज्ञान नष्ट हुन्छ र सर्पभाव हराउँछ त्यस्तो स्वरूपको प्रमाद (अज्ञान) बाट अहंकाररूप संसारको उदय हुन्छ र स्वरूपको ज्ञान भए अहंकार हराइहाल्छ । तिम्रो स्वरूप आत्मा हो जो प्रकाशरूप, निर्मल, विद्या-अविद्याको कार्यले रहित, चैतन्यमात्र र निर्विकल्प छ । आत्मा जस्ताको तस्तो स्थित छ र त्यो अद्वैतरूप हो, उसको परिणाम कहिले पनि हुँदैन । आत्मामा संसार र अहंकार छैन ।

सम्यग्दर्शी आत्मादेखि भिन्न केही देखनुहुन्न । असम्यग्दर्शीको लागि संसार भासित हुन्छ । अज्ञानी 'म को हुँ' भनेर आफ्नो स्वरूप जान्दैन, जसलाई जानेपछि अहंकार नष्ट हुने थियो । जति पनि दुःख, ताप छ त्यसको खानी अहंकार नै हो । अहंकार नष्ट भएपछि जीव आफ्नो स्वरूपमा स्थित हुन्छ ।

यो विश्व आत्माको चमत्कार हो । जस्तो भूषण सुवर्णदेखि भिन्न होइन, तरङ्ग जलदेखि भिन्न होइन त्यस्तो विश्व आत्मादेखि भिन्न होइन । आत्मा कहिले पनि जन्मदैन र मर्दैन पनि, त्यो जस्ताको तस्तो स्थित छ। आत्मा अद्वैत हो, त्यसमा द्वैतरूप जगत् कदापि छैन । प्रत्यक् आत्मा आफ्नो अनुभवस्वरूप हो, तिमी त्यसैमा स्थित होऊ तब सारा दुःख, कष्ट, ताप नष्ट हुनेछन् । आत्मा शुद्ध र निराकार छ, उसको ग्रहण र रक्षा गर्न कसको सामर्थ्य छ ? जस्तो घट नष्ट भए घटाकाश नष्ट हुँदैन त्यस्तो देह नष्ट भए देही आत्माको नाश हुँदैन । स्थूल, सूक्ष्म आदि पनि उपदेशका निमित्त भनिएको हो । वास्तवमा आत्मा अनिर्वचनीय छ र भाव-अभावरूप संसारले रहित छ । त्यसकारण अहंकारको पत्यािग गरेर आफ्नो स्वरूप प्रत्यगात्मामा स्थित होऊ ।

(९१) परमार्थयोगोपदेश

वसिष्ठले भन्नुभयो, संसारको उत्पत्ति कसरी भयो, सुन । निर्विकल्प शुद्ध आत्मामा चेतनालक्षण मन खडा भयो, अनि मनले जगत्को कल्पना गर्‍यो । जस्तो भूषण सुवर्णको विवर्त हो, सर्प रज्जुको विवर्त हो र मरुस्थलको जल किरणको विवर्त हो त्यस्तो मन आत्माको विवर्त हो, आत्मादेखि भिन्न होइन । जस्तो भूषणबुद्धि भए सुवर्णबुद्धि हुँदैन, सर्पबुद्धि भए रज्जुबुद्धि हुँदैन र जलबुद्धि भए किरणबुद्धि हुँदैन त्यस्तो संसारबुद्धि भएपछि आत्मबुद्धि हुँदैन । जस्तो सुवर्णबुद्धि भए भूषण बुद्धि हुँदैन, रज्जुको ज्ञान भए सर्पबुद्धि हुँदैन, किरणको ज्ञान भए जलबुद्धि हुँदैन त्यस्तो आत्माको ज्ञान भए संसार देखिँदैन । जसको निर्विकल्प आत्माको ज्ञान भएको छ उसको संसारको भावना हुँदैन, सर्वत्र ब्रह्म नै भासित हुन्छ ।

हे राम ! यो मन र संसार सत् होइन र असत् पनि होइन । दोस्रो वस्तु भएको भए सत् अथवा असत् भन्न हुने थियो, किन्तु आत्मा देखि भिन्न वस्तु छैन किनकि आत्मा अद्वैत हो । सब प्रपञ्च मनले रचेको हो र नानाप्रकारका विचार पनि उसैले रचेको हो । मन, बुद्धि, चित्त, अहंकार, जीव आदि सब मनका नै संज्ञा हुन् । जब मन नष्ट हुन्छ तब संसार रहँदैन र कुनै विकार पनि हुँदैन । मन दृश्यसित मिलेर संसारकोअन्त लिउँ भन्छ भने त्यो हुन सक्तैन, किनकि संसरण (जन्म-मरण) नै संसार हो । संसरणयुक्त भएर फेरि संसारको अन्त कसरी होला ? जस्तो मानिस जहाँसम्म दौडिरहन्छ त्यहाँसम्म छायाँको अन्त हुन्दैन, जब ठहरिन्छ तब छायाँको अन्त हुन्छ त्यस्तो जहाँसम्म वासना रहन्छ त्यहाँसम्म संसारको अन्त हुँदैन । जब वासना नष्ट हुन्छ तब संसारको पनि अन्त हुन्छ, अनि आत्मा नै दृष्टिगोचर हुन्छ र संसारको अत्यन्ताभाव हुन्छ ।

हे राम ! तिमी अहंकारको त्याग गरेर नानाप्रकारको कल्पनाले रहित निर्विकल्प ब्रह्मपदमा स्थित होऊ । जब अहंकारले रहित भएर हेर्छौ तब केवल सच्चिदानन्द आत्मपद शेष रहन्छ, जब

त्यस पदलाई आफ्नो स्वरूप भनी जान्दछौ तब तिमी नै सर्वात्मा भएर विचरण गर्नेछौ र तिमीमा कुनै दुःख रहनेछैन ।

(९२) महाकर्ता, महाभोक्ता आदि उपदेश

वसिष्ठले भन्नुभो, हे राम ! तिमी महाकर्ता, महाभोक्ता र महात्यागी होऊ र निःशङ्क एवं धैर्यधारण गरेर स्थित होऊ । रामले भने, हे मुनिवर ! कसलाई महाकर्ता, महाभोक्ता र महात्यागी भन्दछन्, कृपा गरेर बताउनुहोस् ।

वसिष्ठले भन्नुभो, हे राम ! यस विषयमा एक आख्यान बताउँछु, सुन । एकसमय सुमेरुको उत्तर शिखरमा उमापति महादेव गणले सहित भएर विराजमान हुनुहुन्थ्यो । एकदिन भृङ्गीश्वरलाई आत्मजिज्ञासा भएकोले महादेवको समीपमा आएर निवेदन गरे । हे भगवन् ! संसारका सबै पदार्थ मिथ्या छन्, यिनबाट ताप शान्त भएन । कृपा गरेर बताउनुहोस् कि म के को आश्रय गरेर रहूँ जसबाट दुःख नष्ट होस् ।

सदाशिवले भन्नुभयो, हे भृङ्गिन् ! तिमी महाकर्ता, महाभोक्ता र महात्यागी भएर रहू, सबै शङ्का त्यागेर निरन्तर धैर्यको आश्रय गर, यसबाट दुःख नष्ट हुनेछ । शिवले भृङ्गीलाई पुत्र बनाउनु भएको थियो । उनले प्रश्न गरे कि हे परमेश्वर ! महाकर्ता, महाभोक्ता महात्यागी कसलाई भन्छन्, सुन्न पाऊँ । शिवजीले भन्नुभो, हे पुत्र ! सर्वात्मा जो अनुभवरूप हो त्यसैको आश्रय गरेर विचरण गर ।

महाकर्ता : जो कुछ शुभ कर्म आइपर्छ, शङ्कारहित भएर जो त्यसलाई सम्पन्न गर्छ त्यो पुरुष महाकर्ता हो । धर्म अधर्म क्रिया जो अनिच्छित प्राप्त हुन्छ, त्यसलाई राग-द्वेषले रहित भएर जो गर्छ त्यो महाकर्ता हो । जो मौन, निरहंकार, निर्मल र मात्सर्यरहित छ त्यो महाकर्ता हो । जो अनिच्छित प्राप्त कुराको त्याग गर्दैन र अप्राप्त कुराको इच्छा पनि गर्दैन त्यो महाकर्ता हो । जो अनिच्छित प्राप्त पुण्य-पाप कर्म छ इच्छारहित भएर त्यो कर्म गर्छ, पुण्य कर्म गर्नुबाट आफूलाई पुण्यवान् भनी अभिमान गर्दैन र पाप कर्म गर्दा आफूलाई पापी मान्दैन, आफूलाई सदा अकर्ता भनी जान्दछ त्यो पुरुष महाकर्ता हो । जो सर्वत्र स्नेहरहित भएर सत्स्वरूपमा स्थित छ र कुनै इच्छा गर्दैन त्यो महाकर्ता हो । जो दुःखमा शोक गर्दैन र सुखमा हर्षित हुँदैन, जसको चित्त स्वाभाविक रूपले समतामा रहेको छ र कहिले पनि विषमतामा प्राप्त हुँदैन त्यो पुरुष महाकर्ता हो । जसले सुख-दुःख त्याग गरेको छ त्यो पुरुष महाकर्ता हो ।

महाभोक्ता : जो राग-द्वेषरहित भएर प्राप्त वस्तुको भोग गर्छ त्यो पुरुष महाभोक्ता हो । जो महाकष्ट प्राप्त भए पनि द्वेष गर्दैन र सुख प्राप्त भए पनि हर्षित हुँदैन त्यो पुरुष महाभोक्ता हो । जो राज्यको सुख भोगेर पनि आफूलाई सुखी मान्दैन र राज्यच्युत भएर भिक्षा माग्नुपर्दा पनि आफूलाई दुःखी मान्दैन र सदा स्वरूपमा स्थित रहन्छ

R 26035

त्यो महाभोक्ता हो । जो मान, अहंकार र चिन्ताले रहित भएर केवल समतामा स्थित भएर रहन्छ त्यो महाभोक्ता हो । जो कसैले केही दिएमा आफूलाई लिनेवाला भनी मान्दैन र जसमा शुभ कर्मको भोग हुँदा कर्तृत्व र भोक्तृत्वको अभिमान हुँदैन त्यो पुरुष महाभोक्ता हो । जो गुलियो, अमिलो, तीतो, टर्रो आदि षड्रसको भोग गर्दा समचित्त रहन्छ र आफूलाई समरूप जान्दछ त्यो महाभोक्ता हो । जसमा रसदार पदार्थ प्राप्त हुँदा हर्ष हुँदैन र विरस पदार्थ प्राप्त हुँदा द्वेष हुँदैन, ज्यौंका त्यों रहन्छ र रम्रो नराम्रो जस्तो प्राप्त भएको छ त्यसलाई दुःखरहित भएर भोग गर्छ त्यो महाभोक्ता हो । जो कुछ शुभ-अशुभ, भाव-अभावरूप क्रिया प्राप्त हुँदा जो सुख-दुःखले चलायमान हुँदैन त्यो पुरुष महाभोक्ता हो । जसको मृत्युको भय छैन र बाँचने आस्था पनि छैन, जो उदय-अस्तमा समान रहन्छ त्यो महाभोक्ता हो । जसको महासुख-प्राप्तिमा हर्ष र दुःखप्राप्तिमा शोक हुँदैन, ज्योंका त्यों रहन्छ त्यो महाभोक्ता हो । जो अनिच्छित कुरा प्राप्त भएर त्यो काम गर्नुपर्दा अहंकारले रहित हुन्छ त्यो महाभोक्ता हो । जो शत्रु र मित्रमा समबुद्धि राखतछ र कहिले पनि विषमता प्राप्त हुँदैन त्यो महाभोक्ता हो । जस्तो नानाविध नदीलाई धारण गरेर समुद्र सम रहन्छ त्यस्तो ज्ञानवान् पुरुष शुभ-अशुभ ग्रहण गरेर पनि सम रहन्छ ।

महात्यागी : जो संसार, देह, इन्द्रिय र अहंकारको सत्ता त्यागेर स्थित हुन्छ र जान्दछ कि 'न म देह हुँ', 'न मेरो देह छ', 'म यिनको साक्षी हुँ', यस्तो वृत्तिलाई धारण गर्छ त्यो पुरुष महात्यागी हो । जो सबप्रकार चेष्टा गरेर पनि राग-द्वेषले रहित छ त्यो महात्यागी हो । जो प्राप्त शुभ अशुभ कर्म अहंकारले रहित भएर गर्छ त्यो महात्यागी हो । जो मन, इन्द्रिय र देहको इच्छाले रहित छ र सब चेष्टा गरेर पनि त्यो महात्यागी हो । जो समचित्त, इन्द्रियजयी र क्षमावान् छ त्यो महात्यागी हो । जसले धर्म, अधर्म र संसारको मद, मान, मनन इत्यादि कल्पनाको त्याग गरेको छ त्यो महात्यागी हो ।

हे राम ! सदाशिवको यसप्रकार उपदेशले जसरी भृङ्गी ज्ञानवान् भएर रहे, तिमी पनि त्यस्तै ज्ञानवान् भएर विचरण गर, सब दुःख नष्ट हुनेछन् ।

(९३) कलना-निषेध

रामले प्रश्न गर्दै भने, हे मुनीश्वर ! हजूरको उपदेश मैले सम्यक्‌रूपले संझेको छु । हजूरले उपशम प्रकरणमा उपदेश गर्दै भन्नुभएको थियो कि आत्मा अनन्त र शुद्ध छ । तब मैले प्रश्न गरें किं यदि आत्मा अनन्त र शुद्ध छ भने यो कलना कसरी उत्पन्न भयो, जस्तो समुद्र निर्मल छ उसमा धूलो कसरी रहला, तब हजूरले प्रतिज्ञा गर्नुभयो कि यस प्रश्नको उत्तर सिद्धान्तकालमा बताउनेछु । अब म सिद्धान्तको पात्र बनेको छु । कृपा गरेर मलाई त्यसको उत्तर दिनुहोस् किनकि मेरा आशा र तृष्णाका फाँसी टुटिसके । म आशारूपी जालबाट बाहिर निक्लेको छु । मेरो हृदयमा त्यही यौटा संशयरूपी धूलो अड्केको छ वचनरूपी वर्षाद्वारा त्यसलाई शान्त गरिदिनुहोस् ।

वसिष्ठले भन्नुभो, हे राम ! जो पुरुष शान्त, क्षमावान् छ र जसले इन्द्रिय र मनको संकल्प-विकल्पलाई जितेको छ त्यो सिद्धान्तको पात्र हुन्छ । हे राम ! तिमी सिद्धान्तका पात्र भएका छौ, अब उपदेश गर्छु ।

जो पुरुष राग-द्वेषसहित भएर क्रियामा प्रवृत्त भएको छ र इन्द्रियको सुखबाट आराम लिन्छ त्यो "अहं ब्रह्मास्मि", "सर्वंखलु इदं ब्रह्म" यस्ता सिद्धान्तवाक्र्य सुनेर भोगमा तत्पर हुन्छ त्यो अधोगतिमा जान्छ कित्तकि हृदय मलिन भएको हुनाले उसको ती वाक्यमा निश्चय हुँदैन । त्यो इन्द्रियको सुखमा आफूलाई सुखी मान्छ, त्यसैले नीच स्थानमा प्राप्त हुन्छ, जसको क्षमा आदि साधनले हृदय शुद्ध (पवित्र) भएको छ त्यसको 'अहंब्रह्मास्मि', 'सर्व खल्विदं ब्रह्म' इत्यादि सिद्धान्तवाक्यको श्रवणबाट शीघ्र नै भावनाद्वारा आत्मपद प्राप्त भइहाल्छ । तिमीजस्ता क्षमा आदि साधनले पवित्र भएका मानिसलाई स्वरूपको प्राप्ति सुगम हुन्छ । जसको अन्त:करण मलिन छ उसको लागि आत्मपद प्राप्ति अति कठिन छ । त्यसकारण सिद्धान्तको सार तिमीलाई बताउँछु, सुन ।

हे राम ! जसको अभ्यासद्वारा एकक्षण पनि स्वरूपको साक्षात्कार भएको छ भने त्यो फेरि गर्भमा जाँदैन । उसको सत्-असत्मा कुनै भेद हुँदैन । खालि संवेदनमा भेद हुन्छ । जस्तो जाग्रत् र स्वप्नका सूर्यको दुवै प्रकाश समान छ, जाग्रत्मा जाग्रत्-सूर्यको प्रकाश अर्थाकार हुन्छ र स्वप्नमा स्वप्नका सूर्यको प्रकाश अर्थाकार हुन्छ तर प्रकाश त दुवैको समान हो र संवित्मा भेद छ । मनुष्य स्वप्नलाई मिथ्या र जाग्रत्लाई सत्य मान्छ - यसरी संवेदनमा भेद छ, स्वरूपमा कुनै भेद छैन । जब संवेदन नष्ट हुन्छ तब सबै अर्थ आत्मरूप नै भासित हुन्छ । जगत्को सत्ता त्यहाँसम्म छ जहाँसम्म आत्माको प्रमाद छ र प्रमाद त्यहाँसम्म हुन्छ जहाँसम्म अहंभाव छ । जब अहंभाव नष्ट हुन्छ तब केवल आत्मा शेष रहन्छ । आत्मा शुद्ध, विद्या र अविद्याको कर्यदेखि रहित छ र अविद्या या मायाको स्पर्श आत्मामा छैन । अविद्याको दुई शक्ति छन् - आवरण र विक्षेप । आत्मालाई नजान्नुको नाम आवरण हो र केही जान्नु विक्षेप हो । आत्मा सदा ज्ञानस्वरूप छ, उसमा आवरण कहिले पनि छैन । आत्मा अद्वैत हो, उसमा कुनै भेद बन्दैन । त्यसकारण आत्मा शुद्ध केवल ज्ञानमात्र छ । उसमा अहंको उत्थान छैन, केवल निर्वाणपद छ । आत्मा आफैंमा स्थित छ, उसमा कलनारूपी धुलो कहाँबाट हुने ?

रामले सोधे, हे भगवन् ! यदि सबै ब्रह्म हो भने मन, बुद्धि आदि के हो त, जसद्वारा तपाईं शास्त्रको उपदेश गर्दै हुनुहुन्छ । वसिष्ठले भन्नुभो, हे राम ! व्यवहारको निमित्त शब्द र अर्थको कल्पना गरिएको छ, परमार्थमा कुनै कल्पना छैन । मन, बुद्धि आदि कुनै वस्तु होइनन् । ब्रह्मसत्ता नै आफू आफैंमा स्थित छ । आत्मतत्त्व नित्य, शुद्ध र सन्मात्र छ । यस्तो आत्मामा संसार अविद्या आदि कसरी होला ? आत्मा ब्रह्म हो, त्यसदेखि भिन्न केही छैन । आत्मा सबको अधिष्ठान, अविनाशी र देश-काल-वस्तुको परिच्छेदले रहित छ, त्यसैले ब्रह्म हो । यस्तो जो आत्मा तिम्रो स्वरूप हो त्यसैमा स्थित होऊ । यो जो जगत् देखिन्छ त्यो चिदाकाश हो जस्तो स्वप्नमा जो विश्व देखिन्छ त्यो अनुभवमात्र हो, त्यस्तो यो जगत् - विश्व पनि आत्मरूप हो । यस्तो जो तिम्रो शुद्ध,

नित्य उदित, अविनाशी स्वरूप हो त्यसमा जब स्थित हुन्छौ तब जो कलना भासित भइराखेको छ त्यो नष्ट हुन्छ ।

(९४) कलनारहित ज्ञानीको महात्म्य

वसिष्ठले भन्नुभो, हे राम ! संसारको बीजभूत अहंकार नै हो कलना । जहाँसम्म अहंकार छ त्यहाँसम्म संसार छ । तर अहंकार कुनै वस्तु होइन, भ्रमले भासित हुन्छ । जस्तो मूर्ख बालक छायाँमा पिशाचको कल्पना गर्छ तर पिशाच कुनै वस्तु होइन त्यस्तो भ्रम-सिद्ध अहंकार कुनै वस्तु होइन । हे राम ! जो वस्तु वास्तवमा छैन त्यसको त्याग गर्नुमा के कठिनाइ छ ? तिमीमा वास्तवमा अहंकार छँदै छैन, तिमी केवल शान्तरूप चैतन्यमात्र हौ । उसमा अहंभाव हुनु उपाधि हो, त्यसैबाट सुमेरु पर्वत आदि जगत् बन्छ जो संवेदनरूप हो । चित्तरूपी पुरुष चैतन्यको आश्रयमा चिताउँछ र विश्वको कल्पना गर्छ । जस्तो डोरीको आश्रयमा सर्प देखिन्छ त्यस्तै चैतन्यको आश्रयमा विश्व र चित्तको उदय हुन्छ, तर यी आत्मादेखि भिन्न होइनन् । "म हुँ" यस्तो जो अहंभाव छ त्यो दु:खको खानी हो । सारा आपद् अहंकारबाट हुन्छन् । जब अहंकार नष्ट हुन्छ तब दु:ख पनि नष्ट हुन्छ । जब अहंकाररूपी बादल नष्ट हुन्छ तब आत्मरूपी सूर्यको प्रकाश प्राप्त हुन्छ र त्यो प्रकाश पाएर ज्ञानवान्‌रूपी कमल बडो आनन्दमा प्राप्त हुन्छ ।

हे राम ! त्यसकारण अहंकार - नाशको उपाय गर, उपायले सिद्ध नहुने कुरा केही छैन । ब्रह्मविद्याको सतत अभ्यास र सत्संग नै हो अहंकार-नाशको सरल उपाय । जस्तो पानी भरने घडा राखता राखतै पत्थर पनि खिइन्छ त्यस्तो ब्रह्मविद्याको अभ्यासले अहंकार नष्ट हुन्छ । बरु पत्थर खिइन यत्न चाहिन्छ किन्तु अहंकार त्याग्नुमा कुनै यत्न चाहिँदैन ।

हे राम ! सदा अनुभवरूप आत्माको विचार यसरी गर कि म को हुँ, इन्द्रिय के हुन्, गुण के हो र संसार के हो ? यस्तो विचारबाट संझ कि तिमी यिनको साक्षी हौ, तिमीमा अहं, त्वं केही छैन । त्यसकारण तिमी निरहंकार र शुद्ध हौ । मेरो आशीर्वाद छ कि तिमी सुखी होऊ । जब अहंकार नष्ट हुन्छ तब कुनै कलना फुर्दैन, केवल सुषुप्ति झैं स्थित हुनेछौ ।

रामले पुन: प्रश्न गरे, हे भगवन् ! यो प्रत्यक्ष उपदेश गरेको देखिनाले तपाईंमा पनि अहंकार भएको देखिन्छ, नत्र ब्रह्मविद्या र सारा शास्त्र कहाँबाट आए त । यो उपदेश गर्नुबाट चारोटै अन्त:करण सिद्ध हुन्छन् । जब उपदेश गरौं भन्ने इच्छा हुन्छ तब अहंकार सिद्ध हुन्छ । जब उपदेश गरौं भन्ने स्मरण हुन्छ तब चित्त सिद्ध हुन्छ । यस्तो उपदेश गरौं कि नगरौं - यस्तो संकल्पबाट मन र यस्तो उपदेश गरौं भन्ने निश्चयबाट बुद्धि सिद्ध हुन्छ ।

वसिष्ठले भन्नुभो, हे राम ! आत्मस्वरूपमा अहंकार, अन्त:करण र इन्द्रियहरू कल्पित हुन्छन् । वास्तवमा यिनीहरू केही पनि होइनन् । शास्त्रको उपदेश पनि कल्पना नै हो । आत्मा केवल चैतन्यमात्र हो । उसबाट संवेदन र अहंकार आदि दृश्य उत्पन्न भएका छन् । डोरीमा सर्पको भान झैं आत्मस्वरूपमा जगत्‌को भान भएको थियो, त्यो भान पनि मिथ्या नै हो । डोरीको उपदेश गर्नु पनि मिथ्या नै हो किनकि डोरी त पहिलेदेखि नै सिद्ध थियो, उपदेशबाट सिद्ध हुने

होइन त्यस्तो डोरी जस्तो आत्मा हो, उसको विवर्त जो चेतनरूप स्फुरण छ त्यसलाई अहंभाव भनेको छ, त्यसको निवृत्तिको लागि शास्त्रको उपदेश आवश्यक छ । शास्त्र आत्मालाई जगाइदिन्छ । रज्जुस्थानीय आत्मालाई सम्यक्रूपले जानेपछि सर्पस्थानीय अहंकार नष्ट हुन्छ । जस्तो अञ्जन (गाजल) ले नेत्रको मल नष्ट हुन्छ र नेत्र निर्मल हुन्छ त्यस्तो गुरु र शास्त्रको उपदेशरूपी गाजलले अज्ञानरूप मल नष्ट हुन्छ । वास्तवमा न कुनै अहंकार छ न शास्त्र नै । आत्मा सदा उदयरूप छ तापनि गुरु र शास्त्रद्वारा जानिन्छ ।

जसको अहंकार नष्ट भएको छ उसको लक्षण के हो भनी रामले प्रश्न गर्दा वसिष्ठले भन्नुभो, हे राम ! जसको अहंकार नष्ट भएको छ उसमा क्षमा, शान्ति आदि शुभगुण स्वाभाविकरूपले प्राप्त हुन्छन् । उसको क्रोध नष्ट हुन्छ । कदाचित् क्रोध देखिए तापनि अर्थाकार हुँदैन, विषमता मानेर भिन्न भावना हृदयमा फुर्दैन र केवल सत्तासामान्यमा स्थित हुन्छ । लोभ आदि दुर्गुणले उसलाई स्पर्श गर्दैनन् । उसको भोगवासना पनि नष्ट भएर जान्छ । आत्मपद प्राप्त गरेको ज्ञानी शान्ति-सुखको अनुभव गर्छ र दीपक झैं सदा प्रकाशवान् भएर रहन्छ, भाव-अभावरूप पदार्थले उसलाई स्पर्श गर्दैनन् र उसको संसार भ्रम निवृत्त हुन्छ । ज्ञान भनेको आफ्नो वास्तव स्वरूपलाई संझनुमात्र हो, त्यसमा यत्न चाहिँदैन ।

(९५) मनुबाट इक्ष्वाकुलाई उपदेश

वसिष्ठले भन्नुभो, हे राम ! जसरी तिम्रा पूर्वज इक्ष्वाकुनामक राजा जीवन्मुक्त भएर विचरण गरेका थिए, त्यसैगरी तिमी पनि जीवन्मुक्त भएर विचरण गर, किनकि तिमी पनि उही कुलका हौ । इक्ष्वाकु राजा सम्यक्रूपले प्रजाहरूको पालन गरिरहेका थिए । एकदिन उनको मनमा विचार उठ्यो कि जरामरणरूप संसारको दुःखबाट पार हुने उपाय के हो ? यस्तो विचार उठेकै बेलामा ब्रह्मलोकबाट उनका पिता वैवस्वत मनु टुपलुक्क आइपुगे । पितालाई प्रणाम गरेर इक्ष्वाकुले प्रश्न गरे, हे भगवन् ! मेरो हृदयमा संसार बसेको छ, त्यसले वडवाग्निले समुद्रलाई झैं मलाई जलाउँछ । त्यसबाट शान्ति प्राप्त हुने उपाय बताउनुहोस् । हे भगवन् ! यो संसार कहाँबाट उत्पन्न भयो र कसरी निवृत्त हुन्छ ? यो दृश्यको स्वरूप के हो ? जालबाट पक्षी निक्ले झैं जन्म-मरणरूप संसारमहाजालबाट म निक्लन चाहन्छु । तपाई सारा व्यवहार जान्नुहुन्छ र मेरो संशय निवृत्त गर्न समर्थ हुनुहुन्छ । तपाईंको अमृतरूपी वचनबाट शान्ति प्राप्त गर्न सकौं ।

मनुले भने, हे राजन् ! म चिरकालपर्यन्त जगत्मा घुमिरहन्छु, तर यस्तो प्रश्न कसैले गरेको थिएन, तिमीले ज्यादै उत्तम प्रश्न गर्‍यौ । तिम्रो बुद्धि शुद्ध र विवेकपूर्ण देखिन्छ, सावधान भएर सुन । जो कुछ जगत् भासित हुन्छ त्यो सब असत् हो । जस्तो डोरीमा सर्प, आकाशमा दुइटा चन्द्रमा भ्रमले देखिन्छ त्यस्तो आत्मामा यो जगत्रूप दृश्य भ्रमले देखिन्छ, त्यसकारण असत् हो । आत्मा सत् र अविनाशी छ जो षडिन्द्रियको अतीत छ र शून्य पनि होइन । निर्मल परब्रह्म पूर्ण छ र अनन्त छ, उसैमा जगत् कल्पित छ ।

जस्तो सबै वृक्षमा यौटै रस व्यापक छ त्यस्तो सबै पदार्थमा एक चिन्मात्रसत्ता व्यापक छ । जस्तो अचल समुद्रमा द्रवताले तरङ्ग उठ्छन् त्यस्तै परमात्मामा जगत् प्रकट हुन्छन् । जस्तो समुद्रमा तरङ्ग, बुलबुल, चक्र आदि हुन्छन् त्यस्तै आत्मामा जीव आदि जगत्को आभास स्फुरित हुन्छ । पहिले स्फुरणरूप हुन्छ र पछि कार्यकारणरूप हुन्छ । चित्शक्ति आफ्नो संकल्पबाट देहादि जगत्को रचना गर्छ र प्रमादले त्यसमा आत्माभिमान हुन्छ । जीव आफनै संकल्पले बन्धनमा पर्छ । वास्तवमा न बन्धन छ न मोक्ष छ । निरामय ब्रह्म आफू आफैमा स्थित छ, उसमा एक अनेक केही छैन । त्यसकारण बन्ध-मोक्षको कल्पना त्यागेर आफ्नो स्वभावमा स्थित होऊ ।

(९६) मनुबाट इक्ष्वाकुलाई परमार्थोपदेश

मनुले भने, हे राजन् ! आत्मा सदा स्थिररूप छ, परन्तु भ्रमले चञ्चल भासित हुन्छ । जस्तो जलको चञ्चलताले पर्वतको प्रतिबिम्ब पनि चञ्चल हुन्छ त्यस्तो देहादि चलदा आत्मा पनि चलेको जस्तो भान हुन्छ, तर आत्मा नित्य शुद्ध र आफैंमा स्थित छ । जस्तो घटको नाश हुँदा माटोको नाश हुँदैन त्यस्तो देहको नाश हुँदा आत्माको नाश हुँदैन । जस्तो शुद्ध मणिमा नाना प्रकारका प्रतिबिम्ब पर्छन् तर तिनबाट मणि रञ्जित हुँदैन त्यस्तै आत्मामा मन, इन्द्रिय र देह देखिन्छन् तर तिनले आत्मालाई स्पर्श गर्दैनन् । जस्तो गुलियो पदार्थमा एउटै गुलियोपन सबैमा व्याप्त रहन्छ त्यस्तो सबै पदार्थमा एक आत्मसत्ता व्याप्त रहन्छ ।

हे राजन् ! जहाँसम्म बुद्धि निर्मल हुँदैन त्यहाँसम्म गुरु र शास्त्रद्वारा आत्मा देखिँदैन । जब बुद्धि निर्मल हुन्छ तब आत्मा स्वत: देखिन्छ । जब संसारको सत्यता हृदयबाट दूर हुन्छ र आत्माको अभ्यास हुन्छ तब बुद्धि निर्मल हुन्छ । भाव-अभावरूप देहादि सारा पदार्थलाई असत् र केवल भ्रममात्र भनी जानेर तिनको आस्था त्याग गर र नित्य आत्मामा स्थित होऊ ।

हे राजन् ! दु:खनाश हुने एक उपाय बताउँछु, सुन । 'अहं' अभिलाषासहित जो वासना छ त्यसको त्याग गर । त्यसपछि जहाँ इच्छा लाग्छ त्यहाँ विचरण गर, तिमीलाई दु:खले स्पर्श गर्नेछैन । संकल्प नै उपाधि हो, त्यो बाहेक अर्को उपाधि छैन । जस्तो जब मणि तृणले ढाकिन्छ तब देखिँदैन, तृण हटाएपछि मणि प्रकट हुन्छ त्यस्तो आत्मारूपी मणि वासनारूपी तृणले ढाकिएको छ, जब वासनारूपी तृण हटाइन्छ तब आत्मारूपी मणि प्रकट हुन्छ ।

हे राजन् ! लिनु, दिनु, यज्ञ, दान आदि क्रिया शास्त्रको विधि अनुसार गर, तर निश्चय आत्मस्वरूपमा नै राख । जब निर्विकल्प भएर आफ्नो स्वरूपलाई देख्तछौ तब उत्थानकालमा पनि आत्मा नै देखिन्छ । जस्तो जल जानेपछि तरङ्ग, फेन, बुदबुद्ध आदि सब जल नै भासित हुन्छन् त्यस्तै जब तिमी आत्मालाई जान्दछौ तब संसार पनि आत्मरूप नै देखिन्छ । जो आत्मालाई जान्दैन ऊ जगत् देख्छ र दु:ख पाउँछ । त्यसकारण तिमी अन्तर्मुख होऊ र संकल्पको त्याग गरेर परमनिर्वाण अच्युतपदमा स्थित होऊ ।

(९७) मनु-इक्ष्वाकुआख्यानमा सर्वब्रह्मप्रतिपादन

मनुले भने, हे राजन् ! मानिस आफनै संकल्पबाट आफू बाधिन्छ र संकल्पत्यागबाट आफैं मुक्त हुन्छ । जब संकल्पद्वारा दृश्यको भावना गर्छ तब जन्ममरण प्राप्त हुन्छ र दु:खी हुन्छ । त्यसकारण संकल्प त्यागेर आत्माको भावना गर तब सुखी हुनेछौ । तिमी आत्मा चिद्रूप हौ । महाश्चर्यमयी माया छ जसले संसारलाई मोहित तुल्याएको छ । आत्मा सर्वदा अनुभवरूप छ, सर्वत्र व्यापक छ तैपनि जीव उसलाई जान्दैन, यही आश्चर्य छ ।

यो संसार सत् होइन र असत् पनि होइन । आत्मादेखि भिन्न मानेमा जगत् मिथ्या हो, त्यसैले सत् होइन । आत्मभिन्न दोस्रो वस्तु नै छैन, त्यसकारण जगत् असत् पनि होइन । तिमी आत्माको भावना गर । आत्मादेखि भिन्न केही छैन, सबकुछ आत्मा नै हो । जस्तो जलमा तरंग र बुद्बुद हुन्छ त्यो जलदेखि भिन्न होइन, जल नै त्यो त्यो आकारमा भासित हुन्छ त्यस्तो आत्मा नै जगद्रूपमा भासित हुन्छ । जस्तो सूर्य र किरणमा भेद छैन त्यस्तो आत्मा र जगत्मा भेद छैन । चित्शक्तिले भिन्न भिन्न आकार देखिन्छ तर सब आत्मसत्ता नै हो । आत्मा सदा केवलरूप छ, उसमा प्रकाश र तम दुवै छैन, देश, काल, पदार्थ केही छैन । आत्मा चैतन्यमात्र र गुणातीत छ । उसमा न कुनै गुण छ, न माया छ, केवल शान्तरूप आत्मा विद्यमान छ ।

आत्मा शास्त्र र गुरुको वचनद्वारा पाइन्छ, कोरा तपस्याले पाइदैन । आफूले आफूलाई जान्दछ । शास्त्र आदि पनि 'यही हो आत्मा' भनेर श्रृङ्गग्राही न्यायले देखाउन सक्तैनन् । शास्त्र आत्मालाई लखाइदिन्छ । द्रष्टा पुरुष आफूले आफूलाई जान्दछ । जस्तो नेत्रमा जो सूर्यको ज्योति छ त्यही ज्योतिले सूर्यलाई देख्छ त्यस्तै आत्मा नै आत्मालाई देख्छ । जब अन्तर्मुख भएर संकल्परहित हुन्छ तब आफू आफूलाई देख्छ ।

हे राजन् ! जीवलाई दु:ख दिने अरू कोही छैन, आफ्नो संकल्प नै हो दु:खदायी । असम्यग्दर्शी दु:खी हुन्छ । सम्यग्दर्शीको लागि जगत् दृष्टिगोचर भए तापनि दु:खदायी हुँदैन । जस्तो रज्जुमा सर्पको भावनाले भय प्राप्त हुन्छ र रज्जुतत्त्वको ज्ञान भएपछि सर्प भ्रम नष्ट हुन्छ र भय पनि जान्छ त्यस्तै मानिसको जो संसारको भावना हुन्छ त्यो दु:खदायी हुन्छ । त्यसकारण आत्माको भावना गर जसबाट सकलदु:खको क्षय हुन्छ । तिमी सदा आनन्दरूप र अद्वैत हौ । तिमीमा कुनै कल्पना छैन, तिमी आत्मस्वरूप हौ । आत्मा काम, क्रोधादि विकारदेखि रहित छ । विकार देहका हुन् नकि आत्माका । आत्मा शुद्ध हो । जब तिमी आत्मालाई जान्दछौ तब विकार देखिदैन किनकि आत्मा अद्वैत हो ।

राजाले सोधे, हे भगवन् ! आत्मा अद्वैत हो भने पर्वत आदि विश्वको भान कसरी हुन्छ र यी महाकाय पत्थर कहाँबाट उत्पन्न भए ? यिनको रूप के हो ?

मनुले भने, हे पुत्र ! आत्मामा कुनै संसार छैन, आत्मा सदा शान्त र निराकार छ । उसमा स्पन्द र नि:स्पन्द दुइटा शक्ति छन् । जब नि:स्पन्दशक्ति हुन्छ तब केवल अद्वैत भासित हुन्छ र जब स्पन्दशक्ति चिताउन थाल्छ तब नानाप्रकार जगत् भासित हुन्छ । वास्तवमा आत्मादेखि भिन्न

केही छैन । पर्वत आदि जो विश्व देखिन्छ त्यो सब आत्माको चमत्कार हो । जस्तो स्वप्नमा पर्वत, वृक्ष आदि नाना आकारको जो भान हुन्छ त्यो केवल अनुभवरूप हो त्यस्तो जाग्रत्-विश्व पनि आत्माको अनुभवरूप हो, आत्मादेखि भिन्न केही छैन ।

इक्ष्वाकुले सोधे, हे भगवन् ! आत्मा सूक्ष्म छ, तब पर्वत आदि स्थूल पदार्थ सत् भएर कसरी देखिन्छन् ? मनुले भने, हे राजन् ! आत्मामा अनेक शक्ति छन् । जस्तो सूर्यको किरण सूर्य देखि भिन्न हुँदैन त्यस्तै आत्माको शक्ति आत्मादेखि भिन्न हुँदैन । जस्तै वायुका दुई शक्ति छन् - स्पन्द र निःस्पन्द । स्पन्दशक्तिबाट प्रकट भासित हुन्छ र निःस्पन्द शक्तिबाट प्रकट हुँदैन त्यस्तै आत्माका पनि स्पन्द र निःस्पन्द दुई शक्ति छन् । जब स्पन्दशक्ति उठ्छ तब अहं भाव प्रकट हुन्छ । अहं भाव भएपछि चित्तको उदय हुन्छ, अहं नै चित्त हो । चित्तबाट शब्दको भावनाले आकाश बन्छ । यसैगरी स्पर्शको भावनाले पवन, रूपको भावनाले अग्नि, रसको भावनाले जल र गन्धको भावनाले पृथिवी उत्पन्न भए । चार भूतको संयोगबाट एक अण्ड बन्यो र दृढ संकल्पले स्वायंभुव मनु उत्पन्न भए । अण्ड फुटेर स्वर्ग, मर्त्य, पाताल लोक बने । फेरि पर्वत आदि स्थूल दृश्य पदार्थ र तीन गुण उत्पन्न भए ।

हे राजन् ! संकल्पमात्र हो सृष्टि । जब स्पन्दशक्ति फुर्छ तब आत्मामा नाना आकार भासित हुन्छन्, परन्तु वास्तवमा केही पनि बनेको छैन । सारा विश्व मनको स्फुरणरूप हो । चित्तको संबन्धले संसार भासित हुन्छ । आत्मामा संसार कदापि छैन । जब चित्तलाई स्थिर गरेर हेर्छौ तब संसार भासित हुँदैन ।

हे राजन् ! यो सब जगत् चिदाकाशरूप हो, यही भावनालाई दृढ गर । यस्तो भावना दृढ भए सबै इच्छा शान्त हुन्छन् र कुनै दुःख हुँदैन किनकि उसले निरिच्छारूपी कवच पहिरेको छ ,

(९८) मनु-इक्ष्वाकुसंवादे सप्त भूमिका तथा परम निर्वाणवर्णन

मनुले भने, हे राजन् ! यो संसार आत्मादेखि भिन्न वस्तु होइन । जस्तो जल र तरङ्गमा, सूर्य र किरणमा, तथा अग्नि र चिनगारीमा भेद छैन त्यस्तो संसार र आत्मामा भेद छैन अर्थात् सब आत्मस्वरूप हो । जस्तो इन्द्रियका विषय इन्द्रियमा रहन्छन् त्यस्तो आत्मामा संसार रहन्छ । जस्तो पवनमा जो स्पन्द र निःस्पन्द शक्ति छ त्यो पवनदेखि भिन्न होइन त्यस्तो संसार आत्मादेखि भिन्न होइन - आत्मस्वरूप नै हो । जस्तो आकाशमा धूलो, धुवाँ, बादल देखिन्छ तापनि आकाश निर्लेप नै रहन्छ त्यस्तो ज्ञानवान् पुरुषमा लोकदृष्टिमा सात्त्विक, राजसिक, तामसिक गुण देखिन्छन् तापनि ती गुणमा ज्ञानवान् लिप्त हुँदैन । ज्ञानवान् पुरुषमा सत्तासामान्य पदको निश्चय हुन्छ उसलाई कुनै रङ्गले स्पर्श गर्दैन । आत्मामा कुनै गुणको संबन्ध रहँदैन । जो पुरुष यस्तो जान्दछ त्यसलाई ज्ञानी भन्दछन् ।

जब जीव निःस्पन्द हुन्छ तब आत्मा हुन्छ, जब उसमा वासनाको स्पन्दन हुन्छ तब त्यो संसारी हुन्छ । जब चित्त जाग्दछ तब अनेक सृष्टि भासित हुन्छन् र जब चित्त स्फुरणरहित हुन्छ तब संसारको अभाव हुन्छ । हे राजन् ! वासनाको त्याग गरेर चित्तलाई स्थिर गर ।

यो विश्व आत्माको चमत्कार हो, कुनै भिन्न वस्तु होइन । द्रष्टा, दर्शन र दृश्यरूप त्रिपुटी अज्ञानले भासित हुन्छ, तर आत्मा सर्वदा एकरूप र त्रिपुटीवर्जित छ । चित्तकोस्फुरणबाट आत्मा नै त्रिपुटीरूप भएर स्थित हुन्छ । त्यसकारण चित्त स्थिर गरेर हेर, आत्मादेखि भिन्न वस्तु केही छैन । वासनाको स्फुरणमा संसार छ, वासना मेटिए संसार पनि मेटिन्छ । वासनाको स्फुरणको निवृत्तिका लागि सात भूमिका बताउँछु, सुन ।

सात भूमिका :- मानिस पहिले चिज्ञासु हुन्छ र इच्छा गर्छ कि सत्संग गरौं र ब्रह्म विद्याको श्रवण गरौं - यो प्रथम भूमिका हो । सत्संग र सत्शास्त्रबाट बुद्धि बढदै जान्छ र विचार गर्छ कि म को हुँ र संसार के हो - यो दोस्रो भूमिका हो । चित्त राखने ठाउँलाई भूमिका भन्छन् । त्यसपछि विचार गर्नू कि म आत्मा हुँ, संसार मिथ्या हो, ममा कुनै संसार छैन, बारम्बार यस्तो भावना गर्नु तेस्रो भूमिका हो । आत्मभावनाको दृढताले जब आत्मसाक्षात्कार हुन्छ तब सम्पूर्ण वासना मेटिन्छन् र स्वरूपबाट तल झरेर हेर्दा जो संसार देखिन्छ त्यो स्वप्नसदृश हो भनी जान्दछ, त्यसैले वासना उठतैन - यस्तो अवलोकनलाई चतुर्थ भूमिका भनेको छ । यस्तो अवलोकनबाट आनन्द बढदै जान्छ र महानन्द प्रकट हुन्छ, यस्तो आनन्दमा स्थिर हुनुलाई पञ्चम भूमिका भनेको छ । तुरीय पदलाई षष्ठ भूमिका भनेको छ । चित्तको दृढ रूपले चैतन्यस्वरूपमा जो अवस्थान हुन्छ त्यसलाई तुरीयावस्था भनेको छ । त्यसपछि जो तुरीयातीत पद प्राप्त हुन्छ र परम निर्वाण हुन्छ - यसलाई सप्तम भूमिका भन्दछन् । यो परम निर्वाण पद जीवन्मुक्तको भन्दा पनि माथिको वाणीको अगोचर स्थिति हो ।

प्रथम तीन भूमिका जाग्रत् अवस्था हो, त्यसमा मनुष्य श्रवण, मनन र निदिध्यासन गर्छ तर संसारको सत्ता हटिसकेको छैन । चतुर्थ भूमिका स्वप्न हो, त्यसमा संसारको सत्ता रहँदैन । पञ्चम भूमिका सुषुप्ति अवस्था हो, त्यसमा जीव आनन्दघनमा स्थित हुन्छ । छैटौं भूमिका तुरीय पद (तीन अवस्थाको साक्षी) हो, त्यसमा केवल ब्रह्म प्रकाशित रहन्छ र चित्त निर्वाण पदमा लीन हुन्छ । तुरीय पदमा जीवन्मुक्त पुरुष विचरण गर्छन् । सप्तम भूमिका तुरीयातीत पद हो, त्यसलाई परमनिर्वाण पद भनेको छ । तुरीयावस्थामा ब्रह्माकार वृत्ति रहन्छ तुरीयातीत पद (सप्तम भूमिका) मा ब्रह्माकार वृत्ति पनि लीन हुन्छ, त्यहाँ वाणीको गति पुग्दैन र चित्त पनि नष्ट हुन्छ तब केवल आत्मतत्त्वमात्र बाँकी रहन्छ । त्यसमा अहंभाव हुँदैन । शान्त र परम निर्वाण तिम्रो स्वरूप छ र सम्पूर्ण विश्व त्यहीरूपमा छ । यस्तो आत्मा तिम्रो स्वरूप हो, त्यसमा स्थित भएर आफ्नो प्रकृत आचारमा निरहंकार भएर विचरण गर । अहंकारत्यागको अभिमान पनि त्यागेर केवल आत्मरूप भएर रहू ।

(९९) मनु-इक्ष्वाकुसंवादे मोक्षरूपवर्णन

मनुले भने, हे राजन् ! आदि, मध्य र अन्तले रहित निराभास ब्रह्मसत्ता ज्योंका त्यों स्थित छ र पछि पनि त्यस्तै नै स्थित रहन्छ । उसमा तल, माथि, तम, प्रकाश केही छैन । सबैमा सत्ताप्रदान गर्ने, चिन्मात्र परम सार वस्तु हो ब्रह्म । उसले आफनै संकल्पले चिताउँदा जगत् बनेको छ । त्यसकारण यो विश्व आत्मादेखि भिन्न होइन । जस्तो जलमा तरङ्ग, मरिचमा तीक्ष्णता, सक्खरमा

मधुरता, अग्निमा उष्णता, बरफमा शीतलता, सूर्यमा प्रकाश, आकाशमा शून्यता र वायुमा स्पन्दन हुन्छ त्यस्तो आत्मामा जो विश्व छ त्यो आत्मस्वरूप नै हो, आत्मा देखि भिन्न होइन । तब शोक र मोह कसको लागि गर्नू ? जस्तो काठको पुतली यन्त्रको धागोद्वारा अनिच्छित चेष्टा गर्छ त्यस्तो नीतिरूपी धागोद्वारा अभिमानरहित भएर चेष्टा गर र यस्तो निश्चय राख कि म केही पनि गर्दिन र गराउदिन अर्थात् म कर्ता र कारयिता होइन । शिलामूर्ति झैं राग-द्वेषले रहित होऊ । आत्मादेखि भिन्न केही नदेख र निरहंकार भएर रहू तब व्यवहारी गृहस्थ, संन्यासी, देहधारी, देहत्यागी, विक्षेपी र ध्यानी जे भएपनि तिमीलाई कुनै दुःख हुने छैन । वासना नै हो संसार । वासनाले रहित हुनु नै मोक्ष हो । जब वासना उठ्छ तब संसारी हुन्छ, जब वासना मेटिन्छ तब केवल चिदाकाशरूप आत्मा भासित हुन्छ ।

संवेदनबाट आकार देखिन्छ । अहंकार र वासनाको संबन्धलाई संवेदन भन्दछन् । अहंकार र चित्त पर्यायवाची हुन् । अहंकारयुक्त हुनु नै दुःखदायी हो । केवल चिन्मात्र पदमा अहंकार मिथ्या हो । जहाँसम्म संवेदन दृश्यतिर उठ्छ त्यहाँसम्म दृश्यको अन्त हुँदैन र नानाप्रकार विकार भासित भइरहन्छ । जब संवेदन अधिष्ठान आत्मा तिर आउँछ तब आत्मा शुद्ध आफ्नो स्वरूप भएर भासित हुन्छ ।

संवेदन पनि आत्माको एक कल्पित आभास हो । आभासको आश्रयबाट विश्व कल्पित भएको छ । स्फुरण र अस्फुरणमा आत्मा जस्ताको तस्तै रहन्छ । परन्तु स्फुरणमा विषमता भासित हुन्छ र अस्फुरणमा शुद्ध आत्मा जस्ताको तस्तो भासित हुन्छ ।

हे राजन् ! अहंकारलाई त्यागेर आफ्नो सत्तासामान्यस्वरूपमा स्थित होऊ, तब तिम्रा सबै दुःख निवृत्त हुनेछन् । ब्रह्मकवच धारण गरेर हिंड, अनि अनेक शस्त्रको वर्षा भएपनि तिमीलाई दुःख हुनेछैन । जो कुछ देखिन्छ सुनिन्छ त्यो सब ब्रह्म नै हो, ब्रह्मदेखि भिन्न केही छैन यस्तो भावना दृढ गर्नु नै हो ब्रह्मकवच । ब्रह्मकवच धारणा गरेपछि तिमी सुखी हुनेछौ ।

बाल्मीकिले भन्नु भयो कि वसिष्ठले यसरी रामलाई जब मनु-इक्ष्वाकुसम्वाद सुनाउदै हुनुहुन्थ्यो तब सायंकाल भएको हुनाले सभा उठ्यो । अर्को दिन बिहान आएर सबै आ-आफ्नो स्थानमा बसे ।

(१००) परमार्थोपदेश

मनुले भने, हे राजन् ! जब कारण नै असत् (मिथ्या) छ भने त्यसको कार्य कसरी सत् होला ? यो आभासरूप जो संवेदन छ त्यो नै विश्वको कारण हो । जब आभास नै मिथ्या छ तब विश्व कसरी सत्य होला, जब विश्व नै असत् छ तब भय र शोक कसरी हुने ?

हे राजन् ! न कोही जन्मन्छ, न मर्छ, न सुख छ, न दुःख छ, आत्मा जस्तो हो त्यस्तै स्थित छ । आत्माले संवेदनद्वारा विश्वको कल्पना गर्‍यो । त्यसकारण 'न म छु', 'न यो छ' - यसरी सम्वेदनलाई त्याग गर । जब यस्तो दृढ निश्चय हुन्छ तब आत्मा नै शेष रहन्छ र अहंकार निवृत्त हुन्छ किनकि आत्माको अज्ञानबाट त्यो उत्पन्न हुन्छ र आत्मज्ञानबाट नै नष्ट हुन्छ । अहंकारले रहित जो तिम्रो स्वरूप हो त्यसमा स्थित होऊ । जब अहंकार नष्ट हुन्छ तब म जन्म-मरणादि

विकारले रहित चिन्मात्र ब्रह्म हुँ भनी आफूलाई जान्दछ । यसरी अहंभावले रहित भएपछि आफूको हुनु भन्ने पनि रहदैन, राग-द्वेषको क्षोभले रहित केवल चिन्मात्र, शान्त आनन्दस्वरूप भएर रहन्छ । आफूलाई यसरी जानेपछि कसको लागि शोक गर्नू ?

हे राजन् ! यो दृश्यलाई त्यागेर आफ्नो स्वरूपमा स्थित होऊ र मेरो उपदेशलाई विचार गर कि मैले सत्य भनेको छु कि असत्य । विचारद्वारा संसार सत्य ठहरिन्छ भने संसारको भावना गर, यदि आत्मा सत्य ठहर्छ भने आत्माको भावना गर । तिमी सम्यग्दर्शी भएर सत् र असत्‌लाई छुट्याऊ । असम्यग्दर्शी सत्यलाई असत्य र असत्यलाई सत्य मान्दछ, त्यसैले दुःख पाउँछ । एकजना मानिसले यौटा कुटी बनाएर भन्न लाग्यो कि मैले आकाशको रक्षा गरेको छु । जब कुटी नष्ट भयो तब आकाश नष्ट भयो भनी शोक गर्न लाग्यो किनकि उसले कुटीलाई आकाशको आश्रय भनी ठानेको थियो, त्यस्तै अज्ञानी मानिस देहलाई आत्माको आश्रय ठानेर देह नष्ट हुँदा आत्मा नष्ट भयो भनी दुःखी हुन्छ । ज्ञानवान् आत्मालाई अविनाशी र देह तथा इन्द्रियलाई असत् जान्दछ ।

हे राजन् ! तिमी देह र इन्द्रियको अभिमानले रहित भएर चेष्टा गर तब शुभ अशुभ कर्मले तिमीलाई बाँधनेछैन । जो अभिमानसहित कर्म गर्छ भने त्यसले शुभ-अशुभ फल भोग्नै पर्छ । तत्त्ववेत्ता ज्ञानवान् पुरुष आफूलाई देह र इन्द्रियको गुणले रहित जान्दछ र उसका संचित र क्रियमाण कर्म नष्ट हुन्छन् । संचित कर्म वृक्षजस्तो र क्रियमाण कर्म फूल र फल जस्तो हो । जस्तै कपासले बेरेर आगो लगाइदिएपछि वृक्ष, फूल, फल सबै जल्दछन् त्यस्तै ज्ञानरूपी अग्निद्वारा संचित र क्रियमाण कर्म भस्मी-भूत हुन्छन् ।

हे राजन् ! वासनारहित भएर तिमी जो कुछ चेष्टा गर्छौ त्यसमा बन्धन हुँदैन । जस्तो बालक स्वाभाविकरूपले अङ्ग चलाइरहन्छ तर हृदयमा अभिमान हुँदैन त्यसैले बन्धन पनि हुँदैन त्यस्तै तिमी पनि इच्छारहित भएर चेष्टा गर, बन्धन हुँदैन । ज्ञानवान् कर्म गरेर पनि आफूलाई अकर्ता नै जान्दछ, तर अज्ञानी कर्म नगरे तापनि अभिमानले कर्ता बन्छ । जो देह र इन्द्रियद्वारा कर्म गर्छ तर अभिमानले रहित छ भने त्यो अकर्ता नै हुन्छ । जो इन्द्रियको संयम गर्छ तर मनमा विषय भोगको तृष्णा राख्तछ त्यो राग-द्वेषले मूढ हुन्छ र ठूलो कर्म गरेर पनि दुःखी नै रहन्छ, त्यो मिथ्याचारी हो । जो हृदयमा राग-द्वेषले रहित छ र कर्मेन्द्रियद्वारा चेष्टा गर्छ त्यो विशेष ज्ञानी हो । त्यसले मोक्ष प्राप्त गर्छ ।

हे राजन् ! अन्य सबै कला अभ्यास विना नष्ट हुन्छन्, तर ज्ञानकला एकपटक उत्पन्न भएपछि फेरि नष्ट हुँदैन । जस्तो धान रोपेपछि दिन-प्रतिदिन बढ्दैजान्छ त्यस्तो ज्ञानकला दिन-प्रतिदिन बढ्दै जान्छ । ज्ञान उत्पन्न भएपछि जीव आफूलाई जन्म-मरणरहित, निरहंकार, निष्किञ्चन, सर्वप्रकाशक, अजर, अमर भनी जान्दछ । ज्ञानकला प्राप्त गरेपछि जीव मोहमा पर्दैन । स्वरूपमा स्थित भएर अरूलाई त्याग गर्नुको नाम हो पुरुषप्रयत्न । जसको आत्माको भावना भएको छ त्यो संसार-समुद्रबाट पार हुन्छ । जसको संसारको भावना छ त्यो जन्म-जरा-मृत्युबाट दुःख पाउँछ ।

(१०१) स्वरूपस्थितिवर्णन

मनुले भने, हे राजन् ! बडो आश्चर्य छ कि चिन्मात्र आत्मामा मायाद्वारा नानाप्रकार देह, इन्द्रिय र दृश्य भासित भएका छन् । अज्ञान नै हो दृश्यको कारण । आत्माको अज्ञानबाट दृश्य भासित भएको छ र आत्माको ज्ञानबाट त्यो अज्ञान विलीन हुन्छ । त्यसकारण संवेदनलाई त्यागेर आत्माको भावना गर । यो म हुँ र यी मेरा हुन्, यस्तो संकल्प मिथ्या नै उठिरहन्छ । पहिले कारणरूपले एक जीव उत्पन्न भयो, पछि त्यही आदि जीवबाट अग्निबाट चिनगारी निकले झैं अनेक जीवगण उत्पन्न भए । गन्धर्व, विद्याधर, मनुष्य, राक्षस आदि अनेक जीव उत्पन्न भए । फेरि जस्तो संकल्प हुँदै गयो त्यस्ता अनेक रूप हुँदै गए । यसरी स्वरूपको प्रमादले नाना संकल्पबाट नाना पदार्थ बन्दै गए । जीव आफनै संकल्पबाट आफू नै बन्धनमा परेको छ । यो संकल्परूप नानात्वको कलना मिथ्या हो । जस्तै समुद्र सम छ, तर उसमा अनेक आवर्त, तरङ्ग र बुदबुद उठ्छन् ती जलदेखि भिन्न छैनन् त्यस्तै आत्मामा जो अनेक प्रकारको विश्व देखिन्छ त्यो आत्मादेखि भिन्न होइन, आत्मस्वरूप नै हो । त्यसकारण अनेक भावना त्यागेर एक आत्माको भावना गर । सत्संकल्प स्फुरित भयो भने आफूलाई यसरी जान्दछ कि म ब्रह्म हुँ, शुद्धरूप हुँ, सदा मुक्तरूप हुँ र यस संसार-समुद्रबाट पार भएको छु । अन्त:करणसित मिलेर भोगको भावना गर्नु र सदा विषयको तृष्णा गर्नु जीवात्माको लक्षण हो । जब वासनाक्षय भएर शुद्ध आत्मा प्रत्यक्ष हुन्छ तब जीवसंज्ञा मेटिन्छ र केवल शुद्ध आत्मा प्रकाशित हुन्छ ।

हे राजन् ! जस्तो भावना गर्‍यो त्यस्तै हुन्छ । त्यसकारण तिमी आत्माको भावना गर्छौ भने आत्मा नै हुन्छौ । यो आशारूपी फाँसीलाई तोडेर शान्त पदमा प्राप्त होऊ । आत्मा चिन्तामणि जस्तो छ, जस्तो भावना गर्छौ त्यस्तै सिद्धि हुन्छ । जब तिमी आत्मभावना गर्छौ तब सम्पूर्ण विश्वलाई आफैं भित्र देखनेछौ, पर्वत, शिला आदिलाई आफैमा देखछौ, सबैलाई आत्मरूप जान्दछौ । जस्तो नदी समुद्रमा नपुगेसम्म चलिरहन्छ र समुद्रमा पुगेपछि अचल भइहाल्छ त्यस्तै जब आत्मपद पाप्त हुन्छ तब कुनै इच्छा तिमीमा रहँदैन । तिमी अहंकारलाई त्यागेर आफूलाई यस्तो जान कि म नै हुँ सब कुछ । जरा, मरण आदि दु:ख त्यहाँसम्म हुन्छ जहाँसम्म आत्मबोध हुँदैन । जब आत्मबोध हुन्छ तब कुनै दु:ख हुँदैन । ज्ञानीलाई इन्द्रको वज्रसमान दु:खले पनि स्पर्श गर्न सक्तैन ।

हे राजन् ! अहंकारको त्यागबाट त्यस्तो पद प्राप्त हुन्छ जहाँ शास्त्र र शास्त्रको अर्थ पुग्न सक्तैन । मोक्ष कुनै देशमा पुगेर प्राप्त हुने होइन र कुनै काल पाएर प्राप्त हुने होइन, मोक्ष कुनै पदार्थ होइन जसलाई ग्रहण गर्न सकियोस् । केवल अहंकारको त्याग भएमा नै मोक्ष सिद्ध हुन्छ । त्यसकारण तिमी अहंकारको त्याग गरेर स्वरूपमा स्थित होऊ ।

(१०२) मनु-इक्ष्वाकुसंवाद-समाप्ति, ज्ञानवान्‌को महिमा

मनुले भने, हे राजन् ! तिमी शुद्ध, राग-द्वेषरहित, आत्माराम तथा नित्य अन्तर्मुख भएर रहू । तब तिमी आत्माराम हुन्छौ जब तिम्रो व्याकुलता नष्ट हुनेछ र तिमी चन्द्रमा झैं शीतल र पूर्ण

हुनेछौ । यस्तो भएर प्रकृत आचारमा विचरण गर र कुनै फलको इच्छा नराख । जो इच्छारहित भएर कर्म गर्छ त्यो सदा अकर्ता नै रहन्छ र बडो शोभा पाउँछ । यस्तो अवस्थामा स्थित भएर जो भोजन मिल्छ त्यो खाऊ, जो अनिच्छित वस्त्र मिल्छ त्यो पहिर र जहाँ नींद आउँछ त्यहाँ सुत ।

ज्ञानवान् चाहे काशीमा देहत्याग गरोस् अथवा चाण्डालको घरमा, त्यो सदा मुक्त नै छ । ज्ञानवान् सदा मुक्तरूप हुन्छ । ऊ कसैको निन्दा-स्तुति गर्दैन किनकि उसको चित्तको कलना मेटिएको छ । यद्यपि ज्ञानवान्मा पनि राग-द्वेष देखिन्छ, ऊ हाँस्छ र रुन्छ पनि, तर भित्र उसको न राग छ, न द्वेष, न हाँस्छ, न रुन्छ । ऊ आत्मस्वरूपमा जस्ताको त्यस्तो रहन्छ । जस्तो आकाशमा बादल देखिन्छ तापनि आकाश बादलले लिप्त हुँदैन त्यस्तो ज्ञानवान्को कर्म बन्धनकारक हुँदैन ।

हे राजन् ! ज्ञानवान् सदा पूजनीय र नमस्कारयोग्य छ । जुन स्थानमा ज्ञानवान् रहनु हुन्छ त्यस स्थानलाई पनि नमस्कार छ । जसमा ज्ञानवान्को दृष्टि परेको छ त्यसलाई पनि नमस्कार छ । ज्ञानवान्को दृष्टिबाट जुन आनन्द मिल्छ त्यस्तो आनन्द तप, दान र यज्ञ आदि कर्मबाट मिल्दैन । जब आत्मज्ञान प्राप्त हुन्छ तब जन्म, जरा र मृत्यु आदि दु:खबाट छुटकारा मिल्छ । जस्तो खोरबाट छुटेको सिंह फेरि खोरको बन्धनमा पर्दैन त्यस्तो ज्ञानवान् पुरुष फेरि अज्ञानरूपी खोरमा फस्तैन ।

हे राजन् ! यसकारण तिमी आत्माको भावना गर जसबाट तिम्रा सारा दु:ख नष्ट होउन् । तिमी अनुभवरूप आत्मामा स्थित होऊ । जस्तो शुद्ध मणिको निकटमा सेतो, रातो, पहेलो, कालो आदि रङ्ग राखेमा तिनको प्रतिबिम्बलाई मणिले ग्रहण गर्छ तर रङ्गले उसलाई स्पर्श गर्दैन त्यस्तै तिमी प्रकृत आचार स्वीकार गरेर रहू, तिमीलाई पाप र पुण्यले स्पर्श गर्दैन ।

(१०३) ज्ञानिलक्षण विचार

वसिष्ठले भन्नुभयो, हे राम ! यसप्रकार उपदेश गरेर मनु चूप लाग्नुभयो । राजा इश्वाकुले पिता र गुरुरूप भएका मनुको पूजा गरे । त्यसपछि आशीर्वाद प्रदान गरेर मनु ब्रह्मलोकतिर प्रस्थान गरे । जीवन्मुक्त भएका राजा इक्ष्वाकुले अनासक्त भएर राज्य गरे । हे राम ! तिमी पनि परमात्मदृष्टि अवलम्बन गर र इक्ष्वाकु भैं जीवन्मुक्त एवं अनासक्त भएर विचरण गर ।

रामले भने, हे मुनीश्वर ! सबभन्दा विशेष अपूर्व अतिशय के हो, सुन्न पाऊँ । वसिष्ठले भन्नुभो, हे राम ! ज्ञानवान् सदा शान्तरूप र राग-द्वेषले रहित हुन्छ, त्यसैले ऊ अपूर्व अतिशय प्राप्त गर्दछ । जो कुछ अन्य अतिशय छ त्यो पूर्व अतिशय हो, किन्तु ज्ञानवान् मात्र अपूर्व अतिशय प्राप्त गर्न समर्थ हुन्छ । आत्मज्ञान नै हो अपूर्व अतिशय । त्यो त ज्ञानीले मात्र प्राप्त गर्न सक्छ । अरूले प्राप्त गर्न नसक्ने हुनाले त्यो अपूर्व अतिशय भयो । हे राम ! अपूर्व अतिशय पाएर ज्ञानवान् प्रकृत आचार र सबै चेष्टा गर्छ तापनि निश्चय भने सदा आत्मामा नै राख्दछ ।

रामले सोधे, हे भगवन् ! ज्ञानवान् पनि अज्ञानी भैं सबै चेष्टा गर्छ भने उसलाई कुन लक्षणले तत्त्ववेत्ता भनी जान्नु ?

वसिष्ठले भन्नुभो, हे राम ! लक्षण दुई प्रकारको हुन्छ, एक स्वसम्वेद्य लक्षण र अर्को परसम्वेद्य लक्षण । ज्ञानीको स्वसम्वेद्य लक्षण हुन्छ र अन्य साधुहरूको परसम्वेद्य लक्षण हुन्छ । तप, दान, यज्ञ, व्रत आदि गर्नु र सुख- दु:खमा धैर्य धारण गर्नु इत्यादि साधुहरूका परसम्वेद्य लक्षण हुन्, ज्ञानवान्‌का लक्षण होइनन् । महाकर्ता, महाभोक्ता र महात्यागी हुनु तथा क्षमा, दया इत्यादि साधुका लक्षण हुन्, ज्ञानीका होइनन् । आकाशमा उडनु, अन्तर्धान हुनु आदि अणिमादि सिद्धि पनि अरूद्वारा जानिने लक्षण हुन् ।

ज्ञानीको मुख्य लक्षण त स्वसम्वेद्य नै हो, किनकि उसलाई चिन्नको लागि टाउकोमा सिङ० उम्रेको त हुँदैन नि । मलाई ज्ञान प्राप्त भयो कि भएको छैन भन्ने कुरा आफैलाई मात्र थाहा हुन्छ । कुनै कुनै ज्ञानीमा पनि सिद्धि प्राप्त हुन्छ भने त्यो परसम्वेद्य हुन्छ । पुण्य-पापादि कर्म परसम्वेद्य हुन्, ती मायाद्वारा कल्पित हुन् । जति लक्षण बाहिर देखनमा आउँछन् ती सब मायाकल्पित हुन् । ज्ञानीको लक्षण त स्वसम्वेद्य नै हुन्छ । ज्ञानी सदा आत्मामा स्थित र आफैमा सदा सन्तुष्ट रहन्छ । उसलाई कुनै कुराबाट हर्ष, शोक हुँदैन । ऊ जन्म र मरणमा समान रहन्छ । उसको लक्षण इन्द्रियगम्य हुँदैन, किनकि ऊ अनिर्वचनीय पदमा प्राप्त भएको छ । ज्ञानीको चित्त स्वभावत: विषयबाट विरत हुन्छ । ऊ इन्द्रियजित् हुन्छ र उसको भोगेच्छा निवृत्त हुन्छ ।

(१०४) कर्माकर्मविचार

वसिष्ठले भन्नुभयो, हे राम ! तिमी मेरा अत्यन्त प्रिय शिष्य हौ । मेरा वचन तिमीलाई प्रिय लाग्छन् । तिम्रो संशय निवारण गर्न सक्ने मबाहेक अरू कोही छैन । तप, ध्यान छोडेर भए पनि तिमीलाई जगाउन उपदेश गर्छु, सावधान भएर सुन ।

शुद्ध आत्मामा अहंकार उत्पन्न भएको छ । त्यस अहंकारबाट जो कुछ भासित हुन्छ त्यो मिथ्या हो । त्यसको साक्षी ज्ञानरूप आत्मा सत्य हो, त्यसको कदापि नाश हुँदैन । जुन जुन वस्तु स्फुरणबाट उत्पन्न भएका छन् ती सब नाशवान् हुन् । जो सत्य छ त्यो असत्य हुँदैन र जो वस्तु असत् हो त्यो सत् हुँदैन ।

हे राम ! तिमी सद् ब्रह्मको भावना गर । जो ब्रह्मको भावना गर्छ त्यो ब्रह्म नै हुन्छ । जस्तो घृतमा घृत, दूधमा दूध र जलमा जल मिल्छ त्यस्तो जीव भावना गर्दा गर्दै चिद्‌घन ब्रह्मका साथ एकी भूत हुन्छ र जीवसंज्ञा निवृत्त हुन्छ । जस्तो अमृतपान गरेपछि अमर हुन्छ त्यस्तै ब्रह्मको भावना गरेपछि ब्रह्म भइहाल्छ । अनात्माको भावना गर्नाले जीव पराधीन भएर दु:ख पाउँछ । त्यसकारण आत्मभावना गर ।

रामले सोधे, हे भगवन् ! गर्मी र पसिनाबाट उत्पन्न हुने लामखुट्टे, जुम्रादेखि लिएर देवता, मनुष्य आदि सब कर्मबाट नै उत्पन्न हुन्छन् कि कर्म विना पनि कोही उत्पन्न हुन्छन्, सुन्न पाऊँ ।

वसिष्ठले भन्नुभयो, हे राम ! आदि परमात्माबाट जति पनि जीव उत्पन्न भएका छन् ती चार प्रकारका छन् । एकथरी कर्मबाट उत्पन्न भएका छन् र अर्काथरी कर्मविना उत्पन्न भएका छन् । एकथरी भविष्यमा उत्पन्न हुनेवाला छन्, एकथरी वर्तमानमा उत्पन्न भइरहेका छन् ।

हे राम ! चिदाकाशरूप आत्मा आफैमा स्थित छ । जस्तो अग्नि आफ्नो उष्णतामा स्थित छ त्यस्तो आत्मा आफ्नो स्वभावमा स्थित छ । आत्मा अनन्त र अविनाशी छ, उसमा स्फुरणशक्ति स्वाभाविक रूपले विद्यमान छ । जस्तो पवनमा स्पन्दनशक्ति र पुष्पमा सुगन्धशक्ति स्वाभाविक रहन्छ त्यस्तो आत्मामा स्फुरणशक्ति हुन्छ । यही स्फुरणशक्तिबाट आदिमा शब्दको अपेक्षाले आकाश र स्पर्शको अपेक्षाले पवन प्रकट भयो । यसैगरी पञ्च तन्मात्रा बने । शुद्धसंवित्मा आदि स्फुरणबाट पहिले अन्तवाहक शरीर भए । उनको निश्चय थियो कि हामी आत्मा हौं र सम्पूर्ण विश्व हाम्रो संकल्प हो । यसरी कतिपय जीव अन्तवाहक शरीरबाट नै विदेहमुक्त भए । जस्तो जलबाट बरफ हुन्छ र सूर्यको किरणबाट फेरि बरफ जल भइहाल्छ त्यस्तो कतिपय जीव अन्तवाहकबाट शीघ्र नै विदेहमुक्त भए । केही जीव अन्तवाहक भएपछि स्वरूपमा प्रमाद भयो र संकल्पले पञ्चभूतको रचना भयो र त्यसमा दृढ निश्चय भयो कि हामी पञ्चभूतात्मक हौं । यसरी केही जीव आधि भौतिक बने । जस्तो ब्राह्मणले प्रमादले शूद्रको काम गर्दा गर्दै निश्चय भयो कि मेरो कर्म यही हो, जस्तो शीतको कारणले जल बरफ बन्छ त्यस्तै संवित्मा जब दृढ संकल्प भयो तब आफूलाई आधिभौतिक भनी जान्यो ।

हे राम ! आदि परमात्माबाट जो कर्मविना उत्पन्न भएका छन्, तिनको कर्म छैन, किनकि जो अन्तवाहकमा रहे तिनको ईश्वरसंज्ञा भयो । उनको संकल्पबाट जति जीव उत्पन्न भए तिनको कारण ईश्वर भयो । अनि जीवकलनाबाट जो स्फुरण भयो त्यो कर्म बन्यो । पछि संकल्पबाट जस्ता जस्ता कर्म भए त्यस्ता त्यस्ता नै शरीर बने । आत्माबाट जो जीव उत्पन्न भए ती आदिमा अकारण नै थिए र जो अहिले उत्पन्न हुँदैछन् र जो चिरकालपछि उत्पन्न हुनेछन् ती पनि आदिमा अकारण नै हुन्छन् । ती पछि कारणभावमा प्राप्त भएका हुन् ।

जसको आदि स्फुरणमा नै स्वरूपमा दृढ निश्चय भयो तिनको पुण्य भन्ने संज्ञा भयो । जसको स्वरूपको प्रमादले भौतिकतामा निश्चय भयो तिनको घनसंज्ञा भयो । पुण्यबाट घन हुनु सजिलो छ र घनबाट पुण्य हुनु कठिन छ । कुनै भाग्यवान् पुरुष यत्न गरेर घनबाट पुण्यवान् बन्छ । जस्तै पर्वतबाट पत्थर खस्नु सजिलो छ र पत्थरलाई पर्वतमा चढाउनु कठिन छ त्यस्तै घनबाट पुण्य हुनु कठिन छ । कति जीव चिरकालपर्यन्त घनमा वगिरहन्छन् र कति यत्न गरेर शीघ्र नै पुण्यवान् हुन्छन् ।

जो अन्तवाहकमा नै रहन्छन् तिनको नाम ईश्वर हो । जो अन्तवाहकभावलाई त्यागेर आधिभौतिक भावमा पुग्छन् ती जीव कहिन्छन् । जीव परतन्त्र हुन्छ र जस्तो कर्म गर्छ त्यस्तै शरीर पाउँछ । जो घनबाट पुण्य भए ती ज्ञानवान् हुन्, तिनको फेरि जन्म हुँदैन । अहिले पनि जो प्रथम उत्पन्न हुन्छन् ती कर्म विना नै उत्पन्न हुन्छन् । जब आफ्नो स्वरूपबाट झर्छन् तब जस्तो संकल्प गर्छन् त्यस्तै शरीर पाउँछन् ।

हे राम ! यो विश्व संकल्पमात्र हो । त्यसकारण संकल्पको त्याग गर र दृश्य जगत्प्रति आस्था नराख । खान, पान आदि चेष्टा गर तर तिनमा अहंभाव नलेऊ । अहंकारले जीव दुःखी हुन्छ । त्यसकारण अहंकारले रहित भएर चेष्टा गर ।

बन्ध र मोक्षको लक्षण

विषय र इन्द्रियको संयोगबाट इष्टमा राग र अनिष्टमा द्वेष गर्नुलाई बन्धन भनेको छ। जसमा इन्द्रियको संयोग हुन्छ उसमा समबुद्धि गरेर रहनू, उसको धर्म आफूमा नदेखनू, उसलाई जान्नेवाला जो अनुभवरूप आत्मा छ उसमा साक्षीरूप भएर स्थित रहनू। यसप्रकार जो विषयको ग्रहण गर्छ त्यो सदा मुक्तरूप नै हुन्छ। यसदेखि भिन्न मूर्ख जीव बन्धनमा पर्छ। तिमी ग्राह्य-ग्राहक संबन्धबाट सावधान भएर रहू। आफूको विषयका साथ संबन्ध नै बन्धन हो र त्यस संबन्धबाट रहित हुनु नै मुक्ति हो। रागद्वेष गर्नेवाला मन हो। मनको त्याग गर। मन दु:खदायी हो। जस्तो कुमालको चक्र घुमेपछि भाँडा उत्पन्न हुन्छन् त्यस्तो मनोरूप चक्रबाट पदार्थ उत्पन्न हुन्छन्। मनको स्फुरणबाट संसार सत्य भास्दछ। जब स्फुरण निवृत्त हुन्छ तब कुनै दु:ख रहँदैन। जब स्फुरण र अस्फुरणमा समान रहनेछौ तब राग-द्वेषले रहित भएर विचरण गर्नेछौ। यो होस् र यो नहोस्-यस्तो भावनाले रहित भएर चेष्टा गर। अभिलाषापूर्वक संसारमा वासना नराख। पहिलेका ज्ञानीहरू भूतको चिन्ता गर्दैन थे र भविष्यत्को आशा राख्तैनथे, शास्त्र अनुसार वर्तमानमा राग-द्वेषले रहित भएर चेष्टा गर्थे। त्यसकारण तिमी पनि संकल्पको त्याग गरेर स्वरूपमा स्थित होऊ। ब्रह्मादेखि तृणपर्यन्त कुनै पदार्थमा राग हुनु नै बन्धन हो। मेरो आशीर्वाद छ कि ब्रह्मादेखि तृणपर्यन्त कुनै पनि पदार्थमा तिम्रो रुचि नहोस् र आफ्नो स्वरूपमामात्र रुचि होस्।

पहिले स्थावर-जडङ्गम सबै पदार्थ कर्म विना नै उत्पन्न भएका थिए। पछि प्रमादले स्वरूपबाट झरेर घनपदमा प्राप्त भएपछि कर्मद्वारा शरीर उत्पन्न भए। कर्मको बीज अहंकार हो र अहंकारमा शरीर छ। जब अहंकार नष्ट हुन्छ तब कुनै शरीर रहँदैन, केवल आत्मपद शेष रहन्छ। आत्मा अच्युत भएर पनि झरेको जस्तो, निखलम्ब भएर पनि सावलम्ब जस्तो, निराकार भएर पनि साकार जस्तो र निराभास भएर पनि साभासजस्तो देखिन्छ। केवल चिन्मात्र आत्मामा स्थित होऊ। यो सब चिन्मात्ररूप हो। यस्तो भावना दृढ भएपछि चित्त अचित्त हुन्छ र जगत्-कलना मेटिन्छ, केवल आत्मतत्त्व नै भासित हुन्छ।

(१०५) तुरीयपदविचार

वसिष्ठले भन्नु भयो, हे राम ! जीवका तीन स्वरूप छन् - एक स्वरूप शुद्धात्मा चिदानन्द ब्रह्म हो जसबाट सब प्रकट भएका छन्। दोस्रो अन्तवाहक पुरुष हो जो आत्माको अज्ञानबाट उत्पन्न भएको छ। यद्यपि यो केवल पदबाट उत्थान भएको हो तापनि प्रमादी भएको छैन, किनकि उसलाई आत्माको स्मरण रहन्छ। तेस्रो आधिभौतिक स्वरूप हो जो भ्रमले आफूलाई पञ्चभूतात्मक मान्दछ।

रामले सोधे, हे भगवन् ! यी तीन स्वरूपमा कुन सत्य हो र कुन असत्य हो ? वसिष्ठले भन्नुभो, हे राम ! भोगायतन, हस्तपादादियुक्त देह स्थूलरूप हो, जीवको आफ्नै संकल्पद्वारा यसको प्रसार हुन्छ। अर्को सूक्ष्म चित्तरूपी देह हो जो स्फुरणरूप भएको हुनाले अन्तवाहक भनिन्छ। यो देह रहोस् वा नरहोस् प्राणरूपी रथमा अवस्थित रहन्छ। यी दुई शरीर उत्पन्न हुन्छन् र नष्ट

हुन्छन् । जो आद्यन्तरहित चिन्मात्र निर्विकल्प स्वरूप छ त्यो तुरीय पद हो, त्यसलाई नै जीवको वास्तव स्वरूप भनी जान ।

रामले तुरीय र तुरीयातीत पदको जिज्ञासा गरेको हुनाले वसिष्ठले भन्नुभो, हे राम ! पहिले तीन अवस्था सुन । एक जाग्रत् अवस्था जो निद्रारहित छ, यसमा इन्द्रिय र अन्त:करणचतुष्टय आ-आफ्ना विषयको ग्रहणमा सक्रिय रहन्छन् । अर्को स्वप्नावस्था हो जसमा इन्द्रियहरू जाग्रत्मा झैं संकल्पद्वारा विषयको ग्रहण गर्छन् । तेस्रो सुषुप्ति अवस्था हो, यसमा इन्द्रियबाट विषयको ग्रहण हुँदैन र जडता प्राप्त हुन्छ तब केही पनि भासित हुँदैन, यो तमोगुणात्मक हो ।

हे राम ! अब तुरीय र तुरीयातीत पद सुन । आफूको हुनु वा नहुनु यो दुबैलाई त्यागेपछि जो शेष रहन्छ त्यो केवल तुरीय पद हो जो शान्त र निर्मल छ । यो तुरीयावस्था जाग्रत् होइन किनकि जाग्रत्मा संकल्पजाल रहन्छ र इन्द्रियमा राग-द्वेष हुन्छ । तुरीय स्वप्नावस्था होइन किनकि स्वप्न डोरीमा सर्प भासे झैं भ्रमरूप हो । तुरीय सुषुप्ति पनि होइन किनकि सुषुप्तिमा अत्यन्त जडता हुन्छ । यो तुरीयवस्था चेतनरूप, उदासीन, शुद्ध र अवस्थात्रयरहित छ । जीवन्मुक्त तुरीय पदमा स्थित रहन्छन् ।

जो तुरीय पदमा स्थित छ ऊ जगत्मा स्थित भए तापनि शान्त रहन्छ । अज्ञानीको जगत् वज्रसार झैं दृढ हुन्छ, ज्ञानी सदा शान्तरूपमा रहन्छ किनकि ऊ तीन अवस्थाको साक्षी हो । उसमा रागद्वेष केही छैन जीवन्मुक्त पुरुष जब विदेहमुक्त हुन्छ तब तुरीयातीत पदमा स्थित हुन्छ, जो मन-वाणीको विषय हुँदैन । चित्तमा राग-द्वेष छ भने त्यो तुरीय पदमा स्थित भएको छैन भनी बुझ्नुपर्छ । जुन पुरुषमा राग-द्वेष छैन उसको चित्त सत्पदमा प्राप्त भएको छ । जसको चित्त सत्यपदमा प्राप्त भएको छ उसको संसारको सत्यता प्रतीत हुँदैन । ऊ जगत्लाई स्वप्नवत् देख्तछ । यसकारण तिमी पनि सत् पदमा स्थित भएर साक्षीरूपले रहू ।

(१०६) काष्ठमौनवृत्तान्त

वसिष्ठले भन्नुभो, हे राम ! कर्ता, करण र कर्म, यी तीन होउन्, तर तिमी यिनको साक्षी भएर रहू । म यो काम गर्दैछु अथवा मैले यसको त्याग गरें, यस्तो कर्तृत्व-अभिमान तिमीमा नहोस् । यिनबाट उदासीन भएर तटस्थ रहू । यस विषयमा एक आख्यान बताउँछु, सुन । तिमी प्रबुद्ध भए तापनि दृढ बोधका निमित्त सुन ।

एक वनमा काष्ठमौननामक मुनि रहेका थिए । एक दिन त्यही वनमा शिकार खेल्न गएको एक व्याधाले मृगलाई देखेर वाण चलायो । मृगले बुरकुसी मार्‍यो । व्याधा पछि पछि दगुर्‍यो । मृग एकछिन पछि अदृश्य भयो । व्याधाले ती मुनिलाई देखेर सोध्यो, हे मुनिराज ? यौटा मृग यतैतिर भाग्दै आएको थियो । तपाईंले देखनुभएको भए भन्नुहोस्, त्यो मृग कुन दिशातिर गयो ? मुनिले भने, हे वधिक ! मलाई केही सुध छैन, किनकि म निरहंकार हुँ । मसित चित्त र अहंकार दुवै छैनन् । तिमी भनौला, इन्द्रियको चेष्टा कसरी हुन्छ त, जस्तो सूर्य वा दीपकको आश्रयमा मानिसको चेष्टा हुन्छ तर सूर्य वा दीपक केही गर्दैनन् केवल साक्षी मात्र भएर रहन्छन् त्यस्तै म इन्द्रियको साक्षी हुँ । इन्द्रियको स्वाभाविक चेष्टा हुन्छ, त्यो सित मेरो कुनै प्रयोजन छैन ।

हे वधिक ! जस्तो मालाका दाना यौटा धागोमा अडिएका हुन्छन्, धागो टुटेमा दाना भिन्न भिन्न हुन्छन् त्यस्तै इन्द्रिय दाना हुन् र अहंकार धागो हो । जस्तै राजाको नाश भए सेना र गोपाल (ग्वाला) नष्ट भए गाई विखरित हुन्छन् र पिता नष्ट भए बालकहरू व्याकुल हुन्छन् त्यस्तै अहंकारविना इन्द्रिय विकल हुन्छन् । ममा अभिमान छैन । अभिमानी अहंकार हो । इन्द्रियहरू आ-आफ्नो काम गर्छन्, यौटाको काममा अर्कोले हस्तक्षेप गर्दैन । सबै इन्द्रियका कामको समझ अहंकारलाई हुन्छ र अहंकारले वाणीद्वारा व्यक्त गरिदिन्छ । मेरो अहंकार नष्ट भइसकेको हुनाले इन्द्रियका साथ मेरो कुनै संबन्ध छैन । अब तिमी नै भन कि इन्द्रियको काम मैले कसरी बताउने ? अहंकार नष्ट भएको हुनाले म निर्मल शान्त तुरीय पदमा स्थित छु ।

हे राम ! यसप्रकार मुनिको कुरा बुझेर व्याधा आफ्नो बाटो लाग्यो । तुरीय पद शान्तरूप छ । त्यसमा जाग्रत्, स्वप्न र सुषुप्ति तीन अवस्था छैनन् । तुरीयातीत पद चाहिं शब्दको अगोचर छ, त्यो अशब्द पद हो । ती काष्ठमौन मुनि तुरीय पदमा स्थित थिए । तिनको भिन्न भिन्न नामरूपलाई देखने विशेष कलना निवृत्त भएको थियो । उनी सत्तासामान्यमा स्थित थिए । त्यसकारण कलना त्यागेर तिमी पनि तुरीय पदमा स्थित होऊ ।

(१०७) अविद्यानाशरूपवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! यो विश्व केवल आकाशरूप हो । जस्तो बिजुली मेघको चमत्कार हो त्यस्तो यो विश्व आत्माको चमत्कार हो । वास्तवमा सब ब्रह्म हो । ब्रह्मदेखि भिन्न केही छैन ।

रामले सोधे, हे मुनिवर ! बिजुलीको कारण त मेघलाई मान्नुपर्‍यो तर चित्तरूप स्पन्दनकलाको कारण ब्रह्म कसरी हुने ?

वसिष्ठले भन्नुभो, हे राम ! तिमी यो वितण्डारूप तर्क किन गरिरहन्छौ, यो कुबुद्धिलाई छोड, कार्यकारणको आग्रहबाट केही फाइदा छैन ।

रामले सोधे, हे भगवन् ! यो स्पन्दनकला सत्य हो कि असत्य हो, यसको कारण को हो ?

वसिष्ठले भन्नुभो, हे राम ! चित्त र चित्तको स्पन्दन, यो भेदकल्पना वास्तवमा केही होइन । ब्रह्म आफ्नो स्वरूपमा सदा स्थित छ, अरू कुरा भ्रमले भासित हुन्छन् । जस्तो भ्रमदृष्टिले आकाशमा मोती देखिन्छ, आँखा मिचेर हेर्दा रूख देखिन्छन् त्यस्तै यो जगत् भ्रमले भासित हुन्छ । म संसारबाट पार भएको ज्ञानवान् हुँ । मेरा वचन हृदयमा धारण गर तब चाँडैनै आत्मपदको प्राप्ति हुन्छ र दुःख नष्ट हुन्छ । मेरा वचनलाई धारण गरेनौ भने वृक्ष, तृण आदि नीच योनिमा प्राप्त हुनेछौ ।

हे राम ! आकाश, काल आदि सब पदार्थ कलनाबाट सिद्ध भएका हुन् । आत्मामा केही छैन । वायुरहित समुद्रको जो चमत्कार छ त्यसको कारण को हुने ? दीपकको प्रकाश र अग्निको उष्णताको कारण को हुने ? वायुको स्पन्द र निःस्पन्दको कारण को हुने ? जस्तो वायुको रूप नै स्पन्द र निःस्पन्द हो, अग्निको रूप उष्णता र दीपकको रूप प्राकाश हो त्यस्तै कलना आत्माको नै रूप हो, भिन्न होइन ।

यो जो कलना भासित भएको छ त्यसको त्याग गर । जब आफूले आफूलाई देख्ने छौ तब संशय मेटिनेछ । अध्यात्मशास्त्रको यो सिद्धान्त छ कि एक चिद्घन ब्रह्म आफू आफैंमा स्थित छ, दृश्य केही पनि छैन । आत्मा शुद्ध, निर्मल, विद्या र अविद्याले रहित छ । उसमा संसारको अत्यन्ताभाव छ । नानाप्रकारका वादहरू पनि कलनामात्र हुन् । जस्तो स्पन्दन, अस्पन्दन दुवै वायु नै हो त्यस्तो आत्मा शुद्ध अद्वैतरूप छ र कलना पनि आत्माको आश्रयमा नै फुर्छ, त्यसैले आत्मादेखि भिन्न होइन । अविद्याले आत्मामा द्वैत जगत् भासित हुन्छ । त्यसकारण द्वैतको भावना त्यागेर निर्विकल्प आत्मस्वरूपमा स्थित होऊ । अविद्या कुनै वस्तुरूप होइन । जब शुद्ध आत्माको अनुभव हुन्छ । तब अविद्या दीपकको प्रकाशले तम झैं नष्ट भइहाल्छ ।

(१०८) जीवत्वाभाव प्रतिपादन

रामले प्रश्न गरे, हे भगवन् ! देह, इन्द्रिय र कलनामा सार वस्तु के छ ? वसिष्ठले भन्नु भो, हे राम ! अहं, त्वं, आदि जो दृश्य छ त्यो चिन्मात्र हो । जस्तो समुद्र भन्नु जलमात्र हो त्यस्तो जगत् चिन्मात्र हो । मनसहित षडिन्द्रियबाट जो कुछ दृश्य प्रतीत हुन्छ त्यो भ्रममात्र हो । देह, इन्द्रिय आदि सब मिथ्या हुन्, आत्मामा केही पनि छैन । यी चित्तद्वारा कल्पित छन्, चित्त नै यिनलाई देख्छ । जस्तो मरुस्थलमा मृगलाई जलबुद्धि हुन्छ र जलको निमित्त दौडेर दुःख पाउँछ त्यस्तै चित्तरूपी मृग आत्मरूपी मरुस्थलमा देह, इन्द्रिय र विषयरूपी जलको कल्पना गरेर दौडन्छ र दुःख पाउँछ । जस्तो मूर्ख बालक छायाँमा वेतालको कल्पना गर्छ त्यस्तो मूर्ख चित्त र देहेन्द्रियादिको कल्पना गर्छ । आत्मा शुद्ध, निर्विकार छ, उसमा चित्तले भ्रमवश विकार आरोपित गरेको छ । जस्तै भ्रमदृष्टिले आकाशमा दुइटा चन्द्रमा देखिन्छन् त्यस्तै चित्तले देह, इन्द्रिय आदिको कल्पना गरेको छ, तर चित्त सत्य होइन, आत्माको सत्ता लिएर चेष्टा गर्छ । अतः चित्तको त्याग गर, तब तिम्रा विकारजाल मेटिन्छन् ।

हे राम ! ज्ञानवान्हरू बस्ने यौटा गढ बताउँछु, जसमा काम, क्रोधादि शत्रुको गम हुँदैन । आत्मा नै हो मुख्य गढ । तिमी त्यो गढमा बस । काम, क्रोध, लोभ, अभिमान आदि विकार आत्मामा छैनन् । जस्तो रातमा दिन हुँदैन त्यस्तो विकाररूपी दिन गढरूपी रात्रिमा पाइँदैन । अचिन्त्यरूप गढमा कुनै स्फुरण छैन, जीवभाव छैन, केवल शान्तरूप छ । अहंभावलाई त्यागेर त्यसमा स्थित होऊ । जीवभावको परित्यागपूर्वक जब स्वरूपको साक्षात्कार हुन्छ तब ज्ञानी स्फुरण र अस्फुरणमा समान रहन्छ र सम्पूर्ण जगत्लाई आत्मरूप देख्तछ । पहिले देहलाई त्याग, फेरि इन्द्रियको अभिमानलाई त्याग । यही क्रमले सबै अनात्मवस्तुको त्याग गरेर आफ्नो वास्तव स्वरूपमा स्थित होऊ ।

(१०९) सारप्रबोधन

हे राम ! यो संसार चैतन्यमात्र हो । आत्मादेखि भिन्न केही छैन । आत्मा नै विश्वरूप भएर स्थित छ । जस्तो सूर्यकिरण नै जलको आभास हो त्यस्तो आत्माको चमतकार दृश्यरूप भएर स्थित छ । जस्तो संकल्प र संकल्पकर्ता भिन्न होइन, आकाश नै भ्रमले मोतीको माला भएर भासित

हुन्छ त्यस्तो आत्मा नै दृश्यरूप भएर भासित हुन्छ । चिदावली, जीव, अहंकार, बुद्धि, प्राण, इन्द्रिय, देह, विश्व, आकाश, काल आदि सब कुछ आत्मा नै हो, आत्मादेखि भिन्न केही छैन ।

अहंकारको सार जीव हो, त्यो म होइन । जीवको सार चिदावली हो । त्यो पनि म होइन । चित्स्वरूपमा चेत्योन्मुखत्वलाई चिदावली भनेको छ अर्थात् जीवको सार ईश्वरभावलाई चिदावली भन्दछन्, त्यो पनि म होइन । चिदावलीको सार चिन्मात्र ब्रह्म हो, त्यो नै तिमी हामी सबैको वास्तव स्वरूप हो । त्यसदेखि भिन्न सबै अनात्म पदार्थ भ्रमले सिद्ध छन् । हे राम ! तिमी अहं-प्रतीतिलाई त्यागिदेऊ । तिमी देहदेखि रहित निर्विकार, शुद्ध चैतन्य हौ, तिमीमा जन्म मरण आदि कुनै विकार छैन । तिमी शान्तरूप जस्तो हो त्यस्तो भएर स्थित होऊ । तिमी स्वरूपबाट च्युत भएका छैनौ । सदा सर्वदा त्यही स्वरूपमा स्थित होऊ ।

(११०) ब्रह्मैकत्वप्रतिपादन

वसिष्ठले भन्नुभयो, हे राम ! आत्मा चिन्मात्र ब्रह्म हो, त्यसैमा स्थित होऊ तब सारा ताप मेटिनेछन् । वाल्मीकिले भने, हे शिष्य भरद्वाज ! वसिष्ठको वचनबाट रामको बुद्धि अत्यन्त निर्मल भयो ।

रामले भने, हे भगवन् सर्वधर्मज्ञ ! हजूरको कृपाले अब म जागें । बडो आश्चर्य छ कि आत्मा सर्वदा अनुभवरूप र आफ्नै स्वरूप हो, तर प्रमादले अहिलेसम्म दुःख पाइरहेको थिएँ । अहन्ता र ममतारूपी बोझ बोकेर दुःखी थिएँ । जस्तै एकजना मानिसले शिरमा पत्थरको बोझा बोकेर जेठ-असारको धूपमा हिंडनुपर्दा कति दुःख होला, यदि कसैले त्यो बोझा उतारिदियो र वृक्षको छायाँमा बस्न पायो भने कति सुख होला, त्यस्तै अज्ञानरूपी धूपमा अहन्ता-ममतारूपी शिला बोकेर म ज्यादै दुःखी थिएँ, तपाईंले वचनरूपी बलले शिला उतारिदिनु भयो र आत्मरूपी वृक्षको छायाँमा विश्राम गराएर मलाई सुखी तुल्याइदिनु भयो ।

रामले भने, हे भगवन् ! अब मलाई शान्तिपद प्राप्त भयो र मेरा तीनै ताप मेटिए । मेरा सबै संशय निवृत्त भए । अब म शरत्कालको आकाश झैं निर्मल स्वभावमा स्थित भएको छु । तैपनि मेरो एक प्रश्न छ, महापुरुषहरू प्रश्न गर्दा दिक्क हुनुहुन्न । यदि सब ब्रह्म नै हो भने शास्त्रको 'यो कर्तव्य हो र यो अकर्तव्य हो' इत्यादि विधि-निषेधको उपदेश कसको लागि हो ?

वसिष्ठले भन्नु भो, हे राम ! आत्मादेखि भिन्न केही छैन, यो दृश्यमान प्रपञ्च आत्माको नै चमत्कार हो । जस्तो समुद्रमा वायुले नाना तरङ्ग उठ्छन् तर ती जलदेखि भिन्न छैनन् त्यस्तै आत्मामा अहं भावले चेत्योन्मुखता उत्पन्न भयो र देश, काल, वस्तु बने, शास्त्र निकले, विधि-निषेध आयो । स्फुरणबाट नै विद्या र अविद्या आयो, विद्यारूप जीव चाहिं ईश्वर भयो, अविद्यारूप जीव चाहिं जीवभाव (अहं-मम भाव) ले जकडियो । जसको स्वरूपमा अहंप्रत्यय कायम छ त्यो ईश्वर हो । स्वरूपको प्रमादले जो संकल्प-विकल्पको प्रवाहमा बगे ती जीव बनेर दुःखी भएका छन् । स्फुरणबाट नै ईश्वर, जीव, विद्या र अविद्या भए, आत्मामा केही छैन । जसको संकल्प आधिभौतिकमा दृढ भएको छैन ती जीव शीघ्र नै आत्मपदमा प्राप्त हुन्छन् । जसको

संस्कार आधिभौतिकमा दृढ भएको छ ती चिरकालपछि मात्र आत्मपदमा प्राप्त हुन्छन् । आत्मपदको प्राप्तिविना कसैको पनि दु:ख जाँदैन । आत्मपद प्राप्त गरेको पुरुष सुखी हुन्छ ।

हे राम ! ज्ञानी र अज्ञानीको स्वरूपमा त कुनै भेद छैन, भेद यत्ति हो कि ज्ञानी सम्यग्दर्शी हुन्छ र अज्ञानी असम्यग्दर्शी हुन्छ । विद्या पनि दुई प्रकारको छ, - एक ईश्वरवाद र अर्को अनीश्वरवाद । ईशवरवादी तुरीय पदमा प्राप्त हुन्छन् र जो अनीश्वरवादी छन् तिनको जब ईश्वरको भावना हुन्छ तब तिनीहरू शास्त्र र गुरुद्वारा ईश्वरलाई प्राप्त गर्छन् । ईश्वरवादी पनि दुई प्रकारका हुन्छन्, (१) जो अरू वासना त्यागेर केवल ईश्वर-परायण हुन्छन् ती शीघ्र नै ईश्वरलाई प्राप्त गर्छन् । आत्मा नै हो ईश्वर, जो सबैको आफ्नो स्वरूप हो । (२) एकथरी जीव ईश्वरलाई मान्छन् तर उनको वासना संसारतिर हुन्छ, तिनीहरूको चिरकालमा आत्मपद प्राप्त हुन्छ । अनीश्वरवादी पनि दुई प्रकारका हुन्छन् । (१) एकथरी भन्छन् - केही होला, यसरी होला-होला (होते-होते) को भावना गर्दा गर्दै चिरकालमा शास्त्र र गुरुकृपाद्वारा आत्मपद-प्राप्ति हुन्छ । (२) अर्काथरी भन्छन् - केही छैन । यी नास्तिक हुन्, यिनको चिरकालमा आस्तिक भावना जागेपछि मात्र आत्मपद प्राप्त हुन्छ । हे राम ! यिनीहरूका निमित्त विधि-निषेधपरक शास्त्र आवश्यक हुन्छ । शुभ कर्म गर र अशुभ कर्म नगर । यसबाट जब अन्त:करण शुद्ध हुन्छ तब आत्मपद प्राप्त हुन्छ । यदि विधि-निषेध शास्त्र नहुने हो भने 'मात्स्य न्याय' लागेर ठूलाले सानालाई खान्छ । त्यसका निमित्त शास्त्रले दण्डविधान गरेको छ । स्वरूपमा त कुनै उपदेश छैन । भ्रममा उपदेश हुन्छ । जसको भ्रम निवृत्त भइसकेको छ, जो मोहमा फेरि डुब्दैन उसको लागि उपदेश आवश्यक छैन । जसको चित्त वासनाले घेरिएको छ र जन्म-मरणको चक्करमा परेको छ त्यसको संसारबाट निक्लनु कठिन छ । जस्तो निर्जनस्थानको कुवामा खसेपछि निकलनु कठिन हुन्छ त्यस्तो चित्तसित मिलेर संसारबाट निक्लनु कठिन छ । त्यसकारण चित्तलाई स्थिर गर जसबाट तिम्रो दु:ख मेटिन्छ र सत्तासामान्यपद प्राप्त हुन्छ ।

आत्मा सर्वदा एकरस, अद्वैत, शुद्ध, परमनिर्वाण आफू आफैंमा स्थित छ । उसको स्फुरणबाट नानाप्रकारका पदार्थको उदय भएको छ । वास्तवमा चैतन्य देखि भिन्न केही छैन । "चिदेव पञ्च भूतानि चिदेव भुवनत्रयम्" आत्मा अनिर्वाच्य, चिन्मात्र, शुद्ध, शान्तरूप छ । उसको स्फुरणमा संसार छ । जस्तो चले पनि नचले पनि वायु नै हो त्यस्तो स्फुरण भए पनि नभएपनि चिन्मात्र आत्मा हो । आत्मरूपी समुद्रमा नानाप्रकारका विश्वरूपी तरङ्ग स्थित छन् । जो आत्मभिन्न हो त्यसलाई मिथ्या जान । संसारलाई मृगतृष्णाको जल जस्तो ठानेर उसको भावना त्याग र स्वरूपको भावना गर ।

(१११) निर्वाणवर्णन

वसिष्ठले भन्नु भयो, हे राम ! मेरा वचनलाई ग्रहण गरेर हृदयमा आस्तिक भावना जगाऊ । जब सर्वत्याग गर्छौ तब चित्त क्षीण हुन्छ । जब चित्त क्षीण हुन्छ तब शान्ति प्राप्त हुन्छ । हे राम ! काष्ठवत् मौन भएर हृदयबाट सर्वत्याग गर । बाहिर कर्म गर, तर अभिमानरहित भएर अन्तर्मुख होऊ । आत्मामा स्थित हुनुलाई अन्तर्मुख भनेको छ । आत्मामा स्थित भएपछि विद्यमान

दृश्य पनि तिमीमा भासित हुँदैन, सब आत्मरूप नै प्रतीत हुन्छ । जब स्वरूपमा स्थित हुन्छौ तब नजीकको भेरीको शब्द पनि सुन्नेछैनौ र मगमग वासना (सुगन्ध) ले पनि मोहित हुनेछैनौ । निदान जो कुछ कर्म गर्छौ त्यसले तिमीलाई स्पर्श गर्नेछैन, तिमी आकाशवत् असङ्ग भएर रहनेछौ । जब स्वरूपदेखि भिन्न केही देख्तैनौ र आत्मादेखि भिन्न केही फुर्दैन तब तिमी अन्धो, लाटो झैं अथवा शिलासमान मौन रहन्छौ, तिम्रो चेष्टा यन्त्रपुतलीको समान अनिच्छित हुनेछ । स्वाभाविक क्रियामा तिमी अभिमान रहित भएर स्थित होऊ । जो अभिमानसहित चेष्टा गर्छ त्यो मूर्ख हो र असम्यग्दर्शी हो । जो सम्यक् दर्शी छ उसको अनात्म शरीरादिमा अभिमान हुँदैन । जसको अनात्मामा अभिमान छैन र चित्त दृश्यमा लिप्त छैन भने उसले चाहे सृष्टिको संहार गरोस् अथवा उत्पत्ति गरोस् उसलाई कुनै बन्धन हुँदैन, किनकि ऊ सारा कर्म अभिलाषारहित भएर गर्छ ।

हे राम ! समाधिमा स्थित होऊ र जाग्रत्को झैं सबप्रकार कर्म गर । तिमीमा कर्म देखियोस् तापनि त्यसमा सुषुप्त झैं भएर रहू र कुनै वासना नउठोस् । आफ्नो स्वरूपको समाधि बनिरहोस् । वास्तवमा त समाधि भन्ने कुरा पनि छैन । जब कुनै दोस्रो पदार्थ छ र त्यसको त्याग गरेर समाधिमा बसोस्, तर दोस्रो पदार्थ नै छैन भने समाधि भन्नु पनि त छैन नि । जहाँ एक र दुई भन्ने शब्द पनि छैन त्यो अद्वितीय आत्मा नै परमार्थसत्ता हो । उसमा चित्तले नानाप्रकार विकारको कल्पना गरेको छ, ज्ञानीको सब एकरस भासित हुन्छ । ज्ञानीलाई ज्ञानी नै चिन्दछ । जस्तो सर्पको खुट्टा सर्प नै देख्छ त्यस्तो ज्ञानीको एकरस आत्मा नै भासित हुन्छ भन्ने कुरा ज्ञानी नै जान्दछ । मूर्ख संकल्पद्वारा नानाप्रकार जगत् देख्तछ, त्यसकारण संकल्प त्यागेर आफ्नो प्रकृत आचारमा विचरण गर । जस्तो उन्मत्त र बालकको स्वाभाविक चेष्टा हुन्छ त्यस्तै अभिमानले रहित भएर चेष्टा गर । जड शिला झैं कुनै दृश्यको भावना नफुरोस्, जब यसरी रहन्छौ तब शान्त निर्वाणपद प्राप्त हुन्छ ।

हे राम ! दृश्य पदार्थलाई त्यागेर द्रष्टामा स्थित हुने अभ्यास गर । इन्द्रियहरूले त आ-आफ्ना विषयको ग्रहण गरिहाल्छन् त्यसमा यो राम्रो छ, यो प्राप्त होस्, यो नराम्रो छ यो प्राप्त नहोस् भन्ने यस्तो भावना नगर, त्यसलाई जान्नेवाला द्रष्टा भएर स्थित होऊ । जो द्रष्टामा स्थित हुन्छ त्यो गोष्पदलाई झैं संसारसमुद्रलाई सजिलोसित नाघिहाल्छ ।

जति पनि पदार्थ देखिन्छन् तिनमा आ-आफ्नो सृष्टि छ । सृष्टि आफ्नो संकल्पमा स्थित छ । यो संकल्पको सृष्टि आत्मामा आश्रित छ । यौटाको संकल्पलाई अर्कोले जान्दैन । सबै संकल्पको आत्मासित एकता छ । जस्तो समुद्रमा जति पनि बुदबुद छन् तिनको जलका साथ एकता छ तापनि आकारमा त भिन्नता छ त्यस्तै स्वरूपमा सबै संकल्पको एकता छ । जो पुरुष अर्काको सृष्टि पनि जानौं भनेर सोच्तछ तब जान्न सक्छ । आत्मा कल्पवृक्ष हो, उसमा जस्तो भावना हुन्छ त्यस्तै सिद्धि हुन्छ । जीव स्वरूपमा स्थित भएर अरूको सृष्टि मलाई भासित होस् भन्ने भावना गर्छ भने त्यो सिद्ध हुन्छ । ज्ञानी यस्तो भावना गर्दैन किनकि ज्ञानी स्वरूपदेखि भिन्न कुनै पदार्थ नै देख्तैन र ऊ यो जान्दछ कि स्वरूपमा सबैको एकता छ । तरङ्गको एकता छैन, जलको एकता छ । जब एक तरङ्ग अर्को तरङ्ग सित मिल्छ तब जलरूपले एकता हुन्छ । ज्ञानी जान्दछ कि संकल्परूप आकार भिन्न भिन्न हुन्छ अर्थात् आकार मिल्दैन तर स्वरूपले सबको एकता छ । जसको भावना

यस्तो हुन्छ कि म उसको सृष्टि देखौं, तब आफ्नो संकल्पलाई उसको संकल्पमा मिलाएर हेर्छ अनि उसको सृष्टि जान्दछ । जस्तो दुइटा मणिलाई एकैठाउँमा जोडेर राख्यो भने दुइटाको प्रकाश एकै भइहाल्छ त्यस्तो संकल्पको एकता भावनाले हुन्छ । ज्ञान उत्पन्न भएपछि इच्छा रहँदैन ।

इच्छा चित्तको धर्म हो । जब चित्त नै नष्ट भयो तब इच्छा कसको हुने ? हे राम ! यो चित्तलाई आत्मामा लगाऊ र विषयतिर जान नदेऊ । यो दुष्ट चित्तलाई जब स्थिर गर्छौ तब परम अमृतले शोभायमान हुनेछौ । जस्तो पूर्णिमाको चन्द्रमा अमृतले शोभायमान हुन्छ त्यस्तो तिमी ब्रह्मरूपी लक्ष्मीले सुशोभित भएर परम निर्वाणपद प्राप्त गर ।

(११२) प्रथम-द्वितीय-तृतीय भूमिका-लक्षणविचार

वसिष्ठले भन्नुभो, हे राम ! अब क्रम-क्रमले ज्ञानका सात भूमिका बताउँछु, सुन । जब बालक गर्भावस्थामा रहन्छ तब त्यसवेला त्यो दृढ सुषुप्तिमा रहन्छ, त्यो जडावस्था हो । ज्ञानी पनि त्यही अवस्थामा रहन्छ । फरक यत्ति हो कि ज्ञानीमा संस्कार रहदैन र बालकमा संस्कार रहन्छ । पछि त्यो संस्कार उद्‌बुद्ध हुन्छ र संस्कार अनुसार प्रवृत्ति या निवृत्तिमार्गमा तत्पर हुन्छ । जब चेतना जागेर आउँछ तब ऊ जान्दछ कि 'यो महुँ' यी मेरा माता-पिता हुन् । अनि कुलका मानिसले उसलाई सिकाउँछन् कि यो मीठो, यो तीतो र यो टर्रो हो, यी तिम्रा माता-पिता हुन्, यो तिम्रो कुल हो, यस्तो कामबाट पुण्य मिल्छ र पुण्यबाट स्वर्ग प्राप्त हुन्छ; यसबाट पाप हुन्छ र पापबाट नरक मिल्छ, यसरी यज्ञ र तपस्या हुन्छ, यसरी दान गर्नुपर्छ ।

यसप्रकार कुलको उपदेश र शास्त्रको भयले त्यो मानिस धर्ममा रुचि राख्छ र पापकर्मको त्याग गर्छ । यसरी शास्त्रानुसार आचरण गर्ने मानिस धर्मात्मा कहिन्छ । धर्मात्मा पनि दुई प्रकारका हुन्छन् - प्रवृत्तिपरायण र निवृत्तिपरायण । प्रवृत्तिपरायण पुरुष पुण्यकर्म गर्छ र स्वर्गको भोग गर्छ । त्यो मोक्षलाई उत्तम ठान्दैन, त्यसैले पानीमा बगेको तृण झैं संसारमा घुमिरहन्छ र चिरकालपछि मात्र संसार चक्रबाट छुटकारा पाउँछ । जो निवृत्तिपरायण छ त्यो विषय भोगमा वैराग्य लिन्छ र भन्छ कि संसार मिथ्या हो र दुःखदायी हो, यसबाट कसरी पार होऊँ । यस्ता मानिसलाई क्रमले ज्ञान र विज्ञान प्राप्त हुन्छ । एकथरी पशुधर्मा मनुष्य हुन्छ उसको ज्ञानप्राप्ति कठिन छ । शास्त्रको अर्थ नजानेर मनमाना आचारण गर्ने पुरुष पशुधर्मी कहिन्छ ।

सप्त ज्ञान भूमिका वर्णन

प्रथम भूमिका - शुभेच्छा :- जो संसारको भोगबाट विरत छ र शम-दम आदि ज्ञानसाधनले सम्पन्न छ, जो शुभ-अशुभ देश, काल र वस्तुको बारेमा विचार गर्छ र मर्यादापूर्वक बोल्छ, यस्तो मानिस सत्‌शास्त्र र ब्रह्म विद्याको बारम्बार अभ्यास गर्छ, उसको बुद्धि शुक्ल पक्षको चन्द्रमा झैं बढदै जान्छ । त्यो पवित्र तीर्थस्थानको भ्रमण गर्छ, सन्तजनको सेवा टहल गर्छ र सबैसित मित्रता राख्तछ । त्यो अज्ञानीको संगत गर्दैन, स्वर्ग आदिको कामना पनि गर्दैन, केवल आत्मपरायण हुन्छ, सज्जन र शास्त्रको वचनमा दृढ विश्वास गर्छ । जसमा यी गुणावली छन् त्यसालई प्रथम भूमिका

प्राप्त भएको छ भनी जान । जो पापरूपी सर्पलाई मयूर समान भएर नष्ट गर्छ त्यो सन्तजन, सत्शास्त्र र धर्मरूपी मेघलाई गर्दन उठाएर हेर्छ र प्रसन्न रहन्छ । यसको नाम शुभेच्छा हो ।

द्वितीय भूमिका - विचारणा :- यस भूमिकाको लक्षण यो हो कि मानिस सत्शास्त्र र ब्रह्मविद्याको विचार गरेर उसमा दृढ भावना गर्छ । जसले विचाररूपी कवच पहिरेको छ उसलाई कुनै शस्त्र-अस्त्रले घाउ लगाउन सक्तैन । इन्द्रियरूपी चोरको हातमा इच्छारूपी बरछी रहन्छ त्यसले विचाररूपी कवच पहिरेको मानिसलाई छुन सक्तैन ।

इन्द्रियरूपी सर्पमा तृष्णारूपी विष रहन्छ त्यसले मूर्खलाई मारिदिन्छ । विचारवान् पुरुष इन्द्रियका विषयलाई नाश गरेर सबैतिरबाट उदासीन रहन्छ र बल गरेर पनि दुर्जनको संगत त्याग्दछ । उसमा दया, सन्तोष आदि शुभ गुण रहन्छन् र दम्भ, गर्व, लोभ, मोह आदि निषिद्ध गुण रहँदैनन् । जस्तो सर्प काँचुली त्यागेर शोभित हुन्छ त्यस्तो विचारवान् पुरुष इन्द्रियका विषयलाई त्यागेर शोभमान हुन्छ । उसमा क्रोध हुँदैन, कदाचित् क्रोध आए तापनि क्षणमात्र रहन्छ, हृदयमा स्थिर भएर रहँदैन । ऊ खान, पान, लेन, देन आदि कर्म विचारपूर्वक गर्छ र सर्वदा शुभ मार्गमा विचरण गर्छ । सन्तजनको संगत र सत्शास्त्रको अर्थ विचार गरेर बोध बढाइरहन्छ र तीर्थमा स्नान गरेर काल व्यतीत गर्छ । यो हो दोस्रो भूमिका ।

तृतीय भूमिका - तनुमानसा :- यस भूमिकामा स्थित पुरुषको हृदयमा श्रुति र स्मृतिको अर्थ राम्ररी घुस्तछ र शुभ गुणावली प्राप्त हुन्छन् । ऊ पुष्पशय्यालाई सुखदायी मान्दैन, बरु वन र कन्दरामा बस्न रुचाउँछ । तलाउ वा नदीमा स्नान गरेर शुभस्थानमा बस्न रमाउँछ । देहलाई तपस्याद्वारा क्षीण तुल्याउँछ । धारणाभ्यासद्वारा चित्तलाई अन्यत्र जान दिँदैन । आत्माको भावना र ध्यान गर्दै भोगबाट निवृत्त हुन्छ । देहमा जो अहंकार छ त्यसलाई उपाधि संझेर त्याग गर्दछ । जस्तो पशु विष्ठायुक्त तृणलाई त्याग्दछ त्यस्तो देहको अहंकारलाई त्याग्दछ र वन, कन्दारामा बसेर फलाहार गर्छ । सन्तजनको सेवाटहल गरेर दिन बिताउँछ र सदा असङ्ग रहन्छ । यो तेस्रो भूमिका हो ।

(११३) तृतीय भूमिका-विचार

वसिष्ठले भन्नुभयो, हे राम ! ब्रह्मविद्याको विचार गरेर त्यसको अर्थको निरन्तर भावना गर्नु र पुण्यकर्म सम्पादन गर्नु - यो नै हो ज्ञानको साधन । अनिच्छितरूपले भोग्य वस्तु सुगन्ध, चन्दन, अप्सरा आदि, प्राप्त भएमा पनि तिनको आदर गर्दैन र परस्त्रीलाई मातृसमान ठान्दछ । परधनलाई लोष्टवत् संझन्छ । तृतीय भूमिकास्थित पुरुषका यस्ता लक्षण हुन्छन् कि ऊ सबै प्राणीका उपर दया गर्छ । आफूलाई सुख हुने कुराले अरूलाई सुख हुन्छ र आफूलाई दुःख हुने कुराले अरूलाई पनि दुःख हुन्छ - यस्तो जानेर अरूलाई दुःखपीडा दिँदैन । सत्शास्त्रको अभ्यास गरेर सदा असंग रहन्छ ।

हे राम ! असंग दुई प्रकारको हुन्छ -सामान्य असंग र विशेष (श्रेष्ठ) असंग । यिनको लक्षण सुन । सामान्य असंग यो हो कि म केही पनि गर्दिन, न म कसैलाई केही दिन्छु र न कोही मलाई दिन्छ । सब ईश्वरको आज्ञा हो । ईश्वर जसलाई धन दिन चाहनुहुन्छ उसलाई दिनुहुन्छ र जसको

धन लिन चाहनुहुन्छ उसको लिनुहुन्छ । जो कुछ दान, धर्म, तपस्या र यज्ञादि गर्छ त्यो सब ईश्वरार्पण गर्छ र आफूमा अभिमान राख्तैन । सारा कुरा ईश्वरको शक्तिबाट हुन्छ - यस्तो जानेर धर्ममा स्वाभाविक चेष्टा गर्छ । भोगलाई महा आपद्रूप र अर्थलाई अनर्थरूप सम्झन्छ । संयोग वियोगपर्यवसायी हो भनी जान्दछ ।

तृतीय भूमिकामा स्थित पुरुष यस्तो हुन्छ कि ऊ सबै पदार्थ परिणामी र नाशवान् हुन् - यस्तो जानेर कसैको इच्छा गर्दैन । सम्पूर्ण विश्वका ईश्वर जो परमात्मा हुनुहुन्छ उहाँ जसलाई सुख दिनु छ उसलाई सुख दिनुहुन्छ र जसलाई दुःख दिनु छ उसलाई दुःख दिनुहुन्छ । आफ्नो हातको कुरा केही छैन । गर्ने र गराउनेवाला ईश्वर नै हुनुहुन्छ । म न कर्ता हुँ, न भोक्ता हुँ, न वक्ता हुँ - सबै कुरा ईश्वरको सत्ताले हुन्छ । यसरी निरभिमान भएर पुण्य कर्म गर्छ । यो हो सामान्य असंग । यस्ता पुरुषका वचन अमृतसमान आनन्ददायी हुन्छन् । जहाँसम्म हस्तामलकवत् आत्मसाक्षात्कार हुँदैन त्यहाँसम्म सन्तजनको उपदेशमा अभ्यास गरिरहनुपर्छ ।

विशेष असंगवाला पुरुषको लक्षण यस्तो हुन्छ कि ऊ भन्छ - न म केही गर्छु, न गराउँछु । म केवल आकाशरूप आत्मा हुँ । न ममा गर्नु छ, न गराउनु छ । न कोही अर्को छ, न मेरो कोही छ । म केवल आकाशरूप अद्वैत आत्मा हुँ ।

हे राम ! ऊ भित्र बाहिर कुनै पदार्थ देख्तैन र निर्वासनिक, अज, अविनाशी, शब्दार्थरहित केवल शून्य आकाशमा स्थित हुन्छ । चित्तरहित चैतन्यस्वरूपमा अवस्थान गर्नुलाई श्रेष्ठ असंग भनेको छ । उसको चेष्टा देखिन्छ तापनि भित्र हृदयमा पदार्थको भावना बिलकुल हुँदैन । जस्तो जलमा कमल हुन्छ तर जलदेखि माथि रहन्छ त्यस्तै कर्म गरेको देखिन्छ तापनि ऊ असंग रहन्छ । उसमा यस्तो होस, उस्तो होस् भन्ने कामना रहँदैन किनभने उसले संसारको अभावको निश्चय गरिसकेको छ र ऊ सर्वकलनाले रहित छ । उसको आत्मादेखि भिन्न कुनै पदार्थको सत्ता फुर्दै फुर्दैन - यो हो श्रेष्ठ असंग । कुनै काम गर्नुबाट उसको कुनै अर्थ सिद्ध हुँदैन र नगर्नुबाट कुनै हानि हुँदैन । ऊ सर्वदा असंग रहन्छ र संसारमा कहिले पनि डुबदैन, किनकि ऊ संसार-समुद्रबाट पार भएको छ, उसले अनात्मामा आत्मभावना त्यागेको छ, अहंभावको त्याग गरेको छ ।

हे राम ! यो तेस्रो भूमिका ज्ञानको निकटवर्ती छ र विचारवान् पुरुष यी भूमिकाहरूमा स्थित भएर बुद्धिलाई बढाइरहन्छ । किसानले जल-सेचन गरेर बिरुवा बढाए झैं ऊ विचाररूपी जलले बुद्धिरूपी बिरुवालाई बढाउँदै जान्छ । यसैगरी फेरि चतुर्थ भूमिका प्राप्त हुन्छ र अहंकार, मोह आदि शत्रुबाट रक्षा हुन्छ । यस भूमिकामा मानिस ज्ञानवान् हुन्छ । बुद्धिरूपी लहरा बढदै गएपछि ज्ञानरूपी फल लाग्छ । ज्ञानोत्पत्तिको अनन्तर पनि उसमा जो क्रिया देखिन्छ त्यसमा उसको अभिमान हुँदैन जस्तो शुद्ध मणिले प्रतिबिम्ब ग्रहण गर्छ तापनि उसमा रङ्ग चढ्दैन ।

(११४) विश्ववासनारूपवर्णन

रामले प्रश्न गरे, हे भगवन् ! जो ज्ञान भूमकिामा आरूढ भएको छैन, केवल प्रवृत्तिमार्गमा लागेको छ उसको कदाचित् ज्ञानोत्पत्ति हुन्छ कि हुँदैन ? जसको प्रथम, द्वितीय वा तृतीय

भूमिकामा शरीर छुट्यो, स्वर्गको कामना पनि छैन, आत्मसाक्षात्कार पनि भएको छैन उसको के गति होला ?

वसिष्ठले भन्नुभो, हे राम ! विषयी मानिसको ज्ञान प्राप्त हुनु कठिन छ । वासनाले गर्दा अज्ञानी घटीयन्त्र झैं कहिले स्वर्ग कहिले पाताल गर्दै घुमिरहन्छ र दुःख पाउँछ । कदाचित् अकस्मात् सज्जनको संगत प्राप्त भएर सत् शास्त्रको श्रवण गर्ने वासना फुऱ्यो भने वैराग्य उत्पन्न हुन्छ र बुद्धि निवृत्तिमार्ग तिर लाग्छ तब भूमिका आरोहणक्रमले ज्ञान प्राप्त गरेर मुक्त हुन्छ ।

हे राम ! पहिलो अथवा दोस्रो भूमिकामा शरीर छुट्यो भने फेरि जन्म हुन्छ र पूर्व संस्कार जागृत भएर आउँछ र बीजबाट वृक्षको अंकुर बढदै गए झैं उसको अभ्यास बढदै जान्छ र ज्ञान प्राप्त हुन्छ । जस्तो पहलमान व्यायाम गरेर रातमा निदाउँछ र जागेपछि संस्कार जागेर आउँछ र फेरि व्यायामको अभ्यास गर्नलाग्छ त्यस्तो भूमिकाच्युत पुरुष पनि जन्मान्तरमा पूर्व संस्कार उद्‌बुद्ध भएपछि ज्ञानाभ्यासमा लाग्छ र ज्ञानप्राप्त गरेर मुक्त हुन्छ । जसको मलाई यस्तो विशेषता प्राप्त होस् भन्ने कामना रहन्छ त्यसको फेरि जन्म हुन्छ । ज्ञानीको भोगेच्छा हुँदैन, अतएव विशेषता प्राप्त गर्ने इच्छा पनि हुँदैन, त्यसो हुनाले ज्ञानीको फेरि जन्म हुँदैन । जस्तो भुटेको बीज उम्रदैन त्यस्तो वासनारहित ज्ञानीको जन्म हुँदैन ।

वासना नै हो जन्मको कारण । जस्तो जस्तो वासना हुन्छ त्यस्तै त्यस्तै अवस्था जीवले प्राप्त गर्छ । वासना अनेक प्रकारको हुन्छ । अन्तकालमा जुन वासना प्रबल हुन्छ त्यस्तै जन्म हुन्छ । जीवनभर जस्तो अभ्यास गरेको छ अन्तकालमा त्यस्तै वासना खडा हुन्छ । मृत्युपछि एक मुहूर्तसम्म जडता प्राप्त हुन्छ, त्यसपछि चेतनता खुलेर आउँछ, अनि वासना अनुसार शरीर प्राप्त गरेको देख्छ र ठान्दछ कि म यस ठाउँमा जन्मेको छु, मेरा माता पिता यी हुन्, कुल यो हो ।

एक मुहूर्तपछि जीव परलोक र यमराजका दूतहरूलाई देख्छ र ठान्दछ कि यिनीहरू मलाई लिन आएका हुन् । छोराहरूले पिण्ड दिएका छन् । पिण्डबाट हाम्रो शरीर बन्यो । अब दूतहरूले लिएर जान्छन् । त्यसपछि जीव धर्मराजको नजीकमा पुग्छ । त्यहाँ पाप र पुण्य मूर्तिवान् भएर खडा हुन्छन् । धर्मराजले उसको पाप पुण्य सोधनु हुन्छ र पुण्यवान्लाई स्वर्गमा र पापीलाई नरकतिर पठाइदिनु हुन्छ, फेरि सर्प, मृग आदि नाना जन्म लिन्छ । कदाचित् मनुष्यजन्म प्राप्त गर्छ । गर्भबाट निक्लेपछि जान्दछ कि म बालक हुँ, युवक हुँ र वृद्ध हुँ । त्यसपछि मरण प्राप्त हुन्छ र सर्प, मृग, पक्षी आदि योनिमा जन्म लिन्छ । यस प्रकार अज्ञानी जीवको वासना अनुसार जन्म, मरण भई नै रहन्छ । वासना अनुसार नै कहिले देवशरीर प्राप्त गरेर विमानमा चढेर हिंड्छ ।

हे राम ! जो यतिका विस्तार गरियो, वास्तवमा त्यो केही बनेको छैन, केवल अद्वैत आत्मा विद्यमान छ । चित्तका साथ संयोगले जीव यसरी नाना भ्रम देख्तछ । यसकारण चित्तलाई स्थिर गर तब भ्रम मेटिन्छ र आत्मतत्त्वमात्र शेष रहन्छ, जो शुद्ध र आनन्दरूप छ, उसैमा स्थित होऊ ।

(११५) सृष्टिनिर्वाणैकताप्रतिपादन

वसिष्ठले भन्नु भयो, हे राम ! यो प्रवृत्तिमार्गको क्रम बताइयो । अब निवृत्तिमार्गको क्रम सुन । जसको भूमिका प्राप्त भयो तर आत्मपद प्राप्त भएको छैन उसका सम्पूर्ण पाप भस्म हुन्छन् । त्यसवेला जब उसको शरीर छुट्छ तब एकछिन शून्याकारमा स्थित हुन्छ । अनि आफ्नो शरीर देख्छ र विशाल परलोक देख्छ । विमानमा चढेर स्वर्गमा जान्छ र स्वर्गको सुख भोग्छ र लोकपालहरूको रमणीय नगरमा विहार गर्छ । त्यसपछि मनुष्यजन्म प्राप्त गरेर पूर्वाभ्यास अनुसार भूमिकामा लाग्छ । जस्तो बटुवा सुतेर उठेपछि फेरि आफ्नो बाटो तय गर्न लाग्छ त्यस्तै ऊ पनि भूमिका पार गर्न लाग्छ । ज्ञान नभएसम्म संसारतिर भटकिरहन्छ । जब आत्मातिर उन्मुख हुन्छ तब संसार-भ्रम मेटिन्छ ।

यो संसार संकल्पले रचेको हो । प्रतिजीवको आ-आफ्नो सृष्टि भासित हुन्छ । देवता, दैत्य, भूलोक, स्वर्ग सब संकल्पले रचेको हो । ब्रह्मा, विष्णु र रुद्रदेखि लिएर तृणपर्यन्त सब संसार मनोमय हो, मनको संकल्पबाट उत्पन्न भएको हो, त्यसो हुनाले असत् हो । सब सृष्टि परस्पर अदृष्ट छ । कतै सृष्टिको उदय भइराखेको छ भने कतै लय भइराखेको छ । जीव देहत्याग गरेर इहलोक र परलोकमा आउनु, जानु गरिरहन्छ, तर स्वरूपस्थितिमा जानु, आउनु, अहं, त्वं आदि कुनै कल्पना छैन, केवल सन्मात्र आफू आफैमा स्थित छ ।

यो सारा विश्व आत्मस्वरूप नै हो । मणिको चमक झैं विश्व आत्माको चमत्कार हो । जो कुछ देखिन्छ सब आत्मा नै हो । हे राम ! जो कुछ देख्छौ, सुन्छौ, स्पर्श गर्छौ, सुगन्ध लिन्छौ त्यो सब आत्मा नै हो भनी जान र सबैको साक्षी, अनुभवस्वरूप आत्मामा स्थित होऊ ।

प्रतिजीवको जो सृष्टि छ, आफू नै त्यो त्यो रूपमा विवर्तित भएको छ । त्यसकारण आत्मादेखि भिन्न केही छैन जब अहंकारलाई छोडेर स्वरूपमा स्थित हुन्छौ तब विश्व कहिं पनि छैन । त्यसकारण, पदार्थ छ, छैन, यस्तो भावनालाई त्यागेर तुरीय पदमा स्थित होऊ ।

(११६) विश्वाकाशैकता प्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! यो सृष्टिको स्वरूप संकल्पमात्र हो र संकल्प आकाशरूप (आत्मरूप) हो । जस्तो पवन र स्पन्दनमा भेद छैन त्यस्तो आकाश र स्वर्गमा कुनै भेद छैन । सृष्टिमा अनेक पदार्थ छन् तर संकल्परूप भएकोले एकले अर्कोलाई बाधा गर्दैन । वास्तवमा विश्व पनि आत्माको नै चमत्कार हो र आत्मरूप हो । जब सबै आत्मरूप हो तब राग, द्वेष केमा गर्नू ? चेतन धातुमा कोटी ब्रह्माण्ड स्थित छन् तर आश्चर्य छ कि आत्मामा केही छैन । भिन्न भिन्न संवेदनले नाना पदार्थ भासित हुन्छन् । प्रतिजीवको आफ्नो आफ्नो सृष्टि छ । कुनै सृष्टिको रूप एकै प्रकारको देखिन्छ त कुनै सृष्टिको रूप भिन्न प्रकारको पाइन्छ । जस्तो धूलाको कण अनेक छन् ता पनि धूलोरूपले एकै छन् त्यस्तो नाना सृष्टि संकल्परूपले एकै छन् । सब त आत्माकै चमत्कार हो, चिदाकाशरूप आत्मादेखि भिन्न केही छैन ।

यस संसारमा सत्य भन्नु, असत्य भन्नु सब स्फुरणमात्र (संकल्पमात्र) हो । आत्माको अपेक्षाले सबै मिथ्या हो । स्वप्नमा कुनै पदार्थ सत्य र कुनै असत्य मानिन्छन् तर संकल्परूप भएकोले सबै मिथ्या हुन् । सत्य र असत्यको पनि कुनै ठोस परिभाषा छैन । जो इन्द्रियको विषय हुन्छ त्यो सत्य मानिन्छ र आकाशकुसुम, शशश्रृङ्ग आदि असत् मानिन्छन्, तर आत्मादेखि भिन्न केही छैन । आत्माको अपेक्षाले सबै असत्य हुन् । त्यसकारण आत्मादेखि भिन्न कुनै पदार्थ छैन ।

हे राम ! ज्ञानवान् पुरुष भूत, भविष्यत् र वर्तमान तीनै कालमा समरूपले रहन्छ । तिमी गुणातीत, निर्धर्मक परमात्मस्वरूपमा स्थित होऊ । सूर्य, चन्द्र, तारा सब आत्मा नै हो । यो विश्व शुद्ध, निर्मल आकाशरूप (परमात्मरूप) हो । जसलाई आफूदेखि भिन्न ठान्छौ त्यो मिथ्या हो, भ्रमले सिद्ध हो । परमार्थरूपले हेरेमा सब आत्मा नै हो ।

(११७) विश्वविजय

वसिष्ठले भन्नुभयो, हे राम ! यो विश्व स्वप्नसमान हो । स्वप्नमा नानाप्रकार सेना देखिन्छन् र हात-हतियार चलाएको पनि देखिन्छ तर आत्मामा यो सब मिथ्या हो । आत्मामा कुनै शब्द, अर्थ छैन । आत्मा जगद्भावले रहित छ तर जगद्रूपमा उसको भान हुन्छ । अहं-त्वं जो कुछ भासित हुन्छ त्यो सब स्वप्नवत् हो र भ्रमले सिद्ध हुन्छ । जो सबको अधिष्ठान आत्मा हो त्यो मात्र सत्य हो, अरू सब उसैमा कल्पित हुन् । अनुभवरूपले हेरेमा सबै आत्मरूप नै ठहरिन्छ । जस्तै स्वप्नका देश, काल, पदार्थ अर्थाकार भासित हुन्छ तापनि मिथ्या हो त्यस्तै यो विश्व भ्रमले प्रकट हुन्छ, त्वं-अहं आदि केही छैन, जो छ त्यो आत्मा नै छ ।

रामले सोधे, हे भगवन् ! हामी पनि त अहं, त्वं यस्तो व्यवहार गर्दै छौं, त्यसो भए हामी पनि स्वप्नसेनामा छौ कि अथवा आत्मरूपमा छौं ? वसिष्ठले भन्नुभो, हे राम ! अनात्म दोहादिमा अहंभाव गर्नु स्वप्न सेना समान मिथ्या हो र अहंकाररहित अधिष्ठान चिन्मात्रमा अहंभाव गर्नु आत्मरूप हो । तिमी आत्मरूप हौ । अधिष्ठानरूपले हेरेमा विश्व आत्मरूप हो र अधिष्ठानलाई छोडेर हेरेमा सब मिथ्या हो । त्यो अधिष्ठान शुद्ध, आनन्दरूप, चित्तरहित चिन्मात्र परब्रह्म हो। उसमा अज्ञानले दृश्य देखिन्छ । जस्तो असम्यक् दृष्टिले सिपीमा चाँदी देखिन्छ त्यस्तै आत्मामा अज्ञानी दृश्यको कल्पना गर्छ ।

हे राम ! यो दृश्य अविचारले सिद्ध छ । विचार गरेपछि कुनै वस्तु छैन । जसको आश्रयमा यो दृश्य कल्पित छ त्यो अधिष्ठान साँचो हो । जस्तो सिपीको ज्ञान भए रजतबुद्धि निवृत्त हुन्छ त्यस्तो आत्मविचारबाट विश्वबुद्धि हटेर जान्छ । जस्तो समुद्रमा वायु चलेपछि तरङ्ग, चक्र उठेको देखिन्छ तर विचार गरेमा तरङ्ग र चक्रमा जलबुद्धि नै हुन्छ त्यस्तै आत्मरूपी समुद्रमा मन उठेपछि विश्वरूपी तरङ्ग, चक्र उठ्छन् तर विचार गरेमा मन उठेकै बेलामा पनि सब आत्मरूप नै भासित हुन्छ ।

जीव आफ्नै संकल्पले आफैं बाँधिन्छ । जस्तो कुसवारी नामक रेसमको किरो आफ्नो बसने ठाउँ बनाएर आफैं त्यसमा कैद भएर मर्छ त्यस्तो अनात्मामा अहं प्रतीति गरेर जीव आफैं दुःख

पाउँछ । जीव आफैं संसारी र आफैं ब्रह्म हुन्छ । दृश्यतिर लागे संसारी हुन्छ र स्वरूपतिर लागे ब्रह्म हुन्छ । त्यसकारण तिम्रो जो इच्छा छ त्यही गर । संसारी बन्ने इच्छा भए संसारी बन, ब्रह्म हुने इच्छा भए ब्रह्म बन । मसित सोधछौ भने त दृश्य अहंकारलाई त्यागेर आत्मामा स्थित होऊ । विश्व भ्रममात्र हो, वास्तव होइन । पुरुषार्थ यही हो कि संकल्पले संकल्पलाई काट । जब बाहिरबाट अन्तर्मुख हुन्छौ तब ब्रह्म नै भासित हुन्छ र दृश्यको कल्पना मेटिन्छ किनकि यो दृश्य पहिले पनि थिएन । जो सद् वस्तु आत्मा हो उसको अनेक यत्नबाट पनि नाश हुँदैन, र जो असत्य अनात्मा हो उसको निमित्त यत्न गरे तापनि सत् हुँदैन । जो सत्य वस्तु छ उसको कदापि अभाव हुँदैन र जो असत् छ उसको भाव हुँदैन । जहाँसम्म विचार हुँदैन त्यहाँसम्म असद् वस्तु भासित हुन्छ, विचार गरेपछि नष्ट भइहाल्छ । स्वप्नको सुमेरु पर्वत सत्य भए जाग्रतमा देखिने थियो अतः त्यो छँदै छैन । यो जो संसार देखिन्छ त्यो स्वरूपको ज्ञानबाट नष्ट हुन्छ । यदि मसित सोधछौ भने त, म आत्मादेखि भिन्न केही देख्तिन । सब आत्मा नै हो । त्यसैले ज्ञानसित वा मोक्षसित मेरो कुनै प्रयोजन छैन ।

जहाँसम्म चेतना छ त्यहाँसम्म जन्म-मरण चलिरहन्छ । जब जड या निर्वाण हुन्छ तब शान्ति प्राप्त गरेर मुक्त हुन्छ । दृश्यतिर जो वासना प्रवाहित हुन्छ त्यसलाई चेतना भनेको छ, यसैबाट जीव जन्ममरणको बन्धनमा पर्छ । जब दृश्यको स्फुरणतिर जड जस्तो हुन्छ तब मुक्त हुन्छ । अहंकारसहित हुनु बन्धन हो र अहंकाररहित हुनु मुक्ति हो । आकाश, पाताल, दशै दिशा जहाँ जाऊ अहंकारको त्याग विना सुख मिल्दैन । जब आत्मदर्शी भएर हेर्छ तब सब आत्मा नै भासित हुन्छ ।

(११८) विश्वप्रमाणवर्णन

वसिष्ठले भन्नु भो, हे राम ! यो संसार संकल्पमात्र हो र तुच्छ हो । पर्वत, नदी, देश, काल सब भ्रमले सिद्ध हुन्छन् । जस्तो निद्रादोषले स्वप्नमा पर्वत, नदी, देश, काल भासित हुन्छन् त्यस्तो अज्ञान-निद्राले यो संसार देखिन्छ । जागेर हेर त, संसार छँदै छैन । त्यसैले संसार-समुद्र तर्नु अत्यन्त सुगम छ, फूल मिचनु भन्दा पनि सजिलो छ । मूर्ख मानिस साकारलाई मात्र हेर्छ, निराकारतिर उसको दृष्टि हुँदैन । जस्तो स्पन्द सहित भए पनि र निःस्पन्द भए पनि वायु नै हो त्यस्तो साकार, निराकार जे भए पनि आत्मा नै हो । सम्यक् दर्शीको लागि विश्व प्रकट हुनु वा नहुनुमा अर्थात् फुर्नु वा नफुर्नुमा आत्मानै भासित हुन्छ ।

हे राम ! सुमेरुपर्वत, नदी, आकाश, पाताल आदि अनेक ब्रह्माण्डलाई एकत्र गरेर विचाररूपी तराजुमा एकातिर राख र अर्का तिर आधा रत्ती राख, त्यो आधारत्ती भर पनि त्यो ब्रह्माण्ड बराबर हुँदैन किनकि त्यो ब्रह्माण्ड छदैछैन, भए पो तौलमा आउँथ्यो । त्यसकारण यो संसार केवल अविचारसिद्ध हो, भ्रममात्र हो ।

यो संसार केवल मनोराज्यमात्र हो, मिथ्या हो । एक सिन्को जतिमात्र पनि संसार सत्य छैन । मनको मृदु संवेग र तीव्र संवेग हुन्छ । मृदुसंवेगमा संसारलाई सत्य मान्दैन । जब तीव्र संवेग

हुन्छ तब संसारलाई सत्य ठान्दछ, तर तीव्र संवेग तथा मृदुसंवेग दुवै मिथ्या हो किनकि दुवै मनोराज्य हो, जस्तो स्वप्नबाट जागेपछि स्वप्नलाई मिथ्या र जाग्रतलाई साँचो मान्छ तर दुवै मनोराज्य हो ।

हे राम ! जति पनि आकार देखिन्छ त्यो सब मिथ्या भनी जान । न तिमी छौ, न म छु, न यो जगत् छ, परमार्थसत्ता जस्ताको त्यस्तो अवस्थित छ, उसमा अहं-त्वंको भावना छैन, ऊ केवल शान्तरूप, आकाशरूप र निराकाररूप छ । जस्तो बालक माटोमा हात्ती, घोडा, मानिस, सेना आदि नानाप्रकार संज्ञाको कल्पना गर्छ तर माटोदेखि भिन्न केही छैन त्यस्तो मनोरूप बालकले नानाप्रकार संज्ञा कल्पना गरेको छ तर आत्मादेखि भिन्न केही छैन । त्यसकारण तिमी निर्भय भएर रहू । तिम्रो स्वरूप शुद्ध, निर्भय र अविद्याको कार्यकारणले रहित छ, त्यसैमा स्थित होऊ । ब्रह्मादेखि स्थावरपर्यन्त सब कलनामात्र हो, आस्था गर्न योग्य केही छैन । अतः दृश्यको कलना त्यागेर आत्मामा स्थित होऊ ।

(११९) ज्ञानभूमिकावर्णन तथा जगत्को अभावप्रतिपादन

रामले प्रश्न गरे, हे भगवन् ! भूमिकाको प्रसंगमा जो सार कुरा बताउनु भयो त्यो मैले संझेको छु । अब फेरि भूमिकाको विस्तार बताउनुहोस् । योग भ्रष्ट पुरुष स्वर्गभोग अनन्तर जब तल खस्छ तब त्यसको अवस्था कस्तो हुन्छ त्यो पनि बताउनुहोस् ।

वसिष्ठले भन्नुभो, हे राम ! जुन योगीको भोगको इच्छा छ त्यो स्वर्गमा गएर भोग भोग्छ र त्यसपछि पनि भोगेच्छा छ भने पवित्र स्थान र धनवान्को घरमा जन्म लिन्छ । भोगको इच्छा छैन भने ज्ञानवान्को घरमा जन्म लिन्छ । केही कालपछि उसको पूर्वसंस्कारको उदय हुन्छ र आत्मातिर उन्मुख हुँदै जान्छ । जस्तो कुनै लेखक लेखता लेखतै निदायो भने बिउँझेपछि फेरि लेखन थाल्छ त्यस्तो योगी पहिलेको अभ्यासलाई प्रतिदिन बढाउँदै जान्छ । त्यो अज्ञानीको र चुकली लगाउने मानिसको संगत गर्दैन । उसका दम्भ, दर्प, राग, द्वेष, भोगको तृष्णा आदि अवगुण छुट्दै जान्छन् र स्वाभाविक रूपले कोमलता, दया आदि शुभ गुण प्राप्त हुन्छन् । यस्तो निश्चयवान् योगी वर्णाश्रम धर्मको पालन गर्दै संसार-समुद्रको पार तटको नजीक पुग्छ, तर पार लागिसकेको छैन । यो हो तेस्रो भूमिका । यसपछि उसलाई मोह हुँदैन । तेस्रो भूमिकाको पुरुष संसाररूपी खाडलमा खस्तैन ।

हे राम ! ज्ञानका सातै भूमिका ब्रह्मरूप हुन् तर भेद यो छ कि तीन भूमिका जाग्रत्‌रूप हो, चतुर्थ स्वप्न हो, पञ्चम सुषुप्ति, छैटौं तुरीय र सप्तम तुरीयातीत हो । पहिलेका तीन भूमिकामा संसार सत्य मानिन्छ त्यसैले जाग्रत् कहिन्छ । पछिल्ला चार भूमिकामा संसारको अभाव हुन्छ । त्यसैले जाग्रत्‌देखि विलक्षण भए ।

तृतीय भूमिकामा स्थित पुरुष स्थावर र जङ्गम पदार्थलाई जान्दछ र नाम र रूपले तिनको ग्रहण गर्छ, तर हृदयमा राग-द्वेष हुँदैन किनकि विचारद्वारा तिनलाई तुच्छ संझन्छ, संसारको अत्यन्त अभाव जान्दैन, किनभने उसको स्वरूपको साक्षात्कार भएको छैन । जब स्वरूपको साक्षात्कार हुन्छ तबमात्र संसारको अत्यन्त अभाव हुन्छ । यी तीन भूमिकामा संसार तुच्छ मानिन्छ

तर नष्ट हुँदैन । यी तीन भूमिकामा शरीर छुट्यो भने अर्को जन्ममा ज्ञानपरायण हुन्छ र स्वरूपको साक्षात्कार गरेर मुक्त हुन्छ ।

जब बुद्धि शुद्ध हुन्छ तब ज्ञान उत्पन्न हुन्छ । जस्तो बीजबाट क्रमशः अंकुर, शाखा, फूल, फल निकलन्छन् त्यस्तै प्रथम भूमिका ज्ञानको बीज हो, दोस्रो अंकुर हो, तेस्रो शाखा हो र चतुर्थ भूमिकामा जो ज्ञान प्राप्त हुन्छ त्यो फल हो ।

तृतीय भूमिकाको मानिस धर्मात्मा र श्रेष्ठ पुरुष कहिन्छ । उसको लक्षण यस्तो हुन्छ कि ऊ निरहंकार, असंग र धीर हुन्छ । बुद्धि विषयको तृष्णाबाट निवृत्त हुन्छ र ऊ आत्मपदको इच्छा राख्तछ । त्यो पुरुष यथाशास्त्र आचारण गर्छ । शास्त्रमर्यादा अनुरूप प्रकृत आचरणमा रहन्छ । त्यसो हुनाले त्यो श्रेष्ठ पुरुष कहिन्छ ।

रामले प्रश्न गरे, हे भगवन् ! हजूरबाट आज्ञा भयो कि जब शरीर छुट्छ तब एक मुहूर्तमा युग बितेको अनुभव हुन्छ, त्यो कसरी संभव छ, सुन्न पाऊँ ।

वसिष्ठले भन्नुभो, हे राम ! जो तीन कालसहित जगत् भासित हुन्छ त्यो सब ब्रह्मरूप हो, ब्रह्मदेखि भिन्न होइन । जस्तो मरीचमा तीक्ष्णता, तिलमा तेल हुन्छ त्यस्तो ब्रह्ममा जगत् छ । कहीं सत्, कहीं असत्, कहीं जड, कहीं चेतन, कहीं शुभ, कहीं अशुभ, कहीं मृतक, कहीं जीवित -यसरी ब्रह्मादेखि तृणपर्यन्त जगत् सत्-असत्रूपमा देखिन्छ ता पनि सबै ब्रह्मरूप हो । आत्मसत्ताले सबै सत्य हो, भिन्न देखछौ भने असत्य हो । सत्य असत्य दुबै स्फुरणरूप हो । जब स्फुरणरहित हुन्छ तब सत्, असत् दुवैको अभाव भइहाल्छ । यो विश्व भ्रमले सिद्ध हो । जस्तो जलमा वायुले भुमरी उठ्छन् त्यस्तो आत्मामा स्फुरणबाट यो संसार भासित हुन्छ । त्यसकारण तिमी यसको भावना त्यागेर स्वरूपमा स्थित होऊ ।

हे राम ! एक मुहूर्तमा कसरी युग वित्छ भन्ने प्रश्नको उत्तर सुन । जब कुनै मानिस स्वप्न देख्छ तब एक क्षणमा लामो समय बितेको भान हुन्छ, यसमा आश्चर्य केही छैन, मोह या मायाले सब कुछ सम्भव हुन्छ । जस्तो एकजना मानिस सुतेको थियो तर उसमा नानाप्रकारको जगत् भ्रमले भासित हुन्छ त्यस्तो स्वरूपको प्रमादले जीव कैयौं भ्रम देख्छ, यसमा के आश्चर्य भो ? स्वरूपको ज्ञानविना भ्रमको अन्त हुँदैन । त्यसकारण तिमी चित्तलाई स्थिर गरेर हेर, कुनै संसार प्रतीत हुँदैन, जन्म, मरण, बन्धन केही प्रतीत हुँदैन, केवल आत्मा नै भासित हुन्छ । ब्रह्मादेखि कमिलापर्यन्त सब ब्रह्म सत्ता नै हो । आत्माको आश्रयमा जब चित्त फुर्छ तब नानाप्रकार जगत् देखिन्छ । यो विश्व चित्तको चमत्कार हो । चित्त फुरे पनि, नफुरेपनि आत्मामा कुनै विकार छैन । स्फुरण र अस्फुरणमा आत्मा समरूप छ । रूपालोकमनस्कार, अर्थात् रूप (दृश्य), आलोक (इन्द्रिय) र मनस्कार (मनको वृत्ति अर्थात् स्फुरण) - यी सब कलना या कल्पना मात्र हुन्, त्यसकारण मिथ्या हुन्, आत्मामा यिनको अस्तित्व छैन ।

हे राम ! सुषुप्तिमा नै सारा जगत्को अभाव हुन्छ भने ज्ञानरूप तुरीयावस्थामा जगत्को भान कसरी हुने ? जब स्वरूपबाट तल झर्छ तब प्रमादले संसारको भान हुन्छ । जब ज्ञानद्वारा अज्ञान नष्ट हुन्छ तब संसार भन्ने शब्द र अर्थको अभाव भइहाल्छ ।

अहंकारबाट संसार उत्पन्न हुन्छ, संसारको बीज अहंकार हो। अनात्मा देहमा आत्माभिमानलाई अहंकार भनेको छ। शुद्ध आत्मा अहंकारको उत्थानले रहित केवल शान्तरूप छ। सारा पदार्थ आत्माको आश्रयमा फुरेका हुन्, आत्मादेखि भिन्न केही छैन। त्यसकारण पदार्थको भावना छोडेर आत्मस्वरूपमा स्थित होऊ।

(१२०) पिण्डनिर्णय

रामले प्रश्न गरे, हे भगवन् ! अहंकार संसारको बीज हो र पितास्थानीय हो। यो संसार अविद्यमान भएर पनि विद्यमान जस्तो भएर भासित भएको छ, त्यसैले मिथ्या हो र भ्रमरूप हो। यदि संसार भ्रमरूप हो भने श्रुति, स्मृति आदि शास्त्र अनुसार भनिन्छ कि शरीर पुत्रप्रदत्त पिण्डबाट उत्पन्न हुन्छ। पिण्डबाट उत्पन्न शरीरलाई भ्रमरूप कसरी भन्ने ?

वसिष्ठले भन्नु भो, हे राम ! मेरो भनाइ सत्य छ। ब्रह्ममा ब्रह्मत्व रहन्छ, जगत्को स्वरूप पनि त्यही हो अर्थात् जगत् ब्रह्मरूप हो। आदिमा किञ्चनरूपले जो चित्शक्तिको स्फुरण भयो त्यो नै ब्रह्मारूप बन्यो र ब्रह्माको मनोराज्य (संकल्प) संसाररूपले भासित भयो। यो आकाश हो, यो वायु हो, यो शुभ हो, यो अशुभ हो, यो सत्य हो, यो असत्य हो, यो कर्तव्य हो, यो अकर्तव्य हो इत्यादि रूपले ब्रह्माको मनोराज्य चल्यो। फेरि मर्यादा रक्षाको निमित्त शास्त्र चाहिन्छ भनेर ब्रह्माले वेदादि शास्त्रको कल्पना गर्नु भयो र यौटा नीति बन्यो। पुण्यबाट स्वर्ग र पापबाट नरक प्राप्त हुन्छ भन्ने पनि नीति बन्यो। त्यस्तै यो शरीर छुटेपछि पिण्डबाट भोगायतन शरीर बन्छ भन्ने पनि नीति बन्यो। त्यही अनुसार वासना दृढ भयो। वासना अनुसार संसारको गति हुन्छ। आदिमा जस्तो संकल्प बन्यो, कल्पपर्यन्त त्यही नियम कायम हुन्छ। मनुष्य चित्तरूपी भूमिमा जस्तो बीज रोप्छ त्यही अनुसार त्यसको गति प्राप्त हुन्छ। त्यसकारण तिमी यस्तो भावनारूप बीज रोप र सब आत्मा नै हो भन्ने भावना गर तब शुद्ध आत्मा नै भासित हुनेछ। जसको संसारको निश्चय छ उसालई संसार प्राप्त हुन्छ।

जो धर्मात्मा छ उसको त्यही अनुसार वासना बन्छ। धर्मात्मा पनि दुई प्रकारको हुन्छ - सकाम र निष्काम। जो सकाम धर्म गर्छन् तिनीहरू स्वर्गभोग गरेर फेरि खस्छन्। जो निष्काम (ईश्वरार्पण) कर्म गर्छन् तिनको चित्त शुद्ध हुन्छ र ज्ञानप्राप्ति हुन्छ - यस्तो पनि संसारमा मर्यादा छ। जस्तो निश्चय हुन्छ उस्तै संसार प्राप्त हुन्छ। पिण्डबाट शरीर बन्छ भन्ने पनि नीति निश्चित भयो। आदि नीतिमा जस्तो निश्चय भयो त्यस्तै बनिरहन्छ। परमार्थ दृष्टिमा आत्मादेखि भिन्न दोस्रो वस्तु छैन। आत्मा निराकार, केवल अद्वैतरूपमा विराजमान छ, उसमा शरीर र जगत् केही पनि छैन।

(१२१) बृहस्पतिबलिसम्वाद

वसिष्ठले भन्नुभो, हे राम ! तिम्रो प्रश्नको वारेमा बृहस्पति र राजा बलिको एक इतिहास सुन। छ कल्प बितेर ब्रह्माको द्वितीय परार्धमा महापराक्रमी बलिनामक राजा थिए। उनले आफ्नो पराक्रमले स्वर्ग, मर्त्य र पाताल आफ्नो वशमा पारेका थिए। एक पटक उनको

धर्मसभामा चर्चा चल्यो कि जन्म र मरण कसरी हुन्छ । बलिले देवगुरु बृहस्पति सित प्रश्न गरे, हे ब्राह्मण ! मानिस जब मर्छ तब शरीर त भस्म भइहाल्छ, फेरि कर्मको फल कसरी भोग्छ र शरीरविना आउनु-जानु कसरी संभव हुन्छ, कृपा गरेर बताउनुहोस् ।

बृहस्पतिले भने, हे राजन् ! जीवको शरीर छैन । जस्तो मरुभूमिमा जल छैन तापनि जल देखिन्छ त्यस्तो शरीर नभईकन पनि जीवका साथ शरीर देखिन्छ, तर शरीर छैन । वास्तवमा जीवको जन्म, मरण, दुःख आदि केही छैन, ऊ सदा अच्युतरूप हो । प्रमादले गर्दा आफूमा शरीर देख्छ र भन्छ कि म दुःखी छु, म जन्मेको यतिका काल बित्यो, यी मेरी माता र यी पिता हुन्, यिनबाट म जन्मेको छु । फेरि आफूलाई मृतक भएको जान्दछ । हे राजन् ! भ्रमले यस्तो देखिन्छ । जस्तो निद्रा भ्रमले स्वप्नमा नाना कुरा देखिन्छ त्यस्तो अज्ञानले जीव आफूलाई मृतक ठान्दछ । मृत्यु अनन्तर ऊ जान्दछ कि पिण्डबाट मेरो शरीर उत्पन्न भयो, अब म सुख-दुःखको भोग गर्छु । जस्तो स्वप्नमा आकाश हुन्छ र त्यहाँ वासनाले आफ्नो साथमा शरीर देख्छ र सुख-दुःख पनि भोग्छ त्यस्तै मृत्युपछि जीव आफ्नो साथमा शरीर देख्छ र सुख-दुःखको भागी हुन्छ । परमार्थमा जीवको शरीर छैन तब जन्म-मरण कसरी हुने ?

स्वरूपको प्रमादले गर्दा जीव देहधारी जस्तो भएर स्थित भएको छ र देहसित मिलेर जस्तो भावना गर्छ त्यस्तै फलभोग्छ, वासना अनुसार जस्तो भावना हुन्छ त्यस्तै अगाडि शरीर र पाञ्च भौतिक संसार देख्छ । यसरी जीव संसारमा घुमदछ र आफूलाई जन्मेको, मरेको देख्छ । शरीरको संबन्धले गर्दा जन्मेको र मरेको जस्तो ठान्दछ । वास्तवमा आत्मा जस्ताको त्यस्तो स्थित छ, उसमा जन्म-मरण छैन । वासना अनुसार विश्व देख्तछ ।

यो संसार सत् होइन र असत् पनि होइन किनकि चलरूप भएको हुनाले सत् होइन र विद्यमान जस्तो लागेकोले असत् होइन । त्यसकारण यसको भावना नगर यो दृश्य मिथ्या हो, यसको अनुभव मिथ्या हो र यसको अनुभविता अहंकारी जीव पनि मिथ्या हो । जस्तो मरुस्थलमा देखिने जल मिथ्या हो त्यस्तो आत्मामा अहंकार र जीवभाव मिथ्या हो । जहाँसम्म शास्त्रको अर्थ मनमा स्थिर हुँदैन त्यहाँसम्म संसारको निवृत्ति हुँदैन । जब दृश्यको स्फुरण र अहंकारमा जीव पाषाण झैं जड बन्छ तब आत्मपदको प्राप्ति हुन्छ । जहाँसम्म जीव दृश्य पट्टि फुर्दछ र चेतन बनेर सावधान हुन्छ त्यहाँसम्म संसारमा घुमिरहन्छ ।

आत्माको आउनु, जानु, जन्मनु, मर्नु केही छैन । जब चेत्यका साथ चित्तको सम्बन्ध मेटिन्छ तब आनन्दरूप हुन्छ । दृश्यको नाम चेत्य हो र अहंकारसंवित्को नाम चित्त हो, जब यी दुईको संबन्ध मेटिन्छ तब जो आत्मा (आफू) शेष रहन्छ त्यो नै ब्रह्म हो र शिवपद हो, जो वाणीको अगोचर छ, तिमी त्यसैमा स्थित होऊ ।

(१२२) बृहस्पतिबलिसंवाद- समाप्ति

बलिले सोधे, हे सुरगुरु ! हजूरले भन्नु भयो कि जीव जीवित होस् वा मृतक होस् भावना अनुसार नै उसको अनुभव हुन्छ । जब जीव मृतक भयो र उसको पिण्ड आदिको भावना भएन भने तब उसको शरीर कसरी प्राप्त हुन्छ ?

बृहस्पतिले भने, हे राजन् ! पिण्डदान आदि क्रिया नहोस्, तर उसको हृदयमा भावना छ भने त्यो नै कर्मरूप हुन्छ र त्यसैबाट देह भासित हुन्छ । उसको हृदयमा भावना छैन तर कुनै बान्धवले उसको निमित्त पिण्डदान गरिदियो तब पनि उसको देह भासित हुन्छ किनकि यो पनि उसको वासनाको स्पन्दन नै हो । जसको अनात्मामा आत्मबुद्धि छ उसको कर्म भइहाल्छ । ऊ जो कर्म गर्छ त्यो चित्तरूपी भूमिमा उत्पन्न भइहाल्छ र उसको शरीरको संख्या गनेर साध्य छैन । ज्ञान नभएपछि स्वप्नमा झैं अनेक शरीर भइहाल्छन् ।

जब आफ्नो निष्किञ्चन स्वरूपलाई जान्दछ तब जीव संसारतिर जड हुन्छ । संसार नफुर्नुको नाम हो जडत्व । यस्तो जीव सारपदमा स्थित हुन्छ । जसलाई गुणहरू चलायमान गर्न सक्तैनन् त्यसले निष्किञ्चन पद प्राप्त गर्‍यो भनी जान्नू, त्यो निःसन्देह मुक्त हुन्छ ।

जहाँसम्म संसारको सत्यता चित्तमा छ त्यहाँसम्म वासना छ । वासना भएसम्म संसार छ । संसारको अभावविना शान्ति हुँदैन । स्वरूपको प्रमादले चित्त बन्यो, चित्तबाट वसना बन्यो र वासनाबाट संसार भयो । त्यसो हुनाले वासनाको त्याग गर वासना नउठेपछि निष्किञ्चनभाव हुन्छ र शान्ति प्राप्त हुन्छ । जुन युक्ति र क्रमले निष्किञ्चनरूप हुन सकिन्छ त्यही गर्नू ।

वसिष्ठले भन्नुभो, हे राम ! यसरी सुरपुरीमा असुरनायक बलिलाई सुरगुरुले जो पिण्डदानादि क्रिया बताउनु भयो त्यो तिमीलाई सुनाएँ ।

(१२३) चित्ताभावप्रतिपादन

वसिष्ठले भन्नुभयो, हे राम ! जीवित होस् वा मृतक होस् चित्तमा जुन कुराले स्पर्श गरेको छ त्यसको अनुभव समय पाएर हुन्छ, हुन्छ । चित्तमा रहेको वासनारूपी बीज अहिले प्रकट नभए तापनि समयमा विस्तृत भइहाल्छ जस्तो मयूरको अण्डमा रस छ भने बढदै गैहाल्छ । जहाँसम्म चित्त छ त्यहाँसम्म संसार छ । जब चित्त नष्ट हुन्छ तब संसारभ्रम मेटिन्छ । जस्तो जहाँ गाजल छ त्यहाँ कालो हुन्छ त्यस्तो जहाँ चित्त छ त्यहाँ वासना पनि हुन्छ । जब ज्ञानरूपी अग्निले वासना दग्ध हुन्छ तब चित्त सत्यपदमा प्राप्त हुन्छ र जीवसंज्ञा पनि निवृत्त हुन्छ ।

चित्तको उपशमको उपाय सुन जसबाट चित्तको निर्वाण हुन्छ । ज्ञानका सात भूमिकामा प्रथम तीन भूमिका बताइयो, अरू चार भूमिका बताउन बाँकी छ । प्रथम तीन भूमिका मध्ये जसको एक भूमकि मात्र प्राप्त छ भने पनि त्यो महापुरुष कहिन्छ । उसका मान मोह निवृत्त हुन्छन्, उसलाई संगदोषले स्पर्श गर्दैन । उसका सबै कामना विचारद्वारा नष्ट हुन्छन् । राग-द्वेषले रहित भएर ऊ सुख-दुःखमा सम रहन्छ । यस्तो अमूढ पुरुष अव्ययपद प्राप्त गर्छ । तृतीय भूमिकामा यी गुणहरू प्राप्त हुन्छन् र चित्त नष्ट हुन्छ तवसंसारको पनि अभाव हुन्छ ।

(१२४) चतुर्थ र पञ्चम भूमिकावर्णन

चतुर्थ भूमिका :- दृढतापूर्वक अभ्यासले जब चतुर्थ भूमिकाको उदय हुन्छ तब चित्तमा सम्यक् ज्ञानको उदय भएर अज्ञान नष्ट हुन्छ । त्यस योगीको चित्त आद्यन्तरहित, निर्विभाग चैतन्यतत्त्वमा

स्थित हुन्छ र सबलाई समरूप देख्तछ । उसको नानाप्रकार भेदभाव निवृत्त भएर सर्वात्मभाव उदित हुन्छ । उसको लागि जगत् स्वप्न जस्तो भएर भासित हुन्छ, इन्द्रियको व्यवहार पनि स्वप्नवत् हुन्छ । चतुर्थ भूमिकामा स्थित पुरुषको व्यवहार रसरहित अर्थात् रागरहित हुन्छ । ऊ सूर्य झैं आत्मरूपले स्वत: प्रकाशमान भएर रहन्छ । उसका सारा कल्पना नष्ट हुन्छन् उसको कुनै पदार्थमा पनि राग-द्वेष हुँदैन, त्यसैले ऊ संसार-समुद्रमा डुबदैन । प्रथम तीन भूमकि जाग्रत् अवस्था हो र चतुर्थ भूमिका स्वप्नावस्था हो अर्थात् उसको जगत् स्वप्नवत् भासित हुन्छ । ऊ जगत्लाई क्षण भङ्गुर नाशवान् देख्तछ र उसको द्रष्टा, दर्शन, दृश्यरूप त्रिपुटीको भावना निवृत्त हुन्छ ।

पञ्चम भूमिका :- यस भूमिकामा स्थित पुरुष जगत्लाई सुषुप्ति झैं देख्छ । जस्तो शरत्कालको मेघ नष्ट भएपछि फेरि देखिदैन त्यस्तै उसको संसारको भान हुँदैन । जस्तो कमलको खुंचिनु र फक्रनु स्वाभाविक क्रिया हो त्यस्तै उसको यत्नविना स्वाभाविक चेष्टा भइ रहन्छ । पञ्चम भूमिकाको मानिस अहंता र ममतारूप जाग्रत्देखि सुषुप्त रहन्छ र उसको लागि सम्पूर्ण भावरूप शब्द र अर्थको अभाव हुन्छ । उसको कुनै काम सकियो र कुनै गर्न बाँकी छ भन्ने यस्तो मनन रहँदैन । पशु, पक्षी, मनुष्य, देवता, राम्रो, नराम्रो इत्यादि भिन्न-भिन्न पदार्थको भावना उसको रहदैन । उसको द्वैतकलना नष्ट भएको हुनाले एक ब्रह्मसत्तामात्र भासित हुन्छ, संसार भासित हुँदैन ।

वसिष्ठले भनुभो, हे राम ! अहंतारूपी तिलबाट संसाररूपी तेल उत्पन्न हुन्छ र अहंतारूपी पुष्पबाट संसाररूपी गन्ध निक्लन्छ । अहन्ता नै हो संसारको कारण । जसको अहंकार नष्ट भएको छ ऊ इष्ट-अनिष्ट विषय प्राप्त हुँदा हर्ष र द्वेषले अभिभूत हुँदैन । म खडा छु या बसेको छु या हिंडेको छु भन्ने याद उसलाई हुँदैन । ऊ आफूलाई सर्वदा चिदाकाशरूप जान्दछ । ऊ भित्र, बाहिर, पृथिवी, जल इत्यादि केही देख्तैन र सर्वत्र ब्रह्म नै देख्छ । ऊ आफूलाई द्रष्टा, दर्शन र दृश्यको साक्षी भनी जान्दछ । ऊ अहंकारको साक्षी हो र इन्द्रियको पनि साक्षी हो । ऊ विश्वको नै साक्षी हो । उसमा कदाचित् भय, क्रोध, अहंकार, मोह आदि विकार देखिए तापनि उसको हृदयमा स्पर्श गर्दैनन् । जस्तो पक्षी आकाशमा उड्छ तर आकाशलाई स्पर्श गर्दैन त्यस्तै त्यस पुरुषलाई कुनै पनि विकारले स्पर्श गर्दैनन् । सम्पूर्ण संशय नष्ट हुन्छन् र ऊ सर्वदा स्वरूपमा स्थित शान्तरूप हुन्छ । उसका सबै संकल्प नष्ट हुन्छन् र आत्मादेखि भिन्न केही भासित हुँदैन । बाहिरबाट हेर्दा जाग्रत् जस्तो देखिए तापनि ऊ सर्वदा सुषुप्त रहन्छ ।

(१२५) षष्ठभूमिकोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! तृतीय भूमिकासम्म जाग्रत् हो र चतुर्थ भूमिकाको मानिस जाग्रत्लाई स्वप्नवत् देखतछ । पञ्चम भूमिकाको ज्ञानी संसारबाट सुषुप्त रहन्छ । षष्ठ भूमिकावाला तुरीयपदमा स्थित हुन्छ र सर्वदा अक्रिय रहन्छ अर्थात् कुनै क्रियामा बाँधिदैन । ऊ सर्वदा आनन्दरूपले रहन्छ, भिन्न भएर आनन्द भोग्दैन, किनभने ऊ आफैं आनन्दरूप हो । ऊ

केवल आफू आफैंमा स्थित रहन्छ र सर्वदा निर्वाणरूप भएर रहन्छ । यथाशास्त्र कर्म गरेको देखिन्छ तापनि उसको हृदय खालि रहन्छ, कुनै कुरामा पनि आसक्ति रहँदैन । जस्तो आकाशमा सबै पदार्थ छन् तर आकाशको कसैका साथ स्पर्श छैन त्यस्तो सबै क्रिया उसमा विद्यमान देखिन्छन् तापनि ऊ हृदयबाट कसैलाई स्पर्श गर्दैन, किनकि उसको कर्मबन्धनमा पार्ने अहंकार नष्ट भएको छ । चिन्मात्र स्वरूपमा अहंभावको उत्थान नै अज्ञान हो र त्यो दुःखदायी हुन्छ । जब अहंभाव निवृत्त हुन्छ तब कुनै कर्मले स्पर्श गर्दैन । यद्यपि ऊ विश्वलाई देख्छ तापनि वास्तवमा देखतैन, किनकि उसको सर्वत्र ब्रह्मदृष्टि विद्यमान रहन्छ । ऊ खान्छ तर खाँदैन, दिन्छ तर दिँदैन र लिन्छ पनि तर कसैबाट केही लिँदैन, हिंड्छ तर हिंडदैन ।

देश, काल, वस्तु सबै पदार्थमा उसको आत्मभाव रहन्छ । ऊ जे गर्छ त्यो अभिलाषाशून्य भएर गर्छ । उसका चेष्टा कर्तव्यरूपले होइन स्वाभाविकरूपले हुन्छन् । आकाश, पृथ्वी, सूर्य, ब्राह्मण, हात्ती, कुकूर, चाण्डाल आदि सबैमा ऊ आत्मभावले देख्छ । ऊ आकाश झैं निर्मल, शान्तरूप हुन्छ । अहंभावले रहित ज्ञानी केवल चिन्मात्रमा स्थित हुन्छ । ऊ ग्रहण-त्यागबाट अतीत, सर्वकलनारहित, निर्वाण, स्वच्छ, निर्मल आकाशरूप भएर स्थित हुन्छ । अहं-मम आदि चिद्ग्रन्थि उसको काटिएको छ । अनात्मामा आत्माभिमान नष्ट भएको छ, ऊ केवल शान्तरूप भएर रहन्छ ।

हे राम ! षष्ठ भूमिकामा स्थित पुरुषको लक्षण यस्ता हुन्छन् - ऊ संसारबाट सुषुप्त रहन्छ र स्वरूपमा सावधान रहन्छ । उसको जीवभाव निवृत्त भइसकेको छ । जस्तो घटरूप उपाधिले घटाकाश परिच्छिन्न भासित हुन्छ र जब घट भग्न हुन्छ तब घटाकाश महाकाशका साथ एक हुन्छ त्यस्तो अहंकाररूपी घट फुटेपछि सर्वत्र आत्मा नै भासित हुन्छ । एकरस ब्रह्मस्वरूपमा जो स्थिति हुन्छ त्यो वाणीको गोचर हुँदैन । ऊ आनन्द भन्दा पनि पर परमानन्दमा स्थित हुन्छ । यस्तो परमानन्द पद प्राप्त गरेर ऊ आफू आफैंबाट सुशोभित रहन्छ । जस्तो मणि भित्र बाहिर आफैं प्रकाशित हुन्छ त्यस्तो षष्ठ भूमिकाको पुरुष आफैं भित्र बाहिर सुशोभित हुन्छ र स्वरूपमा सदा सन्तुष्ट रहन्छ ।

(१२६) सप्तम भूमिका-लक्षण

वसिष्ठले भन्नुभो, हे राम ! यसपछि जब त्यो पुरुष सप्तम भूमिकामा प्राप्त हुन्छ तब आफूलाई आत्मा नै भनेर जान्दछ । उसको भौतिक दृश्य वस्तुको ज्ञान हुँदैन, केवल आत्मतत्त्वमात्र भासित हुन्छ । यो विश्व मेरो आश्रयमा फुरेको छ भन्ने ज्ञान पनि उसको हुँदैन । देहसहित होस् वा विदेह होस् उसको कहिले पनि आत्मतत्त्वबाट उत्थान हुँदैन । जस्तो आकाश आफ्नो शून्यतामा रहन्छ त्यस्तो ऊ आत्मस्वरूपमा स्थित हुन्छ र बालकले अङ्ग चलाए झैं उसको स्वाभाविक चेष्टा हुन्छ । जस्तो काठको पुतली धागोले चेष्टा गर्छ त्यस्तो प्रारब्धवेगरूपी धागोबाट उसको चेष्टा हुन्छ तर आफ्नो कुनै इच्छा रहँदैन ।

हे राम सप्तम भूमिकाको अवस्था कस्तो हुन्छ भन्ने कुरा जो त्यहाँ पुगेको छ उही जान्दछ, त्यो पद वाणीको विषय हुँदैन । जीवन्मुक्तको चित्त सत्पदमा प्राप्त भएको हुन्छ त्यो तुरीय पदमा

स्थित हुन्छ । जब चित्तको निर्वाण हुन्छ तब तुरीयातीत पद प्राप्त गरेर विदेहमुक्त हुन्छ । उसमा अहंभावको उत्थान कहिले पनि हुँदैन । त्यो शुद्ध, निर्मल, चैतन्य ब्रह्म, कालको पनि काल चिन्मात्र, अच्युत पद हो । त्यस पदमा प्राप्त भएको पुरुष वस्त्रलिखित चित्र झैं अहंभावको उत्थानले रहित हुन्छ । उसको अहं ब्रह्मको उत्थान पनि रहँदैन ।

(१२७) संसरणभाव प्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! यो जो सप्त भूमिका बताइयो त्यसबाट नै ज्ञानको प्राप्ति हुन्छ, अरू साधनबाट हुँदैन । जब मानिस ज्ञानवान् हुन्छ तब जान्नु कि उसको चित्त प्रथम भूमिकामा स्थित छ । त्यसकारण तिमी पनि भूमिकामा चित्तरूपी चरण राख, तब स्वरूपको प्राप्ति हुन्छ । तृतीय भूमिकासम्ममा सब कामना निवृत्त हुन्छन्, केवल आत्मपद-प्राप्तिको कामना बाँकी रहन्छ । त्यस अवस्थामा शरीर छुट्यो भने अर्को जन्ममा ज्ञान प्राप्त हुछ । चतुर्थ भूमिकामा पुगेर शरीर छुट्यो भने फेरि जन्म हुँदैन, किनकि जन्मको कारण इच्छा नष्ट भइसकेको छ । जो चतुर्थ भूमिकामा पुगेको छ उसको स्वरूपप्राप्ति हुन्छ तब इच्छा कसरी हुने ? जस्तो भुटेको बीज उम्रदैन त्यस्तो उसको चित्त ज्ञानाग्निले दग्ध हुन्छ र ऊ सत्य पदमा प्राप्त हुन्छ । त्यसैले उसको जन्म-मरण हुँदैन, ऊ संसारलाई स्वप्नवत् देख्तछ ।

पञ्चम भूमिका सुषुप्तिजस्तो हो र षष्ठ भूमिका साक्षीरूप तुरीय पद हो । सप्तम भूमिका तुरीयातीत अनिर्वाच्य पद हो । भूमिका बताउनुको प्रयोजन यो हो कि वासनाको त्याग गरेर अचेत्य चिन्मात्र पद प्राप्त होस् । जब परिच्छिन्न अहंभावको निवृत्ति हुन्छ तब शान्ति प्राप्त हुन्छ । आत्माको अज्ञानबाट अहंभाव हुन्छ र आत्मज्ञानबाट निवृत्त हुन्छ ।

हे राम ! संसार एक नदी हो, आधि-व्याधि तरङ्ग हुन्, राग-द्वेष साना माछा हुन्, तृष्णा ठूला माछा र अज्ञान जल हो । जीव त्यस नदीमा परेर दुःख पाउँछ । तृष्णाले जीव रूपी हात्ती बाँधिएको छ, तिमी वैराग्य र अभ्यासरूपी दाँतले तृष्णारूपी जञ्जीर काटेर सुखी होऊ । तृष्णा बडो दुःखदायी हो । तृष्णा भएसम्म सन्तको वचन हृदयमा घुसतैन । तृष्णा, अभिलाषा, इच्छा, स्फुरण, संसार - यी तृष्णाकै नाम हुन् । इच्छारूपी मेघले ज्ञानरूपी सूर्यलाई ढाकेको छ । जब विचाररूपी हावा चल्छ तब इच्छारूपी मेघ नष्ट हुन्छ र आत्मारूपी सूर्यको साक्षात्कार हुन्छ ।

महामत्ता हथिनीलाई जित्न सकेमात्र ज्ञान प्राप्त हुन्छ । त्यो हथिनी वनमा रहन्छे, उसका दुई छोरा छन् जो अनेक जीवलाई मारेर अनर्थ मच्चाउँछन् । इच्छा हथिनी हो र शरीर वन हो, त्यो मनोरूप गुफामा रहन्छे, इन्द्रियहरू उसका छोरा हुन् र संकल्प-विकल्प दाँत हुन् । त्यस हथिनीलाई जित्यो भने सारा जगत् जितिन्छ । संसृतिरूपी एक नदी छ, त्यहाँ राग-द्वेषरूपी माछा रहन्छन् । जब ती माछा नष्ट हुन्छंन् तब संसरणरूपी जल सुक्तछ । सुकृत र दुष्कृत (पुण्य र पाप) रूप दुई किनार छन्, त्यसमा चिन्तारूपी ग्राह रहन्छ, त्यस नदीका कर्मरूपी लहरीमा जीवरूपी तृण आएर भटकन्छ । यस तृष्णारूपी विषवल्लीको नाश गर । तृष्णारूपी अङ्कुरलाई घटाउनु र बढाउनु आफ्नै हातमा छ । स्फुरणरूपी जल दिए त्यो अङ्कुर बढ्दै जान्छ र नदिए घटतै जान्छ

र सुक्छ । इच्छा गर्नु बन्धन हो र निरिच्छित हुनु मुक्ति हो । मुक्तिको सरल उपाय यो हो कि आफू भन्ने वस्तु हो शुद्धचैतन्यरूप आत्मा त्यो हो निज अर्थ त्यसको भावना गर्नाले शीघ्र नै आत्मपद प्राप्त भइहाल्छ र तिम्रो जय हुन्छ । फेरि वासना रहँदैन । शरीरको स्वाभाविक चेष्टा हुन्छ, तर संकल्प-विकल्प नष्ट हुन्छन् ।

(१२८) इच्छा-चिकित्सोपदेश

रामले प्रश्न गरे, हे भगवन् ! तपाईंले भन्नुभयो कि निज अर्थको भावना गर्नाले वासना नष्ट हुन्छ र शीघ्र नै आत्मपद प्राप्त हुन्छ । चिरकालदेखि चित्तमा रहेको वासना अहिले गरिएको भावनाबाट कसरी नष्ट होला र कसरी जीवन्मुक्ति प्राप्त होला ?

वसिष्ठले भन्नुभो, हे राम ! मेरा कर्णरसायन वचन सुनेपछि तिम्रो दरिद्रता हटेर जान्छ । निज अर्थको धारणाबाट संशय नष्ट हुन्छ र आत्मपद प्राप्त हुन्छ । निज शब्दका तीन अर्थ छन् - (१) एक हो भिन्न अर्थ । पाञ्चभौतिक शरीरदेखि तिम्रो स्वरूप हो विलक्षण (भिन्न), (२) अर्को अर्थ हो विरुद्ध अर्थात् शरीर जड र तमोरूप छ र तिम्रो स्वरूप आदित्यवर्ण तमदेखि पर छ । जब तिमी 'म आत्मा हुँ र यो देहादि अनात्मा हो' भन्ने धारणा गर्छौ तब देहसित मिलेर अभिलाषा गर्नु कसरी संभव होला ? ((३) तेस्रो अर्थ हो सबको अभाव, अर्थात् न म छु न कुनै जगत् छ, यस्तो जानेपछि केको इच्छा हुने ? जब तिमी आफूलाई देहदेखि विलक्षण आत्मा भनी जान्दछौ तब अविद्याकृत तमोरूप शरीरको अभिलाषा रहँदैन ।

देह तमोरूप हो र तिमी आदित्यवर्ण - प्रकाशरूप हौ । तिम्रो र देहको संयोग हुन सक्तैन । जस्तो सूर्यमण्डलमा रात्रि देखिदैन त्यस्तै जब आफूलाई प्रकाशरूप जान्दछौ तब तमोरूप संसार देखिदैन । तब शरीरको स्वाभाविक चेष्टा हुन्छ तर तिमीमा कुनै चेष्टा रहँदैन । अर्धनिद्रितको झैं अथवा बालकको झैं अभिमानरहित चेष्टा हुन्छ । तिमीले चाहेर शरीरको सुख हुने र दुःख नहुने होइन, शरीरको जस्तो प्रारब्ध छ त्यस्तो अवश्य भइहाल्छ, परन्तु ज्ञानवान्को हृदयबाट संसारको सत्यता निवृत्त भइसकेको छ, त्यसैले इच्छा हुँदैन, स्वाभाविक चेष्टा हुन्छ । यस्तो उत्तम शरीर पाएको बेलामा पनि आत्मपद प्राप्त गर्न सकेनौ भने कहिंले प्राप्त होला ? जो आत्मपदबाट विमुख छ त्यसको वृक्षादिको जन्म हुन्छ । त्यसकारण इच्छारहित भएर चित्तलाई आत्मपदमा राख र इच्छा विना स्वाभाविक चेष्टा भइरहोस् । इच्छा नै दुःखदायक हो । जब इच्छा नष्ट हुन्छ तब ज्ञानवान् तुरीयपदमा स्थित हुन्छ । जहाँ जाग्रत्, स्वप्न सुषुप्तिको अभाव हुन्छ त्यो हो तुरीय पद ।

जब प्रपञ्चलाई मिथ्या भनी जान्दछौ तब तिम्रो कुनै पनि कर्म बन्धनको कारण हुँदैन, स्वाभाविक चेष्टा भइरहन्छ, रागद्वेष हुँदैन । जब सबको विस्मरण (बाध) हुन्छ त्यसलाई शिवपद भन्दछन् । त्यो परमपद ब्रह्म शब्द र अर्थले रहित केवल चिन्मात्र अद्वैत पद हो । त्यसपदमा अहं-ममको त्याग गरेर स्थित रहू । म हुँ र यो मेरो हो - यसैको नाम हो संसार । यसको त्याग गरेर आफ्नो स्वरूपमा स्थित होऊ । जहाँसम्म अहं-ममको संवेदन रहन्छ त्यहाँसम्म दुःख मेटिंदैन । जब यो संवेदन मेटिन्छ तब आनन्द मिल्छ । यो मेरो उपदेश हो । अब तिम्रो जस्तो इच्छा छ त्यस्तै गर ।

(१२९) कर्मबीजदाहोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! अद्वैत आत्मा - जसलाई एक या दुई भन्न सकिदैन - आफ्नो स्वभावमा स्थित छ । अन्त:करणचतुष्टय र बाह्य पदार्थ सब चेतनमात्र हो, आत्मादेखि भिन्न केही छैन । रूप, इन्द्रिय, मनको स्फुरण, देश, काल सब आत्मरूप नै हो । जस्तो बालक माटाका सेना बनाएर हात्ती, घोडा, राजा, प्रजा आदि नाम राख्छ त्यो सब माटो नै हो - भिन्न केही छैन त्यस्तो अहं-मम आदि पनि सब आत्मरूप हो । जस्तो माटोमा हात्ती, घोडा आदि नाम कल्पित छ त्यस्तै आत्मामा जगत् कल्पित छ - आत्मादेखि भिन्न केही नफुरोस् । रूप, आलोक र मनस्कार यी सब शिवरूपी मृत्तिकाका नाम हुन् । अहं-मम आदि पनि चिदाकाशदेखि भिन्न केही होइन, - यस्तो जानेर संवेदनरहित शिला झैं नि:सङ्ग भएर रहू ।

रामले सोधे, हे भगवन् ! यो असंगता निष्कर्मले हुन्छ अथवा कर्मले ? वसिष्ठले भन्नुभो, हे राम ! तिमी नै भन कि कर्म के हो र निष्कर्म के हो, यसको कारण (बीज) के हो र यसको नाश कसरी हुन्छ र नाश भए के सिद्ध हुन्छ ?

रामले पाठ बुझाउँदै भन्नलागे, हे भगवन् ! हजूरबाट सुनेर जस्तो संझेको छु त्यही बताउँछु । कुनै वस्तुलाई नष्ट गर्नु छ भने त्यसको मूल (बीज) लाई नष्ट गर्नुपर्छ, खालि शाखा, पत्रमात्र काटेर उसको नाश हुँदैन । संसाररूपी बनमा देहरूपी वृक्ष छ, यसको बीज कर्म हो, हस्तपादादि पात हुन् । रगत श्वास र वासना रस हो र सुख-दु:ख फूल हुन् । वासनारूपी रसले यो देह-वृक्ष बढ्छ । पुत्र, कलत्र आदि तृण हुन् । इन्द्रियका छिद्र मुख हुन् जसबाट शरीरको चेष्टा हुन्छ । ज्ञानेन्द्रिय पाँच स्तम्भ हुन् । इच्छारूपी लहरा बेरिएका छन् । मन सबैलाई धारण गर्ने मूल स्तम्भ हो । पन्च प्राण यसका रस हुन् । जीव यसको बीज हो । चेत्योन्मुख चेतनलाई जीव भन्दछन् । जीवको बीज संवित् हो । संवित्‌को बीज ब्रह्म हो । ब्रह्मको बीज कुनै छैन । हे भगवन् ! सबको मूल संवित्‌को स्फुरण हो । जब यसको अभाव हुन्छ तब आत्मपद नै शेष रहन्छ ।

जहाँसम्म चित्तसित सम्बन्ध हुन्छ त्यहाँसम्म संसारमा जन्म-मरण हुन्छ । जब जीव चित्तरहित हुन्छ तब परब्रह्म हुन्छ - त्यो शिवपद अनिच्छित, शान्त र अनन्तरूप छ । चिन्मात्रमा अहंको उत्थान हुनु नै कर्मरूपी वृक्षको कारण हो । जहाँसम्म अनात्मासंग मिलेर जीव भन्छ कि "म हुँ" त्यहाँसम्म संसारको कारण रहन्छ । हजुरका वचनामृतले जो जति संझेको छु त्यति बताएँ । अब कृपा गरेर हजुरले नै बताउनु होस् ।

वसिष्ठले भन्नुभो, हे राम ! यस प्रकार कर्मको बीज सूक्ष्म संवित् हो । जहाँसम्म संवित् छ त्यहाँसम्म कर्मको बीज नष्ट हुँदैन । इच्छा, तृष्णा, अज्ञान, चित्त, ग्रहण-त्यागबुद्धि इत्यादि त्यही कर्मबीजका संज्ञा हुन् । जहाँसम्म अज्ञान छ त्यहाँसम्म इच्छा नष्ट हुँदैन र कर्म पनि नष्ट हुँदैन । अज्ञानीको इच्छा र कर्म दुवै भासित हुन्छ, त्यसैले अज्ञानी बन्धनमा पर्छ । ज्ञानवान्‌को सब ब्रह्म नै भासित हुन्छ, त्यसैले उहाँ सुखी रहनुहुन्छ । कर्ममा कर्मबुद्धि निवृत्त हुनुलाई त्याग भनेको छ, कर्मको त्याग गर्नुलाई त्याग भनेको छैन ।

अहंकार हो ठूलो उपाधि । जसको अहंकार नष्ट भएको छ त्यो कर्म गरेर पनि केही गर्दैन । जो अहंकारसहित छ त्यो चूप लागेर बसे तापनि कर्म गर्छ । अहंकारको त्याग नै सर्वत्याग हो, कर्मको त्याग सर्वत्याग होइन । सम्पूर्ण कर्मको बीजभूत अहंकारको त्याग गरेर परम शान्ति प्राप्त गर्नु नै पुरुषप्रयत्न हो ।

(१३०) अहंकार-नाशविचार

वसिष्ठले भन्नुभो, हे राम ! संवेदन हुनु नै अनर्थ हो । संवेदनको अर्थ यो हो कि जीव आफूलाई केही हुँ भनी जान्दछ । जब यो संवेदन निवृत्त हुन्छ तब आनन्द प्राप्त हुन्छ । ज्ञानीको चेष्टा अहंकाररहित स्वाभाविक हुन्छ । अर्धनिद्रित पुरुष झैं ज्ञानी आफ्नो स्वरूपमा मग्न रहन्छ । जस्तो कामी पुरुष कामको व्यसनी हुन्छ त्यस्तो ज्ञानी आनन्दरूप स्त्रीमा मग्न रहन्छ किनकि ज्ञानी निरहंकार हुन्छ । सर्वदु:खको बीज भूत अहंकार जब नष्ट हुन्छ तब आनन्द प्राप्त हुन्छ । अहंकार नै हो संसाररूपी विषवल्लीको बीज । जब अहंकारको अभाव हुन्छ तब संसारको पनि अभाव भइहाल्छ । अहंकार नै दु:खको मूल हो । संवेदन भन्नु र अहंकार भन्नु एकै हो । यस संवेदनको विस्मरण बडो कल्याणकारी हुन्छ ।

रामले सोधे, हे भगवन् ! असत्य वस्तु छंदै छैन र सत्य वस्तुको अभाव हुँदैन । फेरि तपाईं भन्नुहुन्छ कि अहंरूप संवेदनको नाश गर, यसबाट संवेदन सत् देखिन आउँछ तब यसको नाश कसरी होला ?

वसिष्ठले भन्नुभो, हे राम ! तिमीले ठीकै भनेका छौ कि जो असत्य हो त्यो छदैछैन र जो सत्य वस्तु हो त्यसको नाश हुँदैन । यो जो अहंकाररूप दृश्य तिमीलाई भासित भएको छ त्यो कहिले पनि भएको होइन, मिथ्या कल्पित हो । जस्तो डोरीमा सर्प हुन्छ त्यस्तो आत्मामा अहंकार छ । जस्तो सूर्यको किरणमा जलाभास हुन्छ त्यस्तो आत्मामा अहंकारशब्दको अर्थ फुर्छ । यो शब्द र अर्थ दुवै मिथ्या हो । आत्मामा जो म हुँ भनिन्छ त्यो कल्पित हो । आत्मा केवल शुद्ध स्वरूप छ, उसमा अहं-त्वं भन्ने शब्द र अर्थ कुनै छैन । यो अबोधले भासित हुन्छ र बोधले लीन हुन्छ । वेदनाको बोध (संवेदन) अनर्थको कारण हो । यो अबोध तमोरूप हो । जब यो निर्वाण (नष्ट) हुन्छ तब कर्मको बीज मूलैदेखि काटिन्छ ।

हे राम ! जो कर्म त्यागेर एकान्तमा बस्छ र मुखले भन्छ कि म कर्म गर्दिन, तर त्यो अहंकार-संयुक्त छ, त्यसो हुनाले कर्मको फल भोग्छ नै, किनभने अहंकारसहित भएपछि जीव फेरि कर्म गरिहाल्छ । आत्मज्ञान नभएको मानिस पुन: अनात्मासित मिलेर आफूलाई कर्ता, भोक्ता मानिहाल्छ । जो पुरुष कर्मेन्द्रियको चेष्टामा आत्मा लिप्त छैन भनी जान्दछ त्यो अकर्ता नै हुन्छ, त्यसको कर्म गर्नुबाट कुनै अर्थ सिद्ध हुँदैन र नगर्नुबाट पनि कुनै हानि हुँदैन, यस्तो पुरुष परम निर्वाणपद प्राप्त गर्छ जो वाणीको विषय हुँदैन ।

हे राम ! जो गृहस्थ छ तर अहंकारले रहित छ भने उसलाई वनवासी भनेर जान, उसको सदा एकान्त छ । जो अहंकारसहित वेषधारी बनेर वनमा बसेको छ त्यो एक खाडलबाट उत्रेर अर्को

खाडलमा परेको छ । जीव तब निष्कर्म हुन्छ जब उसको अहंवेदना नष्ट हुन्छ । यसकारण कर्मको मूललाई उखाड । अहंवेदना नै मूल हो, त्यसलाई काटनुपर्छ ।

(१३१) विद्याधरवैराग्यवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! जसको मनबाट 'म' र 'मेरो' को अभिमान निवृत्त भएको छ उसलाई शान्ति प्राप्त हुन्छ । जसको हृदयमा 'म', 'देह', 'मसंबन्धी' र गृह आदिको अभिमान छ उसलाई कहिले पनि शान्ति प्राप्त हुँदैन र शान्ति विना सुख छैन । पहिले आफू एक जना बन्छ तब जगत् हुन्छ । आफू एक जना बन्नु (अहंकार) नै अनर्थको कारण हो । जसले अहंकारको त्याग गरेको छैन उसले केही त्यागेन । कर्मको त्यागलाई त्याग भनेको छैन । हाँगा विगा काटे तापनि रूख फेरि पलाइहाल्छ, त्यस्तो कर्मको त्यागबाट त्याग सिद्ध हुँदैन । त्याग्न योग्य अहंकार नष्ट भएको छैन भने फेरि कर्म उब्जिहाल्छ । त्यसकारण अहंकारको त्याग गर तब सर्वत्यागी हुनेछौ । अहंकारको त्याग महात्याग हो । जब अहंकारको त्याग हुन्छ तब स्वप्नमा पनि संसार भासित हुँदैन । अहंकार नष्ट भएपछि कुनै भ्रम बाँकी रहँदैन । जहाँसम्म अहंकार फुरिरहन्छ त्यहाँसम्म गुरुको उपदेश लाग्दैन । शुद्ध हृदयमा मेरा वचन घुस्तछन् । जस्तो तेलको थोपा पानीमा पर्नाले फैलिन्छ त्यस्तो शुद्ध हृदयमा मेरा थोरै वचन पनि धेरै हुन्छन् ।

हे राम ! यस प्रसंगमा एक पुरातन इतिहास बताउँछु, त्यो सुन । एक समय सुमेरुपर्वतको शिखरमा बसेका चिरञ्जीवी, ज्ञानवान् काक भुशुण्डिका साथ मेरो सम्वाद भएको थियो । उनीसित मैले प्रश्न गरें कि हे चिरञ्जीवी काक ! तपाईंले यस्तो कुनै पुरुषलाई देखनु भएको छ, जो लामो आयु भएर पनि ज्ञानशून्य छ । भुशुण्डिले भने, हे वसिष्ठजी ! एक विद्याधर थियो । उसको आयु लामो थियो । उसले धेरै विद्या जानेको थियो । ऊ धेरै सत्कर्म गर्थ्यो । उसले असंख्य भोग भोगेको थियो र चार युगसम्म जप, तप, नियम आदि धेरै कर्म गऱ्यो, तर उसका कर्म सकाम थिए । अन्तमा उसलाई विषय भोगबाट वैराग्य भयो, तब लोकालोक पर्वतमा गएर उसले विचार गऱ्यो कि यो असार संसारबाट कसरी छुटकारा लिऊँ । यहाँ बारम्बार जन्म-मरण भइरहन्छ । यहाँ कुनै पदार्थ सत्य छैन, केको आश्रय लिनू ? यस्तो विचार गरेर त्यो विद्याधर मकहाँ आयो र दण्डवत् प्रणाम गऱ्यो । मबाट पनि उसको आदर सम्मान भयो । हात जोडेर उसले भन्यो, हे भगवन् ! मैले धेरै कालसम्म विषयको भोग गरें, अनेक रमणीय स्थानको भ्रमण गरें । कल्पवृक्षले सुशोभित चित्ररथ नामक कुबेरको उद्यानमा धेरै काल रहें, विद्याधरको स्वर्गमा बसें । इन्द्रको नन्दन बगैंचामा सुवर्णमय गुफामा अप्सराहरूका साथ पनि रहें । सहस्रवर्षपर्यन्त उनीहरूको सौन्दर्य हेरेर मुग्ध भएँ । पाँचै इन्द्रियका विषयको भोग भयो, तैपनि तृप्ति भएन, शान्ति प्राप्त भएन, म दुःखी छु । हे भगवन् ! तपाईंको शरणमा आएको छु । तपाईं ज्ञानवान् हुनुहुन्छ । कसरी मेरो दुःखनाश होला र शान्ति प्राप्त होला, त्यस्तो उपाय बताउनुहोस्, त्यसको लागि कष्ट उठाउन परे पनि तयार छु । कृपा गरेर मेरो उद्धार गर्नुहोस् ।

(१३२) विद्याधरलाई भुशुण्डको उपदेश

भुशुण्डले भने, हे वसिष्ठजी ! जब विद्याधरले यसप्रकार प्रार्थना गरे तब मैले भनें, हे विद्याधर ! तिमी धन्य छौ । अब तिमी जाग्यौ । तिमीलाई अन्धकूपबाट बाहिर निक्लने इच्छा भयो, अब निक्लनेछौ । मेरो उपदेशलाई सत्य जानेर ग्रहण गर । मेरा वचनमा संशय नगर । म तिमीलाई सार कुरा बताउँछु जसबाट परमानन्द प्राप्त हुनेछ ।

इन्द्रियजन्य सुख आगमापायी भएको हुनाले दु:खरूप नै हुन्छ । तिमी जसलाई सुखरूप देख्छौ त्यसको त्याग गर, तब परम सुख प्राप्त हुनेछ । सर्वदु:खको मूल अहंभाव हो । जब अहंकारको नाश हुन्छ तब शान्ति प्राप्त हुन्छ । संसारको बीज पनि अहंकार नै हो । यो संसार मृगतृष्णाको जल झैं मिथ्या छ । जहाँसम्म अहन्तारूपी संसारको बीज रहन्छ त्यहाँसम्म संसार नष्ट हुँदैन । जब अहंकाररूप बीज नष्ट हुन्छ तब संसार पनि निवृत्त भइहाल्छ । यो संसारवृक्ष मिथ्या भ्रममात्र हो र असत्य भईकन पनि सत्य जस्तो देखिन्छ । यो अहंकाररूप संसारको बीजलाई निरहंकाररूपी अग्निले जलाऊ, तब संसारको अभाव हुन्छ ।

(१३३) संसाराडम्बरोत्पत्तिकथन

भुशुण्डले भने, हे विद्याधर ! ज्ञान कसरी उत्पन्न हुन्छ भन्ने कुरा सुन । वेदान्तशास्त्रको श्रवण र आत्मविचारबाट ज्ञानको उत्पत्ति हुन्छ । आत्मज्ञानरूपी अग्निले संसाररूपी वृक्षलाई जलाऊ । यो संसार पहिले थिएन र पछि पनि रहनेछैन । वर्तमानमा मनको संकल्पले भएको जस्तो देखिन्छ । जब मनको नाश हुन्छ तब संसारभ्रम मेटिन्छ । यो संसाररूपी वृक्ष अहन्तारूपी बीजबाट उत्पन्न भएको छ । यसलाई जब ज्ञानरूपी अग्निले जलाउँछौ तब फेरि उत्पन्न हुनेछैन ।

यो अहं-त्वं मिथ्या हो । यसको अभावको भावना गर, यो नै उत्तम ज्ञान हो । जब गुरुको वचन सुनेर तदनुसार पुरुषार्थ गर्छौ तब परमपद प्राप्त हुन्छ र जय हुन्छ ।

यो संसार एक आडम्बरमात्र हो । संसाररूपी महाभवनका सुमेरु जस्ता रत्नजडित विशाल स्तम्भ छन् । यसमाथि वन, पर्वत, दिशा, वेताल, देवता, आकाश र पाताल छन् । रात, दिन, भूत, प्राणी र यिनका घर चौपटखाना हुन् । यहाँ जो जस्तो कर्म गर्छ त्यो तदनुसार सुख-दु:ख भोग्छ । यस्तो जो क्रियासंयुक्त प्रपञ्च देखिन्छ त्यो भ्रमले सिद्ध छ, त्यसकारण मिथ्या हो । स्वप्नसृष्टि झैं यो सृष्टि पनि भ्रमले (अज्ञानले) भासित हुन्छ र आत्मज्ञान भए लीन हुन्छ । आत्मज्ञानद्वारा जब यो प्रपञ्च शून्य हुन्छ तब आत्मा, अनात्मा भन्नु पनि रहँदैन, पछि जो शेष रहन्छ त्यो केवल, शुद्ध, परमतत्त्व तिम्रो आफ्नो स्वरूप हो, त्यसमा स्थित भएर दृश्यको त्याग गर । न म छु, न जगत् छ - यस्तो विचार गरेर जब तिमी आत्मपदमा स्थित हुन्छौ तब तिम्रो जय हुनेछ ।

(१३४) चित्तचमत्कार

भुशुण्डले भने, हे विद्याधर ! शुद्ध चैतन्य आत्मा सबको अधिष्ठान हो । त्यो सत्तामात्र तिम्रो स्वरूप हो । त्यो सन्मात्र वस्तु अहं-त्वं भन्ने शब्द र अर्थले रहित आत्मतत्त्वमात्र हो । यस्तो सत्य

आत्मा पनि अज्ञानले असत्य झैं स्थित भएको छ । यो जडचेतनात्मक प्रपञ्च परमार्थ चैतन्यको आवरण हो, यसभित्र आत्मा लुकेर बसेको छ जस्तो समुद्रमा वडवाग्नि लुकेर बसेको छ । यही आत्मा प्रपञ्चको कारण हो, त्यो नै प्रपञ्चलाई उत्पन्न गर्छ र नष्ट पनि गर्छ । आत्मा न जड हो र न चेतन नै हो, जड, चेतन दुवैको त्याग गरेर जो शेष रहन्छ त्यो तिम्रो स्वरूप हो, त्यसैमा स्थित होऊ ।

संसार चित्तको चमत्कार हो । चित्तरूपी चित्रकारले शून्य आकाशमा विश्वरूपी पुतलीहरूको कल्पना गरेको छ । आत्मामा अज्ञानले जो विश्व देखिएको छ त्यो आत्मादेखि भिन्न होइन । त्यो शुद्ध चैतन्यलाई आकाश भनेको छ, तिमी त्यसैमा स्थित होऊ । जस्तो आकाशमा बादल हात्तीको सूँड जस्तो देखिन्छ त्यस्तो अबोधले अहं-त्वंरूप जगत् भासित हुन्छ, यसको त्याग गर र स्वरूपमा थित होऊ ।

(१३५) आत्मा र जगत्‌को अभेद

भुशुण्डले भने, हे विद्याधर ! यो स्थाबर - जडङ्गम जगत् आत्माबाट उत्पन्न भएको छ र आत्मामा नै स्थित छ । जस्तो स्वप्नको जगत् स्वप्नद्रष्टामा स्थित हुन्छ त्यस्तो यो विश्व आत्मामा स्थित छ । आत्मा कसैको कारण होइन, किनकि त्यो अद्वैत हो । तिमी त्यो पद पाउने इच्छा गर्छौ भने यस्तो निश्चय गर कि न म छु, न यो जगत् छ । यस्तो निश्चयबाट आत्मपद प्राप्त हुन्छ, जो देश, काल र वस्तुको परिच्छेदले रहित छ । सर्वत्र सर्वरूपले एक परमात्मतत्त्व नै विद्यमान छ । संकल्प नै हो कर्ता किनकि संकल्पबाट जगत् उत्पन्न हुन्छ । जब संकल्प बहिर्मुख भएर फुर्छ तब संसारको उदय हुन्छ, जब संकल्प अन्तर्मुख हुन्छ तब आत्मपद प्राप्त हुन्छ र सब प्रपञ्च उसैमा लीन हुन्छ । यसप्रकार स्फुरणबाट नै संसारका नाना संज्ञा हुन्छन्, तर स्वरूपमा केही पनि छैन । यो संसार न सत्य हो, न असत्य हो, न स्वतः उत्पन्न भएको छ, न अन्यबाट उत्पन्न भएको छ । यो सब कलनामात्र हो । यहाँ अहं, त्वं भन्ने केही छैन, सब बालकको वेताल झैं भ्रममात्र हो ।

अहं, त्वं नष्ट भएर जुन सत्ता शेष रहन्छ त्यो नै आत्मपद हो । संकल्पले नानाप्रकार जगत् भासित भएको छ, तर आत्मादेखि भिन्न केही छैन । संकल्पसित मिलेर चित्त जस्तो भावना गर्छ त्यस्तै आफ्नो रूप देखिन्छ, तर स्वरूप देखि भिन्न केही छैन । त्यसकारण अन्यको भावना छोडेर स्वरूपको भावना गर र स्वरूपमा नै स्थित होऊ । जसको हृदयमा चिन्मात्रको भावना छैन त्यो मूर्खलाई के बताउनु ? जस्तो मरुस्थलको जल भ्रममात्र हो त्यस्तो जगत् कुनै वस्तु होइन । केवल अच्युत, शान्त र आत्मतत्त्व अखण्डरूपमा स्थित छ र अचेत्य चिन्मात्र रूपले विद्यमान छ । विचारदृष्टिले हेरेमा सबै ब्रह्मरूप हो । भूषणमा सुवर्ण झैं सर्वत्र सत्तासामान्य एक अद्वैत ब्रह्म नै विद्यमान छ र भिन्न भिन्न संज्ञा पनि ब्रह्म नै हो ।

(१३६) सर्वब्रह्मोपदेश

जसले आत्मपद प्राप्त गऱ्यो त्यो समदर्शी हुन्छ, उसको शरीरमा शस्त्रको वर्षा होस् अथवा अप्सराले आलिंगन गरुन् ऊ समरूपमा नै रहन्छ । भुशुण्डले भने, हे विद्याधर ! संसारबाट सुषुप्त झैं रहन नसकेसम्म आत्मपदको अभ्यास गरिरहनु पर्छ । अभ्यासबाट नै आत्मपद प्राप्त हुन्छ । ज्ञानीलाई शरीरको सुख-दुःखले स्पर्श गर्दैन । आत्मा सबैमा अनुस्यूत छ र सबैदेखि अतीत छ । आत्मज्ञान प्राप्त भएपछि अन्तःकरण शीतल हुन्छ र सबै ताप नष्ट हुन्छन् ।

हे विद्याधर ! तिमी जब निरहंकार र निःसंकल्प भएर रहन्छौ तब व्युत्थानकालमा बोध, लज्जा, लक्ष्मी, स्मृति, कीर्ति आदि जो शुभाशुभ अवस्था छन् ती सबै आत्मरूपले नै भासित हुन्छन् अर्थात् सबैमा आत्मबुद्धि रहन्छ । आत्मस्वरूपमा न कुनै दुःख छ न कुनै गुणसित मिलेको सुख छ । आत्मा केवल शान्तरूप छ । न सुख छ, न दुःख छ, न कोही कर्ता छ, न कोही भोक्ता छ, केवल ब्रह्मसत्ता आफू आफैमा स्थित छ ।

(१३७) इन्द्रोपाख्यान : त्रसरेणुजगत्-वर्णन

भुशुण्डले भने, हे विद्याधर ! जति पनि दृश्य पदार्थ देखिन्छ त्यो सब अलिकति पनि भएको होइन । आत्मा राग-द्वेषले रहित शान्तरूपमा अवस्थित छ । तिमी आत्मरूप अमृतको भावना गर, तब जन्म-मरणको बन्धनबाट मुक्त हुनेछौ । चित्तमा रागरूपी कसिंगर जमेको छ त्यसलाई वैराग्यरूपी कुच्चो (झाडु) ले झार तब चित्त निर्मल हुन्छ । जस्तो भित्तामा चित्र लेखिएको हुन्छ त्यस्तो आत्मामा जगत् भासित हुन्छ । देवता, दैत्य, मनुष्य, नाग आदि सम्पूर्ण जगत् संकल्परूपी चित्रकारको चित्रसदृश हो अर्थात् यो जगत् केवल कल्पनारूप हो, स्वरूपको विचारबाट यो निवृत्त हुन्छ । आत्मामा जो देश, काल, पदार्थ भासित हुन्छन् - यो नै अविद्या हो, पुरुषार्थद्वारा यसको अभाव गर । दिनको दुई भाग सत्संग र सत्कथा श्रवण गरेर व्यतीत गर, तेस्रो भाग शास्त्र विचार गरेर र चतुर्थ भाग आत्मज्ञानको अभ्यास(निदिध्यासन) गरेर बिताऊ । यस उपायबाट अविद्या नष्ट हुन्छ र अशब्द, अरूप पद प्राप्त हुन्छ ।

हे विद्याधर ! संसार-समुद्र तर्नको लागि अरू पनि क्रम बताउँछु, सुन । जो निर्विकार, निर्वैर पुरुष छन् यस्ता ज्ञानवान्‌को सेवा-टहल गर्नुपर्छ, यसबाट अविद्याको आधा भाग नष्ट हुन्छ । तेस्रो भाग मननबाट र चौथो भाग अभ्यास (निविध्यासन) बाट नष्ट हुन्छ । यो उपाय पनि यदि गर्न सक्तैनौ भने अर्को युक्ति सुन कि जुन पदार्थमा अभिलाषापूर्वक आसक्ति छ त्यसको त्याग गर । यसबाट अविद्याको एक भाग नष्ट हुन्छ । बाँकी तीन भाग शास्त्र विचार र स्वकीय यत्नबाट नष्ट हुन्छ । साधुसंग, सत्‌शास्त्रविचार र आफ्नो यत्न यी तीनको समकाल अभ्यास भएमा अविद्या नष्ट हुन्छ ।

हे विद्याधर ! यो त्रिजगत् मनको स्फुरण किंवा संकल्पबाट उत्पन्न भएको छ र मनको लय भए जगत् पनि लीन हुन्छ । जगत् संकल्परूप हो भन्ने कुरामा एक इतिहास सुन ।

यस जगत्मा त्रिलोकीका ईश्वर एक इन्द्र थिए। गुरुको उपदेशबाट आवरण नष्ट भएर उनी ज्ञानवान् बनेका थिए। एकपल्ट इन्द्र र दैत्यको घमासान युद्ध भयो। दैत्यको बल बढी भएको हुनाले इन्द्रको पराजय भयो। उनी भागेर गए र दशै दिशा घुमदै थिए। दैत्यहरूले पिछा गर्न छाडेनन्। इन्द्रलाई बडो अशान्ति भयो। अनि उनले अन्तवाहकरूप लिएर सूर्यको त्रसरेणुमा प्रवेश गरे। अब युद्धको वृत्तान्त भुले, तब उनले आफूलाई एक भव्य महलमा विराजमान देखे, अनि नगर, पर्वत, नदी, चन्द्र, सूर्य आदिले सम्पन्न त्रिलोक देखे। आफू त्यस जगत्को इन्द्र भएर ऐश्वर्य सम्पन्न भईकन दिव्य भोग भोगेर रहे। केही कालपछि शरीरत्याग गरेर उनी निर्वाणपदमा प्राप्त भए। त्यसपछि उनका कुन्द नाम गरेका छोरा इन्द्र बनेर राज्य गरे। उनको शेषपछि उनका छोराले राज्य गरे। यही क्रमले पिताको शेषपछि पुत्र इन्द्र बनेर राज्य गर्दै गए। त्यहीकुलमा अहिलेका हाम्रा इन्द्र राज्य गर्दैछन्। यसबाट बुझिन्छ कि जगत् संकल्पमात्र हो र त्यस त्रसरेणुमा यो सृष्टि विद्यमान छ। यसकारण जगत्लाई संकल्पमात्र जानेर त्यसको आस्था नगर।

(१३८) संकल्प र असंकल्पको एकताप्रतिपादन

भुशुण्डले भने, हे विद्याधर ! गुरु बृहस्पतिको उपदेशबाट सबै इन्द्र विदितवेद्य भएर स्थित भए। एक समय कुनै कारणवश इन्द्र कमलको तन्तुमा प्रवेश गरेर बसेका थिए। त्यहीं उनलाई ब्रह्मसाक्षात्कार गर्ने इच्छा भयो र एकान्तमा जब समाधिनिष्ठ भएर रहेका थिए तब उनको भित्र बाहिर सर्वत्र ब्रह्मदर्शन भयो र निश्चय भयो कि ब्रह्म नै पूजनीय वस्तु हो, सबै उसैको पूजा गर्छन्। केवल शुद्ध आत्मपद शब्द, रूप, आलोक र मनस्कारले रहित छ। उसका सबैतिर पाणिपाद छन्, सबैतिर उसका शिर, मुख, नेत्र र श्रवण छन्। सबैको प्रकाशक भएर पनि आफू इन्द्रियरहित, अनासक्त छ र सबैलाई धारण गर्छ। आफू निर्गुण भईकन पनि इन्द्रियसित मिलेर गुणको भोग गर्छ। सूक्ष्म भएको हुनाले त्यो दुर्विज्ञेय छ। अज्ञानीको लागि टाढा छ र ज्ञानीको लागि निकटमा छ। घट, पट, नदी, पर्वत, सूर्य, चन्द्र, देश, काल, वस्तु सब ब्रह्म नै हो, ब्रह्मदेखि भिन्न केही छैन।

यसरी इन्द्र ज्ञानवान्, जीवन्मुक्त भएर दैत्यहरूलाई पनि जितेर आनन्दपूर्वक राज्य गर्न लागे। यसबाट बुझिन्छ कि विश्वको उत्पत्ति संकल्पमात्र हो। संकल्पबाट विश्व देखिए पनि अथवा असंकल्परूपले रहे पनि एक ब्रह्ममात्र विद्यमान छ, अरू केही छैन। त्रसरेणुमा अथवा सूक्ष्म कमलतन्तुमा देखिएको विश्व संकल्पमात्र थियो, अरू केही होइन। आकाशको नीलिमा झैं यो विश्व देखिएको हो। आत्मामा विश्वको अत्यन्त अभाव छ। यो विश्व अहंभावबाट उत्पन्न हुन्छ। जब अहंको अभाव हुन्छ तब केही रहँदैन। अहं नै हो विश्वको बीज। त्यसकारण तिमी यस्तो भावना गर कि न म छु, न जगत् छ। यस्तो भावनाबाट आत्मा नै शेष रहन्छ, जो प्रत्यक्ष ज्ञानरूपले विराजमान छ। हे विद्याधर ! यो मेरो उपदेशलाई तिमी धारण गर।

(१३९) भुशुण्ड-विद्याधरोपाख्यान समाप्ति

भुशुण्डले भने, हे विद्याधर ! जब अहंको उत्थान हुन्छ तब सृष्टि भासेर आउँछ र जब अहंको अभाव हुन्छ तब विश्व केही पनि भासित हुँदैन, केवल शुद्ध आत्मा नै भासित हुन्छ । सूर्यकिरणको अणुमा प्रवेश गरेर जब अहंको उत्थान भयो तब इन्द्रले नाना विस्तारयुक्त जगत् देखेर कष्ट पाए, अहंको उदय नभएको भए उनले दुःख पाउने थिएनन् ।

हे विद्याधर ! जस्तो समुद्रमा वायु चल्दा तरङ्ग उठ्छ तापनि जलदेखि भिन्न केही छैन र वायु नचले पनि जलमात्र नै छ त्यस्तो अज्ञानले जगत् देखियो अथवा अज्ञान निवृत्त भएर जगत् देखिएन तापनि आत्मपद जस्ताको त्यस्तै छ, सृष्टि हुनु र नहुनुमा आत्मामा कुनै विकार छैन । अहं बन्नु नै अज्ञान हो । अहं बनेपछि मम पनि बनिहाल्छ । 'अहं', 'मम' को नाम हो संसार । त्यसकारण संवेदनलाई त्यागेर निर्वाणपदमा प्राप्त होऊ ।

भुशुण्डले मलाई भने कि हे वसिष्ठ ब्राह्मण ! यसरी जब मैले विद्याधरलाई उपदेश गरें तब उनी समाधिमा स्थित भएर निर्वाणपदमा प्राप्त भए । उनको चित्त क्षोभरहित भएर शान्त भयो । उनको हृदय शुद्ध थियो, त्यसैले मेरा वचनले उनको हृदयमा प्रवेश पायो । समाधिबाट उठाउन खोज्दा पनि उठेनन् । जस्तो शरीरमा आगो लागेको मानिस शीतल समुद्रमा पसेर बाहिर आउन चाहदैन त्यस्तो संसरतापबाट तप्त जीव समाधिबाट निक्लन चाहदैन । जसको अन्तःकरण शुद्ध छ उसको लागि थोरै वचन पनि धेरै हुन्छ । जस्तो तेलको थोपो पानीमा पर्दा फैलिन्छ त्यस्तो शुद्ध हृदय भएको पुरुषमा थोरै वचन पनि धेरै बनेर काम दिने हुन्छ । जसको अन्तःकरण मलिन हुन्छ उसमा वचनको प्रभाव पर्दैन । जब मैले विद्याधरलाई यसरी उपदेश गरें तब उनी शीघ्र नै आत्मपदमा प्राप्त भए किनकि उनको चित्त निर्मल थियो ।

हे वसिष्ठजी ! तपाईंको प्रश्न थियो कि जो लामो आयु भएर पनि जो ज्ञानशून्य छ त्यस्तो व्यक्ति कोही देखनुभएको छ ? यसको जबाफ मैले बताएँ । यति भनेर भुशुण्ड काक चूप लागे । हे राम ! म पनि उनलाई नमस्कार गरेर आफ्नो निवासतिर लागें ।

अल्प समयमा ज्ञान हुन्छ अथवा लामो समयमा, केही नियम छैन । ज्ञान प्राप्त हुनु हृदयको शुद्धतामा निर्भर रहन्छ । तात्पर्य हो वासनाको त्यागमा । अंब तिमी यस्तो विचार गर कि न म छु, न जगत् छ, तब केवल निर्विकल्प आत्मपद प्राप्त हुन्छ । जस्तो मलिन दर्पणमा मुख देखिदैन त्यस्तै आत्मारूपी दर्पण अहंरूपी मैलोले ढाकिएको छ, जब यसको त्याग गर्छौं तब आत्मपद प्राप्त हुन्छ र जगत् पनि आफ्नै स्वरूप भएर भास्तछ । जस्तो आकाशमा नीलिमा देखिन्छ ता पनि वास्तवमा छैन त्यस्तै जगत् प्रत्यक्ष भासित हुन्छ तापनि छैन । आत्माको प्रमादले गर्दा जगत् भासित हुन्छ । डोरीमा सर्प झैं आत्मामा जगत् मिथ्या हो । जब आत्माको ज्ञान हुन्छ तब जगत्को अत्यन्त अभाव हुन्छ र केवल आत्मतत्त्वमात्र भासित हुन्छ ।

(१४०) अहंकार-अस्तयोगोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! तिमी अहंवेदनाबाट रहित होऊ । अहंकार नै हो संसाररूपी वृक्षको बीज । वासनाबाट जो शुभाशुभ कर्म हुन्छ त्यसको फल हो सुख र दु:ख, वासनारूप अहं भावबाट त्यो विकसित हुन्छ । त्यसकारण अहंभावको निवृत्तिमा यत्न गर । जब अहं फुर्छ तब अगाडि जगत् भासित हुन्छ । जब अहंताले रहित हुन्छौ तब जगद्भ्रम मेटिन्छ । आत्मज्ञानबाट अहन्ता नष्ट हुन्छ । बोध भास्कारको उदय भएपछि अहंकाररूपी अन्धकार कहाँ गयो, पत्तै हुँदैन । अहंकार रहेसम्म दु:ख जाँदैन । जब अहंभाव नष्ट हुन्छ तब परमसिद्धिको लाभ हुन्छ । हे राम ! मेरा उपदेशको विचारपूर्वक अभ्यास गर तब संसाररूपी वृक्षको बीज जलेर जान्छ र आत्मपदको प्राप्ति हुन्छ ।

(१४१) विराडात्मवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! यो संसार संकल्पमात्रबाट सिद्ध छ र भ्रमले उत्पन्न भएको हो । आत्मामा अनेक सृष्टि छन्, तिनमध्ये कुनै लीन कुनै उत्पन्न र कुनै उडिराखेका छन्, कुनै एकत्र भएर उड्छन् त कुनै भिन्न-भिन्न भएर उड्छन्, ती सबैलाई म प्रत्यक्ष देख्तछु । सबै सृष्टि आकाशरूप अर्थात् आत्मरूप हुन् । यो विश्व कदलीस्तम्भ झैं देखनमा मात्र सुन्दर छ तर सार केही छैन ।

रामले प्रश्न गरे, हे भगवन् ! उडिरहेका सृष्टि म देखछु भन्नुभो, त्यो कसरी देखनु हुन्छ, बताउनुहोस् । वसिष्ठले भन्नुभो, हे राम ! पाञ्चभौतिक शरीरमा प्राण स्थित छ, प्राणमा चित्त स्थित छ र चित्तमा आफ्ना आफ्ना सृष्टि छन् । शरीरत्याग अनन्तर लिङ्गशरीर (वासनामय प्राण) आकाशमा उड्छ । त्यो लिङ्ग शरीरमा जो विश्व छ त्यो सूक्ष्म दृष्टिले प्रत्यक्ष भासित हुन्छ । आकाशमा स्थित रूपरहित वायु जब प्राणसित मिल्छ तब त्यसको नाम जीव हुन्छ । वास्तवमा आत्माको आउनु, जानु केही छैन तापनि लिङ्गशरीरको संयोगले आउनु, जानु, जन्म, मरण देखिन्छ । मानिस आफ्नो वासना अनुसार आत्मामा विश्व देख्छ । त्यसकारण यो सृष्टि वासनामात्र हो । जस्तो वासना हुन्छ त्यस्तो विश्व भासित हुन्छ ।

हे राम ! यो पुरुष आत्मस्वरूप नै हो तर लिङ्गशरीरसित मिलेर जीव हुन गएको छ र आफूलाई परिच्छिन्न ठान्दछ, वास्तवमा जीव हो अपरिच्छिन्न ब्रह्मस्वरूप । जस्तो घटाकाश महाकाश नै हो तर घटको खप्परले परिच्छिन्न भएको छ त्यस्तो यो पुरुष पनि आत्मस्वरूप नै हो तर अहंकारको संयोगले परिच्छिन्न भएको छ । जस्तो घटलाई एक ठाउँबाट अर्को ठाउँमा राखता आकाश त गएको आएको छैन तर गएको आएको जस्तो देखिन्छ त्यस्तै आत्मा अखण्डरूप हो, तर प्राण र चित्तको संयोगले चलेको जस्तो भान हुन्छ । जब अहंकाररूप चित्त नष्ट हुन्छ तब आत्मा अखण्डरूप भइहाल्छ । अहंकार नष्ट नभएसम्म जगद्भ्रम देखिन्छ र वासनाले जीव भट्किरहन्छ । शरीरको त्याग पछि प्राणवायुलाई साथमा लिएर जीव आकाशमा उठ्छ र प्राण

आकाशको वायुसित मिल्छ, त्यहीं वासना अनुसार सृष्टि भासित हुन्छ । जस्तो वायु गन्ध लिएर उड्छ त्यस्तै आआफ्नो सृष्टि लिएर जीवहरू उड्छन्, तिनलाई सूक्ष्म दृष्टिले म प्रत्यक्ष देखछु । स्थूल दृष्टिले लिङ्गशरीर देखिदैन । जसको सूक्ष्म दृष्टिले लिङ्गशरीर देखने शक्ति छ तर ज्ञानले रहित छ भने मेरो दृष्टिमा त्यो मूर्ख पशु नै हो ।

हे राम ! जब मनुष्य वासनाको त्याग गर्छ अर्थात् 'म छु' यस्तो अहंकारलाई त्याग गर्छ तब अगाडि विश्व देखिदैन, केवल निर्विकल्प ब्रह्म भासित हुन्छ । यो जीव शुद्ध परमात्मतत्त्व, निर्विकल्प, चिन्मात्र पद हो । उसमा जब चेत्योन्मुखत्व भयो अर्थात् अज्ञानले 'म हुँ' यस्तो चित्कला फुऱ्यो र देहका साथ संबन्ध भयो, त्यसैको नाम जीव हो । जीव वास्तवमा ठूलो, सानो, धेरै, थोरै होइन, त्यो हो केवल शुद्ध आत्मतत्त्वमात्र । शुद्धचैतन्य परमात्मतत्त्वमा जो संवित् फुऱ्यो, उसैको नाम जीव हो ।

जो परमात्मतत्त्वबाट फुरेर अरू अवस्थामा प्राप्त भएको छैन अर्थात् परिच्छिन्नताप्राप्त भएको छैन, ऊ आफूलाई सबको आत्मा भनी जान्दछ, यसैको नाम विराट् हो । उसको प्रथम शरीर मनोमात्र हो, त्यसैले ऊ राग-द्वेषरूप मलले रहित शुद्ध प्रकाशरूप अनन्त आत्मा हो । त्यो चैतन्य आत्मा मन, कर्म र देहको बीज हो, त्यो सबैमा व्याप्त छ र सबै जीवको अधिष्ठाता हो । उसैले संकल्पद्वारा यी जीवहरूलाई रचेको छ र पञ्च ज्ञानेन्द्रिय, अहंकार, मन र संकल्प यी आठ आकार धारण गरेको छ । परमार्थ रूपलाई छोडेर स्फुरणबाट जति आकार बनेका छन् तिनलाई ग्रहण गर्नुको नाम हो पुर्यष्टक । चैतन्य स्वरूप परमात्मा आफ्नो शुद्ध स्वरूपलाई न त्यागीकन अन्य रूपलाई धारण गर्नाले विराट् पुरुष कहिन्छ । त्यो विराट्ले वेद र शास्त्रहरू बनायो, अनेक नीति र नियम बनायो, एवं प्रकारले ब्रह्माण्डको रचना गऱ्यो । ईश्वर, आत्मा, विराट्, परमेश्वर इत्यादि जीवका नै नाम हुन् । जीवको वासनामय विराट् सृष्टि बनेको छ । जीवको वास्तव स्वरूप शुद्ध, निर्विकार अद्वैत हो, त्यो कहिले पनि अन्य अवस्थामा प्राप्त भएको छैन । त्यही आदि जीवबाट ब्रह्मा, विष्णु, रुद्र आदि देवता, दैत्य, आकाश, पाताल आदि त्रिलोकी उत्पन्न भयो । त्यस विराट् पुरुषका आकाश उदर, नदी नाडी र दिशा शरीर हो । वायु प्राण हो, पृथ्वी मांस हो, सुमेरु आदि पर्वत हात हुन्, तारा रोमावली हुन् । उसका हजार शिर र हजार आँखा छन्, सूर्य पित्त हो र चन्द्रमा कफ हो । विराट् पुरुषले जस्तो निश्चय गऱ्यो त्यो अहिलेसम्म त्यस्तो नै कायम छ । यो विश्वलाई देखेर पनि जसलाई प्रमाद भएको छैन त्यसको नाम हो विराट् ।

हे राम ! संवेदनलाई त्यागेर हेर, परमात्मस्वरूपदेखि भिन्न केही छैन । जस्तो बादल हटेपछि सूर्यको स्वच्छ प्रकाश भासित हुन्छ त्यस्तो जब वासना निवृत्त हुन्छ तब शुद्ध आत्मा नै प्रकाशमान हुन्छ ।

(१४२) ज्ञानबन्धुयोग

वसिष्ठले भन्नुभो, हे राम ! परमात्मा स्फुरणबाट जीवसंज्ञा प्राप्त गर्छ । हुनता स्फुरणमा पनि उही स्वरूप हो तर जीव त्यो आफ्नो स्वरूप भनेर जान्दैन र दुःख पाउँछ । जस्तो वायु चलनु र नचलनु दुवै अवस्थामा समान हुन्छ त्यस्तो आत्मा स्फुरण र अस्फुरणमा एकरस छ, कहिले पनि

परिणाम या विकारप्राप्त हुँदैन । जस्तो लाटोकोसेरो उदाएका सूर्यलाई जान्दैन त्यस्तो वासनाले घेरिएको जीव आफूलाई जान्दैन । जालमा पक्षी फसे झैं जीव मायामा फसेको छ, यसैको नाम बन्धन हो र वासनाक्षयको नाम मुक्ति हो । आफ्नो वास्तव स्वरूप अनामय र दुःखरहित छ, सत् असत् देखि पर ज्ञानरूप र आद्यन्तरहित छ । यस्तो उत्तम पद आत्म ज्ञानबाट प्राप्त हुन्छ ।

हे राम ! मैले बताएका ज्ञानका उपायको अवलम्बन गरेर तिमी ज्ञानवान् होऊ, ज्ञानबन्धु न होऊ । ज्ञानबन्धु हुनुभन्दा त बरु अज्ञानी हुनु बेस छ, किनकि अज्ञानी साधुजनको संगत र सत्शास्त्रको श्रवण गरेर ज्ञानवान् हुन्छ, तर ज्ञानबन्धुमुक्त हुँदैन । जस्तो कुनै रोगी मानिस 'म निरोगी छु' भन्छ र वैद्यकहाँ गएर औषधि गर्दैन भने त्यो रोगमुक्त हुँदैन त्यस्तो ज्ञानबन्धु 'मलाई ज्ञान प्राप्त भएको छ' भन्छ र साधुजनको संगत र सत् शास्त्रको श्रवण गर्दैन, त्यसैले त्यो अँध्यारो खाडलमा खस्छ ।

रामले ज्ञान र ज्ञानबन्धुको लक्षण सुन्न चाहेकोले वसिष्ठले भन्नुभो, हे राम ! जसले शास्त्रश्रवण गरेर जान्यो कि आत्मा नित्य, शुद्ध र ज्ञानस्वरूप छ र तीन शरीरदेखि अलग छ, यस्तो जानेर पनि आफू त्यस अनुसार बर्ताव गर्दैन र मनमा सदा विषय भोगको तृष्णा लिइरहन्छ, मलाई अमुक विषय प्राप्त होस् भन्ने इच्छा गर्छ, कर्म गर्छ तापनि फलको कामनाले गर्छ भने त्यो पुरुष ज्ञानबन्धु हो, त्यो बोधशिल्पी हो । जो मुखले शास्त्रोक्त शुभाशुभ कर्मको निरूपण गरेर वताउँछ, तर आफू फलको इच्छा राखेर कर्म गर्छ भने त्यो शास्त्रशिल्पी हो । जो आफूलाई शास्त्र जान्ने उत्तम मानिस मान्दछ, शास्त्रको व्याख्या गर्नमा कुशल छ, पढछ र पढाउँछ पनि, तर सदा विषय-चिन्तन गर्छ र विषयले बाँधिएको छ त्यो ज्ञानबन्धु हो, त्यसलाई अर्थशिल्पी पनि भन्छन् ।

हे राम ! एक प्रवृत्तिमार्ग र अर्को निवृत्तिमार्ग छ । प्रवृत्ति संसारको मार्ग हो र निवृत्ति आत्मज्ञानको मार्ग हो । जसले बाहिर हेर्दा निवृत्तिमार्ग लिएको छ तर बहिर्मुख भएर विषयतिर प्रवृत्त हुन्छ, विषयको चाहना गर्छ, विषयबाट उपरत भएको छैन, विषयमा नै सन्तुष्ट रहन्छ र ज्ञानाभ्यास गर्दैन त्यो ज्ञानबन्धु कहिन्छ । जो हृदयमा फलको कामना राखेर शास्त्रोक्त शुभकर्म गर्छ त्यो ज्ञानको निकटवर्ती हो तापनि ज्ञानबन्धु हो । जो आत्मतत्त्वको यथार्थ निरूपण गर्छ तर स्थिर छैन त्यसले ज्ञानाभ्यास गरेतापनि ज्ञानको फल पाउँदैन । जसले सिद्धि र ऐश्वर्य प्राप्त गरेको छ र आफूलाई ठूलो मानिस ठान्दछ तर आत्मज्ञानले रहित छ त्यो पनि ज्ञानबधु कहिन्छ ।

हे राम ! निदिध्यासनबाट ज्ञान प्राप्त हुन्छ र ज्ञानबाट शान्ति मिल्छ । शान्ति प्राप्त नभएसम्म आफूलाई ज्ञानी मान्न हुँदैन । मानिस ज्ञानले ठूलो हुन्छ । ज्ञान उत्पन्न नभएसम्म आत्मपरायण होऊ, अभ्यास र यत्न गर, प्राणरक्षाको निमित्त शुभ व्यवहारद्वारा जीविका चलाऊ र ब्रह्मजिज्ञासाको लागि प्राण-धारण गर । दुःखरूप संसारसागरबाट मुक्त हुनको लागि ब्रह्मजिज्ञासा गर । फेरि संसारी नहुनको लागि आत्मपरायण होऊ । जस्तो सूर्योदय भएपछि अन्धकार नष्ट हुन्छ त्यस्तो आत्मज्ञान प्राप्त भएपछि सम्पूर्ण दुःख नष्ट हुन्छन् । आत्मपद प्राप्त गर्ने उपाय यो हो कि शास्त्रको श्रवण गर्नु र त्यसको अर्थ मनमा लिएर निरन्तर अभ्यास गर्नु, दृश्यबाट उपरत हुनु अर्थात् दृश्यलाई मिथ्या जानेर विरक्त हुनु । यही उपायबाट आत्मपद प्राप्त हुन्छ ।

(१४३) सुखेन योगोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! जिज्ञासु भएर ज्ञाननिष्ठ हुनुपर्छ । 'तिमी शुद्ध चैतन्यस्वरूप हौ' भनी गुरुबाट जो श्रवण भएको थियो, त्यो अद्वितीय चैतन्यस्वरूपमा अहंप्रत्यय गरेर स्थित हुनुलाई ज्ञाननिष्ठा भनेको छ । ज्ञाननिष्ठाबाट जीव सर्वाधिष्ठान परमोच्च पद प्राप्त गरेर कृतकृत्य हुन्छ । चैतन्यस्वरूपमा स्थित भएपछि शुभाशुभ कर्मको फल राग-द्वेषले स्पर्श गर्दैन, यस्तो पुरुष ज्ञानी कहिन्छ । ज्ञानी शान्तचित्त भएर रहन्छ । उसलाई अकृत्रिम शान्ति प्राप्त हुन्छ । ज्ञानी विषयमा फस्तैन, किनकि उसको वासनाको ग्रन्थि टुटेको छ । बोध त्यो हो जसलाई पाएपछि फेरि जन्म हुँदैन । जो जन्म-मरणरहित छ त्यो नै ज्ञानी हो । जब संसारबाट विमुख हुन्छ, संसारको सत्यता भासित हुँदैन तब जान्नु कि फेरि जन्म हुँदैन, किनकि उसको संसारको वासना नष्ट भएको छ ।

ज्ञानीको वासना किन हुँदैन, सुन । संसारको कारण देखिँदैन । जो कारणबाट उत्पन्न हुँदैन त्यो सत्य हुँदैन । त्यसैले संसार मिथ्या हो । जस्तो रज्जुसर्पको कुनै कारण छैन, त्यो भ्रमले सिद्ध भएको हो, त्यस्तै यो विश्व कारणविना देखिन्छ, त्यसैले मिथ्या हो । मिथ्या वस्तुको वासना कसरी हुने ? ज्ञानीले संसारलाई मिथ्या भनी निश्चय गरेको छ । ज्ञानी आकाश झैं संसारबाट टाढा रहेको छ, त्यसो हुनाले ऊ वासनाशून्य हुन्छ । यस्तो पुरुष पण्डित कहिन्छ ।

हे राम ! यो जीव परमात्मरूप हो । जब संसारप्रति अचेतन हुन्छ अर्थात् संसारको वासनाले रहित हुन्छ तब आत्मपद प्राप्त हुन्छ । यो जीव आत्मस्वरूप नै हो, चित्तका साथ सम्बन्ध भएकोले जीवनामले कथित हुन्छ । जब चित्तलाई त्याग गर्छ तब आत्मा हुन्छ । जस्तो आँपको वृक्ष फलले सुशोभित हुन्छ त्यस्तो जब जीव आत्मपद प्राप्त गर्छ तब महाशोभाले सम्पन्न हुन्छ । ज्ञानवान् पुरुष कर्मफलको स्तुति गर्दैन अर्थात् ऐन्द्रियक विषयको चाहना गर्दैन । जस्तै जसले अमृतपान गरेको छ त्यो मद्यपानको इच्छा गर्दैन त्यस्तै जसले आत्मसुख प्राप्त गरेको छ त्यो विषय-सुखको इच्छा गर्दैन । जस्तो बन्ध्यापुत्रको काँधमा चढेर नदी पार गर्छु भन्ने मानिस महामूर्ख हो त्यस्तो संसारका पदार्थलाई लिएर मुक्त हुन्छु भन्ने मानिस महामूढ हो । जस्तो आकाशमा उडेको चील मासुको टुक्रा देखेर जमिनमा गिर्छ त्यस्तो अज्ञानी विषय देखेर त्यसमा खस्छ । त्यसकारण इन्द्रियसहित मनलाई वशमा राख र जुक्तिले अन्तर्मुख भएर आत्मपरायण होऊ । यो जो संवेदन उठ्छ त्यसको त्याग गर । जब यसको स्फुरण निवृत्त हुन्छ तब परमात्माको साक्षात्कार हुन्छ, रूप, आलोक र मनस्कार रूप त्रिपुटीको भावना हुँदैन, केवल आत्मतत्त्व नै प्रत्यक्ष भासित हुन्छ र संसारको अत्यन्त अभाव हुन्छ ।

जब स्फुरण या अहंभाव नष्ट हुन्छ तब आत्मसाक्षात्कार हुन्छ । यो जन्म, मरण, आउनु, जानु आदि विकारले युक्त प्रपञ्च प्रत्यक्ष भासित हुन्छ तापनि मिथ्या हो । जस्तो कदलीस्तम्भमा कुनै सार छैन त्यस्तो विचार गरेपछि प्रपञ्चको सत्ता रहँदैन । जस्तो स्वप्नमा मनुष्य आफ्नो जन्म, मरण, आउनु, जानु देख्छ, परन्तु त्यो सब मिथ्या हो त्यस्तै जाग्रत्को सबै व्यापार पनि मिथ्या हो । तत्त्वदर्शी ज्ञानी सबै अवस्थामा निर्विकल्प स्थितिमा रहन्छ । ऊ जन्मेको छ तापनि जन्मदैन, सब काम काज गर्छ तापनि केही गर्दैन । ज्ञानी सबलाई स्वप्नवत् सम्झन्छ, किनकि स्वरूपमा केही

पनि भएको छैन । जब आत्मपदमा जाग्छ तब सकल विकारको अभाव हुन्छ । जो इन्द्रियका विषयको चाहना गर्छ त्यो बन्धनमा पर्छ, किनकि विषयाभिलाषा दुःखदायक हुन्छ । राजा भएर पनि अभिलाषा गर्छ भने उसलाई दरिद्री भनेर जान । भोजन, आच्छादन र शयन साधारण छ तापनि ज्ञानसम्पन्न छ भने त्यसलाई चक्रवर्ती जान ।

हे राम ! जति पदार्थ छन् ती सबैबाट निराश भएर रहू । तिम्रो हृदय पाषाणजस्तो होस् । जसको हृदय कोमल र स्नेहसंयुक्त छ त्यो अज्ञानी हो । जसको हृदय पाषाणसमान स्नेहरहित छ त्यो ज्ञानी हो ।

जब संसारबाट उपरत, अन्तर्मुख र आत्मपरायण हुन्छ तब अहंकार निवृत्त हुन्छ र आत्मानै भासित हुन्छ । जस्तो वसन्त ऋतु आएपछि वृक्षका पुराना पात खस्तछन् र नयाँ पात पलाउँछन् त्यस्तो जब तिमी अन्तर्मुख हुन्छौ तब अहंकार निवृत्त हुन्छ र विभुता प्राप्त हुन्छ । अहंप्रत्ययको निवृत्ति भएपछि परम निर्वाणपद प्राप्त हुन्छ । त्यसकारण संवेदन किंवा अहंकारको त्याग गर, अन्य कुनै यत्न गर्नु पर्दैन, तिमी परम निर्वाणपदमा प्राप्त हुनेछौ । तिमीलाई मेरो यही उपदेश छ ।

(१४४) मङ्कि-वसिष्ठसमागम

वसिष्ठले भन्नुभो, हे राम ! मङ्कि ऋषि झैं तिमी पनि वासनारूपी संसारबाट तर । मङ्किको वृत्तान्त सुन । उनले उग्र तपस्या गरेका थिए । एक समय म आकाशमा आफ्नै घरमा थिएँ । तिम्रा पितामह राजा अजले आवाहन गरेकोले पृथिवीमा ओर्लेर हिंडदै थिएँ । एक भयानक शूनशान जङ्गल पार गरेर मध्यान्हको धूपमा मरुभूमिको वालुकामय तातो जमीनमा हिंडदै थिएँ । एक जना लुखुर लुखुर हिंडिरहेका तपस्वी ब्राह्मण भेटिए । तिनले भने - यो प्रखर धूपमा तातो बालुवामा हिंडदा ज्यादै दुःख पाएँ । केहीबेर सँगै हिंडेपछि पाँच-सात घर भएको यौटा धीवर (माझी) हरूको गाउँ देखियो । उनले भने - त्यो गाउँतिर जान्छु, त्यहाँ पानी पिएर रूखको छायाँमा बसदा मलाई शान्ति मिलनेछ । मैले भनें, हे पान्थ मित्र ! यी मूर्ख ग्रामवासीको संगत कदापि गर्नुहुँदैन किनकि आफैं विषयको तृष्णारूपी अग्निमा जलिरहेका छन्, तब तिनबाट तपाईंलाई कसरी शान्ति प्राप्त होला ? बरु दुलोमा सर्प भएर रहनु, मरुभूमिमा मृग भएर रहनु र पत्थरमा कीरो भएर रहनुलाई अङ्गीकार गर्नोस्, परन्तु अज्ञानीको संगत नगर्नुहोला । विषयी जनका साथ प्रेम गर्नु विषतुल्य हुन्छ । तपाईं त्यसको संगत गर्नोस् जसको संगतबाट ताप मेटिन्छ । यी अज्ञानीको संगबाट तपाईंलाई शान्ति मिल्दैन ।

हे राम ! मैले यति भनेपछि नजीकमा आएर ती बटुवाले भने, हे भगवन् ! तपाई को हुनुहुन्छ र नाम के हो ? तपाईंको वचनबाट मलाई शान्ति मिल्यो । तपाईं दिव्यतेजले सम्पन्न ज्ञानवान् महापुरुष देखिनुहुन्छ । म माण्डव्य ऋषिको कुलमा जन्मेको मङ्कि नाम गरेको ब्राह्मण हुँ । तीर्थयात्राको प्रसंगमा घरबाट निक्लेको । धेरै ठाउँको भ्रमण भयो, कतिपय भयानक स्थान पनि

देखिए, धेरै तीर्थस्थानको दर्शन भयो, तैपनि मलाई शान्ति प्राप्त भएन । अहिले घर तिर जाँदैछु, तर घरबाट पनि मलाई वैराग्य भएको छ । संसार नै मिथ्या हो भने घर कसको हो र, संसारमा कहीं पनि सुख छैन । यो प्राण पनि विजुलीको चमक झैं क्षण भङ्गुर छ । यो संसारलाई असार जानेर उदासीन भएको छु । मेरा अनेकौं जन्म भए र नष्ट पनि भए । संसारमा घुमेर मेरो कल्याण भएन । म तपाईंको शरणमा आएको छु । अब तपाईंबाट मेरो कल्याण हुनेछ । कृपा गरेर सुन्न पाउँ कि तपाईं को हुनुहुन्छ ?

मैले भनें, हे मङ्कि ऋषि ! म वसिष्ठ ब्राह्मण हुँ । मेरो घर आकाशमा छ । राजा अजले बोलाएको हुनाले यस मार्गबाट त्यतातिर जाँदैछु । अब संशय नगर्नुहोस्, तपाईंले ज्ञान प्राप्त गर्नुहुनेछ । उनले मेरो चरणमा परेर आँखाबाट अश्रुधारा बहाए । उनलाई महान् आनन्द प्राप्त भयो । मैले भनें, हे ऋषि ! म तिमीलाई अकृत्रिम शान्ति दिएर जानेछु, संशय नगर । जो कुछ सोधनु छ, सोध, म तिमीलाई उपदेश गर्नेछु । तिमी मेरा वचनको अधिकारी भएका छौ । तिमीमा वैराग्य देखिन्छ । त्यसकारण तिमी संसारबाट पार लाग्न सक्नेछौ ।

(१४५) मङ्कि-वैराग्ययोग

मङ्किले भने, हे भगवन् ! अब मेरो कार्य सिद्ध हुने भयो । मेरो अज्ञानजनित मोहलाई नाश गर्न तपाईं समर्थ देखिनुहुन्छ । मेरो हृदयको तम नाश गर्न तपाईं सूर्य हुनुहुन्छ । हे भगवन् ! यो संसार असार छ तापनि मानिसको बुद्धि विषयतिर दगुरिरहन्छ । मैले संसारका कैयौं भोग भोगें तर शान्ति प्राप्त भएन, बरु उल्टो तृष्णा नै बढदै गयो । जस्तो प्यास लागेको बेलामा नुनिलो पानी पिएर प्यास मेटिदैन, झन बढदै जान्छ त्यस्तो विषयको भोगबाट शान्ति प्राप्त हुँदैन, झन तृष्णा बढिरहन्छ । देह जर्जर भयो, दाँत खसिसके तैपनि तृष्णा जाँदैन । म संसारको सुखदेखि वाक्क भइसकें । वासना दु:खकारक हो । जस्तो कुसुवारी (रेसमी कीरो) घर बनाउँछ र त्यसमा आफै थुनिएर मर्छ त्यस्तो जीव आफ्नो वासनाले आफैं बन्धनमा पर्छ । अज्ञानरूपी हात्तीलाई नाश गर्न ज्ञानरूपी सिंह कहिले प्रकट होला ? जस्तो जहाँसम्म रात छ त्यहाँसम्म वेताल देखिन्छ, जब सूर्यको उदय हुन्छ र रात जान्छ तब वेताल देखिदैन त्यस्तो अहंकाररूपी वेताल त्यहाँसम्म रहन्छ जहाँसम्म अज्ञानरूपी रात्रि नष्ट हुँदैन । जब सन्तजनको उपदेशबाट आत्मज्ञानरूपी सूर्यको उदय हुन्छ तब अहंकाररूपी वेताल त्यहाँ घुमदैन ।

जब सन्तजनको संगत र सत्शास्त्रको श्रवणबाट स्वरूपको साक्षात्कार हुन्छ तब दिन भयो भनी जान्नुपर्छ । सत्शास्त्र सुनेर पनि विषयतिर लाग्छ भने त्यो बडो अभागी हो, म त्यस्तै अभागी छु, तर अब म तपाईंको शरणमा आएको छु । तपाईंको वचनरूपी शरत्कालबाट मेरो हृदयाकाश निर्मल भएर म भाग्यशाली बन्नेछु । मैले त्रिदण्ड साधें, दीर्घकालसम्म मन, वचन र शरीरले तपस्या गरें तर आत्मप्रकाश प्राप्त भएन । अहिले तपाईंको शरणमा आएको छु । कृपा गरेर उपदेशद्वारा मेरो हृदयको तमलाई नष्ट गरिदिनुहोस् ।

(१४६) मङ्किऋषिप्रबोध

वसिष्ठले भन्नुभो, हे ब्राह्मण ! संवेदन, भावना, वासना र कलना यी अनर्थका कारण हुन् । जब यिनको अभाव हुन्छ तब कल्याण हुन्छ । शुद्ध चिन्मात्रपद जो प्रत्यक्ष चैतन्य छ त्यो आफ्नो स्वरूपमा स्थित छ । जो अहंकारको उत्थान हुन्छ त्यो नै संवेदन हो । पहिले आफू केही बन्छ अनि चिताउँछ । आफू केही बनेपछि त्यसको भावना हुन्छ कि म यो हुँ, यसैबाट संसार दृढ हुन्छ । फेरि त्यस्तै वासना दृढ हुन्छ र आफ्नो शरीर अनुसार नाना प्रकारको कलना हुन्छ र संसारका संकल्प-विकल्प उठ्छन् । यी सब अनर्थका कारण हुन् । जब यिनको अभाव हुन्छ तब कल्याण हुन्छ ।

जति पनि शब्द र अर्थ छन् तिनको अधिष्ठान हो प्रत्यक् चैतन्य । सबै शब्द त्यसैमा आश्रित छन् र सब त्यही नै हो । सब परमात्मस्वरूप नै हो, त्यसदेखि भिन्न केही छैन । जब तिमी यस्तो जान्दछौ तब वासनाको क्षय हुन्छ । जब अहंसंवेदन फुर्छ तब संसार भासित हुन्छ । जब संसार भयो तब नानाप्रकार वासना फुर्छ र संसार मेटिँदैन । जन्म-मरणको नाम संसार हो । जब संसरण मेटिन्छ तब तिम्रो वास्तव स्वरूप आत्मपद शेष रहन्छ । यसकारण वासनाको त्याग गरेर स्वरूपमा स्थित होऊ । जस्तो पानी दिएपछि वृक्ष बढ्दै जान्छ त्यस्तो वासनारूपी जल दिनाले संसाररूपी वृक्ष बढ्दै जान्छ । अतः वासनाको नाश गर । जसबाट संवेदन उठ्न नपाओस् ।

आत्मामा जगत् छैन । केवल परमार्थसत्ता विद्यमान छ । जस्तो डोरीमा सर्प कुनै वस्तु होइन, डोरीको अज्ञानले सर्प भास्तछ त्यस्तै आत्माको अज्ञानले संसार भासित हुन्छ । जब तिमी आत्मपदलाई जान्दछौ तब परमार्थसत्ता नै भासित हुन्छ । जस्तो बालक आफ्नो छायामा भूतको कल्पना गरेर डराउँछ, विचार गरेर हेरेमा भूत छैन भन्ने कुरा थाहा हुन्छ र भय निवृत्त हुन्छ त्यस्तो आत्माको अज्ञानले रागद्वेष हुन्छ र त्यसले जीवलाई जलाउँछ । ज्ञानवान्‌को वासनासंयुक्त संसारको अभाव हुन्छ र केवल अद्वैत आत्मसत्ता नै भासित हुन्छ । जस्तो स्वप्नबाट जागेपछि वासनासंयुक्त प्रपञ्चको अभाव हुन्छ त्यस्तै जब आत्माको साक्षात्कार हुन्छ तब वासनासंयुक्त संसारको अभाव भइहाल्छ, किनकि त्यो छँदै थिएन । जस्तो घटमा मृत्तिका देखि भिन्न केही छैन त्यस्तै सब प्रपञ्च चिन्मात्ररूप हो, त्यसदेखि भिन्न होइन । जति पनि शब्द र अर्थ छन्, सब आत्मा नै हो । आत्मादेखि इतर जो कुछ भासित हुन्छ त्यसलाई भ्रममात्र भनी जान । जस्तो आकाशमा नीलिमा देखिन्छ त्यो भ्रममात्र हो त्यस्तो असम्यग् दृष्टिले विश्व देखिन्छ । सम्यग् दृष्टिले सब प्रपञ्च आत्मस्वरूप हुन्छ ।

जस्तो स्वप्नमा एक अनुभव सत्ता नै द्रष्टा, दर्शन र दृश्यरूप त्रिपुटी भएर भास्तछ त्यस्तो जाग्रत्‌को त्रिपुटी पनि आत्मस्वरूप नै हो । जति पनि स्थावर - जङ्गम पदार्थ छन् सब आत्मस्वरूप नै हो, जो परमात्मस्वरूप होइन त्यो भासित हुँदै हुँदैन । त्यसकारण यस्तो निश्चय गर कि सब

ब्रह्मस्वरूप हो अथवा म भन्ने अहंकार छैन भनी आफूलाई हटाऊ, जब तिमी नै छैनौ त विश्व कहाँबाट हुने ?

हे मङ्किऋषि ! पहिले अहं हुन्छ अनि ममत्व हुन्छ । अत: जब अहं नै रहेन तब ममत्व कसरी होला ? अहं हुनु नै बन्धन हो र यसको अभाव नै मुक्ति हो । जब अहंकार उत्पन्न हुन्छ तब नानाप्रकार वासना हुन्छ र वासना अनुसार जीवको अनेक जन्म हुन्छ जसको वर्णन गर्नै सकिँदैन । स्वरूपको प्रमादले जीव जन्म-जन्मान्तर प्राप्त गर्छ र घटीयन्त्र झैं तल-माथि घुमिरहन्छ । हातले फ्याँकेको भकुण्डो झैं जीव वासनाले तल-माथि गरिरहन्छ । त्यसकारण वासनाको त्याग गरेर आत्मपदमा स्थित होऊ ।

(१४७) मङ्किऋषि-निर्वाणप्राप्ति

वसिष्ठले भन्नु भयो, हे मङ्किऋषि ! यो संसारको मार्ग गहन छ, यसमा जीव भटकिन्छ । यो चेतनावृत्ति जो बहिर्मुख भएर उठ्छ यसैको नाम बन्धन हो । यो जगत् वासनाले बाँधिएको छ । वसन्तऋतुमा वृक्षमा रस फैलिए झैं वासनामा जगत् फैलिन्छ । वडो आश्चर्य छ कि वासनाले जीव भट्कन्छन्, दु:ख भोगदछन् र बारम्बार जन्ममरण प्राप्त गर्छन् । जीव विषयरूप वासनाको वशमा परेर अविद्यमान जगत्लाई भ्रमले सत्य ठान्दछ र बन्धनमा पर्छ । जो यो बासनारूपी संसारबाट तरेका छन् तिनीहरू धन्य हुन् । मूर्ख मानिस प्राणको अन्तसम्म पनि तृष्णामा फसिरहन्छ । मनुष्य-शरीर प्राप्त गरेर पनि आत्मपद प्राप्त गर्ने इच्छा गर्दैन भने त्यो पशुसमान हो । तिमीले आत्मपद प्राप्त गर्ने इच्छा गर्‍यौ, त्यसकारण तिमी धन्य छौ ।

विषयभोग आपातरमणीय हो, यसमा सुख छैन । मूर्ख वासनाले भोगको इच्छा गर्छ र बन्धनमा पर्छ । तिमी वासनाको त्याग गर । वासनाको बीज अहंकार हो । यस्तो विचार गर कि म छैन र मेरो भन्ने पनि केही छैन, मेरो हुनु नै अनर्थ हो । निरहंकार, शुद्ध, चिन्मात्र पदमा 'म ब्राह्मण हुँ' भनी आफूलाई परिच्छिन्नरूपले जान्नु नै अनर्थ हो । अहंकाररूपी नेत्र खोलेपछि संसार देखिन्छ । डोरीमा सर्प भ्रम उत्पन्न भए झैं आत्मामा अहंकारको उदय हुन्छ । अहंकारको अभाव भए शान्ति प्राप्त हुन्छ । जब अहंकार हुन्छ तब स्त्री, पुत्र, परिवार हुन्छन्, यो नै बन्धन हो ।

हे मङ्किऋषि ! जब तिमी केही बन्छौ तब तिमीमा आपद् खनिन्छन् । यदि तिमी 'म छैन' भनी आफूको (अहंकारको) अभाव जान्दछौ तब परमशान्त, परमशून्य, आकाशरूप आत्मपद शेष रहन्छ, त्यो नै तिम्रो वास्तव स्वरूप हो । मेरा यी वचनलाई हृदयमा धारण गर, जसबाट तिम्रो मोह नष्ट हुनेछ ।

यो विश्व भएको वस्तु होइन । आकाशमा द्वितीय चन्द्रमा झैं यो विश्व आत्माको प्रमादले भासित हुन्छ । जस्तो असम्यग्दृष्टिले जल पर्वतरूप भएर भास्तछ त्यस्तो असम्यग् दृष्टिले जगत् भासित हुन्छ र सम्यक् दृष्टिले परमार्थसत्ता (ब्रह्म) नै भासित हुन्छ । ब्रह्मप्राप्तिमा मुख्य व्यवधान अहंकार नै हो । ज्ञानवान्को अहंकार नष्ट भएकोले सर्वत्र ब्रह्मस्वरूप नै भासित हुन्छ । जस्तो

अनेक घडामा धेरै आकाश देखिन्छन्, घडाहरूलाई फोरेमा एक आकाश बाँकी रहन्छ त्यस्तो तिमी पनि अहंकाररूपी घडा फोर र एक ब्रह्मस्वरूपमा अवस्थान गर ।

एक ब्रह्मपद नै सबैको परमार्थसत्ता हो । त्यो अजन्मा, अच्युत, आनन्द, शान्तरूप, निर्विकल्प, अद्वैत, सबैको अधिष्ठान हो । त्यो शिलासदृश आत्मसत्तादेखि भिन्न कुनै स्फुरण नहोस्, यस्तो निर्बोध बोधस्वरूप होऊ । यी दु:खदायी शब्द र अर्थ आकाशकुसुम झैं मिथ्या हुन् । यो विश्व अकारण उत्पन्न भएको छ, त्यसैले मिथ्या हो । जस्तो स्वप्नसृष्टि निरुपादान हो त्यस्तो जाग्रत् - सृष्टि पनि निरुपादान हो । आत्मा निर्विकार, अच्युत हो, त्यसो हुनाले विश्वको उपादान आत्मा हुन सक्तैन । आत्मा अकर्ता हो ।

संवेदनबाट जब अहंकार फुर्छ तब विश्व भासित हुन्छ । जस्तो स्वप्नमा जो कुछ बन्छ त्यो आफूदेखि भिन्न देखिन्छ र त्यसमा रागद्वेष हुन्छ तर जागेर हेर्दा केही पनि छैन, सब क़ल्पनामात्र थियो, त्यस्तो जब संवेदन - अहंकार - स्फुरण - संकल्प हुँदैन तब विश्व आफ्नै स्वरूप भइहाल्छ । अहंकार हुनु नै विश्व हो । म सुखी छु, दु:खी छु, यो नरक हो, यो स्वर्ग हो, इत्यादि शब्द र अर्थ परमार्थसत्तामा नै फुरेका हुन् । आत्मा नै हो सबैको अधिष्ठान । त्यसैले सब आत्मस्वरूप हो । निराकार, आकार, किञ्चन, अकिञ्चन सब आत्मा नै हो । आत्मज्ञानीलाई जगत्को किञ्चित् पनि भान हुँदैन । जस्तो तरङ्ग जलरूप हो, भूषण सुवर्णरूप हो त्यस्तो सब अत्मस्वरूप नै हो । त्यसकारण, हे मङ्किऋषि ! आत्मादेखि भिन्न जगत् भन्ने केही छैन, यस्तो निश्चय गरेर जगत्को अभावको भावना गर र निरहंकार भएर चेष्टा गर । हे ऋषि ! मेरा उपदेशलाई हृदयमा धारण गर, यसबाट तिमीलाई सहजरूपमा आत्मपद प्राप्त हुनेछ ।

हे राम ! मेरो उपदेशबाट मङ्किऋषि परमनिर्वाणपदमा प्राप्त भएर एक वर्षसम्म निर्विकल्प समाधिमा स्थित भए । शिलासदृश उनको हृदयमा कुनै भावना या वासना उठेन । हे राम ! तिमी पनि मङ्किऋषि झैं स्वरूपमा स्थित होऊ ।

(१४८) सहजयोगोपदेश

वसिष्ठले भन्नुभो, हे रामचन्द्र ! यो विश्व आत्माको चमत्कार हो र सब चिन्मात्रस्वरूप हो । मेरो आशीर्वाद छ कि तिमी चिन्मात्रस्वरूपमा प्राप्त होऊ । जो आफ्नो स्वरूप हो त्यसैलाई आफू भनी जान तब तिम्रा सारा दु:ख नष्ट हुनेछन् । यो सब जगत् एक आत्मामा स्थित छ, तर वास्तवमा एक आत्मामात्र विद्यमान छ उसमा केही पनि छैन । आदि र अन्तले रहित एक चिदाकाश आफू आफैमा स्थित छ ।

ध्याता, ध्यान, ध्येय यो त्रिपुटी भ्रान्तिमात्र हो । वास्तवमा द्रष्टा, दर्शन, दृश्य सब आत्मरूप हो उसदेखि भिन्न केही छैन । एक ब्रह्मस्वरूप आत्मा सदा एकरस छ, कहिले पनि क्षोभ प्राप्त हुँदैन । प्रलयकालको वायु चले पनि आत्मामा क्षोभ हुँदैन - आत्मपद जस्तो हो त्यस्तै रहन्छ । आत्माको प्रमादले जीवले दु:ख पाएको छ, जब प्रमाद हुन्छ तब आफूमा देह, इन्द्रिय देखिन्छन् तर वास्तवमा आत्मामा देह इन्द्रिय कहिले पनि छैनन् । केवल स्फुरणमात्रबाट यो दृश्य खडा भएको

छ । वास्तवमा परमात्मामा कुनै दृश्य छैन । यसरी विचारपूर्वक दृश्यभ्रमलाई त्यागेर स्वरूपमा स्थित होऊ । हे राम ! यस्तो धारणा गरेर सुखपूर्वक विचरण गर र नीति अनुसार प्राप्त कर्तव्य कर्म गर, किन्तु त्यसमा कर्तृत्वको अभिमान नहोस् । कर्म गरे पनि नगरे पनि ज्ञानी आत्मालाई अक्रिय नै देख्तछ । समाधिमा रहे पनि नरहे पनि, अथवा जीवन्मुक्त, विदेहमुक्त जे भए पनि ज्ञानीको लागि समान हुन्छ । हे राम ! सारा आशा, इच्छा छोडेर बस, तब कर्म गरे पनि नगरे पनि कुनै बन्धन हुँदैन । म जान्दछु कि तिम्रो हृदयको मोह नष्ट भयो, अब तिमी स्वरूपमा जागेका छौ । यदि कुनै संशय छ भने प्रश्न गर ।

(१४९) एषणात्यागोपदेश

रामले प्रश्न गरे, हे भगवन् ! कोही बीजबाट अंकुर र कोही अंकुरबाट बीज उत्पन्न हुन्छ भन्छन्, दैववादी दैव नै सबकुछ गर्छ भन्छन् र कर्मवादी कर्मबाट नै सबकुछ हुन्छ भन्छन्, कर्मबाट नै जीवको जन्म हुन्छ । कोही भन्छन् - जब देह हुन्छ तब कर्म गर्छ, कोही भन्छन् - कर्मबाट देह हुन्छ, यस विषयमा यथार्थ के हो, सुन्न पाऊँ ।

वसिष्ठले भन्नुभो, हे राम ! एक एक विषयमा धेरै के भनौ, कर्म देखि दैवसम्म र घटदेखि आकाशपर्यन्त जति पनि क्रिया, कर्म र द्रव्य छन् यी सब विकल्पजाल भ्रममात्र हुन् । केवल आत्मस्वरूप आफू आफैमा स्थित छ, द्वैत केही छैन । जब संवेदन फुर्छ तब सब कुछ भासित हुन्छ, नि:संवेदन भए केही पनि छैन । जस्तो शीत, श्वेत आदि बरफको नै नाम हो त्यस्तो कर्म, पुरुषप्रयत्न सब आत्माको पर्याय हो । दैव पुरुष हो र पुरुष दैव हो । कर्म देह हो र देह कर्म हो । बीज अंकुर हो र अंकुर बीज हो । दैव कर्म हो, कर्म दैव हो र त्यही पुरुषप्रयत्न हो । यिनमा जो भेद मान्छ त्यो पशु हो । यी सबको बीज अहंकार हो, जब अहंकार हुन्छ तब सब कुछ सिद्ध हुन्छ । जस्तो बीजबाट वृक्ष, फल, फूल र शाखा हुन्छन्, जब बीज नै छैन भने वृक्ष कसरी उत्पन्न होला ? सबको बीज संवेदन हो । अहंकार, संकल्प, र संवेदन यी तीन पर्याय हुन् । जब स्फुरण भयो तब कर्म, देह, दैव सब सिद्ध हुन्छन् । जब स्फुरण मेटियो तब केही पनि भासित हुँदैन । 'म हुँ' यसरी जो संवेदन फुर्छ, यो नै संसारको बीज हो, यसलाई ज्ञानाग्निले जलाऊ । जब अहंकार नष्ट हुन्छ तब कुनै पनि द्वैत भासित हुँदैन ।

हे राम ! वासनाक्षयको उपाय गर । वासना इच्छा या एषणारूपले प्रकट हुन्छ अनि संसार देखिन्छ । एषणाको त्याग नै वासनाक्षयको उपाय हो । वासना क्षय भए चेष्टा (कर्म) गरे पनि जन्मको कारण हुँदैन । ज्ञानी र अज्ञानीको चेष्टा समान देखिन्छ तर ज्ञानीको संकल्प दग्ध बीज जस्तो हुन्छ - फेरि जन्मदायक हुँदैन । अज्ञानीको संकल्प काँचो बीज जस्तो हुन्छ र फेरि जन्म गराउँछ । वास्तवमा न कोही जन्मन्छ न कोही मर्छ । सबै जीव आत्मस्वरूप हुन् । भ्रान्तिले भिन्न भिन्न भासित हुन्छन् । वास्तवमा द्वैत केही पनि छैन । त्यसकारण पुरुषार्थ गरेर आत्मपरायण होऊ । पुरुषप्रयत्न नै हो वासनाक्षयको एकमात्र उपाय । यसप्रकार विचारपूर्वक सम्पूर्ण एषणाको त्याग गरेर स्वरूपमा स्थित होऊ ।

(१५०) भावनाप्रतिपादनोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! ज्ञानवान्को बुद्धि निर्मल हुन्छ र हृदयमा शान्ति प्राप्त हुन्छ । उसको बुद्धि चैतन्यले पूर्ण हुन्छ र चैतन्यदेखि भिन्न वस्तुको भान हुँदैन । हे राम ! तिमी पनि नित्य अन्तर्मुख, वीतराग, निर्वासनिक भएर रहू र चिन्मात्र, निर्मल, शान्तरूप सर्वब्रह्मको भावना गर । ब्रह्मपद प्राप्त गरेर नीति अनुसार बाहिर अज्ञानीको झैं चेष्टा गर । हर्षको स्थानमा हर्ष गर र शोकको स्थानमा शोक गर, तर हृदयमा आकाश झैं तिर्मल भएर रहू । इष्ट विषय प्राप्त भएमा त्यसको ग्रहण गर, तर हृदयमा उसको तृष्णा नराख । दीन दुःखी उपर दया गर । युद्ध प्राप्त भएमा डटेर युद्ध गर । राज्य प्राप्त भएमा राज्यको भोग गर र दुःख कष्ट प्राप्त भए त्यसको पनि भोग गर । अज्ञानी झैं भएर यी सब चेष्टा गर, तर हृदयमा समता राख, आत्मादेखि भिन्न कुनै कुरा नफुरोस् र राग-द्वेषले रहित भएर सदा निर्मल रहू । जब यस्तो निश्चय हुन्छ तब तिमीलाई कुनै खेद प्राप्त हुनेछैन, चाहे कडा दारुण दुःख आइपरोस् अथवा इन्द्रको वज्राघात होस् तापनि त्यसले तिमीलाई स्पर्श गर्नेछैन । अग्नि आदि तत्त्व आफू देखि भिन्न भए जलाउनु आदि कार्य हुन्थ्यो, तर तिनीहरू आत्मादेखि अभिन्न भएका हुनाले आफूले आफूलाई कसरी जलाउला ? त्यसो हुनाले तिमी आफ्नो स्वरूपमा स्थित होऊ ।

जस्तो पक्षी जब आफ्नो आलय (गुँड) मा आएर बस्छ तब सुख पाउँछ त्यस्तो जब तिमी सर्वकलना त्यागेर अन्तर्मुख भईकन आफ्नो आश्रय संवित् स्वरूपमा स्थित हुन्छौ तब रागद्वेषरूप कुनै द्वन्द्व रहदैन । हे राम ! अनुभवरूप आत्माको आश्रय लिएर संसारसमुद्रको पार लाग । यसमा विलम्ब नगर । यदि कोही संसाररूपी वृक्षको अन्त जान्न चाहन्छ भने त्यो असमर्थ हुन्छ । संसार एक वृक्ष हो, त्यसको सार चैतन्यमात्र सुगन्ध हो । त्यो चैतन्य तिम्रो आफनै स्वरूप हो । त्यसलाई ग्रहण गर, त्यो सबको अधिष्ठान हो । जब अधिष्ठानलाई ग्रहण गर्छौ तब सबैको ग्रहण भइहाल्छ । जो कुछ प्रपञ्च देखिन्छ त्यो सब आतमरूप हो, त्यसैको भावना गर । जाग्रत्मा सुषुप्त भएर रहू र सुषुप्तिमा जाग्रत् भएर रहू । संसारको सत्ता जाग्रत् हो, त्यसमा सुषुप्त भएर रहू अर्थात् वासनाले रहित भएर तुरीयपदमा स्थित होऊ । जहाँ कुनै गुणको क्षोभ छैन र जो निर्मल शान्तरूप छ, जहाँ एक र दुई भन्ने कलना छैन त्यस्तो तुरीयपदमा स्थित होऊ ।

रामले प्रश्न गरे, हे भगवन् ! यस्तो शान्तरूप तुरीयपदमा स्थित होऊ भनी आज्ञा भयो । के तपाईं त्यस तुरीयपदमा स्थित हुनु भएको छ ? स्थित हुनु भएको छ भने 'म वसिष्ठ हुँ' भन्ने भावना उठ्तैन कि ? त्यसको रूप के हो जसबाट तपाईंलाई अहंप्रतीति हुँदैन ।

वाल्मीकिले भन्नुभयो, हे भरद्वाज ! जब रामले यस प्रकार प्रश्न गरे तब वसिष्ठजी चूप रहनु भयो, यो देखेर सभासद्हरू संशयसमुद्रमा मग्न भए । अनि रामले वसिष्ठलाई भने, हे भगवन् ! तपाईं यसरी चूप रहनु योग्य होइन । तपाईं त साक्षात् ब्रह्मवेत्ता विश्वगुरु हुनुहुन्छ । यस्तो कुन कुरा होला, जो तपाईंलाई ज्ञात नहोस् । के मलाई त्यो कुरा जान्ने अधिकारी नदेखेर चूप रहनु भएको हो कि ? यसरी रामले भनेपछि पनि एक घडी मौन रहेर वसिष्ठले भन्नु भयो, हे राम !

चूप रहेर तिम्रा प्रश्नको जवाफ दिएको हुँ, असामर्थ्यले चूप रहेको होइन । प्रश्नकर्ता अज्ञानी भएको भए अज्ञानलाई लिएर जवाफ दिनुपर्थ्यो । जो प्रश्नकर्ता ज्ञानवान् छ भने उसलाई ज्ञानले नै उत्तर दिनुपर्छ । पहिले तिमी अज्ञानी थियौ त्यसबेला सविकल्प उत्तर दिएको थिएँ । अब तिमी ज्ञानवान् भएका छौ, त्यसैले तिम्रा प्रश्नको उत्तर मौन नै हो । जो बोलिन्छ त्यो प्रतियोगीसित मिलेर नै बोलिन्छ । प्रतियोगी विना शब्दको उच्चारण कसरी होला ? पहिले तिमी सविकल्प शब्दको अधिकारी थियौ । अहिले निर्विकल्प उपदेश भइसक्यो । शब्द चार प्रकारका हुन्छन् - सूक्ष्मार्थक, परमार्थक, अल्पार्थक र दीर्घार्थक । यी शब्दहरूमा संशय, प्रतियोगी र भेद यी तीन कलंक रहन्छन् । जुन पद मन र वाणीको अतीत छ त्यसलाई कलंकयुक्त शब्दले कसरी ग्रहण गर्ला ?

हे राम ! काष्ठमौन त्यसलाई भन्छन् जहाँ इन्द्रिय र मनको कुनै स्फुरण हुँदैन, यस्तो पदलाई वाणीद्वारा म कसरी बताऊँ । जो कुछ बोलिन्छ त्यो सविकल्प हुन्छ । मौन नै हो तिम्रो प्रश्नको उत्तर ।

रामले सोधे, हे भगवन् ! तपाईं भन्नुहुन्छ कि बोलनु सविकल्प र प्रतियोगी-सहित हुन्छ, त्यसो भए ब्रह्ममा जो कुछ दोष हुन्छ त्यसको निषेध गरेर बताउनुहोस् । त्यसो भए मबाट प्रतियोगीको विचार हुनेछैन । वसिष्ठले भन्नुभो, हे राम ! म चिदाकाशस्वरूप, चेत्यरहित चिन्मात्र शान्तरूप, सम र सर्वकलनाले रहित केवल आत्मतत्त्वमात्र हुँ । तिमी र जगत् पनि चिदाकाश हो । अहं त्वं भन्ने कोही छैन, किनकि आत्मादेखि भिन्न कुनै सत्ता छैन, सब अहं-संवेदनले रहित शुद्ध चिदाकाशमात्र हो । यदि सापेक्ष अहं-अहं फुर्छ भने मोक्षको इच्छा भए पनि त्यो सिद्ध हुँदैन किनकि आफूलाई केही मानेर न फुर्छ, त्यसकारण एक अहंकारका अनेक अहंकार हुन्छन् । अहंकार गलाको फाँसी हो । जब अहंकारले रहित हुन्छ तब आत्मपद प्राप्त हुन्छ ।

हे राम ! शव (मृतशरीर) झैं जब अभिमानशून्य हुन्छ तब संसारसमुद्रबाट पार हुन्छ । जहाँसम्म द्वैत रहन्छ त्यहाँसम्म बन्धन छ । द्वैत रहेसम्म मुक्ति संभव छैन । जस्तो जन्मान्ध चित्रको पुतली देखन सक्तैन त्यस्तो अहन्तायुक्त पुरुष मुक्ति पाउन सक्तैन । जब अहन्ताको अभाव हुन्छ तब कल्याण हुन्छ - अहन्ता नै हो स्वरूपको आवरण ।

जब चेत्यरहित शुद्ध चैतन्य प्रत्यक् आत्मामा स्थित हुन्छ तब मनुष्यजन्म सफल हुन्छ । मनुष्यजन्म पाएर पनि आत्मतत्त्वलाई जानेन भने कुन जन्ममा जान्न सक्ला ? आत्मतत्त्वमा जब सम्वेदन फुर्छ तब संसार उत्पन्न हुन्छ । जब असम्वेदन (अफुर) हुन्छ तब संसार लीन हुन्छ । त्यसकारण संसार भन्नु स्फुरणमात्र हो । न फुराए संसार छैन । जस्तो आकाशमा नीलोपन भ्रमले देखिन्छ, वास्तवमा आकाशमा नीलिमा छैन त्यस्तो आत्मामा जगत्को रचना भएको छैन, केवल ब्रह्मसत्ता जस्ताको त्यस्तो छ, त्यसैमा स्थित होऊ । ब्रह्मस्वरूपमा स्थित भएपछि भेद मेटिन्छ र ग्राह्यग्राहक सम्बन्ध पनि रहँदैन र केवल शुद्ध, अजर, अमर परमात्मतत्त्वमा स्थित भएर पनि हिंड, डुल, खान, पान आदि व्यवहार चलिरहन्छ ।

(१५१) अहंकार-संन्यासयोगोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! जब अहन्ताको उत्थान हुन्छ तब स्वरूपको आवरण हुन्छ र जब अहन्ता मेटिन्छ तब स्वरूपको प्राप्ति हुन्छ । अहन्ता नै हो यस संसारको बीज । जब अहंकार नै मिथ्या हो तब उसको कार्य कसरी सत्य होला ? अविद्या नै हो सर्वात्मा ब्रह्मस्वरूपको आवरण । बादलले सूर्यलाई ढाके झैं अविद्या आत्मालाई ढाक्तछ । अविद्याले मूर्ख मानिसहरू उन्मत्त झैं चेष्टा गर्छन् । जो अहन्तारहित ज्ञानवान् पुरुष छ उसलाई कुनै दुःखले स्पर्श गर्दैन । ज्ञानी सदेह भए तापनि दुःखरहित हुन्छ । जस्तो चित्रलिखित युद्धका सेनामा क्षोभ देखिन्छ तापनि शान्तरूप हुन्छ त्यस्तो ज्ञानवान्‌को चेष्टामा पनि क्षोभ देखिन्छ तापनि ऊ सदा क्षोभरहित निर्वाणरूप हुन्छ । बाहिरबाट हेर्दा ज्ञानी वासनासहित देखिन्छ तापनि ऊ सदा निर्वासनिक रहन्छ । जस्तो तरङ्ग, भुमरी आदिबाट समुद्रमा क्षोभ देखिन्छ तापनि त्यो जलदेखि भिन्न केही होइन त्यस्तो ज्ञानवान्‌को ब्रह्मदेखि भिन्न केही पनि भासित हुँदैन । जस्तो बादलमा हात्ती, घोडा र पर्वतको रूप देखिन्छ तापनि त्यो केही होइन त्यस्तै यो जगत् देखिन्छ तापनि वास्तवमा केही पनि छैन । अहंकारले जगत् भासित हुन्छ र अहंकारले रहित भएपछि निर्विकार शान्तरूप भइहाल्छ । यस्तो निरहंकार आत्मपद प्राप्त गरेर ज्ञानवान् सुशोभित हुन्छ ।

जहाँसम्म संसारको वासना छ त्यहाँसम्म बन्धन छ । जब वासना निवृत्त हुन्छ तब आत्मपद प्राप्त हुन्छ, सम्पूर्ण कलना मेटिन्छन् र इष्ट-अनिष्टमा समताबुद्धि हुन्छ । यस्तो ज्ञानी व्यवहार गरे पनि शान्तरूप हुन्छ । विचारको दृष्टिले हेरेमा जगत् ब्रह्मरूपले भासित हुन्छ । बन्ध्यापुत्र झैं जगत् छँदैछैन तब त्यसको बारेमा के विचार गर्नु ? हे राम ! तिमी यस्तो भावना गर कि न म छु, न जगत् छ । जब अहंकार नै छैन भने तब कलना कसरी हुने ? अहंकार नै अनर्थको बीज हो । जब यस्तो विचार उत्पन्न हुन्छ तब भोगवासनाको क्षय हुन्छ र सन्त जनको संगत मिल्छ । जहाँसम्म अहंकार उठिरहन्छ अर्थात् दृश्य र प्रकृतिका साथ मिलाप हुन्छ त्यहाँसम्म द्वैतभ्रम मेटिंदैन । जब अहंकारको उत्थान हुँदैन तब शुद्ध, चिन्मात्र आत्मसत्ता शेष रहन्छ ।

(१५२) निर्वाणयुक्ति-उपदेश

हे राम ! अहन्ताको उत्थान भएपछि स्वरूपको आवरण हुन्छ र अहन्ता मेटिएपछि स्वरूपको प्राप्ति हुन्छ । अहन्ता नै हो संसारको बीज । अहंकार मिथ्या भएकोले त्यसको कार्यरूप प्रपञ्च पनि मिथ्या हो । जब प्रपञ्च मिथ्या भयो तब पदार्थ कसरी सत्य होला ? ब्रह्म भिन्न कुनै पनि पदार्थ साँचो होइन ।

अब ब्रह्म प्राप्तिको युक्ति सुन । संकल्पपुरुष मिथ्या भएकोले उसको संशय पनि मिथ्या हो र प्रश्नकर्ता पनि मिथ्या नै हो । जस्तो स्वप्नको द्वैतकलना असत् हुन्छ त्यस्तो जाग्रद्-द्वैत पनि असत्य नै हो । यो सम्पूर्ण जगत् आत्मरूप आकाशको भित्र अवस्थित छ र प्रमादले बाहिर देखिन्छ । त्यसकारण यो जगत् चिद्‌रूप हो । यो चैतन्यसत्ता आकाश भन्दा पनि अतिसूक्ष्म र स्वच्छ छ । यो

जगत् चित्तको चिताउनुबाट खडा भएको छ । वास्तवमा जगत् कहीं पनि छैन । त्यसकारण न कसैको नाश हुन्छ, न कोही उत्पन्न हुन्छ, न जन्म छ, न मरण छ, सब ब्रह्म नै हो ।

हे राम ! जगत्को नाश भएर केही पनि नष्ट हुँदैन, किनकि त्यो भएकै थिएन । जस्तो स्वप्नको पहाड र संकल्पनगर नष्ट भए केही पनि नष्ट हुँदैन, किनकि त्यो उत्पन्न नै भएको थिएन त्यस्तै यस जगत्को विषयमा पनि जान । जुन वस्तु अविचारबाट उत्पन्न भएको छ त्यो विचार गरेपछि रहँदैन । यो जगत् संकल्पमात्र हो - जस्तो संकल्पनगर हुन्छ त्यस्तै यो संसार हो । यसमा कुनै पदार्थ सत्य छैन । यसकारण रूप, इन्द्रिय र मनको अभावको चिन्तन गर । संसारमा प्रीति गर्नु अज्ञान हो । कोही बाहिर शान्त देखिए पनि भित्र क्षोभयुक्त हुन्छन् र कोही बाहिर चेष्टा गरे तापनि भित्र शान्त हुन्छन् तर जसको दुवै भाव मेटिएका छन् ती मोक्ष भागी हुन्छन् उनको भित्र र बाहिर एकता हुन्छ जस्तो पानीले भरिएको घडा समुद्रमा राखेमा भित्र-बाहिर जल नै हुन्छ ।

हे राम ! शास्त्रको युक्तिद्वारा विचार गरेर हेरेमा द्वैत भ्रम मेटिइहाल्छ । अलिकति पनि केही बनेको छैन । जस्तो आकाशमा नीलोपन र मरुस्थलमा नदी हुँदैन त्यस्तो आत्मामा जगत् छैन । आत्मा शुद्ध र अद्वैत हो, उसमा अहंको उत्थान नै दु:खको कारण हो । जीव जस्तो दृश्यको भावना गर्छ त्यस्तो देखिन्छ । जस्तो समुद्रमा तरङ्ग र चक्र हुन्छन् ती समुद्रदेखि भिन्न हुँदैनन् त्यस्तै अहंकार आदि जो दृश्य छ त्यो छँदै छैन । जब दृश्य नै छैन भने त्यसको इच्छा गर्नु मूर्खता हो। अहन्ताको उदय हुनु नै अज्ञान हो, अहन्ताबाट बन्धन प्राप्त हुन्छ । अहन्ताले रहित हुनु नै मोक्ष हो । हे राम ! अब तिम्रो जस्तो इच्छा छ त्यस्तै गर ।

आत्मतत्त्व सबको अधिष्ठान हो । आत्मा सुखरूप, परमशान्त र परमानन्दस्वरूप हो, जसलाई पाएपछि जीव फेरि दु:खी हुँदैन । हे राम ! बन्धनको कारण भोगवासना हो । भोगबाट शान्ति मिल्दैन । जब सन्तको संगत हुन्छ तब कल्याण हुन्छ र अनात्मामा अहंभाव छुट्छ, यो बाहेक अरू कुनै उपायबाट शान्ति मिल्दैन । हे राम ! हाम्रो वचन बालकको जस्तो होइन, हाम्रो वचनलाई यथार्थ सम्झ, किनकि हामीलाई स्वरूपको स्पष्ट भान भएको छ । जब अहन्ता मेटिन्छ तब सुखी हुन्छौ । अहन्ताको नाश गर । जब अहन्ताको नाश हुन्छ तब जान्नू कि चेत्यको भावना मेटियो । जब ज्ञानरूपी सूर्यको उदय हुन्छ तब अहन्तारूपी अन्धकार नष्ट हुन्छ । जब सत्संग, विचार, विषयबाट वैराग्य र स्वरूपको अभ्यास हुन्छ तब ज्ञानको उदय हुन्छ - यसबाट स्वरूपको प्राप्ति हुन्छ ।

(१५३) शान्तिस्थितियोगोपदेश

वसिष्ठले भन्नुभयो, हे राम ! जसले ज्ञानद्वारा आफ्नो अज्ञान नष्ट गरेन उसले कुनै गर्न योग्य काम गरेन । अज्ञानबाट पहिले अहंभावना हुन्छ, अनि जगत् भासित हुन्छ, तब जीव इहलोक र परलोकको भावना गर्छ र यही वासनाबाट जन्ममरण प्राप्त गर्छ । जहाँसम्म हृदयमा संसारको शब्द-अर्थ दृढ छ त्यहाँसम्म शब्द-अर्थको अभावको चिन्तन गर्नुपर्छ र जहाँ जगत् भासित हुन्छ

त्यहाँ ब्रह्मको भावना गर्नुपर्छ । ब्रह्मभावना गरेपछि संसारको शब्द-अर्थ मेटिन्छ र आत्मपद प्राप्त हुन्छ ।

संसारमा दुई पदार्थ छन् - इहलोक र परलोक । अज्ञानी यस लोकको लागि उद्यम गर्छ, परलोकको लागि केही गर्दैन, त्यसको दुवैलोक दु:खदायक हुन्छ अर्थात् यो लोकमा तृष्णा मेटिदैन र दु:खै हुन्छ र परलोकमा पनि नरकको दु:ख भोगनु पर्छ । विचारवान् पुरुष परलोकको लागि उद्यम गर्छ त्यो सज्जन भएको हुनाले यहाँ पनि शोभायुक्त हुन्छ र परलोकमा पनि सुख पाउँछ, किनकि उसको तृष्णा रहँदैन, त्यसैले उसको दुवै लोकको कष्ट मेटिन्छ । जसले आत्माको लागि यत्न गरेको छ त्यसको आत्मा सिद्ध हुन्छ र त्यो सुखी हुन्छ । यसकारण अहंकारले रहित हुनु नै आत्मपद प्राप्तिको उपाय हो । जहाँसम्म परिच्छिन्न अहंकार रहन्छ त्यहाँसम्म दु:खी हुन्छ, यसको नाम जीव हो । जो कुछ फुर्छ त्यसबाट विश्वको उत्पत्ति हुन्छ । जस्तो आँखा खोलेमा रूप देखिन्छ र चिम्लेमा रूपको अभाव हुन्छ त्यस्तै जब अहन्ता जागेर आउँछ तब दृश्य देखिन्छ, जब अहन्ताको अभाव हुन्छ तब दृश्यको पनि अभाव हुन्छ । अहन्ता अज्ञानबाट सिद्ध हुन्छ र ज्ञानको उदय भए निवृत्त भइहाल्छ ।

जो आफ्नो प्रयत्नका साथ सत्संग गर्छ त्यो संसारसमुद्रबाट पार लाग्छ । जस्तो युक्तिले विष पनि अमृत हुन्छ त्यस्तै पुरुषार्थले आत्मपद सिद्ध हुन्छ । यो लोक र परलोक जीवका दुइटा रोग छन् । जसले सत्संगरूपी औषधिद्वारा यी रोगको चिकित्सा गरेको छ त्यो मुक्त हुन्छ । जसले औषधि गरेन त्यो पण्डित भएपनि दु:ख पाउँछ । त्यो औषधि हो शम, दम र सत्संग । यी साधनद्वारा जसले आत्मपद प्राप्त गर्‍यो त्यो कल्याणमूर्ति हो । यस्तो औषधि नगरेर जो भोगमा लम्पट हुन्छ त्यो मूर्ख परलोकमा त्यस ठाउँमा पुग्छ जहाँ कुनै औषधि प्राप्त हुँदैन । त्यसकारण, हे राम ! भोगको त्याग गर र आत्मविचारमा सावधान रहू - यही नै औषधि हो । जसले मन जितेको छैन त्यो मूर्ख भोगरूपी हिलोमा गाडिएको छ र त्यो आपद्को पात्र हो । जसको भोगको तृष्णा निवृत्त भएको छ र वैराग्य उत्पन्न भएको छ त्यो मुक्त हुन्छ । वैराग्य प्राप्त हुनु निर्वाण प्राप्तिको उपाय हो । संसारको बीज अहंकार हो । जब अहन्ताको उत्थान हुन्छ तब रूप र आलोक (इन्द्रिय) भासित हुन्छन् । त्यसकारण यस्तो चिन्तन गर कि म छैन । जब यस्तो भावना गर्छौ तब जो शेष रहन्छ त्यो नै परमशान्तरूप तिम्रो स्वरूप हो । त्यो केवल पद निराभास, अविनाशी निर्विकल्प सबैको आफ्नो स्वरूप हो । त्यही अधिष्ठानमा सत्य, असत्य, जड, चेतन आदि शब्दार्थ फुर्दछन् । अत: जो परमार्थसत्ता आत्मतत्त्व, आफ्नो स्वभावमा स्थित छ र जो अहं - त्वंरहित, सबैको अधिष्ठान हो त्यो नै आफ्नो स्वरूप हो, त्यसैमा स्थित होऊ ।

(१५४) परमार्थयोगोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! ज्ञान दुई प्रकारको हुन्छ, एक अधिष्ठानज्ञान र अर्को ज्ञप्तिज्ञान । अधिष्ठान ज्ञान सर्वज्ञ ईश्वरको हुन्छ र ज्ञप्तिज्ञान जीवको हुन्छ । एक लिङ्गशरीरको अभिमानी जीव हो र समस्त लिङ्गशरीरको अभिमानी ईश्वर हो । जीवको ज्ञप्ति जहाँ पुग्छ त्यसलाई मात्र जीव जान्दछ । ईश्वर सबको अधिष्ठान भएको हुनाले उसको ज्ञान सबैतिर पुगेको हुन्छ । त्यसैले

ईश्वर सर्वज्ञ र जीव अल्पज्ञ हुन्छ। जस्तै एक शय्यामा दुई जना सुतेका छन्। यौटाले स्वप्नमा मेघ गर्जेको शब्द सुन्यो। अर्को साथीले त्यो शब्द सुन्दैन किनकि स्वप्नद्रष्टाको ज्ञप्ति अर्को साथीमा पुग्दैन। ईश्वरमा सम्पूर्ण सृष्टिको ज्ञान रहन्छ। त्यो सृष्टि पनि संकल्पमात्र हो, केही बनेको छैन तापनि भ्रमले भासित हुन्छ। जस्तो बादलमा हात्ती, घोडा, मनुष्य आदि विकार (रूपान्तर) जो देखिन्छ त्यो भ्रान्तिमात्र हो त्यस्तै आत्माको अज्ञानले नानाप्रकार सृष्टि भासित हुन्छ।

यो बडो आश्चर्य छ कि आत्मामा जब अहंकारको उत्थान हुन्छ तब आफूलाई वर्णाश्रमी मान्दछ, तर विचारदृष्टिले हेरेमा अहं भन्ने कुनै वस्तु सिद्ध हुँदैन। शुद्ध आत्मब्रह्ममा अहं भन्ने भूत कहाँबाट उपस्थित हुन आयो ? यो अस्तित्वहीन निर्मूल अहंकारले तिमीलाई मोहित तुल्याएको छ। यसको त्यागमा कुनै यत्न चाहिंदैन, यसको त्याग गर। यो अहंकार मिथ्या संकल्परूप हो। जब अहंकारको उत्थान हुन्छ तब जगत् भासित हुन्छ। जब अहंकार मेटिन्छ तब जगत्को पनि अभाव हुन्छ, किनकि केही बनेकै छैन, सब भ्रममात्र हो। सब आत्मतत्त्व मात्र हो, त्यसदेखि भिन्न केही छैन। जस्तो वायु कहिले चल्छ र कहिले चल्दैन, चले पनि र नचले पनि वायु नै हो त्यस्तो विश्व खडा भए पनि र नभएपनि सब आत्मरूप नै हो। ज्ञप्ति पनि ब्रह्म हो र ज्ञप्तिमा प्रतीत विश्व पनि ब्रह्म नै हो, तब विधि-निषेध र हर्ष-शोक कसको हुने ? सब ब्रह्म नै हो। यसकारण अहं, त्वं आदि सब जगत् ब्रह्मरूप हो। तिमी निःसंशय भएर स्वरूपमा स्थित होऊ।

हे राम ! तिमीलाई पहिले द्वैत, अद्वैत इत्यादि जो बताएको थिएँ, त्यो सब उपदेशमात्र हो। चित्तवृत्तिलाई स्थिर गरेर हेर, सब ब्रह्म नै हो, भिन्न केही छैन, तब निषेध केको गर्ने ? ज्ञानवान्हरू चित्तको दुईप्रकार वृत्ति बताउँछन् - एक मोक्षरूप र अर्को बन्धनरूप। जुन वृत्ति स्वरूपतिर फुर्छ त्यो मोक्षरूप हो र जो दृश्यतिर फुर्छ त्यो बन्धनरूप हो। तिमी जुन वृत्तिलाई ठीक ठान्छौ त्यसैलाई ग्रहण गर। द्रष्टा दृश्य हुँदैन र दृश्य द्रष्टा हुँदैन। तिमी किन दृश्यतिर झुक्छौ र नभएको दृश्यलाई ग्रहण गर्न खोज्दछौ। तिम्रो द्रष्टा नाम पनि दृश्यको अपेक्षाले भएको हो। जब दृश्यको अभाव जान्दछौ तब अवाच्यपद बाँकी रहन्छ, त्यसलाई वाणीले बताउन सकिंदैन।

हे राम ! जस्तो अङ्गी र अङ्गमा, आकाश र शून्यतामा, जल र द्रवतामा र बरफ र शीतलतामा कुनै भेद छैन त्यस्तै ब्रह्म र जगत्मा कुनै भेद छैन। जगत् भन्नु र ब्रह्म भन्नु कुरा एकै हो। जगत् नै ब्रह्म हो र ब्रह्म नै जगत् हो। त्यसकारण आत्मपदमा स्थित होऊ। भ्रमले आफूलाई जो केही ठान्दछौ त्यसको त्याग गरेर ब्रह्मको भावना गर र आफूलाई मनुष्य भनी नठान। जो आफूलाई मनुष्य भनी जान्दछ निश्चय नै त्यो अधोगतिमा प्राप्त हुन्छ। त्यसकारण आफ्नो स्वरूपमा स्थित होऊ।

(१५५) परमार्थयोगोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! एक देशबाट अर्को देशमा जो वृत्ति जान्छ त्यसको बीचमा जो संवित्तत्त्व छ त्यो नै तिम्रो स्वरूप हो, त्यसैको अनुभव गर, त्यसमा स्थित भएर परिआएका चेष्टा

गर । देखनु, सुन्नु, बोलनु, चलनु, हाँसनु आदि सबै काम गर, तर त्यो सबलाई जान्नेवाला जो अनुभवसत्ता छ त्यसैमा स्थित होऊ अर्थात् जाग्रत्‌मा सुषुप्त भएर रहू । बाहिर शुभ चेष्टा गर, तर हृदयमा अहंभावले रहित शिला झैं भएर रहू । तिम्रो स्वरूप निराभास, निर्मल र शान्त छ । सुमेरु पर्वत झैं अचल भएर रहू । अज्ञानबाट उत्पन्न दृश्य तमोरूप हो, आत्मा सदा प्रकाशरूप छ । लाटोकोसेरालाई सूर्य अन्धकाररूप भए झैं अज्ञानीको लागि प्रकाशरूप आत्मा तमोरूप भास्तछ ।

अज्ञानीको विपर्ययदृष्टि हुन्छ । आत्मा निर्विकार अर्थात् अस्ति, जायते, वर्धते, विपरिणमते, अपक्षीयते, नश्यति (हुनु, जन्मनु, बढनु, रूपान्तरमा प्राप्त हुनु, घटतैजानु र नाशहुनु)- यी ६ ओटा विकारले रहित छ तर अज्ञानी त्यसलाई विकारी देख्तछ । अज्ञानी निराकार आत्मालाई साकार, आनन्दरूपलाई दु:खरूप, शान्तलाई अशान्त, महत्‌लाई लघु, पुरातनलाई उत्पत्तिशील, सर्वव्यापकलाई परिच्छिन्न र नित्यलाई अनित्य मान्दछ । आत्मा चेत्यरहित शुद्ध चिन्मात्र छ, उसलाई अज्ञानी चेत्यसंयुक्त देख्तछ । वास्तवमा आत्मादेखि भिन्न जगत् छैन । जसबाट सारा क्रिया सिद्ध हुन्छन् त्यो अनुभवरूप आत्मा तिम्रो स्वरूप हो । तिमी जागेर हेर, तिमी आफूलाई स्वच्छ आकाश, सूक्ष्म, प्रत्यक्ष ज्योति:स्वरूपमा अवस्थित देख्तछौ ।

(१५६) इच्छानिषेधयोगोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! जस्तो जलमा लहरी र तरङ्ग उठ्छन् ती जलरूप नै हुन् त्यस्तै आत्मामा रूप, आलोक र मनस्कार फुर्छन् ती सब आत्मरूप नै हुन् । आत्मा दृश्यरहित, शुद्ध, चिन्मात्र, निर्मल र अद्वैत छ, उसमा जगत् बनेको छैन । हाम्रो लागि त सदा आत्मतत्त्व नै भासित हुन्छ, जगत् भासित हुँदैन । यो जगत् मूर्खको हृदयमा दृढरूपले रहन्छ, तर ज्ञानवान्‌को आत्मरूप नै भासित हुन्छ । जस्तै माटाको खेलौनामा सेना हुन्छन् । जसलाई माटोको ज्ञान छ तिनीहरू त्यसमा रागद्वेष गर्दैनन्, बालकलाई माटो भन्ने ज्ञान छैन, त्यसैले बालकहरू त्यसमा राग-द्वेष गर्छन् त्यस्तै ज्ञानवान् यस जगत्‌मा रागद्वेष गर्दैनन्, अज्ञानीहरू रागद्वेष गर्छन् । जस्तो खेलौनाको सारभूत मृत्तिका हो त्यस्तो जगत्‌मा सारभूत चैतन्य आत्मा हो । जो पदार्थ देखिन्छ आत्माको विवर्त हो र भ्रमले मिथ्या नै भासित हुन्छ । जुन वस्तु मिथ्या हो त्यसमा सुखको निमित्त इच्छा गर्नु मूर्खता हो । हाम्रो त कुनै इच्छा छैन किनकि जगत् मृगतृष्णाको जल झैं लाग्छ, अनि केको इच्छा गर्ने ? जो सत्य प्रतीत हुन्छ उसमा इच्छा पनि हुन्छ, जो सत्य नै होइन तब त्यसको इच्छा कसरी होला ? इच्छा नै बन्धन हो र इच्छारहित हुनुको नाम मुक्ति हो ।

सकल इच्छाबाट रहित हुनु नै परम समाधि हो । जसको मनमा इच्छा उठ्छ त्यसलाई उपदेश पनि लाग्दैन । इच्छाले जीवलाई दीन, दु:खी तुल्याइदिन्छ । इच्छारहित मनुष्य शान्तरूप हुन्छ । ज्ञानी सब इन्द्रियको चेष्टा गर्छ तर इच्छाले रहित हुन्छ, अत: त्यो परमसुखरूप हो । जसको चेष्टा इच्छासहित हुन्छ त्यो परमदु:खी हो ।

(१५७) जगदुपदेश

वसिष्ठले भन्नुभो, हे राम ! इच्छारूपी विषको नाशको उपाय पहिले पनि बताइसकें, अब फेरि स्पष्ट गरेर बताउँछु, सुन । यो संसारलाई आत्मादेखि भिन्न देखछौ भने त्यो मिथ्या हो। मिथ्या वस्तुको के इच्छा गर्नु ? यदि सब आत्मरूप हो भनी देखछौ भने तब पनि इच्छा गर्नु ठीक भएन । दोस्रो वस्तुमा इच्छा हुन्छ, दोस्रो वस्तु नै छैन भने फेरि केको इच्छा गर्ने ? द्रष्टा र दृश्य पनि मिथ्या हो । द्रष्टा इन्द्रिय र दृश्य विषय, ग्राहक इन्द्रिय र ग्राह्य विषय अविचारले सिद्ध छन् र भ्रमले भासित हुन्छन् । द्रष्टा, दर्शन र दृश्यरूप त्रिपुटी ब्रह्ममा कल्पित छ । वास्तवमा सब ब्रह्म नै हो । द्वैत कतै पाइन्छ कि भनेर मैले चिरकालसम्म खोजदै रहें, तर कतै पाउन सकिन, एक ब्रह्मसत्ता नै जस्ताको त्यस्तो भासित हुन्छ जो निराभास, स्फुरणरहित र ज्ञानरूप छ । त्यो ब्रह्मसत्ता आकाशभन्दा पनि सूक्ष्म छ र सब जगत् त्यही हो, म त्यही हुँ र तिमी पनि त्यही हौ। जलमा तरङ्ग, आकाशमा शून्यता, पवनमा स्पन्दन र अग्निमा उष्णता जस्तो अनन्यरूप हो त्यस्तो आत्मामा जगत् अनन्यरूप हो । आत्मा नै विश्वको आकारमा भासित हुन्छ, अरू केही भएको छैन, तब इच्छा केको गर्छौ ।

हे राम ! जब तिमीलाई यो मोक्षको उपाय बताउँदै छु तब तिमी किन आफूलाई बन्धनमा पार्छौ ? इच्छा नै हो कडा बन्धन । जसको इच्छा बढदै जान्छ त्यो जगत्‌रूपी वनको मृग हो। त्यस्ता पशुको कहिले पनि संगत गर्नु हुँदैन । मूर्खको संगतले बुद्धिको विपर्यय हुन्छ । त्यसकारण विपरीत बुद्धिलाई छोडेर आत्मपदमा स्थित होऊ ।

जव दोस्रो वस्तु नै छैन भने कार्यकारण भाव केको हुने र केको इच्छा गर्ने ? जुन संसारको इच्छा गर्छौ त्यो त छँदैछैन । जस्तो सूर्यको किरणमा जलाभास देखिन्छ र सिपीमा चाँदी प्रतीत हुन्छ त्यो अधिष्ठान किरण र सिपीमात्र हो त्यस्तो अधिष्ठान परमार्थसत्ता नै विद्यमान छ, अरू केही छैन । न सुख छ, न दु:ख छ, यो जगत् केवल शिवरूप हो, तब इच्छाको उदय कसरी हुने ?

रामले प्रश्न गरे, हे मुनीश्वर ! सबै ब्रह्म नै हो भने इच्छा अनिच्छा पनि त ब्रह्मदेखि भिन्न भएन तब किन इच्छाको त्याग गर भन्नु हुन्छ ? वसिष्ठले भन्नुभो, हे राम ! जसको ज्ञप्ति जागेको छ अर्थात् जो ज्ञानरूप आत्मामा जागेको छ उसको लागि सब ब्रह्म नै हो, इच्छा अनिच्छा दुवै बराबर हो । इच्छा पनि ब्रह्म नै हो र अनिच्छा पनि ब्रह्म नै हो । हे राम ! जति जति ज्ञानसंवित् बढदै जान्छ त्यति त्यति वासनाको क्षय हुन्छ । जस्तो सूर्यको दउय भएपछि रात्रि नष्ट हुन्छ त्यस्तै ज्ञानको उदय भएपछि वासना रहँदैन । आत्माको साक्षात्कार भएपछि द्वैतवासना रहँदैन । जति जति ज्ञानकला जाग्दैजान्छ त्यति त्यति द्वैतको नाश हुन्छ र द्वैत निवृत्त भए वासना पनि निवृत्त हुन्छ । जति जति स्वरूपानन्द प्राप्त हुँदै गर्छ त्यति त्यति संसार नीरस हुँदै जान्छ, तब केको वासना रहने ?

हे राम ! जसको अमृतमा विषको भावना हुन्छ त्यसको अमृत पनि विष हुन्छ । जब विषको भावनालाई त्यागिदिन्छ तब अमृत त पहिले देखि छँदै थियो, त्यस्तो तिम्रो जो कुछ भासित हुन्छ त्यो ब्रह्मरूपी अमृत नै हो । जब अज्ञानले त्यो ब्रह्मामृतमा जगत्‌रूपी विषको भावना हुन्छ तब

जीव दु:ख पाउँछ र जब संसारको भावना त्यागदछ तब आनन्दरूप नै हुन्छ । उसको इच्छा अनिच्छा दुवै बराबर हो । यद्यपि ज्ञानवान्मा इच्छा देखिन्छ तापनि उसको निश्चयमा छैन । उसको इच्छा पनि अनिच्छा नै हुन्छ किनकि उसको हृदयमा संसारको भावना छैन, तब इच्छा केको रहला ?

हे राम ! यो संसार छँदैछैन । हाम्रो त यो जगत् आकाशरूप शून्य भासित हुन्छ । हाम्रो लागि यो जगत् अरूको मनोराज्यसमान छ, त्यसो हुनाले हामीलाई कुनै बाधा दिँदैन । जस्तो अर्को एक जनाले बाटोमा मनोराज्यबाट अवरोध खडा गऱ्यो, तर त्यसवाट मेरो आउनु जानुमा कुनै रोक तोक लाग्दैन, किनकि मेरो दृष्टिमा त्यो मार्ग सफा नै छ त्यस्तै हाम्रो लागि सकल प्रपञ्च शून्यरूप प्रतीत हुन्छ । अज्ञानी हामीमा चेष्टा देख्छ तर हामी ब्रह्मदेखि भिन्न केही देख्तैनौं । जब जगत् नै देखिदैन भने तब त्यसको इच्छा कसरी होला ?

हे राम ! संसारमा रोग र त्यसका औषधि पनि नानाप्रकारका छन् तर इच्छारूपी छुरीको घाउको औषधि पाईदैन । जप, तप, पाठ, यज्ञ, दान र तीर्थवाट पनि त्यो घाउ निवृत्त हुँदैन । संसारका पदार्थबाट इच्छारूपी रोग निवृत्त हुँदैन । जब आत्मज्ञानरूपी औषधि प्राप्त हुन्छ तबमात्र त्यो रोग स्वभावैले निवृत्त हुन्छ । जस्तो स्वप्नको वासना जागनु विना अरू उपायले जाँदैन त्यस्तो आत्मज्ञानविना अरू उपायले इच्छा (वासना) निवृत्त हुँदैन ।

बडो आश्चर्य छ कि अज्ञानीको लागि मिथ्या संसार सत्य भासित हुन्छ । जस्तो बालक वृक्षमा वेताल देख्छ र भयभीत हुन्छ तर त्यो वेताल छँदैछैन त्यस्तै मूर्खताले आत्मामा संसारको कल्पना गरेर जीव दु:खी हुन्छ ।

हे राम ! जो कुछ स्थावर-जङ्गम जगत् देखिन्छ त्यो सब ब्रह्मरूप हो, ब्रह्मदेखि भिन्न होइन । दोस्रो वस्तु बनेकै छैन, केवल ब्रह्मसत्ता आफू आफैमा स्थित छ, त्यो नै सबैको वास्तव स्वरूप हो । जब त्यसको साक्षात्कार हुन्छ तब अहंरूप भ्रम मेटिन्छ । जस्तो सूर्यको उदय भएपछि अन्धकारको अभाव हुन्छ त्यस्तो आत्मसाक्षात्कार भएपछि अनात्म-अभिमानरूपी अन्धकारको अभाव हुन्छ र परम निर्वाण प्राप्त हुन्छ । त्यो शान्त परम शिवरूप हो ।

हे राम ! जो सिद्धको वचन पूरा भएको देखिन्छ त्यो संकल्पको तीव्रता हो । जब चित्त शुद्ध हुन्छ तब अरूको सृष्टि पनि जान्दछ । जो वाक्सिद्धिको लागि वासनालाई सूक्ष्म तुल्याउँछ अर्थात् वासनाको निरोध गर्छ तब उसको वचनमा सिद्धि हुन्छ, ऊ जस्तो संकल्प गर्छ त्यस्तै सिद्ध हुन्छ । जति जति दृश्यबाट उपरत भएर अन्तर्मुख हुन्छ त्यति त्यति वचनमा सिद्धता प्राप्त हुन्छ, उसले वर या शाप दिए पनि पूरा हुन्छ ।

हे राम ! नामरूपात्मक जति पनि पदार्थ देखिन्छन् ती सब आकाशरूप हुन् । आत्मामा केही छैन । आत्मरूपी समुद्रमा जगत्रूपी तरङ्ग उठ्छन् ती सब आत्मरूप हुन् । जसलाई यस्तो ज्ञान भएको छ त्यसको इच्छा-अनिच्छाको ज्ञान रहदैन र सब आकाशरूप (परमात्मरूप) नै भासित हुन्छ । आत्मा र जगत्मा भेद छैन । जस्तो पत्थरमा रेखा खिचेमा त्यो पत्थरदेखि भिन्न हुँदैन

त्यस्तै ब्रह्मदेखि जगत् भिन्न छैन । देश, काल, पृथ्वी आदि सब आत्मरूप नै हो भन्ने निश्चय जसको भएको छ उसको राग-द्वेष हुँदैन, सब आत्मरूप नै प्रतीत हुन्छ ।

(१५८) परमनिर्वाणयोगोपदेश

वसिष्ठले भन्नुभयो, हे राम ! शुद्ध आत्मतत्त्वमा सम्वेदनबाट जगत् भासित भएको छ । जस्तो कुनै एक सिद्ध आँखामा अञ्जन (गाजल) लगाएर आकाशमा पर्वत उडिरहेको देखाइदिन्छ त्यस्तै अस्तित्वहीन जगत् संकल्पको स्फुरणबाट भासित हुन्छ । हे राम ! ब्रह्मसर्ग र चित्त सर्गमा केही भेद छैन । परमार्थ दृष्टिमा दुवै एक हो । दृष्टि भन्नु र सृष्टि भन्नु पयार्य हो । भावनाले नाना सृष्टि भासित हुन्छ । आत्मामा कुनै द्वितीय वस्तु बनेको छैन । चित्त र चेत्य आत्मादेखि भिन्न होइन । चित्त नै चेत्य भएर भासित हुन्छ । ज्ञानले यिनमा एकता हुन्छ । दृश्य द्रष्टारूप नै हो, जस्तो स्वप्नमा शुद्ध संवित् नै दृश्य भएर स्थित हुन्छ र जागेपछि एक हुन्छ । उहीरूप भए एकता हुन्छ । भिन्न वस्तुको एकता हुँदैन । आकाश आदि तत्त्व पनि आत्मरूप नै हो । जसबाट यो सब भएको छ, जो सर्वरूप हो, जो सर्वव्यापी एवं सर्वगत भएर सबलाई धारण गरिरहन्छ र सब त्यही नै हो, यस्तो सर्वात्मालाई मेरो नमस्कार छ । जो कुछ भासित हुन्छ सब त्यही (आत्मा) नै हो । जस्तो जलमा गलाउने शक्ति हुन्छ त्यस्तो ब्रह्ममा स्वभावतः भावना हुन्छ, अरूमा हुँदैन । ब्रह्मको भावनाले सब ब्रह्म नै भासित हुन्छ ।

जसको शुद्ध संवित्मा अहंप्रत्यय हुदैन त्यो अज्ञानी हो । जस्तो समुद्रमा जल कहिले माथि आउँछ र कहिले तल जान्छ तापनि जल नै हो त्यस्तै जो कुछ देखिन्छ या भासित हुन्छ त्यो सब ब्रह्मस्वरूप नै हो । त्यो ब्रह्म इन्द्रियको पनि आत्मा हो । ब्रह्मबाट आकाश, वायु, अग्नि, जल र पृथ्वी प्रकट भएका छन्, ती सब ब्रह्मका अनिच्छित चमत्कार हुन्, त्यसकारण सब आत्मरूप हो । जस्तो वटबीजमा वृक्ष हुन्छ त्यस्तो आत्मरूपी बीजमा जगत् हुन्छ र नानाप्रकारले भासित हुन्छ, तर आत्मा बीज झैं परिणामी होइन । दृश्य र द्रष्टा एकै हो, द्रष्टा नै दृश्यजस्तो भएर भासित हुन्छ । जस्तो कुनै मानिस तिम्रो नजीकमा सुतेको छ, उसको स्वप्नमा मेघ गर्जिराखेको छ र नानाप्रकार चेष्टा भइरहेको छ, त्यो सब त्यही मानिस देख्छ, तिमी देख्तैनौ त्यस्तै यो दृश्य तिम्रो भावनामा स्थित छ, हाम्रो लागि आकाशरूप हो ।

हे राम ! संकल्पवाट नै सारा सृष्टि भएको छ । जब संकल्प नष्ट हुन्छ तब शान्तपद शेष रहन्छ । चिन्मात्र अद्वैत स्वरूपमा अहन्ताले जगत् भासित हुन्छ । जब स्वरूपको साक्षात्कार हुन्छ तब अहन्तारूप भ्रम मेटिन्छ र जगत् र इच्छा दुवैको अभाव हुन्छ । यसकारण ज्ञानीको इच्छा र वासना रहँदैन । जब परिच्छिन्न अहंकार नष्ट हुन्छ तब जीव परम निर्वाणपद प्राप्त गर्छ जुन पद प्राप्त भएपछि अणिमा आदि सिद्धि पनि सुकेको घाँस झैं तुच्छ प्रतीत हुन्छन् । त्यो यस्तो आनन्दरूप वस्तु हो जसमा ब्रह्मा आदिको सुख पनि तृणसमान हुन्छ । जसले यस्तो ब्रह्मानन्द प्राप्त गरेको छ उसको कुनै इच्छा रहँदैन । उसको केवल निर्वाणपदमा स्थिति हुन्छ ।

जब अहन्तारूपी बीज नष्ट हुन्छ तब निर्वाणपद प्राप्त हुन्छ । हे राम ! यो अहंकार अविचारले सिद्ध छ, विचारको उदय भएपछि निवृत्त हुन्छ । तिमी यन्त्रपुतली झैं अभिमानले रहित भएर चेष्टा गर र स्वरूपमा स्थित होऊ, तब तिम्रो व्यवहार पनि अव्यवहारतुल्य हुन्छ अर्थात् अहंकारले रहित तिम्रा चेष्टा हुन्छन् । अहन्ता नै दुःख हो । जब अहन्ताको नाश होला तब तिमी शान्त निर्मल अनामय, पदमा प्राप्त हुनेछौ जो सबै पदार्थको अधिष्ठान र आफ्नो स्वरूप हो । उसमा न कुनै सुख छ, न दुःख छ र त्यो इन्द्रियको विषय पनि होइन, त्यो केवल परमशान्तरूप हो ।

(१५९) वसिष्ठगीतोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! ज्ञानवान् पुरुष निरावरण हुन्छ । आवरण दुई प्रकारको छ- असत्त्वापादक र अभानापादक । जब आत्मब्रह्मको सत्यता हृदयमा जागृत हुँदैन त्यो असत्त्वापादक आवरण हो । जब आत्माको सत्यता हृदयमा भासित हुन्छ, तर दृढ प्रत्यक्ष भएको छैन त्यो हो अभानापादक आवरण । असत्त्वापादक आवरण अज्ञानीको हुन्छ र जिज्ञासुको अभानापादक आवरण हुन्छ, किन्तु ज्ञानवान्मा दुबै आवरण हुँदैनन् । ज्ञानवान् निरावरण, शान्तरूप, आकाशवत् निर्मल र निरालम्ब हुन्छ । ज्ञानवान् कुनै गुणको आश्रय भएर रहँदैन । उसको एक, दुई भन्ने भ्रम नष्ट भएको छ किनभने उसले अपवित्रलाई पनि पवित्र तुल्याइदिने आत्मरूपी तीर्थमा स्नान गरेको छ । जसले आत्मदर्शन गरेको छ उसको शरीरको सत्यता रहँदैन र संसार पनि रहँदैन । आत्मसाक्षात्कार भएपछि सारा इच्छा नष्ट हुन्छन्, सर्वत्र ब्रह्मदृष्टि हुन्छ र कुनै द्वैत रहँदैन । सब आत्मस्वरूप नै हो, तर उसमा संकल्पले नाना प्रकारको सृष्टि भासित हुन्छ ।

हे राम ! तिमी संकल्पतिर नलाग, किनकि चित्तको वृत्ति क्षण-क्षणमा बदलिन्छ र अनन्त योजनसम्म टाढा पुग्छ । त्यो वृत्तिको अन्तरालमा वृत्तिको प्रकाशकरूपले रहेको जो अनुभवसत्ता विद्यमान छ र जसको आश्रयमा ती वृत्ति चलिरहन्छन्, त्यो चिन्मात्र तत्त्व तिम्रो वास्तव स्वरूप हो । जब तिमी त्यो चिन्मात्र स्वरूपमा स्थित भएर हेर्नेछौ तब अहं या इच्छाको स्फुरणमा पनि ब्रह्मसत्ता नै भासित हुनेछ । यो संवित् तत्त्व सदा प्रकाशरूप, चित्तको क्षोभले रहित र द्वैतरूप विकारले रहित शुद्ध एवं निर्मल छ । अरू प्रकाशको विरोधी पनि हुन्छन् जस्तो दीपकको विरोधी पवन र सूर्यको विरोधी राहु हुन्छ । महाप्रलयमा सबै प्रकाश तमोरूप हुन्छन् तर आत्मप्रकाश नित्यसिद्ध छ जो तमलाई पनि प्रकाश गरेर रहन्छ र एकरस सदा ज्ञानरूप छ । तिमी त्यसलाई त्यागेर अन्यत्र नलाग ।

यो विश्व भ्रममात्र हो र स्वप्नप्रपञ्च झैं अविचारले सिद्ध छ, विचार गरेपछि सब आत्मरूप नै सिद्ध हुन्छ । जस्तो स्वप्नसृष्टि अनुभवदेखि भिन्न होइन त्यस्तो यो विश्व आत्मादेखि भिन्न छैन । यो दृश्य आत्मस्वरूपदेखि भिन्न कुनै दोस्रो वस्तु होइन, जब तिमी यस्तो निश्चय गर्छौ तब शोक-मोहले रहित हुन्छौ । जस्तो स्वप्नसृष्टि आफ्नो भित्रै छ र आफ्नै स्वरूप हो तर निद्रादोषले बाहिर देखिन्छ तापनि जागेर हेर्दा आफ्नै स्वरूप ठहरिन्छ त्यस्तै जाग्रत-सृष्टि पनि विचार गरेपछि अनुभवमा भासित हुन्छ र अनुभवस्वरूप नै हुन्छ । त्यसकारण स्थिर भएर हेर, यो आत्मा सर्वदा

जाग्रत्-ज्योति हो । यो बाहेक अरू कुराको लागि यत्न गर्नु व्यर्थ छ । आफ्नो अनुभवस्वरूपमा स्थित हुनको लागि कुनै कठिनाइ छैन, जो कठिन ठान्दछ त्यो मूर्ख हो, त्यसलाई धिक्कार छ । गोस्पद (गाईको पाइला) नाघनु झैं अनुभवस्वरूपमा स्थित हुनु अत्यन्त सुगम छ । अन्य पदार्थको प्राप्तिमा अनेक व्यवधान हुन्छन्, तर आत्मस्वरूपको प्राप्तिमा कुनै व्यवधान छैन, किनकि त्यो आफ्नै स्वरूप हो ।

जुन पुरुषले आत्मस्थिति प्राप्त गरेको छ उसको मोक्षको पनि इच्छा हुँदैन भने स्वर्गको इच्छा त परै जाओस् । उसको मोक्ष र स्वर्ग दुवै रज्जुसर्प झैं मिथ्या भासित हुन्छन्, उसको केवल अद्वैत आत्माको निश्चय हुन्छ । ज्ञानीको निर्वाण र जीवन दुवै बराबर हुन्छन् । उनको लागि प्रपञ्च शशशृङ्ग झैं तुच्छ प्रतीत हुन्छ । ज्ञानीको चेष्टा पनि देखिन्छ तर उनको चेष्टा अर्थाकार हुँदैन र पुनर्जन्मदायी हुँदैन । अज्ञानीको चेष्टा पुनर्जन्मकारी हुन्छ । हे राम ! मेरो दृष्टिमा ब्रह्मदेखि भिन्न केही छैन । तिमी, म र जगत् ब्रह्म नै हो र रूप, आलोक, मनस्कार सब ब्रह्मरूप हो । त्यसकारण तिमी सर्वत्र ब्रह्मको भावना गर । आफ्नो स्वभावमा स्थित हुनुनै परम कल्याण हो र पर स्वभावमा स्थित हुनु दु:ख हो । आफ्नो स्वभाव सिद्ध गर्नुको नाम मोक्ष हो र सिद्ध नगर्नुको नाम बन्धन हो ।

हे राम ! सर्वब्रह्मको भावना गरेर भोगेच्छाको त्याग गर । जसको भोगवासना निवृत्त भएको छ उसको लागि संसार नीरस भएर आउँछ र त्यो संसारबाट पार लाग्छ । ज्ञानी संसारबाट सुषुप्त रहेर आफ्नो स्वरूपमा सदा जाग्रत् रहन्छ र स्वभावरूपी अमृतमा मग्न हुन्छ ।

(१६०) वसिष्ठगीता–सम्यग्ज्ञानोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! रूप, अवलोक र मनस्कार परस्वभाव हुन् । तिम्रो स्वरूप शुद्ध आकाशरूप हो, उसमा जो रूप, अवलोक र मनस्कार देखिन्छन् ती मायाबाट उत्पन्न भएका हुन् । माया स्वभावत: परस्वभाव हो, तर यसको अधिष्ठान आत्मसत्ता भएकोले माया र तत्कार्य रूप, अवलोक र मनस्कार सब आत्मस्वरूप नै हुन् । जब ज्ञान उत्पन्न हुन्छ तब संसार स्वप्नवत् भास्तछ । जब दृढज्ञान हुन्छ तब यिनको भाव पनि रहँदैन र तुरीयावस्थामा स्थिति हुन्छ । जब जीव तुरीयातीत हुन्छ तब अभावको पनि अभाव हुनजान्छ र परम कल्याणरूप सत्तासामान्य, आद्यन्तरहित परमपद प्राप्त हुन्छ ।

हे राम ! म परमशान्तरूप, निर्दोष ब्रह्मस्वरूप हुँ र सब जगत् पनि ब्रह्मरूप हो । मेरो सदा यही निश्चय रहन्छ, म वसिष्ठ हुँ भन्ने भाव हृदयमा उठतैन, किनकि मेरो परिच्छिन्न अहंकार नष्ट भएको छ, त्यसकारण म निरहंकारपदमा स्थित छु । जब तिमी पनि यस्तै भएर स्थित हुनेछौ तब परम निर्मलस्वरूप हुनेछौ र शरत्कालको आकाश झैं सुशोभित भएर रहनेछौ ।

बन्धन कसरी हुन्छ, जसले गर्दा आत्मपद प्राप्त हुँदैन त्यो पनि सुन । पहिलो धन र गृहको बन्धन हो, दोस्रो भोगको तृष्णा र तेस्रो बान्धवको बन्धन हो । जसमा यी तीनको वासना छ त्यसलाई धिक्कार छ । यो वासना बडो अनर्थकारी छ । यो भोग महारोग हो । बान्धव दृढ

बन्धनरूप हुन् । अर्थको प्राप्ति अनर्थको कारण हो । अतः यस वासनालाई त्यागेर आत्मपदमा स्थित होऊ ।

हे राम ! तिमी, म र यो जगत् संकल्पनगर झैं भ्रममात्र हो । कर्ता, कर्म र क्रिया जो भासित हुन्छन् ती पनि भ्रममात्र हुन् । केवल आत्मसत्ता नै आफू आफैंमा स्थित छ । स्वभावनिष्ठ पुरुषको सर्वत्र आत्मतत्त्व नै भासित हुन्छ । जसको आत्मस्वरूपमा प्रमाद छ उसको नाना प्रकारको जगत् भासित हुन्छ, तर आत्मामा यो जगत् कुनै आरम्भ या परिणामले बनेको होइन । जस्तो सूर्यको किरणमा अज्ञानले जलाभास हुन्छ त्यस्तो आत्मामा अज्ञानले जगत्को प्रतीति हुन्छ । सूर्यको किरण हटेपछि जलाभास निवृत्त भए झैं जब आत्माको सम्यक् ज्ञान हुन्छ तब जगद्भ्रम निवृत्त हुन्छ ।

(१६१) जगत् हो आत्मस्वरूप नै

वसिष्ठले भन्नुभो, हे राम ! रूप, अवलोक र मनस्कार सब ब्रह्मरूप नै हो । ज्ञानी सब ब्रह्मस्वरूप नै देखनुहुन्छ - यो नै हो ज्ञानको लक्षण । जति जति ज्ञानकलाको उदय हुँदै जान्छ त्यति त्यति भोगवासना क्षीण हुँदै जान्छ र जब पूर्ण बोध हुन्छ तब कुनै वस्तुको पनि इच्छा रहँदैन । जस्तो जति जति सूर्य प्रकाशित हुँदै जान्छन् त्यति त्यति अन्धकार नष्ट हुँदै जान्छ र जब पूर्ण प्रकाश हुन्छ तब रात्रिको अभाव हुन्छ त्यस्तै जसको ज्ञान उत्पन्न भएको छ उसको भोगवासना रहँदैन । संसार जलेको वस्त्र झैं भासित हुन्छ, तर अज्ञानी संसारलाई साँचो देख्छ । जस्तो स्वप्नमा सुषुप्ति हुँदैन, सुषुप्तिमा स्वप्न हुँदैन, स्वप्नको पुरुष सुषुप्तिको मानिसलाई जान्दैन त्यस्तै जसको तुरीय पद प्राप्त भएको छ उसको संसारको अभाव हुन्छ र त्यो आफ्नो स्वभावमा स्थित हुन्छ । संसारलाई जो सत्य ठान्दछ त्यो स्वप्नको मानिस हो, त्यो सुषुप्तिलाई जान्दैन । हे राम ! तिम्रो स्वरूप जो तुरीय पद हो त्यसलाई अज्ञानी जान्न सक्तैन । त्यो तुरीय पदलाई जो जान्दछ उसको परिच्छिन्न अहंकार नष्ट हुन्छ र सब आत्मस्वरूप नै भासित हुन्छ ।

हे राम ! कर्ता, क्रिया र कर्म सब आत्मस्वरूप हो । जब तिमी आत्माको भावना गर्छौ तब हृदय आकाश झैं शून्य हुन्छ र संसारको भावना उठ्तैन । आत्मपद शान्तरूप छ र आकाश झैं निर्मल छ । आत्माको उदय र अस्त छैन, किनकि आत्मादेखि भिन्न दोस्रो वस्तु नै छैन तब उदय, अस्त कसको हुने ? सम्पूर्ण जगत् आत्मस्वरूप नै हो । आत्मा द्वैत या एकको कल्पनाले रहित भएर आफ्नो स्वभावमा अवस्थित छ ।

(१६२) पुनर्निर्वाणोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! यो विश्व आत्माको चमत्का हो । जस्तो माटोको पुतली माटोरूप हुन्छ र कागतको पुतली कागतरूप हुन्छ त्यस्तै यो विश्व आत्मरूप हो । जस्तो माटोको बत्ती देखिन्छ तापनि त्यसबाट प्रकाशको काम हुँदैन त्यस्तो यो जगत् देखिन्छ तापनि आत्मादेखि भिन्न छैन । जस्तो जलमा तरङ्ग, आकाशमा शून्यता र पवनमा स्पन्दन अभिन्न हुन्छन् त्यस्तै आत्मामा जगत् अभिन्नरूप हो । ज्ञानवान् जान्नुहुन्छ कि जगत् मेरै स्वरूप हो । जस्तो स्वप्नको जगत्

अनुभवस्वरूपदेखि भिन्न होइन त्यस्तो जाग्रत्‌जगत्‌ पनि विचारदृष्टिले हेरेमा ब्रह्मस्वरूप नै भासित हुन्छ ।

जो मानिस सुतेको छ, स्वप्नजगत्‌ उसैको स्वरूप हो, तर निद्रादोष रहेसम्म भिन्न भासित हुन्छ, जागेर हेर्दा सब आफ्नै रूप प्रतीत हुन्छ त्यस्तै जब मानिस आफ्नो स्वरूपमा स्थित भएर हेर्छ तब सब आफ्नै रूप भासित हुन्छ ।

रूप, अवलोक (इन्द्रिय) र मनस्कार पनि ब्रह्मस्वरूप नै हो । आत्मा इन्द्रियको विषय हुँदैन, त्यो निराकार हो र मनको चिन्तन देखि पर छ । संकल्पले आफैं नै रूप, अवलोक र मनस्कार भएर स्थित हुन्छ । सब उही हो, शास्त्रमा शिव, ब्रह्म, आत्मा, शून्य आदि नामको कल्पना गरेको छ । आत्मा केवल चिन्मात्र हो र त्यो वाणीको विषय हुँदैन । त्यो शान्तरूप, चेत्य अर्थात्‌ दृश्यले रहित छ र सबै शब्द र अर्थको अधिष्ठान हो । जगत्‌ आत्माको चमत्कार हो । जस्तो आकाश र शून्यतामा भेद छैन त्यस्तो आत्मा र जगत्‌मा भेद छैन । जस्तो मृत्तिकाको सेनामा नानाप्रकार संज्ञा हुन्छन्‌ तापनि मृत्तिकादेखि भिन्न कुनै दोस्रो वस्तु हुँदैन त्यस्तै आत्मामा स्फुरणबाट नानाप्रकार संज्ञा देखिन्छन्‌ ता पनि आत्मादेखि भिन्न छैनन्‌, सब उसैका रूप हुन्‌ । सब पदार्थ अनुभवसत्ताले भासित हुन्छन्‌, त्यसकारण पदार्थको सत्ता अनुभवदेखि भिन्न छैन । जब तिमी अनुभवमा स्थित भएर हेर्छौ तब सब आफ्नै रूप देखिन्छ । आत्मा ज्ञानस्वरूप हो र उसलाई जान्नुको नाम पनि ज्ञान हो । ज्ञानविना गरिएका यज्ञ, दान र तपस्या आदि क्रिया व्यर्थ हुन्छन्‌ । ज्ञानबाट नै सम्पूर्ण क्रियाको सिद्धि हुन्छ । ज्ञानको लागि गरिने प्रयत्न श्रेष्ठ हो ।

हे राम ! विद्यमान वस्तु आत्मा नै हो । अतः पूजा पनि आत्मदेवको नै हुनुपर्दछ । विद्यमान देव विष्णुलाई छोडेर जो अन्यदेवको पूजा गर्छन्‌ तिनको पूजा सफल हुँदैन र विष्णु पनि तिनका उपर कुपित हुनुहुन्छ । विष्णु र आत्मदेव यौटै वस्तु हो । अनुभवरूप विद्यमान आत्मालाई त्यागेर जो अरूको उपासना र पूजा गर्छन्‌ तिनीहरू जन्ममरणको बन्धनबाट मुक्त हुँदैनन्‌ । आत्मदेवको पूजा सुन । अनिच्छितरूपमा जो प्राप्त हुन्छ त्यसलाई आत्मदेवरूप भगवान्‌मा अर्पण गर्नु र त्यसैमा अहंप्रत्यय गर्नु नै महती पूजा हो । आत्मदेवदेखि भिन्न सूर्य, चन्द्र आदिको पूजा भेदपूजा हो र त्यो तुच्छ हो । जब तिमी आत्मपूजामा स्थित हुन्छौ तब अरू देवताको पूजा शुष्क तृण झैं तुच्छ प्रतीत हुन्छ । दान पनि आत्मबोधको लागि नै गर्नुपर्छ ।

वैराग्य, धैर्य र सन्तोष बोधका कारण हुन्‌ । यथालाभमा सन्तुष्ट रहेर ब्रह्मविद्याको विचार गर र साधुजनको संगत गर । यी साधनबाट जब बोधभास्करको उदय हुन्छ तब द्वैतरूप अन्धकार नष्ट हुन्छ अनि सर्वत्र ज्ञानरूप नै भासित हुन्छ र शान्तरूप हुन्छ ।

हे राम ! आत्मदेवको नै पूजा गर जसबाट आत्मपद प्राप्त हुन्छ । आत्मविचारद्वारा चित्तलाई अन्तर्मुख तुल्याउनु, यथालाभमा सन्तुष्ट रहनु र ज्ञानी जनको संगत गर्नु यी आत्मपूजाका पुष्पादि सामग्री हुन्‌ । अन्तःकरण शुद्ध नभईकन पूजा हुँदैन र ज्ञान पनि उत्पन्न हुँदैन । जब ज्ञान उत्पन्न हुन्छ तब आत्मदेवको साक्षात्कार हुन्छ । ज्ञानीको लक्षण पनि सुन । गुरु र शास्त्रबाट श्रवण गरिएको वस्तुमा जब बुद्धि स्थित हुन्छ र संसारको वासना क्षीण हुन्छ तब जीव ज्ञानी कहिन्छ ।

जब ज्ञानको पूर्णता हुन्छ तब जगत् ब्रह्मरूप नै भासित हुन्छ । यस्तो ज्ञानी शस्त्रद्वारा काटिँदैन र उसलाई सिंह, सर्प, अग्नि र विषको पनि भय हुँदैन ।

जस्तो भावना गऱ्यो विश्व त्यस्तै भासित हुन्छ । त्यसकारण तिमी आत्मपरायण भएर सदा आत्मपदको नै भावना गर । जस्तो शुद्ध मणिको निकट जस्तो वस्तु राखिन्छ त्यस्तो नै प्रतिविम्ब पर्छ त्यस्तै जीव जस्तो भावना गर्छ त्यस्तै रूप भासित हुन्छ । त्यसकारण जगत्लाई ब्रह्मरूप जान र जो दोस्रो वस्तु देखिन्छ त्यसलाई भ्रममात्र भनी जान । जस्तो शिलामा पुतली लेख्यो भने पनि त्यो सब शिलारूप नै हुन्छ त्यस्तै यो सब जगत् आत्मस्वरूप नै हो । जब आत्मपद प्राप्त हुन्छ तब सारा पदार्थ नीरस प्रतीत हुन्छन् । यो जगत् मिथ्या हो । जो यस जगत्लाई सत्य मान्दछ र मुखले म मुक्त छु भन्छ भने त्यसको भनाइ अन्धकूपमा खसेको जन्मान्धले म अन्धकारमा सुखी छु भने जस्तै हुन्छ अर्थात् त्यो महामूर्ख हो किनकि आत्मज्ञानविना मुक्त हुँदैन ।

(१६३) ब्रह्मैकताप्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! अहन्ता आदि जो जगत् भासित हुन्छ त्यो मिथ्या भ्रमले उदित भएको छ । यसलाई त्यागेर आफ्नो अनुभवस्वरूपमा स्थित होऊ । मिथ्या जगत्मा आस्था गर्नु मूर्खता हो । ज्ञानी र अज्ञानी कस्ता हुन्छन्, सुन । जस्तो कुनै मानिसको भित्र ताप छ भने उसको हृदय जलेको हुन्छ र तिर्खा बढी लाग्छ, जसको ताप नष्ट भएको छ उसको हृदय शीतल हुन्छ र जलको तिर्खा पनि हुँदैन, त्यस्तै जसमा अज्ञानरूपी ताप चढेको छ उसको हृदयमा जलन हुन्छ र भोगरूपी जलको तृष्णा ज्यादा हुन्छ, तर जसको हृदयमा अज्ञानरूपी ताप मेटिएको छ । उसको हृदय शीतल हुन्छ र भोगरूपी जलको तृष्णा पनि हुँदैन ।

तापनिवृत्तिको उपाय

शास्त्रमा वर्णित अर्थवादबाट मानिसको बुद्धिमा भ्रम उत्पन्न हुन्छ । म तिमीलाई सुगम उपाय बताउँछु । निरहंकार हुनु नै तापनिवृत्तिको सुगम उपाय हो । न म छु, न यो जगत् छ, जब तिमी यस्तो निश्चय गर्छौ तब सब जगत् ब्रह्मरूप भासित हुन्छ, अनि कुनै पदार्थको कामना रहँदैन । जब सकल पदार्थलाई मिथ्या जानेर आफूको पनि अभाव तुल्याउँछौ तब सर्वाधिष्ठान प्रत्यक् चैतन्य परमानन्दस्वरूप शेष रहन्छ । यो मिथ्या अहंकाररूपी यक्षले नानाप्रकार जगतको कल्पना गरेको छ । अहंकार मिथ्या हो र उसको जगत् पनि मिथ्या हो । जब तिमी आफ्नो स्वरूपमा स्थित हुन्छौ तब जगद्-भ्रम मेटिन्छ । जस्तै स्वप्नमा नाना पदार्थ प्रतिभासित हुन्छन् र तिनको ग्रहण-त्यागको इच्छा पनि हुन्छ, जब जाग्छ तब सारा पदार्थ मेरो संकल्परूप हुन् भनी जान्दछ र पछि ती पदार्थ स्मरणमा आउँछन् अथवा भासित हुन्छन् तापनि तिनलाई मिथ्या जान्दछ त्यस्तै जब आत्माको विषयमा जाग्दछ तब सब ब्रह्मरूप नै भासित हुन्छ ।

हे राम ! आदिमा आत्मा नै थियो र अन्तमा पनि आत्मा नै रहन्छ, मध्यमा जो जागतिक पदार्थ देखिन्छन् त्यतातिर ध्यान नदेऊ, जो यिनलाई जान्नेवाला छ र जसबाट यी पदार्थ प्रकाशित हुन्छन् त्यसमा स्थित होऊ । जगत्का पदार्थ मृगतृष्णाको जल झैं आभासमात्र हुन्, अज्ञानी

मृगजस्तो भएर त्यतातिर नदगुर, त्यसबाट शान्ति प्राप्त हुँदैन र दु:खमात्र हुन्छ । सिंह जस्तो पिंजडालाई तोडेर वनमा स्वतन्त्ररूपले घुमदछ त्यस्तो तिमी पनि वासनारूपी पिंजडा तोडेर आत्मपदमा स्थित भएर सुखी होऊ ।

निर्वाण, निरहंकारता, वासनात्याग र परम उपशम - यी चार भूमिका शान्तिका स्थान हुन् । जब तिमी यी भूमिकामा स्थित हुन्छौ तब द्रष्टा, दर्शन र दृश्यरूप त्रिपुटीको अभाव हुन्छ र केवल द्रष्टा बाँकी रहन्छ । द्रष्टा भन्नु पनि उपदेशको लागि हो । जब दृश्यको अभाव हुन्छ तब केको द्रष्टा हुने ? केवल आफ्नो शुद्ध दृक्स्वरूपमा स्थित होऊ । आत्मामा दृश्य छैन । एकै पदार्थमा दुई दृष्टि हुन्छन्, ज्ञानी उसलाई आत्मा मान्छ भने अज्ञानी जगत् मान्छ । ज्ञानी परमार्थतत्त्वमा जागा रहन्छ र संसारतिरबाट सुतेको हुन्छ, अज्ञानी परमार्थतत्त्वमा सुतेको हुन्छ र संसारतिर सावधान रहन्छ ।

जगत् मनोरूप हो । ज्ञानीको मन सत्स्वरूपमा प्राप्त हुन्छ र जगत्को भावना हुँदैन । जब ज्ञान उत्पन्न हुन्छ तब जगत् भिन्नरूपले प्रतीत हुँदैन । मन र वासना भन्नु पनि परस्पर सापेक्ष कुरा हो । यिनमा एकको अभाव भए अर्कोको पनि अभाव हुन्छ । मनको नाश भए वासना नष्ट हुन्छ अथवा वासना नष्ट भए मनको पनि नाश हुन्छ । मिथ्या जगत्को तृष्णा छोडेर तिमी आफ्नो स्वभावमा स्थित होऊ । जस्तो अग्निले जलाएको शुष्क तृण हावाले उडाएपछि कहाँ गयो पत्ता हुँदैन त्यस्तो ज्ञानरूपी अग्निले जलाएर निरहंकारतारूप पवनले उडाएर लगेको संसाररूपी तृण कहाँ गयो थाहा हुँदैन । लाख योजन पर्यन्त खोजेपनि आकाशरूप आत्मानै देखिन्छ, संसार देखिँदैन । संसारको शब्द र अर्थ आत्मामा छैन । आत्मा नै हो शब्दार्थकल्पनाको अधिष्ठान ।

रूप, अवलोक र मनस्कार यी मिथ्या उदित भएका छन्, यिनको त्याग गर । जस्तो मरुस्थलमा जलाभास मिथ्या हुन्छ त्यस्तो आत्मामा जगत् मिथ्या भ्रममात्र हो, यसको सम्बन्धबाट जीव दु:खी हुन्छ ।

विश्व आत्माको चमत्कार हो । समुद्रमा तरङ्ग झैं आत्मामा जगत् छ । अहंताबाट यसको उदय हुन्छ र अहंको अभाव भए यसको पनि अभाव हुन्छ । जसको अहंताको अभावको निश्चय भएको छ ती सन्त र उत्तम पुरुष हुन्, तिनको अभिमान र भोगको आशा नष्ट हुन्छ । ती भ्रान्तिरहित भएका हुनाले नित्य समाधिस्थ हुन्छन् ।

(१६४) समाधिवृक्षको वर्णन

रामले प्रश्न गरे, हे भगवन् ! संसारमा भटकिरहेको मनोरूप मृगको आश्रयस्थल, समाधिरूप वृक्ष कसरी कहाँ उत्पन्न हुन्छ सुन्न पाऊँ ।

वसिष्ठले भन्नुभो, हे राम ! समाधिवृक्ष आत्मबलद्वारा सन्तजनको हृदयमा उत्पन्न हुन्छ । आत्मकल्याणको लागि यस वृक्षको साधना सबैले गर्नुपर्छ । यो समाधिवृक्षको बीज वैराग्य हो । वैराग्य पनि दुई प्रकारको हुन्छ । एक हो दु:ख कष्ट परेर हुने वैराग्य र अर्को हो अन्त:करण शुद्ध भएर निष्काम हृदयबाट हुने वैराग्य । निर्वासनारूपी हलोले जोतिएको चित्तरूपी जमीनमा वैराग्यरूपी बीज रोपेर सत्संग र सत्शास्त्ररूपी जलले सेचन गर्नुपर्छ, तबमात्र त्यो वृक्ष बढ्दै

जाने आशा राखन सकिन्छ । आत्मविचाररूपी सूर्यको किरणले त्यो पुष्ट हुँदैजान्छ । आशारूपी पक्षीले त्यो बीजलाई खोतलेर झिक्न नपाओस र अभिलाषारूपी बूढो गोरू पसेर कुल्चन नपाओस्, त्यसको लागि सन्तोष र उसकी स्त्री मुदितालाई पहरेदारमा नियुक्त गर्नुपर्छ र धैर्यको बार लगाउनुपर्छ । तप, दान, तीर्थ र स्नानरूपी चौतारीमा बसेर चारैतिर हेर्नुपर्छ । धन, सम्पत्ति र सुन्दरी स्त्री त्यस वैराग्यरूपी बीजलाई नष्ट गर्ने असिना हुन् ।

उक्त बीजलाई रक्षा गर्ने सामान्य र विशेष उपाय छन् । तपस्याद्वारा इन्द्रियलाई वशमा राखनु, दीन दु:खीका उपर दया गर्नु, शास्त्रको पाठ र जप गर्नु इत्यादि शुभकर्मरूपी यन्त्रका पुतली ठाउँठाउँमा राखनुपर्छ । यसबाट विघ्नबाधा पर्दैन । अर्को श्रेष्ठ उपाय हो सत्संग र सत्‌शास्त्रको श्रवण । प्रणव (ओम्‌कार) को जप, ध्यान र अर्थ विचाररूपी त्रिशूल गाडेर राखेपछि असिनाको डर हुँदैन । सत्संग सत्‌शास्त्रको विचाररूपी वर्षाकालको जलले सेचन गर्दै रहनुपर्छ । अनि सन्तोष, दया र यशरूपी अंकुर निक्लन्छ र वैराग्य र विचाररूपी दुइटा पात बढन थाल्छन् । प्रतिदिन संसार मिथ्या हो र आत्मा सत्य हो भन्ने कुराको अभ्यासरूपी जलको सेचन गर्दै जानुपर्छ, अनिमात्र त्यो वृक्ष शाखा र पत्रहरूको विस्तारसहित बढदै जान्छ । राग-द्वेषरूपी वानरहरूबाट शाखालाई तोड्न दिनुहुँदैन । दृढवैराग्य, सन्तोष र अभ्यासरूपी रसले पुष्ट भएको त्यो समाधिवृक्षले शाखा, पत्र, पुष्प र मन्जरी सहित झ्याम्म भएर रमणीय आकारमा विशाल रूप लिएर शान्त शीतल छाया प्रदानगर्छ । जब संसारमा भडकेको मनोरूप मृग त्यस वृक्षको शीतल छायामा विश्राम गर्छ तब आध्यात्मिक आदि त्रिविध तापले रहित भएर परमशान्ति प्राप्त गर्छ ।

यो समाधिवृक्षको शोभा यति हो भनी वर्णन गर्न सकिंदैन । जो यस वृक्षको शरणमा जान्छ उसका सारा ताप दु:ख मेटिन्छन् र शान्ति प्राप्त गर्छ । यो वृक्ष ब्रह्मरूपी आकाशको आश्रयमा बढ्छ र वैराग्यरूपी रस र सन्तोषरूपी बाक्लो बोक्राले परिपुष्ट हुन्छ । जसले यसको आश्रय लिन्छ त्यसले शान्ति पाउँछ ।

जब यो समाधानरूप वृक्षबाट जीव विमुख हुन्छ तब आशारूपी जन्जीरले बाँधिएर नानाप्रकार दु:ख कष्ट पाउँछ । यो वृक्षको समीपमा नआएर अन्य तमाल आदि वृक्षको आश्रय लिएर शान्ति प्राप्त हुँदैन र ठूला ठूला आपद्, विपद्, संकट झेलनुपर्छ ।

(१६५) मनोमृगोपाख्यानयोग

वसिष्ठले भन्नुभो, हे राम ! यसप्रकार मनोरूप मृग संसारमा भटकिएर नानाप्रकार दु:ख पाउँछ । यसकारण मेरो आशीर्वाद छ कि तिमी त्यो समाधानवृक्षको संगत गर । जब जीव त्यस वृक्षको समीपमा जान्छ तब शान्ति प्राप्त हुन्छ र अन्त:करणबाट तीन ताप निवृत्त भएर जान्छन् । विषयरूपी वृक्षको नजीकमा गएर मनोरूप मृगले शान्ति पाउँदैन । जब समाधानवृक्षको समीपमा जान्छ तब बुद्धि सूर्यलाई देखदा सूर्यमुखी कमल झैं प्रफुल्लित हुन्छ । त्यस वृक्षको अनुभवरूपी फल र शास्त्रविचाररूपी पत्र, पुष्प देखेर बडो आनन्द प्राप्त हुन्छ । फेरि जब पृथिवीलाई छोडेर त्यस वृक्षको माथि चढ्छ तब काँचुली फेरेर नूतन शरीर पाएको सर्प झैं सुशोभित हुन्छ । यस

वृक्षमा चढेपछि तल खस्ने डर हुँदैन किनकि यसका शाखा, पत्र मजबूत छन् । सत् शास्त्र यसका पात हुन् । तल ओर्लिए तापनि शास्त्रको अर्थलाई अवलम्बन गरेर रहन्छ र पदार्थलाई माटाको धूलोलाई झैं तुच्छ देखदछ । यसरी ज्ञानस्थितिमा बसेपछि पहिले अज्ञानावस्थामा गरेको चेष्टा सम्झेर पछुताउँछ र भन्छ कि यतिका समयसम्म आनन्ददायी यसवृक्षबाट विमुख भएर व्यर्थमा भट्केको रहेछु ।

हे राम ! ज्ञानवान् जगत्बाट मृतक जस्तो हुन्छ । ज्ञानी संसारबाट निर्लिप्त भएर रहन्छ । जस्तो अग्निविना दाउरा शान्त हुन्छ त्यस्तो वासनारहित ज्ञानवान्को चेष्टा शान्त हुन्छ अर्थात् ज्ञानवान्को संसारको सत्यताले रहित चेष्टा हुन्छ र उसलाई संसाररूपी अग्निले जलाउँदैन । तब द्वैत, अद्वैत भन्ने कल्पना पनि मेटिन्छ । ज्ञानी उन्मत्त झैं स्वरूपानन्दमा मग्न रहन्छ र विषयको तृष्णा लिंदैन । जसले आत्मानुभवरूपी अमृतपान गरेको छ त्यसको विषयरूपी जाँड खाने इच्छा हुँदैन, ऊ सर्वदा निर्वासनिक रहन्छ । जब जीव निर्वासनिक हुन्छ तब चञ्चल मनका वृत्ति सबै लीन हुन्छन् र केवल आत्मतत्त्व शेष रहन्छ । ज्ञानीमा म मेरो भन्ने भावना रहँदैन । चित्तसित सम्बन्ध रहेसम्म म, मेरो भाव रहन्छ । चित्तरूप उपाधि नष्ट भएपछि शुद्ध आत्मा एकरसरूपले भासित हुन्छ ।

ज्ञानी संसारलाई आत्मादेखि भिन्न देखदैन । जस्तो बालकको हृदयमा जगत्का शब्दार्थको भान छैन तापनि चेष्टा हुन्छ त्यस्तो ज्ञानवान्को हृदयमा जगत्का शब्दार्थको अभाव हुन्छ र प्रारब्धवेगले उसको चेष्टा हुन्छ । शुभ वा अशुभ प्रारब्ध ज्ञानीले पनि भोग्नु पर्दछ किनभने भोगविना प्रारब्ध कर्म नष्ट हुँदैन । अज्ञानी संसारका पदार्थलाई सत्य ठान्दछ किन्तु ज्ञानीको समक्षमा संसारका पदार्थ सत्य ठहरिदैनन् किनकि उसको हृदयमा आत्माको ज्ञान छ ।

हे राम ! यो जो समाधानवृक्ष तिमीलाई मैले बताएँ, यसको विधिपूर्वक सेवा गरेपछि अनुभवरूपी मीठो फल प्राप्त हुन्छ, तर बोधपूर्वक यस वृक्षको सेवा गर्नुपर्छ । बोधरहित भएर सेवा गरेमा अनेक यत्नले पनि फल प्राप्त हुँदैन । आत्मा शुद्ध, सत्, चित् र आनन्दरूप हो भन्ने भावना जसको हुन्छ उसको भोगेच्छा हुँदैन । जतग्रूपी कपास ज्ञानाग्निले दग्ध गरेर वैराग्यरूपी पवनले उडाएर लगेपछि कहाँ गयो पत्तै हुँदैन, जताततै आकाश (आत्मा) मात्र देखिन्छ तब तृष्णा केको हुने ? तृष्णा नै हो दुःखको मूल । तृष्णाले जीव भट्कन्छ । जस्तो पहिले पखेटा थिए र पर्वत उड्थे । अब पखेटा काटिएकाले स्थिर भएर बसेका छन् त्यस्तो वासनारूपी पखेटा काटिएपछि मनरूपी पर्वत स्थिर भएर बस्छ ।

जब वित्तैषणा, लोकैषणा र पुत्रैषणाको त्याग हुन्छ तब शुद्ध, परमानन्दस्वरूप आत्मा प्राप्त हुन्छ । जब आत्मा प्राप्त हुन्छ तब निर्विकल्प समाधिमा शुद्ध चैतन्यको साक्षात्कार हुन्छ । यसरी साक्षात्कार भएपछि व्युत्थानकालमा चेष्टा हुँदा पनि स्वरूपमा नै स्थित रहन्छ । यसप्रकार परम निर्वाणपद प्राप्त हुन्छ ।

वस्तु एक छ, तर उसमा ज्ञानी र अज्ञानीको दृष्टि फरक हुन्छ । जस्तो यौटा डोरी छ, त्यसलाई सम्यक् दर्शीले डोरी देख्तछ र असम्यक्दर्शीले सर्प देख्छ त्यस्तै ज्ञानवान्ले सर्वत्र आत्मा देख्छ र अज्ञानीले जगत् देख्छ । अज्ञानी जगत्लाई सत्य ठान्दछ र त्यसको तृष्णा लिन्छ, ज्ञानी जगत्लाई असत्य भनी जान्दछ, त्यसैले उसको तृष्णा निवृत्त हुन्छ ।

बोध र वैराग्य परस्पर सापेक्ष छन् । बोध भए वैराग्य हुन्छ र वैराग्य भए बोध प्राप्त हुन्छ । जब तीन एषणा निवृत्त हुन्छन् तब अमृतपद प्राप्त हुन्छ ।

हे राम ! सत्संग र सत्शास्त्रको श्रवण गरेर स्वरूपको अभ्यास गर, यसबाट शीघ्र नै आत्मपद प्राप्त हुन्छ । यी तीन परस्पर सहकारी छन् । जस्तो आठखुट्टे कीरो पहिले अगाडिको खुट्टा चलाएर पछि अरू खुट्टा चलाउँछ र सजिलोसित हिंड्छ त्यस्तो सत्संग र सत्शास्त्रको श्रवण गरेर आत्मपदको अभ्यास गरेपछि सजिलोसित आत्मपद प्राप्त हुन्छ र जगत्को अभाव हुन्छ । जस्तो तुरीयावस्थामा स्थित पुरुष जाग्रत्, स्वप्न र सुषुप्तिलाई जान्दछ त्यस्तो ज्ञानी पुरुष जगत्को भाव र अभावलाई जान्दछ । जस्तो आगोमा सुकेको घाँस राखेमा देखिँदैन त्यस्तो ज्ञानवान् जगत् देख्तैन । ज्ञानवान्को नित्यसमाधि हुन्छ । उसमा अहंको उत्थान हुँदैन ।

ज्ञानी र अज्ञानीको वाद (कुरा कहानी) पनि भिन्न भिन्न प्रकारको हुन्छ । अज्ञानी अरूलाई दु:ख दिनाको निमित्त वाद गर्छ भने ज्ञानी परस्पर मित्रभावले तत्त्वनिरूपणको दृष्टिले वाद गर्छन् । जो जस्तो वाद गर्छ उसको रूप पनि त्यस्तै हुन्छ । ज्ञानी मित्रभावले स्वरूपको लागि वाद गर्छ त्यसैले ऊ स्वरूप प्राप्त गरीकन परम शान्तरूपमा अवस्थित हुन्छ ।

निर्वाण पूर्वार्ध समाप्त ।

निर्वाणप्रकरण उत्तरार्ध

(१६६) स्वभावसत्तायोगोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! जसले समाधानरूपी वृक्षको फल खाएर पचाएको छ उसले परम शान्ति प्राप्त गर्छ । जस्तो पखेटा काटिनाले पर्वत यथास्थानमा स्थित छन् त्यस्तो तृष्णारूपी पखेटा टुटेको हुनाले जीव स्वरूपमा स्थिर भएर रहन्छ । जब त्यस वृक्षको फल प्राप्त हुन्छ तब चित्त पनि आत्मरूप नै हुन्छ । आत्मपद प्राप्त भएपछि चित्त भिन्नरूपले देखिंदैन । जहाँसम्म अकृत्रिम आनन्द प्राप्त हुँदैन र त्यस पदमा विश्राम लिंदैन त्यहाँसम्म जीवले शान्ति प्राप्त गर्न सक्तैन । त्यो शुद्ध, स्वच्छ र परमशान्त पद हो । जब त्यस पदमा स्थिति हुन्छ तब परम समाधि हुन्छ । त्यस समाधिबाट उसलाई कसैले पनि विचलित गर्न सक्तैन । व्युत्थानकालमा उसका इच्छारहित चेष्टा हुन्छन् । ज्ञानवान्को मन संकल्प-विकल्पले रहित हुन्छ । जसको संसारको अभाव हुन्छ त्यसले त्यो शान्तपद प्राप्त गर्छ । वासना भएसम्म मन रहन्छ । जुन क्रम र युक्तिले वासनाको क्षय हुन्छ त्यो नै कर्तव्य हो । जब वासनाको क्षय हुन्छ तब बोधरूप आत्मा शेष रहन्छ । जुन क्रमले आत्मबोध हुन्छ त्यो क्रम नै श्रेष्ठ हो । आत्मपद प्राप्त भएपछि वासनाको उत्थानकालमा (व्यवहारकालमा) पनि आत्मा नै भासित हुन्छ, द्वैत देखिंदैन । उसलाई समाधिबाट विचलित गर्न कोही पनि सक्तैन । उसको संसार नीरस प्रतीत हुन्छ । जहाँसम्म मानिस मूर्तिवत् हुँदैन त्यहाँसम्म विषयको त्याग गर्नुपर्दछ । मूर्तिवत् भएपछि कुनै कर्तव्यशेष रहँदैन र मानिस पूरा विरक्त हुन्छ । ब्रह्मादेखि काष्ठपर्यन्त पदार्थ नीरस हुन्छन् । यस्ता पुरुषको सदा समाधि हुन्छ । एकपटक समाधिसुख प्राप्त भएपछि ऊ वर्षाकालको नदी समुद्रतिर लागे झैं समाधितिर लागि रहन्छ । विषयबाट विरक्त पुरुषको आत्मस्वरूपमा वज्र झैं दृढस्थिति हुन्छ । ऊ आत्मक्रीड, आत्मरति, आत्मतृप्त हुन्छ । जसको चेष्टा संकल्प-विकल्पले रहित हुन्छ त्यो सदा मुक्तरूप हुन्छ र उसका कर्म बन्धनकारक हुँदैनन् ।

जहाँसम्म विषयको तृष्णा रहन्छ त्यहाँसम्म दुःख जाँदैन । तृष्णाले मानिस स्वभावसत्ता त्यागेर परस्वभाव ग्रहणगर्छ । इन्द्रियका विषय परस्वभाव हुन् । जब मानिस स्वभावसत्तालाई जानेर ग्रहण गर्छ तब निर्वाणपद प्राप्त हुन्छ जो आद्यन्तरहित छ । त्यो पद प्राप्त गर्ने उपाय हो वेदान्तको अध्ययन र प्रणवको जप । यसबाट थाके समाधिमा रहनू, यसबाट पनि थाके आत्माको मनन गरेर रहनू । यसप्रकार अभ्यासले उत्तम पद प्राप्त गरेर संसारबाट पार हुन्छ । त्यो पद प्राप्त गरेर मानिस परमशान्तिलाभ गर्छ र निर्मल, स्वच्छ आफ्नो स्वभावमा स्थित हुन्छ ।

(१६७) मोक्षोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! संसार तर्नु कठिन छ । जसको संसार तर्ने इच्छा छ उसको लागि वेदान्तको अध्ययन, प्रणवको जप र चित्तको स्थिरता सम्पादन गर्नु आवश्यक छ । यो उपायबाट

ईश्वर प्रसन्न भएर हृदयमा विवेकको उदय हुन्छ । विवेकले संसार असत्य प्रतीत हुन्छ, अनि सन्तजनको संगति मिल्छ । सन्त जनको आचार शुभ हुन्छ । सन्तहरू परमशान्त, गम्भीर र उच्च अनुभवरूपी फलले सम्पन्न वृक्ष हुन् । उनको कीर्ति र शुभ आचार फूल र पात हुन् । यस्ता सन्तजनको संगतबाट रागद्वेषरूपी तम नष्ट हुन्छ । जस्तो चन्द्रमाको किरणबाट शीतलता प्राप्त हुन्छ त्यस्तो सन्त जनको वचनबाट शान्ति प्राप्त हुन्छ ।

जो सकाम तप, यज्ञ, व्रत आदि कर्म गर्छन् तिनको संगत नगर्नु । जस्तो यज्ञमण्डपको खम्भा पवित्र त हुन्छ तर त्यसबाट छायाँ त मिल्दैन त्यस्तो अज्ञानी सकामकर्मीको संगतबाट सुख प्राप्त हुँदैन । बरू जो जिज्ञासु छन् र निष्काम कर्म गर्छन् तिनको संगत गर्नू, किनकि तिनको विषयमा नीरसता र शुभ आचार हुन्छ । सकाम कर्मले जन्म-मरणको निवृत्ति हुँदैन ।

पुष्पवाटिका, सुन्दर पुष्पशय्या आदि विषयबाट पनि निर्भय सुख प्राप्त हुँदैन । ज्ञानवान् सज्जनको संगतबाट नै निर्भय सुख प्राप्त हुन्छ किनकि उनको निश्चय सदा आत्मामा नै हुन्छ । यस्ता ज्ञानवान्को संगतबाट हृदय शुद्ध हुन्छ र आत्मतत्त्व प्राप्त हुन्छ । हृदय शुद्ध भएपछि बुद्धि बढदै जान्छ र जब आत्मविषययिणी बुद्धि हुन्छ तब जीव त्यही रूप (आत्मरूप) हुन्छ, बुद्धिको भिन्न संज्ञा हुँदैन । जस्तो पारसमणिको स्पर्शबाट लोहा सुवर्ण हुन्छ र फेरि लोहा भन्ने संज्ञा रहदैन त्यस्तो आत्मपद प्राप्त भएपछि बुद्धि भन्ने संज्ञा रहदैन र विषय-भोगको तृष्णा पनि निवृत्त हुन्छ ।

विषयको तृष्णा र अभिलाषाले जीव मलिन हुन्छ र तृष्णाको त्यागबाट परम निर्मलता प्राप्त गर्छ । जस्तो हात्ती शिरमा धूलो राखेर मलिन हुन्छ र जब नदीमा प्रवेश गर्छ तब निर्मल हुन्छ त्यस्तो जब तृष्णारूपी खरानीको त्याग गरेर जीव आत्मामा स्थित हुन्छ तब निर्मल हुन्छ । जस्तो सुवर्ण अग्निमा राखेपछि मल नष्ट भएर उज्वल रूप धारण गर्छ त्यस्तै जीव भोगको इच्छा त्यागेर सुशोभित हुन्छ । जब जीव भोगको इच्छाबाट विरत हुन्छ तब परम शान्तिलाभ गरेर सुखी हुन्छ । सत्संगति, सत् शास्त्रको विचार र अभ्यासबाट परमानन्द प्राप्त हुन्छ ।

सत्संगति मुक्तिरूप नारीको कर्णभूषण हो । साधुसंगतबाट अशुभ कर्मको त्याग हुन्छ र परधनको इच्छा हुदैन, आफ्नो धनको पनि त्याग गर्ने इच्छा हुन्छ । त्याग गर्ने बानी भएपछि कसैले शरीर नै मागे पनि त्याग गर्न तयार हुन्छ । सन्तोषले यथाप्राप्त चेष्टा - तप, दान, यज्ञ, व्रत र ध्यान - गरेर पवित्र रहन्छ र तृष्णाको त्याग गर्छ ।

धनी भएर पनि सन्तोष छैन भने त्यो गरीब हो । धन नभए पनि सन्तोषी छ भने त्यो धनी हो । सन्तोष नै परम रसायन अमृत हो । विषयमा दोषदृष्टि गरेर मनुष्य जब सन्तोष धारण गर्छ तब मूर्खता नष्ट हुन्छ र गोष्पद झैं संसार समुद्र सजिलोसित तर्छ । सन्तोषवान् पुरुषलाई नन्दनवन, अप्सरा आदि रमणीय सांसारिक विषयले विचलित तुल्याउन सक्तैनन् ।

आत्मस्वरूपमा कुनै द्वैत वस्तु वास्तवमा छैन, यस्तो जनेर जीव निर्वासनिक हुन्छ, अनि सन्तोष प्राप्त गर्छ । इच्छारहित सन्तोषी पुरुष पूर्णिमाको चन्द्रमा झैं सुशोभित हुन्छ । जब इच्छा नष्ट हुन्छ र सन्तोषरूपी गम्भीरता प्राप्त भएर द्वैतकलना मेटिन्छ तब त्यसलाई पण्डितजन परमपद भन्दछन् ।

हे राम ! जब संसारबाट वैराग्य, सन्तजनको संगत, सत्‌शास्त्रको अर्थ र आत्मामा दृढ भावना हुन्छ तब जगत् नीरस अर्थात् असत् प्रतीत हुन्छ, हृदयमा शान्ति हुन्छ, जीव आफूलाई ब्रह्मस्वरूप जान्दछ र उसको परिच्छिन्नता मेटिन्छ । जहाँसम्म जीव आफूलाई परिच्छिन्न जान्दथ्यो त्यहाँसम्म दुःखको अनुभव गरिरहन्थ्यो । जब सन्तजनको संगत र सत् शास्त्रबाट जगत् नीरस प्रतीत हुन्छ तब मोक्षरूप परमपद प्राप्त हुन्छ ।

(१६८) विवेक-दूतवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! संसारबाट वैराग्य, सत्संग र सत् शास्त्रको श्रवण भएपछि सम्पूर्ण जगत् नीरस प्रतीत हुन्छ, अनि आत्मामा दृढ अभ्यासवशात् स्वभावसत्ता प्रकाशित हुन्छ र परमानन्दको प्राप्ति हुन्छ । यस अवस्थामा मन स्थित हुन्छ, धनको तृष्णा हुँदैन र आफूसँग भएका धनको पनि त्याग हुन्छ, स्त्री, पुत्र, धन आदि नीरस हुन्छन्, यिनका साथमा रहे तापनि मार्गमा हिंडदा भेट भएका मानिसमा झैं अहं, मम अभिमान हुँदैन । कदाचित् अनिच्छित सुख, दुःखं प्राप्त हुँदा पनि राग-द्वेष हुँदैन । जस्तो पत्थरमा पानी पर्दा उसको कुनै राग-द्वेष हुँदैन त्यस्तो ज्ञानवान्‌को कसैमा पनि रागद्वेष हुँदैन । उसको स्वाभाविकरूपले एकान्तमा रहने इच्छा हुन्छ । कदाचित् दैवसंयोगले अज्ञानका स्थान स्त्रीभोग, इष्ट-अनिष्ट प्राप्त भए तापनि शीघ्र नै त्याग गरिदिन्छ । जस्तो खेतमा बाली लगाएर फल प्राप्त गर्नको लागि अरू बाधक काँडाकुँडीलाई हँसियाले काटेर फ्याँकनुपर्छ त्यस्तो अनुभवरूपी फल प्राप्त गर्नुछ भने अनिच्छारूपी हँसियाले इच्छारूपी कण्टकहरूलाई काटेर सन्तोषरूपी बीज रोपनुपर्छ । अनुभवरूपी फल प्राप्त भएपछि मनुष्य स्थूलभन्दा पनि स्थूल र सूक्ष्म भन्दा पनि सूक्ष्म हुन्छ, चित्त अदृश्य हुन्छ, द्वैतभावना मेटिन्छ र वाणीको अगोचर उपशमसुख प्राप्त हुन्छ - यसैको नाम निर्वाणपद हो ।

जब मानिस निरन्तर ईश्वरको भक्ति गर्छ तब ईश्वरको प्रसादबाट निर्वाणपद प्राप्त हुन्छ । हे राम ! ईश्वर टाढा छैन, उसमा भेद पनि छैन, त्यो दुर्लभ होइन किनकि त्यो अनुभव-ज्योति र परम बोधस्वरूप हो । सब जसको वशमा छ, जो सब हो र जसबाट सब उत्पन्न भएको छ त्यो सर्वात्मालाई मेरो नमस्कार छ । सबै उसैको पूजा गर्छन् । जप, तप, मन्त्र, दान, होम आदि जो कुछ गरिन्छ त्यो सब उसैको पूजा हो । देवता, दैत्य, मनुष्य आदि सबै स्थावर-जड०्गम प्राणी उसको पूजा गर्छन् र सबैको फलप्रदाता पनि उही हो । उत्पत्ति र प्रलयमा जो पदार्थ देखिन्छन् ती सब उसैबाट सिद्ध हुन्छन् । जब ईश्वर प्रसन्न हुनुहुन्छ तब उहाँले त्यो पवित्र शुभाचरणकारीमा एक दूत पठाइदिनुहुन्छ ।

रामले प्रश्न गरे, हे भगवन् ! ईश्वर अद्वैत आत्मा शुद्ध ब्रह्मस्वरूप हुनुहुन्छ, उहाँको दूत को हो र कसरी आउँछ ?

वसिष्ठले भन्नुभो, हे राम ! परमदेव ईश्वरको दूत भनेको विवेक हो र हृदयरूपी गुफामा उदित हुन्छ । चन्द्रमाको उदयबाट आकाशको शोभा भए झैं विवेकको उदय भएपछि जीवको

शोभा बढेर आउँछ । मनुष्यमा पहिले वासनारूपी मयल जमेको थियो र त्यो चित्तरूपी शत्रुले बाँधिएको थियो । विवेकदूतले चित्तरूपी शत्रुलाई मारिदिन्छ र वासनारूपी मयल पखालेर उसलाई परमदेव ईश्वरको निकट लिएर जान्छ । जब ईश्वरको दर्शन हुन्छ तब परमानन्द प्राप्त हुन्छ । मृत्युरूपी भ्रमर, तृष्णारूपी तरङ्ग, अज्ञानरूपी जल र इन्द्रियरूपी ग्राहले युक्त संसाररूपी समुद्रमा जीव परेको छ । जब अकस्मात् विवेकरूपी नौका प्राप्त हुन्छ तब जीव संसार-समुद्रबाट पार लाग्छ । जस्तो जल शीतलताले असिना बन्छ त्यस्तो प्रमादले आत्मा जीवसंज्ञा प्राप्त गर्छ र वासनाले ढाकिन्छ ।

जब जीव अन्तर्मुख भएर ईश्वरको संमुख हुन्छ तब उहाँ प्रसन्न हुनुहुन्छ । ईश्वरका हजार शिर, हजार पाउ, हजार हात, हजार नेत्र र हजार कान छन् । देखने, सुन्ने, बोलने र चलने पनि उहाँ नै हुनुहुन्छ । उहाँ आफ्नो स्वभावसत्ताले प्रकाशित हुनुहुन्छ । जब जीव उहाँको संमुख हुन्छ तब प्रसन्न भएर विवेक-दूत पठाइदिनुहुन्छ । विवेक प्राप्त भएपछि मानिस सत्संगपरायण हुँदै सत् शास्त्रको अर्थमा दृढ भावना गर्छ । विवेक-दूतले अहंकारको अभाव तुल्याइदिन्छ, जब जीव शून्य हुन्छ र शून्यलाई पनि त्यागेर बोधमात्रमा स्थित हुन्छ, तब पूर्णानन्द प्रांप्त हुन्छ ।

जीव आनन्दस्वरूप हो र यो विश्व पनि आफ्नै रूप हो, तर अज्ञानले भिन्न प्रतीत हुन्छ । ब्रह्मदेव भित्र-बाहिर, तल-माथि सर्वत्र व्याप्त भएर रहनु भएको छ । सम्पूर्ण जगत् आत्मतत्त्वको आश्रयमा फुरेको छ । ईश्वर, ब्रह्म, साक्षी, आत्मा, ओम्कार, प्रणव सब उसैका नाम हुन् । जब ईश्वरको कृपा हुन्छ तब जीव अन्तर्मुख भएर निर्मल हुन्छ । जब हृदय शुद्ध हुन्छ र सब आत्मरूप हो भन्ने जानेर आत्मपदको भावनारूप भक्ति हुन्छ तब कृपा गरेर ईश्वरले विवेक-दूत पठाइदिनुहुन्छ ।

(१६९) सर्वसत्तोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! परमपद हो चेत्यरहित चैतन्यघन । विवेकको दृढताबाट यो परमपद प्राप्त हुन्छ । चेत्यका साथ संबन्ध टुटेपछि विश्वको क्षय हुन्छ, अनि वासना पनि रहँदैन ।

संकल्पको स्फुरणबाट जगत् बनेको छ । शुद्ध चैतन्यमा जब चेत्योन्मुखता हुन्छ तब मनोमात्र शरीर बन्छ जसलाई अन्तवाहक शरीर भन्छन् । जब वासना दृढ हुन्छ तब आधिभौतिक शरीर प्रतीत हुन्छ । चेतनताको उत्थान (सम्वेदन) नै अनर्थप्राप्तिको कारण हो, यसबाट 'म' 'मेरो' इत्यादि जगत् भासित हुन्छ । त्यसकारण मेरो आशीर्वाद छ कि तिमी अहन्तारूपी चेतनताले रहित भएर बोधस्वरूपमा स्थित होऊ ।

जहाँसम्म चित्तको दृश्यका साथ संबन्ध हुन्छ त्यहाँसम्म जीव कर्मबन्धनबाट छुट्न सक्तैन । जब चित्त स्फुरणरहित भएर आफ्नो स्वरूपतिर जान्छ तब आफ्नो स्वरूप नै भासित हुन्छ, द्वैतभाव मेटिन्छ र परमानन्द अद्वैतपद देखिन्छ । पूर्णबोध भएपछि द्वैत, अद्वैत भन्ने संज्ञा पनि रहँदैन, केवल चिन्मात्र आत्मतत्त्व बाँकी रहन्छ, तब ईश्वरका साथ एकता हुन्छ र जगत्को

प्रतीति हुँदैन । वास्तवमा यो जगत् बनेको छैन । आकाशमा देखिने वृक्ष झैं यो जगत् वास्तवमा बनेको छैन, भ्रमले भासित हुन्छ ।

जब मनको उपशम हुन्छ तब जगत्को अभाव हुन्छ । जीवलाई अज्ञानरूपी भूतले समातेको छ र उन्मत्त भएर जगत् देखिरहन्छ । जगत्को वासना दृढ भएकोले जीवले दु:ख पाएको छ । जब जगत्बाट विरक्त भएर चित्त अन्तर्मुख हुन्छ र आत्मामा दृढ भावना गर्छ तब ज्ञानरूपी मन्त्र प्राप्त हुन्छ, अनि अज्ञानरूपी भूत भागेर जान्छ ।

विश्वजित् यज्ञ : हे राम ! तिमीलाई एक यज्ञ बताउँछु साथै त्यस यज्ञको खम्भा, बलि, दक्षिणा र फल के हो, त्यो पनि बताउँछु, सुन । त्यस यज्ञमा ध्यानरूपी खम्भा गाडनुपर्छ जसबाट आत्मपदको अभ्यास सदा बनिरहोस् । त्यो यज्ञ हो ज्ञानयज्ञ । त्यसको अगाडि तृष्णाको बलि चढाउनुपर्छ । वेदशास्त्रमा बताएका नित्य, शुद्ध, बोधरूप, अद्वैत, निर्विकल्प, देहेन्द्रियप्राणरहित इत्यादि जो आत्माका विशेषण छन् तदनुसार आत्मालाई जान्नुको नाम हो ज्ञान । यस्तो ज्ञान नै त्यो यज्ञ हो । ध्यानरूपी खम्भामा तृष्णारूपी बलि चढाएर मनोरूप दृश्यलाई जितनुपर्छ तब त्यो यज्ञ पूर्ण हुन्छ । यज्ञसमाप्तिअनन्तर दक्षिणा दिएपछि मात्र यज्ञ सफल हुन्छ । सर्वस्वत्याग नै दक्षिणा हो । अहंकारको त्यागलाई सर्वस्वत्याग भनेको छ । जब सर्वस्वत्याग हुन्छ तब यज्ञ सफल हुन्छ । यस यज्ञको नाम विश्वजित् यज्ञ हो । यस यज्ञको फल पनि छ ।अङ्गारको वर्षा हुनु, प्रलयकालको पवन चल्नु र पृथ्वी आदि तत्त्वको नाश हुनु आदि कष्ट (क्षोभ) उपस्थित हुँदा पनि मन विचलित नहुनु यसको फल हो । यो फल प्राप्त भएपछि जीव कहिले पनि स्वरूपबाट च्युत हुँदैन । यो शत्रुनाशक वज्रध्यान हो ।

हे राम ! अहंकारको त्याग नै सर्वश्रेष्ठ त्याग हो । तप, दान, यज्ञ र शम-दमादि भन्दा पनि ठूलो साधन अहन्ताको त्याग हो । जब तिमी अहंकारको त्याग गर्नेछौ तब भित्र-बाहिर सर्वत्र ब्रह्मसत्ता नै देखनेछौ र सम्पूर्ण द्वैतभ्रम मेटिनेछ ।

यो सब ब्रह्म हो । ज्ञानीको एक सत्तामात्र भासित हुन्छ, किनकि दोस्रो वस्तु बनेकै छैन । भ्रमले जगत् भासित हुन्छ र उसमा जब नाना प्रकारको वासना हुन्छ तब आआफ्नो वासना अनुसार जीवले जगत् देखछ । त्यसकारण तिमी जाग र वासनाको पिंजडा तोडेर आत्मपद प्राप्त गर ।

(१७०) सप्तप्रकार-जीवसृष्टिवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! सम्पूर्ण जगत्मा सात प्रकारको सृष्टि छ र सातै प्रकारका जीव छन् । (१) स्वप्नजाग्रत्का जीव (२) संकल्प-जाग्रत्का जीव (३) केवल जाग्रत्का जीव (४) जाग्रतका जीव (५) दृढ जाग्रत्का जीव (६) जाग्रत्-स्वप्नका जीव र (७) क्षीण-जाग्रत्का जीव ।

यसको विस्तारपूर्वक सुन्न पाउँ भन्ने रामको निवेदनमा वसिष्ठले भन्नुभो, हे राम ! प्रथम सृष्टि यो हो कि कुनै जीवको कुनै कल्पमा आफ्नो जाग्रत्मा सुषुप्ति भयो र उसमा स्वप्न खडा भयो, तब उसलाई हाम्रो जाग्रत्को जगत् भासित भयो र त्यसलाई शब्दार्थसंयुक्त सत्य जानेर ग्रहण

गर्न लाग्यो । तब उसको स्वप्नमा हामी त स्वप्नका मानिस भयौं, उसको निश्चयमा हामी छैनौं, किनकि उसले आफ्नो जाग्रत् अवस्था मानेको छ, तर हाम्रो र उसको कल्प एउटै भयो, त्यसैले त्यो पनि जाग्रत् नै मान्छ र पूर्व कल्पमा पनि उसको शरीर, चैतन्य फुर्थ्यो, तर अहिले सुतेको छ ।

रामले प्रश्न गर्दै भने, हे भगवन् ! जब यो पुरुष आफ्नो कल्पमा जाग्यो तब यो उसलाई के कस्तो भासित हुन्छ, र यदि ऊ जागेको छैन र त्यहाँ कल्पको प्रलय होस् तब उसको के अवस्था होला ? एवम् यदि यहाँ ज्ञान प्राप्त भयो भने त्यस शरीरको के अवस्था होला ? यो सब क्रमले बताउनुहोस् ।

वसिष्ठले भन्नुभयो, हे राम ! यदि त्यो पुरुष आफ्नो कल्पमा जाग्यो भने तब यो जाग्रत् उसलाई स्वप्नरूप भासित हुनेछ र त्यहाँ जागेन र त्यस कल्पको प्रलय भयो भने त्यो जीव त्यहाँ चेष्टा गरिरहनेछ । यदि ज्ञान प्राप्त भयो भने त त्यो शरीर र यो शरीरको वासना एकत्र भएर निर्वाण प्राप्त हुनेछ, यदि ज्ञान प्राप्त भएन भने त त्यो शरीर त्यागेर अरू जगद् भ्रम भासित हुनेछ । आफूलाई पूर्ववत् जानोस् वा नजानोस्, परन्तु ज्ञानविना जगद्भ्रम मेटिंदैन । हे राम ! यो र त्यो दुवै तुल्य हुन् । ब्रह्मसत्ता सर्वत्र समानरूपले प्रकाशित हुन्छ । जस्तो गूलर (डुम्री) मा मच्छड (लामखुट्टे) हुन्छन् त्यस्तै यी जीव पनि भ्रमले फुर्छन् । यो जाग्रत्-सृष्टि बताएँ ।

अरूको स्वप्नमा जो जाग्रत् हुन्छ त्यो हो स्वप्नजाग्रत् । पुरुष बसेको छ, चित्त चलेको छैन, त्यसमा मनोराज्य फुऱ्यो । त्यस मनोराज्यमा जगत् खडा भयो र त्यसैमा दृढ वासना भयो, पूर्व वासना विस्मृत भयो । यो जगत् सद्रूपले भासित भयो र त्यसमा मनोराज्यको शरीर खडा भयो, त्यसमा आधिभौतिकता दृढ भयो । त्यसको नाम संकल्प-जाग्रत् हो । आदि परमात्मतत्त्वमा जो प्रकट भयो र आत्मामा जों जगत् भासित भयो, त्यसलाई संकल्पमात्र भनी जान्यो । त्यसको नाम केवल जाग्रत हो । आदि परमात्मतत्त्वबाट क्षोभ भएर उसमा जो सृष्टि भयो र त्यसलाई सत्य जानेर ग्रहण गऱ्यो । स्वरूपको प्रमादले जन्म-जन्मान्तर प्राप्त भयो, त्यसको नाम चिरजाग्रत् हो । जब त्यसमा दृढ घनीभूत वासना भयो र जीव पाप कर्म गर्न थाल्यो, त्यसले गर्दा स्थावर योनि प्राप्त भयो, यसलाई घनजाग्रत् र सुषुप्तजाग्रत् भनेकों छ । जब यसमा सन्तको संगत र सत् शास्त्रको विचारबाट बोध प्राप्त भयो, तब यो जाग्रत्-सृष्टि उसको लागि स्वप्न हुन्छ, यसको नाम स्वप्न-जाग्रत् हो । जब बोधमा दृढ स्थिति हुन्छ तब त्यसलाई तुरीयपद भन्छन् - यसको नाम क्षीणजाग्रत् हो । जब जीव यो तुरीयपदमा स्थित हुन्छ तब परमानन्दको प्राप्ति हुन्छ ।

हे राम ! यी सात प्रकारका जीव र सृष्टि तिमीलाई बताएँ । यसलाई विचारपूर्वक हेरेमा तिम्रो भ्रम निवृत्त हुनेछ । यो जीव हो र यो सृष्टि हो भनी के बताउनु छ र ? सब ब्रह्मसत्ता नै हो । ब्रह्मदेखि भिन्न दोस्रो केही बनेकै छैन । मनको स्फुरणबाट दृश्य भासित हुन्छ । मनलाई स्थिर गरेर हेरेमा सब शून्य हुन्छ । आखिर शून्य पनि रहँदैन र शून्य भन्नु पनि रहदैन -यस गणनालाई पनि बिर्स ।

(१७१) सर्वशान्त्युपदेश

रामले प्रश्न गरे, हे भगवन् ! तपाईंले जो केवल जाग्रत्को उत्पत्ति अकारण, अकर्मक बोधमात्र स्वरूपमा भएको छ भन्नु भयो त्यो असंभव छ, जस्तो आकाशमा वृक्ष हुन सक्तैन त्यस्तो आत्मामा सृष्टि हुन सक्तैन किनकि आत्मा निराकार र निष्क्रिय छ । घटका प्रति मृत्तिका झैं आत्मा सृष्टिका प्रति समवायिकारण हुँदैन, किनकि त्यो अद्वैत हो । जस्तो कुम्भकार घटको निमित्त कारण हुन्छ त्यस्तो आत्मा सृष्टिको निमित्तकारण पनि हुँदैन, किनकि त्यो अक्रिय हो । अतः अकारणक अकर्मक आत्मामा सृष्टि कसरी हुन सक्ला ?

वसिष्ठले भन्नुभो, हे राम ! तिमी धन्य हौ । अब तिमी जागेका छौ । आत्मामा सृष्टिको अत्यन्त अभाव छ, किनकि आत्मा निर्विकार र निष्क्रिय छ । आत्मा भित्र, बाहिर, तल, माथि कतै छैन, त्यो केवल बोधमात्र स्वरूप हो । आत्मामा आरम्भ र परिणाम केही छैन । ऊ बोधमात्र स्वरूपमा स्थित छ । जस्तो सूर्यको किरणमा जल कल्पित हुन्छ त्यस्तै आत्मामा जगत् कल्पित हुन्छ तर त्यो मिथ्या हो ।

हे महाबुद्धिमान् ! आत्मा अकारण भएकोले उसमा कार्यरूप जगत् कसरी उत्पन्न होला ? आत्मामा कुनै कुरा उत्पन्न भएको छैन र कुनै कुराको आभास पनि छैन । उपदेशपरक शब्दार्थ पनि आरोपित हुन् । आरोपित शब्द जिज्ञासुलाई बोध गराउनको लागि प्रयोग गरिएका हुन् । आत्मा त सदा अद्वैतरूप छ ।

रामले प्रश्न गर्दै भने, हे भगवन् ! आत्मामा सृष्टि छँदैछैन भने पिण्डाकार जगत् कसरी भासित हुन्छ ? यसलाई कसले रच्यो ? मन, बुद्धि र इन्द्रियको भान किन हुन्छ ? चैतन्यलाई रागादिबाट कसले मोहित तुल्यायो ? आत्मामा आवरण कसरी हुन्छ ? यो सबै संझाउनुहोस् ।

वसिष्ठले भन्नुभो, हे राम ! न कुनै पिण्ड छ, न कसैले यसलाई रचेको छ । न कुनै भूत छ, न कसैले यसलाई मोहित तुल्याएको छ र यसमा न कसैको आवरण छ, भ्रान्तिले आवरण भासित हुन्छ । आत्मामा आवरण भए कुनै प्रकार नष्ट पनि हुने थियो, परन्तु जब आवरण नै छैन तब कसरी नष्ट हुने ।

हे राम ! जसको आवरण हुन्छ त्यसको स्वरूप एक अवस्थालाई त्यागेर अर्को अवस्था ग्रहण गर्छ, तर आत्मा त सदा एकरूप र ज्ञानस्वरूप छ । यसकारण आत्मा अन्य अवस्था ग्रहण गर्दैन र सदा जस्ताको त्यस्तो रहन्छ । उसमा मन, बुद्धि आदि बनेको छैन तब मोह र आवरण कसरी हुने ? आत्मतत्त्व सदा एकरस छ । ज्ञानीको लागि यस्तै भासित हुन्छ र अज्ञानीको लागि नानाप्रकारको जगत् भासित हुन्छ । आत्मा ज्ञानकालमा र अज्ञानकालमा एकरस रहन्छ ।

आत्माको बारेमा दुईप्रकार दृष्टि हुन्छ । ज्ञानदृष्टिले हेर्दा सब आत्मा हो र अज्ञानदृष्टिले हेर्दा नानाप्रकार जगत् भासित हुन्छ । आत्मा देखि भिन्न दोस्रो वस्तु केही छैन । जस्तो सुवर्णमा नानाप्रकार भूषण हुन्छन्, ती सबै सुवर्ण नै हुन् त्यस्तै आत्मामा नानाप्रकार जगत् देखिए तापनि सब आत्मा नै हो । जस्तो कुनै मानिस जाग्रत्मा थियो, निद्रा आयो र जाग्रत्को अज्ञानले स्वप्नसृष्टि भास्यो, जब निद्रा निवृत्त हुन्छ तब जाग्रत् नै भासित हुन्छ । जब ऊ आत्मपदमा जाग्छ तब जगद्भ्रम निवृत्त हुन्छ ।

हे राम ! जति पनि यो जगत् पिण्डरूप भएर भासित भएको छ, जब आत्मसाक्षात्कार हुन्छ तब पिण्डबुद्धि निवृत्त हुन्छ र सब जगत् आकाशरूप (शून्य) हुन्छ । जस्तो निद्राबाट जागेपछि स्वप्नजगत् आकाशरूप हुन्छ त्यस्तो आत्मस्वरूपमा जागेपछि जाग्रत्जगत् आकाशरूप हुन्छ । जस्तो प्रज्वलित अग्निमा घिउ, दाउरा, मिठाई जे हाले पनि एकरूप हुन्छ त्यस्तो आत्मबोध भएपछि सब जगत् एकरूप (आत्मरूप) हुन्छ ।

जहाँसम्म जीव अज्ञाननिद्रमा सुतेको छ त्यहाँसम्म इन्द्रिय र जगत् देखिन्छ । जब जाग्छ तब संसारको सत्यता मेटिन्छ, अनि कुनै इच्छा रहदैन । जस्तो स्वप्नबाट जागेको मानिस स्वप्नका पदार्थको स्मरण गर्ने इच्छा गर्दैन किनकि त्यहाँ पदार्थ नै थिएन त्यस्तो स्वरूपमा जागेको मानिस जगत्का पदार्थको इच्छा गर्दैन किनकि जाग्रतका पदार्थ पनि स्वप्नका पदार्थ झैं आभासमात्र हुन् भन्नेकुरा उसलाई थाहा छ । अज्ञाननिद्रामा सुतेको जीव संसारका पदार्थलाई मिथ्या भनी जान्दैन, त्यसो हुनाले इच्छा गरिरहन्छ ।

हे राम ! जब तिमी स्वरूपज्ञानमा जाग्छौ तब सब पदार्थ नीरस हुन्छन् र ज्ञानले जगत्लाई स्वप्नवत् मिथ्या भनी जान्दछौ । जीवन्मुक्तका सब चेष्टा देखिन्छन् तर ऊ जगत्लाई सत्य मान्दैन । जस्तो मरुभूमिमा सूर्यको किरण टल्कँदा जल देखिन्छ तर जसको यो सूर्यकिरण हो भन्ने ज्ञान छ उसको जल बुद्धि हुँदैन र जसको किरण हो भन्ने ज्ञान छैन त्यसको जलबुद्धि हुन्छ त्यस्तो अज्ञानीको जगत् दृढसत्यरूपले प्रतीत हुन्छ । जस्तो मरुभूमिमा जल छैन त्यस्तो आत्मामा जगत् छैन ।

हे राम ! मनोरूप बत्ती बलेको छ त्यसलाई ज्ञानरूपी जलले निभाऊ । जब मनको निर्वाण हुन्छ तब परमपद प्राप्त हुन्छ जहाँ जगत् र अहंकारको अभाव छ । जहाँसम्म स्वरूपको साक्षात्कार हुँदैन त्यहाँसम्म जगत्को प्रतीति हुन्छ । यो जगत् भ्रमले भासित भएको छ, विचार गरेपछि यसको अभाव भइहाल्छ । अज्ञानले द्रष्टा, दृश्य र दर्शनरूप त्रिपुटी भासित हुन्छ र ज्ञानले त्यसको अभाव हुन्छ । जस्तो मनोराज्यको जगत् मनमा स्थित छ त्यस्तै यो नदी, पर्वत, देश, काल आदि जगत् पनि मनमा स्थित छ अर्थात् मनको कल्पनामात्र हो । मनलाई स्थिर गरेर आत्मस्वरूपमा स्थित भए जगद्-भ्रम देखिदैन । तिमी यो जगद्-भ्रम त्यागेर आफ्नो स्वभावमा स्थित होऊ ।

(१७२) ब्रह्मस्वरूपप्रतिपादनम्

रामले सोधे, हे भगवन् ! जुन क्रमले बोधस्वरूप आत्मा नै जगद्रूप भएको देखिन्छ, भेदनिवृत्तिको लागि त्यो क्रम फेरि मलाई बताउने कृपा गर्नुहोस् । वसिष्ठले भन्नुभो, हे राम ! जति जगत् देखिन्छ त्यसको चित्तमा निश्चय हुन्छ । ज्ञानी र अज्ञानी दुवैको चित्तद्वारा नै जगत् भासित हुन्छ तर भेद यो छ कि अज्ञानी जगत्लाई सत् मान्दछ र ज्ञानी शास्त्र र युक्तिद्वारा पूर्वापर अर्थको विचार गरेर जगत्लाई असत्य (भ्रान्तिमात्र) भनी जान्दछ । जुन अविद्याबाट जगत् उत्पन्न भएको छ त्यो अविद्या पनि कुनै वस्तु होइन । महाप्रलयमा ब्रह्मादेखि तृण पर्यन्त साराको अभाव हुन्छ र केवल परम शान्तरूप बोधमात्र शेष रहन्छ । त्यो बोधस्वरूपमा मन-वाणीको गति पुग्दैन

। त्यो केवल अचेत्य चिन्मात्र सत्ता हो । त्यसलाई तत्त्ववेत्ता अनुभव भन्दछन् । त्यसलाई कोही पनि जान्न सक्तैन ।

ज्ञानीको दृष्टिमा जीवन्मुक्ति र विदेहमुक्ति दुवै बराबर हो । जस्तो गहना भएपनि सुवर्ण नै हो र गहनाको अभाव भए पनि सुवर्ण नै हो त्यस्तै देह रहे पनि ब्रह्म नै हो र देहको अभावमा पनि ब्रह्म नै हो । अज्ञानी नानाप्रकार जगत् फुराउँछ । अज्ञानी त्यो हो जसको मनका साथ संबन्ध छ । यी जीव महासूक्ष्मरूप छन् र यिनमा आआफ्नो सृष्टि छ । जहाँसम्म स्फुरण छ त्यहाँसम्म सृष्टि छ । जब सृष्टिलाई छोडेर स्फुरण स्वरूपतिर आउँछ तब सब सृष्टि एक आत्मरूप हुन्छ । आकाश, काल, दिक् र पदार्थ सब आत्मरूप हो । आत्मा देखि भिन्न केही छैन । आत्मा अद्वैत, चिन्मात्रपद हो र त्यो आफैमा स्थित छ ।

(१७३) अद्वैततत्त्व-प्रतिपादन

रामले प्रश्न गरे, हे भगवन् ! द्रष्टा र दृश्यको संबन्ध कसरी भयो ? कालमा कालत्व, आकाशमा शून्यता र वायुमा स्पन्दन कसरी भयो ? जडमा जडता, भूतमा भूतता, संकल्पमा स्पन्दन, सृष्टिमा सृष्टित्व, मूर्तिमा मूर्तित्व, भिन्नमा भिन्नता र दृश्यमा दृश्यता कसबाट भयो, यी सब अर्धप्रबुद्धको बोधका निमित्त मलाई बताउनुहोस् ।

वसिष्ठले भन्नुभयो, हे राम ! ब्रह्मा, विष्णु, रुद्र, ईश्वर सब प्रलयकालमा जसमा लीन हुन्छन् त्यसको नाम महाप्रलय हो । यस्तो जो अनन्त आकाश छ त्यो सम, शुद्ध, आदि, अन्त र मध्यले रहित चैतन्यघन अद्वैततत्त्व हो, जहाँ एक र दुई भन्ने शब्द पनि छैन, जसमा आकाश पनि पहाडसमान स्थूल छ र यस्तो सूक्ष्म छ कि 'अस्ति' र 'नास्ति' दुवै शब्दले रहित आफू आफैमा स्थित छ । त्यो अद्वैततत्त्व शिलाकोष झैं चित्तको स्फुरणले रहित छ । यस्तो अकारण परमात्मतत्त्वबाट सृष्टिको उत्पत्ति कसरी होला ? जस्तै आकाश आफैंमा स्थित छ त्यस्तै ब्रह्म आफैंमा स्थित छ । एक निमेषको स्फुरणमा जुन वृत्ति अनेक योजनपर्यन्त पुग्छ त्यस्ता वृत्तिको मध्यमा जो अनुभवसत्ता विद्यमान छ त्यसमा तिमी स्थित होऊ र हेर कि जगत् र त्यसको उत्पत्ति कहाँ छ ?

हे राम ! उत्पत्ति हुन्छ समवायिकारण र निमित्तकारण भए, किन्तु आत्मा निराकार, अद्वैत र सन्मात्र भएकोले समवायिकारण र निमित्तकारण हुन सक्तैन । आत्मा अच्युत हो अर्थात् स्वरूपबाट च्युत हुँदैन तब त्यो समवायिकारण कसरी होला ? निराकार भएकोले आत्मा निमित्तकारण पनि हुँदैन । त्यसकारण आत्मामा जगत् केही छैन । यो जगत् भ्रान्तिमात्र हो र अविद्याले भासित हुन्छ । जुन वस्तु छँदैछैन तापनि प्रत्यक्ष देखिन्छ भने त्यो अविद्याकृत हो भनी जान ।

ब्रह्मसत्ता सदा आफैंमा स्थित छ । जलमा तरङ्ग, आवर्त उठ्छन् तर ती सबै जलरूप हुन्, जलदेखि भिन्न केही छैन । जब तिमी स्वरूपमा स्थित हुन्छौ तब जगत्को शब्द - अर्थ भिन्नरूपले भासित हुँदैन, किनकि कुनै दोस्रो वस्तु छँदैछैन । जस्तो आकाशमा दोस्रो चन्द्रमा देखिन्छ त्यसको कारण छैन, कारणविना जो देखिन्छ त्यो भ्रममात्र हो त्यस्तो यो जगत् मिथ्या हो,

विचार गरेपछि रहदैन। दिक्, काल आदि जो पदार्थ मानिन्छ त्यो पनि शून्यरूप हो। आत्मा जस्ताको त्यस्तो भएर स्थित छ, उसमा उदय, अस्त केही छैन।

(१७४) द्वैतैकताप्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! जस्तो आकाश आफ्नो शून्यतामा स्थित छ त्यस्तो ब्रह्मरूपी आकाश आफैंमा स्थित छ, फेरि त्यो कसको कारण होला ? कारण, कार्य तब हुन्छ जब द्वैत र आरम्भ, परिणाम हुन्छ तर आत्मा त अद्वैत, अच्युत र निर्गुण छ, उसमा आरम्भ कसरी होला ? जो कुछ जगत् भासित हुन्छ त्यो केवल मनको स्फुरणमात्र भएको हुनाले शून्यरूप हो। जो द्वैत भासित हुन्छ त्यो भ्रममात्र हो, ज्ञानकालमा जगत् भासित हुँदैन। स्वप्नमा जो चेष्टा हुन्छ त्यो नजीकमा बसेको मान्छेले देखतैन किनकि त्यो वस्तु नै थिएन त्यस्तै सृष्टि अकारण, संकल्पमात्र हो। जस्तो शशशृङ्गको कुनै कारण छैन त्यस्तो जगत्को कारण कोही छैन। जगत् भएको वस्तु भए त्यसको कारण पनि हुन्थ्यो, जब केही छँदै छैन तब कसको कारण को हुने ?

रामले प्रश्न गरे, हे भगवन् ! जस्तो वटको बीजमा वृक्षको अस्तित्व भएको हुनाले काल पाएर त्यो निक्लन्छ त्यस्तो जगत्को कारण परमाणु किन नहुने ?

वसिष्ठले भन्नुभो, हे राम ! सूक्ष्ममा स्थूल संकल्पमात्र हुन्छ, त्यो सत्य हुँदैन। जस्तो रायोको दानामा सुमेरुपर्वत हुनु असंभव छ त्यस्तै सूक्ष्म परमाणुबाट जगत्को उत्पत्ति असंभव छ। सूक्ष्म परमाणुको कार्य जगत् तब हुन सक्थ्यो जब आत्मामा सूक्ष्म परमाणु पाइन्थ्यो। आत्मा त अद्वैत छ, त्यसैले उसमा द्वैत अद्वैत अथवा एक दुईको अभाव छ। आत्मामा जान्नु भन्ने कुरा पनि छैन।

आत्मा आधार-आधेयभावले रहित छ। बीजको परिणाम पनि तब हुन्छ जब त्यो कुनै स्थान (जमीन) मा रोपिन्छ र जल दिएर रक्षा गरिन्छ, तर आत्मा आधार-आधेयरहित, आफ्नो स्वभावमा स्थित, अद्वैत, सत्तामात्र छ। बन्ध्यापुत्रको झैं जगत्को कारण कोही छैन। जसलाई तिमी दृश्य भन्छौ त्यो त द्रष्टा नै दृश्य भएर स्थित छ। जस्तो सूर्यको किरणमा जलाभास हुन्छ त्यस्तो ब्रह्म नै जगदाकारमा देखिन्छ। त्यसकारण दृश्य भन्ने ब्रह्मदेखि भिन्न दोस्रो वस्तु होइन। जस्तो संकल्पनगर मनले रचेको मात्र हो, बनेको होइन त्यस्तै आत्मामा जगत् मनको स्फुरणमात्र हो, बनेको छैन, केवल ब्रह्म आफू आफैंमा स्थित छ। हाम्रो त सदा ब्रह्म नै भासित हुन्छ। आत्मा आफ्नै स्वभावमा स्थित निर्मल शान्तपद हो, उसमा जगत्को उदय, अस्त केही छैन।

(१७५) परमशान्ति (निर्वाण) वर्णन

वसिष्ठले भन्नुभो, हे राम ! जगत्को भाव-अभाव, जड-चेतन, स्थावर-जङ्गम, स्थूल-सूक्ष्म, शुभ-अशुभ केही भएकै छैन तब तिमीलाई यसको कार्य यो हो र यसको कारण यो हो भन्ने कुरा कसरी बताऊँ ? जो छँदैछैन भने त्यसको कार्य-कारणता कसरी होला ? जब कि आत्मा नै देश, काल र वस्तुरूपले भासमान छ तब उसमा कार्य-कारणता संभव छैन। आत्मा आफैंमा स्थित छ, उसमा छ र छैन रूपले जो सम्वेदन उठेको छ उसैको स्फुरण हो जगत्। यो फुर्नु चैतन्यको

विवर्त हो, यस विवर्तबाट जगद्भ्रम भासेको छ । जब स्फुरणलाई उल्टाएर आत्मातिर लगाइन्छ तब जगद्-भ्रम मेटिन्छ । स्फुरण नै ध्याता, ध्यान र ध्येयरूप त्रिपुटी भएर स्थित हुन्छ, यसैको नाम हो जगत् । जगत्मा बन्ध-मोक्ष मानिन्छ । आत्मामा बन्ध, मोक्ष केही छैन ।

जस्तो ठाउँ ठाउँमा उम्रेको पानी जम्मा हुँदै गएपछि नदी भएर बग्छ त्यस्तो जब वासना दृढ हुँदै जान्छ तब जगद्रूप भएर भास्तछ । वासनाजनित राग-द्वेषको संकल्पले बन्धन हुन्छ । वासना क्षीण भए जगत्को अभाव हुन्छ र स्वच्छ आत्मा देखिन्छ । शरीरबाट निक्लेर गए तापनि जीव मर्दैन किनकि मरेको भए उसको अत्यन्ताभाव हुनुपर्ने, तर जीवलाई फेरि संसार भासेर आउँछ । मर्नु भनेको सुषुप्ति जस्तो हो, जागेपछि फेरि जगत् भास्तछ र चेष्टा गर्छ । जस्तो स्वप्न र जाग्रत् हुन्छ त्यस्तो मृत्यु र जन्म पनि हुन्छ ।

मर्दा शोक मानिन्छ भने बाँचदा हर्ष मान्नुपर्‍यो तर यी दुवै अवस्था समानरूपले शरीरका हुन् भनी जब जान्दछौ तब तिम्रो हृदय शीतल हुन्छ । जब ध्याता, ध्यान र ध्येय रूप त्रिपुटीको अभाव हुन्छ र अज्ञान पनि रहँदैन तब स्वच्छ निर्मल पद बाँकी रहन्छ । अहिले त्यो निर्मल छँदैछ, भ्रमले पदार्थसत्ता भासेको हो । स्वरूपको प्रमादले जगत् देखिन्छ, स्वरूपमा जागेपछि जगत्को अभाव भइहाल्छ । स्वप्नको राज्य झैं यो जगत् पनि नभईकन देखिएको भनी जान । जस्तो कुसवारी कीरो आफ्नों बसने ठाउँ बनाएर त्यसमा आफैं फस्छ त्यस्तै जीव आफ्नो संकल्पबाट आफैं बाँधिन्छ । जब संकल्पको अभाव हुन्छ तब परमानन्दप्राप्तिको साथै परम शान्तिलाभ हुन्छ ।

(१७६) आकाशकुटीमा वसिष्ठको समाधि

जस्तै जहाँ आकाश छ त्यहाँ शून्यता पनि रहन्छ, जहाँ अवकाश हुन्छ त्यहाँ आकाश पनि हुन्छ र जहाँ आकाश छ त्यहाँ पदार्थ पनि हुन्छन् त्यस्तै जहाँ चैतन्यसत्ता छ त्यहाँ सृष्टि पनि भास्छ, तर बनेको भने केही छैन तापनि सदा रहन्छ । जस्तो सूर्यको किरणमा जल छैन तापनि मरुभूमिमा जलाभास सदा रहन्छ किनकि त्यहाँको जल किरणको नै विवर्त हो त्यस्तै सृष्टि आत्माको विवर्त हो - जहाँ चैतन्यसत्ता छ त्यहाँ सृष्टि पनि छ । यस विषयमा एक इतिहास बताउँछु जसको स्मरण र समझबाट जरामृत्युबाट रहित हुन सकिन्छ ।

एक पटक जगत्बाट उपरत भएर मेरो चित्तमा यस्तो विचार आयो कि कुनै एकान्त स्थानमा बसेर समाधिको आनन्द लिऊँ । यद्यपि मेरो दृष्टिमा समाधि र असमाधि समान हो तापनि व्यावहारिक दृष्टिले पनि शान्तरूप भएर रहूँ । निर्विकल्प समाधिद्वारा परमानन्दरूप अविनाशी पदमा विश्राम लिऊँ । यस्तो विचार गरेर एकान्त स्थान खोज्न आकाशमा उडेर हेर्दै गएँ । जाँदा जाँदा देवताले विहार गर्ने रमणीय पर्वत भेटियो, मन्द-मन्द शीतल पवन वहन्थ्यो, अङ्गनाहरू सुमधुर गीत गाउँथे । इन्द्रियको लागि सुखदायक भए तापनि त्यो ठाउँ समाधिको लागि सुखदायक ठहरेन र त्यहाँबाट अगाडि बढदै जाँदा एक रमणीय कन्दरा भेटियो । वरिपरि सुन्दर वन थियो, मन्द हवा वहन्थ्यो । चराहरूको चिर्-चिर् आवाज सुनिन्थ्यो । त्यो स्थान पनि समाधिको लागि उपयुक्त ठहरेन । त्यसभन्दा पर नागहरूको देश भेटियो । त्यहाँ सुन्दरी नागकन्या देखिन्थे र अन्य

इन्द्रियका विषयहरू पनि रमणीय थिए। त्यो स्थान पनि विघ्नकारक नै लाग्यो र अगाडि बढें। समुद्रका एकान्त तटहरू पनि हेरें। त्यहाँ पनि बस्न मन लागेन। फेरि आकाशमा उडेर हेर्दै गएँ। नाना प्रकारका अपूर्व स्थानहरू पनि देखिए। वायु, मेघ, देवगण, विद्याधर, सिद्ध र गरुडको स्थान नाघेर अगाडि बढ्दै गएँ। क्रमश: सूर्यमण्डल, चन्द्रमण्डल र अग्निदेवको स्थान पनि नाघेर महाकाशमा पुगें जहाँ कुनै पनि ऐन्द्रियक विषय दृष्टिगोचर हुँदैनथ्यो। केवल आकाशमात्र देखिन्थ्यो। वायु, अग्नि, जल र पृथ्वी चारै भूतको अभाव थियो। त्यहाँ कुनै भूत र भौतिक पदार्थ देखिदैन थियो र सिद्धहरूको पनि गम थिएन। त्यहाँ संकल्पद्वारा मैले एक कुटीको रचना गरें र अगाडि पत्र र पुष्पले सुशोभित एक कल्पवृक्षको पनि रचना गरें। त्यहाँ एकातिर यौटा छिद्र राखेको थिएँ। त्यहाँ मेरो सबै संकल्प प्रत्यक्ष हुन्थे। त्यस कुटीमा प्रवेश गरेर एक वर्ष पर्यन्त निर्विकल्प समाधिमा रहने अठोट गरें। पद्मासन बाँधेर एक वर्ष पर्यन्त समाधिमा स्थित भएर परम शान्तिको अनुभव गरें, कुनै क्षोभ भएन। एक वर्षपछि समाधिबाट उत्रें। वसन्त ऋतु आएपछि वृक्षमा मुजुरा निस्के झैं ज्ञानेन्द्रियको विकास हुँदै गयो र स्पन्दनबाट अहंकाररूपी पिशाचको उदय भयो, अनि म वसिष्ठ हुँ भन्ने कुरा फुऱ्यो, फेरि इच्छारूपी स्त्रीको पनि स्फुरण भयो। हे राम ! त्यो एक वर्ष एक पल झैं बित्यो। आनन्दमा लामो समय पनि छोटो हुन्छ र दु:खमा छोटो समय पनि लामो हुन्छ। हे राम ! मैले जुन समाधिको वर्णन गरें, त्यो शक्ति सबै जीवमा विद्यमान छ तर सिद्ध हुँदैन किनकि नानाप्रकार वासनाले अन्त:करण मलिन रहन्छ। जब अन्त:करण शुद्ध हुन्छ तब संकल्प सिद्ध हुन्छ। अन्त:करण मलिन भए संकल्प सिद्ध हुँदैन।

(१७७) विदितवेद्य (ज्ञानवान्) को अहंकार

रामले प्रश्न गर्दै भने, हे भगवन् ! निर्वाणस्वरूप तपाईंमा अहंकाररूपी पिशाचको उदय कसरी भयो ? यसको उत्तर दिंदै वसिष्ठले भन्नुभो, हे राम ! ज्ञानी होस् वा अज्ञानी, जबसम्म शरीरका साथ सम्बन्ध रहन्छ तबसम्म अहंकार अवश्य हुन्छ। जस्तै जहाँ आधार छ त्यहाँ आधेय पनि हुन्छ र जहाँ आधेय छ त्यहाँ आधार पनि हुन्छ, त्यस्तै जहाँ देह छ त्यहाँ अहंकार पनि हुन्छ र जहाँ अहंकार छ त्यहाँ देह पनि अवश्य हुन्छ। अहंकार विना शरीर रहँदैन, तर त्यो अहंकार अज्ञानरूपी बालकको कल्पनाप्रसूत हो।

ज्ञानी जनको अहंकार नष्ट हुन्छ। यो अहंकार अविद्याबाट उत्पन्न भएको हो। जो वास्तवमा मिथ्या भएर पनि भासित हुन्छ त्यसलाई अविद्या भनेको छ। जब अविद्या नै मिथ्या हो भने त्यसको कार्य अहंकार कसरी सत्य होला ? यो केवल मिथ्या भ्रमले उत्पन्न भएको हो। जस्तो भ्रमले वृक्षमा वेताल भास्तछ त्यस्तै भ्रमले अहंकाररूपी वेतालको उदय भएको छ। यो अविचारसिद्ध हो, विचार गरेपछि यसको अभाव भइहाल्छ। जस्तै जहाँ दीपक छ त्यहाँ अन्धकार रहदैन त्यस्तै जहाँ विचार हुन्छ त्यहाँ अविद्या रहँदैन। अविद्या छैन भने अहंकार पनि छैन। जुन वस्तु विचार गरेपछि रहँदैन त्यसलाई मिथ्या भनी जान्नुपर्छ। अविद्या स्वयं मिथ्या छ भने उसको कार्य अहंकार कसरी सत्य होला ? त्यसकारण अहंकारलाई मिथ्या भनी जान।

शुद्ध आत्मा मनसहित छ इन्द्रियको विषय हुन सक्तैन किनभने ती साकार र दृश्य छन्। निराकार आत्मा साकारको कारण हुँदैन । जो साकार छ त्यो सब मिथ्या हो । जस्तो बीजबाट अंकुर उत्पन्न हुन्छ, जब बीज नै छैन भने अंकुरको उत्पत्ति कसरी होला ? त्यस्तै जगत्को कारण भनिएको सम्वेदन नै छैन् भने त्यसबाट जगत्को उत्पत्ति कसरी हुने ? ब्रह्म अद्वैत, शुद्ध, स्फुरणरहित र अविनाशी छ र कसैको कारण हुँदैन । केवल शुद्ध आत्मा आफैंमा स्थित छ ।

जगत् यदि अविद्यमान हो भने कसरी भासमान हुन्छ त भनौला, यसको उत्तर यो हो कि जस्तो स्वप्नमा नभएको सृष्टि भास्तछ त्यस्तो यो जगत् नभईकन पनि भास्तछ । जस्तो संकल्प नगर नभए पनि भासमान हुन्छ र प्रतीतिकालमा साँचो हुन्छ त्यस्तै यो जगत् पनि संकल्प मात्र हो । विचार गरेर हेरेमा यसको अभाव भइहाल्छ । अधिष्ठान आत्मादेखि भिन्न न जगत् छ, न त अहंकार नै छ । मेरो दृष्टिमा त सर्वत्र आत्मा नै भासमान छ । जस्तो चित्रलिखित अग्निको मूर्ति अर्थाकार हुँदैन त्यस्तो ज्ञानवान्को अहंकार देखिन्छ ता पनि त्यसबाट ज्ञानी विकारवान् हुँदैन । उहाँको निश्चयमा एक ब्रह्ममात्र विद्यमान छ । यो अहंकार न पहिले थियो न अहिले छ र न पछि रहन्छ, केवल भ्रमले भासेको मात्र हो ।

हे राम ! जब तिमी यस्तो जान्दछौ तब अहंकार नष्ट भइहाल्छ । अरूको दृष्टिमा ज्ञानीमा अहंकार देखिन्छ तर ज्ञानीको दृष्टिमा असंभव छ । ज्ञानीको अहंप्रत्यय आत्मामा रहन्छ नकि परिच्छिन्न अहंकारमा । अहंकारको नाश, अविद्याको नाश र अज्ञानको नाश भन्नु एकै कुरा हो। हे राम ! अब आफ्नो स्वभावमा स्थित रहू र प्रकृत आचारको पालन गर । भित्र हृदयमा शिला जस्तो भएर रहू र बाहिर इन्द्रियको व्यवहार गर । आफ्नो निश्चयलाई गुप्त राख र आकाश झैं स्वच्छ एवं निर्विकार भएर रहू, तब केवल ब्रह्मसत्ताको नै अनुभव हुनेछ ।

(१७८) ब्रह्म र जगत्को एकताप्रतिपादन

रामले प्रश्न गर्दै भने, हे भगवन् ! ब्रह्मसत्ता नै सर्वत्र विद्यमान छ भने शिलाख्यान केको निमित्त बताउनुभएको हो, स्पष्ट गरिपाऊँ । वसिष्ठबाट आज्ञा भयो, हे राम ! ब्रह्मसत्ता नै सबैमा सर्वदा विद्यमान छ र सबैबाट रहित छ, किन्तु बोधका निमित्त तिमीलाई शिलाख्यानको दृष्टान्त बताएको हो । यस्तो कुनै ठाउँ छैन जहाँ सृष्टि नभएको होस् अर्थात् सबै ठाउँमा सृष्टि छ, तर आदिबाट केही बनेको छैन । शिलाकोषमा अनेक सृष्टि छन् । यदि सबैमा सृष्टि छ भने त्यो आकाशरूप किन हुँदैन भनी रामले प्रश्न गर्दा वसिष्ठले भन्नुभो, हे राम ! यही कुरा त म भन्दै छु कि जो कुछ सृष्टि छ त्यो सब आकाशरूप हो । स्वरूपमा त सृष्टि उत्पन्न भएकै छैन, आत्मसत्ता सर्वदा आफैंमा स्थित छ । आकाशको त कुरै छोडौं, शिलाकोषमा पनि सृष्टि छ, तर त्यो आकाशरूप हो । अणु-अणुमा सृष्टि छ, किन्तु परमार्थमा केही बनेको छैन, केवल आत्मस्वरूप विद्यमान छ । सब सृष्टि शब्दमात्र हो, केही बनेको छैन ।

हे राम ! पृथ्वी, जल, तेज र वायुका परमाणुमा सृष्टि छ, तर त्यो आकाशरूप हो केही बनेको छैन । ब्रह्मसत्ता आफैंमा सर्वदा जस्ताको त्यस्तो स्थित छ । यस्तो कुनै अणु छैन जसमा ब्रह्मसत्ता

न होस्, फेरि यस्तो कुनै चित् अणु छैन जसमा सृष्टि नहोस् । जस्तो अग्नि भन्नु र उष्णता भन्नुमा कुनै भेद छैन त्यस्तो ब्रह्म भन्नु र जगत् भन्नुमा भेद छैन, शब्द दुइटा हो तर वस्तु एउटै हो । जगत् नै ब्रह्म हो र ब्रह्म नै जगत् हो, कुनै भेद छैन । म, तिमी, सुमेरु आदि पर्वत, देवता, दैत्य, किन्नर, नाग आदि जगत् सब निर्वाणस्वरूप हो, आत्मतत्त्वमा केही बनेको छैन ।

यो बोलने, चलने जीवलाई स्वप्नतुल्य जान । जस्तो कुनै मानिस सुतेको छ, उसले स्वप्नमा भयंकर लडाइं देख्यो, तर नजिकै एकजना मानिस जागा रहेको छ, उसको लागि केही भासित हुँदैन, किनभने लडाइं आदि कुनै कुरा बनेकै छैन । ज्ञानीको हृदयमा जगत् शून्य छ । अज्ञानी भ्रमले नानाप्रकार जगत् देखछ । त्यसकारण हे राम ! यस जगत्लाई स्वप्नवत् जानेर प्रकृत आचारमा रहू, हृदयमा शिलासमान दृढता बनोस् र केही कुरा नफुरोस् । ब्रह्म र जगत्मा अलिकति पनि भेद छैन । ब्रह्मनै जगत् हो र जगत् नै ब्रह्म हो ।

(१७९) जगज्जालसमूहवर्णन

रामले प्रश्न गरे, हे भगवन् ! तपाईंले आकाशकोषमा कुटी बनाएर एक वर्षसम्म समाधि लगाउनु भयो, त्यसपछि के के भयो, सबै वृत्तान्त बताउनुहोस् । वसिष्ठले भन्नुभयो, हे राम ! जब म समाधिबाट जागें तब आकाशमा परम मनोहर वीणाको तान जस्तो कुनै अङ्गनाको शब्द सुनियो । अनि विचार गरें कि म यति उच्च स्थानमा आएको छु कि जहाँ सिद्धको पनि गति छैन । सिद्धलोक भन्दा पनि तीन लाख योजन माथि आएको छु । यस्तो अनकण्टार ठाउँमा पनि यो शब्द कहाँबाट आयो ? दशै दिशा हेरें, तर सृष्टि कर्ता कतै देखिएन । सृष्टि त आकाशमा हुन्छ । आकाशरूप अर्थात् चिदाकाशरूप बन्नुपर्‍यो, तब यो शब्द कहाँबाट आयो, थाहा हुने छ । यस्तो विचारले सारा ऐन्द्रियक वृत्तिलाई त्यागेर चित्ताकाशमा पुगें, जसको संकल्प नै रूप हुन्छ । फेरि त्यसलाई छोडेर बुद्धिको आकाशमा आएँ, त्यसलाई पनि त्यागेर शब्द सुन्ने संकल्पले चिदाकाशरूप भएं जो निराकार, निराधार छ र जो सबैलाई धारणगर्छ, जो परमानन्दस्वरूप शान्त र अनन्त छ जसमा सकल ब्रह्माण्ड प्रतिबिम्बित हुन्छन् । यसरी आत्मरूप आदर्श (ऐना) मा स्थित भएपछि अनन्त सृष्टि आफैंमा भासित हुनलागे ।

हे राम ! जस्तो सूर्यको किरणमा त्रसरेणु हुन्छन् त्यस्तो ब्रह्ममा अनन्त सृष्टि छन् तर त्यो सृष्टि स्वप्नसृष्टि झैं प्रतिजीवको आ-आफ्नो छ, यौटाको सृष्टिलाई अर्कोले जान्दैन । चिदाकाशमा भिन्न भिन्न प्रकारका अनन्त सृष्टि मैले देखें । कहीं पृथ्वीरूप एक भूतको मात्र आवरण थियो भने कहीं पृथ्वी, जल, तेज र वायु- यी चार भूतको आवरण थियो, कहीं आकाशसहित पाँचै भूतको आवरण थियो, कहीं षट् आवरण, कहीं दश आवरण, कहीं षेडश आवरण, कहीं चौतीस र कहीं छत्तीस तत्त्वको आवरण थियो, कहीं सूर्य चन्द्रको प्रकाश थिएन, कहीं अग्निको प्रकाश थिएन, कहीं पशु, पक्षी र कीट पतङ्ग मात्र देखिन्थे भने कहीं देवतामात्र, कहीं मनुष्यमात्र, कहीं दैत्यमात्र देखिन्थे । कहीं बाल्य, यौवन र वार्धक्यको मर्यादा थिएन । कहीं शास्त्रमर्यादाको पालन हुन्थ्यो र कहीं हुँदैन थियो ।

हे राम ! ब्रह्मरूपी आकाशमा चित्तरूपी गन्धर्वले अनेक सृष्टि रचेको छ, तर स्वरूपदेखि भिन्न केही उत्पन्न भएको छैन । स्वप्नसृष्टि झैं सम्पूर्ण सृष्टि अकारण हो र भ्रममात्र हो । जो समवायी करणविना उत्पन्न हुन्छ त्यसलाई भ्रममात्र भनी जान्नुपर्दछ । जस्तो स्वप्नको सृष्टि नभईकन पनि अर्थाकार भास्तछ त्यस्तो यो सृष्टि पनि उत्पन्न न भईकन पनि उत्पन्न भएझैं भासित हुन्छ । सम्पूर्ण सृष्टि आभासमात्र हो । आभासमा पनि अधिष्ठान सत्ता हुन्छ जसको आश्रयमा आभास फुर्दछ । सच्चिदानन्द ब्रह्म सबैको अधिष्ठान हो । ब्रह्मसत्तादेखि भिन्न केही छैन । आत्मसत्ता आफू आफैंमा स्थित छ । स्फुरणको भ्रमले केही भएको जस्तो दृष्टिगत हुन्छ । जब स्फुरणरूपी भ्रम निवृत्त हुन्छ तब ब्रह्म नै देखिन्छ । त्यसकारण अविद्यारूप स्फुरणालई त्यागेर निर्विकल्पस्वरूपमा स्थित होऊ, तब जगद्भ्रम निवृत्त हुन्छ ।

(१८०) जगज्जालवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! यस्ता अनन्त सृष्टि देखेपछि विचार गरें कि यो शब्द गर्ने को होला त्यसलाई देखौं । अनि तित्राको जस्तो शब्द सुनियो र अर्थ पनि भासित भयो । हेर्दै जाँदा एकजना सुवर्ण सदृश शरीर भएकी, सुन्दर वस्त्र पहिरेकी सबै अङ्गमा भूषणले विभूषित सुन्दरी नारी देखिइन् । उनी लक्ष्मी या भवानी जस्ती थिइन् । मलाई देखेर उनले भनिन् - हे मुनीश्वर ! म एकजना सामान्य-धर्मा स्त्री हुँ, तपाईं त संसार समुद्रबाट पार भएका उत्तम-धर्मा महापुरुष हुनुहुन्छ । जो तपाईंको आश्रयमा आउँछन् ती पार हुन्छन्, अरू चाहिं संसारसमुद्रमा बगिरहन्छन् । संसारबाट पार भएका तपाईंलाई नमस्कार छ ।

हे राम ! ती अङ्गनाको कुरा सुनेर आश्चर्यमा परें, तिनले मलाई देखेको सुनेको थिएन, कसरी जानिन् ? मैले विचार गरें कि यो सब मायाको चरित्र हो जसबाट यो नाना ब्रह्माण्ड दृष्टिगोचर भइरहेको छ । त्यसपछि फेरि आकाशमा उडेर गएँ । त्यहाँ नाना प्रकारका सृष्टि (स्वप्नसृष्टि, संकल्पसृष्टि र गन्धर्वनगरको सृष्टि) देखिए, तर वास्तवमा केही बनेको थिएन । स्वप्नको सृष्टि झैं यो सृष्टि पनि नभईकन देखिएकोछ, वास्तवमा बोधस्वरूप आफैंमा स्थित छ । जब म बोधमा स्थित भएर हेर्छु तब आत्मा मात्र देखिन्छ । संकल्पले नानाप्रकार जगत् देखिन्छ । यसप्रकारले हेर्दै जाँदा अनन्त सृष्टि देखिए स्वर्गको सृष्टि, नरकको सृष्टि देखियो । यसै गरी अनन्त ब्रह्मा, अनन्त विष्णु र अनन्त रुद्र देखें । कही प्रलयका मेघ गर्जेका छन् । कहीं सुमेरु आदि पर्वत उडेका पनि देखें । कहीं एक सृष्टिमा मरेर अर्को सृष्टिमा जन्म लिन पुगेका छन् । जस्तो एक शय्यामा दुईजना मानिस सुतेका छन्, एकजनाको स्वप्नमा भयावह प्रलय भइरहेको छ र अर्को शान्त भएर सुतिरहेको छ त्यस्तो यहाँ अनेक प्रकारका सृष्टि देखनुमा कुनै आश्चर्य छैन ।

जस्तो यौटा डुम्रीको फलमा अनन्त मच्छड (लामखुट्टे) हुन्छन् त्यस्तो आत्मसत्तामा संकल्पले अनन्त सृष्टि देखिन्छन् । हे राम ! यसरी मैले अनन्त सृष्टि देखें । सम्पूर्ण सृष्टि नभईकन फुरेको मात्र हो र केवल संकल्परूप हो । जब संकल्पको लय हुन्छ तब जगद् भ्रम निवृत्त भइहाल्छ । मैले तल माथि दशै दिशा घुमेर नाना सृष्टि देखें तर ती सब चैतन्य-समुद्रमा देखिएका पानीका फोका थिए । वास्तवमा चैतन्यदेखि भिन्न केही भासित भएन ।

(१८१) बोधरूपताका साथ जगत्को एकताप्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! चैतन्यस्वरूपमा जो चेत्योन्मुखत्व हुन्छ त्यसलाई मुनिहरू चित्ताकाश भन्दछन् । मनमा संकल्प विकल्प उठ्नाले जुन अनन्तकोटि ब्रह्माण्ड बनेका छन् त्यसको नाम भूताकाश हो । यी सब संकल्पमात्र हुन् र आत्मादेखि भिन्न छैनन् ।

रामले प्रश्न गर्दै भने, हे भगवन् ! नियम यस्तो छ कि ब्रह्माको दिनमा सृष्टि र रातमा प्रलय हुन्छ, जब महाप्रलय हुन्छ तब कुनै प्राणी रहँदैन, सब ब्रह्मसत्तामा लीन हुन्छन् र केवल सूक्ष्म ब्रह्म मात्र शेष रहन्छ, तब त्यो सूक्ष्म ब्रह्मबाट फेरि कसरी सृष्टि हुन्छ ? कृपा गरेर बताउनुहोस् । उत्तरमा वसिष्ठले भन्नुभो, हे राम ! जब महाप्रलय हुन्छ तब सबै भूत नष्ट हुन्छन् र सबको कारणीभूत ब्रह्मसत्ता शेष रहन्छ – यति कुरा त तिमीले पनि मान्यौ, हैन ? तब विचार गर कि ब्रह्मासत्ता आकाशको हजारौं भागदेखि पनि अतिसूक्ष्म छ, त्यस्तो ब्रह्मबाट जगत्को उत्पत्ति कसरी होला ? जगत्को उत्पत्ति नै छैन भने फेरि त्यसको प्रलय कसरी मान्ने ? यो जगत् ब्रह्मको हृदय हो । स्वभावसत्तालाई हृदय भनेको छ । जस्तो स्वप्नमा आफ्नो संवित् सत्ता नै देश, काल, पर्वत आदि रूप भएर भास्तछ त्यस्तै यो जगत् संविद्रूप हो र अज्ञानले भएको जस्तो देखिन्छ ।

आत्मा अच्छेद्य, अदाह्य, अक्लेद्य र अदृश्य छ । आत्मा इन्द्रियको विषय हुँदैन । अस्ति, नास्ति, उदय, अस्त आदि सब शब्द आकाशरूप हो । जगत् आत्मादेखि भिन्न छैन, सबै आत्मरूप हो तब उत्पत्ति, प्रलय आदि विकार केही छैन । जस्तो हात, गोडा शरीरकै अङ्ग हुन् । हात, गोडा खुंच्याउनु र पसार्नु शरीरको नै अङ्ग हो, शरीरदेखि भिन्न होइन, त्यस्तो जगत्को उत्पत्ति, प्रलय आदि भन्नु पनि ब्रह्मको नै अङ्ग हो, ब्रह्मदेखि भिन्न होइन ।

हे राम ! शुद्ध, चिन्मात्र, ब्रह्मरूपी एक वृक्ष छ । संवित्को स्फुरण मूल जरो हो, चित्त शरीररूपी स्तम्भ हो, लोकपाल फाटेका ठूला हाँगा र जगत् साना हाँगा हुन् । प्रकाश फल हो, अन्धकार श्यामता हो र पोल आकाश हो, प्रलय पुष्पगुच्छा हुन् र त्यसलाई हल्लाउने विष्णु, रुद्र आदि हुन् । जडता त्यस वृक्षको त्वचा हो । यसप्रकार सबै आत्मब्रह्म हो । ब्रह्मदेखि भिन्न केही बनेको छैन । ब्रह्म सर्वदा आफ्नो स्वभावमा स्थित छ । जस्तो हावाबाटअग्नि जाग्छ र हावाबाट नै बत्ती निभ्छ त्यस्तै चित्तको स्फुरणबाट जगत् भास्तछ र जब चित्तको स्फुरण अन्तर्मुख हुन्छ तब जगद्भ्रम मेटिन्छ । हे राम ! जब तिमी ज्ञानदृष्टिले हेर्दछौ तब अज्ञान रूप स्फुरणको त्रैकालिक अभाव हुन्छ र आत्मस्वरूपमा बन्ध, मुक्ति केही पनि भासित हुँदैन । विचारपूर्वक हेरेमा अष्टसिद्धिको ऐश्वर्य पनि तृणवत् प्रतीत हुन्छ ।

(१८२) जगदेकताप्रतिपादन

रामले प्रश्न गर्दै भने, हे भगवन् ! तपाईंले जो विविध जगज्जाल देखनु भो त्यो एकै ठाउँमा बसेर देखनुभयो कि अथवा तत् तत् सृष्टिमा गएर देखनु भयो ? वसिष्ठले भन्नुभो, हे राम ! म अनन्त आत्मा, सर्वशक्तिसम्पन्न र सर्वव्यापी चिदाकाशरूप हुँ । ममा आउनु जानु छैन । न एक ठाउँमा बसेर देखें न वा त्यही ठाउँमा गएर देखेको हुँ । म चिदाकाश हुँ । चिदाकाशमा मैले यो सब देखें । निर्मल आत्मस्वरूपमा स्फुरणबाट यो सारा सावयव जगत् देखिएको हो । वास्तवमा केही पनि छैन, केवल आकाशरूप हो । जस्तो फल, फूल, पात वृक्षका अङ्ग हुन्छन् त्यस्तो ज्ञाननेत्रले मैले आफ्नै अङ्गरूपले जगत् देखेको हुँ । जस्तो समुद्र तरङ्ग, फेन, बुद-बुद र जललाई आफैंमा देख्छ त्यस्तो म आफैंमा जगत् देख्छु । अहिले पनि म यस देहमा स्थित भएर ज्ञाननेत्रले पर्वत आदिको सृष्टि देख्छु । जस्तो कुटीको भित्र र बाहिर आकाश एकरूप छ त्यस्तै मेरो दृष्टिमा पहिले र अहिले पनि आकाशरूप जगत् आफैंमा भासित हुन्छ । जस्तो जल आफ्नो रसलाई, बरफ आफ्नो शीतलतालाई र पवन आफ्नो स्पन्दनलाई जान्दछ त्यस्तो म ज्ञानले आफैंमा सृष्टि देख्तछु । जुन ज्ञानवान्को शुद्ध बुद्धिमा एकता भएको छ ऊ आफूलाई सर्वात्मा भनी जान्दछ । जसको आत्मस्थिति प्राप्त भएको छ त्यो वेदनलाई पनि अवेदन देखछ र कहिले पनि उत्पन्न भएको मान्दैन । जस्तै देवता आ-आफ्नो स्थानमा बसेर दिव्य नेत्रद्वारा कोटि योजनपर्यन्त आफूको विद्यमानता देखछन् त्यस्तै मैले सर्वात्मा भएर जगत् देखें । जस्तै पृथिवी खानी, औषधि र रससहित पदार्थलाई आफैंमा देखछिन् त्यस्तै मैले जगत्लाई आफैंमा देखें ।

रामले सोधे, हे भगवन् ! सुमधुर छन्दको पाठ गर्ने जो कमलनयनी कान्ता थिइन् तिनले फेरि के गरिन् ? वसिष्ठबाट आज्ञा भयो, हे राम ! आकाशमा आविर्भूत भएकी भवानी नै हुन् कि भने झैं आकाशरूप शरीर धारण गरेकी ती कान्ता मेरो निकट आएर स्थित भइन् । जस्तो मेरो आकाश-शरीर थियो त्यस्तै उनको पनि मैले आकाश शरीर देखें । पहिले मैले उनलाई आकाशमा देखिन, किनभने त्यसबेला मेरो आधिभौतकि शरीर थियो । जब म चिदाकाशमा स्थित भएँ तब ती कान्तालाई देखें । म आकाशरूप हुँ, ती सुन्दरी पनि आकाशरूप हुन् र जो जगत्-जाल देखें त्यो पनि आकाशरूप नै थियो ।

रामले पुनः प्रश्न गरे, हे भगवन् ! तपाईं र ती सुन्दरी दुवै जना आकाशरूप हुनुहुन्थ्यो तब बोल-चाल आदि व्यवहार कसरी भयो ? बोल्नको लागि हृदयमा प्राणको प्रेरणा हुनुपर्छ र मुखबाट शब्द निस्कनको लागि कण्ठ, तालु आदि स्थानमा अवघात पनि हुनुपर्छ । दुवै जना निराकार भएपछि बोली (शब्द) कसरी निस्क्यो ? बोलनु रूप, अवलोक र मनस्कारबाट हुन्छ । रूप अर्थात् दृश्य, अवलोक अर्थात् इन्द्रिय र मनस्कार अर्थात् मनको स्फुरण-यी तीन विना कसरी बोलचालको व्यवहार भयो ? यसको उत्तर दिंदै वसिष्ठले भन्नुभो, हे राम ! जस्तो स्वप्नमा रूप, अवलोक, मनस्कार, शब्दपाठ र परस्पर बोलचाल हुन्छन् त्यस्तो हाम्रो पनि देखनु, बोलनु र संवाद भएको थियो । जस्तो स्वप्नमा रूप, अवलोक र मनस्कार आकाशरूप नै हुन् तर पनि प्रत्यक्ष प्रतीत हुन्छन् त्यस्तो हाम्रो पनि देखनु, बोलनु आदि व्यवहार भयो । आकाशमा देखनु, बोलनु आदि

व्यवहार कसरी भयो भन्ने तिम्रो प्रश्न नै ठीक छैन । जस्तो मैले आकाशमा सृष्टि देखें त्यस्तै यो सृष्टि पनि हो । जस्तो आकाशरूप भएता पनि स्वप्नमा शरीर र जगत् हुन्छ त्यस्तै उनको, हाम्रो शरीर छ र जगत् पनि छ ।

आश्चर्य यो छ कि सद्वस्तु भएर पनि भासित हुँदैन र असद् वस्तु नभईकन पनि भासित हुन्छ । स्वप्नमा पृथ्वी, पर्वत, समुद्र आदि वास्तविक होइन तरपनि प्रत्यक्ष हुन्छ र सद्वस्तु वास्तविक भएर पनि अनुभवमा आउँदैन । स्वप्नको होस् वा जाग्रत्को, सारा सृष्टि आकाशरूप हो । जस्तो स्वप्नमा युद्ध भएको देखिन्छ, शब्द सुनिन्छ र आउनु, जानु हुन्छ तर सब आकाशरूप हो, केही भएको छैन त्यस्तै यो जगत् पनि हो ।

हे राम ! स्वप्न केहो र कसरी हुन्छ भन्ने प्रश्न गरौला, त्यसको जवाफ सुन । आदि परमात्मतत्त्वमा स्वप्नमा किन्चन फुऱ्यो त्यो विराट् आत्मा हो, त्यसबाट जति जीव बने ती सब आकाशरूप हुन्, किनभने विराट् आकाशरूप हो र यी सब आकाशरूप हुन् । स्वप्नको दृष्टान्त बोधको निमित्त बताएको हुँ, किनकि स्वप्न भन्ने पनि कुनै भएको कुरा होइन, भएको वस्तु हो केवल आत्मतत्त्व । ब्रह्म आफू आफैंमा स्थित छ ।

हे राम ! जब मैले ती कान्तालाई देखें तब उनीसित प्रश्न गरें, किनकि मेरो र उनको संकल्प एकै थियो । जस्तो स्वप्नमा स्वप्न हुन्छ त्यस्तै हाम्रो पनि बोलचाल आदि व्यवहार भयो । जस्तो स्वप्नको सृष्टि आकाशरूप हुन्छ त्यस्तै तिमी, हामी र सब जगत् आकाशरूप हो, केही भएको छैन । स्वप्नजगत् र जाग्रत्-जगत् एकरूप हो, परन्तु जाग्रत् दीर्घकालको स्वप्न हो, यसमा दृढ व्यवहार, उत्पत्ति र प्रलय हुन्छन् । स्वप्नमा भोग भएको जस्तो देखिन्छ, तर त्यो भ्रान्तिमात्र हो, निर्मल आकाशरूप आत्मादेखि भिन्न केही बनेको छैन । दृश्य र द्रष्टा स्वप्नको झैं नभईकन पनि भास्तछन् । हामी तिमी आदि दृश्यलाई मनोरूप द्रष्टा सत्य मान्छ, तर त्यो दुवै अज्ञानजनित भ्रममात्र हो । जो शुद्ध द्रष्टा छ त्यो दृश्यरहित छ । जस्तो द्रष्टा आकाशरूप हो त्यस्तो दृश्य पनि आकाशरूप नै हो र जस्तो स्वप्नको सृष्टि अनुभवदेखि भिन्न केही होइन, त्यस्तै यो जाग्रत् पनि अनुभवरूप नै हो ।

चिदाकाश, अनन्त आत्मा जगत्को कारण हुन सक्तैन । जस्तो स्वप्नसृष्टि अकारण हो त्यस्तो जाग्रत-जगत्को पनि कारण कोही छैन, किनकि केही भएकै छैन, जो कुछ छ त्यो अनुभवरूप हो । सबै जीव आकाशरूप हुन् र तिनको नाना आकारयुक्त स्वप्नको सृष्टि पनि आकाशरूप नै हो, उसको कुनै आकार छैन । निराकार, अद्वैत आत्मसत्तामा आदिमा जो आभासरूप जगत् फुऱ्यो त्यो आकाशरूप नै हो ।

साकार र निराकार

एक चित् छ र अर्को चेत्य छ । शुद्ध चिन्मात्रतत्त्वलाई चित् र दृश्यको स्फुरणलाई चेत्य भन्दछन् । जुन चित्का साथ दृश्यको संबन्ध छ त्यसको नाम जीव हो । दृश्य साकाररूप हो र दृश्यका साथ संबन्ध राखने जीव साकार जस्तो देखिन्छ तापनि जीव वास्तवमा आकाशरूप हो र निराकार चिन्मात्र हो । जस्तो स्वप्नको जगत् अकृत्रिम हो त्यस्तो यो जगत् पनि वास्तवमा बनेको

छैन । यस जगत्को कोही न निमित्तकारण छ न वा समवायी कारण छ । आत्मा अच्युत र अद्वैत भएको हुनाले दृश्यको कारण हुन सक्तैन । हे राम ! न कोही कर्ता छ, न भोक्ता छ, न कुनै जगत् छ । ज्ञानवान् पाषाणवत् मौन रहनु हुन्छ र परिआएको बेलामा प्रकृत आचारको पालन गर्नुहुन्छ ।

(१८३) विद्याधरी-विशोकवर्णन

रामले सोधे, हे भगवन् ! तपाईंको समीपमा जो आकाशरूप कान्ता आइन्, उनले शरीर विना कसरी क, च, ट, त, प आदि अक्षर बोलिन् ? तपाईं स्वप्नमा झैं भन्नुहोला, स्वप्न पनि त आकाशरूप हो त्यहाँ कसरी य, र ल, व आदि अक्षरको उच्चारण हुन्छ ? वसिष्ठले भन्नुभो, हे राम ! स्वप्नमा जो शरीर हुन्छ त्यो आकाशरूप हो । त्यहाँ क, च, ट, त, प आदि अक्षरको उच्चारण भएको हुँदैन, जस्तो मृतक बोलदैन त्यस्तो आकाशरूप आत्मामा कहिले पनि शब्दको उत्थान हुँदैन । स्वप्नमा य, र, ल, व आदि अक्षरको उच्चारण भएको भए नजिकमा रहनेले सुन्नु पर्ने, तर सुन्दैन, त्यसैले मैले भनेको, त्यो सब आकाशरूप हो, केही भएको छैन । जो भासित हुन्छ त्यो भ्रान्तिमात्र हो र केवल चिन्मात्र आकाशको किञ्चन हो । स्वप्नमा जो जगत् देखिन्छ त्यो चिदाकाशको किञ्चन हो, त्यो चिदाकाश नै हो, उसदेखि भिन्न होइन ।

रामले सोधे, हे भगवन् ! यो जगत् यदि स्वप्न नै हो भने किन जाग्रत् झैं भासित हुन्छ ? जो असत् हो त्यो किन सत्यवत् देखिन्छ ? वसिष्ठले भन्नुभो, हे राम ! मृदुसंवेग, मध्यसंवेग र तीव्रसंवेगको भेदले संवेग तीन प्रकारका हुन्छन् । संकल्पको परिणामलाई संवेग भनेको छ ।

मृदुसंवेग - कुनै मानिस एक ठाउँमा बसेर मनोराज्यबाट कुनै व्यवहारको रचना गर्छ, तब ऊ नटको स्वाँग झैं त्यो संकल्पमात्र हो भनी जान्दछ र आफ्नो स्वरूपलाई सत्य मान्छ - यसको नाम मृदुसंवेग हो, किनकि उसले आफ्नो स्वरूपलाई भुलेको छैन ।

मध्यसंवेग - कुनै मानिस सुतेको छ, स्वप्नको सृष्टि भासित भयो, यौटा आफ्नो शरीर पनि देखियो, त्यसलाई जीवले साँचो ठान्यो र जगत्लाई पनि साँचो ठान्यो । स्वरूपको प्रमादले गर्दा स्वप्नको सृष्टिलाई जीव सत्य मान्दछ र पहिलेको सृष्टिलाई असत्य मान्दछ, यसको नाम मध्यसंवेग हो, किनकि सुतेको मानिस चाँडै नै जागिहाल्छ ।

तीव्रसंवेग - सुतेको छ, स्वप्नजगत् देखिराखेको छ, त्यसबाट जागदै जागदैन, यसको नाम तीव्रसंवेग हो ।

जसको आफ्नो आदि स्वरूपमा प्रमाद भएको छैन उसको लागि यो जगत् मृदुसंवेग हो किनकि त्यो जगत्लाई आफ्नो लीलामात्र (असत्य) जान्दछ । मध्यसंवेगवालाको स्वरूपमा प्रमाद भएर जगत् भासित भए तापनि चाडैनै जाग्दछ र जगत्लाई असत्य भंनी ठान्दछ । तीव्रसंवेगवालाको स्वरूपमा प्रमाद हुन्छ त्यसबाट ऊ जागदै जागदैन र जगत्लाई सत्य मान्दछ किनकि उसको चित्तको वृत्ति (परिणाम) तीव्र भएको छ । त्यसकारण अज्ञानीको लागि यो जगत् स्वप्न-जाग्रत् भएर भास्तछ जस्तो स्वप्नकालमा स्वप्नको सृष्टि सत्य भास्तछ ।

हे राम ! चित्तको स्फुरणको नाम जगत् हो । जब चित्त बहिर्मुख हुन्छ तब जगद्रूपले भास्तछ र स्वरूपको अज्ञान हुन्छ । जब अज्ञान हुन्छ तब जगद्-भ्रम दृढ हुँदै जान्छ - त्यसकारण जगत्को कारण अज्ञान हो । आत्माको अज्ञानबाट जगत् भास्तछ । आत्मज्ञान भए जगद्-भ्रम निवृत्त हुन्छ । आत्मा भन्नु आफू नै हो । त्यसकारण आत्मपदमा स्थित होऊ तब जगद्-भ्रम निवृत्त हुनेछ ।

स्फुरणको बलले आत्मतत्त्वको आश्रयमा नाना सृष्टि भासित हुन्छन् र नाना जीव देखिन्छन् । प्रतिजीवको आ-आफ्नो सृष्टि हुन्छ । एकले अर्कोको सृष्टिलाई जान्दैन, केवल आफ्नो सृष्टिलाई मात्र जान्दछ । जो अन्तवाहक शरीर धारण गरेका योगेश्वर हुन् उनलाई अरूको सृष्टिको पनि ज्ञान हुन्छ ।

वास्तवमा सृष्टि निराकार आकाशरूप हो । डोरीमा सर्प भासे झैं आत्मामा सृष्टि भास्तछ । वास्तवमा केही भएको छैन । आत्मा सर्वदा आफैंमा स्थित छ ।

हे राम ! मैले ती देवीसित प्रश्न गर्दै भनें कि हे देवि ! तिमी कहाँबाट आएकी हौ ? तिम्रो स्थान कहाँ छ, तिमी को हौ र किन यहाँ आएकी छौ ? देवीले भनिन्, हे मुनीश्वर ! ब्रह्मरूपी महाकाशको जो अणुको पनि अणु छ, त्यसको छिद्रको पनि जो छिद्र छ, त्यसमा तपाईं रहनुहुन्छ र तपाईंको जगत् पनि त्यसैमा छ । तपाईंका सृष्टिको जो ब्रह्मा छन् उनको संवेदनरूपी कन्याले यो जगत् रचेको छ । त्यस जगत्को पृथ्वीमा अनेक दून, द्वीप र समुद्र छन् । त्यस पृथ्वीलाई नाघेर गएपछि अर्को एक दशहजार योजन फैलिएको, सूर्य-चन्द्रको प्रकाशलाई पनि लज्जित तुल्याउने महाप्रकाशले चंकिरहेको सुवर्णमय पृथ्वी छ । त्यो भन्दा पर प्रसिद्ध लोकालोक पर्वत छ । त्यहाँ विभिन्न प्रकारका नगर रहेका छन् । तिनमा कहीं ज्ञानीको हृदयमा झैं प्रकाश रहन्छ, कहीं अज्ञानीको हृदयमा झैं अन्धकार रहन्छ । कहीं मूर्खको हृदयमा वेदको अर्थ प्रकट नभए झैं पदार्थ नै पाइंदैनन् । कहीं सूर्यको उदय छ र कहीं छैन । कहीं पशु, पक्षी, कहीं देवता, कहीं दैत्य र कहीं यक्ष, गन्धर्व आदि रहन्छन् । कहीं शास्त्रको चर्चा छ, कहीं छैन । कहीं उन्मत्त विद्याधरीहरू रहेका छन् । त्यस लोकालोक पर्वतको शिखरमा सात योजनपर्यन्त फैलिएको, कमलले सुशोभित एक तलाउ छ, त्यसका वरिपरि कल्पवृक्ष छन् त्यहाँ सब चिन्तामणिका पत्थर छन् । त्यसको उत्तर तर्फ एक महान् सुवर्णशिला छ, जसको शिखरमा ब्रह्मा, विष्णु र रुद्र रहन्छन् । त्यही शिलामा म रहन्छु, मेरा भर्ता र परिवार पनि त्यहीं रहन्छन् ।

हे मुनीश्वर त्यहाँ एक बृद्ध ब्राह्मण रहन्छन् जो अहिलेसम्म जीवित छन् । उनी सदा एकान्तमा बसेर वेदको अध्ययन गर्छन् । उनले विवाहको निमित्त मलाई मनद्वारा रचेका हुन् । अहिले यौवन अवस्था प्राप्त भए र वस्त्र र आभूषणले सुसज्जित महासुन्दरी बनेकी छु । मेरो अनुपम सौन्दर्य देखेर सारा मोहित हुन्छन् । यस्ती मलाई त्यागेर ती बूढा बाहुन एकान्तमा बसेर विरक्तचित्त भईकन वेदको विचारमा मग्न छन्, म भने पतिको वियोगले जलिराखेकी छु । यो नन्दनवन पनि मेरो लागि मरुभूमि झैं दुःखदायक भएको छ । शीतल पुष्पमाला छातीमा लगाउँछु तै पनि मेरो जलन शान्त हुँदैन । तीन लोक नै मेरा पतिको देह हो । उनको चरणमा मेरो सदा प्रीति रहन्छ । म सर्वगुणसम्पन्ना नारी हुँ । म सारा गृहकार्य यथावत् सम्पन्न गर्छु । म पतिव्रता स्त्री हुँ । जसले पतिव्रतालाई ग्रहण गर्छ त्यो पुरुष सुखी हुन्छ । यस्ती मलाई त्यागेर ती ब्राह्मण

एकान्तमा बसेर वेदको अध्ययन र विचार गरिरहन्छन्, उनको कुनै इच्छा छैन । कुपात्रमा परेको धन झैं मेरो जीवन पतिविना निष्फल भएको छ ।

(१८४) विद्याधरी वेगवर्णन

विद्याधरीले भनिन्, हे मुनीश्वर ! भर्ताको वियोगले गर्दा मेरो मनमा पनि वैराग्य उत्पन्न भयो, मलाई यो जगत् नीरस लाग्न थाल्यो । यो संसार असार हो, यसमा स्थिर वस्तु कुनै छैन । मेरा पति स्वयम्भू संसारबाट विरक्त भएर एकान्तमा बसेर वेदको विचार गर्नुहुन्छ, तर उहाँलाई आत्मपद प्राप्त भएको छैन । अहिलेसम्म उहाँको मन स्थिर हुन सकेको छैन । सारा एषणा त्यागेर शास्त्रको विचार गरे तापनि उहाँको आत्मसाक्षात्कार भएको छैन ।

योगधारणाको अभ्यासले म आकाशमार्गमा र सिद्धहरूको स्थानमा पनि आउन जान सक्छु, सिद्ध, देवता र विद्याधरको स्थानमा भ्रमण गर्दा सुनेकी छु कि वसिष्ठ जस्तो ज्ञानी कोही छैन । हे मुनीश्वर सर्वत्र तपाईंको प्रशंसा सुनेकोले धारणाभ्यास द्वारा तपाईंको सृष्टिमा आउन समर्थ भएकी छु । यस्ता धेरै सिद्धि प्राप्त भए तापनि आत्मज्ञान प्राप्त भएको छैन र सम्पूर्ण दु:खको निवृत्ति भएको छैन । अब मलाई निर्वाण प्राप्त गर्ने इच्छा भयो । त्यसैले शिष्यभावले तपाईंको शरणमा आएकी छु । मेरो र मेरा भर्ताको शान्तिको निमित्त आत्मज्ञानको उपदेश गर्नुहोस् । मेरा पति मनलाई स्थिर गर्न यत्न गर्दै हुनुहुन्छ । उहाँलाई पनि यस्तो उपदेश दिनुहोस् कि जसबाट मन शान्त भएर आत्मज्ञान प्राप्त होस् । जस्तो कल्पवृक्षको निकटमा आएपछि सारा इच्छा पूर्ण हुन्छन् त्यस्तो तपाईंको शरणमा आएपछि मेरो कामना अवश्य सफल हुनेछ भनी ठान्दछु । अब कृपा गरेर उपदेश गर्नुहोस् ।

(१८५) शिलामा सृष्टिदर्शन र अभ्यासवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! विद्याधरीको मुखबाट त्यति कुरा सुनेपछि मैले संकल्पद्वारा आकाशमा नै दुइटा आसनको कल्पना गरेर यौटामा आफू बसें र अर्कोमा उनलाई बसालें, किनभने मेरो संकल्प शुद्ध छ, जे चितायो त्यही सिद्ध हुन्छ । अनि मैले भनें, हे देवि ! शिलामा मेरो सृष्टि छ भनेर तपाईं आश्चर्यको कुरा गर्नुहुन्छ । भन्नोस्, शिलामा कसरी सृष्टि बस्तछ ? विद्याधरीले भनिन्, हे भगवन् ! तपाईंको सृष्टिमा जो लोकालोक पर्वत प्रसिद्ध छ, त्यसको उत्तरतिरको शिखरमा एक सुवर्ण-शिला छ, त्यसमा हाम्रो सृष्टि छ । त्यही शिलामा सृष्टि बस्तछ । त्यस सृष्टिका ब्रह्मा मेरा भर्ता हुन् र म उनकी स्त्री हुँ । त्यस सृष्टिको ऊर्ध्व लोकमा देवता, पातालमा दैत्य र नागहरू बस्छन् । मध्यमा मनुष्य, पशु, पक्षी रहन्छन् र त्यहाँ समुद्र, पर्वत, पृथ्वी, जल, तेज, वायु र आकाश छन् । ती सबैले आफ्नो मर्यादा धारण गरेका छन् । समुद्रले गम्भीरता, जीवले प्राणस्पन्दन, विद्याधरले ज्ञान, अग्निले उष्णता, सूर्यले प्रकाश र दैत्यले क्रूरताको पालन गरेका छन् । विष्णु रक्षाको निमित्त अवतार लिनुहुन्छ । जीवहरू जन्मन्छन् र मर्छन्, देवता विमानमा बसेर यात्रा गर्छन् । परमात्माले जो नीति बनाउनुभयो कल्पपर्यन्त त्यो नीति जस्ताको

त्यस्तो रहन्छ । दिनका स्वामी सूर्य र रातका स्वामी चन्द्रमा हुन् । वायुद्वारा नक्षत्रचक्र घुमिरहेको छ । त्यस चक्रका दुई ध्रुव छन्, तिनलाई कालले नियन्त्रण गरेको छ ।

हे मुनीश्वर, त्यस शिलामा मेरो सृष्टिको विलास हेर्न पाल्नुहोस् । त्यसपछि दुवैजना आकाशमार्गबाट त्यहाँ पुग्यौं । उनले शिला देखाएर भनिन्, यसैमा मेरो सम्पूर्ण सृष्टि रहेको छ । आश्चर्य मान्दै मैले भनें, हे देवि ! यहाँ त एक विशाल सुन्दर सुवर्णशिला मात्र देखिन्छ, खोई, तपाईंको सृष्टि ? उनले भनिन्, हे मुनीश्वर ! मैले त यस शिलामा प्रत्यक्षरूपले सृष्टि देखिराखेकी छु । शुद्ध दर्पणमा मुख देखिए झैं यसै शिलामा सृष्टि देखिएको छ र देश, देशान्तर सारा भासित भइराखेको छ । यसको कारण यो हो कि मेरो हृदयमा यसको संस्कार विद्यमान छ । त्यसैले यो सृष्टि मलाई प्रत्यक्ष भासित भइराखेको छ । तपाईंको हृदयमा यसको संस्कार छैन, त्यसैले तपाईं यो सृष्टि देखनुहुन्न । तपाईंको हृदयमा शिलाको निश्चय छ, त्यसैले शिलामात्र देखनुहुन्छ, जगत् देखनुहुन्न ।

हे भगवन् ! जसको अभ्यास हुन्छ त्यो पदार्थ अवश्य प्राप्त हुन्छ र त्यही भासित हुन्छ । गुरुले उपदेश गर्नुहुन्छ, उपदेशले मात्र इष्टप्राप्ति हुँदैन । जब त्यसको अभ्यास हुन्छ तब इष्ट कुरा प्राप्त हुन्छ । कुनै पदार्थ वा कला त्यस्तो छैन जो अभ्यासको प्रबलताले सिद्ध नहोस् । हे मुनीश्वर ! जो कुछ सिद्ध भएको देखिन्छ त्यो अभ्यासबाट नै भएको हुन्छ । पहिले जो म तपाईंका साथ यहाँ आएँ त्यसबेला मैले पनि शिलामा सृष्टि देखिन किनभने तपाईंका साथ द्वैतसंसारको कथाको प्रसंगले गर्दा अन्तवाहक शरीर विस्मृत भएको थियो, परन्तु चिरकाल जुन कुराको अभ्यास भएको थियो त्यो फेरि भासित भइहाल्छ किनकि जसको दृढ अभ्यास हुन्छ त्यसैको जय हुन्छ ।

चिन्मात्रपदमा स्फुरणबाट आदि जीवको शरीर अन्तवाहक थियो, अर्थात् आकाशरूप शरीर थियो । प्रमादवशात् जब त्यसमा दृढ अभ्यास भयो तब आधि भौतिक भएर देखिन लाग्यो । अब फेरि भावनालाई उल्टाएर योगको धारणाले जब अभ्यास हुन्छ तब आधिभौतिकता क्षीण भएर अन्तवाहकता प्रकट हुन्छ र जीव पक्षी झैं आकाशमा गमनागमन गर्न सक्तछ । त्यसकारण बुझ्नु पर्दछ कि अभ्यासले नै सब कुरा सिद्ध हुन्छ । विष पनि अमृतको भावना गर्दा गर्दा अभ्यासले अमृत बन्दछ । मिष्टान्न पनि तीतोको भावनाले तीतो लाग्ने हुन्छ । तीतो पनि मिठोको भावनाले मिठो लाग्ने हुन्छ जस्तै कसैलाई नीम मिठो लाग्छ भने कसैलाई मिष्टान्न मिठो लाग्छ । पापको अभ्यासले पुण्य नष्ट हुन्छ र पुण्यको अभ्यासले पाप नष्ट हुन्छ । अज्ञानरूपी विसूचिका रोग ब्रह्मचर्चाको अभ्यासबाट नष्ट हुन्छ । अभ्यासरूपी सूर्यको प्रकाशले जीव आफ्नो इष्टपदार्थ प्राप्त गर्छ, बारम्बार चिन्तन गर्नुलाई अभ्यास भनेको छ । अभ्यासको बलले नै मानिस वन, कन्दरा र पर्वतमा पनि निर्भयता साथ भ्रमण गर्दछ ।

(१८६) जगत् असत्य हो र आत्मा प्रत्यक्ष छ

विद्याधरीले भनिन्, हे मुनीश्वर ! सारा पदार्थ निरन्तर अभ्यास गर्नाले सिद्ध हुन्छन् । तपाईंको शिलामा दृढ निश्चय भएकोले शिलामात्र देखिन्छ तर म त शिलामा सृष्टि देखछु । जब तपाईंको

संकल्प मेरो संकल्पसित मिल्ला तब तपाईंको पनि शिलामा जगत् भासित होला । यो जगत् मेरो अन्तवाहकरूपमा स्थित छ । आदि शरीर सबैको अन्तवाहक नै हुन्छ । अत: अन्तवाहकमा सबको एकता छ जस्तो समुद्रमा तरङ्गको एकता हुन्छ ।

हे मुनीश्वर ! जब तपाईं पनि धारणाभ्यासद्वारा बुद्धिलाई शुद्ध गर्नुहुनेछ तब मैले झैं शिलामा सृष्टि देखनुहुनेछ । वसिष्ठले भन्नुभो, हे राम ! यति भनेर तिनले मलाई केही युक्ति पनि बताइन् । अनि पद्मासन बाँधेर सारा विषयको त्याग गरेर बसें र कथाप्रसङ्गको पनि वास्ता नराखीकन क्षोभरहित भएर आधि˜भौतिक शरीरलाई पनि त्यागेर निरन्तर शुद्ध बोधको अभ्यासमा लागें । अभ्यास गर्दा गर्दा शुद्ध बोधको अनुभवको उदय भयो । मेघको अभावमा शरत्कालको आकाश निर्मल भए झैं कलनारहित ममा उदयास्तरहित परम शान्तरूप शुद्ध बोधको अनुभवको उदय भयो । जब म अनुभवस्वरूपमा स्थित भएँ तब त्यो शिला आकाशरूप देखियो अर्थात् बोधमात्र दृष्टिगोचर भयो । त्यसबेला पृथ्वी आदि तत्त्व केही पनि देखिएन, केवल अद्वैत आकाशरूप आत्मतत्त्वमात्र दृष्टिगोचर भयो । जब त्यो बोधमात्र स्वरूपबाट अन्तवाहकरूप भएर स्पन्दन फुर्‍यो तब त्यस शिलामा सृष्टि भासित हुन लाग्यो । जस्तो मनोराज्यको सृष्टि बोध देखि भिन्न हुँदैन त्यस्तो त्यो सृष्टि पनि बोधरूप नै थियो । जस्तो स्वप्नको गृहमा शिला देखियो भने अनुभवस्वरूप नै शिला र गृहरूप भएर भासित हुन्छ, अनुभवदेखि भिन्न केही हुँदैन, त्यस्तै त्यो शिला अनुभवरूप नै देखियो ।

वसिष्ठले भन्नुभो, हे राम ! जस्तो मैले त्यो शिलालाई आकाशरूप देखें त्यस्तो सब जगत् चिदाकाशरूप हो, कुनै द्वैत बनेको छैन । सर्वदा आत्मसत्ता आफू आफैमा स्थित छ । आत्माको अज्ञानबाट द्वैत भासित हुन्छ - जस्तो कुनै मानिस स्वप्नमा आफ्नो शिर काटिएको देख्छ र रुन्छ पनि, तर जागेपछि आफूलाई जस्ताको त्यस्तो पाउँछ त्यस्तै जहाँसम्म जीव अज्ञाननिद्रामा सुतिरहन्छ त्यहाँसम्म जगद्-भ्रम मेटिंदैन । जब स्वरूपमा जागेर हेर्छ तब सब भ्रम मेटिन्छ र केवल आफ्नो स्वरूप भासित हुन्छ ।

हे राम ! आश्चर्य छ कि जो सद्वस्तु हो त्यो असत् झैं हुन्छ । आत्मा सदा सद्रूप हो तर अज्ञानले गर्दा भासित हुँदैन र जो असद्रूप जगत् हो त्यो सत्य जस्तो भएर भासित हुन्छ । शरीर आदि दृश्य असद्रूप भएर पनि सत्य झैं भासित हुन्छ ।

आत्मा सदा प्रत्यक्ष छ र शरीर आदि परोक्ष छ, तर अज्ञानले शरीरादि प्रत्यक्ष जस्तो र आत्मपद परोक्ष जस्तो लाग्छ । आत्मा सदा प्रत्यक्ष छ । आत्मसत्ताबाट नै यो लोक र परलोकको क्रिया सिद्ध हुन्छ । प्रत्यक्ष प्रमाण पनि आत्मसत्ताबाट नै भासित हुन्छ - आत्मा नै हो आदिप्रत्यक्ष । पछि आत्माद्वारा अरू कुरा जानिन्छन् । आत्मा योग र मनद्वारा प्रत्यक्ष हुन्छ भनी जो भन्दछन् ती मूर्ख हुन्, आत्मा सदा प्रत्यक्ष छ र प्रत्यक्ष आदि प्रमाण पनि आत्माद्वारा नै सिद्ध हुन्छन् । सदा अपरोक्ष आत्मालाई परोक्ष मान्नु र शरीर आदि असत्य दृश्यलाई सत्य मान्नु -यो नै माया हो ।

हे राम ! जति जीव छन् तिनको वास्तव स्वरूप ब्रह्म नै हो । उसमा आदि स्फुरण अन्तवाहकरूप थियो, पछि आधिभौतिक भएर भास्न थाल्यो । मानिसहरू भ्रमले आधि भौतिकलाई

आफ्नो रूप ठान्दछन्, तर जो सदा निर्विकार, निराकार, निर्गुण आफ्नो रूप अनुभव हो त्यसलाई कोही पनि जान्दैन । सबै जीवको आदि शरीर अन्तवाहकरूप हो, त्यो शुद्ध आत्माको किन्चन केवल आकाशरूप हो । अरू कुरा केही बनेको छैन । संकल्पले आधि भौतिकता दृढ भएर मिथ्या भ्रान्तिले भासित हुन्छ । जस्तो स्वप्नमा आधि भौतिक शरीर भासित हुन्छ त्यस्तै जाग्रत्मा पनि आधिभौतिक शरीर भास्तछ । अन्तवाहक अविनाशी हो र यस लोक र परलोकमा यसको नाश हुँदैन । वास्तवमा बोधस्वरूपदेखि भिन्न केही छैन, भ्रमले आधि भौतिक देखिन्छ ।

हे राम ! सब जगत् परोक्ष हो किनकि इन्द्रियद्वारा त्यो प्रत्यक्ष हुन्छ । आत्मा सदा प्रत्यक्ष छ । आत्मा कसैको अपेक्षाले देखिने वस्तु होइन । जो इन्द्रियद्वारा सिद्ध हुन्छ त्यो असत् हुन्छ । जगत् र त्यसका अन्त:पाती सबै पदार्थ असत् हुन् । त्यसकारण यस जगत्को सत्यतालाई छोडेर शुद्ध बोधमा स्थित होऊ ।

(१८७) शिलान्तरवसिष्ठ-ब्रह्मसंवाद

वसिष्ठले भन्नुभयो, हे राम ! जब मैले त्यस शिलालाई बोधदृष्टिले हेर्थें तब त्यो शिला ब्रह्मरूप नै भएर भास्तथ्यो र जब संकल्पदृष्टिले हेर्थें तब पृथिवी, द्वीप, समुद्र, पर्वत, दिक्पाल, सूर्य, चन्द्र, तारागण, स्वर्ग र पातालसहित जगत् देखिन्थ्यो । जस्तो दर्पणमा प्रतिबिम्ब देखिन्छ त्यस्तै आत्मारूपी आदर्शमा जगत् देखिन्छ ।

जब ती देवी शिलामा प्रवेश गरिन् तब मैले पनि संकल्पशरीरले उनका साथ प्रस्थान गरें । हामी दुबैजना धेरै स्थान र व्यवहार नाघेर परमेष्ठी ब्रह्माजी रहेको ठाउँमा पुग्यौं । देवीले भनिन्, हे मुनीश्वर ! तपाईंले ब्रह्माजीसित प्रश्न गर्नुहोस् कि तपाईंले विवाहको निमित्त उत्पन्न गरेकी ती देवीलाई किन त्यागनु भयो । उनले विवाहको निमित्त मलाई पैदा गरेका हुन् । जब मेरो उमेर विवाहयोग्य भयो तब उनले मलाई त्यागेर वैराग्य लिए । त्यो देखेर मलाई पनि वैराग्य आयो । मैले परम पद प्राप्त गर्ने इच्छा राखेकी छु, जहाँ न द्रष्टा छ, न दृश्य छ, न शून्य नै छ, त्यो केवल शान्तरूप छ, जो सर्गको आदिमा र महाकल्पान्तमा पनि रहन्छ त्यसमा स्थित हुने इच्छा छ, जसमा स्थित भएपछि पर्वतको झैं निश्चल समाधि हुन्छ - यस्तो परम पदको उपदेश गर्नुहोस् । यति भनेर पतिलाई जगाउन समीपमा गएर ती देवीले भनिन्, हे नाथ ! जागनुहोस्, तपाईंको घरमा अर्को सृष्टिका ब्रह्माका पुत्र वसिष्ठ मुनिले पदार्पण गर्नु भएको छ । उठेर अर्घ्य, पाद्य आदि सामग्रीले उहाँको पूजा गर्नुहोस् । महापुरुषहरू पूजाले नै प्रसन्न हुन्छन् ।

ब्रह्माजी समाधिबाट जागनु भयो । क्रमश: नाडीहरूमा प्राणसञ्चार भयो । मुखबाट ओम्कारकोदीर्घ ध्वनि घन्कियो । ऋषि, मुनि र गन्धर्वहरू आएर उनको स्तुति गर्न लागे । ब्रह्माजी उच्च सिंहासनमा विराजमान हुनु भयो र आँखाद्वारा हामीलाई पनि आसनमा बस्ने इशारा गर्नु भयो । देवता, गन्धर्वहरू प्रणाम गरेर आ-आफ्ना स्थान तिर लागे । एकान्त परिवेषमा मैले भनें, हे त्रिकालज्ञ ब्रह्मन् ! तपाईं साक्षात् ब्रह्मज्ञानको समुद्र हुनुहुन्छ । यी देवी तपाईंकी शक्तिरुपिणी हुन् । यिनलाई भार्या बनाउने उद्देश्यले उत्पन्न गर्नुभएको थियो, तर यिनलाई विरस

जानेर त्यागिदिनु भयो । तपाईंको वैराग्यले गर्दा यिनमा पनि वैराग्यको अंकुर पलाएर आयो । त्यसैले यिनले मलाई यहाँ ल्याएर भनिन् कि तपाईं वाणीद्वारा परमात्मतत्त्वको उपदेश गर्नुहोस् । यसको अभिप्राय के हो ? स्पष्ट गरिपाऊँ ।

ब्रह्माजीले भन्नुभो, हे मुनीश्वर ! म शान्त, अजर अमररूप हुँ, मेरो उदय, अस्त कहिले पनि छैन । म परम आकाशरूप हुँ र आफू आफैंमा स्थित छु । न मेरो कुनै स्त्री छ, न मैले कसैलाई उत्पन्न गरेको छु, तथापि जो वृत्तान्त हो त्यो बताउँछु, किनकि महापुरुषको सामने जस्ताको त्यस्तो भन्नुपर्छ ।

हे मुनीश्वर ! आदि शुद्ध चिदात्मा चिन्मात्रपदमा किञ्चनरूप जो अहं फुऱ्यो त्यसको नाम आदि ब्रह्मा हो, म त्यही ब्रह्मा हुँ - संकल्परूप हुँ, वास्तवमा सदा निरावरण आकाशरूप हुँ । मेरो आफ्नो स्वरूपमा अहंप्रतीति रहन्छ । त्यसमा जो आदि संकल्प पुऱ्यो, त्यसैले जगद्भ्रमको रचना गऱ्यो । यो भ्रमरूप जगत्मा पनि आ-आफ्नो मर्यादा सबैमा छ । संकल्पको अधिष्ठात्री जो ब्रह्मशक्ति छ त्यो पनि शुद्ध नै छ । त्यो मर्यादायुक्त युगको सहस्र चौघडी बितेको छ । अहिले कलियुग छ । अब कल्प र महाकल्पको मर्यादा पुरा भयो । अत: परम चिदाकाशमा स्थित हुने मेरो इच्छा भयो, त्यसैले यिनलाई नीरस जानेर त्याग गरेको हुँ । यिनलाई त्यागेर निर्वाणपदमा प्राप्त हुनेछु, किनकि यिनी मेरो इच्छा (वासना) रूप हुन् । चित्कलामा धारणा भ्यास गरेर यिनले अन्तवाहक शक्ति प्राप्त गरेकी छन् । अन्तवाहक शक्तिले यिनी आकाशमा उत्पन्न भएकी हुन् । अहिले यिनी संसारबाट विरक्त भएकी छन् । परम पद प्राप्त गर्ने इच्छाले आकाशमार्गबाट तपाईंको सृष्टि हेर्न पुगिन् । तपाईंका साथ संगत भयो, तपाईंको शरणमा पुगेकी छन् । त्यसैले तपाईंलाई लिएर यहाँ आइन् । आत्मकल्याणको लागि तपाईंलाई लिएर यहाँ आएकी हुन् ।

हे मुनीश्वर ! यी मेरी मूर्तरूप वासनाशक्ति हुन् । पहिले मैले यिनलाई उत्पन्न गरेर जगत्-जालको रचना गरेको थिएँ, अहिले निर्विकल्प निर्वाणपदको इच्छा भएकोले मैले यिनलाई त्याग गरिदिएँ । अब यिनको मनमा पनि वैराग्यको उदय भयो, त्यसैले बोधरूप तपाईंको शरणमा आएकी हुन् ।

हे मुनीश्वर ! यो जगद्-विलास संकल्पबाट उत्पन्न भएको हो, वास्तवमा केही भएको छैन, परमात्मतत्त्व जस्तो हो त्यस्तो आफू आफैंमा स्थित छ । जस्तो समुद्रमा तरङ्ग उत्पन्न हुन्छ, शब्द गर्छ, फेरि लीन भइहाल्छ, तपाईं हामीको बोलचाल र भेटघाट पनि त्यस्तै हो । वास्तवमा न कोही उत्पन्न हुन्छ न कोही लीन हुन्छ, जस्तो तरङ्ग जलरूप हो त्यस्तै सब जगत् ब्रह्मरूप हो । इन्द्रिय, मन, बुद्धि सब त्यही नै हो ।

हे मुनीश्वर ! म चिदाकाश हुँ र चिदाकाशमा नै स्थित छु । यो ब्रह्मशक्ति हो जसबाट जगत्को रचना भएको छ । जगत् ब्रह्मरूप नै हो, यसको उत्पत्ति, नाश केही छैन । आत्माको किञ्चन जगत् भएर भासित हुन्छ, जस्तो सूर्यको किरण जल भएर भासित हुन्छ, तर जल उत्पन्न भएको छैन त्यस्तै सब आत्मा नै हो, विश्व भएको छैन । आत्मा नै जगत्-जाल भएर देखिन्छ, किन्तु जगत्को उदय र अस्तले आत्मामा कुनै क्षोभ हुँदैन, आत्मा सदा एकरसरूपले स्थित छ ।

जगत् उत्पन्न भएको छैन, संकल्पले उत्पन्न भएजस्तो देखिन्छ । जस्तो दृढताले जल असिना बन्छ त्यस्तो चिन्मात्रमा चैतन्यले जगत् पिण्डाकार भासित हुन्छ, वास्तवमा केही उत्पन्न भएको छैन ।

हे मुनिवर ! यो जो शिला छ, जसमा हाम्रो सृष्टि छ त्यो केवल चिद्घनरूप हो । चिदाकाश आत्मा नै शिला भएर भासित हुन्छ । जस्तो स्वप्नमा सृष्टि जाग्रद्‌रूप देखिन्छ तर त्यो बोधरूप हो - बोध नै जगत् जस्तो भएर भासित हुन्छ त्यस्तै बोध नै यो जगत् र शिलारूप भएर भासित हुन्छ । जस्तो स्वप्नमा ग्रहचक्र घुमिरहेको देखिन्छ त्यस्तै जाग्रत्‌मा सूर्य, चन्द्र, नदी, पर्वत, वरुण, कुबेर आदि जगत् भ्रमले दृष्टिगोचर हुन्छ, त्यो केही पनि बनेको छैन - चैतन्यको किञ्चन जगद्‌रूपले भासित हुन्छ । जस्तो जहाँ सूर्यको किरण छ त्यहाँ किरणको किञ्चन जलाभास हुन्छ त्यस्तै जहाँ आत्मसत्ता छ त्यहाँ आत्माको किञ्चन जगत् देखिन्छ । आत्मसत्ताबाट नै सारा पदार्थ भासित हुन्छन् । शिलामा जो हाम्रो सृष्टि छ त्यो परिच्छिन्न दृष्टिले देखिँदैन । जब अन्तवाहक दृष्टिले हेर्नुहुन्छ तब प्रतीत हुन्छ । घट, पट, पृथ्वी, जल आदि सबै ठाउँमा सृष्टि छ, तर बनेको केही छैन । जस्तो जहाँ समुद्र छ त्यहाँ तरङ्ग पनि हुन्छन्, परन्तु समुद्रदेखि भिन्न तरङ्ग छैन त्यस्तै यो जगत् उत्पन्न भएको छैन र लीन पनि हुँदैन, आत्मसमुद्र जस्ताको त्यस्तो आफैंमा स्थित छ ।

जगत् संकल्पले फुर्दछ र संकल्पनै अहंरूपी किञ्चनमात्र भएर उदित हुन्छ । जस्तो कमलको सुगन्ध लिएर पराग निस्कन्छन् त्यस्तै भूलले यी विद्याधरी देवी जगद्‌रूपी सुगन्ध लिएर उत्पन्न भएकी छन्, तर वास्तवमा जगत् बनेको छैन, संकल्पले बनेको जस्तो भान हुन्छ । वास्तवमा न कुनै संकल्प छ, न प्रलय छ, ब्रह्म जस्तो हो त्यस्तै आफ्नो स्वभावमा स्थित छ । जस्तो आकाश आकाशमा र समुद्र समुद्रमा स्थित छ त्यस्तै ब्रह्म ब्रह्ममा स्थित छ । म त्यस ब्रह्मको किञ्चन ब्रह्मा हुँ र यो जगत् मेरो संकल्पबाट उत्पन्न भएको छ । अब म संकल्पको निर्वाण गर्छु । जब संकल्पको निर्वाण हुनेछ तब कमलको नाश भएपछि सुगन्धको अभाव भए झैं जगत्‌को अभाव हुनेछ । जब इच्छाको निर्वाण हुन्छ तब जगत्‌को पनि स्वाभाविक अभाव भइहाल्छ । हे मुनिवर ! तपाईंको शरीर संकल्पले भासित भएको छ, त्यसकारण तपाईं आफ्ना सृष्टिमा गइहाल्नोस् । नत्र भने तपाईंको शरीर पनि यहीं निर्वाण भइहाल्ला । हे राम ! मसित यति भनेर ती ब्रह्माले विद्याधरीलाई भने, हे देवि ! अब तिमी निर्वाण होऊ र बोध आदिलाई पनि आफैंमा लीन गर ।

(१८८) कल्पान्तवर्णन

वसिष्ठले भन्नुभयो, हे राम ! मसित त्यति कुरा गरेपछि ब्रह्माजी सबै जनाका साथ ओंकारको अ, ऊ, मलाई छोडेर अर्धमात्रा स्वरूपमा स्थित हुनु भयो । उनको मूर्ति चित्रलिखित मूर्ति झैं निश्चल देखियो । उनमा जगत्-जालको ज्ञान हरायो । विद्याधरी पनि पद्मासन कसेर ब्रह्माजीको निश्चयमा लीन हुन तयार भइन् । जब ब्रह्माजी निर्वेदनरूप ब्रह्ममा लीन हुन लागे त्यसवेला संसारमा नानाविध उपद्रव मच्चिन थाल्यो । प्रजामा मर्यादा र धर्मको नियम रहेन । मुनष्य पापाचरणमा प्रवृत्त भए । स्त्रीहरू व्यभिचारिणी हुन थाले । पुरुष परनारीमा आसक्त हुन लागे । त्यस्ता दुर्व्यवहार हुँदा पनि कसैले पनि शंका नगर्ने भयो । काम, क्रोध, लोभ, मोह, राग, द्वेष बढदै गए । धर्मात्माले दुःख पाउन थाले, जताततै चोरी बढ्यो । राजाहरू मद्यपान गर्न लागे । न्याय

हरायो । पृथिवी पनि ब्रह्माको संकल्पमा थिइन् । जब ब्रह्माले संकल्प खिचे तब पृथिवी निर्जीव सत्ताहीन भइन् । सूर्य, चन्द्र र तारागणमा पनि क्षोभ भयो । ताराहरू समुद्रमा खस्न लागे । समुद्र एकाम्य भयो । पर्वतहरू जलमा नाचन थाले । लोकपालहरू समुद्रको गह्वरमा गिरेर माछाको मुखभित्र पस्न थाले । समुद्रका तरङ्गहरूको टकरावले गर्दा मत्तहात्ती पनि कराउन थाले ।

(१८९) परममौनोपदेश

वसिष्ठले भन्नुभयो, हे राम ! सम्पूर्ण जगत् विराट् ब्रह्माको देह हो । कल्पान्तमा ब्रह्माजीले जब प्राण खिचे तब नक्षत्रचक्रका प्रवर्तक वायुमा क्षोभ पैदा भयो । पवनको आधारमा रहेका तेजोमय देवता निराधार भएर समुद्रमा गिरे । देवताको निवास सुमेरु पर्वत पनि समुद्रमा गिऱ्यो ।

रामले सोधे, ब्रह्मा संकल्परूप हुन् भने यो भूमण्डल उनको अङ्ग कसरी भयो ? यो त पिण्डाकार देखिन्छ । वसिष्ठले भन्नुभो, हे राम ! जगत्को उत्पत्तिको पहिले केवल चिन्मात्र थियो, उसमा सत्य, असत्य केही थिएन, केवल आत्मा आफैंमा स्थित थियो । त्यो केवल चिन्मात्रको किञ्चन अहं बन्यो र दृश्यका साथ संबन्ध भयो । त्यो अनुभवस्वरूपमा जो निश्चय भयो त्यसको नाम बुद्धि र मननको नाम मन भयो । मनको स्फुरणबाट जगद्रूप दृश्य खडा भयो । शुद्ध चिन्मात्रमा जो चेत्य छ त्यो नै आदि ब्रह्मा हुन् । उनको स्फुरणबाट जगत् बन्यो । उनी संकल्परूप जगत्का विराट् हुन्, तर आकाशरूप हुन्, केही बनेको छैन । यो जो आकारसहित जगत् देखिन्छ त्यो भ्रमले देखिएको हो । स्वप्नमा जगत् देखिन्छ तर त्यो हो आकाशरूप; परन्तु निद्रादोषले पिण्डाकार भासित हुन्छ । वास्तवमा आत्मसत्ता जस्ताको त्यस्तो आफैंमा स्थित छ । जति पनि जगत् भासेको छ त्यो सब चिदाकाश हो । आत्मामा एक, दुई भन्ने कलना छैन । यो जगत् आत्माको किञ्चन हो । जस्तो सूर्यको किरणमा जलाभास हुन्छ त्यस्तै आत्माको आभास (किञ्चन) जगत् हो । संकल्पको दृढताले यो दृश्य देखिन्छ । जस्तो गन्धर्वनगर र स्वप्ननगर संकल्परूप हुन्छ त्यस्तै यो जगत् पनि संकल्परूप हो ।

हे राम ! मैले यो जो जगत्को वर्णन गरें त्यसलाई धारण गर्नाले जगत्संबन्धी वासना नष्ट हुन्छ र आत्मा यथार्थरूपमा प्रकाशित हुन्छ । आदिमा जो आत्मतत्त्वमात्र थियो, त्यो कसैको समवायी कारण र निमित्तकारण हुन सक्तैन । आत्मामा जगत्को उदय अस्त केही छैन र अद्वैत, अनन्त भन्नु पनि ठीक होइन । जब सब शब्दको अभाव हुन्छ तब परम चिदाकाश अनुभवसत्ता नै शेष रहन्छ । हे राम ! मेरो त अहिले पनि संवित्सत्ता नै भासित हुन्छ । म शुद्ध हुँ सकलकल्पनारहित चिदाकाशरूप हुँ । वसिष्ठ भन्ने जो अहं फुरेको छ, त्यो फुरेको छैन, फुरेको जस्तो लागेकोमात्र हो, त्यो आत्माको किञ्चन हो, केही भएको छैन । यसरी तिमी आफ्नो स्वरूपमा जाग र निर्वासनिक होऊ, अनि प्रकृत आचार गर वा नगर, जो इच्छा छ सो गर, तर गर्नु र नगर्नुको संकल्प नलेऊ र परम मौनमा स्थित रहू ।

(१९०) विराट् हो अद्वैत आत्मसत्ता नै

रामले भने, हे गुरुवर ! आत्मामा जगत्को उदय-अस्त छैन, आत्मा आफैमा जस्ताको त्यस्तो स्थित छ भन्ने कुरा हजूरको उपदेशबाट अवगत भयो । हजूरको वचनामृतको पान गरेर तृप्ति भएको छैन । अब आज्ञा होस् कि संसारभ्रम कसरी उत्पन्न हुन्छ र त्यसको अनुभव कसरी हुन्छ ? वसिष्ठले भन्नुभो, हे राम ! देश, कालसहित जो स्थावर-जङ्गम जगत् देखिन्छ त्यसको नाशको नाम हो महाप्रलय । त्यसमा ब्रह्मा, विष्णु, रुद्र, इन्द्र सबै लीन हुन्छन् र जो शेष रहन्छ त्यो स्वच्छ, अज, अनादि केवल आत्मतत्त्वमात्र हो, त्यसमा वाणीको गति छैन । त्यो आफैंमा स्थित परम सूक्ष्म वस्तु हो जसको अपेक्षाले आकाश पनि स्थूल हुन्छ । जस्तो सुमेरुपर्वतको अगाडि रायोको दाना सूक्ष्म छ त्यस्तो आत्मा आकाश भन्दा पनि सूक्ष्म छ र सम्वेदनरहित चिन्मात्र छ । उसमा अहंरूप किञ्चन फुरेको छ तापनि आत्मा समुद्र झैं देश-कालको भ्रमले रहित केवल चैतन्यघन छ र आफैंमा स्थित छ । जस्तो स्वप्नमा आफ्नो भावलाई लिएर जीव स्थित हुन्छ त्यस्तै चेतन आत्मा आफ्नो भावलाई लिएर किञ्चन हुन्छ, त्यसैको नाम ब्रह्मा हो, त्यो पनि चिद्रूप हो । आफ्नो भावलाई लिएर जो चिद् अणुको उदय भयो उसले चेत्यनामको दृश्य देख्यो र त्यसको मिथ्या अनुभव भयो । स्वप्नमा आफ्नो. मरण देखनु झैं चिद् अणुले दृश्य देखनु मिथ्या दृष्टि हो । चिद्-अणुले दृश्य देखनु आफ्नै स्वरूपलाई देखनु हो, त्यो केवल निराकाररूप छ, तर अहंरूप बीज दृढ भएपछि संकल्पद्वारा दृश्य देखछ ।

जस्तो बीजबाट अंकुर निक्लन्छ त्यस्तै संकल्पको स्फुरणले देश, काल, द्रव्य, द्रष्टा, दर्शन र दृश्य हुन्छ । वास्तवमा केही भएको छैन । आत्मा सदा आफ्नो स्वभावमा स्थित छ, परन्तु संकल्पको उदयले गर्दा भएको जस्तो भासित हुन्छ । चिद्-अणु जहाँ भासित हुन्छ त्यसको नाम देश हो, जुन समयमा भासित हुन्छ त्यो काल हो र जो भान हो त्यो क्रिया हो । भानको ग्रहण द्रव्य हो र देख्नको लागि जो वृत्ति दौडन्छ त्यो नेत्र हो । स्पन्दनरूप जो वृत्ति फुर्छ त्यसको नाम मन हो र निश्चयात्मक वृत्तिको नाम बुद्धि हो । चिद्-अणुमा निश्चय भयो कि म द्रष्टा हुँ - यो नै अहंकार हो । जब सुन्ने वृत्ति फुर्छ त्यसलाई श्रोत्र भन्दछन् । म यहाँ बसेर यो काम गरिरहेको छु - यस्तो अहंकार बनेर जो देश, काल, द्रव्य आदिको ग्रहण हुन्छ त्यो मिथ्या अनुभव हो वास्तवमा केही भएको छैन, केवल आकाश आकाशलाई ग्रहणगर्छ ।

आदि स्फुरणबाट चिद्-अणुमा पहिले अन्तवाहक शरीर बन्यो, अनि संकल्पको दृढ अभ्यासले आधिभौतिक भएर भास्यो । यो विस्तीर्ण विराट् जगत् केवल चिद् अणुमा स्थित छ जसको आदि, मध्य र अन्त छैन त्यो चामलको दाना जति पनि छैन । विचाररूपी तराजूमा तौलेर हेर्ने हो भने यसमा कुनै सत्यता पाइंदैन । वास्तवमा आत्मसत्तादेखि भिन्न केही छैन, आत्मसत्ता नै यसप्रकार भासित हुन्छ । यसैको नाम स्वायम्भुव मनु हो र विराट् हो, यसैलाई जगत् भन्छन् । जगत् र विराट्मा भेद छैन, वास्तवमा सब आकाशरूप हो । जस्तो स्वप्नमा आफूलाई नै पर्वतरूपले देख्तछ त्यस्तै आत्मा आफूलाई नै विराट्रूप देख्छ । जस्तो वायुको दुई रूप हुन्छ - चलनु र नचल्नु । चले पनि वायु नै हो र नचले पनि वायु नै हो त्यस्तै जब चित्त फुर्छ तब पनि ब्रह्मसत्ता

जस्ताको त्यस्तो छ र जब चित्त फुर्दैन तब पनि ब्रह्मसत्ता जस्तो हो त्यस्तै छ, परन्तु जब स्पन्दन फुर्छ तब ब्रह्म नै विराट्रूप भएर स्थित हुन्छ र जब चित्तको स्फुरण हुँदैन तब अद्वैतसत्ता भासित हुन्छ । अत: अद्वैत आत्मसत्ता नै विराट् हो ।

(१९१) विराट्-शरीर वर्णन

वसिष्ठले भन्नुभो, हे राम ! आदि विराट् ब्रह्मा हुन् । उनको आदि र अन्त छैन । यो सम्पूर्ण जगत् उनको सानो शरीर हो । चैतन्यस्वरूपको किञ्चन ब्रह्मा हुन् । उनको विस्तारक्रम सुन । ब्रह्माको शरीर संकल्पमात्र हो । उनले संकल्पद्वारा एक अण्डको रचना गरे, त्यसको ऊर्ध्व भाग माथि र अधो भाग तलतिर गयो । तलको भाग पाताल उनको चरण र ऊर्ध्व भाग शिर बन्यो । मध्यभाग पेट, दश दिशा बक्ष:स्थल, सुमेरु आदि पर्वत हात, पृथ्वी मासु, समुद्र तथा नदी नाडी, जल रगत, पवन प्राण-अपान, हिमालय पर्वत कफ, तेज पित्त, चन्द्र-सूर्य दुई नेत्र र तारागण त्याल भयो । प्राणको बलले त्याल निक्ले झैं वायु त्यस ताराचक्रलाई घुमाउँछ । ऊर्ध्वलोक शिला हो र मुनष्य, पशु, पक्षी रोम हुन् । भूतको चेष्टा उसको व्यवहार हो । पर्वत उसका अस्थि (हाड) र ब्रह्मलोक उसको मुख हो - यस प्रकार सब जगत् त्यस विराट् पुरुषको शरीर हो ।

रामले प्रश्न गरेकि सबै ब्रह्माको अङ्ग भए ब्रह्मलोकमा ब्रह्माजी कसरी बस्नुहुन्छ होला, किनकि बसने ठाउँ त बसनेवालादेखि अलग नै हुनुपर्छ । यसको उत्तरमा वसिष्ठले भन्नुभो, हे राम ! आफ्नो मूर्तिलाई हृदयमा राखेर ध्यानदृष्टिले हेर, सब कुछ संभव हुन्छ । जीव पनि त स्वप्नसृष्टिको विराट् नै हो, त्यहाँ पनि आफू एक ठाउँमा बसेको देखिन्छ तर प्रमादले गर्दा जीव आफूलाई विराट् भन्न सक्तैन । जीव र ब्रह्मामा यही भेद छ कि जीव प्रमादी भएकोले आफूलाई विराट्रूपमा ग्रहण गर्न सक्तैन र ब्रह्मा अप्रमादी भएकोले सब जगत् उनको आफ्नै शरीररूपले भास्तछ ।

हे राम ! देवता, सिद्ध, ऋषीश्वर र विद्याधर त्यस विराट्कोग्रीवामा स्थित छन् । भूत, प्रेत, पिशाच उसका मनझैं उत्पन्न भएर पेटमा कीरा झैं बस्छन् । संकल्पले रचेको स्थावर-जंगम सबै त्यस विराट्का अङ्ग हुन् । जगत्, ब्रह्मा, विराट् यी तीन पर्याय हुन् । साकार, निराकार सम्पूर्ण जगत् विराट्को शरीर हो । यसरी जगत् उत्पन्न भए तापनि केही उत्पन्न भएको छैन । संकल्पले उत्पन्न भए झैं भासित हुन्छ । जस्तो सूर्यको किरणमा जल छैन तर जल भएजस्तो देखिन्छ त्यस्तै ब्रह्मसत्तामा जगत् उत्पन्न भए जस्तो लाग्छ, तर उत्पन्न भएको छैन । तिम्रो स्वरूप चेत्यरहित चिन्मात्र हो । त्यसकारण कलना त्यागेर आफ्नो स्वभावमा स्थित होऊ ।

(१९२) प्रलयवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! पहिले प्रलयको कुरा सुन । म ब्रह्मपुरीमा ब्रह्माजीको समीपमा बसेको थिएँ । जब आँखा खुल्यो, तब देखियो कि मध्यान्हको समय छ, पश्चिम दिशाबाट अर्का प्रचण्ड सूर्य उदाए । यसै गरी अरू दिशाबाट पनि सूर्य उदाए र बाह्र सूर्य एकत्ता भए । उता समुद्रबाट जाज्वल्यमान वडवाग्नि निस्क्यो । ताप यति बढ्यो कि सारा भस्म हुन थाले । सूर्य,

वडवाग्नि र बिजुली -प्रलयका यी तीन नेत्र हुन् । यी तीन नेत्रबाट दशै दिशा जल्न लागे । कटकटाहट शब्द निस्क्यो । त्यहाँबाट अलि तल गएर हेरें । उदयाचल, अस्ताचल, सुमेरु पर्वत र मन्दराचल पनि भस्मी भूत भए । हुरी आएर खरानी उडाएर लग्यो, हुरी यति कडा आयो कि पर्वतहरू त तृण उडे झैं उड्न थाले ।

(१९३) ब्रह्मजलमयवर्णन

वसिष्ठले भन्नुभो ! हे राम ! जब सारा ठाउँ जलेर भस्मी भूत भयो तब पुष्कर, आवर्तक नाम गरेका भयानक मेघ गर्जन थाले । मुसलधार वर्षा भयो । सबै जलमा डुबे । देवता, सिद्ध र गन्धर्व लगायत सबै जलमा गोताखान लागे । जल यति बढ्यो कि ब्रह्मलोक पर्यन्त जलमय बन्यो ।

(१९४) वासनाको अभाव हुनु नै महाप्रलय हो

वसिष्ठले भन्नुभो, हे राम ! ती ब्रह्माको जगत् जलमय भयो । सबैतिर शून्यता छायो । त्यसपछि जब मैले ब्रह्मपुरी तिर दृष्टि दिएँ तब देखियो कि ब्रह्माजी परमसमाधिमा रहनु भएको थियो । अरू ब्रह्मलोकवासी जीवन्मुक्त ब्रह्माका सभासद्हरू पनि परम समाधिमा निमग्न थिए । अष्टदिक्पालसहित वृहस्पति, ऋषीश्वर, मुनीश्वर आदि सबै पद्मासन बाँधेर समाधिमा अचल देखिन्थे ।

हे राम जस्तो स्वप्नमा मेघ गर्जेको देखिन्छ, भयानक वर्षा भएको देखिन्छ तापनि जागेपछि तिनको अभाव हुन्छ, स्मृति भए तापनि वस्तु केही रहँदैन त्यस्तै जहाँसम्म ब्रह्माजीको वासना थियो त्यहाँसम्म सृष्टि थियो, जब वासनाको अभाव भयो तब सम्पूर्ण सृष्टि विलुप्त भइहाल्यो । वासनाको नाश भएपछि अन्तवाहक र आधिभौतिक शरीर रहँदैन । जब यो शरीर नीरूप हुन्छ र मनुष्य शव हुन्छ तब ब्राह्मण, क्षत्रिय भन्ने संज्ञा रहदैन । त्यसकारण हे राम ! तिमी विचार गर कि देहको नाश पनि महाप्रलय होइन र प्रमादले विपरीत भान हुनु पनि महाप्रलय होइन । महाप्रलय त्यो हो जहाँ सबको अभाव हुन्छ, सबको अभाव तब हुन्छ जब वासनाको क्षय हुन्छ । वासनाको क्षय हुनुलाई ज्ञानीहरू निर्वाण भन्नुहुन्छ - यो नै महाप्रलय हो ।

हे राम ! स्वरूपबाट उत्थान हुनुको नाम बन्धन हो र उत्थान मेटिनुको नाम मोक्ष हो । आँखा उघार्नु र चिंलनुमा बरू केही यत्न छ तर मुक्त हुनुमा कुनै यत्न चाहिंदैन । जब वृत्ति बहिर्मुख हुन्छ तब बन्धन भयो, जब वृत्ति अन्तर्मुख भयो तब मुक्त भयो, यसमा के यत्न चाहिन्छ ? त्यसकारण सुषुप्त झैं निर्वासनिक भएर रहू । जब अहंरूप संवेदन फुर्छ तब मिथ्या जगत् सत्य झैं भासित हुन्छ । यसपछि जो इच्छा छ त्यो गर, तर जब अहं-उत्थानबाट रहित हुनेछौ तब निर्वाण पद प्राप्त हुनेछ ।

(१९५) महारुद्रको मुखमा जलको प्रवेश (जगन्मिथ्यात्वप्रतिपादन)

वसिष्ठले भन्नुभो, हे राम ! महाप्रलयको अन्तमा ब्रह्माजी पनि अन्तर्धान भए अर्थात् ब्रह्मपदमा निर्वाण प्राप्त भए । द्वादश सूर्य पनि ब्रह्मलोकलाई जलाएर समाधिमा बसे अर्थात्

निर्वाणपदमा पुगे । अनि समुद्रको जल बढदै गएर ब्रह्मपुरलाई पनि छोप्यो अर्थात् ब्रह्मपुर पनि जलमय भयो, सर्वत्र जलमय भयो । त्यसपछि एक भयावह कृष्णमूर्ति देखापऱ्यो जसको पाँच मुख, तीन नेत्र र दश भुजा थिए, हातमा त्रिशूल थियो, मैले जानें कि ती महारुद्र हुन् । हे राम ! व्यष्टि अहंकार त्याज्य छ र समष्टि अहंकार ग्राह्य छ । समष्टि अहंकारको नाम रुद्र हो । आकाशरूप हुनाले उनको शरीर कृष्णवर्णको थियो । सम्पूर्ण जीव व्यष्टि अहंकारलाई त्यागेर समष्टि अहंकाररूप रुद्रमा लीन भए, त्यसैले उनको रूप रुद्र अर्थात् उग्र थियो । पञ्च ज्ञानेन्द्रियको समष्टि पाँच मुख थिए र कर्मेन्द्रियको समष्टिरूप दश भुजा थिए । राजस, तामस र सात्त्विक तीन नेत्र थिए अथवा भूत, भविष्यत् र वर्तमान या ऋक्, यजु, साम तीन वेद, या मन, बुद्धि र चित्त या ओंकारको तीन मात्रा उनका तीन नेत्र थिए । जब उनले प्राण खिचे तब सारा जल उनको मुखमा पस्यो र त्यहीं बिलायो ।

ब्रह्माण्डको माथि के छ भनी रामले प्रश्न गर्दा वसिष्ठले भन्नुभो, हे राम यो जो ब्रह्माण्डाकाश छ त्यसमा दशगुना जल, त्यसमाथि दशगुना अग्नि, त्यसमाथि दशगुना वायु र त्यसमाथि दशगुना आकाश छ । फेरि यी तत्त्व केमा आश्रित छन् भनी प्रश्न गर्दा वसिष्ठले भन्नुभो, हे राम ! पृथ्वी आदि तत्त्व, सूर्य, चन्द्र र मेघ आदि सबै संकल्पमा आश्रित छन् र संकल्प आत्मामा आश्रित छ । त्यसकारण आत्मामा सब जगत् भासित भएको छ अर्थात् चित्संवित् नै जगत्को आकारमा भासित हुन्छ । जस्तो बालुवाको कण गन्न सकिंदैन त्यस्तो जगत् अनन्त छ तापनि वास्तवमा केही बनेको छैन - सब अजातजात हो । जस्तो स्वप्नमा नभएको सृष्टि भास्तछ त्यस्तै यो जगत् पनि नभैकन भासेको छ । त्यसकारण दृश्यलाई मिथ्या जानेर जगद्-वासनाले रहित होऊ ।

(१९६) काली र रुद्रको उपाख्यान

वसिष्ठले भन्नुभो, हे राम ! जुन रुद्रको भयानक रूप मैले देखेको थिएँ, ब्रह्मलोकपर्यन्त सारा संसार जलमय (एकार्णव) भएको बेलामा जसले त्यो सम्पूर्ण जल पिइदिएको थियो, चन्द्र, सूर्य र अग्नि जसका तीन नेत्र थिए, ती महारुद्रले कण्ठमा रुण्ड-मुण्डमाला पहिरेका थिए र महाभयानक देखिन्थे । तिनको कालो वर्णको छायाँ देखिन्थ्यो । आश्चर्यचकित भएर हेर्दै थिएँ, त्यो छायाँ नृत्य गर्न लाग्यो । अनि तिनको शरीरबाट एक स्त्रीको प्रादुर्भाव भयो । तिनको शरीर दुर्बल, अग्लो र कृष्णवर्णको थियो । तिनी अन्धकारमय रात्रिको मूर्तरूपजस्ती देखिन्थिन् । तिनका तीन नेत्र, लामा हात र लामो ग्रीवा (घाँटी) थियो । तिनले पनि रुद्राक्ष र रुण्ड-मुण्डको माला लगाएकी थियिन् । हातमा त्रिशूल, खड्ग, वाण, ध्वजा, ओखल र मुसल आदि हतियार थिए । यिनी अवश्यमेव काली भवानी हुन् भन्ने विचार गरेर मैले उनलाई नमस्कार गरें । उनका तीन नेत्रमध्ये अग्निरूप तृतीय नेत्र चंकिरहेको थियो । तिनी कहिले द्विभुजा, कहिले सहस्रभुजा, कहिले अनन्तभुजा र कहिले एक भुजा देखिन्थिन्, कहिले भुजारहित देखिन्थिन् । शिर-पयर विनाको मूर्ति नाचेको देखिन्थ्यो ।

नृत्य गर्दा गर्दै उनको शरीर यति विशाल भयो कि ब्रह्माण्ड नै उनको शरीर बन्यो । आकाशमा शिर र पातालमा उनको पाउ पुगेको छ । पृथ्वी उनको पेट हो र सुमेरु आदि पर्वत नाभिस्थान हो । दश दिशा, दश हात र पर्वतको कन्दरा उनको नासिका हुन गयो । लोकालोक पर्वत हाड हो उनको कण्ठमा नदीहरूको माला थियो । वरुण, कुबेर आदि देवताको शिरको पनि माला गलामा सुशोभित थियो । उनको नासिकारन्ध्रबाट निस्केको पवनले पर्वतहरू तृण झैं उड्दथे । उनको हातमा ब्रह्माण्डरूपी भूषण र कमरमा ब्रह्माण्डको घुँघरुले सुशोभित कमरपेटी थियो । कानमा धर्म-अधर्मरूपी मुन्द्रा थिए । धर्म, अर्थ, काम र मोक्षरूप स्तन थिए, तिनबाट चार वेद र शास्त्रको अर्थरूपी दूध निक्लन्थ्यो । धेरै के भनौं, तारामण्डल, सिद्ध, गन्धर्व, देवता, दैत्य आदि सम्पूर्ण स्थावर र जंगमात्मक संम्पूर्ण पदार्थ उनको शरीरमा दृष्टिगोचर हुन्थ्यो । उनको शरीरमा मैले सम्पूर्ण सृष्टि देखें । महारुद्र महाकाल र उनी महाकाली थिइन् अथवा रुद्र भैरव हुनुहुन्थ्यो भने उनी भैरवको शक्तिरूपिणी भैरवी थिइन् । "दिग्वं दिग्वं" आदि शब्द गर्दै तिनी स्मशान भूमिमा नृत्यगर्दथिन् । यिनी महादेवकी क्रियाशक्तिरुपिणी भगवती काली थिइन् ।

(१९७) अन्तरोपाख्यानवर्णन

रामले प्रश्न गरे, हे भगवन् ! ती रुद्र र काली को थिए ? महाप्रलयमा त केही पनि न रहनुपर्ने । उनको शरीरमा सृष्टि कसरी देखियो र त्यो सृष्टि फेरि उनको शरीरमा कसरी प्रवेश गऱ्यो ? कालीका हातका शस्त्र के हुन् ? तिनी कहाँबाट आइन् र कहाँ गइन् ? उनको आकार के थियो ? यसको उत्तर दिंदै वसिष्ठले भन्नुभो, हे राम ! न कोही रुद्र छन्, न काली छन्, न कुनै पुरुष छ, न कुनै स्त्री छ, न कोही नपुंसक छ, न पुरुष छ, न तिनको संयुक्त रूप छ । न ब्रह्माण्ड छ, न पिण्डाण्ड छ । केवल चिदाकाश विद्यमान छ र संकल्पले उत्पन्न भएर आकार भासित हुन्छ जस्तो स्वप्नमा आकार नभईकन पनि आकार देखिन्छ । वास्तवमा चिदाकाश जस्ताको त्यस्तो विद्यमान छ ।

हे राम ! आत्मपद अनन्त, चैतन्य, सत्य, प्रकाशरूप, अविनाशी छ र आफू आफैंमा स्थित छ । रुद्रदेवको जो आकार देखिन्थ्यो त्यो चैतन्य आत्मा नै साकार देखिन्थ्यो, वास्तवमा कुनै आंकार थिएन, किनकि त्यो चैतन्यस्वरूप हो । शुद्ध चिन्मात्रमा जब चित्तको उत्थान हुन्छ तब जगद्भाव देखिन्छ, चित्तको उत्थान नभए जगत् देखिदैन, दुवै अवस्थामा आत्मा जस्ताको त्यस्तो छ । आत्मा एकरस छ उसमा जगत् छँदैछैन । आदि, मध्य, अन्त, कल्प, महाकल्प, उत्पत्ति, स्थिति, प्रलय, जन्म, मरण, सत्, असत्, प्रकाश, अन्धकार, पण्डित, मूर्ख, ज्ञानी, अज्ञानी, रूप, आलोक, मनस्कार, जड, चेतन, जगत्, अजगत् केही छैन । स्थावर, जङ्गम सब ब्रह्मस्वरूप हो । जस्तो स्वप्नमा पर्वत देखिन्छ तर अनुभवदेखि भिन्न छैन त्यस्तो यो जगत् ब्रह्मदेखि भिन्न छैन । ब्रह्ममा कुनै शब्द आदिको प्रवेश छैन । जब बोधको उदय हुन्छ तब जीव ब्रह्मसत्तामा प्राप्त हुन्छ । जस्तो जब जल तरङ्गबुद्धिलाई त्यागदछ तब समुद्ररूप भइहाल्छ त्यस्तै जीव जब आफ्नो जीवभावलाई त्यागछ तब ब्रह्मसमुद्रमा प्राप्त हुन्छ । अर्थात् जीव जब दृश्यको संबन्धलाई त्यागछ तब आत्मरूप भइहाल्छ ।

(१९८) प्रकृतिपुरुषविचार

वसिष्ठले भन्नुभो, हे राम ! मैले जो चिदाकाश भनेर बताएको थिएँ त्यो हो परमचिदाकाश (ब्रह्म), त्यो नै हो रुद्ररूप, त्यो नै नृत्य गरिराखेको थियो । त्यहाँ कुनै आकार थिएन, केवल चिद्घनसत्ता विद्यमान थियो । जो नृत्य आदि देखिन्थ्यो त्यो उसैको किञ्चनरूप थियो । जब म आत्मदृष्टिले देखथें तब चिदाकाशरूप नै भासित हुन्थ्यो ।

हे राम ! जसको नाम कृतान्त छ त्यही नै रुद्र हो र त्यही नै भैरव हो । कृतान्तको मूर्ति नृत्य गरेर अन्तर्धान भएको थियो । वास्तवमा त्यो रूप मायामात्र थियो र चैतन्यसत्ताको आश्रयमा नाचेको थियो । जस्तो सुवर्ण नै भूषण हुन्छ त्यस्तो चेतनताको किञ्चन जगद्रूप भएर भास्तछ र प्रमादले आधिभौतिक बन्छ । वास्तवमा शुद्ध चिदाकाशरूप नै छ र चेतनताले जगद्रूप देखिन्छ ।

रामले सोधे, हे भगवन् ! केवल परमचिदाकाशरूप अद्वैतसत्ता नै विद्यमान छ भने प्रलयको अन्तमा काली कसरी प्रकट भइन् ? उत्तरमा वसिष्ठले भन्नुभयो, हे राम ! न कुनै चेत्य छ र न कोही चेतयिता (चिताउनेवाला) छ, केवल चैतन्यघन, परमनिर्मल, शान्तरूप आत्मसत्ता आफैमा स्थित छ, त्यसैलाई शिवतत्त्व भन्दछन् । त्यही शिवतत्त्व रुद्रको आकारमा देखिन्थ्यो, वास्तवमा कुनै आकार थिएन । न भैरव छन्, न भैरवी छन्, न काली छन्, न यो जगत्, सब मायामात्र हो ।

जस्तै स्वप्नमा अद्वैत आत्मसत्ता नै चेत्यताले जगद्रूप देखिन्छ तर स्वरूपतः न कुनै चेत्यता छ र न जगत् छ, केवल आत्मसत्ता आफैंमा स्थित छ त्यस्तै यो जगत्लाई पनि स्वप्नतुल्य जान । अद्वैतसत्तादेखि भिन्न केही भएको छैन । आत्मा केवल स्वच्छ चिदाकाशरूप छ । मलाई त सदा चिदाकाशरूपताको नै भान हुन्छ, तर अज्ञानीको लागि नानाप्रकारको जगत् भास्दछ । आत्मा सदा एक छ, किञ्चनले उसमा आकार देखिन्छ । वास्तवमा भैरव, काली सब निराकार हुन्, भ्रान्तिले आकार प्रतीत हुन्छ ।

रामले प्रश्न गरे, हे भगवन् ! ती रुद्र को थिए, काली शक्ति के थिइन्, उनका अङ्गको घटनु, बढनु, नृत्य गर्नु र वस्त्र पहिरनु आदि के थियो ? त्यसको रहस्य सुन्न पाऊँ । वसिष्ठले भन्नु भो, हे राम ! शिवतत्त्व नै आकार भएर भासित हुन्छ अरू कुनै आकार छैन । त्यो चिन्मात्र, अमल, विद्या र अविद्याको कार्यले रहित, शान्त र अवाच्यपद हो । यो संज्ञा पनि संकलपद्वारा तिमीलाई भनेको हुँ । आत्मवेत्ताहरू आत्मपदलाई अवाच्यपद भन्दछन्, तैपनि म केही भन्दैछु । हे राम ! जो चिदाकाशरूप आत्मतत्त्वमात्र विद्यमान छ त्यो नै शिव र भैरव हो । उसैको चमत्कारको नाम चित्शक्ति हो र त्यसैको नाम काली हो । काली, आत्मा र शिवरूपमा कुनै भेद छैन । जस्तो अग्नि र उष्णतामा कुनै भेद छैन त्यस्तो चित्कला र आत्मामा भेद छैन । जस्तै जब पवन निस्पन्द हुन्छ तब त्यसको लक्षण हुँदैन, त्यो अवाचकरूप हुन्छ, जब स्पन्दन हुन्छ तब त्यसको लक्षण हुन्छ र त्यसमा शब्दको प्रयोग हुन्छ त्यस्तै चित्शक्तिबाट उसको लक्षण बन्छ र उसका स्पन्दन, इच्छा आदि अनेक नाम हुन्छन् । चित् शक्तिमा जब चेत्योन्मुखता फुर्छ त्यसको नाम वासना हुन्छ । वासना फुरेपछि त्रिपुटी अर्थात् वासना, वासक र वास्य बन्दछ । वासकलाई जीव भनेको छ । म बाँचिरहूँ, मेरो कहिले पनि नाश नहोस् - यस्तो भावना किंवा इच्छाले गर्दा उसलाई जीव भनेको

हो । स्पन्दन भएपछि यस्ता अनेक संज्ञा हुन्छन्, तर शिवतत्त्व स्फुरणरहित हो तापनि उसमा स्फुरण भए जस्तो देखिन्छ ।

जस्तो सूर्यको किरणमा जल छैन तापनि जल भए जस्तो देखिन्छ त्यस्तो शिवतत्त्वमा जगत् छैन तापनि जगत् भएजस्तो प्रतीत हुन्छ । परमात्माको जो क्रियाशक्ति छ त्यसको नाम काली हो र तिनलाई प्रकृति भनेको छ । विकार अर्थात् कसैको कार्य नभएको हुनाले तिनलाई प्रकृति भनेको हो । यो सारा जगत् उनै प्रकृतिदेवीको विकृति अर्थात् कार्य हो । पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच प्राण र मन - यी सोह्र विकृति (कार्य) हुन् र प्रकृति कारण हो । पुरुष जो शिवतत्त्व छ त्यो कारणकार्य रहित चिन्मात्रपद हो । सम्पूर्ण द्वैतकलना चित्शक्तिमा स्थित छ । जब यो चित्शक्ति निस्पन्द हुन्छ तब तत्त्वरूप शिवपदमा निर्वाण हुन्छ र कारण-कार्यरूप सब भ्रम मेटिन्छ, अनि आकाशवत् निर्मल पद शेष रहन्छ । त्यो शुद्ध, अचेत्य, चिन्मात्र स्वरूप आफैंमा स्थित छ । यी सब उसको स्पन्दरूप क्रियाशक्तिका नाम हुन् । रूप जान्न कठिन भएकोले तिनलाई दुर्गा भनेको छ । जसको पाठ गर्नाले संसारसमुद्रबाट रक्षा हुन्छ त्यसैले तिनलाई गायत्री भन्दछन् । जगत्को उत्पत्ति गर्ने हुनाले सावित्री, कोमल स्वभाव भएकीले कुमारी, गौर वर्ण भएकीले गौरी, शिवको वायाँ अङ्गमा बसने हुनाले शिवा र जगत्को विजय गर्ने हुनाले विजया कहिन्छिन् । प्रणवको अर्धमात्रा स्वरूप भएकोले तिनलाई अकार, उकार र मकारको अधिष्ठात्री भनेको छ - यी सब राजसी, तामसी र सात्त्विकी क्रियाशक्तिका संज्ञा हुन् ।

अब उनका शस्त्र र घटनु-बढनुको विषयमा सुन । उनको नृत्य क्रियाशक्तिको द्योतक हो । त्यो सात्त्विकी, राजसी र तामसी तीन प्रकारको हुन्छ । उनको अस्त्र मुसल ग्राम, पुर र नगरको प्रतीक थियो । उनका अङ्ग-प्रत्यङ्ग सबै सृष्टिका प्रतीक हुन् । ती काली जब शिवसित मिल्न खोजदछिन् तब उनका सृष्टिरूप अङ्ग थोरै हुन्छन् । शिवदेखि अलग भएको बेलामा उनका सृष्टिरूप अङ्ग अनन्तरूपमा फैलिन्छन् । जब तिनी शिवसित मिल्छिन् तब शिवरूप नै हुन्छिन् अनि कुनै पनि सृष्टिरूपी अङ्ग रहदैनन् ।

अब शिवको बारेमा सुन । शिव मन र वाणीको अतीत अवाच्य पद हुनुहुन्छ, उहाँ परमशुद्ध, निर्मल र अच्युत हुनुहुन्छ । उहाँमा केही भएको वा बनेको छैन, जब क्रियाशक्तिको उद्भव हुन्छ तब जगत् भासित हुन्छ । जब उहाँ आफ्नो अधिष्ठानतिर हेर्नुहुन्छ तब आफ्नो स्वरूप देखनुहुन्छ । क्रियाशक्ति र आत्मामा कुनै भेद छैन । जस्तो आकाश र शून्यतामा र अग्नि र उसको उष्णतामा भेद छैन त्यस्तै आत्मा र उसको क्रियाशक्तिमा भेद छैन । आत्माको स्वभाव चितिशक्ति हो र यसैको नाम काली हो । आकाश झैं कृष्णवर्णको शरीर भएको हुनाले यिनलाई काली भनेको हो । जस्तो आकाश श्यामवर्णको देखिएतापनि निराकार छ त्यस्तो आकाशवपु कालीको श्यामवर्ण निराकारताको द्योतक हो । जगत्को नाश गर्ने हुनाले यिनलाई कृष्णवपु, काली र कालरात्रि भनेको छ । जब यिनी स्वरूपतिर आउँछिन् तब जगत्को नाश गर्छिन् ।

स्पन्दशक्ति जब शिवदेखि अलग हुन्छ तब जगत्को रचना हुन्छ । जब यिनी शिवमा मिल्न आउँछिन् तब शिवरूप नै भइहाल्छिन् अनि सृष्टि रहँदैन । हे राम ! तिम्रो चित्शक्ति जब तिमीतिर आउँछिन् तब जगद्भ्रम मेटिन्छ । यो चित्शक्तिले नै जगद् भ्रम रचेको छ । शिव त शान्तरूप,

अजर, अमर, अचेत्य चिन्मात्र हुनुहुन्छ, उहाँमा कुनै क्षोभ छैन - आत्मसत्ता सदा आफैंमा स्थित छ ।

हे राम ! मनोराज्य झैं यो जगत् तत्कालमा सत्य जस्तो प्रतीत हुन्छ ता पनि आत्मामा यो जगत् सत्य होइन । आत्माको सत्ताले जगत् सत्य जस्तो भान हुन्छ । वास्तवमा आकाश, वन, पर्वत आदि जगत् चिदाकाश ब्रह्मरूप हो । ब्रह्मदेखि भिन्न केही छैन ।

जहाँसम्म चित्शक्ति स्पन्दरूप हुन्छ त्यहाँसम्म जगत्को रचना हुन्छ र प्रकृति कारणरूप कहिन्छिन् । जब प्रकृतिरूपमा काली शिवतत्त्वको अन्तर्गत हुन्छिन् तब अद्वैतरूप भइहाल्छिन्, त्यसपछि शब्दको गति हुँदैन ।

रामले प्रश्न गरे, हे भगवन् ! परमेश्वरी कालीशक्ति शिवसित मिलेपछि कसरी शान्त हुन्छिन् ? वसिष्ठले भन्नुभो, हे राम ! देवी परमात्माको इच्छाशक्ति हुन्, यिनको नाम जगन्माता हो । शिवतत्त्वदेखि अलग रहेसम्म यिनी जगद्-रचयित्री हुन्छिन् । जब यिनी अधिष्ठान शिवमा मिलेर नित्यतृप्त, अनामय, निर्विकार तथा द्वैत भावले रहित हुन्छिन् तब परमशान्ति प्राप्त गर्दछिन्, त्यसपछि यिनको प्रकृतिसंज्ञा पनि रहँदैन । जस्तै समुद्रमा पुगेपछि नदीको दौडनु र शब्द गर्नु समाप्त हुन्छ र नदी भन्ने संज्ञा पनि रहँदैन त्यस्तै शिवतत्त्वमा मिलेपछि चित्शक्ति शिवरूप बनिहाल्छिन् र सब द्वैतभ्रम मेटिन्छ ।

जस्तो ताँमो पारसमणिको स्पर्शबाट सुवर्ण बन्छ र फेरि ताँमोमा फर्कदैन त्यस्तो जब वृत्ति आत्मभावमा प्राप्त हुन्छ तब फेरि अनात्मभावमा आउँदैन । जस्तो अमृतको स्वाद लिएपछि नीम खाने इच्छा हुँदैन त्यस्तो आत्मानन्द प्राप्त गरेपछि विषयसुख प्राप्त गर्ने इच्छा हुँदैन ।

(१९९) अनन्त जगद्वर्णन

वसिष्ठले भन्नुभयो, हे राम ! अब पूर्वप्रसङ्ग फेरि सुन । जब नृत्य गरेर काली निर्वाणपदमा प्राप्त भइन् तब अकेला शिवमात्र रहनु भयो । अनि आकाश ऊर्ध्वभाग र अधो भाग दुई खण्डमा देखियो, अरू केही पनि देखिएन । अनि रुद्रले नेत्र फैलाएर हेर्नुभयो, दुई खण्डको आकाश यौटै भयो र प्राण खिचेर ब्रह्माण्डलाई अन्तर्लीन गर्नुभो तब एकमात्र शिव रहनुभयो, अरू केही देखिएन । एक क्षण पछि रुद्रले महान् आकाश धारण गरेर ब्रह्माण्डलाई पनि नाघनुभयो, अनि तुरुन्त अणुसमान अति सूक्ष्म बनेर चर्मचक्षुको अदृश्य बन्नुभो । दिव्यदृष्टिले हेर्दा पनि केही देखिएन, केवल चिदाकाशमात्र शेष रह्यो । त्यसबेला ब्रह्माकी शक्ति देवी, कालीशक्ति र शिला-यी तीन एकत्र देखिए । स्वप्न या गन्धर्वनगर झैं यस्तो आश्चर्य देखियो । बोधदृष्टिले हेर्दा केवल ब्रह्ममात्र देखिन्थ्यो, संकल्पदृष्टिले हेर्दा आत्मरूपी आदर्श (ऐना) मा अनन्त सृष्टि देखिन्थ्यो र चर्मदृष्टिले हेर्दा शिलामात्र थियो ।

हे राम ! त्यो सुवर्णशिलामा मैले अनन्त सृष्टि देखें । त्यो सृष्टि यस्तो थियो कि कहिं ब्रह्माबाट चन्द्र सूर्य उत्पन्न भएका थिए र मर्यादा स्थापित थियो । कहीं सूर्य-चन्द्र थिएनन् । कहीं समुद्रमथनबाट लक्ष्मी, ऐरावत हात्ती, उच्चैःश्रवा घोडा, धन्वन्तरि वैद्य र अमृत निकलेका थिए ।

कहीं पर्वत उड्थे। कहीं पर्वतका पखेटा काटिएका थिए। कहीं भयानक देवासुरसंग्राम देखिन्थ्यो। कहीं सत्ययुगको समय थियो र दान, पुण्य, तप हुन्थे। कहीं कलियुगको समय थियो र प्राणीहरू पापकर्ममा लिप्त थिए। राम र रावणको युद्धमा कहीं रामले रावणलाई मर्दन गर्थे, कहीं रावणले रामलाई मर्दन गर्थ्यो। कहीं महाभारतको युद्धमा श्रीकृष्णले पाण्डवको सहायता गरेका थिए। कहीं ब्रह्माको कल्पान्तमा महाशून्य अन्धकारमय रात्रि थियो। कहीं एक सृष्टि समाप्त भएर नयाँ सृष्टिको शुभारम्भ थियो। कहीं कुल, जाति र गोत्रको मर्यादा थियो, कहीं थिएन। अरू सृष्टिमा पनि रामादिको अवतार हुन्छ, तिनमा पूर्वसृष्टिको लक्षण कहीं पूरै मिल्ने हुन्छ, कहीं आधा मिल्ने र कहीं चौथाइ मिल्ने हुन्छ।

हे राम ! आत्मरूपी आदर्शमा देखिएको यो सृष्टि आत्मादेखि भिन्न छैन, संकल्पले भिन्न जस्तो भासित भएको हो। आत्मा नै संकल्पले जगद्‌रूप भएर भासित हुन्छ। यो जगत् चैतन्यको विलासमात्र हो, चित्तको स्फुरणले अनन्त सृष्टि भासित हुन्छ। स्वप्नको सृष्टि झैं यो जगत् आरम्भ र परिणामले बनेको होइन, आत्मसत्ता सदा आफैंमा निर्विकाररूपले स्थित छ।

(२००) अन्तरोपाख्याने पृथ्वीधातुवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! यसप्रकार मैले सृष्टि देखें र फेरि दृश्य भ्रमलाई त्यागेर आफ्नै वास्तव स्वरूपमा स्थित भएँ। म अनन्त, नित्य, शुद्ध, बोध, चिदाकाशस्वरूप हुँ र सर्वदा आफैंमा स्थित छु। चिन्मात्र आत्माको कुनै एक छेउमा सम्वेदनको आभास फुर्‍यो। जस्तै कोठा भरी राखेको अनाजबाट एक मुठी अन्न निकालेर खेतमा छरिदेऊ, तब त्यसैबाट अंकुर निक्लन्छन् त्यस्तै चैतन्यको एक छेऊमा सम्वेदन फुर्‍यो र त्यस सम्वेदनबाट जगत् उत्पन्न भयो र ममा अनुभव हुनलाग्यो। अनि मैले जानेंकि मबाट नै सृष्टि उत्पन्न भएको छ।

रामले प्रश्न गरे, हे भगवन् ! तपाईं त चिदाकाशरूप भएर आफैमा स्थित हुनुहुन्छ भने फेरि तपाईंमा कसरी सृष्टि फुर्‍यो, दृढ बोधको निमित्त बताउनुहोस्। वसिष्ठले भन्नुभो, हे राम ! अनन्त अनुभवरूप आकाशको कुनै स्थानमा सम्वेदन - चित्त - 'अहं' फुर्‍यो अर्थात् 'म हुँ' यस्तो अनुभव भयो। अनि आफूलाई तेज-अणु जान्न लागें। त्यही अणुमा अहंकार उत्पन्न भयो। अहंकारको दृढताले निश्चयात्मक बुद्धि उत्पन्न भयो। बुद्धिबाट संकल्प - विकल्पात्मक मन बन्यो र त्यस मनले प्रपञ्च रच्यो। जब मनमा रूप देखने स्पन्दन फुर्‍यो तब चक्षुरिन्द्रिय उत्पन्न भयो र रूप देखन लाग्यो। फेरि श्रवण गर्ने इच्छाले श्रोत्रेन्द्रिय, रस लिने इच्छाले रसनेन्द्रिय, गन्ध ग्रहण गर्ने इच्छाले घ्राणेन्द्रिय र स्पर्श गर्ने इच्छाले त्वगिन्द्रिय उत्पन्न भए र तत् तत् विषय ग्रहण गर्न लागे। यसरी ज्ञानेन्द्रिय फुरेर तिनका विषय शब्द, स्पर्श, रूप, रस र गन्धको उदय भयो। अनि मैले आफ्नो साथमा स्थूल शरीर देखें। जस्तो स्वप्नमा शरीर देखिन्छ त्यस्तै शरीर देखियो। जसलाई देखें त्यो दृश्य भयो र जसद्वारा देखें ती इन्द्रिय भए। जब दृश्यको स्फुरण भयो तब काल भयो, जहाँ फुर्‍यो त्यो देश भयो र जसरी फुर्‍यो त्यो क्रिया भयो। यसरी देश, काल र पदार्थ भए।

हे राम ! वास्तवमा न देश छ, न काल छ, न पदार्थ छ, न त सृष्टि नै छ । चित्कलामा न भईकन पनि भएको जस्तो देखिन्छ । जब सृष्टि फुऱ्यो तब मेरो पूर्व स्वरूप विस्मृत भयो । आफ्नो साथमा शरीर र इन्द्रिय देखेपछि तिनमा मेरो अहंप्रत्यय भयो र मैले ओम् शब्दको उच्चारण गरें । ओम्कार आदि, मध्य र अन्तले रहित परब्रह्म हो र सकल ब्रह्माण्डरूपी तरङ्गको आधार समुद्र हो ।

जब मैले आधि भौतिक दृष्टिले हेर्थें तब शिलामात्र देखिन्थ्यो । जब अन्तवाहक दृष्टिले हेर्थें तब क्रिया र मर्यादासहित ब्रह्माण्ड भासित हुन्थ्यो । जब आत्मदृष्टिले हेर्थें तब अद्वैत आफ्नो स्वरूप भासित हुन्थ्यो । सूर्यको किरणमा मरुस्थलको नदी झैं ममा भासित भएको सृष्टि सब मिथ्या हो । मनोराज्यको नगर झैं भ्रान्तिले यो जगत् सत्य जस्तो लाग्छ, वास्तवमा केही बनेको होइन, संकल्पको विलासमा बनेको जस्तो देखिन्छ ।

हे राम ! ममा कसरी सृष्टि भासित भयो त्यो बताउँछु, सुन ! जब ममा पृथ्वीको धारणा भयो तब पृथ्वी मेरो शरीर भएर भासित हुन लाग्यो, किनभने म विराट् आत्मा थिएँ । जब पृथ्वी मेरो शरीर भयो तब पर्वत मेरा मुख भए, सुमेरु आदि पर्वत भुजा भए । सप्त समुद्र मेरा इन्द्रिय भए, नदीहरू कण्ठमाला र वन मेरा रोमावली भए । शरीरमा परेका जुम्रा, लिखा झैं देवता, दैत्य, मनुष्य, पशु, पक्षी ममा नै भासित भए । मेरा उपर कहीं हलो जोतेका, कहीं बीज रोपेका छन् । कहीं अन्नको भोजन गर्दैछन्, कहीं खन्दैछन् । कहीं पूजा गर्छन् । कहीं समुद्र छन्, कहीं नदी बगेका छन् । कहीं राजा राज्य गर्छन्, कहीं मेरो निम्ति झगडा गर्छन् र मर्छन् । कहीं युद्ध, कहीं रुदन, कहीं हास्य, कहीं सुगन्ध र कहीं दुर्गन्ध छ । कहीं भयङ्कर देवासुर संग्राम चलेको छ । यसरी मैले आफैंमा अनेक इष्ट अनिष्ट स्थान देखें । जीवका जति पनि सात्त्विक, राजसिक र तामसिक क्रिया हुन्छन् ती सबको आधार म नै थिएँ । संवेदनको स्फुरणबाट नै पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशाको संज्ञा भएको हो ।

(२०१) अन्तरोपाख्याने जलरूपवर्णन

रामले प्रश्न गरे, हे भगवन् ! तपाईंमा धारणाबाट जो पृथ्वीको अनुभव भयो र त्यसमा जो जगत् उत्पन्न भयो त्यो संकल्परूप थियो या मनबाट उत्पन्न भएको थियो अथवा आधि भौतिक थियो ? वसिष्ठले भन्नुभो, हे राम ! सम्पूर्ण जगत् संकल्परूप हो तर आधि भौतिक जस्तो भएर भासित हुन्छ । वास्तवमा केवल चिदाकाश आफू आफैंमा स्थित छ । म नै हुँ त्यो चिदाकाश । म कहिले पनि उत्पन्न भएको छैन र मेरो नाश कहिल्यै हुँदैन , म सर्वदा अद्वैत, अचेत्य, चिन्मात्ररूप हुँ । चैतन्यमा जो संकल्प उठेको छ उसको नाम मन हो र आभासको नाम संकल्प हो । संकल्पको नाम ब्रह्मा र इच्छा हो । सत्य, असत्य र शुभ, अशुभरूप जगत् मनमा स्थित छ र सब आकार निराकाररूप हो, भ्रान्तिले पिण्डाकार देखिन्छ । जस्तो स्वप्नका शुभ-अशुभ सबै पदार्थ निराकार हुन् तर भ्रान्तिले पिण्डाकार भास्तछन् त्यस्तै यो जगत् निराकार हो । विचार गरेपछि यो जगत् शून्य हुन्छ । बालकले खेलने माटाका सेना झैं यो जगत् कल्पनामात्र हो, वास्तवमा केही पनि बनेको छैन, केवल अद्वैत तत्त्व सदा आफैमा स्थित छ ।

सकल पदार्थको स्पन्दनको आधार ब्रह्म नै हो । जहाँ ब्रह्मसत्ता छ त्यहाँ जगत् छ । हे राम ! यसरी मैले अनन्त ब्रह्माण्ड देखें । जब म अनन्त ब्रह्माण्डको पृथ्वी भएर स्थित भएँ तब जलको धारणा गरेर जलरूप भएर फैलिएँ । वृक्ष, घास, पात, फल, फूलमा रसरूपले स्थित भएँ । म नै समुद्ररूप भएँ, म नै नदीको प्रवाह भएर गडगडाहट शब्द गर्दै बग्न थालें । म नै शीतरूप हुनुको साथै आकाशमा मेघ भएर बर्षन लागें जसबाट प्राणीहरू तृप्त हुन्छन् । नाडीमा कफ, पित्त, मूत्र आदिरूपले म नै स्थित भएँ । जिह्वाको अग्र भागमा म नै रस रूपले रहन लागें । हिमालयमा बरफ भएर रहें । म नै कण-कण भएर समुंद्र र नदीमा विचरण गर्थे । चित्-अणुमा मलाई यस्तो भावना भयो ।

(२०२) अन्तरोपाख्याने तेजोरूप तथा चिद्रूपवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! जलको अनन्तर मबाट तेजको भावना भयो अर्थात् तेजस्तत्त्वको धारणा भयो, तब मेरो अङ्गरूपले चन्द्रमा, सूर्य र अग्निको उदय भयो र यिनबाट जगत्को क्रिया सिद्ध हुन लाग्यो । मैले नै सूर्य भएर जल सुकाउने र दश दिशालाई प्रकाश गर्ने काम गरें । प्रकाशरूपी म जहाँ रहन्थें त्यहाँ तमको अभाव हुन्थ्यो । चन्द्रमा र सूर्यरूपी डब्बाबाट दिन-रात, काल, वर्षरूपी रत्न निक्लन थाले । राजसी, सात्त्विकी र तामसी क्रियारूपी कमलिनीका उपर सूर्य भएर देवता र पितृलाई तृप्त पारें । यज्ञको अग्नि, रत्न, मोती र मणि आदि प्रकाशमान पदार्थमा जो प्रकाश छ त्यो म नै थिएँ । जस्तै रूप, आलोक र मनस्कार आत्माको प्रकाशले प्रकाशित हुन्छन् । यस्तै सब पदार्थ मेरो प्रकाशले प्रकाशित हुन लागे । प्राणको भित्र स्थित भएर प्राण र अपानको क्षोभले अन्न पचाउन लागें । तेजोरूप म चैतन्यसत्ताको भाई हुँ । जस्तो सबै पदार्थ आत्माद्वारा सिद्ध हुन्छन् त्यस्तो मबाट सबै कुरा सिद्ध हुनलागे । म नै राजामा तेजोरूपले र सिद्धहरूमा वीर्यरूपले रहेको थिएँ । म नै बलरूपले जगत्लाई पुष्ट गर्नेवाला भएँ । म नै बडवाग्नि भएर जगत्लाई नष्ट गर्नेवाला भएँ । म नै तल, माथि र मध्यमण्डलमा सर्वत्र व्याप्त भएर रहें ।

हे राम ! जब बोधदृष्टिले हेर्थे तब सर्वत्र आत्माको नै भान हुन्थ्यो र जब अन्तवाहक दृष्टिले हेर्थे तब आफूलाई विराट्रूप जान्दथें किनकि म नै सर्वत्र फैलिरहेको छु र सबै पदार्थ मेरै अङ्ग हुन् । तेजस्वीमा तेज, क्रोधवान्मा क्रोध र यतिमा इन्द्रियजय म नै हुँ । म अजित हुँ र सर्वत्र मेरो नै जय छ किनकि जय उसको हुन्छ जसमा तेज र बल हुन्छ, त्यो तेज र बल म नै हुँ, त्यसकारण मेरो सर्वत्र जय छ ।

रामले प्रश्न गरे, हे गुरुवर ! जब तपाईले जलरूप भएर आगो निभाउनु हुन्थ्यो र अग्निरूप भएर पानी तताउनु हुन्थ्यो, त्यसबेला इष्ट-अनिष्टले तपाईमा सुख-दुःखको अनुभव भयो कि भएन ? वसिष्ठले भन्नुभो, हे राम ! जस्तो स्वप्नमा चैतन्यपुरुष पर्वत, वृक्ष, देह, इन्द्रिय आदि नानाप्रकारका जड पदार्थ देख्छ, तर वास्तवमा उसमा ती पदार्थ छैनन्, त्यो सब केवल अनुभवरूप हो तापनि निद्रादोषले ती पदार्थ भएका जस्ता देखिन्छन् र तिनमा राग-द्वेष पनि मानिन्छ - यथार्थमा द्रष्टा नै दृश्यरूप भएर स्थित हुन्छ, त्यसबेला ती पदार्थ आफनै रूप हुन् भनी जान्दैन, जब जाग्दछ तब स्वप्नका सबै पदार्थ आफनै स्वरूप हो भनी जान्दछ त्यस्तो यो जगत् आफ्नो

स्वरूपमा छैन तापनि अज्ञानले भए जस्तो भान हुन्छ, वास्तवमा आफूमा जगत्का पदार्थ केही पनि छैनन् । बोधस्वरूपमा जागेपछि पदार्थ भावना निवृत्त हुन्छ र सब जगत् बोधस्वरूप प्रतीत हुन्छ ।

जसमा देश, काल र वस्तुको परिच्छेदले रहित अखण्डसत्ताको उदय भएको छ त्यस पुरुषलाई ज्ञानी भन्दछन् । जब यो पुरुष परमात्माको अवलोकन गर्छ तब सब जगत् आत्मस्वरूप नै भासित हुन्छ । जसको स्वप्नको सृष्टिमा पूर्वस्वरूपको विस्मरण भएको छैन त्यसलाई अन्तवाहक भन्छन् । जसमा अन्तवाहक शक्ति प्राप्त छ उसलाई पत्थर, जल र अग्निमा प्रवेश गर्दा पनि क्लेश हुँदैन ।

हे राम ! मेरो जो आकाशमा उडनु, फेरि आकाशलाई पनि नाघेर ब्रह्माण्डको खप्परमा घुमनु त्यो सब कार्य अन्तवाहक शरीरबाट भएको हो । जसको अन्तवाहक शरीर प्राप्त भएको छ उसलाई कुनै आवरणले रोक्न सक्तैन, किनकि त्यो सब उसको आफनै अङ्ग हो । मेरो शुद्ध आत्मामा स्वप्न उठेको थियो र पूर्वस्वरूप विस्मृत भएको थिएन, त्यसैले मलाई सब जगत् आफनै स्वरूप भासित हुन्थ्यो । आफ्नो संकल्पबाट कल्पित आफनै अङ्ग भासित हुन्थ्यो । कसैले मनोराज्यद्वारा अग्निको समुद्र बनाएर त्यसमा स्नान गऱ्यो तापनि त्यसबाट उसलाई कत्ति पनि खेद हुँदैन, किनकि त्यो सब आफ्नै अङ्ग थियो । मलाई सब जगत् आफनै रूप भासित हुन्थ्यो तब खेद कसरी हुने ? यो सारा जगत् जीवको आफनै कल्पनाबाट खडा भएको हो तर आफ्नो पूर्वस्वरूपलाई भुलेर ऊ परिच्छिन्न बन्छ र राग-द्वेषले जलिरहन्छ । मैले त आफ्नो तत्त्वरूपलाई भुलेको थिएन, आफू नै विराट्रूप भएर सबैलाई आफनै अङ्ग देख्थें, तब मलाई खेद कसरी हुने ? खेद तब हुन्छ जब आफ्नो अपरिच्छिन्न स्वरूपलाई भुलेर परिच्छिन्न बन्छ, तर म त बोधवान् थिएँ, मैले स्पन्दनबाट सब रूप धारण गरेको थिएँ तब खेद कसरी हुने ? मैले सुख दु:खरूप सारा पदार्थ ऐनामा प्रतिबिम्ब देखे झैं आफैंमा देखेको थिएँ, जसको यस्तो दृष्टि छ उसलाई सुख-दु:ख हुन सक्तैन ।

हे राम ! जसको अन्तवाहक शक्ति प्राप्त छ त्यो आकाश, पाताल जहाँ पनि पुग्न समर्थ हुन्छ र इच्छानुसार जहाँ पनि प्रवेश गर्न सक्तछ, किनकि सृष्टि भन्नु संकल्पमात्र हो, अरू केही बनेको छैन । आत्माको किञ्चन नै सृष्टिरूप भएर भासित हुन्छ ।

हे राम ! यो सब सृष्टि ब्रह्मस्वरूप हो, मेरो त सदा यही निश्चय रहन्छ । जब तिमी पनि स्वरूपमा जाग्दछौ तब तिमीलाई पनि सब सृष्टि आफनै रूप भासित हुन्छ । यसरी म आफै नै जगद्रूप बनेको थिएँ । आफूमा नै अर्थात् चित्स्वरूपमा जगत् भासित भइरहेको थियो । प्रकाश, तम, भाव, अभाव सारा पदार्थ मबाट नै प्रकाशित भएका थिए । सबै रूपवान् पदार्थ ममा नै सिद्ध थिए । यसप्रकार मेरो भावना भएको थियो ।

(२०३) पवनको धारणा र जगत्को ब्रह्मरूपताप्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! फेरि मैले पवनको धारणाको अभ्यास गरें । जब पवनरूप भएर विचरण गर्नलागें तब कमलको फूल र वृक्षलाई हल्लाउन थालें । तारा र नक्षत्रहरू मेरो आधारमा घुम्न लागे । सूर्य र चन्द्रलाई चलाउनेवाला पनि म नै थिएँ । मेरै शक्तिले समुद्र र नदीको प्रवाह

चल्थ्यो । मनको वेगरूप पनि म नै थिएँ । म नै प्राण, अपान, व्यान, उदान र समानरूप भएर प्राणीहरूको शरीर भित्र रहेर आ-आफ्नो भागको रस नाडीहरूमा पुऱ्याउथें । हिंडनु, चलनु, बोलनु, लिनु, दिनु आदि क्रिया मबाट नै सिद्ध हुन्थ्यो । सबै पदार्थमा स्पर्शशक्ति म नै थिएँ र मबाट नै शब्द सिद्ध हुन्थ्यो । आकाशगृहमा मेरो निवास थियो र ममा नै दशै दिशा फुरेको थियो ।

पवनरूपले म सर्वत्र व्याप्त थिएँ । म नै रूप, आलोक र मनस्कार सबै पदार्थरूप भएर रहेको थिएँ । चन्द्र, सूर्य, तारा, अग्नि, ब्रह्मा, विष्णु, रुद्र र इन्द्र, वरुण, कुबेर, यमराज आदि जगद्रूपले म नै स्थित थिएँ । म नै साकार र निराकाररूप हुँ । चित्-अणु फुरेर जो पञ्चभूत उत्पन्न भएको छ त्यो चैतन्यदेखि भिन्न होइन । म नै हाड, मासु, पृथिवी भएर सबै भूतमा स्थित छु र वायुरूप प्राण, अग्निरूप समिधा र आकाशरूप अवकाश भएर म नै स्थित छु । चैतन्य नै मेरो शरीर हो । जस्तो स्वप्नको सृष्टि आफनै रूप हुन्छ त्यस्तो सम्पूर्ण जगत् चिदाकाशरूप हो । जगत्लाई चित्स्वरूप आफूदेखि भिन्न मान्नु भ्रान्तिमात्र हो । आत्मसत्ता सदा आफैंमा स्थित छ । असम्यग्दर्शीका लागि पदार्थ आफूदेखि भिन्नरूपले भासित हुन्छ । मैले त सम्पूर्ण जगत् आफैंमा देखें । म ब्रह्मरूप थिएँ । त्यसैले आफैंमा जगत् देखें । यदि म ब्रह्मदेखि भिन्न भए मबाट एक तृण पनि उत्पन्न हुँदैनथ्यो । ब्रह्मरूप मबाट नै सृष्टि उत्पन्न हुन्छ ।

जब मैले बोध दृष्टिले हेरें तब आत्मादेखि भिन्न केही देखिएन । अन्तवाहक दृष्टिले हेर्दा स्पन्दनको कारण अणु-अणुमा सृष्टि भासित भयो । जस्तो जहाँ चन्दनको अणु छ त्यहाँ सुगन्ध पनि हुन्छ त्यस्तै जहाँ तत्त्वको अणु छ त्यहाँ सृष्टि पनि हुन्छ । सबै सृष्टि आभासरूप हो । आभास अधिष्ठानमा आश्रित हुन्छ । सबको अधिष्ठान हो ब्रह्मसत्ता जो देश, काल र वस्तुको परिच्छेदले रहित अखण्ड अद्वैतसत्ता हो । त्यसो हुनाले अणु-अणुमा सृष्टि हुन्छ, त्यो अणु ब्रह्मसत्तादेखि भिन्न होइन । सबै ब्रह्मरूप भएको हुनाले सृष्टि पनि ब्रह्मरूप नै हो भनी जान ।

(२०४) आकाशकुटी सिद्धसमाधियोगवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! जब ममा यसप्रकार सृष्टि फुरेको थियो तब मैले त्यो सृष्टिभ्रमलाई त्यागिदिएँ, किनकि त्यो सृष्टि केवल संकल्परूप थियो, वस्तुरूप थिएन । संकल्पलाई खिचेर अन्तर्मुख भएँ, अनि आफ्नो संकल्पद्वारा बनेको जो आकाशकुटी थियो त्यहाँ आएँ । कुटीतिर हेर्दा एकजना मानिस बसेको देखियो । अनि विचार गरें कि यिनी को होलान् ? यस कुटीमा मेरो जो शरीर थियो त्यो कहाँ छ ? फेरि विचार गर्दा थाहा हुन आयो कि यिनी कुनै महासिद्ध पुरुष हुन् । मेरो शरीरलाई मृतक जानेर यिनले फ्याँकि दिए । अनि आफू पद्मासन बाँधेर समाधि लगाईकन आत्मपदमा स्थिर भएर रहेका थिए । उनको मुखमण्डल सूर्य झैं देदीप्यमान थियो । अनि मैले विचार गरें कि यिनलाई यहीं बस्न दिऊँ र आफू आफ्नो स्थान सप्तर्षिमण्डलमा गएर बसौं । जब कुटीको संकल्प त्यागेर आकाशमार्गमा उडदै गएँ, अलि पर पुगेपछि फेरि मनमा विचार आयोकि हेरौं न, ती सिद्धको के दशा भयो होला । फर्केर आएर हेर्छु त त्यहाँ न कुटी थियो, न त सिद्ध नै थिए । त्यो कुटी त मेरो संकल्पबाट बनेको थियो । मैले संकल्प झिकने वित्तिकै कुटी खस्न लाग्यो र त्यसलाई आधार बनाएर बसेका सिद्ध पनि पद्मासन बाँधेको बाँध्यै

कुटी सहित खस्न लागेको देखें। अनि म पनि सिद्धको पछि लागें, तर म स्वाधीन थिएँ र ती सिद्ध चाहिं पराधीन थिए। आकाशबाट तलतिर झर्दै झर्दै दशहजारयोजन तल सुवर्णमय पृथिवीमा उत्रे र पद्मासन भने बाँधेको बाँध्यै थिए। उनको दृढ समाधि टुटेको थिएन।

प्राणले गर्दा शरीरमा हलचल हुन्छ। जब प्राणको निरोध हुन्छ तब शरीर चल्दैन। तिनको शरीर चित्रलिखित शरीर झैं अचल थियो। केही बातचित गर्ने विचारले ती सिद्धलाई समाधिबाट जगाउन कोशिश गरें। मेघ बनेर गडगडाहट शब्द गर्दै मुसलधारे पानी वर्षाएँ, तै पनि बिउँझेनन्। जब असिना बनेर वर्षाएँ, तब विस्तारै समाधि खुल्यो, आँखा हेरे, शरीरका अङ्ग प्रत्यङ्गमा प्राणको सञ्चार भयो। जब मलाई उनले आफ्नो अगाडि देखे तब प्रश्न गर्दै मैले भनें, हे साधो ! तपाईं को हुनुहुन्छ, कहाँ स्थित हुनुहुन्छ, केको निमित्त कुटीमा बस्नु भएको हो ? सिद्धले भने, म स्वरूपमा स्थित छु। जब म प्रकृतभावमा आउनेछु तब स्मरण गरेर सबै कुरा बताउनेछु।

एकछिनपछि स्मरण गरेर सिद्धले भने, हे वसिष्ठजी ! क्षमा गर्नुहोस्, किनकि सन्तको स्वभाव शान्त हुन्छ। मबाट तपाईंको अवज्ञा भएको छ, त्यसकारण क्षमा गर्नुहोला, तपाईंलाई नमस्कार छ। हे मुनीश्वर ! संसार एक नदी हो, यसको प्रवाह अनवरत चलिरहन्छ, कहिले पनि सुक्तैन। चित्तरूपी समुद्रबाट यो प्रवाह निक्लन्छ। जन्म र मरण यसका दुई किनार हुन्। राग-द्वेष यसका तरङ्ग हुन्। भोगको तृष्णा यसको आवर्त (भुमरी) हो। यो भुमरीमा परेर मैले धेरै दुःख पाएँ। हे मुनीश्वर ! सुखको निमित्त देवलोकमा पुगेर दिव्य भोग भोगियो, स्पर्शबाट हुने सुख पनि भोगियो तै पनि मलाई शान्ति मिलेन। जुन सुख चाहन्थें त्यो प्राप्त भएन। जस्तो चातक मेघको बूँद चाहन्छ तर मरुस्थलमा गएर त्यो प्राप्त हुँदैन त्यस्तो विषयको सुखबाट मलाई शान्ति प्राप्त भएन। अनि विचार गरें कि सार कुरा लिनुपर्‍यो। सार कुराको अनुसन्धान गर्दा थाहा भयो कि सार हो आफनै अनुभवस्वरूप आत्मा-यस्तो जानेर म आत्मस्वरूपमा स्थित भएको छु।

हे मुनीश्वर ! जति पनि विषय छन् ती विषरूप हुन्। विषपान गरेर को अमर हुन्छ र। स्त्री, धन आदि मोह र दुःख दिनेवाला हुन् र भुलाएर स्वरूपबाट विचलित गराउनेवाला हुन्। देहरूपी एक नदी छ, त्यसमा बुद्धिरूपी माछो रहन्छ, जब त्यो माछो टाउको बाहिर निकाल्छ अर्थात् विषयको इच्छा गर्छ तब भोगरूपी बकुल्लाले त्यसलाई खाइदिन्छ अर्थात् आत्ममार्गबाट भ्रष्ट पारिदिन्छ। जब भोगरूपी चोर आएर जीवको धन लुटेर लैजान्छ अर्थात् जीवलाई आत्मज्ञानले शून्य तुल्याइदिन्छ तब अनेक शरीर मिलिरहन्छ र जन्मपरम्पराको अन्त हुँदैन। अब म सावधान भएको छु, यी चोरले मलाई लुट्न सक्तैनन्।

हे मुनीश्वर ! खेल्दा खेल्दै वाल्य अवस्था बितेर जान्छ, यौवन अवस्था पनि कामादिमा आसक्त हुँदा हुँदै विजुलीको चमक झैं वितिहाल्छ। जब वृद्ध हुन्छ तब शरीर अशक्त हुन्छ, दाँत झर्छन्, केश पाकेर सेताम्मे हुन्छन्। नानाप्रकार चिन्तामा मग्न हुँदा हुँदै कालले ग्रास गरिहाल्छ। विषयको भोगबाट शान्ति-सुख मिल्दैन। घामले तातेको मानिस जब सुखको इच्छाले सर्पको फणाको मुनि बस्न जान्छ भने त्यसले कसरी सुख पाउला ? विषयबाट सुख पाउन खोजनु सर्पको फणामुनि बस्नु जस्तै हो। त्यसकारण विषय भोगको इच्छा त्यागेर आत्मज्ञानरूपी वृक्षको छहारीको

आश्रय लिएपछि परमशान्ति र सुख प्राप्त हुन्छ । विषयको सेवनबाट दु:ख सिवाय केही हात लाग्दैन । जसले आत्मपदको सेवन गरेको छ त्यसले परमानन्द प्राप्त गर्छ ।

जस्तो नदीको प्रवाह तलतिर जान्छ त्यस्तो मूर्खको मन विषयतिर दगुर्छ । यो संसार मायामात्र हो, यसमा शान्ति छैन । जस्तो मरुस्थलको नदीको जलले प्यास मेटिदैन त्यस्तो विषय भोगबाट कहिले पनि शान्ति मिल्दैन । जुन देहलाई जीव सुखरूप ठान्दछ त्यो रोगको भण्डार हो । विषयको भोग महारोग हो । जीव जसलाई रस भनीकन जान्दछ त्यो विरस हो, जसलाई बान्धव भनी जान्दछ त्यो दृढ बन्धनरूप हो । जसलाई सुखदायक स्त्री भनी जान्दछ त्यो विषवमन गर्ने सर्पिणी हो, उसले टोकेपछि बाँचन सक्तैन अर्थात् आत्मपदमा स्थित हुन सक्तैन । यी सब कुरा मैले सुनेर जानेको होइन, भोगेर र अनुभव गरेर नै जानेको हुँ कि यो संसार मायामात्र हो । म स्वर्गको नन्दनवनमा पनि घुमें, त्यहाँको सुख पनि तुच्छ नै ठानें । मर्त्यलोकमा आएर हेर्दा पाञ्च भौतिक शरीर देखियो । शरीरमा हाड, मासु, रक्त र मूत्र आदि देखें, यस्तो शरीरमा जो अहंप्रत्यय गर्छन् तिनीहरूलाई धिक्कार छ । यो सारा असत्य जानेर म स्वरूपमा स्थित भएको छु । अब मलाई यी विषयले चलायमान गर्न सक्तैनन् ।

हे मुनीश्वर ! मैले अवज्ञा गरेर तपाईंको शरीर जमीनमा खसालिदिएँ । त्यसबेला मैले चर्मदृष्टिले मात्र हेरें, विनाविचार तपाईंको शरीर जमीनमा खसालि दिएँ, यसमा क्षमा गर्नुहोस् । विचारदृष्टिले हेरेको भए भूत, भविष्य र वर्तमान सबै जान्न सकिने थियो ।

(२०५) अन्तरोपाख्यानवर्णन

वसिष्ठले भन्नुभो, हे साधु ! मैले पनि विना विचार तपाईंलाई गिराएँ । यो कुटी मेरो अन्तवाहक संकल्पमा थियो । तब संकल्पलाई खिचेर म आफ्नो स्थान तिर हिंडें तब यो कुटी खस्यो र तपाईं पनि खसनु भयो । अब बितेका कुराको चिन्ता लिनु ठीक छैन । ज्ञानवान् बितेका कुराको चिन्ता लिंदैनन् । जो हुनु थियो त्यो भयो, राम्रै भयो । अब तपाईं जहाँ जाने इच्छा छ त्यहाँ जानोस् र म पनि जान्छु । यसप्रकार चर्चा गरेर हामी दुवै आकाशमार्गमा उड्यौं र परस्पर नमस्कार गरेर अलग भयौं । उनी आफ्नो स्थान तिर गए । म पनि अनेक स्थान हेर्दै आफ्नो स्थानतिर लागें, तर मलाई कसैले जान्दैनथ्यो र देखतैनथ्यो । हे राम ! मैले बताएको वृत्तान्तका उपर तिमी पनि विचार गर ।

रामले सोधे, हे भगवन् ! तपाईंको सिद्धका साथ जो समागम भयो, त्यो आकाशमार्गमा कुन शरीरद्वारा भएको थियो । तपाईंको पाञ्चभौतिक शरीर त पृथिवीमा खसेर चूर्ण भइसकेको थियो, फेरि तपाईं कुन शरीरले विचरण गर्नु भयो ? वसिष्ठले भन्नुभो, हे राम ! अन्तवाहक शरीरद्वारा म विचरण गर्थें, त्यही शरीरले सिद्ध, देवता, इन्द्र, वरुण र कुबेरका स्थानमा घुमें, तर मलाई कोही देखतैनथ्यो, म सबैलाई देखथें । संकल्परचित पुरुषका साथ मेरो व्यवहार भएको थियो ।

रामले सोधे, हे मुनीश्वर ! अन्तवाहक शरीर त इन्द्रियगोचर हुँदैन तब सिद्धका साथ तपाईंको चर्चा कसरी भयो र उनले तपाईंलाई कसरी देखे ? वसिष्ठले भन्नुभो, हे राम ! सिद्धले मलाई यसकारण देखे कि मेरो संकल्प सत्य थियो । मेरो यस्तो स्फुरण भएको थियो कि सिद्धले मलाई

देखून् र मसित चर्चा गरून् । यसप्रकार उनले मलाई देखे, उनको संकल्प मेरो संकल्पसित मिल्यो, तब मलाई जाने । दुई जना सिद्ध छन्, तिनको संकल्प भिन्न भिन्न छ भने एकले अर्कोको संकल्पलाई जान्दैन, तर कसैको यस्तो विशेष संकल्प हुन्छ कि उसले अन्य व्यक्तिको संकल्पलाई जान्न सक्तछ । यद्यपि मलाई देखने उनको संकल्प थिएन तर मेरो दृढ संकल्पले उनको संकल्पलाई मतिर ल्यायो । जो बलवान् छ उसको जय हुन्छ । त्यसैले उनले मलाई देखेका हुन् ।

जो अन्तवाहकमा स्थित हुन्छ उसलाई तिनै कालको ज्ञान हुन्छ, परन्तु व्यवहारमा लागेपछि संकल्परूपता विस्मृत हुन्छ र आँखा अगाडिको वस्तुमात्र देखिन्छ । उनलाई समाधिमा रहनको लागि कुटी खाली गर्नु पर्ने थियो, त्यसैले मेरो शरीरलाई खसालिदिए । मैले पनि संकल्पलाई रहन दिएको भए कुटी खस्तैनथ्यो, किन्तु मेरो अर्कै व्यवहारमा लाग्नुपर्ने भएकोले अन्तवाहक भाव विस्मृत भयो, जसले गर्दा कुटी र सिद्ध दुवै गिरे ।

जब सिद्ध आफ्नो बाटो तिर लागे, अनि म आकाशमार्गमा घुम्न लागें । सिद्ध, देवता, विद्याधर, गन्धर्व, किन्नर, ऋषि, मुनि, वरुण, कुबेर, इन्द्र र यमराजको स्थान हेर्दै गएँ । मलाई कसैले देखतैनथ्यो, म कडा-कडा शब्द गर्थें तर कोही सुन्दैनथ्यो, जस्तो स्वप्नपुरुषको शब्द अरूले सुन्दैन । यसरी पिशाच घुमे झैं म आकाशमार्गमा घुमें ।

रामले सोधे, हे भगवन् ! पिशाचको शरीर, जाति र क्रिया कस्तो हुन्छ र उनको रहने स्थान कस्तो हुन्छ ? वसिष्ठले भन्नुभो, हे राम ! यद्यपि पिशाचको कथा सित कुनै प्रयोजन छैन तापनि तिमीले सोधेको हुनाले बताउँछु, सुन । पिशाचको आकार हुँदैन ता पनि तिनीहरू रूप लिन्छन् । कोही आकाश झैं शून्य हुन्छन्, कोही छायाँ जस्तो भएर भय गराउँछन् । कोही सुंगूर र काकको रूप लिन्छन् । यसरी रूप लिएर हिंड्छन् र सबलाई देखतछन् र जान्दछन्, तर तिनलाई कोही पनि जान्दैन । उनीहरू पनि शीत र उष्णबाट दुःख पाउँछन् र उनीहरूमा पनि इच्छा, द्वेष, लोभ, मान, मोह क्रोध आदि विकार हुन्छन् । उनीहरू पनि शीतल जल र राम्रो भोजनको इच्छा गर्छन् । तिनीहरू नगर, वृक्ष र दुर्गन्धपूर्ण स्थानमा रहन्छन् । कहीं स्याल र कहीं कुकूर भएका देखिन्छन् । कसैको मनमा पनि प्रवेश गर्छन् र मन्त्र, पाठ र दान आदिबाट वशमा पर्छन् । तिनीहरू पनि वासना अनुसार उत्तम, मध्यम र नीच प्रकृतिका हुन्छन् । उत्तम देवताको स्थानमा, मध्यम मनुष्यको स्थानमा र नीच नरकमा रहन्छन् । यिनको उत्पत्ति अचेत्य चिन्मात्रबाट हुन्छ ।

हे राम ! चैतन्यसत्ता नै हो सबैको आफ्नो स्वरूप, त्यो कल्पवृक्षसमान छ । उसमा जस्तो वासना फुर्छ त्यस्तो नै पदार्थ भएर भासित हुन्छ । हे राम ! वास्तवमा न पिशाच छ न जगत् नै छ । ब्रह्मसत्ता जस्ताको त्यस्तै आफू आफूमा नै स्थित छ । शुद्ध आत्मतत्त्वमा किञ्चन 'अहं' भएर फुरेको छ, यसलाई जीव भन्दछन् । त्यस अहंको दृढताले मन फुरेको छ । मन ब्रह्मारूप भएर स्थित छ, ब्रह्माले मनोराज्यबाट जगत्को रचना गरेका छन्, ब्रह्मा जगत्‌रूपले स्थित छन् । ब्रह्मा ब्रह्ममा स्थित छन् । ब्रह्माको शरीर अन्तवाहक (संकल्परूप) हो र केवल आकाशरूप हो, उनको दृढ संकल्पबाट आधि भौतिक जगत् दृढ भएको छ अर्थात् मनबाट मन उत्पन्न भएको छ ।

जस्तो ब्रह्माको शरीर अंन्तवाहक हो त्यस्तो सबैको शरीर अन्तवाहक हो, परन्तु संकल्पको दृढताले आधिभौतिक भासित हुन्छ, यो सब मनोरूप हो र दीर्घ स्वप्न हो । जसको शरीरमा अहंभाव छ उसको लागि जगत् आधिभौतिक भासित हुन्छ र जो प्रबुद्ध छ उसको लागि जगत् संकंल्परूप हो, वास्तवमा केही उत्पन्न भएको छैन । न तिमी छौ, न म छु, न ब्रह्मा छन्, न जगत् छ - सब ब्रह्मरूप हो । जस्तो आकाश र शून्यतामा भेद छैन, त्यस्तो ब्रह्म र जगत्मा कुनै भेद छैन । ब्रह्मा र जगत् दुवै अज (उत्पन्न नभएका) हुन् र दुवै ब्रह्मरूप हुन्, भिन्न देखनु भ्रान्तिमात्र हो । पञ्चभूत र छैटौं मनको नाम हो जगत् । जहाँसम्म आफूमा भूत देखिन्छन् त्यहाँसम्म भ्रान्ति हो, यसबाट रहित भए केवल चैतन्य भासित हुन्छ, तब यसको नाम परमपद हो । जब आत्मपदमा जाग्दछौ तब पञ्च भूत पनि आत्मादेखि भिन्न देखिंदैन । सबको अधिष्ठान चैतन्यसत्ता हो ।

जहाँसम्म आत्माको प्रमाद छ त्यहाँसम्म संसार-भ्रम मेटिंदैन । सब जगत् निराकार संकल्पमात्र हो, परन्तु संकल्पको दृढताले आकाशमा स्थूल भूत देखिन्छन् । ज्ञानकालमा अथवा अज्ञानकालमा जगत् उत्पन्न भएको छैन, तर अज्ञानीको लागि दृढरूपले भासित हुन्छ । जस्तो कसैले मनोराज्यद्वारा नगरको रचना गऱ्यो, त्यो नगर उसैको हृदयमा छ, अन्यत्र कहीं देखिंदैन त्यस्तो जहाँसम्म जीव अज्ञाननिद्रामा सुतेको हुन्छ त्यहाँसम्म जगत् भासित हुन्छ तर जब जाग्दछ तब आकाशरूप देखिन्छ । आफ्नो संकल्पले आफूलाई बाँध्दैन । स्वरूपको प्रमाद नभएकोले ब्रह्माको संकल्पले उनलाई बन्धन गर्दैन ।

आत्मा नै हो सत्य वस्तु, त्यसदेखि भिन्न कुनै वस्तु सत्य होइन । जगत्को आदि, मध्य र अन्त छैन । जगत्को हुनु, नहुनु केही छैन - आत्मसत्ता आफैंमा स्थित छ । आफू नै सर्वात्मा हो, तब रागद्वेष कसको हुने ? आत्माको किञ्चनरूप संवेदन फुर्नाले जगत् देखिन्छ । संकल्पको दृढताले जगत् आधिभौतिक भएर भास्तछ । यो जगत् ब्रह्माको संकल्परूप हो । चन्द्र, सूर्य, रुद्र, वरुण, कुबेर आदि सब संकल्परूप हुन् किन्तु संकल्पको दृढताले आधि भौतिक भास्तछन् ।

हे राम ! आकाशमा एक आकाश क्षेत्र छ जसमा शिला उत्पन्न हुन्छ । स्वर्गलोक र देवता बृहत् शिला हो । त्यसमा एक उज्जल शिला छ त्यो हो ज्ञानवान् । मध्यम शिला हो मनुष्य र अधम शिला हो तिर्यक् आदि योनि । जगत् हो निष्कारण । अद्वैत आत्मा सदा आफैंमा स्थित छ, केही उत्पन्न भएको छैन । आत्मादेखि भिन्न केही छैन, भ्रान्तिले भिन्न जस्तो भासित हुन्छ । जस्तो फेन, बुदबुद, तरङ्ग सब जलरूप हो त्यस्तो सब जगत् आत्मरूप हो । जस्तो स्वप्नको सृष्टि अकारण हुन्छ त्यस्तो यो जगत् कारणविना संकल्पले उत्पन्न भएको छ । जसरी ब्रह्मा आदि उत्पन्न भए त्यसैगरी पिशाच पनि प्रकट भए । आत्मामा जस्तो किञ्चन फुर्छ त्यस्तो भासित हुन्छ, वास्तवमा कुनै जगत् उत्पन्न भएको छैन, सब भ्रममात्र हो । न पृथ्वी आदि तत्त्व कहीं उत्पन्न भएको छ, न ब्रह्मा कहीं उत्पन्न भएका छन्, न कुनै जगत् उत्पन्न भएको छ, सब भ्रममात्र हो । जति शरीर देखिन्छन् ती सब निर्वपु (निराकार) हुन्, चेतनताले फुरेका हुन् । जस्तो ब्रह्माको अन्तवाहक शरीर थियो त्यस्तो सबै जीवको आदिमा अन्तवाहक शरीर हुन्छ, परन्तु संकल्पको दृढताले आधि भौतिक भास्तछ ।

प्रतिजीवको संकल्प भिन्न भिन्न हुन्छ भने कसरी ती जीव एकत्र देखिन्छन् ? यसको उत्तर सुन । जस्तो एक नगरवासी अर्को नगरमा जाँदा ती दुई नगरवासी एकत्र बसेका देखिन्छन् त्यस्तै संकल्प भिन्न भिन्न भएर पनि जीव एकत्र बसेका देखिन्छन्, तर एकको सृष्टिलाई अर्कोले जान्दैन । जीवले आन्तवाहक भावलाई भुल्यो र आधि भौतिक भाव दृढ भयो । अनुभवस्वरूपमा जस्तो अभ्यास हुन्छ त्यस्तै देखिन्छ । जहाँ पिशाच छ त्यहाँ अन्धकार हुन्छ । मध्यान्हको प्रकाशमा पनि पिशाच अगाडि आयो भने अन्धकार हुन्छ, पिशाच तमोरूप हो । भित्र जस्तो निश्चय छ बाहिर त्यस्तै देखिन्छ । मेरो त सदा आत्माको नै निश्चय छ, त्यसैले सदा आत्मतत्त्वको नै भान हुन्छ । जस्तो पिशाचहरू पाञ्च भौतिक शरीरले रहित भएर चेष्टा गर्छन् त्यस्तै म पाञ्च भौतिक शरीरले रहित भएर आकाशमा चेष्टा गर्छु ।

(२०६) अन्तरोपाख्यानसमाप्ति

वसिष्ठले भन्नुभो, हे राम ! म चिदाकाश हुँ, त्यसो हुनाले पाञ्चभौतिक शरीरले रहित अन्तवाहक शरीरले भ्रमण गर्थें, मलाई कसैले देख्तैनथ्यो । सूर्य, सहस्राक्ष इन्द्र, सिद्ध, गन्धर्व, ऋषीश्वर, मुनीश्वर, ब्रह्मा, विष्णु र रुद्रहरू पनि मलाई चर्मदृष्टिले देखन सक्तैनथे, म चाहिं सबैलाई हेर्दै घुमदथें । यसरी धेरै कालसम्म घुमिसकेपछि मलाई यस्तो इच्छा भयो कि यिनीहरूले पनि मलाई देखन सकून् । मेरो सत्य संकल्प थियो । सबैले मलाई देखन लागे । मलाई कसैले पृथ्वीबाट उत्पन्न र कसैले वायुबाट उत्पन्न वसिष्ठ भन्थे । कसैले सप्तर्षिमण्डलका तेजोमय वसिष्ठ भने । अब उनीहरूसित मेरो व्यवहार हुनलाग्यो । भावनाको दृढताले मलाई पाञ्च भौतिक शरीरमा देखे । मेरो बसिष्ठ भन्ने नाम पनि रज्जुसर्प झैं भ्रमरूप हो । अरूले मलाई वसिष्ठको रूपमा देखछन् । मेरो दृष्टिमा म त सदा चिदाकाशरूप हुँ । मेरो स्वरूपमा नै सदा अहंप्रत्यय रहन्छ, स्वरूपदेखि भिन्न कुनै द्वैत भासित हुँदैनथ्यो । अज्ञानले स्वप्नको मानिसलाई जीव आधिभौतिक देख्तछ त्यस्तै उनीहरू मलाई साकार देख्तछन् । तिमी जस्ता ज्ञानी पनि मलाई साकार देख्तछौं, तर मलाई त आधिभौतिक र अन्तवाहक दुवै शरीर चिदाकाशको किञ्चनरूप भास्तछ । म सदा अद्वैतरूप हुं र निराकार हुं ।

हे राम ! बाहिर हेर्दा तिम्रो र मेरो चेष्टा समान छ, परन्तु मेरो सदा आत्मपदको निश्चय छ, त्यसकारण म जीवन्मुक्त भएर विचरण गर्छु । अज्ञानीको क्रियामा द्वैत भास्तछ, मेरो भने क्रिया र अक्रियामा पनि अद्वैत नै भास्तछ । ब्रह्मालाई पनि म ब्रह्मरूप जान्दछु र उनको संकल्परूप जगत् पनि ब्रह्मरूप हो । अहंफुर्नाले स्वप्नको सृष्टि झैं जाग्रत्को सृष्टि हुन्छ, त्यो संकल्पमात्र हो । वास्तवमा केही उत्पन्न भएको छैन । जो कुछ भास्तछ त्यो अज्ञानले सिद्ध छ । ज्ञानले जगद्भ्रम निवृत्त हुन्छ ।

हे राम ! अज्ञान नै जगद्भ्रमको कारण हो । अज्ञान निवृत्तिको उपाय यो हो कि योगवासिष्ठ महारामायणको विचार गरोस्, त्यसबाट संसार-भ्रम निवृत्त हुनेछ । यो संसार आविद्यक किंवा वासनामात्र हो, जो यसलाई सत्य मानेर त्यतातिर दगुर्छन् ती परमार्थले शून्य मूढ चञ्चल वानर

हुन् । जसको सदा भोगको इच्छा रहन्छ ती नीच पशु हुन्, तिनको संसारबाट उठनु कठिन छ, किनकि तिनको हृदयमा सदा तृष्णा रहन्छ । तिनलाई वैराग्य प्राप्त हुँदैन ।

हे राम ! भोग त ज्ञानवान् पनि भोग्छन्, किन्तु तिनीहरू भोगबुद्धिले भोग्दैनन्, प्रवाहपतित अर्थात् प्रारब्धवेगले प्राप्त भोग भोग्छन् र तिनीहरू जान्दछन् कि 'गुणा गुणेषु वर्तन्ते' - गुणमा गुण रहन्छन् । तिनीहरू इन्द्रियसहित भोगलाई भ्रान्तिमात्र भनी जान्दछन् । अज्ञानीहरू आसक्त भएर भोग्छन् र तृष्णा लिन्छन्, भोगको तृष्णाले तिनको हृदय जलिरहन्छ - यसैको नाम बन्धन हो । भोगको तृष्णाले गर्दा अज्ञानीको जगद्भ्रम कहिले पनि मेटिदैन । ज्ञानवान् सदा आत्मतृप्त रहन्छन्, त्यसैले शान्तरूप हुन्छन् । जसको आत्मपद प्राप्त गर्ने इच्छा छ तिनले सत्संग, शास्त्रको श्रवण र विचार गर्नुपर्छ, यस्तो अभ्यासले आत्मपद प्राप्त हुन्छ । यो शास्त्रको विचार परमपद प्राप्त गराउन समर्थ हुन्छ । यसलाई त्यागेर जो अरू शास्त्रतिर लाग्छन् ती मूर्ख हुन् । बाल्मीकिले भन्नु भो, हे भरद्वाज ! वसिष्ठले यति भनेपछि सायंकाल भयो, सबै श्रोता परस्पर नमस्कार गरेर आ-आफना स्थानतिर लागे र अर्को दिन सूर्योदय पछि आएर आफ्नो स्थानमा समासीन भए ।

(२०७) मुक्तसंज्ञावर्णन

वसिष्ठले भन्नुभो, हे राम ! तिमीलाई यो जो अन्तरोपाख्यान सुनाएँ, यसको विचारबाट जगद्-भ्रम नष्ट हुनेछ । विचार गरेर हेर्‍यौ भने आत्मामा अनन्त ब्रह्माण्ड अडेको देखनेछौ । वास्तवमा आत्मामा जगत् भन्ने केही छैन, त्यसकारण मेटिनु भन्ने कुरा पनि छैन । चित्तको स्फुरणबाट जगत् भास्छ, जब चित्तको स्फुरण अधिष्ठानमा लीन हुन्छ तब अद्वैत तत्त्व आत्मा नै भासित हुन्छ । अद्वैततत्त्वमा जगत् भ्रमले देखिन्छ । ज्ञानवान्‌को दृष्टिमा सदा अद्वैत नै अनुभूत हुन्छ । जगत्, म, तिमी सब चिदाकाश हो । आत्मादेखि भिन्न केही छैन, आत्मसत्ता नै जगत् भएर देखिन्छ । जस्तो स्वप्नमा आफ्नो अनुभव नै स्वप्नको सृष्टि भएर भास्तछ, त्यो अनुभवरूप नै हो त्यस्तै यो जगत् पनि चिदाकाशरूप हो । नानाप्रकार विकार देखिए तापनि तिनमा आत्मसत्ता अनुस्यूत र अखण्डरूपमा रहेको छ, आत्मसत्ता र जगत्‌मा कुनै भेद छैन । जस्तो सुवर्ण र भूषणमा भेद हुँदैन त्यस्तै ब्रह्म र जगत्‌मा कुनै भेद छैन । ब्रह्म नै चेतनताले जगद्रूप भएर देखिन्छ । जस्तो समुद्र र तरङ्गमा भेद छैन त्यस्तो ब्रह्म, जगत् र अनुभव यी तीनमा कुनै भेद छैन, असम्यग्-दृष्टिले भेद भास्तछ तापनि सम्यग्-दृष्टिले हेरेमा कुनै भेद छैन ।

आत्मा निराकार, अविनाशी चिदाकाशरूप हो, त्यो न जन्मन्छ, न मर्छ, नशस्त्रले काटिन्छ, न अग्निले जल्छ, न पानीमा डुब्छ, न हावाले सुक्छ । आत्मा चेतनरूप हो । यदि चेतनको पनि मृत्यु हुन्छ भने पिताको मरण हुँदा पुत्रको पनि मरण हुनुपर्ने अर्थात् एकको मरणमा सबै मर्नुपर्ने, त्यो त हुँदैन, किनभने आत्मसत्ता चेतन, एक र सर्वत्र अनुस्यूत भएर पनि अमर छ । आत्मामा कहिले पनि जन्ममरणादि विकार हुन सक्तैन । सम्पूर्ण विश्व भस्म भए तापनि आत्मा भस्म हुँदैन । आत्मा नित्य, शुद्ध, अनन्त र अच्युतरूप हो । आत्मा कहिले पनि स्वरूपबाट अन्यथाभावमा प्राप्त हुँदैन । जगत्‌को उत्पत्ति प्रलय आदि क्षोभले आत्मालाई स्पर्श गर्दैन । बुद्धिपूर्वक निर्विकार अखण्ड आनन्दस्वरूप आत्मामा स्थित हुनुलाई मुक्त भन्ने संज्ञा दिइएको छ ।

हे राम ! म ब्रह्मरूप हुँ अर्थात् सबमा अहंरूप, निराकार अखण्ड म नै हुँ । मेरो जन्म छैन, मरण छैन, मेरो सुखको इच्छा छैन, हर्ष, शोक छैन, न बाँचने इच्छा छ, न मर्ने इच्छा छ । जस्तो रज्जुमा सर्प र सुवर्णमा भूषण कल्पित छ त्यस्तै आत्मामा वसिष्ठ भन्ने नाम र रूप कल्पित हो । म देश, काल र वस्तुको परिच्छेदले रहित अनन्त आत्मा, नित्य, शुद्ध र बोधरूप हुँ । सबैको वास्तव स्वरूप आत्मतत्त्व नै हो, परन्तु प्रमादले अवस्तु भावमा प्राप्त भए झैं भासित हुन्छ ।

हे राम ! जो पुरुष स्वरूपमा स्थित छैन र संसारको मार्गमा दृढ छ त्यसको बाँचनु व्यर्थ छ, त्यसले श्वास फेर्नु पनि लोहारको खलाँतीले श्वास फेर्नु जस्तै व्यर्थ छ । ती अज्ञानी घटीयन्त्र झैं वासनामा भटकिरहन्छन् र कहिले पनि आत्मानन्द प्राप्त गर्न सक्तैनन् । जसको आत्मपदमा स्थिति भएको छ तिनीहरूलाई कहिले पनि दुःखले स्पर्श गर्दैन । प्रलयकालको हावा बहोस्, पुष्करमेघको वर्षा होस्, वडवाग्नि उत्थित होस्, द्वादश सूर्य उदाउन्, - यस्तो क्षोभमा पनि ज्ञानी चलायमान हुँदैनन् किनकि उनी आफूलाई ब्रह्मस्वरूप भनी जान्दछन् र उनलाई आत्मस्वरूपदेखि भिन्न कुनै कुरा भास्तै भास्तैन ।

रामले सोधे, हे भगवन् ! स्वर्ग, मर्त्य र पातालमा को बुद्धिमान् छन् र ककसले विचारद्वारा आत्मसाक्षात्कार गरेका छन् ? वसिष्ठले भन्नुभो, हे राम ! जगत्मा धेरै जसो विषयतृष्णाले जलेका छन् र इष्टप्राप्तिमा हर्ष र अनिष्टप्राप्तिमा शोक गरेर रहन्छन् । सर्वश्रेष्ठ भनिने देवताहरू पनि विषयरूपी अग्निमा जलेका छन् । जस्तो कीरा अशुभ स्थानमा रमाउँछन् त्यस्तो देवता पनि भोगरूपी अपवित्र स्थानमा आफूलाई प्रसन्न मान्छन् । मेरो मतमा त तिनीहरू पनि दुर्गन्धका कीरा हुन् । गन्धर्वहरू पनि मूढ हुन्, तिनीहरू मृग झैं सदा रागमा उन्मत्त भएका हुनाले आत्मपदबाट विमुख हुन्छन् । सिद्धहरू पक्षी झैं आकाशमा उड्न सक्छन् तापनि अभिमानले गर्दा वास्तव स्वरूपमा स्थित हुन सक्तैनन् । यक्षहरू पनि धनको अभिमानमा डुबेका हुनाले आत्मपदमा स्थित हुन सकेका छैनन् । मनुष्यहरू घर बनाउन र खान लाउनको लागि धन कमाउने यत्नमा जुटेका र विषयमा डुबेका हुन्छन्, त्यसो हुनाले आत्मपदमा स्थित हुन सकेका छैनन् । पातालका नागहरू पनि नागिनीमा आसक्त भएका हुनाले आत्मानन्दबाट गिरेकै छन् । सारा प्राणीहरू वैषयिक सुखमा आसक्त भएका हुनाले आत्मपदबाट विमुख छन् । सबै जातिमा जीवन्मुक्त ज्ञानी विरलै हुन्छन् ।

देवतामा ब्रह्मा, विष्णु र रुद्र सदा आत्मानन्दमा मग्न रहन्छन् । चन्द्रमा, सूर्य, अग्नि, वायु, इन्द्र, धर्मराज, वरुण, कुबेर, बृहस्पति, शुक्र, नारद र कच आदि जीवन्मुक्त हुन् । सप्तऋषि, दक्षप्रजापति, सनक, सनन्दन, सनत्कुमार र सनातन जीवन्मुक्त हुन् । सिद्धमा कपिलमुनि, यक्षमा विद्याधर र योगिनी, दैत्यमा हिरण्यकशिपु, प्रल्हाद, बलि, विभीषण, इन्द्रजित्, सारमेय, वृत्रासुर र नमुचि आदि जीवन्मुक्त हुन् । मनुष्यमा राजर्षि र ब्रह्मर्षि, नागमा शेषनाग, वासुकिनाग आदि जीवन्मुक्त हुन् । ब्रह्मलोक, विष्णुलोक र शिवलोकमा कोही कोही विरल जीवन्मुक्त छन् । जस्तो सबै ठाउँमा वृक्ष धेरै पाइन्छन् तर कल्पवृक्ष थोरै हुन्छन् त्यस्तै संसारमा अज्ञानी धेरै छन् ज्ञानी विरलै पाइन्छन् ।

(२०८) जीवन्मुक्तको व्यवहार

वसिष्ठले भन्नुभो, हे राम ! जो विवेकी विरक्तचित्त पुरुष छन्, जसको स्वरूपमा स्थिति भएको छ, यस्ता ज्ञानी पुरुषका राग, द्वेष, काम, क्रोध, मोह, अभिमान, दम्भ आदि विकार स्वाभाविकरूपले नष्ट भएर जान्छन् । जस्तो वाण देखेपछि कौवा भाग्छन् त्यस्तो विवेकरूपी बाण देखेपछि विकाररूपी कौवा भाग्छन् । विवेकी पुरुषमा यी गुण स्वाभाविकरूपले रहन्छन् किनकि उहाँहरू कसैका उपर क्रोध गर्नुहुन्न, कदाचित् क्रोध आए तापनि कुनै निमित्तले आएको हुन्छ । उनको हृदयमा सदा शान्ति र दया रहन्छ । उनको नजीकमा आएपछि शीतलताको अनुभव हुन्छ । जीवन्मुक्त पुरुष नजीकमा आउनेलाई विश्राम दिनुहुन्छ र उसको कामना पूर्ण गरिदिनुहुन्छ । ज्ञानवान्लाई हेयोपादेयको विधि थाहा हुन्छ र उहाँहरू यथाशास्त्र चेष्टा गर्नुहुन्छ । ज्ञानवान् स्नान, दान आदि शुभक्रिया स्वाभाविकरूपले सम्पन्न गर्नुहुन्छ । उहाँमा उदारता, वैराग्य, धैर्य, शम, दम आदि गुण स्वाभाविकरूपले रहन्छन् । जसमा यी शुभ गुणावली पाइन्छन् ती सन्तजन कहिन्छन् । सन्तजनको संगतबाट सजिलोसित संसारसमुद्र तर्न सकिन्छ ।

ज्ञानवान्को हृदय स्वरूपबाट चलायमान हुँदैन । उहाँहरू आफ्नो स्वरूपमा स्थिर भएर रहनु हुन्छ । जसको सन्तको संगति प्राप्त हुन्छ त्यो पनि सन्त भइहाल्छ । जस्तो अग्निसित मिलेपछि अन्य पदार्थ पनि अग्निरूप भइहाल्छ त्यस्तो सन्तको संगतबाट असन्त पनि सन्त भइहाल्छ । मूर्खको संगतले साधु पनि मूर्ख हुन्छ । त्यसकारण दुर्जनको संगति सर्वथा त्याज्य छ र सन्तको संगति कर्तव्य छ । परमहंस साधुमा यौटामात्र पनि शुभ गुण छ भने त्यसलाई ग्रहण गर्नुपर्छ, परन्तु साधुको दोष हेर्नुहुदैन । जस्तो भ्रमर केतकीको काँडाको वास्ता गर्दैन र सुगन्ध लिन्छ त्यस्तो साधुको गुण लिनुपर्छ, दोष हेर्नुहुँदैन । हे राम ! संसारमार्गको त्याग गरेर सन्तजनको संगत गर तब संसारभ्रम निवृत्त हुनेछ ।

(२०९) परमार्थरूपवर्णन

रामले प्रश्न गरे, हे भगवन् ! हामीहरूको दुःख त सत्शास्त्र, सत्संग र तीर्थस्नान, दान, जप, पूजा आदिबाट निवृत्त हुन्छ तर अरू जीव कीट, पतङ्ग, पशु, पक्षी आदिको दुःख कसरी निवृत्त हुन्छ ? वसिष्ठले भन्नुभो, हे राम ! जो वास्तव सत्ता छ उसको नाम ब्रह्म हो, त्यो अखण्ड अद्वैतरूप छ उसमा कुनै द्वैतको विभाग छैन, परन्तु उसमा जो किञ्चनरूप चित्त -आभास -फुरेको छ, त्यो स्फुरण नै नानात्व जस्तो भएर भासित हुन्छ, वास्तवमा केही भएको छैन । जस्तो स्वप्नमा सृष्टि देखिन्छ त्यो भएको होइन, निद्रादोषले देखिन्छ त्यस्तो यो जाग्रतको सृष्टि वास्तवमा नभईकन पनि अज्ञानले भासित हुन्छ । वास्तवमा सबै जीव ब्रह्मरूप हुन्, प्रमादले जीवभाव अङ्गीकृत भएको छ । अनात्म देहादिमा आत्माभिमान गरेर जीव जस्तो निश्चय गर्छ त्यस्तै गति पाउँछ । अनुभवसत्तामा देश, काल, क्रिया र द्रव्यको जस्तो संकल्प दृढ हुन्छ त्यस्तै भासित हुन्छ । अनुभवसत्तामा चार अवस्था कल्पित हुन्छन्, ती हुन् (१) घनसुषुप्ति (२) क्षीणसुषुप्ति (३) स्वप्न र (४) जाग्रत् । पर्वत, पाषाण घनसुषुप्तिमा छन् । जस्तो सुषुप्तिमा केही फुर्दैन र जडीभूत हुन्छ त्यस्तै

यिनीहरू घनसुषुप्तिमा स्थित छन् । वृक्ष क्षीणसुषुप्तिमा स्थित छन्, यिनीहरूमा केही स्फुरण हुन्छ । पक्षी, कीट, पतङ्ग आदि तिर्यक् जीव स्वप्नावस्थामा स्थित छन् । जस्तो स्वप्नमा पदार्थ देखिन्छ तर स्पष्ट हुदैन त्यस्तै यिनीहरूमा पनि सूक्ष्म ज्ञान रहन्छ । मनुष्य र देवता आदि जाग्रत् अवस्थामा स्थित हुन्छन् । यिनीहरूमा पदार्थको ज्ञान स्पष्ट हुन्छ ।

मनुष्य, देवता, पशु, पक्षी सबको आ-आफ्नो भिन्न भिन्न संकल्प हुन्छ । जस्तो संकल्प दृढ हुन्छ त्यस्तै स्वरूप भासित हुन्छ । मनुष्यमा जस्तो राग, द्वेष, हर्ष, शोक, क्षुधा, तृषा, अहंकार आदि विकार हुन्छ त्यस्तै कीट, पतङ्ग आदिमा पनि हुन्छ, फरक यति छ कि हामी जगत्लाई जति स्पष्ट देख्छौं उनीहरू त्यति स्पष्ट देखतैनन् । वासना अनुसार न्यूनाधिक भास्तछ र दु:खको अनुभव स्थावर, जङ्गम सबैमा हुन्छ । आगो लाग्नाले वृक्ष, पाषाण पनि जल्छन्, उनीहरूलाई पनि दु:ख हुन्छ । जस्तो शस्त्र प्रहार गरेपछि शरीर नष्ट हुन्छ भन्ने दु:ख मनुष्यलाई हुन्छ त्यस्तै वृक्षलाई पनि हुन्छ, परन्तु घनसुषुप्ति, क्षीणसुषुप्ति, स्वप्न र जाग्रत्को भेद छ । स्वरूपको प्रमादले गर्दा जीव भय, क्रोध, लोभ, मोह, जरा, मृत्यु, क्षुधा, तृषा, हर्ष, शोक, इच्छा आदि विकारले जलिराखेका हुन्छन् र आत्मानन्द प्राप्त गर्न नसकेर घटीयन्त्र झैं वासना अनुसार भटकिरहन्छन् । जब पापवासना दृढ हुन्छ तब जीव पाषाण र वृक्षयोनि प्राप्त गर्छन्, जब क्षीणवासना तामसी बन्छ तब निर्यक् पक्षी, सर्प र कीटयोनि प्राप्त गर्छन् । राजसी वासनाले जीव मनुष्य हुन्छन् र सात्त्विकी वासनाले देवता हुन्छन् । जब जीव मनुष्यशरीर पाएर निर्वासनिक हुन्छ तब मुक्ति प्राप्त गर्छ । जब ज्ञानको उत्पत्ति हुन्छ तब जीवका दु:ख नष्ट हुन्छन्, दु:खनाशको अन्य उपाय छैन । जब आत्मज्ञान उत्पन्न हुन्छ तब जगद्-भ्रम मेटिन्छ । मसित सोधछौ भने त वास्तवमा न कुनै देवता छ, न मनुष्य छ, न पशु छ, न पक्षी छ, न पाषाण छ, न वृक्ष छ, न कीट छ, सब चिदाकाशरूप हो, दोस्रो केही बनेको छैन, भ्रान्तिले नाना रूप भासित हुन्छन् । सर्वदा सबप्रकार आत्मसत्ता आफैमा स्थित छ ।

अज्ञानीको प्रमाददोषले द्वैतमा सत्यताबुद्धि हुन्छ, ज्ञानीको द्वैत भासित हुँदैन । जस्तो सूर्य अन्धकार देखतैनन् त्यस्तो हामी द्वैत देखतैनौं । ज्ञानी ब्रह्मदेखि भिन्न केही देखनुहुन्न, उहाँ सर्वत्र ब्रह्मदर्शन गर्नुहुन्छ ।

(२१०) नास्तिकवादि-निराकरण

रामले भने, हे भगवन् ! हजूरले जो बताउनुभयो त्यो मैले जानें, अब मेरो प्रश्न छ कि नास्तिकवादीको कल्याण कसरी हुन्छ, उनीहरू भन्छन् कि बाचुन्जेल सुखको भोग गर्नुपर्छ, मरेपछि जब शरीर भस्मीभूत हुन्छ तब आउनु-जानु केही रहँदैन ।

वसिष्ठले भन्नुभो, हे राम ! अखण्ड आत्मसत्ता आकाश झैं सर्वत्र व्याप्त छ, जहाँसम्म उसको भान हुँदैन त्यहाँसम्म मनको ताप नष्ट हुँदैन । जब आत्मसत्ताको भान हुन्छ तब शान्ति प्राप्त हुन्छ र मानिस आफूलाई अमर जान्दछ । जसले आफूलाई अखण्ड चैतन्यरूपले अनुभव गरेको छ उसलाई दु:खले स्पर्श गर्दैन, त्यो ब्रह्मदर्शी कहिन्छ । महाप्रलयरूप आत्मामा सबै शब्दको अभाव छ । यस्तो आत्मतत्त्वको निश्चय जसको हुन्छ उसमा शब्दको अभाव हुन्छ त्यो महाज्ञानवान् हो ।

उसको सर्बत्र आत्मसत्ता नै भासित हुन्छ। त्यो हाम्रो उपदेशको पात्र हुँदैन। जसको यस्तो अवस्था प्राप्त भएको छैन त्यो उपदेशको अधिकारी हुन्छ।

आत्मसत्ता सर्वत्र व्यापक छ, उसमा जस्तो निश्चय फुर्छ त्यस्तै अहंप्रत्ययको भावना दृढरूपले भासित हुन्छ। जुन पदार्थको दृढ अभ्यास हुन्छ त्यो शरीर छुटेपछि पनि धारणारूपले रहिरहन्छ, तर आत्मसत्ता ज्ञानमात्र, अद्वैतरूप हो र सबैको आफ्नो स्वरूप हो। जसको स्वरूपज्ञान दृढ भएको छ ऊ शास्त्रको विधि-निषेधको अधीन हुँदैन। उसको निश्चयमा आत्मादेखि भिन्न शब्दको अभाव हुन्छ, देह रहे पनि वा नरहे पनि उसको आत्मानात्मविभागको कलना रहदैन। जसको संवित् जगत्‌को शब्द -अर्थमा बाँधिएको छ तिनको पदार्थमा राग-द्वेष उत्पन्न हुन्छ। जस्तो सुषुप्तिमा पनि आत्मसत्ता विद्यमान छ तर नभए जस्तो भान हुन्छ त्यस्तो नास्तिकवादी आफूलाई जडस्वरूप देख्छन् किनकि उनको जडशून्यताको नै अभ्यास छ, तिनको संवित् दृश्यसुखले बाँधिएको हुन्छ, त्यसैले तिनको जगद्-भ्रम मेटिँदैन। तिनको संवित् मलिन वासनाले युक्त हुन्छ, त्यसैले तिनीहरू जड पत्थरको रूपमा प्राप्त हुन्छन् र जडताको भोग गरेर वासना अनुसार फेरि दुःख भोग्छन्। शून्यवादी वृक्ष, पाषाण, पर्वत आदि जड योनि प्राप्त गर्छन्। सदा प्राप्त अनुभवस्वरूप आत्मालाई त्यागेर जो अरू वस्तुलाई इष्ट मान्छन् ती मूर्ख हुन्, तिनलाई आत्मसुख प्राप्त हुँदैन। आत्माको प्रमादले अहं, त्वं, भित्र, बाहिर आदि शब्द भासित हुन्छन्। जब आत्मज्ञान हुन्छ तब सब शब्द आत्मरूप हुन्छन्। जसले आत्मा र अनात्माको निर्णय गरेर आत्मामा अहंप्रतीति गरेको छ र अनात्माको त्याग गरेको छ, ती महापुरुष हुन्, तिनलाई नमस्कार छ।

हे राम ! तिमी आफ्नो अनुभवस्वरूपमा स्थित भएर हेर, सब ब्रह्मरूप हो, जगत् केही बनेको छैन। सर्वात्मक ब्रह्म नै साध्य हो। जस्तो शरत्कालको आकाश शुद्ध र निर्मल हुन्छ त्यस्तो आत्मा स्फुरणरूप बादलले रहित परमशुद्ध र शान्तरूप छ, त्यसमा स्थित भएपछि मान र मोहको अभाव हुन्छ र कुनै पदार्थको तृष्णा रहदैन। ज्ञानी प्रारब्धले जो प्राप्त हुन्छ त्यो भोग गर्छ। आत्मदृष्टिसम्पन्न भएको ज्ञानी दुःखरहित भएर प्रत्यक्ष आचार र व्यवहार गर्छ। उसलाई शास्त्रको दण्डले स्पर्श गर्दैन, ऊ परमशान्तरूप भएर विराजमान हुन्छ।

(२११) परमोपदेशवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! म चिदाकाशरूप हुँ र द्रष्टा, दर्शन र दृश्यरूप जो त्रिपुटी भासित हुन्छ त्यो पनि चिदाकाशरूप हो। आत्मसत्ता नै त्रिपुटीरूप भएर भासित हुन्छ - दोस्रो वस्तु केही छैन। जो नास्तिक परलोक छैन, आत्मसत्ता छैन भन्छन् ती मूर्ख हुन्। नास्तिकबादी जो नास्ति भन्छन् त्यो अस्ति (साक्षी) विना सिद्ध हुँदैन। त्यो अस्ति आत्मपद हो। सत्, आत्मा, विष्णु, शिव, चिदाकाश, ब्रह्म, अहं ब्रह्म र अस्मि - यी सब अस्तिरूप आत्मपदका नै नाम हुन् भनी शास्त्रकार भन्दछन्।

अज्ञानीहरू जगत्‌का पदार्थमा कसैलाई इष्ट र कसैलाई अनिष्ट कल्पना गरेर राग-द्वेषयुक्त हुन्छन्। अज्ञानबाट मन उत्पन्न हुन्छ र मनको स्फुरणबाट जगत् खडा हुन्छ, त्यसकारण जगत्

मिथ्या हो । जब आत्मज्ञान हुन्छ तब मनुष्य, देवता, हात्ती, नाग आदि सबै स्थावर-जङ्गम जगत् आत्मरूप देखिन्छ, अनि कुनै पदार्थमा पनि राग-द्वेष हुँदैन ।

संसारमा 'म जन्मेको छु', 'म बाँचेको छु', र 'म मर्नेछु' - यी तीन कुरा हुन्छन् । जो पहिले थिएन र पछि उत्पन्न भयो त्यसलाई जन्म भन्दछन्, बीचमा रहनुलाई बाँचेको भन्छन् र नाश हुनुलाई मृतक (मरेको) भन्छन् । तर आत्मामा यी तीन विकार छैनन् । आत्मा उत्पन्न भएको छैन किनकि त्यो आदिमा नै सिद्ध छ । अविनाशी भएको हुनाले आत्माको मृत्यु हुँदैन । चिदाकाश सबैको र कालको पनि अधिष्ठान भएकोले उसको नाश संभव छैन । आत्मा उदय र अस्तले रहित छ । आत्मामा देश, काल र वस्तु कल्पित छन् । कल्पित वस्तुबाट सत्य वस्तुको नाश हुँदैन ।

दुःखनाशको उपाय यो हो कि 'म छैन' अथवा 'सब म नै हुँ' यस्तो जान्नु । सारा वासना त्यागेर आफूलाई अविनाशी चैतन्य जान र आत्मसत्तामा स्थित होऊ । यो सम्पूर्ण जगत् तिम्रै रूप हो । जब यसरी आफूलाई जान्दछौ तब शरीरको त्याग हुँदा र शरीर रहेकै बेलामा पनि दुःख हुँदैन । पूर्व शरीर छोडेर अर्को शरीर ग्रहण गरे पनि आनन्द नै हुन्छ । जब स्वरूपको साक्षात्कार हुन्छ तब सब जगत् ब्रह्मानन्दस्वरूप प्रतीत हुन्छ । जस्तो वायुद्वारा सुमेरुपर्वत हल्लिदैन त्यस्तो इष्ट - अनिष्टको प्राप्तिमा ज्ञानवान् चलायमान हुँदैनन् । आत्मव्यतिरिक्त जो कुछ उत्पन्न हुन्छ त्यसलाई त्यागेर आत्मस्वभावमा स्थित होऊ, किनकि चिन्मात्रसत्ता शरत्कालको आकाश झैं निर्मल छ । जब यस्तो स्वच्छ, केवल चिन्मात्रको अनुभव हुन्छ तब द्वैतरूप जगत् भास्दैन र व्यवहारमा पनि द्वैत फुर्दैन ।

(२१२) ज्ञानीको आचार, व्यवहार तथा लक्षण

ज्ञानीको आचार, व्यवहार र चेष्टा कस्तो हुन्छ भनी रामले प्रश्न गरेपछि वसिष्ठबाट आज्ञा भयो, हे राम ! ज्ञानीको सबैका साथ मित्रभाव हुन्छ, पाषाणका साथ पनि मित्रता हुन्छ । ज्ञानी बन्धुवर्गलाई वनका वृक्ष र पत्ता जस्तो र स्त्री पुत्रादि परिवारलाई मृगका परिवार जस्तो ठान्छन् अर्थात् जंगलका मृगका सन्तानमा झैं आफना स्त्रीपुत्रादि परिवारमा स्नेहरहित भएर व्यवहार गर्छन् तापनि माताको पुत्रमा झैं दया र ममता सबैमा हुन्छ, सबैका उपर दया गरे तापनि आफ्नो निश्चयमा ज्ञानी उदासीन रहनुहुन्छ । जस्तो आकाशको कहीं स्पर्श छैन त्यस्तो ज्ञानी सर्वत्र निर्लिप्त रहनु हुन्छ । आपत्ति पनि उनको लागि परमसुखरूप हुन्छ । संसारको रस उनको लागि विरस हुन्छ । उहाँ न कसैमा राग गर्नुहुन्छ न द्वेष । उहाँ तृष्णा गरेको जस्तो देखिनुहुन्छ तर भित्र हृदयमा जड र पत्थर झैं रहनुहुन्छ । बाहिर व्यवहार गर्नुहुन्छ परन्तु निश्चयमा आफू परमशून्य र मौन रहनु हुन्छ अर्थात् सदा समाधिमा स्थित रहनुहुन्छ । उहाँ यत्नपूर्वक कर्मको प्रारम्भ गर्नुहुन्छ तर निश्चयमा आफूलाई सदा अकर्ता मान्नुहुन्छ । उहाँ प्रारब्धपतित भोग भोगनुहुन्छ र देश, काल, कर्मलाई अङ्गीकार गर्नुहुन्छ । परस्त्री आदि अनिष्ट कुरा प्राप्त भएमा त्यसको त्याग गर्नुहुन्छ र आफू जस्ताको त्यस्तो (अकर्ता नै) रहनुहुन्छ । सुख-दुःखको प्राप्तिमा समबुद्धि भएर रहनुहुन्छ । यथाशास्त्र प्रकृत आचारको पालना गर्दै रहेर पनि स्वरूपबाट कहिलेपनि विचलित हुनुहुन्न । जस्तो फूलको चोटले सुमेरु पर्वत हल्लिदैन त्यस्तो सुख-दुःखको प्राप्तिमा ज्ञानी

चलायमान हुनुहुन्न, सदा स्वभावमा स्थित हुनुहुन्छ र सुख-दुःखको भोग गरे जस्तो देखिनुहुन्छ तापनि उहाँको निश्चयमा केही भएको छैन ।

जस्तो स्फटिकमणि नजीकमा जपाकुसुम राख्यो भने त्यसको रङ्ग चढेर रातो देखिन्छ, परन्तु उसको रूप बदलिदैन, जस्ताको त्यस्तो रहन्छ त्यस्तै सुख-दुःखको भोग ज्ञानवान्मा पनि देखिन्छ, परन्तु उनी स्वरूपबाट कहिले पनि चलायमान हुँदैनन् । उनी अज्ञानी झैं चेष्टा गर्छन् तर निश्चयमा परमसमाधिस्थ हुन्छन् । जस्तै अज्ञानीको भविष्यत्का पदार्थमा राग-द्वेष या सुख-दुःख हुँदैन त्यस्तै ज्ञानीको वर्तमान पदार्थमा राग-द्वेष हुँदैन । उनको स्वाभाविक चेष्टा हुन्छ र उनी सबैमा मित्रभाव राख्छन् । उनबाट कोही खिन्न हुँदैन र उनी कसैबाट खिन्न हुँदैनन् । ज्ञानी सुखप्राप्तिमा रागवान् जस्ता र दुःखप्राप्तिमा द्वेषयुक्त जस्ता देखिन्छन् तापनि निश्चयमा उनको हर्ष-शोक केही हुँदैन । जस्तो नट कहिले राजाको र कहिले दरिद्रको रूप लिन्छ, तर निश्चय उसको आफ्नै स्वरूपमा हुन्छ त्यस्तो ज्ञानवान्मा सुख-दुःख देखिन्छ तापनि निश्चय उनको आत्मस्वरूपमा नै हुन्छ । बाहिर अज्ञानीको जस्तो व्यवहार गर्नुहुन्छ तापनि ज्ञानी आफ्नो निश्चयमा जगत्लाई भ्रान्तिमात्र जान्नुहुन्छ अथवा सबै ब्रह्मस्वरूप हो भनी जान्नुहुन्छ । उहाँ सदा स्वभावमा स्थित रहनुहुन्छ र अनिच्छित प्रारब्धको भोग गर्नुहुन्छ, परन्तु जाग्रत्मा सुषुप्तवत् रहनुहुन्छ, भूत र भविष्यत्को चिन्ता नलिईकन वर्तमानमा विचरण गर्नुहुन्छ । बाहिर इष्ट, अनिष्ट देखिए तापनि हृदय शीतल रहन्छ र उहाँ आफूलाई अद्वैतरूप मान्नुहुन्छ । ज्ञानी कर्म गर्नुहुन्छ तर कर्ममा अकर्म देखनुहुन्छ । उहाँ बाँचेर पनि मृतक झैं रहनुहुन्छ । जस्तो मृतकको जगत्-कलना फुर्दैन त्यस्तै जसको आत्मपदमा अहंप्रत्यय भएको छ उसको द्वैत भास्तैन ।

रामले प्रश्न गर्दै भने, हे गुरुवर ! बाहिरबाट हेर्दा ज्ञानी र अज्ञानीको व्यवहार समान देखिन्छ । राग-द्वेषबाट रहित हुनु ज्ञानीको लक्षण हो भनौं भने ब्रह्मचर्यबाट र तपस्याबाट पनि राग-द्वेषबाट रहित भएको देखिन्छ । तपस्वीमा पनि कोही संसारलाई साँचो मान्ने मिथ्यातपस्वी पनि हुन्छन्, त्यसकारण सच्चा तपस्वी, सच्चा ज्ञानी कसरी चिन्ने ? यसको उत्तर दिदै वसिष्ठले भन्नुभो, हे राम ! सर्पको खुट्टा सर्पले नै देख्छ भने झैं ज्ञानीको लक्षण ज्ञानी नै जान्दछ, अज्ञानी जान्न सक्तैन । ज्ञानीको लक्षण स्वसंवेद्य मानिन्छ । जस्तो भोजनबाट तृप्ति भयो कि भएन भन्ने कुरा खानेलाई नै थाहा हुन्छ त्यस्तो मलाई ब्रह्मसाक्षात्कार भयो कि भएन भन्ने कुरा उसैलाई नै थाहा हुन्छ । माथि बताएका गुणावली ज्ञानवान्मा स्वाभाविकरूपले रहन्छन् र अरूका लागि यत्नसाध्य हुन्छन् ।

जो अधिकारी हो ऊ ज्ञानीलाई चिन्छ र समीपमा बस्छ । यो अधिकारी हो भनी जानेर उसका अगाडि आफ्नो निश्चय प्रकट गर्नुहुन्छ । अनधिकारी अज्ञानी नजीकमा बसोस् तापनि ज्ञानी कछुवाले अङ्ग खुमच्याए झैं आफ्नो निश्चयरूपी अङ्गलाई खुमच्याएर बसनुहुन्छ । जस्तो नीच व्यक्तिलाई अमूल्य चिन्तामणि दियो भने ऊ त्यसको महिमा जान्दैन र निरादर गर्छ त्यस्तो अज्ञानी ज्ञानवान्का अमूल्य वचनको माहात्म्य नजानेर निरादर गर्छ ।

बाहिर प्रकट हुने कुरा यो हो कि हामीलाई धन प्राप्त होस्, हाम्रो मान-संमान होस्, हाम्रा चेला धेरै वनून्, हाम्रो पूजा-सत्कार होस् । ज्ञानीजन यसलाई गन्धर्वनगर झैं मिथ्या ठान्नुहुन्छ र कुनै कुराको इच्छा नगरीकन रहनुहुन्छ ।

ज्ञानी जसलाई अधिकारी देखनुहुन्छ उसलाई ज्ञानको उपदेश गर्नुहुन्छ । पात्रमा राखेको पदार्थले शोभा पाउँछ । जस्तो गाईलाई घास दियो भने दूध बन्छ, सर्पलाई दूध दियो भने विष बन्छ त्यस्तो अधिकारीलाई दिएको उपदेश शुभ हुन्छ र अनधिकारीलाई उपदेश दियो भने झन उल्टो अनिष्ट प्राप्त हुन्छ । अज्ञानी पनि जप आदिको अभ्यासबाट अणिमा आदि सिद्धि प्राप्त गर्न सक्छ र आकाशगमनादिकार्य गर्न समर्थ हुन्छ तर ज्ञानीको लागि यी सिद्धि पनि तुच्छ हुन्छन् । यसबाट परम सिद्धता प्राप्त हुँदैन । परमसिद्धि हो आत्मपदप्राप्ति । ज्ञानी सिद्धिको अभिलाषा गर्नुहुन्न । आकाश, पाताल र पृथ्वीमा त्यस्तो कुनै पदार्थ छैन जसले ज्ञानीलाई मोहित पार्न सकोस् । ज्ञानी सब पदार्थलाई मृगतृष्णाको जलसमान ठान्नुहुन्छ ।

हे राम ! मेरो सिद्धान्त त यही हो कि विषयबाट उपरत रहनु र आत्मालाई परम इष्ट जान्नु नै ज्ञान हो । ज्ञानी प्रारब्धपतित व्यवहार गर्नुहुन्छ तर त्यसबाट उनको कुनै अर्थ सिद्ध हुँदैन र त्यो काम नगर्नाले पनि कुनै प्रत्यवाय लाग्दैन ।

ज्ञानी आश्चर्य मान्दै भन्नुहुन्छ कि आफ्नो स्वरूप सदा प्राप्त नै थियो तर भूलले गर्दा यतिका कालसम्म संसारमा भ्रमण गर्दै रहें, अब मलाई शान्ति प्राप्त भएको छ । ज्ञानी जगत्लाई देखेर हाँसनुहुन्छ र भन्नुहुन्छ कि यो जगत् आभासरूप हो र आफनै संवित्स्वरूपमा स्थित छ । जस्तो ऐनामा प्रतिबिम्ब पर्छ त्यस्तो आफनै संवित्मा जगत् स्थित छ । जो जगत्लाई द्वैतरूप देखेर राग-द्वेषले जलेका छन् यस्ता अज्ञानीलाई देखेर ज्ञानी हाँसनुहुन्छ । जस्तै कुनै गाउँमा आगो लाग्यो । एकजना निकलेर पर्वतमा चढेर हेर्छ र जल्न लागेकालाई देखेर हाँस्छ त्यस्तै जल्न लागेको संसाररूपी नगरबाट उमकिएर आत्मरूपी पर्वतमा गएर बस्छ र जल्न लागेका अज्ञानीलई देखेर ज्ञानी हाँस्छ अर्थात् आफू शोकरहित भएर उनलाई सशोक देख्छ ।

ज्ञानीलाई शान्तियुक्त देखेर अरूलाई पनि प्रसन्नता प्राप्त हुन्छ । ज्ञानवान्को संगतबाट प्रसन्नता उत्पन्न हुन्छ । जस्तो पूर्णिमाको चन्द्रमा शीतलता दिन्छ त्यस्तो ज्ञानवान्को संगत शीतलता प्रदानगर्ने हुन्छ । ज्ञानी आत्मपद प्राप्त गरेर आनन्दित हुन्छ । त्यो आनन्द टाढा छैन, आफनै स्वरूप हो । त्यस आनन्दको अगाडि अष्टसिद्धि पनि तृणसमान तुच्छ हुन्छन् ।

अब ज्ञानी कस्ता हुन्छन् र कहाँ बस्छन्, सुन । कुनै ज्ञानी एकान्तमा गएर बस्छन्, कुनै शुभ स्थानमा रहन्छन्, कुनै गृहस्थी भएर रहेका हुन्छन्, कोही अवधूत भएर दुर्वाच्य बोल्छन् । कोही तपस्या गर्छन्, कोही ध्यान लगाएर बस्छन्, कोही नाङ्गै भएर फिर्छन् । कोही राज्य गर्छन्, कतिपय ज्ञानी पण्डित भएर उपदेश गर्छन्, कोही ब्राह्मण छन्, कोही संन्यासी छन्, कोही अज्ञानी जस्तो भएर घुम्छन्, कोही नीच पामर जस्ता देखिन्छन्, कोही आकाशमा उडेर नानाप्रकार क्रिया गर्छन्, परन्तु आफ्नो स्वरूपमा स्थित रहन्छन् ।

हे राम ! देह, इन्द्रिय पुरुष होइन र अन्तःकरण चतुष्टय पनि पुरुष होइन, पुरुष हो केवल चिदाकाशरूप । ऊ न केही गर्छ, न कसैबाट उसको नाश हुन्छ । नटुवा झैं चेष्टा गरे तापनि ऊ

आफूलाई असंग नै देखतछ, मं अच्छेद्य, अदाह्य, अक्लेद्य, अशोष्य, नित्य, सर्वगत, स्थिर, अचल र सनातन हुँ - यस्तो निश्चय ज्ञानीको हुन्छ । ज्ञानी पातालमा पुगोस्, आकाशमा उडोस् अथवा देशान्तरमा घुमोस् तर उसमा कुनै न्यूनाधिकता हुँदैन । शरीरको नाश भएर पनि ज्ञानीको नाश हुँदैन । ज्ञानी सदा आकाश झैं परमनिर्मल, अजर, अमर, शिवपदमा स्थित भएर रहनुहुन्छ । यस्तो जानेर तिमी पनि आफ्नो स्वरूपमा स्थित होऊ ।

(२१३) सर्वपदार्थाभाववर्णन

वसिष्ठले भन्नुभो, हे राम ! चैतन्यको स्फुरणबाट तीन संज्ञा हुन गयो - एक हो भावमात्र, दोस्रो हो भासमात्र र तेस्रो हो भासित मात्र । केवल चैतन्यमात्रलाई भावमात्र भन्दछन्, त्यसमा चेत्योन्मुखतारूप अहंकारको उत्थान भयो उसको नाम भास हो र त्यसमा जो जगत् बन्यो उसको नाम भासित हो । भासित कल्पितको नाम हो । कल्पितको नाशबाट अधिष्ठानको नाश हुदैन । जो अधिष्ठान अन्य भावमा प्राप्त भयो भने उसको नाश पनि होला, तर अन्य भाव बनेको छैन । उसको स्फुरणबाट तीन संज्ञा भएको हो, अत एव स्फुरण पनि उसैको किञ्चन हो । आत्मा स्फुरण या अस्फुरणमा जस्ताको त्यस्तो (एकरूप) छ । जस्तो स्पन्दन र निस्पन्दनमा वायु एकरूप हुन्छ त्यस्तो बोध, अबोध, स्फुरण, अस्फुरणमा आत्मा एकरूप छ । त्यसकारण आत्माको नाश कसबाट र कसरी हुने ?

शरीरको नाशबाट आत्माको नाश हुँदैन, आत्मा नित्य, शुद्ध छ र उसमा जस्तो निश्चय हुन्छ त्यस्तो आकारले भासित हुन्छ । डोरी सर्पको आकारले भासित भएझैं आत्मा नाना आकारमा भासित भएको जस्तो देखिन्छ तर आकार वास्तव होइन । जब आकारको अभाव हुन्छ तब आत्मसत्ता जस्तोको त्यस्तो रहन्छ । त्यसकारण आत्मामा बन्धन छैन । आत्मसत्तामा जो विकार देखिन्छ त्यो भ्रममात्र हो र भ्रान्तिले नै मानिस दुःख पाउँछ ।

यो जगत् आभासमात्र हो र त्यस आभासमात्रमा जो राग-द्वेष आदि फुर्छ त्यसको निवृत्तिको लागि उपाय बताउँछु । विचारद्वारा भ्रान्ति निवृत्त हुन्छ र आत्मपद प्राप्त हुन्छ । अभ्यासविना कोही पनि आत्मपद प्राप्त गर्न समर्थ हुँदैन । जुन कुराको बारम्बार अभ्यास हुन्छ तब त्यो कुरा प्राप्त हुन्छ । मुखले मात्र भनेर आत्मपद प्राप्त हुँदैन । मुखले मेरो जय होस् भन्दैमा युद्धमा जय हुँदैन । जब डटेर युद्ध गरिन्छ तब मात्र जय हुन्छ त्यस्तै जब दृढ अभ्यास हुन्छ तब आत्मस्वरूप प्राप्त हुन्छ ।

मनको दुई प्रवाह छ - एक संसारतिर लाग्ने र अर्को आत्मातिर लाग्ने । जुन असत् शास्त्र छन् तिनको अभ्यासबाट मन संसार तिर लाग्छ र जो सत् शास्त्र छ त्यसको अभ्यासबाट मन आत्मातिर लाग्छ । यो महारामायण मोक्षको उपायस्वरूप सत्शास्त्र हो, यसमा मैले चार वेद, षट्शास्त्र र सम्पूर्ण इतिहास र पुराणको सिद्धान्त बताएको छु, यो समान कसैले बताएको छैन र भविष्यमा पनि बताउन सक्ने छैनन् । यस्तो शास्त्रमा मन लगाएर दृढ अभ्यास गर्नाले शीघ्र नै आत्मपद प्राप्त हुनेछ ।

हे राम ! आत्मज्ञान वर र शाप झैं भनेको भरमा सिद्ध हुने होइन । यसको प्राप्ति तब हुन्छ जब बारम्बार विचारपूर्वक दृढ अभ्यास गरिन्छ र जब यसको भावना गरिन्छ तब मुक्ति प्राप्त हुन्छ । मोक्षप्राप्तिरूप कल्याण गर्न माता, पिता र मित्र पनि सक्तैनन् र तीर्थाटनजन्य पुण्यबाट पनि मोक्ष प्राप्त गर्न सकिंदैन । बारम्बार विचारपूर्वक मेरो उपदेश ग्रहण गरेपछि मोक्षरूप परम कल्याण साधित गर्न सकिन्छ । यसकारण अरू उपाय छोडेर यसैको विचार गर तब शीघ्र नै भ्रान्ति मेटिनेछ र आत्मपद प्राप्त हुनेछ । अज्ञान एक विसूचिका रोग हो त्यसबाट जीव जलिराख्छ । जब मेरो शास्त्रको विचार गर्ला तब त्यो रोग नष्ट होला । ईश्वरको महामाया यही हो कि मिथ्या भ्रमले जीव दु:खी भएको छ । जो आफ्नो दु:ख दूर गर्न चाहन्छ उसले मेरो शास्त्रको विचार गरोस् ।

जति पनि सुन्दर पदार्थ छन् ती सब मिथ्या हुन् । तिनको लागि यत्न गर्नु परम आपद्‌को कारण हुन्छ । यी सब पदार्थ आपातरमणीय हुन्, देखनमा मात्र सुन्दर लाग्छन्, भित्र सार केही छैन, यिनको प्राप्तिमा जो आनन्द मान्छन् ती मूर्ख हुन् । जब मृत्युको समय आउँछ तब यी कुनै पनि पदार्थ कामयावी हुँदैनन् । मृत्युको समयमा यति कष्ट र जलन हुन्छ कि चन्दनको लेप लगाए पनि शान्ति मिल्दैन । जुन धनको लागि जीव बडो यत्न गर्छ, युद्ध गर्छ र प्राणसम्म पनि त्याग्छ तर त्यो धन स्थिर छैन, एक दिन त्यसका साथ पनि वियोग भइहाल्छ, तर त्यो भन्दा थोरै यत्नले आत्मपद प्राप्त हुन्छ । जब सत् शास्त्रको अर्थमा दृढ अभ्यास हुन्छ तब अजर, अमर आत्मपद प्राप्त भइहाल्छ । त्यसकारण तिमी बोधवान् होऊ, बोधको लागि यत्न गर, त्यसबेला अज्ञानरूपी शत्रुले तिमीलाई दबाउन खोजला, त्यसलाई मार्नको लागि मान र मोह त्यागेर आत्मपदको अभ्यास गर ।

जो अज्ञानरूपी शत्रुलाई मारेर आत्मपदप्राप्तिको लागि यत्न गर्दैन त्यसले महाकष्ट पाउँछ र संसाररूपी दु:खबाट मुक्त हुन सक्तैन । यस महाकष्टबाट उम्कनको लागि उपाय यो हो कि यस महारामायणरूपी ब्रह्मविद्याको उपदेशलाई विचार गरेर हृदयमा धारण गरोस् । अरू शास्त्रबाट आत्मपद प्राप्त होला वा नहोला, परन्तु यस शास्त्रको विचारबाट अवश्य नै आत्मपद प्राप्त हुनेछ । जस्तो तिलको खली (पिना) बाट तेल निकलनु कठिन छ, तिलबाट नै तेल निक्लन्छ त्यस्तो अरू उपदेश खली जस्तो हो र मेरो उपदेश तिल जस्तो हो । सम्पूर्ण शास्त्रका सिद्धान्तको सार सिद्धान्त मैले तिमीलाई बताएको छु । आत्मा सदा विद्यमान भएर पनि भ्रान्तिले अविद्यमान जस्तो भएको छ । सबै शास्त्रले आत्मालाई विद्यमान तुल्याउन खोजेका छन् तापनि मेरो उपदेशको विचारबाट आत्मपदलाई अवश्य विद्यमान भनी जान्न सक्तछ । अरू शास्त्रको दृढ विचार र यत्नबाट जो सिद्धि मिल्ला त्यो यस शास्त्रको विचारले अनायास नै प्राप्त हुनेछ । शास्त्रकर्ताको लक्षण पट्टि विचार नगरीकन शास्त्रको युक्तिको विचार गर्नुपर्छ ।

हे राम ! तिमीलाई मैले यो जो सुगम मार्ग बताएँ, त्यो कुनै स्वार्थसिद्धिको लागि बताएको होइन । तिम्रो जो महान् पुण्य थियो त्यो नै शुद्ध संवित् बनेर मलिन संवित्‌लाई उपेश गर्छ । यो संवित् मनुष्य, यक्ष, राक्षस र पिशाच आदि केही होइन । जो केवल ज्ञानमात्र छ त्यही तिमी हौ, म पनि त्यही हुँ र जगत् पनि त्यही हो । जब सब त्यही (ज्ञानमात्र) हो तब केको वासना लिनु ?

वासना नै हो जीवको दुःखको कारण । जो संसारका दुःखको चिकित्सा यो लोकमा गर्दैन त्यो आत्मघाती हो । पदार्थको वासना रहेसम्म स्वरूपको साक्षात्कार हुँदैन - यसैको नाम बन्धन हो ।

जति पनि पदार्थ देखिन्छन् ती सब अविचारसिद्ध हुन् । जुन पदार्थ विचार गरेपछि रहदैन त्यसको लागि अभिलाषा गर्नु र यत्न गर्नु व्यर्थ हो । यी जगत्का पदार्थ शशशृङ्ग झैं र मरुस्थलको नदी झैं असत् हुन् । जुन पदार्थ कारणविना देखिन्छ त्यसलाई भ्रान्तिमात्र भनी जान्नू । जगत् मन र इन्द्रियको विषय हुन्छ र आत्मपद मन र इन्द्रियको विषय हुँदैन, तब आत्मा जगत्को कारण हुन सक्तैन । अशब्दपद आत्मा नानाप्रकार शब्दको कारण कसरी होला ? निराकार आत्मा साकार पृथ्वी आदि भूतको कारण हुन सक्तैन । आत्मा अद्वैत हो त्यसकारण जगत् उत्पन्न भएको छैन र नष्ट पनि हुदैन । आत्मसत्ता जस्ताको त्यस्तो आफैंमा स्थित छ । म, तिमी, र सब जगत् आकाशरूप हो । यदि सब आकाशरूप हो भने बोलचाल कसरी हुन्छ भनौला, जस्तो स्वप्नका सारा पदार्थ आकाशरूप हुन् तै पनि बोल-चाल हुन्छ त्यस्तै यहाँ (जाग्रत्मा) पनि बोल-चाल हुन्छ, परन्तु सब आकाशरूप हो ।

हे राम ! अब तिम्रो स्वरूपको वारेमा सुन । एक देशलाई त्यागेर देशान्तरमा जो संवित् जान्छ त्यसको मध्यमा जो ज्ञानसंवित् रहन्छ त्यो नै तिम्रो स्वरूप हो । त्यो तिम्रो स्वरूप अनामय र सर्वदुःखरहित छ । त्यस्तै जाग्रत् र स्वप्नको अन्तरालमा जो अचेत्य चिन्मात्र सत्ता छ त्यही तिम्रो स्वरूप हो । ब्रह्मा, विष्णु र महेश्वर पनि त्यही स्वरूपसत्तामा रहन्छन् र त्यसबाट उत्थान कहिले पनि हुँदैन । आत्मसत्ता न उत्पन्न हुन्छ, न नष्ट हुन्छ र न अन्य आकारमा परिणत हुन्छ, किन्तु सर्वदा आफ्नो स्वभावमा स्थित छ ।

स्वरूपको प्रमादले गर्दा पदार्थ र पर्वत, जल, पृथ्वी, जन्म, मरण आदि विकार देखिन्छ तापनि स्वप्नको पदार्थ झैं भएको केही छैन, आत्मसत्ता जस्ताको त्यस्तो स्थित छ । अज्ञानले सब भासित हुन्छन् तर आत्मसत्तादेखि भिन्न केही छैन । सब चिदाकाशरूप हो । जसको अज्ञानले यो जगत् भास्तछ र जसको ज्ञानले अज्ञान नष्ट हुन्छ यस्तो आत्मतत्त्व प्राप्त गर्नको लागि यत्न गर । आत्मा नित्य, शुद्ध, परमानन्द स्वरूप र आफ्नो स्वभावमा स्थित छ, त्यो नै तिम्रो अनुभवरूप हो जो सदा अनुभवले नै प्रकाशित छ । यस्तो स्वरूपमा स्थित हुन पनि किन कृपणता गर्छौ ? सब प्रपञ्च भ्रान्तिमात्र हो । जस्तो रज्जुसर्प भ्रान्तिमात्र हो त्यस्तो आत्मामा जगत् भ्रमरूप हो । भ्रान्तिमात्र जगत्लाई त्यागेर आफ्नो स्वभावमा स्थित होऊ ।

(२१४) जाग्रत्-स्वप्नैकताप्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! जसरी यो जगदाभास फुरेको छ र भासित हुन्छ त्यो पनि बताउँछु, सुन । आदि जो शुद्ध अचेत्य चिन्मात्र छ त्यसमा जब चेतनता फुर्छ तब त्यसलाई वेदन भन्दछन् । त्यसमा शब्दतन्मात्रा उत्पन्न भएर त्यसबाट आकाश उत्पन्न हुन्छ । फेरि स्पर्शको इच्छा हुन्छ र त्यसबाट वायु उत्पन्न हुन्छ । वायु र आकाशको संघर्षणबाट अग्नि (तेज) उत्पन्न हुन्छ । जब अग्निमा उष्णस्वभाव हुन्छ तब त्यसबाट पसिना झैं जल उत्पन्न हुन्छ । जब धेरै जल एकत्रित हुन्छ तब त्यसमा पृथ्वी उत्पन्न हुन्छ । यसप्रकार आकाश र वायुबाट तेज, जल र पृथ्वी

उत्पन्न हुन्छन् । अनि यिनै पञ्चभूतबाट शरीर र नानाप्रकार स्थावर-जङ्गम जगत् उत्पन्न हुन्छन् । यो सारा जगत् पाञ्चभौतिक हो । वास्तवमा न पञ्च भूत छ, न कोही उत्पन्न हुन्छ र न नष्ट हुन्छ, केवल आत्मसत्ता आफू आफैमा स्थित छ । स्वप्नमा जो आरम्भ - परिणामसहित नाना जगत् देखिन्छ त्यो आत्मसत्ता नै हो । वास्तवमा आत्मादेखि भिन्न केही उत्पन्न भएको छैन । जस्तो स्वप्नमा आत्मसत्ता नै चित्तको स्फुरणबाट जगद्रूप भएर भासित हुन्छ त्यस्तै यो जाग्रत्-जगत् आत्मस्वरूपमा चित्त फुरेर उत्पन्न भएको भनी जान । यो सारा जगत् आफ्नो अनुभवरूप हो, तर भ्रमले आकारसहित देखिन्छ । जब राम्ररी विचार गरेर हेरिन्छ तब जगद्-भ्रम मेटिन्छ र केवल चैतन्य आत्मतत्त्वमात्र शेष रहन्छ । जस्तो स्वप्नमा निद्रादोषले नानाप्रकार क्षोभ हुन्छ र जब जाग्छ तब एक आफूमात्र रहन्छ त्यस्तो आत्मसत्तामा जागेपछि अद्वैतस्वरूपको नै भान हुन्छ ।

जब बोधको समयमा द्वैत केही पनि भासित हुँदैन तब जान्नुपर्छ कि अबोधदशामा पनि द्वैत केही भएको छैन । जो बोधको समयमा सत्य प्रतीत हुन्छ त्यसलाई सर्वदा नै सत्य भनी जान्नुपर्छ । हे राम ! यस्तो निश्चय लेऊ कि जगत् कुनै वस्तु होइन । जस्तो आकाशमा नीलिमा, किरणमा जल र रज्जुमा सर्प देखिन्छ त्यस्तो आत्मामा जगत् देखिन्छ तर विचार गरेर हेरेपछि केही पनि पाइदैन । आफ्नो कल्पना नै जगद्रूप भएर भासित हुन्छ, अरू केही होइन । जस्तो स्वप्नको सृष्टि आफ्नै कल्पना हो र आफूदेखि अभिन्न हो, परन्तु निद्रादोषले आफूदेखि भिन्न देखिन्छ र उसमा राग-द्वेष पनि हुन्छ, तर जागेपछि सब क्षोभ मेटिन्छ त्यस्तो अज्ञानले जगत् सत्य जस्तो लाग्छ, राग-द्वेष हुन्छ र ज्ञान प्राप्त भएपछि शान्त हुन्छ । ज्ञानवान्को निश्चयमा सब चिदाकाश हो । प्रलयकालको मेघ गर्जोस्, समुद्र उर्लोस्, पर्वतमाथि पर्वत ठोकिएर भयानक शब्द आओस् तापनि ज्ञानवान्को निश्चयमा कुनै द्वैत फुर्दैन । जस्तो स्वप्नमा कसैलाई ठूलो क्षोभ हुन्छ तर नजीकमा जागेर बसेको मानिसलाई त्यो क्षोभ प्रतीत हुँदैन त्यस्तो ज्ञानवान्को निश्चयमा द्वैत केही भास्तैन । जस्तो बन्ध्या स्त्री स्वप्नमा आफ्नो पुत्र देखछे, त्यो नभईकन पनि भ्रमले भासेको हो त्यस्तो अज्ञानीको लागि नभईकन पनि जगत् सत्य जस्तो लाग्छ ।

जाग्रत् र स्वप्नमा कुनै भेद छैन । जस्तो स्वप्नमा तिमी नानाप्रकारको जगत् देखछौ र जागेपछि भन्छौ कि सब भ्रममात्र थियो त्स्तै यो जाग्रत् - जगतलाई म भ्रममात्र भनी जान्दछु । जस्तो जल र तरङ्गमा भेद छैन त्यस्तो जाग्रत र स्वप्नमा कुनै भेद छैन ।

रामले प्रश्न गरे, हे भगवन् ! स्वप्नको प्रतिभा अल्पकालमात्र रहन्छ, जागेपछि मानिस भन्छ कि त्यो भ्रममात्र थियो, जाग्रत्को भान त दृढ भएर भास्तछ तब यी दुईको समानता कसरी होला ? वसिष्ठले भन्नुभो, हे राम ! जुन प्रतिभाको प्रत्यक्ष अनुभव हुन्छ त्यो जाग्रत् कहिन्छ र जसको प्रत्यक्ष अनुभव हुदैन किन्तु चित्तमा स्मृति हुन्छ त्यो स्वप्न भनिन्छ । जाग्रत्बाट मानिस सुत्न गयो र स्वप्न देख्यो । त्यस स्वप्नमा जो जगत् देखिन्छ त्यो नै उसको जाग्रत् भयो, जहाँबाट त्यो सुत्न गएको थियो त्यो स्वप्न भयो । यसरी भ्रमले जाग्रत् स्वप्न हुन्छ र स्वप्न जाग्रत् हुन्छ । त्यसैले जाग्रत् र स्वप्न समान छन् भनेको हो । फेरि अर्को कुरा सुन । कसैले स्वप्न देख्यो र स्वाप्निक जगत्को चेष्टा भइरहेको थियो । त्यसमा फेरि अर्को स्वप्न देख्यो र एकछिनपछि पहिलो स्वप्न

आएर भन्छ कि त्यो पछिल्लो चाहिं स्वप्न हो र यो चाहिं जाग्रत् हो, वास्तवमा त हो दुवै स्वप्न अर्थात् जाग्रत् भनेको पनि स्वप्न नै हो। फेरि सुन - यहाँको शरीर छुटेर परलोकमा गयो। जब परलोक देख्छ उसको लागि परलोक जाग्रत हुन्छ र पहिलेको जाग्रत् स्वप्न हुन आउँछ। जस्तो स्वप्नबाट जागेपछि स्वप्नलाई भ्रम भन्छ त्यस्तै परलोकमा पुगेको जीव यो जाग्रत्लाई भ्रम भन्छ। फेरि परलोकमा स्वप्न देख्यो तब परलोकको जाग्रत् अवस्थालाई स्वप्न भन्यो र स्वप्नमा जो सृष्टि देख्यो त्यसलाई जाग्रत् भनी मान्यो। फेरि त्यहाँबाट मरेर यहाँ आयो तब यो लोक जाग्रत् भयो र परलोक स्वप्न हुन गयो। त्यसकारण, हे राम ! स्वप्न र जाग्रत दुवै मिथ्या हो। वास्तवमा त्यो (स्वप्न भनिने चाहिं) स्वप्नान्तर हो र यो (जाग्रत् भनिने चाहिं) स्वप्न हो। यसमा जो तीव्र संवेग भएको छ त्यसैले यसलाई जाग्रत् र उसलाई स्वप्न भनी जान्दछ, तर दुवै समान हुन्, कुनै भेद छैन। आत्मामा दुवै असत्रूप हुन् र यिनको प्रतिभा (भान) भ्रममात्र हो।

हे राम ! जस्तो तिमीलाई स्वप्न आउँछ र उसमा जो पत्थर, पहाड देखिन्छ त्यो तिम्रो नै अनुभवरूप हो, भिन्न होइन त्यस्तै यो सब दृश्य चिन्मात्रको रूप हो। जस्तो घट मृत्तिकादेखि भिन्न होइन त्यस्तै यो जगत् चिदाकाशदेखि भिन्न होइन। जब स्वभावसत्ताको साक्षात्कार हुन्छ तब सब द्वैतकलना शान्त हुन्छ र केवल आत्मतत्त्वमात्र शेष रहन्छ।

(२१५) जगन्निर्वाणवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! अब चिदाकाश कस्तो हुन्छ र त्यसको रूप के हो, सुन। जस्तो माताको गर्भबाट दुइटा उस्तै आकारका जुमल्याहा पुत्र पैदा भए व्यवहारको निमित्त तिनको भिन्न भिन्न नाम राखिन्छ, जस्तै एकै प्रकारको जल दुइटा पात्रमा राखिन्छ र पात्र अनुसार तिनको नाम भिन्न भिन्न हुन्छ त्यस्तै एकै अवस्थाको जाग्रत् र स्वप्न दुई नाम हुन्, दुवै आत्मामा कल्पित हुन्। जसमा यी दुई अवस्था कल्पित छन् त्यो चिदाकाश हो। जस्तो जमीनबाट लिएको रसको आश्रयले वृक्षका शाखा, पत्र, पुष्प र फलको बृद्धि हुन्छ त्यस्तो चिदाकाशको आश्रयमा जगत् फुरेको छ, जसको आश्रयमा वृत्ति किंवा जगत् फुर्दछ त्यही सत्ता चिदाकाश हो। शुद्ध संवित्लाई चिदाकाश भन्छन्। 'नेति, नेति' भन्दै कार्य र कारणको निषेध गरेपछि जो शेष रहन्छ त्यो हो चिदाकाश। जस्तो अनुभवस्वरूपमा भासेको स्वप्नको सृष्टि अनुभवदेखि भिन्न होइन, अनुभवरूप नै हो त्यस्तो ब्रह्मादेखि लिएर कमिलापर्यन्त स्थावर-जङ्गमात्मक समग्र जगत् चिदाकाशरूप हो, केही उत्पन्न भएको छैन।

हे राम ! न कुनै द्रष्टा छ, न दृश्य छ, न भोक्ता छ र न भोग नै छ, सब कल्पनामात्र हो। आत्मसत्ता नै स्फुरणबाट जगत् जस्तो भएर भास्तछ। जगत्लाई इदंरूप भन्छन् तर त्यो हो अहंरूप। आत्मसत्तामा जस्तो भावना हुन्छ त्यस्तै रूप भएर भासित हुन्छ। त्यसकारण जब चिदाकाशको निश्चय दृढ हुन्छ तब अज्ञानकृत विरुद्ध भावना निवृत्त हुन्छ।

(२१६) कारणकार्याभाववर्णन

वसिष्ठले भन्नुभो, हे राम ! जब मन अलिकति पनि फुर्छ तब यो जगत् उत्पन्न हुन्छ, जब मन स्फुरणरहित हुन्छ तब जगत् शान्त भइहाल्छ, यसप्रकार जो जान्दछ त्यो ज्ञानवान् हो । त्यो पुरुष इन्द्रियद्वारा देख्छ, सुन्छ र ग्रहण गर्छ तापनि निर्वासनिक हुन्छ र जगत्का प्रति घनसुषुप्त रहन्छ । जसको मन निर्वासनिक र शान्त भएको छ ऊ बोल-चाल र खान-पान गर्छ तापनि पाषाणसदृश मौन रहन्छ - त्यसकारण जगत् उत्पन्न भएको छैन । मृगतृष्णाको नदी झैं मनको भ्रमले आत्मामा जगत् भासित हुन्छ । जसको आदि कारण पाइदैन भने त्यो कारण भए पनि असत्य हुन्छ। कारणविना भासित भएको हुनाले जगत् सत्य होइन। जसमा जगत् भासित हुन्छ त्यो अधिष्ठान सत्ता हो । जुन अधिष्ठानमा जे भासित हुन्छ त्यो त्यही रूप हुन्छ र अधिष्ठान देखि भिन्न मानेमा त्यसलाई भ्रममात्र जान्नुपर्छ । स्वप्नमा देखिने दृश्य, दर्शन सब मिथ्या हो, केही उत्पन्न भएको छैन । द्रष्टा, दर्शन र दृश्य यी सब मिथ्या हुन् । केवल चिन्मात्रसत्ता आफैमा स्थित छ ।

अकारण नै भासित भएको हुनाले सम्पूर्ण दृश्य अदृश्यरूप हो । द्रष्टा, दर्शन र दृश्यरूपले विस्तारसहित जो कुछ जगत् देखिन्छ त्यो आदिस्वरूप हो । जस्तो स्वप्नमा आकाशमा वन र पदार्थहरू देखिन्छन् त्यो सब चिदाकाशरूप हो त्यस्तै यो जगत् पनि चिन्मात्ररूप हो, कारण-कार्यभाव केही छैन । जस्तो जब वायु स्पन्दनरूप हुन्छ तब प्रतीत हुन्छ त्यस्तै आत्मामा जब चित्त फुर्छ तब आत्मसत्ता जगद्रूप भएर भास्तछ । जो कुछ जगत् देखिन्छ त्यो चैतन्यको नै आभास (प्रकाश) हो । परमार्थसत्ता केवल आफू आफैमा स्थित छ । त्यसकारण न कार्य छ, न कारण छ, न द्रष्टा छ, न दृश्य छ, आत्मसत्ता जस्ताको त्यस्तो विद्यमान छ ।

हे राम ! जस्तै स्वप्नमा जो नगर र जगत् देखिन्छ त्यो चिदाकाश (अनुभवसत्ता) नै त्यस्तो भएर भासित हुन्छ, अनुभवदेखि भिन्न केही छैन त्यस्तै यो सम्पूर्ण जगत् चिदाकाशरूप हो । जब यस्तो जान्दछौ तब जगत् पनि ब्रह्मरूप नै देखिन्छ । त्यही चैतन्यसत्ता इन्द्र, रुद्र, नदी, पर्वत आदि जगद्रूपमा भास्तछ । त्यसदेखि भिन्न द्वैतरूप केही छैन । जस्तो चिन्तामणि र कल्पवृक्षमा जस्तो भावना हुन्छ त्यस्तै रूप भासित हुन्छ त्यस्तो आत्मसत्तामा जस्तो भावना हुन्छ त्यस्तै पदार्थरूप भएर भासित हुन्छ ।

(२१७) भावप्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! अचेत्य चिन्मात्र आकाशरूप आत्मसत्ता नै जगद्रूप भएर देखिन्छ । शुद्ध चिन्मात्रमा जब अहंको स्फुरण हुन्छ तब जगत् भएर भास्तछ । त्यो अहंरूप जीव जन्मे झैं, मरे झैं गर्छ र बोल, चाल आदि व्यवहार गर्छ, त्यसबेला पनि शुद्ध चिन्मात्र आत्मामा कुनै विकार भएको छैन र ऊ काष्ठ झैं मौनरूपले स्थित छ । यो सारा जगत् आत्मारूपी रत्नको चमत्कार हो, वास्तवमा केही उत्पन्न भएको छैन ।

चित्तरूपी बालकले जगत्-जालरूपी सेना रचेको छ त्यो सब असत्य हो । पृथ्वी आदि पञ्च भूत भ्रान्तिमात्र हो, त्यसलाई सत्य ठान्नु मूर्खता हो । बन्ध्या स्त्रीको पुत्रप्राप्तिको यत्न झैं संसारमा सुखप्राप्तिको लागि यत्न गर्नु व्यर्थ छ । जस्तो स्वप्नमा अनुभवसत्ता नै पृथ्वी, पर्वत, नदी आदि जगत् भएर भास्तछ, त्यहाँ जो आकार देखिन्छ त्यो निराकाररूप हो त्यस्तो यहाँ जाग्रत्मा जति

पनि आकार भास्तछ त्यो सब निराकार हो, केही बनेको छैन । आत्मसत्ता जस्तोको त्यस्तो स्थित छ ।

(२१८) विपश्चित्-कथारम्भ

विपश्चित्-समुद्रप्राप्ति

रामले प्रश्न गर्दै भने, हे भगवन् ! तपाईं भन्नुहुन्छ कि जगत् अविद्यमान छ, तर अज्ञानले विद्यमान झैं भासित हुन्छ । त्यो अज्ञान (अविद्या) के हो र कति कालसम्म रहन्छ, त्यसमा प्रमाण के छ ? कृपा गरेर बताउनुहोस् । वसिष्ठले भन्नुभो, हे राम ! जो कुछ जगत् देखिन्छ त्यो अविद्या हो र त्यो अनन्त छ । जसको आफ्नो वास्तव स्वरूपको ज्ञान छैन उसको लागि यो जगत् सत्यरूपमा भासित हुन्छ । यस विषयमा एक इतिहास बताउँछु, सुन । आत्मरूप चिदाकाशको अणुमा अनन्त ब्रह्माण्ड स्थित छन् । ती मध्ये एक ब्रह्माण्डको जगत्मा ततमिति नाम गरेको वैभवशाली नगरमा विपश्चित् नामका एक चक्रवर्ती राजा रहन्थे । अग्नि उनको इष्ट देवता थिए । एकदिन सभामा बसेको बेलामा एक गुप्तचर आयो र उसले भन्यो, हे राजन् ! तपाईंको पूर्वदिशाका मण्डलेश्वरको देहान्त भयो । अर्को मण्डलेश्वर आएर तपाईंको विरुद्ध युद्धको तयारीमा जुटेको छ । पूर्वदिशाको रक्षा गर्नुहोस् । फेरि पश्चिम दिशाको गुप्तचर आएर भन्यो, हे राजन् पश्चिमका बृद्ध मण्डलेश्वर तपस्या गर्दै थिए, उनको मृत्यु भयो । त्यहाँ अर्को मण्डलेश्वर आएर युद्धको लागि जूँघा मुसार्दै छ, त्यहाँको रक्षा गर्नुपर्‍यो । यत्तिकैमा दक्षिण दिशाको गुप्तचर आएर भन्यो, हे राजन् ! देशरक्षाको निमित्त भ्रमण गर्दा गर्दै दक्षिणका मण्डलेश्वरको बाटैमा देहान्त भयो । यहाँ एक प्रबल शत्रु अगाडि बढदै छ, तुरुन्त सेना पठाएर त्यस दिशाको रक्षा गर्नुहोस् । राजा सभा-भवनबाट बाहिर निस्कदै थिए । एक पुरुष आएर भन्यो, राजन् ! एक प्रबल शत्रु आएर उत्तरका मण्डलेश्वरका साथ युद्ध गर्दैछ । तुरुन्त त्यहाँको रक्षाको लागि कदम चालिबक्सियोस् । यति भनेर त्यो दूत निस्कनासाथ द्वारपालले आएर भन्यो, महाराज ! उत्तरका मण्डलेश्वर द्वारमा खडा हुनुहुन्छ । ल्याउनू भन्ने आज्ञा हुनासाथ मण्डलेश्वर आफैं उपस्थित भएर सप्रणाम बिन्ति गरे, राजन् ! शत्रुका साथ लडदा लडदै मेरो शरीर घाइते भएर यो अवस्था भएको छ । मेरा अल्पसेनाले शत्रुको सामना गर्न सकेनन् । त्यसकारण आफैं उपस्थित भएको हुँ, प्रजाको रक्षा गर्नुहोस् । राजाबाट आज्ञा भयो, मण्डलेश्वरजी, तपाईं फर्कनुहोस्, स्नान सकेर म पनि पर्याप्त सेनासहित आउनेछु । राजाको आज्ञा पाएर मण्डलेश्वर बिदा भए ।

राजाले मन्त्रीहरूलाई बोलाएर भने, अहिले साम, दान, भेदरूप तीन उपायलाई छोडेर युद्धरूप चतुर्थ उपायको अवलम्बन गर्नुपर्ने बेला आएको छ । त्यसकारण शस्त्रास्त्रले सुसज्जित चार अङ्गसहित सेना तयार गर । अगाडि सेना, बीचमा मण्डलेश्वर र पछि सेनापति रहून्, त्यस पछि म आफैं रहनेछु ।

राजाको आज्ञानुसार सेनाहरूको प्रस्थान भयो । युद्धका बाजा बज्न थाले । यता स्नान सकेर राजा अग्निकुण्डको समीपमा गएर बसेर हवन गर्न लागे । हवन सम्पन्न भएपछि आफना इष्टदेव

अग्निलाई प्रणाम गरेर राजाले बिन्ति गरे, हे अग्निदेव यथाशास्त्र आचरण गरेर नै मेरो अहिलेसम्मको समय व्यतीत भएको छ । प्रजाहरूलाई सुखी तुल्याएर निष्कण्टक राज्य गरें । मेरो यश सर्वत्र फैलिएको छ । अहिले शरीर पनि बृद्धावस्थामा पुगेको छ । अब बाँचनु भन्दा मर्नुमा भलाइ छ ।

हे अग्निदेव ! शिर निहुराएर निवेदन गर्छु कि मदेखि प्रसन्न हुनुहोस् । कृपा गरेर मलाई चार रूप दिनुहोस्, जसबाट चारै दिशामा पुग्न सकौं र जहाँ कष्ट हुन्छ त्यहाँ दर्शन दिनुहोला । हे राम ! यति भनेर उनले खड्गद्वारा आफ्नो शिर काटेर अग्निमा होमिदिए, धड पनि आफैं अग्निकुण्डमा परेर भस्म भयो । तब उस्तै आकारका चार मूर्ति कुण्डबाट निक्ले । त्यसपछि चार जना विपश्चित् राजाले रथ, हात्ती, घोडा र पैदल सिपाही समेत चारप्रकारका सेना लिएर चार दिशातिर धावा बोले । घमासान युद्ध भयो । वायव्यास्त्र, पर्वतास्त्र, पर्जन्यास्त्र, अग्न्यस्त्र आदि दिव्यास्त्रको पनि प्रयोग भयो । सेना समाप्त प्राय भए, शत्रुहरू भागे । युद्ध रोकियो, आकाश निर्मल भयो । चारैजना विपश्चित् मन्त्रीलाई साथमा लिएर अगाडि बढदै जाँदा चार दिशाको समुद्र-तटमा पुगे । उनीहरूले देखे कि गहिरो अगाध समुद्र छ । माछा र अन्य जलजन्तु पानीमा चलेका छन् । कतै रत्न, हिरा, मोती चंकेका छन् । तटको बालुकामय जमीनमा ल्वाङ०, अलैंची र चन्दन आदिका वृक्ष सुशोभित छन् ।

(२१९) जीवन्मुक्त-लक्षणवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! राजा विपश्चित् यस प्रकार दिग्विजय गर्दै मन्त्रीसहित समुद्रको पार पुगे । मन्त्रीले राजालाई नदी, पर्वत, गुफा, वृक्ष आदि दृश्य देखाइसकेपछि भने, हे राजन् ! संसारमा अनर्थ र परमार्थका कारण तीन पदार्थ छन्, ती हुन् लक्ष्मी (धन), आरोग्य र यौवनावस्था । पापी जीव लक्ष्मी (धन) लाई पापकर्ममा र देहको आरोग्यलाई विषयको सेवनमा लगाउँछन् र यौवनावस्थामा पुण्य कर्म गर्दैनन्, पापकर्म गर्छन् । जो पुण्यवान् छन् तिनीहरू यी तीन पदार्थलाई मोक्षमा लगाउँछन् अर्थात् लक्ष्मी (धन) द्वारा यज्ञादि शुभ कर्म गर्छन्, आरोग्यबाट परमार्थ सिद्ध गर्छन् र यौवन अवस्थामा शुभकर्मपरायण हुन्छन्, पापकर्म गर्दैनन् ।

जस्तो समुद्र र पर्वतका कुनै स्थानमा रत्न र कुनै स्थानमा कीरा हुन्छन् त्यस्तो संसार-समुद्रमा कहीं ज्ञानवान्‌रूपी रत्न र कहीं अज्ञरूप कीरा रहन्छन् । समुद्र जीवन्मुक्त जस्तो भएर रहेको छ, यो आफ्नो मर्यादा छोडदैन । कहीं दैत्य, कहीं पखेटासहित पर्वत, कहीं वडवाग्नि र कहीं रत्न रहेका छन् तिनमा समुद्रको राग-द्वेष छैन । जस्तो कुनै सिपी र कुनै बाँसबाट मोती निक्लन्छन् ती विरलै हुन्छन् त्यस्तै तत्त्वदर्शी ज्ञानवान् विरल हुन्छन् । यस पर्वतको रचना हेर्नुहोस्, यसमा विरल हुन्छन् । यस पर्वतको रचना हेर्नुहोस्, यसमा कहीं पक्षी, कहीं विद्याधर रहन्छन्, कहीं देवीहरूको विलास चलेको छ, कहीं योगी, कहीं ऋषीश्वर, मुनीश्वर, कहीं ब्रह्मचारी र वैरागी रहन्छन् । यो यौटा द्वीप हो र यो यौटा समुद्र हो । सात द्वीपलाई सात समुद्रले घेरेका छन् । सबैलाई आकाशले स्थान दिइरहेको छ । ज्ञानी पुरुष झैं आकाश सदा असंग रहन्छ । स्वर्गादि शुभ स्थान र चाण्डाल,

पापी आदिको निवासस्थान अपवित्र नरक पनि छ, तर आकाश दुवैमा समानरूपले रहेको छ - असंग भएकोले निर्विकार छ । जस्तो ज्ञानीको मन सबै स्थानमा निर्लेप रहन्छ त्यस्तो आकाश सबै पदार्थबाट असंग रहन्छ र महात्मा पुरुष झैं सर्वव्यापी छ ।

हे आकाश ! तिमी प्रकाशरूप हौ तापनि यो आश्चर्यको कुरा छ कि तिमीमा अन्धकार देखिन्छ । हे आकाश ! तिमी सबको आधार हौ, जो तिमीलाई शून्य भन्छन् ती मूर्ख हुन् । दिनमा सेतो, रातमा कालो र सन्ध्यामा रातो गुण तिमीमा देखिन्छ तर तिमी ती सात्त्विक, तामस र राजस गुणबाट अलग छौ, त्यसैले तिमी असंग हौ । तिमीबाट नै वृक्षमा बढने शक्ति प्राप्त हुन्छ । तिमीबाट अग्निबाट चिनगारी (झिल्का) निक्ले झैं अनन्त जगत् उत्पन्न हुन्छन् र तिमीमा नै लीन हुन्छन्, तर तिमी जस्ताको त्यस्तो रहन्छौ । तिमी निष्किञ्चन अद्वैत हौ । तिमी सबैलाई धारण गर्छौ र तिमीबाट नै सबैको प्रयोजन सिद्ध हुन्छ ।

हे राजन् ! यस्तो आकाश को हो, सुन्नुहोस् । यो आकाश भनेको आत्मा हो जो चिदाकाशरूप छ र जसमा अनन्त जगत् उत्पन्न भएर लीन हुन्छन् । यस्तो चिदाकाशलाई जो शून्य भन्छन् ती महामूर्ख हुन् । सबको अधिष्ठान, सबको धारणकर्ता तथा सदा असङ्ग चिदाकाशलाई नमस्कार छ । आत्मा सदा एकरस छ, उसमा नाना तरङ्ग भासित हुन्छन् यही माया हो । एक विद्याधर र एक विद्याधरी आफ्नो मन्दिरमा बस्तथे । त्यहाँ एक ऋषि आए । विद्याधरले उनको स्वागत, सत्कार गरेन । ऋषिले शाप दिए कि बारह वर्षसम्म तिमी वृक्ष भएर रहू । अहिले बारह वर्ष पुग्यो । हामी आयौं, त्यो वृक्षयोनिबाट मुक्त भयो । यो ईश्वरको माया हो कि कहिले के हुन्छ, कहिले के हुन्छ भन्न सकिदैन ।

ब्रह्माजीको सृष्टिमा कुकूर सबभन्दा नीच मानिन्छ । त्यो भन्दा पनि नीच को होला ? सुन्नुहोस् । एकजना मानिसले कुकूरसित प्रश्न गऱ्यो, हे कुकूर ! तँ भन्दा नीच कोही छ कि छैन ? कुकूरले भन्यो, "म भन्दा नीच मूर्ख मनुष्य छ, त्यो भन्दा म श्रेष्ठ छु, किनकि एक त म सूरो छु, अर्को कुरा, म जसको भोजन गर्छु त्यसको रक्षा गर्छु र उसको ढोकामा द्वारपाल भएर रहन्छु, तर मूर्खबाट यी तीन काम हुँदैनन् । त्यसकारण म ऊ भन्दा श्रेष्ठ छु ।" हे राजन् ! मूर्खको देहाभिमान हुन्छ, त्यसकारण त्यो कुकूर भन्दा पनि नीच हो । परम अनर्थको कारण देहाभिमान हो । देहाभिमानले गर्दा जीवले महाकष्ट पाउँछ । जस्तो कमलको सुगन्धमा लट्ठ परेको भ्रमरलाई कौवा काँ काँ गरेर गिज्याउँछ, भ्रमर भन्छ कि कौवाले सुगन्धको महिमा के जानोस्, त्यस्तै परमार्थमा लागेको जिज्ञासुरूपी भ्रमर भन्छ कि अज्ञानीरूपी कौवा परमार्थरूपी सुगन्ध जान्न सक्तैन । जस्तो कौवाको साथमा बसे फोहर खानुपर्ला भनेर कोइलीको बच्चा चाँडै नै कागको संगत छोडेर आफ्नो बथानमा जान्छ त्यस्तो ज्ञानमा लागेको सज्जन मानिस अज्ञानीको संगतले विषयरूपी फोहर खानुपर्ला भनेर अज्ञानीको संगत छोडेर सन्तजनको संगतमा जान्छ । आत्मज्ञान प्राप्त भए बुद्धिको शोभा हुन्छ । यसपछि मन्त्रीले राजालाई भने, हे राजन् । अब पृथिवीका नगरहरूमा मण्डलेश्वरको स्थापना गर्नुहोस् । चारै जनाले प्रान्तहरूको शासनव्यवस्था चलाउन अनुकूल मण्डलेश्वरहरूको नियुक्ति गरे ।

समुद्रतटमा पुगेका राजाले मन्त्रीलाई भने कि हाम्रो समुद्रपर्यन्त दिग्विजय भयो । अब हाम्रो चेत्यरूप दृश्यको विभूति हेर्ने इच्छा छ । सात समुद्र र सात द्वीप पार गरिसकेपछि त्यस भन्दा पर के छ त्यो हर्ने हाम्रो उत्कट अभिलाषा छ । यति भनेर राजा विपश्चित्ले आफना इष्टदेव अग्निदेवताको आवाहन गरे । अग्निदेव प्रकटभएर भने, के इच्छा छ, माग । राजाले भने, हे अग्निदेव ! ईश्वरको मायाबाट निर्मित जति पनि प्राणी छन् तिनलाई देखने हाम्रो इच्छा पूर्ण गरिदिनुहोस् । यही शरीरले त्यो दृश्य देखन सकौं, शरीर चल्न नसके मन्त्रशक्तिबाट जान सकौं । मन्त्रको गति नभए सिद्धिद्वारा जान सकौं, सिद्धिको पनि गति नभएमा मनको वेगले जान सकौं र त्यहाँसम्म हाम्रो शरीर मृतक पनि नहोस्, यही वर पाऊँ, । अग्निदेव तथास्तु भनेर अन्तर्धान भए । यसरी वरदान पाएर जब राजा त्यहाँबाट प्रस्थान गर्न लागे तब मन्त्री र मित्र वर्गले रुँदै भने, हे राजन् ! तपाईंले के यस्तो निश्चय गर्नु भएको ? ईश्वरीय मायाको अन्त आजसम्म कसैले पनि पाएको छैन, त्यसकारण आफ्नो राज्यतिर फर्कनुहोस् । यसरी मन्त्रीहरूले संझाउँदा पनि नमानीकन उनीहरूलाई फर्कने आदेश दिएर चारैजना राजा आ-आफना दिशा तिर अगाडि बढ्दै गए । पर्वत, मैदान, जंगलपार गर्दै क्षीर समुद्रमा प्रवेश गरे । समुद्रको छालले कहिले माथि, कहिले पाताल पुऱ्याउँथ्यो तर उनलाई कष्ट भएन । त्यो क्षीरसमुद्रमा एक विशाल माछो थियो, त्यसलाई देवताहरू पनि नमस्कार गर्थे, किनकि त्यो विष्णु भगवान्को मत्स्यावतारको परिवारको थियो । त्यस माछोले उनलाई पेटभित्र हाल्यो तर मन्त्रशक्तिका बलले बाहिर निकले । फेरि अर्को माछोले पनि पेट भित्र पुऱ्यायो, त्यहाँबाट पनि बाहिर निस्के ।

त्यो समुद्र नाघेर गएपछि पिशाचको देशमा पुगे । पिशाचले मोहित तुल्याएर राख्यो । त्यसपछि दक्षप्रजापतिको नगरमा पुगे, त्यहाँ दक्ष प्रजापतिको अवज्ञा भएकोले दक्षप्रजापतिले धेरैकालसम्म वृक्ष भएर रहनुपर्ने शापदिए । राजा वृक्ष भएर रहे । धेरै कालपछि वृक्षयोनिबाट छुटकारा पाएर फेरि यौटा खाडीमा सय वर्षसम्म भ्यागुतो भएर रहे । अनि मनुष्य भए । मुनष्य भएको बेला एकसिद्धले शिला भएर रहने शाप दिए । अग्निदेवको प्रसादले शिलायोनिबाट छुटेर फेरि मनुष्य भए । आफ्नो शापलाई हटाएर मनुष्य भएको देखेर ती सिद्धले ठाने कि यो म भन्दा पनि ठूलो सिद्ध रहेछ, यस्तो जानेर तिनले तीसित मित्रता गरे । यसरी क्षीरसमुद्र, क्षारसमुद्र, इक्षुरसोदसमुद्र आदि समुद्र र द्वीपहरू नाघदै गए । एक देशमा पक्षी भएर रहे । त्यसपछि एक पिशाचिनीले उनलाई गोरु बनाएर राखिन् । अर्को विपश्चित् आएर उनलाई गोरुबाट छुटाए । यसप्रकार चार दिशातिर लागेका एक-एक विपश्चित्ले विभिन्न जन्म र अवस्थाको अनुभव गरे ।

रामले प्रश्न गरे, हे भगवन् ! विपश्चित् पहिले यौटै थिए, पछि चाररूप भए पनि आकार उस्तै थियो र संवित् पनि एकै थियो, तिनीहरू मध्ये एकजना पक्षी थियो र अर्को वृक्ष थियो । यसरी भिन्न रुचि र भिन्न भिन्न योनिमा जन्म कसरी भयो ? वसिष्ठले भन्नुभो, हे राम ! संवित् एक भए पनि भ्रमले भिन्नता हुन्छ । स्वप्नमा मानिस आफूलाई पशु-पक्षीको रूपमा देख्छ र भिन्न रुचि पनि हुन्छ । यौटै शरीरमा पनि आँखा, नाक, कान आदि इन्द्रियको भिन्न भिन्न काम हुन्छ - यसरी एकमा अनेकता हुन्छ । कुनै योगी एक भएर पनि इच्छानुसार अनेक शरीर धारण गर्छ । सहस्रार्जुन राजाका हजार हात थिए, कुनै हातले युद्ध गर्थे, कुनै हातले दान गर्थे, कुनै हातले लेन-देन

गर्थे । विष्णु भगवान् एक भएर पनि कहीं दैत्यका साथ युद्ध गर्थे, कहीं कर्म गर्थे, कहीं लीला गर्थे र कहीं शयन गर्थे । जस्तो संवित् एक भएर पनि चेष्टा भिन्न भिन्न हुन्छन् त्यस्तै उनको (विपश्चित्को) संवित्मा अनेक रुचि भयो त यसमा के आश्चर्य छ ? यस प्रकार अविद्याकृत संसारमा उनीहरूले अनेक जन्म-जन्मान्तर प्राप्त गरे ।

रामले सोधे, हे भगवन् ! ती विपश्चित् बोधवान् थिए होलान्, बोधवान्को जन्म हुँदैन भन्छन्, फेरि तिनको जन्म-जन्मान्तर कसरी भयो ।

वसिष्ठले भन्नुभो, हे राम ! ती विपश्चित् बोधवान् थिएनन्, किन्तु बोधको निकटस्थ धारणाभ्यासी योगी थिए । ज्ञानवान् भएको भए त दृश्यभ्रम हेर्ने इच्छा गर्दैनथे । तिनीहरूले योगशक्तिको बलले समुद्र लङ्घन गरे, माछाको पेटबाट निक्लन समर्थ भए । ज्ञानको लक्षण स्वसंवेद्य हुन्छ, परसंवेद्य हुँदैन । राजा विपश्चित् ज्ञानवान् थिएनन् त्यसैले देश-देशान्तर घुमदै रहे र आविद्यक संसारको जन्ममरणमा भट्कदै रहे ।

रामले सोधे, हे भगवन् ! योगेश्वरलाई तीनकालको ज्ञान कसरी हुन्छ ? योगी एक ठाउँमा बसेर अन्यत्र पनि कर्म कसरी गर्छन् ? बताउनुहोस् ।

वसिष्ठले भन्नुभो, हे राम ! यो अज्ञानीको कुरा तिमीलाई बताएको हुँ । यो सम्पूर्ण जगत् चिदाकाशरूप हो भन्ने ज्ञान जसलाई भएको छ त्यो महापुरुष हो । स्वप्नको सृष्टि आफ्नै स्वरूप हो भनी जो जान्दछ त्यो त्यस सृष्टिबाट बाँधिदैन त्यस्तै यो जगत्लाई आफ्नै स्वरूप जानेपछि त्यसबाट बन्धन हुँदैन । वास्तवमा नाना, अनाना केही छैन, केवल आत्मसत्ता जस्ताको त्यस्तो आफैंमा स्थित छ । ज्ञानी र अज्ञानीको चेष्टा तुल्य देखिन्छ, किन्तु ज्ञानीको निश्चय अर्कै र अज्ञानीको निश्चय अर्कै हुन्छ । जसको हृदय शान्त छ त्यो ज्ञानवान् हो र जसको हृदय त्रितापले जलिरहेको छ त्यो अज्ञानी हो । ज्ञानवान्को शरीर चूर्ण होस् वा राज्य प्राप्त होस् उसको राग-द्वेष हुँदैन, ऊ जस्ताको त्यस्तो एकरस भएर स्थित हुन्छ त्यो जीवन्मुक्त हो । उसको लक्षण ऊ आफैं जान्दछ, अरूले जान्दैनन् ।

एक समय ब्रह्माजी ऊर्ध्वमुख भएर सामवेद गाउँदै थिए । त्यसैबेला सदाशिव आउनु भयो । ब्रह्माले उनको संमान गरेनन् । सदाशिवले नङले ब्रह्माको पञ्चम शिर काटिदिए, तर ब्रह्माजीको मनमा क्रोध फुरेन । उनले विचार गरे कि म चिदाकाश हुँ, अहिले पनि म चिदाकाश नै छु, मेरो केही गएको छैन, शिरसित मेरो कुनै प्रयोजन छैन, यसबाट मेरो हानि-लाभ केही छैन । ब्रह्माजीले चाहेको भए पुनः शिर लगाउन पनि सक्थे, किन्तु उनले त्यसको प्रयोजन देखेनन् । उनको निश्चय सदा आत्मपदमा नै थियो, त्यसैले कुनै क्षोभ भएन ।

सदाशिव पार्वतीलाई साथमा राखनुहुन्छ । उहाँले कामलाई जितनु भएको छ । उहाँ पार्वतीलाई त्यागन पनि सक्नुहुन्थ्यो तर त्यागनुहुन्न, किनकि त्यागनाले कुनै अर्थ सिद्ध हुँदैन र ग्रहण गर्नाले पनि हानि हुँदैन । उहाँमा रागद्वेष छैन, त्यसैले जीवन्मुक्त स्थितिमा रहनु भएको छ । सूर्य, चन्द्र, शुक्र र वृहस्पति आ-आफ्नो काम गरेर पनि इष्टानिष्ट प्राप्तिमा रागद्वेषरहित भएकाले जीवन्मुक्त हुन् । भगवान् विष्णु शरीरधारण गरेर अनेक लीला गरे तापनि क्षोभरहित भएकाले जीवन्मुक्त

स्थितिमा रहनुहुन्छ । राज्यमा अनेक क्षोभ भए तापनि भित्रक्षोभरहित भएर राजा जनक आनन्दसित राज्य गर्नुहुन्थ्यो । दैत्यकुलमा जन्मेका प्रह्लाद, बलि, वृत्रासुर र मुर आदि दैत्य नाना चेष्टा गरेर पनि हृदय शीतल भएकाले जीवन्मुक्त थिए । नल, दिलीप, मान्धाता आदि राजाहरू समभावले राज्य गर्थे, त्यसैले जीवन्मुक्त थिए । यी उपर्युक्त ज्ञानीहरू बाहिर रागवान् जस्ता देखिन्थे, तर भित्र हृदयमा राग-द्वेषरहित शान्तचित्त थिए । ज्ञानीको निश्चयमा सब आकाशरूप हो, जगत् केही बनेको छैन । जस्तो आकाशको नीलिमा भ्रममात्र हो त्यस्तै जगत् भ्रमले भासित हुन्छ, वास्तवमा केही बनेको छैन । केवल कलनारहित, शुद्धसंवित्, जडतारहित, मुक्तस्वभाव, एक, अद्वैत आत्मसत्ता स्थित छ, तिमी त्यही रूप हौ, त्यसैमा स्थित होऊ ।

(२२०) विपश्चिदुपाख्यानवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! राजा विपश्चित्का कस्ता कस्ता अवस्था भए त्यो बताउँछु, सुन । पश्चिम दिशातिर गएका विपश्चित्लाई जंगलमा हिंडदा हात्तीले मारिदियो । अर्को विपश्चित्लाई राक्षसले समातेर वडवाग्निमा हालिदियो र अग्निले भक्षण गरे । तेस्रो विपश्चित्लाई एक विद्याधरले स्वर्गमा पुऱ्याएको थियो, त्यहाँ इन्द्रको मान नराखेकोले उनको शापबाट भस्म भए । चौथोलाई माछाले दश टुक्रा पारेर खायो । यसरी चारै जना विपश्चित् यमलोकका पाहुना बने । मृत्युको अनन्तर तिनको संवित् केही काल आकाशरूप भएर रह्यो, तर उनीहरूको जगत् देखने संस्कार थियो, त्यसैले आकाशरूप संवित् फेरि जाग्यो, त्यसपछि जाग्रत् भासित हुन लाग्यो । उनीहरूले अन्तवाहक शरीरद्वारा चेष्टा गरेर पृथ्वी, द्वीप, समुद्र, स्थावर र जङ्गमरूप जगत् देखे । ती मध्ये पश्चिम दिशाका विपश्चित्ले विष्णु भगवान्को स्थानमा देहत्याग गरेर निर्वाण प्राप्त गरे ।

एकजना हजारौं वर्षसम्म माछाको पेटमा रहे, फेरि एक देशको राजा भए । एक जना मरेर चन्द्रलोकमा गए । एक जना समुद्रमा बगदै बगदै पार भएपछि चौरासी हजार योजन पृथ्वीलाई नाघेर गए । सबैको अगाडि दशहजार योजनको सुवर्णमय पृथ्वी भेटियो, जहाँ देवताहरू विचरण गर्थे । त्यसलाई पनि नाघेर लोकालोक पर्वतमा पुगे, जसले पृथ्वीलाई घेरेको छ । त्यो पर्वत पचासहजार योजन ऊँचो छ र त्यहाँ नक्षत्रचक्र घुमिरहेको छ । त्यसको अगाडि महाशून्य स्थान छ जहाँ स्थावर - जङ्गम कुनै पदार्थ छैन, त्यस्तो स्थान पनि देखे । यसरी सम्पूर्ण भूगोल तिनीहरूले देखे ।

भूगोल के हो र त्यो कसको आश्रयमा छ, त्यसको माथि के छ भनी रामले प्रश्न गरेपछि वसिष्ठले भन्नुभो, हे राम ! जस्तो भकुण्डो छ त्यस्तै भूगोल छ र त्यो संकल्पको आश्रयमा छ । त्यसको सबैतिर आकाश छ, त्यसमा सूर्य-चन्द्रसहित नक्षत्रचक्र घुमिरहन्छ ।

पृथ्वीको चारैतिर दशगुना जल छ, त्यसपछि दशगुना अग्नि र त्यसपछि दशगुना वायु छ । फेरि ब्रह्माण्डको खप्पर छ, त्यसको एक भाग तल र एकभाग माथि छ, बीचमा जो पोल छ त्यो आकाश हो, त्यसको विस्तार अनन्तकोटि योजन छ । त्यस ब्रह्माण्डमा भूगोल छ । त्यसको उत्तरमा सुमेरु पर्वत र पश्चिममा लोकालोक पर्वत छ, त्यसको माथि नक्षत्रचक्र घुमछ, त्यो

नक्षत्रचक्र जतापट्टि रहन्छ त्यहाँ उज्यालो हुन्छ र अर्कोतिर अन्धकार हुन्छ। त्यो सब संकल्पको रचना हो । बालकले संकल्पद्वारा पत्थरको बट्टा रचे झैं चैतन्यरूपी बालकले यो संकल्परूपी भूगोल रचेको छ। जस्तो स्वप्नमा नभएको वस्तु पनि देखिन्छ त्यस्तै यो भूगोल पनि नभईकन देखिएको हो । जस्तो आकाशमा नभएको नीलिमा देखिन्छ त्यस्तो आत्मामा नभएको जगत् देखिन्छ । जस्तो नेत्रदेषले आकाशमा तरुवर देखिन्छन् त्यस्तै अज्ञानरूप दोषले आत्मामा जगत् देखिन्छ, त्यो केवल आभासमात्र हो।

जब ती विपश्चित् लोकालोक पर्वतमा पुगे त्यहाँ ठूलो खाडी देखियो। त्यहाँ भयानक पक्षीहरू रहन्थे, तिनले चुच्चाले टोकेर शरीरलाई चूर्ण पारिदिए, अनि आधि भौतिक (स्थूल) शरीर त्यागेर सूक्ष्म शरीरमा अभिमान गरे। रामले सोधे, हे भगवन्! आधि भौतिक्ता कस्तो हुन्छ र अन्तवाहक भनेको के हो, सुन्न पाऊँ। वसिष्ठले भन्नुभो, हे राम ! संकल्पले जुन शरीरद्वारा दूर देशमा पुगिन्छ त्यो अन्तवाहक शरीर हो र प्रत्यक्ष दृश्यमान पाञ्च-भौतिक शरीर आधिभौतिक हो। कहीं एक गाउँमा जाने संकल्प उठ्यो तर स्थूल शरीर न गईकन त्यहाँ पुगिदैन, स्थूल शरीरद्वारा बाटोमा हिंडेर त्यहाँ पुगिन्छ त्यो आधि भौतिक हो। यो प्रमादले बन्छ। रज्जुसर्प झैं आत्माको अज्ञानबाट आधि भौतिक शरीर भासित हुन्छ। कसैले मनोराज्यले एक नगर बनाएर आफू पनि यौटा शरीरले त्यहाँ भ्रमण गर्छ तर पूर्व शरीर विस्मृत भएको छैन भने त्यो अन्तवाहक हो। त्यस शरीरलाई संकल्पमात्र भनी जान्नु 'विशेषबुद्धि' हो। आत्मबोध भए विना संकल्पशरीरमा जो दृढ भावना हुन्छ त्यसको नाम आधि भौतिक हुन्छ। विपश्चित् आत्मबोधले रहित थिए। उनीहरू अन्तवाहक शरीरले इच्छित स्थानमा पुग्थे। वास्तवमा स्वरूपदृष्टिले हेर्दा न कुनै अन्तवाहक छ, न कुनै आधिभौतिक छ । सब चिदाकाशरूप हो, दोस्रो वस्तु केही बनेको छैन। स्वरूपको प्रमादले विपश्चित् जगत् देखन हिंडेका थिए। उनीहरू पृथ्वी, जल, तेज र वायुको आवरणलाई क्रमशः नाघदै गए । त्यसपछि आकाशलाई नाघेर गए । अन्तमा ब्रह्माण्डकपाटलाई नै नाघेर गएपछि ब्रह्माकाश प्राप्त भयो, त्यहाँ एक अर्को पाञ्च भौतिक ब्रह्माण्ड थियो, त्यसलाई पनि नाघेर गए तर जगत्को अन्त पाउन सकेनन्। स्वरूपको प्रमादले दृश्यको अन्त पाउन हिंडेका थिए, तर अविद्यारूप संसारको अन्त कसरी पाउन सकिन्थ्यो र ? जहाँसम्म ज्ञानद्वारा अविद्या नष्ट हुँदैन त्यहाँसम्म अविद्यारूप संसारको अन्त हुँदैन।

हे राम ! जगत् केही बनेको छैन, केवल ब्रह्माकाश जस्ताको त्यस्तो स्थित छ। त्यसलाई न जान्नु नै संसार हो। जहाँसम्म स्वरूपको प्रमाद रहन्छ त्यहाँसम्म जगत्को अन्त कसैले पनि पाउन सक्तैन। जब स्वरूपको ज्ञान हुन्छ तब जगत्को अन्त हुन्छ। स्वरूपको ज्ञान भन्नु चित्तको निर्वाण गर्नु हो। जहाँसम्म चित्त भटकिइरहन्छ त्यहाँसम्म संसारको अन्त हुँदैन । त्यसकारण चित्तको नाम नै संसार हो। जब चित्त आत्मपदमा स्थित हुन्छ तब जगत्को अन्त हुन्छ। यो उपायविना शान्ति प्राप्त हुँदैन।

(२२१) विपश्चित्-शरीरप्राप्ति

वसिष्ठले भन्नुभो, हे राम ! ती चारजना विपश्चित्को दशा सुन । एक जना पहिले नै निर्वाणप्राप्त भइसकेको थियो । दोस्रो विपश्चित् ब्रह्माण्ड नाघदै जाँदै थियो । एक ब्रह्माण्डमा पुगेको बेलामा उसलाई सन्तको संगत मिल्यो र ज्ञान प्राप्त गरेर ऊ मुक्त भयो । तेस्रो चाहिं टाढा टाढा घुमदै छ र चौथो पहाडको कन्दरामा मृग भएर रहेको छ ।

हे राम ! यो जगत् आत्माको आभास हो । जस्तो सूर्यको किरण भएसम्म जलाभास देखिइरहन्छ त्यस्तो जहाँसम्म आत्मसत्ता अज्ञात रहन्छ त्यहाँसम्म जगत्को चमत्कार निवृत्त हुँदैन । आत्मालाई जानेपछि जगत्-सत्ता रहँदैन । आत्मज्ञान भएपछि आत्मसत्ता नै भास्तछ, त्यसदेखि भिन्न जगत्को सत्ता भासित हुँदैन ।

रामले प्रश्न गरे, हे भगवन् ! विपश्चित् एउटै थिए । एउटै संवित्मा भिन्न भिन्न वासना कसरी भयो ? चारजनामा दुईजना मुक्त भए, एक जना घुमदै छ र अर्को मृग भएको छ - यस्तो न्यूनाधिक फल कसरी भयो ? वसिष्ठले भन्नुभो, हे राम ! देश, काल र पदार्थबाट वासना बन्छ । जसको दृढ भावना हुन्छ उसको जय हुन्छ । जस्तो एक पुरुषले मनोराज्यद्वारा आफ्नो चार मूर्ति कल्पित गऱ्यो र उनमा भिन्न भिन्न वासना स्थापित गऱ्यो, तर संवित् भने यौटै छ । यदि पहिलेको शरीर भुलेर कल्पित शरीरमा जस्तो भावना दृढ हुन्छ त्यस्तो नै प्राप्त हुन्छ त्यस्तो यौटै संवित्मा नानाप्रकार वासना फुर्छन् । जस्तो यौटै संवित् स्वप्नमा नानाप्रकारले भासित हुन्छ र भिन्न भिन्न वासना हुन्छ त्यस्तै आकाशरूप संवित्मा भिन्न भिन्न वासना हुन्छ । हे राम ! उनको संवित् यौटै थियो, तर देश, काल र क्रियाद्वारा वासना भिन्न भिन्न भयो र पूर्वको संवित्-स्मृतिलाई भुलेको हुनाले उनीहरूले न्यूनाधिक फल प्राप्त गरे ।

चौथो विपश्चित् मृग भएर कहाँ कहाँ घुमफिर गऱ्यो र कहाँ स्थित छ भनी रामले प्रश्न गर्दा वसिष्ठले भन्नुभो, हे राम ! दुई जना विपश्चित् ब्रह्माण्ड नाघदै टाढा भन्दा पनि टाढा पुगेका थिए । ती मध्ये यौटा अन्तवाहक शरीरले घुमिराखेकै छन् जो चर्मचक्षुको विषय हुदैन । अर्को पनि घुमदै थियो, अहिले यसै जगत्मा पर्वतको कन्दरामा मृग भएर बसेको छ जो हाम्रो दृष्टिगोचर छ । अहिले यसै जगत्मा छ भनी कसरी जान्नु भो भनी रामले प्रश्न गर्दा वसिष्ठले भन्नुभो, हे राम ! म ब्रह्म हुँ, ब्रह्माण्ड मेरै अङ्ग हो । मलाई सबको ज्ञान छ । जस्तै अवयवी पुरुष आफना अङ्गमा यो अङ्ग फुरेको छ, यो फुरेको छैन भनी जान्दछ त्यस्तै म बुद्धिरूप नेत्रले सब जान्दछु, परन्तु तिमी जान्न सक्तैनौ । म समुद्ररूप हुँ, ममा ब्रह्माण्डरूपी तरङ्ग उठ्छन्, त्यसकारण म तिनलाई जान्दछु ।

हे राम ! त्यो विपश्चित् अहिले मृग भएको छ, त्यो सामान्य मृग होइन । त्यो मृग कस्तो हो बताउँछु, सुन । यौटा अर्को ब्रह्माण्ड छ जो हूबहू यही ब्रह्माण्डको आकारको छ । त्यहाँका देश, काल, क्रिया, चेष्टा, व्यवहार सब यसकै समान छन् । जस्तो दर्पणमा उस्तै प्रतिबिम्ब देखिन्छ । यो भन्नु र ऊ भन्नु यौटै कुरा हो । त्यो विपश्चित् अहिले मृगरूपमा छ । उसको धारणा यस्तो छ कि म अर्को ब्रह्माण्डमा गएको छु, तर छ यही ब्रह्माण्डमा, किनकि बिम्ब र प्रतिबिम्ब दुवै यौटै हो ।

रामले भने, हे भगवन् ! त्यो मृगरूपधारी विपश्चित् कहाँ छ, के गर्दैछ, त्यसलाई प्रत्यक्ष देखन पाऊँ । रामले यति भनेपछि मुनिशार्दूल वसिष्ठले भन्नुभो, हे राम ! हिजो त्रिगर्त राजाले जुन मृग उपहारको रूपमा पठाएको थियो, त्यसलाई राम्रो देखेर तिमीले राख्यौ, त्यसलाई मगाऊ । रामले त्यो मृगलाई यहाँ सभामा ल्याउनू भनी निकटवर्ती सखालाई अराए । आज्ञानुसार मृग सभामा ल्याइयो । मृग मोटो गर्धन भएको कमलदलसमान विशाल नेत्रवाला बडो सुन्दर थियो । सभामा यता र उती नाचन थाल्यो ।

रामले भने, हे भगवन् ! कृपा गरेर यसलाई पूर्ववत् मनुष्य तुल्याएर उपदेश गर्नुहोस् र स्वरूपमा जगाइदिनुहोस् साथै हामी सित प्रश्नोत्तररूप वार्तालाप पनि होस् । वाल्मीकिले भने, हे राजन् ! रामले यति भनेपछि वसिष्ठले पद्मासनमा बसेर आचमन गर्नुभो, आँखा चिमलेर अग्निदेवको ध्यान गर्दै भन्नुभो, हे अग्निदेव ! यो तपाईंको भक्तलाई मनुष्य बनाएर उद्धार गर्नुहोस् । अग्निदेव प्रसन्न भएर धप धप बलेको ज्वालाको रूपमा प्रकट हुनुभयो । आफना इष्टदेवको दर्शन पाएर मृग बहुतै प्रसन्न भयो, मनमा भक्तिको उदय भयो । वसिष्ठले पुनः अग्निदेवको प्रार्थना गर्दै भन्नुभो, हे अग्निदेव ! भक्तका उपर दया गरेर यसलाई मृगशरीरबाट पुनः विपश्चित्को शरीर दिनुहोस्, जसमा यो अविद्या भ्रमबाट मुक्त होस् । अग्निसँग यति प्रार्थना गरेर वसिष्ठले रामलाई भन्नुभो, हे राम ! अब यो मृगले अग्निमा प्रवेश गरेर मनुष्यशरीर प्राप्त गर्नेछ । वसिष्ठले यति भन्दा भन्दै त्यो मृग अलिकति पछिसरेर बुर्लुक्क उफ्रेर अग्निमा हामफाल्यो । हे राजन् ! आगोमा पस्ता खेरी पनि त्यसलाई कुनै कष्ट भएन, झन आनन्द भयो । मृगशरीर अन्तर्धान भयो र महाप्रकाशरूप मनुष्यशरीर धारण गरेर आगोबाट बाहिर निस्क्यो । अहिले सुन्दर वस्त्र पहिरेर उसले शिरमा मुकुट, कण्ठमा रुद्राक्षको माला र यज्ञोपवीत धारण गरेको थियो । मनुष्यशरीर लिएको विपश्चित् अग्निभन्दा पनि तेजस्वी थियो । उसको तेजले अग्निलाई पनि लज्जित तुल्याउँथ्यो । अग्नि अन्तर्धान भए । यस्तो देखेर रामसहित सभा नै आश्चर्यचकित भयो ।

अग्निबाट निस्केका विपश्चित् एक क्षण ध्यानमग्न भए । अनि शरीरका अङ्ग-प्रत्यङ्ग र प्राणको स्मरण गरेर उनले आँखा खोले, समीपमा वसिष्ठलाई देखेर साष्टाङ्ग प्राणाम गरेर भने, ज्ञानभास्कर, प्राणदाता हे ब्राह्मण ! मेरो नमस्का छ । उनले यति भनेपछि वसिष्ठले उनको शिरमा हात राखेर भन्नुभो, हे राजन् ! उठेर खडा हुनुहोस्, अब मैले तपाईंको अविद्यालाई दूर गरिदिनेछु र तपाईं आफ्नो स्वरूपमा प्राप्त हुनुहुनेछ । तब राजा विपश्चित् उठेर राजा दशरथलाई प्रणाम गर्दै भने, हे महाराज ! तपाईंको जय होस् । फेरि सभामा अवस्थित विश्वामित्र प्रभृति सबैलाई यथायोग्य नमस्कार गरे । राजा दशरथले राजा विपश्चित्लाई आफ्नो समीपमा बसालेर उनलाई भास भनी संबोधन गर्दै भने, हे भास ! तिमी चिरकाल देखि संसारको भ्रमण गर्दा गर्दा थाकेका छौ, केही बेर विश्राम गर र जो जो देश, काल र क्रिया देख्यौ त्यो सब बताऊ । यो आश्चर्य छ कि आफ्नो घरमा शय्यामा सुतेको मानिस निद्रादोषले खाडलमा खस्तै उत्रदै देश-देशान्तरमा भटकेर घुमदछ - यही त अविद्या हो । हे भास ! जस्तै वनमा फिर्ने हात्ती जञ्जीरले बाधिएर दुःख पाउँछ त्यस्तै तपाईं विपश्चित्ले पनि अविद्या भ्रमले जगत् देखने इच्छाको वशीभूत भएर अनेक

देश-देशान्तर घुमदै अनेक दु:ख झेलनुभो । हे राजन् ! जगत् कुनै वस्तु नै होइन तैपनि भासित हुन्छ - यो नै माया हो । भ्रमले आकाशमा नाना रङ्ग देखिए झैं अविद्याले यो जगत् भासित हुन्छ तर सब आकाशरूप (आत्मरूप) हो र आकाशमा (आत्मामा) स्थित छ । त्यस आकाशमा तपाईंले जो आत्मरूपी चिन्तामणिको चमत्कार देखनुभो, त्यो बताउनुहोस् ।

(२२२) बटधानोपाख्यानवर्णन

राजा दशरथले भने, हे भास ! तिमी विपश्चित् (बुद्धिमान्) थियौ, किन्तु चेष्टाले तिमी अविपश्चित्बुद्धि (मूर्खबुद्धि) भयौ, जसले गर्दा अविद्या (जगत्) देखन समर्थ भयौ । यो जगत्को भान असत्य हो, असत्य वस्तु देखने इच्छा तिमीले किन गर्‍यौ ? वाल्मीकिले भन्नुभो, हे राजन् ! राजा दशरथले यति भनेपछि मौका पाएर विश्वामित्रले भने, हे राजन्, दशरथ ! यस्तो चेष्टा त्यही गर्छ जसको परमबोध प्राप्त भएको छैन, तर केवल पटमूर्ख (अज्ञानी) पनि यस्तो चेष्टा गर्दैन । परम बोध र आत्मानुभव प्राप्त गरेको ज्ञानवान् जगत्लाई अविद्याकृत भनी जान्दछ र असत्य जगत्को अन्त पाउन यत्न नै गर्दैन । देहाभिमानी मूर्ख पनि जगद्-दर्शन गर्नको लागि यत्न गर्दैन किनकि त्यसमा उसको सामर्थ्य नै हुँदैन । जो बीचको मानिस जो आत्मबोधले रहित छ र जसले आधिभौतिक शरीरलाई त्यागेर अन्तवाहक शरीरमा दृढ विश्वास गरेको छ त्यस्तो व्यक्ति यसप्रकार भटकेर संसार भ्रमण गर्छ । हे राजन् ! यसैगरी बटधाना राजपुत्रहरू पनि ब्रह्माण्डमा घुमेका छन् । तिनीहरू पनि पृथिवी कहाँसम्म छ भनी त्यसको अन्त पाउने इच्छाले ब्रह्माण्डमा घुमिरहेका छन् । अहिले सत्तरी लाख वर्ष बितिसक्यो, तै पनिं घुमदै छन् । वासनाले गर्दा यस्तो दशा हुन्छ ।

(बटधाना भन्ने एक देश छ । त्यहाँ एक क्षत्रिय राजा थिए । उनका तीन पुत्र थिए । बटधाना देशका भएका हुनाले ती राजपुत्रहरूलाई पनि बटधाना भन्दथे । ती राजपुत्रहरू पनि यसै गरी संसार देखने इच्छाले घुमेका हुन्) ।

हे राजन् ! जस्तो कुनै बालकले रचाना गरेको संकल्पको वृक्ष आकाशमा रहन्छ त्यस्तो यो भूगोल ब्रह्माको संकल्पमा स्थित छ । संकल्पले भकुण्डो झैं आकाश आदि पाँच तत्त्वले ब्रह्माण्ड रचेको छ । संकल्पले रचेको भूगोलको एक कोणमा अवस्थित बटधाना देशमा एक जीव रहन्थ्यो । उसका तीन पुत्र थिए । उनको मनमा यस्तो संकल्प उठ्यो कि हामीं जगत्को अन्त देखौं । यही संकल्पले ती तीन जीव पृथिवी र समुद्रपार गर्दै यस भूगोलको चारै तर्फ घुमिरहेका छन् । यो भूगोलमा तल-माथि भन्ने केही छैन तापनि गोडा तल र शिर माथि गरेर बटधाना जीव चारौं तर्फ घुमेका छन् । जहाँसम्म स्वरूपको प्रमाद रहन्छ त्यहाँसम्म जगत्को अभाव हुँदैन । जब आत्मसाक्षात्कार हुन्छ तब जगत् ब्रह्मरूप हुन्छ । जगत् केही बनेको छैन, स्फुरणबाट भासित हुन्छ, जस्तो स्वप्नमा अज्ञानले अनन्त जगत् देखिन्छ त्यस्तो यो जगत् स्फुरणबाट बनेको छ, वास्तवमा केही पनि छैन । परब्रह्ममा यो स्फुरण भएको छ, त्यसकारण स्फुरणबाट जो बनेको छ त्यो पनि परब्रह्म नै हो, केही बनेको छैन - आत्मसत्ता आफ्नो स्वभावमा स्थित छ । जस्तो पत्थर

ठोस हुन्छ त्यस्तो आत्मतत्त्व चैतन्यघन छ । जस्तो आकाश र शून्यतामा भेद छैन त्यस्तो ब्रह्म र जगत्मा कुनै भेद छैन ।

रत्नको चमत्कार झैं यो जगत् आत्माको चमत्कार हो । चैतन्यस्वरूप आत्माको आश्रयमा अनन्त सृष्टि फुरेका छन् । अत: सब सृष्टि आत्मस्वरूप हो । आत्मादेखि भिन्न कुनै वस्तु छैन । आत्मस्वरूपमा जागेको ज्ञानवान् सब ब्रह्मरूप नै देखनुहुन्छ र अज्ञानी नानाप्रकारको जगत् देखतछ ।

आफ्नो वासना नै हो जीवको बन्धनको कारण । वासना भएसम्म राग-द्वेष उत्पन्न हुन्छ र त्यसबाट जीव बाधिन्छ । जसको जगत्को सुखदु:खमा राग-द्वेषको भावना उठ्तैन र वासना पनि नष्ट भएको छ उसको लागि जगत् ब्रह्मरूप अर्थात् आफनै स्वरूप देखिन्छ र जगत्मा दु:खदायक कुनै वस्तु रहँदैन ।

(२२३) विपश्चित्कथावर्णन

दशरथले विपश्चित्लाई भने, हे भास ! तिमी चिरकालपर्यन्त जगत्मा घुमदै रह्यौ । तिमीले जुन जुन चेष्टा गर्‍यौ र जो देश, काल, पदार्थ देख्यौ त्यो सब बताऊ ।

भासले भन्यो, हे राजन् ! म जगत् देखन गएको हुँ, घुमदा घुमदा थोकेको छु तर जगत् देखने इच्छा भएकोले कुनै दु:ख भएन । मेरा असंख्य जन्म र मृत्यु भए । धेरै पटक शाप पाएँ र उच-नीच स्थानमा घुमें । हजारवर्षसम्म वृक्ष भएर रहें, त्यसपछि सुमेरु पर्वतमा सौवर्ण कमल भएर रहें ।

एक देशमा स्याल भएर रहेको बेलामा मलाई हात्तीले मारिदियो, अनि सुमेरु पर्वतमा मृग भएर रहें, मलाई देवताहरू माया गर्थे । फेरि देवलोकमा वृक्षको सुगन्धमय मञ्जरी भएर रहें, मेरो स्पर्शबाट सुगन्ध लिएर देवीहरू आनन्द मान्थे । फेरि अर्को ब्रह्माण्डमा पुगेको बेला एक स्त्री देखिइन्, उनको शरीरमा कैयौं ब्रह्माण्ड देखन्थे । मैले सोधें, हे देवि ! तिमी को हौ र यो के देखिएको हो ? उनले भनिन्, म शुद्ध चित्शक्ति हुँ र यी सब सृष्टि मेरै अङ्ग हुन् । यो सारा जगत् चिद्रूप हो, चैतन्यदेखि भिन्न केही छैन । जो आफ्नो स्वभावमा स्थित छ उसको लागि जगत् आफैंमा देखिन्छ, जो स्वरूपमा स्थित छैन त्यसको लागि जगत् बाहिर र आफूदेखि भिन्न देखिन्छ । त्यसपछि अर्को सृष्टिमा पुगें, त्यहाँ पुरुषबाट नै पुरुष उत्पन्न हुँदा रहेछन् । फेरि एक सृष्टि यस्तो देखियो, जहाँ सूर्य, चन्द्र, तारा, मनुष्य, देवता कोही थिएनन् । यौटा सृष्टिमा देवता र दैत्य मिलेर क्षीरसागरमा समुद्रमथन गर्दै थिए । अग्निदेवका प्रसादले अनेक ब्रह्माण्डमा घुमेर अनेक आश्चर्यमय सृष्टि देखियो । एक पटक आकाशबाट पृथिवीमा खसेर गाढ निद्रामा परेको थिएँ । सुषुप्तिपछि स्वप्नमा यस्तै जगत् देखियो, पर्वत, कन्दरा र सिद्धहरूको स्थान स्पष्ट देखिन्थ्यो, फेरि सिद्धको पनि गति नभएको स्थान देखियो । आश्चर्य यो छ कि स्वप्नको सृष्टि पनि प्रत्यक्ष जाग्रत् जस्तै देखिन्थ्यो । यो जाग्रत् भनेको पनि स्वप्न नै हो । त्यसकारण सब जगत् भ्रममात्र हो र असत्य वस्तु पनि सत्य जस्तो देखिन्छ ।

(२२४) महाशववृत्तान्तवर्णन

विपश्चित्‌ले भने, हे राजन् ! यौटा अर्को पनि सृष्टि मैले देखें जो यसै महाकाशमा छ र त्यो महाकाशदेखि भिन्न होइन । जहाँ तपाईंको पनि गति छैन, जस्तो स्वप्नको सृष्टि कसैले जाग्रत्‌मा देखन चाह्यो भने देखिंदैन त्यस्तो यो सृष्टि हो ।

हे राजन् ! पृथ्वीको एक स्थानमा म बसेको थिएँ । त्यहाँ हेर्दा हेर्दै एक भयानक कालो छायाँ जस्तो वस्तु घुमन लाग्यो, एक क्षणपछि पर्वत झैं देखियो । त्यसले दशै दिशा ढाक्यो र आकाशमा पनि नअटाउने जस्तो भयो । सूर्य र चन्द्रमालाई पनि त्यसले ढाक्यो । फेरि भूकम्प आएजस्तो भयावह स्थिति खडा भयो, मानो प्रलयकाल नै आएको हो कि जस्तो देखियो । अनि मैले आफना इष्टदेवता अग्निको प्रार्थना गर्दै भनें, हे भगवन् ! तपाईं मलाई जन्मजन्मान्तरदेखि रक्षा गर्दै आउनु भएको छ, अहिले पनि मलाई यस आपद्‌बाट रक्षा गर्नुहोस्, म नष्ट हुन आटें । अग्निले भन्नुभो, तिमी नडराऊ । अनि मैले अग्निमा प्रवेश गरें, तब अग्निदेवले भन्नुभो, मेरो वाहन सुगामाथि चढेर मेरो स्थानमा हिंड । अनि अग्निदेवले मलाई वाहनमा चढाएर तुरुन्त आकाशमा लिएर जानु भयो । जब हामी उड्यौं तब पछाडिबाट त्यो महाशब पृथ्वीमा खस्यो, त्यो खस्ता सुमेरु आदि पर्वत पनि धसिएर पाताल पुगे । त्यो महाशरीर सयौं सुमेरु पर्वत खसे झैं खस्यो । ती पर्वत धसिंदा पृथ्वीमा ठूला ठूला खाडल बने । त्यस शरीरको मुनि परेका वृक्ष, मनुष्य, दैत्य, स्थावर, जङ्गम सब नष्ट भए । महान् उपद्रव भयो, निदान उसको शरीरले सारा दिशा पूर्ण भए । त्यस महाशवका अङ्ग ब्रह्माण्डबाट बाहिर पुगेका थिए । अनि इष्टदेव अग्निलाई भनें, यो उपद्रव किन भयो, यो सब के हो र यो शरीर कसरी खस्यो ? यस्तो शरीर त अहिले सम्म देखे-सुनेको थिएन । अग्निदेवले भन्नुभो, तिमी अहिले चूप रहू । पहिले यसलाई शान्त हुन देऊ, अनि सब वृत्तान्त एक एक गरेर बताउँला । अग्निदेवले यो कुरा गर्दै थिए, स्वर्गवासी देवता, विद्याधर, गन्धर्व र सिद्ध आइपुगे र विचार गरे कि प्रलयकाल विना नै यो उपद्रव भएको छ, यसको शान्तिका लागि देवीको आराधना गर्नुपर्छ । हे राजन् ! त्यसपछि देवीको स्तुति गर्दै देवताहरूले भने, हे शबवाहिनी चण्डिके देवि ! हामी तपाईंको शरणमा आएका छौं, यस उपद्रवबाट हाम्रो रक्षा गर्नुहोस् ।

(२२५) शव-माहात्म्य-वृत्तान्त-वर्णन

विपश्चित्‌ले भने, हे दशरथ ! यसरी देवीको स्तुति गरेर देवताहरूले जब त्यस शवमा दृष्टि दिए तब देखे कि उसका पेटमा सातद्वीप अटाएका छन्, भुजाहरूमा पर्वत रहेका छन्, त्यसका अङ्गले आकाश-पाताल ढाकेका छन् । एउटै अङ्गमा पृथिवी अटाएको छ । देवता, विद्याधर, यक्ष र सिद्धहरूले फेरि देवीको स्तुति गरेर भने, हे भगवति ! हे चण्डिके ! हामी शरणागत छौं, रक्षा गर्नुहोस् । देवताहरूको प्रार्थना सुनेर यक्ष, बेताल, भैरव आदि गणले सहित भएर भगवती आकाश मार्गबाट प्रकट भइन् । उनी यति तेजस्विनी थिइन् कि मानो अग्निको नदी प्रवाहित भएर आएको हो । उनका लाल नेत्र, पाकेका केश र सेता दाँत थिए । उनको शरीर कोटि योजनपर्यन्त फैलिएको थियो । उनी गर्जदै देवताको निकट आइन् ।

देवताले प्रार्थना गरे कि हे अम्बे ! यस उपद्रवबाट रक्षा गर्नुहोस् । हामी शरणमा आएका छौं । गणहरूलाई आज्ञा दिनुहोस् कि उनीहरूले शवको भक्षण गरून् । त्यसपछि चण्डिकाले प्राणवायु खिचिन् र अगस्त्यले समुद्र पिए झैं त्यस शवको रक्तपान गरिन्, गणले उसका अङ्ग-प्रत्यङ्ग भक्षण गरे । उसका हाडबाट पर्वत बने । पिएर शेष रहेको रगतले सुमेरु, हिमालय आदि पर्वत रातै भए । रक्तपान गरेर देवीको उदर पूर्ण भयो । त्यो महाशव यति विशाल थियो कि देवताहरूले पनि त्यसको अन्त पाउन सकेनन् । शवको मुनि परेका सारा प्राणी नष्ट भए । पर्वतका कन्दाराहरूमा लुकेर रहेका देवता, यक्ष, गन्धर्व, मनुष्य, ऋषि, मुनि आदि केही जीव बचेका थिए र बाँकी सबै नष्ट भए ।

रामले सोधे, हे भगवन् ! त्यो ब्रह्माण्डलाई ढाकेर बाहिर पनि पुगेको थियो भन्नुभो तब केही देवता आदि कसरी बचे, त्यसको कारण के हो ? वसिष्ठले भन्नुभयो, हे राम ! उसको शरीर मुनि परेका त सब नष्ट भए, तर मुख र घाँटीमा केही भेद छ । मुख र घाँटीमा जो पोल (खाली ठाउँ) छ त्यहाँ, टाँग मुनि खाली ठाउँमा र सुमेरु आदि पर्वतको कन्दरामा जो रहेका थिए ती बचे । ती बचेकाले सारा उजाड देखेर भने कि वृक्ष, वन, हिउँका पर्वत कहाँ गए, उनको सुन्दरता कहाँ गयो, क्षीर समुद्र, इक्षुरसोद समुद्र कहाँ गए । जम्बू (जामुना) को रसबहने नदी कहाँ गयो । अप्सराहरूको विहारस्थान नन्दनवन कहाँ गयो ? यस प्रकारले एकातिर देवताहरू शोक गर्दै थिए, अर्कातिर देवीका गणले शवका अङ्गको भोजन गरे । भोजन गरेर जो मेद (बोसो) बाँकी रहेको थियो त्यसबाट पृथिवी बन्यो । मेदबाट बनेको हुनाले पृथिवीको नाम मेदिनी हुन गयो । उसका हाडबाट सुमेरु आदि पर्वत बने । ब्रह्माजीले हेर्दा सृष्टि शून्य देखेर पुनः संकल्पद्वारा सृष्टिरचना गर्नुभयो, अनि संसारमा पूर्ववत् व्यवहार चल्न लाग्यो ।

(२२६) मशक-व्याधवर्णन

विपश्चित्ले भने, हे दशरथ ! जब यस्तो भइराखेको थियो तब मैले इष्ट देव अग्निसित प्रश्न गरें कि त्यो शव को थियो, कहाँ स्थित थियो र कसरी खस्यो ? अग्निदेवले भन्नुभो, हे राजन् ! अनन्त त्रिलोकी जसको आभास हो उसका साथ यसको वर्णन हुनसक्छ । एक त्रिलोकी सँग यसको वृत्तान्तको वर्णन हुन सक्तैन । हे राजन् ! जो एक परम आकाश छ त्यो चिन्मात्र पुरुष सर्वज्ञ, अनामय र अनन्त छ । त्यो आत्मतत्त्व केवल आफनै रूपमा अवस्थित छ, तर उसको जो आभास संवेदन फुर्छ त्यही किञ्चन बन्छ । कुनै ठाउँमा जब फुर्छ तब म तेज अणु हुँ भन्ने भावना हुन्छ, अनि आफूमा इन्द्रियसहित शरीर देख्छ र इन्द्रियद्वारा विषयको ग्रहण गर्छ । फेरि आफू यो ठाउँमा रहेको छु भनी आधार र आधेयभावको कल्पना गर्छ र आफूलाई कुनै घरमा बसेको देख्छ । अनि माता पिता देख्छ र व्यवहार हुन्छ, ऊ भन्छ कि यी मेरा माता पिता हुन्, यो मेरो कुल हो । यस्तो प्रक्रिया चिरकालदेखि चल्दै आएको छ ।

यसप्रकार अहंकारसहित एक दैत्य घुमदै थियो । त्यहाँ एक ऋषिको कुटी थियो । त्यो कुटीलाई भताभुङ्ग पारेर दैत्य ऋषिको समीपमा गयो । ऋषिले भने, रे दुष्ट ! किन यस्तो काम गरिस्, अब तँ मरेर मशक (मच्छड-लामखुट्टे) भएस् ।

रामले प्रश्न गरे, हे भगवन् ! जन्म हुँदा एक जन्मको संस्कारबाट अरू जन्म हुने हो कि अथवा सोझै ब्रह्माबाट जन्म हुने हो ? उत्तरमा बसिष्ठले भन्नु भयो, हे राम ! कोही एक जन्मबाट जन्मान्तरमा जान्छन् र कोही ब्रह्माबाट उत्पन्न हुन्छन् । जसको पूर्ववासना छ तिनीहरूको वासना अनुसार जन्म हुन्छ र जन्मबाट जन्मान्तर प्राप्त हुन्छ । जसको पूर्वसंस्कार विना नै पञ्च महाभूत र शरीर भासित हुन्छ ती सोझै ब्रह्माबाट उत्पन्न भएका हुन् । यसरी दुई प्रकारकों सृष्टि मानिन्छ । अब मच्छडको क्रम सुन ।

हे राम ! शापबाट त्यो दैत्यले मच्छडको जन्म पायो जसको आयु १, २ दिन मात्र हुन्छ । एक दिन त्यो मच्छड एक तलाउको नजीक घासमा बसेको थियो । उसले मृग आएको देख्यो । त्यही मृगको खुट्टाले कुल्चिएर मशक मऱ्यो र मृगको जन्म पायो । मृग हरियो घाँसमा चर्दै थियो, उसले धनुर्वाण लिएको एक बधिक (व्याधा) लाई देख्यो । बधिकले पनि मृगलाई देखेर तुरुन्त वाण हान्यो, मृग विद्ध भएर मऱ्यो । मनमा बधिकको संस्कार भएकोले त्यो मृग बधिक भएर जन्म्यो । त्यो बधिक (व्याधा) धनुर्वाण लिएर वनमा मृग र पक्षीहरूलाई मार्दै हिंड्थ्यो । एकदिन त्यो बधिक वनमा एक मुनीश्वरलाई देखेर उनको नजीकमा गयो । मुनीश्वरले भने, हे भाई ! तैंले किन यस्तो पाप कर्म गरिस्, यस कर्मले गर्दा तँ नरकमा जानेछस् । जुन शरीरको भोगको लागि यस्तो कुकर्म गर्दैछस् त्यो शरीर क्षण भङ्गुर छ । बिजुलीको चमक झैं यौवन पनि एक क्षणमा बितेर गइहाल्छ । यस्ता दुष्कर्मको फल नरकको दु:ख अवश्य भोगनुपर्छ । यदि शान्ति चाहन्छस् भने हिंसाकर्म छोडेर ज्ञानमार्गको अवलम्बन गर । दुष्कर्मको फलस्वरूप दु:खमय संसारमा भटकिरहनुपर्छ, कहिले पनि शान्ति प्राप्त हुँदैन । त्यसकारण अब संसारसमुद्रबाट पार लाग्ने उपाय गर ।

(२२७) हृदयान्तर-स्वप्नमहाप्रलयवर्णन

अग्निदेवले भन्नुभयो, हे राजन् ! ऋषीश्वरको वचन सुनेर बधिकले धनुर्वाण भैमा राखेर भन्यो, हे भगवन् ! जुन प्रकारले संसार-समुद्रबाट पार हुन सक्छु त्यस्तो उपाय कृपा गरेर बताउनुहोस्, जुन उपाय दु:साध्य नहोस् र मृदु पनि नहोस् ।

ऋषीश्वरले भन्नुभयो, हे बधिक ! मनलाई एकाग्र गर्नु शम हो, इन्द्रिय निरोध दम हो र त्यही मौन हो । मन एकाग्र भएपछि अन्त:करण शुद्ध हुन्छ । यसबाट संसारभ्रम निवृत्त भएर परमानन्दको प्राप्ति हुन्छ । ऋषिलाई प्रणाम गरेर बधिक तपस्या गर्न लाग्यो । हृदयबाट सारा क्रिया त्यागेर मौनवृत्ति धारण गऱ्यो । निरिच्छित भएर यथाशास्त्र प्रारब्धबाट जो मिल्छ त्यही भोजन गरेर रहन लाग्यो । केही कालपछि जब अन्त:करण शुद्ध भयो तब ऋषिको समीपमा गएर बधिकले भन्यो, हे भगवन् ! बाहिरको दृश्य कसरी हृदयमा प्रवेश गर्छ र स्वप्नको आन्तर सृष्टि कसरी बाह्यरूप भएर देखिन्छ, कृपया बताउनुहोस् ।

ऋषीश्वरले भन्नुभो, हे बधिक ! बडो गूढ प्रश्न गऱ्यौ । यस्तै प्रश्न मैले भगवान् गणपतिसित गरेको थिएँ, उहाँबाट उपदेश पाएर जो जानेको छु त्यो बताउँछु, सुन । यस्तो सन्देह निवृत्त गर्नको लागि मैले पनि उपाय गरेको थिएँ । एक समय, पद्मासन बाँधेर बाह्येन्द्रियलाई मनमा लय गरेर, मन बुद्धि आदि पुर्यष्टकलाई निराधार हृदयाकाशमा (पूर्ण ब्रह्ममा) स्थापित गरेर योगधारणाद्वारा पूर्ण भएर बसेको थिएँ । एक दिन मेरो कुटीको नजीकमा एकजना मानिस सुतिरहेको थियो, उसको श्वास-प्रश्वास भित्र-बाहिर गरिरहेको थियो । उसको भित्र के चमत्कार छ, हेरौं भन्ने इच्छा मेरो मनमा उठ्यो । शरीर पद्मासनमा नै थियो । योगधारणाको अवलम्बन गरेर श्वासमार्गबाट उसको भित्र प्रवेश गरें । भित्र आ-आफना रस ग्रहण गरिराखेका नाडीहरू देखिए । रक्तवाहिनी र मलमूत्रवाहिनी नाडीहरू पनि देखिए । त्यो अपवित्र स्थान देखेर म अप्रसन्न भएँ । त्यो स्थान रक्त, मांस र मज्जा (मासी) ले युक्त महानरकसमान अन्धकारमय थियो । फेरि अगाडि गएर हेर्दा एक कमल देखियो जसमा संवेदन फुर्थ्यो । त्यो संवित्-शक्ति हो जो महातेजोयुक्त हृदयाकाश हो । तीन लोकमा जति पदार्थ छन् ती सारा त्यहीं देखिन्थे । दीपक झैं प्रकाशमान संवित्‌रूपी जीवसत्ता त्यहाँ विद्यमान थियो । अनि त्यस जीवकलामा तद्‌रूप भएर त्यहाँ सूर्य, चन्द्र, पृथ्वी, जल, तेज, वायु, आकाश, पर्वत, समुद्र, देवता, दैत्य, गन्धर्व आदि स्थावर - जङ्गमरूप विश्व देखें । ब्रह्मा, विष्णु र रुद्रसहित सम्पूर्ण सृष्टि त्यसभित्र देखदा बडो आश्चर्य भयो कि भित्र सृष्टि कसरी भासित भयो ।

हे बधिक ! उसले जाग्रत्‌मा इन्द्रियद्वारा जुन सृष्टिको अनुभव गरेको थियो, त्यसको संस्कार चित्तमा जमेर बसेको थियो । त्यही संस्कार अहिले प्रकट भएर स्वप्नको सृष्टि बनेको थियो । त्यो स्वाप्निक सृष्टि भित्र नै भासेको हो तर भित्र जो भूतसत्ता थियो त्यो बाहिरको सृष्टि बन्यो र मैले पनि प्रत्यक्ष देखन लागें अर्थात् जाग्रत्‌को सृष्टि झैं अर्थाकार भासित हुनलाग्यो । हे बधिक ! यो जाग्रत्-सृष्टि र त्यो स्वाप्निक सृष्टिमा मैले कुनै भेद देखिन, दुवै बराबर हुन् । चिरपर्यन्त प्रतीतिको नाम जाग्रत् हो र अल्पकाल प्रतीतिको नाम स्वप्न हो, तर स्वरूपतः दुवै समान छन् । दुवैको अधिष्ठान चैतन्यसत्ता परब्रह्म नै हो, उसको प्रमादले जब संवेदन प्राणसित मिल्छ तब त्यस स्फुरणको नाम जीव, मन, चित्त, बुद्धि, अहंकार आदि हुन्छ । पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र अन्तःकरण-चतुष्टय जब आ-आफ्नो विषयलाई ग्रहण गर्छन् तब त्यसको नाम जाग्रत् हो । जब चित्तको स्पन्दन निद्रादोषले अन्तर्मुख भएर फुर्छ तब बहुविध स्वाप्निक सृष्टि देखिन्छ र त्यही नै त्यसबेला जाग्रत्‌रूप भासित हुन्छ । जब संवेदन अधिष्ठान आत्मसत्तातिर फुर्छ र बाह्य विषयको स्फुरणले रहित हुन्छ तब जाग्रत्, स्वप्न केही पनि भासित हुँदैन, केवल निर्विकल्प आत्मसत्ता शेष रहन्छ ।

हे बधिक ! मैले विचार गरेर देखें कि जगत् भन्ने अरू कुनै वस्तु होइन, स्फुरणको नाम नै जगत् हो । जब चैतन्य संवेदनरूप (स्फुरणरूप) हुन्छ तब जगत् भासित हुन्छ । जब चैतन्य स्फुरणरहित हुन्छ तब जगत्‌को कल्पना मेटिन्छ । अतः जगत् चिन्मात्र हो । मिथ्या कल्पना सिवाय जगत् कुनै वस्तु होइन । त्यसकारण जगत्‌को भावना त्यागेर स्वरूपमा स्थित होऊ ।

अब फेरि उही वृत्तान्त सुन । उसको हृदयभित्र पसेर जब मैले स्वप्न र जाग्रत्-अवस्था देखें तब सुषुप्ति अवस्था पनि देखूँ भन्ने इच्छा भयो र विचार गरें कि सुषुप्ति भन्नु प्रलयको नाम हो

जहाँ द्रष्टा, दर्शन र दृश्य तीनैको अभाव हुन्छ । तर जहाँसम्म द्रष्टा (देखनेवाला) रहन्छ त्यहाँसम्म महाप्रलय कसरी होला ? फेरि जान्नेवाला म नभए सुषुप्ति (प्रलय) लाई कसले जान्ला ? हे व्याधा ! अनि विचार गरेर देखें कि सुषुप्ति केही कुरा होइन, चित्तवृत्ति नफुर्नुको नाम सुषुप्ति हो । यस्तो विचार गरेर चित्तलाई स्फुरणरहित तुल्याएपछि उसको सुषुप्ति देखियो, त्यहाँ न अहं, त्वं शब्द थियो, न शुभ, अशुभ थियो र न जाग्रत्, स्वप्न, सुषुप्तिको कल्पना थियो । कल्पनारहित केवल चैतन्यसत्ता विद्यमान थियो । निर्विकल्प सुषुप्तिलाई कसरी देखनु भयो भनौला, त्यसको उत्तर यो हो कि अनुभव ज्ञानरूप आत्मसत्ता सर्वदा एकरस छ उसमा जस्तो आभास फुर्छ त्यस्तै ज्ञान हुन्छ । सुतेर उठेपछि भन्छौ कि सुखपूर्वक सुतेको थिएँ, त्यो अनुभवबाट नै त देखेका हौ त्यस्तै मैले पनि देखें । जहाँ चित्तको संकल्प फुर्दैन, केवल निर्विकल्प छ, तर सम्यग्बोधले रहित छ, त्यस अभाववृत्तिको नाम सुषुप्ति हो । फेरि तुरीयावस्था हेर्ने इच्छा भयो, तर तुरीयावस्था देखनु महाकठिन छ ।

साक्षीभूत वृत्तिको नाम तुरीयावस्था हो । त्यो सम्यग्बोधबाट उत्पन्न हुन्छ । त्यो अवस्थात्रयको साक्षी हो र सुषुप्तिजस्तै हो । जस्तो सुषुप्तिमा अहं, त्वं आदि कुनै कल्पना हुँदैन त्यस्तै तुरीयावस्थामा पनि कुनै कल्पना हुँदैन, तर यसमा ब्रह्मको सम्यग्बोध हुन्छ, सुषुप्तिमा जडीभूत, तमोरूप अविद्या रहन्छ । तुरीयावस्थामा जडता हुँदैन, सुषुप्ति र तुरीयावस्थामा यति नै भेद हुन्छ । तुरीयावस्थामा सच्चिदानन्द साक्षीरूप वृत्ति हुन्छ । सम्यग्बोधको नाम तुरीयपद हो ।

हे बधिक ! मैले चार अवस्था माया अर्थात् स्फुरणले सहित भिन्न-भिन्न देखें, तर आत्मसत्ता आफैंमा स्थित छ, उसमा यी चार अवस्था र यिनको भेद छैन, आत्मसत्ता सदा अद्वैत छ । यी चार अवस्था चित्तमा अर्थात् संवेदनमा हुन्छन् । यस्तो अनुभव गरेर जब बाहिर आएँ तब बाहिर पनि उस्तै जगत् देखिन लाग्यो जस्तो भित्र देखिएको थियो । फेरि जब भित्र पसेर हेरें तब भित्र यौटै सृष्टि देखियो किनकि त्यसबेला उसको र मेरो संवेदन मिलेको थियो । अनि मैले आफ्नो संवेदनलाई उसको संवेदनदेखि अलग तुल्याएँ तब दुइटा ब्रह्माण्ड देखिए । यौटा उसको संवेदनमा फुरेको र अर्को मेरो संवेदनमा फुरेको ब्रह्माण्ड भासित हुन लाग्यो, किनकि मैले पहिले उसको सृष्टिलाई अर्थरूप (सत्य) जानेर ग्रहण गरेको थिएँ र त्यसको संस्कार दृढ भएको थियो । आत्मसत्ताको आश्रयमा जस्तो संवेदन फुर्दै गयो त्यस्तै भएर सृष्टि भासित हुन लाग्यो । उसको स्वप्न मेरो जाग्रत् भएर भासित हुन लाग्यो, जस्तो एक दर्पणमा दुई प्रतिविम्ब देखिन्छन् त्यस्तै एक अनुभवमा मैले दुइटा सृष्टि देखें । अनि मैले विचार गरें कि सृष्टि संकल्परूप हो । प्रत्येक जीवको आफ्नो आफ्नो संकल्प हुन्छ र संकल्प अनुसार भिन्न भिन्न सृष्टि भासित हुन्छ । त्यसकारण अनुभवको आश्रयमा जस्तो जस्तो संकल्प फुर्छ त्यस्तै त्यस्तै सृष्टि देखिन्छ, सृष्टिको अर्को कुनै कारण छैन ।

हे बधिक ! आठ निमेषसम्म दुइटा सृष्टि देखतै रहें । फेरि उसको चित्तवृत्तिसित मेरो चित्तवृत्ति मिलाईदिएँ तब पानी र दूध मिलेर एकरूप भए झैं दुवै सृष्टि तद्रूप (एकरूप) भयो । द्वितीय वृत्तिको अभाव भएपछि दोस्रो सृष्टिको अभाव भयो र एउटै सृष्टि देखियो । त्यस सृष्टिमा नानाप्रकार व्यवहार हुन लाग्यो, सूर्य, चन्द्र, पृथ्वी, द्वीप, समुद्र स्पष्ट भासित भए । केही कालपछि

चित्त सुषुप्तितिर उन्मुख भयों र स्वप्नको सृष्टिको विस्तार लीन हुन लाग्यो - जस्तो सन्ध्याको समयमा सूर्यका किरण सूर्यमा लीन हुन्छन् । जब स्वप्नको सृष्टि मेटियो तब सुषुप्ति अवस्थामा सबै इन्द्रिय शान्त भए । सुषुप्ति तब हुन्छ जब जीव अन्नको भोजन गर्छ र संवाहिनी नाडीमा स्थित हुन्छ, त्यस बखत जाग्रत्वाला नाडी निरुद्ध हुन्छ, अनि प्राण र मन निरुद्ध हुन्छन् - यसको नाम सुषुप्ति हो । फेरि जब मन फुर्छ तब जाग्रत् -अवस्था हुन्छ । यति सुनेपछि रामले सोधे, हे मुनीश्वर ! यदि मन प्राणद्वारा नै चल्छ भने मनको आफ्नो रूप त केही भएन नि ?

वसिष्ठले भन्नुभो, हे राम ! यथार्थ भन्ने हो भने देह नै छैन तब मन कहाँ हुने, जस्तो स्वप्नमा पहाड देखिन्छन् त्यस्तै यो शरीर देखिन्छ, यसको आदि कारण छैन । त्यसकारण जगत् मिथ्या भ्रम हो । केवल ब्रह्मसत्ता आफैंमा स्थित छ । शुद्ध चिन्मात्र आकाशमा जगद्भ्रम केही छैन, तर स्फुरण भावले जीव आफ्नो चैतन्यस्वरूपलाई भुलेर ज्ञान विना नै मनोभावमा प्राप्त हुन्छ, तब मन आत्माको आश्रयमा प्राणवायुलाई आफ्नो आश्रय कल्पना गर्छ कि यो मेरो प्राण हो । फेरि जस्तो जस्तो मनले कल्पना गर्छ त्यस्तै त्यस्तै देह, इन्द्रिय र जगत् देखिन्छन् । परब्रह्म सर्वशक्तिसम्पन्न भएकोले उसमा जुन भावना गरेर मन फुर्छ त्यस्तै रूप भासित हुन्छ ।

हे राम ! जति पनि विकल्प छन् ती सब मनले रचेका हुन् । जब मनको उदय हुन्छ तब यस्तो स्फुरण हुन्छ कि यो पदार्थ सत्य हो र यो असत्य हो । जब चित्-शक्तिको मनका साथ संबन्ध हुन्छ तब प्राणको उदय हुन्छ र प्राणलाई ग्रहण गरेर मन भन्छ कि म जीव हुँ, प्राण नै मेरो गति हो, प्राण विना म रहन सक्तिन, प्राणको वियोग भए मेरो मृत्यु हुन्छ र म परलोकमा जान्छु र अर्को शरीर ग्रहण गर्छु । आत्मसाक्षात्कार नभएसम्म चित्तको निर्वाण हुँदैन र विकल्प मेटिंदैन ।

हे राम ! आत्मज्ञान नै हो मनको विस्मरणको उपाय । मन शान्त नभईकन जीवको कल्याण हुँदैन । दुई उपायबाट मन शान्त हुन्छ - ती उपाय हुन् वृत्ति निरोध र प्राणनिरोध । कुनै कुरा नचिताए वृत्तिनिरोध हुन्छ र मन शान्त हुन्छ अथवा प्राणस्पन्दनको निरोधबाट पनि मन शान्त हुन्छ । प्राणको क्षोभ भएपछि चित्तमा पनि क्षोभ हुन्छ र जीव त्रिविध तापले परितप्त हुन्छ । मनलाई स्थिर गरे परमसुख प्राप्त हुन्छ ।

मनको स्थिति दुई प्रकारको हुन्छ - ज्ञानको स्थिति र अज्ञानको स्थिति । जब प्राणी धेरै अन्न भोजन गर्छ तब त्यो संवाहिनी नाडीमा गएर स्थित हुन्छ र प्राण निरुद्ध हुन्छ । अनि मन पनि जडीभूत हुन्छ त्यसैको नाम सुषुप्ति हो । जुन नाडीबाट जाग्रत्मा प्राण निक्लन्छ त्यही नाडीमा मन स्थित हुन्छ । जब वासनासहित नाडी रोकिन्छ तब मन सुषुप्त हुन्छ । जमीनमा रोपेको बीज अङ्कुरित भए झैं मन संस्कारवशात् फेरि सुषुप्तिबाट जाग्छ ।

सम्यग्दर्शी ज्ञानवान्को चित्त चेतनताको लागि स्थिर हुन्छ । त्यो चेतनता दुई प्रकारको हुन्छ (१) योगीको चेतनता र (२) ज्ञानीको चेतनता । योगी समाधिमा मनलाई स्थिर गर्छ । त्यो समाधिनिष्ठ चित्त कहिन्छ, त्यहाँ सुषुप्तिको जस्तो जडता रहँदैन । अर्को जीवन्मुक्त ज्ञानीको चित्तवृत्ति सम्यग्ज्ञानले स्थिर हुन्छ, किनभने उसको चित्त वासनारहित छ । जसको चित्त यसप्रकार स्थिर हुन्छ त्यसको शान्ति प्राप्त हुन्छ र जसको चित्त वासनासहित छ उसको कहिले पनि शान्ति

प्राप्त हुँदैन र दु:ख पनि मेटिंदैन । यो मैले बताएको शास्त्रको विचारबाट शीघ्र नै सम्यक्-ज्ञान प्राप्त हुन्छ र चित्त निर्वासकिन हुन्छ ।

अब उही बधिकको प्रसंग सुन । मुनीश्वरले भने, हे बधिक ! जब मैले प्राणमार्गद्वारा त्यस पुरुषको चित्तमा प्रवेश गरें तब देखियो कि उसको प्राण रोकिएको थियो र अन्नबाट जो जाग्रत्-नाडी फुर्छ त्यो पनि निरुद्ध थियो, किनकि अन्न पचेको थिएन, यसकारण त्यो सुषुप्तिमा थियो । उसको सुषुप्तिमा मैले पनि आफ्नो स्वरूप भुलें । जब केही अन्न पच्यो र उसको प्राण जाग्न लाग्यो तब चित्तवृत्तिको जडता पनि केही अंशमा हट्यो, सम्पूर्ण जडता हटेको थिएन, अर्थात् उसको स्वप्नावस्था भयो । प्राण जागेकाले सूर्य, चन्द्र आदि विश्व पनि जाग्यो । अनि मैले त्यहाँ नानाप्रकारको जगत् देखें र आफ्नो पूर्वसंस्कार बिर्से । निदान त्यहाँ म आफना कुटुम्बका साथ रहन लागें । आफ्नो कुटी देखियो र स्त्री, पुत्र, भाई, बन्धु, बान्धव सब देखिए । हेर्दा हेर्दै प्रलयकालको मेघ गर्जन लाग्यो, मुसलधार वृष्टि भयो, सात समुद्र उर्लेर आए । प्रलयकालिक उपद्रव मच्चिन थाले । पहिले त अग्निको उपद्रवले सारा खाग बनायो, अनि जलीय उपद्रव मच्चिएर सम्पूर्ण विश्व जलमय भयो । नगर, ग्राम, मनुष्य, पशु, पक्षी सब जलमा बग्न लागे । हाहाकारका साथ भयानक क्षोभ भयो । मेरो कुटी र स्त्री, पुत्र, भाई सब जलमा बगिरहेका थिए । म बसेको ठाउँ र म पनि जलप्रवाहमा बगिरहेको थिएँ । भुमरी र तरङ्गले पाताल पुऱ्याएर फेरि माथि उतार्थ्यो, यसबाट यति कष्ट भयो कि जो मुखले भन्न सकिंदैन । यस्तैमा अकस्मात् मलाई पूर्वशरीर अर्थात् जाग्रत्-शरीरको याद भयो र यो स्वप्न हो यस्तो बुझेको हुनाले मेरो हृदय शान्त भयो ।

त्यस प्रलयमा अरू पनि यस्ता आश्चर्य देखिए कि त्रिनेत्रधारी सदाशिव र विद्याधर, गन्धर्व, यक्ष, किन्नर, सिद्ध आदि सब जलप्रवाहमा बगिरहेका थिए । अष्टदल कमलको आसनमा बसेका ब्रह्माजी, इन्द्र, कुबेर र विष्णु पनि आ-आफना पुरीसहित बगिरहेका थिए । पर्वत, द्वीप, लोकपाल र पातालवासी दैत्यहरू पनि महाप्रलयको जलमा बगिरहेका थिए । यमराज पनि वाहनसहित बगदै थिए । तिनलाई जलबाट उतार्न कसैको सामर्थ्य थिएन ।

जो संसार-सुखको लागि यत्न गर्छन् ती महामूर्ख हुन् । प्राणीहरू जुन सुख प्राप्तिको लागि यत्न गर्छन् ती सुखदायक ठानिएका पदार्थ यसरी जलमाबगिरहेका थिए । हे बधिक ! यसप्रकार मैले उसको स्वप्नमा महाप्रलय भएको देखें ।

(२२८) हृदयान्तर-प्रलयाग्निकदाहवर्णन

बधिकले प्रश्न गऱ्यो, हे मुनीश्वर ! ब्रह्मा, विष्णु, र रुद्र ता स्वतन्त्र ईश्वर हुन्, तब कसरी परतन्त्र भएर प्रलयका जलमा बगे, फेरि किन अन्तर्धान भएनन् ? मुनीश्वरले भने, हे बधिक ! त्यो प्रलय क्रमले भएको थिएन । क्रमले भएको भए उहाँहरूको शरीरको अन्तर्धान हुन्थ्यो । अन्तर्धान नहुँदै जल बढेर आयो । यसमा कुनै नियम छैन, किनकि जगत् भ्रमरूप हो। यसमा के आस्था गर्नुछ । स्वप्न भ्रान्तिले विपर्यय पनि भासित हुन्छ । म पनि बगदै बगदै एक किनारमा उत्रें

र नजीकको पर्वतको कन्दरामां पुगेर हेरें। पानी सुक्तै गयो, जता ततै हिलै हिलो थियो। ब्रह्मा आदिका वाहन पनि हिलोमा गाडिएका थिए।

त्यस कन्दरामा बसेर हेर्दा हेर्दै रात पऱ्यो र सुतें। आफ्नो संवित् स्वरूपमा स्वप्नको उदय भयो। स्वप्नमा सारा भूत, प्राणी आगोले जलिराखेका देखें, सब नगर, पर्वत जलिराखेका थिए। त्यसपछि दिनको उदय भयो र स्वप्नबाट जागें। जगत्स्पष्ट देखियो। सूर्य, चन्द्र, नदी, समुद्र, मनुष्य, देवता, पशु, पक्षीका आ-आफना क्रिया र चेष्टा देखिए। आफूलाई सोह्र वर्षको युवक देखें, माता, पिता देखिए, उनको लाड-प्यारको अनुभव भयो। मेरा स्त्री, कुटुम्ब, बान्धव सब देखिए। त्यसबेला म बोधरहित तथा तृष्णाको जालोमा फसेको थिएँ, त्यसैले ममा अहं-ममको अभिमान चढ्यो। मेरो गाउँ-घर देखियो। त्यहाँ ईटा र ढुङ्गाबाट एक कुटी तयार भयो। कुटीको एकातिर कमण्डलु र जपमाला थियो। वरिपरि बेलका बुटा सुशोभित देखिन्थे। त्यसकुटीमा आसन जमाएर बसेको थिएँ। आफू ब्राह्मण भएकोले तदनुरूप आचार र चेष्टा हुन्थ्यो। चेला चपेटाहरू मेरो सेवा (शुश्रूषा) गर्थे र तिनलाई आशीर्वाद दिन्थें। कर्तव्याकर्तव्यको विचार गरेर गृहस्थाश्रमको अनुरूप कर्म हुन्थ्यो। ब्राह्मण भए तापनि धन कमाउने इच्छा थियो। नदी र तलाउमा स्नान हुन्थ्यो। मबाट गोसेवा र अतिथिको पूजा सत्कार हुन्थ्यो। यसरी बस्ता बस्तै एक सयवर्ष व्यतीत भयो।

एकदिन मेरो कुटीमा एक मुनीश्वर पाहुना भएर आए। स्नान र भोजन गराएर उनलाई तृप्त पारें। रातमा शय्यामा सुतेपछि वार्तालाप भयो। उनले देश, देशान्तरका रमणीय स्थानको वर्णन गर्दै भने, हे ब्राह्मण ! जति पनि सुन्दर स्थानहरूको हालखबर बताएँ, ती सबमा सार कुरा हो एक चिन्मात्र वस्तु। सब चिन्मात्र हो। यो जगत् उसको चमत्कार र आभास (किञ्चन) हो, त्यसदेखि भिन्न कुनै वस्तु छैन। त्यसकारण हे ब्राह्मण ! त्यही एकमात्र सत्ताको ग्रहण गर, जो सबैको अनुभव र परमानन्दस्वरूप हो, त्यसैमा स्थित होऊ।

हे बधिक ! योगाभ्यासले मेरो चित्त निर्मल भएको थियो, त्यसैले उनको वचनले हृदयमा स्पर्श गऱ्यो। म स्वभावसत्तामा जागें र देखें कि यो त्यही पुरुषको स्वप्न थियो। अनि विचार गरें कि यसको चित्तबाट बाहिर आफ्नो शरीरमा प्रवेश गरौं। तर यो जगत् त त्यसको शरीर हो, त्यो पुरुष विराट् हो जसको स्वप्नमा यो जगत् छ। जस्तो हाम्रो शरीर छ त्यस्तो उसको अर्को विराट् शरीर बनेको छ, तब उसको चित्तबाट कसरी निक्लने, यस्तो विचार गरेर पद्मासन बाँधें, अनि योगधारणाबाट त्यस विराट्स्वरूपको शरीर देखें। फेरि जहाँ चित्तवृत्ति जागदथ्यो उसका साथ मिलेर बाहिर निक्लेर हेर्दा आफ्नो कुटी र उसमा पद्मासनमा बसेको आफ्नो शरीर देखें। अनि त्यस शरीरमा पसेर हेर्छु त सामुन्नेमा शिष्यहरू बसेका छन् र त्यो पुरुष सुतेको थियो, उसलाई पनि देखें। यो देखता मलाई आश्चर्य लाग्यो कि भ्रमले कस्ता कस्ता चेष्टा देखिए। यहाँ एक मुहूर्त बितेको छ, वहाँ भने सय वर्षको अनुभव भएको थियो। भ्रमले के हुँदैन ? फेरि उसको भित्र अरू पनि कौतुक हेरौं भन्ने विचारले उसको चित्तमा प्रवेश गरें र देखें कि पहिलो कल्प बित्यो र दोस्रो कल्प आयो, त्यसको पनि प्रलय हुनलाग्यो। पहिले अग्निप्रलय भयो। बाह्र सूर्य उदाए। समुद्रबाट वडवाग्नि निस्क्यो। सारा पर्वत पृथ्वी जल्न लागे। हाहाकार मच्चियो। आगोमा जलेर साराले

कष्ट पाए, तर मलाई भने कष्टको अनुभव भएन, किनभने मैले आफ्नो जाग्रत्को रूप भुलेको थिएन र यो स्वप्न हो भनी जानेको थिएँ, त्यसैले मेरो हृदय शान्त थियो ।

(२२९) कर्मनिर्णय

मुनीश्वरले भने, हे बधिक ! पूर्वशरीरको याद भएको हुनाले त्यस प्रलयको कष्टले मलाई स्पर्श गरेन । अरूले भने महाकष्ट पाइरहेका थिए । अनि विचार आयो कि यो मिथ्या भ्रममा विचरण गरेर कुनै प्रयोजन सिद्ध हुने होइन, त्यसकारण यहाँबाट बाहिर निस्कनुपर्‍यो ।

बधिकले सोधे, हे मुनीश्वर ! तपाईंले उसको स्वप्नमा जो जगत् देखनु भयो । त्यो के वस्तु थियो र स्वप्न के थियो ? उसका हृदयमा ती पहाड, पर्वत, नदी, समुद्र आदि कहाँबाट आए ? यो संशय दूर गरिपाऊँ । मुनीश्वरले भने, हे बधिक ! जो कारणसहित भास्तछ त्यो सत्य हुन्छ र जो विनाकारण भास्तछ त्यो असत्य हुन्छ । उसको स्वप्नमा जो सृष्टि देखिएको थियो त्यो कारणविना भासेको थियो, त्यसैले मिथ्या भ्रममात्र थियो । कारण दुई प्रकारको हुन्छ - निमित्त कारण र समवायिकारण । जस्तो घटका प्रति कुम्भकार निमित्तकारण र मृत्तिका समवायिकारण हुन्छ । आत्मा दुबै कारणले रहित छ । अद्वैत हुनाले आत्मा जगत्का प्रति निमित्तकारण हुन सक्तैन । जस्तो मृत्तिकाको परिणाम घट हुन्छ त्यस्तो आत्माको परिणाम जगत् होइन । आत्मा अच्युत भएको हुनाले स्वरूपदेखि अन्यथा भावमा प्राप्त हुँदैन, अतः आत्मा जगत्को समवायिकारण होइन । विनाकारण उत्पन्न भएको हुनाले जगत् भ्रममात्र थियो ।

आत्मरूप अधिष्ठानमा जगद्-भ्रान्ति भासित भएको थियो, त्यसैले जगत् आत्मरूप थियो । किरणमा जलाभास देखिए झैं आत्मामा जगदाभास देखिन्छ । जस्तो किरण नै जलरूप भएर प्रतीत हुन्छ त्यस्तो आत्मा जगद्रूप भएर भासित हुन्छ । त्यहाँ कुनै शरीर थिएन, हृदय थिएन, न पृथ्वी आदिको उत्पत्ति थियो, न प्रलय नै थियो, केवल चिन्मात्ररूप थियो । मैले ज्ञानदृष्टिले हेर्दा केवल सच्चिदानन्द नै भासित हुन्थ्यो । आत्मामा संवेदन (संकल्प) ले जगत्को उदय भएको जस्तो देखिन्छ, वास्तवमा जगत् उत्पन्न भएकै छैन । केवल निर्मल स्वभावसत्ता निराभासरूपमा विद्यमान छ । जस्तो संकल्पनगर हुन्छ त्यस्तै यो जगत् हो । जो आत्मादेखि भिन्नरूपले भासित हुन्छ त्यसलाई भ्रममात्र भनी जान ।

बधिकले प्रश्न गरे, हे मुनीश्वर, कोही भन्छन् कि कर्मबाट जीव उत्पन्न हुन्छन् र कोही भन्छन् - कर्म विना नै जीव उत्पन्न हुन्छन्, यसमा तथ्य के हो सुन्न पाऊँ ।

मुनीश्वरले भने, हे बधिक ! आदिमा जो ब्रह्मा उत्पन्न भए ती कर्मबाट उत्पन्न भएका होइनन् । जो कर्मविना उत्पन्न हुन्छन् तिनको वास्तवमा जन्म-मृत्यु छैन । तिनीहरू ब्रह्मरूप नै हुन्छन् । त्यसैले ब्रह्मा ब्रह्मरूप हुन् । ब्रह्मा, विष्णु र रुद्रलाई अविद्याले स्पर्श गरेको छैन, उहाँहरू विद्यारूप हुनुहुन्छ । ब्रह्माबाट जो अनन्त जीव उत्पन्न भए ती पनि आदिमा आत्मपदबाट प्रकट भएका हुनाले ब्रह्मरूप नै थिए, पछि अविद्यावश प्रमादले कर्मपरतन्त्र भए । ती जीव कर्म

गरेर कर्मको वशमा हुन्छन् र कर्मानुसार संसारमा शरीर-धारण गर्छन्। तिनीहरू जब आत्मज्ञान प्राप्त हुन्छ तब कर्मबन्धनबाट मुक्त भएर आत्मपद प्राप्त गर्छन्।

हे बधिक ! आदिमा जो सृष्टि भयो त्यो कर्मविना नै उत्पन्न भएको थियो। पछि अज्ञानवश यी जीव कर्मानुसार जन्म-मरण प्राप्त गर्छन्। जस्तो स्वप्नको सृष्टि आदिमा कर्मविना उत्पन्न हुन्छ, पछि कर्मले उत्पन्न भएको मानिन्छ, त्यस्तै यो जगत् हो। आदिमा जीव कर्मविना उत्पन्न भएका थिए, पछि कर्मानुसार जन्म प्राप्त गर्छन्। ब्रह्मा आदिको शरीर शुद्ध ज्ञानरूप हो। ईश्वरमा जीवभाव देखिन्छ तापनि त्यस कालमा पनि त्यो ब्रह्मस्वरूप नै हो, किनकि ईश्वरको कुनै कर्म छैन। त्यसो हुनाले उहाँहरू आत्मादेखि भिन्न केही देखनुहुन्न। जब स्वरूपमा स्थित हुन्छ तब कर्मको बन्धनबाट मुक्त हुन्छ। वास्तवमा न कुनै कर्म छ, न कसैको बन्धन छ, यो मिथ्या भ्रम हो। केवल आत्मसत्ता आफैमा स्थित छ। ज्ञानवान् सदा परमानन्दमा स्थित हुनुहुन्छ। उहाँ जगत्लाई ब्रह्मस्वरूप देखनुहुन्छ। जस्तो जलमा आवर्त हुन्छ, परन्तु जलदेखि भिन्न केही हुँदैन त्यस्तै ब्रह्ममा जगत् भएजस्तो देखिन्छ, तर ब्रह्मदेखि भिन्न केही छैन। तिमी विचार गरेर सब जगत्लाई ब्रह्मस्वरूप देख, तब तिम्रो दुःख मेटिनेछ। जस्तो जहाँ प्रकाश छ त्यहाँ अन्धकार रहदैन त्यस्तै जहाँ सत्यासत्यको विचार हुन्छ त्यहाँ अविद्याको अभाव हुन्छ र फेरि संसारचक्रमा फस्तैन।

(२३०) महाशवोपाख्यानमा निर्णयोपदेश

मुनीश्वरले भने, हें बधिक ! विचार गरेपछि जगत्को अभाव हुन्छ र आत्मसत्ता जस्तोको त्यस्तो प्रतीत हुन्छ। जस्तो स्वप्नमा नानाप्रकारको सृष्टि संकल्पमात्र हो त्यस्तै यो विश्व ब्रह्माको संकल्पमा स्थित छ। आदिमा परमात्माबाट कर्म विना जो सृष्टि उत्पन्न भएको छ त्यो किञ्चन (आभासरूप) हो। त्यसपछि जो ब्रह्माले रचे त्यो संकल्परूप हो। त्यसपछि जीव अज्ञानले कर्म गर्न लाग्यो तब कर्मबाट उत्पत्ति भएको देखियो। जस्तो स्वप्नमा स्वप्नको सृष्टि भ्रममात्र भए तापनि दृढरूपले भास्तछ, जहाँसम्म स्वप्न रहन्छ त्यहाँसम्म कर्म गर्दै रहन्छ र जस्तो कर्म गऱ्यो त्यस्तै फल भोग्छ। जब स्वप्नबाट जाग्यो तब न कर्म छ, न जगत् छ त्यस्तै यो सब संकल्पमात्र हो। ज्ञान भएपछि यसको अभाव हुन्छ। यी जो मनुष्य देखिन्छन्, जब ती मनुष्य नै छैनन् भने तिनको कर्म के बताउँ ? जस्तो स्वप्नको निवृत्ति भएपछि स्वाप्निक सृष्टिको अभाव भइहाल्छ त्यस्तै अविद्या निवृत्त भएपछि आविद्यक सृष्टिको अभाव हुन्छ। आत्मसत्ता अद्वैत हो। उसमा जगत् केही बनेको छैन, सब आत्मरूप हो। जस्तो आकाश र शून्यतामा अथवा वायु र स्पन्दनमा भेद छैन त्यस्तै ब्रह्म र जगत्मा भेद छैन। जब चित्संवित् (आत्मसत्ता) जाग्छ तब जगत् भएर भासित हुन्छ, जब जाग्दैन तब अद्वैत भएर स्थित हुन्छ। जाग्नु र नजागनुमा आत्मसत्तामा केही फरक पर्दैन। आत्मा आफू जस्तो हो त्यस्तै स्थित छ। आत्मादेखि भिन्न वस्तु केही छैन। जस्तो् जल र पानी भन्नु एकै हो त्यस्तो आत्मा र जगत् य़ौटैको नाम हो, परन्तु अज्ञानले भिन्न भिन्न मानिन्छ। सब जगत् संकल्पमात्र हो। संकल्पद्वारा नै प्राणी मरेर परलोक देख्छ।

बधिकले सोधे, हे भगवन् ! परलोकमा शरीरको कारण को हुन्छ, मर्नेवाला र मार्नेवाला को हो ? शरीर त यहीं रहन्छ । त्यहाँ भोक्ता शरीर कुन हो ? धर्म-अधर्मलाई कारण मानौं भने पनि त्यो अमूर्त छ, अमूर्तबाट मूर्त र साकार रूप शरीर कसरी उत्पन्न हुन्छ ?

मुनीश्वरले भने, हे बधिक ! शुद्ध अधिष्ठान आत्मसत्तामा जो स्फुरण हुन्छ उसका कर्म, आत्मा, जीव, स्फुरण, धर्म, अधर्म आदि अनेक संज्ञा हुन्छन् । शुद्ध चिन्मात्रमा जब अहंको उत्थान हुन्छ तब देहको भावना हुन्छ र देह भासित हुन लाग्छ, अनि जगत् भासित हुन्छ र स्वरूपको प्रमादले संकल्परूप जगत् दृढ हुन्छ । फेरि उसमा जस्तो जस्तो फुर्दै जान्छ त्यस्तै त्यस्तै भासित हुन्छ । यो जगत् संकल्पमात्र हो, स्वरूपको प्रमादले सत्य देखिन्छ । प्रमादले शरीरमा अभिमान भएपछि जीव आफूलाई कर्ता, भोक्ता मान्दछ र वासना दृढ भएकोले तदनुसार परलोक देख्छ । वास्तवमा यो लोक र परलोक केही छैन । स्वप्नमा स्वप्नान्तर देखे झैं अविदित वासनाले जीव यो लोक त्यागेर परलोक देख्छ । जस्तो स्वप्नमा निराकार नै साकार शरीर बन्छ त्यस्तै परलोक देखिन्छ । संकल्प नै पिण्डाकार भएर भासित हुन्छ । वास्तवमा शरीर र पदार्थ सबै आकाशरूप हो । असत्य जन्म-मरण सत्य भासित हुन्छ । जस्तो जस्तो स्फुरण हुन्छ त्यस्तै त्यस्तै भासित हुन्छ ।

आत्मस्वरूपमा जस्तो निश्चय हुन्छ त्यस्तै भासित हुन्छ । ज्ञाता, ज्ञान र ज्ञेयरूप जगत् अनुभवस्वरूपदेखि भिन्न होइन । जस्तो स्वप्नमा अनुभव नै अनेकरूप भएर भासित हुन्छ र प्रलयमा सब एक हुन्छ त्यस्तो ज्ञानरूपी प्रलयमा सब एकरूप हुन्छ । आत्मा निर्विकार छ उसमा साकार र निराकार कल्पित हो । दृश्यसित मिलेको जो चेतन हो त्यो जडधर्मी हो, उसको नाना पदार्थ भासित हुन्छन् । ज्ञानवान्को सत्यरूप चिन्मात्र नै भासित हुन्छ ।

हे बधिक ! जो जगत् तिमी देखछौ त्यो चिन्मात्रस्वरूप हो, भिन्न केही छैन, परन्तु अज्ञानले नानाप्रकारका कार्य-कारण र जन्म-मरण आदि विकार देखिन्छन् । वास्तवमा जन्म, मरण, कार्य, कारण केही छैन । यदि जीव साँच्चिकै मर्ने भए परलोक देखतैनथ्यो र आफूको मरण जान्दैनथ्यो । जो मरेर परलोक देख्छ त्यो मर्दैन । जीव साच्चै मर्ने भए उसको पूर्वस्मृति अर्थात् पूर्वसंस्कार हुन नपर्ने, तर पूर्वसंस्कार अनुसार ऊ क्रियामा प्रवृत्त हुन्छ ।

परलोकमा जीव जुन शरीरले सुख-दु:ख भोग्छ त्यो शरीर अकारण हो - त्यसैले आभासमात्र हो । जस्तो स्वप्नमा जुन शरीरबाट नानाप्रकार क्रिया हुन्छन्, मनुष्य देश-देशान्तरमा भ्रमण गर्छ त्यो सब मिथ्या हो त्यस्तै यो जगत्, जन्म, मरण, परलोक आदि सब मिथ्या हो ।

यहाँको शरीर छुटे पनि मानिस वास्तवमा मर्दैन । कहिले कहिले मृत व्यक्तिका साथ वातचित भएको पनि सुनिन्छ । कसैको पिता मरेका थिए तर यथाशास्त्र काजक्रिया हुन पाएको थिएन । स्वप्नमा पिताले आएर छोरालाई भने कि तिमीले हाम्रो क्रिया गरेनौ, अहिले म अमुक स्थानमा पडिरहेको छु । अमुक स्थानमा धन गाडेको छ, त्यो झिकेर मेरो क्रिया गरिदिनू । परदेशी आएर कुराकानी गरे झैं मृतव्यक्तिका साथ पनि बातचित हुने गर्दछ । वास्तवमा भन्ने हो भने न जगत् छ, न कोही मर्छ, केवल आत्मसत्ता आफैंमा स्थित छ, उसमा जस्तो स्फुरण हुन्छ त्यस्तै भासित हुन्छ ।

हे व्याधा ! अनुभव एक कल्पवृक्ष हो उसमा जस्तो जस्तो स्फुरण हुन्छ त्यस्तो त्यस्तो नै भासित हुन्छ । पदार्थ दुई प्रकारको हुन्छ एक दृष्टिसिद्ध र अर्को संकल्पसिद्ध । जब यिनको दृढ भावना हुन्छ तब दुवै सिद्ध हुन्छन् । इन्द्रियहरूमा जो द्रव पदार्थ छन् ती दृष्टिसिद्ध वस्तु कहिन्छन् । म ब्राह्मण, क्षत्रिय, वैश्य अथवा शूद्र हुँ, अथवा ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ या संन्यासी हुँ भनी आफ्नो मनमा आफूले नै जो मानिन्छ त्यो संकल्पसिद्ध हो । जहाँसम्म यिनको अभ्यास हुन्छ त्यहाँसम्म आत्मसत्ताको प्राप्ति हुँदैन र जब आत्मसत्ताको अभ्यास हुन्छ तब यी दुवैको अभाव हुन्छ र आत्मा नै प्रत्यक्ष अनुभवगोचर हुन्छ । अभ्यासविना कुनै पनि कुरा सिद्ध हुँदैन । कुनै मानिसले भन्यो कि म अमुक देशमा जान्छु, जबसम्म पाइला चाल्दैन तबसम्म अन्य अनेक उपाय गरे तापनि त्यस देशमा पुग्न सक्तैन । जब त्यतातिर पाइला चाल्छ तब पुगिहाल्छ त्यस्तै एकाग्र भएर आत्मपदको लागि अभ्यास गर्छ भने आत्मपद प्राप्त भइहाल्छ । यदि कसैले यस्तो भावना गरोस् कि एक रूपले म देवता बनेर स्वर्गमा विचरण गरौं र अर्को रूपले मृग भएर भूलोकमा भ्रमण गरौं तब दृढ अभ्यास गरेमा त्यो पनि सिद्ध हुन्छ, किनकि जगत् संकल्पमात्र हो । जस्तो निश्चय गऱ्यो त्यस्तै भासित हुन्छ । दुई रूपको त के कुरा, सहस्रमूर्तिको भावना गरेमा त्यो पनि सिद्ध हुन्छ । यो अविद्याकृत जगत् भ्रममात्र हो, यसको भावना त्यागेर आत्मपदको अभ्यास गर तब तिम्रो दुःख मेटिनेछ ।

(२३१) कार्य, कारण र अकारणको निर्णय

मुनीश्वरले भने, हे बधिक ! समुद्रमा अनेक तरङ्ग उठे झैं आत्मामा अनेक सृष्टि फुर्छन् । जीव जीवको आफ्नो आफ्नो सृष्टि छ । एकको सृष्टि अर्कोको अज्ञात रहन्छ । जस्तो दुईजना मानिस एकै ठाउँमा सुतेका छन्, तिनीहरू स्वप्नमा आफ्नो आफ्नो सृष्टि देख्छन्, तर एकको सृष्टि अर्कोले जान्दैन, परस्परमा दुवै अज्ञात रहन्छन्, त्यस्तै सब सृष्टि आत्मामा फुर्छ तर एकको सृष्टिलाई अर्को जीव जान्दैन । जो धारणाभ्यासी योगी छ उसको अन्तवाहक शरीर प्रत्यक्ष हुन्छ र ऊ अर्काको सृष्टि पनि जान्दछ । जस्तो भ्यागुताहरू मध्ये कुनै तलाउमा, कुनै कुवामा र कुनै समुद्रमा बस्छन्, जहाँ बसे पनि ती जलमा नै आश्रित भएर बसेका हुन्छन् त्यस्तै नाना सृष्टि आत्मसत्तामा नै आश्रित छन् । आत्मामा जो आदि संवेदन जाग्यो त्यो अन्तवाहक हो । योगी जब अन्तवाहकमा स्थित हुन्छ तब अरूको अन्तवाहकलाई पनि जान्दछ । यस प्रकार आत्मामा आश्रित अन्तवाहकमा अनन्त सृष्टि फुर्छन् । सबै सृष्टि आत्माका किन्चन (आभास) हुन् ती फुर्छन् र मेटिन्छन् पनि ।

प्रथम जो सृष्टि उत्पन्न भयो त्यो कारण-कार्यको क्रम र संस्कारले रहित छ । पछि कारण-कार्यक्रम भासित हुन्छ । फेरि जब उसको संस्कार हृदयमा जम्यो तब संस्कारपूर्वक भासित हुन लाग्यो । जसको स्वरूपमा प्रमाद छैन त्यसको सदा परब्रह्मको नै निश्चय रहन्छ र जगत् आफ्नो संकल्पमात्र भासित हुन्छ । जसको स्वरूपमा प्रमाद हुन्छ उसको संस्कारपूर्वक जगत् भासित हुन्छ । वास्तवमा संस्कार पनि कुनै वस्तु होइन, जब जगत् नै मिथ्या हो भने उसको संस्कार कसरी सत्य होला ?

हे बधिक ! जब चित्त (संवेदन) बहिर्मुख हुन्छ तब जगत् देखिन्छ, जब अन्तर्मुख हुन्छ तब आफ्नो स्वरूप देखिन्छ । जब आत्मतत्त्वको किञ्चन संवेदन फुर्छ तब स्वप्नरूप जगत् भएर भासित हुन्छ, जब अचल (स्थिर) हुन्छ तब सुषुप्तिरूप प्रलय हुन्छ । स्फुरणको नाम नै सृष्टिको उत्पत्ति हो र अस्फुरण (स्थिर हुनु) को नाम प्रलय हो । जसको आश्रयमा सृष्टिको स्फुरण हुन्छ त्यो शुद्धसत्ता अव्यक्त र निराकार छ त्यो नै आकार भएर भासित हुन्छ । त्यसकारण जान्नुपर्छ कि यो सृष्टि उहीरूप (आत्मरूप) नै हो, अरू केही होइन । आकार देखिन्छ तापनि त्यो निराकार हो । दृष्टि नै सृष्टिरूप भएर देखिन्छ ।

हे बधिक ! यो जगत् आदिमा अकारण हो र आत्माको आभासमात्र हो, आत्मामा यसको अत्यन्ताभाव छ । आत्मादेखि भिन्न अरू कुनै पदार्थ बनेको छैन । आत्मसत्ता आफू आफैमा स्थित छ । आत्माको किञ्चन जो चेतनता हो त्यो संवेदन किंवा अहंभावलाई लिएर जागदै गयो अनि जगत् भएर भासित हुन्छ । उसमा निश्चय हुन्छ कि यो कर्तव्य हो, यो धर्म हो र यो अधर्म हो, यी ऋषि हुन्, यी देवता हुन्, यो मनुष्य हो । यसबाट बन्ध र मोक्ष हुन्छ । आदिमा जो नीति बन्यो अहिलेसम्म त्यही कायम छ ।

प्रथम सृष्टि अकारण नै उत्पन्न भएको हो । पछिबाट देवता, मनुष्य, पशु, पक्षी, पृथ्वी, जल, तेज, वायु र आकाश पदार्थको मर्यादा बन्यो र बन्धन र मोक्षको नीति बन्यो, त्यो अहिलेसम्म कायम नै छ जस्तो जल शीतल हुन्छ र अग्नि उष्ण हुन्छ । जब जीव आत्मसत्तामा जाग्छ तब कारण-कार्यसहित जगत् देखिंदैन ।

(२३२) जाग्रत, स्वप्न र सुषुप्तिको विचार

मुनीश्वरले भने, हे बधिक ! यो सम्पूर्ण जगत् चित्-अणुको ओजमा रहेको छ र त्यस संबन्धको अभ्यासले आत्मा चित्-अणु कहिन्छ । ओज, अन्त:करण र हृदय यी तीन अभिन्न हुन् । उसमा चैतन्यसत्ता व्याप्त छ । जो बाह्यदृष्टिले मृतकवत् छ त्यसमा चैतन्यसत्ता जीवितरूपले विद्यमान छ र महाप्रकाशले प्रकाशित हुन्छ । पहिले चैतन्यसत्ताको चित्तका साथ संयोग भयो । फेरि चित्त र प्राणकलाको संयोग भयो । जब प्राणमा क्षोभ हुन्छ तब चित्तमा खेद प्राप्त हुन्छ र चित्तमा खेद भए प्राणमा पनि खेद हुन्छ । जब प्राण स्थिर हुन्छ तब जीवले शान्ति पाउँछ । प्राण स्थिर नभए जीव जाग्रत्, स्वप्न र सुषुप्ति तीन अवस्थामा भटकिन्छ ।

जब भुक्त अन्न जाग्रत् नाडीमा पुगेर रोकिन्छ तब सुषुप्ति आउँछ । जुन नाडीमा गएर चित्तवृत्ति जाग्रत् जगत्लाई देख्छ त्यो जाग्रत्-नाडी कहिन्छ । त्यसमा अन्न गएर स्थित हुन्छ र चित्सत्ता चित्तमा प्रतिबिम्बित हुन्छ । त्यो चित्तनाडी उसको तल पर्छ अनि प्राणवायु पनि त्यस नाडीमा निरुद्ध हुन्छ र जब चित्तको स्पन्दन पनि निरुद्ध हुन्छ तब सुषुप्ति हुन्छ । पित्त बहुल भए स्वप्नमा सूर्य, अग्नि आदि उष्ण पदार्थ देखिन्छन् । जब अन्न पचेर त्यस नाडीमा प्राणवायुको प्रसार हुन्छ तब स्वप्नावस्था हुन्छ । जब जल सुकाउने वायु नाडीमा बहन्छ तब जीव स्वप्नमा उड्छ । जब कफको बाहुल्य हुन्छ तब जल, नदी, तलाउ आदि देख्छ र त्यसमा डुब्छ । जब उष्ण

नाडीमा अन्न-जलको प्रवेश हुन्छ तब जाग्रत्-अवस्था हुन्छ । यसप्रकार जीव तीन अवस्थामा भटकन्छ । वास्तवमा जगत् न भित्र छ न बाहिर छ, केवल अद्वैतसत्ता जस्ताको त्यस्तो विद्यमान छ । उसको प्रमादले चित्तको वृत्ति जब बहिर्मुख हुन्छ तब जीब जाग्रत्को जगत् देख्छ । जब बाह्य इन्द्रियलाई त्यागेर चित्तवृत्ति भित्र आउँछ तब भित्र नै स्वप्नजगत् देख्छ र जब आफ्नो स्वभावमा स्थित हुन्छ तब अरू कल्पना मेटिन्छन्, सब ब्रह्म नै भासित हुन्छ । त्यसकारण सब कल्पना त्यागेर स्वरूपमा स्थित होऊ ।

(२३३) अवस्थात्रयवर्णन

मुनीश्वरले भने, हे बधिक ! जाग्रत, स्वप्न र सुषुप्ति यी तीन अवस्था आउने र जाने हुन्, यिनलाई अनुभव गर्ने जो सत्ता छ त्यो आत्मसत्ता हो । यो जगत् चित्तको कल्पना हो । जसको स्वरूपको प्रमाद छ ऊ जगत् देख्छ । जब इन्द्रिय विषयतिर उन्मुख हुन्छन् तब जीव जगत् देख्छ र रागद्वेषयुक्त हुन्छ । जब जीव पाँच ज्ञानेन्द्रियद्वारा रूपरसादि पाँच विषयको आनन्द लिन खोज्दछ तब संसारी भएर दुःख पाउँछ । जब यी विषयलाई त्यागेर आफ्नो स्वभाव तिर उन्मुख हुन्छ तब जगत्लाई आत्मरूप जानेर सुखी हुन्छ । चित्तको स्फुरणको नाम जगत् हो र चित्त स्थिर हुनुको नाम ब्रह्म हो । जगत् ब्रह्मको किञ्चन (आभास) हो । सब नाडीहरू चित्तमा आश्रित छन्, उनमा स्थित भएर जीव तीन अवस्था देख्छ, तर वास्तवमा जीव चिदाकाश आत्मा हो - अज्ञानले जीवसंज्ञा प्राप्त गरेको छ ।

ओज धातु जो हृदय हो उसमा चिदणु स्थित भएर बत्ती झैं प्रकाशमान हुन्छ । त्यही ओज धातुमा आश्रित भएर सब नाडी आ-आफ्नो रस ग्रहण गर्छन्। जब खाएको अन्न जाग्रत नाडीमा भरिन्छ अर्थात् त्यसबेला जाग्रत् -नाडी निरुद्ध हुन्छ, चित्तको वृत्ति र प्राणको आउनु जानु पनि बन्द हुन्छ तब गाढ निद्रा (सुषुप्ति) हुन्छ । जब कफनाडीमा प्राण जाग्छ तब स्वप्न देखिन्छ । जब इन्द्रियलाई ग्रहण गरेर चित्तको वृत्ति बाहिर निक्लन्छ तब जाग्रत्-जगत् भएर भासित हुन्छ । जुन जुन नाडीमा बलाधिक्य हुन्छ त्यही अनुसार जाग्रत्, स्वप्न र सुषुप्ति भासित हुन्छ । जब निद्रारहित मन्द संकल्प हुन्छ त्यसलाई मनोराज्य भन्दछन् । जब बाह्य विषयलाई त्यागेर चित्तको वृत्ति अन्तर्मुख हुन्छ तब स्वप्नावस्था हुन्छ ।

वात, पित्त र कफमा जसको बलाधिक्य हुन्छ त्यही अनुसार स्वप्नको संसार देखिन्छ । कफको आधिक्य भए स्वप्नमा चन्द्रमा, क्षीरसमुद्र, नदी, जलपूर्ण तलाउ, वन, वृक्ष, सुन्दर बगैंचा, हिमालय, कल्पवृक्ष, सुन्दरी स्त्रीहरू र सुन्दर स्थान देखिन्छन् । पित्ताधिक्य भए सूर्य, अग्नि, सुकेका रूख, सन्ध्याकालको लाल वर्ण भएको बादल र जंगलमा आगो लागेको देखिन्छ, जतातत उष्णताको मात्र अनुभव हुन्छ, पानी तातो र हिमालयको शिखरमा पनि उष्णताको अनुभव हुन्छ । वाताधिक्य भए जोरसित हावा चल्छ, पर्वत, हात्ती, घोडा उडेका देखिन्छन्, मनुष्य आफूलाई पनि उडेको देख्छ ।

वासना अनुसार जीव स्वप्नमा न्यूनाधिकरूपले राजस, तामस र सात्त्विक पदार्थ देख्छ । जब यी तीन एकत्र भएर कुपित हुन्छन् तब प्रलयकाल देखिन्छ । जहाँसम्म वात, पित्त र

कफको अंशका साथ मिलेको पुर्यष्टक कफस्थानमा प्रवेश गर्छ त्यहाँसम्म जलको क्षोभ देखिन्छ । जब वातको क्षोभ हुन्छ तब वायुप्रलय हुन्छ । त्यसबेला कडा हुरी चल्छ । पहाडहरू उडेर अर्को पहाडमाथि खस्छन् । भूकम्प आदि उपद्रव हुन्छ । कफाधिक्य भए जलप्रलय हुन्छ । समुद्र उर्लेर आउँछ । पित्तधिक्यले अग्निप्रलय हुन्छ । नाडीमा स्फुरणको अवकाश भएन भने सुषुप्ति हुन्छ ।

जब अन्न केही पचदछ तब चित्संवित् आफू भित्र स्वप्न देख्छ । तीन गुण अथवा वात, पित्त र कफमा जसको विशेषता हुन्छ उसैको कार्य देखिन्छ । जब अन्न-जल पचदछ तब जीव फेरि जाग्रत-जगत् देख्छ । यी तीन अवस्था तीन गुणबाट आउनु, जानु गरिरहन्छन् । यिनको अनुभविता द्रष्टा आत्मा मायाका गुणदेखि अतीत छ । यो जगत् र स्वप्नजगत् संकल्पमात्र हो, केही बनेको छैन । जब इन्द्रिय सुषुप्त हुन्छन् तब जीव भित्र स्वप्न देख्छ, सूर्य, चन्द्र, वन, वृक्ष आदि जगत् देख्तछ र त्यसमा भट्कन्छ । जब स्वरूपको अनुभव हुन्छ तब भट्कनु बन्द हुन्छ र शान्ति प्राप्त हुन्छ ।

(२३४) सुषुप्तिवर्णन

बधिकले भन्यो, हे मुनीश्वर ! त्यस पुरुषको हृदयमा जगत् र प्रलय देखनुभो, त्यसपछि कस्ता अवस्था र के देख्नुभो, बताउनुहोस् । मुनीश्वरले भने, हे बधिक उसको चित्तको स्पन्दनमा मैले देखें कि प्रलयको वायुले ठूला ठूला पर्वतहरू शुष्कतृण झैं उड्दथे र पत्थरको वर्षा हुन्थ्यो । यसप्रकार मैले प्रलयको क्षोभ देखें । जाग्रत् नाडीमा जो अन्नका दाना थिए ती खस्ता पर्वत खसेजस्तो लाग्यो । संवित्स्वरूपमा स्थित भएको आफू चित्तको स्पन्दनले तामस नरकमा पुगें र जड बनें, ज्ञान भएन । चित्त निस्पन्द हुँदा सुषुप्ति भयो । जब चित्त चल्यो, संवित् फुर्‍यो तब सुषुप्ति दृश्य भएर भासित भयो ।

बधिकले सोध्यो, सुषुप्ति के हो जसमा तपाई दबिनु भएको थियो । मुनीश्वरले भने, हे बधिक ! जहाँ सबै संबन्धको अभाव हुन्छ र केवल आत्मसत्तादेखि भिन्न कुनै कुरा भन्नु बन्दैन त्यसको नाम सुषुप्ति हो । आत्माको नै नाम सुषुप्ति हो, त्यसैबाट सब जगत् उत्पन्न हुन्छ । जो आत्मसत्ताको नाम सुषुप्ति हो त्यो नै स्वप्नदृश्य भएर भासित हुन्छ, त्यसदेखि भिन्न केही छैन । जस्तो वायु स्पन्दन हुँदा र नहुँदा उही रूप हो त्यस्तो आत्मा दुई अवस्था (जाग्रत् र स्वप्न) मा एकै हो ।

हे बधिक ! म त सब आत्मरूप नै देख्छु । आत्मामा केही बनेको छैन । आत्मामा जो किञ्चनरूप जगत् भासित हुन्छ त्यो उहीरूप (आत्मरूप) हो । सुषुप्ति अवस्थामा म अद्वैतको अनुभव गर्छु, त्यहाँ फुर्नु सुर्नु केही छैन । उसमा जो स्वप्न र जाग्रत भासित हुन्छ त्यो उहीरूप हो । यो जगत् आत्माको किञ्चन भएको हुनाले आत्मरूप नै हो । जब तिमी जागेर हेरौला तब सब आत्मरूप नै देखिनेछ । जस्तो स्वप्नपुर र संकल्पनगरको जो अनुभव हुन्छ त्यो आकाशरूप हो त्यस्तै यो जगत् आकाशरूप हो । शक्ति पनि आत्मा नै हो । सर्वशक्ति आत्मा निष्किञ्चन र किञ्चन पनि हुन्छ, जे भए पनि आत्मरूप नै हो, शून्य पनि आत्मा नै हो ।

हे बधिक ! ज्ञानवान् मन र वाणीको अगोचर अवस्थामा स्थित हुन्छन् । अज्ञान उपाधिले जीव र ईश्वरमा भेद देखिन्छ । जब ज्ञानको उदय भएर अज्ञान निवृत्त हुन्छ तब सब आत्मरूप नै देखिन्छ । आत्माको ज्ञानबाट द्वैत भेद मेटिन्छ । जस्तो कुनै पुरुष हातमा लेखेको सिंहको मूर्ति देखेर प्रमादले भयभीत हुन्छ, जब त्यो सिंह आफनै अङ्ग हो भनी जान्दछ तब भय मेटिन्छ त्यस्तै स्वरूपको ज्ञान भएपछि जगत्को भय मेटिन्छ । जस्तो स्वप्नमा नानात्व भासित हुन्छ तर बनेको केही हुँदैन त्यस्तो जाग्रत्मा नानात्व भासित भए तापनि केही बनेको छैन । जब मनुष्य अन्तर्मुख हुन्छ तब बोधको दृढता हुन्छ । जस्तो प्रात:कालमा जति जति सूर्यको किरण प्रकट हुँदैजान्छ त्यति त्यति सूर्यकमल फुल्दै जान्छ त्यस्तै जति जति मनुष्य अन्तर्मुख हुन्छ त्यति त्यति बोध बढ्दै जान्छ र विषयको वैराग्य र आत्माको अभ्यासले बुद्धि अन्तर्मुख हुन्छ र आत्मपदको प्राप्ति हुन्छ, तब आत्मा सर्वत्र एकरस देखिन्छ ।

(२३५) सर्वत्र ब्रह्मदर्शन-सुषुप्ति वर्णन

मुनीश्वरले भने, हे बधिक ! मैले सुषुप्तिबाट जागेर जगत् देखें । यो जगत् कसरी आयो त भने समुद्रबाट फुत्त मान्छे निस्के झैं, वृक्षबाट फल निस्के झैं, पृथ्वीबाट अंकुर निक्ले झैं सुषुप्तिबाट सृष्टि निक्लेर आयो । जस्तो शिल्पी स्तम्भमा यतिओटा पुतली निक्लन्छन् भन्ने कल्पना गर्छ त्यस्तै आत्मरूप स्तम्भबाट नभएको सृष्टि उत्पन्न हुन्छ । त्यस पुरुषको हृदयमा शून्याकाशबाट सृष्टि निक्लेको मैले स्पष्ट देखें । जस्तो मणि, मन्त्र र औषधिको प्रभावले असत्य पदार्थ सत्यजस्तो र सत्य असत्यजस्तो भान हुन्छ त्यस्तो अभ्यासको बलले त्यस पुरुषको हृदयमा मैले सृष्टि देखन लागें । संवित्तत्त्वमा जस्तो निश्चय दृढ हुन्छ त्यस्तै रूप भएर भासित हुन्छ । वास्तवमा कुनै पदार्थ छैन, भित्र, बाहिर, जाग्रत्, स्वप्न सुषुप्ति केही छैन । स्वप्नमा जस्तै पदार्थ भित्र नै छ तर बाहिर देखिन्छ त्यस्तै जाग्रत्का पदार्थ भित्रबाट बाहिर उत्पन्न भएका देखिन्छन् । यो जो जगत् आकारयुक्त देखिन्छ त्यो सब निराकार हो, केही बनेको छैन । ब्रह्मसत्ता नै अज्ञानले जगद्रूप देखिन्छ । ज्ञानवान् जगत् देखनुहुन्न, ब्रह्मसत्ता नै आफ्नो स्वभावमा स्थित भएको देखनुहुन्छ । अज्ञानीको दृष्टिमा भिन्न भिन्न नाम, रूप भासित हुन्छन् । जब चित्तको वृत्ति बाहिर फुर्छ त्यसलाई जाग्रत् भन्दछन् । जब भित्र फुर्छ त्यसलाई स्वप्न भन्दछन् र जब स्थिर हुन्छ त्यसलाई सुषुप्ति भन्दछन् । एक चित्तवृत्तिका तीन पर्याय हुन् । वास्तवमा बनेको केही छैन । आदिमा शुद्ध आत्मसत्ता थियो, उसमा जब चित्त जाग्यो तब जगद्रूप भएर देखिनलाग्यो । कुनै कारणबाट जगत् उत्पन्न भएको छैन । जसको कुनै कारण छैन त्यो (जगत्) असत्य हो, वास्तवमा बनेको छैन, सब जगत् शान्त ब्रह्मरूप हो ।

(२३६) स्वप्ननिर्णय

बधिकले भन्यो, हे मुनीश्वर ! प्रलयपछि के कस्तो अनुभव भयो बताउनुहोस् । मुनीश्वरले भने, हे बधिक ! तब मैले उसको भित्र सृष्टि उत्पन्न भएको देखें । आफना पुत्र, कलत्र आदि कुटुम्ब देखिए, उनमा ममता जागेर आयो, पूर्व स्मृति हरायो । आफूलाई पनि सोह्र वर्षको पाएँ । म गृहस्थाश्रममा स्थित थिएँ । ममा राग-द्वेष आदि जीवधर्म फुरेर आयो, किनकि त्यसबेला दृढ बोध भएको थिएन । जब दृढ बोध हुन्छ तब राग-द्वेष आदि जीवधर्म चलायमान तुल्याउन सक्तैन र संसारलाई सत्य मानेर त्यसको वासना पनि हुँदैन । बोधको दृढता नभए वासना जीवलाई खिचेर लिन्छ । वासना बलवती पिशाचिनी हो । वासनालाई जित्नु महाकठिन छ । सत्संग र सत्शास्त्रको विचारबाट जब आत्मपदको दृढ अभ्यास हुन्छ तब दृश्यभ्रम मेटिन्छ र वासना पनि रहँदैन । असम्यक् ज्ञानले जगत् सत्य भासित हुन्छ । जब सम्यक् ज्ञानको उदय हुन्छ तब जगत्को सद्भाव निवृत्त हुन्छ ।

बधिकले भन्यो, हे मुनीश्वर ! तपाई जाग्रत्-जगत्लाई स्वप्नवत् भन्नुहुन्छ त्यो कसरी हुन्छ बताउनुहोस् । मुनीश्वरले भने, हे बधिक ! जस्तो स्वप्नमा जो सत्य, असत्य पदार्थ देखिन्छन् त्यो सब असत्य नै हो त्यस्तै यो जाग्रत्-जगत् पनि असत्य नै हो । हे बधिक ! प्रतीतिमा भेद हो,

पदार्थमा कुनै भेद छैन । जसमा दृढ प्रतीति हुन्छ त्यसलाई सत्य भन्छन् र जसमा प्रतीति दृढ हुँदैन त्यसलाई असत्य भन्छन् । स्वप्नमा कुनै पदार्थको दृढ भावना भएको छ भने त्यो जाग्रत्मा पनि प्रत्यक्ष देखिन्छ । ज्ञानवान्को जगत् संकल्पमात्र भास्तछ । संकल्पमात्रको जगत्मा केलाई सत्य भनौं र केलाई असत्य भनौं ।

नीति पनि कुनै वस्तु होइन, केवल अज्ञ जनलाई संझाउनको लागि बताएको हो । कसैको स्वप्नमा देखेको कुरा जाग्रत्मा पनि प्रत्यक्ष हुन्छ । कसैको मृत पिताले स्वप्नमा आएर पुत्रलाई भन्यो कि अमुक स्थानमा द्रव्य गाडेको छ त्यो झिकेर मेरो क्रिया गरिदिनू, नभन्दै त्यहाँ गएर हेर्दा द्रव्य पाएको कुरा सुनिन्छ । त्यसकारण नीति पनि सत्य होइन । जाग्रत्, स्वप्न, सुषुप्ति र तुरीय यी चार शरीर छन् । जाग्रत्-सृष्टिको समष्टिताको नाम विराट् हो । स्वप्नको लिङ्ग शरीरको समष्टिताको नाम हिरण्यगर्भ हो । सुषुप्ति-शरीरको समष्टिता अव्याकृत किंवा माया हो र तुरीय सबै शरीरको समष्टिता हो, त्यो चैतन्यरूप आत्मा हो । जाग्रदादि चार परमात्माका शरीर हुन् । परमात्मा निराकार छ, उसमा जो आकार देखिन्छ त्यो उहीरूप (आत्मरूप) हो । तिमी जागेर हेर कि सबै पदार्थ संकल्पमात्र हुन् । जसमा यी पदार्थ कल्पित छन् त्यो (आत्मा) नाम-रूपले रहित छ ।

(२३७) स्वप्नविचार-दीर्घतपा मुनिको उपदेश

बधिकले भन्यो, हे मुनीश्वर ! त्यस पुरुषको हृदयमा जो सृष्टि देखनु भएको थियो त्यसमा कसरी विचरण गर्नुभयो र के के देखनु भयो, बताउनुहोस् । मुनीश्वरले भने, हे बधिक ! जब मैले उसको हृदयमा नानाप्रकारको जगत् देखें तब म आफ्नो कुटुम्बमा रहन लागें । पहिलेको स्मृति भुलेर सोह्र वर्षसम्म त्यसैलाई सत्य मानेर चेष्टा गर्दै रहेको थिएं । तब मेरो निवासमा एकजना उग्रतपा नाम गरेका ऋृषीश्वर आए । स्वागत-सत्कारपूर्वक चरण धोएर उनलाई सिंहासनमा बसालें र नानाप्रकार भक्ष्य भोज्य आदि पदार्थ खान दिएर तृप्त पारें । भोजनोत्तर विश्राम गरेपछि मैले भनें, हे ऋृषीश्वर ! मैले जानें कि तपाई परम बोधवान् हुनुहुन्छ, तपाईंमा रागद्वेष केही छैन । म एउटा प्रश्न गर्छु, मेरो संशय दूर गरिदिनुहोस् । मनुष्य जो शुभ-अशुभ कर्म गर्छन् त्यसको फल अवश्य प्राप्त हुन्छ जस्तो धान रोपेपछि फल प्राप्त हुन्छ । जसले कर्म गर्छ उसैले फल भोगनुपर्छ - यो नियम छ, तर दुर्भिक्ष (अनिकाल) मा सबैले एकैचोटी कष्ट पाउँछन्, यो कसरी हुन्छ ? उग्रतपा मुनिले भने, हे साधो ! पहिले सुन कि जगत् के वस्तु हो । यो जगत् कारणविना उत्पन्न भएकोले साँचो होइन । जो कारणविना देखिन्छ त्यसलाई भ्रममात्र भनी जान । त्यसकारण विचार गरेर हेर कि 'यो जगत् के हो', 'यसमा के छ', 'यसको अन्त कहाँ हुन्छ' ?

हे साधो ! यो जगत् स्वप्नमात्र हो र यो शरीर पनि स्वप्न नै हो । तिमी मेरो स्वप्ननगर हौ, म तिम्रो स्वप्ननगर हुँ र सब जगत् स्वप्नरूप हो । कारण, कार्य कुनै छैन, सब आभासमात्र हो । आभासमा अधिष्ठानदेखि भिन्न अरू कुनै वस्तु हुँदैन । त्यसकारण सब जगत् आत्मस्वरूप हो । जस्तो डोरीमा सर्प भ्रममात्र हो, त्यो सर्प होइन, डोरी नै हो त्यस्तो सब जगत् चिन्मात्ररूप हो ।

उसमा जगत् केही बनेको छैन, केवल आत्मसत्ता आफू आफैमा स्थित छ र उसमा अहं बनेर यसप्रकार चेतनता (संवेदन) फुर्छ तब जगत्-आकारको स्मरण हुन्छ, जस्तो जस्तो संकल्प फुर्छ त्यस्तो त्यस्तो जगत् देखिन्छ । जस्तो स्वप्नको सृष्टि र संकल्पनगर नानाप्रकारको देखिन्छ, तर त्यो अनुभवदेखि भिन्न छैन त्यस्तै यो जगत् अनुभवस्वरूप आत्मामा कल्पित भएकोले आत्मादेखि भिन्न होइन । जो संवित् आफ्नो स्वरूप विर्सेर जगत्लाई कार्य कारणरूपमा देख्छ त्यो नै जीव हो । जुन संवित्लाई कर्मको कल्पनाले स्पर्श गर्छ त्यसलाई त्यो कर्मको फल लाग्छ । ज्ञानवान्ले कर्तव्य कर्म गरेको देखिन्छ, तर उसको हृदयमा कर्तव्यको अभिमानले स्पर्श गर्दैन । जसको हृदयमा कर्तव्यको अभिमान हुन्छ उसको फल पनि हुन्छ ।

हे साधो ! यो जो सृष्टि छ उसको एक विराट् पुरुष छ । उसैको यो शरीर हो । यो विराट् पनि अन्य विराट्को संकल्पमा छ । यो विराट् उस विराट्को रोमाञ्च हो । जब विराट् पुरुषको अंगमा क्षोभ हुन्छ र जीवको पापवासनाको उदय हुन्छ तब वासना र अंगको क्षोभ एकठ्ठा भएर त्यस स्थानमा उपद्रव र कष्ट हुन्छ । जस्तो वनमा धेरै वृक्ष भए तापनि वज्रपात भएपछि सब चूर्ण हुन्छन् त्यस्तै एकठ्ठा (सामूहिक) पापले सबै एकै ठाउँमा मर्छन् र सामूहिकरूपमा दुर्भिक्षको कष्ट पाउँछन् । जस्तो कुनै पुरुषको अंगमा झिङाले टोक्यो भने त्यही अंग र त्यहाँको रोम (रौं) काँप्छ तर सर्पले कुनै अंगमा टोकयो भने एकैचोटी सबै अंग र सबै रौं काँप्न लाग्छन् त्यस्तै यो जगत् विराट् पुरुषको शरीर हो । जब कुनै नगरमा पापको उदय हुन्छ तब एक रोमरूपी नगरका जीव कष्ट पाउँछन् र जो सारा अंगरूपी देशमा पापको उदय हुन्छ तब सर्पले टोके समान विराट्को सारा शरीरमा क्षोभ हुन्छ र उसको शरीरमा रोमरूपी सबै जीव कष्ट पाउँछन् । आत्मसत्ता केवल अनुभवरूप हो, उसको प्रमादले यो आपद् देखिन्छ ।

कारणविना देखिएको हुनाले जगत् सत्य होइन । यदि भन्छौ कि आत्मा सबैको कारण भएको हुनाले जगत्को कारण हो, तब भन्छु कि आत्मालाई निमित्तकारण मान्छौ कि समवायिकारण मान्छौ । अद्वैत भएको हुनाले आत्मा निमित्तकारण हुन सक्तैन । माटोको विकार घट भएको हुनाले घटको समवायि-कारण माटो हुन्छ तर आत्मा विकारशून्य अच्युत भएकोले जगत्को समवायि-कारण हुन सक्तैन । त्यसकारण आत्मामा कारण-कार्यभाव छैन तब जगत् कसको कार्य हुने ? जो कारणरहित भैकन देखिन्छ त्यसलाई भ्रममात्र भनी जान । जस्तो बालक नभएको वेताल देखेर भयभीत हुन्छ त्यस्तो यो जगत् नभईकन पनि प्रमादले देखिन्छ । वास्तवमा परमात्मा जस्ताको त्यस्तो छ तर संवेदनले जगत्रूप भएर देखिन्छ । चित्-संवित् स्फुरणले जगदाकारमा देखिन्छ, तर त्यो हो चैतन्यमात्र । संकल्पको दृढताले कार्य-कारण भासित हुन्छ । जसको कार्य-कारणबुद्धि छ त्यो जगत्लाई सत्य ठान्दछ । जसको कार्य-कारणबुद्धि छैन त्यो जगत्लाई आत्मरूप देख्छ । मेरो निश्चय सोध्छौ भने न पाप छ, न पुण्य छ, न दुःख छ, न सुख छ र न जगत् छ । जब स्वरूपको प्रमादले अहंको उदय हुन्छ तब नानाप्रकारका विकार भासित हुन्छन् । जब प्रमाद निवृत्त हुन्छ तब सब आत्मरूप देखिन्छ । त्यसकारण तिमी सबै कल्पना त्यागेर आफ्नो स्वरूपमा स्थित होऊ, तब सबै संशय मेटिनेछन् ।

(२३८) रात्रिसंवाद

मुनीश्वरले भने, हे व्याध ! यसप्रकार उग्रतपा ऋषीश्वरको उपदेशबाट आफ्नो स्वभावमा स्थित भएर मैले अकृत्रिम पद पाप्त गरें । जस्तो धूलिधूसर शरीर स्नानबाट निर्मल हुन्छ त्यस्तै उनको उपदेशबाट म शुद्ध भएँ, आफ्नो पूर्व अवस्थाको स्मृति भयो, समाधिवाला शरीर र आत्मवपु (आफ्नो शरीर) लाई पनि जानेर उग्रतपा ऋषि तिम्रो समीपमा बसेका छन् । अग्निले भने, हे राजन् ! यसप्रकार मुनीश्वरको कुरा सुन्दा आश्चर्यचकित भएर बधिकले भन्यो, हे मुनीश्वर ! तपाईंले भन्नु भयो कि स्वप्नमा मलाई उग्रतपा ऋषिले उपदेश गरेका थिए, फेरि जाग्रत्‌मा भन्नुहुन्छ कि यिनी यहीं बसेका छन् । यो कुरा स्पष्ट बुझ्न सकिन, कृपया बताउनुहोस् । मुनीश्वरले भने, हे बधिक ! यो कुरा अवश्य आश्चर्यकारी छ, संक्षेपमा बताउँछु, सुन । उग्रतपाको उपदेश सुनेपछि उनलाई मैले भनें, हे भगवन् ! तपाईं यहाँ विश्राम गर्नुहोस् र जसरी म रहेको छु त्यसरी नै रहनुहोस् । यसरी उनी र म त्यहाँ रहनलाग्यौं ।

हे बधिक ! उग्रतपाबाट उपदेश पाएर मैलें विचार गरें कि यो जगत् मिथ्या हो र मेरो शरीर पनि मिथ्या हो । यो मिथ्या शरीरको सुखको लागि किन यत्न गरौं ? इन्द्रिय त सर्पसमान हुन्, यिनको सेवा गर्ने मानिस कहिले पनि बन्धनबाट मुक्त हुन सक्तैन । मेरो बाँचनु पनि धिक्कार छ । जो इन्द्रियका सुखको कामना गर्छन् ती मूर्ख हुन् । जस्तो पानीको निमित्त मरुस्थलमा घुमेको मृग थाक्छ मात्र, उसलाई तृप्ति मिल्दैन त्यस्तै अविद्याको वशमा परेर म सुखको निमित्त यत्न गर्थे, तर त्यसबाट तृप्ति मिलेन ।

हे बधिक ! ममताका मूर्ति बान्धव पयरका जंजीर हुन् र अन्धकूपमा पार्ने कारण हुन् । यस बन्धनबाट बाँधिएर मैले विषयरूपी कुवामा खसेर दुःख पाएको थिएँ । बन्धनका कारण यी कुटुम्बलाई त्याग गरिदिऊँ । अनि विचार गरें कि जहाँसम्म अविद्याको नाश हुँदैन त्यहाँसम्म यिनको त्यागबाट पनि सुख प्राप्त हुँदैन । यस्तो विचार गरेर गुरुको समीपमा गएँ । अनि मनमा विचार आयो कि जगत् भ्रममात्र हो र गुरु पनि स्वप्नमात्र हुन् , यिनबाट के प्राप्त होला ? फेरि विचार आयो कि यी ज्ञानवान् पुरुष हुन्, यिनको 'अहं ब्रह्म' को निश्चय छ, त्यसकारण यी ब्रह्मस्वरूप र कल्याणमूर्ति हुन् । यिनको समीपमा गएर प्रश्न गरौं । अनि प्रणाम गरेर भनें, हे भगवन् ! एकपटक त्यो आफ्नो शरीर देखेर आऊँ र यसको शरीर पनि कहाँ छ देखौं, ऊ यस जगत्‌को विराट् पुरुष हो । त्यसपछि ऋषिले हास्तै भन्नुभो, हे ब्राह्मण ! अब तिम्रो त्यो शरीर कहाँ छ र, त्यो शरीर त नष्ट भइसक्यो । यो कुरा तिमी आफैं जान्नेछौ । अनि हात जोडेर भनें, हे ऋषिवर ! अब म जान्छु, म नफर्केसम्म तपाईं यहीं रहनुहोला । अनि आधिभौतिक शरीरको अभिमान छोडेर अन्तवाहक शरीरले आकाशमार्गमा उडें । अड्दा उड्दा थकाइ लाग्यो, परन्तु त्यो शरीर कहीं पाइएन । तब फेरि ऋषिको समीपमा आएर भनें, हे त्रिकालज्ञ ! ती दुइटा शरीर कहाँ गए ? न यस सृष्टिका विराट्‌को शरीर देखिन्छ जसको मार्गबाट म आएँ, न आफ्नो शरीर देखिन्छ, यसको कारण बताउनुहोस् ।

उग्रतपाले भने, हे मुनीश्वर ! तिमी आत्मपदमा जागेका छौ र तिमी नै सबकुछ जान्दछौ । तिमी योगीश्वर हौ । ध्यानदृष्टिले हेर, सबै कुरा स्पष्ट हुनेछ । हे मुनीश्वर ! यो जगत् असत्यरूप हो । यहाँ कुनै वस्तु स्थिर छैन । विचार गरेर हेर, सबै अवगत हुनेछ । मसित सोधछौ भने सुन । जुन वनमा तिमी रहन्थ्यौ, जहाँ तिम्रो शरीर थियो, त्यस वनमा एक समय आगो लाग्यो, वृक्ष, लता र वनचारी पशु, पक्षी सब जलेर गए, साथै तिम्रो शरीर र कुटी पनि जलेर गयो ।

मुनीश्वरले सोधे, हे भगवन् ! त्यो आगो लाग्नुमा कारण के थियो ? उग्रतपाले भने, हे मुनीश्वर ! यो जगत् जसमा तिमी, हामी बसेका छौं, यसैको विराट् हो । जसको शरीरमा तिमीले प्रवेश गरेका थियौ र जहाँ तिम्रो र उसको समाधिवाला शरीर छ, उसको विराट् अर्कै छ - त्यो सृष्टि त्यस विराट्को शरीर हो । त्यस विराट्को शरीरमा क्षोभ भएकोले अग्नि उत्पन्न भयो र शरीर वृक्ष आदि सब जलेर गए । यस सृष्टिका विराट्को नाम ब्रह्मा हो । ऊ ब्रह्माको विराट् अर्कै छ । उसको विराट् आत्मा हो जो सदा आफैमा स्थित छ , उसमा केही बनेको छैन । जुन पुरुषको आफनो् स्वरूपमा प्रमाद भएको छ उसको उपद्रव र कारण-कार्यरूप पदार्थ भासित हुन्छन् र त्यो कर्मानुसार सुख-दु:खको भोग गर्छ । जसको स्वरूपको साक्षात्कार भएको छ उसको जगत् आत्मरूप देखिन्छ अर्थात् सबैतिर ब्रह्म नै भासित हुन्छ ।

हे मुनीश्वर ! यसप्रकार वनका पशु, पक्षी सब जले । तिम्रो कुटीमा पनि आगो लाग्यो । त्यो कुटी र तिम्रो शरीर पनि जलेर गयो । जसको शरीरमा तिमीले प्रवेश गरेका थियौ त्यो पनि जलेर गयो । तिम्रा शिष्य र उसको ओज पनि जलेर समाप्त भयो । तिमीहरू दुवैको संवित् आकाशरूप भयो । जसरी समुद्रपान गरेर अगस्त्य मुनि अन्तर्धान भएका थिए त्यसरी नै अग्नि पनि वन जलाइसकेर अन्तर्धान भए । अब तिम्रो शरीरको खरानी पनि बाँकी छैन । जस्तो स्वप्नसृष्टि जाग्रत्मा देखिँदैन त्यस्तै तिम्रो शरीर अदृष्ट भयो ।

हे मुनीश्वर ! यो सब जगत् स्वप्नमात्र हो । म तिम्रो स्वप्नमा छु । सम्पूर्ण जगत्को अधिष्ठान ब्रह्मसत्ता हो । त्यो सबैको आफ्नो रूप हो र यो जगत् उसैको आभास हो । संकल्पसृष्टि, स्वप्ननगर र गन्धर्वनगर झैं यो जगत् असत् हो । हे मुनीश्वर ! यो जगत् तिम्रो स्वप्नमा स्थित छ । चिरकालको प्रतीतिले गर्दा जाग्रत्रूप अर्थात् कारण-कार्यरूप (सत्य) भएर भासित हुन्छ ।

मुनीश्वरले भने, हे भगवन् ! यो स्वप्ननगर सत्य भए झैं अरू सबै स्वप्ननगर सत्य हुनुपर्ने, किन हुँदैन ? उग्रतपाले भने, हे मुनीश्वर, पहिले सत्य के हो, बुझ्नुपऱ्यो । यो जो जगत् तिमी देख्छौ त्यो सब स्वप्ननगर हो । यहाँ कुनै पदार्थ सत्य छैन । जुन अधिष्ठानसत्ताको अपेक्षाले यो समाधिवाला शरीर पनि स्वप्न हो त्यस सत्तालाई जान तब सत्यपदको प्राप्ति हुनेछ । जस्तो यो जगत् आत्मसत्तामा आभासमात्र हो त्यस्तै हो त्यो जगत् पनि ।

तिमी जागेर हेर, कुनै भेद देखिँदैन । जो देखिएको छ त्यो आत्मरूप रत्नको चमत्कार हो । जस्तो सूर्यको किरणमा नभएको जल भासित हुन्छ त्यस्तै सब जगत् आत्मामा नभईकन पनि देखिन्छ र प्रमादले सत्यवत् प्रतीत हुन्छ । तिमी आफ्नो स्वभावमा स्थित भएर हेर ।

मुनीश्वरले भने, हे बधिक ! उग्रतपा ऋषि रातको समयमा मलाई यसप्रकार बताएर शय्यामा सुते । निद्राबाट जागेपछि उनलाई मैले भनें, हे भगवन् ! अरू कुरा पनि सोधनेछु, पहिले मेरो यो संशय दूर गर्नुहोस् कि तपाईंले मलाई केको निमित्त बताएको हो । मेरो ता व्याधाका साथ जानपहिचान पनि थिएन ।

उग्रतपाले भने, हे दीर्घतपा ! ध्यान गरेर हेर, सब कुछ मालुम हुनेछ । मसित सोधछौ भने, यो वृत्तान्त लामो छ, संक्षेपले बताउँछु । हे मुनीश्वर ! तिम्रो देशमा राजा-प्रजा सबैले स्वधर्म छोडने छन्, अनि पानी नपरेर अनिकाल पर्नेछ । मानिसहरू दुःख पाएर मृत्युको घाटमा उत्रनेछन् । तिम्रा कुटुम्ब पनि मर्नेछन् र कुटी पनि नष्ट हुनेछ । वृक्षमा फल लाग्नेछैन । तिमी र म दुईजना वनमा रहनेछौं । हाम्रो सुख-दुःखको वासना छैन किनकि हामी विदितवेद्य हौं । विदितवेद्यलाई दुःखले छुँदैन । केही काल यस्तै स्थिति रहनेछ । त्यसपछि फेरि कुटीको चारैतिर तरु, लता, फल, फूल, कमलपोखरी आदि सामग्री भरि भराउ हुनेछ । चारैतिर सुगन्ध फैलिनेछ । कोइली, मयूर आदिको मनोहर शब्दले मनलाई आनन्द दिनेछ । भ्रमराहरू भूँ भूँ शब्द गरेर कमलको वरिपरि घुमनेछन् । यसप्रकार त्यहाँ नन्दनवनमा झैं आनन्ददायक वातावरण बन्नेछ ।

(२३९) जगत्को स्वप्नरूपता

मुनीश्वरले भने, हे बधिक ! उग्रतपा ऋषीश्वरले फेरि भने कि हे मुनीश्वर ! यसरी वन हराभरा हुनेछ । तिमी र म तपस्या गरेर रहनेछौं । त्यहाँ एक व्याधा मृगको पीछा गर्दै आउँदा तिम्रो कुटीमा प्रवेश गर्नेछ । त्यसलाई तिमी सुन्दर र पवित्र कथाको उपदेश गर्नेछौ । व्याधाले स्वप्न र जाग्रत्को बारेमा प्रश्न गर्नेछ । तिमीले स्वप्नको प्रसंगमा उसलाई परमार्थको उपदेश गर्नेछौ, किनकि सन्तको स्वभाव यस्तै हुन्छ । त्यहाँ तिमीले मेरो समागमको उपदेश गर्नेछौ । त्यो उपदेश सुनेपछि विरक्तचित्त भएर व्याधा तपस्या गर्न लाग्नेछ । तपस्याबाट अन्तःकरण निर्मल भएर उसले आफ्नो वास्तव स्वरूप सत्यपद प्राप्त गर्नेछ । हे मुनीश्वर ! मैले यो संक्षेपले बताएको हुँ । तिमी पनि ध्यानदृष्टिले हेर । त्यसकारण मैले तिमीलाई व्याधगुरु भनेको हुँ । हे व्याधा ! उग्रतपाको कुरा सुनेर म आश्चर्यचकित भएँ । यिनले के भनेका होलान्, बडो आश्चर्य छ, ईश्वरको नीति जानिनसक्नु छ ।

हे बधिक ! यसरी मेरो र उनको सम्बाद भयो, रात बित्यो । प्रातःस्नान गरेर उनको सेवा गरें । उनी त्यहीं रहन लागे । फेरि मैले विचार गरें कि यो जगत् के हो ? यसको कारण के हो र म के हुँ ? फेरि विचार गरें कि यो जगत् अकारण हो, कसैले बनाएको होइन । यो जगत् स्वप्नमात्र हो । जगत् आत्मरूपी चन्द्रमाको चमत्कार हो । आत्मसत्ता नै घट-पटको आकारमा भासित हुन्छ । वास्तवमा कर्म, क्रिया र कर्ता केही छैन, न म छु, न जगत् छ । यो देहरूपी पिण्ड कुनै तत्त्वले बनेको होइन र मातापिताबाट बनेको पनि होइन । यो त स्वप्नमा प्रकट भएको हो, त्यसकारण यसको कुनै कारण छैन । जगत् कुनै वस्तु होइन, केवल अद्यन्तरहित आत्मसत्ता आफैंमा स्थित छ, त्यही मेरो स्वरूप हो । यसप्रकार विचारद्वारा विगतज्वर भएर ऋषीश्वरको

वचनले पर्वत झैं आफ्नो स्वभावमा स्थित भएँ । इष्टानिष्ट प्राप्तिमा समरूपले रहन्थें । इच्छारहित भएर काम-काज गर्थें । मलाई न सुख भोगको इच्छा छ र न मर्ने इच्छा छ । न बाँचनुमा हर्ष छ र न मर्नुमा शोक छ । म सदा आत्मपदमा स्थित छु । मेरो कुनै संशय छैन । सम्पूर्ण संशय स्फुरणमा हुन्छ, त्यो स्फुरण ममा छैन, त्यसैले संसार पनि ममा छैन ।

(२४०) यथार्थोपदेश

मुनीश्वरले भने, हे व्याध ! यसप्रकार निर्णय गरेकोले मेरा तीन ताप नष्ट भए । वीतराग भएर म निःशङ्क भएँ । पदार्थको तृष्णा निवृत्त भयो । म निरहंकार भएँ । अनात्मामा जो आत्माभिमान थियो त्यो निवृत्त भएर आधाराधेयभावरहित निर्वाणपद प्राप्त भयो । आफ्नो स्वभाव आत्मसत्तामा स्थित भएर म सर्वात्मा भएँ ।

हे बधिक ! जो कुछ शरीरको प्रारब्ध छ उसमा म यथाशास्त्र विचरण गर्छु, कर्तृत्वको अभिमान छैन, जगत् आत्मरूप देखछु । तृष्णा गर्ने मिथ्याबुद्धिको अभाव भएको छ । मलाई थाहा छ कि आभास कुनै वस्तु होइन, चिदाकाश आत्मसत्ता आफैंमा स्थित छ ।

हे बधिक ! उग्रतपा ऋषिले बताएको कुरा साँचो हुँदै आयो । तिमी मेरो समीपमा आयौ । तिमीलाई मैले जो उपदेश गरें त्यो परम पावन सबको सार हो । जगत्-पदार्थ र तिम्रो मेरो जो वृत्तान्त छ त्यो सबै बताएँ ।

व्याधाले सोध्यो, हे मुनीश्वर ! यदि यस्तै हो भने त तपाईं, म र ब्रह्मा सबै स्वप्नका भयौं, असत्य पनि सत्य झैं भासित हुंदो रहेछ, होइन त ? मुनीश्वरले भने, हे व्याध ! तिमी, म र ब्रह्मादेखि तृणपर्यन्त सब पदार्थ स्वप्नका हुन् । यो जगत् सत्य, असत्य, सत्यासत्य र अनिर्वचनीय केही पनि होइन, किन्तु अनुभवरूप हो । अनुभवदेखि भिन्न भन्छौ भने त्यो वस्तु छँदैछैन । जस्तो स्वप्नको सृष्टि अनुभवमा फुर्छ त्यसैले अनुभवदेखि भिन्न होइन । सबै पदार्थ संकल्पमात्र हुन्, केही बनेको छैन । तिमी आफ्नो स्वभावमा स्थित भएर हेर । तिमी त बोधवान् हौ, मिथ्या भ्रममा किन पर्छौ ? मेरो उपदेशबाट तिमीलाई विश्राम मिल्यो कि मिलेन ? मेरो विचारमा तिमीले परमपदमा क्षणभर पनि विश्राम पाएका छैनौ, किनकि दृढ भावना भएको छैन ।

हे बधिक ! परमपद प्राप्त गर्ने मार्ग हो सन्तको संगत र सत्-शास्त्रको विचार । त्यसमा दृढ अभ्यास गर्नुपर्छ । योविना शान्ति प्राप्त गर्ने अर्को मार्ग छैन । दृढ अभ्यास भएपछि शान्ति प्राप्त हुन्छ र चित्तको निर्वाण हुन्छ, तब द्वैत र अद्वैतको कल्पना मेटिन्छ । यसैलाई निर्वाण भन्छन् । चित्तको निर्वाण नभईकन राग-द्वेष मेटिंदैन । अभ्यासको बलले जब चित्तको निर्वाण हुन्छ तब अविद्या नष्ट हुन्छ र शान्त शिवपद प्राप्त हुन्छ । जो नित्य अध्यात्मविचारमा लागेको छ, जसका सम्पूर्ण कामना निवृत्त भएका छन्, जो इष्टानिष्टको रागद्वेषरूप द्वन्द्वबाट मुक्त भएको छ र जो सुख-दुःखमा समभाव राख्छ यस्तो ज्ञानवान् पुरुष अविनाशी पद प्राप्त गर्छ ।

(२४१) भविष्यत्-कथावर्णन

अग्निले भने, हे राजा विपश्चित् ! मुनीश्वरको वचन सुनेर आश्चर्यचकित हुँदै बधिक संशयसागरमा डुबेर चक्कर खान लाग्यो । मुनीश्वरको वचनमा उसको विश्वास भएन । खरानीमा दिएको आहुति झैं मूर्खलाई उपदेश दिनु निरर्थक हुन्छ । संशय हुनुमा मुख्य कारण हो मूर्खता । यदि यो संसार आविद्यक हो भने पहिले यसको अन्त पाउनुपर्‍यो त्यसपछि आत्मपद प्राप्त होला, यसको लागि तपस्या गर्नुपर्‍यो - यस्तो विचार गरेर व्याधाको धर्म छोडीकन त्यो व्याधा तपस्या गर्न लाग्यो । उसको मनमा यस्तो कमना थियो कि मेरो शरीर दिन-दिनै बढदै जाओस् र धेरै भोजन गर्न सकौं, यो संसार कहाँसम्म पुगेको रहेछ यसको अन्त फेला पारौं तब अविद्याको अन्त भएपछि आत्मपद प्राप्त होला । हजार वर्षसम्म तपस्या गर्दै रह्‍यो । त्यसपछि समाधिबाट जागेर गुरुको निकटमा गयो र प्रणाम भन्यो, हे भगवन् ! एक हजार वर्षसम्म तपस्या गरेर पनि शान्ति भएन । मुनीश्वरले भने, हे बधिक ! मैले जो उपदेश दिएको थिएँ त्यसको तिमीले भली भाँति अभ्यास गरेनौ, त्यसैले शान्ति भएन ।

हे बधिक ! मैले तिम्रो हृदयमा ज्ञानरूपी अग्निको झिल्को पारिदिएको थिएँ, त्यसलाई तिमीले अभ्यासरूपी पवनद्वारा प्रज्वलित तुल्याएनौ । तिमी मूर्ख होइनौ र पण्डित पनि होइनौ । पण्डित भए आत्मपदमा स्थिति हुने थियो । जब अभ्यासको दृढता भएर अविद्या नष्ट हुन्छ तब ज्ञान र शान्तिको उदय हुन्छ ।

हे बधिक ! अब तिम्रो भविष्य बताउँछु, सुन । आविद्यक संसारको अन्त पाउने इच्छाले प्रेरित भएर सययुगसम्म तिमीले उग्र तपस्या गर्नेछौ । अनि ब्रह्माजीले प्रसन्न भएर वर माग भन्नुहुनेछ । तिमीले भन्नेछौ, हे देव ! जस्तो दर्पणको कुनै भागमा मैलो लाग्यो भने अनुहार स्पष्ट देखिदैन, मैलो हराएपछिमात्र दर्पण शुद्ध हुन्छ त्यस्तै आत्मारूपी दर्पणको कुनै कोणमा अविद्यारूपी मलिनता लागेको छ, त्यसको नाश भएपछिमात्र चिदात्माको साक्षात्कार हुनेछ । त्यसकारण जब अविद्यारूपी जगत्को अन्त देखनेछु तबमात्र मलाई आत्मपद भासित हुनेछ, मेरो शरीर घडी-घडीमा धेरै योजनपर्यन्त बढदै जाओस् र गरुडको जस्तो वेग होस् । शरीर नीरोग रहोस् र मृत्युको वशमा नपरोस् । यो ब्रह्मण्डरूपी खप्परलाई पनि नाघेर जान सकौं । हे देव ! मेरो इच्छा पुरा होस् । तथास्तु भनेर ब्रह्माजी अन्तर्धान हुनुहुनेछ ।

हे बधिक ! त्यसपछि तिम्रो शरीर सूर्य र चन्द्र झैं देदीप्यमान हुनेछ र प्रलयकालको समुद्र झैं बढदै जानेछ । तिमी यो ब्रह्माण्डको खप्पर नाघेर अगाडि बढदै जानेछौ । अनि आकाश देखिनेछ, फेरि ब्रह्माण्ड देखिनेछ । यही क्रमले अरूपनि धेरै ब्रह्माण्ड देखिनेछन् र तिनलाई नाघदै जानेछौ, तिमीलाई कुनै खेद हुनेछैन । शरीर बढदै गएर महाकाशलाई पनि ढाकनेछ । वरप्रसादले गर्दा कुनै आवरणले पनि छेकनेछैन । ज्ञानवान् जगत्लाई मिथ्या मान्नुहुन्छ । तिमी त्यो मिथ्या जगत्लाई नाघदै त्यस ठाउँमा पुग्नेछौ जहाँ अनन्त सृष्टि फुरिरहेका हुन्छन्, त्यो अधिष्ठानतत्त्वको ज्ञान तिमीलाई हुनेछैन । त्यहाँ तिम्रो 'म उत्कृष्ट हुँ' भन्ने अभिमान हुनेछ र पूर्वकृत तपस्याको फलले

वैराग्यको उदय हुनेछ । अनि शरीरको निरादर गर्दै तिमी आफैं भन्नेछौ कि हे देव ! किन यस्तो भारी शरीर दिएका छौं ।

जगत्को अन्त लिन शरीर बढाएको थिएँ, तर त्यसको अन्त कहीं पाइएन किनकि अविद्या नष्ट भएको थिएन । अविद्या तब नष्ट हुन्छ जब आत्मज्ञान हुन्छ । आत्मज्ञानको लागि सत्-शास्त्रको विचार र सत्संग आवश्यक हुन्छ । सत्संग र सत्-शास्त्रको विचारबाट मलाई ज्ञान प्राप्त हुनेथियो, तर के गर्नु, यत्रो विशाल भारी शरीर छ । यत्रो शरीर उठाएर हिडनु पर्छ । यस शरीरको अपेक्षा सुमेरु पर्वत पनि तृणसमान हुन्छ । यस्तो भारी शरीर लिएर कसको संगत गर्न जाऊँ र कसरी शास्त्रको श्रवण गरौं ? यो शरीर मलाई दुःखदायी भएको छ । अब यसलाई त्यागिदिन्छु । यस्तो विचार गरेर तिमीले प्राणायामद्वारा शरीरको त्याग गर्नेछौ । इन्द्रको वज्रले पखेटा काटिएका पर्वत गिरेझैं त्यो विशाल शरीर एउटा सृष्टि भ्रममा खसनेछ र त्यसको थिचाइबाट त्यहाँका जीव, जन्तु र पर्वत चूर्ण हुनेछन् । यस आपद्बाट त्राण पाउन देवताहरू मिलेर भगवती चण्डिकाको आराधना गर्नेछन्, अनि चण्डिकाले त्यस शरीरको भक्षण गर्नेछन् । त्यसपछि फेरि सृष्टि बढदै जानेछ र वन हरा भरा हुनेछ । वनमा तमालवृक्षको मुनि बसेर तिमी तपस्या गर्नेछौ । यो तिम्रो भविष्य बताएको हुँ । अब जो इच्छा छ त्यही गर ।

व्याधाले भन्यो, हे भगवन् ! बडो कष्ट हुने कुरा भन्नुभयो । कृपा गरेर यस्तो उपाय बताउनुहोस् जसबाट यस्तो भावना निवृत्त होस् र कष्ट भोग्न नपरोस् ।

मुनीश्वरले भने, हे बधिक ! जो हुनु छ त्यो नभईकन छुट्तैन । छोडेको वाण झैं प्रारब्धको वेग रोक्न सकिदैन । त्यसकारण भावी मेटिदैन ।

हे बधिक ! मैले दुइटा उपाय बताएको थिएँ । जहाँसम्म कर्मको कल्पनाले स्पर्श गर्छ त्यहाँसम्म जीवको कर्मबन्धनबाट छुटकारा मिल्दैन । यदि कर्मको कल्पनाले आत्मालाई स्पर्श गरेन भने कर्मको बन्धन हुँदैन, उसको अद्वैत आत्माको नै अनुभव हुन्छ र द्वैतरूप कर्म देखिदैन । सबै सुख, दुःख आत्मरूप हुन्छन् । जब आत्मबोध हुन्छ तब सब कर्म समाप्त हुन्छन् ।

(२४२) सिन्धु-निर्वाणवर्णन

त्यो शरीर गिरेपछि मेरो के दशा होला भनी व्याधाले सोधेपछि मुनीश्वरले भने, हे बधिक ! जब तिम्रो शरीर गिरनेछ तब तिम्रो संवित् (आत्मा) प्राणवासनासहित आकाशरूप महासूक्ष्म अणुसमान हुनेछ । त्यस संवित्मा फेरि नानाप्रकार जगत् देखनेछौ । पृथ्वी, देश, काल, पदार्थ सब भासित हुनेछन् । त्यहाँ तिम्रो संवित्मा यस्तो फुर्नेछ कि म अष्टवसुसमान तेजस्वी राजा हुँ । मेरा पिताको नाम इन्द्र र माताको नाम प्रद्युम्नकी पुत्री बधलेखा हो । मलाई राज्य दिएर तपस्या गर्न पिता वनमा जानुभयो । मेरो विशाल राज्य समुद्रपर्यन्त फैलिनेछ ।

हे बधिक ! त्यहाँ तिम्रो नाम सिन्धु हुनेछ । धेरै कालसम्म राज्य गरेर विषयको भोग गर्नेछौ । एकजना विदूरथ नाम गरेका राजा तिम्रो शत्रु बन्नेछन् । एक पटक तिम्रो राज्यको सिमानामा उनले हमला गर्नेछन् र तिमी पनि चतुरङ्गिणी सेना लिएर विदूरथको सामना गर्न जानेछौ । दुवै

तर्फबाट भयङ्कर युद्ध हुनेछ । दुवै तर्फका धेरै सेना नष्ट हुनेछन् । त्यसपछि रथबाट ओर्लेर द्वन्द्व युद्ध चल्नेछ । अन्तमा टाउ० च्यातेर तिमीले विदूरथलाई यमलोक पुऱ्याइदिनेछौ ।

लडाइं सकिएपछि दरवारमा मन्त्रीहरूलाई अगाडि राखेर भन्ने छौ, हे मन्त्री हो ! मेरो पराक्रम देखेर दिक्पालहरू पनि भयले काँप्तछन् । मेरा असंख्य सेना छन्, जाबो विदूरथलाई जित्नुमा के आश्चर्य छ र ? अनि एकजना मन्त्रीले भन्नेछन् कि हे राजन् ! तपाईंका धेरै सेना भएर के भयो ? विदूरथकी रानी लीलालाई तपाईंले चिन्नु भएको छैन । उनले तपस्या गरेर देवी सरस्वतीलाई प्रसन्न तुल्याएकी थिइन् । माता सरस्वती ज्ञानशक्तिको रूपमा सबैको हृदयमा बसेकी छन् । उनमा जस्तो अभ्यास हुन्छ त्यस्तो सिद्ध गरिदिन्छिन् । ती राजा-रानी दुबैले संसार-बन्धनबाट मुक्त हुन सकौं भनी मोक्ष मागेका थिए । त्यसैले उनीहरू दुवैजना मुक्त भए, अनि तपाईंको जय भयो ।

राजाले भन्नेछन्, हे मन्त्री ! माता सरस्वती मेरो हृदयमा पनि स्थित छन् । उनले मलाई किन मुक्त गरिनन् ? म पनि त सरस्वतीको उपासना गर्छु नि । मन्त्रीले भन्नेछन्, हे राजन् ! सरस्वती चित्संवित्रूपिणी हुन्, उनमा जस्तो जस्तो निश्चय हुन्छ त्यस्तै सिद्ध हुन्छ । हे राजन् ! तपाईं सदा आफ्नो जय नै माग्नु हुन्थ्यो, त्यसैले तपाईंको जय भयो, उनी मुक्ति मागथे, त्यसैले उनको मुक्ति मिल्यो । उनको पहिलेको संस्कार उज्वल थियो, त्यसैले मुक्त भए । तपाईंको पूर्वजन्मको संस्कार तामसी थियो, त्यसैले मोक्षको इच्छा भएन र शान्ति पनि भएन । आदि परमात्माबाट सबै पदार्थ प्रकट भएका छन् । केवल आत्मसत्ता जो निष्किञ्चन पद हो, ऊ सदा आफ्नो स्वभावमा स्थित छ, उसमा चेतनता (संवेदन) फुर्छ । 'अहं अस्मि' अर्थात् 'म हुँ' यस भावनाको नाम चित्त या चेतनता हो । यही चेतनताले देह, इन्द्रिय, प्राण, मन, बुद्धि दृश्य जगत्को कल्पना गरेको छ । त्यसो हुनाले विश्व चित्तमा स्थित छ । आत्माबाट फुरेको चित्तले प्रमादवश देहादिको कल्पना गरेको छ ।

राजाले सोधनेछन्, हे साधो ! आत्मा निष्किञ्चन, केवल, निर्विकार छ उसमा तामसी देह कसरी उत्पन्न भयो ? मन्त्रीले भन्नेछन्, हे राजन् ! जस्तो स्वप्नमा प्रमादले तामसी देह देखिन्छ, तर भएको होइन, यो जो देहादि जगत्को आकार देखिन्छ त्यो भएको होइन, अज्ञानले भासित हुन्छ । हे राजन् ! तपाईंको प्रमाद भएको छ, त्यसैले वासना अनुसार जन्म प्राप्त गर्दै घुमनु भएको छ । यसप्रकार तपाईंका धेरै जन्म बिते, परन्तु पछिल्लो जो शरीर तपाईंले पाउनु भयो त्यो तामस-तामसी थियो, यसकारण तपाईंलाई मोक्षको इच्छा भएन ।

हे राजन् ! तपाईंका जति जन्म बिते तिनलाई म जान्दछु, तर तपाईं जान्नुहुन्न । राजाले भन्नेछन्, हे निर्मल आत्मा ! तामस-तामसी कसलाई भन्छन्, बताउनुहोस् । मन्त्रीले भन्नेछन्, हे राजन् ! जीवको प्रकार सुन्नुहोस् । (१) सात्त्विक-सात्त्विकी (२) केवल सात्त्विकी (३) राजस-राजसी (४) केवल राजसी (५) तामस-तामसी (६) केवल तामसी ।

निर्विकल्प अचेत्य चिन्मात्र सत्ताबाट जो संवित् फुरेको छ, जसको अहंप्रतीति अधिष्ठानमा नै रहिरन्छ, जसको संसार साँचो हो भन्ने निश्चय हुँदैन र अनात्मभावले जसलाई स्पर्श गरेको छैन यस्ता ब्रह्मा आदि सात्त्विक-सात्त्विकी हुन् । जसको सात्त्विक पदार्थ भासित हुन लागेका छन् र

स्वरूपमा प्रमाद छ र बुद्धिका साथ स्पर्श होस् वा नहोस् ती केवल सात्त्विकी हुन् । जसको संवित्को बुद्धिसित संबन्ध भएको छ र नानाप्रकारका राजसिक पदार्थमा सत्यताप्रतीति भएको छ, जसको राजस कर्ममा दृढ अभ्यास छ र त्यही अनुसार शरीर-धारण गर्दै चलेका छन्, जो स्वरूपतिर आएका छैनन् र चिरकालतक यस्तै रहेका छन् ती राजस-राजसी हुन् । जसको बोधमा अहंप्रतीति छैन, स्वरूपको प्रमाद छ, जगत् सत्य भासित हुन्छ, राजसिक पदार्थमा अधिक प्रीति छ, राजस कर्मको अभ्यास छ, तदनुसार जन्म प्राप्त गर्छन् र फेरि शीघ्र नै स्वरूपतिर आउँछन् ती केवल राजसी हुन् र तिनीहरू राजस-राजसी भन्दा श्रेष्ठ हुन् । जसको स्वरूपको प्रमाद छ र जगत्मा सत्यप्रतीति भएको छ एवं त्यस जगत्को तामस कर्ममा दृढ अभ्यास भएको छ ती महामूढ उसमा चिरकालपर्यन्त जन्म प्राप्त गर्दै जान्छन् र यदि दैवसंयोगले कदाचित् मुक्त पुरुषको संगत प्राप्त भए तापनि त्यसलाई छोडिदिन्छन् ती तामस-तामसी हुन् । जसको स्वरूपमा प्रमाद भएको छ र तामसी कर्ममा रुचि छ, कर्मानुसार जन्म पाउँदै जान्छन् र मौका परेको बेलामा तामस कर्म त्यागेर मोक्षपरायण हुन्छन् ती केवल तामसी हुन्, ती तामस-तामसी भन्दा श्रेष्ठ हुन् । हे राजन् ! तपाईं तामस-तामसी हुनुहुन्थ्यो, त्यसैले सरस्वतीसित जय नै माग्नुभो र तपाईंले मोक्षको अभ्यास गर्नु भएन ।

राजाले भन्नेछन्, हे निर्मलचित्त मन्त्री ! म तामस-तामसी थिएँ, त्यसकारण मोक्षको इच्छा गरिन । अब तिमी त्यस्तो उपाय बताऊ, जसबाट अहंभाव निवृत्त भएर आत्मपद प्राप्त होस् । मन्त्रीले भन्नेछन्, हे राजन् ! मानिसले कुनै पदार्थको इच्छा गरोस्, अभ्यास गरेपछि त्यो पदार्थ अवश्य प्राप्त हुन्छ । जो जसको दृढ अभ्यास गर्छ त्यो त्यही रूप हुन्छ । तीन लोकमा यस्तो कुनै पदार्थ छैन जो अभ्यासबाट प्राप्त नहोस् । मानिसबाट अघिल्लो दिन कुनै विकर्म (निषिद्ध कर्म) भयो र भोलिपल्ट यदि शुभ कर्म गर्‍यो भने त्यो विकर्म लुप्त हुन्छ र शुभ कर्म नै मुख्य हुन्छ । जब तपाईं आत्मपदको अभ्यास गर्नुहुन्छ तब आत्मपद प्राप्त हुनेछ र तपाईंको तामस-तामसी भाव निवृत्त हुनेछ । मानिसको देह-इन्द्रियको अभ्यास दृढ भएको छ त्यसैले बारम्बार देह-इन्द्रिय पाइरहन्छ । जब त्यसको विपरीत आत्माको अभ्यास गरोस् तब आत्मपद प्राप्त भइहाल्छ र देह-इन्द्रियको वियोग हुन्छ । त्यसकारण तपाईं पनि सदा आत्मपदको अभ्यास गर्नोस् तब आत्मपद प्राप्त हुनेछ ।

यति भनेर मुनीश्वरले फेरि भने कि हे बधिक ! यसप्रकार जब तिमी सिन्धु नामका राजा हुनेछौ र मन्त्रीले तिमीलाई उपदेश गर्नेछन् तब तिमी राज्य छोडेर वनमा जानेछौ । मन्त्रीहरू आएर तपाईंलाई राज्य गर्नोस् भन्नेछन् तर तपाईंको चित्त विरक्त भइसकेको हुनेछ, त्यसैले राज्यको स्वीकार हुनेछैन । मन्त्रीहरू फर्कनेछन् । तिमी वनमा कुनै सन्तको समीपमा रहनेछौ र चित्तमा परम वैराग्य सम्पन्न हुनेछ तब सन्तको वचनको प्रभाव तिमीमा पर्नेछ । जस्तो पुष्पले नमागे पनि सुगन्ध दिइरहन्छ त्यस्तो सज्जनहरू नमागे पनि वचनामृतको वर्षा गरिरहन्छन् । जब मनुष्य सन्तको अमृत वचन सुन्छ तब मनमा विचार उठ्छ कि 'म को हुँ', 'यो जगत् के हो र कसबाट उत्पन्न भएको छ' ? निदान तिमीले उनको उपदेशबाट जान्नेछौ कि म अचेत्य चिन्मात्रस्वरूप हुँ र जगत् मेरो आभास हो । चित्तको स्फुरण नै जगत्को कारण हो । त्यो चित्त

ममा छैन तब जगत् कसरी हुनु ? ममा जगत् छैन, म आफनै स्वरूपमा स्थित छु । हे बधिक ! यसरी तिमी मनलाई विषयशून्य तुल्याएर जब आफ्नो स्वरूपमा स्थित हुनेछौ, तब तिमीलाई परमानन्द निर्वाणपद प्राप्त हुनेछ ।

(२४३) विपश्चिन्निर्वाणपदप्राप्ति

मुनीश्वरले भने, हे बधिक ! यसप्रकार तिम्रो जो भावी छ त्यो सब बताइदिएँ । अब जे गर्दा कल्याण हुन्छ त्यही गर । अग्निले भने, हे राजा विपश्चित् ! मुनीश्वरको मुखबाट यस्ता कुरा सुनेर बधिकले आश्चर्य मान्यो र मुनीश्वरका साथ स्नान गर्न गयो ! त्यसपछि बधिक र मुनीश्वर वनमा बसेर तपस्या गर्दै शास्त्रको विचारमा लागे । केही कालपछि मुनीश्वरको त्यहीं निर्वाण भयो । बधिक कसरी मेरो अविद्या नष्ट होला भनी तपस्यामा नै लागि रह्यो । तपस्या गर्दा गर्दै सयौं युग बिते । अनि ब्रह्माजी प्रकट भएर 'वर माग' भन्नु भो । बधिकले भन्यो, हे पूज्य पितामह ! यो अविद्या अर्थात् अविद्यामय जगत् कहाँसम्म फैलिएको रहेछ देखन सकौं, त्यसको लागि मेरो शरीर घडी-घडीमा योजनपर्यन्त बढदै जाओस् । तथास्तु भनी ब्रह्माजी अन्तर्धान हुनुभयो । उसको शरीर घडी-घडीमा योजन पर्यन्त बढदै गयो र एक ब्रह्माण्डलाई नाघेर अर्को ब्रह्माण्डमा पुग्यो । यसरी त्यो बधिक अविद्यारूपी अनन्तसृष्टि देखतै गयो तर जति गए पनि मायामय सृष्टिको अन्त पाउन सकेन र थकित भएर उसले भन्यो, यो बोझा शरीर बोकेर कति हिडौ ? अब यो शरीरलाई त्यागि दिन्छु, अनिमात्र आत्मपद प्राप्त होला । हे विपश्चित् ! तब प्राणायामद्वारा प्राण खिचेर उसले त्यो विशाल शरीरलाई त्यागिदियो । त्यही शरीर यहाँ खसेर सारा जीव, जन्तु, नदी, पर्वतलाई ध्वस्त गरिदियो । जुन ब्रह्माण्डबाट यो खस्यो त्यो हाम्रो स्वप्नको सृष्टि थियो अर्थात् अन्य सृष्टिको थियो तर यहाँ आएर जाग्रत्-सृष्टिमा परिणत भयो ।

अग्निले भने, हे श्रेष्ठ विपश्चित् ! त्यो त्यही बधिकको महाशव थियो । देवताहरूले प्रार्थना गरेको हुनाले भगवती चण्डिका प्रकट भएर त्यसको रक्तपान गरिन्, त्यसैले उनको नाम रक्तकाली हुन गयो । कालान्तरमा त्यसको मेद (बोसो) बाट पृथिवी बन्यो, त्यसैले पृथिवीको नाम मेदिनी रहन गयो । फेरि ब्रह्माजीबाट नवीन सृष्टि खडा भयो । वन जङ्गल हरा भरा भयो र पृथ्वीमा सबैको कल्याण हुनथाल्यो । अब तिम्रो जहाँ जाने इच्छा छ त्यहीं जाऊ । अब म पनि इन्द्रलोक तिर जान्छु, किनकि यज्ञको निमित्त इन्द्रले मलाई आवाहन गरेका छन् ।

भासले भन्यो, हे राजा दशरथ ! यति भनेर अग्निदेवता अन्तर्धान भए । त्यसपछि त्यहाँबाट हिंडेर अनेक सृष्टि हेर्दै गएँ । यौटा सृष्टि यस्तो देखियो जहाँ शास्त्र र प्राणीहरू अर्कै प्रकारका थिए । त्यसभन्दा अगाडि यौटा सृष्टिमा यस्ता प्राणी देखिए जसका टाँग काठका र आचरण मनुष्यको थियो । फेरि अर्को सृष्टिमा पुगें, त्यहाँ मानिसको शरीर पत्थरको थियो तर पनि तिनीहरू दौडन्थे र सब व्यवहार गर्थे । पुनः अर्को सृष्टिमा पुगें, त्यहाँ शास्त्रलाई खूब मान्थे । त्यसको अगाडि यस्तो सृष्टि देखियो जहाँ प्राणीहरू बसिरहन्थे र जोरसित कुरा गर्थे, तर केही पनि खान, पान गर्दैनथे ।

हे राजा दशरथ ! यसप्रकार चिरकालसम्म म घुमदै फिर्दै रहें, तर अविद्याको अन्त पाइएन। अनि विचार गरें कि आत्मज्ञानी बन्नुपर्‍यो, तब मात्र अविद्याको अन्त हुनेछ। यस्तो विचार गरेर ज्ञानको सिद्धिको लागि वनमा गएर तपस्या गर्न लागें। केही काल तप गरेपछि चित्तमा यस्तो भावना आयो कि सन्तको निकट जाऊँ र उनको संगत गरौं तब शान्तपद प्राप्त हुनेछ। यस्तो विचार गरेर त्यहाँबाट हिडें र कल्पवृक्षको वनमा आएँ। त्यहाँ एक पुरुष भेटिए। उनले भने, हे साधो ! कहाँ गइरहेका छौ, मेरो समीपमा आऊ। मैले सोधें कि तपाईं को हुनुहुन्छ ? उनले भने कि म तिम्रो तपोरूप हुँ, इच्छा लागेको वर माग। मैले भनें कि मेरो इच्छा यो छ कि आत्मपद प्राप्त गर्न सकौं। उनले भने, हे साधो ! अब तिमीले मृगको एक जन्म लिनुपर्ने छ। जब त्यो मृगशरीर अग्निमा जल्नेछ तब मनुष्यशरीर प्राप्त हुनेछ। अनि ब्रह्मसभामा उपस्थित भएर ज्ञानवान्को वचन सुन्नेछौ, अनि पूर्वका जन्म र कर्मको स्मरण हुनेछ र स्वरूपको यथार्थ ज्ञान प्राप्त गरेर निर्वाणपदमा पुग्नेछौ। त्यसपछि मृग बनौं भन्ने संकल्प जाग्यो, त्यो स्वप्नरूप प्रतिभा साकार भयो। आफूलाई मृग शरीर भएको पाएँ। तपाईंको सृष्टिमा एक पर्वतको कन्दरामा मृग भएर विचरण गर्दै थिएँ। घोडामा चढेर शिकार खेल्न गएका एक राजाले मेरो अत्यन्त राम्रो छुनमुने शरीर देखेर समात्न लागे, मैले बुर्कुसी मारें। अघि अघि म, पछि पछि घोडा, आखिरमा राजाले मलाई समातेर घरमा ल्याए। मेरो सुन्दर क्रीडा देखेर राजा अत्यन्त प्रसन्न भएर मलाई यहाँ उपहारको रूपमा पठाए। अहिले मृगशरीर त्यागेर मनुष्यशरीर प्राप्त भएको छ। हे राजा दशरथ ! तपाईंले सोधेको हुनाले मैले सबै वृत्तान्त बताएँ।

वाल्मीकिले भने, हे अङ्ग ! विपश्चित्‌ले यति भनेपछि रामले प्रश्न गरे कि हे विपश्चित् ! त्यो मृग ता अर्को सृष्टिको थियो, कसरी यहाँ आयो ? भासले भन्यो, हे रामजी ! जहाँ त्यो पाइएको थियो त्यो स्थान पनि अर्को सृष्टिको थियो। एक समय दुर्वासा ऋषीश्वर आकाशमार्गमा समाधिमा बसेका थिए। त्यही मार्गबाट इन्द्र यज्ञ गर्न भनेर पृथिवीतिर आउँदै थिए। दुर्वासाको निश्चल शरीरलाई शव ठानेर इन्द्रले लात हाने। समाधिबाट जागेर हेर्दा दुर्वासाले इन्द्रलाई देखेर शाप दिंदै भने कि हे शक्र ! तिमीले मलाई जानेर पनि लात हान्यौ त्यसकारण यौटा शव खसेर तिम्रो यज्ञ र पृथ्वी पनि ध्वस्त हुनेछ। त्यसपछि पृथ्वीमा गएर इन्द्रले यज्ञको आरम्भ गरे। त्यस यज्ञमा अर्कै सृष्टिको शव आएर गिर्‍यो। यज्ञसहित पृथिवी चूर्ण भयो। म चाहिं तपोरूप मुनीश्वरको वरदानले मृग भएर तिम्रो सभामा आइपुगें।

हे राम ! जो स्वप्नको सृष्टिको थियो त्यो यदि असत्य हुँदो हो ता प्रकट हुन नपर्ने र सत्य भए स्वप्नरूप हुन नपर्ने। हे राम ! तिमी हाम्रो स्वप्नको सृष्टिमा छौ र हामी तिम्रो स्वप्नको सृष्टिमा छौं। जस्तो स्वप्नको पदार्थको हुनु संभव भएको छ त्यस्तै शवको र मृगको पनि हुनु संभव भएको छ। जस्तो यो सृष्टि हो त्यस्तै त्यो सृष्टि पनि हो। यो सृष्टि सत्य हो भने त्यो पनि सत्य हो, परन्तु वास्तवमा न यो सत्य हो र न त्यो सत्य हो। यो पनि भ्रममात्र हो र त्यो पनि भ्रममात्र हो। सत्य वस्तु त्यो हो जो मनसहित षडिन्द्रियको अगम्य छ र त्यो हो आत्मसत्ता, जसबाट यो सब भएको छ र जसमा सब छ। यस्तो परमात्मसत्ता नै परमसत्ता हो र उसमा सब कुछ बन्न सक्तछ। हे राम ! जगत् संकल्पमात्र हो। संकल्पको मिल्नुमा के आश्चर्य छ र ?

छायाँ र प्रकाश झैं सत्य र असत्य, ज्ञान र अज्ञान एकत्र हुँदैनन्, तर आत्मामा एकत्र भएका देखिन्छन् ।

हे राम ! जब मानिस सुत्न जान्छ तब अनुभवरूप हुन्छ, फेरि स्वप्नमा स्वप्ननगर भासित हुन्छ, छायाँ र प्रकाश पनि भासित हुन्छ र ज्ञान-अज्ञान, सत्य-असत्य पनि भासित हुन्छन् । जस्तो आकाशमा विरुद्ध पदार्थ भासित हुन्छन् त्यस्तै संकल्पसित संकल्प मिल्न जान्छ, यसमा के आश्चर्य छ ? सब जगत् आकाशवत् शून्य, निराकार र निर्विकार छ । निराकारमा आकार र निर्विकारमा विकार देखिन्छ, यही आश्चर्य छ । जति पनि आकार दृष्टिगोचर हुन्छन् ती सव निराकाररूप हुन्, ब्रह्मसत्ता नै यसप्रकार भासित हुन्छ । जगत्लाई असत्य भन्न पनि मिल्दैन । असत्य भए प्रलयको अनन्तर पृथ्वी, जल आदि पदार्थ फेरि प्रकट हुन नपर्ने, तर प्रलयपछि फेरि उत्पन्न हुन्छन्, त्यसकारण असत्य होइनन् । चैतन्यरूप आत्माको यो स्वभाव हो । आत्मसत्ता नै यसप्रकार (जगत्रूपले) भासित हुन्छ । त्यसकारण यो सृष्टि आत्माको किञ्चन (आभासमात्र) हो ।

ब्रह्मसत्तामा अनन्त जगत् फुर्छन्, तर जीव आ-आफ्नो सृष्टिलाई मात्र जान्दछन् । सब जीव ब्रह्मरूपी समुद्रका कण हुन्, तिनमा यौटाको सृष्टिलाई अर्को जान्दैन । जस्तो सिद्धहरूको सृष्टि आ-आफ्नो अनुभवमा भिन्न भिन्न हुन्छन् त्यस्तै स्वप्नको सृष्टि आ-आफ्नो अलग अलग हुन्छ, त्यो कहिले काहिं मिल्न पनि जान्छ । जुन अनादि र आदि, विधि र निषेध, विकार र निर्विकार यस्ता विरुद्ध पदार्थ एकै ठाउँमा हुँदैनन् तर आकाशमा, आत्मसत्तामा र स्वप्नमा एकै ठाउँमा देखिन्छन्, यसमा कुनै आश्चर्य छैन । जगत् कुनै भिन्न वस्तु होइन, आत्मसत्ता नै यस्तो भएको देखिन्छ ।

हे रामजी ! आदि र अन्तमा ब्रह्मसत्ता नै छ भने मध्यमा पनि ब्रह्मसत्ता नै छ भनी बुझ्नुपर्दछ । जो शब्द अर्थाकार देखिन्छ त्यो अधिष्ठान ब्रह्मसत्ता नै हो । ब्रह्मदेखि भिन्न जो कुछ देखिन्छ त्यो भ्रममात्र र नाशरूप हो । जो पुरुष स्वभावमा स्थित छ उसका लागि यी वचन शोभायुक्त हुन्छन् । मैले अनन्त सृष्टि र भिन्न भिन्न आचार देखें । दशै दिशा घुमियो र धेरै भोग भोगिए । ठूला ठूला विभूति पनि प्राप्त गरिए र अनेक प्रकारका चेष्टा भए, तर त्यो सब स्वप्न प्रतीत भयो, किनकि सबै भोग्य पदार्थ र कर्म (चेष्टा) अविद्याले रचेका थिए । त्यस अविद्याको अन्त लिनको लागि म अनेक युगपर्यन्त घुमें, तर अन्त कहिं पाइएन । वसिष्ठजीको कृपाले अहिले स्वरूपको साक्षात्कार भयो, अविद्या नष्ट भयो र म परमानन्दमा प्राप्त भएको छु ।

(२४४) स्वर्ग-नरक-प्रारब्धवर्णन

बाल्मीकिले भने, हे साधो ! विपश्चित्ले यति भनेपछि सायंकाल भयो । वसिष्ठलाई प्रणाम गरेर सबै सभासद् आ-आफना स्थानतिर लागे । अर्को दिन प्रात:कालमा सबै यथास्थानमा जुटे । वसिष्ठले पूर्व प्रसंगलाई लिएर भन्नुभो, हे राम ! अविद्या अविद्यमान छ अर्थात् छँदै छैन, तर भासित हुन्छ, यही आश्चर्य छ । जो वस्तु सदा विद्यमान छ त्यो भासित हुँदैन । अविद्या छँदै छैन, तर सदा भासित हुन्छ, त्यसैले यसको नाम अविद्या रहन गएको छ ।

हे राम ! आत्मसत्ता अनुभवरूप हो । उसको अनुभव हुनु अनिश्चित हुन गएको छ । अविद्याकृत जगत् जो कहिले पनि भएको छैन त्यो स्पष्ट भएर भासित हुन्छ - यही अविद्या हो ।

हे राम ! सिन्धुराजाका मन्त्रीको उपदेश तिमीले सुन्यौ र विपश्चित्को वृत्तान्त पनि उनैको मुखबाट सुन्यौ । अब मेरो आशीर्वाद र यथार्थ वचनबाट विपश्चित्को अविद्या नष्ट हुन्छ र उनी जीवन्मुक्त भएर इच्छानुसार विचरण गर्नेछन् ।

हे राम ! आत्मतत्त्वको यथार्थ ज्ञान नहुनु नै अविद्या हो र त्यो आत्मज्ञानबाट नष्ट हुन्छ । जस्तो सूर्यको उदय भएपछि अन्धकारको अभाव हुन्छ त्यस्तै जब मनुष्य अन्तर्मुख हुन्छ, आत्मपरायण हुन्छ र आत्मसाक्षात्कार गर्छ तब अविद्याको अत्यन्त अभाव हुन्छ ।

हे राम ! अविद्यारूपी नदीमा तृष्णारूपी जल, इन्द्रियका विषयरूपी भ्रमर र राग-द्वेषरूपी ग्राह छन् । जो पुरुष यस नदीको प्रवाहमा पर्छ त्यसलाई महाकष्ट प्राप्त हुन्छ । जो तृष्णारूपी प्रवाहमा बगेका छन् ती अविद्यारूपी नदीको अन्त पाउन सक्तैनन् र जो किनारा लागेर वैराग्य र अभ्यासरूपी नौकामा चढ्छन् तिनीहरू पार हुन्छन्, तिनलाई कुनै कष्ट हुँदैन ।

हे राम ! अविद्यारूपी विषवल्ली फलफूल सहित सुन्दर देखिन्छ, परन्तु स्पर्श गरेमा च्वास्स काँडा बिझ्दछ र फलभक्षण गरेमा त झन मृत्युपर्यन्त कष्ट हुन्छ । शब्द, स्पर्श, रूप, रस, गन्ध- यी जो इन्द्रियका विषय छन् ती विषवल्लीका पुष्प हुन्, हेर्दा सुन्दर देखिन्छन् तर स्पर्श गरेमा तृष्णारूपी काँडाले घोच्दछ र भोग गर्नाले राग-द्वेष र कष्ट प्राप्त हुन्छ ।

जस्तो सिपीमा चाँदी देखिन्छ तापनि विचार गऱ्यो भने त्यसको अभाव हुन्छ त्यस्तै विचारद्वारा अविद्याको अभाव हुन्छ । यो अविद्या चञ्चल छ र भास्तछ । अविद्यारूप पदार्थमा जो भावना गर्छन् ती मूर्ख हुन् ।

अविद्याको विलास सुन । एक यस्तो सृष्टि छ जहाँ सयौं चन्द्रमा र हजारौं सूर्यको उदय हुन्छ । कुनै सृष्टिमा जीव सदा समताभाव लिएर विचरण गर्छन् र सदा आनन्दित रहन्छन् । कुनै यस्तो सृष्टि छ जसमा कहिले पनि अन्धकार हुँदैन । कुनै सृष्टिमा प्रकाश तम जीवको अधीनमा छन् अर्थात् जति प्रकाश या तम आवश्यक हुन्छ त्यति नै उपयोग गर्न पाइन्छ । कुनै सृष्टिमा जीवको मरण र बार्धक्य छैन, तिनीहरू सदा एकरस रहन्छन् र प्रलयकालमा एकैचोटि मर्छन् । कुनै सृष्टिमा स्त्रीजातिको नाम निशाना छैन । कुनै सृष्टिमा पहाडजत्रो शरीर भएका जीव छन् । यसप्रकार अनन्त ब्रह्माण्ड फुरेका छन्, ती सब अविद्याका विलास हुन् । जस्तो समुद्रमा वायुले तरङ्ग उठ्छन् त्यस्तो परमात्मरूपी समुद्रमा अविद्यारूपी वायुको संयोगले जगत्रूपी तरङ्ग उठ्छन् र मेटिन्छन् पनि ।

हे राम ! ठूला ठूला मणि, मोती, सुवर्णमय र धातुमय स्थान, भक्ष्य, भोज्य, लेह्य र चोष्य चारप्रकारका तृप्तिदायक पदार्थ, घृतमय स्थान, उखुका रसको समुद्र, मखन, दही र दूधका समुद्र, अमृतका तलाउ, कल्पवृक्ष र तमाल आदि वृक्षले सुशोभित रमणीय स्थान, अप्सरा र दिव्य वस्त्र आदि जति पनि पदार्थ छन् ती सब संकल्परूप अविद्याका विलास हुन् । जो यस्ता अविद्यारचित

पदार्थमा तृष्णा लिन्छन् ती मूर्ख हुन् । जस्तो मरुस्थलमा नभएको नदी भास्तछ र विचार गरेपछि त्यसको अभाव हुन्छ त्यस्तो आत्मविचार गरेपछि अविद्याको विलासरूप जगत्को अभाव हुन्छ । आत्माको प्रमादले देवता, मनुष्य, पशु, पक्षी आदि जगत् कार्य-कारणभावसहित स्पष्ट देखिन्छ, तर आत्माको अनुभव भए सब आत्मरूप नै देखिन्छ ।

सृष्टि दुई प्रकारको हुन्छ -एक दृष्ट र अर्को अदृष्ट सृष्टि । जो प्रत्यक्ष देखिन्छ त्यो दृष्ट सृष्टि हो र जो देखनमा आउँदैन त्यो अदृष्ट सृष्टि हो, तर दुवै बराबर हुन् । सिद्धहरू आकाशमा जो सृष्टिरचना गर्छन् त्यो संकल्पमात्र हो । उनीहरूको सृष्टि परस्पर अदृष्ट छ । उनको सुवर्णमय पृथ्वी छ, त्यहाँ रत्न र मणि जडेका घर र रमणीय स्थान छन्, तिनमा अनेकप्रकारका पदार्थ छन् र अमृतले भरिएका कुण्ड छन्, उनको आफ्नो अधीन तम र प्रकाश छ र अनेक प्रकारका रचना बनेका छन्, त्यो सब जस्तो संकल्पमात्र हो त्यस्तै यो जगत् पनि संकल्पमात्र हो । जस्तो संकल्प हुन्छ त्यस्तो सृष्टि आत्मामा भासित हुन्छ ।

मनुष्य जो दृढ निश्चय गर्छ त्यही सिद्ध हुन्छ । जो जगत्को सत्यतालाई छोडेर आत्मपरायण हुन्छ र आत्माको तीव्र भावना गर्छ भने त्यसले मोक्ष प्राप्त गर्छ । जो संसारको भावना गर्छ त्यसले संसार नै प्राप्त गर्छ । जस्तो भावना किंवा अभ्यास गर्छ त्यही सिद्ध हुन्छ । जसको भावना धर्मतिर हुन्छ र जो सकामकर्मी हो उसलाई स्वर्गसुख भासित हुन्छ । जसको भावना अधर्मतिर हुन्छ त्यसलाई नरकादि दुःख भासित हुन्छन् । शुभ कर्मबाट शान्तिको आशा हुन सक्तछ । शुभ पनि दुई प्रकारको हुन्छ - एकबाट स्वर्गसुख भासित हुन्छ भने अर्कोबाट सिद्धको भावना गर्नाले सिद्धलोक प्राप्त हुन्छ । अशुभ किंवा अधर्मको भावना गर्नाले नानाविध नरकको दुःख प्राप्त हुन्छ । परस्त्रीका साथ भोग गर्नाले आगाको भुडङ्ग्रोमा जलनुपर्छ र आगोले तातेको फलाम घाँटीमा लगाउनुपर्छ । परपुरुषका साथ भोग गर्ने स्त्री अन्धकूपरूपी ओखलमा खड्गरूपी मुसलले कुटिन्छे । जसले व्यभिचारी दृष्टिले परस्त्रीलाई हेरेको छ त्यसका उपर छुरीको प्रहार हुन्छ । त्यसकारण जीव जस्तो जस्तो कर्म गर्छ त्यही अनुसार जगत् देख्छ र जुन भावको चिन्तन गर्दै शरीरत्याग गर्छ त्यही भावमा प्राप्त हुन्छ । संसार केवल वासनामात्र हो, जस्तो निश्चय हुन्छ त्यस्तै भासित हुन्छ ।

(२४५) निर्वाणोपदेश

रामले प्रश्न गरे, हे भगवन् ! तपाईंले यो जो मुनीश्वर र बधिकको वृत्तान्त सुनाउनुभयो त्यो स्वाभाविक थियो कि अथवा कुनै कारण-कार्यबाट भएको थियो ? वसिष्ठले भन्नुभो, हे राम ! जस्तो समुद्रमा तरङ्ग उठ्छन् त्यस्तै ब्रह्ममा यो प्रतिभा स्वाभाविकरूपले उठिरहन्छ । जस्तो पवनमा चलन स्वाभाविक हुन्छ त्यस्तै आत्माको चमत्काररूप जगत्को रचना स्वाभाविक हुन्छ । त्यसकारण त्यो उहीरूप हो, उसदेखि भिन्न होइन । चिन्मात्रसत्तामा जो चेतना जागदछ त्यो जसरी जाग्छ त्यसरी नै स्थित हुन्छ । भिन्नरूपले स्फुरण नभएसम्म चैतन्यमात्र रूपले रहन्छ । शुद्ध चिदाकाशमा स्वप्नको सृष्टि भासित भएझैं जुन चैतन्यको प्रतिभाबाट कार्य-कारण भासित हुन्छ त्यसमा साररूप वस्तु त त्यही (चैतन्य) नै हो । उही चैतन्य चित्तको चमत्कारले जगदाकारमा

भासित हुन्छ, तर चैतन्यदेखि भिन्न वस्तु केही छैन । जस्तो समुद्रमा उठेको तरङ्ग समुद्ररूप नै हुन्छ त्यस्तो चिन्मात्रमा जो शब्द र अर्थले युक्त जगत् देखिन्छ त्यो चिन्मात्र नै हो, भिन्न वस्तु केही छैन । जसलाई यस्तो यथार्थ अनुभव भएको छ ऊ जगत्लाई स्वप्नपुर या संकल्पनगर जस्तो देख्छ । उसको लागि पृथ्वी आदि पदार्थ पिण्डाकार देखिँदैन, सब ब्रह्मरूप नै भासित हुन्छ । हे राम ! तिमी मनको संकल्पद्वारा इन्द्र भएर बस र उसैको जस्तो चेष्टा गर, जहाँसम्म संकल्प रहन्छ त्यहाँसम्म त्यही सिद्ध हुन्छ । जब इन्द्रको संकल्प क्षीण हुन्छ तब इन्द्रको चेष्टा पनि निवृत्त हुन्छ । संकल्पले उही चिन्मात्ररूप वस्तु इन्द्ररूप भएर भासित हुन्छ, त्यस्तै यो सब जगत् जो देखिन्छ त्यो सब चिन्मात्ररूप हो, तर संवेदनद्वारा पिण्डाकार भएर भासित हुन्छ । जब संवेदनको उत्थान निवृत्त हुन्छ तब सब जगत् आत्मरूप भासित हुन्छ ।

ब्रह्मसत्ता सदा आफू आफैंमा स्थित छ, तर उसमा जस्तो स्फुरण हुन्छ त्यस्तै भासित हुन्छ - सब जगत् उसको नै चमत्कार हो । जस्तो समुद्रमा तरङ्ग समुद्ररूप हुन्छ त्यस्तै निराकार परमात्मामा जगत् पनि आकाशरूप हो, भिन्न केही छैन, सब ब्रह्मस्वरूप हो, यसैको नाम परमबोध हो । जब यो बोधको दृढता हुन्छ तब मोक्ष सिद्ध हुन्छ । वास्तवमा आत्मामा बन्ध, मोक्ष केही छैन । वासनाको विकल्प मनमा रहेसम्म बन्धन मानिन्छ । जब चित्तको वृत्ति निर्विकल्प हुन्छ तब मोक्ष भासित हुन्छ ।

हे राम ! जति पनि पदार्थप्रतिपादक शब्द छन् तिनलाई त्यागेर निर्मल ज्ञानमात्र जो आत्मसत्ता छ उसैमा स्थित रहू । खान, पान, बोल, चाल आदि सबै कर्म गर, परन्तु हृदयबाट परमपद प्राप्त गर्ने यत्न गर । पहिले 'नेति-नेति' गरेर सबै शब्दको अभाव तुल्याऊ । फेरि अभावको पनि अभाव गर । त्यसपछि जो शेष रहन्छ त्यो आत्मसत्ता परम निर्वाणरूप हो, उसैमा स्थित होऊ । आफ्नो आचार, कर्म यथाशास्त्र गर, तर हृदयबाट सबै कल्पना त्यागेर आत्मसत्तामा स्थित होऊ ।

(२४६) इन्द्रियजयोपदेश

आत्मसत्ता सदा अद्वैत र निर्विकार छ, तर अज्ञानीको दृष्टिमा नानाप्रकार विकार भासित हुन्छन् । सारा विकार असत्य हुन् भन्ने जानेर तिनको निषेध भए जो शेष रहन्छ त्यो आत्मसत्ता हो । जस्तो शून्य स्थानमा नभएको वेताल देखिन्छ त्यस्तै अज्ञदृष्टिमा नभएको जगत् आत्मामा भासित हुन्छ । जब सत्शास्त्रको अभ्यास र सन्तको संगत हुन्छ तब स्वभावसत्तामा स्थिति हुन्छ ।

हे राम ! जब आत्माको अनुभव हुन्छ तब मनमा जगत्का पदार्थको इच्छा रहँदैन । जस्तो कसैले स्वप्नमा मणि पाएर त्यसलाई जतनले राखेको थियो, जब जाग्छ तब त्यसलाई भ्रमरूप जानेर त्यसको इच्छा गर्दैन त्यस्तै जब जीव आत्मपदमा जाग्छ तब जगत्का पदार्थको इच्छा गर्दैन । जस्तो मरुस्थलको नदी असत् हो भनी जानेपछि त्यसनदीको पानी पिउन यत्न गर्दैन त्यस्तै जगत्लाई असत् जानेपछि जगत्का पदार्थको इच्छा गर्दैन । जुन शरीरको लागि मनुष्य यत्न गर्छ त्यो शरीर कमलको पातमा रहेको जलबिन्दु झैं क्षणभङ्गुर छ । जस्तो घामले तातेको मृग मरुभूमिको नदीलाई सत्य जानेर पानी पिउनको लागि दौडन्छ र मूर्खतावश कष्ट पाउँछ, तृप्ति

हुँदैन त्यस्तो मूर्ख मनुष्य विषय र पदार्थलाई सत्य जानेर त्यसको लागि यत्न गर्छ र कष्ट पाउँछ, तृप्ति मिल्दैन ।

हे राम ! आफू नै आफ्नो मित्र र शत्रु हुन्छ । जब पुरुष-प्रयत्नद्वारा सत्यमार्गमा चलेर आफ्नो उद्धार गर्छ तब आफैं आफ्नो मित्र हुन्छ र जब सन्मार्गमा नचलेर आफ्नो उद्धार गर्दैन र आफूलाई जन्म-मरणरूप संसारमा खसाल्छ तब त्यो आफू नै आफ्नो शत्रु हुन्छ । जो इन्द्रियका विषयरूपी हिलोमा गाढिएको छ र आफूलाई दया गर्दैन भने त्यो महा अज्ञानरूप तममा प्राप्त हुन्छ । जो इन्द्रियलाई जितेर आत्मपदमा स्थित हुँदैन त्यसलाई कहिले पनि शान्ति मिल्दैन । बाल्य अवस्था बुद्धिशून्य जड अवस्था हो र बृद्धावस्था महानिर्बल अवस्था हो । यी दुई अवस्थामा पुरुष-प्रयत्नद्वारा आत्मोद्धार गर्न सक्तैन । यौवन अवस्थामा कल्याणको मार्गमा केही यत्न हुन सक्छ, त्यसमा यदि विषय-लम्पट भएर रह्यो भने त्यो महाअनिष्ट नरकमा प्राप्त हुन्छ ।

हे राम ! तिमी इन्द्रियलाई वशमा राख र विषयमा लम्पट नहोऊ । यो शरीर नै नाशवान् क्षण भङ्गुर छ भने किन विषयको भोगमा लाग्ने ? वेदशास्त्र र पुराणहरू सुनेर पनि जान्दछ र अनुभवले पनि जान्दछ कि यो शरीर नाशवान् हो । जो यस शरीरमा सत्यताको भावना गरेर विषय-सेवनमा यत्न गर्छ त्यो महामूर्ख हो । जो इन्द्रियलाई जितेर सन्मार्गमा प्रवृत्त हुन्छ त्यसले फेरि दुःखमय संसारमा जन्मनुपर्दैन । हे राम ! तिमी स्वरूपमा जागेर आफूलाई अविनाशी, अच्युत परमानन्दरूप जान र मिथ्या संसारलाई त्यागिदेऊ ।

(२४७) इन्द्रियजय तथा आत्मबोधोपदेश

श्रीरामजीले भने, हे भगवन् ! इन्द्रियलाई नजितीकन शान्ति हुँदैन भन्नु भयो । अब इन्द्रियलाई जितने उपाय बताउनुहोस् । वसिष्ठले भन्नु भो, हे राम ! जसलाई ठूला ठूला भोग प्राप्त भएका छन् तर यदि उसले इन्द्रियलाई जितेको छैन भने शोभा हुँदैन । त्रिलोकीको राज्य प्राप्त गरे तापनि इन्द्रिय जितेको छैन भने त्यो प्रशंसायोग्य हुँदैन । बडो शूर-वीर छ तर इन्द्रिय-जय छैन भने कुनै शोभा हुँदैन । दीर्घजीवी भए पनि इन्द्रियलाई जितेको छैन भने त्यो बाँचनु पनि व्यर्थ हो । अब इन्द्रियजयद्वारा जसरी आत्मपद प्राप्त हुन्छ त्यो सुन ।

हे राम ! मनुष्यको स्वरूप हो अचिन्त्य चिन्मात्र । उसमा जो संवित् जागेको छ त्यस ज्ञानसंवित्को अन्तःकरण र दृश्य जगत्का साथ संबन्ध भएपछि जीव नामले कथित हुन्छ । जहाँबाट चित्त उठेको छ त्यहीं चित्त स्थिर गर, तब इन्द्रियको अभाव हुन्छ । इन्द्रियको नायक मन हो । जब मनोरूप मत्त हात्तीलाई वैराग्य र अभ्यासरूपी जंजीरले बाँधेर वश तुल्याउँछौ तब तिम्रो जय हुनेछ र इन्द्रियको पनि निरोध हुनेछ । जस्तो राजालाई वश गरेपछि सेना पनि वशमा आउँछन् त्यस्तो मनलाई स्थिर गरेपछि सबै इन्द्रिय वशीभूत हुन्छन् । जस्तो वर्षाकाल सकिएपछि शरत्कालमा आकाश शुद्ध, निर्मल देखिन्छ र कुहिरो तथा बादलको अभाव हुन्छ त्यस्तो जब मनोरूप वर्षाकाल र वासनारूपी कुहिरोको अभाव हुन्छ तब शुद्ध, निर्मल आत्मसत्ता भासित हुन्छ । जगत्का पदार्थ मरुस्थलमा देखिने नदी झैं असत्य हुन् - यिनमा तृष्णा राखनु अज्ञान हो ।

जुन पदार्थ प्रत्यक्ष प्राप्त छन् तिनको त्याग गरेर जब आत्मातिर वृत्ति लाग्छ तब जान्नु कि मलाई इन्द्रको पद प्राप्त भएको छ । मनलाई स्थिर गर्ने उपाय यो हो कि सन्तको संगत र रात-दिन सत्शास्त्रको विचार गरोस् । सर्वदा यही उपायको अवलम्बन गर्नाले शीघ्र नै मन स्थिर हुन्छ । जब मन स्थिर हुन्छ तब आत्मपदको अनुभव हुन्छ । जसको आत्मपद प्राप्त भएको छ त्यो संसार-समुद्रमा डुब्दैन । चित्तरूपी समुद्रमा तृष्णारूपी जल र कामनारूपी लहरी उठेका छन् । जुन पुरुषले शम र सन्तोषद्वारा इन्द्रियलाई जितेको छ त्यसले फेरि चित्तरूप समुद्रमा गोता खानु पर्दैन ।

हे राम ! जब आत्मबोध हुन्छ तब फेरि दृश्य भ्रम भास्तैन । वास्तवमा न कर्म छ, न इन्द्रिय छन्, न कर्ता छ अर्थात् केही उत्पन्न भएको छैन । जस्तो स्वप्नमा नानाप्रकार क्रिया र कर्म देखिन्छन्, परन्तु सब आकाशरूप हुन्, केही बनेको छैन, त्यस्तै यहाँ पनि जान । आकाशरूप आत्मामा आकाशरूप जगत् स्थित छ । जस्तो अवयवी र अवयवमा भेद छैन, त्यस्तै आत्मा र जगत्मा भेद छैन । जस्तो अवयव अवयवीको रूप हो त्यस्तै जगत् आत्माको रूप हो । आत्मामा स्थित भएपछि 'अहं', 'त्वं' आदि शब्दको अभाव हुन्छ र 'द्वैत' 'अद्वैत' भन्ने शब्द पनि रहदैन । 'द्वैत' 'अद्वैत' भन्ने शब्द अज्ञानीलाई संझाउन भनेको हो । दृढ ज्ञानी यस्ता शब्द सुनेर हाँस्तछन् र भन्छन् कि अद्वैतमात्र स्वरूपमा यस्ता शब्दको प्रवेश कसरी हुनसक्ला ? जसको यस्तो अवस्था प्राप्त भएको छ उसको लागि बन्ध, मोक्ष केही छैन ।

हे राम ! सुषुप्ति र तुरीयावस्थामा थोरै मात्र भेद छ । सुषुप्तिमा जो अज्ञान र जडता रहन्छ त्यो तुरीयावस्थामा रहदैन । त्यहाँ चैतन्यमात्र स्वरूपको अनुभवहुन्छ । स्वप्न र जाग्रत्मा भेद छैन, परन्तु भेद यत्ति हो कि अल्पकालको अवस्था स्वप्न र चिरकालको अवस्था जाग्रत् भनिन्छ । तथाकथित जाग्रत् र स्वप्न दुवै स्वप्नरूप हो र सुषुप्ति अज्ञानरूप हो । खास जाग्रत् भनेको त तुरीयरूप हो । जहाँ जागेपछि फेरि भ्रम हुँदैन त्यसलाई यथार्थ जाग्रत् भनेको छ । ज्ञानवान् प्राणस्पन्द रोकेर आत्मातिर चित्त लगाउँछन्, परस्पर ज्ञानमात्रको निर्णय र चर्चा गर्दछन्, ज्ञानको नै कथा, वार्ता र कीर्तन गर्छन् र त्यसमा नै रमाउँछन् । यस्ता नित्य जाग्रत्-पुरुष निरन्तर प्रीतिपूर्वक आत्माको भजन गर्छन्, उनको आत्मविषयिणी बुद्धिको उदय हुन्छ र शान्ति प्राप्त हुन्छ । जो सदा अध्यायत्मको अभ्यासमा तत्पर रहन्छ उसको आत्मपद प्राप्त हुन्छ । अभ्यासविना ब्रह्मबोध संभव छैन । यौटा तृणलाई हटाउन परे पनि यत्न गर्नुपर्छ । जस्तै ठूलो भारी बोकनु परेको छ भने बल नगरीकन त्यो भारी उचाल्न सकिदैन त्यस्तै जीवका उपर दृश्यरूपी ठूलो भार परेको छ, आत्माको अभ्यासरूपी बलले त्यस भारलाई हटाउनु पर्दछ । अभ्यासविना दृश्यरूप त्रिलोकीको भार निवृत्त हुँदैन ।

हे राम ! मैले तिमीलाई सबै शास्त्र र वेदको सिद्धान्त बताएँ । जसरी वेदको पाठ गर्छि त्यसरी नै यस शास्त्रको पाठ गर र विचार गर, यसको रहस्यलाई हृदयमा धारण गर, तब आत्मपद प्राप्त हुनेछ । प्रतिदिन यस शास्त्रको श्रद्धापूर्वक श्रवण र कथनबाट अज्ञानी जीवलाई पनि अवश्य ज्ञान प्राप्त हुनेछ । एक पटकमात्र सुनेर भ्रान्ति निवृत्त हुँदैन । बारम्बार सुन्नु, पढनु र

विचार गर्नुबाट भ्रान्ति निवृत्त हुन्छ । जो यो मेरो शास्त्र सुन्छ र बताउँछ उसलाई बोध हुनुको साथै अरू शास्त्रको अर्थ पनि खुलेर आउँछ । आफ्नो पक्ष या आग्रह लिएर मेरो शास्त्रको त्याग नगर्नू । दोषारोपण गरेर जो यो शास्त्र सुन्दैन त्यसलाई कहिले पनि ज्ञान हुनेछैन । जो प्रीतिपूर्वक पूज्यभावले श्रद्धा गरीकन यो शास्त्र सुन्ला र विचार गरेर पाठ गर्ला, उसलाई निर्मल ज्ञान प्राप्त हुनेछ र उसको कर्म पनि निर्मल हुनेछ । यो शास्त्र नित्य विचार गर्न योग्य छ । हे राम ! मैले कुनै स्वार्थ लिएर उपदेश गरेको होइन, केवल दया गरेर उपदेश गरेको हुँ । तिमीले पनि कसैलाई बताउनुपर्‍यो भने स्वार्थ नलिईकन दया गरेर बताउनू ।

(२४८) ब्रह्मजगदेकताप्रतिपादन

वसिष्ठले भन्नुभयो, हे राम ! आत्मामा जगत् बनेको छैन । जब शुद्ध चिन्मात्रमा अहंरूपले संवेदन जाग्छ तब जगद्‌रूप भएर भासित हुन्छ । जब संवेदन अधिष्ठानतिर हेर्छ तब अधिष्ठानरूप हुन्छ, आफ्नो रूप छोडेर अचेत्य चिन्मात्ररूप हुन्छ । स्फुरण र अस्फुरणमा उही एकरस आत्मा हो, परन्तु फुरेपछि जगत् भास्तछ । त्यो जगत् पनि कुनै अन्य वस्तु होइन, उही रूप हो । जब संवित् संवेदनरहित हुन्छ तब चिन्मात्ररूप भइहाल्छ । त्यसकारण ज्ञानवान् पुरुष ब्रह्मदेखि भिन्न केही देख्तैनन् । जस्तो मन अन्यत्र लागेको बेलामा शब्द गरे पनि सुनिदैन त्यस्तो जसको मन आत्मातिर लाग्छ ऊ सबैतिर आत्मा नै देख्छ, आत्मादेखि भिन्न जगत् प्रतीत हुँदैन । जसको आत्मसत्तामा प्रमाद भएको छ र चित्त जगत्‌तिर लागेको छ ऊ जगत् नै देख्छ, आत्मालाई देखतैन ।

हे राम ! आदि र अन्तमा जो छ मध्यमा पनि त्यही नै हुने नियम छ । आदि र अन्तमा आत्मा नै भएको हुनाले मध्यमा पनि आत्मा नै हो । आत्मादेखि भिन्न केही छैन । ज्ञानवान्‌को निश्चय यस्तो छ कि जगत् अलिकति पनि उत्पन्न भएको छैन र पछि पनि उत्पन्न हुनेछैन , केवल आत्मसत्ता सदा आफैंमा स्थित छ र सबै ब्रह्मरूप हो । अहं, त्वं आदि अज्ञानले भासित हुन्छ । जस्तो स्वप्नमा अहं, त्वं आदिको अनुभव हुन्छ त्यो केही होइन, सब अनुभवरूप हो त्यस्तो यो सब जगत् अनुभवरूप हो । यो जो ग्राह्य-ग्राहक भाव देखिन्छ त्यो मिथ्या भ्रम हो । पृथ्वी, जल, तेज, वायु, आकाश, पर्वत, घट, पट आदि सब जगत् ब्रह्मरूप हो । ज्ञानवान्‌को सदा यही निश्चय रहन्छ कि अचेत्य चिन्मात्र आफू आफ्नो स्वरूपमा स्थित छ । यो जगत् उत्पन्न भएको छैन, कारणत्वको अभाव भएको हुनाले सदा एकरस आत्मसत्ता नै विद्यमान छ ।

(२४९) जाग्रत्-स्वप्न प्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! अब जाग्रत् र स्वप्नको निर्णय सुन । जब मानिस सुत्न जान्छ तब स्वप्नको सृष्टि देख्छ, त्यसबेला त्यही जाग्रत्‌रूप भएर भासित हुन्छ जब स्वप्न निवृत्त हुन्छ तब फेरि यो सृष्टि देख्छ तब यो नै जाग्रत् भएर भासित हुन्छ । यहाँ सुतेर स्वप्नमा जाग्रत् हुन्छ र वहाँ सुतेर यहाँ जाग्रत् हुन्छ । तब के भयो ? सब स्वप्न-जाग्रत् भयो । खास जाग्रत् भन्ने जो वस्तु हो

त्यो त आत्मसत्ता हो । त्यसमा जागनु नै जाग्रत्मा जाग्रत् हो, अरू बाँकी सब स्वप्न-जाग्रत् हो । त्यसकारण यहाँ जो जाग्रत् भनिन्छ त्यो स्वप्न हो र असत्यरूप हो ।

आफ्नो कालमा जो जाग्रत् भनिन्छ त्यो स्वप्नरूप हो । जब प्राणी यहाँबाट मृतक हुन्छ तब यो जाग्रत् स्वप्नरूप हुन्छ, स्वप्नरूप परलोक जाग्रत् हुन्छ र जाग्रत्-स्मृति प्रत्यक्ष हुन्छ, वहाँ यो छैन र यहाँ त्यो छैन । यहाँको जाग्रत् र स्वप्नमा परलोक छैन । परलोकमा यहाँको जाग्रत् र स्वप्न दुवै छैन । स्वप्नमा जाग्रत् र परलोक दुवैको अभाव हुन्छ । तब यो सिद्ध भयो कि सब स्वप्नमात्र हो । चिरकालको प्रतीतिलाई जाग्रत् र अल्पकालको प्रतीतिलाई स्वप्न भन्दछन् । आदि स्वप्न नै दृढ अभ्यासको बलले जाग्रत् भएर भासित हुन आएको छ । विचार गरेर हेरेमा यो जाग्रत् स्वप्नरूप नै ठहर्छ । त्यसकारण जुन आकारलाई तिमी सत्य ठान्दछौ त्यो सब हो निराकार आकाशरूप, केही बनेको छैन । जब अधिष्ठान आत्मतत्त्वमा जाग्दछौ तब सबै आकाशरूप देखिन्छ । जो ग्राह्य-ग्राहक भाव देखिन्छ त्यो पनि मिथ्या कल्पना हो, वास्तवमा केही छैन, सबं जगत् मृगतृष्णाको जल झैं मिथ्या हो, त्यसमा ग्रहण र त्याग कसरी होला ? यस्तो होस् र यस्तो नहोस् - यी दुवै कल्पना त्यागेर स्वरूपमा स्थित होऊ, तब पूर्ण शान्ति हुनेछ ।

(२५०) चैतन्यरूप महाशिलाको वर्णन

वसिष्ठले भन्नुभो, हे राम ! जगत्को आदिमा अचेत्य चिन्मात्र थियो । उसमा कुनै शब्दको प्रवृत्ति थिएन - अशब्दपद थियो । उसमा जागनु खडा भयो र उसको आभास जगत् भयो । यो आभासरूप जगत्मा जसको अधिष्ठानमा अहंबुद्धि हुन्छ त्यो जगत्लाई आकाशरूप देख्छ र संसारमा डुबदैन, किनकि उसको अज्ञान निरस्त भएको छ । जसको अधिष्ठानस्वरूपमा प्रमाद छ उसका जाग्रत् र स्वप्न दुई अवस्था हुन्छन् । ज्ञानवान् जगत्लाई आत्मरूप देखनुहुन्छ । अज्ञानीको दृष्टिमा नानारूप जगत् भासित हुन्छ । असत्ख्याति, अन्यथाख्याति, आत्मख्याति र अख्याति आभासरूप भएका हुनाले आत्मामा छैनन् किनकि आत्मा निराभाससत्ता हो । आत्मसत्ता निर्विकल्प अचेत्य चिन्मात्र स्वरूप हो र जगत् पनि आत्मरूप नै हो । आत्मतत्त्व घनशिला झैं अचिन्त्यस्वरूप हो । यस विषयमा एक आख्यान सुनाउँछु जो द्वैतदृष्टिको नाशक तथा परमपावन ज्ञानरूपी कमलको विकास गर्ने सूर्यसमान छ ।

हे राम ! कोटि योजन पर्यन्त विस्तार भएको एक महाशिला छ । त्यो अनन्त छ, त्यसको अन्त पाइदैन । त्यो शुद्ध, निर्मल, निराभास छ र आफनै सत्ताले परिपूर्ण छ । त्यो शालग्राम शिला झैं परमसुन्दर छ । जस्तो शालग्राममा शङ्ख, चक्र, गदा, पद्मका रेखा हुन्छन् त्यस्तै त्यसमा रेखा छन् तर ती रेखा उहीरूप हुन् । त्यो शिला वज्रभन्दा पनि कठिनछ र निर्विकार, निराकार, अचेत्य, परमार्थ सत्यरूपमा विराजमान छ । अनन्त कल्प बितेर गएका छन्, परन्तु उसको नाश कहिले पनि हुँदैन । पृथ्वी आदि पञ्च महाभूत उसका रेखा हुन् तर भूतहरूले रहित शिलावत् छ र ती रेखाहरूलाई जीवित झैं चेतनता प्रदान गर्छ ।

त्यो अचेतन शिलामा चेतनता कहाँबाट आयो र ऊ जीवितधर्मा भयो भन्ने रामको प्रश्नमा वसिष्ठले भन्नुभो, हे राम ! त्यो न चेतन हो र न जड हो, शिलारूप भए पनि पत्थर भन्दा उज्वल छ । उसमा चेतनता स्वभावत : दृष्टिगत हुन्छ । जलको स्वभाव द्रवता भए झैं उसमा चेतनता स्वाभाविकरूपले भासित हुन्छ, तर भिन्न केही छैन । ऊ आफू आफैंमा स्थित छ र कसैबाट जानिदैन, अहिलेसम्म कसैले जानेको छैन ।

रामले सोधे, हे भगवन् ! त्यसलाई कसैले देखेको छ कि छैन र त्यो कसैबाट टुट्छ कि टुट्तैन ? वसिष्ठले भन्नुभो, हे राम ! मैले त्यो शिला देखेको छु, अभ्यास गरेमा तिमी पनि देखन सक्छौ । त्यो परमशुद्ध छ, उसमा मल छैन । उसमा कुनै चिन्ह छैन र पोल पनि छैन । त्यो आदि, मध्य र अन्तले रहित छ । त्यसलाई कसैले तोड्न सक्तैन । त्यसदेखि भिन्न कोही भए तोडथ्यो होला तर त्यसदेखि भिन्न कोही छैन । पृथ्वी, पर्वत, वृक्ष, जल, तेज, वायु, आकाश, देवता, दानव, सूर्य, चन्द्र आदि पदार्थ उसका रेखा हुन् र ती उसैभित्र स्थित छन् । त्यो शिला महासूक्ष्म, निराकार आकाशरूप छ ।

रामले सोधे, हे भगवन् ! उसको आदि, मध्य र अन्त छैन भने त्यसलाई तपाईंले कसरी देखनुभो ? वसिष्ठले भन्नुभो, हे राम ! त्यो कसैद्वारा जानिदैन, आफनै अनुभवद्वारा जानिन्छ । मैले आफ्नो स्वभावमा स्थित भएर देखें । जस्तो खंभा खंभामा स्थित भएर खंभालाई देख्छ त्यस्तै उसमा स्थित भएर मैले देखें । हामी त्यहीं शिलाका रेखा हौं, त्यसैले उसमा स्थित भएर मैले देखें ।

रामले फेरि प्रश्न गरे, हे भगवन् ! त्यो कुन शिला हो र उसका रेखा के हुन् ? वसिष्ठले भन्नुभो, हे राम ! त्यो शिला परमात्मा हो । मैले त्यसलाई शिला भन्नुको आशय यो हो कि त्यो घनचैतन्यरूप हो, त्यसदेखि भिन्न केही छैन । त्यो अचिन्त्यरूप छ । उसमा पञ्चतत्त्व रेखा हुन्, ती रेखा पनि उहीरूप हुन् । एक ठूलो रेखा छ जसमा अरू रेखा अवस्थित छन् । त्यो ठूलो रेखा आकाश हो जसमा अरू वायु आदि तत्त्व रहन्छन् । सब पदार्थ आकाशमा छन् । त्यसकारण सब उहीरूप हुन् । तिमी पनि उही रूप हौ र म पनि उही रूप हुँ, अरू केही भएको छैन । पृथिवी, जल, तेज, वायु, आकाश, मन, बुद्धि, चित्त, अहंकार आदि सबै पदार्थ र कर्म ब्रह्मरूपी शिलाका रेखा हुन्, अरू केही भएको छैन । सबै कालमा ब्रह्मसत्ता नै स्थित छ । नानाप्रकारका जति पनि व्यवहार देखिन्छन् ती पनि उही रूप हुन् । घट, पट, पर्वत, कन्दरा, स्थावर, जंगम सब जगत् आत्मरूप हो । आत्मा नै स्फुरणबाट यस्तो देखिन्छ । जस्तो जल नै तरङ्ग भएर देखिन्छ त्यस्तै ब्रह्मसत्ता नै जगत्रूप भएर देखिन्छ । पवित्र, अपवित्र, सत्य, असत्य, विद्या, अविद्या सब पदार्थ आत्मसत्ताका नै नाम हुन्, अरू वस्तु केही छैन । ब्रह्मसत्ता आफू आफैंमा स्थित छ । चिद्घन ब्रह्म सर्वत्र व्याप्त छ । त्यसकारण संकल्परूपी कलना त्यागेर उसमा स्थित होऊ ।

(२५१) सदा सर्वत्र आत्मदृष्टि

वसिष्ठले भन्नुभो, हे राम ! सारा ब्रह्माण्ड चिदाकाशरूप ब्रह्मदेखि भिन्न होइन । यस्तो जानेर जब तिमी त्यस पदमा स्थित हुनेछौ तब ठूलो शब्द गरेर कराए तापनि पाषाणसदृश

मौनभएर स्थित हुनेछौ र दर्शन, पान, भोजन आदि व्यवहार गरे तापनि आफ्नो निश्चयबाट रत्ति भरपनि डग्नेछैनौ । शिला झैं स्फुरणरहित भएर रहनेछौ । दौड धूप गरे तापनि आफ्नो निश्चयबाट चलायमान हुनेछैनौ । तिमी काम काज पनि गरौला तर हृदयमा क्रियाको अभिमान हुनेछैन, केवल स्वभावसत्तामा स्थित हुनेछौ । मरुभूमिमा आपातत: नदी देखिए तापनि विचार गरेमा नदी रहँदैन त्यस्तो विचार गरेपछि जगत् रहँदैन । जगत् चैतन्यरूपी रत्नको चमक हो । चैतन्य आत्माको किञ्चन जगत्‌रूप भएर भासित हुन्छ ।

रामले सोधे, हे भगवन् ! अनुभवबाट संस्कार बन्छ, संस्कारबाट स्मृति हुन्छ । जस्तो जाग्रत्‌को स्मृतिबाट स्वप्नको जगत् खडा हुन्छ त्यस्तो स्मृति या संस्कारलाई जगत्‌को कारण मानेमा के आपत्ति छ ? वसिष्ठले भन्नुभो, हे राम ! यो जगत् कुनै संस्कारबाट उत्पन्न भएको होइन र कुनै अनुभवको संस्कार छैन । जगत् काकतालीय न्यायले अकस्मात् प्रकट भएको हो । जस्तो स्वप्नमा मरुस्थलमा नदी देखिन्छ र त्यसको अनुभव पनि हुन्छ र स्मृति पनि हुन्छ तर जागेर हेर्दा अनुभव र स्मृति दुवै मिथ्या ठहर्छन् त्यस्तै यो संसार पनि जान । त्यसकारण न जाग्रत् छ, न स्वप्न छ, न सुषुप्ति छ र न तुरीयावस्था नै छ । केवल अद्वैतसत्ता उत्थानले रहित चिन्मात्ररूपले अवस्थित छ । जस्तो स्वप्नमा कुनै नारी आएर अङ्कमाल गर्छे, तर त्यसको क्रिया साँचो हुँदैन त्यस्तो यहाँको क्रिया पनि साँचो होइन । ज्ञानवान्‌को लागि जाग्रत् आदि चारै अवस्था खरायोको सिङ० झैं असत्य प्रतीत हुन्छन् ।

अनुभवको नाम जाग्रत् हो । अनुभवसत्ता सदा जाग्रत्‌रूप हो । अगाडि जुन पदार्थ आउँछ जीव त्यसैको अनुभव गर्छ, त्यसकारण सर्वदा सर्वत्र जाग्रत छ। अथवा सर्वदा स्वप्न छ । जहाँ विपर्यय देखिन्छ त्यो स्वप्न हो । सबै पदार्थ विपर्ययरूपले नै देखिन्छन् । विपर्ययरहित वस्तु त एक आत्मामात्र छ । यसरी विपर्यय देखिने हुनाले सर्वदा स्वप्न छ । अथवा सर्वदा सुषुप्ति छ । सुषुप्ति त्यसको नाम हो जहाँ अज्ञानवृत्ति रहन्छ । म आफ्नो वास्तव स्वरूप जान्दिन त्यसैले सर्वदा सुषुप्ति छ । अथवा सर्वदा तुरीयावस्था छ जो सक्षीभूत सत्ता हो, जसमा तीन अवस्थाको अनुभव हुन्छ त्यसको नाम तुरीयावस्था हो । जो सर्वदा सबैको अनुभव गर्छ त्यो प्रत्यक् चैतन्य हो त्यसैले सर्वदा तुरीयपद छ । अथवा सर्वदा तुरीयातीतपद छ । तुरीयातीत त्यसलाई भन्छन्, जो अद्वैतसत्ता हो, जहाँ कुनै द्वैत छैन । त्यो सर्वदा अद्वैतसत्ता हो । मरुस्थलमा जलको अभाव भए झैं उसमा जगत्‌को अत्यन्ताभाव छ - त्यसैले सर्वदा तुरीयातीतपद छ । मसित सोधछौ भने त, तरङ्ग, बुद्‌बुद केही छैन केवल चित्समुद्र नै देखिन्छ । उदयास्तरहित आत्मसत्ता आफैमा स्थित छ । पृथ्वी आदि तत्त्व जो देखिन्छन् ती कुनै उत्पन्न भएका होइनन् । आत्मसत्ताको किञ्चन नै यसप्रकार भासित हुन्छ ।

जस्तो स्वप्नसृष्टि अनुभवरूप हो त्यस्तै यो सृष्टि पनि अनुभवरूप हो । अनुभवसत्तामा भित्र वाहिर भन्ने भेद छैन । विद्या-अविद्या, इष्ट-अनिष्ट आदि सब शब्द आत्माका नै नाम हुन् । आत्मादेखि भिन्न पदार्थ केही छैन । जागेर हेर, सब तिम्रै स्वरूप हो । मिथ्या भ्रम अङ्गीकार गरेर किन भिन्न देखछौ । जब चित्तमा संकल्प उठ्छ तब अहं अभिमान हुन्छ । चित्तलाई आत्मामा लीन गर । जब चित्तको निर्वाण हुन्छ तब जगत् शान्त हुन्छ, द्वैतकल्पना मेटिन्छ । मैले जो

मोक्षशास्त्र तिमीलाई बताएँ यसको विचारद्वारा संकल्प त्यागेर आफ्नो परमानन्दस्वरूपमा स्थित भइरहू ।

(२५२) शालभञ्जिकोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! यो जगत् कुनै कारणबाट उत्पन्न भएको होइन । जस्तो समुद्रमा तरङ्ग स्वाभाविकरूपले उठ्छ त्यस्तै संवित्सत्ताबाट आदि सृष्टि जागेको छ । जस्तो स्वाभाविक द्रवतावशात् समुद्र तरङ्गरूप भएर आफनै सत्ताले बढदै जान्छ त्यस्तो आत्मसत्ताबाट जगत्को विस्तार हुन्छ । यो जगत् आत्मादेखि भिन्न होइन । आत्मसत्ता नै यसप्रकार भासित हुन्छ । सम्यग्दर्शी सब आत्मरूप देख्छ । ज्ञानी र अज्ञानी सबै आत्मरूप हुन् । जस्तो भित्तामा लेखिएका शाल भञ्जिका (पुतली) भित्तोदेखि भिन्न हुँदैनन् त्यस्तै सकल दृश्य सर्वगत आत्मरूप भित्ताका चित्र हुन्, ती आत्मादेखि भिन्न छैनन् । जस्तो आकाशमा शून्यता, पुष्पमा सुगन्ध, जलमा द्रवता, वायुमा स्पन्दन र अग्निमा उष्णता हुन्छ त्यस्तै ब्रह्ममा जगत् छ । यो जगत् आत्माको आभास भएकोले आत्मरूप नै हो अर्थात् जगत् अचेत्य चिन्मात्ररूप हो ।

हे राम ! सब अचेत्य चिन्मात्र हो भने पृथ्वी, पर्वत आदि आकार किन देखिन्छ त भनौला । जस्तो स्वप्नमा अनुभवरूपी आकाशमा पृथिवी आदि तत्त्व साकार देखिन्छन्, ती सब चिन्मात्र आत्मा नै साकार भएर देखिएका हुन्, अरू केही होइनन् त्यस्तै यहाँ पनि चिन्मात्र वस्तु नै पृथ्वी आदि आकार भएर भासित हुन्छ । त्यसकारण तिमी यो सारा जगत्लाई अनुभवरूप भनी जान । आत्मसत्ता नै यसप्रकार भासित हुन्छ ।

हे राम ! आदिमा यो जगत् अकारण नै उत्पन्न भएको हो । पछि कारणबाट कार्य उत्पन्न हुन्छ भनी मानियो । यद्यपि कार्य-कारण देखिन्छ तापनि केही उत्पन्न भएको छैन, सदा अद्वैतरूप हो । स्वप्नमा स्मृति र अनुभव पनि हुन्छ, तर स्वप्न नै मिथ्या हो भने स्मृति र अनुभव कसरी साँचो होला ? त्यस्तै यहाँ पनि जान । न जगत् छ र न जगत्को अनुभव छ । अनुभवसत्ता नै जगत्रूप भएर देखिन्छ । जब त्यो अनुभवसत्ताको अनुभव हुन्छ तब न स्मृति रहन्छ र न जगत् नै रहन्छ । त्यसकारण हे राम ! त्यो अनुभवसत्ताको अनुभव गर ।

रामले सोधे, हे भगवन् ! संस्कारबाट अनुभव, अनुभवबाट स्मृति नहुने हो भने यस्तो प्रसिद्धि किन भयो त ? वसिष्ठले भन्नुभो, हे राम ! तिम्रो संशय दूर गरिदिन्छु, सुन । यो सब जगत् चिन्मात्रस्वरूप हो, भिन्न केही छैन । जस्तै खम्भामा शिल्पी शालभञ्जिका (पुतली) को कल्पना गर्छ, तर पुतलीहरू बनेका छैनन्, उसको मनमा पुतलीको आकार छ, त्यस्तै आत्मरूपी खम्भामा चित्तरूपी शिल्पी जगत्रूपी पुतलीको कल्पना गर्छ ।

खम्भाबाट पुतली निक्ललान्, परन्तु आत्मा त अद्वैत र निराकार छ, उसबाट केही कुरा निक्लदैनन् । उसमा वाणीको पनि गति छैन । ऊ चैतन्यमात्र हो । अहं फुरेपछि आफूलाई चैतन्यरूप जान्दछ - यो हो संवेदन । त्यसपछि शब्द र अर्थको कल्पना गर्छ । आफूलाई शुद्ध अधिष्ठान चैतन्य भनी जान्नु नै ज्ञान हो । ईश्वर, जीव, ब्रह्मा, इन्द्र, बरुण, कुबेर, पृथ्वी, जल,

तेज, वायु, आकाश, देश, काल इत्यादि शब्द र अर्थ स्फुरणमा नै भएका हुन् । जस्तो समुद्रमा द्रवताले आवर्त, तरङ्ग, फेन, बुद्बुद इत्यादि नाम हुन्छन् त्यस्तै सब ब्रह्मकै नाम हुन्, ब्रह्मदेखि भिन्न केही छैन । ब्रह्मसत्ता नै कहीं अन्तवाहक, कहीं आधिभौतिक, कहीं ईश्वर, कहीं जीव भएर भासित हुन्छ । त्यसकारण शब्दार्थसंयुक्त जो जीव प्रकट हुँदै गएका छन् त्यो सब ब्रह्मसत्ता नै यसप्रकार स्थित भएको छ । जस्तो स्तम्भमा पुतलीहरू स्तम्भरूप नै हुन्छन् त्यस्तो आत्माकाशमा जगत् आत्मरूप हो - आत्मादेखि भिन्न केही छैन । जस्तो आत्मामा जगत् आभास हो त्यस्तो स्मृति र अनुभव पनि आभास नै हो । यदि स्मृति आभासरूप नभएको भए त्यसबाट जगत्को उत्पत्ति हुन्छ भन्न हुन्थ्यो, तर स्मृति -संस्कार पनि आभास नै हो तब जगत्को कारण कसरी होला ? पहिले जगत् भएको भए त्यसको स्मृति हुन्थ्यो होला । जब जगत् नै छैन तब स्मृति कसरी होला ? त्यसकारण जगत् आभासमात्र हो, यसको कारण कोही छैन ।

(२५३) जीवन्मुक्तलक्षणवर्णन

जो इष्टानिष्टप्राप्तिमा हर्षशोकान्वित हुँदैन र ठूलो भोग प्राप्त हुँदा पनि स्वरूपबाट चलायमान हुँदैन त्यसलाई जीवन्मुक्त भनी जान । जो सबै शब्द र अर्थलाई द्वैतरूपले देख्तैन त्यो जीवन्मुक्त हो । जुन अविद्यारूपी जाग्रत्मा अज्ञानी जागा रहन्छन् उसमा ज्ञानवान् सुत्तछन् र परमार्थरूपी जाग्रत्मा अज्ञानी सुतेको हुन्छ । अज्ञानी परमार्थ के हो जान्दैन, परन्तु उसमा जीवन्मुक्त स्थित हुन्छन् । ज्ञानवान् इष्ट, अनिष्ट विषय पाएर सुखी, दुःखी हुँदैनन् । उनको चित्त सदा आत्मपदमा स्थित हुन्छ । इष्ट, अनिष्ट विषय प्राप्त हुँदा सुखी, दुःखी हुँदैनन् भने के ज्ञानी जड हुन् त भनी रामले प्रश्न गर्दा वसिष्ठले भन्नुभो, हे राम ! जहाँसम्म जगत्का साथ चित्तको संबन्ध हुन्छ त्यहाँसम्म सुख-दुःख हुन्छ । जब चित्त जगत्को संबन्धले रहित चिन्मात्र हुन्छ तब उपाधिकृत सुख-दुःख रहँदैन । स्वभावमा स्थित परम विश्रामप्राप्त पुरुष सब कुछ गर्नुहुन्छ तर स्वरूपबाट उहाँको कुनै कर्तव्यको उत्थान हुँदैन र सदा अद्वैतमा निश्चय बनिरहन्छ । उहाँ नेत्रले देखनुहुन्छ, तर द्वैतको भावना फुर्दैन । जस्तो अत्यन्त उन्मत्त मानिस पदार्थ देख्छ तर पदार्थको ज्ञान हुँदैन, त्यस्तै जसको बुद्धि अद्वैतमा दृढ भएको छ उसको द्वैतरूप पदार्थ भासित हुँदैन । जो द्वैत नै देख्तैन भने उसको सुख-दुःख कसरी होला ? ज्ञानी त्यस्तो स्थानमा विश्राम गर्छन् जहाँ जाग्रत्, स्वप्न र सुषुप्ति छैन । उनी द्वैतरहित अद्वैतरूपी शय्यामा विश्राम गरेर संसार-मार्गलाई नाघेर गएका हुन्छन् ।

संसारमा जति दगुरे पनि शान्ति मिल्दैन । मरुभूमिको बालुवामा देखिएको जलाभासलाई साँच्चिकै जल ठानेर पिपासा मेट्न दौडेको मृगले जल नपाएर कष्ट पाउँछ । हे राम ! मन नै मृग हो जो संसाररूपी वनमा आएको छ र विषयरूपी जलाभासलाई साँचो ठानेर तृष्णारूपी मार्गमा दौडन्छ, तर ती विषय आभासमात्र हुन्, तिनमा शान्तिरूपी जल छैन । दौडँदा दौडँदा जब वृद्धावस्था हुन्छ तब जड भएर ठूलो कष्ट प्राप्त हुन्छ, तर शान्तिरूपी जल पाउँदैन र तृप्ति पनि हुँदैन । जीवन्मुक्त ज्ञानीहरू यस्ता कुमार्गलाई त्यागेर परमपदमा विश्राम लिन्छन् र अरू

आनन्दलाई त्यागेर ब्रह्मानन्दरूपी जलमा डुबुल्की लगाउँछन् । त्यस्ता मुक्त पुरुषलाई संसारको दु:खले छुन सक्तैन ।

जीवन्मुक्त पुरुष अनन्त जगत्‌को कर्ता भएर पनि आफूलाई सदा अकर्ता जान्दछन् । उनी सब क्रिया गर्छन् तर आफू सदा अक्रिय पदमा स्थित रहन्छन् र सम्पूर्ण पदार्थलाई स्वप्नवत् जानेर जाग्रत्‌मा सुषुप्त भएर रहन्छन् । उनी आकाश भन्दा पनि अधिक सूक्ष्म छन् किनकि आत्मसत्तामा विश्राम पाएका छन् । त्यो आत्मसत्ता आकाशलाई पनि व्याप्त गरेर रहेको छ, त्यस्तो परमपवित्र स्वच्छपदलाई आत्मा जानेर स्थित भएका छन् । यस्तो आश्चर्य छ कि उनका नेत्र खुला छन् तर आफू सुषुप्तिमा स्थित छन् । सुषुप्ति पनि यस्तो छ कि उनको दृक्-दृश्यभाव दूर भएको छ । उनी बाहिरका भोग्य पदार्थले रहित भएर आत्मामा स्थित भएका छन् । हेर्दा सुतेको जस्तो देखिए तापनि उनी सुषुप्तिमा जागा रहन्छन् र जाग्रत्‌मा सुषुप्त रहन्छन् । उनमा क्रोध देखिन्छ तर क्रोधको स्फुरणले रहित छन् । कामना गरेको देखिन्छ तापनि तृष्णारहित भएर नि:संकल्प पदमा स्थित भएका छन् । एक मित्र उनको साथमा रहन्छ जो उनलाई सदा शान्ति दिलाउँछ, त्यसैले उनको नजीकमा दु:ख आउन सक्तैन ।

(२५४) जीवन्मुक्तको बाह्य लक्षण र व्यवहार

रामले प्रश्न गरे, हे भगवन् ! त्यो मित्र को हो ? ज्ञानीको शुभकर्म मित्र हो, अथवा विचार मित्र हो अथवा आत्मविश्राम मित्र हो, बताउनुहोस् । वसिष्ठले भन्नुभो, हे राम ! पहिले निष्काम कर्म नै मित्र हो भनी बुझ अर्थात् आफ्नो प्रयत्न नै आफ्नो मित्र हो । अज्ञानी आध्यात्मिक आदि त्रिविध तापले जलिरहन्छ तर ज्ञानीलाई तापले छुँदैन । जस्तो कमललाई पानीले स्पर्श गर्दैन त्यस्तो ज्ञानीलाई कष्टले स्पर्श गर्दैन किनकि उसको साथमा मित्र रहन्छ । जस्तो पिता पुत्रलाई अशुभ कर्मबाट निवृत्त गराएर शुभ कर्मतिर प्रेरित गर्छन् त्यस्तो विचाररूपी मित्र संसारतिरको तृष्णा छुटाएर आत्मातिर लगाउँछ । जस्तो मल्लाह नौकामा बसेका मानिसलाई नदीको पार पुऱ्याउँछ त्यस्तो विचाररूपी मित्र उसलाई सारा दु:ख क्लेश आदिबाट उद्धार गर्छ । अग्निले सुवर्णको मल जलाए झैं विचाररूपी अग्नि राग-द्वेषरूपी मललाई जलाउँछ । विचाररूपी मित्र आएपछि उसका स्वाभाविक चेष्टा निर्मल हुन्छन् र ऊ वेदोक्त मार्गमा विचरण गर्छ । उसमा दया, कोमलता, अमानिता, अक्रोध आदि गुण प्राप्त हुन्छन्, त्यसैले उसलाई देखेर सबै प्रसन्न हुन्छन् । विचाररूपी मित्र अत्यन्त सूरो छ र सूर्यले तमलाई नाश गरे झैं अज्ञानरूपी शत्रुलाई मारिदिन्छ । त्यो मित्र दीपकसमान प्रकाशमान छ, त्यसैले भोगरूपी अन्धकूपमा गिर्न लागेकोलाई बचाउँछ र सबैतिरबाट रक्षा गर्छ । उसका वाणी कोमल, मधुर र स्निग्ध हुन्छन् । त्यो उदाराशय पुरुष मानिसको उपकार गर्छ, वाणीद्वारा सबैलाई प्रसन्न तुल्याउँछ र आफू पनि सदा प्रसन्न रहन्छ । जस्तो पतिव्रता नारी आफ्नो पतिलाई सदा प्रसन्न राख्तछे त्यस्तै विचाररूपी मित्र उसलाई सदा प्रसन्न राख्छ र शुभ आचारमा चलाउँछ । दान, तप र यज्ञ आदि शुभकर्म ऊ आफू पनि गर्छ र अरूलाई पनि

गर्न लगाउँछ । अन्त:करणमा विवेकरूपी मन्त्री आउँदा आफना परिवारलाई पनि साथमा लिएर आउँछ ।

रामले प्रश्न गरे, हे भगवन् ! उसको परिवार भनेको को हो, उसको स्वरूप र आचार के हो, संक्षेपमा बताउनुहोस् । वसिष्ठले भन्नुभो, हे राम ! स्नान, दान, तपस्या र ध्यान उसका बाल बच्चा हुन् । स्नान हो सदा पवित्र रहनु । यथायोग्य र यथाशक्ति दान गर्नुलाई दान भनेको छ । बाहिरको वृत्तिलाई रोकेर अन्तर्मुख तुल्याउनुको नाम तप हो र आत्मामा चित्तवृत्ति लगाउनुको नाम हो ध्यान । आत्मदर्शी पुरुष वृत्तिलाई अन्तर्मुख तुल्याएर व्यवहार गर्छ । मुदिता उसकी स्त्री हो । सदा प्रसन्न रहनुको नाम मुदिता हो । प्रसन्न मुद्रामा अवस्थित ज्ञानीलाई देखेर द्वितीयाको चन्द्रमालाई झैं सबै नमस्कार गर्छन् । मुदिताका सँगिनी करुणा र दया साथमा रहन्छन् । समतारूपी द्वारपाली संमुखमा खडा रहन्छिन् । विवेकरूपी राजाको सबारी हुँदा संमुख भएर उनी सब स्थान देखाउँछिन् र सदा साथमा रहन्छिन् । राजा जता हेर्छन् उता आनन्ददायिनी समता नै देखिन्छिन् ।

जब राजाको विषयरूपी पाँच शत्रुका साथ लडाइं पर्छ तब धैर्य र सन्तोषरूपी मन्त्रीले सल्लाह दिन्छन् र राजाले विचाररूपी वाण चलाएर तिनलाई नष्ट गर्छन् । विचार उनको साथमा रहन्छ र सब काम गरेर पनि चित्रलिखित मूर्ति झैं ज्ञानवान् निरभिमान रहन्छन् । जहाँ ज्ञानी र जिज्ञासुहरूको सभा हुन्छ त्यहाँ शेषनाग र बृहस्पति झैं उच्चासनमा बसेर जीवन्मुक्त ज्ञानी परमार्थको निरूपण गर्छन् । उहाँ परमार्थनिरूपण बाहेक कहिले पनि निरर्थक वचन बोल्नुहुन्न र जुन शास्त्र र लोकले निषेध गरेको छ त्यस्तो काम गर्नुहुन्न ।

(२५५) द्वैतैकता ऽ भाववर्णन

वसिष्ठले भन्नुभो, हे राम ! दृश्यमान यो सारा प्रपञ्च आत्मसत्ताको चमत्कार हो । वास्तवमा आत्मादेखि भिन्न केही बनेको छैन, ब्रह्मसत्ता नै स्फुरणबाट यसप्रकार भासित हुन्छ । जगत् अकारण हो, निर्गुण, निर्धर्मक, निखयव ब्रह्म यसको कारण हुन सक्तैन । त्यसकारण यो जगत् खरायोको सिङ० झैं असत् हो । महाप्रलयमा शब्द-अर्थरूप द्वैत केही थिएन, केवल शुद्धचैतन्यरूपले आफू विद्यमान थियो । त्यही आत्मसत्ताबाट जगत् उत्पन्न भएको छ । जस्तो बीजबाट वृक्ष उत्पन्न हुन्छ त्यस्तो जग्‌तको बीज कोही थिएन । जगत् कुनै कारणबाट उत्पन्न भएको होइन । त्यसकारण अहिले पनि जगत्‌लाई महाप्रलयरूप जान ।

हे राम ! न कुनै पृथ्वी आदि तत्त्व छ, न जगत् छ, न आभास छ र न सृष्टि छ । केवल स्वच्छ ब्रह्मसत्ता आफू आफैमा स्थित छ । रूप, इन्द्रिय र मन पनि ब्रह्मस्वरूप नै हो । जस्तो स्वप्नमा आफ्नो अनुभव नै नानाप्रकार जगत् र इन्द्रिय भएर देखिन्छ, त्यस्तै यो जगत् पनि उही (अनुभव) रूप हो । एक देशबाट अर्को देशमा वृत्ति जाँदा बीचमा जो अनुभवसत्ता छ त्यो नै तिम्रो स्वरूप हो र अरू सब आभासमात्र हो । जाग्रत् र स्वप्नदेशको मध्यमा जो ब्रह्मसत्ता छ त्यो नै तिम्रो स्वरूप हो । जो जाग्रत् जगत् देखिन्छ त्यो पनि उसैको स्वभाव हो । रत्नको

स्वभाव चंकनु, अग्निको स्वभाव उष्णता, जलको स्वभाव द्रवता र पवनको स्वभाव चल्नु भए झैं ब्रह्मको स्वभाव जगत् हो । मेरो दृष्टिमा त जगत् अनुभवरूप नै देखिन्छ । स्वप्नबाट जागेको मानिस अद्वैत आफ्नो स्वरूप नै देख्छ, त्यो नै तुरीयावस्था हो । तुरीय र जाग्रत्मा भेद छैन । तुरीय जाग्रत्सत्ताको नाम हो ।

जो अनुभवको साक्षीरूप ज्योति छ त्यो जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्थाको पनि साक्षी हो । ज्ञानीका लागि सब तुरीयस्वरूप हो । अज्ञानी भिन्न भिन्न अवस्था देख्छ । जो आफ्नो स्वरूपमा जागेको छ ऊ सब जगत् आत्मरूप नै देख्छ । जस्तो अग्निमा उष्णता र बरफमा शीतलता स्वाभाविक छ त्यस्तो ज्ञानवान्को आत्मदृष्टि पनि स्वाभाविक हो । ज्ञानवान्ले आत्मानन्द प्राप्त गरेको हुन्छ । उसमा द्वैतता, अद्वैतता केही छैन । ऊ सदा आफ्नो स्वभावमा स्थित छ । त्यसकारण उसको कुनै कल्पना उठ्तैन । ऊ निरावरण दृष्टि लिएर स्वरूपमा स्थित हुन्छ ।

(२५६) स्मृतिको आभासरूपतावर्णन

वसिष्ठले भन्नुभो, हे राम ! जस्तो स्वप्नमा देखिएका पृथ्वी आदि पदार्थ भएका होइनन्, सब आकाशरूप हुन् त्यस्तै पितामह ब्रह्मा आदिलाई पनि आकाशरूप जान । जस्तो समुद्रमा तरङ्ग, बुदबुद आदि शब्द भन्नु पनि बन्दैन, किनकि सब जलरूप हो, त्यस्तो जसलाई तिमी ब्रह्माजी भन्छौ ती पनि आत्मसत्ता देखि पृथक् होइनन् । आत्मसत्ता नै यसप्रकार भासित हुन्छ । ब्रह्माजी विराट् हुन् । जस्तो पात, फल, फूल वृक्षका अङ्ग हुन् त्यस्तो सबै भूत, प्राणी विराट्का अङ्ग हुन् । जब विराट् (ब्रह्मा) नै आकाशरूप हुन् भने तब उनको अङ्ग जगत्को कुरा त के भन्नुपर्ला ? विराट्का आकार, प्राण, मन, बुद्धि, इन्द्रिय, इच्छा केही पनि छैनन् । केवल अद्वैत चिन्मात्रसत्ता आफैंमा स्थित छ । जबकि विराट् नै बनेको छैन, केवल आकाशरूप हो भने उसको आकार आदि कसरी सत्य होला ? सबै आकार संकल्पनगर झैं कल्पित हुन् । एक आत्मसत्ता नै सर्वदा जस्तोको त्यस्तो स्थित छ तब उसमा कल्पित स्मृति र अनुभवलाई पनि कसरी साँचो मान्ने ? अनुभव र स्मृति पनि उसैको आभास हो । जस्तो समुद्रमा तरङ्ग आभास हो त्यस्तो आत्मामा अनुभव र स्मृति पनि आभास नै हो । जसको पहिले अनुभव हुन्छ त्यसको नै स्मृति हुन्छ, त्यो अनुभव पनि जगत्मा हुन्छ, तर जहाँ जगत् नै उत्पन्न भएको छैन भने उसको अनुभव र स्मृति कसरी होला ? त्यसकारण अनुभव र स्मृति भन्ने कल्पनालाई त्यागिदेऊ ।

ज्ञानवान् कारण-कार्यभाव देखनुहुन्न । जस्तो स्वप्नको आदिमा अद्वैतसत्ता नै हुन्छ, उसमा अकारण स्वप्नको सृष्टि जागदछ त्यस्तै अद्वैतसत्तामा अकारण आदि सृष्टि प्रकट भएको छ । वास्तवमा न पृथ्वी छ र न कुनै दोस्रो पदार्थ नै छ, सब चिदाकाशरूप हो, अरू केही बनेका छैनन् तब आभासमात्र जगत्मा स्मृतिको कल्पना कसरी होला ?

(२५७) ब्रह्म र जगत्को एकतावर्णन

रामले प्रश्न गरे, हे भगवन् ! सर्वात्मा परमेश्वरको एक देहमा अहंप्रत्यय कसरी हुन्छ र काष्ठ, पाषाण, पर्वत आदिको अनुभव कसरी हुन्छ ? त्यो अनुभवस्वरूपमा जड र चैतन्यको भेद कसरी हुन गयो ? वसिष्ठले भन्नुभयो, हे राम ! जस्तो शरीरको हात, पाउ आदि अंगलाई समातेर यो को हो भनी सोधेमा मानिस भन्छ कि यो हात हो, यो पाउ हो । हात आदि आफ्नो अंगमा शरीर भाव व्याप्त छ तापनि एक अंगलाई भिन्नरूपले भन्छ त्यस्तो सब अंगमा आत्माको अभाव त छैन, आत्मा अनुभवरूप हो तर कुनै एक अंगमा आत्मत्व भएर पनि उसको सर्वात्मता खण्डित हुँदैन । जस्तो पत्र, पुष्प, फल, शाखा आदि अंगमा एक वृक्षभाव व्याप्त छ, तर पनि शाखा, पत्र आदिलाई लिएर भनिन्छ कि यो वृक्ष हो, यसरी एक अंगलाई वृक्ष भन्दैमा वृक्षको सर्वात्मभाव नष्ट हुँदैन त्यस्तो सर्वात्माको एक देहमा अहंभाव सिद्ध हुन्छ । फेरि एक परमात्माले जड र चैतन्य दुवैलाई धारण गरेको छ, त्यसैले एकमा दुई स्वरूप पनि हुन सक्छन् ।

जस्तो एक शरीरमा दुई कुरा सिद्ध हुन् - हात, पाउ आदि जड हो र त्यसको द्रष्टा नेत्र चेतन हो, तब एकै शरीरमा दुई कुरा छन् र दुइटै यौटै शरीरका स्वरूप हुन्, त्यस्तै एक आत्माले जड र चेतन दुवैलाई धारण गरेको छ, अतएव ती दुई यौटैका स्वरूप हुन् । जस्तो वृक्ष आफ्नो अङ्गलाई राख्छ र वृक्षस्वभावलाई पनि राख्छ त्यस्तै सर्वात्मा सबैलाई धारण गर्छ । जस्तो अनुभव स्वप्नको सृष्टि र क्रिया दुवैलाई धारण गर्छ त्यस्तो आत्मसत्ता सब जगत् र सब क्रियालाई धारण गर्छ । जो सर्वात्मा छ भने उसले किन धारण नगरोस् ? जस्तो एउटै समुद्रमा अनेक तरङ्ग उठ्छन् तर ती सबै समुद्रमा आश्रित छन् र उही रूप हुन् त्यस्तै सबै जीव परमात्मामा प्रकट हुन्छन्, परमात्मामा आश्रित छन् र परमात्मरूप नै हुन् । जस्तो तरङ्गले आफूलाई जल नै हुँ भनेर जान्यो भने उसको तरङ्गसंज्ञा मेटिन्छ र जलरूप नै देखिन्छ त्यस्तै जब जीव आफूलाई परमात्मादेखि अभिन्न भनी जान्दछ तब उसको जीवत्वको अभाव हुन्छ र परमात्मा नै देखिन्छ ।

अनन्त सृष्टि आत्मामा आभासरूपले उत्पन्न भएर आत्मामा नै लीन हुन्छन् र आत्मा ज्योंका त्यों रहन्छ । हे राम ! यो जगत् विराट्को शरीर हो । महाकाश उसको शिर, दश दिशा हात, पृथ्वी चरण, पाताल पैताला अन्तरिक्ष उदर र सब जीव रोमावली हुन् । सबै पदार्थ विराट्का अङ्ग हुन् । त्यो विराट् महाकाशरूप हो । जस्तो ब्रह्माजी विराट् हुन् र आकाशरूप हुन् त्यस्तो उनको जगत् पनि आकाशरूप नै हो । सब जगत् विराट्रूप हो र विराट् ब्रह्म नै हो । त्यसकारण केही बनेको छैन ।

शून्यवाद, पाञ्चरात्र, शैव र शाक्त आदि जो शास्त्र छन् ती सबको अधिष्ठान ब्रह्म नै हो, र त्यो नै सर्वात्मरूप हो । जसको जे निश्चय छ त्यस्तै नै सर्वरूप भएर सर्वात्मा फल दिनुहुन्छ । सब ब्रह्मरूप हो, केही बनेको छैन ।

(२५८) अथ ब्रह्मगीता-प्रारम्भ - परम निर्वाण वर्णन

वसिष्ठले भन्नुभो, हे राम ! आदिमा शुद्ध ब्रह्मसत्ता नै थियो उसमा जो जगदाभास फुरेको छ, त्यसलाई पनि उही स्वरूप जान । जस्तो स्वप्नमा अनुभवस्वरूपमा जो सृष्टि प्रकट हुन्छ त्यो

अनुभवरूप हो, भिन्न केही छैन त्यस्तै यो जगत् अनुभवरूप हो, भिन्न होइन । जस्तो समुद्र द्रवताले तरङ्गरूप देखिन्छ त्यस्तो चैतन्य ब्रह्म जगद्रूप भएर भासित हुन्छ । त्यसकारण जगत् उही (ब्रह्म) रूप हो । वास्तवमा सुख दु:ख केही छैन । अज्ञानले सुख-दु:ख प्रतीत हुन्छ । जस्तो एक निद्रामा दुई वृत्ति स्वप्नवृत्ति र सुषुप्तिवृत्ति देखिन्छन् त्यस्तो अज्ञानीको दुई वृत्ति सुखाकार र दु:खाकार देखिन्छन् । जस्तो स्वप्नबाट जागेर उठेका मानिसको स्वप्नसृष्टि असद्रूप देखिन्छ त्यस्तो ज्ञानवान् यो सृष्टिलाई असत्य देखनुहुन्छ । जसले मरुस्थलको नदीमा जलको अत्यन्ताभाव जानेको छ ऊ जलपान गर्ने इच्छा गर्दैन त्यस्तो सम्यग्दर्शी पुरुष जगत्लाई असत्य जान्दछ र पदार्थको इच्छा गर्दैन । असम्यग्दर्शी पुरुष जगत्लाई सत्य ठानेर पदार्थको ग्रहण र त्यागमा लागिरहन्छ ।

हे राम ! समुद्र र तरङ्गमा भेद नभए झैं आत्मा र जगत्मा भेद छैन । जो तिमी अविद्या नै जगत्को कारण हो भनौला, तब भन्छु कि अविद्या जगत्को कारण तब हुनसक्छ जब जगत् भन्दा पहिले अविद्या सिद्ध हुन्छ, तर अविद्या त अविद्यमान हो । जस्तो परमात्मामा जगत् आभासमात्र हो, त्यस्तै अविद्या पनि आभासमात्र हो । जो आफैंमा आभासमात्र छ त्यसलाई कसरी जगत्को कारण भन्ने ? जगत्को आभास र अविद्याको आभास एकैचोटि निस्केको छ । जस्तो स्वप्नमा सृष्टि देखिन्छ र उसमा घट-पटादि पदार्थ पनि देखिन्छन्, ती पदार्थ कुम्भकारले मृत्तिका ल्याएर बनाएका होइनन्, जसरी घट उत्पन्न भयो त्यसरी नै मृत्तिका र कुम्भकार पनि उत्पन्न भए । जसरी यी सब एकसाथ भासित हुन्छन् त्यसरी नै जगत् र अविद्या एकै चोटि उत्पन्न भएका छन् । अविद्या पहिले सिद्ध नभएको हुनाले त्यसलाई जगत्को कारण मान्न सकिंदैन ।

हे राम ! परमात्माबाट जगत् र अविद्या आभासरूपले एकै साथ उत्पन्न हुन्छन्, तर त्यो आभास कुनै वस्तु होइन । ब्रह्मसत्ता नै आफू आफैंमा स्थित छ । निर्विकल्पमा जगत्को अत्यन्ताभाव हुन्छ, तर निर्विकल्प के हो त्यो बुझ्नुपर्छ । निर्विकल्प हुँदा जडता आउँछ र विकल्प उठे संसार आउँछ । चित्त नफुर्नु पनि निर्विकल्प होइन किनकि त्यहाँ पनि जडात्मक अभाववृत्ति सुषुप्त झैं रहन्छ । त्यसकारण सम्यक् बोधको नाम निर्विकल्प हो । जसको निर्विकल्पताबाट सम्यक् बोधको उदय भएर जगत्को अत्यन्ताभाव भएको छ त्यो जीवन्मुक्त हो । त्यसलाई निर्विकल्प पद भन्छन्, त्यो परमजडता हो जहाँ जगत् हुनु असंभव छ ।

हे राम ! मुक्ति तब हुन्छ जब दृश्यको अत्यन्ताभाव हुन्छ । जुन आत्मानुभवमा चिदाकाशदेखि भिन्न कुनै कुराको उत्थान हुँदैन त्यसको नाम अत्यन्तसुषुप्ति अर्थात् निर्विकल्पता हो । हे राम ! तिमी पनि यस्तो भएर चेष्टा गर, तब तिमीमा कर्तृत्व र भोक्तृत्वको अभिमान हुनेछैन । आत्मालाई अद्वैत र जगत्को अत्यन्ताभाव जान्नुको नाम बोध हो । जब बोध र ध्यानको दृढता हुन्छ त्यसको नम परमपद हो, त्यसैलाई निर्वाण र मोक्ष पनि भन्छन् । जुन पद किञ्चन र अकिञ्चन पनि हो र जो सदा आफैंमा स्थित छ उसमा न नानात्व छ, न अनाना भन्ने शब्द छ, न सविकल्प छ, न निर्विकल्प छ । त्यो न सत्य हो, न असत्य हो, न एक हो, न दुई हो, जसमा कुनै शब्दद्वारा वाणीको प्रवृत्ति हुँदैन, त्यही सत्तालाई प्राप्त गर्ने उपाय मैले बताएको हुँ ।

हे राम ! यो मोक्षोपाय ग्रन्थ जो मैले तिमीलाई बताएको छु, यसको राम्ररी विचार गर्नू । जो मानिस अर्धप्रबुद्ध छ र पदपदार्थको ज्ञाता छ त्यो यदि मोक्षको इच्छा गर्छ भने यस ग्रन्थको विचार गर्छ, शुभ आचारद्वारा बुद्धिलाई निर्मल तुल्याउँछ र अशुभ कर्मको त्याग गर्छ तब उसलाई शीघ्र नै आत्मपद प्राप्त हुन्छ । हे राम ! मोक्षोपायशास्त्रको विचारबाट जो आत्मपद प्राप्त हुन्छ त्यो स्नान, दान, तप र तीर्थाटनबाट प्राप्त हुँदैन । तप र दानादिबाट स्वर्ग प्राप्त हुन्छ, मोक्ष मिल्दैन । मोक्षपद ता अध्यात्मशास्त्रको अर्थको अभ्यासबाट मात्र प्राप्त हुन्छ ।

यो जगत् आभासमात्र हो । उही ब्रह्मसत्ता जगद्‌रूप भएर भासित हुन्छ । जस्तो जल नै तरङ्गरूप भएर देखिन्छ, वायु स्पन्दरूप हुन्छ त्यस्तै ब्रह्म जगद्‌रूप भएर प्रतीत हुन्छ । जस्तो स्पन्द र निस्पन्दमा वायु जस्ताको त्यस्तो रहन्छ तर स्पन्द भए त्वगिन्द्रियद्वारा प्रत्यक्ष हुन्छ र निस्पन्द भए भासित हुँदैन त्यस्तो ब्रह्ममा जब सम्वेदन फुर्छ तब जगत् भएर भासित हुन्छ र जब निर्वेदन अर्थात् संवेदनरहित हुन्छ र अन्तर्मुख भएर अधिष्ठान तिर आउँछ तब जगत् समेटिन्छ, परन्तु संवेदन फुरे पनि, नफुरे पनि उही ब्रह्मसत्ता नै हो ।

हे राम ! सब ब्रह्मसत्ता नै हो । ब्रह्मदेखि भिन्न केही बनेको छैन । जो भासित हुन्छ त्यो भ्रममात्र हो भनी जान्नू । जब आत्मपदको अभ्यास हुन्छ तब भ्रान्ति मेटिन्छ । तिमी निश्चय गरेर आफ्नो स्वभावतिर हेर तब भ्रम मेटिनेछ । सृष्टि, स्थिति र प्रलय सब उसैका संज्ञा हुन्, दोस्रो वस्तु केही छैन ।

(२५९) ब्रह्मगीता प्रसंगमा परमार्थवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! यी जति पनि आकार देखिन्छन् ती सब संवेदनरूप हुन्, केही बनेका छैनन् । सृष्टिको आदिमा पनि अद्वैतसत्ता नै थियो, अन्तमा पनि उही रहन्छ र मध्यमा जो आकार देखिन्छन् तिनलाई पनि उहीरूप जान । जस्तो स्वप्नको सृष्टिको आदिमा जो शुद्ध संवित् छ र उसमा जो आकार प्रकट हुन्छ त्यो पनि अनुभवरूप नै हो, केही बनेको छैन त्यस्तै आत्मसत्ता नै पिण्डाकार भएर भासित हुन्छ र जति पनि पदार्थ देखिन्छन् ती आभासमात्र हुन् । आत्मसत्ता सदा शुद्ध छ, परन्तु अज्ञानले अशुद्ध जस्तो लाग्छ, अनाना छ, तर नाना जस्तो देखिन्छ, विकाररहित छ, तर विकारसहित जस्तो लाग्छ र आकाररहित छ, तर आकारसहित प्रतीत हुन्छ । जस्तो स्वप्नको सृष्टि आफ्नो अनुभवरूप हुन्छ, परन्तु स्वरूपको प्रमादले नानाप्रकार भिन्न भिन्न भासित हुन्छ र जागेपछि एक आत्मरूप हुन्छ त्यस्तै यो सृष्टि पनि अज्ञानले नानाप्रकार भएर भासित हुन्छ र ज्ञानले एकरूप भासित हुन्छ । यो जगत् भएजस्तो देखिन्छ तापनि त्यसलाई असत्य भनी जान । आत्मसत्ता सदा शुद्धरूप, शान्त र अनन्त छ, उसमा देश, काल र पदार्थ आभासमात्र हुन् ।

आभासमात्र भए कसरी अर्थाकार भयो भनी शङ्का गरौला, त्यसको उत्तर यो हो कि जस्तो स्वप्नमा कुनै नारीले अङ्कमाल गर्छिन्, उनका साथ प्रत्यक्ष राग र विषयरस पनि हुन्छ तर त्यो हो आभासमात्र, त्यस्तै जाग्रत्मा पाइने विषय, भोक, तिर्खा लागेमा पाइने अन्न-जल प्रत्यक्ष जस्तो लागे तापनि सब आभासमात्र हो । जो कारण नभईकन देखिन्छ त्यसलाई आभासमात्र भनी जान । यो जगत् बुद्धिपूर्वक बनेको होइन । आदिमा जो आभास उठ्यो त्यो बुद्धिपूर्वक बनेको थिएन, पछि जब

संकल्पको दृढता भयो तब कारणबाट कार्य भासित हुनलाग्यो । जसको स्वरूपमा प्रमाद भयो उसले कारणबाट कार्य भएको देखन थाल्यो, तर जो आत्मस्वभावमा स्थित छ उसको लागि सब जगत् आत्मस्वरूप नै हुन्छ । कारणबाट कार्य तब हुन्छ जब पदार्थ सत्य होस् । जस्तो पिता भन्ने संज्ञा तब हुन्छ जब पुत्र हुन्छ, पुत्र नै छैन भने उसलाई पिता कसरी भन्ने, त्यस्तै कारण तब भन्नुपर्छ जब कार्य हुन्छ । कार्य जगत् नै केही छैन भने कारण कसरी भन्ने ? कारण-कार्यभाव अज्ञानीको निश्चयमा हुन्छ । जस्तो जाँते पिड०मा घुमदा पृथिवी घुमेको जस्तो लाग्छ त्यस्तो अज्ञानी मोहदृष्टिले कारण-कार्यभाव देख्छ, तर ज्ञानी देख्तैन ।

हे राम ! स्मृति पनि जगत्को कारण हुन सक्तैन । स्मृति जगत्को कारण हुनलाई जगत् भन्दा पहिले स्मृति हुन पर्‍यो, तर स्मृति र अनुभव जगत्मा नै उत्पन्न भएका हुन् र आभासमात्र हुन् । स्मृति, संस्कार र अनुभव यी तीनोटा नै आभासमात्र हुन् । जस्तो सूर्यको किरणमा जल भासित हुन्छ त्यस्तै आत्मामा यी तीन भासित हुन्छन् । त्यसकारण यस कलनालाई त्यागेर जगत्लाई आभासमात्र जान । जस्तो स्वप्नमा घट, मृत्तिका र कुम्भकार एकैचोटि देखिन्छन् त्यस्तै स्मृति, संस्कार, अनुभव र जगत् एकैचोटि प्रकट भएका छन्, यिनमा कसलाई कारण भन्ने, कसलाई कार्य भन्ने ? त्यसकारण सब जगत् आभासमात्र हो ।

जस्तो यौटै अनुभवस्वरूपमा स्वप्न र सुषुप्तिको कल्पना हुन्छ । स्वप्नमा जगत् भासित हुन्छ र सुषुप्तिमा भासित हुँदैन तर दुवै अवस्थामा अनुभवस्वरूप आत्मा एकै छ त्यस्तै संवित् फुरेमा जगत् भासित हुन्छ र नफुरेमा जगत् भासित हुँदैन, अच्युतरूप हुन्छ । फुर्नु र नफुर्नु दुवै अवस्थामा आत्मा एकरूप रहन्छ । त्यसकारण जो कुछ जगत् देखिन्छ त्यो आत्मादेखि भिन्न होइन, उहीरूप हो । उत्पत्ति, स्थिति र प्रलय यी तीन आत्माका आभास हुन्, तिनमा आस्था नगर्नू ।

हे राम ! मैले यो परम सिद्धान्तको उपदेश तिमीलाई बताएको छु । यसमा जसरी युक्तिहरू बताइएका छन् त्यसरी कसैले पनि बताउन सक्नेछैन । आधा दिन यस शास्त्रको विचार गरेर बाँकी आधादिन आफ्नो शुद्ध आचारमा व्यतीत गर्नू । त्यति नसके एक प्रहर भए पनि पढदै विचार गर्दै रहनू, विस्तारै विस्तारै भ्रान्ति निवृत्त भएर आत्मपद प्राप्त हुनेछ । जसले यी मेरा वचनको अवहेलना गर्ला त्यसलाई आत्मपद प्राप्त हुनेछैन । पहिले अरू शास्त्र पढेर पछि यसको विचार गर्नू तब यस शास्त्रको महिमा अवगत हुनेछ । सबै ग्रन्थको आशय संभन नसके थोरै थोरै पढदै विचार गर्दै जानू, अनि सबै समभमा आउनेछ ।

जो पुरुष आत्मविचारले रहित छ उसको जीवन व्यर्थ हुन्छ । मनुष्यको एक श्वास पनि आत्मविचारले रहित भएर बितेको छ भने त्यसलाई व्यर्थ खेर गएको सम्भनु पर्छ । सम्पूर्ण पृथिवीको धन भन्दा एक श्वासको मूल्य अधिक छ । जसले व्यर्थ श्वास गुमाएको छ त्यसलाई पशु जान । विजुलीको चमक भैं आयु नष्ट भएर जान्छ, यस्तो क्षणभङ्गुर शरीर पाएर जो संसारका सुखको तृष्णा गर्छ त्यो महामूर्ख हो ।

हे राम ! यो सम्पूर्ण जगत् आभासमात्र हो । साँचो जस्तो लागे तापनि यसलाई असत्य जान । जस्तै स्वप्नको सृष्टिमा कोही मरेको छ, उसका बान्धव रोइरहेका छन् र यसको प्रत्यक्ष अनुभव हुन्छ, तर भएको केही होइन, सब भ्रान्तिमात्र हो त्यस्तै यो जगत्‌लाई भ्रममात्र जान ।

(२६०) ब्रह्माण्डोपाख्यान

रामले प्रश्न गरे, हे भगवन् ! जगत् अनेक र असंख्य भए र हुनेछन् पनि, ती जगत्‌का कथाहरूबाट उपदेश गरेर मलाई किन जगाउनु भएन ? वसिष्ठले भन्नुभयो, हे राम ! यी जगत्-जालका समूहमा जति पनि पदार्थ छन् ती सब शब्द र अर्थले रहित छन्, त्यसकारण ती पदार्थ भएका नै होइनन् । त्यसकारण तिनको बारेमा चर्चा गर्नुको कुनै प्रयोजन छैन । जब तिमी विदितवेद्य र त्रिकालदर्शी हुनेछौ तब ती जगत्‌का बारेमा आफै नै जान्नेछौ । एक सृष्टिलाई जानेपछि सबै सृष्टि यस्तै हुन् भनी जान्नू । जस्तो धानको रासमा एक मुठी धान लिएर हेरे पछि सबै दाना यस्तै हुन् भनी जानिन्छ त्यस्तै एक सृष्टिको यथार्थ स्वरूप जानेपछि सबै सृष्टि जानिन्छन् । यो जगत् कुनै कारणबाट उत्पन्न भएको होइन । जुन अधिष्ठानमा कारणविना जो पदार्थ भासित हुन्छ त्यसलाई त्यहीरूप जान । सृष्टिको आदिमा ब्रह्मसत्ता थियो, अन्तमा पनि त्यही रहन्छ र मध्यमा जो कुछ देखिन्छ त्यसलाई पनि उहीरूप जान्नू । स्वप्नको आदिमा आफ्नो निर्मल अनुभवसत्ता नै हुन्छ, स्वप्न निवृत्त भएपछि पनि उही रहन्छ र स्वप्नको बीचमा जो पदार्थ भासित हुन्छ त्यसलाई पनि उही (अनुभवसत्ता) नै जान । जब तिमी विदितवेद्य हुन्छौ तब सब जगत् आफनै रूप भासित हुनेछ ।

हे राम ! एक-एक अणुमा अनेक सृष्टि छन् । ती सब आकाशरूप हुन्, बनेका होइनन् । यस विषयमा एक आख्यान सुन । एक समय मैले ब्रह्माजीलाई एकान्तमा पाएर प्रश्न गरें कि हे भगवन् ! यी सृष्टि कति छन् र केमा छन् ? पितामहबाट आज्ञा भयो, हे मुनीश्वर ! सब जगत्‌को शब्द र अर्थ ब्रह्मरूप हो, ब्रह्मदेखि भिन्न केही छैन । अज्ञानी नाना जगत् देख्छ । ज्ञानीको लागि सब जगत् आत्मरूप भासित हुन्छ । यो जगत् कसरी बन्यो, त्यो पनि सुन । ब्रह्मरूपी आकाशको सूक्ष्म अणुमा "अहमस्मि" (म हुँ) यस्तो स्फुरण भयो, तब त्यस अणुले आफूलाई जीव जान्यो । जस्तो स्वप्नमा आफूलाई जीव भनी जान्दछ, तर त्यो आफू हो सर्वात्मा, त्यस्तै चित्-अणु सर्वात्मा भईकन पनि अहङ्कारलाई अङ्गीकार गरेर आफूलाई जीव भनेर जान्न लाग्यो । त्यसमा जो निश्चय भयो त्यो बुद्धि भयो । वायुमा स्पन्दन भए झैं उसमा संकल्प-विकल्परूपी स्फुरण भयो त्यसको नाम मन हुन गयो । अनि मनसित मिलेर चित्-अणुले देह चितायो र आफूमा देह र इन्द्रिय भासित हुन लागे । उसले आफ्नो साथमा शरीर देख्यो र त्यसलाई मेरो शरीर भन्न लाग्यो । जस्तो स्वप्नमा स्थूल शरीर देखिन्छ त्यस्तो आफ्नो साथमा स्थूल शरीर देख्यो । स्वप्नमा सूक्ष्म अनुभवबाट ठूला ठूला पर्वत देखिए झैं त्यो सूक्ष्म अणुबाट स्थूल विराट् शरीर भासित हुन लाग्यो । फेरि देश, कालको कल्पना गऱ्यो तब नानाप्रकार स्थावर-जङ्गम प्राणी र विराट् ब्रह्मांण्ड भासित हुन लाग्यो । जस्तो स्वप्नमा देखिने देश, काल र पदार्थ केही पनि होइनन् त्यस्तै जाग्रत्‌मा जो देश, काल र पदार्थ भासित हुन्छन् ती केही पनि भएका होइनन् । जब चित्-संवित् बहिर्मुख हुन्छ तब

नानाप्रकारको जगत् देखिन्छ र जब अन्तर्मुख हुन्छ तब अवाच्यपद भइहाल्छ । चल्नु र नचल्नुमा जस्तो वायु एकरूप हुन्छ त्यस्तो स्फुरण र अस्फुरणमा संवित् एक तथा अभिन्न हुन्छ ।

हे राम ! यो सब जगत् आकाशरूप हो र आकाशरूप आत्मा आफैमा स्थित छ र अणु-अणुमा सर्वदा सृष्टि छ, तर त्यो सब हो आभासमात्र । जो चेत्य जगत्सित संबन्ध बाँधेर जीव-सृष्टिको अन्त लिन खोज्दछ, त अन्त पाउन सक्तैन, किनकि सृष्टि अनन्त छ । यो सृष्टि अविद्यारूप हो । त्यो अविद्या नै चेत्य (जगत्) हो । यो चेत्यसित संबन्ध राखेर यसको अन्त पाउन सकिंदैन । संसरणको नाम संसार हो । जब स्वरूपमा स्थित हुन्छ तब सब जगत् ब्रह्मरूप हुन्छ र कल्पना भासित हुँदैन ।

यो जगत् अकारण हो, अधिष्ठानसत्ताको अज्ञानले भासित हुन्छ, यसैको नाम अविद्या हो । अधिष्ठानलाई जान्नुको नाम हो विद्या । वास्तवमा न कुनै अविद्या छ र न जगत् नै छ । केवल ब्रह्म आफू आफैमा स्थित छ । जगत् भन्नु र ब्रह्म भन्नु यौटै वस्तुको नाम हो ।

(२६१) ब्रह्मगीता प्रसंगमा सत्यवर्णन

रामले सोधे, हे भगवन् ! यो जगत् स्वप्ननगर झैं अकारण हो भन्ने कुरा थाहा भयो, तर यहाँ भने सबै पदार्थ किन कारणबाट नै उत्पन्न भएका देखिन्छन् ? वसिष्ठले भन्नुभयो हे राम ! ब्रह्मसत्ता सर्वात्मक भएको हुनाले उसमा जस्तो निश्चय हुन्छ त्यस्तै भएर देखिन्छ, तर के देखिन्छ ? आफ्नो अनुभव नै त्यस्तो भएर देखिन्छ । जस्तो स्वप्नमा आफ्नो अनुभव नै नानाप्रकार पदार्थ भएर देखिन्छ, परन्तु उत्पन्न भएको केही छैन, सब पदार्थ आकाशरूप हो, त्यस्तै यो जगत् कुनै उत्पन्न भएको छैन, कारणरहित आकाशरूप हो । आदिसृष्टिअकारण नै थियो, पछि आभासरूप मनले जस्तो निश्चय गऱ्यो त्यस्तै देखिन्छ, किनकि मन सर्वशक्तिरूप हो । जस्तो स्वप्नको सृष्टि पहिले कारण विना नै हुन्छ त्यस्तो आदिमा सृष्टि अकारण नै थियो, पछि आएर कार्य-कारणभाव देखिन्छ, तर वास्तवमा न कुनै आकाश छ, न शून्य छ, न अशून्य छ, न सत्य छ, न असत्य छ, न सत्य र असत्यको मध्य छ, न नित्य छ, न अनित्य छ, न परम छ, न अपरम छ, न शुद्ध छ, न अशुद्ध छ । द्वैत केही छैन, सब भ्रम हो । ज्ञानवान्लाई शब्द र अर्थ सब ब्रह्मरूप भासित हुन्छ । मेरो त कुनै कार्य-कारणभावको कल्पना छैन । जब सबै आत्मा हो तब कसलाई कारण र कसलाई कार्य भन्ने ?

रामले शङ्का गर्दै भने, हे भगवन् ! कुम्भकारद्वारा मृत्तिकाबाट घट उत्पन्न भएको देखिन्छ, तब भन्नुहोस् कि कसरी ज्ञानीको अकारण र अज्ञानीको सकारण भासित हुन्छ । वसिष्ठले भन्नुभयो, हे राम ! न कुनै कारण छ, न कुनै कार्य छ, न कोही अज्ञानी छ । ज्ञानवान्को निश्यचमा जगत्को कुनै कल्पना फुर्दैन, किनकि उनको निश्चयमा जगत् छँदैछैन, तब ज्ञानी र अज्ञानीको कुरा के बताउने ? ज्ञानी, अज्ञानी, कारण, कार्य यस्ता शब्द जगत्मा हुन्छन्, तर जगत् नै उत्पन्न भएको छैन भने तिमीलाई ज्ञानी, अज्ञानी, कारण, कार्यको बारेमा के बताऊँ ? मेरो

लागि त ब्रह्म सिवाय केही भासित हुँदैन । त्यसैले मेरो कुनै भन्नु छैन । तिमीले सोधेको हुनाले अज्ञानीको निश्चयलाई लिएर केही बताउँछु ।

जसको स्वरूपमा प्रमाद भएको छ यस्ता अज्ञानीको कारण-कार्यरूप सृष्टि भासित हुन्छ । वास्तवमा एक अनुभवस्वरूप आत्मसत्ता नै सत्यरूपले रहेको छ, उसमा जस्तो संकल्प दृढ हुन्छ त्यस्तो सिद्ध हुन्छ । जसको तीव्र संवेग हुन्छ त्यो नै देखिन्छ । कल्पवृक्षमा संकल्पको तीव्रताले चिताएको पदार्थ प्रत्यक्ष हुन्छ, त्यसलाई केको कार्य भन्ने ? यदि जगत् कुनै कारणबाट उत्पन्न भएको भए महाप्रलयमा केही शेष रहनु पर्थ्यो, तर केही पनि शेष रहँदैन । यसबाट बुझ्नुपर्छ कि यो जगत् आभासमात्र हो । संकल्पको दृढताले पिण्डाकार भासित हुन्छ ।

हे राम ! जब मानिस मर्छ तब शरीर यहीं भस्मीभूत हुन्छ, फेरि जीव परलोकमा आफ्नो साथमा शरीर देख्छ र त्यस शरीरबाट स्वर्ग-नरकमा सुख-दु:ख भोग्छ, तब त्यस शरीरको त कुनै कारण पाइदैन । केवल चेतनतामा जो संकल्परूप वासना दृढ हुन्छ त्यही अनुसार शरीर भासित हुन्छ र स्वर्ग-नरकमा सुख-दु:ख भासित हुन्छ । आत्मादेखि भिन्न कुनै वस्तु नै छैन । सब पदार्थ संकल्पले रचेका हुन् । ती सब आत्मरूप हुन् । जस्तो आकाश, व्योम, शून्य एकै वस्तुको नाम हो त्यस्तै जगत् भन्नु, ब्रह्म भन्नु एकै हो । फुर्नुको नाम जगत् हो र अफुरको नाम ब्रह्म हो । जस्तो चल्नु र नचल्नुमा वायुको भेद छैन त्यस्तो संवेदन फुर्नु र नफुर्नुमा ब्रह्मवस्तुमा कुनै भेद छैन । सम्यग्दर्शीको लागि सब जगत् ब्रह्मरूप नै देखिन्छ ।

हे राम ! यी सब पदार्थ अजातजात हुन् अर्थात् उत्पन्न भएका होइनन् । जस्तो स्वप्नका पदार्थ उत्पन्न भएका होइनन्, आफ्नो अनुभव नै त्यसप्रकार देखिन्छ त्यस्तै यी जगत्का पदार्थ पनि अनुभवरूप हुन् भनी जान । वेदान्तशास्त्रको सिद्धान्त यही हो कि वासनाले रहित हुनु, यसैको नाम मोक्ष हो । वासनासहित हुनुको नाम बन्धन हो । जब सृष्टि नै अकारण र भ्रममात्र हो तब केको वासना लिने । यी विषय स्वप्नका पर्वतसमान मिथ्या हुन्, यिनमा आस्था नबढाऊ ।

(२६२) ब्रह्मगीता-पुनः ऐन्दवोपाख्यान

श्रीरामले प्रश्न गर्दै भने, हे भगवन् ! जगत्मा तीनथरी पदार्थ हुन्छन् (१) अप्रत्यक्ष (२) प्रत्यक्ष र (३) प्रत्यक्ष र अप्रत्यक्षको मध्यभावी । (१) अप्रत्यक्ष त्यो हो जो निराकार छ र कसैसित मिल्दैन जस्तो संवित् (ज्ञान) । संवित् संवेदनरूपले चन्द्रमण्डलमा पुग्छ र फेरि फर्केर आउँछ, साकार भएको भए त्यहीं बस्थ्यो, फर्केर आउँदैनथ्यो जस्तो पानीको थोपा पानीमा राखेपछि फेरि फर्केर आउँदैन । त्यसकारण अप्रत्यक्ष पदार्थ निराकार छ । (२) प्रत्यक्ष पदार्थ घटपटादि भए । (३) वायु रूपरहित भएको हुनाले अप्रत्यक्ष छ र त्वगिन्द्रियद्वारा ग्राह्य हुनाले प्रत्यक्ष पनि छ, त्यसैले यो वायु मध्यभावी भयो ।

संवित् - ज्ञान अथवा वृत्ति नै सारालाई चलाउँछ, चेष्टा गराउँछ भनौं भने कसैले 'पर्वत नाचोस्' भन्ने चाहना गऱ्यो तर पर्वत चल्दैन, किनभने वृत्ति निराकार छ पदार्थ (पर्वत) साकार छ । यसको उत्तर बताउनुहोस् ।

वसिष्ठले भन्नुभो हे राम ! यस शरीरमा यौटा नाडी छ, त्यो अवकाशरूप हुँदा प्राणवायु बाहिर निक्लन्छ र संकोचरूप हुँदा प्राणवायु भित्रजान्छ जस्तो लोहकारको खलाँती हुन्छ, यसको भित्र पुरुषको बल छ, त्यसबाट चेष्टा हुन्छ ।

रामले फेरि सोधनी गरे, हे भगवन् ! खलाँती पनि त जब चल्छ तब बलको स्पर्श हुन्छ, स्पर्श तब हुन्छ जब वस्तु प्रत्यक्ष हुन्छ, किन्तु चेतनता निराकार छ उसको स्पर्श कसरी हुन्छ भन्नुहोस् । यदि इच्छाबाट स्पर्श हुन्छ भनौं भने, कसैले इच्छा गऱ्यो कि यो अगाडिको रूख ढलोस्, तर रूख ढल्दैन किनकि इच्छा निराकार छ, त्यसको साकार पदार्थसित स्पर्श हुँदैन । फेरि एक आत्मामा जडचेतनात्मक भेद कसरी भयो, यो पनि बताउनुहोस् ।

वसिष्ठले उत्तर दिंदै भन्नुभो, हे राम ! जसलाई तिमी प्रत्यक्ष साकार भन्छौ, तिनमा कुनै आकार छैन, सब निराकार हुन् । शुद्ध आत्मा अद्वैतसत्ता नै यसप्रकार (साकार भएर) भासित हुन्छ -यी आकार कुनै बनेका होइनन् । जस्तो स्वप्ननगरमा आकार देखिन्छन् तर सब आकाशरूप हुन् र निराकार हुन् त्यस्तै यी आकार जसलाई तिमी देख्छौ ती सब हुन् निराकार । स्वप्नका पर्वत, देह कसको आश्रयममा छन् भन्नु ? त्यसकारण ती केही पनि बनेका छैनन् । अनुभवसत्ता नै आकाररूप भएर देखिन्छ, तर हो निराकार । सारा सृष्टि अकारण हुन् र आभासमात्र हुन् । त्यसैले साकार र निराकारको बारेमा के भनिरहूँ ? पृथ्वी, जल आदि कुनै द्वैत पदार्थ छँदै छैनन्, शुद्ध आत्मसत्ता नै यसप्रकार देखिन्छ । जस्तो संकल्पले रचेका पदार्थ अनुभवरूप हुन्छन् त्यस्तै यी सब पदार्थ अनुभवरूप हुन्, अनुभवदेखि भिन्न केही छैन । यस विषयमा एक आख्यान बताउँछु, मन लगाएर सुन ।

हे राम ! पहिले पनि तिमीलाई बताइसकेको छु र प्रसंगवश अहिले पनि फेरि बताउँछु । एकसमय एक सृष्टिमा इन्दु नाम गरेका ब्रह्मा समान एक ब्राह्मण थिए । उनका दशजना पुत्र थिए । कालक्रमले ब्राह्मण र उनकी पतिव्रता पत्नी दुवैको स्वर्गवास भयो । पिता-माता दुबैको काजक्रिया सकेर दशजना छोरा पर्वतका कन्दरामा बसेर तप गर्न लागे । पहिले त मण्डलेश्वर, चक्रवर्ती राजा र इन्द्रको पद प्राप्त गर्ने उनीहरूको इच्छा थियो । पछि जेठो दाईले भने कि सबभन्दा ठूलो ब्रह्माजीको पद हो जसले यो सृष्टि रचेको छ । त्यसकारण हामी दशै जना ब्रह्मा बन्ने संकल्पमा दृढ भएर रहौं । दाजूको सल्लाह अनुसार त्यही संकल्पमा दृढ भएर ध्यान गर्न लागे । हुँदा हुँदा दिन, मास, वर्ष, युग बिते । दशैजनाले दृढता छोडेनन् । कालक्रमले शरीर यहीं छुट्यो, उनीहरूको संवित्मा ब्रह्मा बन्ने वासना थियो, त्यही वासना अनुसार दशै जना ब्रह्मा बनेर दशोटा सृष्टि रचना गरे । जस्तो हाम्रो सृष्टि छ त्यस्तै उनीहरूका पनि सृष्टि भए ।

हे राम ! ती सृष्टि के हुन् त भने, आत्मा नै वस्तुरूप हो, त्यो बाहेक अरू केही बनेको छैन । आफ्नो. अनुभव नै सृष्टिरूप भएर भासित हुन्छ । जस्तो हामी ब्रह्माको संकल्पमा रचिएका छौं, त्यस्तै उनीहरूले पनि रचना गरेका छन् । अधिष्ठान ब्रह्ममा स्थित भएर संकल्पद्वारा जगत् रचिएको हुनाले यो सम्पूर्ण जगत् हो ब्रह्मरूप । कुनै कारणबाट बनेको भए जगत् केही न केही रहन्थ्यो होला । खोजी गर्दा यसको कारण केही पाइदैन । त्यसकारण जगत् संकल्पमात्र र

आभासमात्र हो । सब ब्रह्म हो, अरू वस्तु केही छैन । पाषाण, वृक्ष, जड चेतन जो कुछ पदार्थ देखिन्छन् ती सब ब्रह्मस्वरूप हुन् । वृक्ष, पृथ्वी, आकाश, पर्वत आदि सब चिदाकाशरूप हुन् । चिदाकाशदेखि भिन्न केही छैन । जस्तो इन्दु ब्राह्मणका पुत्र एकबाट अनेक भए त्यस्तै यो सृष्टि पनि एकबाट अनेक भयो र प्रलयमा अनेकबाट एक हुन्छ । जस्तो एक तिमी स्वप्नमा अनेक हुन्छौ र सुषुप्तिमा अनेकबाट एक हुन्छौ त्यस्तै यो जगत् पनि हो ।

इन्दु ब्राह्मणका पुत्रको आफ्नो अनुभवबाट नै सृष्टि प्रकट भएको हो र अनुभवमा नै सृष्टि देखिन्छ, त्यसकारण सब अनुभवरूप हो, भिन्न केही छैन । जड, चेतन, इच्छा, अनिच्छा सब चैतन्यरूप हो । मूर्ख जसलाई जड भन्छ त्यो पनि चैतन्यरूप नै हो । जसको स्वरूपमा प्रमाद भएको छ ऊ जड र चैतन्यलाई भिन्न भिन्न देख्छ तर ज्ञानवान् पुरुषको दृष्टिमा एक ब्रह्मसत्ता नै देखिन्छ ।

हे राम ! मेरो यो उपदेश बारम्बार विचार गर्न योग्य छ । जो यसको नित्य विचार गर्ला उसका दोष घटतै जानेछन् र हृदय शुद्ध हुनेछ । जो ब्रह्मविद्यालाई छोडेर जगत्तिर चित्त लगाउँछ उसका दोष बढदै जानेछन् । जस्तो जति जति दिनको उदय हुँदै जान्छ त्यति त्यति अन्धकार नष्ट हुँदै जान्छ त्यस्तो जति जति ब्रह्मविचारको उदय हुँदै जाला त्यति त्यति जीवका दुःख-कष्ट नष्ट हुँदै जानेछ । जो महापापी छ उसलाई पापले मेरो शास्त्रको अभ्यास गर्न दिँदैन । उसको लागि यो जगत् वज्रसार झैं देखिन्छ र संसार भ्रम कहिले पनि निवृत्त हुँदैन ।

हे राम ! म, तिमी आदि यो सब जगत् आकाशरूप हो । भाव, अभाव आदि सब शब्द ब्रह्मसत्ताकै नाम हुन् । ब्रह्मसत्ता निरामय, अद्वैत र सदा आफैंमा स्थित छ । जस्तो शिलामा शिल्पीले कल्पना गरेका पुतली उसको चित्तमा छन् र शिलारूप नै हुन् त्यस्तो ब्रह्ममा मनले कल्पना गरिएका जगत्का पदार्थको प्रतिभा मनमा छन्, तर सब ब्रह्मरूप नै हुन् । यो जगत् ब्रह्मको किञ्चनरूप हो, भिन्न वस्तु होइन । ब्रह्म सदा आफैंमा स्थित छ र परम मौन छ, उसमा कुनै विकल्पको प्रवेश छैन ।

(२६३) ब्रह्मगीता – सर्वब्रह्मप्रतिपादन

वसिष्ठले भन्नुभयो, हे राम ! सबै लोक चिन्मात्र हुन्, त्यसैले शान्त र अद्वैतरूप हुन् । अज्ञानी भिन्न भिन्न जगत् देख्छ र ज्ञानी सब निराकार र आकाशरूप देख्छ । आकार कुनै बनेको छैन । आत्मा शान्तरूप अनन्त र चिन्मात्र छ । इन्द्रिय, हाड, मासु, रगत, हात, गोडा, शिर आदि सम्पूर्ण शरीर पनि ज्ञानमात्र हो, ज्ञानदेखि भिन्न केही छैन, चिन्मात्र तत्त्व नै यसप्रकार भासित हुन्छ । जस्तो स्वप्नमा शरीर र पहाड, नदी आदि जो देखिन्छन् ती आफनै अनुभव हुन्, अरू केही वनेको छैन त्यस्तै यो सब जगत् अनुभवरूप हो। यो जगत् अकारण हो त्यसैले मिथ्या हो । आत्मा जगत्का प्रति समवायि कारण अथवा निमित्तकारण होइन, किनकि आत्मा अच्युत हो । जो जगत् देखिन्छ त्यो आभासमात्र हो । उही ब्रह्मसत्ताको नाम जगत् हो ।

जस्तो एकै निद्राको दुई स्वरूप हुन्छन् - स्वप्न र सुषुप्ति । फुर्नुको नाम स्वप्न हो र अफुरको नाम सुषुप्ति हो । त्यस्तै चैतन्यको पनि दुई स्वरूप छन् - स्फुरणरूप चैतन्यको नाम जगत् हो र अफुर चैतन्यको नाम ब्रह्म हो । जस्तो एक वायुको चल्नु र स्थिर हुनु पर्यार्य हो । जब चल्छ तब देखनमा आउँछ र जब स्थिर हुन्छ तब अलक्ष्य हुन्छ, शब्दको विषय हुँदैन त्यस्तो स्फुरणरहित ब्रह्मसत्तामा शब्दको प्रवृत्ति हुँदैन । जब फुर्छ तब द्रष्टा, दर्शन, दृश्यरूप त्रिपुटी भएर भासित हुन्छ, एकबाट अनेक रूप र एकरूप हुन्छ । जस्तो एउटै जल नदी, नाला, तलाउ आदि अनेक संज्ञा प्राप्त गर्छ र समुद्रमा मिलेपछि एक हुन्छ, एवम् जस्तै एकै कालका दिन, मास, वर्ष, युग, कल्प, घडी, मुहूर्त आदि धेरै नाम हुन्छन् तर काल त यौटै छ, त्यस्तै परमात्मामा अनेक नामरूपात्मक जगत् हुन्छ तर आफू (परमात्मा) एकै छ ।

हे राम ! जब तिमी स्वरूपमा जाग्छौ तब सबै आफनै अनुभवरूप भासित हुन्छ । आतमरूपी समुद्रमा जगत्रूपी जलका कण छन् । जस्तो आकाशमा नक्षत्र निक्लन्छन् त्यस्तै आत्मामा जगत् प्रकट हुन्छ । जगत् आत्मादेखि भिन्न होइन ।

(२६४) ब्रह्मगीता-गौरी-उद्यान आदि वर्णन

रामले प्रश्न गरे, हे भगवन् ! अन्धकारमा त पदार्थको यथार्थ ज्ञान हुँदैन, किन्तु सूर्यको प्रकाशमा पनि यथार्थ ज्ञान हुँदैन। तपाईको वचनरूपी सूर्यको प्रकाशबाट जब सम्यक् ज्ञान होला तबमात्र मलाई सत्य वस्तुको ज्ञान हुनेछ । हे गुरुवर ! मलाई एक पूर्व इतिहासको स्मरण भयो, त्यसमा मेरो जो संशय छ त्यसलाई दूर गरिदिनुहोस् ।

एक समय म अध्ययनशालामा विद्वान् ब्राह्मणसित अध्ययन गर्दै थिएँ । वरिपरि अरू ब्राह्मण पनि बसेका थिए । एकजना वेद पढेका, सांख्य, वेदान्त आदि शास्त्रका ज्ञाता, बहुतै सुन्दर, दुर्वासासमान तेजस्वी ब्राह्मण सभामा आएर परस्पर नमस्कार गरेर आसनमा बसे । त्यहाँ सांख्य, योग र वेदान्तको चर्चा भइरहेको थियो । सबै चूप रहे । मैले सोधें कि हे ब्राह्मण ! टाढाबाट आउनु भएको जस्तो देखिनुहुन्छ कुन परमार्थसिद्धिको लागि यत्रो कष्ट उठाएर यहाँ पाल्नुभएको हो ? उनले भने, म विदेहनगरको ब्राह्मण हुँ । मेरो जन्म त्यहीं भएको हो । कुन्दपुष्प जस्तो दाँत देखेर माता-पिताले मेरो नाम कुन्ददन्त राखे । म त्यही विदेह जनकको नगरबाट आएको हुँ । त्यहाँ म विद्याध्ययन गर्दै थिएँ, अकस्मात् मेरो मन उद्विग्न भयो कि यो संसार महाक्रूर बन्धन हो, यसबाट कसरी छुट्कारा पाऊँ ।

हे राम ! मनमा यस्तो वैराग्य आएकोले त्यहाँबाट निस्केर पवित्र स्थानहरूको भ्रमण गरें । साधु, सन्त, ऋषि, मुनिहरूको स्थान, ठाकुरद्वार र तीर्थहरूको दर्शन गरें । हिंडदा हिंडदै एक पर्वतमा पुगें र त्यहाँ केही काल तपस्यामा बित्यो । त्यहाँबाट पनि एकान्त स्थान खोजदै जाँदा एक विशाल गहन वनमा पुगें । त्यहाँ यौटा सुन्दर पात भएको वृक्ष देखियो । त्यहाँ माथि खुट्टा र तलतिर शिर गरेर कठोर तपस्या गर्न लागेको एक युवक देखियो । उसको गोडा डोरीले बाँधिएको थियो । परबाट हेर्दा मृतक होला भन्ने ठानेको थिएँ । नजीकमा गएर हेर्दा श्वास चलिरहेको थियो । अनि तपस्वी रहेछन् भन्ने थाहा भयो । खुट्टाको बन्धन शिथिल तुल्याएर उनीसित सोधें, हे

साधु ! केको लागि यो कठिन क्रूर तपस्या गर्नु भएको, बताउनुहोस्, मबाट पनि यथायोग्य सहायता हुनेछ । आँखा खोलेर तपस्वीले भने, हे साधु ! एक कामना पूर्ण गर्नको लागि तपस्या गरेको हुँ । मेरो कामना सुन्नु भयो भने तपाईं हाँसनु हुनेछ । हँसी गर्दिन, बताउनुहोस् - मैले भनें । बारम्बार अनुरोध गरेपछि तिनले भने हे साधु ! म ब्राह्मण हुँ । मेरो जन्म मथुरामा भएको हो । बाल्य अवस्था त्यहीं बित्यो । यौवन अवस्थामा वेद र अन्य धेरै शास्त्रको अध्ययन भयो । पढदा पढदै यस्तो वासनाको उदय भयो कि सब भन्दा महान् सुख राजाको हुन्छ, म सप्त द्वीपको राजा होऊँ । तप विना यो कामना पूर्ण हुँदैन, यस्तो जानेर यो कठोर तपस्यामा लागेको बाह्र वर्ष भयो, अझ पनि वर प्राप्त नभएसम्म तपस्यामा नै रहने विचार छ । मेरो वृत्तान्त तपाईंलाई बताएँ । अब जहाँ जाने इच्छा छ त्यहाँ जानुहोस् । यति भनेर ती ब्राह्मण आँखा चिमलेर फेरि समाधि लगाउन तत्पर भए । अनि मैले भनें, हे तपस्वी ! जहाँसम्म तपाईंलाई इच्छित वर प्राप्त हुँदैन त्यहाँसम्म म पनि यहीं रहेर तपाईंको सेवा टहल गर्नेछु किनकि तपाईंका उपर मेरो दया जाग्यो ।

छ महिनासम्म उनको सेवा गरें, घाम, पानी र हुरी-बतासबाट उनको शरीरलाई बचाएँ । छ महिना पछि सूर्यमण्डलबाट एक तेजस्वी पुरुष आएर उनको अगाडि खडा भए, मैले पनि नमस्कार गरें । ती पुरुषले भने, हे तपस्वी ! तपस्या छोड र इच्छालागेको वर माग, तिम्रो इच्छा मैले जानिसकेको छु । तिमी सप्तद्वीपको राजा भएर सातहजार वर्षसम्म राज्य गर्नेछौ, तर यो जन्ममा होइन अर्को जन्ममा । यति भनेर ती पुरुष सूर्यमण्डलमा अन्तर्धान भए । अनि मैले भनें, हे तपस्वी ! तपाईंलाई वरदान मिलिहाल्यो, अब किन कष्ट उठाउनुहुन्छ ? सूर्यमण्डलबाट आएका तेजस्वी पुरुषले "तिमी सातद्वीपको राजा भएर सात हजार वर्ष पर्यन्त राज्य गर्ने छौं, तर यो जन्ममा होइन, अर्को जन्ममा" भनी वर दिएर अन्तर्धान भए । त्यसपछि उनले आँखा खोले । मैले उनको चरणको बन्धन फुकालि दिएँ । समाधिबाट जागेपछि उनी बडा तेजिला देखिन लागे ।

नजीकमा एउटा पानी नभएको तलाउ थियो, उनको पुण्यको प्रतापले त्यो तलाउ जलपूर्ण भयो, त्यसैमा हामी स्नान र जप गर्थ्यौं । फेरि हामी दुवैजना एक वृक्षको मुनि आयौं । पहिले फलरहित त्यो वृक्ष उनको पुण्यवासनाले फलले पूर्ण भयो । त्यही फल खाएर तीन दिन त्यहाँ बस्यौं । त्यसपछि वन, जङ्गल र सात्त्विक , राजस र तामस स्थानहरू हेर्दै मथुरा जाने मार्ग तिर लाग्यौं । उनी सोझो बाटो छोडेर बाङ्गो बाटो लागे, किन बाङ्गो बाटो लागेको भनी सोधंदा उनले भने, हे साधु ! यस मार्गमा भगवती गौरीको स्थान भेटिन्छ, त्यहाँ दर्शन गरेर जाउँला । अर्को कुरा, मेरा सात भाई त्यहाँ गौरीको स्थानमा मेरै जस्तो कामना लिएर तपस्या गर्थे, तिनको पनि हाल खबर बुझौं ।

अगाडि बढदै जाँदा एक महाशून्य वन भेटियो साथीले भने कि यहाँ म छ महिना सम्म बसेको थिएँ । यहीं मेरा सात भाई यही कामना लिएर गौरीको तप गर्थे । यहाँ गौरीको पवित्र स्थान छ जसको दर्शनले सम्पूर्ण पाप नष्ट हुन्छन् । अगाडि बढदै जाँदा घामले तातेको मरुभूमिमा पुगियो ।

त्यहाँ साथी ढले । एक क्षणपछि उठे र दुवैजना अगाडि बढदै गयौ । अलि पर एक विशाल कदम्बवृक्ष देखियो । त्यसको फेदमा एकजना ध्यानमग्न तपस्वी देखिए ।

हे मुनीश्वर ! जागनोस् जागनोस् भनेर धेरै पटक कराएपछि आँखा खोलेर ती तपस्वीले भने, तपाईंहरू को को हुनुहुन्छ ? यसपछि फेरि भने, बडो आश्चर्य छ कि यहाँ गौरीको स्थान थियो, कहाँ गयो ? वृक्ष, तलाउ, कमल र ऋषि-मुनिका स्थान थिए ती कहाँ गए ? यो कस्तो आश्चर्य भयो, त्यो तपाईं बताउनुहोस् । हामीले भन्यौ कि त्यो कुरा तपाईं नै जान्नुहुन्छ । त्यसकारण तपाईं नै भन्नुहोस् । एक मुहूर्त ध्यानमग्न भए, अनि आँखा खोलेर भने, हे साधु ! एक समय शिवकी अर्धाङ्गिनी, वागीश्वरी भवानी यहाँ आउनु भयो र बस्ने रमणीय स्थानको रचना गर्नु भयो । कल्पवृक्ष, तमालवृक्ष, कदम्बवृक्ष इत्यादि वृक्ष लगाइए । पोखरी, तलाउ र बगैंचा तयार भए, भ्रमर, मयूर, कोइली र सुगा आदिको रमणीय शब्द सुनिन्थ्यो वर-पर ऋषि-मुनिका कुटी थिए । नजीकै गाउँ पनि थियो । यहाँ आठजना ब्राह्मण तपस्या गर्न आएका थिए । तिनीहरू ६ महिनासम्म यहीं रहे ।

(२६५) कदम्बब्राह्मणकथावर्णन

कदम्ब मुनिले भने, हे साधु ! अब मेरो वृत्तान्त सुन्नुहोस् । म मालव देशको राजा थिएं । चिरकाल पर्यन्त राज्य-सुख भोगेपछि यस्तो विचार उत्पन्न भयो कि यो संसार स्वप्नमात्र हो, यसलाई साँचो ठान्नु मूर्खता हो । यति लामो आयु वित्दा पनि मबाट कुनै पुण्य कर्म भएन । विषयभोग त आपातरमणीय र नाशवान् हो, यसलाई चिरकालपर्यन्त भोगेर पनि मलाई शान्ति भएन, झन तृष्णा बढदै गयो । अब यस्तो उपाय गर्नुपर्‍यो जसबाट शान्ति मिलोस् र कहिले पनि दुःख नहोस् । जब यस्तो विचार आयो तब वैराग्य धारण गरेर राज्यलक्ष्मीलाई त्यागिदिएँ र ऋषिमुनिहरूको स्थान हेर्दै यस कदम्बवृक्षको मुनि आइपुगें । यहाँ आठभाई आएका थिए । तिनमा एकजना यही पर्वतमा तप गर्न लागे । दोस्रो स्वामिकार्तिकको पर्वतमा, तेस्रो काशीमा र चौथो हिमालय पर्वतमा तप गर्न गए । बाँकी चार भाई यहीं तप गर्न लागे । ती सबैको कामना यो थियो कि हामी पृथ्वीमा सप्तद्वीपको राजा होऊँ । हे साधु ! यिनलाई त सूर्यनारायणले वर दिए । बाँकी सात जना वागीश्वरी भवानीलाई इष्टदेवी मानेर तप गर्न लागे । केही कालपछि प्रसन्न भएर भवानीले वर माग भन्नु भयो । सातै जनाले हामी सप्तद्वीपको राजा होऊँ, भनी वर मागे । तथास्तु भनी वर दिएर भगवती भवानी अन्तर्धान भइन् । उनीहरूले यो पनि वर मागेका थिए कि यहाँका निवासीहरूको स्थान पनि हाम्रो नजीकमा रहोस् । यो वरदान पाएपछि तिनीहरू आफना घरतिर गए । वागीश्वरी भवानी यहाँ दश वर्षसम्म रहेर त्यसपछि आफ्नो मर्यादा-स्थापनको लागि यहाँबाट अन्तर्धान भइन् र यहाँका निवासी पनि सबै गए । त्यसपछि यो स्थान शून्य भयो । यो एउटा कदम्बवृक्ष रह्यो, यसलाई वागीश्वरीले आफैंले लगाएको हुनाले यसको नाश भएन । यही वृक्षको मुनि म ध्यान गरेर रहेको छु । ती आठ भाईमा सातजना पहिले नै घरमा गइसके, यी एकजना यहाँ छन्, यिनको पछि घर जानु छ । ब्रह्मपुरीमा अष्टवसु जम्मा भए झैं त्यहाँ आठैजना भाई एकत्रित हुनेछन् ।

हे साधु ! जब ती आठ भैया तप गर्न घरबाट निस्के तव उनका पत्नीहरूले पनि विचार गरे कि हाम्रा भर्ता तपस्या गर्न गए, अब हामी पनि तपस्या गर्न जाऔं । यस्तो निश्चय गरीकन उनीहरू पनि पवित्र स्थानमा बसेर भगवती पार्वतीलाई इष्टदेवी मानेर तपस्या गर्न शुरु गरे । एक एक सय चन्द्रायण व्रत गरे, शरीर सुकेर कृश भयो । तव वागीश्वरी पार्वती आएर वर माग भनिन् । तिनीहरूले भने, हे वागीश्वरी हाम्रा पतिहरू अमर होउन् र तपाईंको र शिवको झैं हाम्रो पनि पतिका साथ कहिले पनि वियोग नहोस् । वागीश्वरीले भनिन् । हे सुभद्रे ! शरीरले अमर कोही पनि हुँदैन । सृष्टिको नीति नै यस्तै छ । जति पनि जगत् देखिन्छ त्यो सब नाशवान् छ । कुनै पनि पदार्थ स्थिर छैन । त्यसकारण अर्को वर माग । ब्राह्मणीहरूले भने, हाम्रो पतिको मरण भएपछि उनको जीव हाम्रै घरमा रहोस्, उनको संवित् (आत्मा) बाहिर नजाओस् । देवीले भनिन् - तथास्तु, अर्को कुरा, जब तिम्रा पतिहरूको लोकान्तर भासित होला, त्यसबेला पनि तिमीहरू साथमा रहने छौ । यति भनेर देवी अन्तर्धान भइन् । कुन्ददन्तले भने, हे राम ! यो सुनेर मलाई आश्चर्य लाग्यो । अनि मैले भनें, हे मुनीश्वर ! तपाईले यो आश्चर्यकारी कथा सुनाउनु भयो कि आठ भाइले एउटै वर पाए । एक पृथिवीमा आठ भाईलाई सात द्वीपको राज्य कसरी प्राप्त होला ? त्यसपछि कदम्बतपाले भने, यसमा के आश्चर्य छ, अर्को आश्चर्य सुन ।

जब यी आठ भाई तपस्या गर्न घरवाट निक्लेका थिए तब उनका माता-पिताले पनि विचार गरे कि छोराहरू तपस्या गर्न गए भने हामी पनि तपस्या गर्न जाऊँ, यति भनेर बुहारीहरूलाई पनि साथमा लिएर माता-पिता घरबाट निस्के, तीर्थस्थानको भ्रमण गरेर ठाकुरजीको दर्शन गरे । अनि एकान्त स्थानमा देवीको आराधना गरेर तपस्या गरे, चान्द्रायण व्रत गरे । भगवतीबाट वरदान पाएर घरतिर आउनलाग्दा बाटोको छेउमा जटाधारी दुर्वासा ऋषि बसेका थिए । उनलाई वास्तै नगरी हिंडेकाले ती ब्राह्मणलाई दुर्वासाले भने हे ब्राह्मण ! तिमी कस्ता दुष्ट स्वभावका रहेछौ । यहाँ बसेको मलाई नमस्कारसम्म पनि नगरीकन हिंड्यौ । त्यसकारण तिमीलाई शाप दिन्छु कि तिमीहरूलाई जो वर प्राप्त भएको छ त्यो सफल हुनेछैन र विपरीत फल दिने हुनेछ । तव ब्राह्मणसहित सबैले भने, हे ऋषीश्वर ! हजूरले यो कस्तो कुरा भन्नु भएको ? क्षमा गर्नुहोस्, - यति भन्दा भन्दै ऋषि अन्तर्धान भए र ब्राह्मण घरमा आएर चिन्ताग्रस्त भए ।

हे ब्राह्मण ! हेर, आत्मबोध नभएसम्म अनेक दुःख उत्पन्न भइरहन्छन्, कैयौं प्रकारका आश्चर्य भासित हुन्छन् र सन्देह निवृत्त हुँदैन । जब आत्मबोध हुन्छ तब कुनै आश्चर्य भासित हुँदैन । चिदाकाशमा देखिने सम्पूर्ण रचना मायामात्र हो ।

(२६६) ब्रह्मगीता-ब्राह्मण-भविष्यवर्णन

कुन्ददन्तले भने, हे भगवन् ! तपाईले भन्नुभयो कि ती आठ भाई पृथ्वीमा सप्त द्वीपको राजा हुनेछन् । सप्त द्वीप त एकमात्र छ, त्यसमा राज्य गर्नेवाला आठजना छन्, त्यो कसरी संभव होला ? फेरि उनीहरूले वर सफल हुनेछैन भन्ने शाप पनि पाए, त्यो एकत्र कसरी होला ? जस्तो धूप र छायाँ, दिन र रात एकत्र हुनु कठिन छ त्यस्तो वर र शाप एकत्र हुनु पनि त्यत्तिकै कठिन छ - यो दुई संशयको निराकरण गरिपाऊँ ।

कदम्बतपाले भने, हे साधु ! यिनको जो भविष्य छ त्यो म बताउँछु । ती आठै भाई केही काल गृहस्थीमा रहनेछन् । त्यसपछि तिनीहरूको शरीर छुटनेछ र कुटुम्बहरूले शरीर जलाईदिने छन् । यिनको पुर्यष्टक अनुभवसित मिलेको हुन्छ, त्यसकारण एक मुहूर्तसम्म यिनीहरूको जडी भूत सुषुप्ति हुनेछ । त्यसपछि चेतनता जागेर आउनेछ । तब शंख, चक्र, गदा, पद्मसहित चतुर्भुज विष्णुको रूप धारण गरेर वर आउनेछ र त्रिनेत्र, त्रिशूलधारी, भृकुटी चढाएका क्रोधित सदाशिवको रूप धारण गरेर शाप आउनेछ ।

वरले भन्नेछ कि हे शाप ! तिमी किन आएको ? अहिले मेरो समय छ । जस्तो एक ऋतुको समयमा अर्को ऋतु आउँदैन, त्यस्तै तिमी न आऊ । अनि शापले भन्नेछ, हे वर ! तिमी किन आएको, अहिले त मेरो समय छ । जस्तो एक ऋतु भएको बेलामा अर्को ऋतुको आगमन हुँदैन, त्यस्तो अहिले तिमी आउनु ठीक होइन । तब वरले भन्नेछ, हे शाप ! तिम्रो कर्ता ऋषि मनुष्य हुन् मेरो कर्ता देवता । देवता ठूला भएकाले मनुष्यका पूजनीय हुन्छन् । त्यसकारण तिमी जाऊ । वरले यति भनेपछि त्रिशूल हातमा लिएर शाप लडन तयार भए । त्यो देखेर वरले भने, हे शाप ! यदि हामी दुईजना लडाईं गर्दै गयौं भने पनि आखिरमा न्यायकर्ताको समीपमा जानै पर्छ भने अहिले नै न्यायकर्ताको समीपमा जानु बेस होला । यो कुरा शापलाई पनि मनपऱ्यो । दुवैजना न्याय माग्न ब्रह्मपुरीमा ब्रह्माजीको समीपमा पुगे । ब्रह्माजीलाई प्रणाम गरेर दुवैजनाले आफ्नो आफ्नो वृतान्त बताएर भने, हे पितामह ! ती ब्राह्मणको शरीररूपी घरमा वरले प्रवेश गर्ने हो कि शापले प्रवेश गर्ने, यथार्थ न्याय पाऊँ । तब ब्रह्माजीले भन्नुहुनेछ, हे साधु ! उनीहरूको भित्र जसको अभ्यास दृढ छ उसैले प्रवेश गरोस् । तब दुवैजना तिनीको भित्र प्रवेश गरेर वरको स्थानमा शापले र शापको स्थानमा वरले केको अभ्यास दृढ रहेछ भनी खोजी गरे । त्यसपछि शाप आएर ब्रह्माजीलाई भन्नेछ, हे स्वामी ! मेरो हार भयो र वरको विजय भयो, किनकि उनको भित्र वर नै स्थित छ । जसको अभ्यास हृदयमा स्थित छ उसैको जय हुन्छ । उनको भित्र वज्रसार झैं वर स्थित छ । हे स्वामी ! हाम्रो कुनै आधिभौतिक शरीर छैन, हामी त संकल्परूप हौं । जुन संकल्पको दृढता हुन्छ उसैको उदय हुन्छ । वरदाता देवता ज्ञानमात्र हुन्, वर लिनेवाला पनि ज्ञानमात्र हो । वर लिनेवाला ठान्दछ कि यी हाम्रा स्वामी हुन् । त्यस संकल्पले वरदाता जान्दछन् कि मैले वर दिएको छु र ग्रहण गर्नेवाला जान्दछ कि मैले वर पाएको छु । हे ईश्वर ! उसको वररूप संकल्प उसको निश्चयमा दृढ हुन्छ । जुन संकल्पको संवित्का साथ एकता हुन्छ त्यही प्रकट हुन्छ । वरको झैं शापको पनि त्यही नियम हो । परन्तु न कुनै वर छ, न शाप छ, दुवै संकल्परूप हुन् । अनुभवरूप आकाशमा जस्तो संकल्प दृढ हुन्छ त्यस्तै भासित हुन्छ । वर दिनेवाला पनि अनुभवसत्ता हो र लिनेवाला पनि आत्मसत्ता नै हो । उही एकसत्ता वररूप र शापरूप हुन्छ । जुन संकल्पको दृढता हुन्छ उसैको अनुभव हुन्छ ।

हे स्वामी ! तपाईंबाट सुनेको कुरा हामी भन्छौं कि जीवको कुनै बाहिरको कर्म फलदायक हुँदैन, जो भित्र सार (दृढ) हुन्छ त्यही फलदायक हुन्छ । यिनको भित्र वरको संकल्प दृढ छ, हाम्रो (शापको) संकल्प दृढ छैन । हजूरलाई नमस्कार छ - अब म जान्छु ।

हे कुन्ददन्त ! यसप्रकार शाप आधिभौतिक शरीर त्यागेर अन्तवाहक शरीरले अन्तर्धान हुनेछन् । अनि ब्रह्माजीले भन्नुहुनेछ, हे वर ! अब तिमी शीघ्र नै ती ब्राह्मणहरूको समीपमा जाऊ र उनीहरूलाई सप्तद्वीपको राज्य भोगाऊ र उनका स्त्रीहरूले पाएको वरदान अनुसार उनको पुर्यष्टक अन्त:पुरमा नै रहोस् । यसपछि वरले प्रश्न गर्नेछन् कि हे भगवन् ! मलाई के आज्ञा छ ? मैले त उनलाई त्यही मन्दिरमा राखनु छ, उनलाई सप्तद्वीपको राज्य पनि भोगाउनु छ र दिग्विजय गराउनु छ, यो कसरी संभव होला ? अनि ब्रह्माजीले भन्नुहुनेछ, उनलाई सप्तद्वीपको राज्य गराउनुको तिमीसित कुनै विरोध हुँदैन । तिमीले त्यही मन्दिरमा उनको पुर्यष्टकलाई राखनु छ र त्यहीं राज्य भोगाउनु छ । त्यसकारण तिम्रो जो स्वभाव हो त्यही गर्नू ।

कुन्ददन्तले सोधे, हे भगवन् ! यसबाट त झन संशय उत्पन्न भयो कि त्यही मन्दिरमा रहेर आठ भाईले सप्तद्वीप पर्यन्त पृथ्वीको राज्य कसरी गर्लान् ? यत्रो विशाल पृथिवी त्यस मन्दिरमा कसरी अटाउला ? जस्तो कमलपुष्पको कोपिलामा हात्तीको बथान बसेको छ भन्दा जस्तो आश्चर्य हुन्छ त्यस्तै यो पनि आश्चर्यको कुरा भयो ।

ब्राह्मणले भने, हे साधु ! ब्रह्मरूप आकाशको आणुको पनि जो सूक्ष्म अणु छ त्यसमा जो स्वप्न खडा भएको छ त्यो हाम्रो जगत् हो । यदि स्वप्नमा यो सृष्टि अटाइरहेकै छ भने त्यस मन्दिरमा उनको सप्तद्वीपको राज्य भोग गर्नुमा के आश्चर्य छ ?

हे साधु ! यो सब जगत् स्वप्नमात्र हो र अहं त्वं आदि सब जगत् स्वप्ननिद्रामा फुर्दछ । आत्मसत्ता सदा अद्वैत, परमशान्त र अनन्त छ । उसमा जगत् आभासमात्र हो । जस्तो स्वप्नमा आफ्नो अनुभव सूक्ष्म भन्दा पनि सूक्ष्म हुन्छ, उसमा त्रिलोकी भासित हुन्छ । यदि सूक्ष्म संवित्मा त्रिलोकी भासित हुन्छ भने मन्दिरमा सप्तद्वीपको राज्य भासित हुनुमा के आश्चर्य छ ?

जब कसैको मृत्यु हुन्छ तब एकछिन उसको पुर्यष्टक जड हुन्छ, एकछिनपछि फेरि उसैमा तीन लोक जागेर आउँछ । परमसूक्ष्ममा सृष्टि बन्छ भने मन्दिरमा त्यस्तो हुनुमा के आश्चर्य छ ? हे साधु ! यो सब जगत् जो देखिन्छ त्यो आत्मामा स्थित छ र उसैको किञ्चन यसप्रकार भासित हुन्छ । हे वर ! अब तिमी जाऊ र उनीहरूलाई राज्यको भोग गराऊ ।

हे कुन्ददन्त ! ब्रह्माजीले यसप्रकार भन्नुभएपछि वर उहाँलाई नमस्कार गरेर आधिभौतिक शरीर त्याग गरीकन अन्तवाहक शरीरले उनको हृदयमा स्थित हुनेछ । जब वर ती आठ भाईको हृदयमा स्थित भयो तब उनीहरूको मनमा तीन लोक भासित हुन लाग्यो । उनको पुर्यष्टकलाई वरले अन्त:पुरमा नै रोकेर राख्यो ।

हे कुन्ददन्त ! यसरी उनको आफनै अन्त:करणमा सृष्टि भासित भयो र उनीहरूले जाने कि हामी सात द्वीपको राजा भएका छौं । यसरी आठै जना त्यस अन्त:पुरमा सप्तद्वीपा वसुन्धराको राजा भए तर परस्पर अज्ञात रहे अर्थात् एकजनाको सृष्टि अर्कोलाई ज्ञात हुँदैनथ्यो ।

(१) पहिलाको राजधानी जम्बूद्वीपको उज्जैन नगर थियो (२) दोस्रा कुशद्वीपमा रहे (३) तेस्रा क्रौञ्चद्वीपमा रहे (४) चौथा शाकद्वीपका राजा भए । यिनले समुद्रको मार्गबाट पाताललोकमा गएर नागहरूलाई जितनेछन् र अर्को द्वीपमा गएर यिनी आफनी स्त्रीका साथ शान्तिपूर्वक

रहनेछन् । (५) पाँचौं प्रकाशयुक्त सुवर्णमय भूमिले सुशोभित शाल्मलिद्वीपको राजा हुनेछन् । त्यहाँ पर्वतको माथि रमणीय तलाउमा उनी विद्याधरका साथ क्रीडा गर्नेछन् । यिनले दिग्विजय पनि गर्नेछन् । यिनका प्रजा धर्मात्मा र मानसी पीडाले रहित हुनेछन् । (६) छैटौं गोमेदनामक द्वीपका राजा हुनेछन् र पुष्करद्वीप निवासी राजाका साथ यिनको युद्ध हुनेछ (७) सातौं पुष्कर द्वीपका राजा भएर गोमेदद्वीपका राजासित युद्ध गर्नेछन् (८) आठौं सुवर्णमय भूमिले सुशोभित लोकालोक पर्वतमा रहेर राज्य गर्नेछन् । यसप्रकार उनीहरूको भविष्य हुनेछ ।

हे साधु ! यस कथाबाट बुझ्नुपर्दछ कि हृदयमा जस्तो निश्चय हुन्छ त्यस्तै फल हुन्छ । बाहिर क्रिया गरे तापनि यदि भित्र सत्ता छैन भने त्यो फलदायक हुँदैन । जस्तो नटको चेष्टा भित्र सद्भाव नभएको हुनाले फलदायक हुँदैन । हृदयमा जस्तो निश्चय हुन्छ त्यही नै फलदायक हुन्छ । त्यसकारण भित्र परमार्थको निश्चय गर्नुपर्छ ।

(२६७) ब्रह्मगीता-सर्वब्रह्मप्रतिपादन

कुन्ददन्तले भने, हे मुनीश्वर ! मलाई संशय भएको छ कि उही अन्तःपुरमा आ-आफना द्वीपको राज्य तिनीहरूले कसरी गर्लान् ? कदम्बतपाले भने, हे साधु ! यो सब जगत्, जो तिमी देख्छौ, त्यो केही बनेको छैन, शुद्ध चिन्मात्रसत्ता आफैमा स्थित छ । उनको अन्तःपुरमा जो आफ्नो आफ्नो सृष्टि भासित हुनेछ, त्यसको के रूप होला ? सुन । उनको आफ्नो अनुभव नै सृष्टि रूप भएर भासित हुनेछ, आफैं सृष्टिरूप र आफैं राजा हुनेछन् । जो कुछ जगत् देखिन्छ त्यो पनि परब्रह्म नै हो, भिन्न केही छैन । जस्तो समुद्रमा स्वाभाविकरूपले तरङ्ग उठ्छन् ती जलरूप नै हुन् र लीन हुन्छन् तापनि जलरूप नै हुन्, न केही उत्पन्न हुन्छ, न केही नष्ट हुन्छ त्यस्तै ब्रह्ममा जगत् न उत्पन्न हुन्छ न लीन हुन्छ । परब्रह्मदेखि भिन्न केही छैन । त्यसकारण ती ब्राह्मण पनि अजरूप हुन् र स्फुरणबाट आफूलाई जगद्‌रूप देखनेछन् ।

हे साधु ! जब सुषुप्ति हुन्छ तब आफैं अद्वैत अनुभवरूप हुन्छ र फेरि उसमा स्वप्नको सृष्टि प्रकट हुन्छ, तर त्यो उही सुषुप्तिरूप हो । त्यस्तै परम सुषुप्तिरूप आत्मा हो । जहाँ सुषुप्ति पनि लीन हुन्छ र जसमा यो जगत् प्रकट हुन्छ त्यो सब उहीरूप हो । आधाराधेय भावरहित ब्रह्मसत्ता आफू आफैंमा स्थित छ ।

हे साधु ! जस्तो एकै मन्दिरमा धेरै मानिस सुत्छन्, उनको आ-आफ्नो स्वप्नको सृष्टि देखिन्छ, यसमा कुनै आश्चर्य छैन, त्यस्तै उनीहरूको आ-आफ्नो सृष्टि देखिन्छ, तब यसमा आश्चर्य के छ ? जो कुछ जगत् देखिन्छ त्यो ब्रह्ममा नै छ र ब्रह्मरूप नै आफू आफैमा स्थित छ ।

कुन्ददन्तले भने, हे भगवन् ! अद्वितीय, शान्त र शिवरूप आत्मामा नानाप्रकार जगत् कसरी र किन भासित हुन्छ ? कदम्बतपाले भने, हे साधु ! यो सब शान्त चिदाकाश हो । नानाप्रकारले जो भासित हुन्छ त्यो अरू कोही होइन, आत्मसत्ता आफू आफैमा स्थित छ । जस्तो स्वप्नसृष्टि देखिन्छ तर बनेको होइन, आफ्नो अनुभव नै सृष्टिरूप भएर देखिन्छ, त्यस्तै यो जगत् अनुभवरूप हो । सृष्टिको आदिमा जो अद्वैत आत्मसत्ता थियो, उसमा जो जगत् प्रकट भयो, त्यसलाई पनि

तिमी उहीरूप जान । जस्तो समुद्र नै तरङ्गरूप भएर देखिन्छ त्यस्तै आत्मसत्ता सृष्टिरूप भएर भासित हुन्छ । जस्तो खम्भारहित स्थानमा सुतेको मासिन स्वप्नमा धेरै खम्भाले युक्त मन्दिर देख्तछ तर त्यो त्यहाँ बनेको केही छैन, अनुभवरूप आकाश नै खम्भारूप भएर देखिन्छ, त्यस्तै यहाँ जो कुछ जगत् देखिन्छ त्यो आफ्नै अनुभवरूप हो भनी जान ।

जस्तो अग्निमा उष्णता हुन्छ त्यस्तो आत्मामा जगत् छ । जगत् भन्नु वा ब्रह्म भन्नु एकै कुरा हो । जस्तो वृक्ष र तरु एकै वस्तुको नाम हो त्यस्तो ब्रह्म र जगत् एकै वस्तुका दुई नाम हुन् । हे साधु ! जो वाणीद्वारा अकथनीय छ त्यसलाई ब्रह्म भनी जान र जो वाणी अथवा शब्दद्वारा कथनीय छ त्यसलाई पनि तिमी ब्रह्म भनी जान । ज्ञानवान् सब ब्रह्म नै देखनुहुन्छ, तर अज्ञानी नाना देख्छ । जब अध्यात्मशास्त्रको अभ्यास गरौला तब सब जगत् ब्रह्मरूप नै देखिनेछ - यसैको नाम बोध हो । जस्तो एउटै वायुको स्पन्दन र निस्पन्दन दुईरूप हुन्छन् त्यस्तै आत्मसत्ताको पनि दुईरूप छन् । जब संवेदन फुर्दैन तब आत्मा अनिर्वचनीय हुन्छ, जब अहंभाव लिएर फुर्छ तब संकल्परूपी सृष्टि बन्छ ।

पूर्वस्मृतिलाई लिएर जगत्को रचना भएको हो भन्ने कुरा पनि ठीक होइन, किनकि स्मृति र अनुभव ता जगत्मा नै उत्पन्न भएका हुन् । जब जगत्को स्फुरण थिएन तब स्मृति र अनुभव पनि थिएन । जब जगत् प्रकट भयो तब यी (स्मृति र अनुभव) पनि प्रकट भए । त्यसकारण सम्पूर्ण जगत् अपूर्व हो र भ्रमले भासित हुन्छ । जस्तो स्वप्नमा मरेको व्यक्ति कुनै कुलमा आफ्नो जन्म भएको देख्छ र त्यो कुल चिरकालदेखि चल्दै आएको छ भनी ठान्दछ, तर जब जाग्दछ तब केलाई पूर्वजन्म भन्ने र केलाई स्मृति भन्ने ? न जन्म छ, न कुल छ त्यस्तो ज्ञानवान् यो जगत्लाई आकाशरूप देखनुहुन्छ । हे ब्राह्मण ! केही बनेको छैन, आत्मसत्ता जस्ताको त्यस्तो स्थित छ । जसबाट यो सब जगत् भएको छ, जसमा यो सब छ र जो सब हो, त्यही सर्वात्मा हो, दोस्रो केही छैन, यस्तो जानेर विचरण गर, तिम्रा सारा दुःख नष्ट हुनेछन् । कर्ता, कर्म, करण आदि छ कारक पनि ब्रह्मरूप नै हुन् । यस्तो सर्वात्मा ब्रह्मलाई नमस्कार छ । यो सर्वात्मालाई जान्नु नै उसको परम पूजा हो । यस्तो पूजा तिमी पनि गर । हे साधु ! अब तिमी जाऊ, तिम्रा बान्धवहरू प्रतीक्षा गरिरहेका होलान् । म समाधिमा स्थित हुन्छु ।

(२६८) ब्रह्मगीता - कुन्ददन्तविश्रामप्राप्ति

कुन्ददन्तले भने, हे राम ! यति भनेर उनी समाधिमा स्थित भए, मन तथा इन्द्रियका क्रिया बन्द भए । उनको शरीर चित्रको मूर्ति झैं निश्चल देखियो । उनलाई जगाउन निकै कोशिश गरें, तर जागेनन् । म पनि त्यहाँबाट प्रस्थान गरेर ती ब्राह्मणको घरमा गएँ । त्यहाँ सबै भाई जम्मा भएकाले खुसियाली छाएको थियो । कालक्रमले सात भाईको शरीर छुट्यो । आठौं मेरा मित्र बाँचेका थिए । केही कालपछि उनको पनि देहान्त भयो । प्रिय मित्रको वियोगले म पनि शोकाकुल भएँ । अनि मैले विचार गरें कि फेरि कदम्बतपाकै समीपमा जानुपर्‍यो, उनबाट मेरो दुःख नष्ट हुनेछ । निदान वहाँ गएँ । ती मुनि समाधिमा नै थिए । तीन महिनापछि बल्ल समाधि खुल्यो । मैले

भनें, हे मुनीश्वर ! ती आठभाई आफ्नो आफ्नो राज्य भोगन लागे, अकेला मैले दुःख पाइरहेको छु । तपाईंको शरणमा आएको छु, मेरो दुःख नष्ट गरिदिनुहोस् । कदम्बतपाले भने, हे साधु ! मेरो उपदेशबाट तिमीलाई स्वरूपको साक्षात्कार हुँदैन, किनकि तिम्रो अभ्यास छैन । अभ्यासविना स्वरूपको साक्षात्कार हुँदैन । त्यसैले मेरो उपदेश पनि व्यर्थ हुनेछ । बरु, दुःखनाश हुने एक उपाय बताउँछु, जसबाट तिमी म जस्तै दुःखरहित भएर अनन्त आत्मामा रमाउनेछौ ।

हे साधु ! अयोध्यानगरीका राजा दशरथका घरमा रामजी पुत्र भएर रहनु भएको छ, उनलाई वसिष्ठजीले ठूलो सभाको बीचमा मोक्षको उपायको बारेमा उपदेश गर्नुहुनेछ । तिमी त्यहाँ गएर उपदेश सुन, तब तिम्रो पनि स्वरूपको प्राप्ति हुनेछ, यसमा संशय नगर । हे राम ! त्यसपछि यहाँ तपाईंको समीपमा आएको हुँ । जो तपाईंले सोधनु भएको थियो त्यो सब वृत्तान्त मैले बताएँ र जो देखे सुनेको थियो त्यो पनि बताएँ । रामले भने, हे वसिष्ठजी ! जो वृत्तान्त उनबाट मैले सुनेको थिएँ त्यो तपाईंलाई बताएँ । ती कुन्ददन्त पनि तपाईंकै समीपमा बसेका छन् । अब तिनलाई सोधनोस् कि स्वरूपको प्राप्ति भयो कि भएन ।

वाल्मीकिले भने, हे भरद्वाज ! रामले यति भनेपछि वसिष्ठले कुन्ददन्त तिर कृपादृष्टि गरेर भन्नुभयो, हे ब्राह्मण यो जो मोक्षको उपाय मैले सम्पूर्ण बताएँ, त्यो सुनेर तिमीले के जान्यौ ? कुन्ददन्तले भने, हे मुनिवर । तपाईंको वचनरूपी प्रकाशले मेरो अज्ञानरूपी अन्धकार नष्ट भएको छ । जान्नयोग्य कुरा जानेर पाउन योग्य पद पाएको छु । अब म आफ्नो स्वभावमा स्थित भएको छु र मेरो कुनै कल्पना छैन । म अनन्त आत्मा, नित्य, शुद्ध, अच्युत, परमानन्दस्वरूप हुँ । सब जगत् मेरै स्वरूप हो ।

हे भगवन् ! अन्तपुरमा यतिका सृष्टि कसरी अटाउलान् भन्ने मेरो जो संशय थियो त्यो निवृत्त भयो । एक रायोको दानामा ब्रह्माण्ड भासित हुँदो रहेछ र आत्मभावले देखिने रहेछ भन्ने कुरा अवगत भयो । जस्तो अनेक दर्पणमा आफनै मुख देखिन्छ त्यस्तो सबैतिर आफू नै भासित हुन्छ । हे भगवन् ! तपाईंका वचन मैले आदिदेखि अन्तसम्म सबै सुनें जो परम पावन र परमसार छ र आत्मबोधको कारण छ । ती वचनको विचारबाट मेरो भ्रान्ति निवृत्त भयो । अब मैले आफ्नो स्वरूपमा विश्राम लिएको छु ।

(२६९) ब्रह्मगीता समाप्ति

ब्रह्मप्रतिपादन

वाल्मीकिले भने, हे भरद्वाज ! कुन्ददन्तले यति भनेपछि वसिष्ठजीले पुनः परमपद प्राप्त गराउने वचन भन्न लाग्नु भयो, हे राम ! अब कुन्ददन्तले आत्मानुभवमा विश्राम प्राप्त गरेका छन् । यिनलाई हस्तामलकवत् आफ्नो अनुभवरूप जगत् भासित भइरहेको छ । आत्मा नै दृश्यरूप भएर देखिन्छ र आत्मा नै द्रष्टारूप हुन्छ, अर्को वस्तु केही छैन । आफ्नो अनुभव नै जगत्रूप भएर देखिन्छ । त्यो अनुभव आकाश झैं शान्त, अनन्त र अखण्ड सदा जस्ताको त्यस्तो स्थित छ । त्यो अचेत्य चिन्मात्र परमशून्य छ, जसमा शून्य पनि विलीन हुन्छ । चेत्यरूप दृश्यको स्फुरणले रहित भएकोले ब्रह्मलाई परमशून्य भनेको छ । बोलेको देखिन्छ, तर परम मौन हो । स्वप्नमा

जस्तो पर्वत देखिन्छ त्यो न सत्य हो, न असत्य हो त्यस्तो यो जगत् सत्य-असत्यदेखि विलक्षण छ, किनकि केही बनेको छैन, जो कुछ देखिन्छ त्यो आत्मा हो । जस्तो रत्नको प्रकाश(चमक) हुन्छ त्यस्तो आत्माको प्रकाश जगत् हो । जस्तो समुद्र द्रवताले तरङ्गरूप भएर देखिन्छ त्यस्तो ब्रह्म संवेदनबाट जगत्‌रूप भएर भासित हुन्छ ।

आत्मा कार्य-कारणभावले रहित छ । जसको प्रमाद छ उसको कार्य-कारणभावसहित जगत् भासित हुन्छ । जो जगत्‌लाई सत्य जानेर पाप गर्छन् तिनीहरू पहिले स्थावररूप भएर पछि फेरि जङ्गम मनुष्य हुन्छ । यसरी यो ज्ञानसंवित् चेत्यसंबन्धी भएर नाना प्रकारको रूप धारण गर्छ र प्रमादले भिन्न भिन्न भासित हुन्छ, परन्तु स्वरूपतः अरू केही हुँदैन सदा अखण्डरूप छ । प्रमाद भएसम्म जगत्‌को आदि अन्त देखिँदैन । जब प्रमादबाट जाग्छ तब सब कल्पना मेटिन्छ ।

हे राम ! सृष्टिको आदिमा परम सुषुप्तिसत्ता थियो उसमा संवेदन फुर्नाले जगत् प्रकट भयो । त्यसैले जगत् संवेदनरूप हो र संवेदन आत्मसत्तामा प्रकट भएको हुनाले आत्मरूप हो, भिन्न केही छैन । जस्तो हात, पाउ, नङ, केश आदि सबै अङ्ग शरीररूप हो त्यस्तै यो स्थावर-जङ्गम सृष्टि परमात्माको अङ्ग (हस्तपादादि) हो । त्यसोहुनाले स्थावर र जङ्गम सारा सृष्टि आत्मरूप हो, दोस्रो वस्तु केही बनेको छैन । जस्तो संकल्परचित स्वप्नको सृष्टि अनुभवरूप हो त्यस्तै यो सृष्टि पनि संकल्पबाट खडा भएको हो त्यसैले अनुभवरूप हो, अरू कुनै कारणबाट उत्पन्न भएको होइन - त्यसकारण ब्रह्मरूप नै हो । ब्रह्मको सूक्ष्म अणुमा यो सृष्टि उत्पन्न भएको छ, त्यसको रूप के हो भने ब्रह्म नै सृष्टि हो र सृष्टि नै ब्रह्म हो - ब्रह्म र जगत्‌मा कुनै भेद छैन, परन्तु अज्ञाननिद्राले भिन्न-भिन्न भासित हुन्छ ।

रामले प्रश्न गरे, हे भगवन् ! यो अज्ञाननिद्राको कति प्रमाण छ र कतिकालसम्म यो रहन्छ । सूक्ष्म अणुमा सृष्टि कसरी उत्पन्न भयो र कसरी स्थित छ ? अणुमा उसको के संज्ञा हुन्छ र के गरी अनन्त भयो ? जसबाट देवता र असुर आदि उत्पन्न भए त्यो चित्त के हो ? यसको उत्तर दिँदै वसिष्ठले भन्नुभो, हे राम ! अज्ञान-निद्रा आफ्नो कालमा अनादि र अनन्त छ अर्थात् यो अज्ञान कहिलेदेखि भएको हो र कहिले यसको अन्त हुन्छ - जान्न सकिँदैन र यसको आदि र अन्तमा कुनै प्रमाण पाइंदैन, तर बोध भएपछि यसको अत्यन्ताभाव देखिन्छ । यदि चित्‌सत्ताको बारेमा अनन्तता सोधेको हो भने त्यो ता अद्वैत चिन्मात्र आत्मसमुद्र हो । उसमा "अहमस्मि" रूपले जो संवित् फुर्छ त्यसको नाम चित्त हो । त्यही चित्तमा पछि जगत् खडा हुन्छ । शुद्ध चिन्मात्र सत्तामा संवेदनरूप चित्त फुर्छ र त्यसैमा यो जगत् स्थित छ । त्यही चित्-सत्ता देवता, असुर, स्थावर, जङ्गम भएर भासित हुन्छ । वास्तवमा चैतन्यसत्तादेखि भिन्न केही छैन । संब चिदाकाशरूप हो, स्फुरणबाट नानाप्रकारको जगत् देखिन्छ ।

हे राम, परम शुद्ध चित्-अणुसित मिलेर चित्त अनेक ब्रह्माण्ड धारण गर्छ र त्यो सूक्ष्म अणुमा अनन्त ब्रह्माण्ड फुर्दछन्, परन्तु ती चिदणुदेखि भिन्न छैनन् । जस्तो एक पुरुष सुतेको छ उसको स्वप्नमा अनेक जीव देखिन्छन् र ती जीवमा आफ्नो-आफ्नो स्वप्नको सृष्टि फुर्छ तब अनेक सृष्टि बन्छन् त्यस्तै सूक्ष्म चित्-अणुमा जीवका आफ्ना-आफना अनन्त सृष्टि फुर्छन्, परन्तु

आत्मसत्तादेखि भिन्न केही बनेको हुँदैन । जस्तो सूर्यका किरणमा अनन्त सूक्ष्म त्रसरेणु हुन्छन् त्यस्तो परमात्मरूपी सूर्यको चित्-अणु सूक्ष्म छ । त्रसरेणु भन्दा पनि सूक्ष्म चित्-अणुमा जीवका आ-आफना अनन्त सृष्टि फुर्छन् ।

हे राम ! जहाँसम्म चित्त फुर्दै रहन्छ त्यहाँसम्म सृष्टिको अन्त हुँदैन, असंख्य जगद्भ्रम देखिइरहन्छन् । जब चित्त स्फुरणरहित हुन्छ तब जगत्को कल्पना मेटिन्छ । जस्तो स्वप्नमा सृष्टि देखिन्छ र साना ठूला व्यवहार हुन्छन् तर जागेपछि सबै सृष्टि र व्यवहार मेटिन्छन् केवल अद्वैत आफूमात्र भासित हुन्छ त्यस्तै चित्त स्थिर भएपछि सबै भ्रम मेटिन्छन् । जब चित्तकासाथ संबन्ध हुन्छ तब सूक्ष्म, चित्-अणु भन्ने संज्ञा हुन्छ । यो संज्ञा आविद्यक हो । इन्द्रियको विषय नभएकोले आत्मालाई चित्-अणु भनेको । जीव सूक्ष्म अणुमा पनि व्याप्त छ । सबलाई धारण गर्ने हुनाले अनन्त भनेको छ ।

हे राम ! स्थावर-जङ्गम सब जगत् आकाशरूप हो, संवेदन फुर्नाले देखिन्छ । वास्तवमा आत्मादेखि भिन्न केही छैन । यो जगत् चित्तमा स्थित छ । जस्तो कुनै शिल्पीले स्तम्भमा पुतलीको कल्पना गर्‍यो, ती पुतलीका दुई रूप हुन्छन्, एक रूप शिल्पीको चित्तमा फुर्छ त्यो आकाशरूप हो, अर्को रूप खम्भामा कल्पित छ त्यो स्तम्भरूप हो, तर शिल्पीको चित्तमा नाचिरहन्छन्, तब त बनेको केही छैन सब स्तम्भरूप हो र शिल्पीको चित्तमा कल्पना मात्र हो त्यस्तै चित्तरूपी शिल्पीका जगत्रूपी पुतलीहरू कल्पनामात्र हुन्, तर आत्मरूप स्तम्भ जस्ताको त्यस्तो छ -आत्मादेखि भिन्न केही छैन । जस्तो पटमा लेखिएको मूर्तिको रूप पट नै हो - पटदेखि भिन्न केही छैन, त्यो पट नै मूर्तिरूप देखिन्छ, त्यस्तै यो जगत् आत्मादेखि भिन्न होइन - आत्मा नै जगत्रूप भएर भासित हुन्छ । आत्मा र जगत्मा कुनै भेद छैन । जस्तो ब्रह्म आकाशरूप हो, त्यस्तै यो जगत् आकाशरूप हो । जगत्को आधार हो ब्रह्म उसमा बसनेवाला (आधेय) हो त्यस्तै ब्रह्म आधार हो र जगत् उसमा बसनेवाला (आधेय) हो ।

रामले सोधे, हे भगवन् ! वर शापको कर्ता त कोही परिच्छिन्न देवता हुनै पर्‍यो, किनकि कारणविना कार्य हुँदैन । तब तपाईं कारण-कार्य छैन भनी कसरी भन्नु हुन्छ ? वसिष्ठले भन्नुभो, हे राम ! यो जगत् शुद्ध आत्मसत्ता चिदाकाशको किञ्चनरूप हो । जस्तो समुद्रमा तरङ्ग उठ्छन् त्यस्तो आत्मसत्तामा जगत् प्रकट हुन्छ र जस्तो तरङ्ग जलरूप हो त्यस्तो जगत् आत्मरूप हो - आत्मादेखि भिन्न केही छैन । आदिमा परमात्माबाट जस्तो प्रकारको सृष्टिको स्फुरण भयो त्यस्तै नै स्थित छ, अन्यथा हुँदैन ।

सब जगत् संकल्प हो । अनेक प्रकारका वासना संवेदनमा फुर्छन्, तर जसको स्वरूपको विस्मरण भएको छ उसको यो जगत् सत्यरूप देखिन्छ । जुनबेला विचार उत्पन्न हुन्छ त्यसै बेला अज्ञाननिद्राको अभाव हुन्छ । जब विचारपूर्वक अभ्यास गरेर मन तद्रूप हुन्छ तब यथार्थदृष्टि उत्पन्न हुन्छ र सम्पूर्ण ब्रह्माण्ड आफनै रूप भासित हुन्छ, किनकि आत्मसत्ता आफू आफैंमा स्थित छ । सबैको अधिष्ठान जो आत्मसत्ता हो त्यसमा अहंप्रतीति हुन्छ, यसकारण आफैंमा सृष्टि भासित हुन्छ । जस्तो स्पन्दन फुर्छ त्यस्तो नै उसको सिद्धि हुन्छ । पहिले निरावरणदृष्टि हुन्छ,

निरावरण-दृष्टिबाट सब संकल्प सिद्ध हुन्छन्, किनकि सब जगत् आत्मामा संकल्पले रचेको हो र उसमा यसको अहंप्रत्यय भएको छ। यो कार्य यस्तो होस् भनेर जो संकल्प उठ्छ त्यो त्यस्तै हुन्छ।

रामले प्रश्न गरे, हे भगवन्! शुभ या अशुभ कर्म नै वर र शापको कारण हुन्छ, तर तपाईं भन्नुहुन्छ कि निरावरण पुरुषको संकल्प सिद्ध हुन्छ, यो कसरी हुन्छ, भन्नुहोस्। वसिष्ठले भन्नुभो, हे राम! शुद्ध चिन्मात्र सत्ता नै चित् धातु कहिन्छ, त्यसमा जो आभास फुर्छ त्यो संवेदन कहिन्छ। जब संवेदन फुर्छ तब 'म ब्रह्मा हुँ' भनी जीवले जान्दछ। अनि ब्रह्माबाट संकल्पद्वारा पञ्चभूतात्मक जगत् बन्छ। यो वर दिन योग्य हो अथवा यो शाप दिन योग्य हो भन्ने कुरा अधिष्ठानमा फुर्छ र वर अथवा शाप प्राप्त हुन्छ र वर र शाप पनि संकल्परूप हो।

हे राम! धातु त्यो हो जो अर्थलाई धारण गर्छ। जति पदार्थ देखिन्छन् ती सब अर्थरूप हुन् र वस्तुरूप जो धातु हो त्यो आत्मसत्ता हो। उसले दुई अर्थ धारण गरेको छ - एक स्वप्नरूप अर्थ र अर्को बोधरूप अर्थ। स्वप्नरूप अर्थमा नानात्व भासित हुन्छ र बोधरूप अर्थमा एक अद्वैतसत्ता भासित हुन्छ। यसरी स्वप्न र बोधरूप दुबै अर्थ एक आत्मसत्ताले धारण गरेको छ। जस्तो तरङ्ग र बुदबुद जलरूप हो त्यस्तो जगत् ब्रह्मरूप हो। ज्ञानवान् सब ब्रह्मरूप देखनुहुन्छ र अज्ञानीको दृष्टिमा नानात्व भासित हुन्छ। त्यसकारण तिमी स्वभावमा निश्चय राखेर हेर सब ब्रह्मरूप हो - भिन्न केही छैन।

(२७०) जीवसंसार वर्णन

रामका विभिन्न प्रश्न -

(१) सबै ब्रह्म हो भने नीति नियम के हो ?
(२) नानाप्रकारका पदार्थ किन भासित हुन्छन् ?
(३) जगत् संकल्परूप हो भने असंख्य पदार्थ र तिनको संज्ञा नहुनुपर्ने,
(४) यी पदार्थहरूपमा एक एकको स्वभाव कसरी अचलरूपले स्थित छ ?
(५) सबै देवतामध्ये सूर्यको प्रकाश किन अधिक छ ?
(६) एकै सूर्यमा दिन र रात किन लामा र छोटा हुन्छन् ?

इत्यादि प्रश्नको जवाफ दिँदै वसिष्ठले भन्नुभो, हे राम! शुद्ध चिन्मात्र सत्तामा अकस्मात् जो आभास फुऱ्यो त्यस आभासको नाम नीति हो। यो सृष्टि आभासमात्र हो, कुनै कारणबाट उत्पन्न भएको होइन। जसको आश्रयमा आभास फुर्छ त्यो वस्तु अधिष्ठान हुन्छ। ब्रह्म नै सबको अधिष्ठान हो। त्यसकारण सब जगत् ब्रह्मरूप हो र चिन्मात्रसत्ता आफू आफैमा स्थित छ। त्यसको न उदय छ न अस्त छ र त्यो परिणामरहित अद्वैतरूपमा स्थित छ। उसमा जाग्रत्, स्वप्न र सुषुप्ति केही पनि छैन। तीन अवस्था आभासमात्र हुन्, यिनबाट चैतन्यसत्तामा द्वैत बन्दैन। यी तीन अवस्था आत्माका स्वभाव र प्रकाशरूप हुन्, त्यसकारण आत्मादेखि भिन्न केही छैन। जस्तो आकाश र शून्यतामा, वायु र स्पन्दनमा, अग्नि र उष्णतामा र कपूर र सुगन्धमा भेद छैन त्यस्तै जाग्रत् आदि जगत् र ब्रह्ममा भेद छैन। शुद्ध चिन्मात्रमा जो चित्त भाव खडा भयो, उसमा

चैतन्यको आभास फुर्‍यो र उसमा यो वस्तु यस प्रकारको होस् र यति कालसम्म रहोस् भनी जो संकल्प फुर्‍यो, त्यही संकल्पको निश्चयको नाम नीति हो ।

जस्तो तरङ्ग र बुदबुद समुद्रदेखि भिन्न होइन त्यस्तै नीति आत्मादेखि भिन्न होइन । जस्तो द्रवताले समुद्रमा तरङ्ग उठ्छन् त्यस्तै आत्मामा संवेदनले जुन नीति र जगत् फुर्छन् ती उहीरूप हुन् -आत्मादेखि भिन्न केही छैन । जस्तो चन्द्रमा र प्रकाशमा भेद छैन त्यस्तो आत्मा र जगत्मा भेद छैन । जस्तो एउटै कालका दिन, पक्ष, मास, वर्ष, युग, कल्प आदि संज्ञा भए पनि काल एकै हो त्यस्तै जगत्का भिन्न भिन्न नाम छन् तापनि त्यो सब ब्रह्म नै हो ।

हे राम ! जब संवेदन चित्तरूप हुन्छ तब शब्दतन्मात्रा बन्छ र त्यसबाट आकाश उपन्न हुन्छ जसको स्वभाव हो शून्यता । फेरि उसले स्पर्शतन्मात्रा चितायो तब त्यसबाट स्पन्दनस्वभाव भएको वायु उत्पन्न भयो, फेरि रूपतन्मात्रा चिताउँदा उष्ण स्वभाव अग्नि प्रकट भयो । फेरि रसतन्मात्रा चिताएर द्रवस्वभाव जल प्रकट भयो । फेरि गन्धतन्मात्रा चितायो र त्यसबाट स्थिरस्वभाव पृथ्वी प्रकट भयो । आदिमा जो शब्दतन्मात्रा उत्पन्न भयो त्यो सबै शब्दसमूहको बीज हो । पद, वाक्य, वेद, शास्त्र, पुराण सब त्यसैबाट उत्पन्न भएका छन् । सबैको बीज तन्मात्रा हो र तन्मात्राको बीज संवित्सत्ता हो ।

अब तत्त्वको खानी सुन । पृथ्वीको खानी भू-पीठ हो जो सम्पूर्ण प्राणीलाई धारण गर्छ । जलको खानी समुद्र हो जो सबै पदार्थको रसरूप भएर स्थित छ । अग्निको तेज जो प्रकाशरूप छ उसको खानी समष्टि सूर्य हो । सबै स्पन्दनको खानी समष्टि पवन हो र सम्पूर्ण शून्य पदार्थको खानी आकाश हो । यसरी यी पाँच तत्त्व संकल्पबाट उत्पन्न भएका छन् । संकल्प संवेदनबाट उत्पन्न भएको हो र संवेदन आत्माको आभास हो । आत्मा अद्वैत, अच्युत, निर्विकल्प र सर्वदा आफैमा स्थित छ । उसैको आश्रयमा संवेदनरूप आभास उत्पन्न भएको छ । फेरि संवेदनबाट संकल्प उत्पन्न भयो र संकल्पबाट जगत् बन्यो । समुद्रमा उत्पन्न भएको तरङ्ग समुद्ररूप भए झैं चैतन्यमा संकल्पबाट उत्पन्न पृथ्वी, जल, तेज, वायु र आकाश सब चैतन्यरूप हुन् । देखेका, सुनेका र नदेखेका नसुनेका सबै पदार्थ चैतन्यरूप हुन् । आत्मादेखि भिन्न केही छैन । जस्तो स्वप्नमा आफ्नो अनुभव नै पदार्थ भएर देखिन्छ, तर केही बनेको छैन, नानाप्रकार देखिन्छ तापनि नाना छैन त्यस्तै नानाप्रकारको जगत् देखिन्छ तापनि केही बनेको छैन ।

जस्तै एक निद्राको स्वप्न र सुषुप्ति दुईरूप हुन्छन्, जब स्फुरण हुन्छ तब स्वप्नको सृष्टि देखिन्छ र जब स्फुरण निवृत्त हुन्छ तब सुषुप्ति हुन्छ, जस्तो वायुको स्पन्दन र निस्पन्दन दुई रूप हुन्छन्, जब स्पन्दन हुन्छ तब भासित हुन्छ जब निस्पन्दन हुन्छ तब भासित हुँदैन त्यस्तै जब संवेदन फुर्छ तब जगत् देखिन्छ र जब फुर्दैन तब जगत् पनि देखिंदैन - यसैको नाम महाप्रलय हो, तर दुवै आत्माका आभास हुन् ।

हे राम ! संकल्परूप ब्रह्माले आत्मामा संकल्परूप जगत्को रचना गरे । त्यसमा भूगोल र नक्षत्रचक्र पनि छन् । त्यो भूगोल र नक्षत्र चक्र सूर्यको संमुख भएमा दिन र विमुख भएमा रात हुन्छ । नक्षत्रचक्रको माथि सूर्यको उदय भए दिन लामा र रात छोटा हुन्छन्,

नक्षत्र चक्रको तल सूर्यको उदय भए दिन छोटा र रात लामा हुन्छन् । लामा छोटा जे भए पनि दिन र रातको प्रमाण साठी घडी हुन्छ । आषाढको द्वादशी देखि पौषको त्रयोदशीसम्म छ महिना दक्षिणायन हुन्छ र दिनको घटने क्रम हुन्छ । पौष त्रयोदशी देखि आषाढ द्वादशीसम्म छ महिना उत्तरायण हुन्छ र यसमा दिन बढने र रात घटने क्रम हुन्छ । जब त्यस चक्रको मध्यमा सूर्यको उदय हुन्छ तब दिन र रात समान हुन्छन् । तर यो सब संवेदनरूप ब्रह्माको संकल्पको विलास हो । जस्तो शिल्पी शिलामा पुतलीको कल्पना गर्छ र चेष्टा पनि हुन्छ, तर शिला आफ्नो घनस्वभावमा नै स्थित हुन्छ त्यस्तै चित्तरूपी शिल्पी आत्मारूपी शिलामा जगत्रूपी पुतलीको कल्पना गर्छ, परन्तु बनेको केही छैन । ब्रह्मसत्ता सदा आफैमा स्थित छ ।

संवेदन फुरेपछि जब उसलाई देखने इच्छा हुन्छ तब चक्षुरिन्द्रिय बनेर रूप ग्रहण गर्छ । गन्धको इच्छाले घ्राणेन्द्रिय बनेर गन्ध ग्रहण गर्छ । शब्द सुन्ने इच्छाले श्रवणेन्द्रिय बन्छ र शब्द ग्रहण गर्छ । जब रसको इच्छा हुन्छ तब रसनेन्द्रिय प्रकट भएर स्वाद ग्रहण गर्छ । जब उही संवेदन चिताउँछ तब आफ्नो साथमा वायुलाई देख्छ र वायुमा प्राण फुरेको देख्छ । जहाँ इन्द्रियबाट तत् तत् विषयको ग्रहण हुन्छ त्यो देश कहिन्छ । इन्द्रियहरू जुन जुन विषयको ग्रहण गर्छन् ती पदार्थ कहिन्छन् र जुन समयमा ग्रहण हुन्छ त्यो काल कहिन्छ । यसप्रकार देश, काल र पदार्थ भएका छन् । फेरि क्रमले शुभ अशुभ कर्म भासित हुन लागे । यसरी संवेदनबाट जगत्को रचना भएको छ र जीव शरीरमा बसेर इष्ट अनिष्टको ग्रहण गर्छ ।

हे राम ! तिमी भनौला कि इन्द्रिय आ-आफना भिन्न भिन्न विषयको ग्रहण गर्छन्, त्यसमा इन्द्रियको इष्ट-अनिष्ट जीवलाई कसरी प्राप्त हुन्छ, यसको उत्तर सुन । जस्तो तिमी एक् छौ र मालाको दाना धेरै छन्, तर सबैको आश्रय सूत्र हो, त्यस्तै अहंकाररूपी सूत्रमा सब इन्द्रियरूपी दाना उनिएका छन् । त्यसकारण अहंकाररूप जीव इन्द्रियको सुखले सुखी र दुःखले दुःखी हुन्छ । इन्द्रिय आफैं कार्य गर्न असमर्थ छन्, अहंकार (जीव) को सत्ताले चेष्टा गर्छन्, जस्तो शङ्ख आफैं शब्द गर्दैन, मानिसले बजाएपछि मात्र शब्द गर्छ त्यस्तो इन्द्रियको चेष्टा अहंकार (जीव) बाट हुन्छ । वास्तवमा न इन्द्रिय छन्, न यिनका विषय छन्, न मनको स्फुरण छ । सब आभासमात्र हो । जब संवेदन फुर्छ तब अहंकार, जीव, इन्द्रिय, विषय, मन आदि संज्ञा हुन्छन् र जब संवेदनको निर्वाण हुन्छ तब सबै कल्पना मेटिन्छन् ।

(२७१) सर्वब्रह्मरूप प्रतिपादन

वसिष्ठले भन्नुभो, हे राम ! सम्पूर्ण कल्पनाको क्रम तिमीलाई बताएँ । जति पनि जगत् देखिन्छ त्यो सब संवेदनरूप हो । चित्त, अहम्, अस्मि इत्यादि संवेदनका नाम हुन् - त्यसलाई कोही ब्रह्मा, कोही विष्णु, कोही प्रजापति र कोही शिव भन्छन् । संवेदनले संकल्पले विश्व रचेको छ । यो विश्व अकारण हो । काकतालीय न्यायले अकस्मात् आभास उत्पन्न भयो र साकार देखिन्छ, तर अन्तवाहक हो, व्यवहारसहित देखिन्छ तापनि अव्यवहार हो । अन्तवाहकरूप संवेदनले जो विश्व रच्यो त्यो पनि अन्तवाहकरूप हो, परन्तु अज्ञानीको संकल्पको दृढताले आधि भौतिकरूप

देखिन्छ । जस्तो संकल्पनगर र स्वप्नको नगर संकल्पदेखि भिन्न छैन, किन्तु संकल्पको दृढताले साकार पर्वत, नदी, घट, पट आदि पदार्थ प्रत्यक्ष देखिन्छन्, तर बनेको केही छैन, शून्यरूप हो, त्यस्तै यो जगत् शून्यरूप निराकार हो । आदि अन्तवाहकरूप संवेदन नै बहिर्मुख फुर्नाले देश, काल, पदार्थ भएर स्थित भएको छ । जब बहिर्मुख फुर्नु बन्द हुन्छ तब जगदाभास पनि मेटिन्छ । जस्तो जागेपछि स्वप्नको जगत् मेटिन्छ र अद्वैत आफू भासित हुन्छ त्यस्तै अज्ञान निवृत्त भएपछि यो जगत् लीन हुन्छ । सब जगत् निराकार हो, तर संकल्पको दृढताले आकार देखिन्छ ।

हे राम ! वेदनमा जो संकल्प फुर्छ त्यही नै अन्तःकरण चतुष्टय भएर भासित हुन्छ । पदार्थको चिन्तन भए यसको नाम चित्त हुन्छ, संकल्प-विकल्प हुँदा यसको नाम मन हो, यथार्थ निश्चयको नाम बुद्धि हो र यी तीनका साथ पाँच विषयसंबन्धी पाँचप्रकार वासना मिलेपछि यसको नाम पुर्यष्टक कहिन्छ । तर सब संकल्पमात्र हो र संकल्पबाट उत्पन्न जगत् पनि संकल्परूप नै हो । आत्मामा संकल्पद्वारा उत्पन्न जगत् आत्मरूप नै हो । देश, काल, नदी, पर्वत, पृथ्वी, देवता, दैत्य, मनुष्य - ब्रह्मादेखि कीटपर्यन्त स्थावर-जङ्गमात्मक जो जगत् देखिन्छ त्यो सब ब्रह्मरूप हो । वेद, शास्त्र, जगत्, कर्म, स्वर्ग, तीर्थ इत्यादि जुन पदार्थ छन् ती पनि सब ब्रह्मरूप नै हुन् । निराकार, अद्वैत ब्रह्मसत्ता संवेदनले जगत्‌रूप भासित हुन्छ । जस्तो स्वप्नमा आफनै अनुभव सृष्टिरूप भासित हुन्छ त्यस्तो आफनै अनुभव यो जगत् भएर भासित हुन्छ । जस्तो समुद्र द्रवताले तरङ्ग भएर भासित हुन्छ तर सबै जल नै जल हो त्यस्तो शुद्ध चिन्मात्रमा संवेदनले जो जगत्-आभास फुर्छ त्यो ब्रह्म नै ब्रह्म हो, भिन्न केही छैन । हे राम ! जो कुछ देखिन्छ त्यो सब आफैंमा स्थित अच्युत र अनन्तरूप हो ।

(२७२) राम र वसिष्ठको प्रश्नोत्तररूपमा

विद्यावाद-बोधोपदेश

वसिष्ठले भन्नुभो, हे राम ! जब द्रष्टा दृश्यलाई चिताउँछ तब विश्व बन्छ । त्यो विश्व अन्तवाहकरूप हो । निराकार संकल्पलाई अन्तवाहक भन्छन् । जब दृश्यमा अहंभावले चेतनता रहन्छ तब अन्तवाहकबाट आधि भौतिक शरीर बन्न जान्छ । आदिमा ब्रह्मा नामको जो संवेदन फुर्‍यो त्यो अन्तवाहक शरीर भयो । जब उनले बारम्बार आफ्नो शरीर देखे तब उनी आधि भौतिक चतुर्मुख ब्रह्मा बने । उनले ओङ्कारको उच्चारण गरेर वेदादि शास्त्र रचे र संकल्पद्वारा विश्वको रचना गरे । त्यसपछि अन्तवाहक जीव उत्पन्न भए । जब जीवको शरीरमा दृढ अभ्यास भयो तब अन्तवाहकबाट आधि भौतिक बन्यो ।

प्रश्नकर्ता राम र उत्तरदाता वसिष्ठ

प्रश्नः- निराकार ब्रह्मसत्ताको शरीरका साथ संयोग कसरी भयो र त्यसबाट कसरी आधि-भौतिकता बन्यो ?

उत्तर:- न कुनै शरीर छ, न कसैको शरीरका साथ संयोग भएको छ । केवल आत्मसत्ता आफैमा स्थित छ । उसमा चेतनता (संवेदन) उठ्यो । उसले दृश्य चितायो र आफू नै जगद्रूप भएर स्थित भयो ।

संकल्पको दृढताले शरीर आकार देखिन्छ तापनि त्यो सब हो आकाशरूप नै, केही बनेको छैन । स्वरूपको विस्मरणले आकार भासित हुन्छ, शरीर र जगत् देखिन्छ तर त्यो हो केवल आभासमात्र, स्वरूपको विचार भए त्यो शान्त भइहाल्छ ।

अविद्या पनि कुनै वस्तु होइन, जस्तो स्वप्नका पदार्थ अविद्यमान भएर पनि विद्यमान देखिन्छन्, जागेपछि अविद्यमान नै भइहाल्छन् त्यस्तो यो जगत् अविचारसिद्ध हो, विचारबाट शान्त हुन्छ । जब विचार गरेर हेर्छौं तब सब आत्मा नै भासित हुन्छ । आत्मसत्ता अव्यभिचारी, सत्तामात्र छ, उसको अभाव कहिले पनि हुँदैन, त्यो अच्युत हो, सदा जस्ताको त्यस्तो स्थित रहन्छ, आफ्नो भावलाई कहिले पनि छोड्दैन । त्यसदेखि भिन्न देख्नु भ्रममात्र हो । विचार गरेमा दृश्यभ्रम शान्त हुन्छ र मोक्ष प्राप्त हुन्छ । आत्मसत्ता ज्ञानरूप, निराकार र सदा आफैंमा स्थित छ । जब सम्यक् ज्ञानको उदय हुन्छ तब जगत् भ्रम नष्ट हुन्छ ।

प्रश्न:- सम्यक् ज्ञान र बोध केलाई भन्छन् ?

उत्तर:- अनुभव नै बोध हो र त्यसलाई यथार्थ जान्नु सम्यक् ज्ञान हो ।

प्रश्न:- केवल बोध र केवल ज्ञान केलाई भन्छन् ?

उत्तर:- दृश्यरहित चिन्मात्रलाई केवल बोध भनी जान, उसमा वाणीको गति हुँदैन । यसैगरी अचेत्य चिन्मात्र सत्तालाई जस्ताको त्यस्तो जान्नु नै केवल ज्ञान हो ।

प्रश्न:- अचेत्य चिन्मात्र बोधमा जगद्भ्रम किन भासित हुन्छ ?

उत्तर:- चिन्मात्र द्रष्टामा संवेदनरूप चेतना फुर्छ र चेत्यरूप दृश्य भासित हुन्छ । जस्तो स्पन्दरहित वायु अलक्ष्यरूप हुन्छ र जब स्पन्दनरूप हुन्छ तब स्पर्शद्वारा भासित हुन्छ त्यस्तो संवेदनबाट जो दृश्य देखिन्छ त्यो उही सम्वेदन नै दृश्य भएर भासित हुन्छ ।

प्रश्न:- द्रष्टा नै दृश्यरूप भएर भासित हुन्छ भने दृश्य किन बाहिर भासित हुन्छ ?

उत्तर:- त्यसैले त भ्रम भनेको । जस्तो स्वप्नको सृष्टि भित्रै छ तर बाहिर देखिन्छ त्यस्तो यो दृश्य भित्र नै छ तापनि बाहिर देखिन्छ । वास्तवमा भित्र बाहिर भन्ने केही छैन । भित्र र बाहिर भन्ने कुरा भ्रमले भासित हुन्छ ।

प्रश्न:- दृश्य यदि भ्रम मात्र हो भने शशश्रृङ्ग पनि भ्रम मात्र हो त्यो किन देखिदैन र अहं त्वं किन देखिन्छ ?

उत्तर:- अहं त्वं आदि जगत् पनि कल्पनामात्र हो । जस्तो शशश्रृङ्ग कल्पनामात्र हो र आकाशमा दोस्रो चन्द्रमा भ्रमले देखिन्छ त्यस्तै यो जगत् पनि भ्रममात्र हो र कुनै कारणबाट उत्पन्न भएको होइन ।

प्रश्नः- तीनै कालमा जगत्‌को स्मृति अनुभवबाट जानिन्छ र कार्य कारण भाव पाइन्छ तब जगत् कसरी भ्रममात्र हो ?

उत्तरः- जुन कार्य कारणबाट उत्पन्न हुन्छ त्यो सत्य हुन्छ। तिमी नै भन, जगत्‌को कारण के हो ?

रामः- सूक्ष्म अणुबाट जगत् उत्पन्न हुन्छ र त्यसैमा लीन हुन्छ।

वसिष्ठले सोधनुभो, सूक्ष्म अणु कहाँ रहन्छ ?

रामः- महाप्रलयमा शुद्ध चिन्मात्र सत्ता शेष रहन्छ त्यसैमा अणु रहन्छन्।

वसिष्ठः- जहाँ शब्द र अर्थको अभाव छ त्यसको नाम महाप्रलय हो। त्यहाँ शुद्ध चिन्मात्र सत्ता रहन्छ, जसमा वाणीको गति छैन, तब त्यसमा सूक्ष्म अणु कसरी रहला र कारण-कार्य भाव कसरी होला ?

प्रश्नः- जो शुद्ध चिन्मात्र सत्ता रहन्छ तब त्यसबाट जगत् कसरी निक्लेर आउँछ ?

उत्तरः- विश्व उत्पन्न भएको भए यसरी उत्पन्न हुन्छ भन्ने थिएँ, तर जगत् उत्पन्न नै भएको छैन तब त्यसको उत्पत्ति कसरी बताऊँ ? जब चिन्मात्रमा चेतना जाग्छ तब अहं, त्वं आदि जगत् भासित हुन्छ। अतः स्फुरण नै हो जगत्‌को रूप, केही उत्पन्न भएको छैन। ज्ञानको दृश्य भ्रमसित मिल्नु नै बन्धनको कारण हो र त्यसको अभाव मोक्ष हो।

प्रश्नः- ज्ञान भएमा जगत्‌को अभाव कसरी हुन्छ ? जगत् दृढ भइसकेको छ।

उत्तरः- समयक् ज्ञानबाट जो बोध हुन्छ त्यसबाट दृश्यकासाथको संबन्ध निवृत्त हुन्छ। यो बोध निराकार र शान्तिरूप छ,यसबाट जीव मोक्षमा प्रवृत्त हुन्छ।

प्रश्नः- बोध त केवलरूप हो। समयक् ज्ञान केलाई भन्छन्, जसबाट जीब बन्धनबाट मुक्त हुन्छ।

उत्तरः- जुन ज्ञान भएपछि ज्ञेय (दृश्य) का साथ संयोग हुँदैन त्यसलाई ज्ञानीजन अविनाशी रूप भन्छन्। जब ज्ञेयको अभाव हुन्छ तब सम्यक् ज्ञान कहिन्छ।

प्रश्नः- ज्ञान देखि ज्ञेय भिन्न हो कि अभिन्न हो र ज्ञान के गरी उत्पन्न हुन्छ ?

उत्तरः- बोधमात्रको नाम ज्ञान हो। वायु र उसको चलन भिन्न नभए झैं बोधस्वरूप आत्मादेखि ज्ञान र ज्ञेय भिन्न होइन।

प्रश्नः- ज्ञेय (जगत्) शशश्रृङ्ग झैं असत्य हो भने किन भिन्न भएर भासित हुन्छ ?

उत्तरः- ज्ञेय (बाह्य जगत्) भ्रान्तिले देखिन्छ, उसको सद्भाव छैन। ज़गत् न भित्र छ, न बाहिर छ। यो अर्थरहित भासित हुन्छ।

प्रश्नः- अहं, त्वं आदि त अर्थसहित प्रत्यक्ष अनुभव हुन्छ। तपाईं भन्नुहुन्छ यिनको अभाव हुन्छ।

उत्तरः- यो सब विराट् पुरुषको शरीर हो। जब आदि विराट् नै उत्पन्न भएको छैन तब अरूको उत्पत्ति कसरी भन्ने ?

प्रश्नः- जगत्‌को सद्‌भाव तीनै कालमा पाइन्छ, तपाईं भन्नु हुन्छ उत्पन्न नै भएको छैन ।

उत्तरः- स्वप्नमा जगत्‌का पदार्थ प्रत्यक्ष देखिन्छन्, तर उत्पन्न भएका होइनन् त्यस्तै अहं त्वं आदि जगत् भ्रमले देखिन्छ ।

प्रश्नः- अहं त्वं आदि जगत् दृढरूपले भासित हुन्छ, तब उत्पन्न भएको छैन भनी कसरी जान्नू ?

उत्तरः- जो कारणबाट उत्पन्न हुन्छ त्यो पदार्थ सत्य मानिन्छ । महाप्रलयमा कारण, कार्य केही रहदैन, शान्तरूप आत्मा रहन्छ । महाप्रलय भन्नु नै शान्त आत्मा हो, त्यसबाट जो जगत् प्रकट हुन्छ त्यो आभासमात्र हो ।

प्रश्नः- महाप्रलयमा जो अविनाशी सत्ता शेष रहन्छ त्यसलाई नै जगत्‌को कारण मानेमा के आपत्ति हुन्छ ?

उत्तरः- कारण जस्तो छ कार्य उस्तै हुन्छ । जो आत्मसत्ता अद्वैत र आकाशरूप छ तब जगत् पनि त्यहीरूप भयो, भिन्न केही हुन पाएन ।

प्रश्नः- महाप्रलयमा जगत् सूक्ष्मरूपले रहन्छ, पछि त्यतैबाट निस्कन्छ ।

उत्तरः- महाप्रलयमा तिमीले सृष्टिको अनुभव गऱ्यौ ?

रामः- ज्ञप्तिरूप सत्ता नै त्यहाँ स्थित हुन्छ, त्यसको अनुभव तपाईं जस्ता ज्ञानवान्‌ले गर्नु भएको छ । त्यो हो चिदाकाशरूप, त्यसलाई सत्य, असत्य शब्दले बताउन सकिदैन ।

वसिष्ठः- त्यसो भए जगत् त ज्ञप्तिरूप ठहऱ्यो । त्यसो हुनाले त्यो जन्म-मरणले रहित शुद्ध ज्ञानरूप हो ।

रामः- तपाईं भनुहुन्छ कि जगत् उत्पन्न भएको छैन, भ्रममात्र हो, तब भ्रम कसरी भयो ?

वसिष्ठः- जगत् चित्त फुरेर भासित हुन्छ । चित्त जस्तोरूपले फुर्छ त्यस्तै भासित हुन्छ, यसको अरू कुनै कारण छैन ।

रामः- जगत् चित्त फुरेर आएको हो भने यो परस्पर विरुद्ध किन देखिन्छ, जस्तो अग्निलाई जलले नष्ट गर्छ र जललाई अग्निले नष्ट गर्छ ।

वसिष्ठः- भानरूप चैतन्यघन आत्मा नै सर्वरूप भएर भासित हुन्छ ।

रामः- आदि र अन्तले रहित चिन्मात्र तत्त्व विद्यमान छ, त्यो जब चिताउँछ तब जगत् हुन्छ भनेपछि त जगत् केही न केही रूपमा त रहेछ नै भन्नुपऱ्यो, तब चेत्य जगत् सर्वथा असंभव छ भनेर कसरी भन्ने ?

वसिष्ठः- यसको कारण कोही छैन, त्यसकारण चेत्य असंभव छ । चैतन्य सदामुक्त र अवाच्यपद हो ।

रामः- त्यसो भए जगत् र अन्य तत्त्व कसरी प्रकट हुन्छन् र अहं, त्वं आदि द्वैत कहाँबाट आयो ?

वसिष्ठः- कारण नभएको हुनाले जगत् आदिमा नै उत्पन्न भएको छैन, सब शान्तरूप हो । जो नाना भासित हुन्छ त्यो भ्रममात्र हो ।

रामः- सर्वदा प्रकाशरूप, निरुल्लेख्य, निर्मल तत्त्व अचलरूपले स्थित छ, उसमा भ्रान्ति कसरी र कसलाई भयो ?

वसिष्ठः- हे राम ! निश्चय गरेर जान कि कारण नभएकोले भ्रान्ति कुनै वस्तु होइन । अहं, त्वं आदि सब उही अनामय निर्मल तत्त्व हो ।

रामः- मलाई भ्रम भइरहेको छ, यस विषयमा धेरै प्रश्न गर्न जान्दिन, म अत्यन्त प्रबुद्ध पनि होइन, अब के प्रश्न गरौं ?

वसिष्ठः- यस्तो प्रश्न गर कि कारणविना जगत् कसरी उत्पन्न भयो ? जब विचार गरेर कारणको अभाव जानौला तब अशब्द परम पदमा विश्राम प्राप्त गर्ने छौ ।

रामः- कारणको अभाव भएकोले जगत् उत्पन्न भएको छैन भन्ने कुरा म जान्दछु, तर चेत्यको स्फुरण कसरी भ्रम भयो ?

वसिष्ठः- कारणको अभाव भएको हुनाले सर्वत्र शान्तिरूप परमात्मा विद्यमान छ, भ्रम पनि कुनै दोस्रो वस्तु होइन । आत्मपदमा अभ्यास नभएसम्म भ्रम भासित हुन्छ, भ्रम रहेसम्म शान्ति हुँदैन । जब अभ्यास गरेर केवल तत्त्वमा विश्राम लिनेछौ तब भ्रम मेटिनेछ ।

रामः- अभ्यास र अनभ्यास कस्तो हो र एक अद्वैतमा अभ्यास-अनभ्यासको भ्रान्ति कसरी हुन्छ ।

वसिष्ठः- अनन्ततत्त्वमा अभ्यास, अनभ्यास र शान्ति भन्ने कुनै वस्तु छैन । जो आभास शान्ति देखिन्छ त्यो महाचिद्घनरूप हो ।

रामः- उपदेश र उपदेशको अधिकारी भन्ने भिन्न भिन्न शब्द सर्वात्मामा कसरी भासित हुन्छन् ?

वसिष्ठः- उपदेश र उपदेशको योग्य यी शब्द पनि ब्रह्ममा कल्पित हुन् । शुद्ध बोधमा बन्ध र मोक्ष दुवैको अभाव छ ।

रामः- आदिमा केही पनि उत्पन्न भएको छैन भने देश, काल, क्रिया र द्रव्यको भेद कसरी देखिन्छ ?

वसिष्ठः- देश, काल र द्रव्यको भेद संवेदनमा हुन्छ, वास्तवमा अज्ञानमात्र भासित भएको हो, ती अज्ञानदेखि भिन्न होइनन् ।

रामः- जहाँ द्वैत र एक भन्ने छैन त्यस्तो बोध स्वरूपमा दृश्य भ्रम कसरी भयो ?

वसिष्ठः- बोधस्वरूपमा दृश्यको प्राप्ति र द्वैत र एकको भ्रम मूर्खलाई हुन्छ, हामी जस्तालाई हुँदैन ।

रामः- अनन्ततत्त्व त केवल बोधरूप हो, तब हाम्रो मनमा अहं, त्वं कसरी हुन्छ ?

वसिष्ठः- शुद्ध बोधसत्तामा बोधलाई जान्नु भन्ने कुरा अहं, त्वं द्वारा मानिन्छ । पवनमा स्पन्दन भए झैं उसमा चेतना जाग्छ ।

रामः- समुद्रमा तरङ्ग, बुदबुद जलदेखि भिन्न नभए झैं बोधमा बोधसत्तादेखि भिन्न केही छैन, ऊ आफैंमा स्थित छ ।

वसिष्ठः- त्यसो हो भने दुःख कहाँ र कसरी होला ? आत्मा त आफैंमा स्थित छ र पूर्ण छ ।

रामः- जब आत्मतत्त्व एक र निर्मल छ तब अहं त्वं आदि कलना कहाँबाट आयो र दृश्य भयो, जसबाट जीव भोक्ता जस्तो भएर भोग गर्छ ।

वसिष्ठः- ज्ञेय जो चित्सत्ता छ उसलाई जान्नु बन्धन होइन, किनकि ज्ञान नै सब अर्थरूप भएर स्थित छ, तब बन्धन र मोक्ष कसरी होला ?

रामः- ज्ञप्ति बाह्य अर्थलाई देख्छ - जस्तो आकाशमा नीलता र स्वप्नमा पदार्थ असत्यरूप भएर पनि सत्य प्रतीत हुन्छन् त्यस्तै यो बाह्य अर्थ पनि असत्य भएर पनि सत्य मानिन्छ ।

वसिष्ठः- कारणले रहित हुनाले बाह्य अर्थ भ्रममात्र हुन् ।

रामः- जस्तो स्वप्नकालमा स्वप्नको पदार्थ सत्य वा असत्य जे भए पनि त्यसबाट सुख दुःख हुन्छ त्यस्तै यस जगत्मा सुख-दुःख हुन्छ, यसको निवृत्ति कसरी हुन्छ ?

वसिष्ठः- यो जगत् पनि स्वप्नरूप हो, यहाँ जो पिण्डाकार देखिन्छ त्यो भ्रममात्र हो । सब अर्थ शान्तरूप हो, नानात्व केही छैन ।

रामः- स्वप्न र जाग्रत्मा पिण्डाकार र पर र अपररूप कसरी उत्पन्न हुन्छन् र कसरी शान्त हुन्छन् ?

वसिष्ठः- पहिले अपरको विचार गर, जगत् आदिमा के रूप थियो र अन्तमा के रूप हुन्छ, यस्तो विचार भए शान्ति प्राप्त हुन्छ । जस्तो स्वप्नमा स्थूल पदार्थ पिण्डरूप देखिन्छन्, तर ती सब आकाशरूप हुन् त्यस्तै जाग्रत्का पदार्थ पनि आकाशरूप हुन् ।

रामः- जब भिन्न भावको भावना हुन्छ तब जीव जगत्लाई कसरी देख्छ र संस्कार भ्रम कसरी शान्त हुन्छ ?

वसिष्ठः- जो निर्वासनिक पुरुष छ उसको हृदयबाट जगत्को सद्भाव निवृत्त हुन्छ । जस्तो संकल्पनगर र कागतको मूर्ति असत् देखिन्छ त्यस्तो उसको जगत् असत् भासित हुन्छ ।

रामः- जब वासनारहित भएर पिण्डभाव शान्त भएपछि जीव जगत्लाई स्वप्नवत् जान्दछ तब त्यसपछि उसको के अवस्था हुन्छ ?

वसिष्ठः- जीव जब जगत्लाई संकल्परूप जान्दछ तब वासना निर्वाण हुन्छ र पञ्चतत्त्वको उत्पत्ति र नाशको क्रम लीन हुन्छ, अनि केवल परम तत्त्व देखिन्छ र सब आकाशरूप हुन्छ ।

रामः- अनेक जन्मको वासना दृढ भइरहेको छ र अनेक शाखामा फैलिएको छ । संसारको कारण यो घोर वासना कसरी शान्त हुन्छ ?

वसिष्ठः- जब यथाभूतार्थ ज्ञान हुन्छ तब आत्मामा भ्रान्तिरूपले स्थित जगत् शान्त हुन्छ । जब पिण्डाकार पदार्थको अभाव हुन्छ तब कर्मरूप दृश्यचक्र पनि शान्त हुन्छ । जस्तो

स्वप्नका पदार्थ जाग्रत्मा नष्ट हुन्छन् त्यस्तै आत्मतत्त्वको बोध भएपछि सबै वासना नष्ट हुन्छन् ।

रामः- पिण्डग्रहण र कर्मरूप दृश्यचक्र निवृत्त भएपछि फेरि के प्राप्त हुन्छ ?

वसिष्ठः- जब पिण्डग्रहणरूप भ्रम शान्त हुन्छ तब जीव निर्मल भएर क्षोभरहित हुन्छ, जगत्को आस्था शान्त हुन्छ र चित्तले परमात्मतत्त्व प्राप्त गर्छ ।

रामः- संकल्पित पदार्थ नष्ट हुँदा किन दुःख हुन्छ र जगत्को आस्था कसरी शान्त हुन्छ ?

वसिष्ठः- जो पदार्थ संकल्पबाट उत्पन्न भएको छ त्यो नष्ट हुँदा दुःख हुँदैन । पूर्वापर विचारबाट यो चित्तले रचेको हो भन्ने जानेपछि भ्रम शान्त हुन्छ ।

रामः- चित्त कस्तो हो र उसले संसार रचेको हो भनी कसरी जान्नू ?

वसिष्ठः- चित्सत्ता जब चेत्योन्मुख भएर जाग्छ तब त्यसलाई संकल्परूप चित्त भन्छन् । त्यसले रहित सद्वस्तुको विचारले वासना शान्त हुन्छ ।

रामः- चित्त कसरी चेत्यरहित हुन्छ र चित्तबाट उत्पन्न जगत्को निर्वाण कसरी हुन्छ ?

वसिष्ठः- चित्त उत्पन्न भएको छैन, नभईकन नै द्वैत भासित छ ।

रामः- जगत् त प्रत्यक्ष देखिन्छ । जो उत्पन्न नै भएको छैन भने त्यसको अनुभव कसरी हुन्छ ?

वसिष्ठः- अज्ञानी जो जगत् देख्छ त्यो सत्य होइन र ज्ञानवान् जो देख्नुहुन्छ त्यो अनिर्वचनीयसत्ता अद्वैतरूप हो ।

रामः- अज्ञानी त्रिजगत्लाई कस्तो देख्छ र ज्ञानी कस्तो देखनुहुन्छ, जो भन्न सकिँदैन ?

वसिष्ठः- अज्ञानीको द्वैत सघन दृढ भासित हुन्छ र ज्ञानवान्को सघन द्वैत भासित हुँदैन, किनकि आदिमा जगत् उत्पन्न भएकै छैन, केवल अवाच्यपद अद्वैत आत्मतत्त्व विद्यमान छ ।

रामः- आदिमा उत्पन्न नभएको भए अनुभव पनि हुन नपर्ने, तर प्रत्यक्ष अनुभव हुन्छ, यसलाई कसरी असत्य भन्ने ?

वसिष्ठः- असत्य भएर पनि सत्य झैं भासित हुन्छ, त्यसैले कारणरहित भासित हुन्छ भनेको । जस्तो स्वप्नमा पदार्थको अनुभव हुन्छ, परन्तु वास्तवमा केही भएको छैन त्यस्तै असत्यको पनि अनुभव हुन्छ ।

रामः- स्वप्नमा संकल्पबाट जो दृश्यको अनुभव हुन्छ त्यो जाग्रत्को संस्कारले हुन्छ, अरू केही होइन ।

वसिष्ठः- स्वप्नका पदार्थको अनुभव जाग्रत्को संस्कारले हुन्छ भने त्यो जाग्रत्रूप नै हो कि भिन्न हो ?

रामः- स्वप्नका पदार्थ र मनोराज्य जाग्रत्को संस्काररूप भ्रमले जाग्रत्को झैं भासित हुन्छन् ।

वसिष्ठः- जो स्वप्नमा जाग्रत्-संस्कारले जगत् जाग्रत् झैं भासित हुन्छ, जस्तो स्वप्नमा कसैको घर लुटियो अथवा पानीले बगायो, त्यो जाग्रत्मा त केही भएको छैन, किनकि विहान उठेर

हेर्दा घर जस्ताको त्यस्तै देखिन्छ, त्यस्तै संसार पनि केही भएको होइन, सब कल्पनामात्र भनी जान ।

रामः- अब मैले जानें कि यो सब ब्रह्म नै हो, न कुनै देह छ, न जगत् छ, न उदय र अस्त छ । सर्वदा सर्वप्रकार उही ब्रह्मसत्ता आफैंमा स्थित छ । त्यसदेखि भिन्न जो कुछ भासित हुन्छ त्यो भ्रममात्र हो र भ्रम भन्ने पनि कुनै वस्तु होइन, सब चिदाकाश ब्रह्मरूप हो ।

वसिष्ठः- हे राम ! बल्ल तिमी ठीक ठाउँमा आयौ । जो कुछ देखिन्छ त्यो सब ब्रह्मको नै प्रकाश हो । ऊ आफू आफैमा प्रकाशित हुन्छ ।

रामः- सर्गको आदिमा देह, चित्त आदि कसरी फुरेर आए र आत्माको प्रकाशरूप जगत् कस्तो हो ? प्रकाश त्यसको हुन्छ जो साकार छ, परब्रह्म त निराकार छ, उसको प्रकाश कसरी भन्ने ?

वसिष्ठः- हे राम ! सब ब्रह्मरूप हो । प्रकाश र प्रकाशकमा कुनै भेद छैन र दोस्रो वस्तु पनि केही छैन, उही आफू आफैंमा स्थित छ - त्यसैले उसलाई स्वयंप्रकाश भनेको छ । सूर्य आदिको प्रकाश त्रिपुटीबाट भासित हुन्छ । ब्रह्म चैतन्य नै हो सूर्यको प्रकाशको आधारभूत प्रकाश । जसलाई आश्रय गरेर सूर्य जगत्लाई प्रकाशित गर्छन्, त्यो आत्मसत्ता अद्वैत र विज्ञानघनरूपले स्थित छ, त्यसमा जो संवेदनरूप चित्त जागेको छ त्यही नै जगत्रूप भएर स्थित भएको छ । आकाश र शून्यतामा जस्तो भेद छैन त्यस्तो आत्मा र जगत्मा भेद छैन । हे राम ! यो जगत्लाई अकारण र निराकार जान । न जाग्रत् छ, न स्वप्न छ, न सुषुप्ति छ, सब आभासमात्र हो -उही आत्मसत्ता आफू आफैंमा स्थित छ । मलाई त सदा उही विज्ञानघन आत्मसत्ता नै भासित हुन्छ । जस्तो टाढाबाट हेर्दा भ्रान्तिवश ठूटो मानिस जस्तो देखिन्छ त्यस्तै अज्ञानी भ्रान्तिरूप जगत् देख्छ ।

आकार देखिन्छ तापनि वस्तुस्थिति निराकार नै हो, आत्मसत्ता संवेदनले आकाररूप भएर भासित हुन्छ । जस्तो शिल्पी खम्भामा न कुँदीकन नै यहाँबाट यति गोटा पुतली निकलन्छन् भनी कल्पना गर्छ र प्रत्यक्ष देख्छ पनि, त्यस्तै न कुँदीकन नै ब्रह्मरूप खम्भामा मनोरूप शिल्पी जगत्रूपी पुतली देख्छ, अतएव केही भएको होइन । यी मेरा वचनलाई तिमी स्वप्न र संकल्पको दृष्टान्तबाट हेर कि अनुभव नै आकाररूप भएर भासित हुन्छ । अनुभवदेखि भिन्न केही छैन । हे राम ! यी मेरा वचनरूपी उपदेशलाई हृदयमा धारण गर र अज्ञानीका कुरा नसुन ।

(२७३) (क) रामविश्रान्तिवर्णन

रामले भने, हे पूज्य गुरुवर, बडो आश्चर्य छ कि अज्ञानले म जगत् देख्तथें । अहिले थाहा भयो कि यो जगत् भ्रमले भासित हुन्छ । वास्तवमा जगत् न पहिले थियो, न पछि हुनेछ । सब शान्त निरालम्ब, विज्ञानघनसत्ता हो, र शान्ति पनि कुनै वस्तु होइन, निर्विकार, शान्तरूप ब्रह्म नै आफू आफैमा स्थित छ । स्वप्नका पदार्थ झैं यो जगत् अनुभवरूप हो ।

हे प्रभो ! तपाईंको कृपाले यस्तो निश्चय भयो कि जगत् अविचारसिद्ध छ । शशश्रृङ्ग र आकाशकुसुम झैं यो जगत् असत् छ र विचार गरेपछि निवृत्त हुन्छ । बडो आश्चर्य छ कि असद्रूप अविद्याले जगत्लाई मोहित पारेको छ । अब मैले जानें कि अविद्या कुनै वस्तु होइन, आफ्नो कल्पनाले नै आफूलाई बन्धनमा पार्छ । जस्तो आफनै छायाँमा बालक भूतको कल्पना गरेर आफैं डराउँछ त्यस्तो आफ्नो कल्पना नै अविद्यारूप भएर भासित हुन्छ । विचार नगरेसम्म यो अविद्या रहन्छ, जब विचारको उदय हुन्छ तब यसको अत्यन्त अभाव भइहाल्छ । जस्तो स्थाणुमा भ्रमले मनुष्य भासित हुन्छ त्यस्तो आत्मामा भ्रमले अविद्यारूप जगत् भासित हुन्छ । जस्तो स्वप्नमा बन्ध्या स्त्रीले पुत्र देखी भने त्यो भ्रममात्र हो र स्वप्नमा आफ्नो मरणको अनुभव हुन्छ त्यो पनि भ्रम नै हो, त्यस्तै अविद्यारूप जो जगत् देखिन्छ त्यो असत्य हो, प्रमाणरूप होइन । प्रमाण त्यसलाई भन्छन् जो यथार्थ ज्ञानको साधन हुन्छ, तर यो प्रत्यक्ष प्रमाण यथार्थ ज्ञानको साधन होइन, किनभने प्रत्यक्ष प्रमाणबाट बस्तुरूप आत्मा जस्ताको त्यस्तो देखिंदैन, बरु, सिपीमा चाँदी देखिए झैं उल्टो भासित हुन्छ । यो जगत् प्रत्यक्ष अनुभूत हुन्छ तापनि असद्रूप हो, प्रमाणरूप होइन ।

यो जगत् कुनै वस्तुरूप होइन, केवल कल्पनामात्र हो । आत्मामा जस्तो संकल्प दृढ हुन्छ त्यस्तो नै जगत् भासित हुन्छ । स्वर्गमा बसेका पुरुषको हृदयमा चिन्ता उठ्यो र नरकको भावना गर्‍यो भने स्वर्ग पनि नरकरूप हुन जान्छ ।

हे भगवन् ! यो जगत् केवल वासनामात्र हों । आत्मामा जगत् कुनै आरम्भ र परिणामले बनेको होइन । यो जगत् केवल चित्तमा छ । जस्तो शिलामा शिल्पी पुतलीको कल्पना गर्छ, जस्तो कल्पना गर्छ उस्तै भासित हुन्छ, तर त्यो शिलादेखि भिन्न होइन, त्यस्तै आत्मामा चित्तले जगत्का पदार्थ रचेको छ, जस्तो जस्तो भावना गर्छ त्यस्तै यो जगत् देखिन्छ । आत्मामा जगत् न पहिले भयो र न पछि हुनेछ । ब्रह्मसत्ता केवल आफू आफैंमा स्थित छ । त्यो स्वच्छ, अद्वैत परम मौनरूप तथा द्वैत र एकको कल्पनाले रहित छ र मुनीश्वरहरूको सेवनीय छ । यस्तो परम पद मैले प्राप्त गरेको छु, अब म आफ्नो निरामय स्वरूपमा सर्वदुःखले रहित भएर स्थित भएको छु ।

(२७४) (ख) राम विश्रान्तिवर्णन

रामले भने, हे मुनीश्वर ! आदि, अन्त र मध्यले रहित जो पद छ, जसको ज्ञान मुनिहरूलाई पनि कठिन छ, त्यो पद मैले प्राप्त गरेको छु । शास्त्रमा जो एक र द्वैतको कल्पना गरेको छ त्यो कल्पना निवृत्त भयो । अब म परमंशान्त तथा निःशङ्क भएको छु ममा कुनै दुःख छैन । सब जगत् आत्मरूप देख्छु । अब मैले जानें कि न कुनै अविद्या छ, न विद्या छ, न सुख छ र न दुःख छ । म सर्वदा आत्मपदमा स्थित छु । मैले प्राप्तव्य पद पाएको छु, जो पहिले पनि प्राप्त नै थियो, तर अज्ञानले अप्राप्त जस्तो थियो । त्यो पद कुनै उपाय या साधनले जानिने होइन, त्यो आफूद्वारा आफैं जानिन्छ । आफू बोधरूप हो । न कुनै भ्रान्ति छ, न जगत् छ । सब आत्मा नै हो । जस्तो सूर्यको उदय भएपछि अन्धकारको नाश हुन्छ त्यस्तो आत्मपदमा जागेपछि ज्ञान र अज्ञान दुवैको अभाव हुन्छ र द्वैतकल्पना मेटिन्छ । जब संवेदन फुर्छ तब जगत् भासित हुन्छ, तर जगत् आत्मादेखि भिन्न होइन । जस्तो आकाश र शून्यतामा भेद छैन त्यस्तो आत्मा र जगत्मा भेद छैन ।

हे मुनीश्वर ! यसप्रकार जसको आत्मामा अहंप्रतीति भएको छ ऊ कार्यकर्ता देखिए तापनि अकर्ता हो र अशान्त देखिए तापनि सदा शान्तरूप छ। स्वभावमा स्थित ज्ञानवान् संसारलाई सत्य मान्दैन र मनमा पदार्थ संबन्धी तृष्णा पनि राख्तैन। जहाँ सत्य र असत्य दुवै छैन, यस्तो अद्वैतसत्ता उसले प्राप्त गरेको छ, त्यसैले उसलाई जगत्‌को कलना भासित हुँदैन।

हे मुनीश्वर ! अब म जागेको छु। सम्पूर्ण जगत्‌लाई म आफ्नै रूप देख्छु। म सारा इच्छाले रहित, निर्वाणरूप, निराकार, स्वभावसत्तामा स्थित भएको छु। अब मलाई कुनै दुःख छैन। मैले त्यो पद प्राप्त गरेको छु, जो पाएपछि कहिले पनि तृष्णा उठ्‌तैन। जस्तो शिलामा प्राण जाग्दैन त्यस्तो ममा तृष्णा उत्पन्न हुँदैन। मलाई सब आत्मरूप भासित भएको छ। ममा जीवत्व छैन, किनकि जीवत्व भ्रान्तिसिद्ध हो। सब आत्मस्वरूप हो। मेरो त आफनै निरालम्ब सत्ता भासित हुन्छ।

(२७५) (ग) रामविश्रान्तिवर्णन

रामले भने, हे मुनीश्वर ! आत्मामा अनन्त सृष्टि उत्पन्न हुन्छन्। जस्तो मेघका बूँद गन्न सकिँदैनन् त्यस्तै परमात्मामा जति सृष्टि भएका छन् तिनको गणना गरेर साध्य छैन। ती सृष्टि मध्ये कतिपय परस्पर मिल्दा जुल्दा पनि छन् र कतिपय भिन्न प्रकारका छन्, परन्तु स्वरूपतः सब एकरूप छन्। जस्तो दीपकका धेरै ज्वालाहरूमा कुनै मिल्छन् कुनै मिल्दैनन् तापनि स्वरूपतः सब एकरूप हुन् त्यस्तो आत्मामा फुरेका अनन्त जगत् आत्मरूप भएकाले स्वरूपतः एकरूप (आत्मरूप) हुन्। निराकार आत्मसत्ताबाट सूर्य आदि पदार्थ प्रकट भएका छन् र ती सबै निराकार हुन्, त्यस्तै यो जगत् पनि अकारण र निराकार हो।

हे मुनीश्वर ! अब मैले जस्ताको त्यस्तो जानेको छु। जस्तो स्वप्नमा मृतक बोल्छ र जिउदो मानिस मृतक देखिन्छ, यसरी स्वप्नमा पदार्थहरू विपरीत भासित हुन्छन्, परन्तु जागेर उठेपछि सब जस्ताको त्यस्तै देखिन्छन्, त्यस्तै म स्वरूपमा जागेर उठेको छु, अब मलाई विपरीत भासित हुँदैन, सब आत्मा नै भासित हुन्छ।

जो ज्ञानवान् छन् उनी परम समाधिमा स्थित छन्, उनको उत्थान कहिले पनि हुँदैन अर्थात् स्वरूपदेखि भिन्न केही पनि भासित हुँदैन। उनी व्यवहार गरेका देखिन्छन् तापनि व्यवहारले रहित छन्, किनकि उनको कुनै अभिलाषा रहँदैन। उनी विना अभिलाषा चेष्टा गर्छन्, तर उनको हृदयमा कर्तृत्वको अभिमान फुर्दैन, यसैको नाम परम समाधि हो। जब बोध प्राप्त हुन्छ तब कुनै तृष्णा रहँदैन र सब पदार्थ नीरस हुन्छन्, किनकि आत्मपद परमानन्दरूप र तृष्णाले रहित छ। यसैको नाम मोक्ष र निर्वाण हो, जसमा कुनै उत्थान छैन।

हे मुनीश्वर ! ब्रह्मा, विष्णु, रुद्र आदि ज्ञानवान्‌को वृत्ति ब्रह्मानन्द तिर नै प्रवाहित भइरहन्छ, संसारका पदार्थ तिर होइन। ग्रीष्म ऋतुको धूपमा शान्त, शीतल, स्थान पाएपछि मरुस्थलको तातो बालुवामा को दौडला। मैले निश्चय गरिसकेको छु कि तृष्णा जस्तो ताप केही छैन र तृष्णारहित हुनु जस्तो शान्ति कुनै छैन। धनाढ्य छ तर हृदयमा तृष्णाको ज्वाला दन्केको छ भने त्यो कृपण, दरिद्र र आपद्‌को घर हो। जो निर्धन देखिन्छ, तर हृदयमा तृष्णा छैन भने त्यो परमैश्वर्यसम्पन्न

र सम्पत्तिको खानी हो । महापण्डित छ तर तृष्णासहित छ भने त्यसलाई परम मूर्ख जान्नू । उसलाई कहिले पनि बोध प्राप्त हुँदैन । जस्तो जति जति रात घटतै जान्छ त्यति त्यति दिन बढदै जान्छ र जति जति रात बढदै जान्छ त्यति त्यति दिन घट तै जान्छ,त्यस्तै जति जति तृष्णा बढदै जान्छ त्यति त्यति बोधको प्राप्ति कठिन हुँदै जान्छ र जति जति तृष्णा घटतै जान्छ त्यति त्यति बोधको प्राप्ति सुगम हुन्छ ।

हे मुनीश्वर ! अब म त्यस पदमा प्राप्त भएको छु जो अच्युत, निराकार र द्वैत तथा एकको कल्पनाले रहित छ । त्यस पदलाई मैले आत्मरूप भनी जानें । अब म नि:शङ्क भएको छु । जुन पद प्राप्त भएपछि कुनै इच्छा रहदैन त्यो परमानन्दरूप आत्मपद हो ।

(२७६) (घ) रामविश्रान्तिवर्णन

वसिष्ठले भन्नुभो, हे राम ! आत्मज्ञान प्राप्त गरेर जो तिमी स्वरूपमा जागेका छौ, यसबाट महान् कल्याण साधित भयो । तिमीले यस्तो परम पावन वचन भन्यौ जो सुनेपछि पापनाश हुन्छ । यी वचन अन्धकारलाई नाश गर्ने सूर्य हुन् र मनको ताप पखालने चन्द्रमाका किरण हुन् । हे राम ! जो पुरुष आफ्नो स्वभावमा स्थित छ उसको व्यवहार र समाधि समान हुन्छ । अनेक चेष्टा देखिए तापनि उसको निश्चयमा कर्तृत्वको अभिमान जाग्दैन । ऊ सदा परम ध्यानमा स्थित हुन्छ । आत्मपद परमशान्त, द्वैतकलनारहित अद्वैतरूप छ । यस्तो पदलाई ज्ञानवान्ले आत्मज्ञानद्वारा जानेको छ । यस्तो पदमा म सदा स्थित छु । ब्रह्मा, विष्णु आदि जो ज्ञानवान् हुनुहुन्छ उहाँहरू पनि त्यही पदमा स्थित हुनुहुन्छ । उहाँहरू नाना चेष्टा गर्नुहुन्छ तापनि शान्तरूप हुनुहुन्छ । उनको क्रिया र समाधिमा एकै आत्मपदको निश्चय रहन्छ । जस्तो वायु स्पन्द र नि:स्पन्दमा एकै हो र जल तरङ्ग उठेमा र नउठेमा एकै हो त्यस्तै ज्ञानी क्रिया र समाधि दुवैमा समान रहन्छ । जस्तो आकाश र शून्यतामा भेद छैन त्यस्तो आत्मा र जगत्मा भेद छैन ।

रामले भने, हे मुनीश्वर ! तपाईंको कृपाले मेरो कुनै कलना फुर्देन । ब्रह्मा, विष्णु र रुद्रदेखि लिएर तृणसम्म जो कुछ जगत् छ त्यो सब मलाई आकाशरूप भासित हुन्छ । म सर्वदा सर्वप्रकारले आफैंमा स्थित अच्युत, अद्वैतरूप हुँ । ममा जगत्को कुनै कलना छैन । चित्त (संवेदन) द्वारा म नै जगद्रूप भएर भासित हुन्छु, तर स्वरूपबाट कहिले पनि चलायमान हुन्न । म अचेत्य चिन्मात्र स्वरूप हुँ । आफूदेखि भिन्न मलाई केही पनि भासित हुँदैन ।

वसिष्ठले भन्नुभो, हे राम ! म जान्दछु कि तिमी जागेका छौ, तर आफ्नो दृढ बोधका निमित्त मसित फेरि प्रश्न गर कि “यो जगत् छ, न भए किन देखिन्थ्यो ?”

रामले भने, हे भगवन् ! यदि जगत्को आकार देखिने भए तपाईसंग प्रश्न गर्थें, मलाई त जगत् केही पनि देखिंदैन । जस्तो संकल्पको अभाव भएपछि संकल्पकृत चेष्टा पनि भासित हुँदैन, जादूगरको मायाको अभाव भएपछि जादू पनि रहँदैन अथवा स्वप्नको अभाव भएपछि स्वप्नको सृष्टि देखिंदैन र भविष्यत् - कथाको पुरुष भासित हुँदैन त्यस्तै मलाई जगत् देखिंदैन तब केका उपर संशय उठाएर प्रश्न गरौं ?

आदिमा जो संवेदन फुऱ्यो, त्यो विराट् पुरुष भएर स्थित भयो र उसैले देश, काल, पदार्थ, स्थावर-जङ्गम जगत् रचेको छ - उसको समष्टि शरीरको नाम विराट् हो। स्वप्नको पर्वत झैं यो विराट् पुरुष आकाशरूप हो। वास्तवमा न विराट् छ, न उसको जगत् छ। विराट् मिथ्या हो र उसको चेष्टा पनि मिथ्या हो।

बीजबाट वृक्ष उत्पन्न भए झैं ब्रह्मबाट जगत् प्रकट भयो भन्न पनि मिल्दैन, किन भने, बीज साकार भएकोले त्यसको परिणामले वृक्ष प्रकट हुन्छ, किन्तु ब्रह्म त निराकार र अपरिणामी छ, त्यसकारण उसबाट जगत् प्रकट भयो भनी कसरी भन्नू ? ब्रह्म निर्विकार, अद्वैत र अवेद्य छ। जाग्रत् आदि अवस्था पनि आकाशरूप हुन्, केही उत्पन्न भएको छैन। म, तिमी र पृथ्वी आदि सब आकाशरूप हुन्। मलाई सब आत्मा नै भासित हुन्छ।

हे मुनीश्वर ! एक सविकल्प र अर्को निर्विकल्प ज्ञान छ। जो दृश्यसंबन्धरहित अचेत्य चिन्मात्र छ, उसलाई आकाश झैं निर्मल जान्नु निर्विकल्प ज्ञान हो। जसलाई यो ज्ञान प्राप्त भएको छ त्यो महापुरुष हो, त्यसलाई नमस्कार छ। जसको दृश्यका साथ संयोग छ त्यो सविकल्प ज्ञानी हो, त्यो संसारी हो र भिन्न भिन्न जगत् देख्छ, तर भिन्न केही छैन। मलाई त सब आफ्नै रूप भासित हुन्छ।

हे गुरुवर ! मैले निगम आदि शास्त्रको उल्लंघन गरेर तपाईंको अगाडि यी अनुभवसूचक वचन बोलेको हुँ, हृदयमा जो अनुभव भयो त्यही भनेको हुँ। हृदयमा जे छ त्यही कुरा मुखबाट निक्लन्छ। जसलाई यो दशा प्राप्त भएको छ उसैले जान्दछ, अरूले जान्दैनन्। जस्तो जसले मद्यपान गरेको छ ऊ उन्मत्ततालाई जान्दछ, अर्को जान्दैन, त्यस्तै जो ज्ञानवान् छ ऊ आत्मरस जान्दछ। आत्मरस पाएपछि फेरि कुनै कल्पना रहदैन।

हे मुनीश्वर ! म आत्मा, अजन्मा, अविनाशी र परमशान्तरूप हुँ, द्वैत र एकको कल्पनाले रहित अचेत्य चिन्मात्र हुँ। म नै जगद्रूप जस्तो भएर भासित हुन्छु, तर निराभास हुँ। ममा आभास भन्ने पनि कुनै वस्तु छैन, किनकि म निराकार हुँ। यसरी मैले आफूलाई यथार्थ चिन्मात्र जानेको छु।

(२७७) चिन्तामणिप्राप्ति

वाल्मीकिले भने, हे भरद्वाज ! यसप्रकार गुरुका अगाडि आफ्नो अनुभव व्यक्त गरेर रामचन्द्र एक मुहूर्तसम्म चूप रहे अर्थात् परमात्मपदमा विश्राम गरे, उनका इन्द्रिय र मनका वृत्तिको आत्मपदमा उपशम भयो। त्यसपछि जानी बुझीकन लीलाको निमित्त यी प्रश्न गरे - हे संशयच्छेत्ता गुरुवर ! मेरो एक हलका संशय दूर गरिपाऊँ। आत्मपद अव्यक्त र अचिन्त्य छ अर्थात् इन्द्रिय, मन र वाणीको विषय हुँदैन। महापुरुष पनि यसलाई वाणीले कथन गर्न सक्तैनन्। यस्तो अचेत्य चिन्मात्र आत्मतत्त्व शास्त्रद्वारा कसरी जान्न सकिन्छ ? प्रतियोगी, व्यवच्छेद, संख्या र भेदको अपेक्षाराखने गुरु र शास्त्रद्वारा यो चिन्मात्र आत्मा कसरी ज्ञात हुन सक्ला ? अर्थात् सविकल्प शास्त्र र गुरुद्वारा निर्विकल्प आत्मपद कसरी जानिएला ?

वसिष्ठले भन्नुभो, हे राम ! आत्मतत्त्व न गुरुद्वारा जानिन्छ, न त शास्त्रद्वारा नै जान्न सकिन्छ, फेरि गुरु-शास्त्रविना पनि जान्न सकिंदैन । नानाप्रकारका जो विकल्परूप शास्त्र छन्, तिनबाट निर्विकल्परूप आत्मा कसरी जानिएला, यस विषयमा छोटो आख्यान सुन । एक व्यवधान देशमा कीरक भन्ने शूद्र जाति रहन्थे । एक पटक अन्नको अभावले गर्दा तिनीहरू भोकभोकै मर्न आँटे । अनि सबै जना जम्मा भएर सल्लाह गरे कि जसरी भए पनि पेट भर्नुपर्छ । त्यसकारण त्यो पारीको जंगलमा गएर काठ, दाउरा खोजौं र त्यो बेचेर पेट भर्ने उपाय गरौं, तब हाम्रो कष्ट दूर होला ।

यस्तो विचार गरेर तिनीहरू दिन भरी वनमा घुमेर काठ र दाउराको भारी बोकेर घरमा आउँथे र बजारमा लगेर बेचदथे, त्यसबाट प्राप्त द्रव्यले अन्न किनेर खान्थे र जीविका चलाउँथे । यसरी केही काल बितेर गयो । ती मध्ये एक जनाले दाउरा खोजदा चन्दनको काठ फेला पारेछ र चिनेछ पनि, त्यो बेचेर निकै द्रव्य पायो । अर्को एकजनाले वनमा घुमदा घुमदै रत्न पाएछ र त्यो बेचेर धेरै धन पायो, अनि दाउरा बेचन पनि छोडेछ । फेरि तिनीहरूले विचार गरे कि त्यस वनको भूमि खनौं, जसबाट त्यो भन्दा पनि ठूलो चीज पाइएला । अनि वनको भूमि खन्न थाले । खन्दा खन्दा चिन्तामणि भेटिएछ, त्यसबाट तिनीहरू ब्रह्मा, इन्द्र आदि झैं ऐश्वर्यशाली भएर रहे । यसरी वनको सेवा गरेर उनीहरूको दुःख निवृत्त भयो । यदि उद्योग नगरीकन वनमा नगएर घरमै बसेका भए तिनीहरूले दुःख पाएर प्राणत्याग गर्नुपर्थ्यो ।

(२७८) गुरु-शास्त्रोपमावर्णन

रामले प्रश्न गरे, हे भगवन् ! तपाईंले यो जो कीरकको वृत्तान्त बताउनु भयो, त्यसको तात्पर्य मैले राम्ररी बुझ्न सकिन, कृपा गरेर बताउनु होस् । वसिष्ठले भन्नुभो, हे राम ! यी जीव जति देखिन्छन् ती कीरक हुन् । तिनीहरूमा अज्ञानरूपी आपद् पर्‍यो । तिनीहरू आध्यात्मिक आदि त्रिविध तापले जलेका थिए । तीमध्ये प्रयत्न गरेर जो जीव शास्त्ररूपी वनमा गएका थिए ती सुखी भए, जो अर्थी सुखको निमित्त शास्त्ररूपी वनको सेवा गर्छन् उनको सत्य, कर्मरूपी दाउरा प्राप्त हुन्छ, जसबाट नरकरूपी उदरपूर्तिको जो दुःख थियो त्यो निवृत्त हुन्छ र तिनीहरू स्वर्गरूपी सुख पाउँछन् । फेरि शास्त्ररूपी वनको सेवा गर्दा गर्दा उपासनारूपी चन्दनवृक्ष प्राप्त हुन्छ, त्यसबाट अरू दुःखको पनि निवृत्ति हुन्छ र तिनीहरू विशेष सुख पाउँछन् । जब जीव आफना इष्ट देवको सेवा गर्छ तब स्वर्गादि विशेष सुख प्राप्त हुन्छ र आफ्नो स्थान प्राप्त हुन्छ । फेरि शास्त्ररूपी वनमा खोजदा खोजदा विचाररूपी रत्नविशेष प्राप्त हुन्छ । सत्य-असत्यको विचारबाट सबै दुःख नष्ट हुन्छन् । यो जो सुख प्राप्त हुन्छ त्यो शास्त्रबाट नै हुन्छ । जस्तो चन्दन, काठ, दाउरा आदि पदार्थ वनमा प्रकटरूपमा नै थिए, किन्तु चिन्तामणि भने गुप्त थियो, त्यस्तै अरू शास्त्रमा धर्म, अर्थ र काम प्रकटरूपमा छन्, तर ज्ञानरूपी चिन्तामणि गुप्त छ । जब जीव अरू शास्त्ररूपी वनमा वैराग्य र अभ्यासरूपी यत्नले खोजी गर्छ तब आत्मज्ञानरूपी चिन्तामणि आउँछ ।

हे राम ! खन्नुरूपी अभ्यास गर्दा गर्दा जस्तो त्यही वनमा नै चिन्तामणि पाइएको थियो त्यस्तै गुरु र शास्त्रको पनि जब अभ्यास गर्छ तब चिन्तामणि सदृश आत्मप्रकाश प्राप्त हुन्छ । जस्तो

माटो खनेर चिन्तामणि उत्पन्न भएको होइन, त्यो त पहिले देखिनै थियो, खन्नुबाट आवरण हट्यो र चिन्तामणि आफैं निक्ल्यो, त्यस्तै गुरु र शास्त्रबाट जब हृदयको मलिनता दूर हुन्छ तब आत्मसत्ता स्वत: प्रकाशित हुन्छ । परन्तु गुरु-शास्त्रको कल्पना द्वैतमा हुन्छ, त्यो कल्पना द्वैत संसारको नाशक हुन्छ ।

परमार्थको अपेक्षाले शास्त्र र गुरु भन्नु पनि द्वैतकल्पना हो । अज्ञानीको अपेक्षा गुरु र शास्त्रले शिष्यलाई कृतार्थ तुल्याउँछन् र यसको अभ्यासले जीव आत्मपद प्राप्त गर्छ । अज्ञानी मानिस पहिले भोगको लागि शास्त्रको सेवा गर्छ जस्तो कीरक जाति दाउराको निमित्त वनको सेवा गर्थे । शास्त्र एक छ, पदार्थ धेरै छन्, रुचि अनुसार जेको लागि अभ्यास गर्छ त्यही सिद्ध हुन्छ । शास्त्रमा भोग पनि छ र मोक्ष पनि छ । अज्ञानी भोगको निमित्त यत्न गर्छ, त्यो पनि धन्य हो, किनकि शास्त्रको सेवा त गर्न लाग्यो नि । सेवा गर्दा गर्दा कालान्तरमा आत्मपदरूपी चिन्तामणि प्राप्त हुनेछ । वास्तवमा आत्मपद प्राप्त गर्नको लागि नै शास्त्रको श्रवण र अभ्यास गर्नुपर्छ । आत्मपद प्राप्त भएपछि सबैतिर समभाव हुन्छ । जस्तो सूर्यको उदय भए सबैतिर प्रकाश फैलिन्छ त्यस्तो ज्ञानको उदय भए सर्वत्र समता प्रकाशित हुन्छ, सुषुप्तिको जस्तो स्थिति हुन्छ, अर्थात् द्वैत र एकको कलना पनि शान्त हुन्छ र अनुभव स्वरूपमा जाग्दछ । यी सब कुरा सन्तको संगत र शास्त्रको विचार तथा अभ्यासबाट संभव हुन्छन् । जो संसारसमुद्रको पार पुऱ्याउन समर्थ छन् ती नै सन्तजन हुन्, उनको संगतले आत्मपद प्राप्त हुन्छ ।

गुरु र शास्त्र नेति-नेति भनेर आत्मालाई जनाउँछन् अर्थात् अनात्माको निषेध गरेर आत्मतत्त्वलाई शेष राख्छन् । जब अनात्म धर्मको त्याग हुन्छ तब आत्मपद शेष रहन्छ । त्यसलाई जानेपछि फेरि जान्नुपर्ने कुरा बाँकी रहदैन । त्यसलाई जान्न यत्न पनि चाहिँदैन, केवल आवरण हटाउनको लागि यत्न चाहिन्छ । जस्तो सूर्यको अगाडि बादल लाग्यो भने सूर्यलाई प्रकाशित गर्न यत्न चाहिँदैन, केवल बादल हटाउन यत्न गर्नुपर्छ त्यस्तै गुरु र शास्त्रको यत्नले जब अहंकाररूप आवरण निवृत्त हुन्छ तब आत्मा स्वत: प्रकाशित भइहाल्छ । सत्त्वगुणी गुरु र शास्त्रबाट जब तमोगुण र रजोगुणको अभाव हुन्छ तब अनुभव ज्योतिस्वरूप आत्मा अकस्मात् प्रकाशित हुन्छ । आत्मप्रकाश पाएर जीव उन्मत्त हुन्छ र संसारको कल्पना रहदैन । जस्तो कामी पुरुष सुन्दरी स्त्रीलाई देखेर उन्मत्त हुन्छ र अरू कुरा भुल्छ त्यस्तै ज्ञानी आत्मपद पाएर उन्मत्त हुन्छ र संसार विस्मृत हुन्छ । ज्ञानवान् परम ऐश्वर्यशाली हुन्छ । त्यसको साधन हो केवल शास्त्रको विचार, जस्तो वनको सेवन हो चिन्तामणि प्राप्तिको साधन ।

(२७९) विश्रामप्रकटीकरण

वसिष्ठले भन्नुभो, हे राम ! यो सम्पूर्ण सिद्धान्त मैले तिमीलाई विस्तारपूर्वक बताएको छु । यसको श्रवण र विचारबाट मूर्ख पनि निरावरण हुन्छ, झन उत्तम पुरुषको ता सहजरूपमा नै आवरण भंग भइहाल्छ ।

हे राम ! अब तिमी विदितवेद्य भएका छौ, (१) पहिले उत्पत्तिप्रकरणमा बताइयो कि चित्त किम्वा सम्वेदनबाट जगत्को उत्पत्ति भएको छ । (२) फेरि स्थितिप्रकरणमा भनियो कि जगत्को स्थिति यसप्रकार भएको छ, अर्थात् संवेदनको स्फुरणबाट जगत् उत्पन्न भएको छ र स्फुरणको दृढताबाट जगत्को स्थिति भएको छ । (३) त्यसपछि उपशमप्रकरणमा भनिएको छ कि मन यसप्रकार स्फुरणरहित हुन्छ । जब चित्तको उपशम हुन्छ तब परम कल्याण हुन्छ । मनको स्फुरणको नाम हो संसार । मनको उपशम भए संसारको कल्पना मेटिन्छ । अब मलाई थाहा भयो कि तिमीं बोधवान् भयौ ।

हे राम ! मैले तिमीलाई आत्मज्ञानको उपाय र ज्ञान प्राप्त भएका पुरुषको लक्षण पनि बताएँ । अब फेरि संक्षेपले बताउँछु । बाल अवस्थामा नै सन्तजनको संगत र सत्शास्त्रको विचार गर्नुपर्छ । जब शुभ आचार र अभ्यासद्वारा यो आत्मपद प्राप्त हुन्छ तब समता र सौहार्द प्राप्त हुन्छ अर्थात् ज्ञानी सबैको सुहृत् (मित्र) हुन्छ । ज्ञानी पुरुषलाई समता, मुदिता र सुहृदतारूपी लक्ष्मीले अङ्कमाल गर्छिन् र ऊ सदा प्रसन्न रहन्छ । ज्ञानीको मुखमण्डल उत्तम चिन्तामणि झैं उज्वल कान्तिले सुशोभित हुन्छ । ज्ञानवान्मा रागद्वेष हुँदैन, ऊ सदा प्रसन्न रहन्छ । समदृष्टिसम्पन्न पुरुष आनन्दले जगत्मा विचरण गर्छन्, खान, पान, लेन, देन आदि प्रकृत आचार गर्छन् । यस्तो पुरुष ब्रह्मा आदिको पनि पूजनीय हुन्छ । ऊ सबैको संमानको पात्र हुन्छ । मानिसहरू उसको दर्शन पाएर प्रसन्न हुन्छन् ।

ज्ञानीको दृढरूपमा समताको अभ्यास भएको हुन्छ । त्यसैले जस्तोसुकै अवस्था पर्न आए पनि ज्ञानी समता भावबाट चलायमान हुँदैन । जसले समयक् आत्मज्ञान प्राप्त गरेको छ ऊ सुख-दुःखबाट चलायमान हुँदैन, ज्ञानी र अज्ञानीको प्रारब्ध भोग समान हुन्छ, तर अज्ञानी राग-द्वेषले जल्छ, ज्ञानी चाहिं दृढ समझले गर्दा सन्तप्त हुँदैन । सबै अवस्थामा ज्ञानीको समभाव रहन्छ । आत्मपदको साक्षात्कारबाट जुन फल मिल्छ त्यो तप, तीर्थ, दान र यज्ञबाट मिल्न सक्तैन । जब आफ्नो विचारबाट ज्ञान उत्पन्न हुन्छ तब सब भ्रान्ति निवृत्त हुन्छ र सब जगत् आत्मरूप देखिन्छ । यस्ता समदृष्टिसम्पन्न ज्ञानी प्रकृत आचारमा रहनुहुन्छ तर निश्चयमा उहाँ सदा निर्गुण रहनुहुन्छ । अद्वैतनिष्ठ ज्ञानीमा ग्रहण त्यागको भ्रान्ति निवृत्त भइसकेको हुन्छ, त्यसैले उहाँ भ्रमले रहित भएर प्रारब्ध अनुसार चेष्टा गर्नुहुन्छ ।

गृहस्थीमा ज्ञान भए गृहस्थीमा नै रहन्छन् । राज्य गर्दा ज्ञान प्राप्त भए राज्य गरेर नै रहन्छन् । ब्राह्मणले ज्ञान गरे ब्राह्मणकै कर्ममा निष्ठा राख्छ । क्षत्रिय, वैश्य र शूद्रले जुन वर्णाश्रममा रहेर ज्ञान प्राप्त गरेका छन् त्यही अनुसार कर्म गर्छन् ।

कुनै ज्ञानी गृहस्थीमा रहेका हुन्छन्, कुनै राज्य गर्छन्, कुनै संन्यासी हुन्छन् । कोही वनमा घुमछन्, कोही पर्वतका कन्दारामा ध्यान गरेर रहन्छन् । कोही नगरमा रहन्छन् । कुनै ज्ञानी मथुरा, केदारनाथ, प्रयाग, जगन्नाथ आदि तीर्थमा रहन्छन् । कोही देवतापूजन आदि कर्म गर्छन्, कोही अग्निहोत्र कर्म गर्छन् र कोही म जस्तै जप गर्छन् । कोही उदयाचल पर्वतमा र कोही अस्ताचल पर्वतमा रहन्छन् । कोही मन्दराचल, हिमाचल आदि पर्वतमा विचरण गर्छन् । कोही शास्त्र विहित कर्म गर्छन्, कोही अवधूत भएर रहन्छन् । कोही भिक्षाजीवी हुन्छन्, कोही दुर्वासा झैं

कठोर वचन बोलने हुन्छन् । कोही बाहिर अज्ञानी जस्ता भएर घुमदछन् र कोही विद्याध्ययन आदि नानाप्रकार चेष्टा गर्छन्, किनकि यी चेष्टा स्वाभाविकरूपले भइरहन्छन्, किन्तु आयासपूर्वक (चित्तसित मिलेर) केही गर्दैनन् । शुभकर्म वा अशुभ कर्म गरेर पनि ज्ञानवान्लाई बन्धन हुँदैन । अज्ञानी पुण्य कर्मले स्वर्गसुख भोग्छ र पापकर्मले नरकको दुःख भोग्छ । जो निष्कामरूपले शुभ कर्म गर्छ उसको अन्तःकरण शुद्ध हुन्छ र त्यो सत्संग र सत्-शास्त्रको अभ्यास गर्छ ।

हे राम ! अर्धप्रबुद्ध मानिस पाप कर्ममा लाग्यो र आत्माको अभ्यास छोड्यो भने त्यो उभयभ्रष्ट हुन्छ अर्थात् न स्वर्ग प्राप्त हुन्छ, न ज्ञान हुन्छ ।

हे राम ! तप, दान र तीर्थादिको सेवनबाट पनि आत्मपद प्राप्त हुँदैन । जब विचार उत्पन्न हुन्छ र आत्मपदको अभ्यास हुन्छ तब आत्मपद मिल्छ । आत्मपद प्राप्त भएपछि मनुष्य निःशङ्क हुन्छ । चेष्टा, व्यवहार गरेको देखिन्छ तापनि उसको चित्त शान्त हुन्छ । जस्तो ताम्रधातु पारसमणिको स्पर्शले सुवर्ण बन्छ, तर आकार उस्तै रहन्छ र ताम्रभावलाई त्यागेको हुन्छ त्यस्तै आत्मपदको स्पर्शले चित्त शान्त हुन्छ, तर चेष्टा भने उस्तै (पहिलेको जस्तै) हुन्छ र जगत्को सत्यता नष्ट हुन्छ ।

हे राम ! अब तिमी स्वरूपमा जागेका छौ र निःशङ्क भएका छौ । राग-द्वेष नष्ट भयो र निर्विकार आत्मपद प्राप्त भयो । हे राम ! तिमीले जन्म, मरण, घटनु, बढनु, युवा हुनु, वृद्ध हुनु आदि सर्वविकारले रहित आत्मपद प्राप्त गरेका छौ । सर्वाधिष्ठान परमशुद्ध चैतन्य प्राप्त भयो । जो जान्न योग्य थियो त्यो तिमीले जान्यौ । अब जान्नुपर्ने केही बाँकी छैन । मैले पनि जो बताउनु पर्ने कुरा थियो त्यो सबै बताएँ । अब तिमी निःशङ्क भएर विचरण गर । तिम्रो कुनै संशय छैन । तिमीले क्षयातिशयरहित पद पाएका छौ, अर्थात् तिमीले सर्वोत्तम अविनाशी पद पाएका छौ ।

बाल्मीकिले भने, हे साधु ! यति भनेर जब वसिष्ठजी चूप लागनु भयो तब सबै श्रोतृगण परम निर्विकल्प पदमा स्थित भए । जस्तो वायुरहित कमलमा बसेको भ्रमरो पुष्परस लिएर स्थिर हुन्छ त्यस्तै ब्रह्मानन्दरसमा निमग्न भएर सबै श्रोताहरू शान्त भए । मनुष्य, सिद्ध र देवतामात्र होइन, त्यहाँ रहेका पशु, पक्षी पनि शान्त भए ।

सिद्धहरूले भने, हे वसिष्ठजी ! यस्तो मोक्षको उपाय कहीं सुन्न पाएका थिएनौ । तपाईंको मुखारविन्दबाट श्रवण गरेर हामी बहुतै प्रसन्न र कृतार्थ भएका छौं ।

देवता, सिद्ध, गन्धर्वहरूबाट वसिष्ठका उपर पुष्पवृष्टि भयो । दशरथ महाराजले उठेर नमस्कार गर्दै भने, हे मुनीश्वर ! तपाईंबाट सम्पूर्ण शास्त्रको श्रवण गरेर हामी पनि पूजनीय भएका छौं । तपाईंको पूजा कुन सामग्रीले गरौं, सबै पदार्थ कल्पित हुन् । सत्य कुरा त तपाईंबाट नै पाएका छौं, तैपनि यथाशक्ति पूजा गर्छौं । हे मुनीश्वर ! चार पुत्रसहित सम्पूर्ण राज्य र मैले कमाएको यश तपाईंको चरणमा अर्पण गर्छु, - यति भनेर दशरथ महाराजले वसिष्ठको चरणमा शिर निहुराए ।

वसिष्ठले भन्नुभो, हे राजन् ! तपाईं धन्य हुनुहुन्छ, जसको यत्रो श्रद्धा छ । हामी त ब्राह्मण हौं । हाम्रो राज्य गर्ने संस्कार कहाँ छ र ? राज्य त क्षत्रियले नै गर्छन् । तपाईं मेरो आत्मीय

हुनुहुन्छ र तपाईंका चार पुत्र पहिले देखिनै आत्मीय छन् । तपाईंको प्रणामबाट म सन्तुष्ट भएको छु । यो राज्यको प्रसाद तपाईंलाई नै दिएको छु ।

वाल्मीकिले भने, हे भरद्वाज ! त्यसपछि राम, लक्ष्मण, भरत, शत्रुघ्न र राजर्षि, ब्रह्मर्षि आदि सबैबाट अर्घ्य, पाद्यादि पूर्वक वसिष्ठको पूजा भयो । त्यहाँ उपस्थित व्यास, वामदेव, विश्वामित्र, नारद, भृगु, अत्रि आदि मुनिहरूले भने, हे मुनीश्वर ! हाम्रो हृदयमा जो जन्मान्तरको मल थियो त्यो नष्ट भयो । यद्यपि हामी पूर्ण ज्ञानवान् थियौं तापनि पूर्वजन्मको स्मृतिरूप मल बाँकी थियो । आगोमा सुन राखेपछि सुनको मल नष्ट भए झैं तपाईंको वचनबाट हाम्रो स्मृतिरूप मल नष्ट भयो । हाम्रो जन्म नै थिएन भने त्यसको स्मृति वास्तव होइन । हामी आफ्नो स्वरूपमा स्थित भएका छौं । तपाईं सम्पूर्ण विश्वका गुरु र ज्ञानको अवतार हुनुहुन्छ, तपाईंलाई नमस्कार छ । यी दशरथ राजा धन्य हुन् र यिनका पुत्र राम साक्षात् विष्णु भगवान् हुन्, जसको कृपाले हामीले पनि मोक्षको उपाय सुन्न पायौं ।

अन्तमा रघुकुल -शिरोमणि रामले भने, हे भगवन् ! अब मैले परम शान्ति प्राप्त गरेको छु, आफ्नो स्वरूपमा स्थित भएको छु, कुनै कल्पना छैन, शेष विशेष केही देख्तिन, केवल आफ्नो पूर्ण रूप नैं देख्छु । अब मेरो कुनै संशय छैन र कुनै इच्छा पनि छैन, म पूर्ण निर्विकल्प पदमा स्थित भएको छु । आफूदेखि भिन्नरूपले जगत् भासित हुँदैन, सब आफनै रूप देखिन्छ । अब तपाईंले जो भन्नु भयो, त्यही गर्छु । अब मेरो कुनै शोक छैन । राज्य गर्नु, खानु, पिउनु, हिंडनु, बसनु आदि कर्म तपाईंले भने अनुसार नै गर्नेछु । तपाईंको प्रसादले मेरो लागि सब समान छन् ।

(२८०) निर्वाणवर्णन

वाल्मीकिले भने, हे भरद्वाज ! रामको अनुभव सुनेपछि वसिष्ठले भन्नुभो, हे राम ! अब तिमीले यथार्थ जान्यौ । केही सोधने इच्छा भए सोध । रमले भने, हे मुनिवर ! तपाईंको प्रसादले परम विश्रान्ति पाएको छु र जाग्रत्, स्वप्न र सुषुप्तिको कलनाले रहित छु । जाग्रत् जगत् पनि मलाई सुषुप्ति झैं भासित हुन्छ । अब कुनै कुरा श्रवण गर्ने इच्छा छैन । म अज, अविनाशी, अनन्त, शान्त, सदा आफैंमा स्थित आत्मा हुँ, यस्तो मलाई नमस्कार छ । अब प्रलयको हावा चलेपनि, समुद्र उर्लेर आए पनि र नानाप्रकारको क्षोभ भए पनि मेरो चित्त स्वरूपबाट चलायमान हुनेछैन । त्रिलोकको राज्य प्राप्त भए पनि चित्तमा हर्ष हुनेछैन । म सत्तासामान्यमा स्थित छु ।

रामले यति भनेपछि मध्यान्ह सन्ध्याको समय भएको हुनाले वसिष्ठले सबैलाई विदा दिनु भयो । उहाँलाई नमस्कार गरेर सबै आ-आफ्नो स्थान तिर लागे । केवल राम हात जोडेर अगाडि खडा थिए । वसिष्ठले भन्नुभो, हे राम ! सुन्न योग्य कुरा तिमीले सुन्यौ, अहिले तिमी कृतकृत्य भएका छौ र तिमीले रघुवंशीको कुललाई तार्‍यौ । भावी पिंडीलाई पनि तिमीले बाटो देखाइदिएका छौ ।

हे राम ! तिमी सत्तासामान्यमा स्थित भएका छौ । अब विश्वामित्रको साथमा लागेर उनले भने अनुसार कार्य गर, तिम्रो कल्याण हुनेछ । रामले भने, हे मुनीश्वर ! अब मेरो शरीरसित पनि

कुनै प्रयोजन छैन । राज्यको भोग गरेर पनि मलाई सुख-दुःखले स्पर्श गर्नेछैन । इन्द्रियको इष्ट - अनिष्टमा पनि मेरो हर्ष-शोक हुँदैन । म सबभन्दा उत्तम पदमा प्राप्त भएको छु । म सकल कलनारहित अविनाशी, अव्यक्तरूप, निरन्तर आफनै स्वरूपमा स्थित, निराकार, निर्विकार हुँ । मेरो संशयरूप रोग निवृत्त भयो । म ज्ञानामृतले तृप्त भएको छु र निःशङ्क भएर स्वरूपमा स्थित छु ।

(२८१) चिदाकाश-जगदेकताप्रतिप्रादन

वसिष्ठले भन्नुभो, हे राम ! दृढ अभ्यासको लागि फेरि बताउँछु, सुन । जस्तो सिसा जति जति मार्जन गर्‍यो त्यति त्यति उज्वल हुन्छ त्यस्तो बारम्बार सुनेपछि अभ्यास दृढ हुन्छ । जति पनि जगत् देखिन्छ त्यो सब चिदानन्द स्वरूप हो । पहिले जो भानरूप छ त्यही भासित हुन्छ । भानरूप वस्तु चेतन हो । जति पनि पदार्थ भासित हुन्छन् ती सब चेतनरूप हुन् । जस्तो पृथ्वी, जल आदि अर्थको परित्याग भए शब्द एक हो, अर्थात् अर्थ रहित शब्द एक हो त्यस्तो यो सब एक चैतन्यमात्र हो । चित्तको कल्पनाले भिन्न भिन्न पदार्थ भासित हुन्छन् । चेतन देखि भिन्न अरू वस्तु छैनन् । जो भासित हुन्छ त्यो चेतनको नै आभास हो । अधिष्ठानसत्तामा जो आभास भासित हुन्छ त्यो अधिष्ठानरूप नै हो, भिन्न केही छैन । हे राम ! स्वप्नको विचार गरेर हेर कि तिम्रो अनुभव नै नानाप्रकारको जगत् भएर भासित हुन्छ, तर केही बनेको छैन, त्यस्तै यो जाग्रत्- जगत् पनि तिम्रो आफनै रूप हो, दोस्रो केही छैन, सदा निराकार, निर्विकार र आकाशरूप आत्मसत्ता आफू आफैमा स्थित छ ।

रामले सोधे, हे भगवन् ! निराकार आत्मसत्ता आफू आफैमा स्थित छ भने पृथ्वी आदि पदार्थ, देश, काल आदि कहाँबाट उत्पन्न भयो ? दृढबोधको लागि बताउनु होस् । वसिष्ठले भन्नुभो, हे राम ! स्वप्नमा पृथ्वी आदि र देश, काल कहाँबाट उत्पन्न हुन्छन्, तिमी आफैं भन ।

रामले भने, हे मुनीश्वर ! स्वप्नमा जो पृथ्वी, जल, अग्नि, वायु, आकाश, देश, काल, पदार्थ देखिन्छन् ती सब आत्मरूप नै हुन् । असम्यग्दर्शी भिन्न भिन्न पदार्थ देख्छ, तत्त्वज्ञानी आत्मसत्तालाई नै जस्ताको त्यस्तो देख्छ । आत्मा नै जगद्रूपले देखिन्छ । जब कठोररूपको संवेदन फुर्छ तब पृथ्वी, पर्वत आदि ठोस पदार्थ भासित हुन्छन् । जब द्रवताको स्पन्दन फुर्छ तब जलरूप देखिन्छ । जब उष्णरूपको संवेदन फुर्छ तब अग्नि भासित हुन्छ । यसैगरी वायु, आकाश र अन्य पदार्थ स्फुरणबाट उत्पन्न भएका छन्, ती सब अधिष्ठान आत्मामा कल्पित भएका हुनाले आत्मादेखि भिन्न होइनन् । आत्मसत्तामा जस्तो स्फुरण हुन्छ त्यस्तै भासित हुन्छ । अनुभव सत्ता परम आकाशरूप हो ।

(२८२) जगदभाववर्णन

रामले प्रश्न गर्दै भने, हे भगवन् ! जाग्रत् र स्वप्नमा कुनै भेद छैन, त्यो परम आकाशरूप हो, तब त्यो निरवयव र निराकार सत्ताको जाग्रत् र स्वप्नको शरीरका साथ कसरी संयोग भयो ? उत्तरमा वसिष्ठले भन्नुभो, हे राम ! यी जो आकार तिमी देखछौ ती सब आकाशरूप हुन् र आकाश आकाशमा स्थित छ । सर्गको आदिमा आकार थिएन, त्यसो भए अहिले पनि आकार छैन ।

परम आकाशसत्ता आफैंमा स्थित छ । जब त्यो अद्वैत चिन्मात्रसत्तामा चित्तरूप किञ्चन हुन्छ तब त्यही सत्ता आकारवान् झैं देखिन्छ, तर केही भएको छैन । जस्तो जीव स्वप्नमा शरीरको अनुभव गर्छ, तर त्यहाँ आकार त कुनै छैन, केवल आकाशरूप हो त्यस्तो यो जगत् पनि निराकार हो । फुर्नाले साकार भएर भासित हुन्छ । जुन तत्त्वबाट शरीर बन्ने हो ती तत्त्व नै उत्पन्न भएका छैनन् तब शरीरको उत्पत्ति कसरी बताऊँ ?

हे राम ! जगत् कुनै उत्पन्न भएको वस्तु होइन । ब्रह्म नै किञ्चनले जगद्रूप भएर भास्तछ । जस्तो जल र द्रवतामा भेद छैन, आकाश र शून्यतामा भेद छैन त्यस्तै ब्रह्म र जगत्मा भेद छैन ।

यो जगत् कसबाट उत्पन्न भएको छ भन्ने रामको प्रश्नमा वसिष्ठले भन्नुभो, हे राम ! वेद-पुराणमा बताएको छ र लोकमा पनि प्रसिद्ध छ कि ब्रह्माजीबाट जगत् उत्पन्न भएको छ, तर वास्तवमा ब्रह्माजी चिदाकाशरूप हुनुहुन्छ । त्यसकारण जगत् उत्पन्न भएको छैन । जल नै तरङ्गरूप भए झैं ब्रह्म नै जगत्रूप भएर देखिन्छ । यो जगत् ब्रह्मको हृदय हो, अर्थात् उसैको स्वभाव हो । जस्तो स्वप्नबाट जागेपछि स्वप्नको जगत् आफनै रूप भासित हुन्छ त्यस्तो यो जगत् आफ्नो रूप हो ।

(२८३) राजा प्रज्ञप्तिका प्रश्नावलि

वसिष्ठले भन्नुभो, हे राम ! कारण नभएकोले जगत् छैन, त्यसैले सब ब्रह्म हो । यस विषयमा एक उपाख्यान सुन । कुशद्वीपको पूर्व र पश्चिम दिशाको बीचमा एक अत्यन्त उज्वल इलावती नामको सुवर्णनगरी छ । त्यहाँ प्रज्ञप्ति नामका राजा थिए । एक समय आकाशमार्गबाट म उनको घरमा पुगें । उनले पूजा गरीकन मलाई उच्च सिंहासनमा बसालेर मसित कठिन महाप्रश्नको साथै अरू धेरै प्रश्न गरे ।

(१) राजाले भने, हे मुनीश्वर ! तपाईं संशयरूपी तमको नाशक सूर्य हुनुहुन्छ । मेरो एक संशय छ त्यो दूर गरिदिनुहोस् । पहिलो प्रश्न यो छ कि जब महाप्रलय हुन्छ तब कार्य, कारण र शब्दको कल्पनाको अभाव हुन्छ । त्यसपछि महाकाशरूप ब्रह्मचैतन्यमात्र शेष रहन्छ, जसमा वाणीको गति छैन । शास्त्रमा महाप्रलयको पछि फेरि सृष्टि हुन्छ भनेको छ । उपादानकारण र निमित्त कारणविना सृष्टि कसरी हुन्छ ?

(२) द्वितीय प्रश्न यो छ कि मृत्यु अनन्तर शरीरलाई जलाइदिन्छन् । परलोकमा पाप र पुण्यको फल दुःख र सुख भोगनको लागि शरीर ग्रहण गर्नुपर्‍यो । कारणविना त्यो शरीर कसरी उत्पन्न हुन्छ । माता-पिताको संयोगबाट शरीर उत्पन्न हुन्छ भन्न पनि सकिदैन, किनकि त्यहाँ माता-पिता हुँदैनन् । पाप र पुण्यलाई शरीरको कारण मान्न पनि सकिदैन, किनभने पाप-पुण्य निराकार छ, निराकारबाट साकार शरीर कसरी उत्पन्न होला ? कुनै परलोक छैन, पाप-पुण्य पनि छैन भन्न पनि सकिदैन, त्यसो भनेमा श्रुति-स्मृतिसित विरोध हुन्छ ।

(३) परलोकका लागि जीव दान, धर्म गर्छ, त्यसको फल वहाँ कसरी प्राप्त हुन्छ ?

(४) महाप्रलयमा केवल अद्वैत ब्रह्म शेष रहन्छ । सृष्टिकालमा त्यही अद्वैत तत्त्वबाट ब्रह्माजी उत्पन्न भएका छन् तब तिनको नाम कसरी स्वयंभू रहन गयो ?

(५) पञ्चम प्रश्न यो छ कि एकजना मानिसको एक मित्र र एक शत्रु थियो । दुवैजनाले प्रयागमा गएर प्राणत्याग गरे । प्राणत्याग गर्ने बेलामा मित्रले भन्यो कि मेरा मित्र चिरञ्जीवी होउन्, शत्रुले संकल्प गऱ्यो कि मेरो शत्रु अहिले नै मरिजाओस् । एकै समयमा दुइटा फल कसरी होला ?

(६) हजार मानिसले ध्यान लगाएर संकल्प गरे कि हामी यही आकाशका चन्द्रमा होऔं, तब एउटै आकाशमा हजार चन्द्रमा कसरी होलान् ?

(७) हजार जना पुरुष ध्यान लगाएर बसेका थिए । तिनको अगाडि एक सुन्दरी स्त्री बसेकी थिइन्, तिनलाई देखेर प्रत्येकले संकल्प गरे कि यी सुन्दरी मलाई मिलुन्, तर ती स्त्री पतिव्रता थिइन् । तब एक कालमा उनका सहस्र भर्ता कसरी होलान् ?

(८) एकजना मानिस थियो, उसलाई एक जनाले वर दियो कि तिमी घरमा गएर मर र सप्तद्वीपको राज्य गर । अर्कोले शाप दियो कि मरेपछि तिम्रो जीव घरबाट बाहिर जानेछैन । अब यी दुई कुरा एकै कालमा कसरी होलान् ?

(९) नवम प्रश्न यो छ कि एउटा काठको खम्भा थियो । एकजनाले भन्यो कि यो खम्भा सुनको भइजाओस्, तब त्यो खम्भा सुनको भयो । करणविना त्यो कसरी सुन बन्न गयो? हे मुनीश्वर ! कृपा गरेर यी मेरा प्रश्नको समाधान गरिपाऊँ ।

(२८४) प्रश्नोत्तर वर्णन

सबै प्रश्नको समाधान गर्दै वसिष्ठले भन्नुभयो, हे राजन् ! यो जो जगत् देखिन्छ त्यो ब्रह्मरूप हो र ब्रह्म सदा आफैंमा स्थित छ । जब उसमा चित्त फुर्छ तब चित्त (संवेदन) जगत्रूप भएर देखिन्छ । त्यसकारण जति आकार देखिन्छन् ती सब चिन्मात्ररूप हुन् । कार्य, कारण केही छैन । जो तिमीले प्रत्यक्ष प्रमाणलाई लिएर संशय गरेका छौ त्यो सब चिन्मात्र हो । त्यसो भए मृत शरीरमा चेतना (ज्ञान) किन हुँदैन भनौला, यसको उत्तर यो हो कि जब जाग्रत्को अन्त हुन्छ र स्वप्न आएको छैन त्यो बीचमा शुद्ध चिन्मात्र रहन्छ, त्यसमा जो स्वप्नको सृष्टि देखिन्छ त्यहाँ कैयौं, चेतन, मृतक, जड र स्थावर-जङ्गम नानाप्रकारको सृष्टि देखिन्छ, त्यो केही भएको छैन, उही चिन्मात्र तत्त्व हो । त्यसैको आश्रयमा प्राणीहरू बोल-चाल गरेका देखिन्छन्, कहीं शव देखिन्छन्, त्यो सब चिन्मात्र सत्ता हो, उसमा जस्तो संकल्प उठ्छ त्यस्तै देखिन्छ ।

हे राजन् ! जसरी प्रथम प्रलयबाट सृष्टि उत्पन्न भयो त्यसरी नै अरू प्रलयबाट पनि सृष्टि उत्पन्न हुन्छ । यो सृष्टिको कुनै कारण छैन । विनाकारण उत्पन्न भएको जस्तो देखिन्छ । महाप्रलयमा जो शेष रहन्छ त्यस चिन्मात्र तत्त्वबाट शुद्ध संवेदन उत्पन्न भएको छ त्यो नै

विरट्रूप ब्रह्मा भएर स्थित भएको छ । उनैले जगत्को कल्पना गरे । उनले यो पदार्थ यस्तो होस् भनी जो नीति बनाए त्यो नै कायम छ । त्यो नीति चित्तमा दृढ भएर बसेको छ । यसैको नाम जगत् हो । आत्मसत्ता किञ्चनरूप भएर जगत्रूपमा देखिन्छ ।

हे राजन् ! तिम्रो संकल्प र स्वप्नसृष्टिको आदिमा जो शुद्ध आत्मसत्ता थियो त्यो नै स्फुरणवशात् पदार्थरूप भएर भासित हुन्छ । त्यसैले यो जगत् अकारण हो । प्रत्यक्षप्रमाणलाई लिएर जो कार्य-कारणभाव स्वीकार गर्छन् तिनको वचन अन्धकूपमा बसेको भ्याउतोको टरटर शब्द झैं निरर्थक हुन्छ । तिनको वचन सुन्न योग्य छैन ।

परमार्थसत्ता देखि विमुख भएको मानिस भ्रमले शरीर मर्दा आफू मरेको ठान्दछ, शरीर उत्पन्न हुँदा आफू उत्पन्न भएको ठान्छ र पुण्य-पापजनित सुख-दु:खको अनुभव गर्छ । जस्तो स्वप्नमा आफ्नो साथमा शरीर देखिन्छ त्यस्तो परलोकमा आफ्नो साथमा शरीर भासित हुन्छ, त्यस्तै यो शरीर पनि भासेर आएको हो । यो शरीर कुनै कारणबाट उत्पन्न भएको होइन । आफ्नो कल्पना नै आकाररूप भएर देखिन्छ, त्यो हो ब्रह्मचैतन्य नै । उसमा जस्तो संकल्प दृढ हुन्छ त्यस्तै पदार्थ प्रकट हुन्छ ।

हे राजन् ! यदि यो जगत्लाई सत्य मान्छ भने सब कुछ छ, शरीर छ, परलोक छ, स्वर्ग-नरक छ । जस्तै यो लोक छ त्यस्तै परलोक पनि छ । यो लोक सत्य छ भने परलोक पनि सत्य भएर भासित हुन्छ । प्राणी जस्तो कर्म गर्छ त्यस्तै फल पाउँछ ।

(२८५) प्रश्नोत्तरवर्णन

वसिष्ठले भन्नुभयो, हे राजन् ! यो सब जगत् जो तिमी देखछौ त्यो हो केवल संकल्पमात्र । जस्तो कुनै बालकले मनमा एक वृक्षको कल्पना गर्‍यो र त्यसमा फल र फूल, हाँगा र पातको पनि कल्पना गर्‍यो, त्यो संकल्पमात्र हो त्यस्तै यो जगत् पनि संवेदनरूपी ब्रह्माको कल्पना हो र उनको मनमा फुरेको हो, अतएव संकल्परूप हो । उनले जस्तो रूपको पदार्थ कल्पना गरे र जुन क्रमको रचना गरे त्यहीरूप र क्रमले पदार्थ रहेका छन् । यसरी ब्रह्माको संकल्प अनुसार नै देश, काल र पदार्थको स्थिति बनेको छ, यसैलाई नीति या नियति भन्छन् ।

हे राजन् ! तिम्रो प्रश्न थियो कि कुनै पुरुष अरूप छ र टाढा छ, उसलाई यहाँबाट कसैले दिएको कुरा कसरी पुग्छ र अरूप र सरूपको कसरी संयोग हुन्छ ? यसको उत्तर यो हो कि जो शुद्ध संवेदन पुरुष छ उसको लागि सबै पदार्थ निकट भासित हुन्छन् । कुनै मानिसले मनोराज्यको कल्पना गरेर विशाल देशको रचना गर्‍यो, त्यहाँ लामा लामा मार्ग छन्, एक ठाउँबाट अर्को ठाउँमा पुग्न धेरै दिन लाग्छ, तर जसको मनोराज्य हो उसको लागि त ती सब नजीक भन्दा पनि नजीक छन् किनकि त्यो आफ्नै रूप हो, यसप्रकार शुद्धसंवेदन भएका व्यक्तिको लागि कसैले जो दिन्छ - चाहे ईश्वरको निम्ति या देवताको निम्ति होस् त्यो पदार्थ उसको निकट भन्दा पनि निकटमा अर्थात् आफैंमा भासित हुन्छ । आदि नियति यस्तै छ कि शुद्धसंवेदनको सबै कुरा आफ्नो निकटमा भासित हुन्छ, किनकि त्यो सब संकल्प त हो, जस्तो संकल्प गर्‍यो त्यस्तै हुन्छ ।

संकल्पमा जे पनि हुनसक्छ । तिम्रो अर्को प्रश्न थियो कि काठको खम्भा कसरी सुनको भयो ? यसको उत्तर पनि सुनिहाल ।

हे राजन् ! आदि संवेदनरूप ब्रह्माले आफ्नो मनोराज्यमा यस्तो नियति (नियम) बनाउनु भयो कि तपस्याबाट जसले सिद्धि प्राप्त गरेका छन् त्यस्ता सिद्धले जो वर या शाप दिन्छन् त्यो सिद्ध हुन्छ । कुनै सिद्धले वर दिए कि त्यो काठको खम्भा सुवर्णको खम्भा बनोस् तब त्यो खम्भा सुवर्ण भयो । वास्तवमा कुरा के हो भने त्यो सुवर्णको हुनु संकल्पमात्र थियो, त्यस्तै यो विश्व संकल्परूप हो । जस्तो संकल्प दृढ हुन्छ त्यस्तै देखिन्छ । जस्तो तिमी आफ्नो मनोराज्यमा जे जस्तो बनाउन चाहन्छौ त्यो त्यस्तै बन्छ, वर या शाप भन्नु पनि त्यस्तै हो ।

अर्को प्रश्न थियो तिम्रो, असत्‌बाट कसरी जगत्‌को उत्पत्ति हुन्छ । यसको उत्तर यो हो कि आदिमा यो जगत् असत् थियो । असत्‌बाट उत्पन्न भएको हुनाले जगत् सत् होइन । श्रुतिले जगत्‌लाई असत् भनेको छ । आत्मा त असत् होइन ।

आत्मा सबको शेष भूत हो । उसमा जब संवेदन फुर्छ तब ब्रह्म अलक्ष्यरूप हुन्छ, तर संवेदन फुर्नु र नफुर्नुमा ब्रह्ममा कुनै विकार हुँदैन - ब्रह्म जस्ताको त्यस्तै रहन्छ, उसको अभाव हुँदैन । जस्तो जलमा तरङ्ग उठ्छ र लीन पनि हुन्छ तर जल जस्ताको त्यस्तो रहन्छ त्यस्तो जगत्‌को भाव-अभावमा अधिष्ठानभूत आत्मा जस्ताको त्यस्तो रहन्छ । आत्माको आभासरूप जगत्‌को उत्पत्ति र नाश हुन्छ । जब जगत् उत्पन्न हुन्छ तब देखिन्छ, जब नाश हुन्छ तब प्रलय हुन्छ, तर उत्पत्ति र प्रलय दुवै आभास हुन् । जस्तो जब वायु चल्छ तब देखिन्छ, जब निश्चल हुन्छ तब देखिदैन, तर दुवै अवस्थामा वायु एकै हुन्छ त्यस्तै आत्मा एकै हो । फुर्नुको नाम जगत्‌को उत्पत्ति हो र अफुर हुनुको नाम जगत्‌को प्रलय हो, त्यो सब आत्माको किञ्चनरूप हो ।

(२८६) राजप्रश्नोत्तरवर्णन

वसिष्ठले भन्नुभो, हे राजन् ! तिमीले प्रयागका दुई पुरुषको प्रश्न गरेका थियौ, त्यसको उत्तर सुन । जो उसको शत्रु बनेको थियो त्यो उसको पाप थियो र उसको जो मित्र बनेको थियो त्यो उसको पुण्य थियो । प्रयागतीर्थ धर्मक्षेत्र थियो । पापरूप वासना अनुसार शत्रु देखिन्छ, तर पुण्यरूपी मित्र पापरूप शत्रुलाई रोक्छ । पुण्यरूपी तीर्थको बलले हृदयबाट अल्प पाप वेगले भाग्दछ । मृत्यु आएमा आफूलाई मरेको जान्दछ र दाजु भाई रोएको देख्छ, तर जब आफूतिर हेर्छ तब जान्दछ कि म ता मरेको छैन । यसप्रकार ऊ आफूलाई मरेको देख्छ र यो पनि देख्छ कि छोरा र दाजू-भाईहरूले उसलाई जलाउन लगिराखेका छन्, उनीहरूले मलाई चितामा राखेर आगो लगाए, म जल्न लागेको छु । जब फेरि पुण्यतिर हेर्छ तब जान्दछ कि म मरेको होइन, म जिउँदैछु । जब फेरि पापतिर हेर्छ तब जान्दछ कि म मरेको छु र मलाई यमदूतले लगिराखेका छन् । यो परलोक हो र यहाँ मैले सुख दुःख भोग्नुपर्छ । जब फेरि पुण्यतिर हेर्छ तब जान्दछ कि म मरेको छैन, म जीवित छु, यी मेरा दाजु-भाई हुन् र मेरो व्यवहार चलिरहेको छ । पुरुष यसरी दुवै अवस्थालाई देख्छ, जस्तो संकल्पनगर र स्वप्ननगरमा उभय अवस्था देख्छ । एउटै पुरुष

नानाप्रकारका चेष्टा देख्छ । कहीं आफूलाई जिउदो देख्छ र कहीं मृतक देख्छ, कहीं व्यवहार देख्छ र कहीं निर्व्यापार देख्छ । यी नानाप्रकारका चेष्टा एकै पुरुषमा हुन्छन्, त्यस्तै एउटै पुरुषको पुण्य र पापको वासनाले बाँचनु र मर्नु देखिन्छ ।

हे राजन् ! यो सम्पूर्ण जगत् संकल्पमात्र हो । जस्तो संकल्प दृढ हुन्छ त्यस्तै रूप भासित हुन्छ । परलोक जानु पनि आफनै वासना अनुसार भासित हुन्छ । पुत्र, बान्धव, शत्रु र मित्र पनि उसको पुण्य-पापवासनामा स्थित छन् । उनीहरू यसको लागि जे गर्छन् त्यसबाट यो सुख, दुःख, स्वर्ग, नरक भोग्छ । तर वास्तवमा कुनै बान्धव र पुत्र छैनन् । उसको वासना नै नानाप्रकार आकार लिएर रहेको छ ।

हे राजन् ! सहस्र चन्द्रमाको विषयमा जो प्रश्न गऱ्यौ त्यसको उत्तर सुन । सहस्र जीव पनि यही आकाशमा स्थित हुन्छन् र आफ्नो आफ्नो वासनाले कलासंयुक्त चन्द्रमा भएर विराजमान हुन्छन् परन्तु एकले अर्कोलाई जान्दैन अर्थात् परस्पर अज्ञात रहन्छन् । अन्तवाहक दृष्टिले हेरेमा एकले अर्कोलाई जान्न सक्तछ । कसैले यस्तो भावना गरोस् कि म उसको मण्डलमा प्राप्त होऊँ, तब तत्कालमा नै त्यहाँ पुग्दछ । जस्तै एक घरमा धेरै जना सुतेका छन्, तिनीहरू आफ्नो आफ्नो स्वप्नको सृष्टि देखछन्, तर ती भिन्न भिन्न हुन्छन् - एक जनाको सृष्टिलाई अर्कोले जान्दैन, त्यस्तै आकाशमा सहस्र चन्द्रमा बन्छन् । जस्तो इन्दु ब्राह्मणका दश जना छोरा दश ब्रह्मा भएर बसेका थिए, जुन रूपको तीव्र भावना हुन्छ त्यही रूप बन्छ । कसैले यस्तो भावना गरोस् कि हामी मन्दिरमा सात द्वीपको राज्य गरौं, तब त्यस्तै भइजान्छ अर्थात् त्यस्तै भएको देखिन्छ ।

वरदानको बलले त्यस पुरुषलाई सप्तद्वीपको राज्य प्राप्त भयो र शापको बलले त्यही घरमा रहेर द्वीपको राज्य गऱ्यो । जस्तो स्वप्नमा राज्य गर्छन् त्यस्तै आफ्नो घरमा आफ्नो संवेदन नै सृष्टिरूप भएर भासित हुन्छ । यसप्रकार जो एक स्त्रीको भावना गरेर सहस्र पुरुष ध्यान लगाएर बसेका थिए कि म त्यस स्त्रीको पति बनौं, तब त्यस्तो नै भइहाल्छ । उनको जो तीव्र भावना छ त्यो नै स्त्रीको रूप लिएर उनलाई प्राप्त हुन्छ । उनीहरू ठान्दछन् कि उही स्त्री हामीलाई प्राप्त भएकी छन् ।

यो जगत् केवल संकल्पमात्र हो, संकल्पदेखि भिन्न कुनै वस्तु छैन । सब चिदाकाशरूप हो । आफनै अनुभवबाट प्रकट हुन्छ । जस्तो संकल्प उसमा फुर्छ त्यस्तै देखिन्छ । पृथ्वी, जल, तेज आदि तत्त्व कुनै छैन, आत्मसत्ता नै यसप्रकार स्थित छ । त्यो परम शान्त, निराकार, निर्विकार र अद्वैतरूप छ ।

राजाले भने, हे मुनीश्वर ! जगत्को आदिमा जो आत्मसत्ता थियो त्यो कुन आकारको देहमा स्थित थियो ? जस्तो दीपकको लागि दियो आदि आधार चाहिन्छ त्यस्तो आत्मसत्ता केमा स्थित थियो ? वसिष्ठले भन्नुभो, हे राजन् ! जति आकार तिमी देख्तछौ र जसलाई देखेर प्रश्न उठाएका छौ, ती छदैछैनन् । ब्रह्मसत्ता नै आफू आफैमा स्थित छ । जुन तत्त्वले बनेका शरीर देखिन्छन् ती पनि मृगतृष्णाको जलसमान हुन् । जस्तो डोरीमा सर्प, सीपीमा चाँदी र आकाशमा दोस्रो चन्द्रमा देखनु भ्रममात्र हो, किनकि यिनको अत्यन्त अभाव छ, त्यस्तै यी भूत (तत्त्व) का आकार ब्रह्ममा भ्रमले देखिन्छन्, ब्रह्मसत्ता आफू आफैमा स्थित छ ।

हे राजन् ! तिम्रो अर्को प्रश्न थियो कि जो स्वयंभू आफैं उत्पन्न हुन्छन् भने अहिले किन उत्पन्न हुँदैनन् ? हे राजन् ऊ जस्तै कैयौं उत्पन्न हुन्छन्, तर वास्तवमा केही उत्पन्न भएको छैन । नानाप्रकारको जगत् भासित हुन्छ तापनि नानाप्रकार भएको छैन । जस्तो स्वप्नमा अद्वैत आफू नै नानारूप भएको देखिन्छ र पर्वतमा दौडन्छ, घुमफिर गर्छ, त्यो कुन शरीरले दौडन्छ र त्यसको के रूप हुन्छ । जस्तो त्यो पर्वत र शरीर आकाशरूप हो र भ्रमले पिण्डाकार देखिन्छ, त्यस्तै यो जगत् पनि आकाशरूप हो, भ्रमले पिण्डाकार देखिन्छ ।

हे राजन् ! तिमी आफ्नो स्वभावमा स्थित भएर हेर कि यो सब जगत् तिम्रो अनुभवरूप हो, आकाशरूप हो । स्वप्नको दृष्टान्त पनि तिमीलाई बुझाउनको लागि बताएको हो । स्वप्न पनि कुनै वस्तु होइन । आत्मसत्ता नै सदा आफू आफैमा स्थित छ । जब उसमा आभास (संवेदन) फुर्छ तब त्यो नै जगत्रूप भएर भासित हुन्छ । जब आभासरूप संकल्प मेटिन्छ तब प्रलयकाल भास्तछ । वास्तवमा न कोही उत्पन्न हुन्छ र न प्रलय हुन्छ । आत्मसत्ता नै जस्ताको त्यस्तो स्थित छ । जस्तो एक निद्राको दुई रूप हुन्छन् - एक स्वप्न र अर्को सुषुप्ति, तर जाग्रत्मा यी दुवै आकाशमात्र हुन्छन् त्यस्तै आभासको दुई संज्ञा हुन्छन् - एक जगत् र अर्को महाप्रलय । तर आत्मरूपी जाग्रत्मा दुवैको अभाव हुन्छ । हे राजन् ! तिमी स्वरूपमा जाग र कलना त्यागेर हेर कि सब आत्मरूप हो, अरू केही छैन ।

हे राम ! राजालाई यसप्रकार भनेर म आसनबाट उठेर खडा भएँ । राजाले प्रीतिपूर्वक मेरो पूजा गरे । त्यसपछि म स्वर्गतिर लागें ।

(२८७) परमार्थोपदेश

रामले प्रश्न गर्दै भने, हे भगवन् ! तपाईं भन्नुहुन्छ कि सब चिदाकाश हो, केही बनेको छैन, तब सिद्ध, साधु, विद्याधर, लोकपाल, देवता इत्यादि जो देखिन्छन्, ती किन केही बनेका छैनन् ? वसिष्ठले भन्नुभो, हे राम ! यी जो सिद्ध, साधु, विद्याधर, देवता, लोक र लोकपाल छन् ती वास्तवमा कोही पनि उत्पन्न भएका छैनन् : ब्रह्मसत्ता नै आफू आफैमा स्थित छ । यी जो प्रत्यक्ष देखिन्छन् ती शुद्ध संकल्पबाट रचिएका हुन्, वास्तवमा केही बनेका छैनन्, भ्रमले यिनको सत्यता भासित हुन्छ । डोरीमा देखिएको सर्प जस्तो असत् हुन्छ त्यस्तो आत्मामा देखिएको यो जगत् असत्य हो । जो यसलाई सत्य मान्छ त्यो असम्यक् दर्शी हो । जो सर्वत्र आत्मा देख्छ त्यो नै सम्यक्दर्शी हो । लोक र लोकपाल आदि जगत् परमार्थमा उत्पन्न भएको छैन । अनुभवसत्ता नै संवेदनले दृश्यरूप भएर भासित हुन्छ, परन्तु स्वरूप देखि भिन्न केही भएको छैन । जस्तो आकाश र शून्यतामा भेद छैन त्यस्तो ब्रह्म र जगत्मा भेद छैन । यस विषयमा एक वृत्तान्त सुन ।

पहिले एक कल्पमा तिमी र हामी भएका थियौं तिमी मेरा शिष्य थियौ र म तिम्रो गुरु थिएँ । एक वनमा तिमीले मसित प्रश्न गरेका थियौ कि हे भगवन् ! मेरो एक संशय छ त्यो निवारण गरिदिनुहोस् । महाप्रलयमा के नष्ट हुन्छ र के अविनाशी तत्त्व बाँकी रहन्छ ? त्यसको उत्तरमा मैले भनेको थिएँ, हे वत्स ! जति शेष-विशेषरूप जगत् छ त्यो सब नष्ट हुन्छ जस्तो स्वप्नको नगर

सुषुप्तिमा लीन हुन्छ र निर्विशेष ब्रह्मसत्ता शेष रहन्छ । क्रिया, काल, कर्म, पृथ्वी, जल, तेज, वायु, आकाश, पर्वत, नदी आदि जो जगत् क्रिया, काल र द्रव्यले युक्त छ त्यो सब नष्ट हुन्छ र ब्रह्मा, विष्णु, रुद्र र इन्द्र यिनको पनि नाम निशाना रहदैन । चैतन्यको लक्षणरूप संवेदनशक्ति पनि रहदैन, केवल अचेत्य चिन्मात्र एक चिदाकाश नै शेष रहन्छ ।

शिष्यले भने, हे मुनीश्वर ! सत्य वस्तुको नाश कहिले पनि हुँदैन र जो असत्य हुन्छ त्यो आभासरूप हो, तर यो जगत् त विद्यमान देखिन्छ, त्यो महाप्रलयमा कहाँ जाला ? गुरुले भन्नुभो, हे तात ! जो सत्य छ त्यसको नाश कहिले पनि हुँदैन र जो असत्य छ त्यसको भाव हुँदैन । त्यसकारण जो कुछ जगत् देखिन्छ त्यो सब भ्रममात्र हो । जस्तो स्वप्नमा जाग्रत्को र जाग्रत्मा स्वप्नको अभाव हुन्छ तब त्यो सृष्टि कहाँ जान्छ ? जस्तो जाग्रत्मा स्वप्नको सृष्टिको अभाव हुन्छ त्यस्तै महाप्रलयमा यसको अभाव हुन्छ ।

शिष्यले सोधे, हे भगवन् ! यो जो देखिन्छ त्यो के हो र जो देखिंदैन त्यो के हो ? यसको रूप के हो र यो चिदाकाशबाट कसरी उत्पन्न भयो । गुरुले भन्नुभो, हे शिष्य ! जब शुद्ध चिदाकाशमा किञ्चन (संवेदन) फुर्छ तब जगत्रूप भएर देखिन्छ । त्यसो हुनाले जगत्को रूप पनि चिदाकाश नै हो । चिदाकाशदेखि भिन्न केही छैन । सृष्टि र प्रलय दुवै उसैको रूप हो । जब संवेदन फुर्छ तब सृष्टि देखिन्छ र जब फुर्दैन तब प्रलयरूप भासित हुन्छ, तर दुवै उसैका रूप हुन् । जस्तो एक शरीरमा दुई रूप हुन्छन् - दाँतले सेतो रूप र केशले कालो रूप हुन्छ त्यस्तै आत्मामा सर्ग र प्रलय दुई रूप हुन्छन्, तर दुवै आत्मरूप हुन् । हे तात ! जो कुछ तिमी देख्छौ त्यो सब चिदाकाशरूप हो, अरू केही होइन । ब्रह्मसत्ता नै आफू आफैमा स्थित छ ।

शिष्यले भने, हे भगवन् ! मैले यो बुझें कि द्रष्टा नै दृश्यरूप भएर भास्तछ, त्यसकारण जगत् भन्ने केही छैन, सब उही हो ।

गुरुले भन्नुभो, हे तात ! कुरा त्यही हो । जगत् कुनै वस्तु होइन, चिदाकाश नै जगत्रूप भएर देखिन्छ । आत्मसत्ता नै यसप्रकार भासित हुन्छ, अरू केही छैन, किनकि सब उसैको किञ्चन (आभास) हो । सबैमा सर्वदा सर्वप्रकारले उही आत्मा सृष्टिरूप भएर फुर्छ । जसलाई तिमी सर्ग र प्रलय भन्छौ ती सब आत्मसत्ताकै नाम हुन् । घट, पट, नदी, पर्वत, पृथ्वी जल, तेज, वायु, आकाश, देश, काल, अस्ति, नास्ति, शून्य, अशून्य, मूर्त, अमूर्त, बन्ध, मोक्ष आदि जुन पदार्थ सिद्ध हुन्छन् ती सब आत्मरूप हुन् । त्यसो हुनाले तृण पनि कर्ता, भोक्ता र सर्वेश्वर हो, घट पनि कर्ता, भोक्ता र सर्वेश्वर हो, त्यस्तै मनुष्य पनि कर्ता, भोक्ता र सर्वेश्वर हो ।

यसप्रकार एक-एक वस्तु कर्ता, भोक्ता र सर्व ब्रह्मरूप हो । शुद्ध दृष्टिले हेर्दा सब चिदात्मा नै भासित हुन्छ जो सर्वदु:खबाट रहित छ । जसको आत्मदृष्टि प्राप्त भएको छैन त्यो भिन्न-भिन्न जगत् देख्तछ, तर त्यो अनुभव स्वरूप देखि भिन्न होइन । यस्तो जानेर आफ्नो स्वरूपमा स्थित रहू ।

हे राम ! यसप्रकार मैले तिमीलाई पहिले नै भनेको थिएँ, तर अभ्यासको न्यूनताले गर्दा बोध भएन । अहिले त्यही संस्कार तिमीलाई प्राप्त भएको छ, त्यसैले अब तिमी स्वरूपमा जागेका छौ ।

हे राम ! अब तिमी आफ्नो स्वरूपमा स्थित भएर कृतकृत्य भएका छौ । अब तिमी आफ्नो राज्यलक्ष्मीको भोग गर, प्रजाको पालन गर र हृदयबाट आकाश झैं सम र निर्लिप्त भएर रहू ।

(२८८) ससंमान वसिष्ठको पूजा र श्रोतृवर्गबाट हर्षोद्गार व्यक्त

वाल्मीकिले भने, हे भरद्वाज ! जब वसिष्ठजीले रामलाई यसप्रकार बताउनु भयो तब आकाशमा स्थित सिद्ध र देवताहरूले पुष्पवृष्टि गरे । पुष्पवृष्टि हुँदा आकाशबाट तारागण खसेका हुन् कि भन्ने भान भयो । दशरथ महाराजले उठेर पाद्य, अर्ध्यपूर्वक वसिष्ठजीको पूजा-अर्चना गर्नुभयो र हात जोडेर भन्नुभो - हे मुनीश्वर ! तपाईंको वचनामृतले बडो कल्याण भयो र हामी हर्षित भएका छौं । तपाईंको प्रसादले आत्मपद प्राप्त गरेर कृतकृत्य भएको छु । चित्तको वियोग भयो, त्यसैले दृश्य-स्फुरणको अभाव भयो, सबै सन्ताप मेटिए । संसाररूपी अन्धमार्गमा घुमदा घुमदा थाकेको मलाई विश्रामधाममा पुऱ्याइदिनु भयो । पर्वत झैं अचल भएर रहेको छु । जान्न योग्य कुरा जानेर प्रसन्न भएको छु । प्रशस्त युक्ति र दृष्टान्त सहित जो उपदेश गर्नु भयो, त्यसबाट ज्ञात हुन आयो कि आत्मसत्तादेखि भिन्न केही छैन ।

रामले हात जोडेर भने, हे मुनीश्वर ! तपाईंको कृपाले मोह नष्ट भयो र म परमपदमा प्राप्त भएको छु । कुनै पनि कुरामा मेरो राग-द्वेष छैन । मलाई परम शान्ति मिलेको छ । अब मेरो कुनै काम गर्नुबाट कुनै अर्थ सिद्ध हुँदैन र नगर्नुबाट कुनै अनर्थ हुँदैन । म परम शान्तपदमा प्राप्त भएको छु । मेरा सबै सन्देह नष्ट भए । अब म ब्रह्मदेखि भिन्न केही देख्तिन ।

लक्ष्मणले भने, हे भगवन् ! म सन्तहरूका वचनको संग्रह गर्थें, त्यस पुण्यपुञ्जको फल अहिले मिल्यो । तपाईंको कृपाले म संशयरहित भएर परम पदमा प्राप्त भएको छु । तपाईंका वचन चन्द्रमाको किरणभन्दा पनि शीतल छन्, जसबाट मैले परम शान्ति पाएँ । मेरा सबै दु:ख, सन्ताप नष्ट भए ।

शत्रुघ्नले भने, हे मुनीश्वर ! तपाईंले जगत् र मृत्युबाट जो भय थियो त्यो दूर गरिदिनु भयो र अमृत-वचनद्वारा सुधापान गराउनु भयो । मेरा सबै संशय नष्ट भए र म आत्मपदमा प्राप्त भएको छु । चिरकालको पुण्यको फल आज प्राप्त भयो ।

विश्वामित्रले भने, हे मुनीश्वर ! सम्पूर्ण तीर्थको स्नान र कर्मबाट पनि मनुष्य यति पवित्र हुन सक्तैन जति तपाईंको वचनबाट म पवित्र भएको छु । आज मेरा कान पवित्र भए ।

नारदले भने, हे मुनीश्वर ! यस्तो मोक्षको उपाय मैले सिद्ध र देवताको स्थानमा पनि सुनेको थिएन । जसरी तपाईंले उपदेश गर्नु भयो त्यसरी त ब्रह्माजीको मुखबाट पनि सुनेको थिएन । यसको श्रवण गरेपछि फेरि संशय रहदैन ।

फेरि दशरथले भने, हे मुनीश्वर ! आत्मज्ञान जस्तो ठूलो सम्पत्ति केही छैन । तपाईंले यो परम सम्पत्ति हामीलाई दिनु भयो, जो पाएपछि फेरि कुनै पदार्थको इच्छा रहँदैन । अब हामी स्वभावमा स्थित भएका छौं । बहुजन्मार्जित पुण्य एकत्र भएर त्यसको फलरूपले तपाईंका परम पावन वचन सुन्न पायौं ।

रामले भने, हे मुनीश्वर ! बडो हर्ष भएको छ कि यो सर्वसम्पदाको अधिष्ठान मलाई प्राप्त भयो र सब आपदाको अन्त भयो । ज्ञानले रहित जो अज्ञानी छन् ती बडा अभागी हुन् जो आत्मपदलाई त्यागेर अनात्मपदार्थतिर दगुर्छन्, त्यो पनि यत्नविना प्राप्त हुँदैन, त्यसबाट विमुख भएपछि मात्र आत्मपद प्राप्त हुन्छ, त्यो आत्मपद पाएर म शान्तियुक्त र हर्ष-शोकले रहित भएको छु । मैले अचल पद पाएको छु । अब म अजित, अविनाशी आफूमा सदा स्थित छु । तपाईंको कृपाले यस्तो दुर्लभ कुरा जान्न पाएँ ।

लक्ष्मणले भने, हे मुनीश्वर ! सहस्र सूर्य एकत्र उदित भए पनि हृदयको तम दूर गर्न सक्तैनन्, तर त्यो तमलाई तपाईंले दूर गरिदिनुभयो । सहस्र चन्द्र एकत्र उदित भए पनि हृदयको ताप (जलन) निवृत्त गर्न सक्तैनन्, तर तपाईंले सम्पूर्ण ताप निवृत्त गरिदिनु भयो । म निःसन्ताप पदमा प्राप्त भएको छु ।

वसिष्ठले भन्नुभो, हे राम ! यो मोक्षोपाय कथा श्रवण गरेर कथासमाप्तिको उपलक्ष्यमा ब्राह्मणहरूलाई यथायोग्य पूजा र दान गर, किनकि तिमी राजा हौ । अरू श्रोताहरूले पनि यथायोग्य यथाशक्ति पूजा गरून् ।

वाल्मीकिले भने, हे साधु ! वसिष्ठको आज्ञानुसार राजा दशरथले अयोध्या, मथुरा, सौराष्ट्र, गौडदेश तथा अन्य स्थानका गरी एक हजार विद्वान् ब्राह्मणहरूलाई निमन्त्रणा गरेर भोजन गराए, साथै दक्षिणा, वस्त्र, आभूषण, घोडा, गाई आदि दिएर यथायोग्य पूजा, सत्कार गरे । सात दिनसम्म दरवारमा र नगरमा ठूलो उत्सव भयो, नाच, गान, बजान भए । राजाले अतिथि र निर्धनहरूलाई पनि अन्न, वस्त्र र द्रव्य दिएर प्रसन्न तुल्याए ।

(२८९) उपसंहार

R AC 26032

योगवासिष्ठनामले प्रसिद्ध यो मोक्षोपायशास्त्र वसिष्ठ गुरुले दशरथनन्दन रामचन्द्रलाई सुनाउनु भयो । यो सुनेपछि जीवन्मुक्त भएर रामले प्रजापालन आदि व्यवहार गर्नुभयो । यही उपदेश अगस्ति ऋषिले आफना शिष्य सुतीक्ष्णलाई सुनाएर संशयरहित तुल्याइदिनु भयो ।

अग्निवेश्यका पुत्र कारुण्य विद्याध्ययन समाप्त गरेर घरमा आएपछि कर्म गर्ने कि नगर्ने भन्ने संशयमा परेका थिए । उनलाई अग्निवेश्यले यही उपदेश श्रवण गराएर निःशङ्क तुल्याइदिनु भयो । त्यसपछि जीवन्मुक्त भएर कारुण्य यथाप्राप्त विवाह आदि कर्म गरेर गार्हस्थ्य जीवनमा रहे ।

वाल्मीकि ऋषिका मुख्य शिष्य भरद्वाज गुरु वाल्मीकिबाट यही वसिष्ठोक्त उपदेश श्रवण गरेर जीवन्मुक्त भईकन आफ्नो तप आदि कार्यसम्पादनमा लागे ।

यही उपदेश वाल्मीकि ऋषिबाट अरिष्टनेमि राजा र देवदूतले एकैसाथ श्रवण गरेर दुवैजना जीवन्मुक्त भएका थिए । श्रवण गरिसकेपछि राजा अरिष्टनेमिले देवदूतलाई भने कि हे देवदूत ! तपाईंसंग मेरो मित्रता भएको छ, किनकि सज्जनको मित्रता "सतां साप्तपदं मैत्रम्" सात पाइला सागै हिंडेपछि हुन्छ भनेको छ । म यही आश्रममा रहन्छु, तपाईं आफ्नो कार्य सिद्ध गर्न स्वर्गतिर प्रस्थान गर्नुहोस् । त्यहाँबाट बिदा भएर प्रस्थान गरेपछि ती देवदूतले यो उपदेश सुरुचिनामकी

अप्सरालाई सुनाए । त्यसपछि जीवन्मुक्त भएकी अप्सरा गन्धमादन पर्वततिर लागिन् र देवदूत पनि स्वर्गतिर लागे ।

अन्तमा मुख्य शिष्यलाई संबोधन गर्दै गुरु वाल्मीकिले भने, हे भरद्वाज ! यसप्रकार वसिष्ठ मुनिको वचन सुनेर सबै रघुवंशी कृतकृत्य भए । जसरी रामजीले यो उपदेश सुनेर संशयरहित जीवन्मुक्त भएर विचरण गरे, त्यसैगरी तिमी पनि विचरण गर । यो मोक्षोपाय शास्त्र यस्तो छ कि यसको श्रवणबाट अज्ञानी पनि परमपदमा प्राप्त हुन्छ भने तिम्रो त परमपद प्राप्त हुनुमा शङ्का नै छैन, किनकि तिमी पहिले देखि नै बुद्धिमान् हौ । जसरी रामचन्द्र आदि कुमार र दशरथ आदि राजा जीवन्मुक्त भएर विचरण गरे, त्यसैगरी तिमी पनि विचरण गर । उनीहरूमा कदाचित् मोह देखिन्थ्यो तापनि उनीहरू स्वरूपबाट चलायमान भएनन् । ज्ञानजस्तो सुख र अज्ञान जस्तो दुःख कुनै छैन । यसभन्दा बढी के भनौं । यो जो मोक्षोपाय शास्त्र तिमीलाई बताएँ त्यो परमपावन छ । यो शास्त्र संसार-समुद्रबाट पार गराउने नौका हो, दुःखरूपी अन्धकारको नाशक सूर्य हो र सुखरूपी कमलको खानीको तलाउ हो । जो पुरुष यसको बारंबार विचार गर्ला त्यो महामूर्ख नै किन नहोस् शान्तपद प्राप्त गर्न समर्थ हुनेछ । यो परमपावन शास्त्र जो कोही पढला, बताउला, सुनला, लेखला अथवा लेखेर पुस्तक दान गर्ला उसको कामना पूर्ण हुनेछ, ब्रह्मलोकमा वास हुनेछ र राजसूय यज्ञको फल प्राप्त हुनेछ । कसैले जीविकाको निमित्त भए पनि यो शास्त्र बताउला, त्यो पनि तेस्रो जन्ममा विचारपूर्वक ज्ञान प्राप्त गरेर मुक्त हुनेछ ।

हे साधु ! यो परम पवित्र मोक्षोपाय शास्त्र हो । यसमा धेरै कथा र युक्तिहरू छन् । जुन कथा र युक्तिद्वारा वसिष्ठले रामलाई जगाउनु भएको थियो ती सबै तिमीलाई सुनाएँ । आफ्नो उपदेशद्वारा रामलाई जीवन्मुक्त तुल्याएर वसिष्ठले भन्नु भएको थियो कि हे राम ! अब तिमी राजलक्ष्मीको भोग गर । त्यही कुरा मैले तिमीलाई बताएको छु, अब तिमी पनि जीवन्मुक्त भएर आफ्नो तप आदि कर्ममा सावधान रहू र हृदयमा आत्मसत्ताको निश्चयलाई कायम राख । जुन उपदेशबाट रघुवंशी कृतकृत्य भए, त्यो मैले तिमीलाई जस्ताको त्यस्तो बताएको छु । यो निश्चयलाई स्थिर गरेर कृतकृत्य होऊ ।

जसको कृपाकटाक्षले निर्विघ्नतापूर्वक यो ग्रन्थ समाप्त भयो, यस्ता विघ्नविनाशक भगवान् श्रीगणेशका चरणयुगलमा विनीत भावले नमस्कार गर्दछु । ब्रह्ममयी चित्स्वरूपिणी माता भगवती वाग्देवीका चरणयुगलमा पनि शतशः वन्दना गर्दछु । योगवासिष्ठका प्रमुख उपदेष्टा वसिष्ठ गुरुमा र श्रोता मनुष्यरूपले अवतीर्ण नारायणस्वरूप भगवान् राममा प्रणति-पुष्पाञ्जलि अर्पण गर्दछु । ज्ञानै ज्ञानले भरिएको योगवासिष्ठ जस्तो परमपावन महान् ग्रन्थ लेखेर मुमुक्षु जनको उपकार गरिदिनु हुने आदिकवि वाल्मीकि ऋषिज्यूमा श्रद्धा सुमन अर्पण गर्दै प्रणाम गर्दछु । योगवासिष्ठको उपदेश गरेर आफना शिष्यलाई जीवन्मुक्त तुल्याइदिनु हुने अगस्त्यमुनि र अग्निवेश्यलाई पनि प्रणाम गर्दछु । आधुनिक युगमा हिन्दी भाषाको माध्यमबाट योगवासिष्ठ महारामायणका उपदेष्टा श्री रामदास निरञ्जनी बाबामा पनि हार्दिक प्रणाम गर्दछु । अन्तमा राष्ट्रभाषा नेपालीमा योगवासिष्ठको उपदेश गरेर शिष्यहरूको अज्ञानरूपी अन्धकारलाई विनष्ट

गरिदिनुहुने आधुनिक युगका प्रचण्ड ब्रह्मज्ञानी गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूका चरणकमलमा शतशः प्रणतिकुसुमाञ्जलि अर्पण गर्दछु ।

हरि : ओम् तत्सत् ।

संक्षिप्त योगवासिष्ठ समाप्त ।

विक्रमसम्वत् २०५५ कार्तिक कृष्ण तृतीया ।

प्रा. विष्णुप्रसाद न्यौपाने

संक्षिप्त परिचय

जन्म : वि.सं. १९७८, भाद्रकृष्ण दशमी

पिता : पं. योगनाथ न्यौपाने

माता : भक्तकुमारी न्यौपाने

निवास : ल. पु. वडीखेल, ल.पु. चापागाउँ जलढुंगाटार र हाल ल.पु.उप.म.न.पा. कोपुण्डोल-१

शिक्षा : साहित्याचार्य, वेदान्ताचार्य, वेदमध्यमा, एस.एल.सी., न्याय, सांख्य, योग, पूर्वमीमांसा, धर्मशास्त्र, पुराण, इतिहास, तन्त्र र फलित ज्योतिषको सामान्य अध्ययन ।

सेवा : संस्कृत मा.वि. रानीपोखरीमा २९ वर्ष अध्यापन । अन्तमा रा.प. द्वितीय श्रेणी प्रधानाध्यापक पदबाट अनिवार्य अवकाश, निवृत्तिभरण प्राप्त ।

२०४१ सालदेखि २०४८ सालसम्म म.सं.वि.वि. वेलझुण्डी दाङ केन्द्रीय क्याम्पसमा शाङ्करवेदान्तको प्राध्यापन ।

अन्य सेवा : अद्वैतसंस्थामा २०२४ सालदेखि विभिन्न पदमा रहेर सेवा गर्दै हाल अद्वैत विश्वविद्यालयको उपकुलपति पदमा सेवारत ।

रुचि : सत्संग, अध्ययन, अध्यापन, आध्यात्मिक प्रवचन र लेखन ।

भ्रमण : नेपालका अधिकांश जिल्ला, भारतका केही शहर, चारधाम र त्यस अन्तर्गतका तीर्थस्थान ।

उपाधि : अद्वैतसंस्थाका संस्थापक ब्रह्मज्ञानी गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूबाट ‘सरस्वती’ उपाधि प्राप्त ।

कृति : शङ्कराचार्यकृत ‘रत्नपुष्पाञ्जलि’ नामक गुह्यकाली स्तोत्रको नेपाली व्याख्या ।

श्रीमद्भागवतको ‘वेदस्तुति’ को नेपालीमा व्याख्या ।

पत्रपत्रिकामा प्रकाशित आध्यात्मिक लेख ।